कर्णाली प्रदेश सभा

## पहिलो अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण




कर्णाली प्रदेश सभा

**प्रदेश सभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश सभा

# पहिलो अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण

## बैठक संख्याः १ देखि २२ सम्म

कर्णाली प्रदेश सभा

**प्रदेश सभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

# विषय-सूची

**प्रथम अधिवेशन**      पृष्ठ संख्या


| | | |
|---|---|---|
| १. | बैठक संख्या-१ | १-७ |
| २. | बैठक संख्या-२ | ८-११ |
| ३. | बैठक संख्या-३ | १२-२२ |
| ४. | बैठक संख्या-४ | २३-५६ |
| ५. | बैठक संख्या-५ | ५७-७६ |
| ६. | बैठक संख्या-६ | ७७-१०१ |
| ७. | बैठक संख्या-७ | १०२-१०६ |
| ८. | बैठक संख्या-८ | १०७-११२१ |
| ९. | बैठक संख्या-९ | १२२-१४५ |
| १०. | बैठक संख्या-१० | १४६-१५२ |
| ११. | बैठक संख्या-११ | १५३-१६३ |
| १२. | बैठक संख्या-१२ | १६४-१६५ |
| १३. | बैठक संख्या-१३ | १६६-१९४ |
| १४. | बैठक संख्या-१४ | १९५-२२५ |
| १५. | बैठक संख्या-१५ | २२६-२३९ |
| १६. | बैठक संख्या-१६ | २४०-२६३ |
| १७. | बैठक संख्या-१७ | २६४-३०३ |
| १८. | बैठक संख्या-१८ | ३०४-३२२ |
| १९. | बैठक संख्या-१९ | ३२३-३२५ |
| २०. | बैठक संख्या-२० | ३२६-३३४ |
| २१. | बैठक संख्या-२३ | ३३५-३४३ |
| २२. | बैठक संख्या-२२ | ३४४-३५१ |

# बैठक संख्या-१

(२०७४ माघ २१ गते आइतबार)

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री हिमबहादुर शाही (जेष्ठ सदस्य) को अध्यक्षतामा आइतबार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, प्रदेश नं. ६ प्रदेश सभाको पहिलो अधिवेशनको पहिलो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा म पढेर सुनाउँछु । नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सम्वत् २०७४ माघ २१ गते आइतबारका दिन १ बजे सिँचाइ डिभिजन कार्यालयको सभा हल सुर्खेत वीरेन्द्रनगरमा प्रदेश नं. ६ प्रदेश सभाको पहिलो अधिवेशन आह्वान गरेको छु ।

दुर्गा केशर खनाल<br>
प्रदेश प्रमुख<br>
२०७४/१०/१४

माननीय सदस्यज्यूहरू, सर्वप्रथम लोकतन्त्र, गणतन्त्र, संघीयता र गणतन्त्र प्राप्तिका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गरौं, धन्यवाद ।

माननीय सदस्यज्यूहरू, नेपाल संघीयतामा प्रवेश गरेपछि कायम भएको प्रदेश नं. ६ को प्रदेश सभाको पहिलो अधिवेशनको प्रथम बैठकमा पाल्नु भएका सबै माननीय सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यज्यूहरू, नेपालीहरूको बलिदानपूर्ण सङ्घर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागत विकास गर्ने क्रममा संविधान सभाबाट संविधान निर्माण भएसँगै संविधान कार्यावन्यनको चरणमा प्रवेश गरेका छौं । यसैक्रममा स्थानीय तहहरूको निर्वाचन सम्पन्न भई स्थानीय तहहरूले आफ्नो कार्य प्रारम्भ गरिसकेका छन् । साथै संघीय संसदको प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भइसकेको र राष्ट्रिय सभाको निर्वाचनको मितिसमेत तोकिएको छ । देशमा प्रदेश सभाको निर्वाचन सम्पन्न भएसँगै प्रदेश सभाहरूको बैठकसमेत बसिरहेका छन् । सोही क्रममा आज हामी प्रदेश नं. ६ को प्रदेश सभाको ऐतिहासिक प्रथम अधिवेशनको प्रथम बैठकमा उपस्थित भएका छौं । ऐतिहासिक यस बैठकको अध्यक्षता गर्ने अवसर प्राप्त भएकोमा मैले आफूलाई गौरवान्वित ठानेको छु । संघीयता कार्यावन्यनको प्रथम चरणमा प्रदेश सभाको सदस्यको रूपमा निर्वाचित हुने अवसर हामी सबैलाई प्राप्त भएको छ । यस अवसरमा मलाई हर्षित बनाएको छ । यो अवसरसँगै हाम्रो काँधमा यस प्रदेशको समग्र आर्थिक विकास र समृद्धिको जिम्मेवारीसमेत थपिएको छ । यो गहन जिम्मेवारी पूरा गर्ने यस प्रदेशमा रहेका सबै राजनीतिक दलहरूको सहमति र सहकार्य आवश्यक रहेको मैले महसुस गरेको छु । यो ऐतिहासिक अवसरको बुद्धिमतापूर्वक उपयोग गरी यस प्रदेशलाई विकसित र समृद्ध प्रदेश बनाउन हामीलाई सफलता प्राप्त होस् भन्ने सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु ।

माननीय सदस्यज्यूहरू, प्रदेश सभाको पहिलो अधिवेशनमा आफ्नो दलको तर्फबाट धारणा राख्नको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम म माननीय श्री शोसिला शाहीज्यूलाई बोल्ने समय दिन्छु । बोल्ने समय बढीमा १० मिनेट ।

**माननीय सदस्य श्री शोसिला शाही** : सभामुख महोदय प्रदेश नं. ६ को व्यवस्थापिका संसदको पहिलो बैठकमा म राप्रपाको तर्फबाट आफ्ना भनाइहरू राख्न पाउँदा सर्वप्रथम खुशी व्यक्त गर्दछु । साथै सभामुख महोदय, महोदयमार्फत् प्रदेश सभाका सम्पूर्ण माननीय सांसदज्यूहरूलाई हार्दिक तथा सफलताको कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु र आमूल परिवर्तनको लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु, साथै यस संसदमा हाम्रो पार्टीको तर्फबाट प्रतिनिधित्व गराउन आफ्नो अमूल्य मतदान गर्ने नागरिकमा आभार प्रकट गर्दछु ।

सभामुख महोदय, यो ऐतिहासिक बैठकमा भन्न चाहन्छु कि नेपालको संविधान २०७२ जारी भई कार्यान्वयनको चरणमा छ तर यस संविधानको केही-केही दीर्घकालीन र ऐतिहासिक महत्त्वका विषयहरूलाई नजरअन्दाजको भरमा जारी गरेको छ । जसमा हाम्रो पार्टीको फरक धारणा भएको कुरा जानकारी नै छ ।

सभामुख महोदय, आज देशको भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, ऐतिहासिक संवैधानिक कमजोर अवस्थामा पुगेको छ । राष्ट्रिय निर्माता पृथ्वीनारायण शाहको अथक प्रयासबाट एकीकरण भएको देश आज विखण्डनको संकटमा परेको छ । स्थापित शक्तिको रूपमा रहेको राज्य संस्था र नब्बे प्रतिशत हिन्दु भएको विश्वको एक मात्र हिन्दु राज्यलाई जनताको मनोभावना नबुझी धर्म निरपेक्ष बनाइनु जनभावना विपरीत भएकोले राप्रपा सदा हिन्दु राज्य र राजसंस्थाप्रति प्रतिबद्धता भएको धारणा राख्दछु ।

सभामुख महोदय, प्राकृतिक स्रोत साधनले सम्पन्न ६ नं. प्रदेश आज अरू प्रदेशको तुलनामा कमजोर भएको छ । प्राकृतिक स्रोत साधनले अधिकतम प्रयोग गरी समग्र नेपालको समुन्नत प्रदेशको रूपमा पहिचान गराउने जिम्मेवारी आएको छ । यो ऐतिहासिक जिम्मेवारीलाई कर्तव्य र इमान्दारीपूर्वक पालना गरी समुन्नत नेपालको अभियानमा लाग्ने विचार सभामुखमार्फत् यो ऐतिहासिक बैठकमा राख्दछु । धन्यवाद जय राष्ट्रवाद ।

**माननीय सभामुख:** माननीय श्री जीवनबहादुर शाहीलाई अनुमति दिन्छु । (समय १० मिनेट)

**माननीय सदस्य जीवनबहादुर शाही :** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूमार्फत् म यो पहिलो ऐतिहासिक बैठकमा उपस्थित हुनु भएका माननीय श्री सांसदज्यूहरूलाई हार्दिक बधाई र स्वागत गर्न चाहन्छु । आज हामी पहिलो ऐतिहासिक बैठकमा सहभागी भइरहेका छौं । नेपाली जनताले जुन आफ्नो रगतको बलिदान गर्नु भएको छ र यो मुलुकलाई केन्द्रीकृत राज्य प्रणालीबाट संघीयतामा लिने जुन प्रयास नेपाली जनताले गरे त्यसको बाटो आजबाट शुरु भएको छ । हामीले संघीयतामा आइसकेपछि केन्द्रीकृत राज्य प्रणालीले देशको, मुलुकको विकास गर्न सकेन भनेर हामी संघीयतामा आएका हौं र आज हाम्रो यो ६ नं. प्रदेश अथवा हामीले भन्ने गरेको कर्णाली प्रदेश एक किसिमले सबैभन्दा कान्छो प्रदेश पनि हो । यो प्रदेश बन्नको लागि पनि धेरैको बलिदानी रगत बगेको छ । त्यसकारण म सभामुखज्यूमार्फत् आफ्ना कुराहरू राख्न चाहन्छु, भन्न चाहन्छु कि यो प्रदेशलाई समृद्ध बनाउन ठूलो दायित्व छ । भलै हामी कुनै पार्टीले धेरै बहुमत ल्याएका छौं । कुनै पार्टीले धेरै कम ल्याएका छौं तर ६ नं. प्रदेश जुन प्रदेश आज

पनि इतिहासलाई हेर्ने र आजको घडीलाई हेर्ने हो भने हामी स्वास्थ्यको कुरामा होला, विकासको कुरामा होला सबैमा हामी पछाडि छौं । आज पनि एउटा रिपोर्टहरू आइरहेको छ "६ नं. प्रदेश सबैभन्दा गरिब प्रदेश" भनेर जुन रिपोर्टहरू आइरहेको छन् त्यसको लागि यो प्रदेश समृद्धशाली हुँदाहुँदै हामी किन गरिब भयौ ? र प्रदेशलाई दोष दिने कुरो छैन । हामी जो जसले प्रतिनिधित्व गरिरहेका छौं हामीहरूको कमजोरीको कारणले यस्तो सुनको प्रदेशलाई हामीले भुलभुलैयामा राखेका छौं, त्यसमा सभामुख महोदय हामीले नि प्रदेशलाई अगाडि बढाउनु छ । जम्मा १२ लाख जनसंख्या भएको र सबैभन्दा ठूलो भूगोल भएको हाम्रो प्रदेश आज पनि केन्द्रको दृष्टिकोणबाट हेयको दृष्टिकोणले हेर्ने गरिएको छ ।

सभामुख महोदय, त्यसकारण हामी चाहन्छौं, हामी भन्न चाहन्छौं एउटा प्रतिपक्ष दलमा हामी बसिरहेका छौं । हुन त अहिले दुईवटा ठूला दलहरू एकीकृत भइरहेको अवस्था त छैन, प्रतिपक्ष दलको दल अर्को पनि हुन सक्ला त्यो आफ्नो ठाउँमा छदैंछ । यद्यपी अहिलेको जुन परिवेशमा आइरहेको छ हामीले नेपाली काँग्रेसले आफूलाई प्रतिपक्ष दलको रूपमा हामीले हेरिरहेका छौं र हामीले जहिले पनि सरकारलाई साथ दिने सरकारले राम्रा गरेका कामहरूलाई साथ दिने र यो प्रदेशलाई आजको मोर्डन टेक्नोलोजीहरूलाई प्रयोग गरेर जुन भूगोलको दृष्टिकोणले भावनाले जुन हामी प्रताडित भएका छौं त्यसलाई नयाँ-नयाँ टेक्नोलोजीले अगाडि बढाउने सबैसँग सहमति गरेर, सहकार्य गरेर र पक्ष र विपक्ष नभनेर प्रदेशले हामीले नमुना प्रदेश बनाउनको लागि हामीसँग प्रशस्त मात्रामा प्राकृतिक स्रोत र साधन छ । जलस्रोतको कुरा गर्ने हो, वनको कुरा गर्ने हो, या जडिबुटीको कुरा गर्ने हो, या अरू यहाँका अर्गानीक खाने कुराहरू जस्तै हिजो हामीलाई हेला गरेर भन्ने गरिन्थ्यो "फापर खाने, कोदो खाने, जौं खाने, चिनु खाने" भनेर हेपिन्थ्यो आज विश्वमा सबैभन्दा उत्कृष्ट अन्नको रूपमा यिनीहरू गएका छन् । जुन प्राकृतिक साधनहरू हामीसँग छ, हामीसँग धन्नै एक्काइस हजार मेगावाट जलविद्युत उत्पादन गर्ने क्षमता छ । ती चिज भएर हैन तपाईं हामी लाग्यौ भने पक्कै हुनेछ । यो ऐतिहासिक जुन अधिवेशनमा यो प्रदेशले पक्कै पनि यो छक्क पार्ने गरेर हामीले विकास गर्न सक्नेछौं । हाम्रा भाषणले हैन हामी एक्सन ओरिन्टेड भएर अगाडि बढ्नेछौं । यहि कुराहरू हामीलाई चाहिँ सबै भगवानले चाहिँ हामीलाई आशिष दिऊन् भन्दै म आफ्ना कुरा यही समापन गर्न चाहन्छु । धन्यवाद ! जय नेपाल ।

**माननीय सभामुख:** माननीय श्री महेन्द्रबहादुर शाहीजीलाई आफ्ना कुरा राख्न अनुमति दिन्छु।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही :** यस ऐतिहासिक घडीमा हुन गइराखेको यो ऐतिहासिक यो सभासमक्ष माननीय सभामुखज्यू र माननीय सदस्यज्यूहरू र माननीय सभामुख र माननीय नवनिर्वाचित सांसदज्यूहरूमा म मेरो दलको तर्फबाट हार्दिक बधाई दिन चाहन्छु र जनयुद्ध र जनआन्दोलन र यो समाज परिवर्तनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने र पछिल्लो संविधान लगभग बन्ने अन्तिम प्रक्रियामा प्रदेश विभाजन हुँदा यो ६ नं. प्रदेश एउटा कान्छो प्रदेशको रूपमा पनि लिन सकिन्छ । ६ नं. प्रदेशमा गरिएको आन्दोलनको बलमा हामीले यो ६ नं. प्रदेश प्राप्त गरेका चाहिँ छौं । जसमा चार जनाले उच्च शाहादत प्राप्त गर्नु भएको चाहिँ छ र उहाँ सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

हामीलाई थाहा छ, के यो मुलुक ठूलो एउटा सङ्कटमा छ र यसको मुख्य दोषी भनेकै यो राज्य व्यवस्था हो, राज्य व्यवस्था परिवर्तन बेगर हामीले यो मुलुकलाई बनाउन सक्दैनौं भन्ने हिसाबले नै यो मुलुकमा धेरै लामो समय सङ्घर्षे सङ्घर्ष लडाईंमा लडेर हामीले बिताउनु चाहिँ पर्‍यो र अब हामीले व्यवस्था परिवर्तन गरेका चाहिँ छौं र संविधान हामीले प्राप्त गरेका छौं र यो हाम्रो लागि धेरै ठूलो उपलब्धिको विषय चाहिँ थियो र अबको युग, अबको समय भनेको विकास निर्माण र आर्थिक समृद्धिको हो र यसका लागि हामी

फेरि भूगोलको हिसाबले भन्ने हो भने ६ नं. प्रदेश रोग, भोकबाट ग्रसित र विकास निर्माणको हिसाबले सबैभन्दा पछि परेको यो ६ नं. प्रदेश चाहिँ छ र ६ नं. प्रदेशमा आखिर हामी गरिब हुनुपर्ने, हामी पछि पर्नु पर्ने, यहाँको प्राकृतिक स्रोत साधनको आधारमा विल्कुलै छैन र हामीसँग साधन स्रोतको हिसाबले असाध्यै धनी भएपनि तर हामी गरिब छौं र हामी चालीस जना माननीय सांसदहरू निर्वाचित भएर अहिले नयाँ जिम्मेवारी, नयाँ कार्यभार हामीले हाम्रो काँधमा लिदैंछौं र हाम्रा लागि अरू सबै प्रदेशभन्दा बढी चुनौती चाहिँ छ । सबैभन्दा विकट, ठूलो भूगोल भएको यो प्रदेश र सबै साधन स्रोतहरूबाट भरिपूर्ण यो प्रदेशलाई साँच्चीकै विकास र समृद्धिलाई अगाडि बढाउने मामिलामा यहाँभित्र हामी यो सामाजिक एजेण्डा, यो प्रदेशको सामूहिक एजेण्डामा मलाई लाग्छ, मलाई विश्वास चाहिँ छ, हामी कुनै पनि दल अवश्य पनि बन्ने छैनौं । हामी एउटै दल चाहिँ भएर, चालीस जना हामी एउटै भएर यो प्रदेशको विकासका लागि, यो प्रदेशको समृद्धिको लागि हामी अगाडि बढ्नेछौं र यहाँका चाहिँ दुखकष्टका चाहिँ अब गएर अरूलाई चाहिँ गाली गरेर यो प्रदेश हामीले बनाउन सक्दैनौं । सबभन्दा पहिले हाम्रो आत्मगत क्षमतालाई चाहिँ हामीले हामीले वृद्धि गर्न जरुरी चाहिँ छ र हामी पछि परेको अरूको कारणभन्दा पनि हामी हाम्रै कारणले गर्दा हामी पछि परेका हौं र हामी हाम्रै कारणले गर्दा गर्न नसकेका हौं र यो हामीभित्र रहेको कमजोरी चाहिँ हो । हामीभित्र रहेको अपुग चाहिँ हो यसलाई पूरा गर्नको लागि हामीले सामूहिक प्रतिबद्धता जाहेर गर्ने र विगतका समस्याहरू र विगतका कमीकमजोरीबाट हामीले शिक्षा सिकेर हामी अगाडि बढ्न अहिलेको आवश्यकता चाहिँ छ, यसमा हामी सबै लाग्नेछौं र हामी मिठामिठा कुरा र मिठामिठा भाषणबाट सम्भव छैन र साँच्चीकै हामीले काम गर्नु छ यहाँ, सबैले डोजर चलाउनु छ, सबैले हातमा चाहिँ फरुवा र औजारहरू समातेर साँच्चीकै विकास निर्माणका लागि हामी अगाडि बढ्यौं भने यो प्रदेश बन्न कुनै कठिन र गाह्रो चाहिँ छैन । यसमा म मेरो दल हामी सबै लाग्ने कुराको प्रतिबद्धता जाहेर गर्दै मेरो भनाइ यहि अन्त्य गर्दछु हवस्त धन्यवाद । लालसलाम ।

**माननीय सभामुख:** माननीय श्री यामलाल कंडेलज्यूलाई अनुमति दिन्छु ।

**माननीय सदस्य श्री यामलाल कंडेल :** सभामुखज्यू, हामी आज नेपालको संविधानअनुसार प्रदेश नं. ६ को प्रदेश सभाको पहिलो बैठकमा उपस्थित छौं, यस अवसरमा सभामुखमार्फत् यस प्रदेश सभाका सभामा उपस्थित हुनुभएका सबै माननीय सदस्यज्यूहरूलाई नेकपा एमाले पार्टीको तर्फबाट र प्रदेश सभा संसदलीय दलको तर्फबाट म हार्दिक स्वागत गर्न चाहन्छु र जनताबाट निर्वाचित हुनु भएका सबै माननीय सांसदज्यूहरूलाई बधाईं दिन चाहन्छु ।

नयाँ संविधानअनुसार, नयाँ अभ्यासअनुसार, जनताको बीचमा भर्खर सम्पन्न भएको निर्वाचनमा यस प्रदेशमा बाम गठबन्धनलाई करिब दुई तिहाइ नेकपा एमालेलाई सबैभन्दा ठूलो दलको रूपमा विजय गराउनको निम्ति अहम भूमिका खेल्नु हुने, मतदान गर्न हुने सबै मतदाता महानुभावहरूलाई त्यो निर्वाचनको काममा संलग्न हुनुहुने सबै महानुभावहरूलाई यो पहिलो बैठकको अवसरमा म धन्यवाद दिन चाहन्छु ।

आज हामी जुन अवस्थासम्म आइपुगेका छौं, यो अवस्थासम्म ल्याउनको निम्ति नेपालमा भएका विभिन्न समयका, विभिन्न चरणका आन्दोलनमा सहादत प्राप्त गर्नहुने सबै सहिदहरूलाई र खासगरी ६ नं. प्रदेशको स्थापनाका निम्ति आन्दोलनरत हुँदा सहादत प्राप्त गर्नुहुने चार जना सहिदसमेतलाई म यस अवसरमा सम्मान प्रकट गर्न चाहन्छु, श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

सभामुम महोदय, नेपालको संविधानअनुसार नयाँ अभ्यासमा हामी शुरुवात गर्दैछौं । स्थानीय  सरकार निर्माण भएर केही अनुभव सहित स्थानीय सरकारका जनप्रतिनिधिहरूले आफ्ना काम शुरु गर्नुभएको छ । प्रदेश तहको सभाका बैठकको प्रारम्भ भएको छ, प्रतिनिधि सभाको रिजल्ट प्रकाशित हुन बाँकी छ वा संविधानले परिकल्पना गरेका तीनै तहका निर्वाचन सम्पन्न भइसकेको छ । एक तहको सरकार स्थानीय तहको सरकार अनुभव सहित अगाडि बढिरहेको छ भने प्रदेश र केन्द्रीय सरकार बनाउन गइरहेका छौं । संविधानतः सबैका आ-आफ्ना अधिकारहरू निश्चित गरिएका छन्, त्यसलाई लागु गर्ने क्रममा नयाँ अभ्यास भएकै कारणले गर्दा कतिपय ठाउँमा असजिला, अप्ठ्याराहरू आउन सक्छन्, व्यवहारको क्रममा हामी सिक्दै परिपक्व हुँदै संविधानले परिकल्पना गरेअनुसारको जनताको नजिकबाट जनताले अनुभूति गर्ने गरी तीनै तहका सरकार सञ्चालन गर्ने कुरामा हामी सबै सफल हुनेछौं भन्ने कुरा यस अवसरमा राख्न चाहन्छौं। नेपालको संविधान निर्माण गर्दा प्रादेशिक संरचनामा जाँदा प्रस्तावित हुँदा यो संरचनाको यो सीमाङ्कन थिएन नै यस क्षेत्रका सीमाङ्कनको त्यो पहिलो प्रस्ताव सुन्दा साथै यस क्षेत्रका सबै पार्टीसँग सम्बन्धित जनता र कार्यकर्ता स्वतः स्फुर्त रूपले सडकमा निस्कनु पर्ने परिस्थिति निर्माण भयो त्यसमा हामी सबै संलग्न रहेको कुरा सबैलाई थाहा नै छ । हिजो कर्णाली हैन कर्णाली जस्तै अरू जिल्लालाई सामेल गरेर कर्णालीको क्षेत्रलाई विस्तार गर्ने गरी अहिले प्रदेश नं. ६ बनेको छ भन्दा अनुपयुक्त हुन्छ मलाई त्यस्तो लाग्दैन । यद्यपी प्रदेश बन्दा परापूर्वकाल देखिको आर्थिक केन्द्रमा रूपमा रहेको राजापुर र नेपालगञ्ज नछुटेकै भएपनि हुन्थ्यो भन्ने जनतालाई लागेको थियो तर छुट्यो । अहिले त्यहाँका जनताले के अनुभूति गरिरहेका छन् त्यो त्यहाँका जनता र प्रतिनिधिले जान्ने कुरा हो तर संविधानतः हामीले जे कुरा प्राप्त गरेका छौं, जे धर्ती हामीले प्राप्त गरेका छौं त्यसैभित्र पौरखका पौरखी हातहरू खियाएर सुन्दर र सबल प्रदेश निर्माण गर्ने अभिभारा हामीलाई जनताले सुम्पिएका छन्, त्यहिअनुसार अगाडि बढ्नुपर्छ भन्ने कुरा मलाई लागिरहेको छ ।

हाम्रो प्रदेश तथ्याङ्क हेर्दा अहिले सम्म हेर्दा सबै जे-जे कारणले रहे पनि निराशाजनक तथ्याङ्कबाट चित्रित हुने प्रदेश कुनै प्रदेश छ भने त्यो ६ नं. प्रदेश हो । भर्खर मात्रै प्रकाशित भएको बहुसांख्यिक सुचकाङ्कका आधारबाट करिब ५२ प्रतिशत जनता गरिबीको रेखामुनी रहेका प्रदेशका जनताका हामी ४० जना जनप्रतिनिधि साथीहरू यहाँ उपस्थित भएका छौं । मलाई लाग्छ हामीले त्यो धरातललाई एकछिन पनि बिर्सियो भने हामीले आफ्नो दायित्व र जिम्मेवारीलाई पूरा गर्न सकिन्छ मलाई त्यस्तो मलाई लाग्दैन । त्यस्तै अहिले पनि सडक सञ्जालले दुईवटा जिल्ला छोएको छैन, अहिले पनि हवाई सञ्जालले कुनै प्रदेशको सदरमुकाममा नछोएको प्रदेश हो संघीय राजधानीबाट भन्दा त्यो हाम्रै प्रदेशका रूपमा रहेको एउटा अवस्था छ । हामीले पर्यन्त गर्दागर्दै पनि हामी सबै संलग्न हुँदाहुँदै पनि सामान्य जीवनजल नपाउँदा जीवन बिताउनु पर्ने, सामान्य सिटामोल खाना नपाउँदा जीवन बिताउनु पर्ने परिस्थितिको प्रदेशलाई समुन्नत प्रदेशको बनाउने कुराको अभिभारा जनताले हामीलाई सुम्पिएको एउटा अवस्था छ । हामीले जति सडक सञ्जाल बनाइरहेका छौं तिनी सबै बेलाबखतमा घटेका घटनाका आधारबाट सुरक्षित लोकमार्ग हैन असुरक्षित लोकमार्गको रूपमा कतिपय अवस्थामा त त्यसलाई अर्कै नामले पनि सम्बोधन गर्ने गरी हामीले समाचारबाट पढिरहेको एउटा अवस्था छ । यस्तो प्रदेशलाई हामीले अगाडि बढाउनुपर्ने अवस्था छ । स्वाभाविकले प्रदेश हुँदा प्रदेश-प्रदेशको कुनै प्रतिस्पर्धा सहित गच्छे र आवश्यकताअनुसार अगाडि बढ्नुपर्ने संरचनाका बीचमा हामी अगाडि बढिरहेका छौं । अवस्था त्यस्तो छ तर हामीले प्राप्त गरेको चिज हेर्ने हो भने अरू प्रदेशले प्राप्त नगरेका चिजहरू हामीसँग छन् । चाहे त्यो जलस्रोतको हिसाबले होस् म धेरै चर्चा गर्न चाहन्न चाहे पर्यटनको क्षेत्रले होस् हाम्रो प्रदेश अन्तर्गत रहेका दशै वटा जिल्ला हेर्न लायक, देख्न लायक, हेराउन लायक ठाउँहरू हुँदाहुँदै पनि त्यसको आधारभुत संरचना र निकास नभएकै कारणले गर्दा

तिनले हामीलाई हेरिरहेका छन् । हाम्रा क्षेत्रका जनता भोकभोकै मर्नुपर्ने परिस्थितिका बीचमा छ । कसरी त्यसलाई अगाडि बढाउने कुरा होला ।

जडिबुटीको कुरा, खनिजको कुरा, कृषिको विविधीकरणको कुरा यद्यपी हामी लाग्दालाग्दै पनि फापर र कोदोलाई विस्थापित गर्ने, चाउचाउलाई स्थापित गर्ने नीति बन्दै गएको एउटा अवस्थालाई हामी कसरी बदल्ने कुरा होला यसकारणले म भन्न चाहन्छु तथ्याङ्क हेर्ने हो भने निराशाजनक छ तर हामी प्रादेशिक संरचनाको आधारबाट अर्को प्रदेशसँग प्रतिस्पर्धा गर्नका निम्ति प्राकृतिक प्रदत्त हामीले जे चिज प्राप्त गरेका छौं, त्यसका आधारबाट हामी अगाडि बढ्न सकियो भने गौरवान्वित हुने अवस्थाको प्रदेशको रूपमा यसलाई विकास गर्ने एउटा प्रबल सम्भावनाहरू रहेका अवस्था छ । यस अवसरमा स्वाभाविकले यस अवसरलाई हामीसँग जे छ त्यसलाई अवसरमा बदल्नका निम्ति केही हाम्रा अगाडि चुनौतीहरू नै छन नै यद्यपी कतिपयले भौगोलिक विकटतालाई हाम्रो प्रतिकुलताका रूपमा लिने गरेको पनि अवस्था देख्छु तर म त्यसलाई भौगोलिक जे विकटता छ त्यसलाई हाम्ले सुन्दरतामा बदल्न सकियो भने मलाई लाग्छ हाम्रो देशको सम्पन्नतालाई अगाडि बढाउने कुरामा अगाडि बढ्न सकिने एउटा अवस्था रहन्छ । यिनै कुरामा तपाईंहरूका बीचमा राख्दै अन्तमा म के अनुरोध र आग्रह गर्न चाहन्छु भने हाम्रा कतिपय समान दृष्टिकोणहरू छन् अरू प्रदेशको तुलनामा पोजिसनको हिसाबमा हामी एक ठाउँमा हौंला तर हाम्रा समान दृष्टिकोणहरू छन्, यस समान दृष्टिकोणको आधारबाट अगाडि बढ्ने कुरा अगाडि बढ्न सकियो भने मलाई लाग्छ अघि मभन्दा अघि बोल्नुहुने पूर्ववक्ता माननीय सदस्यहरूले बोल्नु भए जस्तै म पनि के अनुरोध र आग्रह गर्न चाहन्छु भने पोजिसनको हिसाबले हामी जहाँ हौंला तर एक समयका निम्ति, केन्द्रीय सरकारका निम्ति, दलका हिसाबले हामी जहाँ हौंला तर हामी यो प्रदेशका सबै पार्टीका सबै जनप्रतिनिधिस्थायी प्रतिपक्षका रूपमा भूमिका खेलेर समृद्धि प्रदेश निर्माण गर्ने ठाउँका जनप्रतिनिधि हौं भन्ने अनुभूतिका साथ अगाडि बढ्ने कुरा रहँदा प्रदेशभित्रको ठूलो दलको नाताले म अनुरोध र आग्रह गर्न चाहन्छु र विश्वास दिलाउन चाहन्छु त्यस दिशाबाट अगाडि बढ्ने कुरामा हाम्रो दल तयार छ, भूमिका निर्वाह गर्ने कुरामा यस अवसरमा राख्दै, अन्तमा असुविधाका बाबजुद पनि यो सभालाई यो बैठकलाई अगाडि बढाउनको निम्ति छोटो समयमा संसद सचिवालयका साथीहरूले जे मेहेनत गर्नुभयो त्यस अवसरमा यस अवसरमा म उहाँहरूलाई पनि धन्यवाद दिन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यज्यूहरू, प्रदेश सभाको बैठकहरू सञ्चालन गर्न बैठकमा सुव्यवस्था कायम गर्न आवश्यक समितिहरू गठन गर्न र अन्य काम कार्यवाहीहरू नियमित एवम् प्रभावकारी गराउन बनाउन प्रदेश सभा नियमावली बनाउन आवश्यक हुन्छ तर सभाले प्रदेश सभा नियमावली नबनाएसम्मको लागि सभाको बैठकहरू सञ्चालन गर्न यस सभामा प्रतिनिधित्व भएका दलका माननीय सदस्यहरूको छलफलबाट प्रदेश नं. ६ को प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ तयार गरिएको हो । तसर्थ, अहिले तत्कालका लागि यो कार्यविधि पारित गरिदिन हुन म सबै माननीय सदस्यज्यूहरूमा हार्दिक अनुरोध गर्दछु ।

अब म प्रदेश नं. ६ को प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ माथिको छलफलमा भाग लिन चाहने माननीय सदस्यज्यूहरूले हाम्रो यस कार्यालयको सभामुखको कार्यालयको अगाडि आएर हाम्रो संसद सचिवालयका मित्रहरूसँग नाम उपलब्ध गराइदिनहुन आदेश गर्दछु ।

माननीय सदस्यज्यूहरू, अब प्रदेश नं.६ को प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ लाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले

"हुन्छ" भन्नु होला यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यज्यूहरूले "हुन्न" भन्नु होला सर्वसम्मत् भए ताली दिएर स्वीकार गरिदिन आग्रह गर्दछु ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेश नं.६ को प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यज्यूहरू, माननीय सदस्यज्यूहरू प्रदेश नं.६ को प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा ६ बमोजिम प्रदेश सभाको सभामुखको निर्वाचनको लागि यही चौहत्तर माघ उन्तीस गते सोमबार दिनको एक बजे सोमबारको दिन समय तोकेको छु साथै उक्त कार्यविधि बमोजिम प्रदेश सभा सचिव श्री कृष्णहरि खड्कालाई प्रदेश सभाको सभामुखको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना आजै प्रकाशित गर्न निर्देशन दिन्छु ।

माननीय सदस्यज्यूहरू, अब यो बैठक २०७४ साल माघ २९ गते सोमबार दिनको १ बजे सम्मको लागि स्थगित भएको घोषणा गर्दछु ।

❋❋❋

# बैठक संख्या-२

(२०७४ माघ २९, सोमबार गते)

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री हिमबहादुर शाही (जेष्ठ सदस्य) को अध्यक्षतामा सोमबार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, प्रदेश नं. ६ प्रदेश सभाको पहिलो अधिवेशनको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू अब म माननीय प्रकाश ज्वालालाई यस सभाका माननीय सदस्य श्री राजबहादुर शाहीलाई प्रदेश नं. ६ को प्रदेश सभाको सभामुख पदमा निर्वाचित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, आज प्रदेश नं. ६ प्रदेश सभाको यो ऐतिहासिक दोस्रो बैठकमा प्रदेश सभाको नेतृत्व चयनको निम्ति हामी उपस्थित भएका छौं । प्रदेश सभाको पहिलो बैठक पछि हामी दोस्रो बैठकमा उपस्थित छौं र दोस्रो बैठकबाट नै प्रदेश सभाको नेतृत्व अर्थात् सभामुखको चयन गर्दैछौं । यो महत्त्वपूर्ण घडीमा यस सभाका एकजना सदस्य यस सभालाई नेतृत्व गर्ने गरी सभामुखको रूपमा निर्वाचित हुँदै हुनुहुन्छ र सभामुखज्यूको प्रस्तावकको रूपमा म यहाँ उभिँदा प्रस्तावकको रूपमा मैले राख्न पाउँदा मैले आफैँलाई पनि गर्वको अनुभूति भएको छ । यो प्रदेश सभा पहिलो प्रदेश सभा र पहिलो प्रदेश सभाले पहिलो प्रदेश सभामुख पाउँदैछ । आज यद्यपी जेष्ठ सदस्यको नाताले पहिलो बैठक देखि हाम्रो यो सभालाई नेतृत्व गर्दै आउँनु भएका माननीय सभामुखज्यू जसले आजसम्मको हाम्रो कार्यवाहीमा, आज सम्मको यो सदनको कार्यवाहीमा नेतृत्व गर्नुभयो शपथ ग्रहण देखि दोस्रो बैठक सम्म अर्थात् सभामुखको चयनसम्म नेतृत्व गर्ने माननीय सभामुख जेष्ठ सदस्यको हैसियतमा सभामुखको जिम्मेवारी पूरा गर्नुभएको छ, म माननीय सभामुखज्यूलाई यस अवसरमा सबै माननीयज्यूहरूको तर्फबाट नेकपा एमाले संसदीय दलको तर्फबाट र व्यक्तिगत रूपमा मेरो तर्फबाट हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यो प्रदेश सभा आफैंमा ऐतिहासिक सभा हो । संविधान निर्माणपछि राष्ट्र संघीयतामा गयो र संघीयताको कार्यान्वयनको क्रममा हामी स्थानीय तहको निर्वाचन, प्रदेश सभाको निर्वाचन र प्रतिनिधि सभाको निर्वाचनसँगै राष्ट्रिय सभाको निर्वाचनसमेत हामीले सम्पन्न गरिसकेका छौं । प्रदेश सभाको निर्वाचन पछि यो प्रदेश सभाको गठन भएको छ र आज यो प्रदेश सभालाई नेतृत्व गर्ने गरी सभामुखको हामी निर्वाचन गर्दैछौं । म यति बेला प्रमुख प्रतिपक्ष दल, दलका नेता तथा सदस्यहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु कि यो निर्वाचनमा प्रतिस्पर्धामा नगरेर नेकपा एमालेको तर्फबाट निर्वाचित माननीय सांसद राजबहादुर शाहीज्यूलाई हामीले जो सभामुखको निम्ति प्रस्ताव गरेका थियौं उहाँको नाममा फेरि विरोधको रूपमा अर्को उम्मेद्वारी प्रस्तुत गरिएन । त्यसकारण यो राजनीतिक जुन संस्कार उहाँहरूले देखाउनु भएको छ, फेरि यो सभालाई एकताबद्ध गरेर अगाडि बढाउने एउटा जुन सन्देश उहाँहरूले दिनुभएको छ र हामी यो सभा जुन प्रदेश सभाका सदस्यका रूपमा छौं, यो प्रदेश निर्माण निम्ति, प्रदेशको विकासको निम्ति, प्रदेशको समृद्धि निम्ति हामी सँगसँगै अगाडि बढ्ने एउटा चाहिँ अवसर उहाँहरूले चाहिँ अगाडि देखाउनु भएको छ यसका निम्ति म उहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हामीले निकै ठूलो सङ्घर्ष गरेर प्रदेश निर्माण गरेका छौं । चारजना सहिदहरूले आफ्नो जिवन बलिदान गर्नुभएको छ । जिल्ला देखि

केन्द्रसम्म संविधान सभासम्म यहीँ उपस्थित भएका कतिपय माननीय सदस्यहरू त्यतिबेला संविधान सभाको सदस्यको रूपमासमेत आफ्नो जिम्मेवारी निर्वाह गरिरहनु भएको थियो । सबै दलका र त्यतिबेला हामीले संविधान सभामा गरेको सङ्घर्ष र यही उपस्थित भएका कतिपय माननीयहरू जो आन्दोलनको अग्र मोर्चामा हुनुहुन्थ्यो । यहाँहरूको अगुवाइमा भएको आन्दोलनहरूले हामीले यो सातौं प्रदेश ६ नं. प्रदेश प्राप्त गरेका थियौं र यो अत्यन्तै धेरै चुनौतीले भरिएको प्रदेशका हामी जनप्रतिनिधिको रूपमा यहाँ उपस्थित भएका छौं । स्वाभाविक रूपमा हाम्रा सामुन्नेमा अरू प्रदेशहरूभन्दा धेरै चुनौतीहरू छन् । धेरै समस्याहरू छन् भूगोल अत्यन्त ठूलो छ जनसंख्या सानो छ । धेरै भौगोलिक विकटताहरू छन् र अविकास भोकमारी रोग लगायतका धेरै समस्याहरूबाट हामी ग्रस्त छौं र यी समस्याहरूको समाधान हामीसँगै छ र हामीलाई निर्वाचित गर्ने ती मतदाताहरू जनताहरूले यिनै अनुहार तिर चाहिँ हेरिरहेका छन् कि हाम्रो भाग्य र भविष्य कसरी निर्माण हुन्छ । यो ६ नं. प्रदेशको भाग्य र भविष्य कसरी चाहिँ अगाडि बढाउँछन् हाम्रा प्रतिनिधिहरूले त्यसमा हामीसँगै सबभन्दा बढी भरोसा गरेका छन् । यो हाम्रो चाहिँ सभा सानो देखिन्छ, संख्यामा हामी सानो छौं किनभने यहाँ जनसंख्या नै कम छ तर यसको महत्त्व, यसको ओज, यसको चाहिँ जिम्मेवारी अत्यन्तै ठूलो छ भन्ने मलाई लाग्छ । जतिबेला हामी यो सभाको नेतृत्व चयन गरिरहेका छौं, यो जिम्मेवारी हामी सबैमा असाध्यै धेरै बोध भएको छ भन्ने कुरा पनि म माननीयज्यूहरू सँग अनुरोध गर्न चाहन्छु र फेरि पनि हामी सबैको एउटै साझा संकल्प यो प्रदेशको चाहिँ विकास, यो प्रदेशको जनताको खुशीयाली र यो प्रदेशको समृद्धि नै हो । यो कसैको निजी एजेण्डा हैन, यो सबैको साझा एजेण्डा हो र यो साझा एजेण्डा कार्यान्वयनको निम्ति नै यही टिम नै अगुवाइ गरेर पाँच वर्षसम्म जानेछ । यही प्रदेश सभाभित्रबाट सरकार निर्माण हुनेछ, यस प्रदेश सभाभित्रबाट समितिहरू गठन हुनेछन्, संसदका विभिन्न पदाधिकारीहरू हुनेछन् र यहि प्रदेश सभाभित्रका कतिपय माननीयज्यूहरू एउटा सदस्यकै हैसियतमा भूमिका खेल्नुहुनेछ ।

त्यसकारण चाहिँ हामी सबैको चाहिँ साझा संकल्प यो प्रदेश निर्माण, यो प्रदेश विकास, यो प्रदेशको समृद्धि नै हो र ? त्यसको यो सभाको पनि नेतृत्व गर्ने जिम्मेवारी आज हामी हामी मध्ये कै एकजना सदस्यलाई दिदैंछौं । त्यसकारण कानून निर्माणको कुरामा यो सभाको नेतृत्व गर्ने कुरा, विकास निर्माणको क्रममा चाहिँ मार्गदर्शन गर्ने कुरा र नीति कार्यक्रम र बजेट जस्ता कुरालाई चाहिँ अगाडि बढाउनका निम्ति नेतृत्व गर्ने कुरा यो सभाको सभामुखले नै गर्छ । त्यसकारण सभामुखको नेतृत्वमा एउटा पार्टीको तर्फबाट आज सभामुखको निम्ति हामीले प्रस्ताव गरेका छौं । अब यो सभामुखको चाहिँ गरिमामय कुर्सिमा बसिसकेपछि त्यो कुनै एउटा पार्टीको सदस्यको हैसियतमा हैन यो सभाको साझा नेतृत्वको हैसियतमा उहाँले भूमिका खेल्नुहुनेछ । त्यसकारण यो गरिमामय पदमा आज हामी चाहिँ अथवा सभामुख पदमा आज हामी निर्वाचन गरिरहेका छौं र फेरि पनि नेकपा एमालेको तर्फबाट निर्वाचित भएपनि यो सभाको सम्पूर्ण सदस्यहरूको नेतृत्व गर्ने गरी सभामुखज्यूले आफ्नो जिम्मेवारी, आफ्नो भूमिका निभाउनु हुनेछ र मलाई के विश्वास छ यो प्रस्ताव गरिरहदाँभन्दा सत्तापक्ष प्रतिपक्षको कुनै रेखा यहाँ देखिनेछैन । यो सभा सञ्चालनमा अब एजेण्डामा त हामी आफ्ना-आफ्ना ढङ्गले जाउँला तर सभा सञ्चालनका हकमा कानून निर्माणका हकमा, प्रदेशको समृद्धिको हकमा र सभामुखज्यूको नेतृत्व असाध्यै सफल नेतृत्व, कुशल नेतृत्व र साझा नेतृत्व प्राप्त गर्नेछौं र उहाँलाई हामी सबै दलको तर्फबाट, हामी सबै सदस्यहरूको तर्फबाट, सिङ्गो सचिवालयको तर्फबाट हार्दिक सहयोग हुने विश्वास पनि म दिलाउन चाहन्छु र यति नै कुरा म यहाँहरूको बीचमा राख्दै औपचारिक प्रस्ताव यहाँ प्रस्तुत गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले प्रदेश सभाका माननीय सदस्य श्री राजबहादुर शाहीज्यूलाई प्रदेश सभा प्रदेश नं.६ को सभामुख पदमा निर्वाचित गरियोस् भनि सम्मानित सभासमक्ष प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री महेन्द्रबहादुर शाहीलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही :** माननीय सभामुख महोदय र यो देश एउटा परिवर्तनको दिशामा अगाडि बढी राखेकै सन्दर्भमा अहिले हामी संघीय संरचनामा गएर नयाँ जिम्मेवारी हामी पूरा गर्ने प्रतिबद्धताका साथ यो संसदमा चाहिँ उपस्थित भएका छौं र यो मुलुक निर्माणको यो एउटा महान अभियानमा हामी अगाडि बढिरहेका चाहिँ छौं र यो संघीयता यो मुलुकका लागि यो भर्खर जन्म भएको एउटा शिशु झै हो र विश्वका थुप्रै चाहिँ मुलुकहरू जहाँ संघीय संरचना, संघीय चाहिँ व्यवस्था सञ्चालन भएका मुलुकहरू धेरै व्यवस्थित र धेरै अगाडि बढीसकेका चाहिँ छन् र त्यो मुलुकहरूसँग हामीले प्रतिस्पर्धा गर्नका लागि हाम्रो अगाडि सामान्य जिम्मेवारी चाहिँ छैन र साँच्चीकै हामीले एउटा स्प्रिट एउटा गति र हामीले विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने एउटा तागत र त्यो प्रकारको इच्छाशक्ति हामीमा यदि पैदा हुन सकेन र अहिलेको हाम्रो अगाडिको वस्तुगत जो चुनौती छ र जुन हाम्रो अगाडिको जिम्मेवारी छ, यो जिम्मेवारी पूरा गर्नको लागि हामी सबै एकताबद्ध भएर यो राष्ट्र निर्माणको एउटा अभियानमा लाग्ने फेरि पनि हामीले साझा प्रतिबद्धता यदि जाहेर गर्न हामीले सकेनौ भने जो यो मुलुकले अपेक्षा गरेको छ, जनताको जुन चाहना छ यो चाहना अवश्य पनि हामीले पूरा गर्न सक्नेछैनौं, मलाई विश्वास छ हामीत्यो दायित्व त्यो जनताले दिएको र यो मुलुकले दिएको नयाँ अभिभारा हामी इमान्दारीताका साथ पूरा गर्नेछौं भन्ने कुरामा म विश्वास चाहिँ दिन चाहन्छु र विश्वास चाहिँ मैले लिएको छु र अब अहिले फेरि ६ नं. प्रदेश भनिसकेपछि देशकै सात वटा प्रदेशभित्रको बेग्लै प्रदेश चाहिँ हो यो ।

अहिलेको अवस्था भनेको धेरै अभावै अभाव, धेरै ठूलो समस्यै-समस्याको बीचबाट साँच्चीकै यो प्रदेशलाई तत्काल अहिले हामीले कार्य सञ्चालन गरेर अगाडि बढ्नका लागि हामीसँग आत्मगत पक्ष चाहिँ बलियो छैन, आफैं आफ्नै खुट्टामा उभिएर आजकै दिनमा उभिन सक्ने हाम्रो अवस्था चाहिँ छैन र हिजो पनि यो देश अनुदानबाट चलेको र अझै ६ नं. फेरि अनुदानबाट मात्रै चलेको यो प्रदेश भएको हुदाँ फेरि पनि अहिले हामीसँग त्यस्ता प्रकारका स्रोतहरू आजै भोलिकै दिनबाट हामीले हामीले आवश्यक पर्ने स्रोतहरू प्राप्त गर्न सक्ने अवस्था चाहिँ हाम्रो छैन । हामीले सबैले देखेका छौं यसको भविष्य राम्रो छ, प्राकृतिक स्रोत साधनको हिसाबले हामी धनी छौं । सम्पन्न छौं तर पनि हामीले अहिले तत्काल आजकै दिन उपयोग गर्न सक्ने अवस्था छैन । उपयोग गर्नको लागि हामीले श्रम दिनु छ, हामी सबै लाग्नु छ, यदि हामीले हाम्रो दायित्व हाम्रो कर्तव्य हामीले पूरा गर्न सक्यौं भने साँच्चीकै हामीले जुन सपना देखेका चाहिँ छौं, त्यो सपना हाम्रा लागि टाढा छैन निकट नै त्यो सपना चाहिँ छ । यसका लागि फेरि पनि हामीले म फेरि पनि दोहोऱ्याउँछु यो रोष्टमबाट यहाँ कोही पनि हामी पक्ष प्रतिपक्ष नरहेर हामीले यो संसदीय एउटा अभ्यास हो, हामीले संसदीय अभ्यास गरिराख्या चाहिँ छौं । यसमा पक्ष र बलियो प्रतिपक्ष हुनुपर्दछ, यो भएर नै हामी अगाडि बढ्नका लागि अझै हामी व्यवस्थित र झन सशक्त ढङ्गले झन अगाडि बढ्न सक्छ यो आवश्यक छ तर पनि हामीले पक्ष विपक्ष सबै हामी एकै ठाउँबाट एकै ठाउँमा उभिएर यो प्रदेश निर्माणको अभियानमा हामी सबै अगाडि बढ्न जरूरी चाहिँ छ र यसका लागि अहिले पनि चाहिँ एउटा यो सन्देश चाहिँ हो, ६ नं. प्रदेशको एउटा सन्देश चाहिँ हो यो, यो सन्देश दिन हामी सफल भएका चाहिँ छौं ।

आज हामीले सभामुखको चुनाव गर्दैछौं र हिजो हामीले उम्मेद्वारी एउटा मात्रै पऱ्यो र यो उम्मेद्वारी नपर्नु र एउटा सर्वसम्मति ढङ्गबाट हामीले नेतृत्व यो संसदको नेतृत्व चयन गर्नु यो एउटा सकारात्मक सन्देश चाहिँ हो । यसले होल तपाईंको ६ नं. प्रदेशले एउटा सकारात्मक सन्देश चाहिँ दिन सफल भएको चाहिँ छ । हामी सफल भएका चाहिँ छौं । यसलाई एउटा उच्च सफलताको रूपमा हामीले बुझ्नुपर्दछ र फेरि पनि अब हाम्रो अगाडि आएका थुप्रै जिम्मेवारी चाहिँ छन्, थुप्रै चुनौतीहरू छन्, त्यो चुनौतीहरूको सामना गर्नको लागि फेरि पनि अहिले सहमति सहकार्य र हामी सबै एकै ठाउँमा उभिएर मात्रै यो सम्भव छ र यसका लागि चाहिँ हामीले कुनै पनि कसर चाहिँ बाँकी राख्ने छैनौं । सबै हामी मिलाएर लिने कुरामा हामी अधिकतम हामीले पर्यत्न चाहिँ गर्नेछौं र त्यसपछि अब अहिले यो एउटा हाम्रो अभ्यास पनि एउटा नयाँ अभ्यास चाहिँ छ । यो हामीले संघीय संरचनामा जाने कुराहरूमा अब यो जिम्मेवारी चाहिँ ठूलो चाहिँ छ र यो जिम्मेवारी पूरा गर्नको लागि हामीभित्र पनि थुप्रै अनुभवको चाहिँ अब कमी, हामीसँग ज्ञान क्षमताको कमी हुन सक्छ । हामीसँग कमी भएको चिजलाई पनि पूरा गर्नको लागि हामी सबै छलफल र बहस गर्ने, हामी सबैका चाहिँ तपाईंको बुद्धि, विवेकको प्रयोग गर्ने र अहिलेको चाहिँ हरेक चाहिँ तपाईंको यो मोडलहरूको पनि तपाईंको राम्रो चाहिँ अभ्यास गरेर जाने कुरामा हामी सबै लाग्यौं हामी सबै यसमा चाहिँ प्रतिबद्ध चाहिँ भयौं ।

हामीले सिक्नु छ, हामी भर्खर जन्मिएका छौं, हामी अगाडि बढ्नका लागि हामीले अरूसँग प्रतिस्पर्धा गर्नका लागि हामीसँग धेरै कुराको अभाव छ, त्यो अभावलाई हामीले परिपूर्ति गर्दै जानका लागि हामी सबै चाहिँ तयार चाहिँ भयौ भने सायद हाम्रो जिम्मामा आएको, हाम्रो काँधमा आएको अभिभारालाई चाहिँ पूरा गर्न सक्छौं भन्ने कुरा चाहिँ राख्दै यहाँ म यो जुन प्रस्ताव चाहिँ यो प्रस्ताव पेश गर्न चाहन्छु र माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले प्रदेश सभाका माननीय सदस्य श्री राजबहादुर शाहीलाई प्रदेश सभा प्रदेश नं.६ को सभामुख पदमा निर्वाचित गरियोस् भनी सम्मानित सभासमक्ष माननीय प्रकाश ज्वालाले राख्नु भएको प्रस्तावको समर्थन गर्दछु धन्यवाद।

**माननीय सभामुख :** माननीय सदस्यहरू, प्रदेश नं. ६ प्रदेश सभाको सभामुख पदमा एकजना माननीय सदस्यको मात्र प्रस्तावको सूचना दर्ता भएकोले प्रदेश नं. ६ को प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा ६ को उपदफा (३) बमोजिम यस सभाका माननीय सदस्य श्री राजबहादुर शाही प्रदेश सभाको सभामुख पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय सदस्य श्री राजबहादुर शाही श्री प्रदेश सभाको सभामुख पदमा निर्वाचित हुनुभएकोमा सभाको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

माननीय सदस्यहरू प्रदेश नं. ६ को प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा ७ बमोजिम प्रदेश सभाको उपसभामुखको निर्वाचनको लागि यहि ०७४ फागुन ५ गते शनिबारको दिनको १ बजेको समय तोकेको छु । साथै उक्त कार्यविधिबमोजिम प्रदेश सभाका सचिव श्री कृष्णहरि खड्कालाई प्रदेश सभाको उपसभामुखको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना आजै प्रकाशन गर्न निर्देशन दिन्छु ।

अब यो बैठक २०७४ साल फागुन ५ गते शनिबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

***

# बैठक संख्या-३

(२०७४ साल फागुन ५ गते शनिबार)

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा शनिबार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, प्रदेश नं. ६ प्रदेश सभाको पहिलो अधिवेशनको तेस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, माननीय प्रदेश प्रमुखबाट प्रदेश नं. ६ को मुख्यमन्त्री पदमा यस सभाका माननीय सदस्य श्री महेन्द्रबहादुर शाहीलाई नियुक्त गर्नु भएको पत्र प्राप्त भएको छ, म पत्रको व्यहोरा पढेर सुनाउँछु ।

विषयः- <u>मुख्यमन्त्री नियुक्त सम्बन्धमा ।</u>

माननीय सभामुखज्यू प्रदेश सभा प्रदेश नं. ६,
वीरेन्द्रनगर सुर्खेत, नेपाल ।

नेपालको संविधानको धारा १६८ को उपधारा (२) अनुसार प्रदेश सभाका सदस्य माननीय श्री महेन्द्रबहादुर शाहीज्यूलाई नेपालको प्रदेश नं. ६ को मुख्यमन्त्री पदमा मिति २०७४/११/०३ गते नियुक्त गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

दुर्गा प्रसाद खनाल
प्रदेश प्रमुख
प्रदेश नं. ६
मितिः- २०७४/११/०३

माननीय सदस्यहरू, नेपालीहरूको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने क्रममा संविधान सभाबाट संविधान निर्माण भई हामी संविधान कार्यान्वयनको चरणमा प्रवेश गरेका छौं । संविधान कार्यान्वयनको महत्त्वपूर्ण चरणमा प्रवेश गर्ने क्रममा मलाई यस सम्मानित सभाको सभामुख पदमा निर्वाचित गर्नुभएकोमा सर्वप्रथम यो सम्मानित सदन र सम्पूर्ण माननीय सदस्यज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै मलाई सभामुख पदको लागि प्रस्ताव गर्नुभएकोमा नेकपा एमाले संसदीय दलप्रति आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी मलाई सभामुखको पदमा निर्वाचित गरियोस् भनी गरिएको प्रस्तावको समर्थन गरिदिनु भएकोमा नेकपा माओवादी केन्द्र संसदीय दलप्रति आभारी छु ।

माननीय सदस्यहरू, मलाई सभामुख पदको निर्वाचनमा निर्विरोध निर्वाचित गराउन सहयोग गर्नुहुने, नेपाली काँग्रेस संसदीय दल र राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलप्रतिसमेत आभारी छु ।

माननीय सदस्यहरू, जसरी मलाई सभाले सर्वसम्मत् रूपमा सभामुख पदमा निर्वाचित गरेको छ, म मेरो विवेकले भ्याएसम्म कुनै राजनीतिक दलको प्रभावमा नपरी, सभामुख पदको गरिमा र प्रचलनलाईसमेत शिरोधार्य गर्दै अधिकतम सहमतिका साथ सदन अगाडि बढाउने कुराको प्रतिबद्धता जाहेर गर्दै म सभामुख

पदमा रहेसम्म पार्टीको कुनैपनि भूमिकामा नरही सभालाई तटस्थताका साथ अगाडि बढाउने प्रतिबद्धता सम्मानित सभासमक्ष व्यक्त गर्न चाहन्छु ।

माननीय सदस्यहरू, अब म माननीय श्री धर्मराज रेग्मीलाई यस सभाका माननीय सदस्य श्री पुष्पा घर्ती विष्टलाई प्रदेश नं. ६ को प्रदेश सभाको उपसभामुख पदमा निर्वाचित गरियोस् भनि प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री धर्मराज रेग्मी :** सभामुख महोदय, माननीय सदस्यहरू माननीय सभामुखज्यूले सभामुख निर्वाचित भइसकेपछि पहिलोपटक ऐतिहासिक बैठकको अध्यक्षता गर्नुभएको छ र यस सन्दर्भमा म सबभन्दा पहिले माननीय सभामुखज्यूलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु र माननीय मुख्यमन्त्रीज्यू पनि मुख्यमन्त्री नियुक्ति भइसकेपछि शपथ ग्रहण पछि पहिलोपटक संसद बैठकमा हुनुहुन्छ । यसकारणले मुख्यमन्त्रीज्यूप्रति पनि हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

यो बैठक दुई तीनवटा कुराले ऐतिहासिक छ सभामुख महोदय । एउटा त सभामुखले निर्वाचित भइसकेपछि यो पहिलो बैठकको अध्यक्षता गर्दै हुनुहुन्छ यसकारणले यो बैठक ऐतिहासिक छ । म यो बैठकमा उपसभामुखज्यूलाई निर्वाचित गरियोस् भन्ने फर्मल प्रस्ताव राख्नुभन्दा अगाडि दुई तीनवटा विषयहरूमा म सम्मानित प्रदेश सभा सदनलाई म केहि दुई तीनवटा विषयहरूमा दृष्टिकोण राख्न चाहन्छु सभामुख महोदय ।

यो प्रदेश आज जहाँ बसेर प्रदेशको भविष्य र समृद्धिको बारेमा कुरा गर्दैछौं यो प्रदेश निर्माण अभियानमा चारजना सहिदहरूले रगत बगाउनु भएको छ । त्यसो हुदाँ म प्रदेश सभामा उभिएर आफ्नो दृष्टिकोण राख्नुभन्दा अगाडि ती चारजना सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु । सहिदहरू यामबहादुर वि.सि., टिकाराम गौतम, गोपालसिंह रजुवार र हरिबहादुर कुँवरले यो प्रदेश निर्माणको दौरानमा गर्नुभएको बलिदानीको रूपमा प्रदेश सभाका सदस्यको रूपमा म उहाँहरूप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु र म माननीय सभामुखज्यू र मुख्यमन्त्रीज्यूलाई प्रदेश संसदको सचिवालय र प्रदेश सरकारको सचिवालयमा जुन प्रदेश निर्माणका अभियानका चारजना हुनाहार सहिदहरूको तस्विर राख्न म सबभन्दा पहिले यहाँ माननीय सभामुखज्यूमार्फत् यो रूलिङ चाहन्छु सभामुख महोदय । हामीले अर्को बैठकमा आउँनुपर्दा प्रदेश सभाको सचिवालयमा र प्रदेश मन्त्रिपरिषद्को सचिवालयमा चारजना होनहार सहिदहरूको तस्विर देख्न पाइयोस् । म यो तपाईंहरूसमक्ष फेरि आफ्नो निवेदन गर्न चाहन्छु ।

संसद प्रभावकारी हुन्छ कि हुँदैन भन्ने कुराले समग्र भविष्य निर्माण गर्दछ सभामुख महोदय । आठसय वर्षको करिब संसदको इतिहास छ। सभामुखको इतिहास पनि त्यस्तै छ । तेह्रौ शताब्दीमा बेलायतले सरपिटरलाई पहिलो सभामुख बनाए देखि अहिलेसम्मको दौरानमा सभामुखको इतिहास बडो तटस्थ, बडो निर्भिक र बडो सभाको नेतृत्व गर्ने बडो महत्त्वपूर्ण इतिहास छ । सभामुख र उपसभामुख भूमिकाका हिसाबले फरक-फरक भए पनि संसदको नेतृत्व उहाँहरूमा भर पर्छ । पहिलो प्रतिनिधि सभाको बेला २०१५ सालमा कृष्ण प्रसाद भट्टराईले सभामुख भइसकेपछि उहाँको राजनीतिक संस्कार जसरी विकास भयो सायद धेरै मान्छेहरूले भन्छन् सभामुख महोदय, त्यो संस्कार सभाको अध्यक्षता गरिसकेपछि निर्माण भएको पोलिटिकल कल्चर थियो । जसले उहाँलाई एउटा अरू नेताहरूभन्दा भिन्दै नेताको स्थानमा पुऱ्यायो । यसकारणले संसदमा सभामुख र उपसभामुख हामीले बजारमा टिप्पणी गरेजस्तो रिटायर पोलिटिसियनहरू हुने पद हो कि भन्ने दृष्टिकोण छ । त्यो रिटायर पोलिटिसियन हुने पद हैन न हामीले चुनिरहेको सभामुख

र उपसभामुखलाई राजनीतिबाट सन्यास लिने वातावरणका लागि चुन्दैछौं सभामुख महोदय । संसदमा सभामुख र उपसभामुखको महत्त्व र गरिमा भिन्दै खालको हुन्छ । मैले धेरै कुरा नराखेर प्रदेशको समृद्धि र विकासका बारेमा एउटा सांसदका रूपमा हाम्रा अगाडिधेरै दायित्व छ । ती दायित्वहरू पूरा गर्न सभामुख र उपसभामुखज्यूले सञ्चालन गर्ने नेतृत्वमा, तपाईंको नेतृत्वमा, तपाईंहरूको कुशलतामा धेरै कुराहरूभर पर्छ ।

हामीले संसद सदस्यको रूपमा, प्रदेश सभाको सदस्यको रूपमा समग्रतामा हामीले आफ्नो निभाउनु पर्ने भूमिका निभाउँछौं सभामुख महोदय । प्रदेश सभाले जुन अवस्थामा हामीले प्रदेश सभा सञ्चालन गरेर हामी अगाडि बढ्दैछौं यो अवस्थाले हामीलाई अगाडि धेरै चुनौतीहरू छन् । म जुन दलबाट सभामुख महोदय रोष्टममा आएर बोल्दैछु हाम्रा संसदीय व्यवस्थाका बारेमा आफ्नै दृष्टिकोणहरू छन् तर त्यसो हुँदा पनि हामी बहुदलकालको संसद जस्तो यो संसदलाई बनाउन चाहदैनौं । यो संसदलाई साँच्ची हामीले बेलायती संसदको बारेमा विश्वविद्यालयमा पढ्दा जुन हामीलाई महसुस हुन्थ्यो त्यस्तो संसद हामी निर्माण गर्न सक्छौं ? हाम्रा अगाडियो उत्तरदायित्व छ सभामुख महोदय । म यो कुराको संकेत संसदमा गर्दै यो क्षेत्रको प्रगति र समृद्धिको लागि संसदले जुन विधायिकी काम गर्नेछ, त्यो विधायिकी काममा संसदलाई डोहो¥याउन तपाईंहरूको कुशलतापूर्वक नेतृत्व हुनेछ भन्ने अपेक्षा आशा गर्दै म त्यो फर्मल प्रस्ताव चाहिँ पेश गर्न चाहन्छु । प्रस्ताव उपसभामुखको फर्मल प्रस्ताव त्यो म कहाँ आयो भने म त्यो पेश गर्न चाहन्छु ।

सभामुख महोदय, सभामुख र उपसभामुखको दायित्व संसदको मैले निर्भिकता पूर्वक नेतृत्व गर्ने विषयसँग सम्बन्धित हो भन्ने कुरा मैले स्पष्ट पारिसकेको छु । निश्चय नै सभामुख र उपसभामुखको दायित्व अहिले हामीले प्रस्ताव गरिरहनुभएको उपसभामुखले र अध्यक्षता गरिरहनुभएको सभामुखले कुशलता पूर्वक निर्वाह गर्नुहुनेछ भन्ने मैले आशा गर्दछु । सभामुख महोदय यो नियमावलीको हो । मैले त्यो अपेक्षा राखेको छु। म प्रस्ताव भन्छु ।

सभामुख महोदय, म सभामुखको अनुमतिले यस प्रदेश सभाको प्रदेश सभाको सदस्य माननीय पुष्पा घर्ती विष्टलाई प्रदेश सभाको उपसभामुखमा नियुक्ति गरियोस् भन्ने प्रस्ताव निर्वाचित गरियोस् भन्ने प्रस्ताव सम्मानित सदनसमक्ष सभामुखज्यूको अनुमतिले राख्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री मिनासिंह रखाललाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री मिनासिंह रखाल :** सभामुख महोदय, माननीयज्यूहरू यहाँ अघि यो सदनमा जहाँ महिला उपसभामुखमा घोषित हुनुहुँदैछ यसमा म दुई चारवटा मात्रै कुरा मात्र के थप्न चाहन्छु भने हामीले हाम्रा आन्दोलनले हाम्रा रगत पसिनाले आज जुन अवसरहरू हामीले प्राप्त गर्दछौं यो संविधानतः लेखेकै कारणले मात्र हामीले प्राप्त गरेका छौं र दुई चारवटा कुरा के भन्न चाहन्छु भने राष्ट्रियता, लोकतन्त्र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक, पटक-पटक ऐतिहासिक जनआन्दोलन, सङ्घर्ष, त्याग, बलिदान, गौरवपूर्ण इतिहास र स्मरण गर्दै हामीले २०४६ सालको जनआन्दोलन होस्, हामीले २०५२ सो जनयुद्ध होस् र त्यसमा बलिदान गर्ने सहिदहरूप्रति हामीले श्रद्धाञ्जली व्यक्त गर्नपर्छ र उहाँहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दछु र आज हामीले यी आन्दोलनबाट प्राप्त गरेका प्राप्त गरेका कुराहरूमा आज हामीले यो गरिमामय पदमा सभामुख प्राप्त गर्न लागिरहेका छौं र हाम्रा माननीयज्यूले जुन प्रस्ताव राखेर जानुभएको छ त्यसमा मैले समर्थन गर्दै यो आजको गरिमामय पदमा हाम्रो माननीय पुष्पा घर्ती विष्टज्यूलाई समर्थन गर्दै म केही कुराहरू यहाँ राख्न गइरहेछु ।

सभामुख महोदयको अनुमतिले म सभा सदस्यमा पुष्पा घर्ती विष्टलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी धर्मराज रेग्मीले राख्नुभएको प्रस्तावको समर्थन गर्दछु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, प्रदेश नं.६ प्रदेश सभाको उपसभामुख पदमा एकजना मात्र माननीय सदस्यको प्रस्तावको सूचना दर्ता भएकोले प्रदेश नं. ६ को प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा ६ को उपदफा (३) बमोजिम यस सभाका माननीय सदस्य श्री पुष्पा घर्ती विष्ट प्रदेश सभाको उपसभामुख पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय श्री पुष्पा घर्ती विष्ट प्रदेश सभाको उपसभामुख पदमा निर्वाचित हुनुभएकोमा सभाको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

माननीय सदस्यहरू, माननीय महेन्द्रबहादुर शाही प्रदेश नं. ६ को मुख्यमन्त्री पदमा नियुक्त हुनुभएको, माननीय श्री राजबहादुर शाही प्रदेश सभाको सभामुख पदमा र माननीय श्री पुष्पा घर्ती विष्ट प्रदेश सभाको उपसभामुख पदमा निर्वाचित हुनुभएकोमा सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट दलिय आधारमा बधाई तथा शुभकामना व्यक्त गर्नका लागि समय निर्धारण गर्दछु । सर्वप्रथम म माननीय श्री यामलाल कंडेललाई समय दिन्छु । (समय ८ मिनेट)

**माननीय सदस्य श्री यामलाल कंडेल :** सभामुख महोदय, संविधानले परिकल्पना गरेका संस्थाहरूको निर्वाचन सम्पन्न भइसकेको छ, संस्थाहरू विधिवत रूपलेसञ्चालन गर्ने क्रम अगाडि बढिरहेको सन्दर्भमा ती संस्थाका पदाधिकारीहरू पनि क्रमश हामीले चयन गरेका छौं । हामी प्रदेश तहमा स्थापित प्रदेश सभा, प्रदेश सरकारले आकार ग्रहण गर्ने क्रममा भर्खर मात्र निर्वाचित भएका यस प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीज्यूलाई म मेरो तर्फबाट नेकपा एमाले संसदीय दलको तर्फबाट हार्दिक बधाई व्यक्त गर्न चाहन्छु, कार्यकालको सफलताको शुभकामना दिन चाहन्छु । त्यस्तै प्रदेश तहको यो संसदको गरिमामय पदमा नेतृत्वदायी स्थानमा हामी सबै सभासदलाई कुशल नेतृत्वको साथ सञ्चालन गर्ने गरी सभामुखमा हामीले नै निर्वाचित गरेका वा निर्वाचित हुनुभएको सभामुखज्यू माननीय राजबहादुर शाहीज्यू, भर्खर मात्र हामीले उपसभामुखका रूपमा माननीय पुष्पा घर्ती विष्टज्यूलाई निर्वाचित गरेका छौं उहाँहरूलाई पनि म दलको तर्फबाट, मेरो तर्फबाट हार्दिक बधाई एवम् कार्यकाल कुशलतापूर्वक कार्यकाल सम्पन्न गर्नका निम्ति शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालको सन्दर्भमा हामी नयाँ अभ्यासबाट नयाँ संस्था निर्माण गरेर त्यसका सदस्यहरू भएर काम सञ्चालन भइरहदाँ कतिपय सिक्नुपर्ने कुराहरूहोलान, कतिपय गर्दै गर्दा सच्याउनु पर्ने कुराहरू होलान, तिनलाई समयक्रममा हामी सबैको सामूहिक भावनाबाट सामूहिक पर्यत्नबाट हाम्रा अनुभवलाई, हाम्रा प्रचलनहरूलाई समृद्ध गर्दै जानेछौं, हामी सबैको त्यसमा सकारात्मक भूमिका रहने नै छ । हामी सातवटा प्रदेश मध्ये यस्ता प्रदेशका जनप्रतिनिधि हौं, यस्ता प्रदेशका पदाधिकारी हौं, यस्ता प्रदेशका हामी सरकारका प्रतिनिधि हौं जो सबै तथ्याङ्कमा हेर्दा निराशाजनक छ र हाम्रो कार्यकाल सम्पन्न गर्दै जाँदा तथ्याङ्कका आधारबाट, अङ्कका आधारबाट अरू प्रदेशको दाँजोमा पुऱ्याउने अभिभारा हाम्रा काँधमा सुम्पिएको छ । अरूका निम्ति र हाम्रा निम्ति समय उत्तिकै होतर अरूका प्रदेशमा केही काम भइसकेका छन् हाम्रा प्रदेशमा विगतमै हुनुपर्ने कतिपय कामहरू नगरेकै कारणले गर्दा हामीले समय उति नै पाउँदा पाउँदै पनि छोटो समयमा हामी धेरै काम गर्नुपर्ने अभिभारा हाम्रो अगाडि सुम्पिएको छ । त्यस अभिभारालाई पूरा गर्ने गरि जो आज हामी बधाईका पात्रका रूपमा हामीले चित्रण गरिरहेका छौं, व्यवस्थापिकाको प्रमुखको हिसाबले सभामुखज्यू,

उपसभामुखज्यू, कार्यपालिकाका हिसाबले मुख्यमन्त्रीज्यू जो हामीले नियुक्त गरेका छौं हामी बीचबाटै सल्लाह गरेर त्यो जिम्मेवारीमा माननीय सदस्यज्यूहरू पुग्नु भएको छ । यो यथार्थतालाई आत्मसाथ गर्दै जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी अगाडि बढ्ने कुरामा मलाई लाग्छ उहाँहरू सफल हुनुहुनेछ । त्यसमा मेरो र मेरो दलको सर-सहयोग हरदम रहिरहनेछ ।

व्यवस्थापिका आफैंमा पनि महत्त्वपूर्ण छ तर जनतालाई प्रभाव पार्नका निम्ति कार्यपालिकाको महत्त्वपूर्ण रहन्छ नै । प्रत्येक पाइलो-पाइलोमा जनताले अनुभूति गर्ने गरी त्यही निकायले नै त्यो जिम्मेवारी पूरा गर्नुपर्ने एउटा अवस्था छ भने, मितव्ययी प्रमुख कुरा होला समर्थनका हिसाबले जस्तो मलाई लाग्छ । त्यसै पारदर्शीका हिसाबले, सुशासनका हिसाबले हामीले चल्नुपर्ने अवस्था छ । पछौटेपनमा रहेकै कारणले गर्दा हामी जान्ने र बुझ्ने भएपनि पछौटेपनका प्रवृत्तिका कतिपय प्रवृत्तिहरू हामी जान्नेहरूबाटै पनि प्रकट भइरहेकै एउटा अवस्थामा आमजनताले के अपेक्षा गरेका हुन्छन त्यो सबैले अनुमान गर्न सकिन्छ । साधन र स्रोतमा कमजोर छौं । जनताको अपेक्षा चुलिदो छ । त्यसलाई कसरी समायोजन गर्ने कुरा हो हाम्रो प्रदेशको निम्ति चुनौती छ तर गरे के हुँदैन । के सम्भव छैन भन्ने भावनाका साथ हामी सबै जनप्रतिनिधिहरू अगाडि बढ्ने कुरा हो भने कठिन धर्तिमा पनि सुन्दर बिरूवा उमारे जस्तै यो प्रदेशलाई हामी सबैका मेहेनतका आधारबाट सम्पन्न प्रदेशका रूपमा रूपान्तरित गर्न सकिनेछ । त्यसमा तपाईं जो माननीय सदस्यज्यूहरू त्यो जिम्मेवारीमा जानुभएको छ उहाँहरूले कुशलतापूर्वक सबैको साथ सहयोग लिने गरी अगाडि बढ्ने कुरामा पक्कै पनि सफल हुनुहुनेछ । त्यसमा सहयोग समर्थन गर्ने कुरामा कहीकतै जनताले औंल्याउने, औंल्याउन नपाउने गरी सहयोग रहने कुरा फेरि पनि म यो सभासमक्ष आफ्नो प्रतिबद्धता व्यक्त गर्दै फेरि अन्त्यमा पनि नवनिर्वाचित मुख्यमन्त्रीज्यू, नवनिर्वाचित सभामुखज्यू, नवनिर्वाचित उपसभामुखज्यूलाई मेरो तर्फबाट र दलको तर्फबाट हार्दिक बधाई र कार्यकालको शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** अब माननीय सदस्य श्री गोपाल शर्मा । (समय ६ मिनेट)

**माननीय सदस्य श्री गोपाल शर्मा :** माननीय सभामुख, महोदय भर्खरै हामीले उपसभामुखज्यूको निर्वाचन उपसभामुखज्यूलाई निर्वाचन गरिसकेपछि ६ नं. प्रदेशको सन्दर्भमा हामीले एउटा नेतृत्व तयार गरेका छौं । ६ नं. प्रदेशलाई समृद्ध बनाउने एउटा नेतृत्वको टिम तयार गरेका छौं । हामीले प्रदेशमा सरकार प्रमुखलाई निर्वाचित गरिसकेका छौं । माननीय सभामुखज्यू आफैं सर्वसम्मत् रूपले निर्वाचित भइसक्नुभएको छ र उपसभामुखज्यू अहिले भर्खरै निर्वाचित भइसक्नुभएको छ । यो सन्दर्भबाट हेर्दा खेरि हामीले ६ नं. प्रदेशमा समग्रमा ६ नं. प्रदेशलाई समग्ररूपले एउटा समृद्ध प्रदेशमा बदल्ने एउटा नेतृत्व अगाडि सारेका छौं र यस सन्दर्भमा हामीले सबभन्दा सहज कुरा के छ भने हामी पहिलो पटक यो तीनै सन्दर्भमा खासगरी कार्यपालिका र व्यवस्थापिकाका नेतृत्वको टिम तयार गर्दा हामी यो संसदमा सर्वसम्मत् रूपले हामी अगाडि बढेका छौं ।

यो हाम्रो शुभ संकेत हो । हामीले नेतृत्वको टिम सर्वसम्मत् गर्न सकेका छौं । सरकारको नेतृत्व पनि हामीले सर्वसम्मत् बनाउन सक्यौ र संसदको नेतृत्व पनि हामीले सर्वसम्मत् बनाउन सक्यौं । यो आफैंमा धेरै महत्त्वपूर्ण कुरा हो । त्यसकारण हामीले यो प्रदेशलाई एउटा समृद्ध र सुखी प्रदेशको रूपमा कसरी बदल्ने भन्ने कुरा जसरी सोचिराखेका छौं, आजका सन्दर्भमा त्यो कुरालाई अगाडि सार्दाखेरि मैले के देखिराखेको छु भने हाम्रो नेतृत्व सङ्घर्षको एउटा महत्त्वपूर्ण विन्दुबाट अगाडि यहाँसम्म आइपुगेको छ । मैले सरकार प्रमुख माननीय महेन्द्रबहादुर शाहीज्यूलाई हेरिराखेको छु, देखिराखेको छु आज यस संसदमा

उहाँको प्रतिनिधित्व जसरी भएको छ वा उहाँले ६ नं. प्रदेशको मुख्यमन्त्रीको जिम्मेवारी जसरी लिइराख्नुभएको छ, उहाँले विगतलाई एकचोटि स्मरण गर्नुभएको जस्तो लाग्छ मलाई। जीवनमरणको एउटा विशेष सन्दर्भबाट विशेष लडाईंबाट, सङ्घर्षबाट, बलिदानबाट र जनताको झुप्रोबाट एक/एक गरेर, एक/एक गाँस बाँडचुड गर्दै खाएर यहाँ आउँनुभएको छ र कर्णाली प्रदेश वा ६ नं. प्रदेशको अवस्था के हो ? भन्ने कुरा उहाँलाई मैले फेरि भन्नुपर्दैन वा हाम्रो दलले वा हामी सबै माननीय सदस्यज्यूहरूले उहाँलाई सम्झाउन पर्छ जस्तो लाग्दैन।

माननीय सभामुख महोदय, जो आफैंमा सन्तुलनकारी भूमिकाको लागि यहाँ उपस्थित हुनुहुन्छ र उहाँले पनि उहाँको पृष्ठभूमि हेर्दा उहाँको व्यवहार मैले देखेको वा सुनेको एउटा व्यक्तित्त्वको हिसाबले पनि उहाँले यो संसदलाई महत्त्वपूर्णरूपले नेतृत्व गर्न सक्नुहुन्छ भन्ने अपेक्षा मैले लिएको छु र अहिले भर्खर हामीले निर्वाचित गरेकै गरिएका माननीय उपसभामुखज्यू उहाँ पनि एउटा लामो सङ्घर्षको भूमिबाट एउटा महत्त्वपूर्ण नेतृत्व गरेर जनताको नेतृत्व गरेर यहाँ आइपुग्नुभएको छ । यसो गर्दाखेरि मैले धेरै कुरा यहाँ भन्न चाहन्न । हामीले धेरै गीत गायौं ६ नं. प्रदेशको सन्दर्भमा हामीले तथ्याङ्कहरू वाचन गर्यौं, ६ नं. प्रदेशको सन्दर्भमा हामीले यसलाई विभिन्न प्रस्तावहरूको सन्दर्भमा वा भाषणका विषयहरू बनायौं अब हाम्रो जिम्मेवारी भनेको तथ्याङ्कहरू सार्वजनिक गर्ने वा त्यसलाई दोहोर्‍याएर भाषण गर्ने मात्र हैन । त्यसलाई मन्तव्य दिने, मन्तव्यका विषयवस्तुहरू मात्रै बनाउने हैन । हामीले यसलाई हामीले देखेको वा हामीले सपना हामीले देखेको सपनाको प्रदेशमा कसरी बदल्ने ? हामीले भोगेको ६ नं. प्रदेशबाट हामीले देखेको सपनाको प्रदेशमा कसरी बदल्ने भन्ने कुरा मात्रै मुख्य विषय हो । त्यसकारण हामीले जे सोचेका छौं ६ नं. प्रदेशलाई एउटा समृद्ध प्रदेशको रूपमा अहिले ६ नं. प्रदेशलाई नकारात्मक प्रतिकको रूपमा वा कमजोर प्रदेशको रूपमा जसरी व्याख्या गरिराखेका छन्, राखेका छौं हामीले त्यसको अपोजिट रूपले वा हामीले सुल्टो त्यसलाई सुल्टो कसरी बनाउने ? र ६ नं. प्रदेश एउटा देशकै एउटा नमुना प्रदेशको रूपमा ६ नं. प्रदेशलाई कसरी चिनाउने ? त्यही सपना हाम्रो हो । समृद्ध प्रदेशको रूपमा कर्णाली प्रदेशका जनता वा ६ नं. प्रदेशका जनता देशको एउटा सबभन्दा समृद्ध जनता छन्, यहाँ सबभन्दा सुखी, सबभन्दा समृद्ध प्रदेश हो, यो भन्ने कुरा कसरी चिनाउने ? यही सपना हाम्रो हो । त्यो सपनाको प्रदेशमा बदल्ने हाम्रो जिम्मेवारी हामी यो नेतृत्वको टिमबाट हामी सबै नेतृत्वको यही टिमसँग सँगसँगै रहेर हामीले यसलाई सपनाको प्रदेशमा बदल्नेछौं । त्यो अपेक्षा मैले हाम्रो दलको तर्फबाट यहाँ व्यक्त गर्न चाहन्छु र म खासगरी हाम्रो दलको तर्फबाट नेकपा एमाले जसले मुख्यमन्त्री चयनमा धेरै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ दललाई पनि विशेष धन्यवाद दिन चाहन्छु । नेपाली काँग्रेस र राप्रपा उहाँहरूलाई उहाँको दललाई पनि म धेरै-धेरै धन्यवाद दिन चाहन्छु । सर्वसम्मत् बनाउन हाम्रो दलको नेतृत्वलाई सर्वसम्मत् रूपले प्रदेश सरकारको प्रमुख बनाउन जो भूमिका खेल्नुभयो यसको निम्ति म धेरै-धेरै धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय र उपसभामुखज्यूलाई सर्वसम्मत् बनाउन हामी सबै जे भूमिका खेलेका छौं हाम्रो दलको तर्फबाट माननीय सदस्यज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु र हामी सबैले संकल्प गरौं हामी कोही पनि जानेर आएका छैनौं । हामीले पहिले नै म्याप तयार गरेर आएका छैनौं, हामीले यही एउटा म्याप तयार गरौं र मैले हामीले सोचेको के कुरा हो भन्दा खेरि अब भाषण गरेर वा अमुर्त कुरा गरेर हुँदैन । ठोस र मुर्त योजना तयार गरेर सक्रिय कार्यान्वयन कसरी गर्ने ? हामी आफैं कसरी नमुना बनाउने ? हाम्रो नेतृत्व आफैं नमुना कसरी बन्ने ? र त्यो नेतृत्वका हामी सदस्यहरू आफैं कार्यावन्यनका नमुना कसरी हुने ? भन्ने कुरा नै बढी हामीले सोच्न जरूरी छ । म हाम्रो सरकारको नेतृत्व वा संसदको नेतृत्वलाई सक्रियतापूर्वक आफैंबाट त्यो नेतृत्व गर्ने, आफैं नमुना बन्ने, उदाहरण बन्ने र हामी सबैलाई त्यो

दिशामा डोऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्नुहुनेछ । म हामी पनि र हाम्रो दलको तर्फबाट पनि त्यो भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै खासगरी निर्वाचित हुनुभएका माननीय मुख्यमन्त्रीज्यू, सभामुखज्यू, उपसभामुखज्यू उहाँहरूलाई हार्दिक बधाई एवम् कार्यकाल सफलताको हार्दिक शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** अब माननीय श्री हिमबहादुर शाही । (समय ५ मिनेट)

**माननीय सदस्य श्री हिमबहादुर शाही :** सभामुख महोदय, सर्वप्रथम प्रदेश नं.६ को मुख्यमन्त्रीमा माननीय श्री महेन्द्रबहादुर शाही प्रदेश नं. ६ को सभामुख पदमा राजबहादुर शाही र उसभामुखमा पुष्पा घर्ती विष्टज्यू निर्विरोध निर्वाचित हुन पुगेकोमा नेपाली नेपाली काँग्रेसले त पहिल्यै धन्यवाद पाइसक्यो, नेपाली काँग्रेसलाई त पहिल्यै बधाई पाइसक्यो, तैपनि उहाँको निर्वाचित हुनुभएको हाम्रो गौरवपूर्ण पदीय दायित्व लिनुभएको मुख्यमन्त्रीज्यू, सभामुखज्यू, उपसभामुखज्यूलाई नेपाली काँग्रेसको तर्फबाट नेपाली काँग्रेस सहित काँग्रेसको संसदीय दलको तर्फबाट र आफ्नो म व्यक्तिगत शाहीको तर्फबाट पनि अत्यन्तै हार्दिकताका साथ शुभकामना व्यक्त गर्दछु, आभार व्यक्त गर्दछु र साथै उहाँहरूको उज्जवल भविष्यको पनि कामना गर्दछु ।

सभामुख महोदय, मभन्दा पूर्ववक्ता साथीहरूले धेरै कुराहरू भनिसक्नुभएको छ । नेपाली काँग्रेस तथा म पनि सबभन्दा ६ नं. प्रदेशलाई एउटा उच्च, मर्यादित सभ्य र शालिन नमुना प्रदेशको निर्माण गरेर अगाडि बढ्ने हो भने सबै नेपाली काँग्रेसमात्र हैन यस सदनमा उपस्थित सम्पूर्ण राजनीतिक दलका माननीयहरूएक संकल्पका साथ, दिल दर्शकताका साथ अगाडिबढे मात्र प्रदेश नं.६ को गति अगाडि जान्छ । अवश्य पनि हामीलाई थाहा छ बहुदलीय व्यवस्थाको मर्म सत्तापक्ष र प्रतिपक्ष हो त्यो अन्यथा हैन । त्यसमा कुनै बार लगाइएको छैन । सत्तापक्ष र प्रतिपक्षको एउटै दृढ संकल्प, एउटै यात्राबाट अगाडि जान सक्यौ भने अवश्य पनि त्यस भूगोलको, त्यहाँका निवासीहरूको अवश्य गति अगाडि जान्छ, प्रगति हुन्छ, यसको लागि नेपाली काँग्रेस दृढ छ ।

नेपाली काँग्रेसबाट कुन किसिमको सहयोग, कुन किसिमको अपेक्षा छ त्यो जतिबेला पनि दिन तयार छ तर यस्तै किसिमका ऐतिहासिक ठूला-ठूला भुलले गर्दा आज संक्रमणकाल पार गर्नुपऱ्यो, ठूला आरोह-अवरोह पार गर्नुपऱ्यो । अन्यथा नलिन सभामुख महोदय म आग्रह गर्दछु । अहिले पनि यसै मञ्चमा उपसभामुखको प्रस्ताव प्रस्तुत गर्दा माननीय सभासद धर्मराज रेग्मी जीले संविधानको कुन धारा, कुन उपधाराबाट प्रस्तुत प्रस्ताव गरिएको हो यहाँ अगाडि ल्याउन सक्ने अवस्था रहेन, यस्तो किसिमको भुल भोलिको दिनमा दोहोरिने काम नहोस्, यो नेपाली काँग्रेस आग्रह गर्न चाहन्छ । नेपाली काँग्रेसका लागि ध्यानाकर्षण गर्न चाहन्छ । यस्तैमा म एउटा सानो कुरा भनेर जान्छु, "एकपटक काठमाडौँमा यो बहुदल प्राप्ति छयालिस सालको जनआन्दोलन प्राप्ति नहुदै हाम्रो श्रम माननीय नेता गणेशमानजीले सुनाउनु भएको थियो । विश्वमा र हाम्रो देशमा दुई र दुई चार हुन्छ तर यो नारायणहिटी दरबारमा दुई र दुई पाँच हुन्छ भन्नुहुन्थ्यो । त्यस्तो किसिमको ६ नं. प्रदेश नहोस् त्यस्तरी नजाओस् दृढ संकल्पका साथ एकै यात्रा, एउटै बाटो, एउटै रजाई गरेर अगाडि जाउ । मैले देखेको छु सबभन्दा पहिले ६ नं. प्रदेशलाई भ्रष्टाचारमुक्त प्रदेश बनाउने कुरामा दृढ संकल्प गरौं,कुस र जौ लिएर गाईको गौत लिएर संकल्प गरौं भ्रष्टाचारमुक्त प्रदेश बनाउ । तत्पश्चात स्वास्थ्यका होलान, सिँचाइका होलान, चाहे बाटोका होलान, सडकका होलान, खानेपानीका होलान आदि कुराहरूमा एउटै बाटाका रोजाई लिएर अगाडि बढ्न नेपाली काँग्रेस प्रतिबद्ध छर यो गरिमामय सदनलाई आग्रह गर्दछ ।

अन्तमा, नवनिर्वाचित मुख्यमन्त्री, सभामुख, उपसभामुखजीलाई पुनः धन्यावाद पुनः आग्रह पुनः स्वागत गर्दै काँग्रेस अहिले यहाँबाट बिदा हुन्छ हवस् अब जय नेपाल भन्न पाइने हो होइन ।

**माननीय सभामुख :** अब माननीय श्री शोसिला शाही । (समय ३ मिनेट)

**माननीय सदस्य श्री शोसिला शाही :** सभामुख महोदय, प्रदेश नं. ६ को प्रदेश सभा सुचारू भइरहेको भर्खरै मात्र राष्ट्रिय सभा निर्वाचन सम्पन्न भई केन्द्र, प्रदेश सरकार गठन प्रक्रिया रहेको छ । आज हामी उपसभामुख निर्वाचनको क्रममा छौं, सभामुख, मन्त्री माननीय पाइसकेका छौं, सर्वप्रथम व्यक्तित्व राप्रपाको तर्फबाट सभामुख, मुख्यमन्त्री महेन्द्र शाहीको कार्यकालको कामना सहित शुभकामना व्यक्त गर्दछु । राष्ट्रिय प्रजातन्त्र पार्टी मुल्य र मान्यता बोकेको पार्टी राजसंस्था सहितको हिन्दु राष्ट्र कायम हुनुपर्छ भन्ने कुरामा राप्रपा आज पनि प्रतिबद्ध हामी राप्रपा कुरा संसद र सडकबाट नियन्त्रण उठाइरहनेछौं भन्ने विकास समृद्धिका लागि सबै दल समन्वय सहकार्य गर्दै अगाडि बढ्ने विचार सभामुख महोदयमार्फत् राख्न चाहन्छु ।

भर्खरै सम्पन्न भएको राष्ट्रिय सभा निर्वाचनमा हाम्रो पार्टीले नेकपा एमाले र माओवादी केन्द्र संयुक्त बाम गठबन्धनलाई नै सहयोग र समर्थन गरेको छ । आजको यो निर्वाचनमा पनि गठबन्धन कायमै रहेको हुदाँ हाम्रो पार्टीले पार्टीको तर्फबाट उपसभामुख पद उम्मेद्वार पुष्पा घर्ती समर्थन गर्दछु धन्यवाद । जय राष्ट्रवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा ५ को उपदफा (३) बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठक सञ्चालन गर्न निम्न लिखित पाँचजना माननीय सदस्यहरूलाई मनोनयन गरेको छु ।

(१) माननननीय श्री गणेश प्रसाद सिंह,
(२) माननीय श्री दीनबन्धु श्रेष्ठ,
(३) माननीय श्री पदम बहादुर रोकाया,
(४) माननीय श्री राजु नेपाली,
(५) माननीय श्री शोसिला शाही ।

माननीय सदस्यहरू, उक्त मनोनयनलाई सहमति जनाइदिन हुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, उक्त मनोनयनलाई सभाले सहमति जनाएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय श्री अम्मरबहादुर थापालाई प्रदेश सभा नियमावली मस्यौदा समिति गठन गरियोस् भनी समितिमा रहनुहुने माननीय सदस्यहरूको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री अम्मरबहादुर थापा :** माननीय सभामुखज्यू, मलाई नियमावली मस्यौदा समितिको प्रस्ताव गर्न बोलाईया छतर पनि एक/दुई वटा कुरा भन्न मन लाग्या छ के लाग्योभन्दा अहिले बधाई दिने काममा मञ्च प्राप्त गरिसकेपछि बधाई पनि दिऊ भन्ने लाग्यो मलाई तर मैले यो बढि नै हो भन्ने लाग्छ । यो प्रदेशको ६ नं. प्रदेशले अहिले मुख्यमन्त्री प्राप्त गरेको छर उहाँ एकदमै गतिशिल युवा हुनुहुन्छ । मलाई लाग्छ यो प्रदेशको विकासका निमित्त यो ५२ प्रतिशत गरिबीको रेखामुनी रहेको प्रदेशलाई कसरी तल झार्ने होला र यसको प्लान सहित अगाडि बढ्नु हुनेछ र मलाई त त्यस्तो लाग्दैन यो प्रदेश ५२

प्रतिशत मै रहन्छ । किनभन्दा आज विकसित देशको दाँजोमा गएका विकास र विकसित देशहरूलाई विकास गर्नका निमित्त धेरै समय लागेको मैले अनुभव गरेको छैन । कुनै बेला भाङ र चाहिने अफिम खाएर ढलेको मुलुक आज चालिस वर्ष पुगेको छैन,त्यो देश संसारको शक्तिशाली देश बनेको छ । कुनै देश यस्तो छ, खाना नपाएर मान्छेको मासु खाने देश आज विकसित मुलुकको रूपमा अगाडि बढेको छ, बाइस वर्ष मात्रै भयो । हामीले यो बाउन्न प्रतिशत गरिबीको रेखामुनि रहेको प्रदेश स्रोतसाधनले सम्पन्न भएको प्रदेश यसलाई यसको जुन जनतालाई गरिबीको रेखाबाट माथि उठाउन मलाई धेरै दिन लाग्छ जस्तो लाग्दैन । त्यो विचार र दृष्टिकोणका साथ हामी अगाडि बढ्नपर्छ र यो सदन त्यसरी अगाडि बढ्यो भने यो नेतृत्व त्यसरी सफलता प्राप्त गरेर अगाडि बढ्यो भने हामी हामीलाई लाग्छ अब यसको दश वर्षभित्र हामी सबै प्रदेशभन्दा गतिशिल प्रदेश, सबै प्रदेशभन्दा विकासोन्मुख प्रदेशको रूपमा रूपान्तरित हुन सक्छौं, यो नेतृत्वको जिम्मेवारी नै हुन्छ । जसले नेतृत्व लिन्छ, जसले अग्रसर लिन्छ त्यसकारणले म बधाई यस अर्थमा दिन चाहन्छु, अहिले हामीले सर्वसम्मत् रूपमा मुख्यमन्त्री नियुक्त गरेका छौं र यो प्रदेशको गति र प्रगतिलाई अगाडि बढाउने उहाँलाई उत्साह मिलोस् र यही शुभकामना र बधाई दिन चाहन्छु ।

सभामुख महोदय, सभामुखको पनि निर्वाचन भएर पहिलो चोटी यो सभाको सभाअध्यक्ष गर्दै हुनुहुन्छ, यो सभालाई अनुशासित र मर्यादितरूपले अगाडि बढाउन उहाँको कार्यकाल सफल हुनेछ, भन्दै उहाँहरूलाई पनि बधाई दिन चाहन्छु । उपसभामुखज्यूलाई पनि अहिले तत्कालै अब अर्को बधाई पछि दिउला भन्नु पर्ने छैन ।निर्विरोध भइसक्नु भयो उहाँलाई पनि उहाँको कार्यकाल सबैलाई समन्वय र समृद्ध गरेर अगाडि बढ्ने वातावरण बनोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु, बधाई दिन चाहन्छु र म यो नियमावलीको मस्यौदा समिति पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

नियमावलीको मस्यौदा समिति माननीय सभामुखज्यू, प्रदेश सभा प्रदेश नं. ६ नेपालको संविधान, २०७४ को धारा १९४ बमोजिम प्रदेश सभाले आफ्नो कार्यसञ्चालन गर्न बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कारवाही र अन्य कुरा गर्नका लागि प्रदेश सभा नियमावली, २०७४ समेतको मस्यौदा गरी लागु गर्न उपयुक्त भएकाले ८ (आठ) जना माननीय सदस्यहरू रहनुभएको मस्यौदा समिति गठन गर्न यो प्रस्ताव प्रस्तुत गरेको छु।

**समितिमा रहने माननीय सदस्यहरूको नाम यस प्रकारको रहेको छः-**

(क) माननीय श्री दल रावल,
(ख) माननीय श्री दीनबन्धु श्रेष्ठ,
(ग) माननीय श्री धर्मराज रेग्मी,
(घ) माननीय श्री प्रकाश ज्वाला,
(ङ) माननीय श्री मिनासिंह रखाल,
(च) माननीय श्री यज्ञबहादुर वि.सि.,
(छ) माननीय श्री सिताकुमारी नेपाली,
(ज) माननीय श्री शोसिला शाही ।

(२) **समितिको कार्यक्षेत्रः-** नेपालको संविधानको संविधान, २०७४ को धारा १९४ बमोजिम प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न बैठकको सु-व्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कार्यवाही र अन्य कुरा नियमित गर्न र सभाका काम कार्यवाहीलाई अझ बढी प्रभावकारी र समय सापेक्ष बनाउन मद्दत गर्ने र नियमावली निर्माणमा आइपर्ने अन्य कार्यहरू गर्ने ।

(३) <u>समितिको कार्यविधिः-</u>

(क) सभामुखको निर्देशनमा रही समितिले आफ्नो कार्यविधि आफैंले व्यवस्था गर्न सक्नेछ,

(ख) समितिका सदस्यहरूले आफूमध्येबाट एकजना सभापति चयन गर्नेछन्,

(ग) समितिले आवश्यक देखेमा विशेषज्ञ लगायत सम्बन्धित अन्य व्यक्तिको सहयोग लिन सक्नेछ,

(घ) समितिको कार्यविधि कार्य प्रारम्भ भएको मितिले १५ (पन्ध्र) दिन हुनेछ भन्ने प्रस्तावप्रस्तुत गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख :** अब म माननीय श्री नरेश भण्डारीलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारी :** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू, हामी ऐतिहासिक अवसरमा जुटिरहेका छौं । हामीले हालै मात्रै प्रदेशको चालक सीटमा, सरकारको चालक सीटमा माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई प्रस्तुत गर्यौं र नियुक्ति प्रक्रिया पनि टुङ्गिसकेको छ । त्यस्तै सभामुखज्यू राजबहादुर माननीय राजबहादुर शाही, पुष्पा उपसभामुख पुष्पा घर्ती विष्टज्यू निर्वाचित हुनुभएको छ, उहाँहरूलाई उहाँहरूको अब्बल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुखज्यू, यतिबेला यो प्रदेशका आमजनताहरूले यो बैठक ऐतिहासिक बैठकतर्फ आशाका नजरले हेरिरहेका छन्, ती तमाम आशावादी मान्छेहरूले जो गरिबीको पहाडले च्यापिएको प्रदेशमा विकास र समृद्धको प्रयासले काकाकुल भएर उनीहरूले यो समृद्धशाली प्रदेशको कल्पना गरिरहेका छन् र यो सदन हामी यतिबेला सञ्चालन गरिरहेका छौं सदनतर्फ उनीहरूले एक टकले हेरिरहेका छन् ।

सभामुख महोदय, वास्तवमा यो प्रदेश गरिबहरू हेर्न,गरिबी हेर्न आमन्त्रण गर्ने प्रदेशको रूपमा चित्रित भइरहेको छ, अभाव गरिबीको पहिचान, अभाव गरिबीको संज्ञा यो प्रदेशले पाईरहेको छ,उपमा पाइरहेको स्थिति छ, पर्या बन्न विवश भइरहेको छ । यदि हामीले कुनै अनुसन्धानदातालाई आमन्त्रण गर्यौं भने सबभन्दा कम आयको अनुसन्धान गर्न त्यो अनुसन्धानदाता यो प्रदेशमा आइपुग्छ । हामीले यदि एकजना जर्नालिष्टलाई यो प्रदेशमा हामीले आमन्त्रण गर्यौं भने एक जना आमाको प्रसुती वेदनाले छटपटाइरहेको दृश्य कैद गर्नका लागि हामी आमन्त्रण गर्छौं ।

हामीले एकजना साहित्यकारलाई बोलायौं भने यो प्रदेशमा त्यो साहित्यकारले दुखका कथाहरू लेख्छ र हामीले संकल्प गर्न जरूरी छ के अब यो प्रदेश दुई दशकमा यो प्रदेशमा यहाँको नागरिकले ६ नं. प्रदेशको नागरिकले समृद्धि हेर्नका लागि यो प्रदेशको मानचित्रभन्दा बाहिरको कुनै नागरिकलाई निम्ता-पत्र दिन सकोस् यो प्रदेशको कुनै नागरिकले । हो वास्तवमा, यो प्रदेशको सीमाङ्कन, यो प्रदेशको रेखाङ्कन रगतले कोरिएको छरगतको मसिले यो प्रदेशको सीमाङ्कन भएको छ, यो प्रदेशको रेखाङ्कन गर्नको लागि यहाँका चारजना सर्वोत्तम छोराछोरीहरूले बलिदान गर्नुभएको छ, म उहाँहरूलाई सम्मान गर्न चाहन्छु । उहाँप्रति म डिभोटेड हुन चाहन्छु र म अनुरोध गर्दछु यो सम्मानित सदनले पनि उहाँहरूको सपनालाई सार्थक पार्नका निम्ति कुनै पनि कसर बाँकि नराखोस् त्यसो भएको हुनाले सभामुखज्यू हामीले परिभाषा बदल्ने अठोट गर्न जरूरी छ, के हामीले बाँकी विश्वलाई भन्न सक्नुपर्छ तिमीहरू रिसर्च गर्न आउ एउटा ६ नं. प्रदेश, गरिबीको प्रायबाट चित्रित प्रदेशको कथा लेख तिमिहरू ती कसरी समृद्धशाली बने, त्यसो भएको हुनाले म यस अर्थमा यहाँहरूलाई बधाई दिइरहेको छु, कि उहाँहरूले चालक सिटमा बसेर त्यो सरकारको, त्यो व्यवस्थापिकाको चालक सिटमा बसेर यहाँहरूले आफूलाई प्रस्तुत गर्नुहोस् कि हामी इतिहासका लागि हामी इतिहास रच्दैछैनौं ।

हामी अहिले पहिलो मुख्यमन्त्री बन्ने अवसर पाएका छौं, हामीले पहिलो सभामुख बन्ने अवसर पाएका छौं, हामी पहिलो उपसभामुख बन्ने अवसर पाएका छौं, हामीले इतिहास रचेका छौं । यो आफैंमा निकै महत्त्वपूर्ण छ तर हामी इतिहासका लागि इतिहास रचिएका छैनौं, इतिहास हामी जो इतिहास रचिएका छौं हामी भविश्यका लागि, हामी हाम्रो जीवनका लागि र हाम्रो यो चुनौतीको चाङबाट सम्भावनाको खोजी गर्नुपर्ने यो प्रदेशको एउटा समुज्जवलको भविष्यको लागि हामीले इतिहास रचना गर्न संकल्प गर्नपर्दछ । त्यसो भएको हुनाले म यहाँहरूको बीचमा धेरै कुराहरू नराखौं मेरो जसरी मलाई यहाँ आमन्त्रण गरिएको छ अथवा समय दिइएको छ सम्मानीय सभामुख महोदय माननीय सभामुख महोदयले यसरी यो अनुमति दिनुभएको छ म विषयमा प्रवेश गर्न चाहन्छु ।

माननीय सभामुखज्यूको अनुमतिले माननीय सभामुख महोदय म त्यो प्रस्तावमा समर्थन गर्न गइरहेको छु ।

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले यस सभाका माननीय श्री अम्मरबहादुर थापाले प्रदेश सभा नियमावली, २०७४ समेतको मस्यौदा गरी नियमावलीको मस्यौदा प्रतिवेदन सभामा पेश गर्न माननीय सदस्यहरूको नामावली सहितको प्रस्तावको समर्थन गर्दछु, धन्यवाद ।

**माननीय सभामुख :** अब म माननीय श्री अमृता शाहीलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री अमृता शाही :** माननीय सभामुख महोदय, माननीय सभामुख महोदय अनुमतिले यस सभाका माननीय सदस्य श्री अम्मरबहादुर थापाले प्रस्ताव प्रदेश सभा नियमावली, २०७४ समेतको मर्यादा गरी नियमावलीको मर्यादा प्रतिवेदन सभामुखसमक्ष सभामा पेश गर्न माननीय सदस्यहरूको नामावली सहितको प्रस्ताव समर्थन गर्छु, यति नै हवस्त धन्यवाद ।

**माननीय सभामुख :** अब उक्त नियमावली मस्यौदा समिति गठन गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

**"हुन्छ"**

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"....."

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ नियमावली मस्यौदा समिति गठन गरियोस् भन्ने माननीय सदस्यहरूको नामसहितको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

अब यो बैठक २०७४ साल फागुन ९ गते बुधबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

* * *

# बैठक संख्या-४

(२०७४ साल फागुन ९ गते बुधबार)

प्रदेश सभाको आजको बैठकको कार्यबाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा बुधबार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, प्रदेश नं.६ प्रदेश सभाको पहिलो अधिवेशनको चौँथो बैठकको कार्यबाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरू, प्रदेश नं. ६ को मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद्को गठन र कार्यविभाजन सहितको पत्र प्राप्त भएको छ म पत्रको व्यहोरा पढेर सुनाउँछु ।

श्री प्रदेश सभा सचिव,
प्रदेश सभा सचिवालय,
प्रदेश नं.६ सुर्खेत ।

माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम मिति २०७४/११/०६ गते आफ्नो नेतृत्वमा देहायबमोजिम अनुसारको मन्त्रिपरिषद् गठन गरी कार्यविभाजन गर्नुभएको जानकारीका लागि अनुरोध गर्दछु ।

<u>तपसिल</u>

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १ | माननीय प्रकाश ज्वाला | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २ | माननीय नरेश भण्डारी | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | माननीय दल रावल | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ४ | माननीय बिमला केसी | मन्त्री | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ५ | माननीय नन्दासिंह बुढा | मन्त्री | उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६ | माननीय खड्गबहादुर खत्री | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |

सुरेश प्रधान प्रमुख सचिव

**माननीय सदस्यहरू,**

- माननीय श्री प्रकाश ज्वालाः आर्थिक मामिला तथा योजना मन्त्री,
- माननीय श्री नरेश भण्डारीः आन्तरिक मामिला तथा कानून मन्त्री,
- माननीय श्री दल रावलः सामाजिक विकास मन्त्रालय मन्त्री,
- माननीय श्री बिमला केसीः भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री,
- माननीय श्री नन्दासिंह बुढाः उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रीर
- माननीय श्री खड्गबहादुर खत्रीः भौतिक पूर्वाधार विकास मन्त्री पदमा नियुक्त हुनुभएकोमा सभाको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । माननीय सदस्यहरू, अब म माननीय श्री यामलाल कंडेललाई यस प्रदेशको नामाकरण गर्ने विषयमा प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री यामलाल कंडेल :** माननीय सभामुख महोदय, संसदका सबै बैठक आफैंमा महत्त्वपूर्ण हुन्छन् । हामीले अहिलेसम्म गरेका बैठकहरूबाट महत्त्वपूर्ण निर्णय गरेर आज यस बैठकसमक्ष उपस्थित भएका छौं । नेपालका सन्दर्भमा नयाँ अभ्यासलाई मुर्त रूपमा दिनका निम्ति संसदमार्फत् विभिन्न गतिविधिहरू सञ्चालन भइरहेकै छन् । तदनुकुल ढङ्गले हाम्रा अगाडि सरकारले पूर्णता प्राप्त गरेको छ, सरकारमा रहनुहुने सबै माननीय मन्त्रीज्यूहरूलाई म बधाई ज्ञापन गर्न चाहन्छु । आज हामी फेरि अर्को एउटा महत्त्वपूर्ण हामीले निर्वाह गर्नै पर्ने अभिभारापूरा गर्ने उद्देश्यका साथ यो बैठकमा निश्चित विषयवस्तुहरू प्रस्तावित गरिएका छन् । त्यसमध्येको एउटा विषयवस्तु संविधानले यो सभालाई सुम्पिएको जिम्मेवारी पूरा गर्ने क्रममा हामी उपस्थित भएका छौं । नेपाल संघात्मक संरचनामा अगाडि बढ्ने क्रममा मुलुकलाई सातवटा प्रदेशमा विभक्त गरिएको छ । अहिलेसम्म प्रदेशलाई अङ्कका नामबाट सम्बोधन गरिने, अङ्कका नाममा बुझिने परिस्थिति रही आएअनुसार हाम्रो प्रदेशलाई ६ नं. प्रदेश भनेर बुझ्ने गरिएको छ । यो ६ नं. प्रदेश निर्माण हुदाँ हिजोका अलग-अलग संरचनामा रहेका भु-भागहरू जोडिएकाछन् । योभन्दा अगाडि अञ्चलगत संरचना, योभन्दा अगाडि विकास क्षेत्रगत संरचनाका आधारबाट अगाडि बढ्दा आज आइपुग्दा हामी संघात्मक संरचनामा परिणत हुदाँ ६ नं. प्रदेश आफैंमा आन्दोलनबाट निर्माण भएको प्रदेश भएकै कारणले गर्दा यस सीमाङ्कन अन्तर्गत रहेका सबै जनता, सबै राजनीतिक पार्टी, सबै अगुवापंक्ति सामेल भएकै कारणले गर्दा औपचारिक रूपले अलग-अलग भएपनि बुझाईमा मान्यतामा हामी एकै ठाँउमा उभिएकै कारणले गर्दा कतिपय प्रदेशलाई यही विषय समस्यामुलक भइरहेकै होला त हाम्रो प्रदेशका निम्ति त्यो अनुकलताका विषयवस्तु हो । त्यसअनुसारको बुझाई त्यसअनुसारको व्यवहार भएका कारणले गर्दा हामीले यो सभासमक्ष त्यो विषयलाई अरू प्रदेशभन्दा चाँडै अरू प्रदेशभन्दा सजिलै सभासमक्ष पेश गर्न गइरहेका छौं।

यो प्रदेश बन्नुभन्दा अगाडि विकास क्षेत्रका हिसाबले, अञ्चलका हिसाबले रासिका २ जिल्ला, भेरीका ३ जिल्ला कर्णालीका ५ जिल्ला बनेर प्रदेश नं. ६ बनिरहेको छ । जुन प्रदेशलाई आज हामी ६ नं. प्रदेश भनेर भनिरहेका छौं । हिजो भूगोल र नामले जहाँ विभक्त गरिरहेको भएपनि ऐतिहासिक श्रृङखलालाई अध्ययन गर्ने कुरा हो भने ऐतिहासिक घटनाक्रमलाई हेर्ने हो भने हामी एउटै श्रृङखलामा बाँधिएका कर्णालीको विस्तारित रूप नै हो ६ नं. प्रदेश अन्यथा हुँदैन न नै । त्यसकारणले म के अनुरोध र आग्रह गर्न चाहन्छु औपचारिक प्रस्ताव पेश गर्नुभन्दा अघि भने के वास्तवमा संविधान निर्माण गर्दा देखि आजसम्म सीमाङ्कन र नामाङ्कन र राज्यको पुनर्संरचना गर्ने सन्दर्भमा पार्टीभित्र पार्टी बाहिर बौद्धिक जमातमा विभिन्न तरिकाले, विभिन्न विषयले, विभिन्न आधार र मान्यतालाई अगाडि बढाएर छलफल गरिरहेको भए तापनि आज हामी सबै राजनीतिक पार्टी जनप्रतिनिधि र जनताहरू विगतको लामो अभ्यासबाट परिपक्व हुँदै यो विषय आफैंले निरूपण गर्ने तहअनुसार आज हामी यो बैठकमा प्रस्तुत भइरहेका छौं ।

यस कारणले रासिका नामले, भेरीका नामले, कर्णालीका नाम वा नदीका नामले सीमाङ्कन र नामाङ्कन भएर हामीले विगतका गतिविधि निर्वाह गरिरहेको भएपनि मैले फेरि पनि भने प्रदेश नं.६ कर्णालीको विस्तारित क्षेत्रकै रूपमा बुझ्दा यो कर्णालीको सभ्यता कै आधारबाट ओगटिएको क्षेत्रबाट निर्माण भएको एउटा प्रदेश हो । यसका ऐतिहासिक तथ्यहरू म धेरै उद्घाटित गर्न चाहन्न यहाँ सबै माननीयज्यूहरू यसका आफैंमा जानकार हुनुहुन्छ । त्यसकारणले पनि म के अनुरोध र आग्रह गर्न चाहन्छु भने कि हामीहरूसँग अरूलाई पनि समय छोटो होला तर प्रदेश नं. ६ का जनप्रतिनिधिलाई प्रदेश नं. ६ मा जिम्मेवारीमा बोक्नुभएका सम्बन्धित नेतृत्वदायीलाई हिजो गर्नपर्ने काम नभएका कारणले, नगरेका कारणले आज हामीले प्राप्त गरेका छोटो समयमा धेरै काम गर्नु भएकै कारणले भएपनि मलाई लाग्छ हामी यो ठाउँमा पुगेका छौं । विचार र

मान्यता बनाउनका लागि फेरि पनि दोहोऱ्याउन चाहन्छु पार्टीगत हिसाबले औपचारिक रूपले भिन्न-भिन्न भएपनि धरातल एउटै भएका कारणले गर्दा हामीले सजिलै सरल ढङ्गले यो विषयवस्तु यो गतिका साथ यो सभासमक्ष पुग्ने एउटा हामीलाई आधार निर्माण भएको छ । त्यसकारणले म यो सभासमक्ष के अनुरोध र आग्रह गर्न चाहन्छु भने कि हामी आ-आफ्नोलाई मात्रै सम्झिएर आ-आफ्नो ठाउँको चिनारीलाई मात्रै सम्झिएर त्योभन्दा ठूलो चिनारीलाई स्वीकार गर्ने कुरालाई सहज र सरल ढङ्गले अगाडि बढ्ने मानसिकताका साथ अगाडि बढ्न सकियो भने मलाई लाग्छ यलाई पनि सरल र सहज टुङ्ग्याउन सकिने एउटा अवस्था रहन सक्छ । प्रदेश अन्तर्गत, यो संसद अन्तर्गत हामी जति पनि राजनीतिक पार्टीका माननीय सभासद उपस्थित छौं, सभामुखज्यूले आयोजना गर्नु भएको सर्वदलीय बैठक वा प्रदेशभित्र सभाभित्र भएको सर्वदलीय बैठक माननीय साथीहरूको छलफलका आधारबाट हामीलाई यस्तो लाग्छ कि आउँदा उपस्थित हुदाँ अलग-अलग भएपनि छलफलमा सामेल हुदाँ हामी एउटै पार्टीका जस्तो एउटै भु-भागबाट त आएकै छौं, एउटै क्षेत्रबाट प्रतिनिधित्व गरिरहेकै छौं तर त्यसमा विविधतायुक्त हुने गरी छलफलले कुनै पनि विषयमा छलफलले प्रवेश पाएको एउटा अवस्था छैन ।

यस विषयलाई पनि हामीले गम्भिरतापूर्वक सभासमक्ष औपचारिक प्रस्ताव ल्याउनुभन्दा अगाडि प्रदेश अन्तर्गतको संसदमा रहेका राजनीतिक पार्टीका नेता साथीहरूसँग छलफल कुराकानी गरेर खुला खुलस्त ढङ्गले अगाडि बढ्ने क्रममा हामीले सहजताको अनुभूति, एकरूपताको अनुभूति प्राप्त गरेकै कारणले गर्दा ६ नं. हटाएर हामीलाई सबैलाई हामी सभासद माननीयलाई मात्र हैन, सबै जनतालाई मान्य हुने गरी हामी हाम्रो प्रदेशलाई अङ्कका नाममा हैन हामी नामका आधारबाट देशभित्र चिनाउन चाहन्छौं विदेशमा अब सबैलाई हामी त्यो चिनाउन चाहन्छौं त्यस अभिभारा पूरा गर्ने सन्दर्भमा आज हामी यो बैठकमा उपस्थित भएका छौं, त्यसकारणले पनि तपाईंहरूसँग म औपचारिक प्रस्ताव यो सभासमक्ष म राख्न चाहन्छु ।

माननीय सभामुखज्यू, नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा (२) मा भएको व्यवस्थाअनुसार संविधानबमोजिम प्रदेशको नामाङ्कन सम्बन्धी प्रदेश सभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय भएबमोजिम हुने व्यवस्था अनुरूप प्रदेशको नामाकरण गर्ने विषयमा यस प्रदेशको ऐतिहासिक, सामाजिक, भौगोलिक पृष्ठभूमि पहिचानका सन्दर्भमाका साथ प्रदेशको सम्बन्धमा प्रतिनिधित्व गर्ने तपसिल ऐतिहासिक तथ्यका आधारमा यस प्रदेशको नामाकरण कर्णाली प्रदेशका लागि सभासमक्ष निर्णायार्थ यो प्रस्ताव पेश गरेकोछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री दीनबन्धु श्रेष्ठलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री दीनबन्धु श्रेष्ठ :** माननीय सभामुख महोदय, आज यो देशमा आमूल परिवर्तन पछि जसरी नेपाली जनताको चाहना थियो परिवर्तनको भावना थियो त्यो अनुरूप हामीले यो देशमा बहत्तरको संविधानअनुसार तीनतह निर्वाचन सम्पन्न गरेका छौं । स्थानीय निकाय, प्रदेश सभा र संघीय सभाको यो आफैंमा सुखद पक्ष हो र अब संविधान कार्यान्वयन पक्षमा छ जुन नेपाली जनताले धेरै लामो समयबाट प्रतिक्षा गरिरहेका थिए । अब यो कार्यान्वन गर्ने पक्षमा मलाई लाग्दछ यो ६ नं. प्रदेशमा आज हामी एउटा ऐतिहासिक निर्णय गर्न जादैछौं त्योभन्दा पहिला म ६ नं. प्रदेशले हामीलाई अहिले माननीय सभामुखको निर्वाचन, माननीय उपसभामुखको निर्वाचन र माननीय मुख्यमन्त्री र माननीय मन्त्रीज्यूको पनि हामीले चयन गरेर पूर्णता दिएका छौं । अब ६ नं. प्रदेश आफ्नो गन्तव्य तिर अग्रसर भएको परिस्थिति छ र यसमा सबैको सहयोग सद्भावको आवश्यक छ । हामीलाई लागेको छ ६ नं. प्रदेश अन्य ६ प्रदेश मध्ये

७ प्रदेशमा यो कान्छो प्रदेश भन्ने गरिन्छ । हो हामी भौगोलिक विकटता छ यस प्रदेशमा विगत देखु धेरै पछि परेको कर्णालीका ५ वटा जिल्लाहरू पनि यस प्रदेशमा छन्, हामीसँग प्राकृतिक स्रोत साधन प्रशस्त हुदाँ पनि हामीले त्यसको उपभोग गर्न पाएका छैनौं । हामी विशेष गरेरभन्दा कर्णाली क्षेत्रका यस प्रदेशभित्र पर्ने पाँचवटा जिल्लाको पिडा भिन्नै छ, हुन हो यो प्रदेशका १० वटै जिल्लाका आफ्ना आफ्नै पिडाहरू छन् । त्यसैले अब हामीले यो प्रदेशलाई अगाडि कसरी लैजाने, यो प्रदेशको समृद्धि कसरी गर्ने, यो प्रदेशको आर्थिक विकास कसरी गर्ने भन्ने आज तपाईं हाम्रो काँधमा आएको छ ।

माननीय सभामुख महोदय, यो भन्नै पर्छ आज हामीले पक्ष र विपक्ष नभनेर सधै जनताको हितमा, प्रजातन्त्रको हितमा विकास निर्माणका कुरामा हाम्रो दुई मत हुन्छ जस्तो मलाई लाग्दैन, यसैमा यस प्रदेशको समृद्धि पनि निश्चित छ । हो, हामीलाई आर्थिक स्रोत अन्य प्रदेशभन्दा हामी धेरै पछि छौं, मलाई लाग्छ हामीसँग प्राकृतिक साधन स्रोत अन्य प्रदेशभन्दा पनि हामीसँग अथाह छ, जलस्रोत देखुन लिएर जडिबुटी र पर्यटन प्रवर्द्धन र फलफुल र आधुनिक कृषिका विषयमा यदि हामीले कार्यान्वयन पक्षमा ल्याएर तदारूकताका साथ अगाडि बढ्यौं भने सातै प्रदेश मध्ये ६ नं. प्रदेश एक नम्बरमा र नमुना प्रदेश बन्छ भन्ने हामीलाई विश्वास छ तर यसको लागि सबैको सद्भाव, सहयोग हुनुपर्छ र अनि मात्र हामी त्यो लक्ष्यमा पुग्छौं, विश्वास छ त्यो पक्कै पनि हुन्छ ।

त्यसैले अब यो महत्त्वपूर्ण घडीमा म के भन्न चाहन्छु भने ६ नं. प्रदेशले अन्य अरू प्रदेशभन्दा यो प्रदेशको नामाङ्कन र राजधानीको नाम तोक्ने विषयमा आज हामी माननीय साँसदहरू यो गरिमामय प्रदेश सभाको बैठकमा बसेर छलफल गर्दैछौं । यो पक्कै पनि राम्रो र सुखद कुरा हो अन्य प्रदेशको जस्तो हाम्रो प्रदेशमा त्यो किसिमको असहमति हामीले देखेका छैनौं तर छ आफ्ना-आफ्ना रिजर्भेसनहरू छन् । यी कुराहरू हामी राखौला तर रिजरभेसनका कारणले यो प्रदेशलाई अगाडि बढ्ने र यो प्रदेशको निर्णयलाई बाधा पुग्ने किसिमका हामी कसैबाट पनि त्यो हुन्न जस्तो मलाई लाग्छ र मलाई विश्वास पनि छ र माननीय सभामुख महोदय, अहिले भर्खरै हाम्रा माननीय संसद यामलाल कंडेलज्यूले एउटा प्रस्ताव राखुभयो, प्रदेशको नामाङ्कन कर्णाली प्रदेशको नामबाट रहोस् भनेर सर्वप्रथम म उहाँलाई धन्यवाद दिन चाहन्छु । कर्णाली प्रदेश एउटा यस्तो प्रदेश हो, त्यो प्रदेशको ऐतिहासिक पहिचान छ, त्यो प्रदेशको आफ्नै भूमिका छ, त्यो प्रदेशको आफ्नै रहनसहन छ र त्यो प्रदेशका धेरै कुराहरूले यो राष्ट्रमा पनि महत्त्व राख्छ, त्यसैले यो प्रदेशलाई राष्ट्रिय र अन्तर्राष्ट्रियमा चिनाउनको लागि कर्णाली प्रदेश जसरी माननीय सांसद यामलाल कंडेलज्यूले राखु भयो प्रस्ताव यो ठूलो महत्त्वपूर्ण छ, यसमा म संसदको नाताले र आम कर्णालीबासीको नाताले पनि उहाँलाई पुनः धन्यवाद दिन चाहन्छु र नेपाली काँग्रेसको तर्फबाट पनि म सदस्य भएको नाताले उहाँलाई धन्यवाद दिन चाहन्छु ।

यसैमा म अब मैले यो प्रस्तावको समर्थनको विषयमा म अगाडि बढ्छु । माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले प्रदेश सभाका माननीय सदस्य श्री यामलाल कंडेलले नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा (२) बमोजिम प्रदेश नं. ६ को नामाकरण गर्ने विषयमा राखुभएको प्रस्तावको म समर्थन गर्दछु, धन्यवाद।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब माननीय श्री विरबहादुर शाहीलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री विरबहादुर शाही :** सभामुख महोदय, आज यो ऐतिहासिक प्रदेशको नामाकरणमा यस कर्णाली प्रदेशमा प्रदेशको नामाकरण यामलाल कंडेलज्यूले राख्नुभएको समर्थनमा म कर्णाली जिल्लाको कर्णाली प्रदेशबाट म नेकपा माओवादी पार्टीको तर्फबाट उहाँलाई धन्यवाद दिन चाहन्छु । यो भूगोलले ठगेको कर्णाली जिल्ला र कर्णाली र हिजोबाट ठगिएर आएको कर्णालीलाई आज यो प्रदेशमा स्रोतको धनी भए तापनि यो कर्णाली प्रदेश साधनको धनी छैन । हामी यो कर्णाली प्रदेशमा अमूल्य जडिबुटीहरू पनि छन् । पर्यटन क्षेत्रमा हेर्ने हो भने ठूला हाम्रा ताल-तौलहरू रारा ताल, से-फोक्सुण्डो लगायत हाम्रा दुईवटा ठूला नदी भेरी र कर्णाली नदी मिलि यही कर्णाली प्रदेशमा पर्छन् र यसको साधन यो हामी माननीय सदस्यज्यूमा म यो हाम्रो छैठौं प्रदेशमा जति अहिले हामी नयाँ निर्वाचित भएर आएको छु र यो प्रदेशमा हामीलाई चुनौती पनि छ र यो चुनौती सँगसँगै यो कर्णाली यो नाममा भोलि यो कर्णाली भन्नाले नेपाल नभई अन्तर्राष्ट्रियले पनि यो कर्णालालाई चिनाउन अवसर पनि म देख्न चाहेको छु र यो कर्णालीमा अहिले सम्म मोटरबाटो नभएको जिल्ला हुम्ला र डोल्पामा अहिलेसम्म बाटो नपुगेको जिल्ला हो र यो कर्णालीमा चाहिँ हामीले स्रोत साधन र स्रोतको पनि धनी छ र अर्को कुरा गरिबीहरूको लागि पनि यो प्रदेशमा प्रष्टै चाहिँ गएर हामी हामीले चुनौती खेप्नुपरेको छ र आज यो कर्णाली प्रदेशकै नामाकरणको शिलशिलामा मैले यो यामलाल कंडेलज्यूले राखेको प्रस्तावलाई समर्थन गर्न गइरहेको छु ।

आदरणीय माननीय सभामुख महोदय, सभामुख महोदय अनुमतिले प्रदेश सभाको माननीय सदस्य यामलाल कंडेल नेपालको संविधान, २०७२ को धारा २५२ को उपधारा (२) बमोजिम प्रदेश सभा ६ को नामाकरण गर्ने विषयमा राख्नुभएको उक्त प्रस्तावलाई समर्थन गर्न समर्थन गर्दछु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब माननीय श्री शोसिला शाहीलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री शोसिला शाही :** सभामुख महोदय, सभामुख महोदय उपभासभामुखज्यू, मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरू म शोसिला शाहीको तर्फबाट र दलको तर्फबाट सादर नमन गर्न चाहन्छु । सभामुख महोदय, प्रदेश नं. ६ को नामाकरण कर्णाली प्रदेश हुनुपर्ने र राजधानी मौसमी हुनुपर्ने विश्वास सबै कुराबाट ठगिएको सबै ठाउँको विकाससम्म हुनुपर्ने हुदाँ यो प्रदेशमा मौसमी राजधानी हुनुपर्ने मेरो धारणा यहीँ छ, भन्न चाहन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुख महोदय महोदय अनुमति प्रदेश सभाका माननीय सदस्यज्यू यामलाल कंडेलले नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा (२) बमोजिम प्रदेश नं. ६ को नामाकरण गर्ने विषयमा राख्नुभएकोमा प्रस्तावको समर्थन गर्दछु, धेरै-धेरै धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब प्रदेशको नामाकरण सम्बन्धी प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय श्री कौशिलावती खत्रीलाई छलफलमा सहभागी हुन अनुमति दिन्छु। (समय ५ मिनेट)

**माननीय सदस्य श्री कौशिलावती खत्री :** माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरू, सर्वप्रथम त म आफ्नो अधिकारको निम्ति र देशमा सुशासन कायम हुनुपर्छ भनेर आफ्नो ज्यान गुमाउने सहिदहरूप्रति विशेषगरी ६ नं. प्रदेश प्राप्तिको लागि आफ्नो ज्यान गुमाउने चारजना सहिदहरूप्रति भावपूर्ण शब्द-श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, प्रदेश राजधानी नामाकरण विषयमा निम्नलिखित कारणले यो प्रदेशको राजधानी कर्णाली हुनुपर्छ भनेर म बुँदागत रूपमा प्रस्तुत गर्न चाहन्छु ।

- पूर्वमा धौलागिरी हिमाल देखि व्यास ऋषि हिमाल देखि प्रवाह क्षेत्र भएर बहने नेपालको लामो नदी कर्णाली भएकोले, नेपाली भाषाको उद्गम स्थल कर्णाली भएकोले, विक्रम सम्वत् १५५० तिब्बतको खारी प्रदेशबाट आएको नाप राजाहरूले कर्णाली प्रदेशको सिँजामा राज्य गरेको हुनाले ऐतिहासिक कारणले कर्णाली प्रदेश नामाकरण गर्दा कुनै जातीय, धार्मिक, सम्प्रदायक मात्रमा सीमित छैन र यो विभाजित पनि छैन र यो अत्यन्तै प्राकृतिक नामले नामाकरण हुने भएकोले यो प्रदेश नाम कर्णाली नामाकरण गरियोस् ।
- धार्मिक र प्राकृतिक र स्रोत साधनले प्रख्यात अनि परापूर्वकाल देखि नै यो प्रचलनमा नाम आएको कर्णाली प्रदेश र सबैको जनजिब्रोमा झुन्डिएको र आफ्नै रितिरिवाज परम्परा र आफ्नै मौलिकता भएको हुनाले कर्णाली प्रदेश नामाकरण गरियोस् ।

सभामुख महोदय अन्त्यमा, यस्तै थुप्रै कारणले गर्दा यो प्रदेशको नाम कर्णाली प्रदेश राखियोस् भनेर सम्मानित सभासमक्ष प्रस्ताव गर्दै हार्दिक अभिवादन सहित विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सीताकुमारी नेपाली । (समय ५ मिनेट)

**माननीय सदस्य श्री सीताकुमारी नेपाली :** माननीय सभामुख महोदय, प्रदेश नं. ६ को बैठकमा पहिलो पटक बोल्दैछु, परिवर्तनलाई संस्थागत गर्दै गर्ने क्रममा आफ्नो जीवन बलिदान गर्ने महान सहिदहरूलाई म स्मरण गर्न चाहन्छु । जनयुद्ध, जनआन्दोलन र प्रदेश आन्दोलनको क्रममा सहिद हुने महान सहिदहरूप्रति शब्द श्रद्धाञ्जली व्यक्त गर्दै घाइते योद्धाहरूलाई स्मरण गर्न चाहन्छु । हामीले प्रदेश नं.६ मा शपथ ग्रहण गरिसकेपछि यहाँसम्म आइपुग्दा खेरि प्रदेशले पूर्णता पाएको छ । हामीले सभामुखको निर्वाचन गर्यौं, उपसभामुखको निर्वाचन गर्यौं, प्रदेशको मुख्यमन्त्री र मन्त्रिमण्डल विस्तार भइसकेको छ । माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मुख्यमन्त्री र माननीय मन्त्रीज्यूहरूलाई सर्वप्रथम व्यक्तिगत तर्फबाट हार्दिक बधाई व्यक्त गर्न चाहन्छु । हामीले संविधान निर्माण गर्यौं संविधान, २०७२ लाई व्यवहारिक हिसाबले कार्यान्वयन गर्ने ऐतिहासिक घडीमा हामी आज उभिएका छौं ।संघीय संरचनामा देश अगाडि बढेको छ, अब संघीयतालाई कार्यान्वयन गर्न हामीले केन्द्रमा ताक्नुपर्ने अवस्था छैन । हामीले संघीयतालाई कार्यान्वयन गर्दैगर्दा हाम्रो जीवनमा अत्यन्तै महत्त्व राख्ने प्रस्तावको विषयमा आज छलफल गरिरहेका छौं र यो छलफल गर्दै गर्दा हामीले हाम्रो प्रदेशको नामाकरण गर्दै छौं । यो नामाकरण गर्दै गर्दा मलाई जनयुद्धको स्मरण भइरहेको छ । जनयुद्धको जगमा हामीले जनआन्दोलन गर्यौं राजनैतिक परिवर्तन भयो, गणतन्त्र संस्थागत गर्यौं, हामीले संघीय संरचनामा हाम्रो देश अगाडि बढ्यौ र आज राज्यको पुनर्संरचना भएको छ र हाम्रो यो प्रदेशमा हामीले ऐतिहासिक र गौरवको दिनको रूपमा आज हामी यो क्षणमा छौं । हामी ६ नं. प्रदेशको नामाकरण गर्दैछौं । हो हिजो कर्णाली प्रदेश केन्द्रबाट सौतेल्नी व्यवहार खेपेको प्रदेश हो यो, क्षेत्रीय हिसाबले उत्पीडनमा परेको प्रदेश हो यो, त्यो हुदाँहुँदै पनि कर्णाली प्रदेश हिजो बाइसे राज्य हुँदै गर्दाको एउटा प्रदेश हो, एउटा राज्य हो र यो राज्य भनेको नेपाली भाषाको जन्मथलो पनि हो ।

त्यसैले गर्दा कर्णाली एउटा प्रतिकको रूपमा रहेको छ । हामीले हिजो जनयुद्धकै बेला यो प्रदेशमा एउटा अभ्यास गरेका थियौं हामीले भेरी कर्णाली प्रदेश भनेर हामीले एउटा संरचना खडेर खडा गरेर हामीले एउटा

प्रदेशको अभ्यास पनि गरेका थियौं । आज त्यही भेरी कर्णाली क्षेत्रमा राप्तीका केही जिल्लाहरू पनि समावेश गरेर हामी कर्णाली प्रदेश बनाउदैछौं र यो एउटा प्रतिक हो, यो एउटा मनोविज्ञान र पहिचानलाई समेत समेट्ने गरी हामीले आज कर्णाली प्रदेशको नामाकरण गर्दैछौं र यहाँ प्रस्ताव पनि आइसकेको छ र यो प्रस्ताव जो छ त्यसमा मेरो समर्थन छ र हाम्रो दलको तर्फबाट पनि समर्थन छ र यो प्रदेश साँच्चीकै स्वाभिमानको लडाई लडेर सङ्घर्ष गरेर हामीले यो प्रदेश प्राप्त गर्यौं र यो प्रदेश कान्छो प्रदेश । भौगोलिक हिसाबले ठूलो पनि छ र यहाँका साधन स्रोतको हिसाबले असाध्य सम्भावनायुक्त प्राकृतिक स्रोत साधनहरू छन् । साँच्चीकै यो प्रदेशलाई जलविद्युतको हब बनाउन सकिन्छ, पर्यटन प्रबर्द्धन गरेर रोजगारी सृजना गर्न सकिन्छ, यो प्रदेशलाई हामी समृद्ध बनाउन सक्छौं, यो प्रदेशको विकास हामी गर्न सक्छौं र यो प्रदेशको विकास गर्नका निम्ति हामीलाई हामीमा इच्छाशक्तिको आवश्यकता छ । हो हामी सानो हाम्रो प्रदेश सभा सानो छ, संख्यात्मक हिसाबले एकदम थोरै छौं हामी, चालीस जनाको मात्रै संसद छ र संसदका माननीय सदस्यज्यूहरूले विभिन्न फोरमहरूमा पनि बोल्ने गर्नुभएको छ । संसदभित्र पनि बोल्नुभएको छ । हामी आज पक्ष र प्रतिपक्ष होइन हामी एकताबद्ध भएर अगाडि बढ्यौ भने अवश्य पनि यो प्रदेशलाई समृद्ध गर्न सक्छौं भन्ने एउटा संकल्प गर्न जरूरी छ, एउटा प्रतिबद्धता गर्न जरूरी छ, आज हामीले त्यो संकल्प र प्रतिबद्धता गरेका छौं । हामी नामाकरण मात्रै हैन, अब यो प्रदेशको राजधानी अस्थायी रूपले सरकारले सुर्खेत घोषणा गरिसकेको अवस्था छ, अब हामी प्रदेश सभाका सदस्यहरूले स्थायी राजधानी पनि यही सभाबाट आजैको दिन हामी गर्दैछौं र नामाकरणको विषयमा यहाँ आइसकेको छ । सभामुख माननीय सभामुख महोदय, संविधानको धारा २९५ को उपधारा (२) बमोजिम जुन प्रस्ताव आएको छ, प्रस्तावक माननीय यामलाल कंडेल, समर्थक माननीय दीनबन्धु श्रेष्ठ, समर्थक माननीय विरबहादुर शाही, समर्थक माननीय शोसिला शाहीले समर्थन गर्नुभएको कर्णाली प्रदेशको नामाकरण जो छ, त्यसमा मेरो पनि समर्थन छ र अब हामी ६ नं. प्रदेशबाट कर्णाली प्रदेशका जनता, कर्णाली प्रदेशका जनता कर्णाली प्रदेशका माननीयहरू हुने प्रक्रियामा हामी अगाडि बढेका छौं, धन्यवाद लाल सलाम ।

**माननीय सभामुख :** माननीय श्री हिमबहादुर शाही । (समय ५ मिनेट)

**माननीय सदस्य श्री हिमबहादुर शाही :** सभामुख महोदय, सहयात्री माननीय संसदज्यूहरू फेरि अप्ठेरो पर्ला पहिले नै भनिहाल्यौं मुख्मन्त्रीज्यू, मन्त्रीज्यूहरू म अत्यन्तै खुशी छु, त्यो कुन मानेमा खुशी छु भने कर्णाली प्रदेश यस ६ नं. प्रदेशको नामकरण गरेर आज जुन यसको न्वारन गरेर नामाकरण गर्ने शुभ दिन हेरेर एमाले संसदलीय दलका नेता यामलाल कंडेलज्यू जो प्रस्ताव प्रस्तुत गर्नुभयो त्यसको लागि म अत्यन्त हर्षित छु ।

आज सुर्खेत भनौं, दैलेख भनौं, दुल्लु भनौं, राकम भनौं, रूकुम भनौं, जाजरकोट भनौं तर नेपालको इतिहासमा १०३० सम्वत् १०३० देखि आफ्नो ऐतिहासिक कला र संस्कृतिक बोकिरहेको सिँजा सम्राटको स्थापना १४४२ मा भएको । कला र संस्कृति भाषाको अत्यन्तै जन्मथलो उद्गम थलो रहेको कर्णाली प्रदेश आज नेपालको पूर्व मेची देखि पश्चिम महाकाली सम्म, उत्तर हिमाल देखि दक्षिण तराई सम्म यसैको कला र संस्कृतिले ओगटेको यो हाम्रो ६ नं. प्रदेश हो । मलाई अत्यन्तै चित्त दुखेको छ, सबै माननीयज्यूहरूबाट बारम्बार आइरहन्छ गरिब प्रदेश, गरिब प्रदेश, गरिब प्रदेश, कस्तो गरिब प्रदेश हो । उमेर प्रदेश भनेको कस्तो हो ? उमेर प्रदेश बुटवलको प्रदेश उमेर ? विराटनगरको प्रदेश उमेर ? उनीहरूले हामीले पनि त कोट लाछौं, मयलप्रसुर लाछौं हामी गरिब, जो धोती बानेकाछन् उपल्लो टोपी छैन उमेर ? यस्तो पनि कही हुन सक्छ ? हामी आफै गरिब, आफै गरिब भनेर गरिब हुँदैछौं, यस्तो कुरो

मलाई अलिकति चित्त दुख्छ, अवश्य पनि दुख्छ । ६ नं. प्रदेशमा जुन पक्ष र प्रतिपक्ष नभनेर हामी ६ नं. प्रदेशको समृद्धि, ६ नं. प्रदेशको भौतिक विकास, ६ नं. प्रदेशको जुन शान्ति सुरक्षाको बारेमा चिन्तन गरिराछौं, गठित नवगठित सरकारका प्रतिनिधिहरू गरिमामय संसदमा सहभागी माननीय सदस्यहरू चाहे प्रतिपक्ष दलमा थोरै-थोरै यति-यति भएपनि काँग्रेसबाटका थोरै-थोरै भएपनि हामी माननीय सदस्यहरू, अवश्य पनि एउटै संकल्प गरम, मलाई याद आउँछ २०१७ सालमा जब राजा महेन्द्रले पञ्चायति व्यवस्था घोषणा गऱ्यो उसले के सपना बाँडेको थियो भने अवश्य पनि कुनै किसिमको शोषणरहितको समाजको परिकल्पना, शोषणरहित समाजको परिकल्पनाले ३० वर्षको नाराले मात्रै शोषणरहित समाजको परिकल्पनाले खायो तर शोषण त सबै मैले अस्ति दुई र दुई पाँच नारायणहिटी दरबार हुन्छ भने जस्तै नारायणहिटी दरबारमै थियो । शोषणरहित समाजको परिकल्पना भन्ने कुरा नेपाली जनताका माझमा थियो । त्यस्तै यस कर्णाली प्रदेशका अब त कर्णाली प्रदेश भन्नु पर्यो है अब म ६ नं. प्रदेश भन्न चाहदैंन । यस ऐतिहासिक कर्णाली प्रदेशको समृद्धि र विकासको लागि त्यस्तो किसिमको शोषणरहित समाजको परिकल्पना जस्तो नारा नदिएर जनताले प्रत्यक्ष परिणाम उपलब्ध गर्न सक्ने, जनताले प्रत्यक्ष उपलब्धीमुलक आफ्नो जीवनस्तरलाई उठाउन सक्ने योजनाहरू अगाडि ल्याउ, अगाडि जाऊ यसमा कुनै किसिमको दुईमत नेपाली काँग्रेसबाट छैन, हैन भने म अर्को कुरो स्मरण गराउन चाहन्छु । नेपाली काँग्रेसले १०० वर्ष गर्ने काममा १० वर्षमा गरेर देखाउँछु भन्ने राजा महेन्द्र सत्र सालमा घोषणा गर्दा एक्काइस सालमा यी आगामी दिनमा क्रमिकरूपले हुँदै जानेछन् भनी घोषणा गऱ्या थियो । त्यस्तै आज हाम्रो सबै चालिस जना संसद अथवा राजनैतिक दलका नेताहरूको आँट आउँछ भने त्यस कुरामा नेपाली काँग्रेस जहाँसम्म आफ्नो सौहार्दता आफ्नो एउटा उसलाई देखाउन सक्दैन कि भनेर अहिले प्रश्न मात्रै राख्छु कि है प्रश्नवाचक राख्छु । अन्तमा, अब रातो पहेलो त बाल्नुभएको छैन सभामुखज्यूले ठूलो मलाई सहायता गर्नुभएको छ । तैपनि समय छोटै लगौं र जुन माननीय हाम्रा नेता यामलाल कंडेलले राख्नुभयो यस समर्थन यस प्रस्तावको पूर्ण समर्थन गर्दै यस गरिमामय संसदलाई आग्रह गर्न आग्रह गर्न चाहन्छु सर्वसम्मत् एउटा ऐतिहासिक नाम आज राखेको एउटा प्राप्त गरेको एउटा शुभ दिनलाई आज घर-घरमा गएर दिपावली गरेर अगाडि बसौं धन्यवाद । अब जय नेपाल भन्नै भएन । अस्ति भनी सक्या छु ।

**माननीय सभामुख :** माननीय पदमबहादुर रोकाया । (समय ५ मिनेट)

**माननीय सदस्य श्री पदमबहादुर रोकाया :** संघीय लोकतान्त्रिक गणतन्त्र ६ नं. प्रदेशका पहिलो सभामुख महोदय, हामी ६ नं. प्रदेशको नामाकरणको विषयमा हामी बोलिरहेका छौं, नामाकरण इतिहासले हुन्छ, जस्तै चौध अञ्चलमा बाह्रवटा अञ्चल नदीको नामबाट रहेको थियो भने दुईवटा पहाडको नामले रहेका थिए, त्यो हो धौलागिरी र सगरमाथा पहाडको नामबाट, अरू नदीको नामबाट रहेको थियो भने अहिले भर्खरै यो देश संघीयतामा प्रवेश गरिरहेको छ । विश्वका संघीयता लागु भएका देश २५ वटा छन् त्यस मध्ये यो नेपाल पहिलो प्रवेश गरिरहेको छ । अब हामी यो देश यो प्रदेश ६ नं. प्रदेशको नाम कर्णाली प्रदेश हुनुपर्दछ भन्ने हाम्रा नेकपा एमालेका दलका नेता यामलाल कंडेलले ल्याउनुभयो त्यसको लागि मेरो पनि समर्थन छ र कर्णाली को नामाकरण कसरी हुन्छ र कर्णालीमा के-के सम्पदा छन् भन्ने विषयमा म बोलेर छिटो हुन्छ कि ५ मिनेट यो पढेर छिटो हुन्छ भन्ने सोचमा छु बोल्दाभन्दा पढ्नै छिटो हुन्छ जस्तो लाग्छ मलाई । विकासको सन्दर्भमा, यो देश कुल भुमिको कर्णाली अञ्चलको भूमि चौध पाँच हुन प्रतिशत हुन पुगेको छ । २०६८ सालको केन्द्रीय तथ्याङ्क विभागको जनगणनाअनुसार कर्णाली (ध्वनी कटेको हुनाले पूर्ण रूपमा ध्वनी नआएको) रहेको छ । नेपालको जनसंख्याको एक तेह्र प्रतिशत रहेको छ । नेपाली भाषाको उद्गम स्थल जलस्रोत जैविक विविधता बहुमुल्य र दुर्लभ जडिबुटी वनसम्पदा खनिज र पशुपालनमा

धनी मानिन्छ । संसारको अग्लो उच्च हिमाल हुने कालीमार्सि धान, स्याउ, सिमी, यार्चागुम्बा, गुचि, च्याउ .........(ध्वनी दबेकोले पूर्ण रूपमा सुन्न असमर्थ) जस्ता महङ्गो जडिबुटी दुर्लभ जनावरको बासस्थान रारा, से-फोक्सुण्डो जस्ता मनरोहक ताल, खस राज्यको ऐतिहासिक स्थल, प्रसिद्ध देवस्थल, मठमन्दिर गुम्बा लगायत प्रसिद्ध सुन्दरता बोकेको यो क्षेत्र भाषा संस्कृति भूगोल तथा धार्मिक पर्यटकीय रूपमा प्रयाप्त मानिन्छ । विकासको सन्दर्भमा, थुप्रै सम्भावना हुदाँहुँदै पनि भौगोलिक विकटता सामाजिक विभेद र असन्तुलित स्रोतसाधनको वितरण प्रणालीका कारण अन्य क्षेत्रको तुलनामा यस क्षेत्र विकासमा पछाडि परेको देखिन्छ । राष्ट्रिय सडक सञ्जालसँग जोडिएको छैन । (ध्वनी दबेको) सदरमुकाम पुग्न लामो समय लगाएर ध्वनी दबेको) महङ्गो सबभन्दा हुम्ला र डोल्पा छ । कर्णाली प्रदेशको हाम्रो सुर्खेतबाट नाग्मासम्म पिच बाटो जोडिएको (ध्वनी दबेको) पहिलो प्राथमिकता राख्नुपर्छ । हामी हाम्रा पूर्ववक्ता मित्रले भनि सक्नु भयो कर्णाली हामी गरिब छैन । सम्पदा खानी एक किलो सामान बेच्यौं भने ३० लाख पैसा बुझ्ने हामीसँग चिज छ । यो कहि देशमा छ यो नेपाल कुनै ठाउँमा छ त्योभन्दा छैन । एक (ध्वनी दबेको) बेच्यौ भने ३० लाख नगद हामीसँग छ, स्रोत साधन छ । त्यसैले भन्ने गरिएको छ, त्यसैकारणले अब कर्णाली प्रदेश यो ६ नं. प्रदेशको नाम कर्णाली प्रदेश हुनुपर्दछ भन्ने मेरो यहि भनाइलाई अन्त्य गर्ने अनुमति चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय कृष्णा शाह । (समय ५ मिनेट)

**माननीय सदस्य श्री कृष्णा शाह :** माननीय सभामुख महोदय म आज पहिलो पटक उभिँदै छु । म डराइरहेको पनि छु र यो परीक्षामा सामेल पनि हुनैपर्नेछ । सभामुख महोदय आज हामी प्रदेश सभाको पहिलो अधिवेशनको चौंथो बैठकमा छौं र यतिबेला हामीले सरकारलाई पनि पूर्णता प्राप्त गरिसकेका छौं र सर्वप्रथम त नवनिर्वाचित मन्त्रीज्यूहरूलाई म हार्दिक बधाई दिन चाहन्छु र कार्य सफलताको शुभकामना भन्न चाहन्छु । सर्वप्रथम त हामी आज यो प्रदेशको, यो प्रदेश सभाको अत्यन्तै महत्त्वपूर्ण दुर्गामी विषयमा हामी छलफल गर्दैछौं र अन्ततः हामी त्यसलाई निर्णयार्थ पारित गर्ने प्रक्रियामा छौं र हामीले जुन अहिले नामाकरण विषयमा हामी छलफल गरिरहेका छौं वास्तवमा हामीले नामाकरण गर्दाखेरि यहाँको यो प्रदेशको, यहाँको जनताको मर्म भावनालाई समेट्ने गर्नपर्छ भन्ने मेरो दल र मेरो मान्यता रहेको छ । आज हामीले हाम्रो प्रस्ताव पनि आइसकेको छ । यो प्रदेशको नामाकरण हामीले कर्णाली गर्ने भनेर हामीले त्यो प्रस्ताव पनि सुनिसकेका छौं । वास्तवमा कर्णाली नाममा आफैंमा ऐतिहासिक नाम हो । त्यो किन ऐतिहासिक छ भन्ने कुरा पूर्व माननीयज्यूहरूले भनिसक्नुभएको छ, म त्यसलाई दोहोऱ्याउन चाहन्न । जुन प्रस्ताव आएको छ त्यो प्रस्ताव यहाँ निर्णयार्थ पेश हुनेछ, अर्थात हामीले निर्णय गर्नेछौं र त्यो नामाकरण गरियोस् भन्ने म पहिलो कुरा त हाम्रो दल र मेरो तर्फबाट राख्न चाहन्छु । कर्णाली प्रदेशमै नामाकरण गर्दा खेरि यो प्रदेशका जनताको मर्म र भावना समेटिन्छ । यो विवादित हुँदैन, हामीले सन्तुष्ट बनाउन सक्छौं भन्ने मलाई लाग्दछ र आज हामी साँच्चीकै एउटा नौलो अभ्यासमा छौं । मुलुक नयाँ चरणमा प्रवेश गरेको छ र हामीले संघीयताको अभ्यास र कार्यान्वयनको ठाउँमा आइपुगेका छौं । यतिबेला हामीले नामाकरण र राजधानीको नाम टुङ्ग्याउनुको साथै हाम्रा पद्धतीयहरू के हुने विषयमा हामीले बहस गर्न आवश्यक छ र हामीले यतिबेला हामीले के गर्न सक्छौं यो प्रदेशलाई कुन ठाउँमा पुऱ्याउन सक्छौं र यसको चिनारी हामीले बदल्न सक्छौं कि सक्दैनौं भन्ने हामीले साझा बहस यहाँ छेड्न आवश्यक छ भन्ने कुरा म राख्न चाहन्छु । वास्तवमा यो प्रदेशलाई हामीले उर्जाको प्रदेश यो प्रदेशलाई स्वरोजगारहरूको प्रदेश यो प्रदेशलाई हामीले उर्जाको प्रदेश, पर्यटनको प्रदेश, बालमृत्युदर शून्यतामा झरेको प्रदेश, उद्योगीहरूको प्रदेश बनाउन सक्छौं कि सक्दैनौं यो कुरामा हामी अब तीव्रतामा बहस छेड्न पर्छ भन्ने कुराहरू राख्दै यही कुराले नै यहि

विषवस्तुले नै हाम्रो भविष्य उज्जवल छ, हाम्रो कर्तव्य बोधको अर्थ राख्दछ र हाम्रा ६ नं. प्रदेशका जनताहरूको र हाम्रो ६ नं. प्रदेशको भविष्य उज्जवल बनाउँछ भन्ने कुराहरू राख्दै हवस्त, धन्यवाद ।

**माननीय सभामुख :** माननीय दानसिंह परियार । (समय ५ मिनेट)

**माननीय सदस्य श्री दानसिंह परियार :** सभामुख महोदय, यो सम्मानित सदनमा उपस्थित माननीयज्यूहरू, सर्वप्रथम त ऐतिहासिक संविधान बनिसकेपछि नेपालमा नयाँ राज्य व्यवस्था निर्माण गर्ने महान् अभियानमा रगत बगाउने वीर सहिदहरूप्रति म पहिलोपटक सदनमा बोलिरहँदा उहाँहरूलाई हार्दिक सम्मान सहित श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु । आज हामीले पहिलो पटक कर्णाली प्रदेशको नामाकरण गरियोस् भन्ने सन्दर्भमा हामीले बोलिरहँदा मलाई लाग्छ एउटा कर्णालीको दुरदराजबाट सङ्घर्ष गर्दै कर्णालीको प्रतिनिधित्व गर्ने युवाको नाताले आज कर्णाली जसरी गरिब, अशिक्षा, बेरोजगार उत्पीडनको रूपमा बुझ्ने, केही निर्दिष्ट शासन व्यवस्थालाई हामीले च्यात्दै ऐतिहासको पहिलो पटक हामीले संघीय शासन व्यवस्थाको चाहिने अभ्यास गर्दैछौं । त्यसको पहिलो चरणमा आज हामी कर्णाली प्रदेशको चाहिँ नामाकरण गर्ने आज ऐतिहासिक चरणमा आज हाम्रो गरिमामय सदन अगाडि बढिरहेको छ ।

सभामुख महोदय, हामीले भनेका छौं जसरी कर्णालीलाई हिजो बुझियो, जसरी कर्णालीलाई हिजो व्याख्या गरियो र कर्णालीलाई जहिले पनि गरिबी, अशिक्षा, उत्पीडनको एउटा क्षेत्र रूपमा बुझियो अब त्यो सम्भव छैन । हामीले भनेका छौं, इतिहास र एउटा नयाँ मोडमा अगाडि बढिरहेका छ र जनताले दुईतिहाइ हैन छ तिहाइ बहुमत सहितको एकपटक कम्युनिष्ट शासन व्यवस्थाको हामीले अभ्यास गर्दैछौं । यो प्रदेशलाई हामीले त्यसको अभ्यास गर्दैछौं र जनताको नेतृत्वको हामीले कसम खाएका छौं । के हाम्रै पालामा हाम्रै कार्यकालमा यो ६ नं. प्रदेशको चाहिँ समग्र समृद्धको कार्ययोजना हामी निर्माण गर्छौं ती गरिबी, ती निमुखा, ती तमाम बेरोजगारी युवाहरू, ती अहिले पनि सिटामोल खान नपाएका चाहिँ तमाम निमुखाहरूलाई अब हाम्रो चाहिँ शासन व्यवस्थाले चाहिँ हामीले गर्छौं भनेर कसम खाएर आएका छौं ।

सभामुख महोदय, म भन्न चाहन्छु आज हामीले नयाँ सरकार चाहिँ पूर्णता प्राप्त गरिसकेका छौं । नयाँ सरकारका गतिविधिहरू अगाडि बढ्ने क्रममा हामी अगाडि बढिराख्या छौं तर मैले एउटा सम्मानित सदनमा बोलिरहदा लाग्छ हामीले जसरी १८४६ मा खस र सम्राज्य राज्यको शक्तिशाली राज्य कर्णालीको सिँजा साम्राज्य थियो । जुनबेला पृथ्वीनारायण शाहले एकीकरण गर्दा पनि हाम्रो कर्णाली छुट्टै राज्य हुनुपर्छ भनेर सङ्घर्ष गरिरहेको क्षेत्र कर्णाली जब केन्द्रीकृत शासन व्यवस्थाको अभ्यास गरियो तब हामीले भन्यौं केन्द्रीकृत शासन व्यवस्थाले कर्णालीलाई हेर्ने पूर्वाग्रहको प्रतिफलको कारणले हामी पछाडि पर्यौं । त्यसो भएकोले मैले भनिरहेको छु आज हामीले जनतासँग त्यो कसम खाएका छौं । हाम्रा पार्टीका घोषणापत्रहरू आमजनताको माझमा लगेका छौं ।

त्यसो भएकोले मलाई लाग्छ हामीले अब गर्ने नयाँ शासन व्यवस्थाको अभ्यास, नयाँ राज्य व्यवस्थाको अभ्यास, हामीले यो सदन यो सरकार यो जनता को जनम्यान्डेटलाई हामीले प्रेरित गर्न सक्छौं कि सक्दैनौं यो सबैभन्दा चुनौतीपूर्ण कुरा हो । त्यसो भएकोले मलाई लाग्छ हामीले संविधानतः भनेका छौं । अब देश समाजवाद उन्मुख हुनेछ । समाजवाद उन्मुख भइरहँदा त्यसका प्रमुख आकारहरू के हुन त ? समाजवादका बेसिक आधारहरू के हुन ? हामीले यो क्षेत्रको चाहिँ राष्ट्रिय पूँजीको विकास गर्न सक्छौं कि सक्दैनौं ? यो क्षेत्रको समृद्धको कार्ययोजना बनाउन सक्छौं कि सक्दैनौं ? यो सबैभन्दा ठूलो कुरा छ । त्यसो भएकोले मैले यहाँ धेरै कुरा राखिन आगामी सदनहरूमा हामीले कुरा राख्ने छौं तर अहिले कर्णाली

प्रदेश नामाकरण गरियोस् भन्ने कुरा जसरी सदनमा हामीले त्यो विषयमा छलफल गरिरहँदा एउटा कर्णालीबाट ढिलै भएपनि कर्णाली को पहिचान स्थापित गर्ने कुरा, कर्णालीको सभ्यतालाई राष्ट्रिय मूलप्रवाहमा ल्याउने कुरा, कर्णालीको समृद्धको योजना हामी आफैं बनाउने ठाउँमा उपस्थित भइरहँदा मलाई लागिरहेको छ, अब जसरी हामीले बुझिराख्या ती कर्णाली प्रदेश भन्नेहरूले एक पटक समृद्ध कर्णाली प्रदेश हेर्न हामीले तिनीहरूलाई बोलाउन सक्नुपर्छ । एकपटक हामीले नेपालको अर्गानीक क्षेत्र काहीं छ भने त्यो कर्णाली हो भनेर हामी चिनाउन सक्नुपर्छ र एकपटक विश्वका कुनैपनि मान्छेहरू नेपालको सभ्यता र संस्कृतिको चाहिँ अनुसन्धान गर्न चाहन्छन् त्यो कर्णाली प्रदेशमा आउन सक्ने बनाउन सक्नुपर्छ । त्यसो भएकोले यति कुरा राख्दै हाम्रो पार्टीको संसदलीय दलको नेता कमरेड यामलाल कंडेलले कर्णाली प्रदेश नामाकरण गरियोस् भन्ने जुन प्रस्ताव राखुभएको छ म त एउटा कर्णालीबासीको एउटा युवा भएको नाताले इतिहासमा पहिलोपटक सबैभन्दा गौरव गरेको दिन भएको कारणले गर्दा पनि कर्णाली प्रदेश नामाकरण गरियोस् भन्ने जुन प्रस्ताव राखुभएको छ त्यसमा मेरो तर्फबाट र मेरो पार्टी नेकपा एमालेको तर्फबाट पनि समर्थन छ भन्ने भनाइ राख्दै विदाई हुन्छु धन्यवाद अभिवादन ।

**माननीय सभामुख :** माननीय सदस्यहरू प्रदेशको नामाकरण सम्बन्धी प्रस्तावमाथिको छलफल समाप्त भएको घोषणा गर्दछु । प्रदेशको नामाकरण सम्बन्धी प्रस्तावलाई मत विभाजनको आधारमा निर्णयार्थ प्रस्तुत गरिने भएकाले उक्त अवधिमा दर्शक दिर्घामा रहनुभएका विशिष्ट पदाधिकारीहरू, दर्शक र सञ्चारकर्मीहरूलाई समेत यथास्थानमा रहन र उक्त कार्यलाई व्यवस्थित गर्न मर्यादापालकहरूलाई निर्देशन दिन्छु ।

माननीय सदस्यहरू प्रदेश नं. ६ को नामाकरण गर्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । नामाकरण गर्ने सम्बन्धी प्रस्तावलाई मतविभाजनद्वारा पारित गर्ने कार्यसूची रहेकाले प्रदेश सभाको भवनको परिसरमा रहनुभएका माननीयहरूलाई सभाहलभित्र प्रवेश गर्नका लागि ३ मिनेट घण्टी बजाउन आदेश दिन्छु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म सभाहलको मुल प्रवेशद्वार बन्द गर्न निर्देशन गर्दछु ।

माननीय सदस्यहरू, उक्त प्रस्तावको पक्षमा अर्थात "हुन्छ" भन्ने माननीय सदस्यहरूले सभामुखको आसनको बायाँतर्फ राखिएको वर्णाक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ । प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा मत व्यक्त गर्ने माननीय सदस्यहरूले सभामुखको बायाँ दायाँतर्फ सभामुख प्रवेशद्वार बाहिर राखिएको वर्णाक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ । साथै मतविभाजन प्रक्रियामा सहभागी भइसकेपछि माननीय सदस्यहरूलाई यथास्थनमा आसन ग्रहणका लागिसमेत अनुरोध गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरूलाई आफ्नो मत संशोधन गर्न चाहनुहुन्छ भने ३ मिनेटको समय उपलब्ध गराएको छु । मत सच्याउन चाहने माननीय सदस्यहरूले सभामुखको आसनसँगै रहेका सचिवालयका कर्मचारीहरूसँग सम्पर्क गरी मत सच्याउन अनुमति दिन्छु ।

माननीय सदस्यहरू, प्रदेश सभाको मुल ढोका खोल्नको लागि आदेश दिन्छु ।

माननीय सदस्यहरू, अब म मत विभाजनको परिणाम घोषणा गर्दछु । माननीय सदस्यहरू आजको प्रस्तावको पक्षमा अर्थात "हुन्छ" भन्ने पक्षमा ३७ मत र प्रस्तावको विपक्षमा अर्थात "हुन्न" भन्ने पक्षमा जिरो मत परेकाले प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा परेको मत प्रदेश सभाको सभामा कायम रहेको मतको दुईतिहाइ बहुमतभन्दा बढी भएकाले प्रदेशको नामाकरण सम्बन्धी प्रस्ताव नेपालको संविधान,

२०७२ को धारा २९५ को उपधारा (२) मा भएको व्यवस्था अनुसार प्रदेश सभाको बैठकबाट प्रदेश नं. ६ लाई "कर्णाली प्रदेश" नामाकरण गर्ने प्रस्ताव स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय श्री जीवनबहादुर शाहीलाई यस प्रदेशको राजधानी तोक्ने विषयमा प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री जीवनबहादुर शाही :** माननीय सभामुखज्यूमार्फत् सर्वप्रथम भर्खरै मात्र यो क्याविनेटले पूर्णता पाएको छ । म मुख्यन्त्रीज्यू लगायत सम्पूर्ण मन्त्रीज्यूहरूलाई हार्दिक बधाई दिन चाहन्छु । उहाँहरूको कार्यकाल सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । जब म अहिले उभिएर हेरिरहँदा स्वास्थ्यको कारणले मन्त्रीमण्डल पूर्णता पाउँदा म यहाँ थिएन तर जब म यहाँ आए मन्त्रीज्यूहरूको मुख्यमन्त्री देखि मन्त्रीज्यूहरूको जब मैले अनुहार देखे अनि मलाई लागेको छ साँच्चै भिजिनरी लिडरहरू आउँनुभएको छ । यतिमात्रै कहाँ हो र भिजनका साथ उहाँहरूसँग मिसन पनि छ । मिसनले मात्र प्राप्त गर्न सक्दैन । उहाँहरूले त्यसको लागि गोल पनि तयार गरिसक्नुभएको छ । त्यसकारणले पनि मैले उहाँहरूलाई बधाई दिइरहेको छु र उहाँहरूले गर्ने कार्य माथि हामीले सुक्ष्म दृष्टिकोणले सुक्ष्म चश्माले हेर्नै नै छौं । त्यसरी नै औपचारिक कार्यक्रम हुने म माननीय सभामुखज्यू माननीय उपसभामुखज्यूलाई पनि हार्दिक बधाई दिन चाहन्छु । औपचारिक बधाई दिन पाइएको थिएन केही हाम्रा व्यवस्थापन नयाँ प्रक्रियामा शुरू भएको हुनाले वास्तवमा हामीले जुन दिन सभामुख चयन गर्यौं त्यही दिन नै उहाँहरूलाई बधाई दिने कार्यक्रम हुनुपर्थ्यो केही प्राविधिक गढबढी भए त्यस कारणले मैले आज बधाई दिइरहेको छु र अघि नै यो प्रदेशको नाम के राख्ने भन्ने कुरा आइरहेको छ । सबैले विज्ञहरूले भनिसक्नुभएको छ, मैले थपिरहनुपर्ने कुराहरू केही छैन तर थोरै कुरा के राख्न चाहन्छु भने अब धर्मको हिसाबले हामीले कतिले मान्छौ वा मान्दैनौ आफ्नो ठाउँमा छ यद्यपी त्यति हुँदाहुँदै पनि भन्ने गरिन्छ नेपालमा ८५ प्रतिशतभन्दा बढिले धर्म नै मानेका छन् । या त्यो हिन्दु होला, या त्यो क्रिश्चियन होला, या मुस्लिम होला, या बौद्ध होला जे भएपनि धर्म मान्ने भएको हुनाले कर्णाली प्रदेश एउटा भूगोलको एउटा नदीको नाम मात्रै हैन । त्यो एउटा यस्तो नदी हो पवित्र नदी महाभारतकालमा कर्णाली जुन यो हाम्रो प्रदेश हाम्रो तिर यो साम्राज्यतिर पानि नआउँदा कर्णाली कर्णका पिता सुर्य भएकोले सुर्यलाई प्राथना गरिसकेपछि मानसरोवर कैलाश छेउको भएको अलौकारिक दहलाई त्यसलाई प्वाँल पारेर आएको पानी त्यसकारण हाम्रो पानि आउँदा राक्षस तालसँगै जोडिएर आउँछ र धेरै विद्धानहरूले भन्ने गरेका रैछन् यो राक्षस तालबाट आएको पानि भएको हुनाले पवित्र पानि हैन भन्ने गरेका छन् तर यहाँहरूले स्कन्द पूराणलाई हेर्नुभयो भने त्यहाँ लेखिएको राक्षस त त्यसकारणले थिए जहाँ कैलाशको वासस्थान हुन्छ त्यहाँ नन्दि भिरङ्गि त हुन्छ नै अहिले हामीले आएर मन्त्रीका प्रधानमन्त्रीका बडीगार्ड भने जस्तै ती बेलाका राक्षस त कैलाशका बडीगार्ड थिए त्यसकारण यो यस्तो नदी हो त्यहाँ गएर नुहाउनु पर्दैन । ननुहाएर टाढैबाट हेर्दा पनि त्यसको पवित्रता छ । त्यति पवित्र छ। नुहाए त सिधै स्वर्ग जाने भन्ने कुरा त छदैंछ । इतिहासलाई हेर्नुभयो भने युधिष्ठरहरू गएको बाटो नै यहींनिर रहेछ । भिमसेनथान भनेर राखेका, भिमढुङ्गा भनेर राखेका अनेक कुरा पाण्डुसैन भनेर राखेका छन् यी ढुङ्गाबाट माथि गएको हुनाले त्यसकारणले पनि यो महत्त्वपूर्ण थियो जुन प्रस्ताव आयो म संसदलीय दलका नेता सत्तारूढ दलका नेताज्यूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसरी नै प्रतिपक्ष दलबाट पनि यसको समर्थन भएको छ । म कहिले कहिले भन्ने गर्छु यो प्रतिपक्ष भनेको हाम्रो नेपालको प्रयाक्टिसमा के छ भने यो ले विरोध नै गर्नुपर्‍यो । सत्तापक्षले गरेको कुरालाई विरोध गरेन भने त के प्रतिपक्ष ? हँ प्रहार गर्ने तीतो बोल्ने त्यो अनि लटरपटर गर्नै मात्रै भन्ने थियो तर हामी के चाहन्छौं भने प्रतिपक्ष अहिलेको लागि अघि नै यहाँ कुरा आयो सानो संसद यो त हाम्रो लागि सौभाग्यको कुरा हो नि ।

यो टयान्जिबल संख्या छ ४० जना, संख्या कम छ, भूगोल ठूलो छ । हामीले धेरै कुराहरू गर्न सक्छौं । त्यसकारण अहिलेको लागि यहाँहरूले सम्झिदिदा हुन्छ प्रतिपक्ष भनेको तपाईंहरूको लागि नौनि हो, नौनीभन्दा नरम अरू के नै होला र । त्यसपछि तपाईंले अर्को सम्झिदिनु प्रतिपक्ष कुराउनि पनि हो, सायद हामी सबै कृषि प्रधान मुलुकका भएका हुनाले यस प्रदेशका हामी सबैले गाई नपालेका, भैसी नपालेका, भेडाबाखा नपालेका, चौरी नपालेका कोही पनि हौंला जस्तो लाग्दैन । अहिलेको हिसाबमा हामी अरू ठाउँमा जन्मियता पनि हाम्रा बा-आमा पक्कै पनि त्यो पेशासँग हुनुहुन्थ्यो । कुराउनिको तपाईंलाई कत्तिको ख्याल छ पक्कै पनि होला यो कुराउनि भनेपछि लेकमा जाँदा लेक लाग्न दिदैंन, त्यसले ब्लड प्रेसर बढ्यो भने त्यसले बढ्न दिदैंन, अल्टिच्युड लाग्न दिदैंन ।त्यस्तो राम्रो चिज कुराउनि खानको लागि । त्यसैले हाम्रा बाउबाजेहरू प्रायजसो लेक काट्दाखेरि भोट जादा खेरि कुराउनिको भुजपत्रमा पोका पारेर जाने गर्थे, त्यस्तै अहिले प्रतिपक्ष कुराउनि पनि हो तर अर्को अबगुण पनि तपाईंहरूले कत्तिको ध्यान दिनुभएको छ ।

माननीय सभामुखज्यू, यो कुराउनि भन्ने जब बिग्रिन्छ जब कठोर हुन्छ त्यो यति कडा हुन्छ कुनैपनि चट्टानले फुटाउन सक्दैन, कुराउनिले चट्टानलाई फुटाउँछ । यो निवेदन माननीय सभामुख मार्फत् म हाउसमा अनुरोध गर्न चाहन्छु । हामी नौनी भएर बस्न चाहन्छौं । यो कुरा हामी यहाँहरूले बुझ्नै नै भएको छ । अघि नै आएको छ अब हाम्रो प्रदेशलाई कसरी अगाडि बढाउने हामी यस्ता ठाउँका जनताहरू हिजो आज रूकुमको विषयमा जाँदाखेरि आज मुस्ताङ सम्म त्यो बेला राज्य हो । कर्णाली सम्राज्य त त्यो बेला थियो त्यही साम्राज्य भएका कारणले सायद आज हामी पछि परेका हौं कि ? र हामीले बारम्बार बोल्ने बेला केन्द्रको ध्येय दृष्टिकोणको कारणले पछि पर्यौं भन्छौ त्यति मात्र हैन कि हामी स्वयम् आफ्नै कारणले पछि परेका हौं कि भन्ने कुरालाई पनि हामीले हेक्का राख्नुपर्छ भन्ने मलाई लाग्दछ ।

माननीय सभामुखज्यू, अघि नै यहाँ सबैजति विकासका कुराहरू गरिरहेका छौं हाम्रा हुनाहार इनर्जेटिक मन्त्रीज्यूहरू आउँनुभएको छ, क्याविनेट बनेको छ । विकासलाई भन्ने गरिन्छ ४ डिले चाहि रूल गर्छ । ४ डि भनेको पहिलो डी भनेको ड्रिम हो सपना नदेखेर अगाडि बढ्न सकिदैंन । ड्रिम सपना देखिसकेपछि अर्को डीले डिजाइन गर्छ त्यसलाई कसरी गर्ने भनेर अगाडि बढ्छ । जब डिजाइन हुन्छ अर्को डिले डिभलप गर्छ अगाडि बढाउँछ । त्यसपछि अर्को डिले डेलिभर गर्छ तर हामी यो प्रदेशमा यस्ता प्रदेशमा जन्मिएका छौं ड्रिम देख्ने कुरामा जनता महसुस गर्नेवाला छैनन् । डिजाइन गर्दैमा महसुस गर्नेवाला छैनन् । उनीहरूको चाहना के छ डिभलप डिभलप गरेर डेलिभर गरी हाल तुरून्तै । हामी सपना देख्दैछौं, हामी डिजाइन गर्दैछौं पख-पख भनेर । उहाँहरू कुर्नेवाला हुनुहुन्न किनकि त्यो पिडा छ त्यो भोक छ । त्यसकारणले यी कुराहरूलाई पनि हामीले सोच्नुपर्छ भन्ने मलाई लाग्छ । आज यस अवसरमा माननीय सभामुखज्यू, म भन्न चाहन्छु हाम्रा मन्त्रीमण्डलले या हाम्रा सांसदले पनि कुनै कुरा इन्टरभ्यु दिदाँ होला या कुनै कार्यक्रममा बोल्दा होला हामीले अब अत्यन्त विचार पुर्‍याएर बोल्नु पर्ने कुराहरू हुन्छन् । कुनै कुराको क्याविनेटले गरिसकेको डिसिजन त्यो डिसिजन भनेको यस्तो निर्णय हो तेले भोलि जनतालाई डेलिभर हुन पाउनुपर्छ।

मलाई एउटा अनुभव छ । यहाँहरूलाई सबैलाई थाहा छ पूर्व पर्यटन मन्त्री पनि हुँर हाम्रा ती बेला आदरणीय प्रधानमन्त्रीले बोल्नुभयो सदनमा गएर चौबीस घण्टा मैले यो अन्तर्राष्ट्रिय एयरपोर्ट सञ्चालन गरिदिन्छु भनेर उहाँले बोल्नु भयो । अनि मैले क्याविनेटमा भने आदरणीय प्रधानमन्त्रीज्यू कमसेकम म अन्जान भएपनि लाटो भएपनि पर्यटन मन्त्री त म थिए नि हजुरले मलाई एक शब्द मात्र सोधेको भए यो कति घण्टा चल्न सक्छ भन्ने कुरा म भन्थे । किनकि हामीले २ घण्टाभन्दा बढी बढाउन सक्दैन्थ्यौ ।

१२ घण्टा चलिरहेकोलाई १४ घण्टा पुऱ्याउन सक्थ्यौ र उहाँले बोल्दिनु भयो २४ घण्टा चल्नेछ भनेर । सायद त्यो बेलाका क्याविनेटका माननीयज्यूहरू पनि मन्त्री हुनुभएको छ । केही माननीय यहि हुनुहुन्छ । त्यसकारणले यस्ता कुराहरू पनि यी हुन कि यो मलाई लाग्छ प्रतिपक्ष दलको हैसियतले पार्टीको हैसियतले अब चाहिँ सत्ता पक्षले यी-यी कुराहरू त्यसकारणले मलाई बेनिफिट हुने भयो मेरो पार्टीलाई बेनिफिट हुने भयो भन्ने मनसायको मान्छे होइन यो बोलिरहने कहिले-कहिले भनिन्छ नि हात्तिको दुईवटा देखाउने दाँत हुन्छ एउटा देखाउने दाँत र एउटा र अर्को चाहि काम गर्ने त्यो हामीमा हुँदैन । हामीले स्पष्ट भन्न चाहन्छौं कि यो प्रदेशको सञ्चालन कर्णाली प्रदेशको सफलता नै सबै माननीयहरूको सफलता हो । सबै माननीयहरूको सफलता नै यो प्रदेशका जनताहरूको सफलता हो । त्यसलाई चाहिँ हामीले हेर्नुपर्छ भन्ने लाग्छ । हामी यस्तो भूगोलमा यस्तो भाषाको कुराहरू गयौं हो तपाईंहरूलाई धेरैलाई थाहा हुन सक्छ माननीय सभामुखज्यू हाम्रो भाषा असाध्यै प्रिय छ । अफ्रिकामा एउटा स्क्यान्ड्रो भन्ने एउटा ल्याङ्गवेज छ त्यसमा जस्तो खाइन्छ लाइन्छ त्यस्तै बोलिन्छ । हाम्रो पनि यहाँ त्यस्तै हजुरहरूलाई धेरैलाई थाहा छ ।

माननीय सभामुखज्यू, हामी जामा लाउनेलाई जङ्गेलो भन्छौ, पाउमा लाउनेलाई पाउला भन्छौ, आङमा लाउनेलाई आङो भन्छौ । कमसेकम केही प्रदेशहरूमा धोती लाएर हिड्नुपर्छ भन्ने कुराहरू आइरहेका छन् हामीले जङ्गेलो आङो र टोपि लाउँदा के नै बिग्रियो र टोपी के रैछ अघि मैले यस्तो हेर्दै गए टोपि भनेको त यो त अरू कुरा मिल्यो आङमा लाउने आङो पाउमा लाउने जङ्गेलो पाउमा लाउने पाउला हँ टोपी भनेर के नै टुपि भन्छ हाम्रो टुपीलाई छोप्ने भएर टोपि भएको रैछ के । त्यसैले हामी एउटा मर्धुन्य ढङ्गले जानु महिलाहरूले चाहिँ सायद कमसेकम औपचारिक कार्यक्रम गर्दा मेरो विचारमा चाहिँ हाम्रो कसैको अस्तित्व घट्दैन, मर्यादा घट्दैन जस्तो लाग्छ ।

यसले पनि एउटा पहिचान दिन सक्छ भन्ने मलाई लाग्दछ यो विषय र अब आयो हामीले प्रदेशको कुरा गर्दा प्रदेश राजधानीको कुराहरू गर्दा धेरै कुराहरू गर्ने गयौं त्यो बेला जुन बेला यस्तो क्रान्ति भयो अघि नै आदरणीय माननीयज्यूहरूले श्रद्धाञ्जलि पनि व्यक्त गरिसक्नुभएको छ । पहिले नै हामीले गरिसकेको हुनाले बारम्बार रोष्टममा उभिएर त्यो नभनेको मात्रै हो । जुन राजधानी बनाउने कुरामा त्यो बेला हामी डोटि जान्नौं भनेर हामीले भनेकै हो, हाम्रो जनताहरूले भनेकै हुन । त्यो बेला राजधानी डोटि हुन्छ किनकि यहि एउटा मलाई भन्न मन लाग्यो "कर्णाली कर्णाली तिर भेरी भेरी तिर कठै कोही छैन मै तिर"भन्ने हामी तिरगित छ यो ठाउँमा हेर्नु त कोही पनि एउटा ठूलो नेता छैन । उत्ता गयो भने डोटि नै हुन्छ किनकि देशका ठूला प्रधानमन्त्री मध्येमा हेर्नुभयो भने त्यही छन्, पूर्वमा हेर्नुभयो भने त्यही छन् । हामी मेरो विचारमा म आफूलाई सानो नेता सम्झन्छु । अलिकति बढि भयो भने मझौला खालका नेता त्यो प्रभाव पार्ने नेताहरू हामी प्रदेशमा छैनौं । त्यसकारण हामी हाम्रो प्रदेश आफैं बनाउन चाहन्छौं र हिजो पनि हाम्रा बाउबाजेहरू नुन बोकेर आउने क्रममा होला मलाई यो याद छ म कर्णालीको विशेष हिजोको कर्णाली हिजोको कर्णाली सबै हो । पछिको कर्णाली जुन पाँचवटा जिल्ला जुन भु-भाग अहिले पनि धन्नै ८०/८५ प्रतिशत त्यो ओगट्छ । त्यो बेला चाहे सुर्खेतमा नुन पुऱ्याउने त्यहि कर्णालीका हुम्ली जुम्ली नेपालीहरू नै थिए, यहाँहरूलाई याद हुनुपर्छ माननीय सभामुखज्यू हामी यहाँबाट चामल लिएर जाने माथिबाट नुन ल्याएर आउने त्यो परम्परामा लागिरहेका थियौं त्यसकारणले पनि आज हेर्नुहुन्छ भने त्यही भोटमा बस्ने दङ्गाली खाम्पाहरू सुर्खेतमा धेरै बस्ती पनि भएका छन् ।

त्यसकारणले हामीले सोच्यौ हो उहाँलाई पनि रहर छ उहाँलाई पनि चाहना छ ।हुम्लाको लिमि भ्यालि विश्वमा एउटा उत्कृष्ट भ्यालि जस्तो हो, एशियामा सबभन्दा ठूलो भ्यालि दाङ हो । हुम्लाको लिमि भ्यालि

फ्लावर भ्याली छ । त्यहाँ अहिले कुनै पनि हिसाबले त्यो बिग्रिएको छैन । मैदान छ अनि त्यसको माथिको ल्याप्चाको लेक माथि गइसकेपछि कैलाश र मानसरोवरको दर्शन गर्न सकिन्छ । आज हजारौं भारतीय पर्यटकहरू धार्मिक पर्यटनहरू यहाँबाट गइरहेका छन् ती ठाउँलाई एउटा प्लान गरेर त्यही नै सबै मन्त्रालयहरू बनाउन पाएको भए, त्यही नै पुऱ्याउन पाएको भए, कस्को मन गद्गद् हुन्थ्यो होला ? आज त्यस्तै गरेर यो देशको हिजोको पनि आज पनि सबभन्दा ठूलो डोल्पा जिल्ला छार्कभोटमा बनाउन पाएको भए कति राम्रो कति राम्रो हुन्थ्यो । नाक्चे नाङ्लाले कुरा ल्याउदै छु, नाक्चे नाङ्लाले ती जोड्ने होला तर नजिक हो होइन त्यो अध्ययनको विषयमा जाउला हामी कहिले कहिले भावावेशमा भन्ने गर्छौं यो जोडियो भने फलानो ठाउँ नजिक हो निती त्यो थियो नै तर अहिलेको परिवेशलाई पनि हेर्नुभयो । आज ७० प्रतिशत जुम्लाका जनताहरू सुर्खेतमा बस्छन् । ८० प्रतिशत कालिकोटका मान्छेहरू जुम्लामा बस्छन् । जब मंसिर लाग्छ कात्तिकको अन्तिमतिर हुन्छ हामी झोला बोकेर तलतिर हिड्न शुरू गर्छौं र हिजो जुन खाले यसको प्लानिङ्ग भयो हिजोको प्लानिङ्ग यो वीरेन्द्रनगरको प्लानिङ्गलाई आज पनि च्यालेन्ज दिने कुनै प्लानहरू होलान जस्तो मलाई लाग्दैन । बरू आजका प्लानहरूले यसको संरचनाहरूलाई बिगारेको देखिन्छ । त्यसकारण मैले आफूले कुरा खाने, आफूले भनेर मैले सबैलाई भनेको छु हामी अब सस्तो लोकप्रियतामा जानु हुन्न ।

माननीय सभामुखज्यू, आज यहाँ बसेर मैले सायद प्रतिपक्षको नाताले मैले भन्न सक्थे त्यति दुईशब्द मलाई पनि आउथ्यो होला मैले भन्थे आज सत्ता पक्षले पेल्दा-पेल्दै हामीलाई अगाडि बढायो हाम्रो चाहना नहुँदा-नहुँदै पनि आज प्रदेशको नामाकरण गरेको छ सीमाङ्कन गरेको छ भन्न सक्थे होला । हामी त्यस्तो सस्तो लोकप्रियतामा अब जानु हुँदैन । यही सस्तो लोकप्रियताले हाम्रो देश कहाँसम्म पुऱ्याइसक्यो यदि त्यो भावना र धारणा नआउने हो भने हामीले कल्पना छोडिदिए होला इतिहासले एउटा लेख्नेछ फलाना-फलाना प्रदेश सभाका माननीय भएका थिए त्योभन्दा हाम्रो इतिहासमा केही पनि रहनेछैन । त्यसकारणले हुने कुरामा हामी हामी तपाईंहरू लाग्नुपर्छ भन्ने मलाई लाग्दछ । त्यसकारणले पनि अहिलेको अवस्थामा यो प्रदेशको राजधानी सुर्खेत बाहेक अरू हुन सक्ने अवस्था छैन । म अहिले यहाँ यो फोरमबाट पनि यहाँ यो रोष्टमबाट पनि म भन्न चाहन्छु माननीय सभामामुखज्यू हिजोको एउटा प्रदेश एउटा राज्य जनान राज्य भनिएको पूर्वको ताप्लेजुङ र पश्चिमको दार्चुलासम्म पनि एउटा राज्य बनेको थियो । त्यो बेला हाम्रो जिल्लाबाट प्रतिनिधित्व गर्ने माननीयज्यूहरूले हुम्लाको सिमिकोटलाई राजधानी बनाउने भनेर आएको थियो । त्यो बेला पनि मैले विरोध गरेको थिए । किनकि ताप्लेजुङको मान्छे अब त्यहाँ पुग्न सक्दैन । कि हामीसँग पूरा हेलिकप्टरको व्यवस्था हुनुपर्यो । एउटा मेरो जिल्ला जुनमा गाविसको भवन बनाउने ठाउँहरू छैनन्, एउटा खेल्ने मैदान भएको ठाउँ छैन, त्यो बेला मैले पनि तालि बजाएर हो ठिक हो भन्न सक्थे म सबैको अप्रिय भए तर वास्तविकता अहिले त्यसैले मलाई प्रिय बनायो भन्ने लाग्छ ।

माननीय सभामुखज्यू, मैले भन्नैपर्छ यत्रो २४ जना २४ जना निर्वाचित हुने क्रममा बामगठबन्धन बलियो भइरहेको अवस्थामा एकजना मात्रै नेपाली काँग्रेसबाट म निर्वाचित भएको छु । माननीय सभामुखज्यू यहि सत्य कुरा राख्न र सत्य कुरा बोल्न मैले हामी अगाडि बढ्ने हो भने मलाई चाहिँ विश्वास छ त्यसकारण कोहि माननीयज्यूहरूलाई । सभामुख महोदय, कतै म चुक्छु कि मेरो जिल्लाको नाम राखिन भने भोलि त्यहाँकाले मलाई लखेट्छन् कि नसम्झनु होला । सत्य सत्य नै हुन्छ । सत्यमा डग्नु हुँदैन सहि कुरामा लागियो भने आज सुर्खेतको विकल्प अरू छैन । कालान्तरमा हुन सक्छ कालान्तरमा हाम्रा यी सबै विकास भयो भने हाम्रा यी पहाडहरू छेडिए भने ४०० किलोमिटर भएका बाटाहरू भोलि ५० किलोमिटरमा झरे भने आज हामीले परिकल्पना गरेको टेक्नोलोजीलाई हामीले एडोप्ट गर्न सक्यौं भने कुनै पनि ठाउँमा हुन

सक्छ । कुनै ठाउँमा पनि हामी सार्न सकौला । त्यहाँको विकास भयो भने तर आज हामी त्यो परिस्थितिमा छैनौं त्यसकारणले म के चाहन्छु भने सम्पूर्ण माननीयज्यूहरूलाई म माननीय सभामुखज्यूमार्फत् गर्न चाहन्छु जसरी अघि कर्णाली प्रदेश भनेर एउटा एक आवाजले गरेका छौं अब पनि त्यसरी नै जानुपर्छ अनि सर्वसम्मत् भन्ने कुरा त्यसरी जनाउँछ । आज माननीय सभामुखज्यू तीनजना सदस्यज्यूहरू हुनुहुन्न । एक जनाको राजिनामा दिएको भन्ने कुरा आएको छ एकजना मेरै पार्टीको उहाँ आफ्नो घर जानु भएको बिरामी हुनुभयो बिहान उहाँ आउन सक्नु भएन त्यस मात्रै हो अर्को माननीयज्यू को हो मलाई थाहा भए सभामुखज्यू नै भएको हुनाले दुई जना मात्रै हो । दुई जनामा पनि त्यो अरू कुनै त्यो सयप्रतिशत यसले बनाएको कुरालाई अब हामी जानुपर्छ । म यो अहिले सभामुख महोदय माननीयज्यूहरू सबै पनि यहाँ हुनुभएको हुनाले मैले सुनिरहेको छु धेरै कल्पनाहरू ड्रिमहरू आइरहेका छन् ।हो यसमा मेरो एउटा दिन चाहन्छु पहिलो हाम्रो ड्रिम, डिभलप, डेलिभर यो सुर्खेतलाई हेरौं सडक मन्त्रीले सडकको अवस्थालाई हेर्नुपर्‍यो जति खेर आयो हेर्यो बाटो धुलो उडेको उडयै छ । अनि चाहिँ आएर गृहले हेर्नुपर्ने कुरामा मा सबभन्दा हामीले ट्राफिक लाईटको व्यवस्थाहरू गरौं यो हामीले गर्ने सक्ने कुराहरू हो ।

अहिले केन्द्रसँग लड्ने कुरा अर्को पाटो छ, त्यसैले पहिला आहा साँच्चै सुर्खेत त राजधानी नै बनाएछन् बुटवल बस्दा खेरि बुटवल कति राम्रो थियो । बेकाममा पोखरा सरूवा गरिदिए भन्ने चलन आयो। अहिले पोखरा गएर पनि त शहर लागेछ सफा पनि त्यस्तै छ, लगाउन पनि राम्रै लगाउने रैछन् ओहो जान पाएपछि त पोखरै रैछ । त्यसकारणले हामीले बनाउन पर्यो कि बस्नुपर्ने त वीरेन्द्रनगर नै रैछ नि । यति सफा यति यो कामबाट मन्त्रीज्यूहरू लाग्नुभयो भने टुरिजमको रूपमा हामीले कति जना टुरिष्टहरूलाई देख्यौ । के हामी आफैं कोही नेपालीहरू काला र गोराहरूलाई टुरिष्ट देखेका छौं कि कोही भारतीय टुरिष्टहरू एकजना म देख्दैन, विदेशीहरू देख्दैन । तीनलाई आकर्षण गर्ने कुराहरू के हुन ? यी कुरामा पनि क्याविनेट लागोस् क्याविनेटलाई पनि म यहि यहाँबाट चाहि शुभकामना व्यक्त गर्न चाहन्छु । त्यसकारणले हामी सबैले अन्यथामा नगएर वीरेन्द्रनगर हिजो त हामी नेपाली हो नि त बहादुर नै छौं नि झोक चल्यो भने घाँटीमा खुकुरी हान्दि हाल्छौं हामी अर्को राम्रो गरेको जसले गरेको पनि इतिहासलाई मेट्नुहुन्न भन्ने चाहिँ हाम्रो मान्यता हो । त्यसकारणले इतिहास नमेटिने गरेर जुन कुराहरू हामीले गरेका छौं यसले यो प्रदेशको नामाकरणले राजधानीको नामाकरण राजधानीको नामाकरण त भइसकेको थियो अस्थायीबाट स्थायी गरियो । कर्मचारीलाई अस्थायीबाट स्थायी हुदाँ कत्तिको आनन्द आउँछ । भैगोनि अब त स्थायी भइयो भन्छन् नि त स्थायी राजधानीको आनन्द पनि अर्कै ढङ्गले आउनेछ । यहि कुरा म माननीय सभामुखज्यू, माननीय सभामुखमार्फत् सम्पूर्ण माननीयज्यूहरूलाई एकमत भएर कुनै त्यसमा विमत नलिएर त्यसलाई पास गर्नुहुनेछ र अरू प्रदेशले पनि आज हामीले भन्ने गरेका छौं आज हामीसँग यो छ र उ छ भनेर भनेर त यो मैले यसो हेरे मैले सबै प्रदेशकाले हामीसँग जलस्रोत छ, हामीसँग जडिबुटी छ, यो छ त्यसकारणले हामी धनी हुन्छौ भनेर सबै प्रदेशले बोलिरहेको अवस्था छ । अघि आएर यार्चागुम्बा कही छैन अब हाम्रोभन्दा यो प्रदेशकोभन्दा बढि यार्चा ७ नम्बरमा पाउँछ । दार्चुलामा धेरै पाउँछ । बझाङमा धेरै पाउँछ । हाम्रो डोल्पाको क्वालिटी बाहेक अरू त्यही मेरो जिल्ला हुम्लामा पाउँदैन । मुगुमा अलि-अलि पाउँछ । जुम्लामा अलि-अलि पाउँछ । अलि बेसी पाउने भनेको त्यस्तै मनाङमा पाउँछ । कहिले-कहिले माननीयज्यूहरूलाई मैले यो कसैलाई सिकाएको हैन अन्यथा नलिनको लागि पनि म सभामुखमार्फत् अनुरोध गर्न चाहन्छु । कतै अरूले नभन्दियोस् कि यीनको मात्र प्रदेशमा छ र यीनको प्रदेशमाभन्दा हाम्रो प्रदेशमा छ नि । फलानाले यसरी बोलेछ भन्ने कुरा चाहिँ हामीले सुन्नु हुँदैन र यीनलाई पनि अध्ययन गरेर अगाडि जाँदा खेरि राम्रो हुन्छ भन्ने मलाई लाग्दछ ।

माननीय सभामुखज्यू, त्यसकारण यो वीरेन्द्रनगर सुर्खेतको वीरेन्द्रनगर सुर्खेत खेत त खेतै भएको सुर्के थैली भनेर भनेको छैन अब सुर्काउनु पर्यो । विकासलेभित्र सुर्क्याउनु पर्यो । पहिला हाम्रा आमा, बहिनि, दिदिहरू सब सुर्के थैलीमा पैसा राख्ने जोगाएर राख्ने गरेका हुन्थे। हाम्रो पनि त्यस्तै थियो । आपाल्डु भनेर कतिले बुझ्नुहुन्छ होला चकमक भनेर त्यसैमा सुर्काएर राख्ने गरिन्थ्यो । यो खेतलाई सुर्काएर साँच्चै स्वर्ग जस्तो बनाउनको लागि तपाईं हामी सबैलाई चाहिँ कैलाशनाथले सदबुद्धि दिनेछन् भन्ने कुरा म राख्दै माननीय सभामुखज्यू म मेरो प्रस्ताव पढ्न गइरहेको छु ।

नेपालको संविधान, २०७२ को धारा २८८ को उपधारा (२) मा भएको व्यवस्थाअनुसार यस संविधानबमोजिम प्रदेशको राजधानी सम्बन्धित प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहमुतबाट निर्णय भएबमोजिम हुने व्यवस्थाअनुरूप सभाले प्रदेशको राजधानी तोक्ने विषयमा यस प्रदेशको भौगोलिक अवस्थिति प्रदेश सरकार सञ्चालनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको उपलब्धता सहज, पहुँच आमनागरिक र प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूको धारणालाईसमेत दृष्टिगत गरी यस प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर भन्ने वीरेन्द्रनगरमा तोक्नको लागि सभामा निर्णयार्थ यो प्रस्ताव प्रस्तुत गरेको छु । धन्यवाद जय नेपाल ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री गुलावजँग शाहलाई उक्त प्रस्ताव समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री गुलावजँग शाह :** माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरू आज मुलुक संघीयताको संरचनामा जादै गर्दा यस संघीयताको आन्दोलन नेपालको राजनैतिक इतिहासमा विभिन्न समयमा विभिन्न कालखण्डमा ज्ञात अज्ञात सहिदहरूप्रति खास गरी सबभन्दा कान्छो प्रदेश, प्रदेश नं.६ लाई जन्माउनमा शाहादत प्राप्त गर्नहुने ती महान सहिदहरूप्रति श्रद्धासुमन् व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुख, महोदय म अत्यन्त खुशी छु अहिले भर्खरै मात्रै प्रतिपक्ष दलका माननीय सदस्य जीवनबहादुर शाहीले जुन प्रस्ताव सुर्खेतलाई सदरमुकाम राखियोस् भनेर प्रस्ताव गर्नुभएको छ त्यो प्रस्ताव सुन्दै गर्दा औपचारिक ढङ्गले टेबुल हुँदैन गर्दा म व्यक्तिगत ढङ्गले म नेकपा एमालेको तर्फबाट उहाँलाई धेरै-धेरै आभार प्रकट गर्न चाहन्छु । वास्तवमा संसदीय अभ्यासका मोडेलहरू संसदीय व्यवस्था सत्ता पक्षको सरकार, प्रतिपक्षको बहुमत आज हामी यहाँ एउटा नौलो अभ्यास यानकि संसदीय व्यवस्थाका सुन्दरताहरूलाई उत्कृष्ट रूपमा प्रदर्शन गर्न गइरहेका छौं । प्रतिपक्षले या सत्तापक्षले नभनिकन हामी सबै संसदभित्र रहेका सबै माननीय संसदहरूले एउटै प्रस्तावलाई समर्थन गरेर संसदीय व्यवस्थाका उत्कृष्ट रूपहरूलाई हामीले प्रदर्शन गर्न गइरहेका छौं ।

मर्निङ शोज द डे, बिहानिले दिउँसोको झल्काउँछ भने जस्तै यो प्रदेश निर्माण गर्ने सन्दर्भमा मुलुकलाई समृद्धतिर लैजाने सन्दर्भमा मुलुकलाई उभो लैजानेतिर सन्दर्भमा जसरी आज हामीहरू एक ठाउँमा उभिएर यो प्रदेशको समृद्धको लागि यहाँ उभिएका छौं मलाई लाग्छ यसले फेरि पनि त्यो प्रदेशको उन्नती र प्रगतिमा सबै हामी कुनै पनि सत्ता पक्ष र प्रतिपक्ष नभनिकन नै अगाडि बढ्नेछौं भन्ने कुराको संकेत आजको यो संसदीय अभ्यासले देखाइरहेको छ । हामीहरू चौथो बैठक सुचारू गर्दै गर्दा अहिले हामीले यो प्रदेशमा मुख्यमन्त्री, मन्त्री, सभामुख, उपसभामुखज्यूहरू पाएका छौं म उहाँहरूलाई सभामुखज्यूमार्फत् बधाई दिन चाहन्छु, शुभकामनाको कामना गर्न चाहन्छु । जसले संसदीय अभ्यासका सेपेरेसन अफ पावर कार्यपालिका, न्यापालिका र व्यवस्थापिकाका रूपमा संसदलाई हाम्ले सुन्दर ढङ्गले चलाउँदै गर्दा कार्यपालिका प्रमुखहरूले

पनि यो प्रदेशको समृद्धिको लागि लाग्नुहुनेछ, प्रगति गर्नुहुनेछ म शुभकामना व्यक्त गर्न चाहन्छु । आज हामीहरू सबभन्दा कान्छो प्रदेशको रूपमा संसदीय अभ्यास सुचारू गर्दै गर्दा सात प्रदेश मध्येमा कान्छो प्रदेश जसले मुलकको नेतृत्वदायी भूमिका गर्दैछ । २०७२ को संविधानले व्याख्या गरे जस्तै हरेक प्रदेशका नामहरू दुई तिहाइ बहुमतले पास गरिनेछ । हामीहरू आज सर्वसम्मत् ढङ्गले पहिलो पटक सातै प्रदेश मध्येमा पहिलो पटक हामीले यो कान्छो प्रदेशले नेतृत्वदायी भूमिका हामीले खेलेर मुलुकलाई चमत्कारीपूर्ण ढङ्गले व्यवहार हामीले प्रदर्शन गर्दै छौं, यो अत्यन्त राम्रो रूप हो । हामीले भोलि यो क्षेत्रको विकास गर्नको लागि यसरी नै सबै हामीहरू विकास र समृद्धको लागि एक ठाउँ उभिएर गयौ भने मलाई लाग्छ हामी कान्छो हैन हामी जेठो हुनेछौं ।

हामी दुर्लभ पिछडिएको काठमाडौं सिंहदरबार देखि कर्णालीलाई हेर्ने दृष्टिकोण Distance को दृष्टिले टाढा थियो होला तर कर्णाली नामाङ्कन गरेर कर्णाली हामीले एउटा नमुनाको रूपमा देखाउन चाहन्छौं । सुर्खेत हेर्न गयो भने सातै प्रदेश मध्येमा सबभन्दा उत्कृष्ट नमुना विकासको गतीले विकासका कोरिडोर तयार भएको आधारक्षेत्र सुर्खेत हो । एउटा सानो कार्यशाला गोष्ठीमा एकजना मित्रले सिंहदरबारको बारेमा सिंहदरबार संसदीय भवनको बारेमा देखाउनु भयो मैले कल्पना गरे हामीले भइरहेको अवस्थालाई मुल्याङ्कन गर्दै गर्दा त्यो सिंहदरबारभन्दा पनि हामीले सुर्खेतलाई नमुनाको रूपमा प्रदर्शन गर्न सक्छौं । सिंहदरबारभन्दा पनि उत्कृष्ट उच्चतम विकासको रूपमा यसलाई विकास गर्न सक्छौं । एउटा ठाउँमा सार्वजिनक जग्गाहरू छन् जहाँ जसलाई पुरै होल रूपमा जहाँ त्यहाँ मन्त्रालय हुनेछन जहाँ संसद भवन हुनेछन् जहाँ आवास हुनेछन् सबै त्यसरी विकास गर्ने ठाउँ भनेको सात प्रदेश मध्येमा सुर्खेत मात्रै हो । आज यो संसदले जुन खालको एउटा उच्चतम नमुना व्यवहार प्रदर्शन गर्दैछ त्यसको लागि प्रतिपक्ष दलका नेताले जुन खालको प्रस्ताव राख्नुभयो त्यसको लागि पुन आभार गर्न चाहन्छु । यहाँहरूलाई थाहा छ, मुलुक संघीयतामा जादै गर्दा पहिलो पटक मुलुक संघीयतामा जादै गर्दा हाम्रो पार्टी नेकपा एमालेले घोषणापत्र मार्फत् जारी गरेको थियो । कि यो प्रदेश सबभन्दा कान्छो प्रदेश यसको नामाङ्कन कर्णाली रहनेछ । यसको राजधानी सुर्खेत रहनेछ । हाम्रो पार्टी नेकपा एमालेले घोषणापत्र जारी गरेको थियो । आज अब अत्यन्त खुशी छु धेरै नै आभार प्रकट गर्न चाहन्छु हाम्रो पार्टीले ल्याएको प्रस्तावलाई सर्वसम्मत् ढङ्गले यसरी आज पार्टीगत रूपमा नगइकन एउटा संसदीय अभ्यासमा सबै दलले देखाइदिनुभएकोमा धेरै धेरै पुनः आभार प्रकट गर्न चाहन्छु । मैले धेरै कुरा नराखिकन भौतिक पूर्वाधारका दृष्टिकोणले पनि कर्णाली सभ्यताका दृष्टिकोणले पनि हरेक कोणबाट यो प्रदेश प्रचुर सम्भावनाको प्रदेश बन्नेछ । बनाउनेमा हामी सबै आफ्नो कन्ट्रिब्युसन गर्नेछौं भन्ने तपाईंको बीचमा राख्न चाहन्छु अब म माननीय सदस्य जीवनबहादुर शाहीले राखेको प्रस्तावलाई समर्थन गर्दै अगाडि बढ्न चाहन्छु ।

माननीय सभामुख, महोदय माननीय सभामुखको अनुमतिले प्रदेश सभाका माननीय सदस्य श्री जीवनबहादुर शाहीले नेपालको २०७२ को धारा २८८ को उपधारा (२) बमोजिम प्रदेश नं. ६ को राजधानी तोक्ने विषयमा राख्न गएको प्रस्ताव को समर्थन गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री गणेशप्रसाद सिंहलाई उक्त प्रस्ताव समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री गणेशप्रसाद सिंह :** माननीय सभामुखज्यू, यस गरिमामय प्रदेश सभामा उपस्थित माननीय मुख्यमन्त्री, मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरू हामी यो ऐतिहासिक घडीमा उपस्थित भएका छौं । इतिहासका ती विशिष्ट उकाली ओरालीहरू विशिष्ट मोडहरू र आन्दोलनका ती घुम्तीहरू पार गर्दै आउदा

नेपाली जनता विशेषगरी हाम्रो प्रदेश अहिले कर्णाली प्रदेशबाट यो नामारकण भएर या परिचित हुँदैछ । यो प्रदेशका जनताले आफ्नो अस्तित्व स्वाभिमान र स्थिर स्थायी राजनीतिका लागि स्वाधीनताका लागि स्वाभिमानका लागि धेरै ठूलो लडाई लडेको छ । त्यो लडाईमा बगाएको रगत पसिना आँशुबाट यो प्राप्त यो ६ नं. प्रदेश र त्यो ती आन्दोलनका विभिन्न मोडहरू ती १० वर्षमा महान जनयुद्धमा ती जनआन्दोलनहरूमा अब यो प्रदेशका निमित्त आन्दोलन गर्ने ती चारजना महान सहिदहरूले यो आर्जेको यो जनताको अपार समर्थनमा प्राप्त प्रदेश २०७२ को संविधानको कार्यान्वयनको विशिष्ट मोडमा कार्यान्वयनको ऐतिहासिक मोडमा हामी पुगेका छौं यो हाम्रो लागि सौभाग्यको कुरा हो र हामी र मेरो दलको तर्फबाट म आफूलाई गौरव ठान्दछु कि हामी स्थायी नामाकरण र स्थायी राजधानीको लागि आज विशेष विशिष्ट ऐतिहासिक युगान्तकारी निर्णय गर्दैछौं । त्यो निर्णयको लागि यो राजधानी साँच्चीकै यो कर्णाली प्रदेशको मुहार बदल्न पहिचान बदल्न र सुन्दरतालाई संसारमै पहिचान गराउन यो कर्णालीको राजधानी र विशेष गरेर कर्णाली, राप्ती र भेरीको भावनालाई सम्बोधन गर्ने भेदभावरहित पूर्वाग्रहरहित र यो सुन्दर शान्त र विशाल राजधानीको रूपमा यो परिचित हुनेछ र देशका सबैभन्दा पहिले हामी राजधानीको निर्णय गर्ने आज ऐतिहासिक एउटा क्षणमा छौं र हामी सबै माननीय सांसदज्यूहरू सबैले हामीले आज चौंथो सदनमा छौं र यहाँसम्म तेस्रो सदनमा आइपुग्दा सत्तापक्ष र सत्ता विपक्षका सांसदज्यूहरूले विभिन्न फोरममा उहाँहरूले राख्नुभएका धारणा सुन्दा हामी एकताबद्ध भएर जानुपर्छ ।

चुनौती र सम्भावनाले सम्भावनाका प्रचुर सम्भावना बोकेको चुनौती पनि त्यतिकै चुनौतीसँग चाही मतलब अगाडि बढ्न पुगेको यो ऐतिहासिक प्रदेशलाई अब संसारमा पहिचान दिने सवालमा हाम्रो एकता आवश्यक्ता पर्दछ त्यसो हुदा हामी सत्तापक्ष र विपक्ष नभनिकन हामी सबै एकताबद्ध भएर जसरी भर्खरै यो नामाकरण दुईतिहाइ बहुमतले पास भयो त्यसरी नै राजधानी पनि ऐतिहासिक घडीमा र ऐतिहासिक निर्णय लिन सबै माननीय सांसदज्यूहरू आतुर हुनुहुन्छ जस्तो लाग्यो । प्रतिपक्ष दलको माननीय सांसदले त कुराउनी मात्र हैन बगेर्ना भैसीको दुध पनि पिउन उहाँ आतुर हुनुहुन्छ जस्तो लाग्छ । किनकि एउटै चिज खाएपछि त्यो फुड पोइजन हुन्छ फरक-फरक दुग्धजन्य वस्तु परिकार खानुपर्छ कुराउनी मात्र हैन, नौनी मात्र हैन, दुध पनि पिउनु पर्छ बसेर हिड्दा उकालीमा लेक लाग्दा कुराउनी खानुपर्छ भने बसेर बगेर्ना भैसीको दुध खानुपर्छ त्यसो हुदाँ हामी सबै एकताबद्ध हुन्छौ एकताबद्ध भावका साथ एकमतका साथ अब हामीले दुई तिहाइ बहमुतका साथ सैत्तीसै जनाले यो सुर्खेत राजधानीलाई पास र समर्थन गर्नेछौं । म माननीय सभामुखज्यूमार्फत् यो समर्थनको लागि मैले समर्थन पत्र पढेर सुनाउछु, हवस त ।

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले प्रदेश सभाका माननीय श्री जीवनबहादुर शाहीले नेपालको संविधान, २०७२ को धारा २८८ को उपधारा (२) बमोजिम प्रदेश नं. ६ को राजधानी तोक्ने विषयमा राख्नुभएको प्रस्ताव को समर्थन गर्दछु हवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब प्रदेशको राजधानी तोक्ने सम्बन्धी प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री अम्मरबहादुर थापालाई छलफलमा भाग लिन अनुमति दिन्छु । (समय ५ मिनेट)

**माननीय सदस्य श्री अम्मरबहादुर थापा :** माननीय सभामुख महोदय, आज पहिलो प्रदेश सभाको अधिवेशनको चौंथो बैठक महत्त्वपूर्ण छ, यस मानेमा महत्त्वपूर्ण छ अहिले सम्म हामी अस्थायी थियौं आज स्थायी हुँदैछौं । आज सम्म हामी अङ्कका नाममा ६ नम्बर प्रदेश जो संविधानमा एक नम्बर, दुई नम्बर, तीन नम्बर हुँदै छ नम्बरमा पुगेका थियौं आज कर्णाली प्रदेश भइसक्यो। त्यसकारणले यो महत्त्वपूर्ण

घडीमा, यो महत्त्वपूर्ण समय र महत्त्वपूर्ण यो प्रदेश बनाउने क्रममा हाम्रा सहिदहरूले आफ्ना जीवनलाई आहुती गरेर चार जना सहिदले यो प्रदेश मैले त भन्ने के गरेको छु भने परिवार नियोजन गरिसकेपछि बालबच्चा जन्मिदैन परिवार नियोजन गरिसकेपछि जन्मिएको यो प्रदेश संविधानमा बाहिर ल्याइसकेको थियो । ६ वटा प्रदेशको नाम नामाकरण भइसकेको थियो तर यो प्रदेशका हुनाहुनार योद्धाहरूले लडाई लड्नु भयो र त्यो लडाइमा हामी पनि सामेल थियौं संविधान सभामा त्यति सजिलै तरिकाले यो आएको प्रदेश हैन । आज हामी दुखि छौं, गरिब छौं, सारा कुरा हामीले भनेका छौं तर यसलाई संघ यो सङ्घर्षको कुन प्रदेशले कुन प्रदेशको कुन ठाउँमा सङ्घर्ष गऱ्यो ? सरकारले मैले अघि भने साथीहरू हाँस्नुभएको छ । यथार्थता हो कि हैन ? ६ वटा प्रदेश घोषणा भइसकेको थियो ।

जब सुर्खेतमा जनताले उर्लिए आन्दोलन शुरूवात गरे हामीले सदनमा आन्दोलन शुरू गऱ्यौ र अहिले पनि हामी त्यो सदनभित्र आन्दोलन गर्ने सांसदहरू मध्येबाट २/४ जना यो प्रदेशमा छौं । हामीले भन्यौ प्रधानमन्त्रीलाई भन्यौ, उपप्रधानमन्त्रीलाई भन्यौ र दलका नेताहरूलाई राखेर हामीले चार पटकसम्म छलफल गर्यौं उहाँहरू मान्न तयार हुनुहुन्थेन । अघि यो प्रदेशको नेतृत्व वास्तवमा भएन भन्ने पनि साथीहरूले ल्याउनु भयो । यो प्रदेश नबन्ने क्रममा यो प्रदेश होइन मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट प्रधानमन्त्री हुनुहुन्थ्यो शुसिल कोइराला । उपप्रधानमन्त्री हुनुहुन्थ्यो बामदेव गौतम हामीले उहाँहरूलाई राखेर भन्यौ कि पाँचवटा विकास क्षेत्रलाई घोषणा गरेको भए र अथवा एउटा ठूलो प्रदेशको रूपमा रहेको १ नम्बर प्रदेशलाई मधेशवादी दलहरूले माग गरेअनुसार को एउटा प्रदेश ६ वटा बनाएको भए यो धेरैभन्दा सुन्दरभन्दा सुन्दर हुने थियो भनेर भनिउ तर मान्नु भएन तर पनि हामीले भन्यौ यो प्रदेशका यो प्रदेशलाई डोटीमा लैजान हामी मन्जुर छैनौं । जसरी तपाईंहरूले यो प्रदेशको टाउकामा घन बजारेर गिदी निकाल्नु भएको छ ।अब यी यो गिदीका छिट्टाले त तपाईंहरूलाई पनि सहज गर्ने छैन भनेर सङ्घर्ष गर्दै गयौ, सङ्घर्षले यो प्रदेश प्राप्त गऱ्या छ । सानो प्रदेश कान्छो प्रदेश तर हामी अब हिजो त्यहाँ माथि मात्रै कराउथिउ कर्णाली एकदमै गरिब छ विकासमा कमजोर छ हरेक कुराले हरेक कुराले यो प्रदेश कमजोर छौं भनेका थियो,अब आज अरूलाई भन्ने सुनाउने समय छैन । अब प्रदेशका हामी जनप्रतिनिधि भइसकेपछि यो प्रदेशका हामी नेता भइसकेपछि यो प्रदेशको सरकार निर्माण गरिसकेपछि अब यो प्रदेशलाई सुन्दर प्रदेश बनाउनका निमित्त यो प्रदेशको भविष्य निर्माण गर्नका निमित्त आदी जनताले हामीलाई निर्वाचित गरेका छन् । त्यसैले होला मलाई त लाग्यो प्रमुख प्रतिपक्ष दलका नेताले भनेका कुरा धेरै गहन तरिकाले बोल्नुभयो, प्रस्ताव राख्नुभयो । साँच्चै म मुख्यमन्त्री भइदिएको भए म प्रतिपक्षलाई एउटा मन्त्री दिइहाल्थे ।

यो प्रदेशमा प्रतिपक्ष विहिन बन्ने सक्ने सम्भावना पनि देखियो । किनभन्दा यो प्रदेश निर्माण गर्नका निमित्त प्रदेशलाई साँच्चीकै समृद्ध बनाउनका निमित्त हामी त्यो बाटोमा लाग्न जरूरी छ । मैले चार वर्ष माथि केन्द्रीय संसदमा बसे असल कुरा प्रतिपक्षले ल्याए पनि सत्तापक्षले फाल्नै पर्ने । सत्तापक्षले राम्रा कुरा ल्यायो भने प्रतिपक्षले गाली गर्नै पर्नै विरोध गर्नै पर्ने हामी सांसदहरूलाई यो तरिकाले बोल भनेर ह्विप आउने गर्ने यस्तो प्रवृत्तिको मुलुक चलेको छ । आज यो मुलुकमा मैले प्रतिपक्षका कुरा सुन्दा मैले यति सम्म भने त्यसैले म यो कुरा गर्न चाहन्छु वास्तवमै जुम्लाको राजधानी वास्तवमा जुम्लामा हिजोको जुम्ला साम्राज्य सिंजाको साम्राज्यले त्रिशुली देखि यता आफ्नो राज्य कायम गरेको थियो तर साम्राज्य घोषणा भइसकेपछि धेरै ठाउँमा आक्रमण गरेर अहिले पनि संसारको इतिहासमा छ जुम्ला खस राज्य हो भनेर । सिंजाको खस राज्यको नाममा चिनिन्छ तर पनि त्यो सुन्दर ठाउँ छ म त्यहाँ पनि गएको छु तर यो राज्यले वास्तवमा त्यो त्यत्रो इतिहास बोकेको ठाउँ भग्नावशेष केही छैन । त्यसको त्यो इतिहास

बचाउनको पनि यो राज्यले केही गर्न सकेन । त्यसो भएको हुनाले यो खसराज्यको रूपमा रूपान्तरित अवस्थाको यो प्रदेशमा हामीले अब कसरी विकास गर्ने होला ? कसरी अगाडि बढ्ने होला ? भन्ने कुरा वास्तवमै त्यहाँ त्यहाँका जनताहरूले पनि आन्दोलन गरेका थिए । अघि प्रस्तावक माननीयज्यूले भने जस्तै मलाई पनि दुल्लुमा राज्य बनाउनुपर्छ, शितकालिन राज्य दुल्लु भन्ने दैलेखमा पनि आएको थियो तर जहाँ जे आएपनि मैले त शुरू देखि यो प्रदेशको नाम आइसकेपछि मेरो आफ्नो प्रस्ताव छ ।

म ३२ सालबाट यसको संरचना बनाउँदाखेरि म यहाँ संलग्न छु करिब २०० विघाभन्दा बढी जग्गा सार्वजनिक राज्यको नाममा छ । त्यहाँ बनेका भौतिक संरचनाहरू छन् तर आज मैले अस्तिसम्म त भन्दैन थिए मुख्यमन्त्रीज्यूलाई भन्न चाहन्छु । यो कर्मचारीतन्त्रबाट तपाईंहरूले सही मार्ग देखाउन सक्नुभएन भने अझ पनि सफल हुन सक्ने गाहो छ । गाहो छ अहिले पनि मन्त्रीहरू होटेलमा बसेका छन् । यहाँ कमसेकम एउटा कार्यालय सहयोगीले चाहिने क्वार्टर लिएर स्टयाण्डर रूपमा बसेको छ । यसको व्यवस्थापन गर्ने काममा यो सरकार लागोस् छिटोभन्दा छिटो नियन्त्रण गर्न लागोस् । यो अनिन्त्रितअवस्था छ, यहाँ कर्मचारीहरू आउन चाहदैन्न, किन आउन चाहदैनन् ? त्यसकारणले त्यस विषयमा पनि सरकार भर्खरै निर्माण भएको छ त्यतातिर ध्यान देओस् तर चाहना जुम्लामा पनि राजधानी बनाउन पाए हुन्थ्यो, दुल्लुमा पनि हुन्थ्यो, उता चौरजहारीमा पनि बनाए हुन्थ्यो भन्ने थियो भौतिक सबै कुराले सबै आवातजावतको कुराले डोल्पालाई जुम्ला बनाउँदा खेरि कति फाइदा हुन्छ, कर्णाली अञ्चलका पाँचवटा जिल्लालाई पनि समेट्न सक्ने ठाउँ पनि हुनसक्नुपर्छ त्यसकारणले पनि यो प्रदेशको राजधानी सुर्खेत यो मध्यपश्चिमकै राजधानी हिजो सेन्टर सुर्खेत हिजो त्यो दार्चुलाबाट पनि यही मध्यपश्चिमाञ्चलको विकास क्षेत्र सुर्खेत भएको थियो त्यसकारणले यसका भौतिक संरचना देखि लिएर यसका आवातजावत जनताका सुविधा लिएर यसकारणले पनि बनाउन पाए हुन्थ्यो, सहज थियो तर पनि के गर्ने सेन्टर प्रदेश त अब महाबुको डाँडामा सेन्टर पर्यो भने के गर्ने, त्यहाँ सम्भव हुन सक्छ ? त्यसैले गम्भिरतापूर्वक सबै सांसद साथीहरू गम्भिर हुनुहुन्छ । गम्भिर हुनुहुन्छ मलाई लाग्छ कर्णाली प्रदेशमा सभामुखज्यूले भन्नुभयो दुई तिहाइभन्दा बढी मात्र हैन हन्ड्रेड प्रतिशत हो उपस्थिति सांसदहरूको शत प्रतिशत सर्वसम्मत् आज प्रमाणित रूपले प्रमाणिकरण गर्न हुनका निमित्त उहाँहरूलाई सजिलोको निमित्त हामीले दस्तखत गरिदिएका छौं तर ३७ जना सांसदहरू यहाँ उपस्थित छौं सैत्तीसै जनाले सही गरे त यो सर्वसम्मत् हुन्छ, सर्वसम्मत्को घोषणा गरिनुपर्छ ।

त्यसैले अब यो प्रदेशको राजधानी सुर्खेतमा बनाउने काममा पनि सबै हामी सांसदहरू सर्वसम्मत् तरिकाको राजधानीको घोषणा गर्न सफल हुन म सबै सभामुखज्यूमार्फत् सांसदहरूसँग आग्रह र अनुरोध गर्न चाहन्छु हामी सर्वसम्मत् तरिकाले अगाडि बढ्यौ हामी सबै पक्ष र सत्तापक्ष र प्रतिपक्ष एकता भएर अगाडि गयौ भने हाम्रा कामहरू पूर्णता प्राप्त गर्न सक्छन् । हाम्रा जनताका चाहनाहरू पूर्णता प्राप्त गर्न सक्छन्, त्यसकारणले अबका दिनहरूमा यो प्रदेश निर्माणका निमित्त मुख्य काम हामीले उत्तरमार्गलाई दक्षिण मार्ग हाम्रो रोकिएको छ । उत्तरमार्गलाई फोकस गरेर अगाडि जानुपर्ने अवस्था छ । यो प्रदेशका मन्त्रीज्यूहरूलाई र मुख्यमन्त्रीज्यू लगायत मन्त्रीज्यूहरूले कार्यकारी तपाईंहरू भएको हुनाले त्यस्ता कुराहरूलाई यो सदनभित्र पेश गर्न र यहाँका जनताका जीवनस्तरमाथि उठाउनका निमित्त र उर्जा र कृषिलाई विशेष फोकस गरेर अगाडि बढ्यौ भने हामी धेरै दिन लाग्ने छैन । मैले अस्तिको यो रोष्टमबाट पनि भनेको थिए २२ वर्षभन्दा २२ वर्ष मै संसारका देशहरू विकसित भइसके आज हामीलाई धेरै ५ वर्षभित्रमै हामी सफल हुन सक्छौं भन्ने कुरा राख्दै म हाम्रो प्रदेशको कर्णाली प्रदेशको राजधानी सुर्खेत मै रहनाका निमित्त सबै सांसदहरूले यही भावनाका साथ अगाडि बढ्न आव्हान गर्दै अनुरोध गर्दै विदा हुने अनुमतिचाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय नरेश भण्डारी । (समय ५ मिनेट) ।

नियमापत्ति..................................।

**माननीय सभामुख :** यो सरकारले ल्याएको होइन माननीयज्यू यो प्रतिपक्ष दलको नेताको प्रस्ताव हो ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारी :** माननीय सभामुखज्यू, माननीय मुख्यमन्त्री, मन्त्रीज्यूहरू र माननीय सदस्यहरू । हामी विरलै मात्र हासिल हुने त्यो घडीमा उभिएका छौं, हामी प्रदेशको जीवनमा गम्भिर प्रभाव पार्ने संवेदनशील प्रभाव पार्ने निर्णय हामी गरिरहेकाछौं, त्यो निर्णय प्रक्रियामा जुटिरहेका छौं । म बोलिरहदा मैले संघीयता प्राप्तिका निम्ति बलिदान गर्ने अमरोत्व हासिल गर्ने हरिबहादुर कुवँरको त्यो करिव-करिव जीवनको अन्तिम घडीको उनको त्यो प्रस्तुतीको मतलव फिजिकल प्रस्तुतीको मैले यतिबेला स्मरण गरिरहेको छु । जतिबेला उनी यो संघीयताको लडाईमा घाइते भए उनी पहिलो पटक काठमाडौं पुगे टिचिङ्ग हस्पिटलमा उनी काठमाडौं पहिलोपटक पुगेका थिए तर म काठमाडौं आए भन्ने कुरा उनलाई थाहा थिएन । किनकि उनी झण्डै-झण्डै अर्ध मृत अवस्थामा थिए, उनी बोल्न सक्दैनथे पहिलोपटक उनले राजधानी देखे एउटा जुम्लाको युवा हरिबहादुर कुवँर । जसले यो प्रदेशको सीमाङ्कनको लागि यो प्रदेशको जनताको अधिकारको निम्ति उनले अमरोत्व हासिल गर्दै थिए जीवनका अन्तिम पलहरूमा उनले मलाई के भन्न खोज्दै थिए तर उनले भन्न सकिरहेका थिएनन् त्यतिबेला, म पनि उनलाई के भन्न चाहन्थे ती कुराहरू म के भन्न चाहन्थे भने यो प्रदेश र तपाईंको यो कुर्वानीको हामी हिसाब राख्नेछौं, हामी हिसाब राख्नेछौं उच्च सम्मान गर्नेछौं ।

म हाम्रो प्रमुख प्रतिपक्षको नेताले नियमापत्ति पनि गर्नु भयो नयाँ अभ्यास होकि भन्नुभयो उहाँले हामी प्रतिपक्ष सत्तापक्ष झण्डै-झण्डै एउटै हामी चाहिँ डुङ्गामा सवार भइरहेकाछौं उहाँकै प्रस्ताव हो सरकारको प्रस्ताव होइन यो । हामी मतलव ग्रेट डिबेट गरिरहेका छौं अझ डिबेट पुगिरहेको छैन जस्तो मलाई । मैले अघि भने यो प्रदेशको भविष्यमा गम्भिर प्रभाव पार्ने संवेदनशिल प्रभाव पार्ने निर्णय प्रक्रियामा जुटीरहेका छौं अलि बढी ग्रेड डिबेट हुन पर्दथ्यो, श्रृङ्खलाहरूमा हुनुपर्दथ्यो बहस, यो बहस जरूरी थियो ताकि भोलि हामीले हिस्ट्रिले हामीसँग प्रश्न सोध्छ । त्यो प्रश्नको जवाफ पूर्ण तयारी गर्न हुन्थ्यो । म त्यो हरिबहादुर कुँवरको कुरा गर्दैथिए हरिबहादुर कुँवरजस्ता चार वटा योद्धाहरूले चार जना योद्धाहरूले बलिदान गरेका छन् । उनीहरूको रगतले हामीले सीमाङ्कन गरिरहेका छौं । मैले अघि भन्दै थिए कि उनीसँग पनि मेरा केही कमिटमेन्टहरू थिए र अहिले पनि छन् । उहाँहरूप्रति हामी सबैका कमिटमेन्टहरू छन् उहाँहरूको म्यान्डेटले आज हामी यो ठाउँमा आइरहेका छौं, ड्राइभिङ सीटमा हामी पुगिरहेका छौं । त्यसो हुदाँखेरि उनी जीवन अन्तिम पलमा केही भन्न खोज्दै थिए अरू सहिदहरूले पनि भन्न खोज्दै हुनुहुन्थ्यो हामीले जस्टिस गर्न जरूरी छ भन्ने मलाई लाग्दछ । त्यसो हुदाँखेरि अलि अप्ठेरो असहज फिल भइरहेको होला म आफैंलाई पनि मतलब मन्त्री यो रोष्टमबाट बोल्दा खेरि केही असहज अनुभूति त भइरहेकै छ तर पनि ती मान्छेहरूले भोलि हाम्रा लागि बोलिदिने कोही पनि भएन भनेर प्रश्न नगरोस्, यसका लागि म यो रोष्टमबाट बोलिरहेको छु । भन्नुको अर्थ यो प्रदेशमा जुम्ला पनि राजधानीको दावेदार थियो । जुम्ला जस्ता चाहिँ तपाईंको भूगोलहरू पनि राजधानी दावेदार थिए मैले भन्न खोजेको के हो भने सुर्खेतको विरूद्धमा छैन । सुर्खेत राजधानी हुनुहुँदैन भनेर मैले प्रस्तुत पनि म हुँदैन तर मैले आफ्ना विचारहरू, आफ्ना मतहरू राख्न पाउनुपर्दछ किनभने यो सदनको म सदस्य हो । मैले इलेक्सनमा भनेको थिए मैले मतलव इतिहासलाई मैले चाहिँ हिलो छ्याप्न मिल्दैन त्यो ताजा छ तपाईंले हेर्न सक्नुहुन्छ मेरा अन्तरवार्ताहरूमा मेरा चाहिँ मतलव मन्तव्यहरूमा हेर्न सक्नुहुन्छ । मैले भनेको थिए दुईवटा राजधानी हुनुपर्दछ यो प्रदेशमा ।

यो प्रदेशको सन्तुलित विकासको लागि यो प्रदेशको मनोविज्ञानलाई जोड्ने रसायन दुईवटा राजधानी हुनसक्छ । यो प्रदेशको विगत तिर विचरण गर्ने हो भने पनि दुईवटा राजधानीको प्रयाक्टिस बडा गौरवपूर्ण प्रयाक्टिस शानदार प्रयाक्टिस विगतमा भएको थियो हामी नयाँ प्रयाक्टिस गर्दै थिएनौं । त्यसोभा हुनाले त्यो साइकोलोजी ती हरिबहादुर कुँवरको मनोविज्ञानलाई सम्बोधन गर्नको लागि पनि जरूरी थियो । यो प्रदेशको विशिष्ट स्थितिलाई सम्बोधन गर्नको निम्ति हामीले विवेक पुऱ्याउनु पर्दथ्यो । म मलाई एउटा विषय मलाई खड्किरहेको विषय यो हो ।त्यसो भएको हुनाले जतिबेला सुर्खेतमा योद्धाहरू ढल्दै थिए जतिबेला राज्यसत्ताले केन्द्रीय राज्य सत्ताले जतिबेला दमन गर्दै थियो जतिबेला संघीयता प्राप्तिको आन्दोलनमा उनीहरू चाहिँ तपाईंको चाहिँ बुट बजार्दै थिए त्यतिबेला जुम्लाले त्यतिबेला कर्णाली साविकको कर्णाली अञ्चलले सुर्खेतको पक्षमा जोडदार ढङ्गले आफूलाई प्रस्तुत गऱ्यो रगतमा रगत दियो उसले भन्यो ल सुर्खेतलाई जस्टीस गर्नको लागि हामी कति सहिद चाहिन्छ हामी तयार छौं, त्यो निकै गौरव गर्न लायक, निकै कारूणिकर निकै संवेदनशिल विषय थियो तर अहिले त्यही जुम्ला त्यही कर्णालीका भूगोलहरू अहिले सुर्खेत तिर आज सुर्खेतलाई प्रश्न गरिरहेका छन् तिमी ढल्दा खेरि, तिमी घाइते हुदाँ खेरि हामीले हाम्रो मृत्युको प्रवाह गरेनौं अब तिमीहरूको जवाफ के हो ? यो जवाफ हामीले सुर्खेतमा बसेर हामी सांसदहरूले दिनुपर्छ कि पर्दैन ? त्यसो भा हुनाले यो जवाफ सुर्खेतले जुम्लालाई दिनुपर्छ, यो जवाफ सुर्खेतले हुम्लालाई दिनुपर्छ, यो जवाफ सुर्खेतले डोल्पालाई दिनुपर्छ यदि यसो भयो भने हाम्रो हार्मोनी र भावनात्मक विशेष रसायनले जोडिन्छ ।

त्यसो भयो भने समृद्ध प्रदेश बन्छ । म तपाईंहरूलाई भनौं वेस्ट बङ्गाल जहाँ अहिले कन्फिलिक्टमा छ ठूलो द्वन्द्वको सामाना गरिरहेको छ, दार्जिलिङले वेस्टबङ्गालबाट सम्बन्ध विच्छेदको कुरा गरिरहेको छ किनभने वेस्ट बङ्गालिहरूले दार्जिलिङ, दार्जिलिङेहरू माथि नेपाली भाषीहरू माथि दमन गरेका छन् टोटल रिसोर्स तलै कन्सन्ट्रेट गरेका छन्, टोटल राइटहरू तलै कन्सन्ट्रेट गरिरहेका छन् भनेर गम्भिर विमत्ति जाहेरी गरिरहेका छन् । भर्खरै मात्र त्यो विगत धेरै टाढा हैन निकट विगत हो त्यसो भा हुनाले यी कुराहरूलाई सम्मानित सदनले ख्याल गर्नुपर्दछ । हो त्यसो भा हुनाले मैले तपाईंलाई थाहा छ मैले एउटा उदाहरण म दिउ प्रयाक्टिसहरू छन् भारतको जम्मु कश्मिरमा प्रयाक्टिस छ गृष्मकालिन र शितकालिन राजधानीको यो नयाँ प्रयाक्टिस हैन तपाईंहरूले हेर्नुभयो भने मलाई लाग्छ स्वीटजरल्याण्डमा तीनवटाराजधानी छ तपाईंको अन्तर्राष्ट्रिय राजधानी छ, पोलिटिकल राजधानी छ, तपाईंले हेर्नुभयो भने विजनेस राजधानी छ । ती विजनेश मतलव अन्तर्राष्ट्रिय राजधानीमा मतलव जेनेभा एउटा हो, वोन र जुरिज हो । साउथ अफ्रिकाको कुरा गर्नुहुन्छ भने तीनवटाराजधानी छ कार्यपालिका एक ठाउँ छ, न्यायपालिका अर्को ठाउँमा छ, व्यवस्थापिका अर्को ठाउँमा छ हामीले त्यो प्रयाक्टिस यहाँ गर्नसक्नु पर्दथ्यो गर्नुपर्छ पनि म यो भन्छु हामीले यो अन्तिम हैन यो सदनले दुई तिहाइले फेरि हामीले त्यो खालको निर्णय पनि गर्न सक्छौं त्यो निर्णय हामी संशोधन पनि गर्न सक्छौं । त्यसो भएको हुनाले मैले यहाँहरूसँग अपिल के गर्न चाहन्छु मलाई माननीय सभामुख महोदय म मन्त्रीको हैसियतले भन्दापनि एक जना सांसदको हैसियतमा बोलिरहेको छु ।

त्यसो भएको हुनाले म आफ्ना मतलाई दर्ज गर्न चाहन्छु र जनताको प्रश्नको जवाफ म यो रोष्टमबाट उभिएर दिन चाहन्छु तर अहिले मतलव सापेक्षिक सत्यको खोजिको गर्ने हो रिजर्भेसनसहित त्यसो हुदाँ खेरि फेरि हामीले सुर्खेतलाई इन्कार गर्ने कुरा पनि हैन । दुईवटा राजधानीको कन्सेप्टमा जाऔं तीनवटा राजधानी अथवा अरू त्यस्तो खालको विकेन्द्रीकरण पनि हुन सक्दछ । हैन कल्चरल राजधानीको कुरा पनि आउन सक्दछ थुप्रै छ त्यसो हुदाँ खेरि हिजो राजाको कालमा तपाईंलाई थाहा छ पाँच विकास क्षेत्रमा

राजाहरूका एड्भाइजरहरूले उनीहरूलाई भने हामी सिंहदरबारको खोपिमा कैद हुदाँखेरि हाम्रा जनताहरू हामीप्रति वितृष्णा पैदा भयो जनताहरूको त्यसो भएकोहुदाँ खेरि रोटेशनमा शासन गर्नुपर्छ । कहिले वीरेन्द्रनगरमा बस्ने कहिले महेन्द्रनगरबाट शासन गर्ने धेरै ठाउँबाट शासन फिल्डबाट शासन गर्दा खेरि हामी माथि ट्रष्ट हुन्छ र डेभलेपमेन्ट पनि हुन्छ र हाम्रे शासन लम्बिन्छ भनेर सजेस्ट गरेका थिए । त्यसो हुदाँ खेरि हामीले राजधानी भनेर चाहिँ पुरै चाहिँ तपाईंको पिल्लर गाडेर केन्द्रकृत मानसिकताका साथ बस्ने सोचबाट मुक्त हुन जरूरी छ । यति भन्दै माननीय सभामुखज्यू सम्भवत समय पनि टुङ्गिन थाल्यो होला कि मैले अघि नै भनि सके के इतिहासमा हाम्रा लागि बोलिदिने कोही पनि भएन भनेर जनताहरूले नभनुन् यस अर्थमा बोलिरहेको छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय यज्ञबहादुर वि.सी. । (समय ५ मिनेट)

**माननीय सदस्य श्री यज्ञबहादुर वि.सी. :** माननीय सभामुख महोदय र उपस्थित उपसभामुखज्यू र मन्त्रीज्यूहरू र माननीय सांसदहरू र यो राजधानी स्थायी राजधानीको बारेमा हामी जुन अहिले यहाँ छलफलमा गरिरहेका छौं संघीयता हुँदै गर्दा हाम्रो यो जुन सदन आज चारौ पटक चलिरहेको छ । हामीले यहि सदनमार्फत् सहमतिको आधारमा सभामुख लगायत उपसभामुख मुख्यमन्त्रीसमेत सहमतिको आधारमा हामीले गठन गरेका छौं । सर्वप्रथम म सभामुख र उपसभामुख र मन्त्रीमण्डलका मुख्यमन्त्री लगायत सम्पूर्ण मन्त्रीगणहरूलाई बधाई ज्ञापन गर्न चाहन्छु साथै उहाँहरूको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, अब राजधानीका बारेमा कुरा गर्दा भनौं, अब यो संघीयताको सवालमा प्रदेश नं.६ लाई यो सदनले यो सदन मार्फत् अगाडि जाने सवालमा हाम्रो कार्यविधि अगाडि बढाइरहेका छौं ।

यो मानेमा कि यो प्रदेश कै राजधानीको कुरा गर्दा पछि जन्मेको कान्छो प्रदेश भन्ने जुन आको छ कि हामी सहमतिको आधारमा अहिले सम्म जे जति हाम्रा कार्यविधिहरू सञ्चालन यो सदनले गरिरहेको छ यसमा सहमतिकै आधारमा अगाडि बढिरहेको अवस्था मलाई के सम्झना आउछ भने जव राज्यले त्यो बेलामा कि ६ वटा प्रदेश नै अवधारणा ल्यायो त्यसको फलस्वरूप हामीले के भनेका थियौं भने अखण्ड मध्यपश्चिम नै हाम्रा यहाँ सुर्खेत जिल्ला अथवा यो कर्णाली प्रदेशभित्र हालको यो भर्खरै सर्वसम्मत् ढङ्गबाट नामाकरण गरिएको कर्णाली प्रदेशका सम्पूर्ण आमजनता, कार्यकर्ता, नेताको आवाज एउटै बुलन्द आवाज के थियो भने यसलाई अखण्ड मध्यपश्चिम कायम गर्नुपर्छ भन्ने थियो सर्वप्रथम यो मानेमा हामी कर्णाली देखि लिएर सुर्खेत सम्मका सम्पूर्ण कार्यकर्ता नेताहरू बुलन्द आवाज लिएर सडकमा जादैं गर्दा हाम्रा आपसमा पार्टीको छलफल गर्दैगर्दा बाँके र बर्दिया यदि आएन भने अब यो अखण्ड सुदुरपश्चिम अखण्ड मध्यपश्चिम हुन सक्दैन भन्ने पनि व्यापक बहस र छलफल हुने गर्थ्यो । हामीले भन्ने गर्थ्यौं हामीले मात्रै मध्यपश्चिम अखण्ड बनाएर हुँदैन बाँके र बर्दियाका साथीहरूले पनि यसलाई अखण्ड मध्यपश्चिम बनाउनुपर्छ भन्ने आवाज आयो भने निश्चत रूपमा पनि माथि केन्द्र चाहिँ हल्लिन सक्छ हाम्रो अखण्ड मध्यपश्चिम हुन सक्छ भन्ने हामीलाई लागिरहेको थियो र बाँके र बर्दियाले उहाँहरूलाई लाग्यो अब हामी अब होइन अब यो ५ नं. प्रदेश अब राजधानी बनाउने सवालमा उहाँहरूको सोच सायद दाङ नै थियो होला नजिक पर्ने भएको हुनाले दाङ नै थियो होला उहाँहरूले चाहिँ आवाज उठाउनु भएन त्यसपश्चात हामी कर्णालीबासी र सुर्खेतका यावत जनताहरूले आवाज उठायौ र शिर्ष नेताहरूले पनि गलत गर्नहुन्छ कि भनेर पार्लियमेन्टमा त्यो घचघचाउने किसिमले उहाँहरूलाई एउटा चाहिँ त्रसित गर्ने हिसाबले सारा पार्टी अफिसहरूमा आगो लगाइयो सारा जनताहरूले पार्टीमा कुनै पार्टी भनेन् त्यो बेला कसैले पार्टी भनेन । चाहे त्यो एमाले होस, चाहे त्यो

माओवादी होस् चाहे. त्यो काँग्रेस होस्, चाहे जनमोर्चा होस् पार्टी कार्यालयमा पनि तोडफोड गर्ने र आगो लाउने कामहरू पनि गरियो । आज त्यसैको फलस्वरूप मलाई जहाँसम्म लाग्दछ हामी एक सहमतिको रूपमा अगाडि बढिरहेको मैले महसुस गरिरहेको छु।

सभामुख महोदय, यो चाहिँ सुर्खेत भनेको सुर्खेत नगरपालिका भनौं अर्थात सुर्खेत जिल्ला जुन अहिले हामीले सुर्खेत वीरेन्द्रनगरमा यो चाहिँ सदरमुकाम अब स्थायी रूपमा सदरमुकाम कायम गर्नुपर्छ भन्ने जुन प्रस्ताव आदरणीय हाम्रो संसदीय दलको नेता जीवन शाही जीले ल्याउनु भएको छ अब त्यो चाहिँ यथोचित मात्रामा सुर्खेतमै हरेक पूर्वाधार तयार भएको र अघि नै भनिसक्नुभयो थापाज्यूले आदरणीय माननीय थापा जीले भनिसक्नुभएको छ २०० विघाभन्दा पनि बढी सार्वजनिक जग्गाहरू भएको हामीले पूर्वाधार तयार गर्दा अरू चाहिँ जग्गाहरू व्यक्तिका जग्गाहरू मुआब्जा दिएर उठाउनुपर्ने त्यो अवस्था छैन राज्य कै जग्गा छ त्यसकारण पनि सुर्खेत वीरेन्द्रनगरमा राजधानी भएको खण्डमा स्थायी राजधानी बनाउनका लागि यावस कर्णालीबासीहरूको यो हिजो देखि नै अघि नै जीवन शाही जीले भन्नुभाथ्यो एउटा मुल ढोकाको रूपमा रहेको कर्णाली प्रवेश गर्नका लागि कर्णाली प्रवेश गर्नका लागि एउटा मुल ढोकाको रूपमा रहेको यो सुर्खेत वीरेन्द्रनगरलाई अब सम्पन्न भोलि एउटा चाहिँ नमुना कै रूप यो प्रदेश कर्णाली प्रदेशको नमुनाका रूप बनाउन र अन्य प्रदेशलाई  चिनाउनका लागि पनि सुर्खेत मै सम्भावित आधारभुत आवश्यकताहरू सबै तयार भएका कारण सुर्खेतमै स्थायी राजधानी हुनुपर्छ भन्ने म समर्थन गर्न चाहन्छु र सभामुख महोदय, हिजो कर्णाली प्रदेश र सुर्खेतका व्यक्तिहरूसँग को एकदम पूरानै सम्बन्ध छ । जुन सम्बन्ध भोट देखि लिएर सुर्खेतमा नुन ल्याएर नुन चाहिँ नुन हामी खाने र सुर्खेतको भएको चामल कर्णाली अञ्चलमा जाने त्यो हाम्रो चाहिँ पूरानो जुन सम्बन्ध छ आज झन यो सम्बन्ध कर्णाली प्रदेश कै नामले गाढा भएर आएको छ म यो सभामुख मार्फत् सम्मानित सदनका माननीयज्यूहरूलाई स्वागत गर्न चाहन्छु । सभामुख महोदय, अब चाहिँ यहाँ भन्ने गर्छौं र यथार्थता पनि हो सुनको सिरानी राखेर नुनको खोजीमा हिजोको अवस्थामा भौतारिएका ६ नं. प्रदेशका जुन हामी जनता छौं र अब यो अवस्था आउँनु नपरोस् भर्खरै मात्र यो संघीयता शुरू भएको छ । प्रदेशमा हामी यो प्रदेशलाई कसरी यो समृद्धशाली बनाउने यहाँको आर्थिक उन्नती प्रगती कसरी लैजाने भन्नेमा हामी ४० जना सांसदहरू जनताले अभिमत दिएर विश्वास गरेर पठाउनु भएको छ । अबचाहिँ जहाँ सुनको खोजी नुनको खोजिमा लागिरहेको प्रदेशलाई फेरि पुनः कर्मचारी विहिनताको कारणले अब फेरि हामी फेरि ६ नं. प्रदेशका नेताहरू भनौं अब सांसदहरूले फेरि त्यो कर्मचारीको खोजीमा लाग्नु नपरोस् ।

सभामुख महोदय, म चाहिँ मन्त्रीज्यूहरूसँग मुख्यमन्त्रीलाई सभामुखमार्फत् अनुरोध गर्न चाहन्छु । ल अन्तमा, यस सुर्खेत यो ६ नं. कर्णाली प्रदेशको राजधानी सुर्खेतमै बनाउनु पर्दा यहाँ चाहिँ भएका पूर्वाधारहरूलाई हामीले सु-सम्पन्न गर्न सरल र सजिलो हुने भएको र यो मुल गेटको रूपमा रहेको वीरेन्द्रनगर भौतिक पूर्वाधारका कारणले पनि प्रशस्त मात्रामा भएका कारण र यहि सुर्खेतमै यो चाहिँ प्रदेशको राजधानी हुनुपर्छ भन्ने मलाई लागिरहेकोले म पूर्ण चाहिँ समर्थन गर्दै सभामुखज्यू मार्फत् अनि सांसदज्यू गरिमामय सांसदहरूलाई अनुरोध गर्दै मेरा भनाइ यही अन्त्य गर्दछु धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख :** माननीय धर्मराज रेग्मी। (समय ५ मिनेट)

**माननीय सदस्य श्री धर्मराज रेग्मी :** माननीय सभामुख महोदय, बडो ऐतिहासिक विषयमा आज दुई वटा प्रस्तावमा हामी संसदमा छलफल गरिरहेका छौं । ऐतिहासिकयस अर्थमा छ कि प्रदेशको नामाकरण र राजधानी नामाकरण हामीले प्रदेशको ऐतिहासिक पहिलो प्रस्तावमा हामीले कर्णाली प्रदेश नामाकरण

गरिसकेका छौं र हामी म अहिले जे प्रयोजनका लागि यो रोष्टममा उभिएको छु राजधानीका बारेमा म केही यो छलफलमा सहभागी हुन चाहन्छु सभामुख महोदय ।

इतिहास आफैं दोहोरिन्छ कि दोहोरिदैन इतिहासको पुनरावृत्ति हुन्छ कि हुँदैन भन्ने बारेमा हिस्टोरियनहरू इतिहासबिदहरूको बीचमा छलफल हुने गर्छ । हामी अहिले एउटा धारणा बनाइरहेका छौं हामी जहाँ कर्णाली प्रदेशको नाम राखेका छौंअहिले भर्खर सभाबाट यो पूरानो राज्य खस मल्ल राज्यको पुनर्स्थापन हो यो, हाम्रो बुझाई र हाम्रो स्कुल अफ थट के हो ? Does History Repeat itself इतिहास आफैं दोहोरिन्छ कि दोहोरिदैन भनेर इतिहासकारहरू छलफल गर्छन् । त्यसको एउटा साझा बुझाई के हो भने मान्छेले इतिहासबाट धेरै कुराहरू सिक्दैन । You do not learn from History but they always try to create history. मान्छे सधै के गर्छ भने नयाँ इतिहास निर्माण गर्छ, उ तल्लिन हुन्छ त्यसकारणले इतिहासबाट उसले कम कुरा सिक्छ । यो पूरानो खस मल्ल राज्यको पुर्नस्थापना हो पूरानो खस मल्ल राज्यको पुनरावृत्ति हो र इतिहास फेरि दोहोरियो भन्नुभयो भने हामी फरक ठाउँमा पुग्छौ सभामुख महोदय त्यसकारणले म गरिमामय सदनमा हामी आज जुन नामाकरण गर्दैछौं जहाँ राजधानी तोक्दैछौं जुन व्यवस्थामा हामी आएका छौं यो पूरानो प्रणाली खस मल्ल राज्यको पुनर्स्थापन हो पुनरावृत्ति होइन । History does not repeated itself इतिहास आफैं दोहरिदैन र यसको पुनरावृत्ति हुन सक्दैन । हामी जुन खस मल्ल राज्यको इतिहास पढिरहेका छौं म इतिहासप्रति अत्यन्त गर्व गर्छु । इतिहास रेफिरेन्सको रूपमा लिन सकिन्छ, । इतिहासप्रति हामी सम्मान गर्छौं । इतिहास बिर्सनुहुँदैन तर हामी आज जुन इतिहासमा छलफल गर्दैछौं त्यो ८०० वर्ष पहिलेको कर्णाली खस मल्लको इतिहास संघीय व्यवस्थामा पुनरावृत्ति हुन सक्दैन सभामुख महोदय । यसमा बढो स्पष्ट छु सभामुख महोदय । राजधानी तोक्ने बारेमा केही सीमाहरू छन् सभामुख महोदय, राजधानी तोक्दा सबभन्दा पहिले संवैधानिक सीमा हुन्छ संविधानले राजधानी तोक्ने बारेमा के व्यवस्था गरेको छ त्यसपछि राजनैतिक प्रणालीको चरित्र हुन्छ सभामुख महोदय । Nature of Political System कस्तो राजनैतिक प्रणाली छ, केन्द्रीकृत राजनीतिक प्रणालीहरूमा माथिबाट राजधानी तोकिन्थ्यो केन्द्रमा राजधानी हुन्थ्यो । अहिले हामी जहाँनिर आएर छलफल गर्दैछौं म सम्झन्छु संविधान निर्माणको बेला मस्यौदा समितिको ड्राफ्टिङ कमिटिको सभापति कृष्ण सिटौला र हामी एकचोटी ५/७ जना संवैधानिक कानूनको वकिलहरूलाई बोलाउनु भयो र उहाँले भन्नुभयो हामीले अहिले नै यसको राजधानी र सीमा तोक्दा खेरि के फरक पर्छ हामीले त्यो बेला सार्वभौमसत्ताको संविधानको Sovereignty को कुरा उठायौ र हामीले के भन्यौ भने हामी प्रदेशलाई जब सार्वभौमसत्ताको निश्चित दिशा हस्तान्तरण गर्दैछौं भने अहिले तपाईंले तोक्नु भयो भने त्यो केन्द्रीकरण हुन्छ । सम्बन्धित प्रदेशमा नाम र सीमा तोक्न दिनुपर्छ। संवैधानिक सीमा सभामुख महोदय हाम्रो संविधानले के भन्यो भने प्रदेश सभाले हामी निर्णय गर्न सक्छौं भन्यौं र जस्तो आज अभ्यास गरिरहेका छौं र ऐतिहासिक रूपमा हामीले कर्णाली प्रदेश नामाकरण गरेका छौं । यो कुरा मैले भन्न यो कुराको बारेमा मलाई बडो जानकारी छ सभामुख महोदय पूरानो खस मल्ल राज्य रासिभन्दा पश्चिमका सबै क्षेत्रहरूमा थियो यो ८०० वर्ष अघिको पूरानो कुरा हो सभामुख महोदय । इतिहासप्रति हामी गर्व गर्न सक्छौं । वस्तु र सेवाहरूको वितरण प्रणाली राज्यले जहिले पनि राज्यले वस्तु र सेवाहरूको वितरण गर्नुपर्छ सरकारबाट । Distribution System कस्तो छ कहाँबाट सजिलो हुन्छ, राजधानी यस यो आधारहरूले लिइदोरहेछ सबैबाट । त्यसो भौगोलिक अबस्थिति टेरिटोरियल लोकेशन कस्तो छ फिताले नापेर मिटरले नापेर राजधानी बनाउन सकिदैन सभामुख महोदय तर भौगोलिक अवस्थितिलाई पनि ख्याल गरिन्छ र केन्द्र र प्रदेशको पहुँच एक्सेसको बारेमा चाहिँ राजधानीको एउटा

आधार बनाइदोरहेछ त्यसो हो भने राजधानी कुनै एउटा आधारले मात्र तय गरीदैन सभामुख महोदय । राजधानीहरूका धेरै आधारहरू हुन्छन् ।

अहिले माननीय जीवनबहादुर शाहीले जुन प्रस्ताव पेश गर्नु भएको छ यस सभाका सदस्य र म जुन प्रस्तावको बारेमा छलफल गर्न यो गरिमामय संसदमा छु सभामुख महोदय हामी आज अहिले ऐतिहासिक काम गर्दैछौं त्यसकारणले हामी पूरानो इतिहासको पुनरावृत्ति गर्दैछैनौं कि आज हामी नयाँ इतिहास निर्माण गर्दैछौं । म माननीय सदस्यलाई पनि यो School of thought बाट अपिल गर्दछु। हो समयानुसार राजनैतिक व्यवस्थाको चरित्रअनुसार राजधानीहरू परिवर्तन हुन्छ । ब्रिटिश कोलोनीको बेला कोलकत्तामा राजधानी १९११ पछि भारतको राजधानी न्यू दिल्लीमा भयो । जान सक्छ पछिको बारेमा प्रश्नहरू छन् राजधानीका बारेमा तर यो १० वटा जिल्लाको भावनाहरूको राजधानीले प्रतिनिधित्व गर्नुपर्छ । नामाकरण गर्दा र सिमांकन गर्दा केही यसको प्रतिनिधित्व गर्नुपर्छ । जुम्लाका आफ्ना भावनाहरू छन् जनताका भावनाहरूलाई सम्मान गर्दछु, दैलेखका आफ्ना भावनाहरू छन् हामीसँग अथाहा सामाजिक साँस्कृतीक निरन्तरता छ सभामुख महोदय यसको सम्मान गर्न सकिन्छ र यो प्रदेशका सबै जनताको भावनाको सम्मान गर्न चाहन्छु सभामुख महोदय । त्यो हुदाहुँदै पनि के हो भने अहिलेको संवैधानिक सीमा अहिलेको केन्द्र प्रदेश पहुँचको कुरा वस्तु सेवाको जुन वितरण गर्ने तरिका यो सबै हिसाबले चाहिँ राजधानी प्रस्तावित हामीले जुन प्रस्ताव गरेका छौं त्यो चाहिँ उपयुक्त हो, सभामुख महोदय । २/३ वटा कुराहरूमा हामीले बडो संसदमा चाहिँ शुरूको दिन देखि बोलिरहेका छौं सभामुख महोदय । मैले पनि बुझ्दैछु । मैले पछिल्लो समय म जब निर्वाचित भए मैले संसदका बारे केही कुरा अध्ययन् गर्न थाले संविधानको विद्यार्थीको रूपमा एउटा राजनैतिक शास्त्रको विद्यार्थीको रूपमा हामी पक्कै संसदकाविषयमा हाम्रा लागि रोचक हुन्थ्यो ।संयोगले म आफैं यो संसदमा आउने अवसर मिल्यो सभामुख महोदय । संसदमा पक्ष र विपक्षमा हुँदैनौ भनेर बडो मजाले छलफल भइरहेको छ ।

एउटा सांसदको रूपमा जब म बोल्छु एउटा सांसद जहिले पनि अपोजिशनमा हुन्छ सभामुख महोदय । एउटा सांसद जहिले पनि अपोजिशन हुन्छ किन भने एउटा सांसदले जनताका भावनाहरू समेटर संसदमा मुखरित गर्नुपर्ने सभामुख महोदय । त्यसकारणले मैले बुझेको विपक्षीले बुझेको School of thought एउटा होला, सरकारले बुझेको School of Thought एउटा होला । यो रोष्टममा यो डयासमा म उभिएर मैले बोल्दैछु मैले बुझेको संसद एउटा सांसद जहिले पनि अपोजिशनमा हुन्छ सभामुख महोदय । म यो डयासमा उभिएर म सभामुख मार्फत् माननीय सदस्यहरूलाई पनि के जानकारी गराउँछु भने म जहिले पनि अपोजिशन हुन्छु किन अपोजिशन हुन्छु भने हामी सरकारलाई सहयोग गर्छौं सरकारमा जो भएपनि हामी सहयोग गर्छौं हामी रचनात्मक काम गर्छौं तर जब जनताका आवाजहरू संसदमा मुखरित गर्नुपर्‍यो भने म पार्लियमेन्टरियन हुँ म अहिले सांसद हु त्यो कारणले मेरो भूमिका सधै अपोजिशन हुन्छ सभामुख महोदय । म आफू सत्तामा भए पनि सत्ताका सीमाहरू हुन्छन् सभामुख महोदय । सत्ताका सीमाहरूका बारेमा, शासन व्यवस्थाका सीमाहरूको बारेमा हामी सबैले जानकार हुनुपर्छ सभामुख महोदय । यति कुराहरू मैले राखिसकेपछि राजधानी सुर्खेत बनाउने माननीय जीवनबहादुर शाहीले राख्नुभएको प्रस्ताव यस सभाका माननीय जीवनबहादुर शाहिले राख्नुभएको प्रस्तावमा म त्यो प्रस्तावमा समर्थन गर्न चाहन्छु र माननीय सदस्यहरूलाई पनि त्यसमा समर्थन गर्न सभामुख मार्फत् अपिल गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कुर्मराज शाही । (समय ५ मिनेट)

**माननीय सदस्य श्री कुर्मराज शाही :** माननीय सभामुख महोदय, माननीय सांसदज्यूहरू आज हामी एउटा ऐतिहासिक क्षणमा उभिएका छौं । आफूलाई प्रस्तुत गरेका छौं सभामुख महोदय । ठूलो सङ्घर्षका बीचबाट ठूलो लडाईका बीचबाट रगतै बगाउनुपर्ने भयो एउटा सुन्दर बच्चाको जन्म भएको छ र त्यो सुन्दर बच्चा जन्मिसकेपछि धेरैले त्याग गर्नुपऱ्यो बलिदान गर्नुपऱ्यो र त्यो सुन्दर बच्चाको नाम चाहिँ राख्ने क्रममा हामी उभिएका छौं र सुन्दर बच्चाको नाम राख्ने क्रममा नाम पनि एकप्रकारको राखुपर्छ । सुन्दर नाम राखिएको छ र त्यो निर्णयार्थ पेश भइसकेको छ प्रस्तुत भइसकेको छ र निर्णय भइसकेको छ । त्यो भएको हुनाले सुन्दर नाम नाम मात्र राखेर हुँदैन त्यो नामका पछाडि Characteristics त्यसका विशेषताहरू पनि सुन्दर हुनुपर्छ । अनि बल्ल त्यो बच्चाले भविष्यको मार्ग प्रशस्त गर्न सक्छ त्यो भएको हुनाले आज यो नाम कर्णाली राखिएको छ । हामीलाई अत्यन्त खुशी लागेको छ र हामी गौरबको महसुस यसको अनुभूति गरिरहेका छौं र यो कर्णालीसँग थुप्रै-थुप्रै कुराहरू जोडिएका छन् ।

मभन्दा पूर्व बोल्ने माननीय सांसदज्यूले बोल्नु भयो मल्लको राजाको पुनरावृत्ति भएको होइन खस राजाको पुनरावृत्ति भएको होइन तर इतिहासको यथोचित मुल्याङ्कन गर्न सकिएन भने वैज्ञानिक ढङ्गले त्यसको व्याख्या र विश्लेषण गर्न सकिएन भने वर्तमानमा चल्न सकिदैन । अनि भविष्यको समृद्धि मार्गलाई प्रशस्त पार्न सक्दैनौं । त्यो भएको हुनाले मलाई के लाग्छ भन्दाखेरि आजभन्दा ४०० वर्ष पहिला साँच्चीकै गरिब कसरी पर्यो भन्ने विषयमा छलफल  र बहस त आरम्भ गर्नुपर्छ । हामीले गर्न सकेनौ त्यसको मुलाल गर्न सकेनौ भने भविष्यमा चल्न सक्दैनौं जान सक्दैनौं त्यो भएको हुनाले एक जमानामा चौधौं पन्ध्रौं शताब्दीमा अत्यन्त समृद्ध कर्णाली प्रदेश कसरी गरिब बन्यो त्यो प्रदेश उत्तरमा ताक्लाकोट सम्म फैलिएको थियो, पश्चिममा कुमाउ गडुवाल सम्म फैलिएको थियो र यसै गरी पूर्वमा त्रिशुली नदीसम्म फैलिएको दक्षिणमा तराई तिर फैलिएको यो प्रदेश कसरी खुम्चिन पुग्यो र यसको समृद्धि असाध्यै समृद्ध यो प्रदेश आज कसरी गरिब बन्यो भन्ने विषयको यथोचित मुल्याङ्कन गर्न आवश्यक छ । प्रशस्त सम्भावनाहरू छन् तर यो सम्भावनालाई यो बीच २/४ सय वर्षको बीचमा ओझेलमा फाल्ने त्यो पर्यन्त्र त्यो काम भयो त्यसले गर्दा आज भिख माग कर्णाली माग्नेहरूको कर्णाली आज परिचित भएको छ देशमा । अन्तर्राष्ट्रिय जगतमा भिख माग्नेहरू गरिबहरू कर्णाली भन्ना साथ भिख माग्ने र गरिबहरू मात्र बुझिन्छ ।

त्यसो भएको हुनाले यो आज कसरी गरिबी भयो यसको मुल्याङ्कन गर्न जरूरी छ । प्रशस्त सम्भावना छ, इतिहासलाई हेर्ने हो भने इतिहासको पानालाई पल्टाउने हो भने पूर्वीय दर्शन मनुस्मृतीले को जन्म त कर्णाली मै भएको रैछ त त्यो मनुस्मृति दर्शनको आधारमा पश्चिमा दर्शनको निर्माण भएको छ । पश्चिमा दर्शनको पश्चिमाको मलाई के लाग्छ भने देखि त्यसको गुरू त्यसको पुर्वीय दर्शन भनेको मनुस्मृति रैछन् । त्यो मनुस्मृति मनुको जन्म त कर्णाली मै भएको रैछ त । इतिहास पल्टाएर हेर्ने हो भने अझभन्दा त्यतिबेलाको शासन सञ्चालन गर्ने सन्दर्भमा अझभन्दा ढुङ्गे युगमा मलाई लाग्छ विष्णु पनि त्यतिबेलाका राजा होलान् विष्णुको जन्म शिव पनि राजा हुन विष्णुको जन्म त त्यही भएको छ यसको मतलव के हो त भन्दाखेरि वल्डको नेतृत्व त कर्णाली ले गऱ्या रैछ नि त । कर्णाली वर्ल्डको नेतृत्व गरेका थिए । विष्णुले वर्ल्डको नेतृत्व गरेका थिए त्यो भएको हुनाले आज तेत्रो चाहिँ मलाई लाग्छ शक्तिशाली कसरी पछि पऱ्यो त ? त्यो भएको हुनाले मलाई के लाग्छ भन्दाखेरि सुन्दर रारा तालहरू, से-फोक्सुण्डो तालहरू आज हजारौं पर्यटकहरू गइरहेका छन् त्यसलाई मात्र प्रयोग गर्न सकौ भनेपछि मुख्य मलाई के लाग्छ भने देखि आज माध्यमहरू त तिनै बन्छन् नि ।

त्यो भएको हुनाले मलाई के लाग्छ भने देखि योसँग धेरै विशेषता जोडिएको नाम आज राख्न सफल भएका छौं त्यो भएको हुनाले आज ऐतिहासिक हिसाबले अत्यन्त यसको सदनको महत्त्व छ । यसको थुप्रै कुराहरू छन् त्यो भएको हुनाले म माननीय जीवनबहादुर शाहीले राजधानीको सन्दर्भमा सुर्खेत भनेर व्याख्या र विश्लेषण गर्नु भएको छ र उपर्युक्त भन्या सुर्खेत हो त्यो भएको हुनाले उहाँले राखेको प्रस्तावलाई समर्थन गर्दै म विदा हुन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री देवी ओली । (समय ५ मिनेट)

**माननीय सदस्य श्री देवी ओली :** माननीय सभामुख महोदय आज ६ नं. प्रदेशको अधिवेशनको चौंथो बैठकमा अत्यन्तै सगौरवका साथ उपस्थित भइरहँदा यो रोष्टममा म पहिलो पटक उभिएको छु । त्यसकारण क्रान्तिको निम्ति परिवर्तनको निम्ति, न्याय र समानताको निम्ति इतिहासकाल देखि आज सम्म आउदा आफ्नो दिलो ज्यान दिन पछि नपर्ने सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु । उच्च सम्मान व्यक्त गर्न चाहन्छु र यो प्रदेश आज विभिन्न मन्त्रालयका बोर्डहरू यो प्रदेशको सीमा यही प्रदेशका हुनाहार चार जना सहिदहरूका रगतले लेखिएको छ, कोरिएको छ विशेष सम्मान म उहाँहरूप्रति व्यक्त गर्न चाहन्छु । सँगसँगै आजसम्म आउँदाखेरि जिउँदो सहिदको रूपमा बाँचिरहनुभएका घाइते अपाङ्गहरू हुनुहुन्छ उहाँलाई म शिर निहुराएर एकपटक अभिभावदन गर्न चाहन्छु । अवश्य पनि यो प्रदेश निर्माणको शिलशिलामा नेपाललाई संघीयतामा लैजाने शिलशिलामा विभिन्न जिल्लाहरूमा आफूलाई पायक पर्ने प्रदेशतिर समाहित हुनको निम्ति सबै जिल्लाहरूमा आन्दोलन भएका छन् ।

सभामुख महोदय रूकुम जिल्ला आज दुईवटा प्रदेशमा विभाजित भएको छ हामीले त्यो पनि स्मरण गरिरहेका छौं । रूकुमेली जनताहरूले हामी ५ नं. वा ६ नं. जुन प्रदेशमा भएपनि एकै ठाउँमा हुनुपर्छ भनेर आन्दोलन गरिरहेका जिल्लाका हामी प्रतिनिधि हौं । त्यसकारण त्यो भावना पनि त्यहाँ छ । जसरी आज ६ नं. प्रदेशमा रहेको पश्चिम रूकुमलाई चौरजहारीलाई मात्र हेरेर यो नजिक छ भन्ने ठान्नुहुने छैन । डोल्पाको सीमाना त्रिवेणीसम्म रूकुम पश्चिमको भुभाग रहेको छ । त्यसकारण आज यो सुर्खेत नगरीमा जसरी हामी एउटा केन्द्रको स्थायी केन्द्रको निर्णय गर्दैछौं आज यो आफैंमा ऐतिहासिक पक्ष भौगोलिक बनावट शैक्षिक आधारहरू ऐतिहासिक पक्षहरू सबै कुराहरूले उपयुक्त छ । आजको सन्दर्भमा यस कारण आज हामी यो एउटा अत्यन्तै गौरावन्दित भएर केन्द्र निर्माण गइरहेका छौं । म सभामुख महोदय मार्फत् अनुरोध गर्न चाहन्छु के यो केन्द्र शक्ति केन्द्र बनाउनका निम्ति नहोस हाम्रा दुरदराजमा बसेका जनताको सेवा र सुविधालाई त्यहाँ पुऱ्याउनको निम्ति शक्तिको विकेन्द्रीकरण गरियोस् । शक्ति विकेन्द्रीकरणको सिद्धान्तबाट हाम्रा सेवा र सुविधाहरू अगाडि बढुन यो कल्पनाका साथ आज हामीले यो चौंथो बैठकबाट जुन निर्णय गरिरहेका छौं त्यसकारण हामी गर्वका साथ समर्थन गरिरेका छौं कि हिजोको त्यो शक्ति केन्द्रीकृत त्यो दोहोरिनेछैन । अवश्य पनि हामीले बेलाबेलामा भन्ने गर्छौं आज संसारमा सबैभन्दा अग्लो चुचुरो हाम्रो देशमा छ सगरमाथा । सगरमाथा भन्दा अग्लो अथवा उच्च स्थानमा सहिदको गाथा रहेको छ त्यसकारणले हामीले हरेक निर्णयमा हरेक पाईलाहरूमा ती सहिदहरूको रगतलाई सम्झेर निर्णय गर्न सकेनौ आफ्ना कदमहरू अगाडि बढ्न सकेनौं भने सहिदको सपना सम्मान हुन सक्नेछैन ।

हाम्रा यी रोष्टमबाट गरिएका शब्द श्रद्धाञ्जलिले त्यो पूरा हुन सक्नेछैन, त्यसकारण यो प्रदेशभित्र रहेका विभिन्न किसिमका विभेदहरूको अन्त्य गर्नको निम्ति आज हामीले जसरी सर्वसम्मत्बाट यी दुईवटा कुराहरू निर्णय गर्दैछौं त्यो कुरा भोलि व्यवहारमा पुष्टि गरेर हामीले जान सक्ने बोकेर अगाडि बढ्यौ भने अवश्य पनि यो राजधानी र केन्द्रको निम्ति जुनखालका हाम्रा बुझाईहरू छन् त्ये ले त्यहाँ प्रमाणित गर्न सक्ने

छ । केन्द्रको कुरा गर्दा रूकुम पश्चिमको चौरजहारीलाई ६ नं. प्रदेशको नक्शा हेर्दा खेरि हामीले पनि त्यहाँ सेन्टर पर्ने नक्शा हेरिरहेका छौं दावी गर्न सक्छौं, कुरा पनि उठिसकेको छ बहस पनि चलेको छ नामको कुरा गर्दा खेरि भेरी कर्णाली, भेरी कर्णाली राप्ति भन्ने पनि बहस नचलेको होइन तर हाम्रा भावनाले मात्र सब्बै कुरा हुदोरहेनछ हामी यथार्थतामा र यो परिस्थितिको ठोस विश्लेषण गरेर निर्णयमा निश्कर्षमा जानु पर्दा खेरि एउटा विन्दुमा जानु पर्ने एउटा अवस्था स्थिति सृजना भएका कारण आज हामी यो स्वर्णिम निर्णय गर्दै गरेका छौं । त्यसकारण यो निर्णयले हामीलाई आज के संकेत गरिरहेको मैले महसुस गरिरहेको छु भने सभामुख महोदय हाम्रा जति पनि हामीले एउटा मिठो शब्दको रूपमा सबैले हरेक ठाउँमा उच्चारण गरिरहेका छौं हामीसँग रहेको गरिबी, बेरोजगारी, रोग, भोक सबै कुराहरू त्यो एउटा चुनौतीको रूपमा लिएका छौं त्यो चुनौती भनेको हाम्रा निर्णयहरूले हाम्रा इमान्दारिताले त्यसलाई सम्भावनामा परिणत गर्न सक्नेछौं त्यसकारण हरेक ऐतिहासिक पक्ष भौगोलिक बनावट शैक्षिक यातायात पहुँच हरेक कुराले गर्दा खेरि अहिले जुन ठाउँमा अहिले हामीले एउटा यो प्रदेश हो केन्द्र निर्णय गर्दैछौं त्यसमा उपयुक्त छ भन्ने मलाई ठानिरहेको छु यति भन्दै पुनः म सभामुख महोदयमार्फत् के अनुरोध गर्न चाहन्छु भने सबैले थाहा पाएकै कुरा हो "सुखानीको रगतले भन्छ हामीलाई सहिदको रगतले भन्छ हामीलाई सही बाटो हिड्यौ कि भुल्यौं दाजु भाई" यो कुरालाई हामीले मनमा राखेर अगाडि बढ्नेछौं भन्दै म आफ्ना कुरा यहि अन्त्य गर्न चाहन्छु धन्यवाद अभिवादन ।

**माननीय सभामुख :** माननीय बिन्दमान विष्ट। (समय ५ मिनेट)

**माननीय सदस्य श्री बिन्दमान विष्ट :** माननीय सभामुख महोदय हामी यतिबेला गौरवपूर्ण घडीमा उपस्थित भएका छौं । राजनैतिक जीवनको पूर्वार्द्ध देखि एकात्मक सामन्ति सत्ताको अन्त्य गरेर जसले नेपाली समाजको असमानता र विभेदको थालनी गरेको थियो त्यसको अन्त्य गरेर समतामुलक समाज निर्माण गर्ने अभियानमा संलग्न हुदाँखेरि हामीले देखेको सपना एक ठाउँमा केन्द्रीत भएको शक्तिलाई गाउँगाउँमा पुऱ्याउने जनताको बीचमा पुऱ्याउने र त्यो मार्फत् शासन सत्ता सञ्चालन गर्ने कुराको जे सपना देखेका थियौं त्यो सपनालाई साकार पार्ने सन्दर्भमा आज हामी प्रादेशिक संरचना अन्तर्गत यो प्रदेश सभामा सहभागी भएर नामाकरण र राजधानीको विषयमा छलफल गरीराखेका छौं यस अर्थमा मैले यसलाई गौरवपूर्ण घडी मानेको छु यस सन्दर्भमा लोकतान्त्रिक गणतन्त्र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नको निमित्त आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने हजारौ सहिदहरू र त्यसपछि सीमाङ्कनको प्रस्ताव आइसकेपछि केन्द्रको नेताको दिमागमा अलि अलि फेरि उपेक्षित क्षेत्रलाई फेरि उपेक्षित गर्न खोजे जस्तो भान भइसकेपछि यहाँका जनताले जहाँ उपेक्षित क्षेत्र छ त्यहाँको जनताले विद्रोह गर्ने सन्दर्भमा आफ्नो जीवनको उच्च बलिदान गर्नुहुने सहिदहरूप्रति यस सन्दर्भमा विशेष सम्मान गर्न चाहन्छु श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय म यो बैठकमा सहभागी हुँदै गर्दा खेरि यो बैठकका बहसहरू सुन्दै गर्दा खेरि मलाई दुईवटा अनुभूति भएको छ । कहिलेकाँही यो कर्णाली प्रदेश यो संसारको उत्कृष्ट प्रदेश हो भन्ने ढङ्गले बहस भएको छ यहाँ कहिलेकाँही यो प्रदेश संसारको खत्तम प्रदेश हो भन्ने ढङ्गबाट बहस भएको छ यो दुईवटा अनुभूति मैले गरेको छु । यो बीचबाट म यति भन्न चाहन्छु कि अहिले हामीले जो सीमा रेखा राखेर यो प्रदेश निर्माण गरेका छौं त्यो सीमाभित्र बसेर प्रदेश निर्माण गरेका छौं इतिहासमा कुनै बेला यो प्रदेशबारे अहिलेको सन्दर्भमा प्रदेश त्यतिबेला कुनै एउटा वंशीय राज्य थियो होला । यो प्रदेशबाट यहाँको उत्पादन निर्यात गर्ने स्थितिमा थियौं हामी इतिहासको कुरा गर्दाखेरि । इतिहास धेरै लामो होइन हामीले हामी सबैलाई थाहा छ बाउन्न साल देखि नेपालमा जनयुद्धको थालनी भयो त्यो बीचमा केही जनसत्ताको

पनि अभ्यास भएको थियो । म स्मरण गराउन चाहन्छु अहिले जे भूगोल समेटिएर यो प्रदेश बनेको छ त्यतिबेला भेरी कर्णाली भनेर एउटा संरचना निर्माण भएको थियो त्यतिबेलाको सत्ताको मुख्य काम भनेको युद्ध व्यवस्थापन थियो । युद्ध व्यवस्थापनको हिसाबले हेर्दा खेरि त्यतिबेलाको त्यो भेरी कर्णाली प्रदेश भेरी कर्णाली राज्य त्यतिबेलाको युद्ध व्यवस्थापनको हिसाबले आफ्नो व्यवस्थापन गर्न सकेर युद्ध व्यवस्थापनका क्षेत्रमा बाहिर केस सपोर्ट गर्ने स्थानमा त्यो थियो । त्यसकारणले गर्दा खेरि हिजो यहि पेरीफेरिमा यही सेरोफेरोमा भएको जो हो भेरी कर्णाली प्रदेश त्यतिबेला हातमा ओकेटोके समातेर कम्ब्याट ड्रेस लगाएर जनयुद्धकालिन पार्टीको संरचनामा सहभागी भइरहेको रविकिरण आज कर्णाली प्रदेशको नाममा यो गौरवपूर्ण सदनमा सहभागी भएर बिन्दमान विष्टको रूपमा प्रस्तुत भइरहँदाखेरि आफूलाई गौरव अनुभूति भइराखेको छ । म यति कुरा यति राख्दै राजधानी तिर जान चाहन्छु ।

अब राजधानीको प्रस्ताव यहाँ प्रस्तुत भएको छ यस सन्दर्भमा मलाई लाग्छ सभामुख महोदय, अहिले योभन्दा अगाडि जति माननीय सदस्यहरूले बोल्नुभयो सबै करिब करिब अधिकांश जिल्लाका माननीय सदस्यहरूले बोल्नुभयो सहजताको निमित्त सुर्खेत उपयुक्त छ भन्ने समर्थन गर्नुभएको छ यसो हुदाँखेरि यो किन उपयुक्त छ भन्ने म त्यतातिर जान चाहदैन । दोस्रो कुरा अहिले सभामुख महोदय अलिकति देशको नयाँ पुनर्संरचना र देश पुनर्संरचनामा गइसकेपछि वडापालिकाको कार्यालय कहाँ राख्ने विवाद छ गाउँपालिकाको कार्यालय केन्द्र कहाँ राख्ने विवाद छ प्रदेशको राजधानी कहाँ राख्ने सबैतिर विवाद राखेको बेला हामी एउटा नयाँ ढङ्गले छलफलमा सहभागी भइराखेका छौँ । यो किन भयो होला भन्नेमा सभामुख महोदय हामी केन्द्रीकृत सामन्ति सत्ताको त्यसको थिचोमिचोबाट अगाडि आउँदाखेरि जहाँ राजधानी भयो जहाँ केन्द्र भयो त्यहाँ मात्रै विकास हुन्छ भन्ने मानसिकताबाट हामी ग्रसित भइराखेका छौँ त्यसो हुदाँ खेरि यो सम्मानित सदनमार्फत् माननीय सभामुखमार्फत् म हाम्रो यो प्रदेशका जनतालाई अपिल गर्न चाहन्छु हाम्रो दलको तर्फबाट म आफ्नो तर्फबाट अपिल गर्न चाहन्छु राज्यसत्ताको स्वरूप राज्य सत्ताको चरित्र परिवर्तन भएको छ । जहाँ राजधानी हो त्यहाँ मात्र विकास भएको छ अहिले हिजो राजा महाराजा बस्ने ठाउँहरू ठूलाबडाहरू बस्ने ठाउँहरू प्रधानमन्त्री मन्त्री बस्ने ठाउँहरू मात्रै विकासको हिसाबले पहुँचमा पुग्थे । आज राज्यसत्ताको चरित्र परिवर्तन भएको छ र आज हामी राजधानी मात्र हैन केन्द्र मात्रै हैन दुरदराजका ठाउँहरूलाई विकासका मार्गमा लैजाने चरित्रअनुसार हामी अगाडि बढिरहेका छौँ म यो सम्मानित सदनमा यो कुरा व्यक्त गर्न चाहन्छु कि हामी नयाँ ढङ्गबाट अगाडि बढ्न खोजिराखेका छौँ यसकारणबाट हामी जनतालाई अपिल गरौँ हामी अगाडि बढौँ म यो कुरा तपाईंहरूसँग राख्न चाहन्छु र सातै प्रदेशमा कहि पनि निर्णय नभएको हामीले पहिलो चोटी निर्णय गर्दैछौँ त्यसकारणले हामीले गौरवान्दित पनि छौँ । विगतका निर्णयहरू र भावी निर्णयहरूलाई पनि म माननीय सभामुख म यो सभाको ध्यानाकर्षण गराउन चाहन्छु कि हाम्रा यी सबै निर्णयहरू यसरी नै सहमतिको आधारमा सहमति निर्माण गर्ने वातावरण सृजना गरौँ सहमतिको आधारमा एकदम अरूभन्दा अग्रपंक्तिमा रहेर अगाडि बढौ हामी यो प्रदेशलाई समृद्ध देख्ने जो सपना देखेका छौँ फेरि पनि म भन्न चाहन्छु अहिले हामी जे संरचनामा यहाँ सदन सञ्चालन गरिराखेका छौँ सभा सञ्चालन गरिराखेका छौँ अब हामीले अर्को ठाउँमा कल्पना गर्दा खेरि राजधानीको कल्पना गर्दा खेरि यहि स्तरको संरचना बनाउने हाम्रो पूँजीले हामीले भनिराखेका छौँ डोल्पामा बाटो पुगेको छैन हुम्लामा बाटा पुगेको छैन त्यही पूँजीले डोल्पा र हुम्लामा बाटो पुग्दा खेरि त्यहाँका जनतालाई न्याय हुन्छ कि यसकारणले गर्दाखेरि म माननीय जीवनबहादुर शाहीले राखेको प्रस्ताव राजधानीको प्रस्ताव वीरेन्द्रनगर सुर्खेतलाई प्रस्ताव गरियोस् भन्ने राजधानी कायम गरियोस् भनेर प्रस्ताव जो भएको छ यसलाई समर्थन गर्छु यहि अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री ठम्मरबहादुर विष्ट । (समय ५ मिनेट)

**माननीय सदस्य श्री ठम्मरबहादुर विष्ट :** माननीय सभामुख महोदय सर्वप्रथम यो ऐतिहासिक रोष्टममा विशेषतः यो संघीय गणतन्त्रलाई स्थापना गर्ने सवालमा विभिन्न कालखण्डमा सबै सहिदहरू र विशेषतः यो प्रदेशको स्थापना गर्ने सवालमा सहिद हुनुहुने सम्पूर्णसहिदहरूलाई सशस्त्र क्रान्ति, जनयुद्ध जनआन्दोलन सबै सहिदहरूलाई म एकमुष्ट रूपमा स्मरण गर्न चाहन्छु । नतमस्तक भएर म मेरो व्यक्तिगत तर्फबाट र मेरो पार्टीको तर्फबाट म स्मरण गर्न चाहन्छु । अब विषयवस्तुको हिसाबले यहाँ माननीय जीवनबहादुर शाहीले प्रस्ताव गरेको ६ नं. प्रदेशको राजधानी सुर्खेत कायम गरियोस् भन्ने अथवा होस भन्ने उहाँको जो टेबुल भएको छ त्यसमा धेरै कुराहरूले यहाँ आइसकेको पनि छ । मैले यो छलफलमा आफ्नो क्रमलाई अगाडि बढाउँदा खेरि वास्तवमा अहिले जसरी यो नामाङ्कन र प्रदेशको कुरो आइरहेको छ मलाई याद आइरेहको छ यो हुन त यहाँ कर्णालीको कुरा र प्रदेशको कुरा अथवा भूगोलको कुरा आउँछ जसरी यो बच्चा जन्मिदा अलि बलियो छ भने बलबहादुर रातो छ भने लालबहादुर सबै खड्ग गहुरा पार गर्ने भएको हुनाले खड्गप्रसाद वली घामभन्दा पनि अलि तेज प्रतिकार गर्न सक्ने भएकोले प्रचण्ड भन्या जस्तै यी सबै कही न कही जोडिन्छ यस्ता प्रतिबिम्बहरू । अथवा शेर जस्तै झम्टिन सक्ने भए शेरबहादुर त्यसरी रहेको होला हिजो । जे होस यो जोडिएको छ किनकि हिजो कर्णाली आफैंमा हिस्ट्री हो इतिहास हो हामीले इतिहासलाई मिनिमाइज गर्न हुँदैन इतिहास भनेको एउटा अग्रज हो एउटा हाम्रो जीवन हो हिस्ट्री हो । केहि न केही यो कर्णालीको जतिव्याख्या गर्दा पनि धेरै पुस्तकहरू निस्किएका धेरै डकुमेन्ट्रिहरू छ यो आफैंमा इतिहास हो एउटा सभ्यता हो । यो छ भने अर्को जसरी यहाँ धेरै कुराहरू आको छ जडिबुटीको कुरा, पर्यटनको कुरा, यहाँ थुप्रै थुप्रै कुराहरू आएको छ यहाँ सबै चिजलाई जोडेर नाम र विशेषणसँग कतै न कतै यसको तालमेल भएर आएको छ । त्यस मानेमा यो सान्दर्भिक छ मलाई लाग्छ ।

अब जहाँसम्म यहाँ मैले अलिकति हुन त फेरि आफ्नो पार्टीको कुरा अलि सर्साइ गर्‍यो भन्ने होला त्यो होइन म आफैं पनि एउटा जिउँदो बिम्ब हुँ । सेनाका धेरै मोर्चाहरूमा जनमुक्ती सेनाका मोर्चाहरूमा पार्टीका धेरै मोर्चाहरूमा पूर्व पश्चिम लड्दै आएको एउटा सिपाही हो म । हामीले युद्धकालमै चौध प्रदेशको अभ्यास गरेकै थियौं यो कुरा कसैले माने पनि नमाने पनि रियालिटी हो । त्यस आधारमा विभिन्न कालखण्डमा म त्यतिखेर तत्काल हिसाबले विभिन्न खालको यो अलि यो उदण्डा तिर जान्छ कि उग्रवादतिर जान्छ कि भन्ने कुराहरू पनि थिए यद्यपी यलाई राजनीतिक रूपले एउटा निर्णय हुँदै एउटा उचाई सम्म यहाँ सम्म आइपुगेको छु । त्यसकारण हामीले यसको अहिलेको संविधानको समाजवाद उन्मुख भन्दाखेरि विशेषतः गणतन्त्र र संघीयता त्यसमा पनि न्युक्लियसमा संघीयता नै हो । त्यसकारण हामीले यो संघीय संरचनाको कुरा गर्दा युद्धकालमै गर्दै आएर यहाँसम्म आइपुगेका छौं र मलाई अहिले पनि स्मरण छ प्रचण्ड काम्रेडले ठूला-ठूला भाषणमा र हामीलाई यो ६ नं.का बैठकहरूमा यो कर्णाली हुन्छ र सुर्खेत नै हुन्छ त्यसमा त्यस्तो छ धेरै कुराहरू ठाउँमा विकल्प हुँदाहुँदै पनि यो नै बेटर हुन्छ भन्ने कुरा राखेको कुरा मलाई जगजाहेर छ । त्यसकारण हामी एउटा सन्दर्भबाट आएका छौं त्यसो भएर अहिलेको संविधानको मक्सद पनि सामर्थ्य र पहिचानको आधारमा बनेको छ यद्यपी पहिचानलाई बुझ्ने सवालमा केही समस्याहरू छन् । अहिले अमेरिकालाई हेर्‍यो भने ५० वटा राज्य छन् झण्डै आधा राज्यहरू पहिचानको आधारमा बनेको छ । इन्डियामा पनि झण्डै-झण्डै हामीले १/३ राज्यहरू पहिचानकै कुनै न कुनै भूगोलकोभन्दा पनि भूगोल त छदैछ त्यहाँ पहिचानको आधारमा, जनसमुदायको आधारमा, समुदायको आधारमा जनताको नामबाट नामाकरण गरिएका छन् । यहि कुरा हो पहिचान भनेको त्यसकारण यो अतिवादतिर जाने कुरा पनि हैन ततः ठाउँमा जहाँ-जहाँ जनताहरू छन् पहिचान कायम गर्दै जानु पर्छ ।

जुन कुरा अहिलेको संविधानले ओगट्न खोज्या त छ, यसलाई कार्यान्यवन जाने सवालमा भएको छैन मैले त्यस्तो अनुभूति गरिरहेको छु । खासगरी संघीयताको मुल स्प्रिट भनेको सेल्फ रूल, सेल रूल र ग्रेट एक्सुलेसिभ एण्ड ग्रेड प्रोपस्नल सिस्टम भनिन्छ । एउटा ग्रेट समावेशी र समानुपातिक सिस्टम यो एउटा चाहि प्रक्रिया हो,यो एउटा संविधानको आसय हो र सेल्फ रूल जनताले आफ्नो शासन आफैं गर्ने हो ।यो कुनै संविधानमा लेखिएको छ कि, विशेष क्षेत्र, संरक्षित क्षेत्र, स्वायत्त क्षेत्र, अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत क्षेत्र वर्ग लिङ्ग लेखिएको छ र कहाँ छलफल गऱ्यौ हामीले । हामीले कहाँ छलफल गऱ्यौ ? उहि केन्द्रमा हिजो जे भयो कतिपय त्यही कुरालाई हवाला दिँदै धेरै हामी अगाडि बढ्न सक्ने स्थितिबाट छलफल भएको पाईदैंन यद्यपी अब यो संघीयतामा ६ नं. को आफ्नै पहिचान हुने भएकोले यति कुराहरू सम्भव त जनताले अरू थप अधिकार पाउँदै जालान् । त्यसमा पनि मैले म विश्वस्त छु । त्यसकारण अब यो सन्दर्भमा मैले यहाँ जानेर कुनै कुरा भनेको हैन कि मलाई मैले जति पनि संघीयतासम्बन्धी मैले बुझेको छु अथवा मैले सामान्य अध्ययन गरेको छु मलाई निकै दुःख लाग्छ कि संघीयताको सिस्टम भनेको अहिलेको विश्वमा २१ औ शताव्दीमा सबैभन्दा राम्रो सिस्टम हो संघीय गणतन्त्र ।

त्यसैले अमेरिका बनेको हो, त्यसैले स्वीटजरल्याण्ड बनेको हो भनेर हामी स्वीकाछौं तर कहाँ होला यो फेल हुन सक्छ भन्ने पनि भइराख्या छ । अहिले कर्मचारीहरूको परिचालन देखि कयौं कुराहरू हिजो ठुलै बहस थियो यो कुराले देखाउँछ यो कुराले देखाउँछ यो कतातिर जान्छ भन्ने कुरा अब यो असफल हुने भनेको फेरि कुनै न कुनै घुमिफेरि रूम्जाटार या तानाशाही या कुनै विग्रह विघटनतिर जाने बाहेक अर्को कुनै उपाय देखिदैन । त्यसकारण यसलाई सफल गर्नु हामीसँग उपाय छैन । यो नै सर्वश्रेष्ठ अहिलेको विधि हो एउटा प्रक्रिया हो म यहाँहरूलाई सभामुखमार्फत् निवेदन गर्न चाहन्छु । अब जहाँसम्म यो सुर्खेतलाई राजधानी बनाउने विषयमा अघि नरेश भण्डारी माननीयज्यूले त्यस्तै देवी ओली जी अरू-अरूले पनि राखु भयो । एउटा दैलेख हुनसक्छ, एउटा रूकुम हुन सक्छ, एउटा यहाँ हुन सक्छ त्यो हन्ड्रेड प्रतिशत सहि हो । म त्यलाई समर्थन गर्छु तरतर के छ भने हो स्वीजरल्याडमा धेरै केन्द्रहरू छन् त्यो पनि सत्य हो, भारतमा धेरै केन्द्रहरू छन सत्य हो,बेइजिङ एउटा छ धेरै केन्द्र छ त्यो पनि सत्य हो तर हुदाँहुँदै पनि यसमा गृष्मकालिन, शितकालिन वा अरू कालिन गर्न सक्ने स्थिति छैन त्यो हामीले विकास गरिसक्यौ भने जुम्ला पनि एउटा केन्द्र हुन्छ, रूकुम एउटा केन्द्र हुन्छ, सल्यान एउटा सबै केन्द्रहरू बनाउदै जाने हो किनकि गाउँ-गाउँमा सिंहदरबार भनेको के हो ? यो त Itself speech यसले आफैंले बोलेको छ नि त्यले गर्दाखेरि यो ढङ्गले हामी जसरी यो कुराहरू उठेको छ जायज छ यसलाई विकासक्रमसँगै यलाई हामीले सुन्छौं यसो जनरल्ली भाषामा विकास र समृद्धि मात्रै हैन विकास पनि हुँदै हो समृद्धि पनि हो र रोम र ग्रिस जस्तै एउटा सभ्यताको विकास गर्न पर्छ । किनकि विकास र सभ्यता विकास र समृद्धिको क्लाइमेक्समा जाँदा अहिले मृत्युतिर गैरहेको छ संसार, अतिवादतिर गैरहेको छ त्यसकारण यसलाई पनि सच्याउन जरूरी छ, यतातिर पनि लान जरूरी छ । यो कुरा म निवेदन गर्दै अन्तमा जो जीवनबहादुर शाही माननीयज्यूले प्रस्तावित गरेको ६ नं. प्रदेशको राजधानी सुर्खेत बनाइयोस् भन्ने कुरालाई जोडदार माग गर्दै, जोडदार समर्थन गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू प्रदेशको राजधानी तोक्ने सम्बन्धी प्रस्ताव माथिको छलफल समास भएको घोषणा गर्दछु । प्रदेशको राजधानी सम्बन्धी प्रस्तावलाई मत विभाजनका आधारमा निर्णायार्थ प्रस्तुत गरिने भएकाले उक्त अवधिमा दर्शक दिर्घामा रहनुभएका विशिष्ट पदाधिकारीहरू, दर्शक र सञ्चारकर्मीहरूलाई समेत यथास्थानमा रहन र उक्त कार्यलाई व्यवस्थित गर्न मर्यादापालकहरूलाई निर्देशन दिन्छु ।

माननीय सदस्यहरू प्रदेश नं. ६ को राजधानी तोक्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु । प्रदेश नं. ६ को राजधानी तोक्ने सम्बन्धी प्रस्तावलाई मत विभाजनद्वारा पारित गर्ने कार्यसुची रहेकाले प्रदेश सभाका भवनको परिसरमा रहनुभएका माननीय सदस्यहरूलाई सभाहलमा प्रवेश गर्नका लागि ३ (तीन) मिनेट घण्टी बजाउन आदेश दिन्छु ।

उक्त प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने माननीय सदस्यहरूले सभामुखको आसनको बायाँतर्फ राखिएको वर्णानुक्रमानुसार को आ-आफ्नो नामको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ । प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने मत व्यक्त गर्नुहुने माननीय सदस्यहरूले सभामुखको दायाँतर्फ सभामुखको प्रवेशद्वार बाहिर राखिएको मत विभाजन पुस्तिकामा हस्ताक्षर गरी मत विभाजन प्रक्रियामा सहभागी हुनका लागि अनुमति दिन्छु ।

माननीय सदस्यहरू मत विभाजन प्रक्रियामा सहभागी भई मत व्यक्त गर्नुभएका माननीय सदस्यहरूलाई आफ्नो मत संशोधन गर्न चाहनुहुन्छ भने ३ (तीन) मिनेटको समय उपलब्ध गराएको छु । मत सच्च्याउन चाहने माननीय सदस्यहरूले सभामुखको आसनसँगै रहेका सचिवालयका कर्मचारीहरूसँग सम्पर्क गरी मत सच्याउन अनुमति दिन्छु ।

माननीय सदस्यहरू प्रदेश सभाको प्रवेश गर्ने मुल ढोका खोल्नको लागि आदेश दिन्छु।

माननीय सदस्यहरू अब म मत विभाजनको परिणाम घोषणा गर्दछु ।

माननीय सदस्यहरू प्रदेशको राजधानी तोक्ने सम्बन्धी प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा ३६ (छत्तीस) मत र प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा १ (एक) मत परेकाले प्रस्तावको पक्षमा अर्थात हुन्न भन्ने पक्षमा हुन्छ भन्ने पक्षमा परेको मत प्रदेश सभामा कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतभन्दा बढी भएकाले प्रदेशको राजधानी कायम गर्ने सम्बन्धी प्रस्ताव नेपालको संविधान, २०७२ को धारा २८८ को उपधारा (२) मा भएको व्यवस्थाअनुसार प्रदेश सभाको बैठकबाट प्रदेश नं.६ को राजधानी सुर्खेतको वीरेन्द्रनगरलाई तोक्ने प्रस्ताव स्वीकृत भएको घोषणा गर्दछु ।

अब यो बैठक अर्को २०७४ साल फाल्गुन १५ गते मंगलबार दिनको १ बजे बस्ने गरी स्थगन हुन्छ ।

❊❊❊

# बैठक संख्या-५

(२०७४ साल फागुन १५ गते मंगलबार)

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा मंगलबार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू कर्णाली प्रदेश, प्रदेश सभाको पहिलो अधिवेशनको पाँचौ बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

अब म माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई नेपालको संविधान, २०७२ को धारा १६८ को (४) बमोजिम प्रदेश सभाको विश्वास छ भनि विश्वासको मत लिनका लागि वक्तव्य सहित प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही :** सभामुख महोदय, यस कर्णालीको समग्र विकास र समृद्धिको यो नयाँ मोडलको खाका हामीले तयार पार्नु चाहिँ छ र यसका लागि यस प्रदेशमा सिङ्गो संसद, सरकार र अन्य विभिन्न क्षेत्रका विज्ञहरूको ठूलो एउटा गृहकार्य, ठूलो होमवर्क मार्फत् होमवर्क पछि सरकारले कामलाई चाहिँ अगाडि बढाउने चाहिँ छ र यो देशव्यापी भइरहेको विद्यमान भ्रष्टाचार चाहिँ जो भइरह्या छ यो भ्रष्ट्राचारलाई शून्य सहनशिलताको नीति अपनाएर यसलाई पूर्णरूपमा भ्रष्ट्राचाररहित एउटा प्रदेशको रूपमा विकास यदि हामीले गर्न सकेनौं भने फेरि पनि यो प्रदेशको समृद्धि र विकास जुन स्पिड गतिमा हामीले सोचिराखेका चाहिँ छौं र त्यो प्रकारको अपेक्षा त्यो आशा हामीले पूरा गर्न हामीले चाहिँ सक्नेछैनौं र त्यसपछि अहिले मुख्यगरी यो पारदर्शी, जनमुखी प्रशासनको आवश्यकता चाहिँ छ र कर्मचारीहरूको कार्यसम्पादनमा हुने केही समस्याका कारणले गर्दा काम कार्यवाहीलाई चुस्त दुरूस्त ढङ्गले र एउटा गतिमा हामीले अगाडि लिनका लागि त्यसलाई पनि हामीले एउटा नयाँ पद्दतीको चाँही विकास गर्न जरूरी छ । जसले गर्दा हामीले हाम्रो जुन स्पिड हामीले चाहिँ कायम गर्न सक्नेछौं ।भने त्यसपछि हामीसँग केही पूराना हाम्रा परम्परागत सोचहरू चाहिँ छन्, चिन्तनहरू चाहिँ छन्, शैलिहरू चाहि छन् केही संस्कारहरू चाहिँ हामीसँग छन् । एउटा हामीले जुन नारा अगाडि चाहिँ सारेका छौं अहिलेको वर्तमानको आवश्यकता भोलिको विकास र समृद्धिको हो । हामीले धेरै लामो समय सङ्घर्षमा हामीले जानु पर्‍यो । एउटा मुख्यगरी व्यवस्था परिवर्तन वेगर यो देश नत विकास न त समृद्धिको दिशामा न त अगाडि बढ्न सक्छ र यसका लागि मुख्य कुरा व्यवस्था नै हो भनेर व्यवस्था परिवर्तनका लागि लामो समय हामीले बिताउनु चाहिँ पर्‍यो र अहिले हामीले व्यवस्था परिवर्तन चाहिँ गरेका छौं र व्यवस्था परिवर्तन केवल कागजमा मात्रै सीमित भएर पनि सम्भव छैन र यसलाई हामीले कार्यान्वयन गर्नका लागि अहिलेको वस्तुगत आवश्यकताले दिएको नयाँ जिम्मेवारी चाहिँ पूरा गर्नको लागि हामी साँच्चीकै सबै हिसाबले मान्छे भएर मात्रै सम्भव छ त्यसैले हामीभित्र सबभन्दा पहिला सकारात्मक ढङ्गबाट सोच्न सक्ने सबै कुरालाई हामीले पोजिटिभ्ली सोच्ने र हाम्रा अगाडिका वस्तुगत तथ्यहरू के हुन ? भन्ने कुराको बारेमा राम्रोसँग हामीले केलायर आउने र कहाँ हुन समस्याहरू कहाँ हुन र त्यो समस्याको निकट पुगेर समस्याको समाधानको हामीले खोजि गर्ने र साच्चिँकै हामीले यो प्रदेश बनाउने दायित्व चाहिँ हाम्रो हो भनेर हामीले एउटा सकारात्मक ढङ्गबाट हामीले सोच्न जरूरी चाहिँ छ र सोचमा हामीले केही परिवर्तन ल्याउन चाहिँ जरूरी छ र त्यसपछि हाम्रा केही पूराना परम्परागत चाहिँ सोच अलिकति शैलिहरू र अलिकति संस्कार हामीले पूर्णरूपमा हामीले बदलेर नयाँ प्रकार

चाहिँ हाम्रा अलिकति शैलिहरू नयाँ प्रकारका हाम्रा काम गर्ने तौरतरिकाहरू हामीले अपनाउन जरूरी चाहिँ छ ।

हामीसँग राम्रो सोच भयो भने मात्रै हामीले सभ्य हामी चाहिँ मान्छे बन्न सक्छौं र यो सभ्य चाहिँ हामीले समाज निर्माण गर्न सक्छौं र यदि हामीसँग त्यो सकारात्मक ढङ्गले सोचौं र हामीले सभ्य भयौ एउटा सभ्यताको पहिचान चाहिँ यो प्रदेशबाट हामीले दियौं र हामी नयाँ सभ्यताको एउटा हामीले शुरूवाती गऱ्यौ भने स्वाभाविक रूपमा हामीबाट अरूले पनि सिक्ने चाहिँ छन् । त्यसपछि हामीसँग सभ्यता पनि हामीसँग सबै ढङ्गले हामी चल्न सक्यौ हामी अगाडि बढ्न सक्यौ भने त्यसपछि हामीमा आवश्यक पर्ने गति हो हामीले गति बढाउन चाहिँ जरूरी छ । जसरी हामीले हिजो जुन गति जुन स्पिड हामीसँग चाहिँ थियो त्यो स्पिड गतिले मात्रै अबको अहिलेको आवश्यकताले जे मागिराख्या छ, जसरी जनताले हामीसँग अपेक्षा गरिराख्या छन्, आशा गरिराख्या छन् त्यो चिजलाई पूरा गर्नका लागि पनि हामीले गति बढाउन चाहिँ जरूरी छ । यदि हामीले साँच्चीकै गति चाहिँ बढायौ भने मात्रै हाम्रो अगाडिको अभिभारा जो चाहिँ छ अहिले विकास चाहिँ छ अगाडिको चुनौती र समृद्धि चाहिँ छ यो कुरालाई चाहिँ हामी पूरा गर्न सक्नेछौं । त्यसपछि अहिले सरकारको विषय जो चाहिँ छ हामीले सरकार गठन गरेका छौं र सरकारले धेरै कामहरू अगाडि बढाउन सकिरहेको अवस्था चाहिँ छैन । अहिले सरकार धेरै खुम्चिएर बस्नुपर्ने काम गर्नुपर्ने अहिले अवस्था सिर्जना भएको छ । अहिले पूराना संरचनाहरू पनि यथावत छन्, अहिले जिल्लाका चाहिँ सबै कार्यालयहरू चलिराखेका छन् र अहिले प्रदेशका पनि सबै यो क्षेत्रका हिजाका क्षेत्रिय कार्यालयहरू पनि सबै चलिराखेका चाहिँ छन् र सिधै केन्द्रबाट उनिहरूलाई निर्देशन अनुगमण सबैकुराहरू केन्द्रले निर्देशन गरिराख्या छ भने अहिले हामीले धेरै सरकारले कुनैपनि ती अफिसहरू पूराना सबै काम कार्यवाहीहरू आयोजनाहरू जे जति अहिले संचालन गरिराख्या छ ती सबै सरकारलाई अहिले हस्तान्तरण नदीइराखेको स्थितिमा अहिले सरकारले केवल संरचनागत विकास मात्रै गरेको छ ।

त्यहाँ अफिसहरू कार्यसञ्चालनका लागि सानो चाहिँ ठाउँमा खुम्चिएर बसेको छ र अहिले आन्तरिक कार्यसञ्चालनहरू अगाडि बढाउनका लागि क्रमश संरचनागत विकास अगाडि बढाएका चाहिँ छ भने त्यसपछि अहिले तुरून्तै नयाँ केन्द्रीय सरकार चाहिँ माथि फर्मेशन भइसकेपछि र केन्द्रले यो प्रदेशलाई सबै यसको क्षेत्राधिकार के हो ? र कति ए ले चाहिँ काम गर्ने हो ? यो सबै कुराको चाहिँ अहिले स्पष्ट नभएका कारणले गर्दा अहिले सरकारले त्यतिकै हस्तक्षेप गर्दा बढी नै प्रेसर चाहिँ काममा, कर्मचारीमा हुने भएकै कारणले गर्दा हामी त्यताबाट चाहिँ जान सकिरहेका छैनौं । अहिले सरकारले विभिन्न विज्ञहरूबाट राय, सल्लाह, परामर्श लिने कामहरू मात्रै गरिराखेको चाहिँ छ र अहिले तुरून्तै सरकारले सबै निकायहरूबाट विभिन्न किसिमका विज्ञहरूबाट र संसदबाट समग्र माननीय सदस्यज्यूहरूबाट सबैबाट राय सल्लाह लिईसकेपछि सिङ्गो यो प्रदेशको एउटा गोरेटो, यो प्रदेशको एउटा अहिलेका मुख्य प्राथमिकताका पाटाहरू चाहिँ के हुन ? हामीले केलाई बनाउन सक्छौं भनेर सरकारले स्वतः पत्र जारी गर्ने तयारीमा चाहिँ छ र त्यसपछि बजेट आइसकेपछि सरकारले नीति तथा कार्यक्रम सार्वजनिक गरेर चाहिँ अगाडि बढाउने चाहिँ छ र यसका लागि समग्र हामीले काम कार्यवाहीलाई प्रभावकारी र चुस्त दुरूष्त ढङ्गले अगाडि बढाउनका लागि एउटा गतिशिल तरिकाले अगाडि बढाउनका लागि अहिले रचनात्मक एउटा सपोर्ट र सहयोगको आवश्यकता पनि जताजतैबाट चाहि अहिले छ र त्यसपछि अब अहिले हामी अगाडि बढ्ने सवालमा हामीले साच्चिँकै यो प्रदेशलाई अगाडि बढाउने सवालमा यो प्रदेशले जुन सुम्पिएको एउटा जिम्मेवारी चाहिँ छ र जनताले जुन प्रकारको एउटा अपेक्षा र आशा गरेका छन् त्यो चिज पूरा गर्नको लागि अहिले हामीलाई आवश्यकता भनेको फेरि पनि सहमतिको आवश्यकता चाहिँ हो । फेरि पनि हामीबीचको

सहकार्यको आवश्यकता हो र समग्रमा हामीले एकताबद्ध भएर हामी एक ठाउँमा उभिएर हामीले धेरै पटक भनेका छौं र बोलेका पनि छौं यहाँ यो प्रदेश सभामा सहभागी राजनैतिक दलहरू र दलका अब नेतृत्व र सम्पूर्ण माननीय सदस्यहरूज्यूहरूले बोलिराखु छ एउटै शब्द एकता, हामी एकताबद्ध ढङ्गले यहाँ कोही पक्ष र विपक्ष नभएर हामी सबै एकै ठाउँमा उभिएर अगाडि चाहिँ बढ्यौ भने हामीले हाम्रो जिम्मेवारी पूरा गर्न सक्छौं त्यसो हुँदा फेरि पनि अहिले एकताबद्ध भएर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो ।

यो आवश्यकता हामीले पूरा गर्नका लागि हामी सक्षम छौं हामीले सक्छौं भन्ने कुराको सन्देश पनि हामीले दिदै आइरहेका छौं र हामीले महत्त्वपूर्ण निर्णय हामीले गरीसकेका पनि छौंर अहिले हामीले एउटा ऐतिहासिक निर्णय हामीले गऱ्यौ र यो हाम्रा लागि धेरै सजिलो विषय हामीलाई थिएन । प्रदेशको राजधानी तोक्ने कुरा र प्रदेशको नाम तोक्ने कुरा पनि त्यति सजिलो थिएन र यलाई पनि हामीले पूरा गरेर देशभरी एउटा नयाँ सन्देश दिन हामी सफल भएका छौंर अहिले पनि फेरि हाम्रा अगाडि थुप्रै चुनौती अरू प्रदेशकोभन्दा अझै पृथक, अझै भिन्न प्रकारका हाम्रा अगाडि ठुलै चुनौतीहरू छन् र अहिले साच्चिँकै यो प्रदेश अरूको तुलनामा हेर्ने हो भने हामी निकै तत्कालका लागि हामी कमजोर अवस्थामा हामी छौं र हामीसँग तत्काल आयस्रोत हामीसँग छैन न त कुनै तपाईंको उद्योगधन्दा, कलकारखाना, फ्याक्ट्रिहरू छन्, न त तपाईंको कुनै भन्सारहरू छन् हामीसँग अहिले यो प्रदेशको आयस्रोत हामीसँग छैन । फेरि पनि अब हामी अरूमा निर्भर रहनुपर्ने केन्द्र हाम्रो संघमा हामीले निर्भर हुनुपर्ने र हामीले फेरि यहाँ विभिन्न लगानीकर्ता निर्भर रहनुपर्ने अहिलेको अवस्था छ, त्यसो भएको हुदाँ अहिले हामीले साँच्चीकै फेरि पनि हामी एक ठाउँमा उभिएर अगाडि बढ्यौ र हामीले ल्याउने मुख्य कुरा पूँजी हो, हामीले पूँजी भित्रिन सक्यौ र साँच्चीकै हामीले एउटा लगानीमैत्र वातावरण सिर्जना गर्न सक्यौ भने हामी अगाडि बढ्नका लागि हाम्रो लागि चाहिँ अझै सरल र सहज ढङ्गले अगाडि हामी बढ्न सक्ने छौं र यसपछि अन्तमा यहाँ आज जुन संविधानमा भएको व्यवस्था अनुरूप सरकारले गठन भएको ३० (तीस) दिनभित्र विश्वासको प्रस्ताव चाहिँ लिने भन्ने जुन व्यवस्था चाहिँ छ र यो व्यवस्था अनुरूप हामीले सबै कामहरू एक पछि अर्को एउटा गतिमा एउटा स्पिडमा अगाडि बढाउदै अगाडि आइरहेका चाहिँ छौं साँच्चीकै ६ नं. प्रदेशको सिङ्गो संसदको र सरकारको स्पिड के हो ? भन्ने कुरालाई पनि हामीले प्रमाणित गर्नुछ, पुष्टि गर्नुछ र साँच्चीकै अब त ६ नं. प्रदेशले केहि न केही गर्छ है केही न केही सन्देश हामीले दिनुछ, त्यही भएकै कारणले गर्दा हामीले सबै कामहरू एक पछि अर्को एउटा गतिमा अगाडि बढाउदै पनि आएका चाहिँ छौं । महत्त्वपूर्ण निर्णय पनि गर्दै चाहिँ आएका छौं र अहिले पनि अब सरकार चाहिँ गठन भइसकेपछि तुरून्तै हामीले यो सरकारलाई चाहिँ स्थायीत्व दिनको लागि यो विश्वासको प्रस्ताव चाहिँ सदनमा छिट्टै पेश गरेर यलाई पारित चाहिँ गऱ्यौ भनेपछि यो पनि नयाँ स्पिड हुन्छ अहिले २ नं. प्रदेशले मात्रै गरेको छ त्यसपछि हामी नै हुन्छौ यहाँ अरू प्रदेशमाभन्दा । त्यसो भा हुदाँ अब हामीले सन्देशका लागि भए पनि र फेरि यो बीचमा अरू पनि फेरि काम पर्ने यो माथि राष्ट्रपति उपराष्ट्रपतिको चुनाव फेरि हुने र यो बीचमा फेरि अलि समयको हिसाबले पनि अलि अगाडि नै गर्दा उपयुक्त हुन्छ भन्ने हिसाबले अहिले यो प्रस्ताव हामी यहाँ पेश गर्दैछौंर आज हामी पारित गर्न छौं । यसो हुदाँ यो प्रस्तावको पक्षमा सबै यो संसदमा उपस्थित राजनैतिक दल र सम्पूर्ण माननीय सदस्यज्यूहरूले यो मैले पेश गर्न लागेको प्रस्तावको पक्षमा मतदान गरी ठूलो चाहि अब सहयोग पुगाउनु हुने आशा सहित म हार्दिक अनुरोध गर्न चाहन्छु सबैले यसको पक्षमा मतदान गर्नुहुने छ र यहाँ म प्रस्ताव पेश गर्ने अनुमति मागन चाहन्छु ।

माननीय सभामुखज्यू,
प्रदेश सभा, कर्णाली प्रदेश ।

नेपालको संविधान, २०७२ को धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेकपा एमाले र नेकपा माओवादी केन्द्रका प्रदेश सभाका सदस्यहरूको समर्थनमा बहुमत प्राप्त गरी म महेन्द्रबहादुर शाही प्रदेश प्रमुखबाट मिती २०७४ फागुन ३ गते यस प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त भएकोमा नेपालको संविधान २०७२ को धारा १६८ को उपधारा (४) बमोजिम मुख्यमन्त्री पदमा नियुक्ति भएको मितीले ३० (तीस) दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा २४ बमोजिम विश्वासको मत प्राप्त गर्नका लागि प्रदेश सभासमक्ष प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, उक्त प्रस्तावमाथि छलफल प्रारम्भ हुन्छ । छलफलमा सहभागी हुन सर्वप्रथम माननीय श्री यामलाल कंडेललाई अनुमति दिन्छु ।

**माननीय सदस्य श्री यामलाल कंडेल :** सभामुख महोदय आज हामी केही दिन अगाडि निर्माण भएको सरकार नेपालको संविधानको धारा १६८ को (२) अनुसार निर्माण भएको प्रदेश सरकारले संविधानको ले तोकेबमोजिम निश्चित समयभित्र विश्वासको मत लिनुपर्ने प्रावधानअनुसार यो बेठकमा उपस्थित छौं प्रदेश सरकारका प्रमुख मुख्यमन्त्रीज्यूले आफ्ना भनाइहरू यो सभासमक्ष प्रस्तुत गर्नु नै भयो । संविधानले व्यवस्था गरेअनुसार हामी गठबन्धनको सरकार हामीले निर्माण गरेकै हो । मुख्यमन्त्रीकै कुरा मात्रै सुन्ने हो भने त मैले जे पूर्व मान्यता बनाएर आएथे अर्कै पनि हुन्छ जस्तो पनि लाग्यो तर पनि जे व्यवस्था छ, जे अवस्था छ त्यसअनुसार अगाडि बढ्नै नै पर्ने हुन्छ नै । यो संसदको बनावटअनुसार ४० (चालीस) सीट मध्ये ४ वटा पार्टीको प्रतिनिधित्व गरेर यो संसदको बनावट बनेको अवस्था छ । संविधानको व्यवस्थाअनुसार नेकपा एमाले एक्लै सरकार बनाउने अवस्था हुँदाहुँदै पनि राष्ट्रिय राजनीतिलाई हाम्रो पार्टीको नीति र निर्वाचनभन्दा अगाडि बामगठबन्धनका आधारबाट हामी जनताका बीचमा गएका कतिपय दृष्टिकोणको आधारबाट संविधानतः त्यो व्यवस्थामा असजिलो र अप्ठेरो नपर्ने हुदाँहुँदै पनि हाम्रो पार्टीको समर्थन सहित आजभन्दा केही समय अगाडि हामीले वर्तमान सरकार निर्माण गर्ने कुरामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने एउटा पार्टी हुँदै हो नि । यो सभामा रहेका सबैले भोट हाले जस्तै बुझ्न थालियो भने यसको धरातल र यथार्थताबाट अलि पर पुग्न सक्ने एउटा अवस्था रहन सक्छ । यति भनि रहँदा निकट भविष्यमा हैन केही दिनमै फेरि पनि हामी गठबन्धनबाट एउटै पार्टी, एउटै पार्टीका नेता कार्यकर्ता बन्दै बन्ने दिशबाटै हामी अगाडि बढिरहेका छौं । यद्यपी यसलाई पनि कतिपयले आशंका अविश्वास समस्याका रूपमा हेरिरहेको भए पनि सबै आशंका अविश्वासहरूलाई चिर्दै जनताको मतलाई आत्मसाथ गर्दै दुवै पार्टीका नेतृत्वदायी संस्थाहरू एउटै पार्टी निर्माण गर्ने तहसम्म पुगिरहेको कुरा हामी सबैलाई अबगत नै छ ।

म सभामुखज्यूमार्फत् त्यो कुरालाई पनि स्मरण गर्दै मलाई लाग्छ त्यो त्यसलाई मजवुत गराउने गरी जनताको भावनालाई प्रतिनिधित्व गर्ने गरी जनताले अपेक्षा गरेअनुसार भूमिका निर्वाह गर्ने गरी हामी सबैले सोच्नु, छलफल गर्नु जरूरी र आवश्यकता छ नै । त्यसकारणले यद्यपी त्यतिवेला कतिपय कुराहरू राखिरहदा त्यस प्रति कतिपयहरूले सकारात्मक र नकारात्मक टिकाटिप्पणी गरिरहेको भए पनि नेपालको सन्दर्भमा बामपन्थी आन्दोलनलाई अगाडि बढाउनका निम्ति धेरै उकाली ओरालीलाई पार गर्ने क्रममा धेरै व्यक्तिहरूले सहादत प्राप्त गरेको एउटा अवस्थामा पद सामान्य कुरा हो । यद्यपी नेपाली राजनीतिमा पद प्राप्तिका निम्ति जे पनि गर्न तयार हुने पद प्राप्त हुँदासम्म सकारात्मक कुरा, प्राप्त गर्ने कुरा तलवितल भयो

भने नकारात्मक टिकाटिप्पणी गरेर अगाडि बढ्ने संस्कार यत्रतत्र बढेको कुरा जतासुकै पाउन सकिने एउटा अवस्था रहन्छ । त्यसकारणले हामी स्थापनाकाल देखि जनताको भावनाअनुसार एउटै पार्टी, एउटै कम्युनिष्ट पार्टी निर्माण गर्ने महान अभियानलाई सार्थक रूपमा परिणत गर्ने क्रममा नै हामीले आफ्ना कतिपय कुरालाई तपसिलमा राखेर भएपनि यो सरकार निर्माण गर्ने क्रममा हामी सामेले भएका छौं । यसैक्रमअनुसार हामीले आफैं निर्माण गरेको सरकारलाई प्रदेशको भावनाअनुसार जनताको भावनाअनुसार सफल के-कसरी बनाउन सकिने त्यो दिशाका आधारबाट हामी सभासदहरूले हामी राजनैतिक दलहरूले सोच्नुपर्ने जरूरी र आवश्यकता म यस अर्थमा ठान्दछु । त्यसकारणले यो सरकार त्यो धरातलमा निर्माण भएको अवस्था हो । यद्यपी नेपालको संस्कृतिमा सहकार्य गरेर जाने संस्कृति त्यति राम्रो त्यति सजिलो देखिदैन । हामी प्रदेश सभामा रहिरहेको भएपनि यसभन्दा अगाडिकेन्द्रीय तहका सरकार र निर्माण र सञ्चालनमा हेर्ने हो भने सकारात्मकभन्दा पनि नकारात्मक प्रवृत्ति नै देखिरहेको एउटा अवस्था मैले देख्छु । त्यसकारण ती नकारात्मक शिक्षाबाट पाठ सिकेर हामी सकारात्मक सन्देश दिने गरी आफ्नो ठाउँमा चल्दा आफ्नो ठाउँमा त राम्रो काम गर्नेछौं तर अरूका निम्ति पनि एउटा उदाहरणीय प्रदेशको रूपमा लिन सकिने गरी अगाडि बढ्ने जरूरी र आवश्यकता छ । अप्ठ्यारो पर्दा सहयोग लिन जे पनि तयार हुने तर सजिलो पर्दा सम्झिनै नसम्झिने संस्कृति नेपाली राजनीतिमा, नेपाली समाजमा जताजतै पाउन सकिने एउटा अवस्था छ । म यसकारण चर्चा गरिरहेको छु कि हाम्रो यो प्रदेश अरू प्रदेश जस्तो प्रदेश होइन नै यसमा हामी सबै विज्ञ छौं हामी सबै जानकार छौं, हामी एउटा छलफल चलाईरहेको एउटा अवस्था छ । म खाली यसलाई यसकारणले स्मरण गराउन चाहन्छु कि हामी कहाँ सहकार्यको कमजोर अनुभव मैले प्राप्त गरिरहेको अवस्था देख्छु । त्यसकारणले यसलाई कसरी बलियो बनाउने हो त ? एउटै पार्टी धेरै पार्टी भएको कुनै धेरै पार्टी मिलेर बनेको होइन एउटै पार्टी हुँदाहुँदै पनि संख्या पुग्दापुग्दै पनि जनताले दिएको जिम्मेवारीअनुसार समयावधिभरी जिम्मेवारी निर्वाह गर्न नसकिरहेका तीतो अनुभवबाट हामी यहाँसम्म आइपुगेका छौं । त्यसकारणले म यस सन्दर्भमा यस स्मरण गराउन चाहन्छु सरकार मात्रै हैन सरकारमा गएकाले मात्रै केहि गर्न नसकिने एउटा अवस्था रहदैन । सरकारमा सामले भएका वा नभएका सरकार देखि बाहिर रहेकाहरूलाईसमेत सबै पक्षहरूलाई कसरी अगाडि बढाउने भन्ने कुरा रहन सक्छ त्यो दिशातिर बढ्न जरूरी छ ।

यद्यपी विगतको राजनैतिक अस्थिरतालाई सच्याउनका निम्ति यद्यपी त्यो निर्वाचनले नै एक हदसम्म सच्चाइसकेको छ तर संवैधानिक व्यवस्थाअनुसार हिजोको तीतो यथार्थताबाट आगामी दिनमा जनताले त्यस्तो दुःख भोग्नु नपरोस् भनेर संवैधानिक हिसाबलेसमेत बनिरहेका सरकारहरूलाई पनि एक समयसम्म तलवितल गर्न नपाउने हामीले संवैधानिक व्यवस्था गर्‍या छौं । त्यो गर्न पर्ने चिज त थिएन तर हाम्रो नेपालीको बानी संवैधानिक व्यवस्था र बाध्यता नपार्दासम्म मौका पर्दासम्म जे पनि गर्न तयार हुने मनोविज्ञान र जे पनि गर्न हुने अभ्यास कै कारणले गर्दा होला सरकारका बारेमा संवैधानिक केहि व्यवस्था गरिरहेको अवस्था छ । यद्यपी यो निर्वाचनले परिणामले कतिपय त्यो कुरालाई निशेष गरेको एउटा अवस्था म देख्छु त्यसकारणले म के अनुरोध र आग्रह गर्न चाहन्छु तभन्दा कि सहकार्यलाई मजबुतीकरण कसरी गर्ने कुरा नै मलाई लाग्छ हामी सबैले सोच्नुपर्ने र छलफल चलाउनु पर्ने एउटा अवस्था हो ।अहिले नै सरकार बनेको केही दिन मात्रै भा छ त्यसका बारे छलफल र टिप्पणी गर्ने कुरा अलि हतारो नै हुन्छ । त्यसमध्ये नि त्यो सरकार निर्माण गर्ने दलको एउटा नेता भएको नाताले पनि टिप्पणी गर्नेभन्दा पनि जिम्मेवारी एकै कुरा होला । यद्यपी हामीले संसदभित्र जो प्रवेश गर्नुभएको छ प्रतिपक्षमा रहेको जुन साथीहरू हुनुहुन्छ उहाँहरूलाई मैले ठट्टा पनि गर्ने गर्‍या छु सबै पार्टीमा राम्रा नराम्रा कुराहरू होलान तर

हामीले यो प्रदेशभित्र प्रदेशभित्रको काँग्रेस जे पाईरहेका छौं, प्रदेश बाहिरको काँग्रेस त त्यस्तो पाउन अलि अलि दिन विचार गर्नैपर्नेछ ।

प्रदेशभित्रको काँग्रेस प्रतिपक्षको माननीय सदस्यहरू हामीले जे पाईरहेका छौं त्यसका निम्ति पनि हामीलाई एउटा सकारात्मक पाटो, सकारात्मक सन्देश मैले देखिरहेकोछु । जे विषयमा संसदभित्र छलफल भयो, जे विषयमा हामीले छलफल चलाईरहेका छौं त्यसबाट के देखिन्छ तभन्दा के अनुमान गर्न सकिन्छ भने के हामी यो प्रदेशको निर्माणका निम्ति आफ्नो अवस्था के हो, आफ्नो कुन पार्टी हो त्यो तपशिलको विषय राखेर प्रदेशको मानचित्रलाई अगाडि राखेर छलफल चलाउने जुन परिपाटी संसदभित्र संसदको बैठकमा जुन देखा परेको छ यलाई काम राख्ने कुरा सरकारका निम्ति, सत्ताधारी पार्टीका निम्ति प्रमुख कुरा हो यो राख्न सकिदा हामीले छोटो समयमा फड्को मार्न सकिने एउटा अवस्था रहन्छ मलाई त्यस्तो मलाई लागिराख्या छ । अब सरकारमा सबै जान सकिदैन्थ्यो सबैलाई पठाउन सकिदैन्थ्यो नै त्यसमध्ये पनि हामी ४० (चालीस) जनाका बीचमा ७ (सात) जना सदस्य रहेको एउटा सरकार बनेको एउटा अवस्था छ । मेरो तर्फमा खालि एउटा सुझाव मात्रै म ध्यानाकर्षण गर्न चाहन्छु, सभामुखज्यू मार्फत् सभासमक्ष कि हामी नयाँ संरचनाको सरकार बनाइरहेकाछौं । संविधानतः नेपालमा तीनवटा सरकारको अभ्यासको चरणमा छौं तीनवटै सरकारको संवैधानिक अधिकारको सविधानतः किटान गरेको अवस्था छ तर कहिलेकाँही तीनवटा सरकारलाई बिर्सेर आफू मात्रै सरकार हो कि भन्ने ठानियो भने त्यले असजिलो र अप्ठ्यारो पार्न सकिने अवस्था रहन्छ । अघि नै मुख्यमन्त्रीज्यूले भन्नुभयो संस्थाभन्दा मन्त्रालयभन्दा पहिला हामीले मन्त्री बनाउनु पर्ने परिस्थिति भयो त अब के गर्ने ? पहिला भएको हुनाले त्यस्तो हुनु स्वाभाविक पनि होला, बन्छ भन्ने थाहा हुदाँहुँदै पनि होला स्थायी सरकार भएकाले काम गर्देको भए पनि अहिलेका छरप्रस्ट अवस्था देखा पर्दैन्थ्यो होला स्थायी सरकार त छदै थियो त । बन्छ भन्ने थाहा नै थियो त । ७ (सात) वटा मन्त्रालय बन्छ प्रदेश नं. अहिले हामीले राखिरहेको कर्णाली प्रदेशमा थाहा नै थियो ततर स्थायी सरकार पनि अलमल मै पर्‍यो होला जसका कारणले गर्दा कतिपय अलमलका कुराहरू अहिले पनि देखा परिरहेको एउटा अवस्थामा देख्दा म सरकारमा रहनुहुने वा सरकारलाई सभामुखज्यू मार्फत् के अनुरोध र आग्रह गर्न चाहन्छुभन्दा के भन्छ अनुरोध गर्न चाहन्छु कि पहिला मन्त्री बनाउनु पर्ने परिस्थित भयो, मन्त्री भएपछि कार्यालय खोज्नुपर्ने परिस्थिति भयो, कार्यालय बनाइसकेपछि कर्मचारी खोज्नुपर्ने परिस्थिति भयो । तलको संरचना त छदै छैन, यस्तो अवस्थामा जनताको अबगाल नपाउने गरी तपाईं सरकारमा रहनेहरू बेरोजगार नहुने गरी रोजगार सिर्जना गर्ने कसरी होला त्यतापट्टी ध्यान दिनुभयो भने राम्रो हुन्छ कि जस्तो मलाई लाग्छ ।

सरकारलाई समर्थन गर्ने एउटा पार्टीको सांसदको नाताले पनि म अनुरोध गर्न चाहन्छुतपाईं मन्त्री हुनुभयो तपाईंको कुरा तपाईंको मात्रै हुँदैन रहेछ त्यो पार्टीको पनि हुँदोरहेछ, त्यो सांसदको पनि हुँदोरहेछ । त्यसकारणले सपना देख्नुहोस् तर कर्णाली प्रदेशको यथार्थतालाई नभुलिकन देखेका सपनालाई मुर्तरूप दिने कुरा गर्नुभयो भने सबैको सहयोग समर्थन पाउने कुरा म देख्छु । अहिले तपाईंहरूले बोलाईदिएका ठाउँमा सबै आइरहनु भएको छ त्यो राम्रो कुरा हो । बुझिदिनु भएन भने एक दिने भनिदिनेछ हजुर मेरो आउने त मन थियो तर मलाई दिएको चिट्ठिले तपाईं कहाँ आउन मलाई गाह्रो भइरहेको छ भन्दियो भने के हुन्छ ?त्यसकारणले म सरकारमा जो हुनुहुन्छ उहाँहरूलाई अनुरोध गर्न चाहन्छु संविधानतः देखिएकाअनुसार को संरचना निर्माण गर्ने कुरा जति चाँडो गर्छौं त्यति जनतालाई सेवा प्रदा सेवा दिन सकिने अवस्था रहन्छ त्यतातिरतपाईंको ध्यान जान जरूरी छ । दोस्रो कुरा फेरि म गम्भिरतापूर्वक सबैलाई ध्यानाकर्षण गराउन चाहन्छु संविधानतः लेखिएको छ अभ्यास पहिलो भएको हुनाले केन्द्रीय सरकारमा रहने र केन्द्रीय निकायमा

रहनेहरू रकेन्द्रीय तहकालाई मानेकाहरूले यो प्रदेश तहकोलाई रूचिपूर्वक मान्ने गरी हेरिरहेको मैले देखिरहेको छैन । रूचिपूर्वक, त्यसो हो भने संविधानतः आफ्नो कार्यक्षेत्रको अधिकारका निम्ति तपाईं जो कार्यपालिकामा रहनुभएको छ, तपाईंहरूले नै खबरदारी गर्नुभएन, सुझबुझ ढङ्गले नेतृत्व प्रदान गर्नुभएन, आफ्ना कुरालाई बुझाउन सक्नुभएन, संघीय सरकारलाई महसुस गराउन सक्नुभएन भने हामीले संविधानतः प्राप्त गरेका अधिकारबाट नाम मात्रको अवस्थामा परिणत भयो भने त्यतिबेला जनताले अपेक्षा गरेअनुसार को विकास र निर्माणलाई कसरी अगाडि बढाउन सकिएला यसप्रति हेक्का राख्न जरूरी र आवश्यकता मैले देखिरहेको छु, मैले महसुस गरेको एउटा अवस्था छ ।

त्यसकारणले संविधानतः हामीले प्राप्त गरेको प्रदेश अन्तर्गतको Territory त सीमाना त हामीलाई दिएको छ तर मानिलिनुहोस् संविधानतः मेगा प्रजोक्ट पनि यहाँभित्र सञ्चालन हुन्छन्, स्थानीय तहका सरकारका पनि योजना सञ्चालन हुन्छन, प्रदेश तहका योजना पनि सञ्चालन हुन्छन । आ-आफ्ना योजना आ-आफ्ना ढङ्गले हेर्ने कुरा कै तरिकाबाट स्थितिअगाडि बढ्यो भने हामीले सोचेअनुसार को संरचना प्रभावकारी हुन सक्छ वा सक्तैन त्यतापट्टि हामीले गम्भिरतापूर्वक छलफल चलाउनुपर्ने ध्यान दिनुपर्ने कुरा रहने मैले एउटा आवश्यकता ठानिरहेको छु । त्यसकारणले म त्यतापट्टी अहिले त सरकारलाई भनिरहनै परेन किनभने आफ्नो बस्ने नै व्यवस्था मै ध्यान दिनुपर्ने एउटा परिस्थितिबाट गुज्रिरहनु परिरहेको एउटा अवस्था छ तर त्यसका बाबजुत पनि हामीसँग समय छोटो छ, त्यो कसरी हो केन्द्रीय सरकारले प्रदेश सरकार बन्ने, प्रदेश सरकारले केन्द्रीय सरकार बन्ने, आर्थिक वर्ष आइरहने हाम्रा योजना न प्रदेशमा हुने न केन्द्रमा हुने अलमलमा पर्ने परिस्थिति भयो भने के हुने होला ? यसका बारेमा पनि हामीले छलफल चलाउनुपर्ने एउटा अवस्थास्थिति रहन सक्छ ।

यी सबै कुरा राख्दै फेरि पनि म अनुरोध र आग्रह गर्न चाहन्छु, के आज हामी गठबन्धनबाट निर्माण भएको सरकार प्रदेश प्रमुखले लाई बहुमतको सही बुझाएको सरकार हुँदाहुँदै पनि सभासमक्ष बहुमत पुऱ्याउनका निम्ति आज माननीय मुख्यमन्त्रीज्यूले प्रस्ताव पेश गर्नुभएको छ । म फेरि पनि अनुरोध गर्न चाहन्छु कि हाम्रो जुन किसिमको प्रदेश छ र जे कुरा उहाँले भन्नुभएको छ त्यसअनुसार पहिलो पाइला देखि नै यो सभाका सबै माननीय सदस्यहरूले सबैले विश्वास गर्ने गरी प्रदेश नं.६ का जनताले विश्वास गर्ने गरी पाइलो चाल्ने कुरामा तपाईं सफल हुनुहुनेछ, त्यसअनुसार तपाईं अगाडि बढ्नुहुनेछ ।यसकारणले पार्टी एउटै हुने कुराको दिशमा अगाडि बढेको कुरा त सुःखद कुरा छदैंछ त्यो नभएको भएता पनि यसको निर्माणको जगमा नेकपा एमाले सामेल रहेकै कारणले गर्दा आज पनि गठबन्धनकै सरकार भएकै कारणले विश्वासको मत जाहेर गर्नुपर्ने परिस्थिति रहेकै कारणले यो प्रस्ताव आएकै कारणले गर्दा प्रदेश प्रमुखलाई बुझाउँदा हामीले जे वचनबद्धता जाहेर गरेका थियौं आज तपाईंले यो प्रस्ताव सदनसमक्ष प्रस्तुत गरिरहँदा त्यही प्रस्तावप्रति नेकपा एमाले संसदीय दल अडीग रहेको कुरा म तपाईंलाई र सभामुखमार्फत् समाजलाई जनतालाई सुनाउन चाहन्छु र फेरि भन्न चाहन्छु कि ६ नं. को विकास र निर्माणका निम्ति सत्ताधारी पार्टीलाई मात्रै हैन सबैलाई हिडाउने गरी पृष्ठभूमि भिन्नै छ होला, बुझाई भिन्नै छ होला तर यहाँका यथार्थतालाई आत्मसाथ गरेर अगाडि बढ्नका निम्ति त्यसअनुसार हिड्ने कुरा गर्न तपाईंको नेतृत्व सफल हुनुपर्नेछ । होइन भावानामा बगेर कोही बेला आफूलाई सरकार ठान्ने, कोही बेला आफूलाई जनप्रतिनिधि ठान्ने, कोही बेला आफूलाई जनता ठान्ने परिस्थिति निर्माण भयो भने गाह्रो हुन्छ है । सरकारमा रहिसकेपछि सबै चिज सबैका निम्ति गर्न सकिदैन नै सबैलाई एकैचोटी पुऱ्याउन सकिदैन नै, त्यसमध्ये पनि हामी अभावग्रस्त समस्याग्रस्त प्रदेशका जनप्रतिनिधि र सरकार सञ्चालनको नेतृत्व गरिरहेका छौं भने असन्तुष्टि आउने रहन सक्छ ।

यो कुरालाई आत्मसाथ गरेर अगाडि बढ्ने कुरा गर्न सकियो भने छोटो अवधिमा सबै चिज गर्न सकिदैन जसरी हामीले केही चिज केही चिज गरेका छौं, केही चिज यही भित्रैबाट पनि आलोचना सुझाव आइरहेका छन् तर देशले कर्णाली प्रदेशलाई हेरिरहेकै छ । हिजो विपन्नतालाई हेरिरहेको थियो आज हामीले के कामहरू गरेका छौं । काम अगाडि गरेका कारणले हामीलाई हेरिरहेका छौं । हिजो गरिबीका कारणले हेरिरहेका थिए ।आज हामीले केही काम गरिरहेका छौं । सत्तापक्ष, जनतापक्ष र प्रतिपक्ष मिलेर जे काम गरिरहेका छौं यहि कामलाई तपाईं सरकारको रहेर नेतृत्वमा रहेर गर्न पर्ने काममा नेतृत्व प्रदान गर्न सक्नु भयो भने आज रहेको सहयोग सधै रहिरहनेछ, आज हेरिरहेका ६ नं. कर्णाली प्रदेश बाहेक अरू प्रदेशका जनताले र प्रदेशले जे हेरिरहेको छ सधैंभरी हेरिरहने प्रदेशको रूपमा रहिरहनेछ । यसअनुसार अगाडि बढ्ने कुरामा अगाडि बढ्नुहुनेछ भन्ने विश्वासका साथ केही समय अगाडि बनेको वा माननीय महेन्द्रबहादुर शाहीको नेतृत्वमा बनेको प्रदेश सरकारलाई रहेको समर्थन नेकपा एमालेको समर्थनमा बनेको सरकारलाई रहेको समर्थन आज पनि कायम रहेको र त्यसैमा नै आफ्नो मत जाहेर गर्ने कुरा व्यक्त गर्दै विदा हुन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सीताकुमारी नेपाली ।

**माननीय सदस्य श्री सीताकुमारी नेपाली :** माननीय सभामुख महोदय, आज हामी सरकारले विश्वासको मत लिने प्रस्ताव माथि छलफल गर्दैछौं । सर्वप्रथम कर्णाली प्रदेशमा बामगठबन्धनको सत्तासाझेदार दलका दल नेताज्यूले विश्वासको मतमाथि छलफल गर्दै गर्दा हो संवैधानिक प्रदेश प्रमुखसँग सरकारको मुख्यमन्त्री नियुक्त गर्दै गर्दा दलको तर्फबाट जसरी समर्थन जनाएको थियो त्यसमा आजपनि हामी प्रतिबद्ध छौं भन्ने कुरा राख्नुभएको छ । प्रमुख सत्ता साझेदार दलको तर्फबाट आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु । कर्णाली प्रदेशले राष्ट्र निर्माण, आर्थिक समृद्धि र विकासका लागि पहिलो पाइला चाल्दैछ । हिजो कर्णाली प्रदेशलाई भिन्न आँखाबाट हेरिन्थ्यो, आज कर्णाली प्रदेशलाई भिन्दै आँखाबाट हेर्ने जुन स्थितिसिर्जना गर्नका निम्ति हामी यो संसद कर्णाली प्रदेशको संसदमा रहेका सत्तापक्ष, प्रतिपक्ष सबै एकताबद्ध भएर अगाडि बढीरहेकै छौं ।

सभामुख महोदय जसरी एउटा शिशु जन्मिनु अघि र जन्मिएपछि उसको वृद्धि र विकासका लागि आमालाई सन्तुलित आहार व्यहार चाहिन्छ । त्यस्तै यो प्रदेशको वृद्धि र विकासको लागि पनि आवश्यक छ। हामीले यो प्रदेशको विकास र समृद्धिको निम्ति उचित स्याहार, सम्मार, संरक्षण, सम्बर्द्धन गयौं भने अवश्य पनि यो प्रदेशले विकास र समृद्धिको बाटोमा आफूलाई चाहिँ अब्बल बनाउनेछ भन्ने कुरा म राख्न चाहन्छु।

सभामुख महोदय, हाम्रो यो प्रदेशको वस्तुगत आवश्यकता भनेको, अहिलेको आवश्यकता भनेको एकताको आवश्यकता हो र त्यो एकताको आवश्यकतालाई नै मध्येनजर गर्दै सहमति र सहकार्यबाट हामी अगाडि बढिरहेका छौंर बढ्दै गर्दा सरकार भर्खरै निर्माण भएको छ, सरकार भर्खर निर्माण हुँदै गर्दा खेरि अब हामीले सरकारले के कमीकमजोरी गर्छ, ती कमीकमजोरी खोज्दै हिड्ने बेला यो होइन । हामीले सरकारलाई सहयोग गर्ने यो बेला हो । नेपाली जनता सार्वभौमसत्ता, राजकिय सत्ता, नेपाली जनतामा निहित छ र यी प्रदेश पनि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेको यो प्रदेश कर्णाली प्रदेश हो, यो प्रदेशमा हामी एकताबद्ध भएका छौंर संविधानले हामीलाई भनेको छ अब यो राष्ट्रलाई अगाडि बढाउने कुरामा हिजो जसरी राजनैतिक परिवर्तन हामीले गयौं, राजतन्त्रको अन्त्य गयौं, गणतन्त्र स्थापना गयौं हामीले, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गयौं अब हाम्रो बाटो भनेको समाजवाद उन्मुख हो । समाजवाद उन्मुख हुँदै गर्दा संघीय संरचनामा हाम्रो देश अगाडि

बढीसकेको छ र संघीय संरचनामा हामी कर्णाली प्रदेशलाई अगाडि बढाएका छौं हामीले कान्छो एउटा प्रदेश भौगोलिक हिसाबले ठूलो प्रदेश भए तापनि एउटा नयाँ सन्देशसहित हामी अगाडि बढेका छौं, हामीले एकमतका साथ कर्णाली नामाकरण गर्यौं र दुई तिहाइ बहुमतभन्दा बढीले यसको स्थायी राजधानी पनि हामीले घोषणा गरिसकेको अवस्था छ । यो अवस्थामा सरकारको तर्फबाट नीति कार्यक्रम बनाउनु पूर्व विज्ञहरूको राय परामर्शसहित स्वेत-पत्र जारी गर्ने तर्फ पनि लागिरहेको कुरा माननीय मुख्यमन्त्रीज्यूले राखिसक्नुभएको छ र नीति र कार्यक्रम बनाउदै गर्दा यहाँको आवश्यकता, यहाँको वस्तुगत यथार्थताका आधारमा हामीले भूमिको वैज्ञानिकीकरण गर्ने देखि लिएर, कृषिको आधुनिकिकरण गर्ने देखि लिएर, शैक्षिक विकास गर्ने सँगसँगै यातायात पूर्वाधार मात्रै हैन उर्जाको विकास गर्ने कुरा र सुन्दर स्वच्छ प्रदेश निर्माण सँगसँगै सुशासनयुक्त प्रशासन निर्माण गर्नका निम्ति पनि यो समाज रूपान्तरण गर्नका निम्ति र रोजगारी सिर्जना गर्नका निम्ति पनि एउटा जवाफदेही सरकार बन्नेछ भन्ने कुराको विश्वास पनि म व्यक्त गर्न चाहन्छु । साच्चिँकै प्राकृतिक प्रकोपका हिसाबले विपद्मा परेका जनता हाम्रो प्रदेशमा छन् । त्यो विपद्मा परेका जनताको व्यवस्थापनका कुरामा पनि प्राथमिकता साथ अगाडि बढ्नेछ भन्ने कुराको विश्वास पनि म व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, जनजीविका, सामाजिक न्याय र सुरक्षासहितको जनताको जीवनस्तर उठाउने गरी अगाडि बढाउनका निम्ति हामीले हिजो जनताका बीचमा प्रतिबद्धता गरेका छौं । जनताका बीचमा हामीले संकल्प गरेका छौं, त्यो संकल्प र प्रतिबद्धता सहित यो कर्णाली प्रदेशका जनताको जीवनस्तर उकास्नका निम्ति त्यो प्रकारको योजना र कार्यक्रमहरू त अवश्य नै आउनेछ ।

सभामुख महोदयको अनुमतिले म के कुरा राख्न चाहन्छु भने हिजो हामी निर्वाचनको क्रममा गठबन्धनको तर्फबाट जनताका बीचमा यो राष्ट्रको समृद्धि र विकासका निम्ति जसरी अगाडि बढेका थियौं । सँगसँगै जनताले अनुमोदन पनि गरेको छ । हामीले बिर्सेका छैनौं । जनताले जसरी हामीलाई अनुमोदन गरेर जिम्मेवारी दिएको छ, त्यो जिम्मेवारी सहित थुप्रै आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्ने कुरा यसको विकास गर्ने कुरा र सामाजिक हिसाबले र आर्थिक हिसाबले रूपान्तरण गर्ने कुरा सँगसँगै एउटा समाजवादको आधार निर्माण गर्नको लागि पनि अहिले एकताबद्ध भएर जानुको हाम्रो विकल्प छैन । जसरी हामी हिजो जनताका बीचमा एकताबद्ध भएर जाने प्रतिबद्धतागयौं र त्यो प्रतिबद्धतालाई फेरि पनि हामीले यो संसदभित्र त्यो जाहेर गरेका छौं । सत्ता साझेदार दल विशेष गरेर सत्ता साझेदार दलका माननीयज्यूहरूले पनि यो कुरा मनन् गर्नुभएको छ । दलको नेता माननीय यामलाल कंडेलज्यूले आफ्नो धारणा राख्ने क्रममा पनि त्यो विश्वास व्यक्त गर्नुभएको छ र सभामुख महोदय, बहुदलीय प्रतिस्प्रधाभित्र जुन संसदीय अभ्यास हुन्छ, यो संसदीय अभ्यासभित्र प्रतिपक्ष हुन्छ तर हाम्रो यो सुन्दर पक्ष हामी यो संसदभित्र सत्तापक्ष र प्रतिपक्षछौं तर पनि सत्तापक्ष र प्रतिपक्षजस्तो देखिरहेका छैनौं कि यसको उदाहरण हामीले भर्खरै मात्रै कान्छो प्रदेश भएपनि यसको कर्णाली नामाकरण गर्ने कुरा र यसको राजधानी सुर्खेतको वीरेन्द्रनगरलाई बनाउने प्रस्तावमा एक मतका साथ हामी अगाडि बढ्यौ । ५०.४५ र आज अरू प्रदेशले यो प्रदेश तिर हेरिरहेको छ । कर्णाली प्रदेशमा संसदीय संसदभित्र सत्ता पक्ष र प्रतिपक्ष हुँदै गर्दा पनि कर्णाली प्रदेशको सूमद्धि र विकासका निम्ति हामीले एकताबद्ध भएको सन्देश हामीले त्यहाँबाट दिएका छौं । त्यसैले प्रतिपक्षमा हुदाँहुँदै पनि हामीले जसरी सरकार निर्माण गर्‍यौ र यो सरकारले आफूलाई विश्वासको मत दिनको लागि जुन प्रस्ताव ल्याएको छ सरकारको मुख्य एउटा दलको प्रमुख सचेतकको हैसियतले प्रतिपक्ष दललाई पनि यो विश्वासको मतमा सहयोग गरिदिन म अपिल गर्न चाहन्छु । हामीले जसरी संकल्प गयौंअब हामीले सबैले हाम्रा मस्तिष्कमा अब यो प्रदेशको समृद्धि र विकासको ठोस योजना निर्माण गर्ने तिर

हामी केन्द्रीत हुन जरूरी छ । हामी यो प्रदेशलाई समृद्धि गर्नको निम्ति एकताबद्ध भएर जानुपर्ने आजको वस्तुगत आवश्यकता छ र त्यो वस्तुगत आवश्यकतालाई आत्मसाथ गर्दै अब हामी यो प्रदेशको समृद्धि र विकासका निम्ति अगाडि बढ्ने सन्देश आजको आज पनि दिन जरूरी छ भन्ने कुरा म राख्न चाहन्छु । अन्तमा, फेरि पनि सम्पूर्ण माननीयज्यूहरूलाई सभामुख महोदयमार्फत् के अनुरोध गर्न चाहन्छु भने सरकारको मुख्यमन्त्रीले संविधानको धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मतको निम्ति जुन प्रस्ताव राख्नुभएको छ त्यो विश्वासको मतको प्रस्तावमा पक्षमा मतदान गर्नका निम्ति अपिल गर्दै आफ्ना भनाइहरू यहि अन्त्य गर्छु हृस्त धन्यवाद, अभिवादन ।

**माननीय सभामुख :** अब माननीय श्री जीवनबहादुर शाही ।

**माननीय सदस्य श्री जीवनबहादुर शाही :** माननीय सभामुखज्यू, आज यस कर्णाली प्रदेशका मुख्यमन्त्रीज्यूले विश्वासको मतको लागि आफ्नो प्रस्ताव जाहेर गर्नुभएको छ । यसैमा गठबन्धन दलका संसदीय दलका नेताज्यू, सोही पार्टीका प्रमुख सचेतकज्यूले आफ्ना भावनाहरू व्यक्त गरिसक्नुभएको छ ।

माननीय सभामुखज्यू, हो आज हामी जुन प्रदेश कर्णाली प्रदेशले परिचित छ यस प्रदेशलाई अगाडि बढाउनको लागि हामी सबैको सहयोग जारी रहनु नितान्त आवश्यक छ । यद्यपी हिजो एउटा लडाई बनेको थियो, हिजो एउटा झापा आन्दोलन शुरू भयो जहाँ सामन्तिहरूको विरूद्धमा टाउको छेद गर्ने भनेर एउटा क्रान्ति भयो समाजवाद ल्याउनको लागि त्यसपछि त्यसले मात्र नपुगेर पन्ध्र/सोह्र वर्षसम्म एउटा क्रान्ति भयो जुन संसदीय दलवादीहरूले मुलुकको विकास गर्न सकेनन् भन्ने हिसाबले बाह्र/तेह्र वर्ष अर्को आन्दोलन भयो । जसले त्यो आन्दोलनले यहाँको ठूलो परिवर्तन खोजेको थियोतर मलाई आज पनि सम्झना आउँछ भिरपाखामा जन्मेको मान्छे जहाँ हामीले यो नयाँ व्यवस्था, नयाँ क्रान्ति जुन आयो त्यो बेला सायद आजको गठनबन्धनको पार्टी पनि सभामुख महोदय संसदीय धारमा नै थियो । सात दल र एक दलको हाम्रो वार्ता हुने नेगोसिएसन हुने कुरा थिए र समयले आज त्यो दुईवटा दल एक ठाउँमा आएको छ जो हुन सक्छ यो देशको लागि अत्यन्त राम्रो शुभकार्य हुने होस् भन्ने मलाई लाग्छ तर पनि हामी आखिरी जुन दलमा भएपनि मानिस त नेपाली नै हुँ ।

सभामुख महोदय, हामीभित्र पनि कसलाई पछार्ने र कसलाई उछार्ने भन्ने त त्यो रोग त हामी सबैमा छदैछ त्यो रोग आजको गठबन्धन सरकारमा नआओस् भनेर म शुभकामना व्यक्त गर्न चाहन्छु । कि गठबन्धनको नाममा भोलि फेरि एक वर्षमा विश्वासका मतहरू फिर्ता लिने र फेरि त्यही अस्थिरता आउने हो भने यो मुलुकलाई पनि, यो कर्णाली प्रदेशलाई पनि यसले कुनै शुभ संकेत दिदैंन । हामी आदेश प्रेरित भएर आउछौं । कुनै काम एउटा भनाइ छ गर्नुभन्दा बोल्नुभन्दा अगाडि सुन्नुपर्छ, कुनै कुराको डिसिजन गर्नुभन्दा अगाडि सोच्नुपर्छ तर हामी आदेश प्रेरित हुन्छौ । हामीलाई रिस उठ्छ एकैछिनमा ठोक्दिन्छौ यो यो गयौं भनेर तर त्यसपछि एक मिनेट अथावा दश मिनेट पछि कुल डाउन भएर फेरि त्यही सम्पर्कमा जान्छौ तर हामी यही परिस्थितिमा आइरहेका छौं मैले अघि नै सन्दर्भ जोडिरहेको थिए । जुन सन्दर्भले आज हामी यो प्रदेशको निर्माण गरिरहेका छौं । नेपाली काँग्रेसले हिजो पनि संविधानको अगुवाई गऱ्यो, स्वर्गीय नेता शुसिल कोइरालाको नेतृत्वमा र सबै दलको साथमा मैले नेतृत्व र साथको कुरा छ संविधान लागु भयो । अहिले आएर कमरेड प्रचण्डको नेतृत्वमा र शेरबहादुर देउवाको नेतृत्वमा तीन तहको निर्वाचनहरू भए जुन निर्वाचनले आज हामी एउटा सदन चलाईरहेका छौं तर अघि नै कुरा आएको छ अफसोच घोडा अगाडि बग्गी पछाडि हुनुपर्नेमा, हामी बग्गी अगाडि घोडा पछाडि भइरहेको छ । पहिला केन्द्रीय चुनाव हुनुपर्थो, केन्द्रीय मन्त्रीमण्डल बन्नुपर्थो, अनि प्रदेशको बन्नुपर्थो अनि स्थानीय निकायको बन्नु

पर्थ्यो त्यो हुन सकेन त्यसले गर्दा आज हामी अलमलमा परिरहेका छौं । स्थानीय तहको निर्वाचन भएका आज तीन महिना केरे वर्ष दिन पुग्न थालिसक्यो अनि जनताले भन्न थालिसके के यिनिहरूले हामीलाई के गरेका छन् ? त्यस्तै हाम्रो स्थिति पनि त्यहि ढङ्गले आइरहेको छ र अघि नै असाध्यै महत्त्वपूर्ण कुरो राख्नुभयो भन्ने मलाई लाग्छ, कति दिनसम्मको लागि हो म भन्न सक्दिन नेकपा एमालेका संसदीय दलका नेताज्यू, कति भन्नाले अब मिलेको दिनमा त संसदीय दलको नेता दुईवटा हुन्न होला, कि यतै हुने होला कि उतै हुने होला जो हुन्छ होला त्यही मुख्यमन्त्री हुन्छ होला । त्यसैले आजसम्म भनेर मैले त्यो भनेको हु।

माननीय सभामुखज्यू, असाध्यै राम्रो कुराहरू ल्याउनुभएको छ तर यद्यपी शंका बामगठबन्धन पनि शंका छ कतै निलेर जाने त हैन रात रह्यो अगरात पलायो भन्ने त नेपाली उखान छदैछ, त्यो ढङ्गको नहोस् भनेर पनि म फेरि शुभकामना दिन चाहन्छु । हामीलाई धेरै ठूलो जटिल अवस्था छ मैले बारम्बार उहाँलाई सभामुख महोदय कोड गर्नको कारण के हो भने सरकार बन्यो, सरकार बनिसकेपछि सरकारले आफ्नो हैसियतमा हामीले के बोल्नुपर्छ, भनेर त्यो सुझबुझ त्यति भएजस्तो मलाई लाग्दैन । हुन त हाम्रो सभामुखको सच्याई सक्नुभयो आलोचनाको आलोचना होइन, हामी पोजिटिभ ढङ्गका कुरा गर्छौं तर सायद यो बिजुलीको बत्ति नेगेटिभ तार भएन भने बल्दैन । यहाँहरू सबैलाई थाहा छ सभामुख महोदय, पोजिटिभ, पोजिटिभ, पोजिटिभ भनेका छन् स्वास्थ्यको हेल्थको ट्रिटमेन्ट गर्दाखेरि नेगेटिभ रिपोर्ट हेर्दाखेरि राम्रो हुन्छ, पोजिटिभ रिपोर्ट राम्रो हुँदैन । क्रोस्टल छ नेगेटिभ छ भने त्यो रिपोर्ट राम्रो हुन्छ, पोजिटिभ भनेपछि त्यो गयो । त्यसैले समृद्धिको कुरा उकालो मात्र चढ्छु भने त्यो पनि गयो, मुटुको धड्कन माथि जान्छ तल जान्छ Up and down हुन्छ । यी कुरालाई पनि हामीले भुल्नुहुँदैन । कसैले सचेत गर्ने बित्तिकै कसैले तपाईंले यस्तो गर्नुहुँदैन भन्ने बित्तिकै त्यसलाई नेगेटिभ रूपमा लानुपर्छ भन्ने मलाई लाग्दैन । होला जोस छ, जाँगर छ, करेज छ बौद्धिक्ता होला, इफोर्टस होला तर त्यसले मात्र पुग्ने हो र ? त्यसले आफ्नो कुन प्रपोजमा जान लाएको हो ? हामी कुन डेस्टिनेशनमा जान लाएका हौं ? भन्ने कुरालाई पनि हेर्छ । एउटा नेपाली विदेशमा गयो भने हाँसिरह्यो भने खुशी भयो भने आहा नेपालीहरू त कस्ता हुँदारैछन् सबै हाँसिरहेन भनेर उसले त्यो कल्पना गर्छ तर त्यही नेपाली गएर जङ्गी खालको भयो भने अनि विदेशीले गर्छ नेपाली मान्छे सबै रिसाहा हुदाँरैछन । कतै सरकारका मन्त्रीज्यूहरूले त्यस्तो नगरिदिओस् भन्ने मेरो अपेक्षा छ । केही कार्यक्रमहरू उत्साहपूर्ण ढङ्गले गरिरहनुभएको छ असाध्यै राम्रो हो तर यो ठाँउ नै दरिद्र, मान्छे नै दरिद्र अनि त्यही मान्छेका नेता पनि दरिद्र भन्ने भनाइ कतैबाट नआओस् भन्नका लागि पनि म सुझाव दिन चाहन्छु ।

माननीय सभामुखज्यू, किनकि कहिले कहिले मलाई याद आउँछ हामी हिजो आन्दोलन गर्थ्यौं, काठण्माडौमा ठूला-ठूला आन्दोलनहरू भए अनि त्यो बेला एउटै नारा थियो अनि आफू आफू मनमनै सम्झिन्थे किन मेरो जातीय हिसाबले पनि मेरो पछाडि शाही जोडिएको छ । अनि हामी नारा लगाउदाखेरि भन्थ्यौं "शाही शासन मुर्दावाद" भन्दै जान्थिउ अनि बिचबिचमा लाग्थ्यो मैले कतै आफैंलाई त गाली गरिरहेको छैन ? र त्यही शाही शासनका विरूद्धमा हतियार उठाएर त्यसको कमाण्डर बनेर १२/१५ हजार जनाको कमाण्डर बनेर यहि क्षेत्रको यहि कर्णाली प्रदेशको दशरथपुरमा कमाण्ड समालेर बस्नुभएका कमाण्डर आज हाम्रो यो प्रदेश कर्णाली प्रदेशको मुख्यमन्त्री हुनुभएकोछ । त्यसैले पनि उहाँले सोच्नुपर्छ कि कुनै दिन यस्ता दिनहरू नआउन शाही शासन मुर्दावाद भनेर जनताले आवाज नउठाउन भनेर पनि म अहिले सुझाव दिन चाहन्छु । सरकार त अहिले महेन्द्रबहादुर शाहीकै सरकार होला, किनकि हिजो हामीले सुन्ने गरेका छौं, "थापा सरकार मुर्दावाद !", "देउवा सरकार मुर्दावाद!", "वली सरकार मुर्दावाद !" भन्ने नाराहरू त तपाईं हामीले भनेका पनि हुन, गरेका पनि हुन । "कोइराला सरकार मुर्दावाद !" त्यसैले त्यो अवस्था नआओस्।

आज मलाई दुख लागिरहेको छ, सत्तापक्ष जुन पक्ष अगाडि बढिरहेको बेला सत्तापक्षसँग  नजिक भएका पत्रकारहरू, सत्तापक्षसँग नजिक भएका कर्मचारीहरू जुन कर्णाली प्रदेशको नाम राखिएको छ, जुन राजधानी तोकिएको छ त्यसका विरूद्धमा अनर्गल कुराहरू भन्दै गएर जुन हाम्रो एउटा उत्साहालाई तल निभाउने कुरा गरिएको छ त्यसमा सरकारले विचार गर्नुपर्छ र त्यो सत्तापक्षले विचार गर्नुपर्छ भन्ने मलाई लागेको छ। के हामीले भूगोललाई पहिचान दिएर यो गर्नु अपराध थियो ? चिठ्ठी लेख्ने सांसदहरूले राजिनामा दिनुपर्छ भन्ने हामी चालीस जना यहाँका बाह्र लाख चानचुन जनताको मत ल्याएका हौं, उनका भावनालाई बोल्नको लागि आएको हो त्यसकारणले हामी सबैले यो कुराको प्रतिवाद गर्नुपर्छ न कि रोष्टममा उभिएर सरकारका मान्छे हुन, या प्रतिपक्षका मान्छे हुन आफैंले गरेको निर्णयलाई निरही भएर बोल्ने हामीले परम्परा गर्यौं भने हाम्रो विकास हुन सक्दैन । आज संसारले भनेको छ "कर्णाली जो हेपिएको थियो,कर्णाली जो जसको सम्भावना केही छैन भनेको चाँही प्रदेश थियो त्यसको केही विवेक र विचार त रैछ, आज यो मुलुकमा यहि प्रदेशको नामाकरण गर्ने, राजधानी तोक्ने कारणले पनि संघीयता कतै धरापमा पर्छ कि भन्ने डर भइसकेको छ ।" त्यो कुरामा साच्चै कर्णाली प्रदेशले आत्मसाथ गरेको रैछ र समयमा जुन गर्नुपर्ने कुरा अगाडि गर्‍यो भनेर भनिरहेको छ, त्यसकारण सभामुख महोदय यी कुराहरूलाई पनि सत्तारूढ दलले, सरकारले, सरकार प्रमुखले यसलाई विचार पुर्‍याउनै पर्छ भन्ने मलाई लाग्छ । सरकार प्रमुख भनेको यस्तो चिज हो कि राम्रो गर्दा अरूले जस पाउने, नराम्रो गर्दा सरकार प्रमुखले जस पाउने कुरा हुन्छन ।यो कुरालाई पनि तपाईं हामीले बुझ्नुपर्छ भन्ने मलाई लाग्छ ।

सभामुख महोदय, अब हामीले यो प्रदेशमा हामीले सोच्नुपर्ने कुरा के हो भने यो प्रदेशको लागि यो प्रदेशले हामीलाई के दिन्छ? भन्ने होइन, हामीले यो प्रदेशलाई के दिन सक्छौं त्यो भन्नेकुरालाई सोच्नुपर्छ सभामुख महोदय र अनि हामीले गर्ने गरेका छौं, हामीले भन्ने गरेका छौं हामीले व्यापक शब्दहरू बोकेका छौं, शब्दहरूबाट मान्छेहरूलाई लालायीत बनाएका छौंतर शब्दले मात्र बोलेर मात्रै हुँदैन ती शब्दसँग  जिउन सक्नुपर्छ । हामीले बोलेका शब्दसँग हामीले जिउन सक्यौं भने मात्रै अनि हाम्रा जनताले पक्कैपनि हामीले असल जनप्रतिनिधिहरू चुनाएर पठाएका रहेछौं । हामीले पक्कै पनि असल सरकार बनाएका रहेछौं भन्ने कुरा हामीले गर्नुपर्छ । यी कुराहरूलाई पनि हामीले सोच्नैपर्छ ।

माननीय सभामुख महोदय, अहिले आयो कहिले-कहिले ? लाग्छ हामीले समाजवादउन्मुखको कुरा गर्छौं, समाजवादको पनि यस्तो चाँही परिभाषा छ के हो समाजवाद? सरकारले नियन्त्रित गर्ने समाजवाद हो ? या सबैले न्यायपूर्ण ढङ्गले पाउने वितरण हुने समाजवाद हो ? तर हामी कहिले कहिले समाजवाद र साम्यवादको कुरा गर्छौं, समान त को हुन सक्छ र ? हामी यहाँ भित्रैमा भएका सभामुख महोदय, कोही समान छैनौं । को अग्ला छौं, कोही गोरा छौं, कोही हामीजस्ता काला छौं, कोही ख्याउटे छौं, कोहि मोटा छौं । समान कोही हुन सक्छ ? र समान अवसर दिइनुपर्छ । समान राम्रो एउटा स्कुलमा पढ्न पठाउनुपर्छ, समान चाहना कसैको पनि हुन सक्दैन । सभामुख महोदय, यहाँ भन्ने गरिन्छ कसैलाई भात खाने मन लाग्छ, कसैलाई कोदोको रोटी खाने मन लाग्छ त्यसैले यी कुरालाई पनि सोच्नुपर्छ । यदि यहाँको साच्चै नै विकास गर्ने हो भने सभामुख महोदय, सरकारले त हामीले त वैदेशिक लगानी नभित्र्याउँदा सम्म हाम्रो विकास हुन सक्दै सक्दैन । ठूला-ठूला सडक हामीले बनाउनै सक्दैनौं, ठूला-ठूला विद्युत गृहहरू हामीले बनाउनै सक्दैनौंतर हामीले त्यो पनि भोगेका हौं सभामुख महोदय, वैदेशिक सम्राज्यवादीहरूको सम्पत्ति हामीले यहाँ ल्यायौ भने, यहाँको क्रान्ति विफल हुनेछ, यी क्रान्तिहरू विफल भए भने हामीले व्यवस्था परिवर्तन गरेर पनि अगाडि बढ्नेछैनौं भन्ने पनि त हामीले नसुनेको हैन सभामुख महोदय तर म आज प्रतिपक्ष दलको नेताको हैसितय र नेपालि काँग्रेसको हैसियतले पनि भन्छु मैले सुन्ने

गरेको थिए, "संसद भनेको यस्तो ठाँउ हो, जहाँ बोकाको टाउको राखेर खसीको मासु बेचिने थलो हो" त्यो थलोको विद्रोहमा विद्रोह भएको थियो र म आज खुशी छु, त्यही थलोमा आज हामीले सबैलाई पुऱ्याउन सकेका छौँर संसदीय व्यवस्थालाई अगाडि बढाएका छौँ । विश्वासको मतमा मलाई लाग्छ, मलाई विश्वास छ सरकारप्रति यो सरकारले अगाडि बढ्छ भन्ने मलाई विश्वास छ तर मेरो मत त्यो सरकारसँग छैन ।

किनकि म बहुलवादमा विश्वास गर्ने मान्छे हो । मैले अघि नै पनि जोडे नेगेटिभ एउटा तार भएन भने बिजुली बल्न सक्दैन, प्रतिपक्ष पल्लो कुनामा बसेन भने सरकारले मनपरी गर्न सक्छ र सरकारको विरूद्धमा नेपाली काँग्रेस जो यहाँ छौं, थोरै संख्यामा तर हाम्रा विरूद्धमा लाग्ने हैन, सचेतनाको लागि लाग्ने हो, सुझावको लागि लाग्ने हो, आइडिया दिनको लागि लाग्ने हो, मान्छे मर्न सक्छ, मान्छे मरेर जान्छ । राज्य कहिले राइज हुन्छ कहिले फल हुन्छ । राइजिङ एण्ड फलिङ भनेर त हामीले सुनेकै छौं तर आईडिया कहिले पनि मर्दैन । आइन्सटाइनको आइडिया $E=mc^2$ भन्ने आज सम्म परेको छैन आइन्सटाइन मरेर जानुभएको छ । त्यसैले ती हाम्रा आइडियाहरूलाई पनि सरकारले सहर्षरूपले स्वीकार गरेर अगाडि बढ्नेछ भन्ने मलाई लाग्छ । हो हामीले दौडिनुपर्नेछ र दौडिनु पर्ने बित्तिकै भेरीमा एकैचोटी हाम फाल्न खोजिउ भने भेरीको नजिक क्रस गर्न सक्दैनौं भेरीमा डुबेर मर्न सक्ने अवस्था हुन सक्छ । त्यो क्रस गर्नको लागि त पुलै बनाउन पर्छ । अथवा रोपै बनाउँला ती कुरालाई पनि सरकारलाई अहिले म २/४ दिन जति भयो एकदम कुराहरू आए एकैचोटी मन्त्रीको व्यवस्था गर्न सकेका छैन सभामुख महोदय, सांसदहरूको लागि आवासगृह बन्दैछन् बाहिर फेरि गाली गर्न शुरू गरिसके । यो बेला यो थुतुनो भनेको अनौठो चिज हो सभामुख महोदय, यो कुनै पनि बन्दुकभन्दा कडा हुन्छ । बन्दुकको गोली त एकपटक लाग्छ डङ्ग्रै ढल्छ सिद्धिन्छ, एउटा शब्दले मान्छेलाई घुमाईरहेको छ । हामीलाई यो रोष्टममा आएर बोल्दा पनि सभामुख महोदय, एउटा मन्त्रीज्यूले बोल्ने कुरामा, एउटा सांसदले बोल्ने कुरामा त्यो सर्वसाधारण जनतालाई असर पारिरहेको हुन्छ ।

त्यसकारणले म आज पनि भन्न चाहन्छु, सायद अस्ति हामीले नामाकरण गर्ने बेलामा हामी लोकप्रिय हुनको लागि केही शब्द नबोलेको भए सायद यी कमेन्टहरू आउदैन्थे होला, आउछन् कमेन्ट नआउने होइन तर मैले आज हेर्दैछु सभामुख महोदय, जसको फेरि रोजगारी सिर्जना भएको छ, रोजगार सिर्जना त यसरी पो हुँदोरहेछ त । राम्रो काम गऱ्यो त्यसका विरूद्धमा लाग्यौं भनेर चन्दा माग्दै हिड्ने चन्दा माग्दै हिडेर त्यसका विरूद्ध हिड्ने ? त्यस्ता रोजगारी हामीले खोजेको होइन, सरकारले त्यस्ता रोजगारीहरू ल्याउनुपऱ्यो जो रोजगारीहरू यहाँका उत्पादनलाई वृद्धि गर्ने, यहाँका किसानहरूलाई प्रोत्साहित गर्ने, यहाँका हाम्रा जडीबुटि छ खानी छ भने मुखले भाषण गरेर त भएन नी तीनलाई कसरी ल्याउन सकिन्छ भन्ने कुरामा चाहिँ सरकार लागोस् त्यसको लागि प्रतिपक्ष दल सधैं साथमा छ । हामी लाग्छौ, हामीलाई पनि छ प्रतिपक्षको नेता बनाएर पठाइसकेपछि विरोध गर्न त कसलाई आउदैन म फेरि त्यस्तो गाउँमा हुर्केको मान्छु हुँ हाम्रो गाउँतिर अब धेरैले बुझ्नुपनि हुन्छ होला, भाषा नबुझ्ने पनि होला सरू खाने भन्छ । बालि खान लाग्यो भने एउटा घरको आमाले, दिदिले, बहिनीले चार लोटा पानि पिउँदै चार घण्टा सम्म गाली गर्न सक्छन् । गाली गर्नलाई के छ र सजिलो छ तर सकारात्मक रूपमा जानको लागि सहि बाटो लगाउनको लागि गाह्रो कुरो हो त्यसैले हामीले जसरी पहिलो दिनमा भनेका थियौं हामीले के चाहन्छौं यो प्रदेशलाई प्रदेश समृद्धि भएको हेर्न चाहन्छौं । यहाँ नेकपा एमाले बलियो भयो कि भएन, नेकपा माओवादी बलियो भयो कि भएन अथवा भविष्यमा हुने नेपाल कम्युनिष्ट पार्टी बलियो भयो कि भएन अथवा काँग्रेस बलियो भयो कि भएन भन्ने कुरा होइन सभामुख महोदय, हामी त यी प्रदेशका जनता बलिया भए कि भएनन् यहाँको समृद्धि भयो कि भएन, यहाँका जुन हामीले हेर्ने दृष्टिकोण छ, मलाई धेरै याद छ सभामुख महोदय,

म फेरि पनि भन्न चाहन्छुम त्यो भिरपाखामा आजपनि मेरो गाउँ त्यही हो । जन्मेको मान्छेलाई काठमाण्डौ जादाँ मेरो रूप र रङ्ग हेर्दाखेरि प्रायजसो मान्छेहरूले भन्ने गर्दा रैछन् तपाइँ तराई को हो ? तपाइँ जनकपुरको हो ? किदर से आया भन्ने पनि त्यो मैले महसुस गरेको छु ।

सभामुख महोदय, कुरा गर्दै जादाँ तपाइँ विरगञ्जको मान्छे हो ?तपाइँ विराटनगरको पनि हो भनेका छन् सभामुख महोदय, अनि कुरा गर्दै जादा म त हुम्लाको होभन्दा खेरि अनुहार हेर्दा तराई जस्तो छ, बोली हेर्दा काठमाण्डौको जस्तो छ, मान्छे त हुम्लाको रैछ भन्दै नाँक खुम्चाउथे । किनकि यो प्रदेशमा जन्मेका मान्छेका बुद्धि छैन, विवेक छैन कुनै पनि केही छैन भन्ने कुरा सबैलाई सत्य त्यहि हो । नेकपा एमालेको मान्छे होला या काँग्रेसको होला या राप्रपाको होला । हामीलाई त्यसरी हेपिएको दृष्टिकोणले हेर्ने गरिन्छ सभामुख महोदय यो कुराले हामीले महसुस गर्नुपर्छ कि पर्दैन ? त्यसकारण जुन दिन यो प्रदेश धनी हुनेछ, जुन दिन यो प्रदेशको आफ्नो रिसोर्स बढ्नेछ, जुन दिन हाम्रो लगानी यति छ भन्नेछौं त्यो बेला हामी तल माथि हौंला मतलब छैन प्रदेशले यो देशलाई चिनाउनेछ । त्यसको लागि सरकार लाग्नुपर्छ भन्ने मेरो भनाइ हो सभामुख महोदय ।

यी कुराहरू म राख्दै म भन्न चाहन्छु कि, यदि हामीले भुतलाई मात्र हेर्यौं भने वर्तमानलाई मात्र हेर्यौं भने, तीनलाई मात्र सम्झिउ भने भविष्यलाई चाहिँ हामीले निर्माण गर्न सक्दैनौं तर एउटा भनाइ छ अङ्ग्रेजीमा के भनाइ छ भने “Past is past, Present is Most Important, Future is uncertain” त्यो व्यक्तिको जीवनमा हुन सक्लातर संस्थाको जीवनमा त्यो फ्युचरलाई हेर्नुपर्छ । आजका रूख मासिउ भने हामी यस्ता प्राणहरू छौं जहाँ रूख बिरूवाहरूले चाहिँ हाम्रो बालीनालीहरू बढिरहेको हुन्छ, अनि हामी चुनाव जित्नको लागि भाषण गर्छौं र भन्छौ, फलाना ठाउँमा एयरपोर्ट ल्याउछौं । लाखौ रूखहरू काटेर त्यहाँ एयरपोर्ट बनाउन चाहन्छौंतर त्यहा गरिब जनतालाई गरिब बनाउछौं अनि हामीले भोटको लागि मात्र गर्ने गरेका छौं। सायद मलाई विश्वास छ अब यो सरकारले पनि हामीले पनि भोटको राजनीति हैन आज निर्वाचित भएर आईसकेपछि यो जनताको लागि हामीले मुखले भाषण गरेर यहाँ प्रशस्त छ भनेर हुँदैन ।

मेरो गाउँमा साहु भन्ने थिए । साहुबडा भन्ने हुन्छ गाउँतिर असाध्यै धनि गाउँअनुसार खानापिना प्रशस्तै पुग्ने भर्खर भर्खर छोरा बुहारी आएछन् तर प्रशस्तै गाउँतिर शहरतिरकति दुख पाउँछन थाहा छैन गाउँमा जति मान्छे धनि हुन्छ उती दुख पाउँछ । किनकि भेडा च्याङ्ग्रा बढि हुन्छ त्यसको पछाडि दौडिनै पर्‍यो, भैसी हुन्छ दौडिनै पर्‍यो, चौरीवाला दौडिनै पर्‍यो । गरिबको त केही पनि हुँदैन धनिको त धेरै गाह्रो हुन्छ नि बिहान घाँस हाल्नुपर्‍यो, भर्खरै लगेको रैछ हाम्रोतिर त यतैतिरबाट लाने गरिन्छ । जाजरकोट कहाँबाट सल्यान सल्यान बझाङ सझाङबाट लिएको बुहारी अरे तिम्रो घरमा त धेरै दुख रैछ भनी सकेपछि, हैन अब तिमी र म छुट्टिएर बस्नुपर्छ भने दुईजना छुट्टिएर बसे । अनि सुख पनि हुन्छ बाउआमाले दुख पनि दिन्नन् उनको भागबण्डा पनि सबै दिए, चौरी पनि दियो, भेडा पनि दियो सारा दियो अब दुवै जना अल्छि थिए । त्यो भेडा चराउन जाँदा बाघले खाईदियो, गाई दुहन जाँदा त उता बसौली म यता बसौला खिर राखौंला भन्ने कुरा त सपना भयो नि । त्यो सपनामा अब हामी जान हुँदैन । मेहेनत गर्नुपर्छ । भैसी बगाल हामी चौरी पाल्नेलाई धेरै दुःख हुँदैन । चौरी बनमा जान्छ हिउँ परे पनि चर्छ । भैसी पाल्ने जुन हामी तल्लो बेल्डमा भैसी पाल्छौ धेरै दुःख छ नि । एउटा भैसी पाल्ने घाँसले चारवटा गाई पालिन्छ ।तर दश वटा गाईले दिने दुध एउटा भैसीले दिन्छ । मेहेनत त धेरै छ नी । म कता-कता हेर्छु खाली गफ यो भैहाल्छ नि आइहाल्छ नि त्यस्तो यो सरकारले गरिहाल्छ नि हामी सांसदले नगरौं सभामुख महोदय त्यो परिपक्षमा जानुपर्छ अगाडि जानुपर्छ अगाडि बढ्नपर्छ भन्ने कुरा म राख्न चाहन्छु र मैले भने सरकारप्रति मेरो विश्वास

छ, मेरो पार्टीको विश्वास छ तर बहुलवादमा विश्वास गर्ने र तारको जस्तो नेगेटिभ काम गर्ने त्यो तार भएन भने त्यो सरकार बल्नै सक्दैन, त्यो बाल्दिनको लागि पनि हामी चाहि सरकारको विपक्षमा मत दिन्छौं हामीले अहिले मत दिन सक्दैनौं सम्पूर्ण कुराहरूमा जनजीविकाको कुरामा जनताको कामको लागि यहाँहरूले गएर एक स्टेप नै अगाडि बढेर सहयोग गरौंला त्यो गर्ने कुराको प्रतिबद्धता जाहेर गर्दै र यो सरकारको सफलता रहोस् कि फेरि घरका धनराशी चाहिँ गरे जस्तै कता-कता कुरा सुन्दा त अलि पिरपिर पनि लाग्यो डरडर पनि लाग्यो कतै के हो र ? भन्ने जस्तो नहोस् यसमा हामी सबै मिलेर चाहिँ प्रदेश बनाउ । प्रदेश बनाउन हामी सबैको दायित्व हो । यति कुरा म राख्दै म यहाँबाट विदा हुन्छु, धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख :** माननीय शोसिला शाही ।

**माननीय सदस्य श्री शोसिला शाही :** माननीय सभामुख महोदय, कर्णाली प्रदेशमा सरकारको पाँचौ बैठकमाले विश्वासको मत लिने विषयमा राप्रपाको तर्फबाट आफ्ना भनाइहरू राख्न उपस्थित भएकि छु । राष्ट्रिय प्रजातन्त्र पार्टी जहिले पनि समग्र प्रदेशको आर्थिक विकास र दीगो शान्तिको पक्षमा छ । हाम्रो पार्टी फरक पहिचान र मुल्य मान्यताको पार्टी बोकेको पार्टी हो त्यसैले वर्तमान संविधानप्रति हाम्रो केही फरक मत रहेको संविधानको कार्यान्वयन गर्ने विषयमा राप्रपा सधैं सबै राजनैतिक दलहरूसँग सहकार्य समन्वय गरेर अगाडि बढ्न तयार छ ।

सभामुख महोदय, प्रदेशमा यस प्रदेशमा जति चुनौती छन् त्यतिअवसर पनि छन् यहाँको प्राकृतिक स्रोत साधन पहिचान प्रयोग र उत्पादनलाई सहि व्यवस्था गर्न सके नमुना प्रदेशको रूपमा विकास गर्न सकिन्छ। अहिलेको अवस्थामा हाम्रो सामु थुप्रै चुनौतीहरू र संघीयता कार्यान्वयनको चरणमा छौं । हामीले यस अवस्थामा सरकारलाई सहि बाटोमा डोऱ्याउन र सरकारका नकारात्मक काम कार्यवाहीलाई रचनात्मक ढङ्गले यो सहयोग गर्न प्रतिपक्षको आवश्यकता छ ।

सभामुख महोदय अन्तिममा आजको यस बैठकमा प्रस्तुत भएको प्रदेश सभाको विश्वासको मत सम्बन्धमा राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट प्रदेश सरकारको विपक्षमा मत जाहेर गर्दछु । भन्न चाहन्छु राष्ट्रिय प्रजातन्त्र पार्टीबाट म महिला भए पनि मैलै आफ्ना धारणाहरू राखेको छु र कुनै गल्ति भएमा क्षमा प्रासि धन्यवाद ।

**माननीय सभामुख :** अब यो छलफल यहि समाप्त हुन्छ । अब म माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई छलफलमा उठेका प्रश्न एवम् जिज्ञासाहरूको लागि समय दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही :** सभामुख महोदय र यहाँ प्रस्ताव पेश गरिसकेपछि माननीय सदस्यज्यूहरूले आफ्ना धारणाहरू राख्नु भएको चाहिँ छ । म पनि के विषयमा स्पष्ट छु भने यो हाम्रा अगाडि सामान्य चुनौतीहरूचाहिँ छैनन् । धेरै ठूला-ठूला चुनौतीहरूचाहिँ हाम्रा अगाडि छन् । जनताका आकांक्षाहरू, जनताका चाहनाहरू र जनताका मागहरू असाध्यैठूलाचाहिँ छन् । सबैभन्दा बढी अपेक्षा चाहिँ गरेका छन् र हामी निर्वाचित जनप्रतिनिधिहरूले पनि ठूला-ठूला सपनाहरूचाहिँ देखेका छौंर साच्चिँकै भोलिको देशकै अरू प्रदेशभन्दा सम्पन्नशाली प्रदेश यो प्रदेश बन्छ र त्यो प्रचुर सम्भावना चाहिँ छन् र ती सम्भावनाहरूको निकट पुग्नको लागि अहिले हामीले धेरै ठूलो मेहनत गर्नुचाहिँ छ र एक जनाको विशिष्ट क्षमताले मात्रै हामीले अहिले आवश्यकता,जनताको चाहना, अपेक्षा हामी पूरा गर्न चाहिँ सक्ने छैनौं र यसका लागि हामी यो प्रदेश सभा सानो छ, चुस्त छ, दुरूस्त चाहिँ छ । चालीस जना भन्या त खासै ठूलो

हैन, केन्द्रको मन्त्रीमण्डल नै तपाईंको साठिको सेरोफेरोमा चाहिँ थियो भने केन्द्रको मन्त्रीमण्डलभन्दा सानो हाम्रो संसद चाहिँ छ । जति सानो छ त्यति व्यवस्थित र अझै जिम्मेवार चाहिँ बोध अवश्य पनि हामी सबैमा भएको चाहिँ छ र यसैले अब सरकारले भोलि फेरि पनि आफ्नो तरिकाले, आफ्नो ढङ्गले अगाडि बढ्छ कि र जुन अहिलेको आवश्यकता र जनताको जनअपेक्षा पूरा गर्न सक्दैन कि भन्ने जुन चिन्ताका साथ विषयवस्तु उठाउनु भएको चाहिँ छ म विश्वास चाहिँ दिलाउन चाहन्छु भने समग्र यो प्रदेशको सत्ता सञ्चालन सम्बन्धीको ऐन, कानून, नियम बनाउने मुख्य जिम्मेवारी त यो संसदलाई छदैंछ र फेरि पनि सरकारका काम कार्यवाहीमा संसदले दिएको म्यान्डेट छ त्यो पूरा भए नभएको चाहिँ अनुगमन गर्ने र सरकारलाई चाहिँ सिधा निर्देशन गर्ने अधिकार यो संसदले राख्छ र त्यसो हुँदा संसदभन्दा बाहिर संसदभन्दा माथि कुनै पनि हिसाबले सरकार चाहिँ बन्न सक्दैन र यो प्रदेशको सर्वोच्च निकाय भनेको चाहिँ संसद हो।

त्यसो हुँदा जुन चाहिँ चिन्ता व्यक्त गर्नुभएको छ त्यो तपाईंले गरेको चिन्तालाई मैले कुनै पनि हालतमा त्यो पुष्टि हुन नदीनेमा म पर्यत्न गर्नेछु । त्यसपछि अहिले या मलाई थाहा छ हाम्रो राजनैतिक  जग र त्यसपछि इतिहास र इतिहासलाई कदापि बिर्सने चाहिँ छैन । इतिहासलाई कसैले बङ्ग्याउने, कसैले आफ्नो ढङ्गले व्याख्या गर्ने यो कदापि हुन सक्दैन । इतिहासभनेको तथ्यमा आधारित चाहिँ हुन्छ । यो तथ्यभन्दा बाहिर इतिहासलाई मोड्ने, मोड्ने पक्षमा अहिलेको सरकारचाहिँ रहनेछैन यसमा पनि म विश्वास दिलाउन चाहन्छु ।हो हामीले धेरै लामो समय सङ्घर्ष गयौं हिजो नेपालको इतिहासले हेर्ने हो भने हामी टुटफुट र विभाजन मै बढि केन्द्रीत भयौ जसका कारणले पनि यो मुलुक बन्न सकेन । अब अहिलेको इतिहासले दिएको नयाँ जिम्मेवारी र वर्तमानले अहिले हामीप्रति गरेको अपेक्षा, आशा भरोसा जो छ नयाँ जिम्मेवारी जो छ पूरा गर्नको लागि हामी फेरि पनि एक ठाउँमा उभिएर हामी बलियो भएर हामीभित्र रहेको जुन राजनैतिक अस्थिरता छ, अस्थिरताको अन्त्य गरेर यहाँ विगतको इतिहासलाई चाहिँ हामीले हेरेका छौं सरकार बन्ने र ढाल्ने बाहेक अरू केही हुन सकेन । फेरि पनि अहिले हामीले संस्कारलाई बितायौं, त्यही संस्कारलाई हामीले निरन्तरता दियौं, अहिले पनि फेरि हामीले सरकार बनाउने र ढाल्ने हामी धेरै जना देशका प्रधानमन्त्री बन्न सक्छौं, धेरै जना देशका मन्त्री बन्न सक्छौं तर यो मुलुक चाहि बन्दैन । यो मुलुक बनाउनका लागि अहिलेको आवश्यकता जनताको जनचाहना भनेको राजनैतिक स्थायीत्व हो । यो हामीले राजनैतिक स्थायीत्व दिनका लागि राजनैतिक धुव्रिकरण बाहेक अर्को विकल्प छैन भनेर चुनाव नहुनुभन्दा अगाडि ठूलो एउटा राजनैतिक धुव्रिकरण हामीले लिएका चाहिँ थियौं । त्यही राजनैतिक धुव्रिकरणकै परिमाण चाहिँ हो अहिले वामगठबन्धनले स्पष्ट बहुमत केन्द्रमा ल्याएको चाहिँ छ, केन्द्रमा वामगठबन्धनको सरकारचाहिँ बन्दैछ र अहिले एउटा प्रदेश बाहेक अरू सबै प्रदेशमा वामगठबन्धनको सरकार बनि राखेको चाहिँ छ । अब हाम्रो अगाडि ठूलो चुनौती चाहिँ छ ।

यो चुनौतीको सामाना गर्न हामी कतिका इमान्दारीताका साथ अगाडि लाग्न सक्छौं यसमा भर पर्ने चाहिँ छ। त्यसैले आज हामीले चुनावभन्दा अगाडि नै पार्टी एकता गरेर जाने एउटै पार्टी बनाएर जाने, एउटै चुनाव चिन्हमा हामीले चुनाव लड्ने भन्ने हिसाबले चाहिँ अगाडि बढेका थियौं । फेरि पनि हामीले चुनावभन्दा अगाडिपार्टी एकता हुन सकेन हामी चुनावको एउटै चिन्ह लिएर चुनाव लड्न सकेनौ । फेरि पनि चुनाव चिन्ह लिएर लडे पनि तर हामीले यो अहिलेको वामपन्थि गठबन्धन संयुक्त एउटा प्यानल सहित हामी चाहिँ चुनावमा गएका थियौं । हामी कोही एमाले चाहिँ उम्मेद्वार भएर, हामी कोही काँग्रेसका उम्मेद्वार भएर जनताका बीचमा हामी भोट माग्न चाहिँ गएका थिएनौ हामीले एउटै कुरा चाहिँ भनेका थियौं गठबन्धनको तर्फबाट चाहिँ हामी उम्मेद्वार हौं, यो हाम्रो गठबन्धनको उम्मेद्वार चाहिँ हो, हाम्रा साझा उम्मेद्वार चाहिँ हुन भनेर हामीले जनतासँग  हामीले भोट माग्यौ र हामीले जित्यौ र जनताले ठूलो विश्वास

चाहिँ गरे । ठूलो एउटा उत्साहा पैदा भयो देशभरी चुनाव जितेर हामी अहिले स्पष्ट वहुमतले हामी यो ठाउँमा चाहिँ आइपुगेका छौं । त्यसो हुँदा मलाई चाहिँ के छ भने निकट भविष्यमा अहिले तुरून्तै केही समयपछि केहि दिनपछि मात्रै पार्टी एकता हुँदैछ, हामी एउटै पार्टी बनाउदैछौं । अब एउटै पार्टी बनाईरहदा फेरि पनि हामी सायद चुनावका बेला कसैलाई पनि यो पार्टी त्यो पार्टी भन्ने चाहिँ थिएन । कार्यकर्ताले भन्थे एउटै चुनाव चिन्हमा आउँनुपर्थ्यो भन्ने प्रकारका चाहिँ अभिव्यक्तिहरू चाहि थिए त्यहाँ कुनै चाहिँ पार्टी वि पार्टी उ पार्टी यो पार्टी भन्ने प्रकारको मनोविज्ञान जनताका बीचमा चाहिँ थिएन । त्यसो हुँदा अहिले हामी फेरि संसदमा बोलिरहदाँ हामी तल फेरि यो पार्टी र त्यो पार्टी फेरि चाहि हामीले भनिरहदाखेरि ए ले फेरि जनतामा र हाम्रो समग्र कार्यकर्तामा निराशा चाहिँ ल्याउछ । त्यसो हुँदा हामी एउटै पार्टी भईसक्यौ । अब हामीले हाम्रो अगाडिको नयाँ जिम्मेवारी पूरा कसरी गर्ने भन्ने कुरा नै अहिलेको हाम्रो अगाडि ठूलो चुनौती हो । त्यसो हुँदा म भन्छु थुप्रै ठूलो आन्दोलनमा महत्तवपूर्ण भूमिका निर्वाह गरेका मैले चाहि भन्या चाहिँ छु उमेरका हिसाबले पनि धेरै परिपक्व लामो समय एउटा राजनैतिक जीवनमा अनुभव सङ्गालेका र अहिले त्यो प्रकारको चाहिँ क्षमता, त्यो प्रकारको चाहिँ स्पिड फेरि गति साच्चिँकै अहिलेको वर्तमानको आवश्यकता परिपूर्ति गर्न सक्छौं भन्ने एउटा उर्जाशिल एउटा शक्ति फेरि पनि यो संसदमा भएकै कारणले गर्दा आगामी दिनहरूमा फेरि त्यस्ता प्रकारका समस्या आउदैनन् । कहि कतै थोरै पनि भावनामा चोट पर्ने, भावनामा समस्या आउने प्रकारका चाहिँ गतिविधि चाहिँ हुन नदीनका लागि चाहिँ हामी सबै सतर्क रसमक्ष रहन जरूरी चाहिँ छ र अहिले यहाँ हो जो विषय राख्नु भएको चाहिँ छ हामी पार्टी एकता नहुँदा सम्म हामी अलग दल चाहिँ छौं, दुईवटा दल चाहिँ छौं र दुईवटा दल भइरहँदा आफ्ना दलका विषयवस्तु राख्नुपर्ने हुन्छ यो सब हो र फेरि पनि अहिलेको सरकार चाहिँ जुन गठनमा महत्त्वपूर्ण एउटा भूमिका निर्वाह गर्नु भा चाहिँ छ स्पष्ट चाहिँ बहुमत हुँदाहुँदै पनि कम चाहिँ सीट ल्याएको नेतृत्व चाहिँ दिने कुरा यो सामान्य विषय चाहिँ हैन ।

यसलाई मैले त्यही रूपमा ल्या चाहिँ छु र सबै लाई थाहा छ यी सबैभन्दा ठूलो पार्टी एक सीट बाहेक मात्रै नपुगेको एउटा बहुमतको पार्टीले कम सीट चाहिँ ल्याएको पार्टीलाई नेतृत्व चाहिँ दिएको चाहिँ छ भन्ने कुरा चाहिँ यो संसदबाट मैले बोलिरहनु पर्दैन सबै स्पष्ट छन् तर मुख्य कुरा फेरि पनि नेकपा एमालेको दल, दलको नेतृत्व र दलका सम्पूर्ण माननीय सदस्यज्यूहरूले अहिलेको वर्तमानको आवश्यकता, अहिलेको यो देशको आवश्यकता र दुईवटा दल बीचको केन्द्रमा गरिएको सहमति र सहकार्यलाई इमान्दारीताका साथ जुन कार्यान्वयन गर्नुभयो जुन प्रकारको चाहिँ सहयोग गर्नुभयो र यसका लागि चाहिँ म मेरो व्यक्तिगत तर्फबाट र नेकपा माओवादी केन्द्रको दलको तर्फबाट दल नेता यामलाल कंडेल लगायत एमालेका अहिलेका माननीय सांसदज्यूहरू सम्पूर्णमा म हार्दिक चाहिँ आभार सहित म धन्यवाद दिन चाहन्छुर फेरि पनि भोलि हामी चाहिँ थोरै चाहिँ फरक अलग चाहिँ पार्टी हो, हामी अलग सांसद चाहिँ हौं र अलग भयौ भन्ने प्रकारको त्यो व्यवहार भोलि थोरै पनि अनुभूति आउन नदीने किसिमको चाहिँ भूमिका निर्वाह गर्ने कुरामा म अत्यन्तै जिम्मेवार चाहिँ हुनेछु भन्ने कुराको पनि प्रतिबद्धता तपाईंहरूको बीचमा म राख्न चाहन्छु र यस पछि यहाँ यस पछि यहाँ समग्र यो प्रदेशलाई यो प्रदेशका समग्र कामकार्यवाहीलाई अगाडि लैजाने क्रममा मैले शुरूमा पनि भने फेरि म दोहोऱ्याउँछु पक्ष र प्रतिपक्ष भनेर थोरै पनि विभेद सरकारको तर्फबाट रहने छैन र सबैलाई पक्ष र विपक्ष सबैले साथमा लिएर अगाडि बढ्ने कुरा पनि सरकारको तर्फबाट म विश्वास दिलाउन चाहन्छुर त्यो प्रकारको अनुभूति हुने छैन । साच्चिँकै सत्ता पक्षलाई हामीले असाध्यै पेल्यौ, ढिक्कैमा पुऱ्यायौ भन्ने प्रकारको चाहिँ अनुभूति हुन दिईने छैन र भोलि सरकारका हरेक कामकार्यवाहीमा ओझेलमा यो सरकारलाई दिइने सुझाव सल्लाह योजना र आवश्यक निर्देशनलाई पनि आवश्यक पऱ्यो भने

यदि जिम्मेवार चाहिँ लिडरहरूले आवश्यकता महसुस गर्नुभयो भने छुट्टै प्रकारको कमिटि बनाएर पनि सरकारका काम कार्यवाही अझै सहज र सरल बनाएर लैजानका लागि पनि सरकार यसमा विश्वास तपाईंबाट सहयोग र अपेक्षा पनि गर्नेछ यो कुरा पनि म सम्मानित सदनमार्फत् नै यो कुरा पनि म राख्न चाहन्छुर अर्को कुरा यहाँ माननीय सांसद प्रतिपक्ष दल नेताले पनि यहाँ विषयवस्तु राख्नुभयो र एउटा विषय जुन भर्खरै हामीले यो प्रदेशको नामाकरण गर्यौं र यो प्रदेशको राजधानी हामीले तोक्यौ र यसले यो निर्णयले सबै ठाउँबाट प्राय धेरै ठाउँबाट बधाई दिने काम चाहिँ भएको छ र अब केही मान्छेले अब आफ्ना चाहिँ केही तर्कहरू अगाडि सार्नु र यसको पक्ष वा विपक्षमा बोल्नु उनिहरूको स्वतन्त्रता पनि हो । को ले के बोल्यो भनेर सदन त्यसका पछाडि हिड्न सक्दैन, संसद त्यसका पछि हिड्न सक्दैन सरकार, सरकार त्यसका पछाडि हिड्न सक्दैन ।

सरकार सदनले जे निर्णय गऱ्यो त्यो नै सहि छ त्यो नै ठिक छ तर एउटा समस्या चाहिँबाट मुक्त हुन पनि चाहिँ जरूरी छ । कर्णाली भनेको चाहिँ मेरो घर मात्रै कर्णाली चाहिँ हो भनेर बुझ्ने चिन्तन पनि यो ठिक छैन । कर्णालीको बारेमा पनि नयाँ बहस आवश्यकता छ । म केवल सम्मानित सदनमार्फत् यसको पनि एउटा बहस शुरू होस् । सार्वजनिक एउटा बहसको विषय बनोस् भन्ने मेरो चाहना हो । हिजो कुनै बेला कर्णाली कुमाल कुमाउ गढवाल सम्म विस्तार भएको थियो । कुनै बेला कर्णाली गण्डक सम्म विस्तार चाहिँ भएको थियो । हिजोको हामीले इतिहासलाई एकपटक अध्ययन गर्ने र साच्चिँकै कर्णाली प्रदेशको थाकथलो हामीले भनेका चाहिँ छौं हिजोका चाहिँ बाईसे चौविसे राज्यमा पनि जुन भूगोलमा हिजो राज्य गरियो, हिजो जुन-जुन ठाउँमा चाहिँसरेर विभिन्न चाहि त्यतिबेला रितहरूमा गरेर गरिने शासन जुन-जुन भूगोलमा बसेर गरे हिजो दैलेख पनि तपाईंको कर्णाली राज्यभित्र चाहिँ थियो अझै तपाईंको चाहि हिजो सिङ्गो कर्णाली राजापुर, सती पनि कुनै बेला कर्णालीको उपयोग गर्ने ठाउँको रूपमा थियो । त्यसो हुदाँ अहिले हामीले कर्णाली प्रदेशको नयाँ व्याख्या, नयाँ बहस आवश्यकता चाहिँ छ । त्यसो भएको हुदाँखेरिमा फेरि पनि ठिक छ । कर्णालीकोलाई कर्णाली मान्ने, कुन भूगोललाई कर्णाली मान्ने यहाँ उठ्छ फेरि कालिकोट जिल्ला कर्णालीमा पर्दैन भन्ने कुरा पनि आउँछ । त्यही कर्णालीभित्र जादाँखेरि थुप्रै विद्वानहरूले त्यो कुरा पनि राख्छन् ।त्यसो भएको हुनाले हामीले अहिले ६ नं. प्रदेश जो हामीले बनाएका चाहिँ छौं । यो समिती पाँचवटा जिल्लामा चाहिँसीमाङ्कन गरिएको कर्णाली प्रदेश अहिले दश वटा जिल्लामा चाहिँ विस्तार भएको छ। त्यो मानेमा पनि हामीले गर्व गर्नपर्छ र त्यसैले फेरि पनि कर्णाली प्रदेशलाई नस्वीकार्ने भन्ने कुराहरू सायद कही कतैबाट पनि उठेका छैनन् ।

यो कर्णाली प्रदेश हो भन्ने कुरामा सबै स्पष्ट छन् र त्यसो भए राजधानी जुन राखिएको छ त्यो राजधानी अहिले यो हाम्रो यो कर्णाली प्रदेशभित्रको सबैभन्दा चाहिँ बढी भूगोल भएको, लेन्थ चाहिँ समथल भएको जमिन भएको यो प्रदेशभित्रको जमिन हुनको नाताले यदि दैलेख जस्तै सुर्खेत भएको भए सायद सुर्खेतमा हामीले राजधानी तोक्दैन्थ्यौं । यो लेन्ड भएकै कारणले हामीले राजधानी जो चाहिँ तोकेका छौं यसले गर्दा सायद भोलि विभिन्न प्रकारका भोलि विज्ञहरूले पनि यसका तथ्यहरू यसका आधारहरू बन्लान यसलाई हामीले त्यही ढङ्गले चाहिँ बुझ्न जरूरी चाहिँ छ । अर्को कुरा हामीले भोलि साच्चिँकै विकास र समृद्धिको जो कुरा उठाएका छौं यसमा अहिले हामीले नयाँ मोडल सहितको हामीले प्लानिङ्ग चाहिँ हामीले समग्र प्रदेशको गर्न चाहिँ जरूरी छ । यसका लागि जे-जे चाहिँ गरेर हामीले विकासलाई अलिकति नयाँ ढङ्गबाट अलि अझै पनि हामीले पर पचास वर्षभन्दा पर सोचेर प्लानिङ्ग अहिले हामीले चाहिँगर्न जरूरी छ । त्यो अहिलेको हाम्रो आवश्यकता छ । त्यसरी हामीले प्लानिङ्ग चाहिँ गर्ने मामिलामा हामी लाग्नुपर्ने भएको हुदाँ खेरि हिजो अहिले हामीले काठमाण्डौको राजधानीमा धेरै ठूलो समस्या पैदा भएको छ सबै चिजलाई त्यहाँ

केन्द्रीत भएर अहिले पुरै ट्राफिक जाम बाहेक अरू केही छैन । त्यो भोलि त्यो समस्या आउन सक्छ है त्यो ल्यान्डभित्र भनेर हिजै प्लानिङ्ग चाहिँ गरिदिएको भए कुनै ठाउँमा औद्योगिक केन्द्र चितवनमा बनाईदिएको भए सारा मजदुरहरू चितवन केन्द्रीत हुन्थे, सारा मजदुरहरूको भेट काठमाण्डौमा हुँदैन्थ्यो । Education Sector पोखरालाई शैक्षिक केन्द्रको रूपमा विकास गरिदिएको भए त्यसभरिका पढ्ने विद्यार्थीहरू पोखरा केन्द्रीत हुन्थे । काठमाण्डौमा चाप चाहिँ घट्थ्यो । प्रशासनिक केन्द्र काठमाण्डौमा भएको भए काठमाण्डौमा चाप चाहिँ कम हुन्थ्यो ।

त्यही पनि सबै मन्त्रालयहरूलाई सिंहदरबारमा राखियो सबै मान्छेहरू सिंहदरबार जाँदा ठूला-ठूला जामहरूचाहिँ पैदा भयो । कुनै तपाईंको चाहिँ मन्त्रालय रिङरोडभन्दा बाहिर कुना-कुनामा राखिदिएको भए एकै ठाउँमा चाप पर्दैनथ्यो, ठूलो यो प्रदेशको गुरू योजना तयार पार्ने बेला हामीले बृहत रूपले छलफल र बहस गर्न जरूरीचाहिँ छ ।हामीले सबै एक ठाउँमा केन्द्रीत एउटै ठाउमा चाहिँ हामीले उ गयौं भने भोलि फेरि पनि काठमाण्डौको समस्याहरू यहाँ आउँछ त्यसैले एयरपोर्ट कहाँ बनाउने, हामीले चाहिँ Education Center हामीले कहाँ बनाउने, औद्योगिक केन्द्र हामीले कहाँ बनाउने, प्रशासनिक केन्द्र हामीले कहाँ बनाउने भन्ने कुराहरूको बारेमा बरू हामीले छलफल गरौं, बहस गरौं हामीले चाहिँ टुरिज्मको चाहिँ केन्द्र कहाँ बनाउने, कुन ठाउँलाई कुन जिल्लालाई कुन रूपमा डेभ्लप गर्ने भन्ने कुराहरूमा बरू हामीले चाहिँ सोच्यौ भने त्यो राम्रो हुन्छ । त्यसो त वैज्ञानिक तथ्यको आधारमा हामीले बहस सञ्चालन गर्न जरूरी चाहिँ छ र आउने के प्रतिक्रिया आए भन्ने कुरामा हामी पछाडि लाग्नेभन्दा पनि सिङ्गो यो हाम्रो गरिमामय सदन संसदले त्यो कुरामा केन्द्रीत रहेर उठेका सबै विषयवस्तुहरू हामीले भोलि पुष्टि गर्ने गरिकन जवाफ यो सिङ्गो सदनले चाहिँ दिन जरूरी चाहिँ छ । यो सदनले दिनेछ र सबै प्रकारका चुनौतीहरू सामाना गर्नका लागि यो संसद चाहिँ सक्षम छ भन्ने कुराहरूचाहिँ राख्दै फेरि पनि जुन प्रकारको चाहिँ सरकार गठनमा सपोर्ट चाहिँ भयो र फेरि पनि अहिले सरकारलाई चाहिँ विश्वासको मत दिने मामिलामा फेरि पनि अघि यहाँ कुरा राखिसक्नुभयो । यो प्रमुख प्रतिपक्ष दल नेताले यो सरकारलाई चाहिँ विराम नलागोस् भनेर डाक्टरको भूमिका निर्वाह गर्ने गरिकन यो प्रतिपक्ष शक्ति चाहिन्छ भनेर, यो डाक्टर नै नचाहिने व्यवस्था गरिकन सोच्न सकिन्छ भने रोगै लाग्न नदीएपछि त अनि डाक्टर किन चाहिएला त्यसो हुँदातपाईंको चाहिँ सर्वसहमति सबैले एकमतका साथ सरकारलाई समर्थन गर्दा अझै ठूलो नयाँ सन्देश देशभरी फेरि जाने ओहो अबसाच्चिँकै ६ नं. प्रदेशमा केही गर्छन कि क्या हो, सबभन्दा अप्ठ्यारो असजिलो ठूला-ठूला भिरपाखा चट्टान नै चट्टान भएको ठाउँ अब त पहाड फोर्ने भए अब त साच्चिँकै डोजरै तयार पारे भन्ने सन्देश दिनका लागि पनि यदि चाहि सकिन्छ भने फेरि पनि यसको पक्षमा मतदान गर्नको लागि आग्रह अनुरोध गर्दै मेरो भनाइ यहि अन्त्य गर्छु ह्स्त धन्यवाद ।

**माननीय सभामुख :** कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले आफूलाई नेपालको संविधानको धारा १६८ को (४) बमोजिम प्रदेश सभाको विश्वास छ भनि आफ्नो प्रस्तावलाई मत विभाजनका आधारमा निर्णयार्थ प्रस्तुत गरिने भएकाले उक्त अवधिमा दर्शक दिर्घामा रहनुभएका विशिष्ट पदाधिकारीहरू, दर्शक र सञ्चारकर्मीहरूलाईसमेत यथास्थानमा रहन र उक्त कार्यलाई व्यवस्थित गर्न मर्यादापालकलाई निर्देशन दिन्छु ।

अब मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले आफूलाई प्रदेश सभाको विश्वास छ भनि राख्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । विश्वासको मत सम्बन्धी प्रस्तावलाई मत विभाजनद्वारा पारित गर्ने कार्यसूची रहेकाले प्रदेश सभा भवनको परिसरमा रहनुभएका माननीयहरूलाई सभाहलभित्र प्रवेश गर्नका लागि ३

मिनेटको जनाउ घण्टी बजाउन आदेश दिन्छु । माननीय सदस्यहरू मत विभाजनको प्रक्रिया नसकिएसम्म सभाहलको मूल प्रवेशद्वार बन्द गर्न आदेश दिन्छु ।

उक्त प्रस्तावको पक्षमा अर्थात "हुन्छ" भन्ने माननीय सदस्यहरूले सभामुखको आसनको बायाँतर्फ राखिएको वर्णानुक्रमानुसार को आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ । प्रस्तावको विपक्षमा अर्थात "हुन्न" भन्ने पक्षमा मत व्यक्त गर्ने माननीय सदस्यहरूले सभामुखको दायाँतर्फ सभामुख प्रवेशद्वार बाहिर राखिएको वर्णानुक्रमानुसार को आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ । साथै मत विभाजन प्रक्रियामा सहभागी भइसकेपछि माननीय सदस्यहरूलाई यथास्थनमा आसन ग्रहणका लागिसमेत अनुरोध गर्दछु । माननीय सदस्यहरू प्रदेश सभाको मूल प्रवेशद्वार खोल्नको लागि अनुमति दिन्छु ।

माननीय सदस्यहरू,अब म मत विभाजनको परिणाम घोषणा गर्दछु । माननीय सदस्यहरू प्रदेश सरकारलाई विश्वासको मत प्राप्त छ भन्ने प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा ३२ मत र प्रस्तावको विपक्षमा अर्थात हुन्न पक्षमा ६ मत परेकाले प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा परेको मत प्रदेश सभामा कायम रहेको सदस्य संख्याको बहुमत भएकाले कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले पेश गर्नुभएको विश्वासको मतको प्रस्ताव नेपालको संविधान, २०७२ को धारा १६८ को (४) बमोजिम प्रदेश सभाबाट स्वीकृत भएको घोषणा गर्दछु ।

अब यो बैठक अर्को सूचना नभए सम्मका लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-६

(२०७४ साल चैत्र १६ गते शुक्रबार)

प्रदेश सभाको आजको बैठकको कार्यबाही माननीय सभामुख श्री राज बहादुर शाहीको अध्यक्षतामा शुक्रबार दिनको .... बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको पहिलो अधिवेशनको छैठौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश जिल्ला निर्वाचन क्षेत्रसँग सम्बन्धित विविध समसामयिक विषयहरूमा आफ्नो धारणा व्यक्त गर्न चाहनुहुने माननीय सदस्यहरूलाई विशेष समयको व्यवस्था गरेको छु । उक्त व्यवस्थाअनुसार आफ्नो धारणा राख्न चाहनुहुने माननीय सदस्यहरूले यथास्थानबाट आफ्नो धारणा राख्नका लागि अनुमति दिन्छु । सर्वप्रथम माननीय श्री गुलावजंग शाह समय ३ मिनेट ।

**माननीय सदस्य श्री गुलावजंग शाह :** सभामुख महोदय, आज हामीहरू कर्णाली प्रदेशको छैठौं संसदको अधिवेशन छैठौं संसदको बैठक प्रारम्भ भइरहेको छ, मलाई बोल्ने मौका दिनु भएकोमा सभामुख महोदयलाई धन्यवाद दिन चाहन्छु । सभामुख महोदय, प्रदेश कर्णाली प्रदेश सुर्खेत राजधानी राखेर सातै प्रदेशमा पहिलो हामी भएका छौं, पहिलो भएका नाताले यो प्रदेशले भर्खरै मात्रै सरकारले रारा महोत्सव गरेर राष्ट्रिय रूपमै चर्चाको विषय प्राप्त गरेको छ । संसदमार्फत् म भन्न चाहन्छु, कि रारा महोत्सवमा सम्माननीय प्रधानमन्त्रीज्यू आएर उद्घाटन गर्ने कुरा पनि जानकारीमा आइसकेको छ तर सरकारले यति ठूलो महोत्सव लगाउँदै गर्दा अहिले हामी प्रदेशका सांसदलाई अहिले सम्मन औपचारीक ढङ्गले जानकारी छैन। राष्ट्रिय रूपमा चर्चाको विषय बन्दै गर्दा कहिकतै हामीले फेरि यो चर्चा सेलाउन नपाउँदै भोलि फेरि टिकाटिप्पणी र आलोचनाको विषय नबनोस् । सरकारले यो महोत्सव लगाउँदै गर्दा आर्थिक मितव्ययीताका कुरादेखि लिएर भोलि पारदर्शी ढङ्गले आफ्नो गतिविधि सञ्चालन गरोस् भन्न चाहन्छु तर यो भन्दै गर्दा सल्यान जिल्लामा भर्खरै मात्रै बागचौर नगरपालिका वडा नं. ५ मा ठूलो आगलागी भएको छ, त्यो आगलागी भएकोमा सरकारले यथोचित राहतको व्यवस्था गरोस संसदमार्फत् भन्न चाहन्छुर खास गरी अहिले भन्नै पर्ने कुरा कर्णाली प्रदेश सबैको णबाट पछाडि परेको छ भन्दै गर्दा यो कर्णाली प्रदेशलाई राष्ट्रिय करिडोरमा हामीले जोड्न जरूरी छ, अब भर्खरै बर्षे अधिवेशन शुरू हुँदै छ । यो कर्णाली प्रदेशले राष्ट्रिय करिडोरमा, राष्ट्रिय महत्त्वको विषयमा कर्णाली प्रदेशलाई उभ्याउनको लागि सम्भवतः हामी यो प्रदेशका सबै सांसद महोदयहरूले यो संसदलाई पनि भन्न चाहन्छु । कमसेकम राष्ट्रिय महत्त्व योजना कर्णाली प्रदेशमा परेको खण्डमा अझ दोस्रो ठूलो चर्चाको विषय बन्ने छ । सबभन्दा गरिब प्रदेशका मान्छेहरू हामीहरूले यो प्रदेशलाई कमसेकम एउटा राष्ट्रिय महत्त्वको करिडोरमा जोड्नको लागि मुगु देखि, रारा देखि कर्णाली सम्म एउटा फाष्ट ट्रयाकको बाटो हामीले संसदबाट या सरकारले पास गरेर केन्द्रीय सरकारलाई अनुरोध गर्न सक्यौं भने कमसेकम कर्णाली प्रदेश राष्ट्रिय करिडोरमा जोडिने छ । यो कुरा यो संसदमा सभामुख महोदय, मार्फत् सरकारलाई भन्न चाहन्छु ।

दोस्रो कुराको हलपुर सुर्खेत हिल्सा सम्मनको बाटोलाई हामीले राष्ट्रिय महत्त्वकोरूपमा लग्यौं भने उत्तरको बाटोलाई हामीले उत्तरी क्षेत्रलाई जोडेर यो प्रदेशलाई महत्त्वका साथ अगाडि बढाउन सक्छौं । कोहलपुर भनेको दक्षिण साईड पर्ने ५ नम्बर प्रदेश र हिल्सालाई जोड्न सक्यौं भने हामीले यो प्रदेशलाई अर्को

महत्त्वपूर्णढङ्गले अगाडि बढाउनेछौं । दोस्रो कुरा तुल्सीपुर-रामपुर-सुर्खेत सदरमुकाम जोड्ने बाटोलाई हामीले महत्त्वकासाथ हेर्यौं ५ नं. र ६ नं. प्रदेशलाई पनि हामीले जोड्ने छौं ।

म फेरि सभामुख महोदयमार्फत् भन्न चाहन्छु सरकार छ, सरकारले कमसेकम सरकार भएको अनुभूति गर्ने गरी हामी संसदलाई, संसदलाई विजनेश दिने गरी सरकारले संसदलाई एक्टिभ बनाउने गरी विजनेश देयोस, त्यो विजनेश अगाडि बढायोस् सभामुख महोदयमार्फत् भन्न चाहन्छु सरकार भएको अनुभूति हुने गरी अहिले छिटपुट त्यस्ता केहि घटनाहरू घटेका छन् भने सरकार भएको अनुभूति हुनेगरी सरकारले काम गरोस भन्न चाहन्छु । यति भन्दै सभामुखले समय दिनु भएकोमा धन्यवाद दिन चाहन्छु ।

**माननीय सभामुख :** अब माननीय श्री बिन्दमान विष्ट ।

**माननीय सदस्य श्री विन्दमान विष्ट :** माननीय सभामुख महोदय, हामी यतिबेला संघीय संसद र सात वटा प्रदेश संसदहरूमा नयाँ नेपाल निर्माण गर्ने बहसहरू गरिराखेका छौं, नयाँ नेपाल भनेको आजको सन्दर्भमा सुरक्षित नेपाल हो, समृद्ध नेपाल हो, शिक्षित नेपाल हो। यो कुराको परिकल्पना गरिराख्दा खेरि समाजमा घटेका घटनाहरूले हामी सबैको गम्भिरतापूर्वक ध्यानाकर्षण गराएको कुरा म यहाँ अबगत गराउन चाहन्छु। अस्ति भर्खरै SEE परीक्षा दिन गएकी एउटा छात्रालाई हत्या गरिएको छर त्यो घटनाप्रति त्यो घटनालाई सभामुखमार्फत् म यो प्रदेश सरकारको गम्भिरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छुर त्यो घटनात घट्यो त्योसँगै त्यसमा नेपाल प्रहरीको संलग्नता भनेर जसरी अहिले बाहिर आईराखेको छ । यसले सुरक्षाको जिम्मा लिएको प्रहरी कुनै एउटा नागरिकको हत्यामा संलग्न हुन्छ भने त्यो प्रहरीको सुदृढिकरणको लागि, त्यसको सवलीकरणको लागि अब प्रदेश सरकार, संघीय सरकारले गर्नुपर्ने के हो ?यसको प्रति म सभामुखमार्फत् सिंगो यो सदनको यहाँको सरकारको र सिंगो नेपालको ध्यानाकर्षण र नेपालका सरकारी निकाय सबैको ध्यानाकर्षण गराउन चाहन्छुर अब ढिलो नगरिकन हामीले सामाजिक सुरक्षाको लागि र सबै प्रकारका सुरक्षाको जनताको जिउ धनको सुरक्षाको निमित्त एउटा वृहत योजना बनाएर अगाडि बढ्नको निमित्त सभामुखमार्फत् प्रदेश सरकारलाई निर्देशन होस् म यो आग्रह गर्न चाहन्छु। म यो विषय यहाँ राख्न चाहन्छु र हत्यारालाई कडाभन्दा कडा कारबाही गरियोस् यो समाजले के रे समाजले पचाउन नसक्ने खालको जो घटना भएको छ यो घटनाको दोषीलाई कडाभन्दा कडा कारबाही गरियोस् र आगामी दिनको सुरक्षा योजना अब प्रदेश सरकार अरू धेरै विषयहरूभन्दा पनि कम्तीमा पनि समृद्ध नेपाल निर्माण गर्ने हो भने त्यहाँको सुरक्षाको प्रत्याभूति गर्न जरूरी छ । यो सुरक्षाको प्रत्याभूति गर्नको निमित्त एउटा बृहत योजना बनाएर सामाजिक सुरक्षा लगाएतको जनताको जिउ धनको सुरक्षाको बृहत योजना बनाएर अगाडि बढोस् यो कुराप्रति म गम्भीरता पूर्वक ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को कुरा सभामुख महोदय, २०७१ साल श्रावण २९ गते सुर्खेत, बाँके, बर्दिया र दाङमा ठूलो बाढी गयो। त्यो बाढीबाट प्रभावित भएका जनताहरू अहिले पनि पालमुनी बसिराखेका छन् । सुर्खेतको मात्रै कुरा गर्ने हो भने पछि त्यतिखेर लिएको डाटाकाअनुसार ११५९ जनाको पूर्ण क्षति भएको छ, आंशिक क्षति २३०० जनाको छ र त्यसपछि गएर पुर्नबास गर्नु पर्ने केरे घर परिवारहरू ९७० जनाको छ, अहिले पनि ती मान्छेहरू पाल मुनी बसिराखेका छन् । म यो सम्मानित सदनमा सभामुखमार्फत् म यो प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु कि अब फेरि वर्षा सिजन शुरू हुन थाल्यो । तीन वर्ष अगाडि दिएका पालहरू अब च्यातिसके ती जनताहरू अब कहाँ बस्छ वर्षामा । छिटोभन्दा छिटो पालमुनी भएका जनताहरूलाई छिटोभन्दा छिटो घरको छानामुनी लिने योजना प्रदेश सरकारले निर्माण गरोस् त्यसको लागि केन्द्रीय सरकारबाट आवश्यक पर्ने सर सहयोग के हो ? कानुनी रूपमा, आर्थिक

रूपमा सबै हिसाबले प्रदेश सरकारले केन्द्रीय सरकारको ध्यानाकर्षण गराओस् र छिटोभन्दा छिटो पालमुनी रहेका जनताहरूलाई घरको छानामुनी लिने व्यवस्था गरोस् ।

मान्छेहरूले अहिले भन्दै छन् त्यहाँको ही पीडित छैनन् भनेर भनिन्छ । कर्मचारीहरूले यावत कुराहरू गरिराखेका छन् फेरि म आग्रह गर्न चाहन्छु र म ध्यानाकर्षण गराउन चाहन्छु । फेरि पनि डाटा एकचोटी संकलन गरियोस् । डाटा एकचोटी संकलन गरी मैलै सुनेको छु जनताको बीचमा जाँदा खेरि तिनटा घरको तिनटा खामा बगाएर लगिसको एउटा खामा मात्रै बाँकी छ त्यसलाई पूर्ण क्षतिमा राखिएको छैन । केहि मान्छेहरू छुटेका छन्, केहि मान्छेहरू क्षति नभएका पनि बसेका होलान फेरि पनि एकचोटी राम्रोसंग डाटा संकलन गरेर छिटोभन्दा छिटो जनतालाई घरको छानामुनी लिनको निमित्त त्यहाँ केरे प्रदेश सरकारले आफ्ना काम कारबाहीहरू अगाडि बढाओस् यो म गम्भीरतापूर्वक धयानाकर्षण गराउन चाहन्छु । अब मौसम परिवर्तन हुँदैछ, अब आगलागीको केरे खबरहरू दिनदीनै हामीले सुनिराखेका छौँ ।

प्रदेश सरकारले एउटा नीतिगत निर्णय गरोस् आगलागीबाट क्षति भएका अस्ति मात्र भर्खरै २९ गते फाल्गुण २९ गते चौकुनेको वडा नं. ९ मा एउटा घरमा आगलागी भएर एक जना बच्चाको मृत्यु भयो र एकजना बच्चा केरे घाइते अवस्थामा, बिरामी अवस्थामा छ उपचारको क्रममा उपचार सकिएको छ मैले भन्न चाहन्छु यो सम्मानीत सदनमार्फत् सभामुख महोदयमार्फत् यो प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । यी घटनाहरू अब दिन प्रतिदिन बढ्दै जानेछन्, यी घटनाहरू बढ्दै जाने क्रममा अब क्षतिपूर्ति दिने तत्काल राहत दिने क्षतिपूर्ति दिने काम गरोस् र त्यसपछि गएर घाइतेहरूको सरकारले निःशुल्क उपचार गर्ने व्यवस्था गरोस् । योभन्दा अगाडि भएका घाइतेहरूको उपचारको खर्चको सबै घर गईसक्यो, जलिसक्यो उपचार गरेको छ,ऋण लागेको छ त्यो उपचार गरेको बिलको आधारमा त्यो उपचार खर्च केरे तिर्ने व्यवस्था सरकारले केरे व्यहोर्ने व्यवस्था सरकारले गरोस् म सरकारको सभामुख महोदयमार्फत् गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु र अहिले अगाडि माननीय गुलावजंग शाहले भन्नु भयो पर्यटन महोत्सव हुँदैछ भनेर यो पर्यटन महोत्सव हो कि पर्यटन वर्ष हो के हो ?हामी यहाँका सभासदहरू सांसदहरूलाई सरकारले आधिकारीक रूपमा जानकारी गराएको छैन । आधिकारीक रूपमा जानकारी छिटोभन्दा छिटो गराओस् यदि हामीले २०७५लाई  रारा कर्णाली पर्यटन वर्षको रूपमा मनाएर यहाँको समृद्धिको बाटो खोल्न खोजेको हो भने सभामुख महोदय अब यो सदनको संकल्पसहित सबै हामी सांसदहरूको संकल्पसहित अगाडि बढौं यसलाई केरे सम्पादन केरे सम्पन्न गरौं । बृहतता पूर्वक, गम्भीरतापूर्वक यसलाई अँझ व्यापकताका साथ सम्पन्न गरौं । म यो कुरा सदनमार्फत्, सभामुख महोदयमार्फत् म यो प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँन चाहन्छु । हाम्रो पर्यटन विकासको पूर्वाधार केरे विकासको ढोका हो, त्यसको लागि हामी सबैको संकल्प जरूरी छ भन्न चाहन्छु र आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय हिमबहादुर शाही । समय ३ मिनेट ।

**माननीय सदस्य श्री हिमबहादुर शाही :** सभामुख महोदय, सभामुख महोदयबाट अनुमति आइसकेको छ निर्वाचन क्षेत्रका विविध पक्षहरू भन्नेयसमा त मेरो निर्वाचन क्षेत्र दशै जिल्ला परो । अब स्वयम् माननीय सभामुखज्यूकै क्षेत्र दुई नम्बरको बारेमा मात्रै बोल्न मलाई अनुमति भएन । आफ्नै क्षेत्रबारे बोल्न परो । सर्वप्रथम मभन्दा पूर्ववक्ता माननीयज्यूहरूले उठाई सक्नु भएको छ । सभामुख महोदयमार्फत् गठित सरकारको सरकारसँग मेरो प्रश्न छ रारा महोत्सव कसको आयोजनामा हो ? प्रदेश सरकारको आयोजना हो ? या संघीय सरकारको आयोजना हो ? या कुनै गैरसरकारी संघसस्थाको आयोजना हो ? प्रदेश

सरकारकै आयोजना हो भने सम्पूर्ण गरिमामय संसदलाई स्पष्ट जानकारी हुनुपर्ने अहिलेसम्म कुनै पनि जानकारी गराईएको छैन । हामीलाई थाहा छ, सम्माननीय प्रधानमन्त्रीज्यूले रारा महोत्सवमा जो सम्बोधन गर्नु हुनेछ, जुन आज राष्ट्रकै संयोगको लागि आज देहात छेड्नु हुनेछ यसको लागि गौरव गर्छौं तर यो कसको आयोजनामा हो ? यसको लागत कति हो ? भोलि दश रूपियाँ लागेको हो भनेर सदनलाई समर्थन गरेर भन्नु वर्तमान गठित सरकारको दायित्व होइन । यदि प्रदेश सरकारको यदि हो भने सबभन्दा पहिले सभामुख महोदय, सरकारसँग यो मेरो प्रश्न गर्दछु यथासक्ये तत्काल पर्यटन महोत्सव राराको औचित्य त्यसको लागत खर्च त्यसको सबै कुराको प्रकृति पुष्टिहरू गरिमामय सदनलाई जानकारी गराओस् ।

अब मेरो दोस्रो कुरो छ, म अहिले स्पष्ट भाषामा प्रतिपक्षको हैसियतले नेपाली काँग्रेसबाट भन्न चाहन्छु प्रदेश सरकार जो गठित प्रदेश सरकार छ, त्यसको अनरूप आज जारी संविधानले दिएको प्रद्धत्त अधिकार अनुरूप अगाडि बढ्न सकेको छ कि छैन ? अहिले सम्मको गतिविधि हेर्दा आज मात्रै हामीले कार्यपत्र पाएका छौं, अर्थ विधेयक आज पेश हुँदै छ तर कतिवटा विधेयक पेश हुनु पर्ने छ । संविधानको धारा उपधाराहरूले प्रद्धत्त गरेकोअधिकारअनुसार अनुसुची-६ मा बाईस, तेईस वटा विषयगत विधेयकहरू सदन के रे प्रदेशको सदन प्रादेशिक सदनमा आउँनु पर्दछ त्यो अहिले सम्म आएको एउटो विधेयक मात्र आएको छ त्यो पनि तीन महिना पछि । के हो सरकारको यसकोबारेमा पनि सरकारले स्पष्ट सदनलाई जवाफ दिनु पर्दछ । अर्को कुरो सभामुख महोदयमार्फत् सरकारलाई अर्को प्रश्न गर्न चाहन्छुसंविधानको धारा १८४ को (२) मा प्रथम वर्ष सदन सञ्चालन भएको, सदन सञ्चालनभएको प्रति के रे प्रदेश अधिवेशनलाई प्रदेश प्रमुखले सम्बोधन गर्ने र त्यो अधिवेशन अन्त्य भएको प्रत्येक वर्ष चलिरहने पहिलो अधिवेशनलाई सम्बोधन गर्ने प्रदेश प्रमुखको व्यवस्था छ। त्यो संविधानको धारा १८४ (२) कहिले प्रयोग हुने हो ? कहिले प्रयोगम आउने हो ? हामी प्रदेश प्रमुखको सम्बोधन हाम्रो यो कानले कहिले सुन्न पाउँने हो ? यो पनि वर्तमान सरकारले हामीलाई स्पष्ट पार्नु पर्ने हुन्छ ।

अब अर्को कुरो म स्पष्ट भन्छु सायद सबैलाई लागेको होला अहिले सरकार पक्ष र अनि प्रतिपक्ष मात्रै भनेर छुट्याउन आवश्यक छैन सबैलाई यो कुरा लागेकै होला तर पनि प्रतिपक्षको हैसियतले प्रथमतह सम्पूर्ण माननीयहरूप्रदेशका सभासदहरूको सेवासुविधाको व्यवस्था के छ ? विधि र विधानमा के छ ? यदि सरकार पक्ष भगवान रामचन्द्रकै भाई लक्ष्मणै भएर जनताको सेवा गर्नु छ भने त म केहि भन्दैनतर प्रतिपक्ष नेपाली काँग्रेस राम छतिउको रामचन्द्रको भाई लक्ष्मण भएर विना शर्त सेवा गर्न सक्दैन । तत्काल प्रतिपक्षलाई चाहिने प्रतिपक्षलाई विधिले विधानले दिएको सबभन्दा पहिले सम्पूर्ण गरिमामय सदनका साथीहरूलाई यदि त्यस्तो कुनै छ भने पछि प्रतिपक्षले चाहेको प्रतिपक्षले पाएको राज्यबाट पाएको सेवा र सुविधा तत्काल उपलव्ध गराउन वर्तमान सरकार प्रतिवद्ध भएर अगाडि बढोस् यो मेरो माग छ ।

अन्तमा, वर्तमान सरकारलाई म यो एउटै कुराको स्मरण गराउन चाहन्छु, सायद मैले SLC गर्दा कुरा २०२४ सालमा SLC गर्दा **(माननीय सभामुखः** समय, समय ध्यान दिनुहोस् माननीय) २८ सालको त्यो के रे नयाँ शिक्षा नीति आउँनुभन्दा अङ्ग्रेजी विषयमा प्रवज भन्ने एउटा पाठ्यक्रम थियो त्यसमा इमप्रोर न्यूक्लोथ भन्ने एउटा कथा थियो, गठित सरकारले इमप्रोर न्यूक्लोथको भाषा ल्याएर सदनमा प्रस्तुत नगरोस् सभामुख महोदय म यो ध्यानाकर्षण गराउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** अब माननीय श्री पद्मा खड्का, समय ३ मिनेट ।

**माननीय सदस्य श्री पद्मा खड्का :** सभामुख महोदय, आज कर्णाली प्रदेशको छैठौं बैठक यहाँ प्रारम्भ भइरहेको अवस्थामा मैले यहाँ बोल्न पाउँदा म आभारी व्यक्त गर्न चाहन्छु र कर्णाली प्रदेशको सुर्खेत राजधानीमा यो प्रदेश सरकारको आज यो सदन चलिरहँदा हामी सुर्खेत जिल्लाको पश्चिम पञ्चपुरी नगरपालिका वडा नं. ३ मा जुन SEE परीक्षा दिन गईरहेकी छात्रा गोरी रोकायाको विद्यालय नजिक डेरा बसेर गर्दै गर्दा जुन आज एकदमै हृदय विदारक जुन हत्या गरिएको छ त्यो घटनाले आज सिंगो कर्णाली प्रदेशका महिलाहरू असुरक्षित महसुस भएको एउटा अहिले त्यस्तो अवस्था आईरहेको छ, यस कारणले गर्दा आज जो घटनामा संलग्न भएका दोषीहरू जुन कानुनी कठघेरामा आउँनुपर्ने ठाउँमा आएपनि तर यो घटनालाई अझै स्वास्थ्य परिक्षणको पोष्टमार्टम रिपोर्ट पनि अहिले सम्मन सार्वजनिक नभएको अवस्था छ। घटनालाई एकदमै सत्य र तथ्य छानविन गरेर दोषीलाई एकदमै कडाभन्दा कडा कानुनी कारबाही गर्नुपर्ने यो सदनसमक्ष म एउटा प्रदेश सभाको सदस्यको नाताले म जोडदार माग गर्न चाहन्छु र सबैभन्दा प्रथम कुरा त महिलाहरू अहिलेपनि यो प्रदेशमा दिनानुदिन घटिरहने घटनाहरूले गर्दा एक ठाँउबाट अर्को ठाँउमा जाँदा हरेक गतिविधिमा संलग्न भइरहँदा महिलाहरू आफू सुरक्षित भएको महसुस गर्न नसक्ने जुन पिडाले यो प्रदेशका महिलाहरूलाई एकदमै झल्काई रहेको छ । यसकारणले गर्दा अब यो सदनसमक्ष पक्कै पनि यस्ता गतिविधिहरूलाई एकदमै निराकरण गर्नाका लागि त्यस्तो खालको कानून बनोस र यो प्रदेश सरकारले एकदमै त्यो विषयमा ध्यानाकर्षण गर्नेछ र प्रदेश सरकारलाई पनि मैले यसको विषयमा ध्यानाकर्षण गर्न चाहन्छु र अर्को कुरा सुर्खेत जिल्ला जहाँ कर्णाली प्रदेशको सदरमुकाम अहिले हामी यहाँ सदन चलिरहेको स्थान जहाँ यो वीरेन्द्रनगर बजार, यो सदरमुकामको भेली, यो उपत्यका आजपनि हामी हेरिरहेका छौं विकासको जुन गति छ विकासको यहाँ चरम जुन काम भइरहेको छ ।

आज जहाँ, यहाँ सुर्खेत उपत्यकाको मेनलाई नको बाटोको अवस्था हेर्नुहुन्छ भने हामी सामान्य आमनागरिकले पनि प्रश्न गरिरहेका छन् तपाईंहरूजनप्रतिनिधि हो तपाईंहरूले खै सदनमा कुरा उठाएको ? खै सरकारसँग भनेको ? अहिले पनि बाटोको अवस्था त्यस्तै छ, खानेपानीको अवस्था त्यस्तै छ र ढलको सबैभन्दा वीरेन्द्रनगर बजारको ढल निकासको सबैभन्दा ठूलो समस्या अहिले मंगलगढि चोकमा हामीले देखिरहेका छौं त्यो सबै यहाँका सदनका माननीयज्यूहरूले पनि देखिरहेको अवस्था छ यसलाई छिटोभन्दा छिटो यो सुन्दर नगरी वीरेन्द्रनगरलाई हामीले सुन्दर बनाउने, समृद्ध बनाउने हो भने पक्कै पनि यो कर्णाली प्रदेशको राजधानी सुर्खेतलाई व्यवस्थित गर्न म यहाँ सदनसमक्ष जोडदार रूपमा माग गर्दछु धन्यवाद।

**माननीय सभामुख :** माननीय ठम्मरबहादुर बिष्ट, समय ३ मिनेट ।

**माननीय सदस्य श्री ठम्मरबहादुर विष्ट :** सभामुख महोदय, विशेष समयमा समसामयिक विषयलाई अगाडि बढाउने सवालमा म यहाँ केहि विषयहरूलाई ध्यानाकर्षण गराउँन चाहन्छु, सरकारलाई अहिले हामी कहाँ यो कर्णाली प्रदेशको मुख्य विकासको जो हामीले कनेक्टीभिटीको कुरा गरिरहेका छौं त्यसमा एयरपोर्टका कुराहरू आईरहेको छ र त्यो एयरपोर्टको कुरा गर्दा पत्रपत्रिकामा आयो मुख्यमन्त्री अथवा अरूमन्त्रीजीहरूले त्यसको कुरा गरेर एयरपोर्टसञ्चालन हुँदैछ भन्नेकुरा र यसको आधिकारिक के हो ? पत्रपत्रिकामा हामीले हेर्यौं ११००० भाडा हुँदैछ, नेपालगंज गएर ४५०० मा जनताहरू उड्ने स्थिति छ भने अरू ६००० फाईन के-को लागि पर्ने हो ? यसको भाडाको दर के हो र वास्तविकता कुन-कुन विमानहरूले उडान गरिरहेका छन् यसको जानकारी चाहियो र सँगसँगै एयरपोर्टको कुरा गर्दा खेरि धेरै कथाव्यथाहरू भएका छन् जो अहिले त्यसै पनि वीरेन्द्रनगर एयरपोर्टले धान्न सक्ने स्थिति छैन रामघाटको सम्भाव्यता अध्ययनको कुरा छ त्यो कुरा कहाँ पुगेको छ ? यो पनि अँझै आठ दश वर्षमा त्यस्तै कथा

व्यथामा जाने होकी केहिकामको शुरूवात छ कि केहिको र्डिनेशन गर्दै छ सरकारले यो कुरा चाहियो ? अर्को कुरा भनेको अपर कर्णालीको विषयमा अहिले धेरै वर्ष भयो त्यो यतान उता भईराख्याछ । नवीकरण गर्ने र थमाउने काम भईराख्याछ त्यो विषयमा सरकारको के छ ? त्यो जानकारी चाहियो होइन भने त्यो नवीकरण नगरेर त्यसलाई खारेज गरेर प्रदेशले त्यसको जिम्मा लिन परो त्यो पनि म यहाँ अनुरोध गर्न चाहन्छु । बबई डाईभर्सनको कुरा छ पानि तलै जाँदैछ अरू पानि किन त्यहाँ जाँदैछ । बिजुली ४८ मेगावटको कुरा छ त्यो राष्ट्रिय युनिटमा जोडिदैछ सबै सेवा सुविधादेखि लिएर सपै कुरा यसरी बाहिर जाँदैछ भने ६ नं.ले पाउने के हो ? यसको लागि अब कर्णाली प्रदेश एउटा स्वायत्त प्रदेश स्थापना भइसकेको अवस्थामा यसको जानकारी के छ सरकारलाई यो कुरा म निवेदन गर्न चाहन्छु त्यस्तै जहाँसम्म यो रारा पर्यटनको कुरा छ म त्यहाँ २/३ चोटी म अगाडिपनि गइसकेकोछु । ठाउँठाउँमा आर्मीको खानतलाशी घोडचडि र अरू गाडिहरूको पनि कुनै त्यहाँ अस्तव्यस्तता छ त्यो खालको अवस्था छ । कानून छैन निकुञ्जभित्र पर्यटन भनिएको छ त्यो कानूनको व्यवस्थालाई कसरी हामीले चिरेर जाने कतिपय संघीय सरकारको कुरा होला प्रदेश सरकारको कुराहरू होला अब त्यतिकै त्यहाँ गएर ठूलो एकरातमा जमात बनाएर हल्ला-खल्ला गरेर त्यहाँ कुनै पर्यटन विकास अथवा पर्यटन हव हुन्छ जस्तो मलाई लाग्दैन त्यसको लागि के हो कानूनमा के गर्दछ सरकारले त्यसलाई सहजताको लागि एउटा साच्चिँकै पर्यटन विन्दु बनाउनलाई के गर्दैछ ? त्यसको पनि जवाफ चाहियो र अब अर्कोकुरा जहाँसम्म अगाडिपनि उठो यहाँ बाढीपीडितको कुरा छ ।

प्रत्येक नेताहरू सबै पार्टीका शेरबहादुर देखि प्रचण्ड देखि केपी देखी आदरणीय सबै कम्रेडहरू आउँदा सबै मन्त्रीहरू आउँदा त्यो फाईलहरू गएका छन् । भुकम्पसरह पाउने भनिएको छ तर अहिले सम्म अब वर्षा लाग्न थाल्यो कतिपय मान्छेहरू त्यहाँ झुण्डिएर पनि मरिसके कतिपय मान्छे अहिले बेवारिसे छन् त्यसको लागि सरकारले मुखदर्शक भएर हेर्ने हो कि अब केहि काम गर्ने हो । त्यसको के प्लान छ सरकारसँग । किनकि जनतासँग जोडिएको विषय भएको हुनाले त्यो हामीलाई उठिरहेको छ र मैले अर्को कुरा सँगसँगै पाँच वटा जस्तो हामीले हरिजेण्टल र भर्टिकलको विकासको कुरा गरिरहेका छौं, हिल्साको कुरा गरिरहेका छौं, पूर्व-पश्चिमको कुरा गर्ने कि नगर्ने ? दाङ-पुरणधारा, डोटी-दिपायल सडक यो कुनै त्यहाँ उपलव्ध माननीयको कुरा होइन त्यहाँबाट निर्वाचित माननीय भएको कुरा मात्रै होइन यो ५ वटा प्रदेशलाई यसले छुन्छ । सात नं. प्रदेश पाँच नम्बर र कर्णाली प्रदेशलाई त्यसकारण जो दाङ-पुरणधारा-भेडावारी यो धुल्याइबिट डोटी दिपायल सडक छ यसको लागि के गरिरहेको छ ? सरकारले त्यहाँ प्रश्न उठिरहेको छ । त्यसकारण यी सबै कुराहरूमा यी अल्पकालिन र दीर्घकालिन खाका सरकारले पेश गर्न परो त्यो कुरा यहाँहरूलाई निवेदन गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय मिनासिंह रखाल, समय ३ मिनेट ।

**माननीय सदस्य श्री मिनासिंह रखाल :** माननीय सभामुखज्यू, अँ आज यस सदनमा आफ्ना दुई कुरा राख्न पाउँदा म आफूलाई माननीय भएको महसुस गरिरहेको छु । माननीय सभामुखज्यू, हामी यस्तो प्रदेशका महिला सांसदहरू हुँ हामीसँग कुरिती, कुसंस्कार, अन्धविश्वास, सामाजिक संस्कार सँस्कृतिले हामीलाई जगडिराखेको छ र हामी केहि महिलाहरू यहाँ सांसद भएर उपस्थित भईरहँदा हामीसँग धेरै महिलाहरूले आशा गरिरहेको अवस्था छ र आज म यो कुरा राखिरहँदा खेरि हाम्रो प्रदेश कर्णालीमा हाम्रा संस्कार र सँस्कृतीले हाम्रा कुरितीले हाम्रा अन्धविश्वासका करण आज हाम्रा महिलाहरूले शिर उठाएर हिन्ने अवस्था छैन, त्यसमा पनि दिनानुदिन यी घटना घटिरहेको अवस्थाले गर्दा खेरि हामी हामीसँगै आफूसँगै सुरक्षित

नभएको पनि हामीले महसुस गरिरहेका छौं र यसै क्रममा म दैलेख जिल्लाको एउटा घटना यहाँहरूलाई अबगत गराउन चाहन्छु ।

दैलेख जिल्ला चामुण्डा नगरपालिकाको एउटा घटना चैत्र १० गते चैत्र १० गते सूर्यबहादुर रावत श्रीमानबाट श्रीमती डम्मर कुमारी रावतलाई यौन दुर्व्यवहार भएको छ र त्यसले गर्दाखेरि यहाँ यो अवस्थामा महिलाहरू आफ्नै श्रीमानबाट आफ्नै श्रीमतिहरू सुरक्षित छैनन्, आफ्नै बालबच्चा सुरक्षित छैनन् र आज त्यो महिलाले अस्पतालमा बसेर आफ्ना यी कुसंस्कार अथवा श्रीमानबाट भएको दुर्व्यवहारबाट उहाँ चिन्तित भइरहेको उपचारको अवस्थामा हुनुहुन्छ र प्रशासनले यस्ता कुराहरूलाई जानकारी लियोकि लिएन ? र आज त्यो पुरूष आज त्यो पुरूषभन्दा पनि त्यो श्रीमान जुन महिलालाई त्यसरी शोषण गरिरहेको छ जुन अवस्थामा पारिरहेको छ, त्यसले कस्तो किसिमको त्यसले सजाय पाउँनुपर्ने हो ? यसमा प्रदेश सरकारले पनि ध्यानाकर्षण गर्नुपर्ने छ र त्यस्तै योभन्दा अगाडिहाम्रा साथीहरूले यहाँका घटनाहरू पनि भनि सक्नु भएको छ र हामी हामीसँग भएका प्रथाहरू देउकि, झुमा, जस्ता प्रथा छाउपडि जस्ता प्रथाले पनि हामीलाई माथितिर उस्किन दिईरहेको छैन र ती प्रथाहरूको लागि पनि बलियो कानून बनाउँनु पर्ने छ र आज हामी महिला सांसद भइरहेको बेलामा आफूलाई पनि हिनताबोध भइरहेको छ र आज हाम्रा दिदि बहिनिहरू परीक्षा दिन पाउँन सक्ने अवस्थामा छैनन् । आज एक्लै दुईलै हिन्ने अवस्थामा पनि छैनन् त्यो अवस्थाको लागि त्यो सुरक्षाको लागि चाहिँ हाम्रो प्रदेश सरकारले सरकारको ध्यानाकर्षण गराउँन चाहाँन्छु र त्यस्तै दैलेख जिल्लाबाट निर्वाचित भएर आइसकेपछि हामीले गाडिमा ओहोर दोहोर गर्दा खेरि हामीलाई धेरै मान्छेहरूको गुनासो सुन्नुपर्ने हुन्छ यसको अवस्था हो सडक । दैलेख सुर्खेतबाट लगेर दैलेखसम्मको अवस्थाचाहिँ ठामठाममा खाल्टा र खुल्टी भएर कालोपत्रे नरहेर अनि हामीलाई धेरै गुनासोहरू सुनाउने गरेका छन् र त्यो अवस्था त्यो सडक कहिलेसम्म त्यसलाई पूरा गराउने हो त्यसलाई पनि ध्यानाकर्षण गराउन चाहन्छु । त्यस्तै दैलखको अहिले नारायण नगरपालिकाले मानव निर्मित ताल भनेर एउटा परिषद्मा पास गरेको छ र त्यसको लागि पनि यहाँ प्रदेश सरकारलाई म ध्यानाकर्षण गर्न चाहन्छु । त्यस्तै गरेर हामी महिलाहरूको सुरक्षा संरक्षण समृद्धिको लागि पनि यो प्रदेशले केहि सोचोस् र हामी कर्णाली प्रदेशलाई समृद्धि गराउन चाहन्छौं भने हाम्रो महिलाकाहक अघिकारलाई पनि सुनिश्चित गरेर एउटा बलियो किसिमको कानून बनाएर र हाम्रा महिलाहरू स्वतन्त्र किसिमले हिड्न सक्ने अवस्थाको सिर्जना होस् भन्दै म आफ्नो दुई शब्द यहि राख्छु हवस धन्यवाद ।

**माननीय सभामुख :** माननीय धर्मराज रेग्मी , समय ३ मिनेट ।

**माननीय सदस्य श्री धर्मराज रेग्मी :** सभामुख महोदय, संसद जनताको सार्वजनिक सरोकार व्यक्त गर्ने सबभन्दा उपयुक्त थलो हो, त्यसकारणले केहि पव्लिक कन्सर्नका विषयहरू सार्वजनिक सरोकारका विषयहरू म संक्षिप्तमा राख्दछु । माननीयज्यूहरूले अगाडिउठाउँनु भएको विषयसँगै गोरिकलाको केश एउटा प्रतिनिधिको कुरा मात्रै हो, समृद्ध कर्णाली बनाउने हामी जुन सपना माथि छलफल गर्दै छौं प्रदेश सभाको शुरूवातसँग हामीले धेरै पटकबोलेको शब्द हो समृद्ध कर्णाली प्रदेश बनाउने । छोरी चेलीहरू हिन्दा सुरक्षित भएनन् उनिहरूले परीक्षा दिने वातावरण भएन महिला माननीनज्यूहरूले सदनमा भने जस्तो हामीहरूले हिन्दा असुरक्षित भयौंभने हामीले बनाउने भनेको समृद्धि के हो ?कर्णाली प्रदेशले पछिल्ला दिनहरूमा गौरीकलाको केशसँगसम्बन्धित सञ्चार माध्ययमहरूमा अनलाइन प्रसारण भइरहेको छ,त्यसले त हामीलाई यो प्रदेशको प्रतिनिधित्व गर्छौंभन्दा हामीलाई अप्ठेरो महसुस भएको छ । त्यसो हुँदा समृद्ध प्रदेश निर्माणको दिशामा कम्तिमा छोरी चेलीहरूसुरक्षित भएर हिड्ने वातावरण, आमाहरूसुरक्षित भएर हिन्ने

वातावरणकोहामीले प्रत्याभुती दिनु पर्छ हाम्रो यति नजिक सरकार छ म सरकारका बारेमा आलोचना गर्न, टिप्पणी गर्न, त संसदमा बोलिरहेको छैन किन छैन भने सरकार गठन भएको धेरै समय भएको छैन । कुर्सी टेबुल आफैं जम्मा पारेर सरकार सञ्चालन गर्नपर्ने अवस्था छ त्यो म बुझदछु । सरकारका बारेमा ठिप्पणी या आलोचना नभए पनि सरकारका बारेमा आग्रहहरू छन ती आग्रहहरू छोटोमा आग्रहहरू राख्न चाहन्छु । महिलाहरूका मुद्दाहरूमा म गौरीकलाको केशसँगै महिलाहरूको कुरामा एक दुईवटा कुरा मेरो सरकार र संसद म विनम्र निवेदन गर्न चाहन्छु केभन्दा खेरि हामी एउटा ठूलो कुरीती, हामीले कुसंस्कारको विरासत बोकेर हिडिरहेका छौं । महिलाहरूले छाउपडि लगायतका कुसंस्कारहरूबाट हामी ग्रसित छौं त्यसो हुँदा हामीले अब बन्ने कानूनहरूमा महिलाहरूको सुरक्षाको लागि यी कुराहरूलाई सेन्ट्रलाईज गर्ने गरी यी कानूनहरू हामी निर्माण गर्ने तिर संसद अमुखरित हुने छ म त्यो संसदलाई विनम्र निवेदन गर्न चाहन्छु म सरकारलाई यो केशमा भइरहेको अनुसन्धान र अभियोजनसँगसम्बन्धित विषयलाई प्रभाव नपर्ने गरी सम्बन्धित विभागीय मन्त्रीलाई पछिल्लो बैठकमा आएर महिला सुरक्षाका बारेमा प्रदेश सरकारका योजनाहरू र गौरीकलाको केशसँगसम्बन्धित विषयमा विभागीय मन्त्रीलाई पछिल्लो बैठकमा आएर अभियोजन प्रक्रियालाई असर नपर्ने गरी संसदलाई जानकारी गराउन म माग गर्न चाहन्छु ।

अँ यो कोहलपुरबाट यता आउँदा १३३ के.भि.को प्रसारणलाई न रहेन छ, हामी प्राविधिक भाषा हामी बुझ्दैनौं त्यो बत्ती प्रसारण भइरहेको हामी देख्छौं । यता आउँदा हामी उद्योग बनाउने, सिमेन्ट फ्याक्ट्री बनाउने ठुलठूला योजना बनाउने भन्छौ मैले प्राविधिकहरूसँग कुरा गरे सभामुख महोदय, यसलाई न हामीले जे देखिरहेको छौं यो प्रसारणलाइन नै रहेन छ यो डिष्ट्रिव्यूसन लाइन रहेछ, यो १३३ के. भि. प्रसारण लाइनको हलपुरबाट माथि नआउँदा सम्म हामीले यतातिर तपाईंले हामीले फ्याक्ट्री बनाउने केहि भन्यौ भने त्यो सपना हुन्छ भनौं अँझ भनौं त्यो दिवा सपना हुन्छ ।त्यसकारण म पहिले यो क्षेत्रको विकासको लागि कोहलपुरबाट यता बत्तीको १३३ के. भि. प्रसारणलाइनका बारेमा म प्रदेश सरकारलाई सबैभन्दा पहिले यता काम गर्न म आग्रह गर्न चाहन्छु ।

केहि विषयहरूका बारेमा सरकारका बारेमा आग्रह छ आग्रह, आग्रह के छ भन्दाखेरि हामीले प्राथमिकता निर्धारण गर्न सकेनौं कि भन्ने बारेमा म सरकारलाई प्राथमिकता निर्धारण गर्न सम्मानित संसदमा सरकारका बारेमा म चासो व्यक्त गर्न चाहन्छु । संसदले प्राथमिकता निर्धारण गरेको यो छ सभामुख महोदय, हामी अहिले भनि रहेका छौं कर्णालीले हामीले यति काम गयौं, प्रदेशको नामा राख्यौं, राजधानी राख्यौं, हामी अखबारमा यो कुरा भनिरहेका छौं टेलिभिजनले यो कुरा भनि रहेका छौं धेरै संसद साथीहरूले यो कुरा भन्नुभयो । धेरै बधाई खायौं र यो विषयमा यदि संसदले आज प्राथमिकता निर्धारण गरेको छ आज हामी नियमावली पास गर्दै छौं सभामुख महोदय, किन हामीले नियमावली प्रस्तुत गर्दै छौं सभामुख महोदय तेस्रो हुँदासरकारले आफ्ना प्राथमिकता निर्धारण गर्न कति सरकार प्राथमिकता देखि बाहिर जान्छकि बहकिन्छकि भन्ने मलाई चिन्ता छ त्यसैकारण म सरकारलाई आग्रह गर्न चाहन्छुकि सरकारले आफ्ना प्राथमिकता निर्धारण गर्नु पर्यो त्यसको प्राथमिकता दिएको सबैभन्दा पहिले लिगल इन्स्ट्रुमेन्ट नै चाहियो । सरकारलाई सञ्चालन हुने कानूनहरू नै छैन । अरू झण्डाहरू गाडौला अरू इत्यादि कामहरू गरौंला त्यो कार्यकाल छँदैछ म सरकारलाई आधारभुत कानूनहरू वेसिक कानून बनाउन लिगल इन्सट्रुमेन्ट बनाउन म सरकारलाई विनम्रतापूर्वक म आग्रह गर्छु र सांसदको रूपमा हाम्रो भूमिका मुखरित हुने छ यति विषयहरू सम्मानित सदनमा सभामुखमार्फत् व्यक्त गरे धन्यावाद ।

**माननीय सभामुख :** माननीय अम्मरबहादुर थापा, समय ३ मिनेट ।

**माननीय सदस्य श्री अम्मरबहादुर थापा :** माननीय सभामुख महोदय, आज यो सदनको काममा बोल्ने अवसर दिनु भो यसको लागि धन्यवाद र म अहिले यो सरकारलाई मात्र नभएर संघीय सरकारका कुराहरू पनि छन् अहिले यो प्रदेशलाई हामी एकदम हराभरा बनाउँछौं एकदम व्यवस्थित बनाउँछौं, समृद्ध बनाउँछौं भनेका छौं तर मैले काठमाण्डौमा गएर हेरें यो प्रदेशमा ठूलो प्रोजेक्टको रूपमा, मेगा प्रोजेक्टको रूपमा एउटा हुम्ला र नेपालगंजदेखि हुम्ला सम्मको एउटा मात्रै छजहाँ अन्यत्र चाइने एउटै प्रदेशमा चार पाँच वटा नाकाहरूको उत्तरी मार्गको रूपमा भएको छ तर यहाँ हाम्रो एउटा मात्रै छ तर अर्कोपनि राखिएको छ तर त्यो कर्णाली र तिला नदीबाट त्यो चाइने यो प्रदेशकै भयो भन्ने छ । त्यसैले यो सरकारले ध्यानपूर्वक केन्द्रीय सरकारको पनि ध्यानाकर्षित गरोस् र जो डेढसय किलोमिटर बाटो नाक्चे नाग्लाबाट सुर्खेतमा आउँदा डेढसय किलो मिटरको बाटो फरक पर्दो रहेछ । यहाँबाट जुम्ला जानलाई मात्र उनासी किलोमिटरको बाटो फरक पर्छ । त्यहाँभन्दा हुम्लाको एरिया जाँदाखेरि नाक्चे नाग्लाबाट यहाँ आउँदा खेरि डेढसय एकसय साठी चानचुनको बाटो फरक पर्दो रहेछ । त्यसैले  यहाँका जनतालाई बाहिरबाट आउँने कुनै सामाग्रीहरू पनि सहज र सुलभ तरिकाले ल्याउने वातावरण सिर्जना गर्नुपर्छ । यो सरकारको दायीत्व त्यो हो ।

अर्को कुरा अहिले नल्सीङगाढ बन्दै छ, हामीले भनेका छौं यो समृद्धि गर्छौं तर संविधानको व्यवस्था छ कि जलस्रोत केन्द्रीय सरकारले हेर्छ हामीले त्यसबाट उठेको केहि प्रतिशत पाउने हो । त्यसैले मात्रै हामीले समृद्ध बन्न सक्दैनौं त्यसैले हामीले अब यो प्रदेशले यो प्रदेशको सरकारले त्यो नलसिङगाढ बनाउको निमित्त मैले मेरो सुझाव छ कि पव्लिक पार्टनरशिपको रूपमा हामीले जान पर्छ त्यो कम्पनीको आधारमा गएर हामीले कुनै चिज प्राप्त गर्न सक्दैनौं । केन्द्रीय सरकार र प्रदेश सरकार र पव्लिकहरूको त्रिपक्षीय सहमतिको आधारमा र त्रिपक्षिय लगानीको आधारमा नलसिङगाढ निर्माण गर्यौं भने कमसेकम ४०० मेगावाटको बत्ती कमसेकम डेढसय दुईसय मेगावाट हाम्रो प्रदेशको आम्दानीको रूपमा रहनसक्छ । त्यसैले हामीले खर्च गर्ने कुरा मात्रै होइन, हामीले यो ढुकुटिमा ढुकुटिलाई मजवुत कसरी गर्ने हो त्यतातिर हाम्रो ध्यान आकर्षित हुन्छकि हुँदैन । माथि केन्द्रीय सरकारले दिएको अनुदानलाई मात्रै बाङ्नेपर्यन्न हामीले गर्यौं भने हामी फेरि पनि असफल यो संघीयता असफल हुन सक्ने सम्भावना धेरै देखिन्छ, त्यसैले हाम्रा स्रोतहरू प्रशस्त स्रोतको हामी धनीछौं भनेका छौं । त्यो स्रोतका धनी प्रदेश हामीले त्यो स्रोत तिर ध्यान दिन्छौं कि दिंदैनौ ? त्यसकारणले यो सरकारको ध्यान जाओस् र त्यस्ता महत्त्वपूर्ण काम यो प्रदेशलाई जानकारी दिउँ ।

अर्को कुरा यो शपथ ग्रहण गरेबाट यहाँ सम्म अहिलेसम्म आउँदा सातवटा प्रदेशमा सबैभन्दा सुविधायुक्त प्रदेश,सबैभन्दा यो हाम्रो कर्णाली प्रदश बन्यो । अहिले सम्म मन्त्री होटेलमा बसेको होटेलमा बसेर मन्त्रीको झण्डा होटलमा लागेको छ यो व्यवस्थापन के हो ? र कुनै एउटा शाखा अधिकृत पँजेरो चढेर गएको छ मन्त्रीलाई गाडि छैन । यहाँको सचिवलाई गाडि छैन, यहाँको आवश्यकता के हो ?साधन स्रोत केन्द्रीय सरकारबाट यो सरकारले लिन नसकेको हो कि । या त तत्काल यसको व्यवस्थापन गर्नका निमित्त केहि उपाय केहि छैन ? एउटा शाखाअधिकृतको गाडि छुटाउँन सक्दैन ? एउटा यहिँ पनि भएका कुराहरूको व्यवस्थापन गर्न नसक्ने व्यवस्थापन के हो यो ?संविधानले भन्या छ अहिले अधिकार माथि भन्नुहुन्छ, संवैधानिक व्यवस्थाभन्दा अरू कुनै निर्देशिका र नियमावली ठूला हुन्छन् कि संविधान ठूलो हुन्छ?संविधानले सम्पूर्ण व्यवस्था सम्पूर्ण अधिकार यो प्रदेशलाई दिएको छ । यहाँ अर्काको मुख हेर्नुपर्ने

कुनै कारणहरू छैन त्यसैले म यो कुरा राख्न चाहन्छु र साथसाथै दैलेखको पेट्रोलियम पदार्थको प्रिभल सर्भे भएको छ, अब त्यसको निमित्त यो सरकारले तत्काल केन्द्रीय सरकारसँग समन्वय गरेर त्यसको कति अमाउण्ट हुने हो अब त्यसको जाँच्नुपर्ने डिटेल डिपिआर गर्न पर्ने छ त्यसको तत्काल डिपिआर होस् यसरी अगाडिबढ्ने पर्यत्न गरोस ।

अर्को कुरा पर्यटन महोत्सवका कुरा आएका छन् पर्यटन महोत्सव मलाई लाग्छ सरकारले गर्ने होइन महोत्सव त कुनै संघ संस्थाले गर्ने हो । प्रदेशले मलाई लाग्छ यो मलाई पनि जानकारी छैन कस्तो हो सरकाको नीति या यो वर्ष पर्यटनको वर्ष मनाएको हो भने त बनाउन सक्छ सरकारले । कुनै ठाउँको पर्यटन (**माननीय सभामुखः** समयलाई ध्यान दिनु माननीय सदस्य) पर्यटन महोत्सव गर्न सरकाले गरेको हो भने गलत हो त्यसकारणले यसको जवाफ सबै सांसदहरूले माग्नु भाको छ मैले पनि मागे धन्यवाद ।

**माननीय सभामुख :** माननीय रातो कामी,समय ३ मिनेट ।

**माननीय सदस्य श्री रातो कामी :** माननीय सभामुखज्यू, यो पहिलो अधिवेशनको छैठौं बैठकमा जिल्ला र निर्वाचन क्षेत्र अर्थात समसामयिक विषयमा कुरा राख्ने अवसर दिनु भएकोमा सभामुखज्यूलाई धन्यवाद दिन चाहन्छुर सर्वप्रथमत हामी यो सबै कुराको नयाँ र नौलो अनुभव, अनुभूतिबाट र हामी अगाडिबढिरहेका छौं। पहिलो कुरा, हामीले आफ्ना विषयहरू राख्दाखेरि आ-आफ्नो विषय राख्नुपर्ने परिस्थिति आइराख्या छ, यसको अन्त्य गरिनुपर्छ । जरूरी र सार्वजनिक महत्त्वका विषयहरूमा कुरा राख्ने र त्यो राख्दा खेरि विषयसले समेट्ने गरिकन यो चाहिँ आउँनुपर्छ भन्ने मैले चाहिँमहसुस भइरहेको छ । विकास निर्माणको सन्दर्भ अर्थात अरू विषयमा कुरो राख्नु पर्दा यो प्रदेशको पूर्वतिरको भागमा परेको छिन्चु-जाजरकोट-डोल्पा सडक खण्ड असाध्यै ढिलो सुस्ता गतिमा अगाडिबढीराख्या छ । त्यो हामीले त्यलाई चाहिँ के-कस्तो अवस्थामा चाहिँ किन ठिलो भई रहेको छ ? यो बारेमा हामीले सरकारले यथासक्य हामीलाई सदन अथवा जनता सम्म जानेगरी जानकारीको जानकारी लिनुपर्ने विषय देखि रहेको छु । दोस्रो कुरा, जाजरकोटबाट चाहिँ बारेकोट हुँदै जुम्ला चाखुरे जोड्ने सडक जसरी चीसापानी दल्ली कालिमाटी हुँदै जाने सडक पनि जरूरी देखिन्छ त्यसले गर्दा रूकुममा विभिन्न ठाउँहरूमा बाटोहरू खनिएका छन् ती बाटाहरू अत्यन्तै अव्यवस्थित छन् । त्यसलाई प्रदेश सरकारले के कति बाटाहरू के कति विकास निर्माणहरू प्रदेशले गर्ने के कति संघले गर्ने हो के कतिस्थानीय निकायसले गर्ने हो ?तल एउटा चाहिँ विकास माग्ने क्रम पनि असाध्यै एउटा भद्रगोल ढङ्गले आईरहेको छ । मलाई जनतालाई जवाफ दिने गरिकन हामीले नीति कार्यक्रम बनाउँन जरूरी छ भन्ने लाग्दछ र अर्को कुरा हाम्रो प्रदेशमा प्रदेशको हामीले शपथ माननीय सदस्यज्यूहरूले शपथ ग्रहण गर्यौं र कामकाजहरू अगाडिबढे, बढीसकेपछि हामीले सरकारहरू निर्माण गर्यौं र अरू अरू हाम्रो सभामुख उपसभामुख र यो सबै परिपाटी अगाडिबढ्यो र बढ्ने क्रममा यहाँ चाहिँ देशमा चाहिँ जुन व्यवस्था हामीले ल्यायौं, देशमा चाहिँ समानुपातिक समावेशी प्रकारको चाहिँ संविधान त्यो प्रकारको नीति कार्यक्रम हामीले चाहिँ प्राप्त गरेको भन्ने सबैलाई चाहिँमहसुस भयो । सरकार निर्माणको प्रक्रिया र अरू-अरू निर्माणका प्रक्रियाले पनि यो समावेश हुन सकेको छैन र सरकारले गर्नु पर्ने कामकाजका बारेमा सरकारले र सदनबाट हुनुपर्ने कामकाजका बारेमा सदले समावेशी कुरालाई असाध्यै महत्त्वका साथ लिनु जरूरी छ । किनकि यो संविधान एकातिर समावेशी,समानुपातिक र हरेक हिसाबले चाहिँअगाडिबढिरहेको संविधान छ ।

त्यो प्रकारको जनताको चेतना अब भएको छ कि समावेशीसमानुपातिक ढङ्गले उनिहरूले चाहिँ आफ्नो लाभ खोजिरहेका छन् रअब बन्ने नीति कार्यक्रमहरू र अब बन्ने विभिन्न प्रकारका चाहिँ नियम कानूनहरूमा पनि समावेशी र समानुपातिकलाई विशेष जोड गरेर अगाडिबढ्नु पर्छ र कर्णाली समृद्ध बनाउने हामीले चाहिँ

सबैले संकल्प जारी गरेका छौं । यति मात्रै भन्न चाहन्छु कि म सभामुखमार्फत् म सदनमा यो जानकारी गराउन चाहन्छु समृद्ध आफैंमा आफैं समृद्ध हुनेवाला छैन सबैको श्रमको कदर गर्न सक्यौ भने र सबैका खिन्नता भएका मनहरूलाई सोझाएर काममा लगाउन सकेउँ भने, मुलुक निर्माणको शिलशिलामा अगाडि बढाउँन सक्यौं भने, हामीले चाहिँ यो अवश्य पनि समृद्धको बाटो पकड्ने छ र विभेद अस्तव्यस्त, कुरिती, विसंगति, विकृतीका माझबाट हामी समृद्ध कर्णालीको चाहिँ सपना देख्न सक्दैनौं । त्यसैले समृद्ध यो कर्णाली प्रदेशलाई समृद्ध बनाउनका लागि समानुपातिक समावेशी र सबैलाई एउटा चाहिँ सम्बोधन गरेर अगाडिबढ्ने सबैलाई कर्णाली निर्माणको शिलशिलामा अभियानमा अगाडिजोड्ने प्रकारको चाहिँ हामीले नीति र त्यो प्रकारको सरकार र सदन अथवा त्यो प्रकारकोनीति नियम बनाऔं भने अवश्यपनि अगाडिबढ्ने छौं धन्यवाद ।

**माननीय सभामुख :** माननीय कुर्मराज शाही । समय ३ मिनेट ।

**माननीय सदस्य श्री कुर्मराज शाही :** सभामुख महोदय, म भर्खर मेरो आफ्नो निर्वाचन क्षेत्र गएको थिए र त्यो निर्वाचन क्षेत्रमा गइरहने क्रममा त्यो बाटो जहाँ अहिले हामी रारा तालमा यो पर्यटन वर्षको रूपमा प्रधानमन्त्रीले उद्घोष गर्ने र त्यो कार्यक्रम उद्घाटन गर्ने कुरा सुनेका छौं तर यो बाटो प्रयोग गर्दाखेरि धेरै खतरा हुने सक्ने सम्भावना मैले देखिरहेको छु । ओटासिल प्रविधिबाट पिच गरिएको सडक अहिले कङ्गाल जस्तो बनेको छ, सबै मासुभरी लुछिसकेको छ हड्डीमात्रै बचेको छ म सरकारको ध्यान यहाँ आकर्षित गर्न चाहन्छुनम्बर एक ।

त्यसपछि जब म जुम्लामा पुँगे मेरो जिल्लामा एउटा मात्रै जिल्ला अस्पताल छ त्यो अस्पतालमा पुग्दाखेरि यो तीन चार महिनाको पिरियडमा आइपुग्दा यो समयमा आइपुग्दा दुईजना महिलाको ज्यान गइसकेको छ । चन्द्रा शाही एक जना अर्को महिला जसले बच्चा जन्माउन नसकेको कारणले गर्दा खेरि प्रसुती गर्न नसकेको कारणले गर्दाखेरि दुईवटी महिलाको ज्यान गएको छ र अहिले त्यहाँ डाक्टर छैनन् त्यहाँ उपकरण छैन । यसैगरी कालिकोट जिल्ला सामाजिक हिसाबले आर्थिक हिसाबले समस्या ग्रस्त जिल्ला हो र त्यहाँको प्रतिव्यक्ति आम्दानी हाम्रो प्रदेशै कम छ र त्यसमा पनि कालिकोट जिल्लामा अत्यन्तै कमजोर अवस्थामा छ । एउटा मझौला उद्योग पनि छैन, एउटा सानो उद्योग पनि छैन त्यो भएको हुनाले कालिकोट जिल्लाको मानव विकासको सुचकांकलाई हेर्दाखेरि ७४ स्थानमा चाहिँ कालिकोट रहेछ, त्यो भएको हुनाले बिजुलीको अवस्था पनि त्यहि प्रकारको छ । एक दिन बत्ती आउने एक दिन नआउने छ त्यो पनि पाँचवटा साविकका पाँचवटा गाविसकहरूमा मात्रै सीमित छ । साविकका तीसवटा गाविसमा चाहिँ पच्चीसवटा गाविस अहिले पनि अँध्यारोमा बस्न चाहिँ गुज्रिरहेको अवस्थाचाहिँ छ र यसै गरी हामी बाटोमा हिडिरहँदा खेरि अर्को खतरा मैले के देखेको छुभन्दा खेरि लामो समयदेखिको त्यो बेलि ब्रिजलाई गर्दा खेरि जुन दुर्घटना हुन सक्ने खतरा पनि त्यतिकै छ, त्यो भएको हुनाले त्यो बेलि ब्रिजलाई विस्थापित गरेर त्यसको ठाँउमा अरू पक्की पुल बनाउनका निमित्त चाहिँ म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु र यसैगरी धेरै समस्या छ त्यहाँ त्यो भएको हुनाले यस्ता प्रकारका समस्याहरू गर्नका निम्ति मैले मेरो त्यहाँका निर्वाचन क्षेत्रका जनताहरूसँग सोधेको छु उहाँले भन्नुभएको छ कालिकोट जिल्लामा ३० वटा साविकका ३० वटा गाविसमा पुऱ्याउनका निम्ति भन्ने जनताहरूको रैवार सुनाईदिनु भनेर मलाई यसरी सूचना दिनु भएको छ र यसैगरी अर्को कालिकोट जिल्लाको ३० वटा गाविसमा तपाईंहरू बत्ति पुऱ्याउन सक्ने कि नसक्ने ? र सँगसँगै पत्रकार साथीहरूले मलाई भनेका छन् लामो समय देखि छलफल र बहसको विषय बनेको तिला हाइडो बन्छकि बन्दैन ? तिला हाईड्रो शुरू हुन्छकि हुँदैन ? तिला-१ मा

४५० तिला-२ मा ४५० गरी ९०० मेगाविद्युत उत्पादन गर्नसक्ने सामर्थ्य त्यहाँनेर छ । त्यो भएको हुनाले यसलाई कहाँनेर अलपत्र परेको छ यलाई शुरू गर्नुहोस् भनेर पत्रकार साथीहरू देखि लिएर त्यहाँका चाहिँ जनताले मलाई निर्देश गरेका छन् र अर्को कुरा यो म जानकारी गराउन चाहन्छु र अर्को कुरा बेरोजगारी समस्या एकदम चरम चुलिएको अवस्थामा त्यहाँनेर छ । प्रत्येक वर्ष यूवाहरू जोले काम गर्न सक्छन् जससँग इनरजेटिक पावर छ त्यस्ता शक्तिहरूलाई थेक्न सक्ने अवस्था कालिकोटमा सिर्जना हुन सकिरहेको अवस्थाचाहिँ छैन र वर्षेनि १३००० यूवाहरू भारतमा जान्छन् । यसैगरी मलाई लाग्छ कतारमा जान्छन्, मलेसियामा जान्छन्, कैयौं यूवाहरू त त्यही आफ्नो जिन्दगी मलाई लाग्छ अँ उनिहरूको जिन्दगी त्यहीँनेर गएको छ, त्यो भएको हुनाले त्यो यूवा शक्तिलाई त्यहि जिल्लामा राख्नका निम्ति रोक्नका निम्ति तीनलाई रोजगार सिर्जना गरेर तीनलाई त्यहिँनेर उत्पादन क्षेत्रमा लगाउनको निम्ति त्यहिनेर परिचालन गर्न सक्छौं कि सक्दैनौं । त्यो भएको हुनाले यस्ता समस्याहरू छन् यो समस्यालाई हल गर्नका निम्ति सरकारको ध्यानाकर्षण गर्दै मेरो आफ्नो भनाइ अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सीताकुमारी नेपाली, समय ३ मिनेट ।

**माननीय सदस्य श्री सीताकुमारी नेपाली :** माननीय सभामुख महोदय, हामी संविधान सभावाट संविधान निर्माण गरेर शान्ति, सुरक्षा र समृद्धिको बाटोमा अगाडिबढिरहेका छौं । शान्ति, सुरक्षा र समृद्धिको बाटोसँगै हामी अगाडिबढ्दै गर्दाखेरि समाजमा थुप्रै प्रकारका विकृती र विसंगतिहरू पनि हामीले देखिरहेका छौं, आधा हिस्सा ओगटेको महिला समुदाय आज थुप्रै हत्या हिंसाको शिकार बन्नु परेको छ, थुप्रै प्रकारका घटनाहरू घटिरहेका छन्, बोक्सीका आरोपमा जीवन जाने स्थिति देखि लिएर बच्चा, यूवा, वृद्ध महिलाहरू बलात्कृत भइरहेको घटनाहरू पनि हामीले सुनिराखेका छौं र ती क्रममा सुर्खेत जिल्ला यो कर्णाली प्रदेशको यो सुर्खेत जिल्ला जुन सदरमुकाम पनि हो सुर्खेत जिल्लामा भर्खरै एउटा घटना घटेको छ यहाँ माननीयज्यूहरूले त्यो विषयमा राखिसक्नु भएको छ । पञ्चपुरी नगरपालीका-३ चौर निवासी गौरीकला रोकाया जो SEE परीक्षा दिनका निम्ति बाबियाचौरमा बस्दै गर्दा उनको हत्या भएको घटना छ,यो हत्या जो भएको छ एकदम पासविक तरिकाले उनको हत्या भएको छ । हत्या आरोपीहरूलाई समात्न त समातिइएको छ तर पनि यस्ता प्रकारका घटनाहरू दिनानुदिन बढ्दै जाने स्थिति जो छ यस्ता घटनाहरूलाई न्यूनीकरण गर्नका निम्ति पनि हामीले प्रदेशमा शान्ति सुरक्षा जुन हुनु पर्ने हो त्यो नभइरहेकोस्थितिमा जो शान्ति सुरक्षा कायम गर्ने जिम्मा पाएको क्षेत्रबाटै त्यस्तो प्रकारको घटना घटिरहेको कुरा जुन मिडियामा आईरहेको छ यो विषयमा सभामुखमार्फत् म प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

त्यसै गरेर स्थानीय स्तरमा स्थानीय तहले पनि आफ्ना काम कार्यवाहीहरू अगाडि बढाई राखेको छ र स्थानीय तह अन्तर्गत सुर्खेतकै वीरेन्द्रनगरले अव्यवस्थित यो जुन फुटपाथलाई व्यवस्थित गर्ने प्रक्रियामा थुप्रै टहराहरू भत्काउने प्रक्रियामा त्यहाँ पनि हामीले देखिरहेका छौं र यसलाई अल्पकालिन हिसाबले र दीर्घकालिन हिसाबले वैकल्पिक व्यवस्था नगरिकन त्यसरी फुटपाथलाई हटाउँदै गर्दा खेरि त्यसले समस्याको समाधान होइन समस्या अँझ बढी जन्माउने स्थिति देखिन्छ ।त्यसले गर्दा अल्पकालिन र दीर्घकालिन एउटा समस्याको समाधानको निम्ति विकल्पहरू दिन आवश्यक हुन्थ्यो भन्नेकुरा म राख्न चाहन्छु सभामुखमार्फत् ।

त्यस्तै गरेर जनताको एउटा जिउधनको सुरक्षा गर्ने कुरा जनताको स्वास्थ्यसँगसम्बन्धित एउटा संवेदनशिल विषय पनि अहिले सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ । क्षेत्रीय हस्पिटल सुर्खेतमा बिरामीहरूको सेवाको निम्ति तैनाथ भएका एम्बुलेन्सहरू जो पार्किङमा हुन्छन र पार्किङको उनिहरूले दिनुपर्ने चार्ज

दिइरहेका छन् तर पनि क्षेत्रीय हस्पिटलभित्र बिरामीहरू जो अप्रेशन गरेका बिरामीहरू जो बाहिर गेट सम्मपनि निस्किन नसक्ने हिडेर बाहिर आउन नसक्ने बिरामीहरूलाई एम्बुलेन्स सेवा दिनको निम्तिभित्र हस्पिटलभित्र लैजादै गर्दा जरीवाना काटिएका कुराहरू हामीले देखिरहेका छौं । एम्बुलेन्स के का लागि ? बिरामीको सेवा गर्नको लागि हो, जीवन बचाउँनको लागि हो, बिरामीको जिबन बचाँउनका निम्ति छिटोभन्दा छिटो एम्बुलेन्स सेवा दिनु पर्ने हुन्छ तर तो एम्बुलेन्स सेवा दिदैं गर्दाखेरि अस्पताल प्रशासनले जुन नियमन गर्न पर्ने कुरामा नियमन गर्नेभन्दा पनि गैर एउटा जिम्मेवार ढङ्गले जरिवाना काट्ने प्रकारको जुन एउटा स्थिति देखिएको छ यो मनपरी हुनु हुँदैन । जनताको जिउधनको सुरक्षा गर्ने कुरा जनतको नयाँ जीवन दिनको निम्ति एम्बुलेन्स सेवा जुन सञ्चालन भइरहेका छन् उनिहरूलाई जरिवाना होइन नियमन गर्ने तिर सोच्नु पर्छ भन्ने कुरा म माननीय सभामुखमार्फत् प्रदेशको सम्बन्धित एउटा सामाजिक विकास मन्त्रालयको ध्यानाकर्षण गर्न चाहन्छु ।

त्यस्तै गरेर आज थुप्रै प्रकारका घटनाहरू अब मौसमी हिसाबले मौसम परिवर्तन भइरहेको छ, थुप्रै आगलागीका घटनाहरू घट्ने प्रक्रियापनि अगाडि बढिरहेको छ । त्यस्तै गरेर विगतका दिनहरूमा पनि हाम्रो प्रदेश एउटा मा चाहिँ माहामारी रोगहरू पनि हुने गर्थ्यो त्यो माहामारी रोगहरू फेरिका दिनहरूमा पनि नआउलान भन्न सकिदैंन । ती माहामारी रोगहरूलाई नआओस् भन्नका निम्ति, रोकथामका योजनाहरू ल्याउनका निम्ति र यो मौसम परिवर्तनसँगै हुने आगलागीका घटनाहरू नहोस् भन्नका निम्ति र जुन जंगलहरूमा पनि आगलागी हुने गर्छ त्यस्ता जंगलहरूमा आगलागी नहोस् भन्नका निम्ति पूर्व एउटा तयारीका कार्यक्रमहरू, पूर्व व्यवस्थापनका कार्यक्रमहरू कर्णाली प्रदेशको सरकारले त्यो कार्यक्रमहरू ल्यावस भन्नका निम्ति सम्माननीय सभामुखमार्फत् म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

अन्तमा, हामी अब नयाँ आर्थिक वर्षको चरणमा पनि छौं, नयाँ आर्थिक वर्षको बजेटको प्रक्रिया एउटा हिसाबले जाला त्योभन्दा अगाडि अहिलेको तत्काल, तत्कालको बजेटिङका हिसाबले चाहिँयो प्रदेशको विकास निर्माणका योजनाहरूको बजेटका कार्यक्रमहरू सरकारले कसरी अगाडि बढाएको छ भन्ने कुरा माननीय सभामुखमार्फत् म सरकारको ध्यानाकर्षण यसको विषयमा जानकारीका निम्ति यस्तो विषयमा म ध्यानाकर्षण गराउँदै कर्णाली प्रदेशले पर्यटन प्रबर्द्धनका निम्ति कर्णाली, रारा कर्णाली पर्यटन वर्ष, २०७५ मनाउने कुरा हामीले सुनिरहेका छौं यो विषयमा सरकारले सदनसमक्ष जानकारी दिनका निम्ति म अनुरोध गर्न चाहन्छु,धन्यवाद ।

**माननीय सभामुख :** माननीय पदमबहादुर रोकाया, समय ३ मिनेट ।

**माननीय सदस्य श्री पदमबहादुर रोकाया :** माननीय सभामुख महोदय, म यो गरिमामय सदनलाई केहि आफ्ना कुरा राख्न चाहन्छु । हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मकमा शासनमा आइसकेपछि र यो कर्णाली प्रदेशसमेत सातौं प्रदेशमाको जन्म लिई सकेपछि हामी अहिले यसो हेर्दाखेरिमा अध्याँरो गोठमा बसिराखेको जस्तो देख्छौं हामी । अहिले सम्म केहि ५/६ वटा मिटिङ बाहेक अरू केहि भएको देखिदैंन । किन भन्नु हुन्छ भने सातैवटा प्रदेशमा हामीले उदाहरण देखाइसकेकाछौं ।

सबैभन्दा पहिला, राज्यको नामाकरण, राजधानीको विषयमा मुख्यमन्त्रीको विश्वासको मतको विषयमा हामीले अरू६ वटा प्रदेशभन्दा हामीले उदाहरण देखाइसकेकाछौं सर्वसम्मत् गरेका छौं । हामीलेकेहि मनमा लागेका बिमत्ति हुँदाहुँदै पनि हामीले सर्वसम्मत् गरेका छौं । त्यसैकारणले अरू केहि प्रदेशमा प्रदेश सभाका सदस्यहरूको गाउँपालिका, नगरपालिका वडा अध्यक्षको पारिश्रमिक तोकिसकिएको छ, अहिले हाम्रो कर्णाली

प्रदेशमा तोकिएको छैन । त्यसको के हुन्या हो ? तोक्न्या हो नतोक्न्या हो ? त्यसैकारणले म जुम्ला जिल्लाको क्षेत्र नम्बर (ख) बाट प्रदेश सभामा मैले प्रत्यक्ष निर्वाचित भएर आएको हुँ । मेरो क्षेत्रमा सिँजाको ११ वटा गाविस पर्छ ।

सिँजा सभ्यता जो सिँजाको धेरै गित गाउँछन् । जो हाम्रा नेताहरू जुन नेता गएपनि हामी सिँजैबाट आएका भनेर भन्छन् त्यहि ठाउँको मान्छे हुँ जस्तो लाग्छ मलाई तर अहिले सिँजाको ११ गाविस मात्र नभएर ४ वटा गाविस उता तिला गाविससमेत गाभिएको छ त्यहाँ । हामीले चुनाव जित्दाखेरि सबै साथीहरूले सबै माननीय सदस्यहरूले भन्नु भएको होला आफ्नो ठाउँमा हामी यो गर्छौं उ गर्छौं भनेर मेरा सिँजाका मेरा जनताहरूले त्यहि सोचेका भए अहिले सम्म १५ सालबाट संसदीय व्यवस्था लागु भयो सिँजाबाट प्रत्यक्ष निर्वाचितकोहि भएको थिएन । अहिले मात्र पदम रोकाया भए म भने अब सिँजाबाट हाम्रो प्रतिनिधित्व भयो अब पदम रोकाले के पो गर्छ भनी सपना देखेका छन् । मैले चुनाव भइसकेपछि अहिले सम्म सिँजा जादापनि गएको छैन के गरी जाने ? के लिई जाने ? के भन्ने उनलाई कति ढाट्ने ? चुनावमा त ढाँटिऊ-ढाँटिऊ फेरि पनि ढाट्नु भएन । त्यसैकारणले अब छिटोभन्दा छिटो हाम्रो कर्णाली प्रदेशले हामीलाई घर जाने वातावरण मिलाओस् हामीलाई नासोकोशेली लिएर पठाओस् । हामीले नासोकोशेली धेरै नभएपनि अलिकति अलिअलि गरेर बाँडेर सबैको चित्त बुझाँउला । त्यसैकारणले अब रारा महोत्सव हुँदैछ । जस्तै उत्तर दक्षिण राजमार्गको विषयमा रूपैडिया नाक्चेनाग्ला सबभन्दा छोटो दुरीको राजमार्ग त्यहि पर्दछ । रूपडिया, नेपालगंज, छिन्चु, जाजरकोट र ताम्ची जुम्ला जोड्ने बाटो सुर्खेत दैलेख महाबुलेक र गाथ जोड्ने बाटो सेराबाडा पानतडि हुँदै कालिकोट जोड्ने बाटो अनि रास्कोट बाजुरा हुँदै हिल्सा जोड्ने बाटो । यिनि विविध हाम्रा बाटासडकहरू छन् यी अलपत्र परेका छन् । अब कर्णाली प्रदेशले यो गरिमामय सदनले यसको सबैको ध्यानाकर्षण होस् भन्न चाहन्छुम। अन्यकुरा हाम्रा पर्यटकीय क्षेत्रहरू धेरै छन् । मानसरोवर देखि लिएर रारा ताल, रिडिमच्या छाँयानाथ, पाण्डु गुफा, तमसु हुँदै केदारनाथ, चन्दनाथ, तातापानी जस्ता धेरै पर्यटकीय क्षेत्रहरू त्यहि कर्णालीमा छन् । हेमा नदी, तिला नदी दुईवटा बहिनीहरू त्यहि ठाउँमा बगिरहेका छन् । हाम्रो धेरै हाईड्रो पावर निक्लिने वाला छ त्यहाँ र अर्को कुरा राष्ट्रिय विद्युत प्रशारणलाई न दैलेख सम्म जोडिसकेको छ, कालिकोटको टेन्डर खोलिसकेको छ । कालिकोट हुँदै जुम्ला, जुम्ला हुँदै मुगु र हुम्लासमेत राष्ट्रिय प्रशारणलाइनले जोडिनु पर्दछ । त्यसमा पनि सभामुख महोदय, हाम्रो गरिमामय सदनको धयानाकर्षण होस् ।

हाम्रो कर्णाली प्रदेश क्षेत्र हामी गरिबी मात्र नभनौं म कति गरिब भन्ने कसैले दिने होइन कति भिख माग्नेकोले दिने हो ? अब मैले साहु बन्नु पर्छ भन्ने मैले सोच्नु पर्दछ । अब कर्णाली प्रदेश सधैं गरिब मात्र बन्नु हुँदैन अरू प्रदेशभन्दा हामीले कसरी अगाडिबढ्ने यहाँ सम्भावनाहरू धेरै छन् सबै बुझिसकेका छौं हामीले । धेरै हामीले सारङ्गी बजाउँनु पर्दैन, गित गाउनु पर्दैन, धेरै सम्भावना छन् । यहाँ सुनका डल्ला देखि लिएर हाम्रो भेरी कर्णालीमा सुन बगिरहेको छ । बालुवा चाल्दाखेरिमा सुन निक्लन्छ त्यहिबाट बगेको त हो पहाडबाट भत्केर बगेको सुन हो । भने सुनका डल्ला मात्र होइन सिँजामा त सुनका रूपिँया पनि छन्, सिक्का पनि छन् किन भन्नुहुन्छ भने सिँजा हलो जोत्ने हलिले गरो दाउदा खेरिमा सुनको बाकस निकालेको बाकसमा हालेको पूरा सुनका सिक्का पाएको थियो । पहिला राजाका पालामा अहिले बैंकमा राख्छन्त्यतिखेर बैंक थिएन । डलर थिए रूपैयाँहरू सुनका रूपैयाँहरू, चाँदीका रूपैयाँहरू सिँजा पछि राजाको पालामा तीब्बतबाट सुनको किलो वल्लो गाउँ थियो भने सिँजामा र कर्णाली प्रदेशमा प्रशस्त सम्भावना छन् । त्यसैकारणले हामीले धेरै अध्ययन गरेर विज्ञ टोली ल्याएर वैज्ञानिक टोली ल्याएर हामीले अध्ययन गर्नुपर्दछ  र कर्णाली प्रदेश अबको कर्णाली प्रदेश होइन  सुन्दर र समृद्धि प्रदेश बनाउनु पर्दछ

भन्ने हामी सबैको छातिमा हात राखेर सबैले काम गर्नुपर्दछ अनि यो प्रदेश सुन्दर प्रदेश बन्दछ । अरू प्रदेशको दाँजोमा जान्छ भन्ने  मेरो आफ्नो भनाइ यहाँ राख्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरूले विशेष समयमा उठाउनु भएका प्रदेश सरकारका मन्त्रालयहरू र अन्य निकायहरूसँग सम्बन्धित विषयहरूका सम्बन्धमा घटनाको विस्तृत जानकारी हालसम्म भए गरेको कामको विवरण सहितको यथार्थ जानकारी विभागीय मन्त्रीहरूमार्फत् प्रदेश सभाको आगामी बैठकमा गराउन निर्देशन दिन्छु । माननीय सदस्यहरू प्रदेश सभाका काम कार्यवाहिका बारेमा प्रदेश सरकारको तर्फबाट माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालाले सभालाई जानकारी गराउनका लागि समय माग गर्नु भएकाले उहाँलाई बोल्नका लागि समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद । प्रदेश सरकारको तर्फबाट यो बीचमा भए गरेका कामहरूका सम्बन्धमा संक्षिप्त जानकारी गराउने उद्देश्यले म आज सभाको यो रोष्टममा उभिएको छु । धेरै माननीय सदस्यहरूले बढा गम्भीरताका साथ व्यवस्थित रूपमा शालिनताका साथ सरकारको ध्यानाकर्षण हुनुपर्ने, सरकारले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने विषयहरूको बारेमा हामीलाई एक पटक सचेत बनाउनु भएको छ, ध्यानाकर्षण गराउनु भएको छ । आज माननीय सांसदहरू, प्रदेश सभाका सदस्यहरू जो जनताबाट निर्वाचित प्रतिनिधिहरू हुनुहुन्छ जनताको अथोरिटि सहित तपाईंहरू यहाँ उपस्थित हुनुहुन्छ र सम्पूर्ण कर्णाली प्रदेशका जनताका प्रतिनिधिको हैसियतमा तपाईंले यहाँ राखेका कुराहरू अत्यन्त महत्त्वपूर्ण छन्, जायज छन् र ती सम्मान योग्य पनि छन् । तपाईंहरूको अर्थात जनताको र जनताका प्रतिनिधिको कठघरामा सरकार उभिएको छ र हामी तपाईंहरूले उठाएका तमाम सवालहरू चाहे महिला हिंसाको कुरा होला, चाहे यतिबेला वातावरण माथि जो निरन्तर रूपमा परिवर्तन भइरहेको छ त्यसले आगलागी लगायतका कतिपय घटनाहरू पनि हामीले व्यहोरिरहेका छौं । हामीले सडकका कुरामा या जलविद्युत आयोजनाका कुरामा या विद्युतीकरणका सवालमा यहाँ ध्यानाकर्षण पनि गराएका छौं । धेरै विषयहरू तपाईंहरूले जुन यो संसदमा यो सदनमा सरकारलाई ध्यानाकर्षण गराउनु भएको छ । माननीय सभामुख महोदयले रूलिङ गरिसक्नु भएको छ कि अर्को बैठकमा आगामी बैठकमा त्यस विषयमा विभागीय मन्त्रीहरूले आवश्यक पर्दाखेरि माननीय मुख्यमन्त्रीज्यूसहितले यहाँ चाहिँ विषयगत रूपमा तपाईंहरूका बीचमा यो संसदमा यो सदनमा जानकारी गराइने छ यो विश्वास म दिलाउन चाहन्छु ।

आज माननीय सदस्यहरूले बोल्नु हुनेछ विषय उठान गर्नुहुनेछ, ध्यानाकर्षण गर्नु हुनेछ अनि त्यसअनुसार बोल्नु पर्ला भनेर सरकार यहाँ उपस्थित भएको होइन । तपाईंहरूले भनेको कुरा र हामीले सोचेको कुराको बीचमा तालमेल मिलेको छ । यति लामो समयपछि संसदको बैठक बसेको छ । फागुन १५ गते पछि चैत्र १६ गते बैठक बसेको छ एक महिनापछि मात्रै यो सदन हामीले बसालेका छौं । यो हाम्रो कसैको कमजोरीलेभन्दा पनि यो स्थितिले हामीले अलि लामो समय संसदको बैठकबस्न सकेन र आजको यो १५ गते पछिको पहिलो बैठकमा माननीय सदस्यहरूले गम्भीरताका साथ विभिन्न विषयहरूको ध्यानाकर्षण गराउनु भएको छ । यी विषयहरूको जवाफ दिने कुरा तपाईंहरूको बीचमा विश्वास दिलाउँदै यो बीचमा सरकार गठन भैसकेपछि सरकारका तर्फबाट भएका, गरेका केहि कामहरूको बारेमा यो सदनलाई जानकारी गराउँ र सदनमार्फत् सम्पूर्ण कर्णालीबासी जन समुदायलाई जानकारी गराउ भन्ने उद्देश्यले म थोरै कुराहरू तपाईंहरूको बीचमा राख्ने अनुमति चाहन्छु ।

फागुन ६ गते सरकारले पूर्णता पायो र फागुन ६ गते सरकारले पूर्णता पाइसकेपछि त्यसै दिन मन्त्रिपरिषद्को पहिलो बैठक बसेको थियो र पहिलो बैठकले केहि महत्त्वपूर्ण जनसरोकारका विषयहरू कर्णाली प्रदेशलाई कसरी समृद्ध बनाउन सकिन्छ भन्ने योजना सहितका निर्णयहरू गरिएको थियो र तीनिर्णयहरू कार्यान्वयनका क्रममा हामी अगाडिबढिरहेका छौंर त्यसपछिको मन्त्रिपरिषद्को बैठकले पनि केहि महत्त्वपूर्ण निर्णय गरेको छ र त्यसपछि हामी यो बीचमा काठमाण्डौ पनि गयौं, संघीय राजधानी काठमाण्डौ जाँदा खेरि काठमाण्डौमा समेत सम्माननीय प्रधानमन्त्रीज्यूसहित सम्बन्धित निकायहरू सहित यो प्रदेशका हकमा हाम्रा सरोकारका सवालमा केहि विषयहरूमा हामीले ध्यानाकर्षण पनि गराएका छौंर अघि पनि माननीयज्यूहरूले बोल्ने अधिकांश माननीयज्यूहरूले एउटा विषयमा गम्भीरताका साथ यहाँ कुरा उठाउनु भएको छ । कर्णाली रारा पर्यटन वर्ष, २०७५को सन्दर्भमा, सबभन्दा पहिले त आज यसै विषयमा पनि जानकारी गराउनु पर्ला र सरकारका अन्य विषयहरूमा पनि जानकारी गराउनु पर्ला भनेर तयारीका साथ नै हामी उपस्थित भएका थियौं । झन तपाईंहरूले चाहिँ यसलाई अलि गम्भीरताका साथ विशेष रूपमा उठाई सकेपछि अझ सरकार यसमा चाहिँ गम्भीर बनेको छ र म माननीय सदस्यहरूलाई माननीय सभामुखज्यूमार्फत् अनुरोध गर्न चाहन्छुकि सबभन्दा पहिले त यो कर्णाली महोत्सव वा रारा महोत्सव या कर्णाली रारा महोत्सव होइनयो कुनै महोत्सव वा कुनै मेलाको कार्यक्रम होइन । म तपाईंहरूलाई विशेष रूपमा अनुरोध गर्न चाहन्छु सरकारले पहिलो बैठकबाट निर्णय गरेको कर्णाली रारा पर्यटन वर्ष, २०७५ आधिकारीक रूपमा यो कार्यक्रमलाई यहि रूपमा बुझिदिनका निम्ति म चाहिँ अनुरोध गर्न चाहन्छुर यो कर्णाली रारा पर्यटन वर्ष, २०७५ को आयोजक संघीय सरकार पनि होइन अथवा कुनै संघसंस्था पनि होइन र कर्णाली प्रदेश सरकार यसको आयोजक हो । अब कतिपय संघसस्थाले सहयोग गर्ने कुरा,कतिपय निकायहरूले सहयोग गर्ने कुरा आफ्नो ठाउँमा छ । यो चाहिँ प्रदेश सरकारको कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद्बाट भएको निर्णय हो र कर्णाली प्रदेश सरकारले आयोजना गर्ने कार्यक्रम हो भन्ने कुरा प्रष्ट रूपमा तपाईंहरूका बीचमा राख्न चाहन्छु ।

हामीले पहिलो बैठकबाट फागुन ६ गते यो निर्णय गयौं तर यसको बारेमा विस्तृत योजना त्यतिबेला बनेन। हामीले २०७५ लाईचाहिँ कर्णाली रारा पर्यटन वर्षको रूपमा मनाउने भन्ने एउटा निर्णय मात्रै गयौं त्यसको विस्तृत योजना पछि बनाउने खालको चाहिँ हामीले त्यसबेला सोच बनायौं । त्यसपछि फागुन १५ गते मात्रै संसदको बैठक बस्यो र त्यतिबेलासम्म सरकारले चाहिँ यो कर्णाली रारा पर्यटन वर्षको रूपमा चाहिँ विस्तृत योजना बनाई सकेको थिएन । विस्तृत रूपमा त्यसको बारेमा खाका तयार पारी सकेको थिएन । त्यसकारण एक लाएन चाहिँ यो सदनलाई सुनाउनेभन्दा अलि विस्तृत रूपमा त्यसको मार्ग चित्र बनाई सकेपछि नै संसदमा हामी उपस्थित हुनुपर्छ भन्ने सोचाई हामीले बनाएका थियौं ।

त्यसपछि फागुन १५ गते पछि एकै पटक आज मात्र हामी यो संसदको बैठकमा छौं । हामीले फागुन २६ गते यो कर्णाली रारा पर्यटन वर्षको बारेमा अलि व्यापक रूपमा छलफल गयौं त्यसका निम्ति मूल यो उद्घाटन समारोहलाई सफल बनाउन मुख्यमन्त्रीकै संयोजकत्वमा मूल समारोह समिति गठन गयौं त्यसका चाहिँ विभिन्न समितिहरू गठन भए र त्यसमा चाहिँ को-कसलाई सहभागी बनाउने को-कसलाई त्यसमा मोभिलाईज गर्ने यी सबै कुरा चाहिँ हामीले विस्तृत योजना बनाएका थियौंर म आदरपूर्वक तपाईंहरूका बीचमा अनुरोध गर्न चाहन्छु कि माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा अध्यक्षतामा जुन मूल समारोह समिति छ त्यो समारोह समिति बैशाख १ गतेको कर्णाली रारा पर्यटन वर्ष उद्घाटन समारोहलाई सफल बनाउनको निम्ति गठन भएको हो र त्यस अन्तर्गत बनेका समितिहरू पनि त्यो बैशाख १ गतेको उद्घाटन कार्यक्रमलाई सफल बनाउनको निम्ति त्यसलाई अलि भव्य बनाउनको निम्ति त्यो कार्यक्रमलाई चाहिँ

राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रको ध्यानाकर्षण गराउन व्यापक रूपमा पर्यटन आउन सक्ने एउटा चाहिँ वातावरण बनाउ, सञ्चारमाध्यमहरूको पनि ध्यानाकर्षण गराउ, लगानीकर्ताहरूलाई पनि आकर्षित गराऊँ भन्ने उद्देश्यले त्यो कार्यक्रम भव्य रूपमा गर्नका निम्ति त्यसको एउटा हैसियत अलि माथिल्लो तहको कायम गरौं यो मनसायले त्यो समिति निर्माण भयो र त्यो समितिका चाहिँ सदस्यहरूको रूपमा प्रदेश सभाका माननीयहरू सबैलाई चाहिँ राखिएको जानकारी पनि म आजै यहि सदनमा अनुरोध गर्न चाहन्छु र प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्य जो कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्नुहुन्छ उहाँहरू सबैलाई चाहिँ यो कर्णाली रारा पर्यटन वर्ष, २०७५ जो आयोजक समिति छ त्यो समितिको सल्लाहकारको रूपमा हामीले उहाँहरूलाई चाहिँ सम्मानका साथ यहाँ राखेका छौँ र यसरी हाम्रीले सरकार संसद अरू क्षेत्रहरू सबै मिलेर यो कार्यक्रमलाई चाहिँ सफल बनाउनु हामी सबैको दायित्व हो भन्ने कुरा म सबैलाई अनुरोध गर्न चाहन्छु र खास गरी यो वर्ष २०७५ सालभरी हामीले चाहिँ यो कर्णाली प्रदेशमा रहेका पर्यटकीय आकर्षणका केन्द्रहरू हाम्रा गन्तव्यहरू रारा देखि धेरै छन् म नाम भन्न चाहन्न ।

एउटा जिल्लाको कुनै पर्यटकीय क्षेत्रको नामभन्दाखेरि अर्को जिल्लाको छुट्न सक्छ । यो १० वटै जिल्लामा चाहिँ एक सय एक आकर्षणका केन्द्रहरू छन् । प्राकृतिक सौन्दर्यका केन्द्रहरू छन्, तालतलैयाहरू छन्, छहराहरू, झरनाहरू छन्, हिमालयहरू छन् पहाडहरू छन् चुलिहरू छन्, थुम्काहरू छन् हामीसँग प्रशस्त पर्यटनलाई चाहिँ लोभ्याउने खालका त्यस्ता चाहिँ गन्तव्यहरू छन्, धार्मिक स्थलहरू छन्, प्रसिद्ध धार्मिक स्थलहरू हामीसँग छन्, ऐतिहासिक धरोहरहरू हामीसँग छन्, हामीसँग यस्ता तमाम चाहिँ पर्यटकीय आकर्षणका केन्द्रहरू छन् ती चिजहरू अहिले लुकेर रहेका छन् यो छुपेरूस्तम जस्तो भएको छ । त्यसलाई चाहिँ उजागर गर्नु पर्नेछ, तिनीहरूलाई चिनाउनु पर्ने छ, ती विषयहरूलाई अब बहसको केन्द्रमा ल्याउनु पर्ने भएकोछ ।

हामीले देश भरीलाई अब हामीतिर फर्काउनु पऱ्योअन्तर्राष्ट्रिय समुदायलाई हामीतिर फर्काउनु परो किन भने हामीतिर पिठ्यु फर्को दुनियाँले त्यसकारण हामीतिर फर्किउन उनिहरू हामीलाई हेरून, हामीलाई देखुन, हाम्रा आकर्षणहरूका बारेमा चाहिँ जानकारी लिउन र यसको चाहिँ व्यापक रूपमा प्रचारप्रसार होस् र पर्यटन अर्थतन्त्रको मेरूदण्ड आत्मनिर्भर अर्थतन्त्र बनाउनको निम्ति पर्यटनको विकास अहिलेको अत्यन्त जरूरी विषय र अझ सानो लगानीले ठूलो प्रतिफल प्राप्त गर्न सकिने हामीले जलविद्युत आयोजनाको कुरा गर्दैछौं पाँच वर्ष दश वर्ष लाग्न सक्छ । पर्यटनको क्षेत्रमा हामीले लगानीगयौं पर्यटनको क्षेत्रमा हामीले विकास गयौं, पर्यटनको क्षेत्रमा हामीले प्रचार गयौं र यसलाई चाहिँ सबैको आकर्षणको केन्द्र चाहिँ बनाउन सक्यौं भने छोटो समयमा हामीलाई धेरै चाहिँउपलब्धी लिन सक्छौं । यस उद्देश्यले सरकारको पहिलो ध्यान हाम्रो अर्जुन दृष्टि चाहिँ पर्यटनमा गएको हो । यो प्रदेश सरकारको पहिलो अर्जुन दृष्टि हो । अर्जुनले जसरी चाहिँ चरा, चराको आँखा, आँखाको पनि नानी पहिल्याएर वाण हान्ने कुरा गरेका थिए त्यस्तैगरी हामीले चाहिँ हाम्रो यो कर्णाली प्रदेशको मुख्य चाहिँ अहिलेको चाहिँ प्राथमिकता भनेको पर्यटन हो र पर्यटनलाई चाहिँ हामीले प्रबर्द्धन गर्नुपर्छ, प्रचारप्रसार गर्ने प्रबर्द्धन गर्ने । त्यसकारण चाहिँ "कर्णाली समृद्धिको आधार,पर्यटनको विकास र पूर्वाधार" हामीले चाहिँमूल नारा तय गरेका छौं ।

यसले चाहिँ छोटोमा महत्त्वपूर्ण कुरा चाहिँ एउटा लक्ष्य उद्घोष गर्छ भन्ने चाहिँ मलाई लाग्छ पर्यटन र पूर्वाधार । पूर्वाधार पर्यटनसँग अकाटे रूपमा सम्बन्धित छ, जोडिएको छ । पूर्वाधार विना बाटोघाटोको अघि कर्णाली सडकको कुरा ल्याउनु भयो अथवा रारा पुग्ने सडको चाहिँ माननीयज्यूहरूले ल्याउनु भयो किनभने सडक नभई, सञ्चार नभई, सुरक्षा नभई बिजुली नभई पर्यटकहरू आउँदैनन् त्यसकारण पर्यटनको विकाससँग पूर्वाधार अनन्न रूपमा जोडिएकोले हाम्रो चाहिँ मूल नारा चाहिँ पर्यटन र पूर्वाधारलाई बनाइयो र

मूल नारा पनि हामीले तय गरेका छौं, लोगो तय गरिसकेका छौं र भोलि नै यो लागोको चाहिँ हामीले यो सार्वजनिकीकरण गर्छौं हामी र त्यसपछि व्यापक रूपमा हामी प्रचारप्रसारमा लाग्छौं । केहि माननीय सदस्यहरूलाई छिट्टै चाहिँ रारामा पुग्नको निम्ति पनि अनुरोध गर्छु हामीले यो लिखित रूपमा वा चाहिँ औपचारिक रूपमा पनि अनुरोध गरौंला म तपाईंहरू सबैलाई चाहिँ के अनुरोध गर्न चाहन्छु भने अब प्रदेश सभाका सबै माननीय सदस्यहरू माननीय सभामुखज्यू लगायत सम्पूर्ण माननीय सदस्यहरू, विभिन्न राजनैतिक दलसँग सम्बद्ध व्यक्तिहरू, नेताहरू, हामीले त प्रधानमन्त्रीज्यूलाई नै बोलाएका छौं । प्रधानमन्त्री आउने चाहिँ निर्णय भइसकेको छ । सम्माननीय प्रधानमन्त्रीले बैशाख १ गते रारा तालको चाहिँ छेउमा हुने विशेष समारोहमा चाहिँ कर्णाली रारा पर्यटन वर्ष, २०७५को समुद्घाटन हुनेछ, तपाईंहरूले सुन्नु भएको छ मलाई खुसीपनि लाग्यो यो चाहिँ संघीय सरकारको पो होकि भन्ने ढङ्गले आयोजनाका सन्दर्भमा प्रधानमन्त्रीले यति धेरै यो कार्यक्रमलाई महत्त्व दिनु भएको छ कि उहाँले चाहिँ उद्घोष गर्नुभयो काठमाण्डौमा संघीय राजधानीमा कि नयाँ वर्ष बैशाख १ गते नयाँ वर्षका दिन मैले चाहिँ कर्णालीको राराबाट राष्ट्रभाषिलाई सम्बोधन गर्नेछु । कति महत्त्व पायो यसले,कति यसको ओईटेज पायो । त्यसकारण चाहिँ हामीले प्रधानमन्त्रीज्यूका हातबाट उद्घाटन गराउँछौं र त्यो कार्यक्रममा चाहिँराजनैतिक दलका शिर्ष नेताहरू सबै दलका शिर्ष नेताहरूलाई हामीले आमन्त्रण गरेका छौं उहाँलाई हामीले त्यहाँ निम्त्याउ छौं । पूर्वप्रधानमन्त्रीहरू, अहिलेको संघीय सरकारका मन्त्रीहरू, यो प्रदेश सरकारका मुख्यमन्त्रीहरू अनि कुटनीतिक नियोगका प्रमुखहरू, विभिन्न मित्र राष्ट्रका राजदुतहरू, उद्योगी व्यवसायीहरू, विभिन्न संघसस्थाहरू, निर्माण व्यवसायीहरू, यातायात व्यवसायीहरू, विभिन्न क्षेत्रका व्यवसायीहरू, कलाकारहरू, पत्रकारहरू यो सम्पूर्ण क्षेत्रलाई हामीले चाहिँ त्यहाँ आमन्त्रण गर्दछौं र म आज यहि सदनमा सम्मानीय सभामुखमार्फत् मैले अहिले सम्बोधन गरेका तमाम क्षेत्रका व्यक्तिहरूलाई कर्णाली रारा पर्यटन वर्ष, २०७५ को उद्घाटन समारोहमा रारामा निमन्त्रणा गर्न पनि चाहन्छु ।

अब केहि कुराहरू तपाईंहरूले चाहिँ यहा अलि उठाउनु पनि भएको छ । मितव्ययीताको प्रसंग सबैकुरा पारदर्शी हुन्छ । यो सरकार स्वयम् मितव्ययीताको निम्तिनै लागिरहेको छ । हामी फजुल खर्च अनियमितता, भ्रष्टाचारप्रति निर्मम छौं यो चाहिँ यसै सन्दर्भमा पनि म घोषणा गर्न चाहन्छु । हामी एक रूपियाँ पनि तलमाथि गर्दैनौं । कसैले त्यस्तो गर्छ भने हामी छोड्दैनौं । रारा कर्णाली रारा पर्यटन वर्षको सन्दर्भमा पनि जतिसको हामीले चाहिँ हामी किफायति गर्छौं, मितव्ययीता अपनाउँछौं सकेसम्म सहयोग जुटाउँछौं । सरकारबाट खर्च हुनै पर्ने कुरा पनि हामी सबै कुरा पारदर्शी हुने गरी खर्च गर्छौं र यो तपाईंहरूको बीचमा हामी सार्वजनिक गर्छौं, जनताका बीचमा हामी सार्वजनिक गर्छौं र त्यस्तै गरी हामीले काठमाण्डौमा पनि एउटा पत्रकार भेटघाट गयौं । रारामा चाहिँतीन जना मन्त्रीज्यूहरू आजै बिहान त्यता हिड्न् भएको छ । उहाँहरू रारा पुग्नुहुन्छ त्यसको चाहिँ आवासको व्यवस्था, खाद्यान्नको व्यवस्था हामी त्यहाँचाहिँ अर्गानीक खाना खुवाउने किसिमले चाहिँ तयारी गर्दैछौं, हाम्रै उत्पादन कर्णालीको उत्पादन हामीले पाहुनाहरूलाई खुवाउने छौंरत्यहाँका स्थानीयतहका जनप्रतिनिधिहरू, त्यहाँका राजनैतिक दलहरू, त्यहाँका उद्योगी व्यवसायीहरू, त्यहाँका सरोकारवाला सबैलाई चाहिँ त्यहाँ ग्यादरिङ गरेर त्यहाँ व्यवस्थापन समितिहरू बन्छन्र यो कार्यक्रमचाहिँ सम्पन्न गर्न, सफल गराउन हामीले सम्पूर्ण क्षेत्रको सहयोगको निम्ति हामी पर्यन्न गर्छौं यति कुरा पनि म तपाईंहरूको बीचमा राख्न चाहनछु र मैले चाहिँ यो विषयमा एउटै कुरा बढा गम्भीर कुरा पनि उठेको छ । माननीयज्यूहरूलाई म धन्यावाद दिन चाहन्छु । यो सरकारको मात्रै एउटा अपनत्वको अथवा स्वामित्वको विषय किन बनाउने सरकारले मात्रै यसको ओनरसिप किन लिने पार्लियामेन्टले किन नलिने । त्यसकारणले चाहिँ पार्लियामेन्टले पनि अथवा यो प्रदेश सभाले पनि यसको स्वामित्व लिनका निम्ति संसदबाट संकल्प प्रस्ताव पास गरिनेछ भन्ने कुरामा म विश्वस्त छु, यसका प्रक्रियाका बारेमा सम्माननीय सभामुखसँग हामी छलफल गरौंला ।

अब अरू केहि कुराहरूमा एकदम एक-एक लाइनमा मात्रै यो सदनमा जानकारी गराउन चाहन्छु । प्रदेश सरकारको पहिलो, दोस्रो मन्त्रिपरिषद्को बैठकबाट हामीले एउटा निर्णय गर्यौं सरकार श्रमसँग जोडिने कुरा। सरकारनै श्रमसँग जोडिएन भने अरूलाई श्रम गर भनेर आदेश गरेर हुँदैन । त्यसकारण चाहिँ हामीले प्रत्येक महिनाको १ गते र १५ गते मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, सचिवहरू लगायत कर्मचारीहरू, सुरक्षाकर्मीहरू, सेना, प्रहरी सशस्त्र सबै जना कुनै न कुनै एउटा काममा जोडिने अर्थात चाहिँ श्रमदान गर्ने, श्रम शिविर सञ्चालन गर्ने । हामी १ गते चाहिँ काठमाण्डौमा भएको हुनाले त्यो कार्यक्रम सकेनौं । हिजो १५ गते बुलबुले यो पनि एउटा पर्यटनको निम्ति चाहिँ आकर्षणको केन्द्र हो बुलबुले ताल र बुलबुले ताल क्षेत्रमा हामीले चाहिँ हामीले हिजो सरकार र अरू सम्पूर्ण क्षेत्र सहभागी भएर सरसफाईको काम पनि हामीले अगाडिबढायौं । त्यसैले हामीले यो एउटा महत्त्वपूर्ण निर्णय गरेका छौं । काठमाण्डौमा एउटा अब काठमाण्डौमा किन कार्यक्रम गरियो भन्ने प्रश्न पनि आयो तर सम्पूर्ण चाहिँप्रतिनिधि सभाका, राष्ट्रिय सभाका सदस्यहरू काठमाण्डौमा राष्ट्रपतिको चुनावमा प्रदेश सभाका माननीय सदस्यहरू पनि काठमाण्डौमा गएको बेलामा काठमाण्डौमा उपलब्ध र सकेसम्म कर्णाली प्रदेशका विज्ञहरूलाई हामीले राखेर एउटा चाहिँ कर्णाली प्रदेशको समृद्धिका बारेमा एउटा अन्तरक्रिया कार्यक्रम गर्यौं त्यसले पनि हामीलाई चाहिँ भोलि नीति कार्यक्रम बनाउनको निम्ति, बजेट बनाउनको निम्ति धेरै महत्त्वपूर्ण योगदान गरेको छ, मार्गदर्शन गरेको छ र सरकारले आफूलाई चाहिने नियमावली, निर्देशिकाहरू पास गरेकै छ यो धेरै भनिरहनु परेन, हवाई यातायातका सम्बन्धमा पनि एउटा सरोकार यहाँ चाहिँ जाहेर गरियो । काठमाण्डौमा हामीले प्रधानमन्त्रीज्यूको पनि ध्यानाकर्षण गरायौं। माननीय सँस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रीजीलाई सँगै राखेर संघीय सरकारका मन्त्री हाम्रो चाहिँ प्रदेश सरकारका मुख्यमन्त्री हामी मन्त्रीहरू र अरू सरोकारवालाहरूसहित भएर बसेर हामीले छलफल गर्यौं एउटा बैठक भयो र अब चाहिँ जसरी हामी कर्णाली प्रदेश एउटा यस्तो प्रदेश जुन संघीय राजधानीसँग हवाई यातायातबाट नजोडिएको प्रदेशको रूपमा जसरी चाहिँसम्बोधन हुन्थ्यो त्यो कुरा चाहिँ अब खण्डित हुनेछ र सुर्खेतमा नियमित रूपमा चाहिँ हवाई सेवा सञ्चालन हुने छ त्यो नेपाल वायुसेवा निगमको र अरू चाहिँ बुद्ध, यति लगायतका चाहिँ प्राइभेट सेक्टरका चाहिँ हवाई जहाज पनि यहाँ चाहिँ सेवा दिनेछन् यो कुरा चाहिँ हामी निर्णय गरिसकेका छौं । हामीले सहयोग प्राप्त गर्छौं भाडाको सन्दर्भमा चाहिँ उचित भाडाको निम्ति हामीले छलफल गरिरहेका छौं । जनताले तिर्न नसक्ने भाडा दर कायम गरेर हवाई सेवा सञ्चालन गरेर हामीले केहि फाईदा पाउँदैनौं । यो कुरामा चाहिँ हामी सजक छौं भन्ने कुरा म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु ।

सम्माननीय प्रधानमन्त्रीज्यूलाई धेरै विषयमा हामीले जानकारी गराएका छौं । यहाँका समस्याहरूका बारेमा, यहाँका व्यथाहरूको बारेमा हामीले चाहिँ जो प्रदेश सरकार निर्माण भइसकेपछि हामीले व्यहोर्नु परेका अप्ठेराहरूको बारेमा अब यहाँत केन्द्रीय सरकारका चाहिँ निकायहरू पनि कायम छन् प्रदेश सरकार पनि बनेको छ । त्यसकारण त्यस्ता निकायहरू खारेज गरेर सम्पूर्ण चाहिँ अधिकार र सामाग्रीहरू प्रदेश सरकारलाई उपलव्ध गराउने गरी पनि हामीले सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गरेका छौं । एउटा म बढा गम्भीर विषय माननीय सदस्यहरूले पनि उठाउनु भएको छ त्यस विषयमै पनि बोल्नु पर्ला भनेर मैले आज आन्तरिक मामिला तथा कानून मन्त्री त्यहि कर्णाली रारा पर्यटन वर्षको तयारीमा चाहिँ रारा तिर जानु भएकोले त्यो जिम्मा पनि मलाई नै लगाइएको थियो । यस विषयमा विस्तृत रूपमा सम्बन्धित मन्त्रीले नै बताउनु होला जुन चाहिँ पञ्चपुरीमा भएको घटना छ । हृदय विदारक बढा पासविक हत्याको घटना एक जना चेली जो परीक्षा दिनका निम्ति घरबाट परीक्षा केन्द्र नजिक गएर डेरा गरेकी छन् गौरीकला रोकाया उनको चाहिँ बलात्कार र हत्या यो असाध्यै धेरै चाहिँ हृदय विदारक घटना हो, यो

अत्यन्तै विभत्स घटना हो, यो पासविक घटना हो र यो भत्सर्नायोग्य घटना हो सरकार यस्तो घटनाको चाहिँ खुलेरै विरोध गर्छ र यसरी चाहिँ एउटा चेलीको चाहिँ जुन हत्या भएको छ हत्याको सम्बन्धमा छानबिन जारी छ ३ जना व्यक्तिहरू पक्राउ परिसकेका छन् उनिहरू छानबिनमा छन् र त्यो घटनास्थलमा पनि सुरक्षाकर्मीले छानबिन गरिरहेको छ ।

अब यसको चाहिँ पोष्टमाटम रिपोर्ट आउन बाँकी छ । भिसेराको रिपोर्ट पनि आउन बाँकी छ ती रिपोर्टहरू आए भनेपछि यसको बारेमा चाहिँ अरू धेरै कुराहरू उजागर होला र यो अँझै जुन केहि आशंकाहरू उठाइएको छ शंका गर्नु पर्दैन सुरक्षाकर्मी नै त्यो घटनासँग जोडिएको होला गल्ति गर्ने कुरामा जो पनि जोडिन सक्छ त कुनै नियोजित सुरक्षा निकायबाटै भएको हो भन्ने चाहिँ यसलाई बुझ्न जरूरी छैन तर जोकोही जोडिएपनि यस घटनाको छानबिन हुन्छ र दोषी पत्ता लाग्छ, सरकारले दोषी पत्ता लगाएरै छोड्छ । दोषीलाई कडाभन्दा कडा कानूनबमोजिम कार्यवाही सरकारले गर्छ यो कुरा चाहिँ म तपाईंहरूका बीचमा अनुरोध गर्न चाहन्छु र यो अनुसन्धानलाई अझै विश्वसनीय अझै भरपर्दो, अँझै निस्पक्ष र पारदर्शी बनाउनका निम्ति केन्द्रीय अनुसन्धान व्यूरोबाटसमेत हामीले त्यहाँबाट दक्ष प्राविधिक बोलाई सकेको छ सरकारले । त्यहाँ चाहिँ पत्राचार भइसकेको छ र छिट्टै ती प्राविधिकहरू आएर प्राविधिक रूपमासमेत यसको छानबिन भएर यो घटनाका बारेमा तथ्यसत्य सार्वजनिक हुन्छ र दोषी बदमाशी गर्ने कारबाहीको घेरामा पर्छ यो कुरापनि म तपाईंहरूलाई अनुरोध गर्न चाहन्छु ।

अर्को एउटा कुरा सरकारले एउटा चाहिँ स्वेत पत्र जारी गर्ने नीति पत्रको रूपमा चाहिँ जारी गर्ने निर्णय पनि गरेको छ । हामीले यो कर्णाली प्रदेशको चाहिँ विगतको हिष्ट्री कस्तो छ केहि संक्षेपमा त्यस विषयमा हामीले चाहिँ तयारी गर्नुपर्नेछ । त्यसपछि अहिलेको कर्णाली कस्तो छ?, कर्णालीको अहिलेको अवस्था के छ?अहिलेको हाम्रो चाहिँ हाम्रो डेटाहरूले के भन्छ ? त्यो कुरा चाहिँ हामीले खुलासा गर्ने छौं र अब सरकारको आगामी योजनाका बारेमा हामी जानकारी गराउने गरी त्यो नीति पत्रको रूपमा स्वेत पत्र तयारीको क्रममा छ त्यो छिट्टै सार्वजनिक हुने छ र अघि जिज्ञासा उठाइए जस्तै यो चाहिँ प्रदेश प्रमुखको तर्फबाट आवश्यक पर्दाखेरि संसदमा सम्बोधन गर्ने कार्यक्रम पनि बन्न सक्छ । नीति कार्यक्रमको सरकारकोतर्फबाट प्रदेश प्रमुखले स्वभाविक रूपमा चाहिँ राख्नु हुन्छ । मैले चाहिँ केहि सरकारले गरेका निर्णयहरू जो यो प्रदेशलाई चाहिँ अर्गानीक प्रदेशको आधार तयार पार्ने कुरा होला अथवा बालीको संरक्षणको कुरा होला या गरिब जनताको धन जडिबुटी बन्ने जन्तु र धन भन्ने नारा तय गरेको कुरा गर्यौं अथवा चाहिँ व्यवसायीक खेती प्रणालीलाई प्रोत्साहित गर्ने कुरा या एक गाउँ एक सहकारी, एक सहकारी एक उत्पादनको नारा लिएर हामी सहकारीलाई प्रबर्द्धन गर्ने कुरा, समृद्धिका लागि शान्ति सुरक्षा यसको निम्ति आन्तरिक मामिला तथा कानून मन्त्रालयले एउटा कार्ययोजनासमेत सार्वजनिक गरिसकेको छ र समृद्ध प्रदेशको लागि लगानीमैत्री वातावरण बनाउने त्यो विभिन्न हुन सक्छ । त्यसको शान्ति सुरक्षाको कुरा होला, समन्वयको कुरा होला, सुविधाको कुरा होला, या चाहिँ कानून र नीतिको कुरा होला हामी त्यसका निम्ति लगानीमैत्री वातावरण बनाउने कुरा र यो प्रदेशमा लगानी सम्मेलन गर्ने कुरा पनि हामीले चाहिँ निर्णय गरेका छौं त्यो लगानी सम्मेलनको हामी तयारी गर्दै छौं र यो बीचमा केहि लगानी कर्ताहरू, केहि निजी क्षेत्रका व्यक्तिहरू र संघसंस्थासँग सरकारले अन्तरक्रिया पनि पटक-पटक गर्दै आएको कुरा पनि म तपाईंलाई जानकारी गराउन चाहन्छु । त्यस्तै गरी जनतासँग मुख्यमन्त्री, प्रत्येक गाँउपालिका नगरपालिकामा अस्पताल स्थापना र जेष्ठ नागरिक देश दर्शनका कार्यक्रम, हुम्ला डोल्पा जस्ता सडक सञ्जालले नजोडिएका जिल्लामा चाहिँ सडक पुऱ्याउनका निम्ति सरकारको ध्यानाकर्षण गराउने कुरा,

टेलिमेडिसिनको स्थापना गर्ने लगायतका हामीले केहि महत्त्वपूर्ण निर्णय गरेका छौं र तिनीहरूको कार्ययोजना बनाएर कार्यान्वयनका क्रममा हामी अगाडिबढीसकेका छौं ।

र अन्त्यमा, म चाहिँ एउटा फेरि माननीयज्यूहरूले आज पनि ध्यानाकर्षण गराउनु भयो कि हाम्रो संरचना गराउने कुरा, संरचनागत व्यवस्थापनको कुरामा पनि हामी लाग्नु पर्ने र कानून बनाउने कुरा सरकार अगाडिबढ्नका निम्ति अहिले त हातखुट्टा बाँधिए जस्तै छ । त्यसकारण चाहिँ सरकार अगाडिबढ्नका लागि हिड्नका लागि हिड्ने बाटो बनाउनु पर्नेछ त्यो बाटो भनेको कानूननै हो । पहिले चाहिँ संरचना बनेको,कानून बनेको त्यसपछि सरकार बनेको भए सरकार बन्ने बित्तिकै काम अगाडिबढाउन सकिन्थ्यो सरकार बनेर संरचना बनाउनु पर्ने अनि कानून बनाउनु पर्ने अवस्थामा छौं । आजै पनि आर्थिक कार्यविधि विधेयक संसदमा पेश हुन्छ अब शुरू भयो बाटो खुल्न थालो । त्यस्तै गरी पारिश्रमिकसम्बन्धी सवालपनि उठाउनु भयो सुविधा पारिश्रमिकचाहिँ प्रदेश सभाको पदाधिकारीको सेवा सुविधा र पारिश्रमिक या प्रदेश सरकारका पदाधिकारिका सेवा सुविधा र पारिश्रमिक या स्थानीय तहका जनप्रतिनिधिहरूको पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी कानून ड्राफ्ट भइसकेका छन् ।

त्यसलाई चाहिँ अलिकति अब सबै राजनैतिक दल माननीयज्यूहरू,स्थानीय तहका जनप्रतिनिधिहरूको सुझावको आधारमा कति सम्म सेवा सुविधा चाहिँ हामीले तय गर्ने त भन्ने कुरामा हामी हतारमा निर्णय गरेर फुर्सदमा पछुताउनुभन्दा अलि अन्तरक्रिया गरेर सबैको सुझाव लिएर त्यो परिपक्व बनाएर मात्रै ल्याउ भनेर ढिला भएको हो । सार्वजनिक खदि ऐन बनाउने क्रम पनि अगाडि बढेको छर विभिन्न मन्त्रालयले सामाजिक विकास मन्त्रालयले शिक्षा स्वास्थ्यसम्बन्धी, भौतिक पूर्वाधार मन्त्रालयले उर्जा, खानेपानी, सिँचाइ, सडकसम्बन्धी अथवा चाहिँ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले भूमिसम्बन्धी, कृषिसम्बन्धी, सहकारीसम्बन्धी अथवा चाहिँ उद्योग वन, पर्यटन मन्त्रालयले तीनै विषय सम्बन्धित यी आफ्ना आफ्ना विषयका विषयगत कानूनहरू बनाउने क्रमपनि हामीले तीव्र रूपमा अगाडिबढाएका छौंर यहाँ चाहिँ जस्तो मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव कानून सचिवको संयोजकत्वमा एउटा संयन्त्र पनि बनेको छ । सहयोग गर्नका निम्ति र मन्त्रालय, मन्त्रालयले टिम बनाएर कानून बनाउने कुरा हामीले चाहिँ पहिलो प्राथमिकतामा विशेष कामको रूपमा लिएका छौं र यो क्रम चाहिँ अगाडि बढेको छ । म चाहिँ माननीय सदस्यज्यूहरूलाई माननीय सभामुख महोदयमार्फत् जानकारी गराउन चाहन्छु र फेरिपनि एकपटक चाहिँ सम्पूर्ण माननीय सदस्यहरू हामी फेरिपनि यो कर्णाली प्रदेशको चाहिँ हाम्रो जो अहिलेको एकदम वास्तविक तस्विर छ यो बदल्ने संकल्प सबैले गरेर आएका छौं । जुन अहिलेको परिभाषा छ गरिबीको परिभाषा, विपन्नताको परिभाषा यो परिभाषा बदल्ने संकल्प गरेर आएका छौं त्यसकारण पर्यटनमार्फत् जलविद्युतमार्फत् या चाहिँ पूर्वाधार विकासमार्फत् अथवा चाहिँ जडिबुटीको व्यवस्थापनमार्फत् या चाहिँ ह्यूमन मेन पावरको विकास गरेर हुन्छ । यी तमाम क्षेत्रको विकास गरेर यो प्रदेशलाई समृद्ध बनाउने यो प्रदेशका जनतालाई सुखी र खुशी बनाउने हाम्रो जो प्रतिबद्धता छ यो साझा प्रतिबद्धता, साझा संकल्प हामी पूरा गरेरै छोड्ने छौं । यसको उद्घोष कर्णाली रारा पर्यटन वर्ष, २०७५को उद्घाटन समारोह यो रारामा हुने छ त्यहि सम्माननीय प्रधानमन्त्रीद्वारा गरिने उद्घाटन समारोहमार्फत् यसको चाहिँ एउटा साझा उद्घोष हामीले गर्ने विश्वास सहित म आफ्नो भनाइ यहि टुङग्याउँछु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा १५(१) को व्यवस्थाअनुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलको सदस्य समावेश हुने गरी देहायअनुसारको कार्यव्यवस्था परामर्श समिति गठन गरेको छु ।

माननीय सभामुख राजबहादुर शाही - अध्यक्ष
माननीय मन्त्री आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य
माननीय उपसभामुख पुष्पा घर्ती विष्ट - सदस्य
माननीय श्री करबिर शाही - सदस्य
माननीय श्री गुलावजंग शाह - सदस्य
माननीय श्री दीनबन्धु श्रेष्ठ - सदस्य
माननीय श्री धर्मराज रेग्मी - सदस्य
माननीय श्री मिनासिं रखाल - सदस्य
माननीय श्री सीताकुमारी नेपाली - सदस्य
माननीय श्री शोशिला शाहि - सदस्य
माननीय श्री हिमबहादुर शाही - सदस्य

माननीय सदस्यहरू, अब आर्थिक मामिला तथा योजनामन्त्री माननीय श्री प्रकाश ज्वालालाई प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभासमक्ष पेश गर्नका लागि अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, प्रदेश सरकारको तर्फबाट प्रदेश सभामा यो पहिलो अथवा एक नम्बर विधेयकको रूपमा प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक प्रस्तुत हुँदैछ । हामीले अलि निकै मेहेनत गरेर अब यो आर्थिक कार्यविधि ऐन जो संघीय सरकारको आर्थिक कार्यविधि ऐन छ त्यसलाई पनि हामीले आधार बनायौं र हाम्रा आवश्यकता र हाम्रो अवस्थालाई पनि सम्बोधन हुने गरी प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक कार्यविधि विधेयक तयार पारेर यो प्रदेश सभा सचिवालयमा यस अघिनै दर्ता गरिसकेको थियो र आजको बैठकमा हामीले यो विधेयकलाईचाहिँ आधिकारीक रूपमा, औपचारिक रूपमा प्रस्तुत गर्दैछौं । यस सम्बन्धमा मैले धेरै कुरा भन्न पर्दैन माननीय सदस्यहरूले यस विधेयकको बारेमा अध्ययन गरेर आउँनु भएको छ । छलफल व्यापक रूपमा हुनेछ हामीले जसरी प्रस्तावित गरेका छौं त्यसलाई अँझ परिपक्व र समृद्ध बनाउनको निम्ति तपाईंहरूको असाध्यै ठूलो सहयोगको म अपेक्षा गर्न चाहन्छु ।

हामीले केहि महत्त्वपूर्ण विषयहरूलाई यो कार्यविधि विधेयकमा सम्बोधन गर्नेकोशिस गरेका छौं र यो कार्यविधि विधेयक पास नभए सम्म हाम्रा कुनै पनि आर्थिक कामहरू आर्थिक क्रियाकलापसँग जोडिने कामहरू, खर्चसँग जोडिने कामहरू अगाडिबढ्न सक्दैनन् । कतिसम्म भने हामीले बजेट ल्याउन पनि यो आर्थिक कार्यविधि विधेयक पास हुनुपर्दछ र ऐन बन्नु पर्दछ । अब हामीले त यो वर्ष दुई वटा बजेट ल्याउनु पर्ने छ यो एउटा सन्तुलित बजेटले छिट्टै जो संघीय सरकारको तर्फबाट चालु आर्थिक वर्षको बजेटमा प्रदेश सरकारको निम्ति छुट्याइएको बजेट छ एक अरब दुई करोड पाँच लाख त्यो बजेटको बाँडफाँडको निम्ति विनियोजित बजेट यो संसदमा पेश गर्ने र संसदले पास गर्नुपर्ने छ । अँ त्यसपछि रेगुलर बजेट नियमित रूपमा आउने बजेट असार १ गते चाहिँ आउने कुरा त छँदैछ । यी बजेटहरू ल्याउनका निम्ति, विनियोजन विधेयक ल्याउनका निम्ति, आर्थिक विधेयक ल्याउनका निम्ति खर्चको व्यवस्थापनका निम्ति हरेक कामका निम्ति बाटो खोल्नलाई आर्थिक कार्यविधि विधेयक पास भएर आर्थिक ऐनबन्नुपर्छ त्यो महत्त्वका साथ यो विधेयक चाहिँ संसदमा प्रस्तुत भएको छ र हामीले केहि कुरा जस्तो

बेरूजु फछ्र्यौटको कुरामा यसभन्दा पहिले चाहिँ म काठमाण्डौको के कुमारी चौक भन्ने कार्यालयमा गएर बेरूजु फछ्र्यौट गर्नुपर्ने अवस्था । हुम्लाको कुनै एउटा चाहिँ बेरूजु फछ्र्यौट गर्ने मान्छे काठमाण्डौको कुमारी चौक पुग्नु पर्ने यो कुरालाई सहज बनाएर हामीले के बनायौं तभन्दाखेरि बेरूजु फछ्र्यौट प्रदेशलेखा नियन्त्रक कार्यालय मै हुने गर्ने अर्थात प्रदेशमै हुने गरी एउटा चाहिँ हामीले नयाँ व्यवस्था गरेका छौं हाम्रो सजिलोको निम्ति । त्यस्तै गरी सम्पत्ति व्यवस्थान केन्द्र बनाउने कुरा चाहिँ अलि बढी केन्द्रीय सरकारले पर्यत्न गरिरहेको अवस्था अब सुर्खेतमा रहेको सम्पत्ति राज्यको सम्पत्ति सरकारको सम्पत्ति या चाहिँ रूकुममा रहेको अलि यो चाहिँ केन्द्रले हेरेर साध्य हुँदैन त्यसकारण नजिकबाट प्रदेश सरकारले हेर्नुपर्छ भनेर हामीले यो प्रदेशलेखा कार्यालयमा चाहिँ रहने गरी हामीलेलेखा नियन्त्रण कार्यालयमा यसको चाहिँ क्षेत्राधिकार रहने गरी अथवा चाहिँ प्रदेश सरकारलेनै हेर्ने गरी त्यसको पनि हामीले व्यवस्था गरेका छौं ।

अनि अब यो कार्यविधि आर्थिक कार्यविधि विधेयक पास भएर ऐन बन्यो भने प्रदेश सञ्चित कोष स्थापना हुन्छ, बल्ल हामी खाता खोलेर काम शुरू गर्छौ । प्रदेश सञ्चितकोष स्थापना गर्नका निम्ति पनि यो विधेयक पास नभई त्यो चाहिँकोष स्थापना गर्न सकिदैन र मन्त्रालयले खाता खोल्न सक्दैन । त्यसैले प्रदेश सञ्चितकोष स्थापना गर्न खाता खोल्न र खर्च गर्नका निम्ति चाहिँ यो विधेयकको अत्यन्त महत्त्व छ, आवश्यकता छ र सरकार हिड्नका निम्ति यो पहिलो पाईला नै यो आर्थिक कार्यविधि विधेयक हो भन्ने कुरा म अनुरोध गर्न चाहन्छुर हामीले चाहिँ यो यहि विधेयक भित्रै अब यो केन्द्रमा चाहिँ अलग ऐनको रूपमा रहेको छ यो कर्मचारी जवाफदेही जवाफदेहितासम्बन्धी कानून कर्मचारीलाई जवाफदेही बनाउनका निम्ति । हामीले चाहिँ त्यसको प्रावधान यो आर्थिक कार्यविधि विधेयकमै समेट्नेकोशिस गरेका छौं र त्यसले चाहिँ हामीलाई कर्मचारीलाई जवाफदेही बनाउने कुरामा पनि मदत हुनेछ । मध्येकालिन खर्च अब बजेट ल्याउनका निम्ति तीन वर्षको मध्येकालिन खर्चको चाहिँ आँकलन नगरेसम्म बजेट ल्याउन पाइदैन । एक वर्षको मात्र होइन तीन वर्षको चाहिँ मध्येकालिन खर्च योजना बनाउनु पर्छ MTF भन्छ । त्यसको निम्ति पनि यो कार्यविधि ऐनको जरूरी छ यी महत्त्व तपाईंहरूको बीचमा राख्दै म फेरि पनि यो प्रदेशलेखा नियन्त्रक कार्यालय पनि स्थापना गर्नुपर्ने छ यी सबै कामको निम्ति आर्थिक कार्यविधि, विधेयक यो सदनमा पेश भएको छ र यसलाई चाहिँ माननीय सदस्यहरूले छिटोभन्दा छिटो पारित गरेर सरकारका कामलाई संसदकै कामलाईसमेत र सम्पूर्ण यो प्रदेशका कामलाई आर्थिक विषयसँग जोडिएका कामलाई सहजता प्रदान गर्नका निम्ति म विशेष आग्रह गर्दै म यो प्रस्ताव यो सदनसमक्ष राख्न चाहन्छु ।

माननीय सभामुखज्यू, नेपालको संविधान,२०७२को भाग ५ राज्य संरचना राज्य शक्तिको बाँडफाँडको धारा ५९ र भाग १६ प्रदेश आर्थिक कार्यप्रणालीको धारा २१३को व्यवस्था तथा प्रदेश सभा कार्यसञ्चालन कार्यविधि, २०७४को दफा १२ मा भएको व्यवस्थाअनुसार प्रदेश संचितकोषको सञ्चालन, बजेट तर्जूमा, निकासा तथा खर्च गर्नेलेखा राख्ने प्रतिवेदन गर्ने आन्तरिकलेखा परिक्षण गर्ने गराउने, अन्तिमलेखापरिक्षण गराउने, बेरूजु फछ्र्यौट असुलउपर तथा तहशिल गर्ने गराउने विषयमा मार्गदर्शन गरी प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गराउने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था सम्बन्धमा वाञ्छनिय भएकोले प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक सम्मानित सभासमक्ष पेश गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब प्रदेश सभा नियमावली मस्यौदा समितिका सभापति माननीय श्री सीताकुमारी नेपालीलाई प्रदेश सभासमक्ष नियमावलीको मस्यौदा प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री सीताकुमारी नेपाली :** माननीय सभामुख महोदय, संविधानको धारा १९४को व्यवस्थाअनुसार  प्रदेश सभालाई सभाका कामकार्यवाहीलाई व्यवस्थित गर्नका निम्तिसञ्चालन गर्नका निम्ति २०७४ फागुन ५ गते प्रदेश सभा नियमावली, २०७५को मस्यौदा समिति गठन भएको थियो र त्यो मस्यौदा समितिमा ८ जना सदस्यहरू हामी थियौं । ८ जना सदस्यमा माननीय दल रावल, माननीय धर्मराज रेग्मी, माननीय प्रकाश ज्वाला, माननीय मिनासिं रखाल, माननीय यज्ञबहादुर वि.सी., माननीय शोशिला शाही र म गरेर हामी ८ जनाको नियमावली समिति बनेको थियो र त्यो नियमावली समितिलाई १५ दिनको समयावधि दिइएको थियो र १५ दिनको समयावधिभित्र हामी फागुनको ९ गते पहिलो बैठकसमितिका जेष्ठ सदस्य माननीय यज्ञबहादुर वि.सी.को सभापतित्वमा हामी पहिलो बैठकबस्यौं र त्यो पहिलो बैठकबाटै नियमावलीलाई अगाडिबढाउनका निम्ति समितिमा हामीले छलफल गरेर समितिबाट एक जना सभापति चयन गर्नु पर्ने व्यवस्था थियो र त्योअनुसार  समितिको सभापति त्यहि बैठकबाट मलाई चयन गरियो र हामीले यो समितिको बैठक हामी ८ वटा बैठकबस्यौं र ८ वटा बैठक बसिसकेपछि त्यो ८ वटा बैठकको क्रममा हामीले दलका नेताहरूसँग पनि हामीले सल्लाह सुझावहरू केन्द्रीत गऱ्यौ, केहि आमन्त्रित हिसाबले माननीयज्यूहरू पनि त्यो समितिको बैठकमा सहभागी हुने सहभागी हुनुहुन्थ्यो र कतिपय विज्ञहरूसँग पनि हामीले छलफल र सल्लाह सुझावहरू सहित हामीले प्रदेश सभा नियमावली, २०७५ माथि व्यापक छलफल गरेका छौं र त्यो छलफल गर्ने क्रममा हामीले मुख्य कुरा संविधान, २०७२ लाई हामीले आधार बनाएका छौं र त्यो सँगसँगै हामीले हाम्रो प्रदेशलाईजुन अधिकार छ ।

त्यो प्रदेशको अधिकारलाई चाहिँ आधार बनाएर प्रदेशको आवश्यकता र प्रदेशको हाम्रो आत्मगत अवस्था वस्तुगत अवस्था जो छ त्यो आधारमा हामीले प्रदेश सभाको नियमावलीलाई चाहिँ व्यापक रूपमा छलफल बहसगऱ्यौ र त्यो बहस र छलफल गर्ने बहस गर्ने क्रममा हामीले यो नियमावलीमा चाहिँ ८ वटा अनुसूची रहेको छ परिच्छेद २६ वटा छ र नियमहरू १०० सरी २२२ वटा नियमहरू हामीले बनाएका छौं र यो मस्यौदा गर्दै गर्दाखेरि हामीले छलफल गर्ने क्रममा विशेष गरेर हामीले यो कर्णाली प्रदेशको यहाँको वस्तुगत जुन अवस्था छ त्यो वस्तुगत अवस्थालाई मध्यनजर गर्दै केन्द्र संघीय एउटा संसदमा जुन हिजोका दिनहरूमा अभ्यास हुने गर्थो त्यो अभ्यास हुने क्रममा यो प्रदेशमा पनि हामीले संसदलाई अगाडिबढाउनका निम्ति कतिपय प्रक्रियागत कुराहरू छन् ती प्रक्रियागत कुराहरूलाई त हामीले समावेश गर्ने कुरा भैहाल्छ।

त्यो सँगसँगै यहाँको अनुकुलतामा हामीले हाम्रो प्रदेश सानो प्रदेश पनि छ र सानो प्रदेश संख्यात्मक हिसाबले सानो भएको हुनाले हामीले कम्तिमा पनि यो प्रदेशलाई व्यवस्थित गर्नका निम्ति संसदभित्र संसद भनेको जनताको एउटा आवाज बोल्ने एउटा संस्था पनि हो र यो संस्थामा हामी जनताका जो प्रतिनिधिहरू छौं जनताका प्रतिनिधिहरूले जनताका आवाज बोल्दै गर्दाखेरि र यो बैठकलाई चाहिँ व्यवस्थित हिसाबले अगाडिबढाउँदै गर्दा पनि हामीले बैठकचाहिँ मर्यादित होस्, व्यवस्थित होस् भन्नका निम्ति पनि हामीले एउटा योको रमको कुरालाई पनि अलिकति हैन हाम्रो प्रदेशको संख्यात्मक हिसाबले अनुकुल हुनेगरी व्यवस्था गरेको कुरा म यहाँ माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु ।

त्यसै गरेर हामीले हाम्रो प्रदेशको बजेटिङ्ग गर्ने क्रममा पनि जुन एउटा परम्परा देखिनै हैन एउटा अभ्यास त भइराखेकै छ त्यो हुँदाहुँदै पनि हामीले संविधान केरे यो व्यवस्थापिका संसदभित्र छलफल बहस गर्ने एउटा प्रक्रिया छ प्रि-बजेटको छलफलको कुरा त्यो हुँदा हुँदै पनि हामीले सम्बन्धित एउटा समितिमा त्यो प्रि-बजेट छलफलहरू गर्ने र हाम्रो यो प्रदेशको एउटा भौगोलिक जुन एउटा अवस्था छ, त्यो भौगोलिक अवस्थाअनुसार  त्यो समय अनुकुल मिलाएर विभिन्न जिल्लाहरूसँग पनि हामीले छलफल अन्तरक्रियाहरू गरेर सम्बन्धितसमितिले समन्वय गरेर अन्य समितिका सदस्यहरूलाई पनि त्यसमा समाबेस छलफलमा

समावेश गर्ने र सम्बन्धित एउटा मन्त्री र अन्य मन्त्रीज्यूहरूलाई पनि समितिले निर्देशन गर्ने गरी त्यो व्यवस्थालाई पनि हामीले अलि नयाँ ढङ्गले हाम्रो प्रदेशमा त्यो चाहिँ अनुकुल हुने गरी गर्नुपर्छ भन्ने कुरा हामीले यो नियमावली बनाउँदै गर्दा खेरि माननीयहरूको बीचमा व्यापक रूपमा छलफल पनि गर्‍यौ र त्यो छलफलको बीचबाट हामीले त्यो व्यवस्था गर्ने कुरालाई हामीले यहाँ समावेश गरेका छौं र त्यस्तै गरेर अबबैठकलाई चाहिँ अलि प्रभावकारी ढङ्गबाट अगाडिबढाउनका निम्तिअब सबै विषयहरू व्यवस्थापिका संसद भित्रैभन्दा पनि एउटा मिनी संसदको रूपमा विषयगत समितिहरू हुनेगर्छ र त्यो विषयगत समितिले हामीले हाम्रो प्रदेशको अनुकुलतामा हामीले ४ वटा विषयगत समितिहरू पनि बनाएका छौं । जस्तो एउटा चाहिँ सार्वजनिकलेखा समिति, दोस्रो चाहिँ प्रदेशको केरे यो अर्थ तथा प्राकृतिक स्रोत साधन समिति, एउटा सामाजिक विकास समिति प्रदेश मामिला तथा विधेयक समिति यसरी हामीले ४ वटा समितिहरूको व्यवस्था अलि लामो समय भईसक्यो यो हामीले निर्माण गरेर माननीय सभामुखज्यूलाई हामीले हाम्रो समय जुन अवधि तोकिएको थियो जुन १५ दिन त्यो समय अवधिभित्रै हामीले यो बुझाई सकेका छौंर हामीले त्यसरी ४ वटा समितिहरू पनि बनाएका छौं र सँगसँगै हामीले नियमावलीमै यो हाम्रो प्रदेशको लोगोको विषयमा पनि व्यवस्था गरेका छौं । अब लोगोको विषयमा हामीले छलफल व्यापक रूपमा गरेका छौं । लगायत थुप्रै कुराहरू हामीले यो समितिमा समितिका सहभागी माननीयज्यूहरूमा एकदम व्यापक छलफल बहसका बीचबाट हामीले यो नियमावलीलाई चाहिँ हाम्रो हामीलाई दिएको समय अवधिभित्रै यसलाई पारित गरेर माननीय सभामुखज्यूलाई हामीले बुझाइसकेका कुरा म सार्वजनिक के रे यहाँ जानकारी गराउँन चाहन्छुर त्यो क्रममा समितिका सदस्यहरूले जुन प्रकारको भूमिका खेल्नु भयो त्यसका निम्ति म समितिका सभापतिज्यूहरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छुर चारवटै दलका दल नेताहरूज्यूहरूलाई पनि म विशेष धन्यवाद दिन चाहन्छु ।

सँगसँगै अब संसद सचिवालयका कर्मचारीज्यूहरू जो रातदिन खटेर हामीलाई सपोर्ट गर्नुभयो सहयोग गर्नुभयो उहाँहरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छु र हामीले यो नियमावली बनाउँदै गर्दाखेरि संघीय संसदबाट केहि समयका निम्ति यो प्रदेश सभामा सहयोग गर्नका निम्ति कर्मचारी साथीहरू आउँनु भएको थियो सहसचिव अब अधिकृतहरू आउँनु भएको थियो उहाँले पनि एकदम नजिकबाट हामीलाई एकदम सहयोग गर्नुभयो त्यसका निम्ति समितिको तर्फबाट म धन्यवाद दिँदै यो नियमावली प्रदेश सभा सञ्चालनको निम्ति जुन नियमावली बनेको छ यो नियमावलीलाई पेश गर्ने अनुमतिचाहन्छु ।

माननीय सभामुखज्यू, नेपालको संविधान, २०७२को धारा १९४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सभाका काम कार्यवाही नियमित रूपमा सञ्चालन गर्नका लागि प्रदेश सभाको २०७४ फागुन ५ गतेको बैठकको निर्णयबाट ८ सदस्य प्रदेश सभा नियमावली मस्यौदा समिति गठन भएकोमा समितिका ८ वटा बैठकप्रदेश सभाका प्रतिनिधित्व गर्ने दल नेताहरूसँग छलफल र प्राप्त राय, सल्लाह सुझाव एवम् अनौपचारिक छलफलबाट प्राप्त भएका सुझावहरूसमेतलाई समावेश गरी कुल २२२ वटा नियम र ८ अनुसूची सहितको मस्यौदा छलफलका लागि प्रदेश सभासमक्ष पेश गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कार्यव्यवस्था परामर्श समितिलाई सभाको अनुमोदनका लागि पेश गर्दै ताली बजाएर अनुमोदन गरिदिन म अनुरोध गर्दछु । प्रस्तावित कार्यव्यवस्था परामर्श समिति सभाद्वारा अनुमोदन भएको घोषणा गर्दछु । अब यो बैठक २०७४ चैत्र २० गते दिनको एक बजे सम्मको लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-७

(२०७४ साल बैशाख २० शुक्रबार)

प्रदेश सभाको आजको बैठकको कार्यबाही माननीय सभामुख श्री राज बहादुर शाहीको अध्यक्षतामा शुक्रबार दिनको १:०० बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको पहिलो अधिवेशनको सातौं बैठकको कार्यवाहि प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सभाको ०७४ चैत्र १६ गतेको छैठौं बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएको विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूमा सरकारको धारणा राख्नका लागि माननीय मन्त्रीज्यूहरूलाई समय उपलव्ध गराएको छु । आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, प्रदेश सभाको चैत्र १६ गते बसेको बैठकमा प्रदेश सभाका माननीय सदस्यहरूले विभिन्न विषयहरूमा प्रदेश सरकारको अथवा विभिन्न मन्त्रालयहरूको गम्भिर रूपमा ध्यानकर्षण गराउनु भएको थियो । त्यस सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विषयहरूमा पनि माननीय सदस्यहरूले गम्भिरताका साथ केहि विषयहरू यहाँ उठाउनु भएको थियो । खासगरी सो दिनको बैठकमा सो प्रदेशको बैठकमा माननीय पदमबहादुर रोकाया लगायतका माननीयज्यूहरूले प्रदेश सभाका सदस्यहरूको पारिश्रमिक र सुविधाका सम्बन्धमा विषय उठाउनु भएको थियो र सरकारको ध्यानाकर्षण गराउनु भएको थियो ।

यस सम्बन्धमा म थोरै मात्रै यो सभालाई जानकारी गराउन चाहन्छु सबैभन्दा पहिले प्रदेश सभाका पदाधिकारिहरू र सदस्यहरू, प्रदेश सरकारका पदाधिकारीहरू र स्थानीय तहका पदाधिकारीहरूको पारिश्रमिक, सेवासुविधा सम्बन्धिकानून बनाउनुपर्ने जिम्मेवारी संविधानले प्रदेश सरकारलाई दिएको छ । त्यसैअनुसार हामी तीन वटै विधेयक तयार पारेर यो प्रदेश सभामा प्रस्तुत गर्नु पर्ने दायित्व सरकारको छ। त्यसमध्ये पनि यी विधेयकहरूको चाँही मस्यौदा गरेर त्यसलाई प्रदेश सभासम्म विभिन्न प्रक्रिया पार गरेर सभामा पुऱ्याउनु पर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयको छ । यो सेवा सुविधा र पारिश्रमिक सम्बन्धी विधेयक चाँही छिटो आउँनु पर्थो भन्ने जहाँसम्म सरोकारको विषय छ हामीले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट यी विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति लिई सकेका छौं र यी यसको चाँही मस्यौदा यी तीन वटा विधेयकको मस्यौदा तयार भई सकेको छ । माननीय सदस्यहरूले प्रदेश सभाका सदस्यको सेवासुविधाका सम्बन्धमा अलि बढी ध्यानाकर्षण गराउनु भएको छ । तीनवटै विषयहरू अन्तर सम्बन्धित छन् । त्यसकारण हामीले यस विषयमा मस्यौदा गरिरहेका छौं एउटा कार्यदल बनेको छ, कार्यदलले अध्ययन गरेर मस्यौदा बनाउने काम गरिरहेको छ ।

अब एउटा कुरा के हो भने यो अलि संवेदनशिल विषय पनि हो हतारमा विधेयक पेश गर्ने हतारमा कानून बनाउने र पछि पछुताउनु पर्ने हुनुहुँदैन भन्ने कुरामा सरकार अलि सचेत छ ।आफैंले लिने सुविधाको हाम्रो आफ्नो सुविधाको बारेमा निर्णय गर्दा अथवा हामीले प्राप्त गर्ने सेवा सुविधाको बारेमा कानून बनाउँदा खेरि अलि गम्भिरताका साथ अध्ययन गर्नुपर्छ भन्ने धारणा चाँही मन्त्रालयको छ । प्रदेश सभाका पदाधिकारी र सदस्यहरू प्रदेश सरकारका पदाधिकारीहरूकोभन्दा जटिल स्थानीय तहका पदाधिकारीहरूको सेवा सुविधाको टुङ्गो लगाउनुलाई छ । किनभने स्थानीय तहमा जिल्ला समन्वय समितिका पदाधिकारी नगरपालिका र

गाउँपालिकाका पदाधिकारी प्रमुख उपप्रमुख देखि वडा सदस्य सम्मका पदाधिकारी हुनुहुन्छ । त्यहाँ त्यसकारण कसको सेवा सुविधा कसरी टुङ्गो लगाउने भन्ने विषयमा अलि अध्ययन गरेर मात्रै निष्कर्षमा पुग्नुपर्छ भन्ने मन्त्रालयको सोचाईछ । त्यसो हुनाले हामीले यस विषयमा सिरियसली अध्ययन गरिरहेका छौं,विधिन्न ठाउँको अनुभवहरूको पनि चाँही हामीले संकलन गरिरहेका छौं, स्वयम माननीयज्यूहरूसँग पनि यस विषयमा हामीले सुझावहरू संकलन गरिरहेका छौं र स्थानीय तहका पदाधिकारीहरूसँग पनि हामीले सुझाव संकलन गरिरहेका छौं, सरोकारवाला मात्रै हैन यस विषयका जानकार व्यक्तिहरूसँगसमेत हामीले सुझाव लिई रहेका छौंर हामीले छिट्टै यसमा धेरै हतार गर्नुपर्ने पनि देखिन्न किनकी छिटोभन्दा छिटो पास गर्नुपर्ने केहि कानूनहरू छन् । जस्तो आर्थिक कार्यविधि विधेयक हाम्रो संसदकै विजनेशको रूपमा रहेको छ अन्य अर्जेन्ट कानूनहरू हामीले अगाडि बढाईरहेका छौं,विभिन्न् मन्त्रालयहरूले अगाडि बढाउँदै हुनुहुन्छ। त्यसकारण चाँही छिटो पनि गर्नु पर्ने छ हतार पनि गर्नु भएको छैन । यसरी चाँही हामी अलि अध्ययन गरेर उपयुक्त समयमा सकेसम्म छिटो यी विधेयकहरू संसदमा प्रस्तुत गर्ने जानकारी गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :** भौतिक पूर्वाधार विकास मन्त्री माननीय खड्कबहादुर खत्री ।

**माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री खड्कबहादुर खत्री :** माननीय सभामुखज्यू, सदनमा माननीय सदस्यज्यूहरूले उठाउनु भएका प्रश्न, प्रश्न मात्रैभन्दा पनि समस्यालाई हल गर्ने जुन किसिमका प्रश्नहरू छन् त्यसैले म लामो समय लिन चाहन्न त्यसैले म छोटो रूपमा अहिले परेको समस्या म एकमुस्ट रूपमा भौतिक पूर्वाधारसँग सम्बन्धित सडक, खानेपानी,सिंचाई, विद्युततथा ढल निकास सम्बन्धी म तपाईंलाई एकमुष्टमा उत्तर दिन चाहन्छु ।

कर्णाली प्रदेशको सभाको मिति २०७४/१२/१६ को बैठकमा विशेष समय माननीयज्यूहरूको भौतिक पूर्वाधार मन्त्रालय सम्बन्धी विषय राखु भएका धारणाहरू सम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । संघीय तथा प्रादेशिक संरचना अधिकार र एकिन भई एकिन भए पश्चात उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरेर प्रस्तुत विषयहरूलाई सम्बोधन गर्न मन्त्रालय कटिबद्ध भएको व्यहोरा अनुरोध गर्न चाहन्छु । कर्णाली प्रदेशको सरकार गठन भई संविधान र कानूनअधिकतम रहि मन्त्रालयको प्रारम्भिक चरणमा कामहरू गरिरहेको व्यहोरा सर्वप्रथम प्रदेश सभालाई जानकारी गराउँदछु । प्रदेश सरकारले छोटो समयमा नीतिगत व्यवस्थापन आधारभुत नीतिगत कामहरू गरिरहेको सन्दर्भमा यस भौतिक पूर्वाधार मन्त्रालय पनि प्रारम्भिक चरणमा नीतिगत एवम् प्राविधिक काम गरिरहेको छ । माननीय सदस्यज्यूहरूले यो कुरालाई प्रदेश सभामा उठाउनु भएका कुरालाई भौतिक संरचनाका निर्माण र विकास सडक तथा यातायात सिँचाइ उर्जा एवम् जलविद्युत खानेपानी तथा सरसफाई शहरी विकास लगायतका विषयका प्रस्तुत गर्नु भएका चासो, चिन्ता र जिज्ञासाप्रति मन्त्रालय गम्भिर ध्यानाकर्षण भएको छ । उपरोक्त विषयहरू मन्त्रालयले स्रोत, साधन, जनशक्तिर प्रदेश सरकारको नीति तथा कार्यक्रमअनुसार प्राथमिकता क्रमको आधारमा उच्च महत्त्वका साथ सम्बोधन गर्ने गराइने छ । त्यसैले अहिले तपाईंहरूलाई विनम्र अनुरोध म के गर्न चाहन्छु भने तपाईं हामी सबै जानकार छौं । अहिले संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तह मलाई लाग्छ हामीलाई संघीय सरकारबाट अथवा हिजो संविधानले दिएका प्रतित कानूनबमोजिमका अधिकारहरू हामीले कार्यान्वयन गर्ने तहमा छैनौं । मलाई लाग्छ यस प्रदेशमा पनि हाम्रो मातहतमा रहने अथवा विभागहरू शाखाहरू, महाशाखाहरू एकिन नभई सकेको अवस्था छ । जनताहरूले सरकार गठनको चाँही अनुभूति गरेको जनताले माग चाहि गर्ने अवस्था सिर्जना भएको र हामीले माग पूरा गर्न नसक्ने

अवस्था सिर्जना भएको अवस्था छ त्यसैले मलाई लाग्छ सदनलाई म के अनुरोध गर्न चाहन्छु भने नेपाल सरकार अथवा संघीय सरकारलाई हाम्रा भएका कानून र हामीले पाउने अधिकार र जनताले जुन सिंहदरबारको अधिकार जुन तल आयो भन्ने एउटा अनुभूति छ । जनतालाई सम्बोधन गर्नका निम्ती संसदमार्फत् पनि संघीय सरकारबाट छिटोभन्दा छिटो क्षेत्र अधिकार बारेमा अधिकार तल प्रदेश सरकारलाई प्रत्योजन गर्न यस गरिमामय सदनलाई पास गरी छिटोभन्दा छिटो जनताका चाँही समस्यालाई हल गर्न माग सम्बोधन गरी पास गरिदिन मेरो भनाइ यहि राख्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली,२०७४ को मस्यौदा प्रस्तावमाथि छलफलका लागि समय दिन्छु, सर्वप्रथम माननीय गुलावजंग शाह ।

**माननीय सदस्य श्री गुलावजंग शाह :** माननीय सभामुख महोदय, समयको लागि धन्यवाद । म प्रदेश सभा मस्यौदा समितिको सन्दर्भमा केहि थोरै आफ्ना भनाइहरू राख्न गइरहेको छु । प्रदेश सभा मस्यौदा समितिका सभापति लगायत माननीय सदस्यहरूले अत्यन्त मेहनत गरेर राम्रो ढंगले, सुव्यवस्थित ढंगले मस्यौदा तयार गर्नु भएको छ यद्यपी त्यसमा थोरै मात्रै मेरो आफनो छोटो भनाइ टिप्पणी पेश गर्न चाहन्छु,अनुमतिचाहन्छु। खासगरी धेरै लामो टिप्पणी र सुधार गर्नु पर्ने कुरा त छैन यो पहिलो परिच्छेद एकमा प्रारम्भिक तहमा मुख्य सचेतक र प्रमुख सचेतक र सचेतक मलाई लाग्छ यो प्रमुख सचेतक, मुख्य सचेतक र सचेतक मध्येमा एउटा मुख्य सचेतक र सचेतक राख्दा ठिक होला भन्ने ढंगले टिप्पणी पेश गर्न चाहन्छु ।

दोस्रो परिच्छेद दुईमा अधिवेशन आव्हान र अन्त्य सन्दर्भमा कहि कतै खासगरी हाम्रा अधिवेशनहरू एउटा बजेट अधिवेशन, एउटा विधेयक अधिवेशन यो प्रयाक्टिस पनि छ । ६/६ महिनाको अन्तरालमा यो अधिवेशनहरू सम्पन्न हुने कुरा भएको हुनाले यसमा कहिकतै हिउँदे र वर्षे नभनिकन अथवा हिँउदे र वर्षे अथवा त्यस्तो लेख्न सकिन्छ भने त्यो खालको कतै टिपोट गर्दा राम्रो हुन्थ्यो जस्तो लाग्छ । त्यसैको सन्दर्भमा तल आशन ग्रहणमा प्रत्येक सदस्यले सभा निर्धारण क्रम र स्थानमा आ-आफ्नो आशन ग्रहण गर्नुपर्ने छ भन्ने ठाउँमा क्रमलाई हटाई क्रमलाई हटाई स्थानमा आ-आफ्नो आशन ग्रहण गर्नुपर्ने व्यहोरा राम्रो होला भन्ने टिप्पणी पेश गर्न चाहन्छु ।

तेस्रो परिच्छेद पाँचको बैठक सामान्य कार्यविधिमा यो कार्यव्यवस्था परामर्श समिति १३ को कार्यव्यवस्था परामर्श समितिमा सात जना सात सदस्य रहने छ भनिएको छ यसमा ११ सदस्यीय राख्दा राम्रो होला भन्ने ढंगले यसमा टिप्पणी पेश गर्न चाहन्छु ।

चौँथो र अन्तिम खास गरी सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई परिच्छेद नं ८ को ३७ मा नीति तथा कार्यक्रममाथि संशोधन भन्ने सन्दर्भमा कार्यपालिका र व्यवस्थापिकाको आ-आफ्नो भूमिका हुन्छ भनि बुझे जस्तै गरी सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा सभामुखले उपयुक्त ठहऱ्याएको खण्डमा संशोधन पेश गर्न सकिनेछ भन्ने सन्दर्भमा कार्यकारी प्रमुखले ल्याएको नीति तथा कार्यक्रमलाई सभामुखले त्यसमा नजोड्दै राम्रो हुन्छ भन्ने कुरा राख्न चाहन्छु र म भन्न चाहन्छु यो कोलम यसबाट हटाइदिदाँ राम्रो हुन्छ भन्ने ढंगले म पेश गर्न चाहन्छु,हवस तधन्यवाद ।

**माननीय सभामुख :** माननीय विन्दमान विष्ट ।

**माननीय सदस्य विन्दमान विष्ट :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सभा नियमावली, २०७४ यहाँ पेश भएको छ त्यसमाथि छलफल जारी छ सबैभन्दा पहिला म यो मस्यौदा समितिको सभापति लगायत सम्पूर्ण सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । उहाँहरूले निर्धारित समयमा नै बडो मेहनतका साथ यो नियमावली मस्यौदा गरेर सदनमा पेश गर्नु भएको छ । सभामुखमार्फत् यसको लागि समितिका सभापति लगायत समितिका सबै सदस्यहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु बधाई दिन चाहन्छु ।

दोस्रो कुरा मलाई विश्वास छ यो नियमावली अन्तर्गत रहेर हाम्रो कर्णाली प्रदेशको सदन, संसद नियमित र सुचारु हुनेछ । यसले त्यो मार्ग निर्देशन गर्नेछ यसप्रति म विश्वस्त छु यो विश्वाश म आफ्नो दलको तर्फबाट यस संसदमा प्रकट गर्न चाहन्छु । अब यति हुँदाहुँदै पनि केहि सामान्य छलफलका विषयहरू अब यहाँ उठाउनु पर्ने विषयहरू केहि आवश्यक ठानेर मैले २/३ वटा विषयहरू मात्र यहाँ तपाईंहरूको बीचमा राख्न चाहन्छु । यो संदनमा राख्न चाहन्छु । पूर्ववक्ता माननीयज्यूले भने जस्तै यो कार्यव्यवस्था समिति हामी कहाँ केरे अघिल्लो नियमावली, अन्तरिम नियमावलीअनुसार ११ सदस्यको कार्यव्यवस्था समिति बनिसकेको अवस्था छ संसदमार्फत् यो सन्दर्भमा यो नियमावलीमा सात जनाको व्यवस्था गरिएको रहेछ यसलाई परिवर्तन गरी ११ सदस्यीय बनाउँदा खेरि नै उपयुक्त होला जस्तो लाग्छ ।

त्यसपछि गएर संशोधन विधेयकमाथि संशोधन सुचना केरे संशोधनको प्रारम्भिक छलफल सैद्धान्तिक छलफल भइसकेपछि १२० घण्टाको संशोधन प्रस्ताव पेश गर्न यहाँ समय दिइएको छ । नियम ११० मा अब १२० भन्दा खेरि यसो हिसाब गर्दाखेरि ६ दिनको समय जस्तो हुँदो रहेछ होइनयत्रो समय हामीले खेर फाल्नुभन्दा हामीले छिटो-छिटो सबै नियम भएन नीति भएन ऐन भएन छिटो बनाउनु पर्यो भनि राखेको बेलामा एउटा विधेयकमाथी संशोधन केरे प्रस्ताव प्रस्तुत गर्नको लागि १२० घण्टा हामीले दियौं भनेपछि हाम्रो कामलाई हामीले जुन चुस्तताका साथ,छिटो छरितो साथ हामी अगाडि बढाउन खोजी राखेका छौं यसले केहि बाधा पुऱ्याउँछ जस्तो लाग्दैन त्यसो हुँदाखेरि यलाई सामान्यतया ७२ घण्टाको बनाउँदा उपयुक्त हुन्छ जस्तो लाग्छ, तेसो हुदाँ खेरि यस प्रति म ध्यानाकर्षण गराउन चाहन्छुर त्यसपछि गएर अगाडि भने जस्तै नीतिगत कार्यक्रममाथिको संशोधन यो मलाई लाग्छ मलाई सुचना भएअनुसार संसदीय अभ्यासमा यो प्रयोग भएको छ छैन त्यति गहिरो अध्ययन त मलाई छैन तर मैले जानकारी भएअनुसार सरकारको नीति कार्यक्रममाथि संशोधन पेश गरेर त्यसमाथी छलफल गर्ने यो सायद हुँदैन होला त्यसकारण ले गर्दा खेरि यो केरे ३७ नियम जो छ नियम नं.३७ जो छ यसलाई हटाउँदा खेरि नै उपयुक्त हुन्छ होला जस्तो मलाई लाग्छ मैले यति विषयराख्छु धन्यावाद ।

**माननीय सभामुख :** माननीय पद्मा खड्का ।

**माननीय सदस्य श्री पद्मा खड्का :** सभामुख महोदय, माननीय सदस्यज्यूहरू, सर्वप्रथम यो कर्णाली प्रदेश सभाको नियमावली मस्यौदा जुन छोटो समयमा तयार पारेर जुन यहाँ सदनमा प्रस्तुत गर्नु भएको छ यसको लागि विशेष त यो समितिलाई म एकदमै धन्यवाद दिन चाहन्छु।

सभामुख महोदय, सर्वप्रथम यो मस्यौदा समितिमा विशेषगरी यो कुरा संविधान सभा संघीय संसदमा पनि उठिरहेको कुरा हो र त्यो कुरालाई विशेषगरी कर्णाली प्रदेश सभाको यो सदनमा पनि मैले जुन विभिन्न समितिमा सभापति भनेर जुन राखिने गरिएको व्यवस्था छ त्यसलाई लैङ्गिक समानता, लङ्गिक विभेदलाई यो शब्दले कतिको असर पुऱ्याउँछ भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु र यो सभापति भन्ने शब्दलाई हटाएर अध्यक्ष भन्ने शब्द राखियोस् भन्ने म यहाँ जोडदारसँग पेश गर्न चाहन्छु र यसैगरी हामीले सर्वप्रथम

कार्यव्यवस्था समितिमा यो मस्यौदामा जसरी तयार पारिएको छ यहाँभन्दा अगाडि पूर्ववक्ता साथीहरूले पनि उठाई सक्नु भएको छ । यसलाई हामीले समावेशीको कुरालाई कसरी ध्यान दिएका छौं यो कुरा पनि एकदमै ७ जना कार्यव्यवस्था समितिमा १ जना महिला राखिएको छ । यसलाई पनि गम्भीरता पूर्वक जुन प्रसेन्टको आधारले पुगेनकि भन्ने हाम्रो जोडदार एकदमै यसलाई पनि फेरि थप गरियोस् भन्ने म माग राख्न चाहन्छुर यसैगरी यहाँभन्दा अगाडि पनि आईसकेको कुरा पनि हो तर पनि विशेष यो मस्यौदा समितिले जसरी तयार पारेर ल्याईएको मस्यौदामा हिँउदे अधिवेशन र वर्षे अधिवेशन भनेर प्रस्ट रूपमा खुलाईएको भए अझ राम्रो हुन्थ्यो भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्दछु,धन्यवाद ।

**माननीय सभामुख :** माननीय देवी वली ।

**माननीय सदस्य श्री देवी वली :** सभामुख महोदय, आजको यो छैठौं बैठकमा "हजारौ माईलको यात्रापनि एउटा पाईला बाटै शुरु हुन्छ" एक महान दार्शनिकले भनेको भनाइ मैले स्मरण गर्न चाहन्छु सभामुख महोदय ।

आज हामीले यो गरिमामय सदनबाट आफ्ना हातम लगाउने हतकडी तयार गर्दैछौं मलाई त्यस्तो लाग्छ यो नियमावली पास गरिसकेपछि त्यसको कार्यान्वयन पाटोमा मैले गल्ति गरेपछि सबैभन्दा पहिला त्यो हतकडी ममा लाग्नुपर्छ भन्ने उद्देश्य र भावनाकासाथ आज यो नियमावलीमा हामी दफावार छलफल गर्दैछौं । यसमा पूर्ववक्ता माननीयज्यूहरूले भनेको कुरा नै मेरो टिपोटमा छ । दोहोरिएको भएपनि मैले यो तयारी गरेको हुनाले मैले यो कुरा राख्न अनुमतिचाहन्छु ।

सभामुख महोदय, सर्वप्रथम यो पहिलो संविधान सभा देखि नै बहसमा आएको शब्द हो र यो न्यायाधिशहरूलाई श्रीमान भन्ने जो परम्परागत शब्द उच्चारण छ, त्यसलाई माननीय न्यायाधिशज्यू भन्ने कानूनी प्रस्ताव गरिसकेको परिप्रेक्ष्यमा समितिका सभापतिभन्दाखेरि एउटा मात्रै लिङ्गलाई जनाउने बुझिने भएको हुनाले मैले यसमा पनि जोडदारका साथ भन्न चाहन्छु यो अध्यक्ष भन्ने शब्द राखिनुपर्छ भन्ने मेरो टिप्पणी छ । त्यसको सँगसँगै एउटा लोगो प्रदेश सभाका सदस्यहरूको लोगो जुन व्यवस्था गरिएको छ महिला र पुरुषको दुईवटा हत्केला भनेर त्यहाँ हातको चित्रबाट महिला र पुरुष भनेर कसरी हामी छुट्याउन सक्छौं ? त्यसकारण त्यो हत्केला सट्टा मलाई लाग्दछ कि राष्ट्रिय फूल राखौं ?लालिगुराँस कि राष्ट्रिय पञ्छि राखौं । हाम्रो प्रदेशमा पाईने कस्तुरी, नावररतुवा त्यस्ता जनावरहरू पनि हामी राख्न सक्छौं त्यसकारण यो हत्केला नराखौं भन्ने मेरो टिप्पणी छ ।

अर्को परिच्छेद दुईमा यो अधिवेशनको कुरा छ यो आईसकेको पनि छ मेरो पनि टिप्पणी त्यहाँ दुईवटा अधिवेशनको समयावधिको अन्तर कति हुने र कस्तो हुने भन्ने कुरा पनि त्यहाँ राखिनुपर्छ भन्ने मलाई लाग्दछ । यसकारण अब यो नियमावलीमा मैले यति टिप्पणी राख्दै आफ्ना भनाइहरू अन्त्य गर्छु धन्यवाद।

**माननीय सभामुख :** माननीय सदस्यहरूअब यो बैठक एक घण्टाको लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-८

(२०७४ चैत्र २० गते मंगलवार)

प्रदेश सभएको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा मंगलवार दिनको १:०० बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभएको पहिलो अधिवेशनको आठौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रदेश सभा नियमावली मस्यौदा माथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूलाई प्रस्तावित नियमावलीहरूमा समावेश गरी माननीयहरूका भावनालाई सम्बोधन गर्ने गरी थप संशोधन गर्नु पर्ने विषयहरूसहित आफ्नो भनाइ राख्नका लागि मस्यौदा समितिका सभापति माननीय श्री सीताकुमारी नेपालीलाई समय दिन्छु ।

**माननीय सदस्य श्री सीताकुमारी नेपाली :** माननीय सभामुख महोदय कर्णाली प्रदेश सभा नियमावली, २०७४ को मस्यौदाका विषयमा हामी आज गम्भिरतापूर्वक छलफलमा भाग लिएका छौं र छलफलमा भाग लिने माननीयज्यूहरूलाई सर्वप्रथम म धन्यवाद दिन चाहन्छु समितिको तर्फबाट माननीयज्यूहरूले हामीले तयार गरेको जुन नियमावलीको मस्यौदा हो त्यो मस्यौदा हामी हाम्रो कर्णाली प्रदेशको आवश्यकताका आधारमा नेपालको संविधान, २०७२ ले दिएको अधिकारलाई आधार मानेर केहि विषयहरू संशोधन गर्नुपर्ने आवश्यकतामहसुस गर्नु भएको छ र त्यो महसुससँगै हामीले यो संसदलाई नियमन गर्ने कुरा र सञ्चालन गर्नका निम्ति र यो संसदलाई नियमित हिसाबले हामीले अगाडिबढाउनका निम्ति माननीयज्यूहरूले जुन सुझावहरू राख्नु भएको छ ती सुझावहरू अत्यन्तै राम्रा छन्र कतिपय सुझावहरू हामी भोलिका दिनमा हामी अहिले अभ्यास नभए पनि भोलिका दिनमा आवश्यकता पर्न सक्छन् ती आवश्यकतालाई मध्यनजर गर्दै त्यो नियमावलीमा ती विषयहरू राख्दाखेरि त्यसले हामीलाई भोलि हाम्रो सदनभित्र गर्नुपर्ने कामका विषयमा त्यसले सहजता नै पैदा गर्छ त्यसले गर्दा खेरि केहि विषयहरू हामी भोलिका सहजताका निम्ति पनि माननीयज्यूहरूले जुन उठाउनु भएको छ । ती उठाएका विषयहरू सबै संशोधन गर्न पर्ने स्थिति छैन भन्ने कुरा पनि म यहा राख्न चाहन्छुर माननीयज्यूहरूले जुन गम्भिरताका साथ विषयहरू उठाउनु भएको छ त्यसमा केहि संशोधन गर्नुपर्ने विषयहरू छन् त्यसमा म राख्न चाहन्छु । हामीले मस्यौदा गरेको नियमावलीको परिच्छेद-२ मा अधिवेशन आह्वान अन्त्य तथा सदस्यहरूको उपस्थिति रआसन ग्रहणको क्रमबद्धताको व्यवस्था थियो त्यो व्यवस्था अन्तर्गत नियम ३को उपनियम (१) मा भएको व्यवस्थामा एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भ बीचको अवधि ६ महिनाभन्दा बढी हुने छैन भन्ने सम्बन्धीव्यवस्था थप गर्ने कुरा हामीले संशोधन गर्नुपर्छ किनभने संविधानत त्यो व्यवस्था पनि छ र अर्को कुरा परिच्छेद-२ अन्तर्गत अधिवेशन आह्वान र अन्त्य तथा सदस्यको उपस्थिति र आसन ग्रहणको क्रमबद्धतामा अन्तर्गत नियम ३को उपनियम (१)अनुसार प्रदेश प्रमुखले प्रदेश सभएको अधिवेशन आह्वान र अन्त्य प्रदेश सरकारको सिफारिसमा गर्ने भन्ने व्यवस्था थप गर्ने कुरा यलाई चाहिँ हामीले संशोधन गरेर राख्नुपर्ने ।

त्यस्तै गरेर परिच्छेद-२ अन्तर्गत अधिवेशन आह्वान, अन्त्य तथा सदस्यको उपस्थिति र आसन ग्रहणको क्रमबद्धता अन्तर्गत नै नियम ५ को उपनियम १ र २ को निश्चित स्थान र क्रम त्योक्ने भन्ने सम्बन्धी व्यवस्थामा क्रम भन्ने शब्दावली हटाई निश्चित स्थान तोक्ने व्यवस्था कायम गर्ने त्यसमा आसन ग्रहण पछि

क्रम भनेरलेखिएको छ त्यो क्रमलाई हटाउने आसन ग्रहण भन्ने शब्द त्यहाँ चाहिँलेख्ने र पछाडि पट्टी १ र २ उपनियमको १ र २ मा र क्रम भन्ने दुईवटै उपनियममा छन् त्यसलाई चाहिँ हटाउने कुरा, त्यस्तै गरेर परिच्छेद-५ मै हामीले अन्तरिम कार्यविधि यो सभासञ्चालनका निम्ति अन्तरिम कार्यविधि बनाएका थियौं र त्यो अन्तरिम कार्यविधिमा कार्यव्यवस्था परामर्श समिति ११ सदस्यीय हुने कुरा व्यवस्था पनि गयौं र हामीले त्योअनुसार ११ सदस्य कार्यव्यवस्था परामर्श समिति पनि चयन गरिसकेका छौं । त्यो हुँदा यो नियमावलीमा ७ जना मात्रै हैन अब सदस्य हुने कुरा थियो र त्यसमा अब माननीयज्यूहरूको सुझाव र अन्तरिम कार्यव्यवस्था हामीले अन्तरिम त्यो कार्यसञ्चालन नियमावलीमा पनि त्यो व्यवस्था गरेको हुनाले हामीले यसलाई चाहिँ संशोधन गरेर ११ सदस्य बढीमा ११ सदस्य राख्ने कुरालाई चाहिँ संशोधन गर्न आवश्यक छ भन्नेकुरा म यहा राख्न चाहन्छु ।

त्यस्तै गरेर हामीले यो परिच्छेद-८ मा प्रदेश प्रमुखबाट सम्बोधन र सरकारको नीति तथा कार्यक्रम अन्तर्गतको नियम ३७ मा भएको नीति तथा कार्यक्रम सम्बन्धी संशोधन सम्बन्धी व्यवस्थालाई नियमावलीबाट हटाउने भनेर हामीले यो कुरा उल्लेख गरेका छौं । अब सरकारले नीति तथा कार्यक्रमहरू पेश गरिसकेपछि त्यो नीति तथा कार्यक्रममा संशोधनभन्दा पनि हामीले धन्यवादको प्रस्ताव लिएर धन्यवाद दिनु पर्ने स्थिति हुन्छ र नियमावली नीति तथा कार्यक्रममा हामीले छलफल र बहसहरूमा चाहिँ सांसदहरूले भाग लिन पाउँछौं । तेले गर्दा यो संशोधन नै गर्नु पर्ने आवश्यकता नहुने भएको हुनाले यो व्यवस्था चाहिँ हामीले हटाउने भन्ने कुरा यो नियमावलीबाट हटाउने र क्रम मिलाउने कुरा राख्नु पर्छ जस्तो मलाई लाग्छ ।

त्यस्तै गरेर परिच्छेद-१५ मा परिच्छेद-१५ अन्तर्गत नियम ११० मा विधेयकहरू पेश भई संसद विधेयकहरू पेश भई सकेपछि हामीले सैद्धान्तिक छलफल गरिसकेपछि विधेयक माथिसंशोधन हाल्नका निम्ति समय हामीले निर्धारण गरेका थियौं अब त्यो विधेयकहरू छलफल गर्नका निम्ति विधेयकलाई अध्ययन गर्ने र त्यो विधेयकमाथि संशोधन हाल्नका निम्ति समय अध्ययनको समय अलि बढी हुँदा खेरि माननीयज्यूहरूलाई अलि त्यसलाई बुझ्नमा निम्ति र संशोधन हाल्नका निम्ति अलि समय आवश्यक हुन सक्छ भन्ने उद्देश्य सहित पनि हामीले १२० घण्टा हुनुपर्छ भन्ने अब हामीले नियमावलीमा प्रस्ताव गरेका थियौं र माननीयज्यूहरूको सुझावसहित अहिले सम्म हामीले जुन अभ्यास हैन संघमा पनि गरेको अभ्यास छ त्यो अभ्यासअनुसार ७२ घण्टाको समय नै पर्याप्त हुन सक्छ, ७२ घण्टाभित्र हामी संशोधन हाल्न सकिने सक्छौं भन्ने खालको सुझाव जो आयो त्यसले गर्दा १२० घण्टा जो छ समयावधि त्यसलाई चाहिँ संशोधनको समय चाहिँ ७२ घण्टा बनाउनु पर्ने सूचना दिने संशोधनको लागि भनेर यो व्यवस्था गर्दा उपयुक्त हुन्छ भन्ने कुरा राखिएको छ । त्यस्तै गरेर नियमावलीमा भएको व्यवस्थाअनुसार जस्तो विशेष गरेर महिला माननीयज्यूहरूले यो कुरालाई चाहिँ अली बढी जोड पनि गर्नु भएको छ । हामी अली महिला महिला मैत्री हामीले संविधान निर्माण गर्दा खेरि पनि महिलामैत्री संविधान बनाउनु पर्छ भन्ने कुराहरू पनि उठेको थियो र हरेक ठाउमा यो जेण्डर व्यालेन्स गर्ने हिसाबले पनि अब सभापतिभन्दा खेरि एउटा लिङ्गलाई मात्रै जनाउन सक्ने भएको हुनालेत्यसलाई चाहिँ महिलाहरूलाई पनि त्यस्तो भनम न अब त्यो शब्दले चाहिँ अलिकति महिलाभन्दा पुरूषहररुलाई नै बढी इंकित गरेर जोड गरेर उठाएको त्यो शब्दावली नराख्दा उपयुक्त हुन्छ भन्ने खालको विषय पनि उठाउनु भएको छ त्येले गर्दा हामीले समितिको सभापति भन्ने ठाउँमा समितिको अध्यक्ष राख्ने कुरा जुन सुझाव आको छ योअनुसार संशोधन गर्न आवश्यक छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु ।

त्यस्तै गरेर हामीले कर्णाली प्रदेशको छुट्टै लोगो बनाउने भनेर हामीले छलफल पनि गरेका छौं र कर्णाली प्रदेशको लोगोको विषयमा पनि हामीले अलिकति छलफल गर्न पर्ने र कार्यव्यवस्था परामर्श समितिले टुङ्गो लगाएर हामीले त्योलोगोलाई चाहिँ टुङ्गो लगाउनु पर्ने भएको हुनाले हामीले यो नियमावलीको अनुसूची-८ मा जुन व्यवस्था हुन्छ त्यो व्यवस्थाअनुसार  हाम्रो कर्णाली प्रदेशको लोगोचाहिँ टुङ्ग्याउने कुरा जो छ यसलाई पनि अलिकति अब यहाँ उठाउनु भएको छ । जस्तो महिला र पुरूषको हत्केलाले माथि उठाएको कसरी महिला र पुरूष हैन भनेर चिन्ने भन्ने प्रश्न पनि उठेको छ ।त्यहाँ हामी त्यो महिला र पुरूषको हात नभएर अरू केहि पनि त राख्न सक्छौं भन्ने कुराहरू पनि उठेको हुनाले हामी कार्यव्यवस्था परामर्श समितिमा यो विषयमा हामीले छलफल गरेर यो नियमावलीमा हामीले अनुसूची-८ मा त्यो व्यवस्था गर्ने गरिकन हामीले यी विषयहरूलाई चाहिँ संशोधन गरेर यो कर्णाली प्रदेशको कार्य सञ्चालन सिनयमावली, २०७५ लाई हामी सम्पूर्ण माननीयज्यूहरूले यसलाई यो संशोधन सहित पारित गर्नका निम्ति म समितिको सभापतिको हैसियतले अनुरोध गर्दै मेरा भनाइहरू यहि राख्छु हवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, प्रदेश सभा नियमावली मस्यौदा समितिका सभापति माननीय श्री सीताकुमारी नेपालीले पेश गर्नु भएको संशोधनका विषयहरू नियमावलीको अंग हुने गरी संशोधन सहित निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला,यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला । "हुन्न" भन्ने आवाज सुनियन तसर्थ कर्णाली प्रर्देशको प्रदेश सभा नियमावली, २०७४ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयकको प्रस्तावमाथि छलफलका लागि समय दिन्छु सर्वप्रथम माननीय श्री चन्द्रबहादुर शाही ।

**माननीय सदस्य श्री चन्द्रबहादुर शाही :** सभामुख महोदय, म पहिलो पटक प्रदेश नं. ६को यो गरिमामय रोष्टममा म उभिन पाउँदा म आफैं भाग्यमानी ठान्दछु र म यो सभामुख महोदय यो हाउसमा म सदस्य भई आईसकेपछि मेरो बारेमा केही यहाँ सभामुख महोदय लगायत यो सम्मानित सदनमा पनि मेरो बारेमा धेरै टिकाटिप्पणी भई र मैले सभामुख र सम्मानित सदनलाई र मुगाली जनतालाई अपमान हुने गरिकन मैले राजिनामा दिएको होइन, मैले राजिनामा दिएको साँचो हो मेरो पार्टीसँग केही मेरो गुनासो थियो मैले सम्मानित सदनमा होइन मेरो पार्टीमा, मेरो पार्टीमा मैले राजीनामा दिएको थिएँ पार्टीले मेरो राजीनामा फिर्ता गऱ्योर म यो सम्मानित सदनमा म उपस्थित भएको छु ।

सभामुख महोदय, मैले अरू कुरा अहिले यहाँ नराखिकन आर्थिक जुन कार्यविधि विधेयक पेश भएको छ अहिलेसम्म हामी चाबी ताल्चा नभएको घर जस्तै उभिएका थियौं । आर्थिकका सम्पूर्ण पक्षमा सरोकार राख्नेवाला निकायलाई आर्थिक नियमावली नभईकन हुन सक्दैन त्यसोभएकोले यसमाथी हामी छलफल गर्नको लागि हामी यहाँ उभिएका छौं । मैले धेरै मेहनतका साथ यो विधेयक ल्याईएको छ मैले सिरिप केहि सुझाव दिनको लागि म यो रोस्टममा उभिएको छु । मैले यो आर्थिक विधेयकमा सुझावको लागि हरेक जिल्लाहरूमा आर्थिक टोली, अनुगमन टोली प्रत्येक जिल्लामा पठाइने व्यवस्था गरिनु पर्दछ । किन भने भर्खरै हामी यहाँ उभिएका छौं । हामीलाई आर्थिकको स्रोत हाम्रो के ? कुन जिल्लाबाट कति आर्थिक स्रोत संकलन गर्न सकिन्छ ? आज हामीसँग त्यो एकिन डाटा छैन । त्यसो भएकोले कमसेकम प्रत्येक जिल्लामा सुझाव संकलन गर्ने, राय लिने र हाम्रो प्रदेशको कर्णाली प्रदेशको हाम्रो आय के हो त यसको

लागि एउटा विज्ञ टोली प्रत्येक जिल्लामा पठाई सकेपछि मात्रै अरू गतिविधि अनि मात्रै हामीले हाम्रा अरू कार्यक्रम अगाडिबढाउन सक्छौं । यो हुनुपर्छ भनेर मैले सुझावको लागि यो राख्न चाहे ।

अर्को त्यस्तै टोली जिल्ला पुगिसकेपछि केन्द्रको सरकार गाउँमा पुग्यो केन्द्रको सरकार जिल्लामापुग्यो भनेर जनता माझमा एउटा राम्रो सन्देश जान सक्छ, अर्को मेरो सुझाव के रहेको छ भने प्रोजेक्ट बैंक, प्रोजेक्ट बैंक तयार गर्नु पर्दछ । प्रोजेक्ट बैंक तयार नगरिकन हामी अगाडि बढ्न खोज्यौं भने हामीले हाम्रो लक्ष्यमा पुग्न सक्दैनौं । किनभने प्रोजेक्ट बैंक तयार भई सकेपछि एक वर्षमा हामीले के गर्न सक्दछौं?, दुई वर्षमा के गर्न सक्छौं?, पाँच वर्षमा के गर्न सक्छौं?, दश वर्षमा हामीले मे गर्न सक्दछौं? र पन्ध्र वर्षमा हामीले के गर्न सक्छौं ? यो प्रोजेक्ट बैंक तयार गर्नु पर्छ ।

अर्को प्रोजेक्ट बैंकले त्योखाका अब दिन सक्छ । केन्द्रको सरकारले के कुरामा सहयोग गर्ने?, स्थानीय सरकारले के कुरामा सहयोग गर्ने?प्रदेश हामी कर्णाली प्रदेशको सरकारले निकायले कुन ठाँउमा हामी टेकेर हामीले अगाडि बढ्ने त्यसोभएकोले यो प्रोजेक्ट बैंक हुनुपर्छ भन्ने कुराहरू रहेको छ र प्रोजेक्ट बैंक तयार भई सकेपछि अनि हामीले त्यो लगानीका क्षेत्रहरू पनि एकिन गर्न सक्छौं किनभने प्रोजेक्ट बैंक तयार नगरिकन लगानीका क्षेत्रहरू तयार हुन सक्दैन । अहिले थुप्रै जसो योजनाहरू, थुप्रै जसो कार्यक्रमहरू डबलिएका छन् खानेपानीका योजना हुन, बाटोका योजनाहरू हुन अनि अरू थुप्रै ओजनाहरू, थुप्रै कार्यक्रमहरू डबलिएका छन् र अनियमित भएको छ, मितव्ययीता भएको छैन । त्यसोभएकोले यो प्रोजेक्ट बैंकले यो सबै खाका तयार गर्दछ । अहिले एनजिओ आईएनजिओ पनि सँगसँगै हिडिरहेका छन्,गाउँपालिका पनि सँगसँगै छ, नगरपालिका पनि सँगसँगै छ अब प्रदेश र केन्द्र पनि कहि सँगसँगै दौड्दा खेरि हिजोको विकृति फेरि दोहोरिन सक्छ र यो कुरामा जानुपर्छ भन्ने मेरो सुझाव रहेको छ ।

यो प्रोजेक्ट बैंकले, यो यो प्रोजेक्ट बैंकले हामीलाई के बाटो दिन्छ भने अब हामीले केन्द्र सरकारसँग हामीले कुनै पनि दातासँग हाम्रो मुल अब क्षेत्रको लागि अब हाम्रो प्रदेशको लागि के कुरामा हामीले झगडा गरेर ल्याउन सक्छौं, हामीले खोसेर ल्याउन सक्छौं,हामीले रिकोईस्ट गरेर हामीले अरूबाट यो प्रदेशको समृद्धिको लागि हामीले बाहिरबाट आउट जुन बजेट हो, आउट लगानी हो हामीले कति ल्याउन सक्छौं भन्ने कुराहरू त्यो स्पष्ट खाका आउन सक्छ ।

अर्को मेरो सुझाव यो अभावै अभावका पहाडले उभिएको प्रदेश हो किन अभावै अभावका पहाडले उभिएको प्रदेश हुन गयो भने राज्यले अहिले होइन हिजो देखि नै यो क्षेत्रलाई अपमानित ढंगले योकोणबाट त्योकोणबाट जनसंख्याको आधारमा बजेट विनियोजन गरिदाँ आज यो क्षेत्र हरेक क्षेत्र अभावै अभावका पहाड उभिएका छन् । ती अभावै अभावका पहाडमा हामीले पहाड ढाल्छौं भनेर यहाँका जनताले जुन संर्घषकासाथ अगाडिबढे यो प्रदेश प्राप्त गरे त्यसोभएकोले अहिले हाम्रो लोकतन्त्र मात्र होइन त्योभन्दा अगाडिका तन्त्रहरू यो मुलुकमा लागेदेखिका क्षतिपूर्तिसहित, यो मुलुकलाई क्षतिपूर्ति सहितको व्यवस्था गर्नको लागि हामीले माथिल्लो निकायसँग अहिलै देखि नै त्यो पहल यदि गरेनौं भने अझै पनि, अझै पनि माथिका नेताहरू र पार्टीकोत्यो दिमागमा यो प्रदेशले गर्दा हामीलाई राजनैतिक जटिलता आयो,हामीलाई तराईको समस्या आयो, हामीलाई अरू समस्या आयो भनेर सबै नेताहरूको दिमागमा अहिले पनि खेलिरहेको छ । त यहाँको जनताको जनबलले यहाँको सबै पार्टीका कार्यकर्ताको बलले यो प्रदेश खडा भएको छ त्यसोभएकोले अहिले देखिनै, अहिले देखिनै सरकारले, पार्टीले यो हाउसले कमसेकम यो प्रदेशलाई क्षतिपूर्तिसहितको आर्थिक सर्पोट गर्नु पर्छ भनेर हामीले यो किसिमको खाका, यो किसिमको तयारी, यो किसिमको सरसल्लाहका साथ अगाडिबढ्नुपर्छ भन्ने मैले मेरो राय यहाँ राख्न खोजे ।

अर्को यहाँ यो प्रदेश अहिले पनि हामीसँगभखरै अहिले मात्र एउटा विधेयक हामीले पास गरेका छौं । अरू विधेयकहरूकानून हामीसँग छैन,हामीसँग कानून छैन । कानून न भएकोले थुप्रै कुराहरू अनियमित ढंगले आज तल माथी भइरहेका छन् । त्यसोभएकोले जडिबुटीको खानी यो प्रदेश हो तर जडिबुटीको कानून दरिलो नहुदा खेरि जडिबुटीको कानून जनता पक्ष नहुँदा खेरि अहिले ती जडिबुटीहरू नेपाललाई फाइदा होइन यो मुलुकलाई फाइदा होइन अर्कै बीचको बिचौलिया मान्छेलाई फाइदा हुने गरेर जडिबुटीहरूअगाडिबढिरहेका छन् । त्यसोभएकोले जडिबुटीको केन्द्र पूर्व कर्णाली, पूर्व कर्णालीलाई कर्णालीको भुभागलाई जडिबुटीको स्रोत केन्द्रको रूपमा हामीले अहिलै देखि एउटा कानूनी संरचना बनाउँदै गयौ भने अनि त्यस पछि तेले त्यसको सम्वर्द्धन, त्यसको प्रवर्द्धन, त्यसको औद्योगिकरणले गर्दा थुप्रै रोजगारीका पाटाहरू सिर्जना हुन सक्छन् तर कानून नहुँदा खेरि अहिले लाखौ लाख अब पैसा जाने यार्चागुम्बा कौडिको रूपमा गएको छ । त्यस्तै अरू थुप्रै जडिबुटीहरू कौडिको रूपमा अगाडिबढिरहेका छन्। त्यसोभएकोले मैले यीनै कुरा राख्दै अभावै अभावको पहाडमा उभिएको यो प्रदेशलाई ती पहाड भत्काउने गरेर माननीय मन्त्रीज्यूहरूले कानूनी हिसाबले संवैधानिक अरू विभिन्न हिसाबले अगाडिबढ्नु हुनेछ भन्दै मेरो सुझाव राख्दै मेरो भनाइ यहि अन्त गर्छु,हवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय धर्मराज रेग्मी ।

**माननीय सदस्य श्री धर्मराज रेग्मी :** सभामुख महोदय, कर्णाली प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ माथिको सैद्धान्तिक छलफलको लागि हामी म यो रोष्टममा उभिएको छु । अर्थशास्त्र रलेखाको विद्यार्थी नभएकोले आर्थिक कार्यविधिसँगसम्बन्धित शब्दहरू मेरा लागि नयाँ हुन । स्वाभाविकरूपमा यो प्राविधिक विषय छ त्यसकारणले धेरै यसका शब्दहरू मेरालागि नयाँ हुन र यो शब्दजाल भन्छौ हामी अंग्रेजीमा जागन अफ ओर्ड हुन्छ कि भन्ने चिन्ता लागेको छ । सरकारका तर्फबाट प्रस्तुत विधेयकका हिसाबले यो पहिलो विधेयक हो यस कारणले माननीय आर्थिक मामिला मन्त्री र मन्त्रालयलाई म बधाई ज्ञापन गर्न चाहन्छु । २/३ वटा विषयहरू यसमा २/३ वटा विषयहरू अलि महत्त्वपूर्णरूपले हामीले यसमा छलफल गरेर सक्छौं । यो दफावार छलफल नभएकोले म दफाका विषयमा दफावार  यसमा जान्न र यसको कन्टेनमा म धेरै तल पसिन ।

कर्णाली प्रदेशको आर्थिक कार्यविधि, २०७४ मुलतः यो प्रदेशको सञ्चित कोष स्थापना र सञ्चालनसँग सम्बन्धित छ । यसले बजेटङ्गि, खर्चलेखा र खासगरी वित्तीय अनुशासन Fiscal Discipline कसरी कायम गर्ने भन्ने विषयसँग सम्बन्धित छ । प्रदेश सञ्चित कोष संविधानको धारा २०४ को अन्तर्गत छ प्रदेश सञ्चित कोष संविधानले आर्थिक रूपमा २/३ लक्ष्यहरू राखेको छ । एउटा त हामीले समाजवाद उन्मुख अर्थव्यवस्था निर्माण गर्ने संविधान भन्यौं । के अवस्थामा समाजवाद उन्मुख अर्थव्यवस्था निर्माण गर्न सकिन्छ र त्यसको चाहिँ आर्थिक अनुशासन, वित्तीय अनुशासन कसरी कायम गर्न सकिन्छ भन्ने बारेमा यो प्रदेशको कार्यविधि हामी जो आर्थिक कार्यविधि प्रस्तुत गरिरहेका छौं,छलफल गरिरहेका छौं यसको मुल देह चाहिँ समाजवाद उन्मुख अर्थव्यवस्थामा वित्तीय अनुशासन कसरी कायम गर्ने भन्ने हुनुपर्छ र त्यो होला भन्ने म आशा गर्दछु ।

प्रदेश आर्थिक कार्यविधि प्रदेश सरकार सञ्चालनको यो एउटा मियो हो र यो व्याकबोन हो । यसले एकिकृतलेखा प्रणालीको बारेमा चाहि केहि नयाँ व्यवस्थाहरू छन् तर समग्र यसको सिद्धान्त एउटा आर्थिक नियमितता, पारदर्शीता, एकरूपता, कार्यक्षमता जस्ता विधेयकहरूचाहिँ प्रस्तुत भइका छन् । यसको यदि सिद्धान्त यो हो भने वित्तीय अनुशासन यसको मुल जोड हुनु पर्छ । यसका लागि मैले दफावार छलफल

नगरे पनि यसले प्रस्ताव गरेको चाहिँ प्रस्तावित जरिवाना रकम छ त्यो धेरै नोमिनल भयो ५०० जस्तो जरिवाना रकम छ दफामा दफा ४२ होला दफा ४२ तिर होला । यसले यदि आर्थिक अनुशासनजन्य विषयहरूमा आर्थिक कायम यो आर्थिक प्रणालीसँग सम्बन्धित अपराधलाई चाहिँ White collar crime भन्छ यो राम्रो बिल भरपाई मिलाएर, कागज मिलाएर मजाको चाहिँ टाईसुट लगाएर डकुमेण्टहरू, भौचरहरू मिलाएर सबै मिलाएर गरिने अपराध भएको हुनाले यो चाहि White collar crime भन्छ । White collar crime मा चाहिँप्रस्तावित सजाय चाहिँ कम हो यो ५०० रूपैंयाजरिवाना छ । एक पटक भयो भने ५०० रूपैयाँ पटकै पिच्छे भयो भने त्यसपछि १००० रूपैयाँ थप्दै जाने विषय छ नि यो यले चाहिँ नियमितता गर्न सकिदैंन कि भन्ने कुरा म यसमा यलाई टिप्पणी मेरो यो टिप्पणी चाहिँ हो यद्यपी म दफावार छलफलमा गइन ।

रकमान्तरमा म चाहिँ केही कुरा २५ प्रतिशत जस्तो रकमान्तर छ । हाम्रो जस्तो ठाउँमा २५ प्रतिशत रकमान्तरको बारेमा पनि हामी छलफल गर्न सक्छौं त्यो चाहि प्रिभिलेज बढी हुन्छकि भन्ने चाहिँ एउटा चिन्ता हो त्यसमा के छ भने २५ प्रतिशत रकमान्तर गर्दा पनि केहि अनिवार्य दायित्व छ सरकारको त्यो अनिवार्य दायित्वहरूमा चाहिँ रकमान्तर गर्न सक्दैन भन्ने छ प्रदेश सरकारले खाद्यान्न लगायतका केहि अनिवार्य दायित्वहरू यसमा छ । एउटा पक्ष यो राम्रो कुराको हामीले राम्रो भन्नुपर्छ । टेक्नोलोजीवेस रहेर संघीय मन्त्रालय र प्रदेश मन्त्रालयको बीचमा सफ्टवयरमार्फत् चाहिँ आर्थिक गतिविहिरूसञ्चालन गर्ने केन्द्र सरकार खासगरी Federal Government सँग चाहिँ टेक्नोलोजीबेस रहने भन्ने कुरा छ रवित्तीय जवाफदेहितामा २/३ मेकानिजमको चाहिँ यले कल्पना गरेको छ । एउटा प्रदेश वित्तीय प्रणाली स्थापना गर्ने, प्रदेश वित्तीय अनुशासन कायम गर्ने, राजश्व र व्ययको अनुमान गर्ने र आन्तरिक नियन्त्रण प्रणालीमा जाने यो ३/४ वटा यसको मेकानिजमहरू छ यो मेकानिजम चाहिँ हामीले ऐन बनाएपछि परपर रूपमा मेकानिजमले काम गऱ्यो भने हामी वित्तीय अनुशासन कायम गरौंला । अर्को इन्टिग्रेटेट अकाउण्टीङ सिस्टम यो एकिकृतलेखा प्रणाली छ यो एकिकृतलेखा प्रणालीमा मेरो एउटा खास गरी दफा २६ मा एकिकृत वित्तीय विवरण तयार गर्ने छ । एकिकृत वित्तीय विवरण तयार गर्नेमा आर्थिक योजना मन्त्रालय वा प्रदेशलेखा नियन्त्रकको हुनेछ भन्ने रहेछ त्यहाँ चाहिँ मैले यो पोलिसीसँगसम्बन्धितभएको हुनाले यो आर्थिक मामिला मन्त्रालयले राख्नु पर्छ । प्रदेशलेखा नियन्त्रकको चाहिँ पोलिसीमा वा भनेर यो दायित्व निर्धारण गर्दा खेरि निश्चित दायित्व निर्धारण गर्नुपर्छ यसमा पनि हामी छलफल गरौंला । त्यसो हुँदाखेरि समग्रमा अहिले प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला मन्त्रालयकोतर्फबाट पहिलो विधेयकको रूपमा यो प्रस्तुत भएको छ यले एकिकृतलेखा प्रणाली र आर्थिक प्रणालीलाई चाहिँ स्पष्ट पार्न यो Draft चाहिँमहत्त्वपूर्ण छ । केहि सैद्धान्तिक कन्टेनहरूमा चाहिँ खासगरी चाहिँ समाजवाद उन्मुख अर्थव्यवस्थाहरूमा हामीले चाहिँ वित्तीय अनुशासनमा जोड दिनु पर्छ र मेरो जोड त्यो जरिवाना रकमको अंक चाहिँ हामीले अंक बढाउनु पर्छ भन्ने मेरो चाहिँ जोड हो म यी कुराहरू राखे धेरै धन्यवाद ।

**माननीय सभामुख :** माननीय कुर्मराज शाही ।

**माननीय सदस्य श्री कुर्मराज शाही :** सभामुख महोदय, आर्थिक कार्यविधि विधेयक यो गरिमामय सदनमा यो पेश भएको छ । यो विधेयकलाई सरसती हेर्दा खेरि सायद मलाई लाग्छ विधेयक प्रस्तुतकर्ता अर्थमन्त्री र त्यो टिम आफैंमा एउटा विशेषज्ञता हासिल गरेको टिम हो र सारै राम्रो छ र यो राम्रो चिजलाई हामीले आ-आफ्नो क्षेत्रबाट कार्यान्वयन गर्न सकौं र लागु गर्न सक्यौं भने यो प्रदेशले गतिलो प्रकारको श्रेष्ठता यसले हासिल गर्न सक्छ र अन्य प्रदेशलाई यसले राम्रो सन्देश दिन सक्छ । त्यो भएको हुनाले म यसमा

केहि कुराहरू संशोधनको लागि अनुरोध गर्न चाहन्छु र केही कुराहरू सुझावको रूपमा म यहाँ पेश गर्न चाहन्छु । यो परिच्छेद-१ मा सरि परिच्छेद-२ मा के छभन्दा खेरि सबभन्दा खाँचो भनेको यो नियन्त्रण र सन्तुलनको खाचो हो । यो नियन्त्रण र सन्तुलन गर्न सकिएन भने मुटुले काम गर्न छोड्छ र सिंगो शरीर कंगालको रूपमा यो रूपान्तरण भएर यो अगाडिबढ्छ । त्यसका निम्ति यसलाई नियन्त्रण र सन्तुलन गर्नका निम्ति सायद मलाई लाग्छ यो केवल प्रदेश नियन्त्रण प्रदेशलेखा नियन्त्रण त्यस पछि गएरकोषलेखा नियन्त्रण छ । यो प्रदेशलेखा नियन्त्रण र जिल्लाकोकोषलेखा नियन्त्रण यसको नियन्त्रण गर्नका निम्ति नेतृत्व प्रदान चाहिँ मलाई लाग्छ अर्थ मन्त्रालयलाई दिदाँ खेरि राम्रो हुन्छ यसले गर्दा नियन्त्रणमा एउटा सन्तुलनको स्थिति यसले कायम गर्छ र अर्को कुरा यहाँ चाहिँ यो परिच्छेद-३ मालेखिएको छ राजश्व र न्यायको अनुमान पेश गर्नु पर्ने त्यो विषयमा चाहिँत्यो गर्नु त्यो गर्ने विषयमा चाहिँ असार महिनाको १ गते यसलाई चाहिँतोकेको छ । यसलाई असार १ गते यसलाई नतोकेर मंसिरको एक गते यसलाई तोक्दा यो प्रदेशमा चाहिँ राम्रो हुन्छ भन्ने चाहिँ मलाई लागेको छ । किनभने यो भौगोलिक विकटता छ यहाँनिर । हामीले असारको १ गते यसलाईतोक्यो भने असार, साउन भदौ, असोजसम्म वर्षा हुन्छ,पहिरो जान्छ । तपाईं हामीले भाषण गर्छौं योजनाहरूचाहिँ गर्ने भन्ने कुराको निर्धारण गरेका हुन्छौं । त्योयोजनाहरू असोजसम्ममा कार्यान्वयन गर्नका निम्ति त्यति योग्यतम हुँदैनम त्योभएको हुनाले मलाई के लाग्छ पुष माघ आउँछ चिसो हुन्छ । तीन महिनाले मलाई लाग्छ हाम्रा आयोजना र योजनाहरू सम्पन्न हुन सक्दैनन् ।

त्योभएको हुनाले यो प्रदेशले आफ्नो जो आउटपुट हो, आउटकम हो त्यसलाई प्राप्त गर्न सक्दैन यसमा आफ्नो सामर्थ्य राख्न सक्दैन । त्योभएको हुनाले यो मंसिर १ गते चाहिँ यसलाई कायम गर्नुपर्छ र अर्को कुरा यो परिच्छेद-३ मा चाहिँ यो प्रदेशको यो त्रिवर्षीय मध्यकालिन खर्च र संरचना तयार गर्ने कुरा यहाँ उल्लेख भएको छ । यो परिच्छेद-३ मा चाहिँ दफा थपिनुपर्नेमा आग्रह गर्न चाहन्छु सुझावको रूपमा । डोल्पाको एउटा टाढा बस्ती छ, मुगुको एउटा टाढा बस्ती छ मुगुकोबस्ती र सुर्खेतको बस्तीलाई कम्प्यारिजन गर्न सक्यौं भने योजनालाई सफलताको शिखरमा हामी पुऱ्याउन सक्दैनौं,यसको परिणाम राम्रो आउदैंन । त्यो भएको हुनाले यसका निम्ति के गर्न आवश्यकता छ तभन्दाखेरि विशेष संरक्षणकोष स्थापना गर्न चाहिँआवश्यकता छ एउटा दफा यसमा थपिओस् म आग्रह गर्न चाहन्छु। यो गरिमामय सदन सभामुख मार्फत् यो गरिमामय सदन मा र अर्को कुरा परिच्छेद-३ मै चाहिँ के छभन्दाखेरि थप्नु पर्ने विषय यो सार्वजनिक स्रोत संकलन सम्बन्धी विषय वस्तु यहाँ आएको रहेछ । सार्वजनिक स्रोत संकलन भनेको पर्यटनबाट त्यसपछि गएर यातायातबाट, व्यवसायीहरूबाट यो मलाई लाग्छ स्थानीय निकायले चाहिँ उठाउँछ होला । त्यो स्थानीय निकायले उठाएको चाहिँ मलाई लाग्छ त्यो राजश्व भनौं त्यो स्रोत प्रदेशलाई कति प्रसेण्ट आउने भन्ने कुराको प्रष्टभएको छैन । यस पछि गएर केन्द्रले कति दिने अनि स्थानीय निकायले कति राख्ने यो कुरा प्रष्ट भयो र यो कुरा यो दफामा उल्लेख गरियो भने यो समृद्ध आर्थिक कार्यविधि यो विधेयक हुनेछ भन्ने कुराको विश्वास गर्दै मेरो आफ्नो कुराको सुझाव या संशोधन यहि अन्त्य गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय दीनबन्धु श्रेष्ठ ।

**माननीय सदस्य श्री दीनबन्धु श्रेष्ठ :** माननीय सभामुख महोदय, आज यो कर्णाली प्रदेशमा हामी यस गरिमामय संसदमा आर्थिक कार्यविधि विधेयकमा छलफल गरिरहेका छौं र यो पहिलो विधेयक हो । मलाई लाग्दछ यो विधेयकमा आर्थिक मामिला तथा योजना मन्त्रीज्यू लगायतका टोलीले धेरै मेहनत गरेरधेरै छलफल पछि यो विधेयक आएको जस्तो लाग्छ । हामीले सरसर्ति हेर्यौं र यो विधेयकमा हामी

धेरै टिकाटिप्पणी गर्ने पक्षमा छैनौं र यहाँ भन्नै पर्ने हुन्छ माननीय सभामुख महोदय, हामी प्रतिपक्षहरूले कुनै पनि विधेयक वा अन्य प्रस्तुत वा सत्तापक्षका क्रियाकलापलाई नियालेर गुण, दोषको अनुपातमा हाम्रो भूमिका हुनुपर्छ तर हामी चाहन्छौंप्रतिपक्ष दलहरू कर्णाली प्रदेशका आफ्नै समस्याहरू छन् । त्यो सम्पूर्ण समस्यामा तपाईं हामी भुक्तभोगी छौं । त्यसैले हाम्रा भिन्न समस्या सत्तापक्ष र प्रतिपक्षको छैन हाम्रो मुलतः यो कर्णाली प्रदेशलाई समृद्धि र आर्थिक विकास कसरी गर्ने एउटा चिन्ता हो । त्यसैले म यहाँ निर के भन्न चाहन्छु भने आज विशेष गरेर बुँदागतमा हामी जान चाहन्नौं । केहि कुराहरू आउलान् तर जतिपनि हामीले अध्ययन गर्यौं यसलाई पास गरेर गयौं भने अन्य विधेयकहरूलाई पनि हामीलाई एउटा यो प्रदेश सरकार सञ्चालनदेखुन लिएर अन्य आर्थिक कारोबारलाई पनि एउटा बाटो खुल्ने एउटा माध्यम हुन्छ, त्यसैले माननीय सभामुख महोदय म एउटा कुरा के भन्छु भने हामी जहिले पनि कर्णाली प्रदेशका जनप्रतिनिधि लगायत अन्य विज्ञहरूले पनि कर्णाली प्रदेशमा प्राकृतिक साधन स्रोत प्रशस्त छ भन्छौं तर आज हामी प्रदेशमा आएर अनुभव गरिरहेका छौं अन्य प्रदेशभन्दा आर्थिक स्रोतमा हामी धेरै कमजोर छौं हामी परनिर्भर हुने परिस्थितिमा छौं तर हामीसँग प्राकृतिक साधन र स्रोत प्रशस्त छ नि । अब हामी के मा केन्द्रीत हुनुपर्‍यो भन्ने मलाई लाग्दछ ।

माननीय सभामुख महोदय,दीगो आर्थिक विकासको लागि र हामीसँग भएका प्राकृतिक साधन स्रोतहरूलाई कसरी हामीले उपभोग गर्ने छिटोभन्दा छिटो त्यसको लागि उत्पादनमुखी कृषि प्रणालीलाई हामीले ध्यान दिनुपर्छ जस्तो लाग्छ मलाई । जसले दीगो आर्थिक विकास गर्दछ क्षणिक होइन त्यस्तै हामीसँग जलस्रोतका कुराहरू छन् प्रशस्त धनी छौं, अन्य प्रदेशभन्दा जडिबुटीका कुराहरू आए, टुरिजमका कुराहरू आए, फलफूल र कृषिका कुराहरूमा हामीले आन्तरिक लगानीकर्ता उद्यमीहरूलाई र बाह्य उद्यमीकर्ताहरूलाई आकर्षण गर्ने किसिमको केहि प्याकेज ल्याएर पनि उहाँहरूको लगानी गराउनु पर्दछ । ताकि भोलि त्यो लगानी भएर उद्योगधन्दा स्थापना भएको खण्डमा रोजगारीका समस्याहरू धेरै न्यूनीकरण हुन्छन् र हामीसँग भएका प्राकृतिक साधनस्रोतको पनि सदुपयोग गरेर हाम्रो प्रदेश आर्थिक विकासको समृद्धिमा धेरै टाईम लाग्दछ जस्तो मलाई लाग्दछ ।

अर्को एउटा स्यानो कुरा म के भन्छु भने यो भ्रष्टाचारका विषयमा आर्थिकका कुरा उठ्ने बित्तिकै त्यो पारदर्शिता छ कि छैन र हामीले अहिले कर्णाली कार्यविधि विधेयकहरू ल्याउँ जुनै पनि नियम कानून ल्याउँ त्योभन्दा पनि ठूलो पक्ष भनेको कार्यान्वयन पक्ष हो । त्यो विधेयकले मागेकोअनुसार कार्यान्वयन पक्ष भयोकि भएन ? त्यसैले अनियमितता र भ्रष्टाचारका विषयमा कर्णाली प्रदेशका क्षेत्रहरूमा पनि यो प्रदेशबाट अनुगमन र निरिक्षण या त्यहाँको एउटा राख्नुपर्छ जस्तो मलाई लाग्छ ता कि सबैलाई भ्रष्टाचारको विषयमा सचेत गराउँदा पनि यसले पनि ठूलो चुहावट रोक्दछ ।

माननीय सभामुखज्यू आज बुँदागतको छलफलभन्दा पनि मैले केहि बुँदागत टिपेर ल्याएको छु म छोटो उसमा राख्न चाहन्छु । सैद्धान्तिक पक्षका केहि कुराहरू मैले नोट गरेको छु र मैले अघिनै भने यो आर्थिक कार्यविधिमा धेरै कुरा समेटिएका छन् म त्यसमा बहसमा जान चाहदैन र यो

१. आर्थिक कार्यविधिमा समग्र आर्थिक व्यवस्था प्रणालीको प्रभावकारीता ल्याउने गरी ल्याउनुपर्ने हुन्छ र ध्यानदीनुपर्ने हुन्छ ।
२. बजेट तर्जुमा प्रणाली यथार्थपरक र अत्याधिक सहभागिता, पारदर्शितारहनुपर्ने हुन्छ ।
३. खर्च तथा राजश्वको परिचालनमा स्वविवेकिय अधिकारलाई निरूत्साहित बनाउनु पर्दछ ।
५. राजश्व वृद्धि कुल ग्राहस्थ उत्पादनसँग संरक्षित गरिनुपर्दछ ।

६. सार्वजनिक खर्च तथा राजश्वको परिचालनमा कागजी प्रमाण-पत्र नहेरेर वास्तविक तथा भौतिक उपलव्धिसँग सम्बन्धित गराउनु पर्दछ ।
७. समयमा निकासा खर्च र खर्चको प्रभावकारीता, आर्थिक अनुशासन कडाई तथा लागु, कडाई तथा लागु हुने गरी जवाफदेहिता र जिम्मेवारी तोक्नुपर्ने हुन्छ ।
८. आर्थिक अनिमियतता, बेरूजु शून्यस्तरमा रहने गरी तर्जुमा गर्नुपर्दछ ।
९. सरकारी सम्पत्तिको दुरूपयोग र हानी नोक्सानीलाई जघन्य अपराधसरह कार्यवाहीको व्यवस्था गर्नु पर्दछ ।
१०. लेखा परिक्षण पद्धतीलाई कार्यसम्पादन उपलव्धि सम्बन्धित राख्नुपर्दछ ।
११. बजेट तर्जुमा खर्च राजश्व परिचालन सर्व सञ्चितकोषबाटकोषको व्यवस्था गर्दा आपतकालिन खर्च सम्बन्धीकोषको व्यवस्था गर्नु पर्दछ ।

माननीय सभामुख महोदय यो अहिले मैले विशेष गरेर सैद्धान्तिक छलफल भनेको हुनाले केहि कुराहरू राखेको छु आजलाई यति धन्यवाद ।

**माननीय सभामुख :** माननीय देवी ओली ।

**माननीय सदस्य श्री देवी ओली :** सभामुख महोदय, कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४ को छलफलमा विशेष गरेर अहिलेको यो पूँजीवादी युगमा आर्थिक अनुशासन कायम गर्ने देखि लिएर आर्थिक परिचालन हाम्रो प्रदेशमा कसरी गर्ने भन्ने विषय महत्त्वपूर्ण हो जस्तो मलाई लाग्दछ । आमप्रवृत्ति हेर्दा खेरि Any How पैसा कमाउ । जसरी पनि पैसा धेरै कमाउनु पर्छ भन्ने खालको आमजनमानसमा त्यस्तो प्रवृत्ति बढेको छ । यसलाई कसरी हामीले नियन्त्रण गर्न सक्छौं यो कुरा महत्त्वपूर्ण छ ।

आज २१ औं शताब्दिमा आईपुग्दा खेरि पैसा, घुस लिने दिने आफ्नो काम छिटो छरितो गर्नका लागि यस्ता अदृश्य घटनाहरू हामीले सुनेका छौं । त्यसको प्रमाणित कसरी गर्ने, त्यसको अनुगमन कसरी गर्ने, परापूर्वकालमा पृथ्वीनारायण शाहले भनेको कुरा आज त्यसको विपरित भइरहेको छ । "घुष लिन्या र दिन्या दुवै अपराधी हुन, शत्रु हुन" भन्नु भएको छ त्यो शत्रुपूर्ण व्यवहारहरू हाम्रो समाजमा देखिने गरेका छन् । यस्ता व्यवहारहरूलाई नियन्त्रण गर्नको निम्ति यो कार्यविधिले केही त्यस्ता व्यवस्थाहरू गरिनुपदर्छ जस्तो मलाई लाग्दछ । सँगसँगै आर्थिक अनुशासन, पारदर्शिता, जवाफदेहिता हुनुपर्दछ ।

यसमा जुन विधेयकमा आएका कुराहरू सामान्य आँखाबाट विषयको विज्ञ हामी नभए पनि सामान्य आँखाबाट हेर्दाखेरि आफूलाई लागेका केही कुराहरू सामान्य टिप्पणीको रूपमा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय विशेष गरेर यो प्रदेशको आर्थिक विधेयक पहिलो भएको हुनाले सञ्चितकोषको सञ्चालन रलेखा व्यवस्था भन्ने छ त्यहाँ त्यसमा सञ्चितकोषको स्थापना भन्ने शब्द पनि राख्दाखेरि पहिलाकोष स्थापना गरिसकेपछि त्यसको परिचालन रलेखा भन्ने आउँछ कि भन्ने आफ्नो बुझाईअनुसार मैले तयो कुरा राखिनुपर्छ भन्ने कुरा यहाँ राखेको छु ।

त्यसको सँगसँगै अहिले विशेष समयमा बोल्ने माननीयज्यूहरूले अघिल्लो बैठकमा केहि ठाउँका त्यस्ता दैवी प्रकोपका कुराहरू ल्याउनु भएको थियो । त्यसको सँगसँगै हाम्रो प्रदेशभित्र त्यस्ता केहि दैवी प्रकोपका घटनाहरू, केहि आकस्मिक दुर्घटनाहरू हुन सक्छन् । त्यसको लागि प्रदेश सरकारको आफ्नो आकस्मिककोष खडा गरिनुपर्छ र त्यसको परिचालन गर्नको निम्ति एउटा छुट्टै विनियम होस् अथवा ऐन

होस् संविधानले के निर्देश गरेको छ त्यो बनाएर त्यो आकस्मिककोषको परिचालन गरिनुपर्छ र आकस्मिककोष स्थापना गरिनुपर्छ । भन्नेकुरा मैले यहाँ अर्को राख्न चाहन्छु ।

त्यसको सँगसँगै योलेखा,लेखा प्रणालीको कुरा गर्दा खेरि आन्तरिक लेखापरिक्षण र महालेखापरिक्षण भनेर राखिएको छ त्यसमा मैले थप्न अनुरोध के गरें भने सार्वजनिक लेखापरिक्षण सबैभन्दा महत्त्वपूर्ण हो जस्तो लाग्दछ । हामीसँग भएका सबै आर्थिक गतिविधिहरू, जनताको अगाडिप्रष्टरूपमा राख्न सक्यौं भने जनताले विश्वास गऱ्यो भने प्रश्न उठाउने ठाउँ हुँदैन सार्वजनिक लेखापरिक्षणपनि त्यहाँ व्यवस्था गरिनुपर्छ यो एउटा बाध्यात्मक व्यवस्था हुनु पर्छ भन्ने मलाई लागेको छ । यसको सँगसँगै यो प्रदेशकोष तथा नियन्त्रण कार्यालय प्रदेश अर्थ मन्त्रालय अन्तर्गत र जिल्लाकाकोष तथा नियन्त्रण कार्यालयहरू प्रदेशकोकोष नियन्त्रण कार्यालय अन्तर्गत यसरी एउटा तादम्यता मिलाएर यसको व्यवस्था गऱ्यो भने आर्थिक व्यवस्थापन अथवा योजना विनियोजन विधेयक देखि लिएर सबै योजनाहरू सम्पन्न गर्नको लागि एक अर्कामा सम्बन्धित भएर काम गर्न सजिलो हुन्छ जस्तो मलाई सामान्य हेर्दा खेरि यस्तो लागेर मैले टिप्पणीहरू यहाँ पेश गर्न चाँहे धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरूले सैद्धान्तिक छलफलका क्रममा उठेका विषयहरूमा जवाफ दिनका लागि आर्थिक मामिला तथा योजनामन्त्री श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, आज यो प्रदेश सभएको एउटा महत्त्वपूर्ण बिजनेश कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४ यो सभएको पहिलो विधेयको रूपमा यहाँ प्रस्तुत भई यसमाथि गम्भिररूपमासैद्धान्तिक छलफल पनि भएको छ । छलफलमा जतिपनि माननीय सदस्यहरूले भाग लिनु भएको छ माननीयज्यूहरूले बडो गम्भिरताका साथ र परिपक्व तरिकाले आफ्नो सुझावहरू यहाँ राख्नु भएको छ । यो टेक्नीकल विषय हो त्यसैले यसका चाहिँ कतिपय विषयहरूमा हामीले अलि गहिरो अध्ययन गर्नु पर्ने आवश्यकता रहन्छ नै म यस मानेमा खुशी छु कि माननीयज्यूहरूले यो महत्त्वपूर्ण विधेयकमा गम्भिर अध्ययन गरेर धेरै उच्चस्तरका सुझावहरू प्रस्तुत गर्नु भएको छ । म यी सुझावहरूलाई सम्मान गर्न चाहन्छुर यो विधेयकको सैद्धान्तिक छलफलमा भाग लिने सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रदेश सरकारको निम्ति र यो प्रदेशको सम्पूर्ण आर्थिक गतिविधि परिचालन खर्च व्यवस्थापनसमेतको लागि यो विधेयक एउटा कानूनी आधारपत्र हो । हामीले चाहिँ अगाडिबढ्नका निम्ति आर्थिक कार्यविधि ऐन नबनाएसम्म अघि बढ्न सक्दैनौं । त्यसका निम्ति यो एक किसिमको कानूनी ब्रेक थ्रो हो भन्ने पनि ठान्नुपर्छ भन्ने मलाई लाग्छ । यसर्थमा यो विधेयकको धेरै ठूलो महत्त्व छ ।

माननीयज्यूहरूले जस्तो हाम्रो संविधानमै समाजवादउन्मुख अर्थव्यवस्थाको जुन परिकल्पना गरिएको छ । यो सन्दर्भसमेत यो ब्रोडर एकदम चाहिँ भविष्यको लक्ष्यसहितको विषयबाट प्रवेश गरेर बुँदागत रूपमा यो विधेयकलाई चाहिँ समृद्ध बनाउनका निम्ति जति पनि सुझाव दिनु भएको छ ती अमूल्य छन् र स्वभाविक हो र म पूर्ण रूपमा सहमत के कुरामा छु भने समाजवाद निर्माणको परिकल्पना गर्ने समाजवाद निर्माणतर्फ अगाडिबढ्ने समाजवादका आधार तयार पार्ने समाजवादउन्मुख अर्थतन्त्रको कुरा गर्ने त्यस्तो अर्थव्यवस्थाको कुरा गर्ने तर आर्थिक पारदर्शिता भएन, आर्थिक अनुशासन भएन भने यो गित गाउने विषय मात्र हुन्छ तर यो समाजवादतर्फ हाम्रो संविधानले जो दिशानिर्देश गरेको छ हामीलाई अगाडिबढ्न त्यसको फाउण्डेशन भनेको आर्थिक अनुशासन नै हो । हो यो विधेयकले चाहिँ विनियोजन विधेयक ल्याउनका निम्ति बाटो

खोल्छ,प्रदेशकोष तथालेखा नियन्त्रण कार्यालय स्थापनाको निम्तिचाहिँ बाटो खुल्छ,सम्पत्ति व्यवस्थापनको निम्ति बेरूजु संकलन यी जम्मै टेक्नीकल काम गर्न दिन्छ तर आर्थिक अनियमितता नियन्त्रण गर्ने र आर्थिक अनुशासन कायम राख्ने यो बहुत महत्त्वपूर्ण विषयमा चाहिँ यो विधेयक चाहिँ कडा छ । त्यसैले यो विधेयको एउटा चाहिँमहत्त्वपूर्ण चरित्र भनेको चाहिँ आर्थिक अनियमितता भ्रष्टाचार नियन्त्रण गर्ने र आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्ने यसको चाहिँ मुल ध्येय यो हो भन्ने कुरा माननीयज्यूहरूसँग राख्न चाहन्छु ।

जहाँसम्म यो जरिवाना कम भयोकि भन्ने कुरा छ जरिवाना विषयगत रूपमा छ बढाउनु पर्ने आवश्यकता छ भने बढाउन पनि सकिन्छ छलफल गरौं अब कुनै विषयमा ५०० होला कुनैमा १००० होला यो जरिवानाको निम्ति वनेको विधेयकभन्दा पनि आर्थिक अनुशासन, आर्थिक पारदर्शिता,वित्तीय प्रणालीलाई सुव्यवस्थित गर्नका निम्ति आएको विधेयक भएकोले अलि बढी जरिवानामा वा चाहिँ कारवाहिमा बढी केन्द्रीत हुनुपर्ने होइन कि त्यस्तै विधेयकहरू हामी भोलि फेरि ल्याउँछौं यसकै अंगका रूपमा अब स्वभाविक विधेयकको हैसियत सबैको एकै हुन्छ ऐनहरूको तर यसलाई चाहिँ अझै व्यवस्थित गर्नका निम्तिचाहिँ अरू विधेयकहरू पनि आउने छन् त्यसतर्फ पनि म अनुरोध गर्न चाहन्छु ।

यो पूँजीगत खर्च कम हुने र रकमान्तर गरेर चाहिँ व्यापक आर्थिक अनियमितता गर्ने यो एउटा प्रचलन जस्तो भई सक्या छ हाम्रो देशमा म चाहिँ यो अर्थसमितिमा रहँदा पनि हाम्रो सँधैको एउटा विषय बन्ने भनेको चालु खर्च त्योसाधारण खर्च चाहिँ Hundred Percent हुने नपुगेर चाहिँ अझ रकमान्तर गरेर दिनुपर्ने। विकास बजेट वा पूँजीगत खर्च चाहिँ अत्यन्त कमजोर हुने धेरै पूँजीगत खर्च नहुने हामीले चाहिँ पूँजीगत खर्च धेरै गर्न नसक्ने गरेको खर्च पनि अनियमित हुने त्यस्तो खालको जोअवस्था छ त्यसको एउटा कम्पोनेन्ट भनेको चाहिँ रकमान्तर पनि हो । त्यसमा चाहिँ भेरिएसनको कुरा होला अरू विभिन्न पक्षहरू होलान यो रकमान्तर गर्ने अन्तिम अवस्थामा असारमा, जेष्ठमा, असारमा जुन प्रोजेक्टको बजेट चाहिँ खर्च हुँदैन त्यो बजेट चाहिँ अर्को प्रोजेक्टमा चाहिँ रकमान्तर गर्ने र अनि त्यसपछि व्यापक अनियमितता हुने यसलाई चाहिँ कन्ट्रोल गर्नुपर्छ भन्ने चाहिँ धारणाकासाथ कतिपय प्रदेशमा चाहिँ यो रकमान्तर चाहिँ ओपन पनि छोडिएको छ Hundred Percent गर्न सकिने अब त्यसलाई चाहिँ नियमन नगरे पछि त Hundred Percent प्रतिशत पनि गर्न सकियो नि । कुनै एउटा प्रोजेक्टमा एक करोड रूपैयाँ छुट्याईएको छ भने एक करोड खर्च भएन कुनै सब त्यो रकम चाहिँ सबै खर्च नभएर बच्यो भने त्यो एक करोडौं चाहिँ रकमान्तर गर्न पाइने यस्तो गर्दा खेरि के होला हालत ? त्यसकारण चाहिँ मन्त्रालयहरूले २५ प्रतिशतसम्म मात्रै रकमान्तर गर्ने सक्ने त्यो हो भने कमसेकम खर्च गर्नु पर्‍यो नि त अहिले देखि नै भन्ने एउटा चाहिँ प्रेसर हुन्छ खर्च नगर्दा त त्यो चाहिँ फ्रिज भएर जान्छ खर्च भएन भने रकमान्तर गरौंला भनेर बस्न पाईएन अब । अन्तिमपर्‍यो भने सारै अप्ठेरो पर्‍यो भने दैवी प्रकोप पर्‍यो कुनै टेक्निकल प्रोबलम पर्‍यो अनेक कारणले चाहिँ खर्च हुन नसकेको रकमलाई चाहिँ रकमान्तर गर्नुपर्छ त्यो उद्देश्य खर्च गर्नका लागि नै हो। त्यो फेरि रकमान्तर पनि सडकको रकम बिजुलीमा रकमान्तर गर्न पाईदैन सडककै रकम सडकमै मात्र पनि होइन त्यो शिर्षक सम्बन्धित शिर्षकमा मात्रै रकमान्तर गर्न पाइन्छ । जस्तो उदाहरणको निम्ति १२३ नं. को सडक छ भने १२३ नं. कै अर्को सडकमा गर्न पाईयो २१६ नं.को सडकमा चाहिँ गर्न पाईएन यसरी हामीले चाहिँ यसलाई कन्ट्रोल गर्ने अनियमितता कन्ट्रोल होस् भन्ने उद्देश्यले यो विषय राखेका छौं । बढो महत्त्वपूर्ण विषय उठाउनु भएको छ माननीय जीले ।

त्यस्तै गरी प्रदेश वित्तीय प्रणालीको कुरा, एकिकृतलेखा प्रणालीको कुरा, एकिकृत वित्तीय विवरण यो चाहिँ मन्त्रालय वा प्रदेशलेखा कार्यालय हामीलेखा नियन्त्रण कार्यालय हामी वा किन हो तभन्दाखेरि यो प्रदेशलेखा नियन्त्रण कार्यालय भनेको चाहिँ प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत पर्ने भएको हुनाले आवश्यक कतिपय कुरा चाहिँलेखा नियन्त्रण कार्यालयले नै यसलाई चाहिँ व्यवस्थित गर्छ, विवरण राख्छ,कतिपय कुरा चाहिँ मन्त्रालयले राख्न सक्ने भएको हुनाले यसलाई चाहिँ अलि Flexible बनाएको योलाईन मिनिस्ट्रीमा पर्ने भा हुनाले जहाँसम्म चाहिँ यो विनियोजन विधेयकको प्रसंग ल्याउनु भयो । यो सारिएको ठाउँमा मंसिर १ जतिबेला पनि गर्न सकिन्छ तर हाम्रो चाहिँ के छ भने यो आर्थिक वर्ष साउन १ गते देखि शुरू हुने हामीले नै छलफल गरेर त्यतिबेला चाहिँ समितिमै रहँदा खेरि पनि यो बजेट अब त्यतिबेला प्रदेशको त बजेट आउने कुरा भएन जो चाहिँ राष्ट्रिय बजेट आउँथ्यो जो बजेट जहिले ल्याएपनि हुने असारमा ल्याए पनि हुने, साउनमा ल्याए पनि हुने अनि त्यसपछि असोजमा पास भएपनि हुने कार्तिक सम्म गएपनि हुने । यो बहुत चाहिँलेन्दि प्रोसेसथियो अथवा यसमा चाहिँ किलियरकट चाहिँ कुनै व्यवस्था थिएन । त्यसकारण चाहिँ संविधानमै के व्यवस्था गरियो भने जेठ १५ गते EarlyBudget ल्याउनुपर्छ, Early Budget भन्या चाहिँ आर्थिक वर्ष शुरू हुनुभन्दा अगाडिबजेट लउनु पर्‍यो । हो नयाँ आर्थिक वर्षको निम्ति आउने बजेट हो त्यो तर चाहिँ असार मसान्तमा बजेट ल्याउनु भो भने साउन १ देखि कार्यान्वयन गर्ने हो नि असार मसान्तमा ल्याउने अनि कतित्यसको त प्रोसेस मिलाउनुपर्ला नि निकासाको कुरा अख्तियारीको कुरा त्यसपछि डकुमेण्टको कुरा होला टेण्डर गर्नुपर्ला सम्झौता गर्नुपर्ला यी तमाम कुराहरू त गर्नलाई तीन चार महिना जाने भयो ।

त्यसो हुँदा खेरि EarlyBudget ल्याउने अर्थात अघिल्लै आर्थिक वर्षको अलि पहिलै ल्याउने जेष्ठ १५ गते ल्याउने किटान गरियो विभिन्न देशको विभिन्न प्रायक्टीश छ । इन्डियामा एउटा मिति तोकिएको होला अर्को ठाउँमा अर्को होला हामीले चाहिँ जेठ १५ संविधानमा तोक्यौं र प्रदेशको बजेट चाहिँ असार १ गते ल्याउने किन पछि ल्याउनु पर्‍यो तभन्दा खेरि अब हाम्रो मुख्य स्रोत भनेको केन्द्रबाटै आउनेत होनि त्यसैले १५ दिन अगाडिचाहिँ राष्ट्रिय बजेट आउँछ अनि त्यसले हामीलाई चाहिँ हुनत शिलिङ पहिले नै दिन्छ फेरि हामीले बजेट त १५ दिनमा ट्याक्क तयार पार्नत सक्दैनौं तर आधिकारीक रूपमाचाहिँ घोषित बजेट त कहिले आउने भयोतभन्दा चाहिँ जेठ १५ गते आउने भयो जेठ १५ गते आईसकेपछि हामीले यहाँको बजेटसँग त्यो केन्द्रको बजेटसँग हाम्रो बजेटको तालमेल मिलाउनलाई १५ दिन Gap राखेर ऐनमा असार १ गते बजेट ल्याउने व्यवस्था गरियो । यहाँत चाहिँ सन्दर्भवस आएको मात्र हो यो विषय । त्यसैले यो मिति त्योक्ने चाहिँ विधेयक होइन यो । बजेट ल्याउने मितितोक्ने विधेयक होइन त्योचाहिँसन्दर्भवस आएको हो । हामीले चाहिँ एउटा कार्यतालिका बनाउँछौं जेठ १५ गते राष्ट्रिय बजेट आउँछ,असार १ गते चाहिँ प्रदेश बजेट आउँछ,असार १० गतेसम्म चाहिँ स्थानीय तहका बजेट बन्छन् र त्यसपछि हामीले चाहिँ साउन शुरू हुने वित्तिकै अब चाहिँ अख्तियारी चाहिँ सम्वन्धित निकायहरूमा जाने व्यवस्था हुन्छ । बजेटमै त्यो व्यवस्था हुन्छ अब फेरि त्यसका निम्ति लामो चाहिँ कागजी प्रोसेस अनि मन्त्रालय, मन्त्रालयबाट चाहिँ विभाग, विभागबाट चाहिँ शाखामा यो अख्तियारी चाहिँ पठाउँदै जाने र त्यसका निम्ति ३ महिना बित्ने अवस्था हुँदैन । बजेट आउने बित्तिकै त्योचाहिँ अख्तियारी गएको मानिने छ । अख्तियारी जाने बित्तिकै त्यसको निम्ति टेण्डर गर्न सकिन्छ टेण्डरको चाहिँ एउटा निश्चित समयभित्र टेण्डर हुन्छ, सम्झौता हुन्छ र यो साउन भदौ जस्ता महिनाहरूमा चाहिँ आन्तरिक काम सकेपछि असोज ढिलोका कार्तिक देखि Procurement अथवा चाहिँ सार्वजनिक खरिद र निर्माणका काम अगाडिबढाउन सकिने गरी कार्यतालिका हामी बनाउँछौं । अबको बजेटमा त्यो पनि कार्यतालिका ल्याउने कुरा म माननीयज्यूहरूलाई बताउन चाहन्छु ।

माननीयज्यूहरूले व्यवस्थितरूपमा सुझाव राख्दिनुभएको छ । जो समृद्धिको सन्दर्भ छ स्वाभाविक रूपमाचाहिँ हरेक न कानूनले हाम्रो मुल लक्ष्यलाई दिशानिर्देश गरेकै हुन्छ । यो त झन आर्थिक विषयसँग जोडिएको विधेयक भएकोले हाम्रो प्रदेशको चाहिँ समृद्धिको विषय वा अनियमितता नियन्त्रणको विषय योसँग चाहिँ अनरूप रूपमा जोडिन्छ । चाहे कृषि क्षेत्रको विकासको कुरा होला, उत्पादनमुखी कृषिको कुरा होला, जलविद्युतको कुरा होला या लगानी बढाउने कुरा होला यसलाई चाहिँ यो ऐनले पनि यो विधेयकले पनि गाईडलाईन गर्छ यति कुरा म राख्न चाहन्छु ।

अनि भ्रष्टाचार नियन्त्रणको कुरा पनि अनुगमन प्रणाली यो धेरै जरूरी छ । हाम्रो चाहिँ के छ भने बजेट छुट्याई दिने बजेट छुट्याई सकेपछि कसैले त्यसको रेखदेख नगर्ने । कसैले वास्ता नगर्ने जसले जे गर्‍यो हुने जे मन लाग्यो गर्ने खालको अवस्था जो छ त्यसलाई चाहिँ कडाईका साथ कन्ट्रोल गर्नुपर्छ । जब चाहिँ बजेट छुट्याउँछौं भने त्यो बजेट कार्यान्वयनमा पनि अनुगमन हुनुपर्‍यो अनि त्यसको चाहिँ पारदर्शिताको निम्ति पनि अनुगमन हुनुपर्‍यो अनियमितता पनि कन्ट्रोल गर्न पनि अनुगमन हुनुपर्‍यो । अनुगमन गर्ने यर्थाथ रिर्पोट लिने अनि य चाहिँ गल्ति गर्नेलाई वा चाहिँ अनियमितता गर्नेलाई भ्रष्टाचार गर्नेलाई कार्यवाही गर्ने यसमा जानुपर्छ । त्यसको निम्ति अघि माननीयज्यूले उठाए जस्तै जस्तो आन्तरिकलेखापरिक्षण त हुने नै भयो भन्या चाहिँ डकुमेण्ट स्टडि गर्ने हो क्या । एउटा कुरा चाहिँ अनुगमन गर्ने कुरा चाहिँ सार्वजनिक रूपमा कामको मुल्यांकन गर्ने कुरा भयो र अबलेखा परिक्षण गर्ने कुरा त आन्तरिक रूपमा कागज हेरेर गर्ने कुरा हो । आन्तरिकलेखापरिक्षणको आफ्नो महत्त्व छअन्तिमलेखापरिक्षण अर्को महत्त्वपूर्ण कुरा होला त्यस्तै गरी हामीले एउटा चाहिँ कुनै बेलामा यो जनलेखापरिक्षण भन्या थियौं नि त्यस्तै जनलेखापरिक्षण भन्ने कि या सार्वजनिक लेखापरिक्षण भन्ने यो हामीले कानूनमै व्यवस्था गरौंला लेखापरिक्षण सम्बन्धी विधेयक पनि हामीले बनाउँनैपर्छ, त्यो कानून पनि बनाउनै पर्छ, सबै कुरा यसमा सम्बोधन हुँदैन त्यसकारण एउटा कुरा म चाहिँ एकदम महत्त्वपूर्ण सुझाव आएको छ कि सार्वजनिकलेखापरिक्षणको कुरा यो वास्तवमा चाहिँ हामीले हाम्रो प्रदेशका सन्दर्भमा अलि Announce गर्ने अलि उद्घोष गर्ने नै विषय हो । अब जनलेखा परिक्षण भन्ने चाहिँकानूनमा चाहिँ त्यति राम्रो भाषा नभएपनि सार्वजनिकलेखा परिक्षणको व्यवस्था गर्नुपर्छ यहि विधेयकमा सम्बोधन गर्न सकिने ठाँउमा गरौंला नत्रलेखा परिक्षणसम्बन्धी विधेयकमा चाहिँ त्यो जरूरी ल्याउनुपर्छ भन्ने मलाई लाग्छ ।

अनि बजेट तर्जुमा प्रणाली यथार्थपरक हुनुपर्छ कुनै शंका छैन यसमा अब अहिलेको बजेट सन्तुलित एक अरब दुई करोडको बजेट एक अरब दुई करोड चाहिँ हामीसँग चाहिँ आय छ एक अरब दुई करोडको चाहिँ व्ययचाहिँ अनुमान पनि के भन्ने यथार्थचाहिँ प्रस्तुत गर्नुपर्ने छ अहिले आउने बजेटको हकमा । अब जो पूर्ण बजेट छ असार १ गते ल्याउने त्यसमा पनि यथार्थपरक रूपमै जानुपर्दछ ।

राजश्व त खर्च स्वविवेकीय हुनुहुँदैन त्यसकारण त नियन्त्रणका कुरा अपनाईएको छ,त्यसकारण चाहिँ हामी अब Procurement Act ल्याउँला, भेरियसनलाई चाहिँ नियन्त्रण गर्ने कुरा, Low Bidding लाई चाहिँ नियन्त्रण गर्ने कुरा या चाहिँ मोविलाईजेशन पेश्किबाट हुने अनियमिततालाई चाहिँ नियन्त्रण गर्ने कुरा त्यहाँ चाहिँ फेरि रेगुलेट गर्छौं हामी हामी बनाउछौं त्यो । प्रोकुरमेण्ट के रे सार्वजनिक खरिद ऐनपनि बन्नुपर्छ त्यसमा यस्ता कुराहरूलाई फेरि हामी व्यवस्थित गर्छौं । यो एकआपसमा जोडिएका छन् यी कानूनहरू राजश्व परिचालनका सम्दर्भमा र त्यसलाई खर्च गर्ने कुरामा स्वविवेकीय अधिकार कन्ट्रोल गर्नुपर्छ त्यसैले यो २५ प्रसेण्टभन्दा बढी रकमान्तर गर्न नहुने भनेर पनि राख्यौं अब माननीय मन्त्रीज्यूहरू वा मन्त्रालयहरू कति अझ सन्तुष्ट हुने हो थाहा छैन तर चाहिँ हामीले यो आँट गरेर ल्याएका छौं ।

अँ सरकारी सम्पत्तिलाई दुरूपयोग गर्नेलाई जगन्य अपराध नै ठान्नुपर्छ । त्यसैले सम्पत्तिशुद्धि केरे सम्पत्ति व्यवस्थापनको कुरा र त्यो सम्पत्तिको संरक्षणको कुरा आर्थिक मामिला मन्त्रालय अन्तर्गतै राख्ने हामीले व्यवस्था गरेका छौं यो विधेयकमा । यो चाहिँकेन्द्रले गर्ने कि भन्ने जस्तो कुराहरू पनि आएको थियो । केन्द्रले यो सुर्खेतको हाम्रो चाहिँ राजधानीको सम्पत्तिको कसरीलेखा राख्न सक्छ ?, कसरी विवरण राख्न सक्छ ?, त्यहाँ चाहिँ त्यो सम्पत्तिको संरक्षण कसरी गर्न सक्छ ?, यहाँ चाहिँ सरकारी सम्पत्ति डोल्पामा होला अनि काठ्माण्डौले चाहिँ त्यहाँ डोल्पाको सम्पत्ति संरक्षण गर्न सक्दैन त्यसकारण चाहिँ प्रदेश सरकारले नै त्यसको संरक्षण गर्नेर व्यवस्थापन गर्ने काम गर्नुपर्छ । आवश्यक पर्दा खेरि त्यो मन्त्रालय अन्तर्गत संरचना पनि बनाउँनुपर्छ । बेरूजु संकलनको कुरा पनि के कुमारी गल्लि के भन्नेबाट चाहिँ काठमाण्डौबाट गर्ने व्यवस्था थियो त्यसलाई हामीले हाम्रैमा ल्याएका छौं अब यहाँको वेरूजु चाहिँ काठमाण्डौले कसरी संकलन गर्छ ? अनिरूकुममा चाहिँ बेरूजु होला काठमाण्डौले त्यो त्यसैले संघीयताको मर्मअनुसार पनि भएन के । त्यसले बेरूजु संकलनको कुरा, सम्पत्ति व्यवस्थापनको कुरा यो प्रदेशकै सरकारले गर्छ । भन्ने कुरा पनि हामीले किटानीका साथ प्रष्ट रूपमा ल्याएका छौं ।

अब जहाँसम्म यो प्रदेशलेखा नियन्त्रणको कार्यालयको कुरा छ प्रदेशलेखा नियन्त्रण कार्यालय त स्थापना भईनै हाल्ने भयो अनि यो हामीले यो विधेयक पास गर्ने बित्तिकै प्रदेशलेखा के रे प्रदेश सञ्चित कोष स्थापना हुन्छ । माननीयज्यूले भने जस्तै अब केरे सञ्चितकोष परिचालन रलेखा राख्ने कुरा मात्रै भयो स्थापना राख्ने भन्ने स्थापना राख्न हुन्छ किनभने त्यो यो विधेयकको एउटा मुल मक्सत भनेकै प्रदेश सञ्चितकोष स्थापना गर्ने हो । हामीसँग पैसा जस्तो चाहिँयस पटक चाहिँ चालु आर्थिक वर्षमा नेपाल सरकारले एक अरब दुई करोड रूपैयाँ हरेक प्रदेशलाई छुट्याई दियो । त्यो रकम चाहिँ छुट्यायो तर चाहिँ केन्द्रकै सञ्चितकोषमा छ हैन केन्द्रीय ट्रेजरीमा छ त्यसलाई चाहिँ हाम्रो प्रदेशमा ल्याउनका लागि पनि प्रदेश सञ्चित कोष खडा हुनै पर्‍यो । प्रदेश सञ्चित कोषहुनका निम्ति यो विधेयक पास हुन पर्‍यो, यो ऐन बन्नु पर्‍यो यो ऐनले प्रदेश सञ्चित कोष खडा गर्ने हो । स्थापना गर्ने हो अनि त्यसले चाहिँ परिचालन गर्ने हो,लेखा राख्ने हो यस हिसाबले चाहिँ यो पनि राम्रो सुझाव आएको छ । आकस्मिककोष आब यो दैवी प्रकोप लगायतका कुराहरूको निम्ति आकस्मिक कोषको जुन कुरा छ यो अलग्गै कानूनमा चाहिँ त्यसको व्यवस्था हुन्छ त्यो सबै ठाउँमा सबै कुरा राखिरहन जरूरी हुँदैन । अन्तिममा चाहिँ म फेरि पनि दोहोर्‍याएर अनुरोध गर्न चाहन्छु एउटा विषय आयो कानून बनाउने, नियम बनाउने,नीति बनाउने कार्यान्वयन नहुने कुराले चाहिँ स्वभाविक रूपमा त्यो राम्रो काम हुँदैन त्यसैले अबयो त ऐन भएको हुँदा कार्यान्वयन गर्न अनिवार्य पनि हुन्छ,बाध्यतै पनि हुन्छ । ऐन चाहिँ कार्यान्वयन नगरे हामी अगाडि बढ्नै सक्दैनौं त्यसैले यो ऐन पास भई सकेपछि कार्यान्वयन हुन्छ नम्बर एक, नम्बर दुई अझै पनि माननीयज्यूहरूका सुझावहरूलाई ध्यानमा राखेर आर्थिक अनियमितता नियन्त्रण गर्ने कुरा, भ्रष्टाचार नियन्त्रण गर्ने कुरा, पारदर्शिता कायम गर्ने कुरा, जवाफदेहिता कायम गर्ने कुरा र सारमा चाहिँ आर्थिक अनुशासन कायम गर्ने कुराको निम्ति यो विधेयकलाई जति अझै राम्रो बनाउन सकिन्छ, संशोधन गर्न सकिन्छ त्यसका निम्ति सरकार चाहिँ लचिलो छ । यहाँ चाहिँ सत्तापक्ष, प्रत्तिपक्षको कुरा पनि भएन हामीले सबै हाम्रा एजेण्डाहरूमा हाम्रा इस्युहरूमा हाम्रा चाहिँ मुद्दाहरूमा सबै सत्तापक्ष केन्द्रले हामीलाई चाहिँ जुन ढंगले च्यापी रहेकोछ त्यसका निम्ति सबै प्रतिपक्ष भनेर हाम्रो सोलोगन नै बनिसक्या छ त्यसैले यो विधेयकमा पनि सत्तापक्ष र प्रतिपक्षको कुनै पनि संकेतसमेत आएन म खुसी व्यक्त गर्न चाहन्छुर सबै माननीयज्यूहरूले जो प्रक्रियामा गईसकेपछि सत्तापक्ष प्रतिपक्ष घेरा नराखेर यो विधेयकलाई चाहिँ छिटोभन्दा छिटो पारित गरी प्रदेशको चाहिँ सञ्चित कोष खडा गर्ने कुरामा, खर्च गर्ने प्रक्रियाअगाडिबढाउने कुरामा, आर्थिक पारदर्शीता र अनुशासन कायम गराउने कुरामा

र बजेट अबको चाहिँ तत्काल जो चाहिँ संक्षिप्त बजेट ल्याउने कुरामा र असार १को नियमित बजेट ल्याउने कुराको निम्ति बाटो खोल्न मद्दत हुने विश्वाससहित म चाहिँ माननीयज्यूहरूले उठाएका प्रश्नहरूलाई मैले सकेसम्म सम्बोधन गरेको छुर फेरि पनि तपाईंहरूका सुझावहरूलाई यो विधेयकमा सम्बोधन गर्ने विश्वाश दिलाउँदै आफ्नो भनाइ यँही टुङ्गयाउँछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू अब यो बैठक ०७४ चैत्र २१ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

***

# बैठक संख्या-९

(२०७४ चैत्र २१ गते बुधवार)

**माननीय सभामुख :** माननीय सदस्यहरू कर्णाली प्रदेश, प्रदेश सभाको पहिलो अधिवेशनको नवौं बैठकको कार्यवाहि प्रारम्भ हुन्छ । माननीय सदस्यहरू सरकारको ध्यानाकर्षण गराउनुपर्ने विषयमा यथास्थानबाटआफ्ना भनाइहरू राख्न चाहनुहुने माननीयसदस्यहरूलाई शून्य समयको व्यवस्था गरेको छु, सर्वप्रथम माननीय श्री मिनासिंह रखाल, समय १ मिनेट ।

**माननीय सदस्य श्री मिनासिंह रखाल :** माननीय सभामुखज्यू, म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु धेरै युवाहरू बेरोजगारीको कारणले विदेश पलान भइरहेको अवस्थामा र यस प्रदेशमा अहिलेको सुख्खायामले गर्दाखेरि, खडेरीको प्रकोपले गर्दाखेरि दैलेख जिल्लाकाबासीहरू यो सुख्खायामले गर्दाखेरि खाद्यान्नको असुरक्षाको महसुस गरिरहेको अवस्था छ र खेतीपाती दिनानुदिन सुक्दै गईरहेको अवस्था छ र म यहाँसमक्ष के माग गर्दछु भने खाद्यान्न सुरक्षाको लागि यो प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छुहवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय राजु नेपाली, समय १ मिनेट ।

**माननीय सदस्य श्री राजु नेपाली :** मननीय सभामुखज्यू, यस कर्णाली प्रदेशमा दिनानुदिन विभिन्न खालका घटनाहरू घटिरहेका छन् र यो घटनालाई असुरक्षाको महसुस गरेर हामी माननीय मन्त्रीज्यूहरू सबैलाई असुरक्षाको महसुस भएको छ । यसलाई कसरी हो कडाभन्दा कडा सुरक्षाको ग्यारेन्टी हुनुपर्छ भन्ने सभामुखमार्फत् म भन्न चाहन्छु हवस् धन्यवाद ।

**माननीय सभामुखः**-माननीय रातो कामी, समय १ मिनेट ।

**माननीय सदस्य श्री रातो कामी :** माननीय सभामुखज्यू, सभामुखको अनुमतिले म केही विषयहरू राख्न चाहन्छु । सर्वप्रथम त आज बिहान मात्रै प्रदेशको एउटा राजधानीभित्र क्याम्पस सडकमा भौतिक योजना मन्त्रीको गाडिमाथि ढुङ्गा प्रहार भएको छ । यो गम्भिर विषय हो सभामुखमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यो शान्ति सुरक्षाको विषयमा अलि बढी ध्यान दिनु पर्‍यो । अब यो प्रदेशको राजधानी बनिसकेपछि सबै ठाउँको एउटा चाहिँ सबै कामकाजले आउने मानिसहरूको पनि आउजाउ छ र यो एउटा सुरक्षाको विषयसलाई अलि बढी ध्यान दिनु पर्‍यो म ध्यानाकर्षण गराउन चाहन्छु ।

दोस्रो कुरा अब हामीले निर्वाचन भइसकेपछि विभिन्न ठाउँमा आफ्ना निर्वाचन क्षेत्रहरूमा विकास आदि इत्यादिका बारेमा हामीले कुरा गरेका पनि छौं र अबको यस वर्षको पूँजीगत बजेटका बारेमा अब छिटोभन्दा छिटो गर्नुपर्‍यो भनेर तल जनमानसबाट कुरो आईरहेको छ यसका बारेमा अलि बढी चाडाँ असार मसान्त हामीले यो बजेटका बारेमा पनि छलफल गर्न सरकारलाई म ध्यानाकर्षण गराउँन चाहन्छु र तेस्रो विषय हाम्रो रूकुमपश्चिमको एउटा विकट क्षेत्र आठबिसकोट नगरपालिका मात्रै नभईकन तल्लो डोल्पा र मतलव चाहिँ जाजरकोटको तल्लो भेगमा पर्ने सबै मानिसहरू अहिले अब बालबालिका, गर्भवती महिलाहरू र बुढाबुढीहरू र पहाडको भिरालो ठाउँ भएको हुनाले धेरै मान्छेहरू *(**माननीय सभामुख :** समय सकियो माननीय सदस्य)* धन्यवाद ।

**माननीय सभामुख :** माननीय सीताकुमारी नेपाली, समय १ मिनेट ।

**माननीय सदस्य श्री सीताकुमारी नेपाली :** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको गाडिमाथि आज बिहान आक्रमण भएको छ । गाडिमाथि गाडिमा माननीय धर्मराज रेग्मी पनि हुनुहुन्थ्यो गुण्डागर्दी शैलीमा गाडिमाथि आक्रमण भएको छ र आक्रमणपछि माननीयज्यूले आफ्नो ज्यान पनि एकदम त्रै त्रै अवस्थाबाट बचाउनु पर्ने स्थिति भयो र सुरक्षाको जिम्मा लिएको सुरक्षा निकायसले रेस्क्यू गर्नुपर्ने स्थितिमा रेस्क्यू नगरेको भन्ने पनि हामीले सुनेका छौं र गुण्डागर्दी शैलीमा जुन प्रकारको घटना भयो र त्यहाँ मलाई कस्तो लाग्छ भने यो कर्णाली प्रदेशको सरकार बनेको धेरै भएको छैन तीन महिना समय त सरकारी कामकाजहरू हेर्ने समय पनि हो सरकार निर्माण भएको डेढ महिना मात्रै बितेको छ । मुख्यमन्त्रीको राजीनामाको माग त्यहाँ गरिएको छ किन यति हतारो हो ?

सभामुख महोदय, मार्फत् म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु विभिन्न प्रकारका घटनाहरू घटिरहेका छन् र आज बिहानको घटनामा जुन गुण्डागर्दी शैलीमा त्यो आक्रमण भएको छ । त्यो गुण्डागर्दी शैलीमा उत्रिनेहरूमाथि सभमुखमार्फत् म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु र दलको तर्फबाट तो घटनाप्रति भत्सर्ना गर्न पनि चाहन्छुर उनीहरूलाई कडाभन्दा कडा कार्यवाहीको माग गर्न चाहन्छुधन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू आफ्ना भनाइहरू राख्न चाहनुहुने माननीयज्यूहरूलाई यथास्थानबाट आफ्ना भनाइहरू राख्न विशेष समयको व्यवस्था गरेको छु सर्वप्रथम माननीय श्री गुलावजंग शाह ।

**माननीय सदस्य श्री गुलावजंग शाह :** सभामुख महोदय, आज खासगरी कर्णाली प्रदेशको नवौं बैठक शुरू हुँदै गर्दा हामी यो कर्णाली प्रदेशलाई जसरी नामाङ्कन गरेर पहिलो कर्णाली प्रदेशको नामबाट हामी अगाडिबढिरहेका छौं । हामी चाहन्छौं यो प्रदेशमा शान्ति सुरक्षा पनि कायम होस्,हामी चाहन्छौं यो प्रदेशमा विकासको गतिले पनि तीव्रतालेयोस्, हामी चाहन्छौं विकासको पथमा पनि उन्मुक्ति पाओस्अगाडिबढोस् तर आज जसरी यो कर्णाली प्रदेशमा जुन खालको ढंगले यो उच्छृङखलगतिविधि भैरहेकोछ म सभामुख महोदयमार्फत् सरकारलाई भन्न चाहन्छु कि पहिलो कुरो शान्तिसुरक्षा, मुलुकलाई समृद्धि गराउने कुरा छ, मुलुकलाई विकास गराउने कुरा छ,मुलुकलाई प्रगतिको पथमा लैजाने कुरा छ र प्रदेशलाई सबैभन्दा अगाडिदौडाउनु पर्नेछ तर हामीले सबैभन्दा पहिलो ध्यान गर्नु पर्ने कुरा शान्तिसुरक्षा अमनचयन कायम गर्न सकेनौं सुव्यवस्थित ढंगले अगाडिबढ्न सकेनौं भने विकासको पथमा, समृद्धिको पथमा लम्कन सक्दैनौं। यसैले यसमा जो जस्ता व्यक्तिहरू संलग्न भएका छन् ती व्यक्तिहरूले हामीले ठिक समयमै कानूनको दायराभित्र ल्याउन सकेनौं, शान्तिसुरक्षा कायम गर्न सकेनौं भने समृद्धिको पथमा हामी अगाडि बढ्न सक्दैनौं । सभामुख महोदय मार्फत् म सरकारलाई यथोचित ढंगले पहिलो कुरो शान्तिसुव्यवस्था कायम गर्न अनुरोध गर्न चाहन्छुर हामी भन्न चाहन्छौं चाहे त्यो आन्तरिक होस् चाहे त्यो बाह्य होस् यो प्रदेशमा आउने जोसुकै मान्छेको पनि शान्तिसुरक्षामा हामीले ध्यान दिनुपर्ने छ भने आज यही प्रदेशका मन्त्रीहरूका गाडि सुरक्षित छैनन्,यस प्रदेशका सांसद महोदयको सुरक्षित व्यवस्थापन छैन भनेपछि हामी कसरी समृद्धिको यात्रामा हामी अगाडिबढ्न सक्छौं होला ?यो वास्तवमा चुनौतीको विषय छ । आज हामी यहाँ उभिदै गर्दा एउटा गाडिमा सवार रहेको माननीय सांसदको हत्या भई दिएको भए परिस्थिति कस्तो हुन्थ्यो होला ? कुनैपनि कुरालाई गम्भिरताका साथ "Morning Showsthe Day" भने जस्तै गरी हामीले ख्याल गरिएन भने भोलि गम्भिर ढंगले अप्ठ्यारा परिस्थितिहरू निर्माण हुन सक्छन् । त्यसैले समयमै शान्ति सुरक्षाको व्यवस्थापन गर्न सभामुख महोदयमार्फत् सरकारलाई अनुरोध गर्न चाहन्छुहवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय गणेश प्रसाद सिंह, समय ३ मिनेट ।

**माननीय सदस्य श्री गणेशप्रसाद सिंह :** माननीय सभामुख महोदयमार्फत् म केही जरूरीमहत्त्वका विषयमा म केही कुरा राख्न चाहन्छु र अब यो अघि माननीय पूर्ववक्ता माननीय कामरेडहरूले उठाएको मतलव पूर्ववक्ता माननीयज्यूहरूले उठाएको कुरालाई मैले विशेष जोड दिन चाहन्छु र यो जुन घटना घटो यो घटनाप्रति प्रदेश सरकारले गम्भिरतापूर्वक लिनु आवश्यक छ । किनकि यो सुरक्षासँग जोडिएको यो विशेष एउटा घटनाको रूपमा यसलाई लिइयोस् । गृह प्रशासन सुधार मार्ग चित्र, २०७४ यो कार्यान्वयन भएको छैन । अब यता आन्तरिक मामिला मन्त्रालय हाम्रो भर्खरै यो मन्त्रालयबाट ४० सुत्रीय कार्यक्रम पनि आएको छ तर यसलाई यसलाई सम्बन्धित निकायसँग लिंक गर्नको लागि त्यो गृह प्रशासन सुधार मार्ग चित्र, २०७४ को त्यो कार्यक्रम अन्तर्गत तल के भन्छ सामुदायिक प्रहरी कार्यक्रम शान्तिसुरक्षा सुव्यवस्थाको अबधारणा अन्तर्गत प्रत्येक गाउ टोलमा र शहर टोलमा यो स्थानीय जनप्रतिनिधिसँग जोडेर जिल्ला प्रहरी र जिल्ला प्रशासनसँग जोडेर यसलाई प्रदेश अथवा विभिन्न निकायसँग यसको Day To Day को सम्पूर्ण संयन्त्रसँग जोड्नुपर्छ जस्तो लाग्छ ।

अब पर्दाभित्रबाट र पर्दाबाहिरबाट हुने घटनाहरूको यो जानकारी लिने एउटा सरकारको कार्ययोजना बन्नुपर्छ । त्यसको एउटा चाहिने नमुना आज बिहानको एउटा ट्रायल हो जस्तो लाग्छ । यसको पर्दाभित्र अथवा बाहिर सरकारी गाडिमा हो वा सरकारी प्रतिनिधिप्रति हो यो ट्रायल हो जस्तो लाग्छ हैन यसलाई विशेष कार्ययोजनामा राखेर मतलव त्यो मार्ग चित्रमा जोडेर लानुपर्छ र यो निन्दनिय छ, यो आपत्ति जनक छ,यो घोर भर्सनिययोग्य छ र यसकालागि सरकारले गम्भिरतापूर्वक यसको कार्यवाही अगाडिबढाउँनु पर्छ र अब यो सँगै मैले अलिकति अस्तिको यो अर्थ विधेयकसँग सम्बन्धित अलिकति कुरा मैले राख्न खोज्या छु । जस्तो प्रदेशस्तरमा हामीले यसको मतलव अब बजेटिङ, नियन्त्रण र रकमान्तरण विशेष गरेर रकम नियन्त्रणको सवाललाई लिएर सार्वजनिकलेखा समिति निर्माण गर्नुपर्छ । लेखा समितिले नै निरन्तर अनुगमन गर्नुपर्छ, त्यसोगऱ्यो भने अब त्यो प्रभावकारी हुन सक्छ अन्तर्राष्ट्रिय, राष्ट्रिय एउटा संस्कार प्रतिपक्षलाई लेखा समितिको अध्यक्ष दिने भन्ने पनि एउटा संस्कार छ । त्यसो भयो भने चेक एण्ड ब्यालेन्स हुन्छ र हाम्रो बजेट वित्तीय निगरानीको कुरा, वित्तीय पारदर्शिताको कुरा र वित्तीय अर्थप्रणालीको चाइने सुशासनसँग जोडिएको कुरा यो चाहिने मतलवले आर्थिक समृद्धिको कुरा हुन सक्छ जस्तो लाग्छ मैले यत्ति कुरा राखे र अब विशेष गरेर यो विशेष ध्यान विशेष मैले ध्यान कतातिर मोड्न चाहन्छुभन्दा यो गाडिहरू प्रदेश भरी नै होला हाम्रो जिल्लामा पनि हो र त्यहाँ रिर्पोटहरू आईराख्छन् भाडाहरू मनपरी लिईएको छ, यातायात व्यवसायीले र त्यहाँ मतलव यात्रुहरू, जेष्ठ नागरिक, महिला,वृद्ध, अन्धा, अपाङ्गहरू अपमानित हुनुपर्ने असुरक्षित हुनुपर्ने र एकखालको जोखिमतामा यात्रा गर्नुपर्ने थिति छत्यसो हुदाँखेरि यसलाई अलि विशेष ध्यान दिनुपर्छ र अब यो यातायात सिण्डीकेट प्रणालीलाई यसलाई अलिकति बेलैमा सच्याउनुपर्छ र त्यहाँ असुरक्षित यातायात एउटा मतलव यो एउटा परिस्थिति छ यसलाई चाहिने सुधार्नुपर्छ। यतातिर ध्यानाकर्षण गराउँ । अरू बाँकि जस्तो हाम्रो खाद्यान्नको सुख्खा छ । ***(माननीय सभामुख :** समयसलाई ध्यान दिनुहोस माननीयज्यू)* यो वर्ष बर्षा नहुँदा खाद्यान्नको अभाव छ र प्रदेशभरी र हाम्रो जिल्लामा त पनि खाद्यको व्यवस्था गरियोस्र यो खाद्य अब वर्षाको समय आउन थाल्यो र यी लगायतका कुराहरूलाई अब समृद्धिकालागि सुरक्षा अभियान सुरक्षित प्रदेश जनअपेक्षा अभियानलाई विशेष ध्यान दिएर यसैसँगजोडेर यी घटनाक्रमलाई जोडेर अगाडिबढोस् सभामुखमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छुहवस त नमस्कार ।

**माननीय सभामुख :** माननीय अमृता शाही, समय ३ मिनेट ।

**माननीय सदस्य श्री अमृता शाही :** सभामुख महोदय, आज नवौं बैठक हुँदै गर्दा पहिलो चोटी बोल्दैछु । आज अरू सभामुख महोदय के रे माननीय सभासदज्यूहरूले भन्नुभयो घटनाको बारेमा त्यो घटना त मैले भर्खरै सुने अघि पहिला सुनेको थिइन । के कसरी घट्यो र यो घटना घटाउने मान्छेहरूलाई तुरून्तै कार्यवाही होस्, सरकारले कार्यवाही गरोस् र छानबिन पनि होस् यो घटनाको बारेमा भोलि बिहान हामीलाई पनि त्यस्तै नहुन, के हुन्न भन्न सकिन्न यसको बारेमा यति नै भन्छु र पर्यटन वर्ष, २०७५ रारा मनाउँदै गर्दा सरकारले अलिकतै यहाँनिर दुखः लाग्दो कुरो के छ भने हामी नेपाली काँग्रेसका विपक्षमा बस्दै गर्दा हामीलाई त्यो महसुस हुंदा हामीलाई बैठकमा अथवा त्यो छलफल हुंदा सहभागी हामी हुन पाएनौं,एक्कासी हामी सदनमा आएर मात्रै रारा महोत्सव वर्ष,पर्यटन वर्ष हुँदैछ भन्ने कुरा थाहा भयो र यसमा यस्ता यस्ता सानोतिनो गल्ति सरकारले हामीलाई कित हामी विपक्ष भएर कडा रूपमा जानुपर्छ होइन भनेपछि यस्तो महत्त्वपूर्ण बैठक हुँदाखेरि हामीलाई पनि सहभागी गरियोस् भन्ने सभामुख महोदयसमक्ष राख्छुर अस्तिनै देखि हो विकासको बारेमा छलफल हुँदै गर्दा सबै साथीहरूले बाटोघाटो, पुलपुलेशा भन्ने जसो सबै कुरा भयो तर यो अन्तर्राष्ट्रिय बिमानस्थल यो रामघाटको मदाने चौर भन्ने ठाउँमा बन्दैछ त्यसको बारेमा चाहिं कुरा धेरै उठेन एक जना माननीयज्यूले ठम्बर बिष्टज्यूले भन्नु भएको, थियो कुरा उठाउनु भएको थियो त्यो चाहिं किन यो हाम्रो कर्णाली प्रदेशको लागि एकदमै आवश्यक छ । त्यो बिमानस्थल भयो भने हाम्रो प्रदेशको देश विदेश, विदेश जानेलाई पनि सजिलो होला,विदेशबाट आउनेलाई पनि सजिलो होला यसतर्फ प्रदेश सरकारको ध्यान जाओस् किन कर्णाली प्रदेशको हाम्रो त्यो मदाने चौर भन्ने ठाँउ मुलद्वार पनि हो त्यो हाम्रो दशैवटा जिल्लाको मान्छे बाहिरभित्र गर्ने ठाँउ हुन भएको कारणले गर्दा त्यो बिमानस्थल एकदमै जोडतोडका साथ सरकारले त्यसमा कसरी हुन्छ शुरू होस् भन्ने ध्यानाकर्षण गराउँछु हवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय अमरबहादुर थापा, समय ३ मिनेट ।

**माननीय सदस्य श्री अम्मरबहादुर थापा :** माननीय सभामुख महोदय, आज बिहान भएको घटना वास्तवमा सरकारको ध्यानाकर्षण गराउनुपर्ने हो,कसरी ध्यानाकर्षण गराउँ भन्ने मलाई लागिराखेको छ सरकारै सुरक्षित छैन । सरकारको मन्त्रीको गाडि तोडफोड भएको  छैनतोडफोड भएकोछ । अब हामी कसरी सुरक्षित हुने होला भन्ने कुरा पो ध्यान दिनु पर्ने अवस्था आयो । त्यसैले बिहान भएको जुन घटना हो त्यो मन्त्रीको गाडि त्यहाँ किन गयो ?र मन्त्रीको गाडिलाई सुरक्षा किन दिन सकिएन ?पहिलो कुरा ।

दोस्रो कुरा,शान्तिसुरक्षा कायम गर्ने प्रहरीहरूलाई सूचना दिंदादिदै पनि माननीय त्यहाँ कुटिएका छन् अथवा चाहिने त्यसको आक्रमण अवस्था छ तर सुरक्षाकर्मी त्यहाँ पुग्दैन र त्यो सुरक्षाकर्मी त्यहाँ नजानुको कारण के हो ?घटना भइसकेपछि घटनाको जानकारी भई सकेपछि त्यहाँ सुरक्षाकर्मी तत्काल जानु पर्छकि पर्दैन ?यो यहाँ २ कि.मि त छैन ? २०० मिटरको दुरीमा रहेको सुरक्षाकर्मीले त्यहाँ किन निगरानी गर्न सकेन र ती मान्छे जुन अपराधी चरित्रका मान्छेहरू थिए ती मान्छेहरूलाई किन पक्राउ गर्न सकिएन ? त्यसकारणले पहिला कुरा सरकार आफैं सुरक्षा छ कि छैन त्यो सुरक्षा गर्नका निमित्त पब्लिकको सुरक्षाभन्दा पनि सरकारको सुरक्षा गर्नुपर्ने सरकारले के ध्यान दिएको छ ?र हामीले ध्यानाकर्षण मात्रै गराउनेहोइन उहाँहरू आफैं चिन्तित हुने कुरा होला । आफ्नै सुरक्षा नभएपछि अब अरूको सुरक्षा कसरी दिने भन्ने कुराको महसुस गर्नु भएको होला तर यसको विषयमा तत्काल छानबिन होस् र छानबिन गरेर अपराधीलाई कार्यवाही होस् यहि माग गर्न चाहन्छु ।

अब यो सुरक्षा दिन सकिएन भने सुशासन कसरी दिन सकिएला ?शान्तिसुरक्षा महत्त्वपूर्ण कुरा समृद्धिको लागि अघि माननीयसले भने जस्तै समृद्धिको लागि पनि शान्तिसुरक्षा नै, शान्ति सुरक्षाको निमित्त व्यवस्थित तरिकाले यो सरकार अगाडिबढोस् यहि भन्न चाहन्छु ।

अब एउटा अर्को कुरा, म यहाँ भन्न चाहन्छु यहाँ आज सबैले पारिश्रमिकका कुराहरू आएका छन् । माननीय जनताबाट निर्वाचित सांसदहरू हामी उपसचिवभन्दा तल राख्ने प्रक्रिया कहाँबाट भयो ?यो किन कसरी भयो ?या त प्रदेशका ती गाविसका अध्यक्षसरह कै यी प्रदेश पनि त्यहि हो भन्न पऱ्योबोलाउँदा माननीय सदस्यहरू भन्ने अनि माननीय सदस्यहरूको मर्यादा उपसचिवसरहको राख्ने यो प्रक्रिया कहाँबाट बढेको हो ? त्यसकारणले यो सरकारले तत्काल यसको मर्यादाको निमित्त केन्द्रीय सरकारसँग तत्काल माग गरेर यी सबै कुराको अगाडिआवाज उठाओस् यो सरकारसँग सभामुखमार्फत् सरकारसँग म आग्रह गर्न चाहन्छुर दोस्रो कुरा, अहिले सरकार गठन भएको छ  यहाँ सचिवहरूको उपस्थिति छ तर सवारी साधन नै छैन । कुनै प्रदेशमा २०/२५ ओटा सवारी साधन गईसके हामीकहाँ किन आउँदैन ?के यसलाई फेरि पनि अपमान गर्न खोजिएको हो ? यो कर्णाली प्रदेशलाई यो संघीय सरकारले फेरि पनि अपमान गर्न खोजेको हो भने यसको निमित्त यो सदनबाट के आवाज उठाउनुपर्ने हो यो आवाजका साथ हामीले एकाधिकार अधिकार कायम गर्न पाईदैन सबै समान तरिकाका यी प्रदेश हुन संवैधानिक व्यवस्थाअनुसार सात वटा प्रदेश सम्मानजनक छन् भन्ने कुराको हामीले केन्द्रीय सरकारको पनि ध्यानाकर्षण गराउनु पर्ने अवस्था छ । ***(माननीय सभामुख :** समयसलाई ध्यान दिउँ माननीय)* अहिले यो बाटो अहिले पनि अप्ठ्यारो अवस्थामा छ दैलेख, सुर्खेत दैलेखको बाटो टुलेनको बनाउने कुरा र सुर्खेत दैलेख हुँदैजुम्ला जाने बाटोलाई टुलेनको बनाएर अगाडिबढाउने कुरा यो सरकारको ध्यानाकर्षण होस भन्ने कुरा राख्दै म सबै यी कुराहरू तत्काल सरकारले हामीलाई कामकाज गराओस् यी माग भएका कुराहरू जानकारीमा हामी यो सदनलाई जानकारी होस् भन्नेकुरा राख्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री वीरबहादुर शाही, समय ३ मिनेट ।

**माननीय सदस्य श्री वीरबहादुर शाही :** सभामुख महोदय, आज भर्खरै मन्त्रीको गाडिमा यसरी धर्मराज रेग्मीजी चढेको गाडिमा ढुङ्गामुडा भएकोमा म यो सभामुखयो सदनलाई चाहिँ ध्यानाकर्षण गर्न चाहन्छु र यसलाई कडाभन्दा कडा कार्यवाही हुनुपऱ्यो र एउटा म डोल्पा जिल्लाबाट फेरि भर्खरै पुष २६ गते आगलागी भएको छ र दशवटा घर क्षति भएका छन् यसको लागि राहतको लागि सभामुख महोदयसलाई म अनुरोध गर्न चाहन्छु । गुटेचौर निवासी होट गाँउमा नन्द बुढाको लगायत दश जनाको घरको क्षति भएको छ । त्रिपूरा नगरपालिका वडा नं. ८ मा बाख्रामा एउटा घर क्षति भएको छ र त्रिपूरा नगर अन्तर्गत कै वडा नं. ६ तुल्सीङमा तीन जना मान्छे आगलागी भएर मृत्यु भएका छन् । साउदी चलाउने लगायत ३ जना मान्छेको नाई एक जनाको नेपालगंजमा ३ जना काठमाण्डौ उहाँहरूको निधन भएको छ र यो सरकारले राहतको लागि मैले अनुरोध गर्न चाहन्छु र अर्को डोल्पा जिल्लामा अमूल्य जडिबुटी अब यो बैशाखबाट शुरू भयो म सरकारलाई जानकारी दिन चाहन्छु डोल्पा, मुगु र रूकुममा पाउने यार्चागुम्वा जडिबुटी यो बिक्रीहुने चाईनाको टुयाटुको भाउमा जाने नाकामा यो तत्कालै सुरक्षा राखिदिनलाई म अनुरोध गर्न चाहन्छु । सिधै चाईना भएर......................(नबुझिएको) लिपी हुँदै जगदुल्लगा काईगाउँहुँदै फोक्सोण्डो ज्याला हुँदै लाग्ने म ध्यान गर्न चाहन्छुकि यो वर्ष भित्रै केन्द्र सरकारलाई बजेटको लागि आग्रह गर्नुपऱ्यो र अर्को जुम्ला हुँदै डोल्पाको लागि लिने बाटो खिड्कीजिउला सम्म अहिले पुगिसकेको छ र त्यसभन्दा माथि रकम विनियोजन भएको पनि छैन यसैको लागि म बजेट ध्यानाकर्षण गर्न चाहन्छुर एउटा

हुँदै जुम्ला जोडिने सडकलाई मैले यो सरकारको ध्यानाकर्षण गराउँन चाहन्छुर डोल्पा जिल्ला भौगोलिक हिसाबले यति ठूलो जिल्ला कृषि र पशु क्षेत्रमा चाहिँ अब व्यवसायीक हिसाबले उपल्लो डोल्पा क्षेत्र, उपल्लो डोल्पाको स्यालदाङमा चौरी च्याङग्रा फार्म र जगदुल्ला गाउँपालिकामा चाहिँ यो चौरी फार्मको आवश्यकता भएको हुनाले ***(माननीय सभामुखः** समयलाई ध्यान दिनु)* यो कुरालाई जानकारी गराउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** अब माननीय श्री कुर्मराज शाही, समय ३ मिनेट ।

**माननीय सदस्य श्री कुर्मराज शाही :** माननीय सभामुख महोदय, आज बिहानलाई केहि यो अपराधजन्य कार्य हो । यो अपराध गर्ने अपराधीलाईकानूनी कठघरामा ल्याएर त्यसलाई कार्यवाहि गर्नुपर्छ यो म माग गर्न चाहन्छुर हिजोमात्रै हाम्रो आर्थिक कार्यविधि विधेयक पेश भएको छ र त्यो विधेयकमा अँ सायद मलाई लाग्छ महत्त्वपूर्णकुरा भएको प्रदेशको सञ्चित कोषको प्रदेशको सञ्चित कोषलाई बलियो र मजबुत बनाउँनको निम्ति यो प्रदेशको प्राकृतिक साधन र स्रोतहुन जरूरी छ । प्राकृतिक साधन र स्रोतलाई हामी भरपूर्ण ढंगले र उपयोग गर्न सकेनौं र त्यसलाई नियन्त्रण गर्न सकेनौं भने मलाई लाग्छ यो प्रदेशको र प्रदेश सञ्चित कोष मजबुत हुन सकेन र त्यो बढी भएको प्रदेशको समृद्धिहुन सक्दैन यो सम्भव हुँदैन । यो भएको हुनाले यो प्रदेशमा ३ वटा जिल्लामा पाईने काईनिकलाई कालिकोट जिल्लामा, दैलेखमा र त्यसपछि जाजरकोट जिल्लामा पाईन्छ र त्यो काईनिक केन्द्रबाट विगतमा केन्द्रबाट .............(नबुझिएको)सायद मलाई लाग्छ किलाईसेन्सको बनाएका छन् र उनीहरूले काम गरिरहेका छन् । काम त्यो एउटा विधिबाट चल्नेभन्दा पनि एउटा लिगल्ली प्रोसेसबाट चल्नेभन्दा पनि उनिहरूले राख्ने कुरा रातारात .............(नबुझिएको)र निश्चित रोयल्टी मात्रै तिर्ने कालिकोट जिल्लामात्यतिबेलाको जिल्ला विकास समितिलाई ३६००० मात्रै भएको छ जुन .............(नबुझिएको)र त्यहाँको गाउँपालिका त्यतिबेला भर्खर गाविसमा चाहिँ गाउँमा पनि १ लाख मात्रै तोकेर दिएका छौं । त्यत्रो मलाई लाग्छ केवल डेढ लाख मात्रै रोयल्टी नहोला त्यो भएको हुनाले हामीले सुनेका छौं कि भारतमा ५००० क्वीन्टल चाहिँ मलाई लाग्छ काईनेटहरू बिक्रि भएको छ (.............नबुझिएको) । यहाँ ७००० को दरले १ किलो बिक्रि हुन्छ भने जयपुरमा जाँदा ८० हजार भारू १ किलो पर्छ त्यसको यो भएको हुनाले अहिले पनि अवैधानिक ढङ्गले शुरू हुन्छ .............(नबुझिएको)म यो सभामुखमार्फत् यो गरिमामय सदनमा सरकारको ध्यानकर्षण गराउन चाहन्छु र यसलाई तत्काल रोकेर मलाई लाग्छ त्यहाँ एउटा के एउटा विधि अर्को कुरा अनुगमन गर्ने प्रदेशले .............(नबुझिएको) तिनीहरूलाई नियन्त्रण गर्‍यो भने मलाई लाग्छ त्यहाँ काईनेटबाट त्यहाँ ठूलो राहात हुन्छ सञ्चित कोषलाई मजबुत गर्ने आधारको रूपमा रहन्छ मलाई लागेको छ र अर्को कुरा जानकारी गराउनुपर्छ जस्तो लाग्छ मलाई केन्द्र संघको मातहतमा होला मेगा प्रोजेक्टहरू तिला हाईड्रो वान, तीला हाईड्रो टु अहिले के भइरहेको छ तभन्दाखेरि चिनको एउटा कम्पनीले यो सिजवान कम्पनीले मलाई लाग्छ यो वर्ष साउनदेखि काम प्रारम्भ गर्दैछ र अर्को मलाई लाग्छ सहमति र सम्झौता पनि भइसकेको छ र यसैगरी मलाई के लाग्छभन्दाखेरि विद्युत प्राधिकरणले .............(नबुझिएको) छिन्चुसम्मको सर्भे गर्नको निम्ति .............(नबुझिएको) यसको सदर भइसकेको छ यो भएको हुनाले जानकारी मलाई लाग्छ यो सभामुखमार्फत् यो प्रदेश र यहाँका सरकारलाई होस् र यो जानकारी दिन आनाकानी गरिरहेका छन् यो जानकारी प्राप्त गर्नका निम्ति मैले सरकारले ध्यानकर्षण.......... (नबुझिएको) गरोस् भन्ने माग गर्न चाहन्छुधन्यवाद ।

**माननीय सभामुख :** माननीय धर्मराज रेग्मी, समय ३ मिनेट ।

**माननीय सदस्य श्री धर्मराज रेग्मी :** माननीय सभामुख महोदय, माननीयज्यूले उठाउनु भएका इस्सुहरूमा पनि बिहानको घटनाको बारेमा सम्मानीत सदनलाई मैले जानकारी पनि गर्नुपर्छ संसदका आ-आफ्ना विषयहरू सभामुखले रूलिङ गर्दा पनि नगर्दापनि सरकारले .............(नबुझिएको)संसदमा माननीयहरूले राखिसकेको विषयमा हरेक विषयमा सभामुखले नै .............(नबुझिएको)सभामखु महोदय माननीयहरूले राखिसकेको विषयमा गम्भिरतापूर्वक लिनुपर्छ र लिनुहुन्छ भन्ने मैले आशा गरेको छु ।

अँ बिहान म भौतिक पूर्वाधार मन्त्रालय............(नबुझिएको) कानूनी विषयमा भौतिक पूर्वाधारमा आउन म खजुराबाट आईरहेको थिए मध्यपश्चिम विश्वविद्यालयको गेटमा .............(नबुझिएको)विद्याथीहरू चाहिँ .............(नबुझिएको) यी कुराहरू संसदमा राख्दा म आफैं.............(नबुझिएको) विश्वविद्यालयबाहिर विद्यार्थीहरू नारा लगाउछन्, उनीहरू तोडफोड गर्छन् । विश्वविद्यालयको बाहिर गेटबाट आउँदा गाडिमा .............(नबुझिएको) ल ठिक छ हामीले पनि विश्वविद्यालय शिक्षा लियौं । विश्वविद्यालयहरू के सिकाउछन्, विश्वविद्यालयका पदाधिकारीहरू यी गतिविधिहरूलाई नजिकबाट निगरानी गर्छन कि गर्दैनन् यो सम्मानीत सदनलाई अबगत गराउन चाहन्छु सभामुख महोदय ।

त्यो गाडिमा बाहिर नारा लगाइएकोभित्र रहेको थियो मैले उनिहरूले भकाभक ढुंगा हानि सकेपछि सौभाग्य मैले आजआएर संसदलाई बोल्दैछु । विशेषगरी त्यो ढुंगा लागेको त्यो चालकको मुनी मैले नराखेको भए यो संसदले पारित गर्नुपर्थ्यो म यहाँ संसदमा बोल्न सक्थिन त्यसो भएको हुनाले । प्रदेशमा सुरक्षाको बारेमा अलिकति सोचियोस् कोहिपनि सांसदहरू सुरक्षित छैनौं । जनता सुरक्षित छन् कि छैनन् भनेर यदि त्यो ढुंगा लागेको भए अँ मैले समयमै जानकारी गराएँ । मैले सरकारलाई अनुरोध गरें । जानकारी गराएको छु मैले यहि शब्द भने हुन्छ भन्नु भो त्यसपछि मैले त्यहाँ बसें रेस्क्यु गरे म त्यसपछि बजारबाट रेस्क्यु मैले यसको जानकारी दिएँ सुरक्षा हामीलाई सुरक्षा छन् हामीलाई जानकारी छ । प्रदेश कानुन् छैन त्यसकारण प्रदेश कानून नभएको कारण पुलिस यस कारणपनि छैनन् भेर यस बारेमा पनि सोच्नु पर्छ सभामुख महोदय ।

अर्को कुरा के हो भने सुरक्षा कर्मी सुरक्षाधारी कसरी हुन सक्छन् मलाई म त्यो बाटो हिड्दा त्रसित हुन्छु । म त्रसित हुन्छु त्यसो हुँदा हामी सुरक्षित हुने वातावरण कसरी बनाउँने ? बजारमा माननीय सभामुख हुनुपर्छ । मन्त्रीलाई के विश्वास लाग्यो भे तपाईंहरू जानसक्ने वातावरण हुन्छकि हुँदैन ? बिहान जे घटना घट्यो त्यो निन्दनीय छ । अपराधिक गतिविधिहरूको लुकाउनु हुँदैन । मैले यो अपराधलाई कडाभन्दा कडा कार्यवाही गर्नुपर्छ कार्यवाहिको आशा, अपेक्षा राख्छु निवेदन गर्दछु ।

**माननीय सभामुख :** माननीय, माननीय बद्मी क्वारी बोहोरा, समय तीन मिनेट ।

**माननीय सदस्य बद्मीक्वारी बोहोरा :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशको पहिलो अधिवेशनको नवौं बैठककोअवसरमा पहिलो पटक बोल्दै छु । यो कर्णाली प्रदेश प्रासीको लागि ज्यानको आहुती दिनुहुने सम्पूर्ण सहितहरू प्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । सभामुखज्यूकाअनुसार म यो विषयमा प्रवेश हुन चाहन्छु । भर्खर माननीय वीरबहादुर शाहीले केहि कुरा राखिसक्नु भएको छ । गाउँपालिका मिति २०७४ नौ महिना २६ गते दिनको २ बजेतिर भिषण आगलागी भई १० घरसहित सोही स्थानमा भएको कुलदेवता मस्टाको मन्दिर र मन्दिरभित्र रहेका बहुमुल्य धातुका मुर्ति जलि एक करोड ३४ लाख ६४ हजार सामानहरूको क्षति भएको सभामुखज्यू मार्फत् प्रदेश सरकारलाई जानकारी गराउँन चाहन्छु र सभामुखज्यू मार्फत् यो पनि जानकारी गराउँन चाहन्छु कि सभामुखज्यू मार्फत् यो पनि जानकारी गराउन

चाहन्छु कि सोही जिल्लाको त्रिपूरा सुन्दरी नगरपालिकाको वडा नं. ६कोवनमा आगलागी हुँदा तीन जना महिला एउटा १६ वर्षको बहिनी जलेको र ५५/६० वर्षको एक जना अन्दाजी उमेर ६५ वर्षको एक जना नन्दा चलाउने, नन्दा चलाउने र नन्दा चलाउने र अर्को अँ एक जना अर्को साथी उहाँको साथी चलाउने नै यहाँ चलाउने औषधी उपचारको क्रममा नेपालगञ्ज र काठमाण्डौमा दुखद निधन भएको जानकारी गराउन चाहन्छुर उपचारको क्रममा काठमाण्डौको ट्रमा सेन्टरमा र नेपालगञ्जको नर्सिङ्ग होममा उहाँहरूको दुखत निधन भएको छ रसोही पाहाडको हाम्रो जिल्ला सुन्दरी नगरपालिका वडा नं. ८ पाखरा, पाखारामा एक जना दलितको घर आगलागी हुँदा तीनलाख ६४ हजारको क्षति भएको छ र यसरी कर्णाली अञ्चलको केरे कर्णाली प्रदेशकै हुम्ला जिल्ला ताजाकोट गाउँपालिका अँ घरमाणमा ३० घर दुई सहित भेडा बाख्रा जलि भएको उक्त घटनामा स्थल घटना स्थलमा मुख्यमन्त्रीज्यू लगायत सामाजिक मन्त्री, कानून मन्त्रीज्यू सहितको टोली गई पीडितलाई राहात वितरण गरी आउँनु भएको छ र सम्पूर्ण क्षति भएको सम्पूर्ण जिल्लाका तातोपानिका र वडामा प्रदेश सरकारको ध्यानाकर्षण प्रदेश यो सभामुखज्यू मार्फत् यो गरिमामय सदनमा त्यहाँको जनतालाई यो राहतको अनुभूति हुने गरी राहत वितरण सिधै यो व्यवस्था गरियोस् भन्दै आज यो प्रदेश सरकारलाई पहिलो पटक यो सुर्खेतको बिमानस्थलमा सञ्चालित बुद्ध एयरको जहाजलाई यो प्रदेश सरकारलाई धन्यवाद दिँदै प्रदेशमा आज पहिलो पटक गएको छ । आज हामी यो ठाउँमा आएर यो प्रदेशमा आएर हामी सभासद भएदेखि पहिलो पटक जहाज ल्याण्ड गरेको देखेको छु । प्रदेश सरकारलाई धन्यवाद दिँदै मेरा भनाइ यहिँ अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कौसिलावती खत्री, समय तीन मिनेट ।

**माननीय सदस्य श्री कौसिलावती खत्री :** माननीय सभामुखज्यू, यो कर्णाली प्रदेशको समृद्धिर विकासको लागि म आफ्ना सुझाव, भनाइ सहित यो कर्णाली प्रदेशको सरकारलाई सभामुख मार्फत् जानकारी गराउन चाहन्छु । सबैभन्दा पहिला त यो प्रदेशमा शान्ति सुरक्षाको कायम गर्नको लागि प्रदेशको, प्रदेश मन्त्रालयको नजिकै माननीय मन्त्री माननीय धर्मराज रेग्मी चढेको गाडि भौतिक पूर्वाधार मन्त्रालयको गाडिमा यसरी प्रदेश सरकार नजिकै मन्त्रालय नजिकै हुँदा यसलाई कर्णाली प्रदेशका जनताले कसरी सुरक्षाको अनुभूति गर्छन् मैले त्यो प्रश्न राख्न चाहन्छु र यस्तो निन्दनीय घटनालाई तुरून्त दोषीलाई कारबाही गरी, दोषीलाई कारबाही गरेर कर्णाली प्रदेशले जनताको सुरक्षा छ भनेर प्रत्याभुति दिन सकोस् । अर्को दीगो विकास प्रर्णालीको प्रबर्द्धन गरी भोकलाई खाद्य सुरक्षा गुणस्तरिय पोषण कृषिमा रोजगार सिर्जना गर्नलाई खाद्य पदार्थलाई निरूत्साहित गरियोस् । चाहिने सामान हासिल गर्न समावेशीदीगो आर्थिक वृद्धिका लागि मुलक रोजगारी मर्यादित कामको प्रबर्द्धन गर्दै बेरोजगारीको न्यूनीकरण गरियोस् । उत्पादनशिल विवेकको पूर्वधार निर्माण गर्न राष्ट्रिय गौरबका विद्युतीय योजनाहरू निर्माण गर्न उच्च प्राथमिकता दिनुका साथै वैकल्पिक उर्जाको वैकल्पिक उर्जामा गर्नेलाई प्रोत्साहन गरियोस् । समतामुलक मुलुक शिक्षा स्वास्थ्य सुनिश्चित र आजीवन सिकाईको गरियोस् । हुम्ला, मुगु डोल्पासँग जोड्ने चिनका नाकामा निर्माण गरिने सडकहरू यो सरकारको उच्च प्राथमिकतामा राखियोस् । यो सरकारको समृद्धिको लागि र विकासको लागि विश्वबैंकसँग तुरून्त सस्तो मोलमा र सस्तो दरमा लोन सम्झौता गरेर सम्झौता गर्न यो सरकारले पहल गरोस् । गलत कार्यलाई कानूनबमोजिम कारबाही गर्न र पीडितलाई उचित सहयोग र सम्मान गर्नका लागि कर्णाली सरकारको तर्फबाट म यहाँ माननीयज्यूहरूको संयोजकत्वमा एउटा समितिगठन गरियोस् । किनभने आजसम्म सुर्खेत नजिकै राजधानी नजिकै हृदय विदारक घटना गोरीकला रोकायाको भएको थियो बलात्कार पछि मृत्यु भएको थियो संरक्षकले पनि आज अत्यन्तै अमानवीय व्यवहार गरेको देखिन्छ । यो अझैपनि छानबिन भएको छैन र दोषीलाई कारबाही गरिएको छैन । यसको लागि समिति

गठन गर्न माग गर्दछु । अन्तमा भ्रष्टाचार पूर्ण रूपमा सुशासन, सुशासनयुक्त कर्णाली प्रदेश बनाउँन सबै विधेयकहरू ल्याउन सरकारसमक्ष सभामुख मार्फत् ध्यानाकर्षण गर्दै बिदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री सुशिलकुमार थापा, समय तीन मिनेट ।

**माननीय सदस्य श्री सुशिलकुमार थापा :** माननीय सभामुख महोदय, सभामुखको अनुमतिले केहि कुराहरू राख्नु चाहन्छु । हाम्रो कर्णाली प्रदेशको सरकारले केहि समय अगाडि कर्णाली रारा पर्यटन वर्ष, २०७५ मनाउने घोषणा भइसकेपछि तीव्र गतिमा अगाडिबढिरहेको छ । फेरि यसका बारेमा योभन्दा अगाडिपनि सदनमा थुप्रै कुराहरू उठिसकेका छन् तर यो पछिको समयमा विभिन्न ठाउँमा विभिन्न खालका सामाजिक सञ्जालदेखि विभिन्न खालका कुराहरू कर्णाली रारा पर्यटन वर्षका बारेमा उठिरहँदा मैले यसका बारेमा केहि कुरा राख्न चाहन्छु । जस्तो कर्णाली रारा पर्यटन वर्ष, २०७५ हाम्रो लागि हामीले मनाईरहँदा हाम्रो लगभग भइरहेको छ तर पनि यसलाई कर्णाली पर्यटन वर्ष मात्रै भनेर कर्णाली रारा एउटा रारालाई मात्रै नजोडेर कर्णाली पर्यटन वर्ष, २०७५ बनाएको भए राम्रो हुन्थ्यो वर्ष सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । किनकि रारा सँगै जोडिएको शे-फोक्सण्डो लगायतका थुप्रै चाहे सल्यानको कुपिण्डे दह होस् चाहे दैलेखको पञ्चकोशी होस् सुर्खेतको काँक्रिविहार, देउतीबज्यै, बुलबुले यो लगायत थुप्रै हामीसँग भएको पर्यटकीय स्थलहरू हुँदाहुँदै पनि हामीले रारालाई मात्रै जोड गर्दा एक वर्ष भरी पर्यटन वर्षको रूपमा मनाउदा अँ थुप्रै खालका टिकाटिप्पणीहरू भइराखेका छन् । यसकारण सकिन्छ भने कर्णाली पर्यटन वर्ष २०७५ मनाएर हामी कर्णालीका १० वटै जिल्लामा भएका पर्यटकीय स्थलहरूकोड गरेर यसलाई कर्णाली पर्यटन वर्ष मनाउने पर्यत्न गरियो भने ध्यानाकर्षण गराउन चाहन्छु । त्यसैगरी हामीसँग राष्ट्रिय गौरबको अपर कर्णाली ९०० मेगावाट जलविद्युत आयोजना जियमआर कम्पनीले बनाउने जुन काम अगाडिबढाईरहेको छ उसको गति हेर्दा एकदमै सुस्त गतिका साथ अगाडिबढाईरहेको हामीले देखि राखेका छौं । केहि समय अगाडिमात्रै हामीले हेर्दा जिएमआरकै संलग्नतामा या आफ्नो गाडि आफैं जलाएर तर जिएमआर गाडि अज्ञात समुहले जलायो भनेर भ्रामक समाचार सम्प्रेषण गरेको कारण हामीलाई शंका छ । कतै जिएमआरले नाग्लो ठोकेर हात्ति तर्साउने भने जस्तै काँही कतैकोहि व्यक्तिहरूलाई अथवा कुनै समुहलाई संलग्न गराएर कम्पनीमाथि निर्माण गर्न असुरक्षित भईयो भन्ने तहबाट अगाडि बढेर क्षतिपूर्ति लिएर भाग्ने तरिका अपनाउदैछ कि भन्ने शंका छ ।

यसकारण यस अनुमति असोज ३ गते सम्म २०७५ साल असोज ३ गतेसम्म छ । यतिबेला सम्म छिटोभन्दा छिटो हाम्रो गतिलाई लिएर निर्माण गर्न हामी आग्रह गर्नुपर्छ । यद्यपी यो समयभित्र भएन भने प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु कि अब जिएमआर कम्पनीलाई पुनः फेरि समय नथपेर यसलाई रद्दगराएर जिएमआर कम्पनीलाई कालो सूचिमा राखेर हामी अगाडिबढौं । नयाँ ढंगले अगाडिबढ्न पर्छ भन्ने आग्रह गर्न चाहन्छु र दैलेखमा अत्यन्तै गुठीको समस्या छ धन्न धन्न भन्नुहुन्छ भने दैलेख क्षेत्र नं. २को प्रदेश सभा एकमा दुल्लु र भैरवीको धन्न धन्न ६० प्रतिशत जग्गा गुठी भएकोले आज त्यहाका जनता पक्कै समस्यामा छन् पक्कै यो कुरालाई सम्बोधन गर्दै गुठीको समस्या समाधान गर्नका लागि हामीले प्रदेश सरकारमार्फत् कानून बनाएर अगाडिबढ्नुपर्छ । म यो कुरा यहाँहरूका बीचमा राख्न चाहन्छुर हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा आईसके पश्चात पनि अहिले पनि जिल्ला समन्वयमा गईसकेका जिल्लाका सबै कार्यालयहरू समन्यमा गईसकेको र स्थानीय निकाय हामीले प्राप्त गर्न सकिसकेको र हामीले विस्तारै स्थानीय निकायसलाई रिसर्च गर्न पनि कतिपय जिल्ला पूरानै अवस्थामा जिल्ला कार्यालयहरू अहिले पनि भइरहेको अत्याधुनिक भवनहरू निर्माण भइरहेका छन् । यतातिर ध्यान केन्द्रीत गरेर त्यसलाई ***(माननीय***

***सभामुखः*** *समयसलाई ध्यान दिउँ।* र अर्को कुरा, हाम्रो दैलेख जिल्लाको शिरस्थान, नाविस्थानमा भएको हामीले सुनिराखेका छौं पानीमाथि आगो बल्ने दैलेख जिल्ला हो साँच्चै त्यस्तो अवस्था छ तर त्यसलाई योभन्दा अगाडिअर्थात अहिलेको प्रधानमन्त्री पहिलो पटक प्रधानमन्त्री हुँदा यहाँकै नेतृत्वमा त्यसलाई उत्खनन् गर्ने भनेर सर्भे भएको थियो र अहिले यो कुन अवस्थामा पुगेको छ यसलाई हामीले तत्काल उत्खनन गरेर त्यहाँ भएको पेट्रोलियम ग्यास र पेट्रोलियम पदार्थको उत्खनन गर्ने कामलाई हामी ध्यान दिनुपर्छ र यो प्रदेश सरकारले, प्रदेश सरकारले यसलाई छिटोभन्दा छिटो अगाडिबढाउँने पर्यन्त गरोस् भन्न चाहन्छुहवस तधन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री पद्मा खड्का, समय तीन मिनेट ।

**माननीय सदस्य श्री पद्मा खड्का :** सभामुख महोदय, अँ यस अधिवेशनको नवौं बैठकको यस सदनमा मैले विशेष यहाँ आफ्ना अगाडिउठिरहेका आवाजहरू अझैपनि सुस्त गतिमा जनताले शान्ति सुरक्षाको प्रत्याभुति हुने गरी महसुस नगरेको एउटा जुन जनआवाजलाई यहाँ मैले राख्न चाहन्छु । आज बिहान मात्रै भौतिक पूर्वाधार मन्त्रीको गाडिमा माननीय सदस्य चढेको र यो समयमा जुन घटना घटिएको छ त्यो घटना असाध्यै निन्दनीय छ । एकदमै यो घटनाले गर्दा यो कर्णाली प्रदेशका माननीय सदस्यज्यूहरूलाई असुरक्षित भएको महसुस भएको छ र यो घटनाका दोषीलाई कडाभन्दा कडा कारबाहीका लागि पनि म माग गर्न चाहन्छुर यसै गरी सुर्खेत जिल्लाको प्रदेशको राजधानी जहाँ प्रदेश सरकारका अगाडिउपस्थित हुँदाकै जुन घटना घटिरहेका छन् । पञ्चपुरी नगरपालिकामा घटेको घटना आज पनि यहाँका राजधानीका बासिन्दाले यो घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कडाभन्दा कडा कारबाही गरियोस् भन्ने हेर्न चाहिरहेका छन् तर पनि यसको घटनाको बारेमा सत्यतथ्य छानबिन बाहिर आईरहेको अवस्था छैन । यो घटनालाई अझ सुस्त गतिमा फितलो रूपमा हेरिरहेको अवस्था छ । सुरक्षा निकायबाटै सुरक्षा दिने जनतालाई सुरक्षाको प्रत्याभुति दिलाउने अङ्गबाट यो घटना घटिरहेको छ तर पनि यो घटनालाई संवेदनशिल भएर अगाडि बढेको देखिदैंन । जनताहरू आज जान्न चाहन्छन् यो घटनाको विषयमा त्यसकारण यो घटनालाई सत्यतथ्य वास्तविक कुरा छानबिन गर्नका लागि पनि प्रदेश यो सभा गरिमामय सदनमा छानबिन समिति गराएर कडाभन्दा कडा दोषीलाई कारबाही गर्नका लागि जोडदार म माग गर्न चाहन्छुधन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री दानसिंह परियार, समय तीन मिनेट ।

**माननीय सदस्य श्री दानसिंह परियार :** सभामुख महोदय, यस नवौं बैठकमा विशेष समयमा बोल्ने अवसर प्राप्त गरेको छु र विशेष गरेर आज धेरै माननीयज्यूहरूले बिहानको घटना भन्नु भएको छ । यो आफैंमा एउटा नितान्त र यो जुन हामीले गर्न खोजेको व्यवस्था जुन अभ्यास गरिरहेका छौं त्यस माथिको प्रहार हो भन्दै यसलाई बुझेका छौं र मलाई लाग्छ सभामुख महोदय, कम्रेड मार्क्सले भन्नु भएको छ हरेक क्रान्तिपछि क्रान्तिकारीहरू र अवसरवादीहरू खत्रा  हुन्छन् । यदि अवसरवादीहरूलाई समयमा राज्यको शासनले शासकहरूले पश्चगामी शक्ति र राजनैतिक तत्वहरूलाई चिन्न सकेनौं भने यो नयाँ राज्य व्यवस्था फेरि खोजेकामा पुग्छ त्यसो भएको हुदा आभासहो भन्ने मलाई लाग्छ र मलाई लाग्छ आज जसरी हामीले संसदमा कुरा उठिरहँदा विशेष समयमा यो समग्र ६ नम्बर प्रदेशभित्र हामीले उठाउनु पर्ने जनताका जनप्रतिनिधिको हैसियतले उठाउनु पर्ने तमाम कुराहरू मध्ये हामीले भन्यौं भर्खर मात्रै यहाँ धेरै साथीहरूले कुरा उठाउनु भएको छ । हामीले ऐतिहासिक पर्यटन वर्ष २०७५ हामीले मनाउने भनिराख्या छौं यसको शुभारम्भ यो जुन राराबाट गर्ने सरकारको निर्णय भएको छ र मलाई लाग्छ यो रारा महोत्सवको नाममा दुई पटक भएको छ । महोत्सव पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री प्रकाशसरण महत, रामचन्द्र

लगायतका कयौं महोत्वस र एउटा महोत्सव र मनाउनका लागि पुग्यो तर त्यो कुनै ऐतिहासिक हुन सकेन । मलाई लाग्छ सरकारको प्रतिनिधि यहाँ हुनुहुन्छ र यो महोत्सव जुन पर्यटन वर्ष २०७५ को शुभारम्भ राराबाट गर्ने भनिएको कुरा छ यो कुरा हिजोको जस्तो नहोस् र हिजोको सरकारले यसलाई गम्भिरतापूर्वक लगोस् भन्ने लाग्छ र अर्को कुरा मैले सुनेको छु नेपालका सात वटै प्रदेशमा उत्रि नाका नजोडिएको प्रदेश ५ नम्बर प्रदेशभित्र मेरै जिल्लाभित्र रहेको एउटा नाक्चेलाग्ना सडक फेरि यसलाई रोक्न खोजिएको जस्तो आभास मैले गरिरहेको छु ।

मलाई लाग्छ हाम्रै कार्यकालमा यदि उत्तरका सम्पूर्ण नाकाहरूमा सबैभन्दा छोटो नाकाको रूपमा रहेको गमगडि नाक्चेलाग्ना नाका यो प्रदेशको गौरवको आयोजनाको रूपमा हामीले समेट्नु पर्छ र यसको प्राथमिकता यो सरकारले पहिलो प्राथमिकताको रूपमा यसलाई लिनु पर्छ भन्ने मलाई लाग्छ । अर्को कुरा रहेको छ हाम्रै जिल्लाभित्र मेरै जिल्लाभित्र डोल्पो तामाखानी यो सायद नेपालकै सबैभन्दा ठूलो तामाखानी हो । यो तामाखानीको उत्खनन् हिजोका हाम्रा पुर्खाहरूले गरेको कैयौं भाँडाहरू हाम्रो घरमा छन् तर अहिले डोल्पाको शे-फोक्सण्डों राष्ट्रिय निकुञ्ज र मुगुको केहि बस्तीले त्यो छोएको छ तर त्यसको तत्काल उपयोग गर्ने कुरा पनि म राख्न चाहन्छु त्यस्तै अर्को कुरा छ नाग्म खोला जलविद्युत आयोजना मेरै निर्वाचन क्षेत्रको जलविद्युत आयोजना भारतीय कम्पनीले केहि शर्तको निमित्त गरेको थियो तर पछि आएर उसले आफ्नो गतिविधि पछाडि गरेर अहिले त्यो जलविद्युत आयोजनाको प्रमाणिक गतिविधिहरू पछाडि परेको छ र अब छ नम्बर प्रदेशले जलविद्युत आयोजनालाई यो छ नम्बर प्रदेशकै एउटा गौरवको आयोजनाको रूपमा लगेर सिँगो छ नम्बर प्रदेशलाई नै उज्यालो गर्न सक्ने मेगा प्रोजेक्टको परिकल्पना गरियोस् भन्ने लाग्छ र अन्तमा अहिले ***(माननीय सभामुखः** समयलाई ध्यान दिउँ माननीय)*

पछिल्लो चरणमा नेपालको प्रमुख समस्या जुन यो छ बेरोजगारी समस्या त्यो बेरोजगारी समस्यामा सबैभन्दा बढी बेरोजगार रहेको जनशक्ति भएको छ नम्बर प्रदेशभित्र यो सरकारले "एक घर एक रोजगार कार्यक्रम" आगामी सरकारको नीति कार्यक्रममा समेटियोस् र कयौं बि.एड.,एम.एड पास गरेका बेरोजगार युवाहरू पनि छन् । शैक्षिक योग्यताको आधारमा विना धितो सरकारले चाहिँ ऋण दिने चाहिँ प्रावधान गरोस् शैक्षिक योग्यताको आधारमा सरकारको नीति कार्यक्रम आओस् भन्ने लाग्छ र अन्तमा ***(माननीय सभामुखः** समय, समय सकियो माननीयज्यू)*

ठेकेदारी प्रथामा अगाडि बढिरहेको छ र ठेकेदारी प्रथाबाट जनताले नयाँ शासन व्यवस्थाको अभ्यास गर्न सकिरहेका छैनन् । अब सरकारले आफ्नो गतिविधिहरू प्रत्यक्ष रूपमा गरोस् भन्ने भनाइ राख्न चाहन्छु धन्यवाद जय नेपाल ।

**माननीय सभामुख :** माननीय पदमबहादुर रोकाया ।

**माननीय सदस्य श्री पदमबहादुर रोकाया :** माननीय सभामुख महोदय, हामी देश संघीयतामा फर्कि आइसकेको छ । सिंहदरबारको अधिकार गाउँगाउँमा आएको छ भन्छौं हामी कर्णाली प्रदेशको अगाडि प्रदेश भवन अगाडि मन्त्रीको गाडिमा तोडफोड गरिने क्याम्पस विद्यार्थीको निहुँमा गुण्डागर्दि र अपराधीहरूलाई कारबाही हुनुपर्दछ । यहि सुर्खेतमा बाबियाचौर गौरीकला रोकायालाई देश र राष्ट्रको नाममा सेवा गर्छु भन्ने सत्य सेवा सुरक्षाको कसम खाएर प्रहरीहरूले बलात्कृत गौरीकला रोकायालाई बलात्कार गरेको बलात्कारी अपराधीहरूलाई कारबाही गरिनुपर्दछ ।

कैलालिको इमान्दार बोक्सीको आरोपमा अपराधीहरूले कुटपिट गरेको उनिहरूमाथि कारबाही हुनुपर्छ । अहिले बोक्साहरू धेरै आए अहिलै बोक्सीहरू धेरै आईन । अहिले बलात्कार गर्ने बलात्कारीहरू धेरै आए यिनलाई कारबाही हुनु पर्दछ पहिलो प्रथम । अर्को कुरा अहिले हामी शान्ति सुरक्षा व्यवस्था कायम हुँदैन भने हामी सबैको हुन सक्दैन । हामी रारा जादैछौं रारा पर्यटन नयाँ वर्ष महोत्सवमा यसमा पनि सुरक्षाहरूले जो कालिकोट सिँजा हुँदै रारा जाँदैछौं हामी सिँजाको जुम्ला जिल्लाको क्षेत्र नं. २ सिँजा गाउँपालिकासँग त्यहाँ शसस्त्र प्रहरीको पठाउनु पर्दछ । यतिखेर पर्यटन जानको होइन लागि त्यहाँ २ नम्बर क्षेत्रमा सशस्त्रप्रहरी हुनु पर्दछ त्यहाँ । अर्को अहिले हामीले सुनिरहेका छौं राज्यले दुर्गम क्षेत्र हटाउनु पर्छ भनिरहेको छ । यो कार्यान्वयन हुनुपर्दछ । दुर्गम क्षेत्र भन्नाले जहाँ विकास मोटर बाटो पुगेको छैन जहाँ बत्ति पुगेको छैन जहाँ खानेपानी पुगेको छैन त्यसलाई दुर्गम क्षेत्र भनिन्छ । जब कि हुम्ला र डोल्पामा बाटै पुगेको छैन अरू कुरा छोडौं । अनि अहिले दुर्गम क्षेत्र किन हटाउने ?त्यसलाई कायम राख्नु पर्दछ ।

अर्को हाम्रो सिँजा जो सिँजा सभ्यताको जो कि सिँजा त्यहाँ सिँजा संग्रहालय रहनु पर्दछ । त्यहाँ भर्खरै एक वर्ष अगाडिमात्रै एउटा धर्मशाला बनाउँदा खेरिमा ५ वटा मुर्ति आएका थिए । देवीका मुर्ति उनिहरूले राख्ने ठाउँ नपाएर जिप्रका ल्याएर राखेका छन् । सिँजा क्षेत्रलाई पर्दछ । जस्तै २०४२ सालमा एउटा हलो जोत्ने हलीले सुनका सिक्का पाएको थियो  यो प्रशासन कार्यालयमा खेरिमा ५६ वटा सिक्का जम्मा भएका थिए । त्यो सिक्का कहाँ छ थाहा छैन यो संग्रहालय भइदिएको भए सिँजा संग्रहालयमा रहन्थ्यो । सिँजा संग्रहालयको व्यवस्था हुनुपर्दछ । यसकारण अरू यो कर्णाली प्रदेशले प्रदेश सभा गर्नपर्दछ । हामीले सुनिरहेका छौं उत्तर प्रदेश निगम बस दिल्लीमा पन्जाब बस प्रत्येक प्रदेशका बस छन् । हामीले प्रदेश सभाको यो कर्णाली प्रदेश बस सञ्चालन गर्नुपर्दछ । अहिले पैसा तिर्नु पर्दैन । प्रदेश सभाको जिम्मामा भए पनि प्रदेश सरकारको जिम्मामा भयो भने जतिपनि कम्पनीले बस दिन्छन् यो बस सञ्चालन गर्नु पर्दछ । अर्को *(**माननीय सभामुखः** समयसलाई ध्यान दिउँ माननीय सदस्य)* उत्पादन क्षेत्र रोजगारीलाई जोड दिई सिल गरिबी निवारण नीति बनाउनु पर्दछ भने यस्ता जुम्लाको हिमा नदी मेगा विद्युत उत्पादन गर्नुपर्दछ धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री शोसिला शाही ।

**माननीय सदस्य श्री शोसिला शाही :** मैलेत अलि टाईम धेरै माग्नु पर्ला जस्तो छ धेरै अल्लिद अगाडि पहिला दुई तीन दिन अगाडिपनि बोलुला बोलुलाभन्दा भन्दै पनि मान्छे हुँ । त्यहि भएर अलिकतै टाईमलाई अलिकति बिहान मैले पनि यो घटना त तुरून्तै लगत्तै मैले पनि यहिँभित्र आएर सुने । यो चाहिँ घटना चाहिँ एकदम नराम्रो हो अँ गाडिमाथि तोडफोड गर्नु अँ आज एउटा गाडिमाथि तोडफोड होला भोलि अर्को गाडिमाथि तोडफोड होला यसो गर्दा त माननीय सबैकोहि अब पैदल हिडेर पनि जान्छन हई अब तिनीमाथि पनि हुन सक्छ । यो अलिकति खतरनाक गम्भिर ध्यानाकर्षण होस् भन्न चाहन्छु । सभामुख महोदय, कर्णाली प्रदेश सरकारको यो सम्मानीतबैठकमा म मेरो र पार्टीको तर्फबाट धारणा राख्न अनुमतिचाहन्छु ।

सभामुख महोदय, हामी आर्थिक वर्षको अन्तिम अवस्थामा छौं । विकास  बजेट खर्च गर्ने समय सीमा कमै छ र संसदमा विधेयक विचाराधिनमा छन् यो वस्थामा यहाँ अँ यहाँको अवस्थालाईध्यान दिँदै अँ विधेयकलाई अगाडिबढाई विकास निर्माण लगायतका क्रियाकलापलाई अगाडिबढाउन वातावरण बनाईदिनु पर्दछ ।

सभामुख महोदय, आज देश भरी महिलामाथि हुने हिंसा बढ्दै गएको अवस्थामा अवस्था छ । घर भित्रै होस्वा बाहिर महिला हिसांको विरूद्ध रूपमा विकराल बढ्दै गईरहेको छ । यस प्रदेशको सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिका ३ चौर घर भई परीक्षाको लागि बाबियाचौरमा डेरा गरी बसेकि गौरीकला रोकायाको बलात्कार पछि हत्या गरिएको छ ।

सभामुख महोदय, यो घटनालाई गम्भिररूपमा लिई गम्भिररूपमा लिई कानूनअनुसार अपराधीलाई हदै सम्म कारबाही होस् । कारबाहीका लागि अनुरोध गर्दछु ।

सभामुख महोदय, केहि दिन अघि केन्द्रीय संसद बैठकले गरेको वार्षिक बिदा कटौतीको निर्णयका बारेमा म र हाम्रो पार्टीको ध्यानाकर्षित भएको छ । परापूर्वकालदेखि नेपालीहरूको, नेपालीहरूले मनाउँदै आईरहेको महत्त्वपूर्ण चाड घटस्थापना, रामनवमी, कृष्णअष्टमी, जनैपूर्णिमा, राष्ट्रिय एकता दिवश बिदालाई कटौती गरी नेपाली राष्ट्रियता र सार्वभौमतामाथि आँच आउने खालको निर्णयको आपत्ति पर्कट गर्दछु । विदेश साँस्कृतिलाई प्राथमिकता दिई क्रिसमस डेलाई प्राथमिकता दिई बिदा दिने निर्णयसमेत ८४ प्रतिशत हिन्दु नेपाली धर्मालम्बीको आँच आउने काम गरेको छ ।

सभामुख महोदय, घटस्थापना, कृष्णअष्टमी, जनैपूर्णिमा जस्ता बिदा खारेजको निर्णयलाई यथाशिघ्र फिर्ता लिन सभामुखसमक्ष ध्यानाकर्षण गर्न चाहन्छु । पहिलो चरण नेपाल नेपालमा बढ्दो विदेशी निकायको हस्तक्षेप एवं युरोपियन नियोगले नेपाललाई दिएको सुझाव खस, आर्य, जातीको कटौती गर्नुपर्ने उल्लेख गरी नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेकोले यस प्रकारको कार्य यथाशिघ्र रोकियोस् । ***(माननीय सभामुखः*** *समयसलाई ध्यान दिउँ माननीय सदस्य)*

सभामुख महोदय, सामाजिक सञ्जाल देखिएको गौ हत्या प्रकरण हिन्दुहरूको मुल्यमान्यता र सँस्कार विरूद्ध भएकोले त्यस्ता खालका गतिविधि हुन नदीन हामी सबैले सतर्क, सचेत हुन आवश्यक छ ।

सभामुख महोदय, हामी सम्भावित प्रदेश प्रादेशिक सभाकोबैठकमार्फत् समृद्ध प्रदेशको खोजीमा छौं अहिले प्रदेशको उन्नतीको लागि विभिन्न कार्यविधि तयार गरी कार्यान्वयनमा छौं । यो अवस्थामा हाम्रो काम कार्यवाहीलाई व्यवस्थित मर्यादित र भ्रष्टाचारमुक्त प्रदेश बनाउन सहयोग मिल्ने छ । हामी विद्यमान, विद्यमान कानूनलाई मुल आधार बनाई अगाडिबढ्न सकेमा सकेका जनताका माझ गरिएका हाम्रा प्रतिबद्धता पूरा गर्न सहयोग मिल्ने छ भन्दै हाम्रो भन्दै आफ्नो मन्तव्य यहिँ अन्त गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू प्रदेश सभाको २०७४ चैत्र १६ गतेको छैठौं बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूमा सरकारको धारणा राख्नको लागि सामाजिक विकास मन्त्री श्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**माननीय सामाजिक विकास मन्त्री श्री दल रावल :** हुनत यो छैठौं बैठक १६ गतेको छैठौं बैठकमा माननीय सांसदज्यूहरूले हाम्रो मन्त्रीलाई सम्बद्ध विभिन्न धारणाहरू राख्नु भएको थियो, जिज्ञासाहरू राख्नु भएको थियो,सुझावहरू दिनु भएको थियो । समय लामो भयो सम्भवतः प्रश्न राख्ने माननीयज्यूहरूले पनि भुलि सक्नु भएको होला तर पनि मैले केहि समस्यालाई विषय रूपान्तरण गरेको छु म यहाँ राख्ने छु ।

माननीय सभामुखज्यू, महान् वैज्ञानिक आइन्स्टाइनले भन्नु भएको थियो समृद्धिको शुरूवात शून्यबाट हुन्छ । हाम्रो प्रदेश हाम्रो सरकार प्रदेश सरकार र संसदले सपनाहरू देखेका छौं । यो सपना भनेको सामाजिक न्याय सहितको समृद्धि आर्थिक समृद्धि हो । हामीले समृद्धिमात्र होइन सामाजिक न्याय सहितको आर्थिक

समृद्धि हासिल गर्छु भन्ने जुन सपना देखेका छौँ र हामी पहिलो खुट्किलामा छौँ । सरकार गठन भएको आज करिबकरिब डेढ महिना अवधि पुगेको छ यहाँहरूलाई थाहा छ संघीय संरचना हामी पहिलो चोटी अभ्यासमा छौँ । संघको सरकारले प्रदेश सरकारका अधिकारहरू के-कति हुन्छन् भन्ने कुरा अझै प्रस्ट गरिसकेको अवस्था छैन र हाम्रो मन्त्रालय अन्तर्गत र सबै मन्त्रालय अन्तर्गत रहेका मातहत रहेका कार्यालयहरू पनि व्यवस्थित ढंगलेलेजिमेट ढंगले हाम्रा मातहत आईनसकेको अवस्था छ तर पनि व्यवहारीक ढंगले यी मातहतका कार्यालयमा कार्यरत कर्मचारी साथीहरूलाई हामीले व्यवहारिक ढंगले मात्रै यी उठेका सवालहरूलाई चाहिँ सम्बोधन गर्न हामीले चाहिँ निर्देशन दिएका छौं,आग्रह गरेका छौँ । सोही मुताविक माननीय सदस्यज्यूहरूले महिला एक ठाउबाट अर्को ठाउँ जान असुरक्षित छन् भनेर एकदम जायज प्रश्न गर्नुभएको थियो । हामीले यो सम्बद्ध नीति कानून बनाउने हामी चाहिँ हाम्रो सामाजिक मन्त्रालय चाहिँ लागिरहेको छ । यहाँको सुझावको पनि हामीले अपेक्षा गरेका छौँ र विशेष गरी यो आन्तरिक मामिला तथा कानून मन्त्रालयसँगको सहकार्यमा महिला दिदिबहिनीहरूलाई निर्विकल्प रूपमा निर्विक रूपमाचाहिँ यो प्रदेशमा आवतजावत गर्ने उहाँहरूका आफ्ना अधिकारहरू स्थापित गर्ने पर्यन्त चाहिँ हामी गर्ने छौँ ।

त्यसैगरी धेरै महिलाहरूले चाहिँ यो प्रदेश सरकारप्रति अपेक्षा गरेको भन्नु भएको थियो स्वभाविकढंगले नयाँ संरचनामा गईसकेपछि हामीले आर्थिक संकल्पको परिकल्पना गरिसकेपछि नेपालमा नयाँ एउटा संविधान बनाई सकेपछि समावेशी लोकतान्त्रिक संविधान बनाई सकेपछि विभिन्न वर्ग समुदायहरू विशेषगरी समाजमा पछि पारिएको वर्ग समुदायका अपेक्षाहरू स्वभाविक ढंगले हुनु मलाई अन्यथा ठान्दिन र महिलाहरूका पनि अपेक्षाहरू छन् स्वभाविक हो । हामीले महिलामुक्तिका कुराहरू महिला आन्दोलनलाई स्थापित गर्ने कुराहरू महिलाको अधिकारहरू स्थापित गर्ने कुराहरू र विशेष गरी महिलालाई अधिकारसँग र उत्पादनसँग जोड्ने कुराहरू यो विशेष हामी ध्यान दिनेछौँ र हाम्रो चाहिँ मन्त्रालय त्यसतर्फ एकदम ध्यानपूर्वक लागिरहेको म चाहिँ सम्मानीत सदन म सम्बन्धित सदनलाई जानकारी गराउन चाहन्छु । यस्तैगरी अस्पतालमा प्रसुती सेवा र धेरै दिदिबहिनीहरूमृत्युवरण हुन बाध्य छन् भन्ने कुराको प्रश्न उठाउनु भएको थियो म पनि दुखि छु । यो हाम्रो भूगोलले एकदमै अप्ठेरो प्रदेश छ र हाम्रा स्वास्थ्य नीतिहरूचाहिँ अहिले पनि तपाईंका जनता प्रिय स्वास्थ्य नीतिहरू छैन । भूगोल र दुर्गममा बस्ने जनताहरू फ्रेन्डली चाहिँ हाम्रा स्वास्थ्य नीतिहरू भएनन् । त्यो भएको नाताले थुप्रै महिला दिदिबहिनीहरूचाहिँ आफ्नो अकालमा ज्यान गुमाउनु पर्ने बाध्यता छ तर म चाहिँ मन्त्री हुँदा बित्तिकै मैले भनेको थिएँ हुन त हाम्रो आर्थिक समस्या छन्,बजेटका समस्याहरू होलान् तर पनि जसरी पनि हाम्रो जस्तो प्रदेशमा विषमता भौगोलिक विषमता भएको प्रदेशमा कमसेकम यो बालमृत्युदर र महिला मृत्युदर घटाउन मातृ मृत्युदर घटाउनको निम्ति एम्बुलेन्सको आवश्यकता छ भनेको थिएँ मैले तर त्यो सम्भव कति हुन्छ मैले हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूलाई पनि अनुरोध गरेको छु । अर्थमन्त्रीज्यूलाई अनुरोध गरेको छु, अन्य सरोकारवालाज्यूहरूलाई पनि अनुरोध गरेको छु । यदि सम्भव भएन भने पनि हामीले एउटा मन्त्रालयलाई एउटा टिम बनाएर कार्यआयोग गठन गरेका छौँ । हवाई मिटिङ पद्धति हामीले शुरू गरिसकेका छौँ ।

म मन्त्री भइसकेपछि पनि ३ जना दिदिबहिनीहरू सुत्केरीको जुन अप्ठेरो स्थितिबाट उद्धार गरिसकेको अवस्था छ । यहाँहरू जानकार हुनुहुन्छ अस्ति हुम्लामा एकजना महिला बहिनीको यो सुत्केरीको बढी ब्लिडिङ भएर मृत्यु भएछ हामीलाई जानकारी भएन । हामीले एयरलिफ्टिङको माध्यमबाट सकेसम्म सुत्केरी महिला दिदिबहिनीलाई चाहिँ बचाउने उपाय स्वरूप यो चाहिँ यो एयरलिफ्टिङ सिस्टमलाई अबलम्बन गरिसकेका छौँ । सकेसम्म सक्यौँ भने अँझै एयरएम्बुलेन्स मार्फत्उहाँहरूलाई उद्धार र

उहाँहरूलाई राहत गर्ने पक्षमा छौं । यसैगरी रोजगारको कुरा आज पनि उठो अस्तिपनि उठेका छन् । हामीले सकेसम्म युवाहरूलाई उत्पादनमा जोड्ने प्राविधिक शिक्षालाई जोड दिने, सकेसम्म यो आयमुलक शिक्षा प्राविधिक शिक्षा भोकेस्नल एजुकेशन यसलाई जोड दिने र तमाम युवाहरूलाई चाहिँ खाडिका मुलुकहरूमा भारतका काला पाहाडमा नगएर आफ्नै प्रदेशको समृद्धिसँग जोडिने वातावरण दिन्छौं । यो सम्मत् हामीले नियम कानून पनि बनाउँने र त्यो विधेयक चाहिँ ड्राफ्ट बनाउँदै छौं र हामी अन्तर मन्त्रालयसँगको सहकार्यमा चाहिँ यस्ता कुराहरू पनि अगाडि बढाउने पक्षमा छौं ।

त्यसैगरी अर्को यो क्षेत्रीय अस्पतालमा एम्बुलेन्सका लागि ५०० रूपैयाँ लियो भन्ने कुरा थियो । मैले तत्कालै क्षेत्रीय अस्पतालका सुपरिटेन्डेन्टलाई मैले जिज्ञासा राखे त्यो चाहिँ खासै कुरा खोल्न खोजेको कस्तो रैछ भने त्यो हस्पिटलभित्रको जुन एरिया छ त्यहाँ कहिले काहि डिजास्टर भयो यो समस्याहरू आयो भने २०/२५ वटा बेडहरूभित्र अहिले पनि राखिएका रहेछन् । आपतकालिन ढंगमा त्यो बेडहरूबिच्छाएर त्यस्तो दैवी प्रकोप भएका मानिसहरूको उद्धार गर्ने ढंगलेभित्र गाडिहरूको जाम नहोस् एम्बुलेन्स पनि अलिकति त्यहाँ व्यवस्थित गर्न जरूरी छ भन्ने मैले सुने यो घटना आईसकेपछि मैले सोधेको छु । एम्बुलेन्स परिचालन चाहिँ साच्चैको तपाईंको यो स्वास्थ्य सेवाका ढंगलेभन्दा पनि अलि फरक ढंगले चलेको भन्ने कुराहरू मैले बुझेको छु । यसलाई नियमन गरिन्छ गछौं र मैले अहिले तत्कालको लागि के भने भने मेडिकल सुपरिटेन्डेन्टलाई निर्देशन दिईसकें । उहाँले लिएको ५०० रूपैयाँ फिर्ता गर्नु हुनेछ र जानीजानी गर्नुहोस् भन्या छु मैले यदि त्यो व्यवस्थापनहरू ठिक छ हस्पिटलको हितमा छ जनताको हितमा छ भने नोटिस गर्दिनुस् यस्तो छ यो कारबाहीको मोडेल यो हो भनेर तपाईं पहिला नोटिस गर्नुहोस् । यो नोटिस बिनाको लिने काम राम्रो भएन भनिसकेपछि हस्पिटल प्रशासनले चाहिँ ५०० रूपियाँ जुन जरिवाना लिएको थियो त्यो फिर्ता गर्दै छ । यो सम्बन्धित पक्ष चाहिँ गएर बुझिदिन पनि म आग्रह गर्न चाहन्छुर यसपछि चाहिँ अलिकति हस्पिटल एरिया र त्यो एम्बुलेन्सहरूलाई चाहिँ व्यवस्थापन गर्न जरूरी देखिएकै छ । यो चाई व्यवस्थापन गर्ने तिर पनि म लाग्ने छु र यी यतिजिज्ञासाका लागि यो सम्मानीत सदनमा मैले जुन जिज्ञासा मेटाउने पर्यत्न गरें र यी जिज्ञासाका लागि पनि सुझावका लागि पनि माननीय सदस्यज्यूहरूलाई हृदयदेखि नै आभार प्रकट गर्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू आज बिहान घटेको घटनाका सम्बन्धमा माननीयहरूले उठाउनु भएका विषयहरू र घटनाको यथार्थ जानकारी सहितको विवरण सदनसमक्ष राख्न आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीलाई समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारी :** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू यो खासगरिकन हामीले समृद्धिका लागि शान्ति सुरक्षा सुरक्षित प्रदेश जनअपेक्षा भन्ने मुल नाराका साथ प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयले ४० बुँदे कार्य घोषणा सार्वजनिक गरेर कार्यान्वयनको व्यवस्था अगाडि बढाएको छ र खास गरी यो प्रदेशलाई सुरक्षित प्रदेशका रूपमा स्थापित गर्ने मुल मक्सतका साथ हामीले यो कदम खास गरिकन यो अभियानका रूपमा चाहिँ अगाडि बढाई राखेका छौं । यो सम्मानित सदनलाई विदितै छ र यो बीचमा हामीले सुरक्षित प्रदेशको अबधारणालाई कार्यान्वयन गर्दै गर्दा केहि घटनाहरू जो हाम्रो अभियानका विरूद्धमा छन् यो कार्ययोजनाको विरूद्धमा छन् ती घटनाहरू घटिरहेका छन् र पछिल्लो घटना खास गरिकन आज मात्रै आज बिहान मात्रै मध्यपश्चिम विश्वविद्यालय नजिक यो भौतिक पूर्वाधार मन्त्रीले प्रयोग गर्दै आइरहेको माननीय मन्त्रीले प्रयोग गर्दै आइरहेको गाडि थियो । जहाँ कानून निर्माण प्रयोजनका लागि माननीय धर्मराज रेग्मी सवार

हुनुहुन्थो । उहाँआउँदै गर्दा मध्यपश्चिम विश्वविद्यालय नजिक बसेका केहि उच्छृङखल अपराधी मनोवृतीका व्यक्तिहरूले आक्रमण गरेका छन् । ढुंगा मुडा प्रहार गरेका छन् र सो प्रहारबाट गाडिमा क्षति भएको छ यो प्रहारप्रति प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण भएको छ र यो खास गरी प्रदेश मन्त्री खड्गबहादुर खत्रीले प्रयोग गर्दै आइरहेको एउटा विशिष्ट व्यक्तिले प्रयोग गर्दै आईरहेको गाडि माथि हमला र जुन गाडिमा सरकारी कामको प्रयोजनका लागि माननीय सदस्य धर्मराज रेग्मी सवार हुनुहुन्थो । विशिष्ट व्यक्ति एउटा माननीय जस्तो व्यक्ति माननीयको मात्रै कुरा होइन जुनसुकै नागरिक सवार गाडि अथवा गाडि वा सामान्य हिड्डुल गर्दा असुरक्षाको अनुभूति हुने यस पछाडि आक्रमण गर्ने घटनाले वास्तवमा हामीलाई प्रदेश सरकारलाई दुखि बनाएको छ रती व्यक्तिहरूलाई कानूनी दायरामा छिटोभन्दा छिटो ल्याउनको लागि उनिहरू जुनसुकै आवरणमा छिपेका भएपनि जुनसुकै समुहको दवाव, प्रभाव र हस्तक्षेपको प्रवाह नगरिकन सरकार उनिहरूलाई चाहिँ कारबाही गर्न प्रतिबद्ध  छ ।

जसका लागि हाम्रो सुरक्षा निकायको परिचालन गरिसकिएको छ । भन्ने कुरा म यो सम्मानीत सदनलाई म अबगत गराउन चाहन्छु । यो खास गरिकन म यो घटनाको पृष्ठभूमिमा म यहाँहरूलाई चाहिँ ध्यानाकर्षण गराउन चाहन्छु । सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका ८ स्थित मध्यपश्चिम विश्वविधालयमा ईन्जिनियरिङ संकायको परीक्षा सञ्चालन भई रहेको अवस्थामा मिति २०७४/१२/१५ गते मदिरा सेवन गरेको अवस्थामा स्ववियुका उपसभापति आदित्य शाहले शुरूमा मेरो मोबाईल हातबाट खोसी पड्काई दिन्छु तलाई पनि पट्काई दिन्छु र तेरो तलाईं यो तेस्रो दिन होस् अब तत्काल मारेर चौँथो दिन पनि ल्याउन सक्ने शक्ति छ भन्ने जस्ता विभिन्न गालि गलोज गरी ज्यान मार्ने जस्ता धम्की दिई स्ववियु पदाधिकारीको दम्भ देखाई हात पात गर्ने प्रयास गरी क्याम्पस प्रशासनका सबै सरहरू र सहायक डिनको रोहवरमा तथानाम गालि गलोज गरेको निज डेरा नजिकै बस्ने भएकोले आवश्यक सुरक्षाको प्रबन्ध गरी निजलाई आवश्यक कारबाही गरी पाउँ भनि ईन्जिनियरिङ संकाय मध्यपश्चिम विश्वविधालय सुर्खेतका डिन डा. गोविन्द प्रसाद लामिछानेले मिति २०७४/१२/१६ गते यस कार्यालयमा निवेदन पेश गरेको हुँदा मिति २०७४/१२/२० गते निज आदित्य विक्रम शाहलाई आवश्यक सोधपुछका लागि यस कार्यालयमा ल्याईएको विषयमा जिप्रकामा ल्याईएको विषयलाई लिएर आज मिति २०७४/१२/२१ गते विहान ७:५५ बजेको समयमा नेवि संघ आवद्धकरिब २५० देखि ३०० जना विद्यार्थीहरू उक्त विश्वविद्यालयको मुल गेटमा जम्मा भई विरोध गरिरहेको अवस्थामा कर्णाली प्रदेशका भौतिक पूर्वाधार मन्त्री खड्गबहादुर खत्री चढ्ने गरेको बा२झ १५६६ नम्बरको गाडि दैलेख जिल्लाका निर्वाचन क्षेत्रका माननीय धर्मराज रेग्मी सवार गरी सुर्खेत एयरपोर्टबाट सुर्खेत विश्व विधालयको सडक हुँदै बजारतर्फ आउँदै गरेको आउँदै गर्दा विरोध गरिरहेका विद्यार्थीले हानेको ढुंगा लागी उक्त गाडिको अगाडिको सिसा फुटेको झण्डा लगाउने भाग भाँचिएर क्षति भएको उक्त गाडि हाल सम्म प्रहरी कार्यालयमा राखिएको उक्त स्थानमा यस कार्यालयका प्रहरी शंकर श्रेष्ठको कमाण्डमा ४३ जनाको प्रहरी टोली खटिरहेको हाल यो अवस्था सामान्य रहेको हुँदा जाहेर गरेको एउटा रिपोर्ट चाहिँ प्राप्त भएको छ ।

अब त्यसो भएको हुनाले हामी खास गरिकन त्यो जो-जो अपराध कार्यमा संलग्न छन् ती व्यक्तिहरूलाई अब कानूनको दायरामा आउँछन उनिहरू । माननीय सदस्यहरूले जुन ध्यानाकर्षण गराउनु भएको छ अब यसमा चाहिँ सरकार चाहिँ गम्भिर छ  र सुरक्षाको अनुभूति दिलाउने गरिकन हामी चाहिँ सरकार अगाडिबढ्न प्रतिबद्ध  छ भन्ने म यहाँहरूलाई जानकारी गराउँदछु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०९ को उपनियम (१) मा भएको व्यवस्थाअनुसार आर्थिक कार्यविधि विधेयक, २०७४ को मस्यौदा छलफल प्रयोजनका लागि निलम्बनको प्रस्ताव पेश गर्न माननीय सदस्य श्री सिताकुमारी नेपालीलाई समय दिन्छु ।

**माननीय सदस्य श्री सिता कुमारी नेपाली :** प्रदेश सभा नियमावलीको परिच्छेद- १० प्रस्तावसम्बन्धी कार्यविधिको नियम ६० को उपनियम (१) र (२) मा भएको व्यवस्थाअनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट दर्ता भई सभामा पेश भएको प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक तत्काल पारित गरी कार्यान्वयनमा ल्याउन आवश्यक भएकोले उक्त प्रयोजनका लागि प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१५ व्यवस्थापन कार्यविधि अन्तर्गतको नियम १०९ को उपनियम (१) को विधेयकमा संशोधनको सूचनासम्बन्धी व्यवस्था निलम्बन गरी दुर्तमार्गबाट पारित गर्न आवश्यक भएकोले विधेयक संशोधनको सूचनासम्बन्धी प्रावधान रहेको नियमावलीको व्यवस्था निलम्बनको प्रस्ताव सम्मानीत सभासमक्ष पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०९ को उपनियम (१) मा भएको व्यवस्था आर्थिक कार्यविधि विधेयक, २०७४ को मस्यौदा छलफल प्रयोजनका लागि माननीय सिताकुमारी नेपालीले प्रस्ताव गर्नु भएको निलम्बनको प्रस्ताव समर्थनको लागि माननीय श्री गुलावजंग शाहलाई समय दिन्छु ।

**माननीय सदस्य श्री गुलावजंग शाह :** माननीय सभामुखज्यू, प्रदेश सभा नियमावली,२०७४ को नियम १०९ को उपनियम (१) निलम्बनसम्बन्धी प्रस्तावको समर्थनमा माननीय सदस्य श्री सिताकुमारी नेपालीले प्रस्ताव गर्नु भएको द्रुतमार्गबाट आर्थिक विधेयक पारित गर्नका लागि प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१५ व्यवस्थापन कार्यविधि अन्तर्गतको नियम १०९ को उपनियम (१) को विधेयकमा संशोधनको सूचनासम्बन्धी व्यवस्था निलम्बनसम्बन्धी प्रस्तावको समर्थन गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०९ को उपनियम (१) मा भएको व्यवस्था आर्थिक कार्यविधि विधेयक, २०७४ को छलफलका लागि निलम्बन गर्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

(माननीय सदस्यहरू- हुन्छ)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०९ को उपनियम (१) को प्रावधान सर्वसम्मतीले निलम्बन भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेशको आर्थिक कार्यविधि विधेयक, २०७४ को मस्यौदा प्रस्ताव माथि दफावार छलफलका लागि समय दिन्छु । सर्वप्रथम माननीय श्री सिताकुमारी नेपाली ।

**माननीय सदस्य श्री सिताकुमारी नेपाली :** सभामुख महोदय, आर्थिक कार्यविधि विधेयकमाथि हामीले हिजोको बैठकमा सैद्धान्तिक छलफल गर्‍यौँ हामी आजको बैठकमा दफावार  छलफल दफावार  हिसाबले छलफल गर्दैछौं र यो आर्थिक कार्यविधि विधेयकको विषयमा छलफल गरिरहँदा यो आर्थिक विधेयकसम्बन्धीत्यति धेरै म विज्ञ त होइनर प्राविधिक हिसाबले यसमा थुप्रै कुराहरू छन र यसमा हिजो बोल्ने धेरै माननीयज्यूहरूले उठाई सक्नु भएको छ र माननीय मन्त्रीज्यूले पनि यसका विषयमा जवाफ दिई सक्नु भएको छ । मैले यो आर्थिक कार्यविधि विधेयक हामी एउटा नयाँ परिवेशमा छौं र संघीयतालाई कार्यान्वयन गर्ने क्रममै हामी छौं र प्रदेशस्तरमा हामीले ऐन कानूनहरूनियमहरू बनाउने प्रक्रियामा छौं र त्यहि प्रक्रियामा आर्थिक कार्यविधि विधेयक हामी छलफल गरिरहेका छौं र आर्थिक कार्यविधि विधेयकमा प्रदेश सञ्चित कोष र सरकारीकोषको सञ्चालन बजेट तर्जुमा निकासा तथा खर्च गर्ने,लेखा राख्ने,लेखा परिक्षण गर्ने, गराउने, बेरूजु फछ्यौंट तथा असुल उपर गर्ने विषयहरू आर्थिक कार्यविधिमा समेटिएको कुरा रहेछ र समग्रमा अर्थ व्यवस्थाको विषयमा यो विधेयकले समेट्नु पर्छ भन्ने मलाई लाग्दछ र मैले यो विधेयकलाई सरसर्ति अध्ययन गर्दा खेरि केहि सुधार गर्नुपर्ने विषयहरू मैले अनुभूति गरेर त्यो कारणले गर्दा खेरि सच्याउनु पर्ने विषयहरू मैले यहाँ राख्न चाहन्छु ।

धारा (२) को केरे धारा (२) परिभाषा अन्तर्गत (ख) मा प्रदेशलेखा नियन्त्रण कार्यालयमा खर्च प्रर्णाली व्यवस्थित गर्ने भन्नेकोबीचमा व्यवस्था भन्ने शब्द राखिएको छ, त्यो अर्थ प्रणाली व्यवस्थित गर्नेमा व्यवस्था भन्ने शब्द अलि बढी भएको जस्तो लाग्यो त्यो अलि अर्थ नमिलेको जस्तो लाग्यो त्यसले गर्दा यसलाई हटाउँदा राम्रो हुन्छकि भन्ने मलाई लागेको छ । त्यहि परिभाषा अन्तर्गततनै र मा पारिश्रमिक पछि ठेकिएको वा नठेकिएको भन्ने शब्द राखेको छ यो अलि हुन त यो आर्थिक शब्दहरू होलान् आर्थिक विधेयकहरूमा प्रयोग गरिने शब्दहरू होला । ठेकिएको वा नठेकिएको भन्नाले तोकिएको वा नतोकिएको हो भन्ने मलाई लाग्छ । त्यसले गर्दा अब यो शब्दको ठाउमा तोकिएको वा नतोकिएको भन्ने राख्दा राम्रो हुन्छकि हुँदैन हैन अब यो विषय मलाई लाग्यो त्यसैले गर्दा खेरि मैले यो राखेको छु ।

यस्तै धारा १९ मा १९ को तेस्रोलाईनमा प्रदेश पछिकोष तथा भन्नेलेखिएको छ प्रदेशमालेखा प्रदेशलेखा नियन्त्रण कार्यालय होला प्रदेशकोष तथालेखा नियन्त्रण जस्तो लाग्छ मलाई त्यसले गर्दा खेरि त्यो शब्द बढि भएको जस्तो अनुभूतिभयो त्यसले गर्दा यो शब्द हटाउनु पर्छकि जस्तो लागेको छ । त्यस्तै धारा ३१ मा आन्तरिक नियन्त्रण शब्द छ र अर्को धारा ३९ मा बेरूजु फछ्यौंटसमिति भनेर भनेको छ यो समिति दुई वटै समितिलाई यसरी हेर्दाखेरि सरसर्तिहेर्दा त्यो समितिहरू समावेशी भएको अनुभूति भएन त्यसले गर्दा खेरि तीदुईवटासमितिहरूलाई हामीले कसरी समावेशी बनाउन सक्छौं भन्ने कुरामा अलिकति यहाँ सोच्नु पर्थ्यो कि भन्ने लागेर मैले यो सुझावमा राखेको छु ।

त्यसै गरेर धारा ४५ मा जवाफदेहिता वहन् गर्नुपर्ने उपधारा ३को अन्तिम तिर अन्य कार्यवाहीसम्बन्धी व्यवस्था राख्नुपर्ने अब जस्तो त्यहाँ निर व्यवस्था भन्ने कुरा राख्नु पर्नेमा छुटेको जस्तो अनुभूति भयो त्यहाँ चाहिँ कारबाहीसम्बन्धी व्यवस्था भनेर राख्नुपर्थ्यो जस्तो मलाई लाग्यो । केरे निजामती ऐन सेवा ऐनमा त्यस्तै गरेर धारा ५३ मा आर्थिक प्रशासनको सञ्चालन भन्ने छ त्यो आर्थिक प्रशासनको सञ्चालन गर्न प्रदेशमा जस्तो आर्थिक मामिला तथा योजना मन्त्रालयसले त्यसले आर्थिक प्रशासन के रे आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी यो आन्तरिक आर्थिक के रे मामिला तथा योजना मन्त्रालयको हो जस्तो लाग्छ । त्यहाँ त्यो मन्त्रालय नभएरलेखा परिक्षण मात्रै राखिएको छ, प्रदेशलेखा परिक्षण मात्रै राखिएको छ । त्यसले गर्दा यी विषयहरू छुटेको हो कि भन्ने मलाई सरसर्ति अध्ययन गर्दा खेरि लागेर यी विषयहरू मैले सभासमक्ष राखेको छु ।

त्यसै गरेर अब वित्तीय अनुशासन कायम गर्ने कुरा वित्तीय जवाफदेहिताको कुरा पारदर्शिताको कुरा मितव्ययीताको कुरा बेरूजु फछ्यौंट गर्ने कुरा अब एकिकृतलेखा प्रणालीलाई व्यवस्थित गर्ने कुरा अनियमिततालाई नियन्त्रण गर्ने कुरा सहित अब जुन हामीले संविधान निर्माण गरेका छौं र संविधान निर्माण गर्दै गर्दा अर्को समाज हामी समाजवादोन्मुख समाज हामी बनाउँदै गर्दा समाजवादउन्मुख अर्थव्यवस्थालाई अगाडि बढाउनका निम्ति पनि प्रदेश स्तरमा समाजवादउन्मुख अर्थ व्यवस्था निर्माण गर्ने कुरामा व्यापक छलफल हाम्रो हिजै पनि भइसकेको छ त्यसले गर्दा त्यो छलफल सहित मलाई यो आर्थिक कार्यविधि विधेयकमाथि केहि हटाउन पर्ने र केहि थप्नु पर्ने भएको कुरा मलाई लागेको हुनाले यी विषयहरू मैले यो सभासमक्ष राखें धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशको प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक आर्थिक कार्यविधि विधेयक, २०७४ को प्रस्तावमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूमा धारणा राख्नका लागि आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** म आज हामीले कर्णाली प्रदेश आर्थिक कार्यविधिको बारेमा छलफल गरिरहेका छौं र योभन्दा अघिल्लो बैठकमा यो कार्यविधि आर्थिक कार्यविधि विधेयकको संम्वन्धमा अलि गाहोरूपमा सैद्धान्तिक छलफल भइसकेको छ । सैद्धान्तिक छलफल पछि माननीयज्यूहरूले उठाउनु भएका प्रश्नहरू जिज्ञासाहरू, अस्पष्टताहरूलाई प्रष्ट पार्ने र जवाफ दिने खालको विषयहरू छन् । आज दफावार छलफलमा हामी प्रवेश गरेका छौं यो दफावार छलफलमा पनि माननीज्यूले दफा उपदफाकोड गरेर यो चाहिँ केहि सुझावहरू राख्नु भएको छ । म त्यसमा केन्द्रीत भएर केहि कुरा राख्नेछु ।

सबैभन्दा पहिले आज प्रदेश सभाको नवौं बैठकको संघारमा सुखद र दुखदः दुईवटा घटनाहरू हामीले व्यहोरेका छौं । आज प्रदेश सरकारको पहलमा प्रदेश संसदमा रहेका राजनैतिक दलका संसदिय दलका नेता तथा माननीयज्यूहरूको पहलमा कमसेकम कर्णाली प्रदेशलाई संघीय राजधानीसँग जोड्नु पर्छ, हवाईयातायात शुरू गर्नुपर्छ भनेर पर्यत्न गरिएको थियो । सबैको पर्यत्नले पहलले बुद्ध एयरको एटिआर विमान आज सुर्खेत विमानस्थलमा ल्याण्ड भएको छ र हामीले बुझेसम्म प्राविधिक रूपमाचाहिँ त्यो जहाज ल्याण्ड गर्न अबतरण गर्न र उडान गर्न सक्छ अर्थात्उडान भर्न सक्छ । यसो हुँदाखेरि हामीले केहि सुविधाको अपेक्षा गरेका छौं र यो काममा पहल गर्ने सबैराजनैतिक दल,राजनैतिक दलका नेता, माननीयज्यूहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

अर्को एउटा अत्यन्त दुखद घटना हामीले व्यहोरेका छौं । वास्तवमा प्रदेशको राजधानी, राजधानीको पनि केन्द्रविन्दु विश्वविद्यालय नजिक माननीय मन्त्रीज्यूको भौतिक विकास पूर्वाधार मन्त्रीज्यूले प्रयोग गरिरहेको गाडिमा कानून निर्माणमा हामीले अलि कानून निर्माण बढी क्रियासिल छौं यतिबेलातपाईंहरूले पनि हामीलार्य घचघच्याइँ रहनु भएको छ । जो चाहिँ अलि विज्ञ विशेषज्ञ माननीयज्यूहरू हुनुहुन्छ उहाँहरूको हामीले सहयोग लिईरहेका छौं । अन्य विशेषज्ञहरूको पनि सहयोग लिईरहेका छौं र कानून निर्माणको निम्ति त्यसमा सहयोग गर्नका निम्ति राहत दिनका निम्ति मन्त्रालयको बैठकमा माननीय धर्मराज रेग्मी सो गाडिमा आईरहेको बेलामा दुर्घटना भएको छ त्यो तोडफोड भएको छ । आक्रमण भएको छ यो निन्दनीय घटना हो । आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले पनि प्रतिबद्धता जनाई सक्नु भएको छ । म कारबाहीको

विषय फेरि पनि दोहोऱ्याउन चाहन्छुर यस्ता घटनाहरू फेरि दोहोरिन नदीन सरकार सतर्क छ भन्ने कुरा राख्न चाहन्छु ।

अब माननीय सभामुख महोदय, माननीयजीले उठाउनु भएका केहि सवालहरू म छोटोमा सम्बोधन गर्न चाहन्छु । पहिलो कुरा यो विधेयकको दफा छ मलाई अलि व्यवस्थित गर्ने कुरा उठाउनु भएको छ हामीले त्यो दफा लगायत तपाईंहरूले चाहिँ सैद्धान्तिक छलफलमा दिएका सुझाव र आज यहाँ राखिएका सुझाव र फेरि आनुषङ्गिक पनि मिलाउनु पर्ने हुन्छ । कानून बुझेका साथीहरू सहित हामीले त्यसलाई चाहिँ यो विधेयकको सम्पूर्ण त्यो कुन चाहिँ टेक्सट छ त्यसलाई चाहिँ हामीले व्यवस्थित गर्ने छौं यो प्रतिबद्धता म तपाईंहरूका बीचमा राख्न चाहन्छु । दफा १९ को तेस्रोलाईनमा यो अलिकतिकोष तथा भन्ने शब्दहरू बढी भएको छ । त्यसकारण प्रदेशलेखा नियन्त्रण कार्यालय, प्रदेशलेखा नियन्त्रण कार्यालय भन्ने चाहिँ व्यवस्था यो विधेयकको विभिन्न ठाउँमा भएकोले त्यसलाई मिलाईने छ ।

यस्तैगरी दफा ३१ को व्यवस्थाअनुसार का समितिहरूलाई समावेशी बनाउने कुरामा पनि हाम्रो ध्यान जानेछ । अब यो विधेयकमा मैले कि कर्मचारीहरूको रेस्पोन्सबिलिटि जवाफदेहिताको विषय पनि हामीले सम्बोधन गरेका छौं त्यसैले यो जवाफदेहिताको प्रसंगलाई अझै व्यवस्थित गर्ने कुरा त्यसलाई मुर्त बनाउने कुरामा पनि हाम्रो ध्यान जानेछ र दफा ५३ मा यो आर्थिक मामिला मन्त्रालयको विषयलेखा नियन्त्रक कार्यालयको विषय हो भन्ने कुरामा अन्यौल हुनु भएन । आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत प्रदेशलेखा नियन्त्रक कार्यालय रहन्छ रलेखा परिक्षण लगायतका कामहरू यसलेखा नियन्त्रक कार्यालयले गर्छ यो कुरामा चाहिँ म प्रष्ट पार्न चाहन्छु र अरू केहि नीतिका सन्दर्भमा पनि माननीयज्यूले उठाउनु भएको छ । म यसमा धेरै लामो व्याख्या गर्न चाहन्न । पहिलो कुरा हामीले यो छिटोभन्दा छिटो द्रुत मार्गबाट यो प्रदेश सभाले यो सदनले जसरी चाहिँ आर्थिक कार्यविधि विधेयक पास गर्ने बाटो अपनाएको छ नियमावलीको नियमसमेत निलम्बन गरेर यसलाई चाहिँ छिटो पारित गर्ने विकल्प निकालिएको छ म माननीय सभामुखज्यू र प्रदेश सभालाई धन्यवाद दिन चाहन्छु ।

सरकारको एजेन्ट काम धेरै जरूरी काम महत्त्वपूर्ण काम र छिटोभन्दा छिटो चाहिँ सक्नु पर्ने कामलाई चाहिँ यो विशेष अवस्था दिएको छ र अब हामीले विनियोजन विधेक ल्याउने बाटो खुल्ने छ । यो विधेयक पास भइसकेपछि त्यस्तै गरी प्रदेश सरकारको सर्व सञ्चितकोष स्थापना हुने छलेखा सञ्चालन हुने छ । अनि खर्च हामीले कानूनअनुसार खर्च गर्ने कामलाई अगाडि बढाउन सक्नेछौं र बजेट निमार्णको सन्दर्भमा चाहिँ माननीयज्यूहरूले धेरै सुझावहरू दिनु भएको छ । निश्चित रूपमा पनि माननीयज्यूहरूको सुझाव स्थानीय तहका पदाधिकारीहरूको सुझाव, अर्थात सरोकारवालाहरूको सुझावलाई ध्यानमा राखेर यथार्थ परक रूपमा पारदर्शी तरिकाले चाई अबको बजेट ल्याईने छ यो कुरा म तपाईंहरूका बीचमा त्यो विधेयकसँग जोडिएको विषय र अनुरोधगर्न चाहन्छु ।

त्यस्तै गरी हाम्रो एकदम इमान्दारीपूर्ण प्रतिबद्धता छ कि आर्थिक अनुशासन कायम गर्ने कुरामा आर्थिक पारदर्शिता अपनाउने कुरामा,मितव्ययीता अपनाउनु पर्ने कुरामा, हामीले यो बीचमा पनि धेरै विज्ञता अपनाउने पर्यत्न गरिरहेका छौं कसरत गरिरहेका छौं । जस्तो मन्त्रालयको व्यवस्थापनको सन्दर्भमा पनि हिजो केन्द्रबाट आएको भवन कार्यालय मार्फत् भवन डिभिजन मार्फत् खर्च हुने रकम र मन्त्रालयहरूमा निकासा भएको रकमलाई जतिसक्यो चाहिँ नियन्त्रण गर्ने र खर्च चाहिँ हामीले कन्ट्रोल गर्ने कुरा चाहिँ गरिरहेका छौं । पटक- पटक सचिवहरूको बैठकसमेत बसालेर हामीले यो व्यवस्थापन जति सको चाहिँ

किफायति ढंगले मितव्ययी तरिकाले गर्नुपर्छ भनेर पर्यन्न गरिरहेका छौं र हामी यो राज्यको ढुकुटि जनताको पसिना दुरूपयोग हुन नदीने कुराको निम्ति अत्यन्त धेरै संवेदनशिल छौं ।

तपाईंहरूले माननीयज्यूहरू हुनुहुन्छ अरू सरोकारवालाहरू पनि हुनुहुन्छ जहाँ कमजोरी देख्नु हुन्छ जहाँ त्यस्तो अपारदर्शिता देख्नु हुन्छ, जहाँ कतै अनियमितता देख्नु हुन्छ म कसम खाएर भन्न चाहन्छुतपाईंहरूले संकेत गरिदिनुस्, तपाईंहरूले हामीलाई सुझाव दिनुहोस्, सल्लाह दिनुहोस् त्यो कुरा चाहिँ कार्यान्वयन गर्नका निम्ति हामी प्रतिबद्ध छौं ।

त्यस्तै गरी अब यो विधेयक पास भइसकेपछि यो कम्सेकम चाहिँ चालु खर्च र विकास खर्च हामीले खर्च गर्ने बाटो बन्ने छ । यहिनेर एउटा त जस्तो सैद्धान्तिक छलफलमा पनि उठ्यो रकमान्तरको कुरा रकमान्तर जतिसक्यो कम गर्ने कुरा, विकास बजेट जतिसक्यो धेरै खर्च गर्ने कुरा र चालु खर्च जतिसक्यो नियन्त्रण गर्ने कुरा ।

म यहाँ माननीय मन्त्रीज्यूहरू हुनुहुन्छ कति यो चाहिँ अहिले जो हामी यतिबेला संक्षिप्त बजेट ल्याउने छौं त्यो बजेटका निम्ति आगामी प्रस्तावमा पनि हामी छलफल गर्ने छौं । चालु खर्चका निम्ति प्रस्तावित बजेट कसरी घटाउन सकिन्छ ?र प्रतिफल दिने खालका उत्पादनसँग जोडिने खालका रोजगारी सिर्जना गर्ने खालका र हरहिसाबले हाम्रो प्रदेशको समृद्धिलाई टेवा पुऱ्याउने खालका कार्यक्रमहरू कसरी चाहिँ अगाडि बढाउन सकिन्छ । म माननीयज्यूहरूसँग त्यसका निम्ति पनि सुझाव चाहन्छु,हामी छुट्टै चाहिँ हामीले यो प्रदेश सभाको यो सम्मानीत सदनमा पनि तपाईंहरूले धेरै महत्त्वपूर्ण सुझावहरू राख्नु भएको छ र अलगै पनि हामी छलफल गर्ने छौं । बजेट बनाउनुभन्दा पहिले यो कुनै चाहिँ गोप्यकोठामा बसेर एक्लै हामी चाहिँ बजेट ल्याउने एकै चोटि चाहिँ साँसदहरूले सुन्नुपर्ने यो व्यवस्था अब देखि हुने छैन रतपाईंहरूका सुझावहरूलाई सम्बोधन गर्नेगरी नै बजेट ल्याउँछौं मेरो एउटै अपेक्षा के हो भने तपाईंहरूले सुझाव दिदाँखेरि ती विषयहरूलाई जोडेर चाहिँ सुझाव दिनुहुनेछ भन्ने अनुरोध गर्न चाहन्छु र यो विधेयक पास भइसकेपछि बेरूजु फछ्यौंटको कुरा अब आजसम्म चाहिँ का बेरूजुहरू अब भोलि देखि नै बेरूजुहरू फछ्यौंटगर्ने कुरा यहिँबाट प्रदेश सरकार बाटै या प्रदेशलेखा नियन्त्रण कार्यालयबाट नै फछ्यौंट गर्ने कामकोशुरूवात हुन्छ । काम हामी भोलि नै शुरू गर्छौं त्यो काम त्यसो भयो भने पनि हाम्रो चाहिँ फण्डमा हाम्रो चाहिँ केहि रकम चाहिँ आउन सक्छ मा पनि पठाउनु पर्छ त्यो हामीले मात्र चाहिँ राख्ने कुरा त भएन ।

अर्को कुरा भनेको सम्पत्तिको जुन सवाल उठिरहेको छ यहि प्रदेशको सरकार गठन भइसकेपछि वा गठन हुने क्रममा अथवा प्रदेश सभालाई व्यवस्थित गर्ने क्रममा वा प्रदेश प्रमुखको कार्यालय व्यवस्थित गर्ने क्रममा कतिपय चाहिँ सम्पत्तिहरू अझै सदुपयोग हुनुपर्थ्यो भन्ने बुझिरहेका छौं तर हामीसँग त्यसको राईट थिएन । हिजो चाहिँ प्रयोग भइरहेका क्षेत्रिय निर्देशनालयहरूले प्रयोग गरिरहेका होलान्, जिल्ला कार्यालयहरूले प्रयोग गरिरहेका होलान्, या केन्द्रीय सरकार मातहतका निकायहरूले प्रयोग गरिरहेका जो ती सम्पत्ति छन् जो साधन छन् जो चाहिँ भवनहरू छन् फर्निचरहरू छन् कम्प्युटरहरू छन् हो ती चिजहरूको चाहिँ अत्यन्त धेरै चाहिँ संरक्षण गर्नुपर्ने र सकेसम्म तिनीहरूलाई नै प्रयोग गर्ने नयाँ खरिद गर्नेभन्दा भएका चाहिँ सम्पत्तिहरूलाई भएका साधनहरूलाई चाहिँ भएका चाहिँ सामाग्रीहरूलाई प्रयोग गर्ने क्रममा ध्यान जानेछ । त्यसैले प्रदेश सरकारले सम्पत्ति संरक्षण र व्यवस्थापन गर्न पाउँने काम भयो भने हामी त्यो कुरा चाहिँ तत्काल कार्यान्वयन गर्ने कुरा पनि म तपाईंहरूलाई राख्न चाहन्छु । अब यो विधेयक पास भइसकेपछि मध्यकालिन खर्च संरचना या कि भन्छ यो कार्यायोजना बनाउने काम शुरू हुन्छ । तीन

वर्षको योजना बनाउनु पर्छ हामीले । यस वर्षको बजेट ल्याउनको निम्तितीन वर्षको चाहिँ योजना तय गर्नुपर्ने हुन्छ । सामान्य योजना अब त्यसो हुँदाखेरि तीनवर्षे योजना खाका आयो भने माननीयज्यूहरूले उठाए जतै हामीसँग चाहिँ यो केरे प्रोजेक्ट बैंक स्थापना हुन्छ । स्थापना हुनु परेन प्रोजेक्ट बैंक चाहिँ कार्यान्वयन हुन्छ यसमा त्यसैले हामीले प्रोजेक्ट बनाउनका लागि भोलि चाहिँ योजना आयोग पनि हामीले गठन गरौंला । योजना आयोगले स्टडि गरेर अनि त्यसपछि तीन वर्षे मध्यकालिन चाहिँ योजना हामीले बनाउँला । यो हर हिसाबले तपाईंहरूको सुझावलाई ध्यानमा राखेर हामीले प्रोजेक्ट बैंक वनाउँछौं,हामी लगानीको कुरा गरिरहेका छौं । लगानीकर्तालाई चाहिँ हामीले आमन्त्रण गरिरहेका छौं,लगानीमैत्री वातावरणको कुरा गरिहेका छौं । त्यसका निम्तिचाहिँ कुनै लगानीकर्ता हाम्रो प्रदेशमा आउनको लागि त्यो योजनात दिनुपर्ने होला नि । लगानीकर्ता अध्यारोमा आएर लगानी त गर्ने होइन । हाईड्रोको प्रोजेक्ट होला, रोडको प्रोजेक्ट होला, यहाँ जडिबुटी व्यवस्थापनका केहि कार्यक्रम होलान्, टुरिजम डेभलोपमेन्टको निम्ति के गर्नु पर्ला ?यसका निम्ति सेक्टरल कृषिको पशुपालनको हरेक क्षेत्रको सेक्टरल योजनाहरूको चाहिँ एउटा सूची तयार हुन्छ । जसलाई हामी प्रोजेक्ट बैंक भन्ने गर्छौं त्यो चाहिँ तयार पारि सकेपछि हाम्रो स्रोतबाट गर्नुपर्ने काम हामीले गर्छौं ।

स्थानीय तहले गर्नुपर्ने काम चाहिँस्थानीय तहले गर्छ नै अनि हाम्रो हैसियतले भ्याउँदैन राष्ट्रिय गौरवको आयोजना, प्रदेश गौरवका आयोजना त हामीले कार्यान्वयन गरौंला राष्ट्रिय गौरवका आयोजना चाहिँ केन्द्रीय सरकारसँग हामीले चाहिँ अनुरोध गरौंला र अनि कतिपय योजनाहरूलाई चाहिँ निजी क्षेत्रले चाहिँ यो भित्री मोडेलमा जाउला अब अथवा विदेशी मोडेलमा जाउँला । कुन मोडेलमा जाने त्यसका निम्ति योजना त चाहियो हामीसँग त्यो मार्गचित्र पनि हामीले तयार गर्छौं त्यो बाटो पनि यहि विधेयकले खोल्ने भएकोले मैले यहाँहरूको बीचमा यति कुरा चाहिँ राखें समयमा निकासा हुने कुरा अख्तियारीको कुरा खरिद कार्यलाई व्यवस्थित गर्ने कुरा मैले भनिपनि सक्या छु कार्यतालिका बनाएर जान्छौ हामी । कुन महिनामा चाई हामी निकास दिने कुन महिनामा चाई हामी खरिदको काम गर्ने, कुन महिनामा टेन्डरको काम गर्ने, कुन महिनासम्म सम्झौताको काम गर्ने कुन महिनामा चाहिँ कुन कुन महिनामा कार्यान्वयन गर्ने र कुन महिनामा चाहिँ फरफारक गर्ने ।

असार महिना कार्यान्वयनको महिना होइन, अब जेष्ठ मसान्तसम्म कार्यान्वयन हुन्छ । असारमा चाहिँ त्यो वर्षा हुने बेलामा बाटोमा चाहिँ त्यो पिज उठाउने कुरा अब हुँदैन यो कन्ट्रोल हुन्छ र असार महिनामाको काम हुन्छ हिसाब किताव मिलाउनु ठूलो कुरा हुन्छ फरफारकाको काम हुन्छ । यसरी कार्यतालिका बनाउने कुरा पनि म माननीयज्यूहरूसँग अनुरोध गर्न चाहन्छु । एक पटक फेरि अन्तिममा यो समृद्धिको जुन हाम्रो यात्रा शुरू गरेका छौं त्यो अभियानमा यो विधेयकलेकोसे ढुंगाको काम गर्नेछ । त्यसपछि हामीले ल्याउने विनियोजन विधेयकमा थप इट्टा थपिने काम गर्ने छ । नीति कार्यक्रमले चाहिँ हामीलाई नीतिगत गाइडलाईन गर्नेछ र असार १ गते आउने चाहिँ पूर्ण बजेट जुन बजेटमा चाहिँ माननीयज्यूहरूले अत्यन्त ठूलो भूमिकाको जरूरी छ ।

म माननीय सभामुखज्यूलाई अत्यन्तै सम्मानकासाथ म भन्न चाहन्छु यसका निम्ति यो सभाले पनि पूर्वबजेट छलफलका कार्यक्रमहरू गरिरहेको छ । हामी त्यसको निम्ति बसेर सल्लाह गरौंला अब मैले फेरि दोहोऱ्याउँछु बजेट भाषण गरी सकेपछि लम्बेतान बहस गर्नुपर्ने प्रक्रिया अब नियन्त्रण हुन्छ । प्रक्रिया पुऱ्याउनको निम्ति मात्रै छोटो छलफल गरौंला एकजना माननीयज्यू बोले हुन्छ वा एउटा दलको एकजना बोलौंला तर चाहिँ यो बजेट आईसकेपछि जति बोले पनि त्यो बालुवामा पानि हालेजस्तै चाहिँ त्यसबाट केहि

निस्किनेवाला छैन । बजेट पूर्व जतिधेरै विरोध, छलफल हुन्छ, बहस हुन्छ हिजै मात्रै नियमावली शुरूवात तरिकाले चाहिँ पास गरेका छौं, हाम्रो नियमावली समृद्ध छ,अरू प्रदेशहरूकोभन्दा यसमा पनि हामी फष्ट भएका छौं । मिडियाले चाँही यसलाई कति हाईलाईट गर्नुहुन्छ हेर्नुनै बाँकि छ । होइन भने हामीले लैङ्गिकमैत्री नियमावली बनाएका छौं । हामीले चाहिँ सभापति भन्ने चाहिँ एउटा जेन्डर वायस हुने ओर्डलाई चेन्ज गरेर अध्यक्ष बनाएका छौं । महिला अध्यक्ष हुन्छ, पुरूष अध्यक्ष हुन्छ,यो सानु देखिन सक्छ तर सन्देश यसको धेरै महत्त्वपूर्ण छ भन्ने लाग्छ ।

नियमावलीमा हाम्रो ध्यान धेरैभन्दा धेरै पूर्वबजेट छलफलमा केन्द्रीत भएको छ । सभामा छलफल गर्ने व्यापक रूपमा समितिहरूमा सम्बन्धित मन्त्री र आर्थिक मामिला मन्त्रीलाई चाहिँ राखेर छलफल गर्ने भन्या छ कि त हैन यस्तो ठोसचाहिँ नियमावली बनाइएको छ । यहाँ छलफल हुन्छ प्रत्येक जिल्लामा छलफल हुन्छ त्यहाँ चाहिँ मन्त्री जान्छन् सचिव जान्छन्,माननीयज्यूहरू जानुहुन्छ र हामी जिल्ला जिल्लामा बाँडेर सबै ठाउँमा सबै जना सम्भव नहोला हामी विभाजित भएर जिल्ला जिल्लामा गएर पूर्व बजेट छलफल गर्छौं, नीति कार्यक्रमका बारेमा र बजेटका बारेमा अनि त्यहाँका योजनाहरू के हुन प्राथमिकता के हुन अनि कुन कुरालाई चाहिँ यो सालको चाहिँ बजेटमा ल्याउनु पर्छ भन्ने चाहिँ हामीले साच्चिँकै हामी यो आउटपुट आउने गरी चाहिँ छलफल गर्छौं र ती आउटपुटलाई चाहिँ एटेज हुने गरी बजेट प्रस्तुत हुन्छ । अनि समितिहरू हामीले मैले अरू ठाउँका समितिहरू पनि हेरें समितिहरूको चाहिँ जो समितिहरू संरचना हामीले बनाऊँ त्यो पनि चाहिँ अरूभन्दा एडभान्स हामीले कानून निर्माणको र अरूचाहिँ यो सुरक्षा संयन्त्रको कुरालाई चाहिँ हेर्ने गरी प्रदेश मामिला तथा विधायन समिति बनायौं । अनि मन्त्रालयसँग पनि सिक्वोयन्स मिल्यो, विषयसँग पनि सिक्वोयन्स मिल्यो । शान्ति सुरक्षाको कुरा सुरक्षा व्यवस्थाको कुरा र अनि कानूनको कुरा हामीले त्यो समितिबाट गर्छौं । अर्थ तथा प्राकृतिक स्रोत समिति बनायौं प्राकृतिक स्रोत र अर्थको कार्य अन्य सम्बन्ध छ, त्यसैले त्यो समितिले पनि आफ्नो विषयमा काम गर्छ । सामाजिक विकास समिति बनायौं अनि त्यसरी चाहिँ हामीले जुन-जुन समितिहरू बनायौं अबलेखा समिति त छँदैछ । त्यो स्वाभाविक रूपमाचाहिँ प्रतिपक्ष दललाई त्यसको नेतृत्व दिने चलन छ हामी त्यो अभ्यास गर्दैछौं र म विश्वास पनि दिलाउन चाहन्छु र यसरी ४ वटा समितिहरू गठन भएका छन् संख्या पनि कम छ । अनि त्यसको ग्रान्ड अनि त्यसको बढी छ त्यस हिसाबले समितिहरूमा मेरो जोड्न खोजेको व्यापक रूपमा छलफल हुन्छ । जिल्ला-जिल्लामा छलफल हुन्छ । स्थानीय तहका अधिकारीहरूसँग छलफल हुन्छ,जनतासँग छलफल हुन्छ । माननीयज्यूहरूसँग छलफल अनि विज्ञहरूसँग छलफल गरेर चाहिँ हामीले राम्रो बजेट ल्याउने छौं । त्यो बजेट ल्याउनका निम्ति यो मुलद्वारको काम चाहिँ यो विधेयकले गरेको छ, मुल ढोका आज खुलेको छ, यो ढोका खोल्ने काम माननीय सभामुखज्यू, माननीय सबै साथीहरू एवं सबैले चाई जुन ढंगले सहयोग गर्नु भएको छ अहिले सम्मको लागि म धन्यवाद दिन चाहन्छु ।

म विशेष रूपमा चाई अनुरोध गर्न चाहन्छु यो विधेयकलाई फेरि पनि यो कसैले हुन्छ यो कसैले हुन्न भन्न पर्ने अवस्था मलाई लाग्दैन । म दोहोर्‍याउँछु म पक्ष प्रतिपक्ष यो चाहिँ आर्थिक कार्यविधि विधेयक बनाउने कुरामा चाहिँ सत्ता पक्ष र प्रतिपक्षको यो कुनै यो सीमा रेखा पनि हामीले देख्ने छैनौं । त्यसले सबै माननीय सदस्यहरू सबै संसदिय दलहरू सबैले चाई यो विधेयक पास गर्ने कुरामा सर्वसम्मतीले पास गर्ने कुरामा सहयोग गर्नुहुने विश्वास सहित म आफ्नो भनाइ यहि टुङ्ग्याउँछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशको प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक आर्थिक कार्यविधि विधेयक, २०७४ निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला ।

(फ्लोर- "हुन्छ" )

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशको प्रदेश सरकारको आर्थिक कार्यविधि विधेयक, २०७४ पारित गरियोस् भन्ने प्रस्ताव सर्व सम्मतीले पारित भएको घोषण गर्दछु ।

माननीय सदस्यहरू माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूमा सरकारको तर्फबाट जवाफ पेश गर्नका लागि सभाको आगामि बैठकमा सम्बन्धित विभागीय मन्त्री उपस्थित भई जानकारी गराउन निर्देशन दिन्छु ।

माननीय सदस्यहरू अब यो बैठक २०७४ साल चैत्र २६ गते सोमबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-१०

(२०७४ चैत्र २६ गते सोमवार)

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको पहिलो अधिवेशनको दशौं बैठकको कार्यवाहि प्रारम्भ हुन्छ ।माननीय सदस्यहरू सरकारको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाइहरू राख्न चाहनुहुने माननीय सदस्यहरूका लागि शून्य समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री राजु नेपाली समय १ मिनेट ।

**माननीय सदस्य श्री राजु नेपाली :** माननीय सभामुखज्यू, हामीले यो दशौं बैठक प्रारम्भ गरिरहँदा प्रदेशको नामाकरण पनि भइसकेको र हामीले सरकार पनि गठन गरिसकेको र हामी ती चरणहरू पार गर्दै आईपुग्दा हाम्रो यो प्रदेश आन्दोलनमा सहिद हुनुभएको चार जना र घाइते पनि धेरै हुनु भएको छ । घाईतेका कुराहरू न कही हामी पार्टीले उठाएका छौं न कुनै संघसंस्थाले उठाएको छ यसको लागि सभामुखमार्फत् उहाँहरूको सहिदहरूको सम्मान गर्दै घाईतेहरूको पहिचान गरी आफूले यहाँ सदनमार्फत् सभामुखमार्फत् यो सदनमा उहाँहरूको पहिचान गरी उहाँहरूको उच्च सम्मान गरियोस् भन्ने माग राख्दै बिदा हुन्छु हवस् धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री यज्ञबहादुर वि.सी., समय १ मिनेट ।

**माननीय सदस्य श्री यज्ञबहादुर वि.सी. :** सभामुख महोदय, शून्य समयमा एक मिनेट सरकारको सम्बन्धमा केहि कुरा राख्न दिनुभएकोमा म सभामुख महोदयलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । सभामुख महोदय, जब हाम्रो यो प्रदेश सरकारले जुन आफ्नो कार्यविधि अगाडि बढाई रह्यो हालसम्म आउँदा दश वटा बैठक हामीलाई के लाग्दथ्यो भने जब यो सरकारको कामकार्यवाही अगाडि बढाउने सवालमा सरकारले विजनेश दिने सवालमा पहिले पहिले राजधानीको नामाकरण, प्रदेशको नामाकरण जब खरायोको तालमा अगाडिबढ्यो अब चाँही हरेक विषयमा हाम्रा कार्यविधिहरू अगाडिसञ्चालन गर्ने र प्रदेशलाईउन्नती र प्रगतिको पथमा अगाडि बढाउने सवालमा एकदम अहिले कछुवाको तालमा हिडिरहेको मैले महसुस गरेको छु । सभामुख महोदय *(__माननीय सभामुखः__ छोट्याउनु माननीय सदस्य)* म यो सभामुख महोदय तत्काल विश्वविद्यालयको घटना जब विश्वविद्यालयको घटनाले आज हाम्रो यो प्रदेश मै एउटा आक्रमण गर्ने एउटा चाँही के भने यो जुन शैली जुन सरकारले जुन यो घटनालाई लिएर ती स्ववियुका विद्यार्थीहरूलाई जुन उ गर्ने एउटा सार्वजनिक केश दर्ता गराउने परिस्थितिमा सिर्जना भएको छ । सभामुख महोदय म चाँही सभामुख महोदयमार्फत् यो तत्काल यो विद्यार्थी स्ववियुका विद्यार्थीहरूलाई तत्काल चाहिँ त्यो मुद्दा देखि रिहाईको माग गर्न चाहन्छु सभामुख महोदय (माननीय सभामुखः सक्नुहोस् माननीय सदस्य) र जुन स्ववियुका विद्यार्थीहरूलाई विश्वविद्यालयबाट जुन अन्तर्गत घटना घटिरहेको छ र त्यहाँको डिनलाई कारबाही र त्यो सम्बन्धमा के भएको हो अनिवार्य छानबिन गर्न म सभामुख महोदयमार्फत् र सरकारको ध्यानाकर्षण गराउन चाहन्छु सभामुख महोदय हवस् धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कृष्णा शाह, समय १ मिनेट ।

**माननीय सदस्य श्री कृष्णा शाह :** माननीय सभामुख महोदय, संविधानतः आज स्वास्थ्यप्रत्येक नेपाली नागरिकको मौलिक अधिकारको कुरा हो र सरकारले ७० वटा औषधीहरू नेपाली नागरिकहरूले निःशुल्क

पाउनुपर्छ भन्ने कुराको निर्णय पनि गरिसकेको छ तर आज सभामुख महोदय जाजरकोटमा जाजरकोटी जनताहरूले एउटा सिटामोलसम्म नपाएर छटपटिने स्थिति बनिराखेको छ यो दर्दनाक अवस्थाको निराकरण स्थायी रूपले कसरी गर्न सकिन्छ सभामुख महोदय मार्फत् म यहाँ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, विशेष समय लिएर आफ्ना भनाइ राख्न चाहनुहुने माननीय सदस्यहरूलाई यथास्थानबाट आफ्ना भनाइहरू राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री गुलावजंग शाह, समय ३ मिनेट ।

**माननीय सदस्य श्री गुलावजंग शाह :** माननीय सभामुख महोदय, कर्णाली प्रदेशले अगुवाई गर्दै नामाङ्करण राख्दै, राजधानी तोक्दै यो प्रदेश सभा अगाडिबढीसकेको छ । म सभामुख महोदयमार्फत् सरकारलाई अनुरोध गर्न चाहन्छु कि कर्णाली प्रदेश नामाङ्कन भईसक्दा पनि अझैपनि यस प्रदेश अन्तर्गत ६ नं. प्रदेशलेखिएको छ । संसदको यो मर्यादा ती कार्यालयहरूले घटाएका छन् भन्न चाहन्छु कि यथाशक्यढंगले यो कर्णाली प्रदेशका सबै कार्यालयहरूमा कर्णाली प्रदेश नामाङ्कन गरियोस् बोर्डमालेखियोस् यो अनुरोध गर्न चाहन्छु नम्बर एक ।

नम्बर दुई, अहिले सम्मन जुन खालको ढंगले संसदीय अभ्यास गर्दै आउँदा सांसदहरूको मर्यादाक्रम तोक्ने क्रममा आउट गोईङ् सरकारले जसरी प्रदेश सभा सदस्यहरूको मर्यादाक्रममा मर्यादा नहुने गरी मर्यादा तोकेको छ म यो संसदलाई भन्न चाहन्छु कि संसदमार्फत् हामी सबैले संकल्प प्रस्ताव या कुन प्रस्ताव हुन्छ प्रस्ताव पास गरी यो प्रदेश सभाका माननीय सदस्यहरूको मर्यादाक्रमलाई यथोचित ढंगले हटाउँदै नयाँ मर्यादाक्रम तोक्नको लागि केन्द्रीय सरकारलाई अनुरोध गरौं भन्न चाहन्छु ।

नम्बर तीन, यो कर्णाली प्रदेश राष्ट्रिय गौरवका आयोजनाहरूलाई हामीले अहिले सम्म जोड्न सकेका छैनौं त्यसैले म प्रस्तावको रूपमा लैजान चाहन्छु कि लुम्बिनी र रारा एउटा फाष्टट्रयाकको रूपमा हामीले संकल्पको रूपमा एउटा नयाँ बाटोको आयोजना गरौं जसले लुम्बिनीमा आउने बौद्धमार्गीहरूलाई रारामा लगेर घुमाउन सकियोस् त्यो बाटोको शूरूवात गरौं पास गरेर केन्द्रीय सरकारलाई अनुरोध गरौं भन्न चाहन्छु ।

चौंथो कुरा, कर्णाली प्रदेश राजधानी सुर्खेतको बाटोको अवस्था दर्दनाक छ, जर्जर अवस्थामा छ । सुर्खेतमै हामीले पहिलो भिजिटर सुर्खेतमा आउँदा यो सुर्खेतमा आउने बाटोको अवस्था देख्दा कर्णाली प्रदेशको मुहार त्यसबाट झल्किने भएको हुनाले हामीले यो सरकारले पहिलो कुरो सुर्खेत राजधानीको बाटोको ढलको यातायातको यथोचित व्यवस्था गरोस् भन्न चाहन्छु ।

चौंथो कुरा, चैत्र महिनामा आउने पानीले गाउँघरका सबै बाटाघाटाहरू बिगारेको छ अब आउने वर्षे भेलले सम्भवत बाटाहरू कसरीबिगार्ला त्यो कुराको सरकारले यथोचित ढङ्गले सरकारले व्यवस्था गरेर वर्षामा आईपर्ने समस्यालाई बाटालाई सभाधान गर्ने गरी समयमै सतर्कता अपनाओस् यो कुरा भन्न चाहन्छुहवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री गणेशप्रसाद सिंह, समय ३ मिनेट ।

**माननीय सदस्य श्री गणेशप्रसाद सिंह : ल**माननीय सभामुखज्यू, उपस्थित मन्त्रीज्यूहरू र यहाँ उपस्थित माननीयज्यूहरू यो मैले विशेषगरीकृष्ण शाहको शून्य समयमा राखु भएको कुरालाई जाजरकोट भाईरलग्रस्त,

स्वाईन फ्लुग्रस्त र झाडापखालाग्रस्त यो पीडित जिल्ला भएको हुनाले त्यो ५० शैयाको तत्काल व्यवस्था प्रदेशबाट त्यहाँ यथाशिघ्र अध्ययन र त्यहाँ अनुगमन गर्ने एउटा टोली बनाएर पठाईयोस् त्यहाँ लथालिङ अवस्था छ,सिटामेल नपाएको अवस्था छ, त्यो चाहिने मतलवपत्रिकामा पनि आईराख्या छ त्यो सञ्चारमा पनि आएको एक हप्ता अगाडिर अहिले आएर रुकुम चौरजहारीमा एउटा मिसिनको हस्पिटलमा आएर औषधी खानलाई उपचारको लागिलाईन लागेर त्यहाँ चाँही मतलव बिरामीहरू अलपत्र परेको अवस्था छ ।

दोस्रो कुरा, माननीय गुलावजंग शाहजीले जुन राख्नुभयो यो यतिबेला आज पर्यटन वर्ष, २०७५को उद्घाटन प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्रीले उद्घाटन गर्ने कार्यक्रममा यो राष्ट्रिय गौरवको आयोजना यो प्रधानमन्त्रीबाट कार्यपत्रमा यो चाहिने व्यक्त हुनु पर्थ्यो । यतिबेला चाइने यो बौद्ध स्थल र रारालाई जोड्ने बाटो रारा प्रदेशको गौरवको आयोजनामा आगामी योजनामा ल्याउने गरिकन यो कार्यक्रमको आज एउटा कार्यपत्र यो संसदमा ल्याएको भए राम्रो हुन्थ्यो । हामी के-के विषय लिएर जाँदै छौं त यो विषय ।

तेस्रो कुरा, अब हामी यतिबेला यो राजधानीमा पानीको अभाव छ सुर्खेतमा अतिरिक्त विशेष पानीको व्यवस्था गरियोस् । यहाँ चाँही सडक हाईवे देखि माथि पानी छैन । त्यसो हुँदा राजधानीको पानीको व्यवस्था के होत ? बृहत खानेपानी अथवा पानीको विशेष व्यवस्था यो चाहिने व्यवस्था गरियोस् नभए यहाँ पानी पिए जलको समस्या देखियो । अब यी घटना अब देशैभरी पनि होला, अब यता हाम्रो प्रदेशमा पनि होला, अब महामारीको कुरा अब यो गर्मीको समय आईराख्या छ, अब वर्षा सिजन आउन थाल्यो यो अहिले बजेटमा यी अतिरिक्त यातायात अब औषधी र अतिरिक्त व्यवस्थामा विशेष ध्यान दिनुपर्छ । योजना तर्जुमा गर्दा, योजना छनौट गर्ने, सिधै गाउँपालिकाबाट प्रदेश सरकारले माग्ने अब यो प्रदेशका सांसदमार्फत् हो वा सिधै मतलव चाहिँ गाउँपालिकाले के आधारमा प्रस्ताव गर्‍यो त ? हिजोको चाहिने मतलव संक्रमणको अवस्थामा जिल्ला परिषद्का तीनै चाहिने मतलव प्रस्तावित निर्णयहरू हुन या अहिले चाहिने मतलव तल परिषद् गरेर पठायो त त्यसको हामीले संसदसीप गर्न पाउनु पर्छ यात हाम्रो दलमा बैठक हुनु पर्‍यो यात संसदमा हाम्रो बृहत छलफल हुनु पर्‍यो । हामी भोलि अनुगमनमा त्यसको प्रतिनिधि हामी पनि होला हाम्रो Right of Duty हुनुपर्छ जस्तो लाग्छ है । अँ त्यो व्यवस्थाका कारणले पनि योजना तर्जुमा गर्दा हाम्रो पनि Involve मतलव सहभागिता Involve त्यहाँ चाँही कसरी हो? के हो ? त्यो विधिको ठोस गरिनुपर्छ । त्यसो भयो भने आगामी आ.व. ०७५/०७६ को योजनाको निमित्त अहिले पुरक बजेट लिएर पूर्वाधार खडा गरोस् फिजिबिलिटि डिटेल र साना-साना प्याकेजका योजना र यिनी चाहिने ठूला मझौला र साना योजनामा त्यसले चाहिने मतलव पुरक सर्भे डिटेल यी कामहरू आधारभुत रूपमागरोस् त्यसमा अब सांसदहरूको प्रतिनिधिहरूको सहभागिता र त्यसको सुझाव लिने व्यवस्था बारे व्यवस्था गरियोस् धन्यवाद ।

**माननीय सभामुख :** माननीय हिमबहादुर शाही,समय ३ मिनेट ।

**माननीय सदस्य श्री हिमबहादुर शाही :** सभामुख महोदय, सर्वप्रथम म आगामीनयाँ वर्ष २०७५ को आगमनको सभामुखमार्फत् सम्पूर्ण माननीय सभासदज्यूहरू, संसद सचिवालयका सम्पूर्ण राष्ट्रसेवक मित्रहरू, पत्रकार बन्धुहरू,उपस्थित यस गरिमामय सदनमा उपस्थित सम्पूर्ण मानुभावहरूलाई म आफ्नो व्यक्तिगत र नेपाली काँग्रेसकोतर्फबाट मंगलमय शुभकामना व्यक्त गर्दछु यहाँहरूमको उज्वल भविष्यको कामना गर्दछु।

सभामुख महोदय, लोकतान्त्रिक व्यवस्थामा सरकारको अधिकार शासन गर्ने हो प्रतिपक्षको अधिकार सुनुवाई हुने हो यथेस्ट रूपमा सरकारको जस्तै प्रतिपक्षको भूमिका लोकतान्त्रिक मूल्य र मान्यतामा रहन्छ यसको लागि सरकारको भूमिका र प्रतिपक्षको भूमिका बारेमा स्पष्ट हुन सकेन सरकार भनेपछि त्यहाँ अवश्य पनि

आशंकाहरू दोषहरूको सिर्जना हुन्छ यसमा दुई मत छैन । यसैको सन्दर्भमा छोटकरीभन्दा यहाँ अहिले के देखिएको छ भने सरकारको हातमा झण्डा प्रतिपक्षलाई हतकण्डा हुन त साँच्चै भन्नेहो भने प्रतिपक्षले मात्रै भन्ने कुरा छैन प्रारम्भिक चरण देखि दशौं चरण सम्म संसद पुग्दा पनि अत्यन्तै जटिल परिस्थितिमा संसदलाई व्यवस्थित गर्न र सुचारु रूपले सुचारु गर्नुको निमित्त सभामुख महोदय लगायत संसद साथीहरूले नै नहिड्ने गोरुको पुच्छर निमोटेर हिडाले झै गरी सरकारलाई चलाएर दशौं बैठकसम्म आएका छौं । यो नेपाली काँग्रेसको लागि अवश्य पनि नेपाली काँग्रेस दुख व्यक्त गर्दछ । नेपाली काँग्रेस यर्थाथमा यो लोकतान्त्रिक मूल्य र मान्यता होइन भन्ने कुरा गर्दछ ।

अर्को कुरा सरकारको धन्दै हुनेहो काँग्रेसलाई हतकण्डा प्रतिपक्षलाई हतकण्डा नै हो भन्ने कुरा हो भने मुख्यमन्त्री लगायत हाम्रो गृहमन्त्रीको सभामुखमार्फत् ध्यानाकर्षण गर्न चाहन्छुउहाँ स्पष्ट रूपमा हामीलाई दिन सक्नुपर्छ प्रतिपक्षको भूमिका के हो ? प्रतिपक्षको दायित्व के हो ? प्रतिपक्षको जिम्मेवारी के हो ? भन्ने कुरा उहाँहरूलाई थाहा छ कि छैन ? यसैले यसै सन्दर्भमा अस्ति भर्खर मात्र आज के रे विश्वविद्यालयमा सानो घटेको घटनालाई लिएर आज गृहमन्त्रीज्यूले ठाडो आदेशमा ९/९ जना विद्यार्थीहरूलाई वारेन्टेड गर्नु भएको छ । एक जना विद्यार्थी हिरासतमा राखिएको छ यदि नेपाली काँग्रेस आज यथार्थमा एउटा गोविन्द लामिछाने डिनलाई काखमा च्यापेर पिठ्युमा लगाएर आज प्रजातान्त्रिक मुल्य र मान्यता धरोहरमा रहेका विद्यार्थीको जीवनलाई माथी खेलवाड गर्ने सोच राख्छ भने हामी त्यसको घोर भत्सर्ना गर्दछौं । गृहमन्त्री जीको ध्यानाकर्षण गराउन चाहन्छौं बिना शर्त बिना शर्त २४ घण्टाभित्र वारेण्ट खारेज हुनुपर्छ र गिरफ्तार गरिएको विद्यार्थीले छुटकारा पाउनुपर्छ । यदि त्यो होइन र राजा ज्ञानेन्द्र जस्तै ५८ को मलाई त शंकालाग्छ शाही आयोग गठन गरेर प्रतिपक्षका सबैलाई हाल्दीनु संका लाग्न लाग्यो अहिले त । राजा ज्ञानेन्द्र शाही आयोग बनाएर सम्पूर्ण बहुदलीय व्यवस्थाका मानिसहरूलाई (माननीय सभामुखः- समय छोट्याउनु माननीय) हाले जस्तै उहाँले जस्तो हाल्दीन्छकि जस्तो महिले उदाहरण दिएको छु सभामुख महोदय छोट्याउँला होइन शाही आयोग, संवैधानिक आयोग पनि गठन गरिएको थियो । यसैले म ध्यानाकर्षण गर्न चाहन्छु विनाशर्त २४ घण्टाभित्र गिरफ्तार भएको विद्यार्थीको रिहाई र वारेन्टेड भएका विद्यार्थीहरूको खारेजी होस् भन्ने माग राख्दै अहिले बिदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय बिन्दमान बिष्ट, समय तीन मिनेट ।

**माननीय सदस्य श्री बिन्दमान बिष्ट :** माननीय सभामुख महोदय, विश्वविद्यालयको केश विगत केहि दिन देखी हाम्रो छलफलको संसदको चर्चाको विषय बनिराखेको छ । घटना के भो परिणाम के भो त्यता तिर जान चाहन्न सभामुख महोदय मेरो सरोकारको विषय के हो भने हाम्रो नजिकै विश्वविद्यालय छ यद्यपी ऐनले कानूनले त्यो विश्वविद्यालय प्रदेश सरकारको मातहतमा आईसकेको छैन मेरो मान्यता छ त्यो विश्वविद्यालय प्रदेश सरकार मातहत रहोस्,क्षेत्रीय विश्वविद्यालय होस्  के रे प्रदेश अन्तर्गतको विश्वविद्यालय होस् म त्यो मान्यता राख्छु तर अहिलेसम्म कानूनले नआई सकेको छ । मेरो ध्यनाकर्षण गराउँन खोजेको विषय के मात्रै हो तभन्दा खेरि विश्वविद्यालय, विश्वविद्यालय जस्तो भएन बौद्धिक दादागिरीको थलो बन्न गयो । भिसी र रजिस्ट्रार जस्ता जिम्मेवार पदाधिकारीहरूले स्वच्छ शैक्षिक वातावरण निर्माण गरेर विश्वविद्यालयलाई अनुसन्धानको केन्द्र निर्माण गर्ने होइन कि त्यहाँ केहि अमुख पात्रहरूलाई सर्टिफिकेट प्रदान गर्ने र पछि गएर अगाडि बढाउने थलोको रूपमा त्यो विकास होस् त्यसकारणले गर्दा खेरि म यो सम्मानीत सदन मार्फत् सभामुखमार्फत् प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । प्रदेश सरकारले एउटा गम्भीरतापूर्वक अहिलेपनि विश्वविद्यालयको कुलपति सम्माननीय प्रधानमन्त्रीज्यू हुनुहुन्छ सम्माननीय

प्रधानमन्त्रीले छिटोभन्दा छिटो यो विश्वविद्यालयको एउटा विशेष सिनेटको बैठकको व्यवस्था गर्नुहोस् र विश्वविद्यालयका जिम्मेवार पदाधिकारीहरूलाई गम्भीर ध्यानाकर्षण गराउनुहोस् त्यहाँको स्वच्छ शैक्षिक वातावरण निर्माण गर्नुहोस् । विश्वविद्यालय एउटा अनुसन्धान केन्द्रको रूपमा विकास गरेर लैजानको निमित्त ध्यानाकर्षण गराउनुहोस् यो सभामुख मार्फत् प्रदेश सरकारको म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु ।

दोस्रो कुरा, अब विस्तारै वर्षा लाग्दै छ अस्ती मात्रै भेरीगंगा नगरपालिकाको ११ नं. वडामा केहि असिनाले क्षति पुऱ्यायो, बाढीले क्षति पुऱ्यायो, त्यहाँको जनताको गहुँ बाली र तरकारी खेती नष्ट गऱ्यो भन्ने हामीले सुनेका छौं त्यतातिर सरकारको ध्यानाकर्षण होस् र त्योसँगै मैले महत्त्वपूर्ण कुराविषय उठाउन खोजेको के होभन्दा खेरि अब वर्षा आउँदै गर्दा खेरि हाम्रो जस्तो अलि बिकट ठाँउ विकट प्रदेशमा यसले विपत न्यूनीकरणको निमित्त सरकारको योजना के हो ? सरकारले अब वर्षामा ठुलठूला क्षतिहरू हुन्छन्, ठुलठूला बाढी पहिरोहरू आउँछन् अहिलेसम्म सामान्यतया सरकारको अवस्था स्थिति हेर्दाखेरि विपद् जोखिम न्यूनीकरणको लागि र विपद् पछि विपद् व्यवस्थापनको लागि र त्यसको उद्धार र राहतको लागि ठोस कार्यक्रम नबनाउने हो भने अहिले हाम्रो जुन अवस्थाको प्रदेश छ भौगोलिक रूपमा हाम्रो विकासका पूर्वाधार निर्माण गरेको हिसाबले जुन अवस्थामा हाम्रो प्रदेश छ यो अवस्थाबाट हामीले ठूलो जोखि मोल्नु पर्ने, ठूलो जनधनको क्षति के रे धनजनको क्षति हुन सक्ने सम्भावना तिर ईगिंत गर्दै म सभामुखमार्फत् यो सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण के गराउन चाहन्छु भने विपद् जोखिम न्यूनीकरणको लागि विपद् पछि राहतको लागि उद्दारको लागि यथेष्ट बजेटको व्यवस्था गरेर त्योअनुसार को व्यवस्थापन प्रदेश सरकारले गऱ्योस् त्यसको लागि प्रदेश सरकारले केन्द्रीय सरकारसँग एउटा हेलिकप्टरसम्म यो प्रदेशको राजधानी मा एटेनवाई राख्नको निमित्त प्रदेश सरकारको ध्यानाकर्षण गराउन यद्यपी प्रदेश सरकारले अहिले नै हेलिकप्टर आफ्नो लिन नसक्ला तैपनि केन्द्रीय सरकारसँग त्यो हेलिकप्टरको माग गरेर खासगरी यो पश्चिमका क्षेत्रमा विपद् पछि हुने राहत र उद्धारको लागि त्यो हेलिकप्टरलाई यहाँ राख्ने व्यवस्थाको निमित्त म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र तेस्रो विषय भनेको *(**माननीय सभामुखः** छोट्याउनुहोस् माननीय सदस्य)* धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री पद्मा खड्का, समय ३ मिनेट ।

**माननीय सदस्य श्री पद्मा खड्का :** सभामुख महोदय, यो प्रदेश सभाको दशौं गरिमामय सदनमा मैले यो विशेष समयमा आफ्ना महत्त्वपूर्ण भनाइ यहाँ राख्न चाहन्छु । कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्लामा विगत लामो समय देखि बाढीपीडितको जुन समस्या छ यो सदन चलिरहँदा पनि विभिन्न समयमा यहाँ आवाजहरू उठिरहेका छन्, मौसमको कारणले अब ती पालमुनी बसेका पीडितहरूको राहतको लागि विभिन्न नाराहरू घन्किएता पनि तर वास्तविक रूपले हामीले तिनीहरूलाई व्यवस्थापन गर्न यो प्रदेश सरकारको सबैभन्दा महत्त्वपूर्ण ध्यानजानपर्छ भन्ने म राख्न चाहन्छु र त्यसको लागि सुर्खेतको वीरेन्द्रनगरमा रहेका वीरेन्द्रनगर बजारभित्र रहेको महिला प्रशिक्षण केन्द्रमा रहेका बाढीपीडितको लागि छिटोभन्दा छिटो र गिरिघाटमा रहेका बाढीपीडितलाई कसरी व्यवस्थापन गर्ने हो भन्ने कुरामा यो प्रदेश सरकारले केहि यो छोटो समयमा योजना बनाएर व्यवस्थापनको कामको थालनी गर्नेछ भन्ने म ध्यानाकर्षण गर्न चाहन्छु र दोस्रो सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकामा भर्खरै मात्र भएको असिनापानीले गर्दा किसानहरूको लगाईएको खेती क्षति भएको छ यसलाई पनि यो सरकारले क्षतिका लागि उचित पहल र व्यवस्थापन गरियोस् भन्ने म ध्यानाकर्षण गर्न चाहन्छु र तेस्रोमा छ अहिले यो प्रदेश सरकारलाई जुन आफ्नो कार्यविधि

जुन गर्नुपर्ने जिम्मेवारी छ अहिले पनि स्थानीय तहको सेवासम्बन्धी विभिन्न चर्चाहरू चलिरहेको छ । यसलाई छिटोभन्दा छिटो यो अन्यौलता नछाओस् कि स्थानीय तहमा अहिलेपनि लामो समय भइसकेको कारणले गर्दा यो विषयलाई छिटो निराकरण गरी टुङ्ग्याओस् भन्ने म ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू कार्यव्यवस्था परामर्श समितिको मिति २०७४ चैत्र २३ गतेको निर्णयानुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलहरूबाट विभिन्न समितिमा प्रतिनिधित्व गर्ने माननीय सदस्यहरूको प्राप्त नामावलीका आधारमा प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १९ को नियम १४४ र १४५ मा भएको व्यवस्थाअनुसार देहाएका समितिहरूमा देहाएका माननीय सदस्यहरू रहने गरी समिति गठनको प्रस्ताव गरेको छु ।

<u>विधायन तथा प्रदेश मामिला समिति</u>

**समितिमा रहनुहुने माननीय सदस्यहरूः-**

१. माननीय चन्द्रबहादुर शाही
२. माननीय जीवनबहादुर शाही
३. माननीन देवी ओली
४. माननीय धर्मराज रेग्मी
५. माननीय पदमबहादुर रोकाया
६. माननीय विन्दमा बिष्ट
७. माननीय मिनासिंह रखाल

<u>सार्वजनिकलेखा समिति</u>

**समितिमा रहनुहुने माननीय सदस्यहरूः-**

१. माननीय करविर शाही
२. माननीय गणेशप्रसाद सिंह
३. माननीय गुलावजंग शाह
४. माननीय गोपाल शर्मा
५. माननीय झोवा वि.क.
६. माननीय दीनबन्धु श्रेष्ठ
७. माननीय बदमीक्वारी बोहरा
८. माननीय शोशिला शाही

<u>अर्थ तथा प्राकृतिक स्रोत समिति</u>

**समितिमा रहनुहुने माननीय सदस्यहरूः-**

१. माननीय अमृता शाही
२. माननीय अम्मरबहादुर थापा
३. माननीय कुर्मराज शाही
४. माननीय दानसिंह परियार
५. माननीय विरबहादुर शाही

६. माननीय यामलाल कंडेल
७. माननीय सिताकुमारी नेपाली
८. माननीय हिमबहादुर शाही

<u>सामाजिक विकास समिति</u>

**समितिमा रहनुहुने माननीय सदस्यहरूः-**

१. माननीय कृष्णा शाह
२. माननीय कौशीलावती खत्री
३. माननीय ठम्मरबहादुर विष्ट
४. माननीय पद्मा खड्का
५. माननीय यज्ञबहादुर विसी
६. माननीय राजु नेपाली
७. माननीय रातो कामी
८. माननीय शुशिलकुमार थापा

माननीय सदस्यहरू, अब म विषयगत समिति गठनसम्बन्धी प्रस्तावलाई सवाधर अनुमोदनको लागि पेश गर्दछु । विषयगत समिति गठनको प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विषयगत समिति गठन सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतीले अनुमोदन भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा घटेको घटनाका सम्बन्धमा यथार्थ जानकारीसहित माननीय सदस्यहरूले विविध विषयहरूमा सरकारकोतर्फबाट विभागीय उठाउनु भएका सवालहरूका विषयमा विभागीय मन्त्रीमार्फत् अर्को बैठकमा आधिकारीक धारणासहित सदनलाई जानकारी गराउन रुलिङ गर्दछु । माननीय सदस्यहरू, अब यो बैठक अर्को सूचना नभए सम्मका लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-११

(२०७५ बैशाख १० गते मंगलवार)

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा शुक्रवार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको पहिलो अधिवेशनको एघारौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री दुर्गाकिशर खनालज्यू यस सभालाई सम्बोधन गर्नका लागि उपस्थित हुनु भएको छ सभाको तर्फबाट उहाँलाई हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू अब म नेपालको संविधान, २०७२ को धारा १८४ एवम् कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ बमोजिम कर्णाली प्रदेशका प्रमुख माननीय श्री दुर्गाकिशर खनालज्यूलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ कोनीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्न आग्रह गर्दछु ।

**माननीय प्रदेश प्रमुख श्री दुर्गाकिशर खनाल :** सभामुख महोदय,नेपालको संविधान जारी भएको दोस्रो वर्षमा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५कोनीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिकजनआन्दोलन, सशस्त्र आन्दोलन लगायत यस प्रदेश स्थापनार्थ भएका आन्दोलनहरूको स्मरण गर्न चाहन्छु ।

- लोकतन्त्रको स्थापनार्थ सहिदहरू तथा वेपत्ता र पीडित नागरिकहरूको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।
- कर्णाली प्रदेश बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको प्रदेश हो । यस प्रदेशको मौलिक विशेषतालाई आत्मसाथ गरी विविधता बीचको एकता सामाजिक, साँस्कृतिक ऐक्यबद्धता सहिष्णुता र सद्भावलाई संरक्षण एव प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रिय भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै सरकारका जातीय छुवाछुतको अन्त्य गरी जातीय समानता, समृद्धि, सामाजिक न्याय, सुनिश्चित गर्न समानुपातिक समावेशी सहभागीमुलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने संकल्प यस प्रदेशले लिएको छ ।
- यस प्रदेशभित्र दीगोशान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई पूरा गर्न सक्ने छन् सरकारले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै तीव्र आर्थिक विकास गर्ने तथा उपलव्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशिल बनाउँदै समाजवादउन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य यस प्रदेशले लिएको छ ।
- विकासका दृष्टिले पछाडि परेको यस प्रदेशको सन्तुलित, गुणस्तरिय र दीगो रूपमा भौतिक पूर्वाधार विकास गर्ने महत्त्वपूर्ण जिम्मेवारी यस प्रदेशको सरकारलाई आएको छ । गाउँ-गाउँमा सिंहदरबारको

नारालाई साकार पार्न प्रदेश सरकारले विकास र स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहमा जोड दिन जरुरी छ ।

- विकासका हिसाबले नेपालका अन्य प्रदेशभन्दा पिछडिएको क्षेत्र र पहाडी जिल्ला बढी भएको यस कर्णाली प्रदेश विकासका सम्भावनाका हिसाबले अवसर र चुनौती दुवै रहेको प्रदेश हो । जडिबुटी, कृषि, जलस्रोत र पर्यटन यसका सम्भावना हुन भने तीनको अनुसन्धान, निर्माण र उद्योग स्थापना गर्न त्यतिकै चुनौतीहरू छन् । भु-बनोट, सडक, सञ्चार, छिमेकी राष्ट्रसँग जोडिएका व्यापारिक नाकाहरूको सञ्चालन कर्णाली करिडोरको सहज यातायात व्यवस्थापन प्रदेश राजधानी र केन्द्रीय राजधानीको सिधा हवाई उडान नियमित गर्ने, क्षेत्रीय विमानस्थलको सुदृढिकरण र व्यवस्थापनजस्ता चुनौतीलाई अवसरको रूपमा परिणत गरी गाडि बढ्नु परेको छ । यस कार्यमा सबै राजनैतिक दल, नागरिक समाज,उद्योग बाणिज्य व्यापार क्षेत्रका प्रभुत्व व्यक्तिहरू, बुद्धिजिवीवर्ग,कानून व्यवसायी र पत्रकारहरूको महत्त्वपूर्ण भूमिका रहन्छ ।
- यसै सन्दर्भमा प्रदेश मन्त्रिपरिषद्को बैठकद्वारा नै कर्णाली समृद्धिको आधार पर्यटनको विकास र पूर्वाधार भन्ने मुल नारा सहित रारा कर्णाली पर्यटन वर्ष, २०७५ मनाउने निर्णय भएबमोजिम मिति २०७५ साल बैशाख १ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट रारा कर्णाली पर्यटन वर्ष, २०७५ को शुभारम्भ भइसकेको व्यहोरा सम्मानीत सदनसमक्ष जानकारी गराउन चाहन्छु ।
- यस प्रदेशको प्रमुख उद्योगको रूपमा पर्यटन हो भन्ने तथ्यलाई मनन गरी कर्णाली प्रदेशलाई पर्यटन हवको रूपमा निर्माण गर्ने कुल ग्राहस्थ उत्पादनमा पर्यटनबाट हुने योगदानको हिस्सा बढाउँने, लगानीमैत्री वातावरण निर्माण गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा यस प्रदेशको पहिचान गराउने उद्देश्य लिई वि.स. २०७५ सालभित्र ५ लाख पर्यटक भित्र्याउने लक्ष्य सहित रारा पर्यटन वर्ष, २०७५ को सचिवालयले आफ्नो क्रियाकलापलाई थालनी गरिसकेको छ यस अभियानलाई सम्बद्ध सवै पक्षबाट पूर्ण सहयोग हुनेछ भन्ने आशा र विश्वास लिएको छु ।
- **"स्वास्थ्यप्रति जिम्मेवार समृद्धिको आधार"** भन्ने मुल नारा सहित जनजनमा स्वास्थ्यको पहुँच राम्रो अभियान, राम्रो अभियान अन्तर्गत मेरो वर्ष, २०७५ अभियान कार्यक्रम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा यस प्रदेशको सामाजिक विकास मन्त्रालयको अगुवाईमा शुभारम्भ भइसकेको छ । यस अभियानले हरेक नागरिकले आफ्नो व्यवहार परिवर्तन गरेमा स्वस्थ र गुणस्तरिय जीवन बन्ने आशा लिएको छु । यस अभियानलाई सफल पार्ने हामी सबैको कर्तव्य हो यस महान् अभियानमा सबै पक्षको सहयोग र साथ रहनेछ भन्ने आशा लिएको छु ।
- वर्तमान संविधानको सुन्दर पक्ष मध्ये नागरिकको कर्तव्य संविधानमा व्यवस्था हुनु पनि एक हो । प्रदेश सरकारले हामीलाई के दियो भन्नुभन्दा पनि प्रदेश सरकारले थालेका आर्थिक समृद्धिको आधारहरूलाई सफल पार्न नागरिकको हैसियतले मैले प्रदेश सरकारलाई के सहयोग गरेँ भनेर मनन गर्न सबैमा अनुरोध गर्दछु ।
- प्रदेश सरकारले लिएका नीति तथा कार्यक्रम हाम्रो साझा कार्यक्रम हो भन्ने भावना प्रदेश नागरिकले मनन गर्न जरुरी छ । यस कार्यक्रमलाई प्रत्येक नागरिकले आ-आफ्नो स्थानबाट मन,वचन र कर्मले साकार पार्न दत्तचित्त भई लाग्नु पर्ने भएको छ जसले गर्दा यस प्रदेशको दीगोशान्ति विकास र समृद्धिमा जनताको आकांक्षा पूरा हुने मार्ग प्रशस्त हुने विश्वास लिएको छु ।
- कर्णाली प्रदेशको समग्र विकास र समृद्धिको गुरु योजना बनाउन विज्ञहरूको एक टिम निर्माण गरी प्रदेशको समग्र योजनाको खाका सार्वजनिक गरिने छ ।

- महिला, दलित, जनजाती तथा सीमान्तकृत जाती र समुदायहरूलाई सशक्तिकरण गर्नका लागि विशेष कार्यक्रम ल्याइने छ ।

*सभामुख महोदय,*

- जनतासँग मुख्यमन्त्रीको प्रत्यक्ष सम्वन्ध स्थापित गर्ने कार्यक्रमलाई अगाडि बढाइने छ ।
- प्रदेशस्तरिय ऐन कानून तथा नीति निर्माण सम्वन्धी कार्यलाई तीव्रता दिइने छ ।
- मानव अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्ने कार्यक्रम सम्बन्धित नीति नियम तर्जूमा गरिने छ ।
- अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार नियन्त्रण गरी शुभारम्भ सहितको सुशासन सहितको जनमैत्री शासन व्यवस्था अबलम्वन गरिने छ ।
- भ्रष्टाचारलाई शून्य सहनसिलताको नीतिअबलम्बन गर्दै भ्रष्टाचाररहित प्रदेश बनाइने छ । पारदर्शीछिटोछरितो प्रशासन राखी पूर्ण सुशासन कायम गरिने छ ।
- प्रदेशस्तरिय मानव संशाधन विकास योजना तर्जूमा र कार्यान्वयनका कार्यक्रम अगाडि बढाइने छ ।
- आवश्यक प्रादेशिक आयोगहरू गठन गर्ने कार्यलाई अगाडि बढाइने छ ।
- प्रदेश स्तरिय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरिकरणसम्बन्धी कार्य अगाडि बढाइने छ ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मन्त्रालयहरूको संस्थागत सुधार गर्ने कार्यलाई अगाडि बढाइने छ ।
- सञ्चार क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कार्यक्रम बनाइने छ ।

*सभामुख महोदय,*

- कर्णाली प्रदेशलाई विशेष आर्थिक प्रदेश अर्थात कर्णाली प्रदेशभित्र विशेष आर्थिक क्षेत्र (SEZ) घोषणा गरी सञ्चालन गर्न आवश्यक नीतिलिइने छ ।
- **"एक पालिका एक घरेलु उद्योग"**को नीतिअनुसार स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगलाई प्रबर्द्धन गर्ने नीतिअबलम्बन गर्ने तथा रोजगारीमुखी र उत्पादनमुलक ठूला र मझौला उद्योगहरू जस्तै सिमेन्ट, खनिज, जडिबुटी जस्ता प्रदेशका कच्चा पदार्थ उपयोग हुने उद्योगको स्थापना तथा विकासलाई प्राथमिकता दिइने छ ।
- पेट्रोलियम पदार्थको अध्ययन, अन्वेषण र अनुसन्धान गरी उपयोगका लागि आवश्यक योजना बनाइने छ ।
- पहिचान गरिएका औद्योगिक क्षेत्रहरूको पूर्वाधार विकासमा जोड दिइने छ । साथै खाद्यान्न पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यकिए वस्तुको आवश्यक तथा संकटकालिन मौज्दातको विशेष व्यवस्था गरिने छ ।
- स्वदेशी र स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपयोगलाई प्राथमिकता र प्रोत्सान दिइने छ ।
- सुर्खेतमा अन्तर्राष्ट्रिय मापदण्डको प्रादेशिक विमानस्थल निर्माणको लागि संघीय सरकारसँग पहल गरिने छ ।
- प्रदेशका अत्यावश्यक वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिका लागि सार्वजनिक, सरकारी, नीजि तथा सहकारीको सहकार्यको प्रणालीलाई स्थापित गरिने छ ।
- स्वस्थ प्रतिस्पर्धात्मक बजार व्यवस्थालाई प्रोत्साहन गर्न बजारको नियमन अनुगमन प्रणालीलाई स्थापित गरी आपूर्ति प्रणालीलाई चुस्त बनाइने छ ।
- **"समृद्धिका लागि हरित वन"** भन्ने नारा सार्थक गर्न वन स्रोतको बहुउपयोग गर्ने नीतिलिइने छ ।

- सहभागितात्मक र वनको दीगोव्यवस्थापन गर्ने नीतिअबलम्वन गरी सरकारी तथा नीजि क्षेत्रलाई वन विकास तथा विस्तार संलग्न गराउँदै वनजन्य उद्यमको प्रबर्द्धन, उत्पादनको विविधीकरण र बजारीकरणबाट मुल्य अभिवृद्धि र रोजगारी सिर्जना गरिने छ ।
- प्रदेशस्तरमा जल तथा भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकिकृत संरक्षण र व्यवस्थापन गरिने छ ।
- **"जनताको धन, जडिबुटी, वन्यजन्तु र वन"** भन्ने नारालाई साकार पार्न साकार पार्नसाथ वनजंगलको संरक्षण र सहि प्रयोग एवम् जडिबुटीको व्यवस्थापन र प्रशोधनमा जोड दिइने छ ।
- आर्थिक रूपले महत्त्वपूर्ण जडिबुटी तथा गैर काष्ठ वन पैदावारको व्यवसायीक खेती उत्पादन वृद्धि र बजारीकरणलाई प्रोत्साहन गरिने छ । साथै सामुदायिक, कबुलियति, साझेदारी, संरक्षित, धार्मिक लगायतका समुदायद्वारा व्यवस्थित वनलाई आर्थिक र सामाजिक रूपले सक्षम बनाउदै लाभको न्यायोचित बाँडफाँट गर्ने व्यवस्था मिलाइने छ ।
- **"कर्णाली समृद्धिको आधार पर्यटनको विकास र प्रर्वाधार"** भन्ने नारा सरकार साकार गर्न पर्यटन विकास गुरु योजना निर्माण तथा कार्यान्वयन गर्नका लागि मिति २०७५ बैशाख १ गते रारा तालको किनारमा बसेको प्रदेशको रारा क्याविनेटको निर्णय बमोजिम कर्णाली पर्यटन विकास प्राधिकरण गठन गरिने छ ।
- **"स्वच्छ वातावरणका लागि हरियाली"** नाराका साथ सार्वजनिक स्थलमा आर्थिक लाभ लिन सकिने खालका वृक्षारोपण कार्यक्रमलाई स्थानीय तहसँग सम्बन्ध गरी एक व्यक्ति १० रुख रोप्ने एक व्यक्ति १० रुख रोप्ने नीतिलाई अभियानको रूपमा अगाडि बढाइने छ ।
- प्राकृतिक प्रकोप र जोखिमयुक्त क्षेत्र पहिचान गरी नकारात्मक प्रभाव न्यूनीकरण गर्ने योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

***सभामुख महोदय,***

- विपद व्यवस्थापन पूर्व तयारी, जोखिम न्यूनीकरण र विपत प्रतिकार्यको लागि प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन गरिने छ ।
- बस्ती स्थान्तरणसम्बन्धी प्रादेशिक नीति,कानून, मापदण्ड र योजना तर्जूमा गरिने छ ।
- प्रदेशलाई सूचना प्रविधियुक्त प्रदेश बनाउने सूचना प्रविधिसम्बन्धीभौतिक पूर्वाधार स्थापना गरिने छ ।
- चुस्त र दुरुस्त सक्षम आधुनिक प्रविधियुक्त प्रदेश प्रहरी संगठन निर्माण गरी प्रदेशको शान्ति सुरक्षालाई अनुभूति हुने गरी सेवा प्रवाह गरी गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, लागु औषधि दुर्व्यसनी, मानव तस्करी, महिला तथा बालहिंसा आदीको प्रभावकारी रूपमा नियन्त्रण गरिने छ । साथै लागु औषधीको प्रयोग तथा ओसारपसारलाई निरुत्साहित गरी नियन्त्रण गर्न र त्यसका विरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- कालोबजारी, अवैध व्यापार, चोरी, निकासी, पैठारी, तस्करी जस्ता क्रियाकलाप उपर निगरानी र नियन्त्रण गर्न सबै सुरक्षा निकायको समन्वयात्मक परिचालनलाई जोड दिई जनतामा दिने सेवा नागरिक बडापत्र खडा गरी तथ्यपूर्ण गुनासो र उजुरी सुनुवाईको लागि निःशुल्क टेलिफोन टोल फ्रि नम्बर कर्णालीको विकास तथा नागरिक सहायता कक्ष हेल्प डेस्क स्थापना गरी गुनासो फछ्र्यौटको प्रगतिजानकारी लिने दिने व्यवस्था मिलाइने छ ।
- प्रदेशलाई पूर्ण रूपले शान्ति सुरक्षा दिन प्रदेश प्रहरीलाई सशक्तिकरण गर्दै आवश्यक साधन र स्रोतको तत्काल व्यवस्था मिलाउने कार्यक्रम ल्याइने छ ।

- आधुनिक प्रविधिको प्रयोगद्वारा छिटोछरितो र प्रभावकारी तरिकाबाट अपराध अनुसन्धान तथा नियन्त्रण गरिने छ ।
- सडक दुर्घटनालाई न्यूनीकरण गर्न नागरिक सचेतना कार्यक्रम सञ्चालन गरी सडक सुशासन कायम गर्ने नीतिलिइने छ ।
- प्रदेशस्तरमा सार्वजनिक विवाह, उत्सव र पर्वहरूको उचित व्यवस्थापन गरिने छ ।
- द्वन्द्वबाट पीडित र विस्थापित व्यक्तिको उचित व्यवस्थापन गरी सत्यनिरूपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिको संलग्नमा नीति बनाई कार्यान्वयनमा जोड दिइने छ ।
- प्रदेशभित्रका न्यायिक र अर्धन्यायिक निकायसले गरेका फैसला कार्यान्वयनमा जोड दिइने छ ।
- प्रदेशस्तरका संचार माध्यमको लागि इजाजत दर्ता, अभिलेख,अनुमति, नवीकरण, अनुगमन र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाई सूचनाको हकबारे नागरिकमा सबैको पहुँच पुऱ्याउनेसम्बन्धी प्रादेशिक नीति,कानून, मापदण्ड तर्जूमा गरी प्रभावकारी कार्यान्वयनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- दुरदराजसम्म सञ्चारको सहज पहुँचको लागि प्रदेशस्तरमा तारयुक्त र ताररहित ड्रोन बैंक विधिको विकास व्यवस्थापन र नियमन गरी सूचना प्रविधिको प्रबर्द्धन,सञ्चालनएवम् नियमन गरिने छ । इन्टरनेट सेवाको विस्तारमा जोड दिई सञ्चार र सूचना प्रविधिमैत्री सञ्चार प्रणालीको प्रत्याभुति गर्नका लागि दुरदराजसम्म बजारको पहुँच पुऱ्याउन आवश्यक नीतिको निर्माण गरी प्रविधिको जडानसमेतगरिने छ ।

*सभामुख महोदय,*

- प्रदेशको विकासमा प्रत्यक्ष प्रभाव पार्ने जनजीविकाकोस्तरलाई उकास्न सहयोग पुऱ्याउने तथा प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त भौतिक पूर्वाधारहरू जस्तै खानेपानी तथा सरसफाई, सिँचाइ, जलविद्युत, भवन तथा आवास नदी नियन्त्रण तथा तटबन्धन एवम् यातायात पूर्वाधार आदिको पहिचान गरी सम्भाव्यता अध्ययन तथा उपयुक्त ठहरिएका योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन डि.पि.आर. तयार गरी क्रमश कार्यान्वयन गर्दै लगिने छ ।
- प्रदेशको भौगोलिक र सामाजिक अवस्थाको अध्ययन गरी शहरीकरण तथा एकिकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रदेशको राजधानी जिल्ला सदरमुकाम र स्थानीय तहको केन्द्रमा बढ्दै गरेको अव्यवस्थितशहरीकरणलाई न्यूनीकरण गरी व्यवस्थित शहरको विकास गर्न प्राविधिक दृष्टिकोणले सम्भाव्य र उपयुक्त स्थलहरूको पहिचान गरी स्मार्ट सिटिहरूको विकास गरिने छ ।
- सुरक्षित,व्यवस्थित, वातावरणमैत्री भवनहरू निर्माण गर्नका लागि भवनसँगसम्बन्धित ऐन, नियमहरू, भवनसंहिता, मापदण्ड, निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- लक्षित वर्ग तथा समुदायलाई पहिचान गरी जनता आवास कार्यक्रम सञ्चालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्ति र दलित समुदायको उत्थान गरी शिक्षा र रोजगारीमा पहुँच पुऱ्याउन जोड दिइने छ ।
- महिला सशक्तिकरणको लागि विशेष कार्यक्रम ल्याउने नीतिअबलम्बन गरिने छ ।
- प्रदेशका दुई जिल्ला हुम्ला र डोल्पालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने संघीय सरकारसँग समन्वय गरी आवश्यक पहल कदमी अगाडि बढाइने छ ।

- कर्णाली प्रदेशको भौतिक पूर्वाधार विकासका लागि जमुनाह हिल्सा प्रधानमन्त्री अन्तर्राष्ट्रिय द्रुत मार्ग, कर्णाली कोरिडोर, भेरी कोरिडोर लगायत सडकहरूलाई राष्ट्रिय गौरवको आयोजनाहरूको रूपमा समावेश गर्न पहल गरिने छ ।
- बर्दिया-सुर्खेत सुरूङ मार्ग निर्माण गर्न पूर्वसम्भाव्यता अध्ययनका लागि संघीय सरकारसँग अनुरोध गरिने छ ।
- संघीय सरकारबाट हस्तान्तरण भई आउने डि.पी.आर. तयार भईसकेका तथा कार्यान्वयन भईसकेका भइरहेका आयोजनाहरूलाई प्रदेश सरकारले आफ्नो स्वामित्वमा लिई निरन्तरता दिइने छ ।
- स्थानीय तहलाई जिल्ला जोड्ने र जिल्लालाई प्रदेश राजधानी जोडेने सडक संजाल निर्माण गरिने छ।
- राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण प्रभाव पार्ने फुकोट, फुकोट कर्णाली वेतान कर्णाली जगदुल्ला जलविद्युत आयोजना,शारदा जलविद्युत आयोजना, नलसिङगाड जलविद्युत आयोजनालाई पहिलो प्राथमिकतामा राखि यस्तै प्रकृतिका जलविद्युत आयोजनाहरूलाई संघीय सरकारसँग समन्वय गरी प्रदेशमा लगानीमैत्री वातावरण बनाइने प्रदेशका सबै जिल्लाहरूमा विद्युतलाईन जडान तथा विस्तार गरिने छ ।
- आगामी ५ वर्षभित्र सबै स्थानीय तहमा विद्युतको सहज पहुँच अभिवृद्धि गर्न जलविद्युत, वैकल्पिक उर्जा, सोलार, वायु ग्याँस, वायु उर्जा आदीको सम्भाव्यता अध्ययन गरी उज्यालो कर्णाली अभियानलाई अगाडि बढाइने छ ।
- जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न जोखिमयुक्त जलाशय तथा पहिरो व्यवस्थापनको लागि आवश्यक नदी नियन्त्रणका योजना तर्जूमा गरी कार्यान्वयनमा ल्याइने छन् ।
- संघीय सरकारसँग समन्वय गरी प्रदेश सरकार, स्थानीय सरकार र जनताको प्रत्यक्ष संलग्नतामा विद्युत उत्पादन गर्ने आयोजनाहरूशुरू गर्ने नीतिलिइने छ ।
- भेरी बबई बहुउद्देशीय डाईभर्सन जस्ता राष्ट्रिय गौरवका आयोजनाहरूको सहज कार्यान्वयन गरी तोकिएको समयभित्र सम्पन्न गर्न आयोजनाबाट प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा प्रभाव पर्ने क्षेत्रहरूमा सिँचाइ, स्वास्थ्य, खानेपानी, यातायात,विद्युत लगायतका भौतिक पूर्वाधार व्यवस्था गर्न संघीय सरकारसँग समन्वय गरी त्यस आयोजनाबाट लाभ तथा लाभको हिस्सेदारी लिनका लागि अनुगमन गर्ने नीतिलिइने छ ।
- सुर्खेत उपत्यका तथा भेरी बबई र कर्णाली नदी किनारको बस्तीलाई बस्तीको सिंचाइ तथा खानेपानीको दीर्घकालिन समस्या समाधान गर्न भेरी बबई रकर्णाली नदीको पानीलाई लिफ्ट प्रविधि प्रयोग गरी स्वच्छ खानेपानी तथा सिँचाइ उपलब्ध गराउने नीतिलिइने छ ।
- आगामी ५ वर्षभित्र बहुउद्देशीय जलउपयोग नीति अन्तर्गत भूमिगत तथा आकाशे पानीको व्यवस्थापन गरी कर्णाली प्रदेशका जनताको स्वच्छ खानेपानीको पहुँच कायम गरिने छ ।
- उत्पादनशील जमिनमा सिँचाइका स्रोतहरूको पहिचान गरी सबै ठाउँमा सिँचाइ सुविधा उपलब्ध गराइने छ ।

***सभामुख महोदय,***

- दक्ष जनशक्ति उत्पादन तथा दीगो विकाससम्बन्धी बालविकासका लागि विशेष कार्यक्रम ल्याइने छ । साथै शिक्षाबाट वञ्चित रहेका बालबालिकाका लागि अनिवार्य शिक्षाको अवसर प्रदान गरिने छ ।
- कर्णाली प्रदेशको आवश्यकता र सम्भावनालाई मध्येनजर गर्दै प्राविधिक व्यवहारीक तथा वैज्ञानिक खेती एव गुणस्तरिय शिक्षा प्रदान गरिने छ ।

- स्थानीय तहमा न्यूनतम एउटा माध्यमिक विद्यालयमा प्राविधिक र व्यावसायीक शैक्षिक कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी क्रमश लागु गरिने छ । साथै यस्ता विद्यालयहरूलाई प्रदेश सरकारबाट प्रोत्साहन तथा नतिजामा आधारित अनुदानको व्यवस्था गरिने छ । साथै आवासिय विद्यालयको अवधारणा लिइने छ ।
- साक्षरता तथा साक्षारोपण कार्यक्रमहरूको सञ्चालन गरी साक्षरप्रदेश घोषणा अभियानको सञ्चालन गरिने छ ।
- प्रदेशभित्र आधारभुत स्वास्थ्य सेवा सुनिश्चित गर्दै सर्वसुलभ र प्रभावकारी बनाइने छ । साथै स्वास्थ्य बिमा लागु गर्ने नीतिबनाइने छ ।
- प्रदेशभित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रद्वारा सञ्चालित स्वास्थ्य संस्थाहरूको नियमन, कार्यान्वयन तथा अनुगमन प्रभावकारी ढंगले गरिने छ ।
- **"स्वस्थ जीवन सकारात्मक सोच"** नारालाई चरितार्थ गर्न प्रदेशका विभिन्न स्थानमा आरोग्य केन्द्रहरूको स्थापना गरिने छ ।
- प्राकृतिक चिकित्सा होमीयोप्याथी,एलोप्याथी लगायत विभिन्न उपचार पद्धतिलाई कर्णाली प्रदेशभरी एकरूपता कायम गरी विशेष कार्यक्रम बनाई लागु गरिने छ ।
- यातायातको पहुँच भएका स्थानीय तहहरूमा स्थानीय तहप्रति स्थानीय तह कम्तीमा एक स्थानीय तह एक एम्बुलेन्स उपलब्ध गराइने छ ।
- असहाय जेष्ठ नागरिकको पालनपोषण र संरक्षणको उचित व्यवस्था गर्दै अपाङ्गता भएका व्यक्तिहरूको समावेशिकणको नीतिअबलम्बन गरिने छ ।
- विभिन्न भाषाभाषी, जातजाती, धर्म, संस्कृतिसहितको पहिचान झल्किने गरी कला तथा संस्कृति संग्रहालयको स्थापना गरिने छ ।
- यूवाहरूलाई उत्पादनसँग जोडिने नीतिल्याइने छ यसका लागि प्रदेशको राजधानी सुर्खेतमा सीप तथा श्रम स्कुल खोलिने छ ।
- वैदेशिक रोजगारीमा जाने यूवाका लागि प्रदेशस्तरबाटै श्रम स्वीकृतिदिइने व्यवस्था गरिने छ । साथै प्रदेशभित्र योजनाबद्ध रूपमा मानवसंशाधन विकास कार्यक्रम लागु गरिने छ ।
- यस प्रदेशमा सञ्चालित मध्यपश्चिम विश्वविधालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रदेश सरकार मातहतमा सञ्चालनका लागि आवश्यक कानुनी तथा संस्थागत प्रवन्धका लागि पहल गरिने छ ।
- राष्ट्रिय लक्ष्यअनुसार  मातृमृत्युदर, बालमृत्युदर घटाउनका लागि सुरक्षित मातृत्व बालस्वास्थ्य पोषणसँगसम्बन्धित विभिन्न कार्यक्रमलाई प्रभावकारी गरिने छ । अन्य आधारभुत स्वास्थ्य निशुल्क स्वाथ्य सेवा र विशेषज्ञ सेवा विस्तार गर्न समन्वय एवम् सहकार्य गरिने छ ।
- सुर्खेत स्थित क्षेत्रीय अस्पताललाई मेडिकल कलेज तथा शिक्षण अस्पतालको रूपमा विकास गरिने छ । साथै जिल्लाका सदरमुकाममा ५० शैया अस्पताल निर्माणको लागि अध्ययन कार्य शुरू गरिने छ । प्रत्येक स्थानीय तहमा जनघनत्व हेरी कम्तिमा १५ शैयाको अस्पताल स्थापनाको प्रक्रिया अगाडि बढाइने छ ।
- दुर्गम जिल्लाहरूबाट उपचारको सिलसिलामा अन्यत्र प्रेसित भई जाने बिरामीहरूको लागि सहजिकरण गर्ने कार्यक्रम ल्याइने छ । साथै लक्षित बिरामीहरूको लागि हवाई एम्बुलेन्सको सम्भाव्यता तथा एयरलिफ्टको व्यवस्थाको अध्ययन गरिने छ । साथै प्रदेशभित्रका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य परिक्षण प्रयोगशालाहरूको विस्तार गरिदै लगिने छ ।

- दुर्गम क्षेत्रका पायक पर्ने स्थानमा गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच बढाउन तथा सर्वसुलभ रूपमा औषधी उपलब्ध गराउन क्लिनिक, शिविर तथा सुपथ औषधी पसल शुरूवाती गरिने छ साथै औषधी उत्पादन उद्योगलाई प्रोत्सान गरिने छ ।
- माहामारी तथा आपतकालिन अवस्थाका लागि चिकित्सकसहितको स्वास्थ्य तयारी टोली वफर औषधी तथा आवश्यकसामाग्रीको व्यवस्था गरिने छ ।
- यस प्रदेशमा पहिचान भएका सडक बालबालिकाहरूलाई तत्काल राहात संरक्षण र पुनर्स्थापनाको काम गर्ने र चेतनामुलक कार्यक्रम सञ्चालन गरी एक वर्षमा प्रदेशलाई सडक बालबालिकामुक्त प्रदेश बनाउने गरी अभियान सञ्चालन गरिने छ । साथै बालमैत्री प्रदेश निर्माणको लागि शुरूवात गरिने छ।
- गैरसरकारी संस्थाहरूको कामकार्यवाहीलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन एउटै निकाय अन्त्यर्गत दर्ता र नियमन गर्ने गरी सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन ऐन ल्याइने छ ।
- हिंसा प्रभावित महिला तथा बालबालिकाहरूको लागि सञ्चालनमा रहेका एकद्वार संकट व्यवस्थापन तथा पुनर्स्थापना केन्द्रलाई विस्तार गरिने छ ।
- हिंसा प्रभावित महिला बालबालिकाको अल्पकालिन संरक्षणको लागि हाल सञ्चालनमा रहेका संरक्षण केन्द्रलाई निरन्तरता दिइने छ ।
- यस प्रदेशमा लोपोन्मुख फिरन्ते जीवनयापन गर्दै आईरहेका राउटे समुदायको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रदेशका रहेका भाषिक, पूरातात्विक, धार्मिकर साँस्कृतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गरी तिनीहरूमार्फत् पर्यटन प्रबर्द्धनरूपमा विकास गर्नका लागि भाषा तथा साँस्कृतिक आयोग गठन गरी व्यवस्थित गरिने छ ।
- प्रदेशको राजधानी सुर्खेतमा प्रादेशिक रंगशाला निर्माणको लागि डि.पि.आर तयार गरिने छ साथै प्रदेशभित्रको उपयुक्त ठाउँमा हाईअल्टीच्यूड एकेडेमीसम्बन्धी अध्ययन गरिने छ ।
- जिल्लाका निर्माणाधिन रंगशालालाई पूर्णता दिनका साथै प्रत्येक जिल्लामा एउटा खेलकुद मैदान हुने गरी सम्भाव्यता अध्ययन गरिने छ ।
- प्रदेशको खेलकुद क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउँन एक प्रदेश खेलकुद परिषद गठन गरिने छ ।
- यस प्रदेशको श्रम तथा रोजगारीको अवस्था अध्ययन गरी प्रोफाईल तयार गरिने छ । साथै रोजगारप्रबर्द्धननीति तयार गरी स्थानीय निकाय सबैको समन्वयमा रोजगारमुलक कार्यक्रमहरूसञ्चालन गरिने छ ।

***सभामेख महोदय,***

- प्रदेश र संघ एवम् प्रदेश र स्थानीय साझेदारीमा सम्पन्न गर्न सकिने तथा प्रदेश स्वयम्ले सञ्चालन गर्ने सम्भावित आयोजनाहरूको सूची परियोजना बैंक प्रोजेक्ट बैंक तयार गरी कर्यान्वयनमा ल्याइने छ । साथै योजना तर्जूमा कार्यान्वयन र अनुगमन मुल्यांकन प्रणाली प्रभावकारी बनाउन प्रादेशिक योजना आयोग गठन गरी प्रादेशिक आवधिक योजना तथा दिर्घकालिन गुरुयोजना मार्फत् कार्यान्वयनमा ल्याइने छ ।
- राष्ट्रिय गौरवका आयोजनाहरूको पहिचान गरी पहिचान तथा कार्यान्वयनमा रहेका आयोजनाहरू समयमै सम्पन्न गर्न केन्द्र सरकारसँग अनुरोध गर्दै संविधानतः प्रदेशले प्राप्त गर्नुपर्ने योजना आयोजनाहरू प्रदेशमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ ।

- आयोजनाहरूको प्राथमिकिकरण गरी त्यसको लागि आर्थिक स्रोतको व्यवस्था मिलाइने छ ।
- सार्वजनिक खरिद प्रक्रिया प्रतिस्पर्धी, पारदर्शी र परिणाममुखी बनाउन प्रादेशिक सार्वजनिक खरिद कानून जारी गरी लागु गर्ने व्यवस्था मिलाइने छ ।
- सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, विश्वसनिय र पूर्वानुमानयोग्य बनाउन खर्च मितव्ययीता सम्बन्धी मापदण्ड तयार गरी लागु गरिने छ ।
- प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन सम्पत्ति व्यवस्थापनसम्बन्धी रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ ।
- चालु खर्चलाई निश्चित सीमाभित्र आवद्ध गरी पूँजीगत खर्च गर्न सकिने योजनाहरूलाई प्राथमिकता दिई प्रदेशको विकास र समृद्धिका लागि सघाउ पुग्ने आयोजनाहरूको परिहचान र सम्भाव्यता अध्ययनमा जोड दिइने छ ।
- प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने कर, राजश्व तथा गैरकर राजश्वको दर सम्भाव्यता सम्बद्धमा अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्न अर्थ मन्त्रालयको नेतृत्वमा विज्ञसमेत रहेको एक उच्च स्तरिय समिति मार्फत् सुझाव प्राप्त गरी कार्यान्वयनमा ल्याइने व्यवस्था मिलाइने छ ।
- संघको स्वीकृति भएका वैदेशिक सहायता तथा सार्वजनिक ऋणलाई पूँजीगत र प्रतिफलयुक्त परियोजनाहरूमा प्राथमिकताका आधारमा परिचालन गर्ने नीतिगत व्यवस्था मिलाइने छ ।
- प्रदेशका सबै स्थानीय तहमा कम्तीमा एक बैंक एक तथा वित्तीय संस्था अनिवार्य पुऱ्याउनसंघीय सरकारसँग समन्वय गरी सहजीकरण गरिने छ ।
- सबै स्थानीय तहमा वित्तीय पहुँच सहज बनाउन लघुवित्त तथा ऋणसहकारी संस्था सञ्चालन तथा नियमन गर्ने उपयुक्त प्रादेशिक नीति तथा नयाँ मापदण्ड तयार गरी लागु गरिने छ ।
- कर्णाली प्रदेशमा उपलब्धसाधन र स्रोतको अधिकतम उपयोग गरी आत्मनिर्भर अर्थव्यवस्थाको नीतिअबलम्बन गर्ने साथै श्रम र स्थानीय स्रोतमा आधारित पूँजी वृद्धि गरिने छ ।
- सरकारी, सहकारी र नीजि क्षेत्रसँग रहेको वित्तीय परिचालनबारे विशेष कार्यक्रम सञ्चालन गरिने छ । साथै एक व्यक्ति एक उत्पादन तथा अनिवार्य बचतको नीति लागु गरिने छ ।
- कर्णाली प्रदेशमा सञ्चालन गरिने उद्योगधन्दा कलकारखाना तथा आयोजना सञ्चालन गर्न आवश्यकपूँजी राष्ट्रिय अन्तर्राष्ट्रिय लगानीकर्ताबाट जुटाइने छ साथै सो लगानीकर्ताको सुरक्षा तथा लगानीमैत्री वातावरणको सिर्जना गरिने छ ।
- कर्णाली प्रदेशको विकास साझेदारीमा रहेका संयुक्त राष्ट्रसंघीय दुई पक्षिय, बहुपक्षिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोगलाई आवश्यक समन्वय गरी थप प्रभावकारी रूपमा परिचालन गर्ने नीतिलाई अबलम्वन गरिने छ ।

***सभामुख महोदय,***

- यस प्रदेशका सम्पूर्ण सहिद तथा सहिदका परिवारहरू, घाईते योद्धा तथा बेपत्ता नागरिकहरूको परिवारको सम्मान र सहयोगको लागि आवश्यक कार्यक्रम ल्याउने नीतिअबलम्बन गरिने छ ।
- यस प्रदेशको समग्र विकासमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राख्दै खाद्यान्न उत्पादन फलफुलतरकारी, अदुवा, अलैची, नगदे बाली, दुग्धजन्य पदार्थ, माछा, मासु, जडिबुटी, मह, च्याउ, जस्ता वस्तु र बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न वैज्ञानिकयोजना बनाएर लागु गरिने छ ।
- प्रदेश सरकार मन्त्रिपरिषद्को पहिलो बैठकको निर्णयअनुसार  रैथाने बालीको संरक्षण सम्बर्द्धन गर्दै कर्णाली प्रदेशलाई प्राङ्गारीक प्रदेश घोषणाको आधार निर्माण गर्नका लागि आवश्यक नीति र कार्यक्रम अघि बढाइने छ । यो प्राङ्गारिक र अर्गानीक भन्न खोजेको हो ।

- **"समृद्ध कर्णालीका लागि सहकारी अभियान समृद्ध कर्णालीका लागि सहकारी"** भन्ने मुल नारालाई सार्थक गराउन **"एक गाउँ एक सहकारी एक पकेट उत्पादन"**नीतिलाई लागु गरिने छ ।
- सुशासित सहकारीको उत्पादनमा लगानी भन्ने नाराका साथ व्यवसायिक खेती प्रणालीको प्रोत्साहन गर्दै उच्च मुल्य कृषि वस्तुको उत्पादनका कार्यक्रमहरूसञ्चालन गरिने छन् ।
- कृषिको आधुनिकिकरण व्यवसायिकिकरण यान्त्रिकिकरणमा जोड दिइने छ ।
- कृषि तथा पशु पंक्षीजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि मार्फत् खाद्य सुरक्षाको अभिवृद्धि गरिने छ ।
- कृषि तथा पशु सेवा प्रसारमा आमनागरिकको पहुँच वृद्धि गर्ने नीतिअबलम्बन गरिने छ ।
- फलफुलको मुल्य अभिवृद्धि गर्न प्रशोधन केन्द्र तथा शित भण्डार सम्भाव्यताको अध्ययन गरिने छ ।
- गुणस्तरीय बिउ उत्पादन तथा बजारीकरणमा जोड दिँदै उत्पादन र उत्पादकत्वको वृद्धिको सम्भाव्यता अध्ययन गरिने छ ।
- प्रदेशभित्र रहेका फार्महरूको स्तरोन्नती गरिने छ ।
- पशुजन्य उत्पादनको बजारीकरण एवम् प्रशोधनका लागि आवश्यक पूर्वाधार विकासमा अनदानको व्यवस्था गरिने छ ।
- चरण विकास पानिका मुहान संरक्षण जस्ता कार्यक्रमबाट जैविक विविधता संरक्षणमा जोड दिइने छ। सिँचित क्षेत्र विस्तार गरी वर्षैभरीसिँचाइ सेवा उपलब्ध गराउन सिँचाइका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।
- कर्णाली प्रदेशलाई पूर्ण अर्गानीक प्रदेशको रूपमा विकास गर्न अर्गानीक कृषि उत्पादन अनुसन्धानका लागि कृषि विज्ञहरूको एक अर्गानीक कृषि उत्पादन परिषद्बनाइने छ ।
- कृषि पशुपंक्षी सहकारी र भूमिगत सम्बन्धित राष्ट्रियस्तरका नीति नियम तथा रणनीतिहरूलाई संविधानको मर्म र प्रदेश अनुकुल कार्यान्वयन गरिने छ र आवश्यकताअनुसार थप प्रदेशस्तरिय नीति, नियम, निर्देशिका तथा कार्यविधि जारी गरी कार्यान्वयन गरिने छ ।
- कृषि, पशुतथा भूमिसम्बन्धित आधारभुत तथ्याङ्कलाई वैज्ञानिक ढंगबाट व्यवस्थापन तथा अद्यावधिक गर्ने व्यवस्था गरिने छ ।
- किसानहरूलाई प्राङ्गारिक मल र जैविक औषधी अनुदानमा उपलब्ध गराउनको लागि साथै प्रदेशस्तरमा प्राङ्गारीक मल उत्पादन तथा जैविक औषधी उद्योगको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ । साथै रैथाने बालीको बिउ उत्पादन प्रसोधन र भण्डारणमा विशेष अनुदान व्यवस्था गरिने छ ।
- प्रदेशलाई रासायनिक मल र विषादी प्रयोग न्यूनीकरण गरी अर्गानीक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने नीतिअबलम्बन गरिने छ ।
- प्रदेशस्तरिय पशु तथा क्वारेन्टाईन प्वाईन्ट कार्यालय र चेक पोष्ट स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- कृषि यान्त्रिकिकरण र कृषि पूर्वाधारमा आधुकिताका साथ लगानी गरिने छ
- महिला सहकारीहरूलाई उत्पादन र कृषिजन्य उद्योगहरूको लागि विशेष प्रोत्साहनका साथैसीपमुलक तालिमको विशेष व्यवस्था गरिने छ ।
- अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रलाई सुशासन कायम गरिने छ । सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, उर्जा जस्ता प्रत्यक्ष उत्पादन क्षेत्रमा परिचालन गरिने छ ।
- शहर बजारको फोहोर संकलन गरी जैविक मल उत्पादन गर्न प्रोत्साहन गरिने छ ।
- कृषियोग्य भूमि चक्लाबन्दी गर्न प्रोत्साहन गरिने छ ।

- सहकारीलाई आर्थिक खम्बाको रूपमा विकास गर्न सहकारीका सदस्यहरूले उत्पादनमुलक कार्यहरू गर्न उत्पादनमा आधारित भएर सहुलियत ऋण तथा अनुदानको व्यवस्था गर्न सहकारी विकासकोष स्थापना गरिने छ ।
- गाउँ शहरमा सहकारी घरघरमा रोजगारीको नीति अनुरूप सहकारीलाई अभियानको रूपमा अगाडि बढाइने छ ।
- भूमिको वैज्ञानिक वर्गीकरण नक्साङ्कन र व्यवस्थापनका लागि विस्तृत सर्भे गरी गुरु योजना तयार गरिने छ ।
- भूमिसम्बन्धी समस्या समाधान गर्न विज्ञहरू सम्मिलित एक अधिकार सम्पन्न आयोग गठन गरिने छ।
- कृषि पेशालाई मर्यादित बनाउनको लागि निरन्तर व्यवसायीक कृषकहरू पहिचान गरी कृषि पेन्सन कार्यक्रमलाई अगाडि बढाइने छ ।
- कर्णाली प्रदेशलाई खाद्यान्न, सहकारी, फलफुल, दुध तथा मासुमा आत्मनिर्भर बनाउँन नीतिअबलम्बन गरिने छ ।
- भूमिलाई उपयोग राख्ने र न्यून उपयोग, दुरूपयोग एवम् अत्यधिक दुरूपयोग गर्ने कार्यलाई निरुत्साहित गर्दै भूमिको उचित प्रयोग गर्नका लागि करारखेती, सामूहिक खेती, कर्णालीको विकास गरिने छ ।
- स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित बस्ती विकास र योजनाबद्ध एवम् दीगो शहरीकरण सुनिश्चित गरिने छ ।
- भूमिसम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रविधि प्रणालीमा आबद्ध गरिने छ ।
- प्रदेशको गरिबीलाई न्यूनीकरण गर्नको लागि गरिब लक्षित विशेष कार्यक्रमहरूसञ्चालन गरिने छ ।
- रेमिटेन्सबाट प्राप्त भएको रकमलाई उत्पादनमुलक क्षेत्रमा लगानी गरी निर्यातलाई प्रबर्द्धन गरिने छ ।
- यूवा रोजगार कार्यक्रमलाई सहकारी मार्फत् व्यवस्थितरूपमासञ्चालन गरिने छ
- उद्योग, पर्यटन, कृषि, जलउद्योग, जडिबुटी खनिज पदार्थ लगायतका अन्य स्रोतसाधनहरूको औद्योगिक विकास उपयोग नीति अनुरूप अबलम्बन गरिने छ ।
- बाढीपीडितहरूको समस्या पहिचान गरी राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न ठोसनीतिअबलम्बन गरिने छ ।
- प्रदेशमा सहकारी रजिष्ट्रारको कार्यालय, प्रादेशिक यातायात व्यवस्था कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालय स्थापनको कामलाई अगाडि बढाइने छ ।

अन्त्यमा, कर्णाली प्रदेशको समग्र विकास अभियानमा महत्त्वपूर्ण सहयोग पुर्‍याउने सबै राजनीति दल, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मी, नीजि क्षेत्र, नागरिक समाज, सञ्चारजगत, सम्पूर्ण कर्णालीवासीहरूका साथै सबै मित्रराष्ट्रहरू नेपाल सरकार, प्रदेश सरकारहरू, स्थानीय सरकार दुई पक्षिय तथा बहुपक्षिय अन्तर्राष्ट्रिय संघसस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । कर्णाली प्रदेश बासीहरूको जय होस्  धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-१२

(२०७५ बैशाख १० गते मंगलबार)

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको पहिलो अधिवेशनको बाह्रौं बैठकको कार्यवाहि प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको एघारौं बैठकमा सम्बोधन भएको नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (१) बमोजिम यस सभासमक्ष टेबुल गर्न माननी मुख्य मन्त्री श्री महेन्द्रबहादुर शाहीलाई अनुमति दिन्छु ।

**माननीय श्री महेन्द्रबहादुर शाही :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेशको सभाको एघारौं बैठकमा प्रस्तुत गरिएको प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमकोप्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियमावली ३६ को उपनियम (१) बमोजिम सभासमक्ष टेबुल गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएकोमा उहाँप्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम धन्यावादको ज्ञापनपत्र प्रस्ताव राख्न माननीय श्री गुलावजंग शाहलाई अनुमति दिन्छु ।

**माननीय सदस्य श्री गुलावजंग शाह :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत भएकोमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम माननीय प्रदेश प्रमुख ज्यूसमक्ष धन्यबाद ज्ञापनको प्रस्ताव पास गर्न प्रस्ताव गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री यज्ञबहादुर वि.सी.लाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम माननीय श्री गुलावजँग शाहले पेश गर्नु भएको धन्यवाद ज्ञापनको प्रस्ताव लाई समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री यज्ञबहादुर बि.सी. :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्नु भएकोमा माननीय प्रदेश प्रमुखमा माननीय श्री गुलावजँग शाहले धन्यवाद ज्ञापन गर्ने प्रस्ताव गर्नु भएको छ । उक्त प्रस्तावलाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम समर्थन गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री धर्मराज रेग्मीलाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम माननीय श्री गुलावजंग शाहले ज्ञापन गर्नुभएको ज्ञापनको प्रस्तावलाई समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री धर्मराज रेग्मी :** सभामुख महोदय, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत भएकोमा

माननीय प्रदेश प्रमुखज्यूमा माननीय श्री गुलावजंग शाहले धन्यवाद ज्ञापन गर्ने प्रस्ताव गर्नु भएको छ । उक्त प्रस्तावलाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम समर्थन गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा प्रस्तुत भएको मा उहाँसमक्ष यस सभाद्वारा धन्यवाद ज्ञापन प्रस्ताव पारित गरियोस् भनि माननीय श्री गुलावजंग शाहले पेश गर्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदहरूले "हुन्छ" भन्नु होला यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला । "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (३) बमोजिम कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम प्रस्तुत भएकामा उहाँसमक्ष यस सभाद्वारा धन्यवाद ज्ञापनको प्रस्ताव पारित गरियोस् भन्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७४ साल बैशाख ११ गते मंगलबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

***

# बैठक संख्या-१३

(२०७५ बैशाख ११ गते मंगलबार)

प्रदेश सभा, कर्णाली प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा मंगलबार दिनको १:०० बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको पहिलो अधिवेशनको तेह्रौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम (३७) को उपनियम (१) बमोजिम यस सभामा प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेखित विषयहरूमाथि छलफलको लागि समय निर्धारण गरेको छु छलफल प्रारम्भ हुन्छ सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय सदस्य श्री यामलाल कंडेल :** माननीय सभामुख महोदय, प्रदेश सरकार र प्रदेश संसद निर्माण भई सकेपछि पहिलो चोटी प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ त्यसमाथि छलफल गर्नछलफल प्रारम्भ भएको छ । हुनतः सदन चलाउन सरकारको एकजना मन्त्री उपस्थित भए विधिवत ढंगले संसद चल्छनै तर सरकारको प्रमुखको नाताले प्रदेशप्रमुखमार्फत् यो कार्यक्रम प्रस्तुत हुने मुख्यमन्त्रीज्यूनभए पनि ध्यानाकर्षण गर्दै आफ्ना केहि भनाइहरू राख्न चाहन्छु ।

हामी प्रदेश सरकार, प्रदेश संघीय संरचना अन्तर्गतको संरचना सहितको नयाँ अभ्यासमा प्रवेश गरेका छौं त्यहि मुताविक सरकारले आफ्नो नीति तथा कार्यक्रम यो सदनसमक्ष पेश गरेको छ यसर्थ यो सदनका निम्ति यो पहिलो कार्यक्रम हो । सदनको जे अवस्था छ सदनभित्र राजनीतिक पार्टीहरूको जे अवस्था देख्छु सरकारका निम्ति कति सजिलो छ छैन त्यो सरकारका साथीभाईहरूले अनुभूति गर्ने कुरा रह्यो तर सरकारले जेसुकै गरेको भएपनि प्रदेशको विकास र निर्माणका निम्ति एक पछि अर्को सकारात्मक प्रभाव सन्देश दिने गरी नै सबैले गतिविधि गरेको मैले अनुभूति गरिरहेको छु ।

संसदभित्र सत्तापक्ष प्रतिपक्ष हुनु स्वभाविकै छ सरकारले नीति तथा कार्यक्रम पेश गरिरहेको छ तर हामीले हिजो मात्रै देख्यौं धन्यवादको प्रस्ताव पारित गर्दा हामी न सत्तापक्ष न प्रतिपक्ष हुने जुन एउटा अवस्था निर्माण गऱ्यौं त्यो प्रदेशका निम्ति राम्रो कुरा सरकारका निम्ति त त्यो झनै राम्रो कुरा हो भन्ने मलाई लाग्छ । कहिलेकाहिँ मेहनत नगरेको फल प्राप्त गर्दा त्यो फलको कति महत्त्व हुन्छ मेहनत गर्ने गरिगऱ्यो भने त्यसको महत्त्व बुझ्ने एउटा स्थिति रहन सक्छ त्यतापट्टि म ध्यानाकर्षण गराउन चाहन्छु ।

हामी संघीय संरचना अन्तर्गत आफ्ना संवैधानिक कतिपय अधिकारहरू रहेको भएपनि अझ सरकार त बनेको छ तर संरचना सहितको सरकार बन्ने तर्खरको बाटोमा लागिसक्नुपर्ने हो तर पनि त्यस्तो देखिरहेको अवस्था नहुँदा-नहुँदै पनि नीति तथा कार्यक्रम आएको छ । यो नीति तथा कार्यक्रममालेखिएका सबै कुरालाई सकारात्मक ढंगले ग्रहण गर्दै सकारात्मक ढंगले लिंदै निकट भविष्यमा फेरि अर्को नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्ने कुरालाई पनि ध्यानमा राखेर सुझाव दिने थलो यसलाई नै बनाउने अनुभूति गर्दै सकारात्मक सन्देश सकारात्मक ढंगले लिदै केहि कुरा सुझाव स्वरूप राख्न चाहन्छु ।

जसरी सरकारी संरचनाहरू सरकारका संरचनाहरू निर्माण भएका हुन्छन् त्यसरी नै नीति तथा कार्यक्रम प्रस्तुत गर्दा खेरि पनि त्यसलाई ख्याल गरेर त्यसअनुसार को ढाँचा, काँचा मिलाएर अगाडि बढेको भए यो त्यति धेरै लामो हुँदैन थियो होला आउँनुपर्ने जति सबै कुरा आउँनु पर्ने तर देख्नेलाई सुन्नेलाई र पढ्नेलाई संक्षिप्त पनि लाग्ने कुरा गर्ने गरी नीति तथा कार्यक्रम ल्याउने कुरामा ध्यान दिनु उपयुक्तता म देख्दछु । त्यस आधारबाट अगाडि बढाउन पर्ने जरुरी र आवश्यकता म ठान्दछु एउटा कुरा यो सुझाव दिन चाहन्छु ।

दोस्रो कुरा, हामी पहिलो चोटी नीति तथा कार्यक्रम ल्याउँदा भाषामा बोल्दा लामो हुन्छ होला कार्यक्रममा ल्याउँदा अझ अलि छोटो होला भोलि बजेट कार्यक्रम अङ्कमा ल्याउँदा संक्षिप्त भईनै हाल्छ । त्यसकारणले तीन महिनाको निम्ति ल्याईएको भए पनि यसमा पहिलो चोटी ल्याउदा कतिपय नीतिगत अबधारणाहरू ल्याउनु स्वभाविक हुन्छ । ल्याउने कुरालाई उपयुक्त ठान्नुपर्छ त्यस मुताविक नै यहाँ उल्लेख गरिएका कुराहरूलाई नै बुझ्नुपर्छ भन्ने मलाई लाग्छ तर म के अनुरोध र आग्रह गर्न चाहन्छु भने हामी स्रोत र साधनले विपन्न स्रोत र साधनले अभाववाला प्रदेश भइसकेको कारणले गर्दा ईच्छा र चाहनाहरू धेरै हुँदै हुँदा पनि सबै काम एकैचोटी गर्न सकिदैन त्यसको हो भने अहिले हाम्रो औकातले भेट्ने हामीले गर्नै पर्ने कुरा के होला त भन्नेकुराको अलि पहिचान गर्ने कुरामा अलि ध्यान दिनु पर्छकी जस्तो मलाई लाग्छ ।

प्राथमिकता के होला त गर्न पर्ने चिज त सबै छ यदि यो किताबको पाना, पेज र नम्बर हेर्ने हो भने प्राथमिकता एउटा पाउन सकिएला तर हाम्रो वस्तुस्थिति एउटा होला यसमा आगामी दिनमा र अहिले पनि हामी अलि गम्भीरतापूर्वक छलफल गरौं भन्ने म एउटा विषय राख्न चाहन्छु । किनकी हामीसँग स्रोत र साधन कम छ तर हामीले गर्न पर्ने धेरै कुराहरू छन् । एकै चोटी सबै चिज गर्नै सकिदैंन भने कुन चिजबाट थालनी गर्ने कुरा होला प्राथमिकता चिज के होला यो कुरालाई हामीले हेक्का राखेर म अहिलेनै छलफलका निम्ति मात्रै सरकारको सदनको गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु तर म भन्न चाहन्छु जुन ठाउँमा, जुन संस्थासँग, जुन सरकारसँग साधन र स्रोत कम हुन्छ गर्न पर्ने कामहरू धेरै हुन्छन भने प्राथमिकताको चाँजो पाँजो मिलाउन सकिएन भने दिन बित्दै जान्छन् परिवर्तनको अनुभूति गर्न सकिदैंन । जनताले अनुभूति गर्ने गरी विकास र निर्माणको काम गर्न सकिएन भने दुख गर्दागर्दै पनि जनसमर्थन प्राप्त गर्न सकिएन भने कहिलेकाँही खल्लो महसुस हुन सक्छ त्यता पट्टी सबैलाई म ध्यानाकर्षण गर्न चाहन्छु । प्रस्तुत गरेको नीति र कार्यक्रममा उल्लेख गरिएका बुदाँ र पेजलाई हेर्ने हो भने प्राथमिकता अन्त्य हो कि भन्ने पनि जस्तो देखिन्छ । यद्यपी नै तिनी विषयहरूमहत्त्वपूर्ण छन् त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु कि त्यतापट्टी सबैको ध्यान जानु जरुरी र आवश्यकता ठान्दछु ।

दोस्रो कुरा, अधिकार र साधन स्रोत र अधिकार सहितको संविधानतः तीनवटा सरकार निर्माण भएका छन् संघीय सरकार आफैंमा स्रोत साधन सम्पन्न सहितको सरकार हो त्यससँग नबाँझिने गरी तलका सरकार चल्नु पर्ने हुन्छ । त्यस्तै अधिकार सहितको प्रदेश सरकार छ अधिकार सहितको स्थानीय सरकार छ भन्ने संविधानले नै तोकिदिएको छ । संघीय सरकारले के गर्ने, प्रदेश सरकारले के गर्ने स्थानीय सरकारले के गर्ने मात्रै होइन तीनलाई चाँहिने न्यूनतम साधन र स्रोत पनि त्यहाँ उल्लेख गरिरहेको छ भने हाम्रो फोकस हाम्रो केन्द्रविन्दु संविधानतः हामीलाई तोकेका केन्द्रीत गर्न सकियो त्यसअनुसार को बजेट विनियोजन गर्न सकियो भने हामीले हाम्रो भूमिका निर्वाह गरेको ठहरिन सक्छ । त्यतापट्टी पनि म गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु। त्यस्तै ध्यानदीनु पर्ने कुरा धेरै कुरा यहाँ उल्लेख गरिएका छन् । उल्लेख गरिएका सबै कुराहरू विरोध गर्नुपर्ने यो किन लेखेको नलेख्नु पर्ने भन्ने कुरा कुनै पनि छ मलाई त्यस्तो

लाग्दैन तर म फ्री पनि भन्न चाहन्छु । अनुरोध गर्न चाहन्छु । अहिले त हामी जे तहमा छौं त्यहि तहमा नीति कार्यक्रम र बजेट ल्याइरहेका छौं ल्याउने कुरानै थियो त्यो स्वभाविक नै छ तर म सरकारको गम्भिरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु यसले त्यतिबेला मात्रै आफ्नो क्षमतालाई Full Phase मा कार्यसम्पादन गर्न सक्छ जतिबेला यसले आफ्नो अलि आकार संरचनागत आकार निर्माण गरिसकेको अवस्था रहन सक्छ । संरचनागत आकार निर्माण नगरेसम्म हामीले पाइरहेको थोरै पैसा पनि हाम्रा निम्ति धेरै हुन सक्छ । समय पनि हाम्रा निम्ति नपुग्न सक्ने अवस्था रहन सक्छ । त्यतापट्टी ध्यान दिनु पर्ने जरुरी र आवश्यकता म त्यस्तो मलाई त्यस्तो लाग्छ । त्यस्तै कतिपयलेखिएका कुराहरूमा फेरि पनि म भन्न चाहन्छु र अनुरोध गर्न चाहन्छु संविधानले हाम्रा अधिकारहरू दिएको छ तर ती त्यतिकै आफ्नो ठाउँमा स्थापित हुने संसद बनेदेखि सरकार बनेदेखि आजसम्मका अनुभवका आधारमा हेर्ने हो भने म त्यति उत्साहित छैनतर निराश हुनुपर्ने जरुरी र आवश्यकता पनि मैले देखि रहेको छैन ।

जब निराश हुनुपर्ने जरुरी छैन भने त्यसका निम्ति यो वा त्यो नभनिकन अगाडि बढ्ने कुरा गर्न जरुरी हुन्छ । त्यसो हो भने मेरो तर्फबाट सरकारलाई गम्भीरतापूर्वक के ध्यानाकर्षण गर्न चाहन्छुयद्यपी हामी जनताका जनप्रतिनिधि हौं जनताकालाई उपहार स्वरूप केहिन केहि कार्यक्रममार्फत् बजेटमार्फत् हामीले लिएर जानुपर्ने अवस्था रहन्छ तर सबैभन्दा पहिला आफ्नो संरचनागत संरचनालाई बलियो गराउने कुरामा ध्यान दिउँ । कार्यक्रममा अस्थायी संरचना निर्माण गर्ने कुरा ध्यान दिएको जस्तो देखे मैले तर म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु स्थायी संरचनाले पनि सबै काम गर्न सकिदैंन त्यसका निम्ति बेलाबखतमा अस्थायी संरचनाहरू निर्माण गर्नपर्ने जरुरी र आवश्यकता हुन्छ तर स्थायी संरचनाभन्दा अस्थायी संरचनाबाट काम गर्ने कुरा गरियो भने त्यो कामचलाउ तरिकाबाट मात्रै अगाडि बढ्न सकिने एउटा अवस्था रहन्छ । त्यो स्थायी संरचना बनाउने हो भने सबैभन्दा पहिला आफूलाई रेगुलेट गर्ने आफ्लाई कानून सम्मत् बनाउनका निम्ति लागिरहनु भएको छ, केहि विधेयकहरूदर्ता पनि भएका छन्, केहि छलफलमा रहेको हामीले पनि सुनिरहेका छौं तर म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु समयको गतिअनुसार लाई जिम्मेवारी निर्वाह गर्नका निम्ति त्यो काममा अलि प्राथमिकताका साथ अलि गतिका साथ अगाडि बढ्ने कुरा गर्नु भयो भने कुरा गर्न सक्यौं भने नीति तथा कार्यक्रममा उल्लेख गरिएका कार्यक्रमलाई हामीले सम्पादन गर्न सक्नेछौं त्यसकारणले कानून निर्माण गर्ने कुरा सर्वप्रथम प्राथमिकताकासाथ अगाडि बढाउने कुरा गर्नु भयो भने सबै मन्त्रालयबाट प्रस्तुत भएका नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सकिने छ ।

नम्बर दुई मन्त्रालय र मन्त्रालयभन्दा तलको संरचना आज हेर्ने हो भने हामी बुझ्दा बुझ्दै पनि संघीय संरचना अन्तर्गत रहेका कार्यालयले गरेको काम सम्पादनका निम्ति माननीय सांसद हामीहरूले सरकारलाई प्रश्न गर्छौं विश्वविद्यालयमा यो भयो, पुलिस चौकीमा यो भयो, बाटोमा यो भयो, फलानो ठाउँमा यो भयो, सरकार भएका नाताले हामी यहाँ भन्छौ तर सरकारको त्यहाँ सम्मको कुनै संरचना नै छैन त ? एउटा घटना घटेको थियो म ध्यानाकर्षण गर्न मात्रै चाहन्छु मन्त्रीज्यूले यहाँ भन्नु त भन्नु भयो तो त्यतिकै सेलायो त ? गम्भीरतापूर्वक यही प्रवेश गऱ्यो त्यतिकै सेलायो थियो त यसकारणले कि हाम्रा तलका संरचना छैनन् । भन्ने कुरा हेक्का राखेर यहाँबाट बोलेको भए सायद त्यहिअनुसार को सम्प्रेषण हुन सक्ने एउटा अवस्था रहन सक्थ्यो । कहिलेकाहि कामकार्यवाही हेर्दा सबै भई सक्यो कि क्याहो ?भन्ने तहको कुराका आधारबाट बुझियो भने मलाई लाग्छ व्यवहारिक ढंगले नीति तथा कार्यक्रममालेखिएका कुराहरूलाई लागु गर्ने कुरामा गाह्रो हुने स्थिति म त्यस्तो देख्छु । त्यसपछि जनताको चाहनाअनुसार विकास र निर्माणको प्राथमिकता सूचीकृत गरेर जनताका बीचमा जानपर्ने हुन्छ । यीनै कुरा तपाईंहरूसँग

राख्दै फेरि पनि यद्यपी छुट्टै हुन्छ तर म अर्को यस्तै दस्तावेज आउँछ त्यो भनेको बजेट हो । म यसै ठाउँबाट अहिले देखि नै म ध्यानाकर्षण गराउन चाहन्छु अनुरोध गर्न चाहन्छु । संक्रमणकालिन अवस्थामा हेक्का राखेरनै मन्त्रीज्यूहरूले काम गरिरहनु भएको छ,सरकारले काम गरिरहेकै छ त्यो विश्वास मैले लिएकै छु तर म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु यो जनप्रतिनिधिको निकाय हो । जनताको प्रतिनिधित्वको प्रतिनिधित्व गर्ने निकायसलाई सबैले हेरिरहेकै हुन्छन् ।

अप्ठेरो मान्नु पर्दैन मिडियाका साथीहरू पनिले पनि त्यसलाई उर्जा गर्नु भएको थियो हामीले व्यवहारिक समस्याका हिसाबले केहि समय अगाडि राम्रै त होला ठिकै त होला त्यतित बिग्रित हाल्दैन होला भन्ने हिसाबले गारो सारो टार्ने हिसाबले आफूले पाउनुपर्ने पारिश्रमिक माध्यमबाट केहि कुरा के बुझ्याउथिउ त्यो जनतालाई चित्त बुझेनछ । आज हामी सबैले त्यसलाई महसुस गरे हौंला त्यस्ता हिसाबकिताब खोज्ने हो भने यो नयाँ संरचना निर्माण र पूराना संरचना विस्थापित हुँदा कहाँ कति होलान् अहिले त हिसाब किताब खोजिएको छैन पछि त हिसाब किताब हामीले पनि खोजौंला समितिमार्फत्, संसदमार्फत्यतापट्टी आँखा गएन कसैको । नयाँ संस्था निर्माण गर्दा पूराना उत्तिकै मुल्यवान संरचनाहरू थन्किएर बसेका छन् विस्थापित भएका छन् । चउरहरूमा छन् नयाँ किन्नै पर्ने स्थितिबाट अगाडि बढिरहेको छ त्यतातिर कहि कसैको ध्यान गएन जाँदैन यसकारणले कि त्यहाँ जनप्रतिनिधि छैनन् यहाँ जनप्रतिनिधि छन् ।

त्यसकारणले जनप्रतिनिधिप्रति सबैले हेक्का राखेको हुँदो रहेछ भन्ने हामीले गर्ने काम त्यस मुताविक हुने गरी बढाउने कुरामा हेक्का राखौं ध्यानदीयौं त्यो नै हाम्रो लागि सबैभन्दा बढी पूँजीको कुरा हो भन्ने कुरा राख्न चाहन्छु र फेरि पनि भन्न चाहन्छु यो नीति तथा कार्यक्रममा हटाउनु पर्ने कुनै कुरा रहेन तर प्राथमिकता विनाको पुलिन्दाले सबै उस्तै-उस्तै भयो भने दिन बित्छ नयाँ चिज गर्न सकिदैन । तपाईंहरूले नै गर्नु भएका निर्णयहरूको संसदमा पेश गरेको यो पहिलो दस्तावेज हुँदा ती सबैकुरा यसमा समेटिनु राम्रो हुन्थ्यो । यो सरकारले नै ध्यान दिने कुरा हो । तपाईंहरूले बेलाबखतमा धेरै कुरा गर्नु भएको छ । सार्वजनिक गर्नु भएको छ । ती यसमा समेटिनु पर्ने अवस्था रहन्थ्यो र कतिपय आशा लाग्दो र महत्त्वकांक्षी योजना घोषणा गर्ने कुरामा एउटा कुरा आएको छ । म फेरि पनि भन्न चाहन्छु त्यो संघीय सरकारलाई अनुरोधै गर्नु थियो भने यद्यपी त्यो राम्रो छ ।कोहलपुर देखि सुर्खेत चारलेनको शुरुङमार्ग प्रस्तावित गर्ने कुरा संघीय सरकारलाई नै अनुरोध गर्ने कुरा थियो भने त्यो उपयुक्त हुन्थ्यो । यद्यपी बर्दिया देखि सुर्खेतसँग सुरुङमार्ग आफैंमा त्यो अन्यथा मानिरहेको छैन तर म भन्न चाहन्छु त्यो ५८ किलोमिटरको दुरीमा रहेको दुरी छ त्यसलाई तलको बाटोबाटभन्दा माथिबाटै निर्माण गर्ने कुरा हाम्रो जस्तो गरिब प्रदेशको निम्ति किफायति हुन्थ्यो होला तरअरूसँगै माग्ने कुरा थियो भने प्राथमिकता छुट्याउने कुरा थियो भने त्योआधारबाट अगाडि बढ्ने कुरा हामीले ध्यान दिनुपर्ने अबस्थै रहन्थ्यो त्यसकारणले फेरि पनि म भन्न चाहन्छु यो प्रदेश मैले पहिलो सभामा पनि भन्या थिएँ । हामी यहाँ सत्तापक्ष र प्रतिपक्ष हौंला तर संघीय सरकारका निम्ति हामी सबै प्रतिपक्षका हैसियतले प्रस्तुत हुने कुरामा तलवितल गरियो भने त्यसमा भूमिका खेल्न सकिएन भने हामीले जे आकर्षण गर्न सक्थ्यौं त्यो आकर्षण गर्न सकिएन भने हामीले भूमिका निर्वाह गर्न सकिदैन । त्यस अर्थमा म फेरि पनि भन्न चाहन्छु । संविधानतः प्रदेश सरकारलाई दिएका सबै तहका अधिकारहरूको निकाय निर्माण गर्ने कुराका आधारबाट यो सरकार अगाडि बढ्ने कुरामा अझ गतिका साथ अगाढि बढ्ने कुरा गरौं र बजेट ल्याउँदा तीन महिनाको बजेट छ थोरै छ । संरचना बिनाको बजेट ल्याउने कुरामा गरी त हालौं, भ्याईत हालौं, देखाईत हालौं भन्नेभन्दा पनि सकारात्मक सन्देश दिने गरी ल्याउने कुरामा सरकार गम्भिरता पूर्वकै लाग्नपर्ने कुराको अनुरोध र आग्रह गर्दै मुलतः प्रदेश माननीय प्रदेश प्रमुखमार्फत् यो सदनसमक्ष प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रमको म मेरो दल नेकपा एमालेको

तर्फबाट समर्थन गर्दै सरकार नेकपा एमालेको दिएको सुझावलाई गम्भिरतापूर्वक लिएर अगाडि बढ्ने कुरामा त्यसलाई सरकारले सकारात्मक ढंगले लिने छ भन्ने कुरा राख्न चाहन्छु । यसकारणले कि फेरि पनि दोहऱ्याउन चाहन्छु पहल र पर्यत्न नगर्दा नगर्दै पनि सदनभित्रको वातावरण यस्तो देखिन्छ जो आजसम्म देखा परिरहेको छ । यसलाई आगामी दिनमा कायम राख्नेगरी अगाडि बढ्ने कुरामा सरकारले हेक्का राखिरहेको छ हेक्का राख्ने कुराको ध्यानाकर्षण गर्दै बिदा हुन चाहन्छुधन्यवाद ।

**माननीय सभामुख :** माननीय धर्मराज रेग्मी ।

**माननीय सदस्य श्री धर्मराज रेग्मी :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको २०७४/०७५ को तेस्रो चौमासिकका लागि प्रदेश सरकारको नीति तथा कार्यक्रम माथि छलफल गर्न उपस्थित छौं । हामी संसदमा छलफल गरिरहँदा सरकारको नीति तथा कार्यक्रम माथि माननीय सदस्यहरूले बहशको आरम्भ गरिरहँदा यो प्रदेशका करिब १७ लाख मान्छेहरूको भविष्यका बारेमा हामी यो हलभित्र छलफल गरिरहेका छौं । यो प्रदेशका करिब १७ लाख जनताहरूको जिन्दगीसँग जोडिने गरी हामीले नीति र कार्यक्रमहरूलाई कसरी परिष्कृत गर्न सक्छौं त्यसलाई कसरी कामियावि बनाउन सक्छौं, त्यसलाई कसरी जनताको जिन्दगीसँग जोड्न सक्छौं भन्ने बारेमाछलफल गरिरहेका छौं । त्यसो हुँदा संसदका सदस्यहरूले राख्ने विषयहरू संसदमा तीनलाई रचनात्मक रूपमा सरकारले ग्रहण गर्ने छ भन्ने मलाई आशा छ मलाई विश्वास छ र मलाई भरोसा छ सभामुख महोदय, हामी यहाँ उभिन्छौ आलोचना गर्नका लागि अथवा टिप्पणी गर्नका लागि मात्रै हामी यहाँ उभिदैनौं ।

म मेरो दल माओवादी केन्द्रको तर्फबाट र म दलको एउटा सदस्यको हिसाबले म यो ड्यासमा उभिएर बोल्दैंछु र सरकारको नीति तथा कार्यक्रमलाई मैले जिम्मेवार सांसदको रूपमा म सैद्धान्तिक रूपमा यसको जिम्मेवारी लिनुपर्छ । समर्थन गर्नुपर्छ र म बडो सचेततापूर्वक यसको जिम्मेवारी लिदैं समर्थन गर्न चाहन्छु सभामुख महोदय । १४६ वटामा छ र यो १५ पृष्ठको लामो कार्यक्रम छ । एकपटक हिजो सुनियो र एकपटक एकसरो यसलाई हेरियो पनि । निश्चित रूपमा सरकारको नीति र कार्यक्रम यो छोटो अवधिमा चाँही नीति र कार्यक्रम आयो । छोटो अवधिमा आउँदा यसका केहि प्राविधिक पक्षहरू होलान कार्यक्रम चाँही नीति कतिपय ठाउँमा सैद्धान्तिक छैन, कतिपय ठाउँका कार्यक्रमीक विषयहरू छन् । कतिपय कुरा बजेटमा आउँनुपर्ने विषयहरू यसमा आएका छन् । कतिपय यसमा आउँनुपर्ने विषयहरू छुटेका छन् । पछि बजेटमा आउला त्यसो भएको हुँदा खेरि कतिपयबेला हेर्दा यो सिद्धान्त जस्तो सरकारको नीति कार्यक्रम यो गोल जस्तो देखिन्छ । कतिपय बेला हेर्दा यो कार्यक्रम हो जस्तो देखिन्छ । यसलाई समग्रमा बुझ्दा के होला भने हाम्रो सरकार यो गर्न चाहन्छ, हामी यो गर्न चाहन्छौं । हाम्रो चाँही यो भिजन हो यो चाँही तीन  महिनाको डकुमेण्ट हो । अब आजबाट हेर्दा कार्यान्वयन गर्नुपर्ने डेढ महिना जस्तो छ तर यसमा केहि दिर्घकालिन लक्ष्यहरू छन् यी अहिलेको सरकारको लागि भोलिको सरकारका लागि र पछिको सरकारको लागि काम लाग्ने केहि दिर्घकालिन लक्ष्यहरू छन्, दिर्घकालिन मान्यताहरू छन् । यी मान्यताहरू बनाउँदा के कति छलफल भयो के कति बहस भयो भएन यसमाथि पनि छलफल गरौंला तर मैले केहि विषयहरू यसमा राख्नुपर्छ हाम्रो मुल फोकस के हो यो डकुमेण्ट मैले हेरिसकेपछि हामी एउटा निश्कर्षमा पुग्नुपर्छ । हाम्रो मुख्य फोकस भनेको यो दस्तावेजले के भन्छ भने हाम्रो मुख्य फोकस भनेको कृषि हो । हाम्रो मुख्य फोकस भनेको पर्यटन हो हाम्रो मुख्य फोकस भनेको इन्फ्रास्ट्रक्चर भौतिक संरचनाको विकास हो भन्छ यो दस्तावेजले त्यसो हो भने सरकारको चासो केहो? बजेटमा यी विषयहरू सम्बोधन हुनु पर्दछ । मैले यो दस्तावेज पढ्दा सरकारका मन्त्रीहरूसँग कुराकानी नगर्दा मैले बुझने केहो?

भने यो दस्तावेजको चासो यो दस्तावेजको मुख्य फोकस भनेको चाँही कृषि हो यसको पर्यटन हो । यसको इन्फ्रास्ट्रक्चर भौतिक संरचनाको विकास हो तर त्यसो गर्दा यसले केहि मेकानिजमहरू यसको केहिसंरचनाहरूको बारेमा यसले कल्पना गरेको छ । केहि आयोगहरू छन् चार पाँचवटा आयोगहरू छन् पर्यटनका बारेमा प्राधिकरण छ । केहि आयोगहरू छन् यसका बारेमा ती आयोगहरूलाई कसरी कामीयाबी बनाउने भन्ने बारेमा एउटा दृष्टिकोणसहित उहाँहरूले यो बनाउनु भएको होला ।

यसको भविष्यको बारेमा यसको काम गर्ने तौरतरिकाका बारेमा हामी पछि कार्यक्रमिक रूपमा त्यसको चाँही छलफल गरौंला । केहि विषयहरू समाजवाद उन्मुख स्वतन्त्र, समृद्ध, अर्थतन्त्रको विकास गर्ने भन्ने हाम्रो मुल फोकस छ यसमा त्यसो हो भने संविधानमा त समाजवादउन्मुख अर्थव्यवस्था थियो त्योभन्दा एककदम अगाडि हामी बढेर स्वतन्त्र र समृद्ध अर्थव्यवस्था अर्थतन्त्रको विकास गर्ने माननीय अर्थमन्त्री जी संघीय सरकारमा केरे संघीय संसदको अर्थसमितिको सभापतिसमेत भई सक्नु भएकोले त्यसको अनुभव पनि होला । समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको लागि हाम्रो फोकस सरकारले चाँही बजेटमा त्यो फोकस आउँनुपर्छ । नीति र कार्यक्रममा आएको विषय म त्यो आशा गर्छु नीति र कार्यक्रम चाँही एउटा विषय र बजेट अर्को विषयमा आयो भने पछि त्यसमा फोकस गरेर हेर्दाखेरि बजेटमा हामी चुक्यौं भनेपछि त्यसपछि यो विषयमा चाँही अलि बढी छलफलको जरुरी पर्छ त्यसो हुँदा म सरकार त्यो बारेमा बढो सचेत होला र सचेत हुन म आग्रह गर्छु । सोसल जस्टीसका पाटोहरू केहि सामाजिक न्यायका पाटोहरू समावेशीकरणको पाटोहरू, समानुपातिक प्रतिनिधित्वको पाटोहरू छन् यसमा यसलाई अवसर र चुनौतीहरूको बारेमा केहि विषयहरू छन् तर मुल कुरा के हो भनेर भन्नु हुन्छ भने यी मेकानिजमहरू हामीले बनाउँदाखेरि हामीसँग नभएको भनेको कानून नै नभएको हो । हामीसँग नभएको भनेको लिगल इन्स्ट्रुमेण्ट नै हामीसँग नभएको हो लिगल इन्स्ट्रुमेण्ट बनाउन संसद सचेत छ । लिगल इन्स्ट्रुमेण्ट बनाउन संसदको सदस्यको रूपमा हामी सचेत छौं । हाम्रो दल सचेत छ ।कोर्डिनेशनको जरुरी छ । सरकारलेकोर्डिनेशन योभन्दा बढीकोर्डिनेशन गर्ला भन्ने मैले आशा गर्छु । केहि प्रश्नहरू छन् र यी प्रश्नहरूको उत्तर हामीले जनताका बीचमा दिनुपर्छ यी प्रश्नहरूको उत्तर मैले सांसदको रूपमा मैले मागेको छैन । जनताका बीचमा हामीले दिनुपर्छ अर्थात सरकारले दिनुपर्छ र संसद सदस्यको रूपमा हामीले दिनु पर्छ । हामीले नीति तथा कार्यक्रममा गरिबी घटाउनेबारे के कार्यक्रमहरू ल्यायौं । हामीले नीति तथा कार्यक्रममा बेरोजगारी समस्या हल गर्ने बारे के कार्यक्रम ल्यायौं । हामीले अबको बजेटमा हामीले तत्कालिन र दिर्घकालिन रणनीतिहरूके हुन्छन् यी बारेमा हामीले जनतालाई जवाफ दिनुपर्छ । निर्वाचन क्षेत्रमा जाँदा हामीले बोलेर आएका छौं । घोषणा पत्रहरूमा हामीले बोलेर आएका छौं । त्यो मन्त्रीको मात्रै दायित्वको कुरा होइन हामी सबैको दायित्व के हो भने । हामीले गरिबी घटाउने र रोजगारी बढाउने कार्यक्रमहरू के ल्याउँछौं । जनताका बीचमा हामी लिएर जाने के हो । यो कुरा चाँही बढो प्रष्ट हुनुपर्छ । बजेटको कार्यान्वयनमा केहि आशंकाहरू छन् ।

म जिम्मेवार संसद सदस्यको रूपमा म के भन्न चाहन्छु भने बजेट हामीले कार्यान्वयन गर्नैपर्छ । सरकारले ल्याएको पहिलो बजेट हामीले कार्यान्वयन गर्न सकेनौं, कार्यान्वयन गर्ने हिम्मत गरेनौं, कार्यान्वयन गर्ने मेकानिजम बनाएरै र दृढतापूर्वक संसद सदस्यहरू यो बजेट पक्षमा उभिएनौ भने हाम्रा बारेमा विश्वसनियताका बारेमा प्रश्न उठ्छ । प्रश्न सरकारको विश्वसनियताका बारेमा मात्रै उठ्दैन सांसद सदस्यको विश्वसनियताका बारेमा पनि उठ्छ । जनताले सांसद र सरकारका बीचमा फरक लिदैनन् । हाम्रा बीचमा फरक छ । हामी निर्वाचन क्षेत्रमा म अस्ति निर्वाचन क्षेत्रमा गएको थिएँ । वडा अध्यक्षले कार्यक्रम चलाउदै हुनुहुन्थ्यो र उहाँले भन्दै हुनुहुन्थ्यौं सरकारले केहि गर्नुपऱ्यो म सांसदको रूपमा सहभागी थिएँ मैले

पछि बोल्दा भने एउटा सरकार त तपाईं आफैं कार्यक्रमको संचालन गर्दै हुनुहुन्छ वडा अध्यक्ष हुनुहुन्छ एउटा सरकारत यही छ जसले कार्यक्रमको संचालन गर्दैछ । उनले अर्को सरकारलाई प्रश्न गर्दै छ अर्को सरकार छैन म त बीचको प्रतिनिधि हुँ । म सरकारसँग कुरा पुऱ्याउलाम सांसद हुँ । जनताको आशा स्वभाविक छ किनभने जनताले हामीलाई सरकारको रूपमा हेर्छन् । हाम्रा भूमिकाहरू प्राविधिक रूपमा हामीकोही सांसद हुँलाकोही मन्त्री हुँलाकोही केहि हुँला । यो हलमा हामी बसिरहदाखेरि हामी सांसद हो । हामी सरकार हो त्यसो हो भने तर सरकार हामी हो भनेपछि सरकारले हामीले जनताका बीचमा जवाफ दिनुपर्छ । त्यो जवाफ के होला भने गरिबी हटाउन हाम्रो दस्तावेज कति सफल हुन्छ । बेरोजगारीलाई चाँही बेरोजगारीलाई हल गर्ने हाम्रो दस्तावेज कति सफल हुन्छ । भोलिको नीति र कार्यक्रमहरू, भोलिको केरे बजेटका कार्यक्रमहरू यो बारेमा फोकस केन्द्रीत गर्न म मन्त्रीहरूलाई सरकारलाई म आग्रह गर्छु । केहि विषयहरू छन् जस्तो हामी यसको निचोड के होला मेरो तर्फबाटभन्दा खेरि यसको निश्कर्ष के होला मेरो तर्फबाटभन्दा खेरि राजनीतिक नेतृत्वमा आकांक्षा चाहिन्छ । आकांक्षाभन्दा बर्ता महत्त्वकांक्षा चाहिन्छ । हामी राजनीतिमा केहि सुधार गरौं केहि परिवर्तन गरौं भनेर आएको हो सभामुख महोदय हामी राजनीतिमा रहरले अथवा पेशा व्यवसाय केहि नचलेर अथवा काम नपाएर राजनीतिमा आएको मान्छे होइनौं । मैले निर्वाचनमा पनि त्यो एजेण्डा उठाएको थिएँ म जनताका बीचमा मैले प्रतिबद्धता गरेर आएको छु । मैले के भनेको छुभन्दा हामी राजनीतिमा काम नपाएर आएका मान्छे होइनौं । हामीसँग जिन्दगीमा पर्याप्त धेरै कामहरू हुँदा त्यी कामहरू छोडेर हामीहरू यो क्षेत्रको विकास र परिवर्तनको लागि केहि काम गरौं भनेर आएका हौं । त्यसो हो भने यो अवसर हाम्रो मुल्यवान् जिन्दगीको समयको अवसर तपाईंहरूले त्यसलाई चाँही अवसरलाई कतैबाट चाँही पूरा नहुने अवसर तपाईंहरूले अथवा त्यो अवसरलाई दुरूपयोग गर्ने कसैले पनि हामीले गर्नै सक्दैनौं । किनभने हाम्रो यहाँ भविष्य मात्रै जोडिएको छैन हामीसँग पछाडि हामीलाई भरोसा गर्ने १७ लाख मान्छेहरूको भविष्य जोडिएको छ । त्यसो हो भने हामीमा गम्भीरता हुनुपर्छ । म सरकारमा गम्भीरता नभएको म भन्दिन सरकार योभन्दा बढी गम्भीरताको मैले अपेक्षा गरेको छु । योभन्दा बढी गम्भीरताको आशा गरेको छु । सरकारसँग आकांक्षा छैन मैले भनेको छैन सरकारबाट म बढी महत्त्वकांक्षाको आशा गरिरहेको छु ।

एम्बिसन त हुनुपर्छ संसारमा एम्बिसन नभएको नेतृत्वले महत्त्वएम्बिसन नभएको नेतृत्वले निकास र परिवर्तनको चाँही नेतृत्वगर्न सक्दैन सभामुख महोदय । त्यसो हुँदा नीति र कार्यक्रमहरूमा केहि भाषागत विषयहरू छन् केहि टिप्पणी गर्नुपर्ने केहि नमिलेका विषयहरू छन् यीलाई भाषागत विषयहरू यो मिल्ला तर एउटा कुरा मैले समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थव्यवस्थासँग एउटा कुरा मैले विकास र समृद्धिको योजना बनाउने केरे विकास र समृद्धिकोयोजना बनाउने हामीमा मैले बुझेको समृद्धि चाँही लक्ष होला । समृद्धि चाँही लक्ष्य होला हाम्रो विकासको चाँही योजना बनाउने होला दस्तावेजले धेरै ठाँउलेख्छकि विकास र समृद्धिको गुरु योजना बनाउने मास्टर प्लान बनाउने धेरै ठाउँ मैले त्यो भेटाएँ । समृद्धिको योजना बनाउने होइन होलाकी विकास को योजान बनाउने र समृद्धिमा पुग्ने लक्ष्य होला हाम्रो त्यसो हुँदा खेरि लक्ष्य भनेको हाम्रो समृद्धि होला पसब्रेटी होला हामीले धेरै ठाउँ समृद्धिको बारेमा भन्यौ । गुरु योजना बनाउनु पर्ने विकासको होला । विकासको गुरु योजना बनाएर समृद्धिसम्म पुग्ने लक्ष्य होला मैले एक दुई ठाउँ देखेको छु बुदाँ नं. ९ हेर्यो भनेपनि विकास र समृद्धिको लक्ष्यबाट केरे गुरु योजना बनाउने भन्ने छ त्यसो हुँदा विकासको गुरु योजना बनाउने समृद्धिको लक्ष्य सम्म पुगौं । समृद्धिको लक्ष्य होला सरकार त हाम्रो समग्रमा मैले माननीय सभामुखज्यूमार्फत् समग्रमा म के कुरा बढी जोड दिन चाहन्छु भने । इन्स्ट्रुमेन्टहरू हामीसँग नभएको संरचनाहरूलाई संरचनाहरू सक्रिय बनाउन पूरानो क्षेत्रिय संरचनानहरू

अहिले पनि कायम छ र त्यो क्षेत्रिय संरचनाहरूलाई अन्त्य गर्न मन्त्रालयहरूमा जाँदा खेरि मन्त्रालयको मेकानिजम चलेन भन्छु म यो । मन्त्रालयको मेकानिजम किन चलेन । समस्या कहाँनिर हो । समस्या नेतृत्वमा समस्या छकि अथवा समस्या चाँही  ब्यूरोक्रेसीमा समस्या छ । समस्या नेतृत्वले अहिलेसम्म देशमा भएको परिवर्तन धेरै ठूलो स्केलको परिवर्तन हो भन्नेकुरा बुझेको छ कि छैन ।

कर्मचारीले ब्यूरोक्रेसीले त्यो कुरा ब्यूरोक्रेसीले त्यो कुरा बुझेको छ कि छैन । उनिहरूलाई भर्ना रिक्रुटमेन्ट अकैंले गऱ्यो तालिम अकैंले दियो लामो समय उनिहरूलाई चाँही सरुवा बढुवा अरूलेनै गऱ्यो । एड्मिनिसट्रेटिभ कामबाट प्रशासनिक कामबाट आएको नेतृत्व छ त्यसो हुँदा मन्त्रीहरूले र सरकारले के गर्नु पऱ्यो भने उहाँहरूलाई भन्नु पऱ्यो मुलुकमा भएको परिवर्तन धेरै ठूलो परिवर्तन हो । हामीबाट जनताले धेरैठूलो आशा गरेका छन् । तपाईंहरूले कि सहयोग गर्नुपऱ्यो कि ठाउँ छोड्नु पऱ्यो प्रष्टै भन्नु पऱ्यो सरकारसँग यो अथोरिटी छ । संविधानले कानूनले तपाईंलाई यो अधिकार दिएको छ । कानून कतै पुगुन भने भन्नुस् हामी संसदबाट बनाउँछौं एउटा रफ्तारले तर कुरा के हो भने अब सचिवले काम गरेन, उपसचिवले काम गरेन पछाडिमान्छे छैन भनेर हामी यो लाचारीबाट अथवा भनेर हामी काम असुविधाबाट हामी मुक्ति पाउँदैनौं । यसो हो भने काम गरेन भने काम नगर्ने मान्छेलाई बिदा दिने अथोरिटि तपाईंसँग छ । तपाईं संसदले पठाएको छ । बिदा दिउँ तरनयाँ ठंगले चाही जाउँ हामीले पटक-पटक नयाँ ढङ्गले जाउँ भन्यौं । यो संसदमा हामीले धेरै पटक प्रयो गरिएको शब्दहो समृद्धि । त्यो समृद्धिको लागि हो भने हामीलाई आजको जरुरी के हो भने इच्छाशक्ति हो । यो दस्तावेजमा हेर्दा डकुमेण्टेशनको हिसाबले हेर्दा यसमा धेरै इच्छाशक्ति छ । अब हामीले व्यवहारमा त्यो इच्छाशक्ति देखुछ त्यसो हुँदा यति विषयहरू मैले समग्रमा राखेंर सैद्धान्तिक रूपमा म सरकारको नीति कार्यक्रममा बढो जिम्मेवारपूर्वक मेरो दल र मेरो तर्फबाट जिम्मेवारपूर्वक यसको चाँही म समर्थन गर्छु । यसमा ऐक्यवद्धता प्रकट गर्दछु । हामीले गरिरहेका आलोचाहरू यी रचनात्मक आलोचनाहरू हुन । यी रचनात्मक आलोचनाहरूलाई तपाईंले बढो जिम्मेवारीपूर्वक बुझ्नुहुनेछ भन्ने मैले निवेदन गर्छु र साथसाथै मैले के निवेदन गर्छु भने दुई दिन पछि हामी जुन बजेटमाथि यो संसदमा दुई तीन दिनपछि छलफल गरौंला त्यो बजेटको फोकस र यो नीति र कार्यक्रमको फोकस मिलोस् भन्ने म चाँही आग्रह अपेक्षा यो राख्दै आफ्नो भनाइ यही अन्त्य गर्छु धेरै धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री हिमबहादुर शाही ।

**माननीय सदस्य श्री हिमबहादुर शाही :** सभामुख महोदय, कर्णाली प्रदेश सभाको बैठकमा माननीय प्रदेश प्रमुख श्री दुर्गाकिशर खनालज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को त्रैमासिक तेस्रो चौमासिकको लागि प्रदेश सरकारको नीति तथा कार्यक्रम बारेमा जे कुराहरू उठेका छन् । सर्वप्रथम सभामुख महोदयमार्फत् कर्णाली प्रदेश सरकार एवम् मुख्य मन्त्रीज्यूलाई मेरो प्रश्न छ । यो तेस्रो चौमासिक ०७४/०७५ को तेस्रो चौमासिक के लागि प्रदेश सरकारको नीति तथा कार्यक्रम हो वा कर्णाली प्रदेश सरकारको कार्यक्रमको अबधारणा हो । यसको बारेमा स्पष्ट गरिमामय सदनलाई यथार्थ जानकारी गराउन आग्रह गर्दछु । मलाई लाग्दछ अवश्यपनि यस नीति तथा कार्यक्रमभित्र रहेका अन्तरवस्तुहरूअरू जेजति छन् नीतिगत अबधारणा छन् ती नीतिगत अबधारणाहरू अवश्य पनि कर्णाली प्रदेशबासीको लागी कर्णाली प्रदेशको लागि प्रदेश कर्णालीका गरिब निमुखा जनताको लागि अत्यन्तै प्रशंसनिय छ । यसको लागि म आफ्नो तर्फबाट र नेपाली काँग्रेस तर्फबाट विवाद र विरोध गर्न चाहदैंन तर एउटै प्रश्न छ यो ०७४/०७५ भन्नाले असार मसान्त हो । यदि यी अबधारणाहरू जेजति आएका छन् ती अबधारणाहरू जेष्ठको १५ गते

कुन अबधारणालाई पूरा गर्ने असार १२ गते कुन-कुन अबधारणालाई पूरा गर्ने जेष्ठ ३० गते कुन अबधारणालाई पूरा गर्ने हाम्रो वर्तमान सरकार अब मुख्यमन्त्रीज्यूले यो गरिमामय सदनलाई स्पष्ट जानकारी गराउनु पर्दछ । यो कार्यक्रम असार मसान्त सम्मको लागि हो वा २०७५/०७६ असार मसान्त सम्मको लागि हो या तीन वर्षको लागि हो या पाँच वर्षको लागि हो वा नेपालको संविधान सदैव जिवन्त रहेमा यो कर्णाली प्रदेश जिवन्त रहुन्जेलसम्मको यो अबधारणा हो । यो कुरा स्पष्ट पार्न सक्नुपर्दछ । यसमा अत्यन्तै असजिलो र अप्ठेरो कुराहरू आएका छन् । म एउटो कुरा भन्छु यसै कार्यक्रममा क्रमसंख्यामा रारा कर्णाली पर्यटन वर्ष भनेर घोषणा भइसकेको छ । बैशाख १ गते रारा कर्णाली पर्यटन वर्ष भनेर यसैको नम्बर ३० मा कर्णाली पर्यटन वर्ष प्राधिकरण गठन गर्ने भनिएको छ । यो रारा कर्णाली पर्यटन वर्ष हो वा कर्णाली पर्यटन वर्ष हो । यसमा सरकारले दुई मत राख्नुहुँदैन । रारा कर्णाली पर्यटन वर्ष हो भने रारा कर्णाली पर्यटन वर्ष स्पष्ट हुनुपर्दछ । होइन कर्णाली पर्यटन वर्ष हो भने ३० नम्बर बुँदामा आएकोलाई प्राधिकरण गठन गर्ने जुन कुरा आएको छ त्यो स्पष्ट रूपमा गरिमामय सदनलाई जानकारी गराउनु पर्दछ भन्ने मेरो माग छ ।

यसको साथसाथै यसकै क्रमसंख्या ११ मा जनतासँग मुख्यमन्त्रीको प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने कार्यक्रम भनेर राखिएको छ । मलाई लाग्दछ मुख्यमन्त्रीको जनतासँग प्रत्यक्ष कार्यक्रम त्यो दिन भइसकेको छ जुन दिन जनताको नाममाशपथ खाईसकियो । जुन दिन कर्णाली प्रदेशका जनताको नाममा शपथ लिईसकियो त्यो दिन कर्णाली प्रदेशका मुख्यमन्त्रीज्यूको प्रत्यक्ष सम्बन्ध स्थापित भइसकेको छ । होइन मुख्यमन्त्रीज्यूको प्रत्यक्ष स्थापित कार्यक्रम चाहियो भने अरूमन्त्रीहरूके चाहियो सभामुखको चाहियो माननीयहरूको चाहियो । सबैको स्थापित कार्यक्रम चाहियो । हिमबहादुर शाहीको पनि स्थापित जनतासँग स्थापित कार्यक्रम चाहियो । मुख्यमन्त्रीको मात्रै स्थापित कार्यक्रम कस्तो स्थापित कार्यक्रम हो यो । स्थापित कार्यक्रम जुन दिन जनताको नाममा शपथ भनेर उहाँले छातिमा हात राखेर खाईसक्नु भएको छ त्यो दिननै चाँही स्थापित कार्यक्रम भइसकेको छ भने आज यसमा मुख्यमन्त्रीको स्थापित कार्यक्रम ल्याउनु आवश्यक छैन भन्ने कुरा गरिमामय सदनलाई म आग्रह गर्दछु जानकारी गर्दछु । लामो कुरा भन्न म चाँहादिन यी धेरै कुराहरू आएका छन् । यसको समर्थन र विरोध भन्ने कुरालाई अहिलेपनि चाहे अघि हाम्रो एमालेको नेताजीले भन्नु भो यस्तो सुनौलो प्रदेश त कहिँ पाईदै पाईदैन । सत्तापक्ष प्रस्तावक प्रतिपक्ष समर्थक धन्यवाद प्रस्तावक गयो भन्नु भयोधन्यवाद प्रस्तावक नीति तथा कार्यक्रम फरक महत्त्वको कुरा हो । यसको लागि नेपाली काँग्रेसको तर्फबाट प्रतिपक्षको तर्फबाट मैले अस्तिनै ध्यानाकर्षण गराई सकेको छु । सत्तापक्ष र प्रतिपक्षको आ-आफ्नो जुन भूमिका हो यर्थाथमा स्पष्ट भएन भने र यर्थाथमा स्पष्ट रहेन भने सत्तापक्ष र प्रतिपक्ष नै निराशा र आशंका रह्यो भने त्यसले परिणाम राम्रो ल्याउन सक्दैन । त्यस्तो परिणाम पनि हुन सक्दैन भन्ने कुरा मैले अस्तिनै जानकारी गरेको हुँदा अहिलेलाई यति भन्दछु । अहिले पनि नीति र कार्यक्रमलाई केहि समयको लागि पर्ख र हेर भन्ने अवस्था म राखेर अहिले बिदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री शोशिला शाही ।

**माननीय सदस्य श्री शोशिला शाही :** सभामुख महोदय, आज कर्णाली प्रदेश प्रदेश सरकारको नीति तथा कार्यक्रमबारे छलफल गर्दै हामी, गर्दै छौं । हामीले प्रदेश सभा गठन भएर प्रदेशको नामाकरण राजधानीसहित लगातार काम सम्पन्न गरिसकेका छौं । गरिरहेका छौं गएका तीन वटा निर्वाचन सम्पन्न भई देश एउटा नयाँ परिस्थितिमा अगाडि बढिरहेको छ प्रदेश-प्रदेशले अब राजनीतिक खिचातानीभन्दा पनि बढी

अगाडि बढिरहेको छ । प्रदेशले अब राजधानी खिचातानीभन्दा पनि विकास र समृद्धिको निम्ति पर्खिरहेको छ । अवस्था आज हामी जुन प्रदेशमा बसेर छलफल गरिरहेका छौं । पहिलो कुरा त यो प्रदेश देश छ वटामात्र प्रदेशको घोषणा भएको अवस्थामा हामीले, हामीहरूले सङ्घर्ष बलिदान प्रचार रगतको अक्षरबाटलेखिएको प्रदेश हो हामी यस प्रदेशका सदस्य हौं । जहाँ विकासको यथासम्भावना बोकेको तर गरिबको मारमा थिचिएका छौं ।

सभामुख महोदय जनता, जनता अभाव पिडाबाटछटपटिरहेका छन् हामीले केबल अब विकास र समृद्धितर्फ लम्कि नै पर्ने जनताको हामीलाई रहेको छप्रश्न उठ्न सक्छ । सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम आहिले अल्पकालिन भएको हुँदा यसमाथि धेरै बढी टिप्पणी गर्ने ठाउँम देख्दिन । यसलाई सकारात्मक रूपमा नै मैले लिएको छु । अहिले हामीसँग धेरै हामीसँग रहेको सीमा साधनस्रोतबाट नै काम गर्नु परेको छ तर भविष्यमा दिर्घकालिन योजना दिर्घकालिन सोच राखेर गयौं र केन्द्रको भरमा पर्न थाल्यौं भने हामीले अप्ठेरो स्थीतिको सामनागर्नु पर्ने अवस्था आउँनसक्छ । तसर्थ ठूलो चुनौतीको पहाडलाई छिन्दै सम्भावनाको विशाल फाँटबाट हामीले पुग्छ । त्यहाँपुग्न हामी सफल हौं भन्ने कामना गर्दछौं कामना चाहन्छौं भन्दै आफ्ना राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट र आफ्नो व्यक्तिगत तर्फबाट आफ्ना शाब्दहरू यही अन्त गर्नचाहन्छुधन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री चन्द्रबहादुर शाही, समय सात मिनेट ।

**माननीय सदस्य श्री चन्द्रबहादुर शाही :** सभामुख महोदय, मन्त्रीज्यू, माननीयज्यूहरू हामी कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्न यो हलमा उपस्थित भएका छौं । आज कर्णाली प्रदेश सरकारले कर्णाली संसदले के गरिरहेको छ भनेर बाहिर जनताले हरेक शब्दशब्दमा पलपलमा वाच गरिरहेको अवस्था छ । मलाई त्यो दिनको सम्झना अहिलेपनि आईरहेको छ । जतिखेर यो प्रदेश निर्माण गरिरहँदा अहिलेकोही सत्तापक्ष छौं,कोहि प्रतिपक्ष छौं ।कोहि मन्त्री छौंकोहि अरूविभिन्न पोष्टमा आसिनमान छौं तर जनताको मन मिलिरहँदा नेताहरूका मन मिलिरहेका थिएँनन् । अहिले पनि जनताले अब यो मुलुक निर्माणको लागि नेताहरूका मन मिलेनन् भने हामीले अर्कै सोच बनाउनुपर्छ भन्ने कुरामा वाच गरिरहेको अवस्था छ त्यसोभएकोले संसद निर्माण भइसकेपछि कर्णाली प्रदेश निर्माण भइसकेपछि । अहिले सम्म जो जति यो प्रदेशका गतिविधि अगाडि बढेका छन् । स्वागत योग्य छन् र जनमुखी छन् । जनताले धेरै आश गरेका छन् र अझै यो प्रक्रिया अगाडि बढोस् भन्ने जनताको चाहना छ र मैले यहाँ यो नीति तथा कार्यक्रममाथि छलफल गरिरहँदा जनताको मन कुँडियो भने जनताको मन बिग्रियो भने जस्तासुकै परिस्थिति पनि सृजना हुनसक्छन् । त्यसो भएकोले सभामुख महोदयमार्फत् मुख्यमन्त्रीज्यू मन्त्रीमण्डल लगायत म हललाई पूर्व कर्णाली प्रदेश, पूर्व कर्णाली नाममात्रले पुग्ने होकि पूर्व कर्णालीलाई काम पनि चाहिने हो । कर्णाली हामीले भन्यौ रारालाई सम्बोधन गरेर महोत्सव गऱ्यौं । जति फोहोर थुपायौं तर आज रारा र रारापुग्ने संरचना यो नीति तथा कार्यक्रमा समेटिएन ।

कर्णाली केन्द्र सरकारले दोहन गरेकै कारणले आज भोक, रोग, आशिक्षा र अनिकालका पहाडमा उभिरहेको छ । ठूला ठूला पहाडहरू छन् तर त्यो पहाड भत्काउनको लागि प्रदेश सरकारसँग कर्णालीबासीले ठूलो आशा गरेका थिएँतर नाममात्र कर्णाली तर कर्णालीलाई कुनै सम्बोधन यो नीति तथा कार्यक्रम मा नदेखिदा निराश भएको अवस्था देखिन्छ । म यहाँ भन्न चाहन्छु । कि एउटा खुट्टा नभएको अपांग र दुईवटै खुट्टा भएको मान्छेलाई एउटा मैदानमा लडाउन खोज्दा त्यो अपांगको के हालत हुन्छ । आज त्यो कर्णालीलाई फेरि पनि हामी खुट्टा भएको खेलाडिसँग खुट्टा, एउटा खुट्टा नभएको अपांगलाई लडाउन खोज्दै छौं । त्यसो

भएकोले हेर्न बाँकी छ दिा बाँकी छ तर पहिलै गाशमा ढुंगाभने जस्तै यो नीति तथा कार्यक्रम अगाडि बढीरहँदा कर्णालीलाई भिन्दैढंगले सम्बोधन नगरिदा कर्णालीबासी असन्तुष्टको संकेत देखा परेको कुरा म यहाँ राख्न चाहन्छु । अर्को कुरा सभामुख महोदय माननीय मन्त्रीज्यूहरू यहाँ हुनुहुन्छ, मुख्यमन्त्रीज्यू हुनुहुन्छ । यहाँ म केही यो नीति तथा कार्यक्रममा जुन कुरा उल्लेख गरिएको छ । म यसमा केहि कुरा यहाँ राख्न चाहन्छु । यहाँ हामीले अस्ति रारा महोत्सवको नाममा ठूलो हंगामा मच्चायौं । स्वदेशी विदेशीको ध्यानाकर्षण गयौंतर मुगालि जनताको चाहना तीन वटा कुरामा थियो । हामीले डेलिकेशन पनि गयौं, प्रधानमन्त्रीलाई पनि त्यहाँ जुन जनताले भेट गरेका थिएँ जिल्लाका सबै नेताले भेट गरेका थिएँ । मुख्यमन्त्रीज्यू लगायत त्यो क्याविनेटमा रारालाई र रारासँग जोडिएको मुगुलाई यत्रो कार्यक्रम गरिसके पछि केहि न केहि कुराको सम्बोधन गरिनु पर्छ भनेर निकै जनताको आवाज थियो । बाहिर यदि यो सम्बोधन गरिदैन भने मुगुलाई आनि हामी मुगाली फोहोरमात्रै उखेर्ने एउटा डम्पीङ् हो ? भनेर हामीले त्यहाँका सांसदहरूले भर्खर सरकारले सुरुवात गर्दैछ सबै संरचना नयाँ छ । अवश्य पनि रारा सम्बोधन हुन्छ भनेर हामीले त्यो कुरा राखेका थियौं तर आज नीति तथा कार्यक्रमलाई हेर्दाखेरि अहिले माननीय मन्त्रीज्यूहरू आफ्नै क्षेत्र र आफ्नै ठाउँको लागि मात्रै नीति तथा कार्यक्रम आउने हो भने अनि अरूसँग छलफल गर्नु पर्ने कुनै यो अर्थ देखि जस्तो मलाई लागेको छ । किनभने यहाँ एउटै सडकलाई एउटै ठाउँलाई दुई कुराले सम्बोधन गरिएको छ ।

यहाँ दफा ५३ मा कर्णाली प्रदेशको भौतिक पूर्वाधार विकासका लागि जमुना हिल्सा प्रधानमन्त्री अन्तर्राष्ट्रिय द्रुतमार्ग कर्णाली करिडोर भेरी करिडोर जहाँ जहाँ मन्त्रीहरू आफ्नो क्षेत्र छ त्यहिमात्रै अनि राष्ट्रिय गौरवका योजनाहरू छिराउने अनि कर्णाली करिडोर र अनि यो जमुना हिल्सा एउटै बाटो हो । एउटै बाटोलाई दुइदुई वटा सम्बोधनभएको छ यहाँ तर आज जसले मुलुकलाई पहिचान दिएको छ । जसले यो मुलुकको समृद्धि गर्दै छ रारा जोड्ने बाटोको लागि रारा जोड्ने बाटोमात्र होइन राराबाट नाक्चे लाग्ना जोड्नको लागि जम्मा ८६ किलोमिटर मात्रै छ ४६ किलोमिटरमा १५ किलोमिटर खनिसकेको छ । उताबाट १५ किलोमिटर मैदान छ । खन्नै छैन भने ५०, ४५ , ५० किलोमिटर मात्रै खनो भने हामीले अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्न सक्छौं । मैले अन्तको विरोध गर्न खोजेको हैन तरअरू कर्णालीका अरू जुन नाकाहरू हुन यी अँझै समय लाग्नेछन् तरछिटो छरितो कुन हो त्यो कुराको लागि अब यहाँ सम्बोधन नगरिकन जहाँ अब मन्त्रीका अब जिल्लाहरू छन् । बाटाहरू छन् त्यहिमात्रै सम्बोधन गर्ने अनि त्यसपछि जोले मुलुकको पहिचान दिन सक्छ त्यो ठाउँमा हामीले आज रारा पर्यटन वर्षमात्रै भन्यौं तर रारा छायाँनाथ पर्यटन विकास प्राधिकरण मुगुका जनताले डेलिकेशन गरेका थिएँ माग गरेका थिएँतर आज त्यो पनि हुन सकेन रोड पनि सम्बोधन हुन सकेन । नाक्चेलाग्ना पनि सम्बोधन हुन सकेन यसको लागि अब यस्तै किसिमले अगाडि बढ्ने हो भने अनि अँ अब जुन हुने खानेको मात्रै कौजुवालाको मात्रै अब जिल्ला हुने निर्वाचन क्षेत्र हुने अरू निमुखाहरू अब नबोल्ने सांसदहरूले पहुँच नभएका सांसदहरूले निर्वाचन क्षेत्र यस्तै हुनेहो भने भोलि बिहान कर्णालीका जनताका मन कुँडियो भने अवश्य पनि परिस्थिति अर्को सिर्जना हुन सक्छ । त्यसो भएकोले मैले यीनै कुरा राख्दै म बिदा भए हवस तधन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री ठम्मरबहादुर बिष्ट, समय सात मिनेट ।

**माननीय सदस्य श्री ठम्मरबहादुर बिष्ट :** सभामुख महोदय, वास्तवमा हामीले जसरी प्रदेशको नामाकरण गयौं समयमै देशलाई र अन्तर्राष्ट्रलाई एउटा म्यासेज दिने गरेर । त्यसलगतै हामीले त्यस जगमा टेकेर नामाकरण भएको भर्खरै भएको छ यद्यपी यसले ठोस रूपमा खान सक्ने स्थिति त हुँदैन बच्चाले त्यसले

गर्दा लिटोको रूपमा चौमासिक र तेस्रो चौमासिक बजेटको रूपमा यहाँ प्रस्तुत हुँदैछ । अब यस सन्दर्भमा जेजति यहाँ सरकारमार्फत् यहाँ पेश भएको छ यो कुरालाई मैले सुरुमै स्वागत गर्न चाहन्छु । सारमा यो प्रदेशको दर्पन झल्कने गरी यथार्थ मा टेकेर यो नीति कार्यक्रम आएको छ । यद्यपी योसँग सम्बन्धित केहि अझैं यसलाई सुदृढ बनाउन र अझैं व्यवस्थित बनाउन केहिकुराहरू यसमा अपुग छन् भन्ने मलाई लाग्छ त्यो कुरालाई मैले जोड दिँदैछु । पहिलो कुरा यो ऐतिहासिक जनआन्दोलन सशस्त्र आन्दोलन भनेर पेज नं. २ यो बुदाँ नं. १ मा जुनलेखिएको छ ऐतिहासिक जनआन्दोलन सशस्त्र आन्दोलन लगायत भन्ने शब्दको ठाउँमा मरो विचारमा यसमा ऐतिहासिक जनआन्दोलन, जनयुद्ध र सशस्त्र आन्दोलन भनेरलेख्दा अझैं वस्तुवादी हुन्छ किनकी यो परिवर्तनको नेतृत्व गर्ने विशेष गरी यो प्रदेश, हुनत देशनै त्यो देशले नै नेतृत्व गरेको हो ।कोहि पार्टीहरूले सबैले सबै स्थीतिमा नेतृत्व गरेको हो यो प्रदेश त्यसको नेतृत्वदायी भूमिका निर्वाह गरेको हैसियतले यसलाई राख्दा अन्याय हुन्छ जस्तो मलाई लाग्दैन र कम्तीमा अझैंयो प्रदेशमा जसरी प्रदेश निर्माण हुने क्रममा थियौं त्यसबेला बडयाङ् बुडुङ् गोली चलिरहेका थिएँ लाशहरू ढलिरहेका थिएँर एउटा वर्गतको दवावबाट प्रदेश स्थापना हुन गएको हो त्यसका क्रममा जो टिकाराम गौतम, गोपाल रजवाल र याम विसी लगायतको नामाकरण यहाँलेख्दा धेरै राम्रो होला जस्तो मलाई लाग्छ ।अब अर्को कुरा यो पेज ३ बुदाँ नं. १० मा महिला दलित, जनजाती तथा सीमान्तकृत जाती तथा समुदायसलाई सशक्तिकरण गर्नको लागि भन्ने छ यो सशक्तिकरण भन्ने शब्द धेरै वेटफुल शब्द होइनयसले एउटा निश्चित कार्यक्रमलाई वरीन्टेसन कार्यक्रमलाई मात्र जनाउने गर्छ त्यसैले त्यसकारण यसको ठाँउमा जसरी संविधानमा पनिलेखिएको छ महिला दलित जनजाती अल्पसंख्यक, लोपोन्मुख तथा सीमान्तकृत जाती समुदायसलाई प्रदेशमा उनिहरूको हक अधिकारको सुनिश्चित गर्न विशेष क्षेत्र, स्वायत्त क्षेत्र एवं संरक्षित क्षेत्र अबधारणालाई लागु गरिनेछभन्दा बित्तिकै त्यो शब्द संविधानमा पनिलेखिएको छ सबै कुराहरू आउँछ त्यसमा अर्को पेज ४ बुदाँ १४ मा अनियमितता ढिलासुस्ती र भ्रष्टाचार नियन्त्रण गरी अनुशासन सहितको जनमैत्री शासन अवस्था अबलम्बन गरिने छ भनेरलेखिएको छ । यो ठिकै छ यो सबैले बोल्ने भाषा हो कुनैपनि सरकारले बोल्ने भाषा हो तर यसका एउटा कमिटमेण्ट खोजेका छन् जनताले यसलाई ठोस रूपमा लागु गर्न कडा कानूनको व्यवस्था गरिने छ भनेर थप्न जरुरी छ ।

अर्को पेज ५ बुदाँ २५ मा सुर्खेतमा अन्तर्राष्ट्रिय मापदण्डको प्रादेशिक विमान स्थल भन्ने छ म त करिब सुर्खेत क्षेत्र नं. १को कबाट निर्वाचित भएको हुँ पहिला एउटै निर्वाचन क्षेत्र थियो । अहिले सम्म उठेको कुरा के हो भने रामघाटमा सम्भाव्यता अध्ययन हुनलाई पाँच सात वर्ष भयो अब यसलाई एउटा प्रक्रियामा जान्छ कामको प्रक्रियामा भन्ने हामीले सुन्दै आएको हो । अरू जनप्रतिनिधिहरूमार्फत् अब यो सुर्खेतमा भन्नेरहँदा त्यो रामघाटको सुर्खेत हो कि वीरेन्द्रनगरको सुर्खेत हो किवा बड्डीचौरको सुर्खेत होकि कताको सुर्खेत हो । यो कुरा यहाँ ठोस आउन पऱ्यो । किनकी यो जनताले उठाई राख्याछन् प्रश्न कहाँ हो हामीले सुनिराख्याछौं वीरेन्द्रनगरमा राष्ट्रिय अब अन्तर्राष्ट्रिय भन्ने छ यो शब्दपनि त्यति मिल्छ जस्तो लाग्दैन किनकी अन्तर्राष्ट्रिय मापदण्ड त बन्नै सक्तैन । राष्ट्रियस्तर या प्रादेशिक स्तरसम्म पनि हामीले चलाउन खोज्दाखेरि त्यो ठाँउ कहाँ हो त्यो कुरा किटान गर्न जरुरी हुन्छ जस्तो मलाई लाग्छ । अर्को पेज ७ के बुदाँ ४७ मा कम्तीमा एक यो केरे स्मार्ट सिटि भन्ने रैछ यहाँ प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानको पहिचान गरी स्मार्ट सिटि भने पछि यसलाई ठोस गर्नपर्छ । हामीकहाँ यहिले प्रदेशमा २४ वटा क्षेत्र छ । २४ वटा क्षेत्रमा सुरुमा कम्तीमा एक एक वटा स्मार्ट सिटि त्यो अध्ययन गर्नु पर्दैन र डाडाँमा डाँडै खालको स्मार्ट सिटि बन्छ । गहिरामा गहिरै खालको बन्छ । यसले गर्दाखेरि अब प्राविधिक भन्नेकुरा त छदैंछ त्यो आफ्नो ठाँउमा छ । यसलाई ठोस रूपमालेख्न जरुरी छ । अर्को पेज ७, ५१कोबुदाँमा महिला

शसक्तिकरण भन्ने फेरि यहाँ दोहोरिएको छ यो दोहऱ्याउन जरुरी छैन । अगाडिनै महिला, दलित जनजाती भन्ने शब्द आईसकेको छ । यसलाई हटाउन जरुरी छ । यो फेरि यो नत्र यो खालको गज्याङ, गुजुङ खालको हुन्छ । अर्को पेज ७ बुँदा ५३ मा विभिन्न करिडोर दुर्तमार्ग राष्ट्रिय गौरवको योजनाको व्याख्या चाँही भएकै छ । यसमा मलाई लागेको कुरा के हो भने जो होरिजेण्टल र भर्टिकलको कुरा छ नि हामीले अलि बढी हिल्सा यता त गरेकै छौं यो अन्तर्राष्ट्रिय राजमार्ग हो । सम्भवत यहाँबाट राजमार्ग बन्ने भनेको अरूप्लस ६ वटा प्रदेश र इन्डिया चाईनालाई नै जोड्ने कुरा हो यसको त धेरै रणनीतिक महत्त्व छ तर यो हुँदा हुँदै पनि जो दुईवटा राजमार्ग पूर्व पश्चिममा एउटा लोकमार्गको कुरा छ । अर्को मध्ये हाम्रो यो मध्यलोकमार्गको कुरा छ जस्तो यो दाङ पूरानधारा भेडाबारी, दुलायपटि, डोटी, दिपायल सडक यतातिर ध्यान गएको छैन यसलाई पनि राष्ट्रिय राजमार्गको रूपमा एउटा चाँही राष्ट्रिय गौरवको राजमार्गको रूपमालेख्न जरुरी छ अहिले किनभनै यो तल तल जहाँ जहाँ विकास गरेर जहाँ डेनसिटि छ जहाँ घनत्व छ जहाँ तुरुन्तै त्यहाँ केहिन केहि खोजिराख्या छ । विकास मा त्यो ओझेलमा पर्ने उता डाँडा पाखा खन्दैमा न उता हुने न यता हुने भो भने फेरि सरकार घेराबन्दीमा पर्ला ।

त्यसले गर्दा यो किसिमले त्यहाँ जान जरुरी छ । अर्को पेज ८ बुँदा नं. ६० मा यो भेरीबबई डाईभर्सनको कुराहरू उल्लेख भएको छा यो अपर कर्णालीको कुरा कहि उल्लेख भएन यो कुरा निकै उठेको छ । बेला बेलामा आन्दोलन हुन्छन् । बम विष्फोट पनि हुन्छन् । बिरोध पनिहुन्छन् कहिले समर्थन पनि हुन्छन् यो भईराख्याछ । आस सरकारको धारणा के हो । हाम्रै प्रदेशमा छ यो । यो गर्ने होकि हामीले स्वामित्व गर्ने होकि वा संलग्न या जिम्मा दिने होकि या के भईराछ कामबारे यसको यहाँ सरकार कुनै पनि बुँदा बोलेको छैन । यसका आउन जरुरी छ जस्तो लाग्छ । अर्को यो शिक्षाबाट बन्चीत रहेका बालबालिकाका लागि अनिवार्य शिक्षा भन्ने रहेछ यो सबैलाई अनिवार्य शिक्षा भनेरलेख्नुपर्छ किनकी संविधानले पनि त्योलेखिसक्या छ । बालबालिकालाई मात्रै होइन सबैलाई अनिवार्य शिक्षा अब माध्यमिक तहको आफ्नो तहमा होला माथि हाम्रो तहमा प्रदेशको तहमा त्यसको आफ्नो चाँहीलेबल छ त्यसले गर्दा यसलाईलेख्दाखेरि खलि समेट्छ जस्तो मलाई लाग्छ र यसमा कम्तीमा पनि यो विश्वविद्यालयको कुरा मध्यपश्चिम विश्वविद्यालयसलाई प्रदेशमा ल्याईने यी कुराहरू छँदैछन् । खास गर्न पर्ने जतिपनि हाम्रो अहिले कम्तीमा १० वटा जिल्लामा आंगिक अबधारणाको पनि आंगिक क्याम्पसको अबधारणाको कुरा आएको छ । कम्तीमा प्राविधिक शिक्षालय र महाविद्यालयहरू जिल्लामा १० वटा जिल्लामा यो तुरुन्तै गरिने छ भनेर यसलाई चाँही यहाँलेख्न जरुरी छ । यो कुरा आएको छैन । पछि यसलाई विस्तारको क्रममा हामीले २४ वटै प्रदेशमा लगायत अरूपछि स्थानीय तहमा गर्ने कुरा होला अर्को एउटा यो पेज ९ बुँदा नं. ६८ मा स्वास्थ्य बिमा लागु गर्ने नीति बनाएको छ भनेर भनेको रहेछ त्यो स्वास्थ्य बिमा खासगरी नागरिकलाई होकि पशुपन्छीलाई होकि अरूकेलाई हो त्यहाँ ठ्याक्कै उल्लेख छैन ।

त्यसकारण त्यसको ठाँउमा नागरिकलाई स्वास्थ्य बिमाको व्यवस्था गरिने छभनेरलेख्न पऱ्यो प्रत्येक नागरिकलाई होइन प्रत्येक नागरिकलाई किनभने स्वास्थ्यबिमा हामीले अन्तर्राष्ट्रिय फिनोमिना हेरो भने पनि त्यो एउटा । अर्को धेरै ठाँउमा संघीय सरकारसँग समन्वय गरेर आर्थिक ल्याईने छ यो ल्याईने छ यो अलि पर निर्भर देखाउने शब्दभयो योकोड गर्न जरुरी होइन किनकी यो स्वायत्त सरकार हो । यसलेसंघीय सरकारसँगपनि लिन सक्छ । यसले अन्तर्राष्ट्रसँग पनि लिन सक्छ । केन्द्रीय सरकारलाई जानकारी गराएर यसको आफ्नै चाँही स्वायत्त पन भएको हुनाले प्रत्येकमा केहि संघलाई गरिनेछ, संघलाई गरिनेछ भन्दै जाँदा त उतैबाट खन्याएर गर्ने होकि क्याहो भन्याजस्तो देखिन्छ यसलेयसले गर्दा अलिकति यो शब्दलाई धेरै प्रयोग गर्न आवश्यक छ जस्तो मलाई लाग्दैन । अर्को यो सुकुम्बासी र किसानको खास कार्यक्रम

आउनपर्‍यो किनकी अब यहाँ शब्दहरू त आएको छ यसले पुग्दैन खासगरी हाम्रो प्रदेशमा किसानको कार्यक्रम, सुकुम्बासीको कार्यक्रम बाढीपीडितको कार्यक्रम, भूमिहिनको कार्यक्रम जोडेर ल्याउन जरुरी छ । मैले जानकारी पाएअनुसार १२।१३ वटा आयोगहरू नेपालमा बने जसले सुकुम्बासी दिननै सकेनन् । लालपर्जा दिन सकेनन् । यहिले सायद हाम्रो यो अझ सुर्खेतमा दैलेखमा वरपर लगायत गरिब सुकुम्बासीको समस्या छ । कतिपय भूमिहिन जग्गानै छैन । कतिपय अब हुकुमबासीहरू छन् सुकुम्बासीको रूपमा र खास सुकुम्बासीहरूएकदम दुख पाईराख्या अवस्था छ । त्यसले गर्दा त्यो स्मार्ट सिटि र अधिकरणको कुरा गरिराखेका छौं त्यो हुन सक्तैन किनकि जब सुकुम्बासीचै असरलै जतातत‍ै वनफडानी गर्ने अनावश्यक किसिमले त्यहाँ जनता त बस्नेनै भयो । त्यसले गर्दा यो कुरा रोकिन्छ त्यसले गर्दा यसलाई ठोसकार्यक्रम जस्तो कृषि, मल बिउँको हकमा औजारको हकमा निशुल्क सरकारले दिनेछ । अथवा उनीहरूलाई मलबिउँको व्यवस्था गर्ने छ । अथवा बिना धितो उनीहरूलाई रकम दिने छ । कृषकको हकमा त्यो कुरा उल्लेखै गर्न पर्‍यो । मैले विशेष अनुरोध गर्न चाहन्छुर अर्को कुरा बाढीपीडितको राष्ट्रय कार्यक्रम १० लाख रुपियाँ हो किनकी भुकम्प सरहलाई दिने भन्ने कुरा थियो यो पनि हुन सक्या छैन । अहिले एउटा विकराल स्थिति छ । बाढीपीडितलाई तत्कालै यहि चौमासिकमा सुरु गर्ने गरी कार्यक्रम अगाडि बढाईने छ भन्न पर्‍यो । बाढी पीडितको लागि र भूमिहिनको कुरा पनि त्यसमा छँदैछ । यो कुरालाई जोडेर जानुपर्छ भन्ने कुरा म सभामुखमार्फत् यस गरिमामय हलमा राख्न चाहन्छु ।

अब अर्को अब यसमा सारमा चाँही मैले अन्तमा यो बजेट जसरी निर्माण भएको छ । यसले मैले सुरुमै भने एउटा प्रदेशको वस्तुनिष्ठ चित्र झल्कने गरी बनेको छ । यसमा केहिकुराहरूलाई गर्न जरुरी छ र अर्को मैले धेरै सुन्ने गरेको पनि धेरै सचिवहरूसँग मैले कुराकानी गर्दा कतिपय मन्त्रीज्यूहरूसँग बस्दा यो बजेटै लागु हुँदैन यो त सञ्चितकोषमा जाने हो भन्ने नै छ । अब एकातिर हामी कानून नयाँ छ व्यवस्था नयाँ छ अलमल छ । मन्त्रीज्यूहरूको पनि अनुभव पर्याप्त छैन हामीसबैको अनुभव छैन कर्मचारीहरूको समायोजनको अलमल स्थिति छ । एकदमै विकराल अवस्था छ । यसले गर्दा यो किसिमबाट अब यसमा लागुहुने कुरामा जतिपनि मन्त्रीज्यूहरू हुनुहुन्छ मुख्यमन्त्रीज्यू हुनुहुन्छ तपाईंहरूमार्फत्यसलाई लागुगर्ने कुरामा राज्यमेशिनरीलाई तुरुन्तै यसलाई लागु गर्ने प्रकृयामा केहो त्यसतर्फ जानुपर्छ । अन्यथा अब हात्तिआयो हात्तिआयो फुस्सा के के होला भनेको केहिपनि नहुने अब त्यो पचास लाख या बीस लाख बोकेर संसद गाउँमा जानपनि नमिल्ने तल स्थानीय निकायलाई दिन पनि नमिल्ने त्यसको संरचना पनि नहुने त्येल्ले गर्दा यो खालको एउटा जुन परिपाटी बन्न पुग्या छ यसमा तुरुन्तै यो खालको एउटा मेकानिजम बनाएर कार्यक्रम अगाडि बढाईयोस्धन्यवाद, अभिबादन ।

**माननीय सभामुख :** माननीय श्री यज्ञबहादुर बि.सी, समय सात मिनेट ।

**माननीय सदस्य श्री यज्ञबहादुर बि.सी :** सभामुख महोदय, आर्थिक वर्ष २०७४/०७५को जुन नीति तथा कार्यक्रमको छलफल गरिरहँदा जुन यो सरकारले तेस्रो चौमासिक ०७४/०७५को जुन नीति तथा कार्यक्रम यो गरिमामय सदनमा टेबुल गर्यो र स्वागत योग्यछ र म यस नीति तथा कार्यक्रमको पुन समर्थन गर्न चाहन्छु र विशेष गरिकन सभामुख महोदयमार्फत् र सरकारलाई म ध्यानाकर्षण गराउन चाहन्छु कि पुनर्विचार गरियोस् । सभामुख महोदय आज यो मुलुकमा संघीय शासनको अबधारणा आउँदै गर्दा हाम्रा तीन वटै सरकारहरू गठन भइसकेको अवस्था छ । हामी जुन आज प्रथम रूपमा प्रदेश सरकारको नीति तथा कार्यक्रममा जनताका हक हितका कुरामा छलफल गरिरहेका छौं र यो प्रदेशलाई विकास र समृद्धि कसरी गराउन सकिन्छ भन्ने कुरालाई आत्मसाथ गरिरहेका छौं ।

सभामुख महोदय सरकारको नीति तथा कार्यक्रम एकदम सराहनीय छ तर अल्पकालिन, मध्येकालिन र दीर्घकालिन योजनाहरूका निमित्त जुन बुदाँ नं ६२ मा उल्लेख भएअनुसार बहुउद्देश्यीय जल उपयोग नीति भूमिगत र आकाशे पानी यो कर्णाली प्रदेशका जनताहरूलाई स्वस्थ खानेपानी पाँच वर्षभित्रै गराउन सक्ने जुन यो सरकारले जुन आँट लिएको छ त्यस्तै किसिमले अन्य जुन १४६ वटा बुँदा मध्येमा एउटा बुँदामा मात्रै यो सरकारले जुन आँट लियो पाँच वर्षभित्र स्वस्थ पानी खानेपानी पिउने पानी दिन सकिने जुन उल्लेख गरेको छ रअरूमा पनि अरू बुँदाहरूमा पनि जबहाम्रो बजेट भनेको त असार सम्मको मात्रै बजेट छ । अब बजेटको आधारमा गरिने हो भने नीति तथा कार्यक्रम व्यापक दशौंबिसौं वर्षको परिस्थितिमा पनि हामी समपन्न गर्न नसक्ने अवस्थामा छौं किन भने देखि यो नीति तथा कार्यक्रम यति राम्रो छ भिजन दृष्टिकोण यति राम्रो छ । यो मुलुकका यो चाँही प्रदेशका जनताहरूलाई समृद्धिशाली यो मानेमा बनाउन सकिन्छ जो कि जो उल्लेखित बुँदाहरू छ हामीले त्यसलाई लागु गर्न सकेर सफल पार्न सक्यौं भने मात्र यहाँका जनताहरूको मुहार चाँही उज्यालो हुने कुरा यो सम्मानीत सदनमा व्यक्त गर्न चाहन्छु । होइन भने किताबको माछा देखाएको जस्तै हुने कुरा पनि सभामुख महोदयमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छुर यसै गरी बुँदागत, बुँदा नं ६६ मा उल्लेख गरिएको छ कि स्थानीय तहमाका सबै तहमा एउटा चाँही माध्यामिक प्राविधिक शिक्षा र पूर्वव्यवसायिक शिक्षाको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने कुरा आएको छ र सभामुख महोदय, कि शिक्षाको स्तर वृद्धि गर्नका लागि सबैभन्दा जग प्राथमिक शिक्षा अथवा अहिले गएर जो हामीले आठ कलास सम्म आधारभुत शिक्षा भनेर भन्ने कुरा जो लागु भएको छ । अब त्यो प्राविधिक शिक्षा स्थानीय तहको प्राथमिक शिक्षालाई प्राविधिक शिक्षा जुन माध्यमिक स्कुललाई यो चाँही प्राविधिक शिक्षा र व्यवसायिक शिक्षा लागु गर्ने सवालमा कि त्यो आधारभुत शिक्षालाई स्तरिय शिक्षा दिनका लागि यो सरकारको सभामुख महोदयमार्फत् ध्यानाकर्षण गराउन चाहन्छुर सभामुख महोदय अब चाँही बुँदा नं. बुँदा नं. ६८ मा स्वास्थ्य सुविधाका कुराहरू छ स्वास्थ्य सुविधा कर्णाली प्रदेशका सम्पूर्ण जनताहरूलाई स्वास्थ्य सुविधा दिनका लागि र तत्कालका निमित्त म सभामुख महोदयमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु यो हाम्रो चाँही नीति तथा कार्यक्रम यो असार सम्म मात्रै भएका कारण आज हाम्रा कतिपय स्वास्थ्य चौकीहरू र अस्पतालहरूमा औषधी नभएर कर्णाली प्रदेशका जनताहरू छटपटाई रहेको अवस्था छ र औषधीको व्यवस्थाका निमित्त पुनर बिचार गरियोस् भन्नेकुरा म राख्न चाहन्छु ।

यसै गरेर ९९ नम्बर बुँदामा उल्लेख भएअनुसार कर्णाली प्रदेशको कम्तीमा एक स्थानीय तहमा एक बैकं अथवा वित्तीय संस्था भन्ने उल्लेख गरिएको छ सभामुख महोदय तत्कालका लागि द्वन्द्वकालमा विस्थापित भएका राष्ट्रिय वाणिज्य बैंकका ब्रान्चहरू, शाखाहरू विस्थापित भएका छन् र आर्थिक कारोवारको निमित्त आज कर्णाली प्रदेशका सारा दाजुभाई दिदिबहिनीहरू सदरमुकाम धाउनु पर्ने अवस्था आएको छ र यो हाम्रो जुन असार सम्मको मात्रै जुन नीति तथा कार्यक्रम भएका कारणले यो असार सम्म संघीय सरकारसँग समन्वय गरी तत्काल विस्थापित बैंकहरूलाई शाखा बैंकहरूलाई स्थापित गर्नका निमित्त म सभामुख महोदयमार्फत् प्रदेश सरकरको ध्यानाकर्षण गराउन चाहन्छुर यसै गरी बुँदा नं. १४४ मा कर्णाली प्रदेशका बाढी पीडितहरूलाई सभामुख महोदय व्यवस्थापन र राहतका कुराहरू उल्लेख भएका छन् तर यो राहत उल्लेख भएको छ तर कहिले हो त्यो राहत कति वर्षमा व्यवस्थापन गर्ने हो । कति महिनामा गर्ने हो । त्यसकारण म सभामुख महोदयमार्फत् व्यवस्थापन गर्न केहि समय लागेपनि यो तेस्रो चौमासिक असारभित्र र तिनी बाढीपीडित कर्णाली प्रदेशका बाढीपीडित जनताहरूलाई राहतको व्यवस्थाको निमित्त पुनर्विचार गरियोस् भन्ने माग राख्न चाहन्छुहवस तधन्यवाद, जय नेपाल ।

**माननीय सभामुख :** माननीय श्री कौशिलावती खत्री, समय सात मिनेट ।

**माननीय सदस्य श्री कौशिलावती खत्री :** सभामुख महोदय, हिजो मात्रै माननीय प्रदेश प्रमुखबाट प्रस्तुत भएको कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा छलफल गर्ने क्रममा छौं हामी । छलफल यो नीति तथा कार्यक्रममा छलफल गरिराख्दा सबै मलाई के अनुभूति भएको छ भने सबै माननीयहरूले यो नीति तथा कार्यक्रम स्वागत योग्य भएको महसुस गर्नुभएको छ । म पनि मेरो तर्फबाट पनि यो नीति तथा कार्यक्रम स्वागत योग्य छ र म यसलाई सकारात्मक रूपमा लिन चाहन्छु । माननीय सभामुखज्यू हामी भौतिक पूर्वाधार विकास मात्रै चाहाँदैनौ । सामाजिक विकासमा रुपान्तरण पनि चाहाँन्छौ । समाजिक विकासको रुपान्तरण गर्ने क्रमपछि परियो भने भौतिक पूर्वाधारले मात्रै हाम्रो अथवा यो प्रदेशको समृद्धि सम्भावना छैन । त्यसैले हाम्रा पछाडि पारिएका वर्गहरू महिला, दलितहरूका केहि आवाजहरू केहि मागहरू यस्ता हाम्रा कर्णाली प्रदेशको सरकारको नीति तथा कार्यक्रमा आउँनु पर्छ । यद्यपी यहाँ आएको त छ विशेष कार्यक्रम ल्याईने छ भनिएको छ । विशेष कार्यक्रम भनेको के हो । त्यो ठोस रूपमा हुनु पर्छ भन्ने मेरो सुझाव छ । माननीय सभामुखज्यू हुनत असाध्यै राम्रो छ यो नीति तथा कार्यक्रम त्यसैमा पनि केहि यी शब्द यी कुराहरू समेटिएको भए झन राम्रो हुने थियो भने भन्ने मेरो सुझाव छ ।

कर्णाली प्रदेश सरकारलाई मेरा रचनात्मक सुझावहरूलाई प्रस्तुत गर्ने अनुमति माग्दछु । कार्यक्रम कामको बोझले गर्दा यहाँ घरेलु हिंसाको चरम उत्पीडनमा परेका कर्णाली प्रदेशका महिलाहरूको लागि यो पाठेघर झर्ने रोग भनेको चरम दुख दिने रोग र असी प्रतिसत महिलाहरूमा चरम गरेर असी प्रतिशत कर्णाली प्रदेशका महिलाहरूमा भएको रोग हो । यो भयानक रोग हो महिलाहरूको लागि भन्ने लिनु पर्दछ र यो रोग नियन्त्रणको लागि र यसलाई यसलाई चरण चरणमा रोकथामको लागि र भइसकेपछि क्यान्सरबाट बच्न क्यान्सर जस्तो भयानक रोगबाट बच्नको लागि अप्रेसन क्याम्पहरू खडा गर्ने भन्ने यो कर्णाली प्रदेशको सरकारको नीति तथा कार्यक्रममै पर्नु पर्छ हेर्दा सहज लागेता पनि महिलाहरूले मर्न प्राण त्याग्ने यसको विषयमा आफूलाई, आफूलाई हिनता बोध भएको सम्झने एउटा यो महान डरलाग्दो रोग हो महिलाहरूको । दोस्रो तिम्रात भया र खाया हाम्रा त मालै नाई भन्याजस्तो यो सरकारले कुनै पनि ठाँउको जनताको प्रत्याभुति नहोस् कुनै पनि जनताका प्रत्याभुति नहोस् त्यो त आँखी मलाई त भएको छैन नहोस् भन्ने अनुभूति चाहन्छु । यस्तै जाजरकोटी जनतालाई पनि नहोस् भन्ने म चाहन्छु । कर्णाली प्रदेशमा पाईने विशेष गरी जाजरकोटमा पाईने काइनाइक तुर्नालियम , रेडियम जस्ता यो प्रदेशको समृद्धिलाई एक पाइला एक ओखट्टो अघि धकेल्ने समृद्धिको लागि यो पत्थर यति महङ्गो पत्थरको विषयमा कुनै पनि ठाउँमा कर्णाली प्रदेशको सरकारको सम्बोधन भएको छैन । यसको खोजतलास निकासी पैठारी अनियमिततालाई रोकी यसका यसलाई संरक्षण सम्वर्द्धन र प्रसोधनको लागि कर्णाली प्रदेशका सरकारको ठोस नीति र कार्यक्रम आओस् यसमा म विशेष अनुरोध गर्न चाहन्छु र म रचनात्मक सुझाव दिन चाहन्छु । त्यो नीति र कार्यक्रममा समावेश गर्नको लागि अर्को अघिनै भनिसके मैले नीति र कार्यक्रममा पछि पारिएका वर्गको लागि पनि हाम्रो सरकार छ है भन्ने महसुस हुनको लागि केहि त केहि कार्यक्रम त राखिएको छ तैपनि बालविवाह जस्तो चरम उत्कर्षमा रहेको हाम्रो प्रदेशलाई कहिले सम्म र कसरी बालविवाह मुक्त बनाउने भन्ने यो कतै उल्लेख छैन । बालविवाह मुक्त प्रदेश बनाउनको लागि प्रदेश सरकारले नीति ल्याओस् । अर्को हाम्रा परम्परागत रूपमा रहेको सिप गर्ने पेशा गर्ने समुह जस्तै गाईन, सार्कि, दमाई, बादी, आरन गर्नेहरूको पेसालाई कतै पनि सम्बोधन गरिएको छैन । यीनीहरूलाई उच्च सम्मान गर्दै प्रोत्साहन, प्रवर्द्धनर स्तर उन्नती गर्ने मा यो कर्णाली प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रम ल्याओस् । केहि खानीहरूको उत्खनन प्रसोधनको कुरा ल्याईएको छ तर पनि फलाम खानी, तामा खानी पत्ता नलागेको ठाँउमा सम्भाव्यता अध्ययन गर्ने र पत्ता लागिसकेका ठाउँमा जस्तै जाजरकोटको बारेकोटमा रहेको फलाम

खानीलाई तत्काल रूपमा त्यसलाई प्रशोधन गर्ने र त्यो वस्ती व्यवस्थापन गरेर प्रशोधन गर्ने र त्यसलाई एउटा उद्योग स्थापना गर्नको लागि प्रदेश सरकारको नीति तथा कार्यक्रम आओस् यसले प्रदेशको समृद्धिलाई अघि बढाउन मदत पुग्दछ । सबै हुनत यहाँ जलविद्युतको लागि यसो गरिने छ भन्ने नीति आएको छ तैपनि केहि योजनाहरू केहि जलविद्युत आयोजनाहरू किटेरै नामलेख्दा मलाई पनि हाम्रो छेडागाडको छेडागाडमा जाजरकोटको जलविद्युत जाईकाले सर्वेक्षण गरिसकेको र १४० मेगावाटको त्यो जलविद्युतको यो जलविद्युत आयोजनालाई पनि प्रदेश सरकारको नीति र कार्यक्रममा समावेश गरेर निर्माण गर्ने कहाँबाट हो यहाँबाट हो कि केन्द्रीय सरकारले होकि नीति र कार्यक्रममा आयो भने यो प्रदेशलाई समृद्धिको आधार बनाउन सकिनेछ । बजेट अहिले त हामी नीति र कार्यक्रममा छलफल गरिरहेका छौं । नीति र कार्यक्रम धेरै स्वागत योग्य छ ।

म सत्तापक्षको माननीय सदस्य भएको हुनाले म यसलाई आत्मैसाथ समर्थन गर्दछु र बजेट कार्यान्वयन गर्ने विधि बजेट कार्यान्वयन गर्ने विधि स्पष्ट रूपमा के हो त्यो कार्यान्वयन गर्दा प्रत्यक्ष रूपमा हामी जनताका प्रतिनिधि हौं । हामीले पनि हाम्रो निर्वाचन क्षेत्रमा केहि वचन वद्धत्ता दिएर आएका छौं रकेन्द्रीय सरकारले आफ्ना कामहरू गर्ने स्थानीय तहका सरकारले आफ्नो कामहरू गर्ने हामी बीचैमा तालिमात्र बजाउने गएर हेर्ने मात्र वातावरण नबनोस् र स्थानीय सरकारमा प्रत्यक्ष अनुदान दिनेभन्दा पनि हाम्रो हाम्रो हामी सम्बन्धित निर्वाचन क्षेत्रका माननीयहरूको अनुगमनमा अनुगमन विशेष टोली बनाएर हामीले पसिन अपनत्व लिने गरी बजेटको कार्यान्वयन होस् । भन्दै फेरि पनि म जाजरकोटी जनताले त्यो प्रत्याभुति नगरुनकि तिम्राले त भएर खाए हाम्रात होइनन् भन्ने प्रताभित नगरुन म यो हाम्रो सरकार हो भन्ने जाजरकोटी जनताले प्रत्याभुति गरुन भन्दै म बिदा हुन्छु हवस तधन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री गणेशप्रसाद सिंह, समय सात मिनेट ।

**माननीय सदस्य श्री गणेशप्रसाद सिंह :** माननीय सभामुखज्यू, मन्त्री माननीय सांसदज्यूहरू । अब यो गरिमामय सदनमा आ.व. २०७४/०७५को आ.व. २०७४/०७५को नीति तथा कार्यक्रम आएको छ । कार्यक्रम उपर मेरो आफ्नो व्यत्तिगत धारणा केहि राख्ने अवसर दिनु भएकोमा सभामुखज्यूलाई आभार सहित धन्यवाद प्रकट गर्दछु र यो नीति तथा कार्यक्रम त्रैमासिक नीति तथा कार्यक्रमकोरूपमा मैले बुझेको छु । तीन महिने कार्यक्रम यसलाई यो  पुरक कार्यक्रम हो भन्ने हिसाबले मैले बुझेको छु । यो तत्कालिन र अल्पकालिन र दिर्घकालिन यसले महत्त्व बोकेर यो नीति कार्यक्रम प्रस्तुत भएको छ र यसलाई मैले असार १ गते आ.व. ०७५/०७६को प्रस्तुत हुने नीति कार्यक्रम जोडेर मैले त्यहाँ यसको सार्थकता पूर्णता मैले त्यहाँ प्राप्त गर्नेछु र यो धेरै महत्त्वपूर्ण धेरै सान्दर्भिक यो नीति कार्यक्रम छ र अब फेरि पनी यस्तो अवस्थामा अब नियम कानूनको संक्रमण आर्थिकको संक्रमण बजेटको संक्रमण भनौं न अब त्यसपछि गएर यो समयको संक्रमण यो धेरै संक्रमणको एउटा व्यवस्थाबाट सरकारले ल्याओ नीति कार्यक्रम धेरै महत्त्वपूर्ण धेरै सान्दर्भिक र यो पहिलो पटक नीति कार्यक्रम प्रस्तुत भएकोमा प्रदेश सरकारको तर्फबाट यो धेरै अब जनताको निमित्त हामी सबैका निमित्त यो प्रदेशको निमित्त यो ऐतिहासिक महत्त्वको छ । यसलाई सफल पार्नको निमित्त मेरो आफ्नो तर्फबाट भूमिकामा कहि कमि रहने छैन । मेरो एउटा कमिटमेण्ट हो र त्यस किसिमका सफल पार्नको लागि अब यो कतिपय कुरा बजेटबाट व्यक्त हुनेहोला तत्कालिन कार्ययोजना कार्यक्रम पूरा गर्नको लागि यो नीति कार्यक्रम पूरा गर्नको लागि त्यसमा समयको प्रेसर पनि होला ।

त्यसमा यो काम गर्ने कार्यान्वयन गर्ने मेकानिजमको कुरा पनि होला । त्यो ऐन, नियम र कार्यविधिले यसलाई सफलपार्नका निमित्त यो मतलव अब ठोस हुनेछ भन्नेकुरामा मैले यसो बुझेको छु र अब यसका दुईचारवटा कुराहरू म सुझाव दिन चाहन्छु । यसलाई समृद्ध बनाउनको निमित्त । यो नीति तथा कार्यक्रमलाई पहिचानमुखी सम्भाव्यतामुखी र सर्वेक्षणमुखी बनाउनु पर्छ । किनकी यो आ.व. २०७५/०७६ मा यसले पूरा गर्न सक्छ । दिर्घकालिन महत्त्वका राष्ट्रिय गौरवका केन्द्रीय मतलव बजेटको भोलुम बोकेका महत्त्वका नीति कार्यक्रमहरू यहाँ आएको छ र तत्कालिन सानासाना मतलव, बजेटले सानो सानो परियोजनाले पनि पूरा हुने खालको नीति कार्यक्रम आएको छ । त्यसो भएको हुनाले यो कार्यक्रमलाई समृद्ध गर्नका निमित्त तत्काल समयले पनि साथ दिदैंन । कतिपय संवैधानिक आयोगहरूपूरा गर्नुपर्ने हुन्छ होला । यो सबै हिसाबले अब यो आ.व. २०७५/०७६ मा पूरा हुने योजनाहरू छन् र यो महत्त्वपूर्ण दुर्गामी महत्त्व राख्ने नीति कार्यक्रम छ । त्यसो हुँदाखेरि यसमा दुई तीन वटा कुराहरूयसलाई सर्भेमुखी, सम्भाव्यतामुखी र पहिचानमुखी नै बनाउनु पर्छ । यो बजेटले भोलि हुने तत्कालिन कार्यक्रमले पनि यतै तिर हाम्रा सकयसले पनि यतैतिर लिन्छ जस्तो लाग्छ । यसको चाइने लोड भार र यसले गर्ने कामको मतलव चाइने जिम्मेवारीको हिसाबले पनि हामीसँग टाईम प्रेसर छ । अबमैले दुई तिन वटा कुरामा संघसस्थाहरू के विषय एउटा आएको छ त्यहाँ बुँदा त्यसमा चाँही एकद्वार प्रणालीलेखिदाँ राम्रो हुन्छ हइ । परिचालनको कुरा मात्रै छ । अब एकद्वार प्रणालीभन्दा राम्रो होला किनकी युनिफाईड गर्नुपर्छ । विकेन्द्रीत अवस्थामा छ ।

अरू कुरा भूमि व्यवस्थापनमा भूमि भन्ने आयो सुकुम्वासी भन्ने आएन र सुकुमवासी भन्नेकुरा आउँनु पर्छ । किनभने यो धेरै दिर्घकालिन पहिले पुर्याउनु समस्या हो र नयाँ पनि थपिएर आएको छ । सर्वेक्षण र सम्भाव्यताको कुरा हुन्छ यसको म्यानेजिङको कुरा हो । यसकारण सुकुम्वासी भन्ने शब्द राख्नु पर्छ । छानविनको कुरा अब अर्कोकुरा शिक्षामा माध्यमिक शिक्षा निशुल्क भनिराखेकै छ यो हो पनि फेरि प्रदेश सरकारको नीति पनि बन्ला हैन अब यो व्यवसायिक शिक्षा अनिवार्य राख्नु पर्छ । हामी अर्गानीक प्रदेशका हामी जनप्रतिनिधिहरू हौं । अर्गानीक प्रदेशमा कसरी एकेडेमिक र कम्पलसरी मतलव कमन शिक्षा हुन सक्छ आई डन्ट नो आई नट एग्रि । त्यसकारण कम्पोलसरी भोकासवलेशन हुनु पर्छ । यो सरकारको नीति कार्यक्रममा आउँदा राम्रो होला हई । किनकि हामीलाई टक्राउछ कहाँभन्दा खेरि कारण र परिणाम परिणाम भनेको चेतना हो परिणाम भनेको आउटपुट निकाल्ने हो । चेतना हाम्रो मतलब अब यो हाम्रो जेकुरा मतलव यो हाम्रो प्रदेश सरकारले अर्गानीक प्रदेश भनेर जहाँ पईन्टेट गर्न खोज्याछ । जहाँ टार्गेट बनाउन खोज्याछ टार्गेटको कार्यक्रमिक हिसाबले चेतना हुन आवश्यक हुन्छ । चेतना भएन भने कसरी कार्यक्रम लन्च हुन्छ । यो कुरामा सम्बोधन गर्दा राम्रो होला हई । अब अनि अब शिक्षाको विषयमा अब अर्को राजश्वको कुरा आयो । फाईनान्सीयल कुरा यो एक वर्ष तल गाउँपालिका, नगरपालिकामा पनि थुप्रै चाहिने जनताहरू कराई रहेको देखिन्छ । थपघट गर्ने कुरा राख्नुपर्छ । राजश्व कुरा त आएको छ । थप पनि गर्न सकिने घट पनि गर्न सकिने, घटाउँन पनि सकिने । कटौती गर्न सकिने पनि त्यो हुनुपर्छ नीति कार्यक्रम यो बनाउनु पर्छ । किनभने तल त्यो जनताको पर क्यापिटा इन्कम प्रतिव्यक्ति त्यसको आधारमा चाइने कर निर्धारण गर्दा त्यो एउटा चाहिने मतलव के भन्छ पोलिसीमा हामीले छिराउने हो । छिनुपर्छ जस्तो लाग्छ है । लामो समय प्रतिनिधि विहिन भएको अवस्थामा राज्य चल्यो र त्यो अहिले एउटा सिस्टममा चल्ने बेला एकैचोटी ओभर लोड जस्तो तल आईराख्छ क्या तल । त्यसो हुँदा त्यसलाई कहिले काँही घटाउने कुरा थप्ने कुरा र कर संकलनको नीतिमा त्यो राख्दा राम्रो होला यी चारपाँच वटा कुराले यो नीति कार्यक्रम पहिचानमुखी, सम्भाव्यतामुखी, सर्वेक्षणमुखी र यो भावी नीति तथा कार्यक्रमको निमित्त यो

पुरक चाईने नीति तथा कार्यक्रमको रूपमा बनाउँनु पर्छ समृद्ध गर्नुपर्छ र यो राम्रो छ । सरकारले जे ल्यायो यसलाई सफल गर्नका निमित्त हामी सबैको एकरूपतामा सत्तापक्ष प्रतिपक्ष माननीय सांसदहरूले अब जसरी चाईने एउटा भार बिनिराखु भएको छ एकतावद्ध भएर यसलाई कार्यान्वयन गर्नु पर्छ । स्थापित गर्नुपर्छ यसलाई चाईने मतलव दिर्ढतापूर्वक तल लिएर जानु पर्छ । आउने चुनौतीलाई सामना गर्नु पर्छ र यो नीति तथा कार्यक्रमलाई अब कार्यान्वयन गर्नका निमित्त कार्यविधि तत्काल ऐन बनाएर जानुपर्छ । हामीसँग टाईम छैन, समय छैन थोरै बजेट भएपनि ऐतिहासिक नीति तथा कार्यक्रम ल्याएको यो कार्यक्रम हो र यसलाई सफल पार्नका निमित्त म आफ्नो तर्फबाट मेरो भूमिका खेल्ने कुरामा पुन प्रतिबद्धता जाहेर गर्दै म बिदा हुन्छु हवस त नमस्कार ।

**माननीय सभामुख :** माननीय श्री अमृता शाही, समय सात मिनेट ।

**माननीय सदस्य श्री अमृता शाही :** सभामुख महोदय, आज यस कर्णाली प्रदेश प्रमुख माननीय बैठकमा आर्थिक विधेयको बारेमा छलफल हुँदै गर्दा आज हाम्रो प्रजातन्त्र अथवा १९ दिने जन आन्दोलनको आज जन आन्दोलन दिवस भनेर स्थापना भएको दिनको सम्झना गर्दै १९ दिने जनआन्दोलनमा सहिद हुनुभएका सम्पूर्ण सहिदहरूलाई मेरो सम्मान छ र यो प्रजातन्त्र आयो हामी आज यहाँ सम्म आयौं प्रजातन्त्रमा जतिजनासहित हुनुभयो उहाँहरूकै यो आज यहाँ हामी सबै बसेर छलफल गर्न पाएका छौं । त्यसै कारणलेगर्दा आज यो दिवशको सम्पूर्ण देशबासी र कर्णाली प्रदेशका सम्पूर्ण जनतालाई यो प्रजातन्त्र दिवसले हाम्रो हामी सबै कर्णाली प्रदेश लगायत देशबासीलाई एकदम सुख देओस् र शुभकामना व्यक्त गर्छु । यो आर्थिक विधेयक नराम्रो र एकदमै नराम्रो त भन्न मिल्दैन तर यसमा हामीले हिजो अलिकति विकासको बारेमालेखेर अस्ती दिएको थियौं त्यो हिजो छानविन हुँदै गर्दा थोरै मात्र समय छ थोरैको लागि एउटा दुईवटा योजनाहरू मात्रै छानिम त्यस्तै यसमा चार महिनाको समय छ भनेपछि हाम्रो यो चार पाँच वर्ष हुन्छकि बीस वर्ष गरिकन यो बनाउनु भएको छ । यसको लागि प्रष्टहुन अनुरोध गर्छु म । प्रष्टपार्न हजुरहरूले ।

यसमा केरे यो विश्वविद्यालयको बारेमा कर्णाली प्रदेशले मात्रै कर्णाली यो विश्वविद्यालय र कर्णाली प्राविधिक प्राविधिकालय यो शिक्षालय यो हाम्रो प्रदेशको लागि मात्रै हो कि केन्द्र सरकारले पनि त्यसमा केरे सहयोग गर्ने हो त्यसमा प्रष्टहुन अनुराध गर्दछु किनकि हाम्रो यो विश्वविद्यालय र यो कर्णाली प्राविधिकालय यसमा अन्तराष्ट्र समरि जाने र यो हाम्रो चिनारी जस्तै बनाउने हाम्रो सरकारले सोच राखोस् भन्ने चाहन्छुर यसमा सबै माननीयज्यूहरूले राम्रो छ जनताको हितको लागि हो हो जनताको हितको लागि हो हामी जनताको कै हितको लागि यहाँ आएर सबैले बोली राखेका छौं तर बाटोको सुविधा नभएको ठाँउ अवश्य हुनुपर्छ । बाटोको सुविधा भएको ठाँउ त्यसको आवश्यक छैन तर बाटोमात्रै भएर केगर्ने त्यहाँको जनताले हिजो पूर्वाधार मन्त्रीले भन्नु भएको थियो डोजरले र जिसिभिले मात्र बाटो खनेर हुन्न त्यहाँको जनताको लागि रोजीरोटी हो । यो चाँही अवश्य गर्नपर्छ । हामीले हाम्रो जनताले गास बास पाको छैनन् । किनकि तिनीहरू एकदमै पिल्सी रहेका छन् । कसरी आफ्नो गास जुटाउने बास जुटाउने यो कुरो चाँही एकदमै राम्रो छ यसलाई लागु गर्नु पर्छ सरकारले सभामुखज्यू । एउटा कुरो अर्को छ हाम्रो महिलाको बारेमा थोरै मात्रै सशक्तिकरण भनिएको छ । यसमा यस्तो सशक्तिकरण भन्नेकुरा चाँही पहिले देखि पनि आईराखेको थियो तर महिलाहरूलाई घरेलु हिंसाबाट पनि कहिले घरेलु हिंसाले पनि कहिलै नछोड्ने बाल विवाह हुनपनि कहिलै छोडेन । यो प्रदेश सरकारले चाई एकदम कस्तो खालको कानून ल्याउनु पर्छ कडा कानून ल्याउनेकि अथवा महिलाको हितको लागि कस्तो खालको तपाईंहरूको एउटा कानून बनाउने अथवा के

गराउने त्यो चाँही यो प्रदेश सरकारले सोध्नु पर्छ । हाम्रो प्रदेशमा हामीले आफ्नोअनुसार को आफूले आफ्नो गाउँघरमा कस्तो खालको बुझिन्छ त्यस्तै खालको कानून ल्याएर हाम्रो दिदि बहिनी अथवा साना चेलीबेटिको विवाह हुने अगवा विवाह र अहिले भन्नै पनि नराम्रो शब्द एकदम बलातकृत हुँदै साना बच्चाहरूलाई बच्चिहरूलाई एकदमै नराम्रोकोहिले हत्या पनि गरिसकेका छन् यसको लागि सरकारले के कस्तो कानून ल्याउँछ यसमा पनि प्रष्ट पारिलेखु पऱ्यो । त्यो महिला सशक्तिकरण कार्यक्रम भनेर त्यो चाँही खुलेको छैन हामीलाई खुलाएर प्रष्ट पार्नुपऱ्यो भन्ने सरकारसमक्ष राख्न चाहन्छु ।

अर्को यो बाढी पीडितको कुरा पनि आयो विमानस्थलको कुरा पनि आयो बाढी पीडितलाई चाँही अहिले जग्गा धेरै पनि चाहिया छैन किनकी त्रिपालको छानो छ उनीहरूसित त्यो त्रिपालको छानो वर्षामा चुहिन्छ । त्यसको लागि चाँहि अब त्रिपालको होइन अब पक्का छानो पानी नचुहिने छानो चाँही हाम्रो प्रदेश सरकारले गराउन मिल्छ भनेपछि तुरुन्तै गराईयोश । त्यो किनकी उनीहरू सधैभरी हिंउदमा पनि शित चुहिएर पीडित छन् । वर्षामा पानी चुहिएर पीडित छन् । उनीहरूलाई त्यो व्यवस्था गर्नु पऱ्यो । गर्नु पऱ्यो जस्तै विमान स्थलको कुरा आयो हाम्रो रामघाटको मदाने चौर भन्ने ठाउँमा हो । अब त्यो विमानस्थल अन्तराष्टिय हुन्छ कि अब राष्ट्रकै हुन्छ कि त्यो चाँही सरकारले त्यसलाई कसरी कार्यान्वयन गर्ने त्यो अब सरकारको सरकारले विमानस्थलको कुरा पनि छ यो कुरा चाँही सरकारले कसरी कार्यान्वयन गर्ने त्यो कुरा बाहिर जनताकोसमक्ष सरकारले तोकि दिनुपऱ्यो त्यो ठाँउ । अनि सबैलाई अथवा सरकारलाई पनि सजिलो होला अरू हाम्रो जनताहरूलाई पनि सजिलो होला सरकारले त्यो कुरा चाँही तोक्दिनु पऱ्यो । अन्तर्राष्ट्रिय विमानस्थल त्यो पहिलै तोकेको ठाँउ हुन्छकि अथवा कसन ठाँउ हुन्छ । त्यो ठाँउ चाँही तोक्दिनु पर्छ भन्ने मेरो मान्यता हो सरकारले पनि गऱ्यो भन्ने सभामुख महोदयसमक्ष राख्छु र सरकारले द्वन्द्वपीडितको बारेमा पनि कुरा निस्केको छ । त्यो द्वन्द्वपीडितको कुरा अहिले सम्म पनि कति सरकार आए कति के भए द्वन्द्व पीडितले अलिअलि पैसाको चारो मात्रै हालेर द्वन्द्वपीडितलाई केरे अलिकति आँखामा छारो हाल्ने व्यवस्था भएको छ तर यो कर्णाली प्रदेशको सरकारले त्यो द्वन्द्वपीडितको त्यो सत्यनिरूपण मेलमिलाप आयोग बनेको छ त्यसको म्यात थप्ने मात्रै समय केरे म्यात थप्ने मात्रै काम छ । काम भईराखेको छ । त्योद्वन्द्वपीडितहरूले आफ्नो न्याय पाएको छैनन् । यो सरकारले गर्नुपर्छ । त्यहाँद्वन्द्वपीडितहरूको घाउमा मलम लगाउनु पर्छ भन्ने मैले एकदमै जोडदार माग गर्छु र द्वन्द्व पीडितहरूलाई कसरी हुन्छ परिपूर्ण गरेर हुन्छकि कसरी उनिहरूले न्याए कसरी पाउनेछन् । यो बारेमा सरकारले सोचोस् भन्ने मेरो राय राख्दै मेरो यो छोटो भनाइ यहि अन्त गर्छु हवस तधन्यवाद जय नेपाल ।

**माननीय सभामुख :** माननीय श्री देवी ओली, समय सात मिनेट ।

**माननीय सदस्य श्री देवी ओली :** सभामुख महोदय, प्रदेश सरकारको तर्फबाट प्रस्तुत नीति तथा कार्यक्रममा जुन छलफलको क्रममा छौं हामी । सर्वप्रथम म यो छोटो समयमा छोटो समयको कार्यान्वयनको निम्ति जुन खालको नीति कार्यक्रम सरकारले ल्याएको छ । यो कार्यक्रमलाई हार्दिक स्वागत गर्दै हार्दिक धन्यवाद दिन चाहन्छुर कार्यक्रम कार्यान्वयनका लागि सफलता मिलोस् त्यसमा हाम्रो पूर्ण सहयोग रहने छ । यो पनि म शुभकामना दिन चाहन्छु । कार्यक्रम ल्याउनु मात्र ठूलो कुरा छैन । कार्यान्वयनको पाटो धेरै महत्त्वपूर्ण हुने गर्दछ । सभामुख महोदय यो नीति कार्यक्रममा विभिन्न खालका विचारहरू यहाँ व्यक्त भएका छन् । कतिपयले धरै लामो भयो भन्ने पनि आएको छ । ठूलो भयो भन्ने पनि आएको छ । मलाई लाग्दछ उज्यालोको संकेत बिहानीले गर्दछ भने जस्तै हाम्रो पाँच वर्षे कार्यकाल सफलतापूर्वक सम्पादन गर्नको निम्ति यो तीन महिने कार्यक्रमले पनि केहि संकेतहरू दिन्छ । जस्तो लाग्छ त्यसकारण

यो कार्यक्रम नीति कार्यक्रम आफैंमा एउटा पाँच वर्षे कार्यकालको निम्त्री पहिलो खुड्कीला हो जस्तो मलाई लाग्छ त्यसकारण यसका अत्यन्तै महत्त्वपूर्ण कार्यक्रमहरू आएका छन् । तेति हुँदा हुँदै यद्यपी केहि समेट्नु पर्ने क्षेत्र समुदाय दुर्गम गाउँ बस्तीहरू का भावनाहरू समेटिन नसकेका कुराहरू पनि हामीले महसुस गरेका छौं । त्यसकारण मैले आफूलाई लागेका यो नीति कार्यक्रममा परिमार्जन गर्न सक्ने र थप्न सक्ने अवस्थामा केहि सुधारिएर आउने अवस्थामा आफ्ना भनाइहरू राख्न चाहन्छु । अवश्य पनि हाम्रो कर्णाली प्रदेश अहिले सम्म हामीले एउटा सामाजिक विकृति विसंगति सामाजिक कुरितिमा गाँजिएर यहाँका एउटा लैङ्गिक हिंसामा बाच्न बाध्य भएका नागरिकहरूको यो प्रदेश भएको हुनाले र त्यसको सँगसगै यहाँका आधाभन्दा बढी जनसंख्या महिलाहरूको छ । महिला हिंसाको कुरा गर्दाखेरि बालविवाह, बहुविवाहर घरेलु हिंसा यस्ता कुराहरूले अत्यन्तै वरवर अवस्थामा बाच्नु पर्ने अवस्था छ । त्यसकारण बहुविवाह अन्त्यको निम्ति बालविवाह न्यूनीकरणको निम्ति घरेलु हिंसा अन्त्यको निम्ति हामीले के कार्यक्रमहरू ल्याउन सक्छौं यो कुराहरू समेटिनु पर्छ भन्ने मलाई लागिरहेको छ । आज जसरी यो हामीले यो कार्यक्रम ठूलो भयो धेरै भयो भनिरहँदाखेरि प्राथमिकता पनि निर्धारण गरिनुपर्छ । आज यो प्रदेशमा हामीले जस्तो मित्र राष्ट्रसँग हाम्रो नाका जोडिएको छैन भन्नेकुरा सबैलाई व्यापक रूपमा यो अनुभूति भएको कुरा हो त्यसकारण पहिलो प्राथमिकता चाँही हामीले हाम्रो नाका खोल्ने कुरा नै प्राथमिकता हुन्छ भन्ने होला त्यहाँका नागरिकहरूले अझै अहिले हामीले नेतृत्व गरिरहँदा खेरिको सरकारले पनि त्यो दुर्गम बस्तीबाट आएर यहाँ सरकाकरको ध्यानाकर्षण गर्नु पर्ने झोलामा खाजा बोकेर आएर सरकारलाई डेलिगेशन गर्नु पर्ने यो अवस्था होइन त्यो अवस्था सिर्जना नगरौं भन्ने पनि मैले सुझाव दिन चाहन्छु मैले अनौपचारिक रूपमा पनि भनेको छु कि अहिले हामीलेतीन वटा जस्तो साविकको कर्णालीका तीन वटा नाकाहरूलाई नै प्राथमिकता दिएर काम गर्ने हो भनेपनि यो एउटा प्रतिबद्धता चाहेर गरौं भन्ने पनि मेरो सुझाव छ । त्यसकारण त्यसको सँगसँगै अब यो कार्यक्रम चाँही समावेशी चरित्रको हुनुपर्दछ ।

जसरी हेर्दा सानो देखिन्छ तर तेले धेरै प्रभाव पारेको हुन्छ । आज जुन ठाँउबाट विशेष गरेर बढी चाप प्रत्यक्ष निर्वाचित माननीयज्यूहरूलाई नै छ । यहाँ घुमाउरो ढङ्गले बजेटले प्रत्यक्ष निर्वाचन क्षेत्रलाई मात्रै सम्बोधन गर्ने आभाषहरू हामीले पाईरहेका छौं । त्यसकारण कुनै पनि ठाउँमा एउटाको पक्षमा काम गरिहँदा खेरि अर्को पक्षलाई मर्का परेको त्यस्तो एउटा आफूले आत्म हिनतावोध गर्ने अवस्थाको सिर्जना नहोस् । यो कुरामा सरकारले विशेष गरेर गम्भिरता पूर्वक ध्यान दिनुपर्छ भन्ने मलाई लागिरहेको छ । आज हामी ४० जना जो यहाँ प्रदेश सभामा उपस्थित छौं । अहिले सम्मको गतिविधि अहिले सम्मको भूमिका हेर्दाखेरि कता कता प्रत्यक्ष र समानुपातिक भनेर हामीभित्रै विभेद सिर्जना भएको हामीले अनुभूति गरिरहेका छौं । त्यसकारण यो हामी यो विभेदबाट जुन सताइएका हुन्छौं हाम्रो मानसिकताले त्यहाँको जनताको एउटा समताको निम्ति कसरी काम गर्न सक्छ । अवश्य पनि हाँस र कुकुरलाई एउटै भाँडोमा खाना राख्दियौं भने हाँसले खानसक्छ अथवा हाँसले चारो खाने भाँडोमा कुकुरले खानाखान सक्छर ? त्यसकारणले यो प्रदेशमा जुन खालका आज खुट्टामा जुत्ता लगाउन नपाएका जनताहरूको पक्षमा कार्यक्रम ल्याउनको निम्ति कुनै अलिकति सुविधा अलिकति बाटो ट्याका ओपन भएका जनताहरूको मन कुडाउनु पर्ने अवस्थाको पनि सरकारले महसुस गर्नु पर्छ । यसलाई विश्लेषण गर्नु पर्छ । भन्नेकुरा म यहाँ सुझावको रूपमा राख्न चाहन्छु । त्यसको सँगसँगै यो एउटा महिलाहरूको क्षेत्रमा अलिकति यो जुनखाले धेरै दशवटै जिल्लामध्ये अरू जिल्लको मलाई थाहा छैन । हाम्रो रुकुममा एउटा पूर्व जिल्ला विकास समिति अहिले जिल्ला समन्वय समिति भएको छ त्यहाँबाट एउटा कार्यक्रममार्फत् हामीले हिंसापीडित महिलाहरूलाई जुन न्याएको ढोकासम्म जान नसक्ने अत्यन्तै विपन्न महिलाहरूलाई संरक्षणको लागि एउटा अल्पकालिन आवास

गृह संचालन गरेका थियौं । अहिले यो संरचना जुन खालको नयाँ संघीयतामा गई सकेपछि त्यो आभास गृह कतैबाट पनि सम्बोधन नभएको अवस्थामा हामीले ती आभाश गृहहरूलाई अझै हामीले त्यहाँकोरूपमा त्यहाँ कानुनी परामर्श दिने देखि लिएर उलाई औषधि उपचार डाक्टरको व्यवस्था देखि लिएर सबै कुराहरू एकै ठाँउबाट दिने खालको सेवाको व्यवस्था गरिनु पर्छ भन्ने कुरा राखिरहँदा खेरि यहाँ अलिकति एकद्वार संकटासन सेवा प्रवाह भन्ने छ त्यो अहिले जिल्ला अस्पतालमा चलिरहेको एउटा कार्यक्रम हो त्यसले सेभ हाउसलाई सम्बोधन नगर्न सक्छ यतापट्टि पनि मैले त्यो एउटा अल्पकालिन आवास गृह र हिंसापीडित महिलाहरूको लागि भन्ने खालको अलिकति यो क्षेत्रमा बजेटले पनि सम्बोधन गर्न सकोस् भन्ने कुरा यहाँ राख्न चाहन्छु ।

यसको सँगसँगै अब यो तीन महिनामा हामीले जुन खालको नीति कार्यक्रम ल्याएका छौं महत्त्वकांक्षी हुनुपर्छ । महत्त्वकांक्षी योजना भएन भने हामी कार्यान्वयनमा जान पनि सक्दैनौं । त्यसकारण यो तीन महिनामा हामीले सरकारलाई कुन ठाँउबाट के सहयोग गर्ने हो हामी जहाँ भन्यो त्यहि दगुरेकै छौं दगुर्न पनि तयार छौं । महिले अलिकति यहाँ जसरी अब यो रारा कर्णाली रारा पर्यटन वर्षको उद्घाटन मात्रै भयो भन्ने कुरा छ । म यहाँ त्यो जुन खालको नाक्चेनाग्लाको बाटो पनि यहाँ धेरै उठाउँनु भएको छ त्योसँग म सहमत छु । मैले फेरि पनि दोहोऱ्याउनचाहन्छु हामी त्यहि तीन वटा नाकामै अहिले सबै बजेट राख्न सरकारले त्योएउटा हिम्मत गरेपनि राम्रै हुन्छ यो प्रदेशको लागि भन्न चाहन्छु र त्यसको पछाडि मैले के देखे भने परिवर्तन भन्ने कुरा कर्मिक रूपमा हुन्छ भन्ने कुरा पनि हामीले हेक्का राख्नु पर्छ जस्तो लागिरहेको छ । यो रारा पर्यटन वर्षको उद्घाटन गरी सकेपछि यो सबै नकारात्मक छ जस्तो पनि लाग्दैन त्यहाँ जाने पछि जस्ता आन्तरिक पर्यटनहरूसँग पनि मेरो केहि भेटघाट भएको छ जेहोस् आउने जाने क्रमसंख्या चाँही बढिरहेको मैले पाएको छु । त्यसकारण अहिले सम्म गरेका सरकारले गरेका कामहरूको राम्रो प्रभाव रहेको मैले पाएको छु । त्यसैले अब हामीलाई यो बजेटसँग सम्बन्धित कार्यक्रम नीति कार्यक्रम भएको हुनाले बजेट आईसकेपछि कार्यान्वयनमा जाँदा खेरि अझै हामी अग्नी परीक्षामा उभिनु पर्ने अवस्था छ । हामीले यो सुन जाँच्नको लागि जसरी कसी लगाउँछन् राम्रो होकि नराम्रो हो भनेर त्यो कसि लाउने अवस्थामा हामी छौं । जनताले हामीलाई कसि लगाउनेछन् यो इमान्दारिताका साथ त्यो सक्रियताका साथ यो नीति कार्यक्रमलाई सफल पार्नको निम्ति जति हामी लाग्न सक्छौं त्यतिनै हाम्रो पाँच वर्षे अरू थप कार्यक्रम नीति कार्यक्रमकै एउटा राम्रो संकेत हुनेछ यो नीति तथा कार्यक्रमले हामीलाई के गर्न सकोस् भनेपछि यो कसैलाई देखाउँनका निम्तिहोइन । हाम्रो जीवन परिवर्तनको निम्ति मैले आज यो कुरा गरिरहँदा खेरि हाम्रो जननेता मदन भण्डारीले भनेको कुरा सिद्धान्त जीवनको लागि सिद्धान्त हो । सिद्धान्त जिवनका लागि हो । त्यसकारण हामीले केहि गर्नु छ भने एउटा केहि सिद्धान्त प्रतिवादन गरेर मात्रै त्यहा सफलता पाउँन सक्छौं भन्ने कुराको हामी सबैले महसुस गरेकै छौं । त्यो कार्यन्वयनको निम्ति त्यहि किसिमले हामी अगाडि बढ्नु पर्छ र यो सामाजिक विकृति र जुन खालका कुरितिहरूको अन्त्यको निम्ति अझै ठोस कार्यक्रमहरू सरकारले समेट्न सकोस् भन्ने कुरा राख्दै पुन यो नीति कार्यक्रमको सफलताको निम्ति सुभकामना दिदै आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री रातो कामी, समय सात मिनेट ।

**माननीय सदस्य श्री रातो कामी :** माननीय सभामुखज्यू हिजो मात्रै प्रदेश प्रमुखबाट प्रस्तुत भएको नीति तथा कार्यक्रमको विषयमा लिदाखेरि मूल यसको मुल स्प्रिट सकारात्मक छ र यो सकारात्मक ढंगले सफलतामा पुगोस् भन्ने कुरा राख्न चाहन्छुर यसभित्रका केहि अधुरा अपूरा कुराहरू पनि हुने भए आफैंमा यो हुने कुरा

पनि होइन । यो कार्यान्वयनको पाटोमा जाँदा र यसले गति लिँदा मात्रै यो पूरा हुने हो र यसका बारेमा योभन्दा अगाडि धेरै माननीयज्यूहरूले आफ्नो कुरा राखु भयो । त्यो मा पनि अँझ छुटेका विषयहरूमा म सभामुखको अनुमतिले यहाँ राख्न चाहन्छुर पहिलो कुरा त आफ्नो विषयहरू आफैंले राख्ने प्रकारको वातावरण अहिले पनि बन्देछ । हिजो त थियो थियो अहिले पनि त्यो बन्दैछ । महिलाले बोल्नु पर्दा महिलाले महिलै बोल्नु पर्ने उत्पीडित समुदाय दलितले बोल्नु पर्दा दलितले बोल्नु पर्ने र दलित चिनिनुपर्ने महिला चिनिनुपर्ने । यो मानव जातीको लागि विभिन्न प्रकारका सङ्घर्ष भए हामी एक हुनका लागि थियौं । योभन्दा अगाडिका थितिहरूमा समयहरूमा नेताहरू बोल्दिन्थे अलि सजिलो थियो । अहिले आँउदै गर्दा नीति बोल्दैन कार्यक्रम बोल्दैन अर्को मान्छे बोल्दैन र हुँदा हुँदा यो फेरि विलोग तिर जानेहोकि भन्ने अत्यन्तै डरलाग्ने विषय बनिराख्याछ । त्यसो भएको हुनाले कर्णाली प्रदेशका बारेमा एउटा डेटा आएको छ । त्यसले चाँही असाध्यै विकराल छ भनेर उले चाँही उल्लेख गर्याछ र हामी त्यसका बारेमा पनि योभन्दा अगाडि असाध्यै नाजुक अवस्थाको कर्णाली प्रदेश भनेर चाँही हामीले मनन गऱ्यौंर फेरि हामीले त्यसका विभिन्न पक्षहरू सकारात्मक पक्षहरूको बारेमा पनि वकालत गयौं र त्यहाँभित्र यो समस्या मात्रै छैन समाधानका थुप्रै उपायहरू छन् यो प्रदेशभित्र भन्ने कुराको पनि हामीले पहिचान गयौं र तयसलाई कार्यान्वयनको बारेमा लिंदा खेरि अब हामीले समानुपातिक समावेशी र सबैलाई माथि लैजाने प्रकारको सबैको जनजीवनमा एउटा रौनकता छाउने प्रकारले चाँही अगाडि लिनुपर्छ । नीति तथा कार्यक्रम आफैंमा त्यति ठूलो कुरा होइन ।

नीति र कार्यक्रम बनाउँदा बजेट बनाउँदा यसले अझ महत्त्व ग्रहण गर्दछ । त्यसो भएको हुनाले यो कर्णाली प्रदेश सिंगो नेपाललाई तीन खण्डमा विभाजन गर्ने हुँदा कालिगण्डकी देखी पूर्वको नेपाल विभिन्न किसिमका विभेदका कारणले उ अलि खराबीका सुचकांकमा कम छ । कालिगण्डकी देखि भेरी नदीको आसपासमा आउँदा मध्यतिरको नेपाल अलि त्योभन्दा केहि बढी खराबीका हिसाबले सूचीमा अथवा अंकमा आउँछ । भेरी नदी आसपासदेखी कर्णाली सेती महाकाली तिर जाँदा महिलाका बारेमा र दलितका बारेमा असाध्यै दर्दनाक र असाध्यै अहिले पनि छाउँगोठ र छुवाछुत प्रथाले मान्छे कुवा, ईनार, धारो, पँधेरो र विभिन्न किसिमका वैवाहिक सम्बन्ध आदि इत्यादिका हिसाबले पनि मान्छे मर्नुपर्ने मान्छेले चाँही जीवनको प्राण आहुति गर्नुपर्ने थिति जो छ यसको अन्त्य कर्णाली प्रदेशको यो सरकारले नीति तथा कार्यक्रममा जनता जनता बीचको विभेद पूरातन र यथास्थितिवादी परम्परागत जो विभेदहरू छन् त्यसलाई न्यूनीकरण गर्नका लागि नीति तथा कार्यक्रममा जनताबीचको सदभावलाई एउटा चाँही दुरी जो फाटेको छ त्यसलाई नजिक बनाउँनको लागि नीति कार्यक्रममा आउँनु पर्छ र त्यो समेटिएको छैन । त्यो चाँही यो नीति कार्यक्रममा आउँनु पर्छ भन्ने मेरो जोड हो । दोस्रो कुरा यहाँ चाँही प्रदेशभित्र थुप्रै चुनौतीहरूका बारेमा हामीले विश्लेषण गरिसकेका छौं र चुनौती हुँदा हुँदै पनि चुनौतीलाई पनि हामी चुनौती लिदै प्रदेश सरकारले नीति कार्यक्रम र बजेट विकासमा अगाडि बढ्नु पर्छ र त्यो हामीले चुनौतीलाई चुनौती दिने कुरा हामीले अब बजेटबाट र हाम्रो काम गराईको शैलीबाट र हामी अगाडि बढ्ने सन्दर्भ हाम्रो छुट्टै हुनुपर्छ नकि हामीले यो संसदभित्र हामी बोलिरहेका छौं र हाम्रो कुराहरू एउटा ढंगले चाँही बोलिरहँदा यी कुराहरू कति कार्यान्वयन हुनेहुन भन्ने कुरा पनि हामीलाई आफैंले आफैंलाई विश्वास गर्ने प्रकारको वातावरण बन्नु पर्दछ त्यो सरकारले त्यो वातावरण तयार गर्नुपर्छ र आउँदा दिनहरूमा कार्याक्रमहरू बनाउँदा नीति बनाउँदा अलिकति चाँही उत्पीडित क्षेत्र र उत्पीडित जाति समुदाय र लिङगका बारेमा अलि बढी चाँही फोकस गर्नुपर्ने आफैंलाई पनि त्यहाँ चाँही फिल हुनु पऱ्योकि यो समस्या यसरी चाँही अगाडि बढिरहेको प्रदेश हो यो प्रदेशमा हामीले यसलाई नसमेट्दा हाम्रो चाँही अलि प्रभावकारी ढंगले अगाडि बढ्दैन भन्ने कुराको चाँही अलि बढी ध्यान

सभामुखमार्फत् म यो सदनमा ध्यानाकर्षण गराउन चाहन्छुर त्यो सँगसँगै अहिले भूमि, कृषि, वन, वातावरण, पर्यटन, भैतिक पूर्वाधार जो विकासे चाँही हाम्रा मन्त्रालहरूहुन यो सँग सम्बन्धित रहेर हामीले छोटो समयमा केहि विकास हामीले मागेका छौं । त्योभित्र थुप्रै प्रकारको चाँही लागु हुन्छकि हुँदैन विकास बजेट अगाडि बढ्छ कि बढ्दैन भन्ने कुरा छ हामीले जसरी पनि चाँही अगाडि बढाउनु पर्छ । किनकि हामीले जनताबाट निर्वाचित भएर आएका जन प्रतिनिधिहरूले अब हामी त्यसलाई गर्न सकिन्न भन्ने तिर जानेहो भने जनतामा एक किसिमको निराशा हुन्छ र हामी प्रति प्रश्न चिन्ह उठ्छ । सकिएन भने बजेट कहि जानेवाला छैन ।

हामीले नीति कार्यक्रम बनाएर हाम फाल्नै पर्छ । हामीले आँट गर्नैपर्छ । नहुने सन्दर्भमा छुट्टाएको बजेट त्यसै खर्च हुन्छ भन्ने कुरा हुँदै होइन नीति, विधिमै त्यो खर्च गर्ने हो । त्यसो हुँदा अर्को कुरा यो हो र अर्को कुरा भूमि तिरको कुरा गर्दा सुकुम्वासीलाई भूमि व्यवस्था अन्तर्गत हामीले चाँही बाढी पहिरो आदि इत्यादी भनेर मात्रै कुराभन्दा पनि सुकुम्बासीको पहिचान गरेर मात्रै हामीले चाँही यो अलि बढी चाँही जोड दिनु पर्छ सुकुम्वासी तर्फ फोकस गर्नुपर्छ । गाउँमा जग्गा छ । अर्को ठाउँमा जग्गा छ । अर्को ठाउँमा ऐलानी कव्जा गरेर बसेको छ । त्यस्तोको हकमा सोलोडोलोमा भूमितिर गयौं भने तीनले पनि पाउने र वास्तविक सुकुम्वासीले नपाउने कुराको चाँही अब यस प्रदेश सरकारले प्रदेश सरकारको संयन्त्रले यसलाई सचेत ढंगले अगाडि बढ्न पर्छ र वास्तवमा सुकुम्वासीको समस्या हल गर्न तिर गयौं भने प्रदेश सरकारको एउटा जनतामा सकारात्मक म्यासेज जान्छ । त्यो सँगसँगै हामीले द्वन्द्वकालमा जनयुद्ध भनेको यो थिएँनकी एउटाको मात्रै सबै यसमा भाग लियौं र सबैले हामीले प्रत्यक्ष ढंगले र हामीले पक्ष विपक्ष आदि इत्यादि ढंगले भोग्यौं । यतिबेला रुकुम रोल्पा जाजरकोट सल्यान तिर हामीले थुप्रै प्रकारका जनताको बीचमालेनदेनहरू छन् ।लेनदेनले अहिले रुकुममा, जाजरकोटमा सल्यानमा कयौं चाँही संस्थागत विद्यालयहरू पनि छन् । जनसत्तामा चाँही पास भएका छन् लिखित छन् र कयौं व्यक्तिका चाँही जग्गाहरू लेनदेन भएका छन् । त्यतिवेला नकि हामीले त्यो कुनै केहि थिएँन । सत्ता संचालन जनसत्ता संचालन गरेका कारणले मात्रै त्यहाँ चाँही पास भएको थियो बाँकीलेनदेन गरेर दुवै पक्षको राय मन्जुरीले भएको थियो । त्यसलाई चाँही एउटा चाँही रुकुममा त हामीले सबै दलको संयन्त्र बनाएर त्यहाँ डाटाहरू संकलन गरियाँ छ । त्यसलाई पनि प्रदेश सरकारको नीति कार्यक्रमभित्र सत्य तथ्य केहो त्यसलाई चाँही यथासक्य त्यसलाई चाँही हल गर्‍यौं भने त्यो पनि एउटा हुन सक्छ । होइन भने अहिले तपाईंहरूले देख्नु भएको छ । राजनीति हामीले कुन ढंगबाट आयौं । हामी आएको बाटो अथवा अरू आएको बाटो सबै आएको बाटो एउटा क्रान्तिकारी स्प्रिटका साथ हामी आयौं । फेरि अरूले पनि त्यस्ता मान्छेहरूलाई जगाउनेतपाईं हाम्रो उपर हाम्रो उपर मान्छेले चाँही फेरिकोईसन गरेर हाम्रो उपर फेरि अर्को संयन्त्र खराउन सक्छ । द्वन्द्वकालको व्यवस्थापन भनेको चाँही यो कामको पनि द्वन्द्वकाल अथवा चाँही व्यवस्थापनभित्र पर्ने भएको हुनाले प्रदेश सरकारले यसलाई एउटा हल गर्नु पर्छ भन्ने म राख्न चाहन्छु र सँगसँगै यो उत्पीडित समुदायहरूको महिलाहरूको दलितहरूको बारेमा सोलोडोलो र नीतिमा मात्रै नगईकन कार्यक्रममा यो कुरा आयोस भन्ने कुरा राख्दै म बिदा हुन्छु धन्यवाद, नमस्कार ।

**माननीय सभामुख :** माननीय श्री अमरबहादुर थापा, समय सात मिनेट ।

**माननीय सदस्य श्री अमरबहादुर थापा :** माननीय सभामुख महोदय, आज कर्णाली प्रदेशको नीति र कार्यक्रममा हामीले आफ्ना सुझावहरू राखिरहेका छौं र यो नीति र कार्यक्रम हिजो वाचन गर्दा यो अर्थ मन्त्रीले भाषण गरेको जस्तो भयो । नीति र कार्यक्रम वास्तवमा अहिले जति कमेण्ट गर्नुभएको छ

साथीहरूले यो बाँकी एक दुईवटा कुरा छुट्याछन् सबै कुरा बजेट जस्तै आइसक्यो यो । बजेट विनियोजनको अवस्थामा आइसक्यो यो नीति र कार्यक्रम । त्यसकारणले यसमा कमेण्ट गर्नपर्ने यसले नराम्रो गर्ने कहि भन्याछैन । सबै ठाँउमा स्वास्थ्यको विषयमा, शिक्षाको विषयमा, भौतिक निर्माणका विषयमा हरेक कुरामा यसले आफूले बोल्ने कुराहरू बोलि सक्यो । मलाई लाग्थ्यो यो नीति र कार्यक्रमले त्यो दिनको हुन्थ्यो । महत्त्वपूर्ण प्रदेशका रणनीतिक योजनाहरूलाई यी यी हुन भनेर गर्न पर्नेमा ति चाँही छुटेका छन् है । मेरो त्यसमा थप सुझाव छ । जस्तै अघित अब मन्त्रीज्यूले नै गर्नु भयो भन्ने माननीयज्यूहरूले आरोपलाईसक्नुभयो । म त त्यो आरोप लाउदिन । अब हिल्सा राष्ट्रिय गौरवको यो त अब मन्त्रीले हिल्सा हाल्यो भनेर कसरी भन्ने । हिल्सा जो कर्णालीको करिडोरमा हिल्सा पर्छ त्यो त राष्ट्रिय गौरवकै उत्तर दक्षिण राजमार्ग हो । अब दल रावलले आफ्नो हुम्ला परेको हुनाले हाल्नु भयो प्रतिपक्षको दलको नेता भएको हुनाले दुईवटाको बल पुग्यो कि भन्ने आरोप आएकोछ त्यो होइनहोला जस्तो लाग्छ मलाई । के एउटा राष्ट्रिय गौरवका योजनाहरू मध्यपहाडि योजना मध्यपहाडि राजमार्गतिर गएकोछ त्यसले हाल्योकि त्यो होइन त्यो रुटले लिन्छ । त्यो स्वभाविक कुरा हो तर त्यो हिल्सा बलियो तर राष्ट्रिय गौरवका उत्तरी मार्ग अन्त रहेनछनकि भन्ने यसले अनुभूति देखायो । त्यो हिल्साभए पुगिहाल्छकि क्याहो यो प्रदेशलाई दक्षिण पनि पर्दैन उत्तर पनि एउटा भए भईहाल्छ भन्ने यो नीति कार्यक्रमले बोल्या छ । हामी म त तथ्यमा आधारी कुरा गर्न चाहन्छु । १६० किलो मिटर यो सुर्खेतको राजधानीबाट हिल्सा र नाक्चे लाग्नाको आधार प्रमाण तपाईंहरूले बीचमा राख्नुहोस् १६० किलोमिटर बाटो फरक पर्दैन । १६० किलोमिटर बाटो फरक पर्ने ठाँउको उत्तरी नाकाको निमित्त यो नीति र कार्यक्रमभित्र छैन । यात कसले कर्मचारीले के के भने त्यहि हाल्दिया हो भने भन्नुस् हामीलाई । होइन भने तथ्य आधार प्रमाण तपाईंहरूले ल्याउने गरेर यो नीति र कार्यक्रम ल्याउनु पर्छ र यो दुई महिने नीति र कार्यक्रम तीन घण्टा, दुई घण्टा बोल्नु पर्ने यो अचम्मको छ । काम के हो ४५ करोड नीति र कार्यक्रमले यो देशकै बजेटले पनि नपुग्ने भईसक्यो ।

नीति र कार्यक्रममा जे आयो ठोस रूपले लागु यो बजेटले गर्नुपर्छ । मैले बुझ्या मेरो अनुभव यति हो । यो एक वर्षे नीति कार्यक्रम हुन्छ । कुनै यो पाँच पञ्चवर्षिय अथवा बीस वर्षिय योजना होइन यो । यो एक वर्षिय नीति कार्यक्रम हो । यो एक वर्षभित्र त्यो नीति र कार्यक्रमले बोलेका कुरा भोलि आउने अर्थ बजेटले त्यो कार्यान्वयन गर्ने विषयमा जान पर्छ । हामी माननीयज्यूहरूले पनि दफावारै छलफल गऱ्यौं । मेरो यहाँ कुलो परेन । मेरो यहाँ सडक परेन यहाँ शिक्षा परेन भने यसले समट्ने भनेको कुरा त शिक्षाको क्षेत्रमा विशेष महत्त्व राखिनेछ अब पर्सी बजेटमा फलाना ठाँउ यतिवटा ब्लग बनाउने यतिवटा विद्यालय स्थापना गर्ने यसरी शिक्षाको स्तर यसरी वृद्धि गर्ने भन्ने त भोलिको बजेटले एकिन गरेर त्यसैमा हो हाम्रो दफावार छलफल हुने । त्यसो भएको हुनाले अघि धर्मजीले भनेको जस्तै समृद्धि र निर्माण विकास र समृद्धि भन्याजस्तै हामीले त्यो समृद्धि के हो भनेर पनि बुझेनौं विकास पनि के हो बुझेनौं । यो व्याख्यात गर्न पऱ्योनि । त्यसकारणले नीति र कार्यक्रम वास्तवमा अपुरो छ त भन्दै भन्दिन म स्वागतै गर्दछु किनभने यो बजेट भाषण जस्तो दुई महिने नीति कार्यक्रम । यो सिर्फ अब आज ११ गते भयो असारको बीस गते बन्द हुन्छ । करिब दुई महिना बीचको नीति कार्यक्रम हो यो । यो दुई महिनाभित्र राष्ट्रिय गौरवका योजनाहरू यीनि यीनि हुन् र यसलाई भोलिका नीति कार्यक्रमले पनि यसलाई फोकस गर्न सक्छ र भोलि हटाउँन नमिल्ने तरिकाले हामीले नीति र कार्यक्रम ल्याउँनु पर्छ र त्यो हिसाबले अगाडि बढ्न पर्छ । त्यसकारणले मैले तपाईंहरूसँग आग्रह गर्न चाहन्छु यो सरकारसँग आग्रह गर्न चाहन्छु । अघि एकजना सांसदले भनि सक्नु भयो यो बजेट आज यति दुख किन भएको छ मलाई थाहा छैन । मैले

सुनेको कुरा त अहिले कार्यान्वयन हुने होइन । कार्यान्वयन नै हुने होइन भने नीति किन चाहियो बजेट किन चाहियो त्यो फ्रिज भएर हाम्रै खातामा जानेहो । अर्को वर्ष गरौंला नि भन्ने छ । त्यसो भए आउँदो वर्षको बजेट पनि अर्को वर्ष गरौंला नि । भन्दै पाँच वर्ष विताउने चिल्लाराम भएर जाने जनताको केहि काम नगर्ने । मैले पहिलै यो बजेटका विषयमा बोल्दा भनेको थिएँ यो नेपाल सरकार कहिले चार एक वर्षको बजेट ल्याउँदा त असार मसान्तमा रकम फ्रिज भएर जाने एक्कै चोटी चाहिने असारमा काम गर्ने हुन्थ्यो । यो दुई महिनाभित्र सबै काम गरेर सकिन्छ कि सकिदैंन यो व्यवस्था गर्नुहोस् तर व्यवस्था गर्दा हामी सार्वभौम छौं ।

हामीले त्यसलाई फाष्ट्र्याकमा काम गर्न सक्यो कुन कुन काम गर्न सक्छौं । कुन कुन गर्न सक्दैनौं । फाष्टट्याकमा अहिले मैले सुने कर्मचारीहरू भन्दैछन् हामीत हजुर बान्याछ कानूनले कहाँनेर छ बान्या ल्याउनुहोस् न फुकाई दियौं, क्याविनेटले फुकाउन सक्ने कि संसदले फुकाउन सक्ने । जनतालाई प्रत्यक्ष राहत दिने काममा दुई महिनाभित्र गरिन सकिने कामहरू फटाफट गरिनु पर्छ । हामी सक्दैनौं अर्कोवर्ष गरौंला भनेर यो बजेठ ठाम्ने काम गर्नहुँदैन एउटा अर्को कुरा संरचनाका कुरा आएका छन् । वास्तवमा प्रदेश सरकारको संरचना तल स्थानीय तहमा छैन । अहिले स्थानीय तहसँग हामीले समन्वय नगरेर सबै कुरा गर्छौं अल अब मैले मेरो प्रदेशमा ल दुई करोड खर्च गर भनेर यो सरकारले दियो भने कहाँ गएर खर्च गर्ने हो । के म त्यो डाँडाँ वरिपरी मात्र लाग्ने होकि तल त्यो पनि सीमानामा स्थानीय तह सरकार छ । त्योसँग समन्वय आवश्यकता होकि होइन त्योसँग समन्वय गर्ने कुराहरूमा समन्वय गर्नपर्छ र समन्वय गर्दा कसरी हाम्रो यो चाइने सरकारको अधिकार भिन्न भिन्दै रहेपनि समन्वय चिन जस्तै सम्झौता गर्न पर्ने हो र भारतसँग जस्तै भारतसँग गर्याजस्तै सम्झौता गर्न पर्ने हो र होइन । हाम्रै आफ्नै यो संविधानले व्यवस्था गरेका तीन तहका सरकार छन् । यी तीन वटै तहका सरकार समन्वयका आधारमा र राष्ट्र निर्माणको निमित्त समन्वयका आधारमा अगाडि बढ्छ । समन्वय गर्न सकिन्छ । मैले पर्यटन मन्त्री जी कहाँ गएँ तपाईंले डोल्पामा एउटा उ हाल्नु भएको रहेछ मन्दिर कतिको पाँच लाख पाँच लाखको मन्दिर तपाईं कसरी गर्नुहोला भनेरभन्दा त के हो भने अहिले सम्झौता मात्र गर्ने हो दाई भन्नु भयो । किन उहाँहरू आउन भ्याउदै भ्याउनुहुन्न त्यो त साँचै बोल्नु भो नि डोल्पाबाट पाँच लाखको योजना पर्यटन मन्त्रालय आएर सम्झौता गर्ने अनि त्यहाँ गएर कार्यान्वयन गर्ने तीन जना मान्छे सम्झौता गर्न बोलाउन पऱ्यो अध्यक्ष सचिव र अर्को कुनै होला तीन  जना भन्या छ । कोषाध्यक्ष तीन जना आउँदा करिबकरिब डेढ लाख गइजान्छ । एक लाख त जान्छ जान्छ । फेरि बीचमा भुक्तानी लिन आउँनु पर्ला अर्को लाख गैगो फरफार गर्न अर्को लाख गैगो पाँच लाखको योजना हुने के हो । अनि समन्वय गर्दैनौं हामीसँग छैन । अबसँरचा बनाउने कुरा जो छ । यसमा पनि मेरो केहि कुरा गर्न हुँदैन भन्ने होइन गर्न पर्छ ।

अब प्रदेशका संरचना स्थानीय तहमा जान पर्छ तर संरचना बनाउँदा खेरि हामीले प्रदेशले दिएको योजनाको दश प्रसेण्टभित्र रहेर हाम्रो संरचनामा खर्चले पुग्छकि पुग्दैन त्यो हेरेर बनाउँनु होला संरचना दश लाखको योजना बनाउनु पर्ने दश लाख संरचना बनाउँदा खर्च हुने भयो भने त्यो संरचनाले जनतालाई हित गर्दैन । दश लाखको योजना कार्यान्वयन गर्नलाई अर्को दश लाख खर्च गर्नेहो भने त्यो प्रदेशको अस्तित्वको संरचना बनाएर जनतालाई हित हुँदैन । यहाँ त प्रदेशको अस्तित्व केन्द्रको अस्तित्व स्थानीय तहको अस्तित्वभन्दा पनि जनताको अस्तित्व कसरी बचाउँन सकिन्छ र जनतालाई तत्काल लाभ दिलाउने कामहरू के कसरी गर्न सकिन्छ हाम्रो महत्त्व त्यसैमा दिनु पर्छ । यसैले म प्रदेश सरकारको नीति र कार्यक्रम सामान्य कमेण्ट गरेंमैले अघिमैले त्यो चाइने अघि राख्न पर्ने यो यसले नगरि नहुने नीति कार्यक्रमभित्र ल्याउनु पर्ने योजनाहरू दुई चारवटा थिएँ । त्यसमध्येमा त एक दुईटा आएकै छन् । एक दुईटा घटेछन् । हामीले

तीन टा नाका अहिले नाक्चे नाक्ला रारामा गएर प्रधानमन्त्री जीलेबोल्नु भो नाक्चे नाक्ला भन्ने छ यो नीति कार्यक्रममा छैन । छाँया नाथ र नाक्चे लाग्नाका कुरा धेरै चाइने वहाँले विश्लेषण व्याख्या गरेर राख्नुभाको थियो । मैले अघि भने १६० किलोमिटर बाटो फरक पर्छ । तपाईंहरू भौतिक मन्त्रीजी यही हुनुहुन्छ । तपाईंहरूको प्राविधिक पठाएर हेर्नुहोस भूगोलले अहिले तपाईंको टेबुल बेड्छ । तपाईं यहाँबाट सुर्खेत तेलपानी सुर्खेत हुँदै चाहिने नाक्चे लाग्नाको भूगोलहेर्नुस् कति किलो मिटर छ । हिल्साको हेर्नुस् कति छ त्यहाँ । डोल्पाको हेर्नुस् कति छ । सर्ट रुटमा कहाँनेर सानो लगानीमा धेरै फाइदा हुन सक्छ । त्यो फाइदाका निमित्त हाम्रा यहाँका जनतालाई राहत हुने योजना बनाउँनु पर्छ कि पर्दैन । होला अब त्यहाँ राहत लक्ष्य त हाम्रो नाक्चे नाग्ला हो भने है । हैन यता अछामलाई पनि हो उता बाजुरालाई पनि हो सबैलाई हो भने त घुम्नै पऱ्यो त अब चाइने सिधै हेलिकप्टर गएको जस्तो त हुँदैन । त्यसैले नाक्चे नाग्लाको पोइन्टबाट हामीले यो प्रदेशको सदरमुकामलाई ध्यान पुर्याएका हौं भने हिल्सा महत्त्वको योजना हो । हिल्सा पछि त्यसलाई गौरवको योजनाभित्र राख्नपर्छ । हिल्सा सरहकै अहिले नाक्चे नाग्लामा म भन्दिन । किनभने हिल्सा भनेको चिनको पनि महत्त्वको ठाँउ छ । नाक्चे नाग्ला बनाउँ हिल्सा छोड्न पर्छ होइन हामीले तीन वटा नाका खोल्ने भनेका छौं । यी दुईवटा अनिवार्य नै छन् । त्यसपछि डोल्पाको नाकालाई पनि हामीले अध्ययन गरौं । आजैत हामीले भन्नासाथ खोलिदैन । न हिल्सा खोलिने वाला छ न नाक्चे खोलिनेवाला छ । त्यसकारणले यो कुरालाई हामीले ध्यान दिएर छोटो पोइन्ट सानो खर्च फिउल कम लाग्ने जनतालाई १६० किलोमिटर बाटो कम भयो भनेपछि तपाईंहरूले हिसाबकिताब गर्नुहोस् त । पेट्रोल डिजेलमा खर्च कति कम हुन्छ । जनतालाई दिनु पर्ने भाडा चाइने कति सजिलो हुन्छ । उपभोक्ताहरूलाई त्यहाबाट आउने सामानहरूको कति फाइदा हुन्छ ।

यो कुरा तिर हामीले ध्यान पूराउनेकि नपूराउने ? त्यसो भएको हुनाले हिल्सालाई बिलकुल राजापुर हुँदै तेलपानी, तेलपानी हुँदै सुर्खेत, सुर्खेत हुँदै दैलेख महावु हुँदै जुम्ला मुगु हुँदै नाक्चेनाग्लाको पोइन्टलाई यसलाई हामीले राष्ट्रिय गौरवकै बनाएर केन्द्रीय सरकारलाई जिम्मा दिनुपर्छ र अर्को कुरा सुर्खेतमा यो देशको सबैभन्दा ठूलो सिमेन्ट फ्याक्ट्रि यो सिमेन्ट फ्याक्ट्रिका निमित्त भन्न त भन्या थियो मैले नजानेर नीति कार्यक्रम हेरे । सिमेन्ट फ्याक्ट्रिहरू खोलिने छ । त्यो जनरल कुरा राष्ट्रिय गौरवका योजना छुटयाउनु पऱ्यो हामीले यदि यो चौकुनेको सिमेन्ट फ्याक्ट्रि हामीले खोल्यौं भने हाम्रा प्रदेशका युवाहरूले बेरोजगारीका निमित्त मलेसिया जान केहि प्रतिशत रोकिन सक्छ । यो कुरा तिर रोजगारीका अवसर तिर कार्यक्रमहरू के हुन । खै कहाँछन् भन्ने हो भने रोजगारी के यो सरकारले जागिर दिएर रोजगारी गर्ने हो र । यस्तै काम गरेर रोजगारीका अवसर दिने हो नि हामीले र भन्न चाँही भन्या छ व्यवसायिक कृषि वास्तवमा मैले त अहिले सम्म मेरो आफ्नो त रटान नारा छ । चुनाव जितिसकेपछि स्थानीय तहका चुनाव जितिसकेपछि मैले भन्या छु अब जनतालाई परिवर्तनको अनुभूति चाहियो । अहो यो सरकार आयो हामीले यो यो कुराको चाइने फाइदा पायौं भन्ने जनताले अनुभूति गर्ने कि नगर्ने । दिर्घकालिन योजना बनाएर मजाले यहाँ हामीले प्लानिङ्गबनाएर चाइने भिडियो देखाएर सम्भव छैन अब जनताका पाकटमा कति स्रोत छ आर्थिक कति छ जान सक्छ जनता समृद्ध कसरि हुन्छ । त्यो अघि भन्या जस्तै योजना विकासको आधारले चाइने ति जनताको समृद्धि बन्ने हो । त्यो विकासको आधार बनाउनलाई मैले त भने स्थानीय तहलाई पनि भनेको छु । प्रदेशलाईकेन्द्रीय सरकारमा रहदाँ पनि मैले कुरा गर्या हो । अब व्यवसायिक कृषि महत्त्वपूर्ण कुरा हो । विद्युतको बजार खोजे झैं किसानले उत्पादन गरेको यी कृषि तरकारी खेति देखि लिएर तत्काल तीन महिनाभित्र १० रुपैयाँ कमाउने किसानलाई दशहजार फ्याट् खल्तीमा हाल्दिन सकियो भने अहो यो सरकार आयो यो चुनाव गऱ्यौं । साँच्चीकैपो परिवर्तन भएछ । भन्ने अनुभूति दिलाउनु पऱ्यो नि । त्यो काम

ओखर खेति गरेर हुँदैन, त्यो काम बाख्राको खेति बाख्रा पालन गरेर हुँदैन त्यो पाँच वर्ष लाग्छ दश वर्ष लाग्छ त्यो । त्यसबाट उत्पादन आउने कुरा पाँच दश वर्ष लाग्छ । त्यो पनि गर्ने होइन मैले भन्या होइन त्यो उल्टो नजाओस् कि यो बाख्रा पालन गर्नुहुँदैन तरकारी मात्र गर्नुपर्छ ।

त्यसलाई दिर्घकालिन योजनामा राखेर अल्पकालिन योजना कृषिबाट किसानहरूलाईतीन-तीन महिनाभित्र उनको मजवुत खल्ती भरिने गरी साँच्चीकै यो चुनाव गरेपछि त बल्लपो चुनावका भोट हाल्येको थाहा पाईयो भन्ने जनतालाई अनुभूति गराउनु पर्छ । उनले उत्पादन गरेको चिज कुहियो भने प्रदेश सरकार होस् या स्थानीय सरकारले क्षतिपूर्ति दिनुपर्‍यो । फेरि उनिहरूले उत्पादन गर्ने भैसीलाई दिनु पर्‍योभनेत बर्वाद भो । त्यसैले यसको ग्यारेन्टी गरेर तत्काल अल्पकालिन योजना किसानहरूको तत्काल राहतको निमित्त व्यवसायी तरकारी खेतिको विषयमा ध्यान पुर्याउनु पर्छ र दैलेखमा पेट्रोलियम पदार्थ यहाँ केन्द्रीय सरकारले केहि गरेन । नाई यो क्याविनेटले केहि गरेछ यहाँ गएर कहाँ रारा गएर बल्ल थपियो । प्रधानमन्त्रीले बोल्ने बनाईयो । दैलेख प्रति यो प्रदेशका मन्त्रीहरूको यहाँ कसैको ध्यानै छैनकि जस्तो लाग्याछ । दैलेखमा पनि छ फलामै फलाम खानी तामाको अहिले हवाईको भाँडा बनाएर ठाँटिकाधमा त्यहिको भाँडा बनाएर प्रयोग गर्छन् । त्यसकारणले जो बोल्या छ नीतिले त्यसमा व्यापक रूपले प्रदेश सरकारका प्रमुख देखि लिएर तपाईंहरू क्याविनेटबाट लिएर विज्ञहरू तत्काल ल्याएर त्यहाँको अनुसन्धान गर्नुहोस् । अनुसन्धान गरेर बल्ल चाइने ती कहाँ कहाँ खानी छन् के छन् हामीले त भन्दिम त्यहाँ थिएँ अरे अरेका कुरा हुन्न अब विशेषज्ञता चाहियो । जस्तै नवलपरासीमा फलाम खानीले एकपटक हंगामा मच्चाको छ । त्यसको तामा खानीले दैलेखमा हंगामा मच्चाओस् । एक पटक पेट्रोलियम खानीले दैलेखमा हंगामा मच्चायो । चिनिया सरकारको प्रतिनिधि आएर त्यहाँको प्राविधिकहरू आएर भिजिविलिटि सर्भे भएको छ ।

अब त्यसलाई डिपिआर गरेर के हो त्यसको पत्ता लगाऊ । अनि चौकुनेको सिमेन्ट दैलेखको पेट्रोलियम पदार्थ, ग्यास र चाइने यस्तो काम गर्यौं भनेत हामी जब प्रदेश धनि हुन्छ यहिले कुरा तपाईंहरूलाई लाग्छ बाउसँग सम्पति भएन छोरालाई बाड्छ । छोराको बाउसँग सम्पत्ति छैन कुरामात्रै ल्याउछ छोराहरू भन्देको पो होकि । बाउसँग सम्पत्ति हुनुपर्‍यो नी ढुकुटिमा सम्पत्ति हुनपर्‍यो । ढुकुटिको सम्पत्ति उत्पादन कृषि किसानहरू गरिबीको रेखाभन्दा माथि आउँनु पर्‍यो । प्रदेशले ठूला-ठूला मेगा प्रोजेक्टहरूलाई व्यवस्थापन गर्न पर्‍यो अहिले त हामीसँग चाइने उहि १४ अरब भनेर मैले अर्धवार्षिक गर्याथिएँ । १४ अरबले केको विकास गर्ने । १४ खरबले नपुग्ने हामी नीति कार्यक्रम छ अनि १४ अरबले हामी सबैकुरा सकिदिन्छौं । तपाईंहरू पनि यता हाल्दिए हुन्थो उता हाल्दिए हुन्थ्योहोइन । यसको ठोस नीति लिएर २४ अहिले अघि माननीयज्यूले भन्नु भयो समानुपातिक र चाइने प्रत्यक्षको अलि अन्याय भयो । होइन अन्याय हुँदैन । हामी समान माननीय हो । २४ वटा निर्वाचन क्षेत्रलाई आधारित बनाएर के हो त्यहाँको किसानको निमित्त भन्ने हो भने त्यहि क्षेत्रका सांसदहरू बसेर सल्लाह गर्नपर्‍यो । समन्वय गर्न पर्‍यो । अनि त्यो समन्वय गरेर जाँदा खेरि यो समानुपातिक र प्रत्यक्ष भन्ने हुँदैननि । त्यसकारणले यो सरकारले व्यापक चाहिने बाड्ने विधिभन्दा पनि ठोष योजना ल्याएर ठोस रूपले कार्यान्वयन गर्ने म अगाडि बढोस् र यसले व्यापक मेगा प्रोजेक्टहरू प्रधानमन्त्रीले भन्नुभएकोछ पैसाको चिन्तै नर्गनुहोस् ठूला-ठूला प्रोजेक्टहरू अध्ययन गर्नुहोस् । पठाई दिनु भन्नुभएको छ विचार गरौंन एकपटक ट्राई गरौंन एकपटक केन्दीय सरकारको पनि । हामी गरिब हौं भन्या छौं उहि तलै त्यहि बाँडिचुडि गर्नेहो भने यसको सम्भावना छैन । त्यसकारणले मैले यिनै कुरा राख्दै यो प्रदेशको नीति कार्यक्रम प्रति समर्थन गर्दै यो असमर्थन त हुँदै होइनदफावार छलफलै हुँदैन यो नीति तथा कार्यक्रमा केहि सामान्य कुरा प्रतिपक्ष सबैले भाषण गर्नु पर्दैन । यो सामान्य रूपले छलफल भएर अगाडि जाने कुरा हो र बरु भोलिबाट आउने बजेटमा यहाँ

दफावार छलफल यहाँ परेन उहाँ परेन भनेर मन्त्रीहरूलाई स्टेन्ड वाई राखेर छलफल गरौंला त्यसकारणले यो नीति कार्यक्रम साँच्चीकै लोकप्रिय छ तर धेरै ठूलो हो भन्ने गुनासो हो र यो आउँदो वर्षको लागि हो भने त ठिकै छ । यो दुई महिने बजेटलाई पनि आउँदो वर्षलाई पनि यति नबनाउनु पर्ला अझै सर्टमा ल्याउनु होला नीति कार्यक्रम सर्टमा हुन्छ कार्यान्वयन धेरै भारी भएर अगाडि बढ्छ । अनि जनताले त्यसको राहत पाउँछन् । यति कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू अब यो बैठक २०७५ साल बैशाख १२ गते बुधबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-१४

(२०७५ बैशाख १२ गते बुधबार)

प्रदेश सभा, कर्णाली प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा बुधबार दिनको १:०० बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको पहिलो अधिवेशनको चौधौं बैठकको कार्यवाहि प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, यस सभामा प्रस्तुत कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रममाथि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ को उपनियम (१) बमोजिम छलफल जारी छ । छलफलको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय सदस्य श्री जीवनबहादुर शाही :** माननीय सभामुख महोदय, आज वास्तवमा यो कर्णाली प्रदेशको नीति तथा कार्यक्रममाथि बोल्दा मलाई साह्रै असहज परिस्थिति सृजनाहरू भएका छन् । यो प्रदेशको सभाहरू हामी नीति नियमले चलाईरहेका छौं या सभामुख महोदय या मनपरी हामी चलाईरहेका छौं यदि मनपरी चलाउने हो भने यो सभा यो सभा हलभित्र होइन रुखको चौतारीमुनी चलाईनु पर्छ भन्ने मलाई लाग्छ । म नीति तथा कार्यक्रमका विषयमा उठान गर्नुभन्दा पहिला केही यो संसद भवनका पनि व्यवस्थापनका कुराहरू गर्न चाहन्छु सभामुख महोदय सरकारको बस्ने रो कहाँ हो ? पार्टी बस्ने रो कहाँ हो ? हामीले मन्त्री कसलाई मान्ने हो ? यसको व्यवस्था हुनु पर्दछ कि पर्दैन ।

यत्ति सम्मको व्यवस्थापन गर्न नसक्ने हामी भयौं भने हाम्रो संसद कसरी चल्न सक्छ लाजमर्दो कुरो हो सभामुख महोदय म आज भन्न बाध्य छु नि हाम्रो यहाँको सचिवालय कस्तो खालको सचिवालय हो मैले बोल्नै पर्ने भयो । आजको कार्यसूचीअनुसार छलफल जारी छैन सभामुख महोदय आजको मुख्यमन्त्रीले जवाफसहित प्रस्ताव राख्ने नम्बर एक कर्णाली प्रदेश सभाको एघारौं बैठकमा माननीय प्रदेश प्रमुखद्वारा प्रस्तुत भएको तथा सभाको बाह्रौं बैठकमा माननीय मुख्य मन्त्रीज्यूबाट टेबुल गरिएको प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमउपर छलफल हुँदा माननीय सदस्यहरूले उठाउनु भएका विभिन्न प्रश्नहरूको जवाफ दिँदै पारित गरियोस् भनि प्रस्ताव राख्ने कुरो छ आजको कार्यसूचीमा छ सभामुख महोदय । छलफलको विषय जारी छ जसरी हिजो आएको थियो कर्णाली प्रदेश सभाको एघारौं बैठकमा माननीय प्रदेश प्रमुखद्वारा प्रस्तुत भएको तथा सभाको बाह्रौं बैठकमा माननीय मुख्यमन्त्रीद्वारा टेबुल गरिएको प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमउपर छलफल हुने त्यो भन्ने कुरा आज राख्नुपर्थ्यो कि पर्दैन थियो सभामुख महोदय, के हामी केटाकेटी हौं के यो सदनको मर्यादा यहीं हो सभामुख महोदय यो जिल्ला विकास समितिको हल होइन यो कसैलाई मन्त्रीको झण्डा हल्लाएर कसैले प्रतिपक्षको नेता भनेर कसैले सत्तापक्षको नेता भनेर हिड्नको लागि मात्रै सभा भएको होइन सभामुख महोदय । यति गम्भिर कुरालाई अगाडि नबढाउने हो भने सायद प्रतिपक्षले प्रतिपक्षको भूमिका निर्वाह नगर्नु पर्ने अवस्थाहरू आउन सक्छन् ।

आज चार महिना भयो सभामुख महोदय हाम्रो हलको अवस्था यस्तो छ । बाहिर पानी पिउने ठाँउमा एउटा थोत्रो बकेट के भन्छ बाल्टिन राखिएको छ । त्यसमा माननीय सांसदज्यूहरूले पानी पिउने त्यहि हो सभामुख महोदय ? आज हामी हेपिएका छौं, कर्णाली प्रदेशका माननीयहरूलाई वडा सदस्य जति गनिदैंन

भन्ने कुरो कहाँबाट शुरू भइरहेको छ । यो वेथितिमा सदन अगाडि बढ्छ या बढ्दैन त्यसलाई चाँहि सम्झिनु पर्ने कुराहरू छन् । पहिला बैठकहरू भएकोले मैले अगाडि नबढोस् भन्न त चाहदिन तर मैले यी कुराहरू बाध्य भएर मैले राख्नु परेको छ सभामुख महोदय । हरेक कुरोका कुनै पनि सिस्टममा नहिड्ने कुनै अवस्थामा नजाने हो भने हामीले गर्नुपर्ने कुरा के छ । मैले अचम्म लाग्यो मैले अघि हेर्दै थिए आज हाम्रो रेग्मीजी पनि नयाँ मन्त्री हुनु भएछ कि भन्ने मैले ठाने ।

यो चारवटा रो भयो चार वटामा उप-सभामुखसहित सरकार हुनु पर्‍यो त्यसपछिको पार्टीको रहनुपर्‍यो यदि पार्टी अगाडि बस्ने हो भने यो हलबाट तुरून्त परिवर्तन गरेर चाहिँ चारवटा रोको ठाँउमा पाँचवटा रो राखिनु पर्‍यो सभामुख महोदय यस्तो किसिमले चाँहि यो सदन चल्न सक्छ ***(माननीय सभामुख :** बसौँ माननीय सदस्य, होइन बसौँ, बसौँ माननीय सदस्यहरू)* होइन के-का होइन यो म्यासेज के हो भनेनी सभामुख महोदय उहाँले कि नियम आपत्ति भन्न पर्‍यो मैले नियमापत्ति भन्ने हो भने अब त्यसो हो भने यो अगाडि बढ्दैन किनकि सरकारको रोको निश्चित गरियोस् सरकारको रो मानै पार्टी कहिलै पनि वस्न सक्दैन सभामुख महोदय यो व्यवस्था नहुँदा सम्म चाहिँ मेरो बोल्ने क्रमचाहिँ अगाडि बढ्दैन यस्तो कुरा हो भने । ***(माननीय सभामुख :** ठिक छ माननीय सदस्यज्यूहरू बसौँ, माननीय सदस्यले कुरा राख्नुभो बसौँ ठिक छ)* सभामुख महोदय रो यसरी छुट्याइएको छ भने त्यसो भने नेपाली काँग्रेसको पनि एउटा लेखेर बीचमा राख्न मिल्ने होला नि त यो मैले सिष्टमको कुरा गर्दैछु सभामुख महोदय उहाँप्रति मेरै व्यक्तिगत आग्रह पूर्वाग्रह कुरा होइन मन्त्रीहरू भनेर छुट्याउने कसरी गरिन सकिन्छ टाढाको मान्छेले हेरेर बस्दाखेरि यो मन्त्री हो कि नेकपा माओवादीको कार्यकर्ता हो या काँग्रेसको कार्यकर्ता हो भनेर कसरी छुट्याउन सकिन्छ ? यसको जवाफ त पाउनु पर्‍यो नि सभामुख महोदय जब या नियमापत्ति मैले त एउटा कुरो मात्रै निकालेको थिए नियमापत्तिको कुरा आइसकेपछि कि त म गलत हुनुपर्‍यो यसको छानबिन नहुँदासम्म चाहिँ यो सदन अगाडि नबढोस् भन्नको लागि चाहिँ म सभामुखसँग चाहिँ अनुरोध गर्न चाहन्छु । ***(माननीय सभामुख :** भाषणलाई कन्टिनिउ गरौँ माननीय सदस्य)* यसको व्यवस्थापन हुनु पर्‍यो नि सभामुख महोदय, ***(माननीय सभामुख :** व्यवस्थापन भएको छ)* कसरी भएको छ । ***(माननीय सभामुख :** व्यवस्थापन यताका दुईवटा कुर्ची त्यो अँ केरे पार्टीको माननीय सदस्यहरूलाई भनेर बाँकी मन्त्रीहरूलाई भनेर त्यहाँ बेन्च गरिएको छ)* होइन भने पत्रकारहरूलाई पनि यहाँ लेखेर राख्यो भने भयो नि त सभामुख महोदय, ठिक छ म आफ्नो कन्टिनिउ गर्छु तर यी कुराले चाहिँ अब यो सभा यो प्रदेश राम्रो सिस्टमले चल्दैन भन्ने कुरालाई चाहिँ यहाँ हामीले सबैले याद गर्नुपर्ने हुन्छ सभामुख महोदय । यहाँ त दुईवटा पार्टीका मान्छेहरू अहिले सरकारमा छन् । अहिले सम्म एकीकृत चाहिँ भइसकेको अवस्था छैन । त्यसैले यसरी छुट्याउन मिलेन मैले चाहिँ माननीय सांसदलाई भनेको कुरा होइन मैले सभामुखलाई भन्दै छु कि यो रो चाहिँ परिवर्तन गरिनुपर्छ कि अन्यलाई पनि सोधौं सरकारले यसरी मिलाएर राख्छ भन्ने केही देशमा नयाँ संविधान यसरी नै बनेको हो भने मेरो भन्नु केही छैन । होइन भने सभामुख महोदय, यो जोड जबरजस्तीले शक्तिको भरमा हरेक कुराहरू हुने हुन भनेपछि यो अगाडि बढ्न सक्दैन । यसको लागि चाहिँ मैले भने अहिलेको लागि चाहिँ मैले सभामुखको चाहिँ आदेशलाई पालना गर्दै अगाडि बढैं तर यसको विशेष छलफल हुनुपर्छ । यो चाहिँ मन्त्री भनेर कसरी छुट्याइने हो भन्या । लेखेको भरमा यो हातले छोपिएको भरमा यो कुरामा पनि हामीले संवेदनशिल हुने हो भने हामीले रो छुट्याउनु पर्छ भनेर नजाने यो यो खालकोले चाहिँ यो प्रदेशको चाहिँ संरचना अगाडि बढ्ला जस्तो मलाई लागेन ।

हामीले गर्नुपर्ने सभामुख महोदय, छानाबाट तल आउँदैछौं । जग बनाइरहेका छैनौं, पहिला जग बन्नु पर्ने हो, अनि त्यसपछि पर्खाल लगाउनु पर्ने हो, त्यसपछिमाथि छाना छाउनु पर्ने हो तर आज हामी एकै चोटि

छाना छाउने कामहरू गरिरहेका छौं । यहाँ हामीले हरेक हाम्रा प्रदेशस्तरीय ऐन, कानूनहरू सबभन्दा अगाडि ल्याएर चाहिँ पारित गर्नु पर्थ्यो । आज यो कर्णाली प्रदेशका सम्पूर्ण सांसदहरू लज्जास्पद ढङ्गले हामीले अगाडि हिड्न परेको छ सभामुख महोदय । यो पनि हामीलाई हेक्का नहुने छ्याप छ्यापि सामाजिक सञ्जालहरूमा कुराहरू निस्किए । छ्याप छ्यापि पत्रिकामा निस्किए । गरिब प्रदेशका सांसदहरू झनै दरिद्र रहेछन् एक-एक लाख पेश्की लियो भनेर गए आजसम्म त्यो ऐन आउँनु पर्थ्यो कि पर्दैनथ्यो सभामुख महोदय ।

आज सबै प्रदेशहरूले पारिश्रमिक बुझेका छन् । हामीलाई कि फसाउन खोजिएको थियो सभामुख महोदय ? कि त गलत नियतमा लगिएको थियो ? सबै प्रदेशमा हेर्ने हो भने बैंक खाता खोलिएका छन् र हाम्रो संविधानले के भन्छ प्रदेश कानून नबन्दा सम्म संघीय कानूनले तोकिए बमोजिम पारिश्रमिक पाउने छ । त्यो मलाई हेक्का भएसम्म सभामुख महोदय हाम्रो प्रदेशमा पनि त्यस्तो परिपत्र आएको छ । त्यहीँअनुसार खचाखच बैंक खातामा राख्ने अथवा बुझ्ने गरिनु पर्थ्यो पेश्की भनेर चाहिँ यहाँ दिइयो अनि त्यो पत्रकारहरूलाई दिएर यहाँका सांसदहरूको मानमर्दन गर्ने काम गरियो । आज सबै प्रदेशहरूमा पारिश्रमिक सबैले खाइसके केन्द्रले तोके बमोजिम र भोलि आफूले बनाए बमोजिम खानेछन् । यसमा पनि हामी कसैलाई पनि लज्जाबोध भएन भने मैले भन्नु केहीपनि छैन । आज त्यति आइसकेपछि त्यो विधेयक यहाँ आउँनु पर्थ्यो कि पर्दैनथ्यो हामी नीति र कार्यक्रम बनाएर बजेट ल्याउने क्रममा आइरहेका छौं तर हामीहरू कसैको पारिश्रमिकको कसैको व्यवस्थाका व्यवस्थापन हुन सकिरहेको छैन । यसरी नै यो के सरकार चल्ने हो मलाई लाग्थ्यो मैले सम्झिएको थिए यो सरकारलाई हामीले सहयोग गर्नुपर्छ प्रतिपक्षले रचनात्मक सहयोग गर्दै अगाडि बढाउनुपर्छ ।

तर सरकारले र सरकारमा भएका दलहरूले के सम्झन थाले भने प्रतिपक्ष भनेका यी चार पाँच जनाले केहीपनि गर्न सक्दैनन् । यिनको कुनै पनि हुति छैन, कुनै पनि मति छैन भन्ने ढङ्गले चाहिँ सरकार अगाडि बढ्ने हो र रुलिङ पनि त्यहि ढङ्गले हुने हो भने हामी सोच्न बाध्य हुनेछौं सभामुख महोदय । अचम्म अचम्मका कुराहरू छन् हामीले भन्छौं कहाँ, कुन संविधान सबैले पढेका छौं संविधानमा कहाँ लेखिएको छ कि आर्थिक वर्ष २०७४/०७५ को तेस्रो चौमासिकको लागि भनेर मात्र कहाँ लेखिएको छ ? एक दिनको लागि पनि हामीले नीति तथा कार्यक्रम गराउने हो भने २०७४/०७५ को हुन्छ होइन यदि तपाईंहरूलाई रहर थियो भने सभामुख महोदय, सरकारलाई रहर थियो भने खर्च विधेयक ल्याउन पर्दथ्यो, तीन महिनाको खर्च विधेयक भनेर हामीले ल्याउन पर्दथ्यो । यी कुरामा चाहिँ हामीले हेक्का राख्ने कि नराख्ने ? के यो संसद अनि यसले हाम्रो अपरिपक्वता हाम्रो संसद चलाउने तरिका ? हाम्रो सरकार चल्ने तरिका यो देखिएको छ कि छैन कसैलाई मानमर्दन गरेर राखेर सरकार अगाडि बढ्न सक्दैन । हामीले सोच्यौं । प्रतिपक्षले बोल्ने कुरामा सरकार पक्षकै मान्छेहरू चाहिँ बोलिरहेका छन् । सरकार पक्षकै मान्छेहरूले कुन दल हो र के दल हो भन्ने हामीले बुझ्न सकिरहेका छैनौं ।

यो कुरामा चाहिँ सरकारले हेक्का गर्नुपर्छ भन्ने मलाई लाग्दछ सभामुख महोदय तर हामी हाम्रो नम्रतालाई यहाँ साह्रै एउटा अपहेलित हुने ढङ्गले अगाडि बढाइएको छ सभामुख महोदय । सायद प्रतिपक्ष बिनाको संसद हुँदैन होला भन्ने कुरा सबैलाई हेक्का भएको हुनुपर्छ । यदि शक्ति र बलको ढङ्गबाट यो बढ्ने हो भने म आज सधैं दौरा शुरूवाल लगाएर आउने मान्छे म आज हाफ सर्टमा किन आइरहेको छु सभामुख महोदय सभामुख महोदयले पनि याद गर्नुपर्थ्यो म बिना टोपीमा किन आइरहेको छु सभामुख महोदय ।

म यो सदनलाई म भन्न आइरहेको छु नियम कानून बनाउने लागु गर्ने तपाईंहरूलाई कसले जबरजस्ती गरेको थियो कालो टोपी लाउनको लागि ग्रे कोट लाउनको लागि दौरा शुरूवाल लगाउनको लागि फुलबुट्टे सारी लगाउनको लागि कसले करकाप गरेको थियो सभामुख महोदय ? आज बनाएको पाँच/पाँच, छ/छ दिन नियम कानून बनाइ सकेपछि अरू त कोट सिलाउनलाई टाइम लाग्यो होला दौरा शुरूवाल सिलाउनलाई टाइम लाग्यो होला कालो टोपी लाउनलाई त टाइम लाग्दैन थ्यो होला नि कानून बनाउने कार्यान्वयन नर्गनको लागि हाम्रो यो सदन हो सभामुख महोदय । के भनि हामी पनि कानून बनाउँदै छौं विधेयक किन बनाउँदै छौं ऐन किन बनाउँदै छौं यदि ऐनको पालना हुँदैन भने त्यो जे गरेपनि हुन्छ भनेर म आज सकि नसकि हाफ सर्ट खोजेर लगाएर आएको छु सभामुख महोदय । यो कुरालाई हामीले याद गर्नु पर्छ कि पर्दैन हेक्का राख्नु पर्छ कि पर्दैन सरकार चलाउने भन्ने कुरा सदन चलाउने भन्ने कुरा ठट्टाका विषय होइन सभामुख महोदय ? त्यसैले त यो प्रदेशका मानिसहरूलाई सबैले हेप्ने गरेका रैछन् । सबैले भन्ने गरेका रैछन् । यो नाराहरू दिएर हुने भएको भए देश परिवर्तन भइ सक्थ्यो बिहान मर्निङ्ग वाकमा हिड्दै थिए एउटा नारा देखे अनि मैले फोटो पनि खिचेर ल्याए सभामुख महोदय । के भनेको रैछ भने यी कृषि कार्यालयको अगाडि पट्टी उन्नत खेती गरेमा कमी हुन्न खानलाई रोजगारी र आम्दानी पर्दैन विदेश जानलाई । यी लेखेर यहाँ कति उन्नत खेती गरियो ? कति खेत बाँझा रहेनन् ? कतिले चाहिँ विदेश जान परेन ? भन्न खोजेको के भने सभामुख महोदय यी नीति तथा कार्यक्रम पनि यस्तै उखान टुक्काहरूले भरिएको छ । यस्तै उखान टुक्काहरूले भरेर यो नीति कार्यक्रम बन्ने हो नीति कार्यक्रममा मैले वास्तवमा यसरी भन्न मिल्छ या मिल्दैन बनाउने हाम्रो आदरणीय अर्थ मन्त्रीज्यू पनि अर्थ समितिको सभापति भइ सक्नु भएको छ सभामुख महोदय ।

त्यो कुरा त्यो विधेक ल्याउँदा के गर्नु पर्छ भन्ने कुरा त त्यहाँ थाहा हुनुपर्थ्यो र गर्नुपर्थ्यो भन्ने मेरो भनाइ हो सभामुख महोदय । यहाँ सबै यहि खालका टुक्काहरू राखिएका छन् । अर्को हामीले गयौं छलफल गयौं, राम्रो गयौं आज हामीले ऐन कानून बनाएर यो प्रदेशलाई अगाडि हाकेर अनि अरू कार्यक्रम गर्नमा हामीले हतार-हतार गयौं कि रारा महोत्सव अथवा कर्णाली महोत्सव भनेर । म अर्को पनि सभामुख माननीयलाई आज सबैले यहाँहरूले सायद हेरिसक्नुभएको छ । म त्यति नेट इन्टरनेट चलाउँदिन त्यति जान्दिन पनि तर आज वाइल वे हेर्दाखेरि देखे म ती मान्छेको नाम समेत पनि भन्न चाहन्छु त्यो तपाईंहरू धेरैले चिन्नु हुन्छ । विष्णुराज उप्रेती उहाँ यो देशको एउटा विज्ञ मान्छे हो ।

सायद हाम्रा नेताज्यूसँग नजिकका मान्छेपनि हुनुहुन्छ तिनी मान्छे यति सकारात्मक मान्छे हुन कि कर्णालीप्रतिको उहाँको धारणा कर्णालीलाई बनाउनको लागि उहाँलाई रिसर्च गर्दै हिँडेको मान्छे हो तर आज उहाँले सामाजिक सञ्जालमा लेखेको कुरा म यो सदनलाई पढेर सुनाउने चाहिँ म अनुमति चाहन्छु सभामुख महोदय । रारा कर्णाली पर्यटन वर्ष घोषणा भयो हालै रारा महोत्सव पनि सम्पन्न भयो । रारा हेर्न महोत्सवले १९ अप्रिल त्यहाँ पुगे । सल्लेरी भन्ने ठाउँ देखि दुई घण्टा जति हिड्नु पर्ने रहेछ । न त्यहाँ कुनै जानकारी लिने माध्यम न समान ढुवानीको कुनै दर रेट । अरिङगालले छोपेजसरी परिचय पत्र बिनाका बिसौ फोटरहरूले घेरिहाले । अति महङ्गो ढुवानी भाडादर । धन्नै ४ के.जी बराबरको १५०० सिण्डीकेट त्यहाँ पनि । होटेलको स्थिति उस्तै । डँफे भन्ने होटेलमा दुई दिन पहिले नै कोठा बुक गरी त्यहाँ बसिसकेपछि राती कुनै न्यायाधिशलाई त्यो कोठा चाहिएकोले हामीले छोड्नु पर्ने आदेश आयो । बसिसकेको कोठा छोड्दा छोड्नु पर्दा त्यहाँ जाने पर्यटकलाई कस्तो महसुस भयो होला शक्ति हुनेले जे गरेपनि हुने कसरी सफल होला पर्यटन वर्ष कसले होला यसको वेथिति सुधार्ने आज हाम्रो उद्देश्य पर्यटन वर्ष बनाउनु यहीं नै थियो बिना तयारी जोस र जाँगरले इमोशनले मात्र कुनै कुराहरू चल्न सक्दैन सभामुख महोदय ।

यसले हाम्रो प्रगति भयो या उन्नती भयो या अधोगति भयो अवोन्नती भयो त्यसलाई सोच्ने कि नसोच्ने यी कुराभन्दाखेरि सायद सरकारलाई अप्ठेरो लाग्ला । लाग्ला हो आज हाम्रो शुरूवातमै दुईजना मान्छेले ज्यान गुमाउनु परेको छ । एउटा वडा अध्यक्षले ज्यान गुमाउँनु परेको छ एउटा महिलाले घोडाबाट लडेर थिचिएर ज्यान गुमाउनु परेको छ । यस्तो बेलामा पनि यो सदनले कुनै बेलामा पनि समवेदना व्यक्त गर्न सकेनौं सभामुख महोदय । मलाई जहाँ सम्म लाग्छ म बिरामीको कारणले म आउन सकेको थिइन तर यो सदनले गऱ्यो होला भन्ने मलाई लाग्यो त्यो पनि भएको रहेन छ । के एउटा कार्यकर्ताको जमघट गर्नको लागि र भाषण गर्नको लागि मात्र यो वर्ष हामीले तयार गरेका थियौं यो कुरालाई पनि हामीले हेक्का राख्नुपर्छ सभामुख महोदय । मैले आज यी कुरा नभनी नहुने भएको हुनाले भएको हो । नत्र आज हामीले ल्याएको जुन नीति तथा कार्यक्रम छ भोलि बजेट कसरी ल्याउँदै छौं मलाई थाहा छैन । तीन महिनाको भनेका छौं पचास वर्ष बढीकालाई पुग्ने चाहिँ यो नीति तथा कार्यक्रम छन् । हाम्रो प्रायोरिटी के हो भन्ने कुराहरू यहाँ पनि आइसकेका छन् । प्रायोरिटि बेसिसमा हामी जानु पर्छ कि जानु पर्दैन ? हाम्रो समृद्धि भनेको के हो आज सबै ठाउँमा हात हालेर यहाँ चाहिँ शब्दजालहरूमा चाहिँ शब्द खेलिएका मैले देखिरहेको छु सभामुख महोदय । एसिपी भनेर लेखिएको छ यहाँ । स्पेसल इकोनमिक प्रोभिन्स कसले बनाउने हो ? हामीले आफूले बनाउने हो कि नेपाल सरकारले बनाइदिने हो ? हामी, हामी स्पेसल भनेर हाम्रो पहिचान हामीले कसरी गर्ने हो हामीले हिजो भन्ने गरेका थियौं सभामुख महोदय । त्यो बेला कर्णाली प्रदेश पछि पर्दाखेरि कर्णालीको लागि विशेष प्याकेजहरू आउँनु पऱ्यो भनेर हामीले केन्द्रीय सरकारलाई भन्ने गरेका हौं तर आज हामी आफैंले आफैंलाई भनिरहेका छौं । एसिजेट भनेर लेखेका छौं । स्पेसल इकोनोमिक जोन बनाउने । ठिक छ यो प्रदेशभित्र कुनलाई जोन बनाउने स्पेसल इकोनोमिक जोन ?

जाजरकोटको एउटा ठाउँलाई ढुंगाखानी जोन बनाउन सकौंला । यी किसिमले लेख्नु पऱ्यो सभामुख महोदय, यो एन.जि.ओ. को दस्तावेज होइन सभामुख महोदय । यो सरकारको नीति तथा कार्यक्रम हो । सरकार बन्ने रहर-रहरले मात्रै सरकार बन्न सक्दैन । त्यसकारणले यसलाई पनि हामीले गहन सोच्नु पर्नेछ । अनि हामीले ल्यायौं स्मार्ट सिटि । स्मार्ट सिटि भनेको के हो सभामुख महोदय मैले बुझेको छैन । मैले बुझेको स्मार्ट सिटि भनेको कैले कहिले त्यसलाई साइभर भिल्ला पनि भन्ने गरेको पनि छ । कहिले-कहिले त्यसलाई डिजिटल सिटि पनि भन्ने गरिन्छ । अहिले-अहिले त्यसलाई चाहिँ इलेक्टोनिक कम्यूनिटि पनि भन्ने गरिन्छ । आज संसारमा दुबइ एउटा भयो, न्यूयोर्क दुईवटा भयो । चीनको सांगाइ भन्ने सिटि भयो । त्यो त आठ दश वटा सिटिभन्दा बढी स्मार्ट सिटि छैनन् । एउटाले ल्याइदिने भन्दिने भनिदियो स्मार्ट सिटि अनि हाम्रो यो स्मार्ट सिटि भइ हाल्ने जसरी नगरपालिका घोषणा गर्ने कुरा गरियो मेरै कालिकोट हिजोको साबिक कर्णालीको कालिकोटमा दुईवटा दुईवटा अझै तीनवटा हुन जस्तो लाग्छ नगरपालिका छन् । डोल्पामा त्यस्तै नगरपालिका छन् । जुन नगरपालिकामा हामी डोको बोकेर हिड्छौं । अर्वान सिटि नगरपालिका भनेको अर्वान सिटि हो ।

सभामुख महोदय, जहाँ केही न केही मिनिमम रिक्वायरमेन्ट भएका हुन्छन् । जहाँ एम्बुलेन्स जान सक्ने होला । जहाँ फायर ब्रिगेट जान सक्नेहोला । जहाँ एउटा राम्रो स्कुल होला । जहाँ सहरीकरणको वातावरण भएकोलाई चाहिँ बनाउने कुरा होस् सभामुख महोदय । त्यतिसम्म हामीले गर्न नसकेका चाहिँ स्मार्ट सिटिको कल्पना गर्न सकिन्छ सभामुख महोदय । स्मार्ट सिटि भनेको सबै एसिडहरूसँग चाहिँ त्यो कार्डमा चाहिँ हुन्छ हामीले चाहिँ यहाँनिर बाट हेर्यौं भने कसको घरमा जाने त्यो घरमा परिवार कतिजना छन्, त्यो घरमा पशुवस्तु कतिजना छन्, त्यो मान्छे कहाँनिर गइरहेको छ भने ती सबै डेटाहरू इलेक्ट्रोनिक डेटाहरू भइसकेपछि आज हाम्रो स्मार्ट सिटि बन्छ । एउटा नगरपालिका राम्रो बनाउन नसकिरहेको बेला

यो कल्पना मात्र गरेर हुन्छ यदि कल्पनानै गर्ने हो भने मत चाहन्थे सभामुख महोदय, अहिले नै यो पर्खाल फोडेर उता जाओस् । अनि अर्को एउटा रो यहाँ आएर ठ्याक्क गरेर हाम्रा चाहिँ सत्तारुट माओवादीले बस्न पाउँन मेरो कल्पना त्यो छ । त्यो गरेरमात्र हुन सक्ने कुराहरू आउँदैनन् नी सभामुख महोदय । यस्ता हलुङ्गो पाराले हामी अगाडि बढ्न सक्दैनौं । आज हामीले भनेका छौं गाउँमा हिजो हाम्रो महिला सांसदज्यूहरूले भावनात्मक कुराहरू बोल्नु भएको छ । एउटा शक्तिकरण भन्दिएका छौं, एउटा जनतालाई खेलाई दिएका छौं । हामीले भन्न सक्थ्यौं सभामुख महोदय ।

यहाँ हामीले के भन्न सक्थ्यौं भने यो क्षेत्रलाई छुवाछुतमुक्त एकजना हाम्रो माननीयज्यूले भन्नुभयो हो छुवाछुतमुक्त त्यो के भयो छुवाछुतमुक्तको नीति बन्यो नीतिका लागि हामी भोलि कार्यक्रम ल्याउथ्यौं, बजेटमा राख्थ्यौं । के-के किसिमले हामीले उहाँहरूलाई सम्झाउने भन्थ्यौं अनि हामीले यो प्रदेशलाई दिशामुक्त क्षेत्र भन्थ्यौं । आज त्यो नीति पनि आएको छैन । किनकी हामीले यी कुराहरूलाई पनि अगाडि बढाउनु पर्नेछ । हामीले अर्को कुरा भन्न सक्थ्यौं कुरितिमुक्त आज छाउपडीको कुरा होस् या अरू धामिझाँक्रीको कुरा होस् या अरूको कुरा हो, छाउपडीका विषयमा मेरा भिन्दै धारणाहरू छन् ती पछि कुरा गरौंला । त्यस्तै यस्ता कुराहरू गर्न सकिन्थो त सभामुख महोदय । जुन कार्यक्रमलाई पनि मिसाएका ती त सत्तापक्षका माननीयज्यूहरूले पनि भनिसक्नु भयो । हामीले अर्को ल्याउथ्यौं जलवायु परिवर्तनले आज ठूलो आघात पुऱ्याएको छ । आज हिजो तपाईंहरू रारा पुगेर आउँनु भयो सायद छाँयानाथमा तपाईंहरूले हिउँको थोपा देख्नु भएन होला । बैशाख जेठ सम्म टनाटन हिउँ हुने डोल्पाका ती लेकहरू नाङ्गा छन्, कालिकोटका लेकहरू नाङ्गा छन् ।

रुकुमको त्योमाथिको सिस्ने केरे हिमाल नाङ्गो छ यसलाई हामीले कसरी गर्नुपर्ने त्यस्ता खालका नीतिहरू ल्याउनु पर्थ्यो की पर्दैन्थ्यो ? शब्दको जाल मैले नबुझेको इन्टरनेशनल एयरपोर्ट भन्ने त मैले सुनेको थिए सभामुख महोदय । यहाँ त हुँदा-हुँदा प्रधानमन्त्री अन्तर्राष्ट्रिय फास्ट ट्र्याक पनि हुन थाल्यो । कुन देशमा छ मैले बुझेको छैन । अन्तर्राष्ट्रिय फास्ट ट्र्याक भनेर । सायद तपाईंहरू आफैंले मुख्यमन्त्री फास्ट ट्र्याक राखेको भए हुन्थ्यो होला, भौतिक मन्त्री राखेको भए हुन्थ्यो होला, सामाजिक मन्त्री राखेको भए हुन्थ्यो होला, प्रधानमन्त्रीले राख्नपर्ने हो भने राष्ट्रपतिका नाम किन नराखेको ? फाष्ट ट्र्याक भनौंन हाम्रो मा यहाँ चाहिँ फलानो-फलानो चाहिँ फास्ट ट्र्याक हुन । कैयौंमा शब्दजाल के गरिएको छ भने कर्णाली करिडोरलाई राष्ट्रिय गौरवको योजना बनाउनको लागि सरकारलाई अनुरोध गरिने छ । कर्णाली करिडोर के अहिले राष्ट्रिय गौरवमा छैन र सभामुख महोदय ? यी खालको प्रवृत्तिमा हामी जानु हुँदैन । अर्को कुरा हामी प्रावि स्कुल राम्रोसँग चलाउन सकिरहेका छैनौं । हामीले स्वास्थ्य चौकीहरू राम्रोसँग चलाउन सकिरहेका छैनौं र हामीले आज यहाँ राखेका छौं कि मध्यपश्चिम युनिभर्सिटिलाई पनि हाम्रो अन्तर्गत ल्याउने, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पनि हाम्रो अन्तर्गत ल्याउने ।

हाम्रा हाइ स्कुल चलाउन सकेनौं यी सबै राम्रो गर्दै गयो त्यसमा पछि त लैजाउँ भनिहाल्छन् नि । हामीले आंगिक कलेजहरू चलाउन सकेका छैनौं सभामुख महोदय । युनिभर्सिटिलाई आंगिक कलेजहरू चलाउनको लागि सरकारलाई हामीले अनुदान मागिरहेका छौं । हाम्रो यहाँ कहीं पनि आएन । हाम्रो राजश्व कति हुने हो हाम्रो यो तीन महिनामा हाम्रो राजश्व कति भयो ? हाम्रो पैसा कति भयो ? हामीले यति पैसा चाहिँ गरेका छौं र हाम्रा कार्यक्रम ल्याउँछौं भनेर भनिएको छैन सभामुख महोदय । यसकारण साह्रै दुःख लाग्दो कुरा छ । यी कुराहरू अहिले हामीले ल्याएर हामीले राजनीतिकरणमात्र गर्न खोज्यौं भने त्यो राम्रो हुन सक्दैन सभामुख महोदय । आज हामीले यो प्रदेशलाई शुरूमा भनेका थियौं बिना प्रतिपक्षको बिना सत्ताको,

हामीले एक भएर यो प्रदेशलाई बनाउने थियौं भन्यौ तर हामीले विस्तारै के गर्न थाल्यौं भने आफूलाई मन परेका मान्छेहरूलाई अनेक कुराहरू गर्ने नपरेकालाई नगर्ने र सहि कुरो भनिदिँदाखेरि पनि यहाँ चाहिँ त्यो उरुन्ठेउलो हुने प्रवृत्ति हो भने यसरी चाहिँ हामीले सहेर बस्ने कुरा पनि हुन सक्दैन सभामुख महोदय । त्यसैले हामीले भन्यौं सबैले बिजुलीको लागि छ, बिजुलीको लागि छ ।

चारवटा सम्पूर्ण प्रदेशलाई हामी यस्तो बनाउने छौं विद्युतीकरण बनाएर पेट्रोलियम पदार्थ पनि युज नगर्ने किनकी ट्वान्टी थर्टिबाट सन्सारले अब पेट्रोलबाट चल्ने गाडि होइन, डिजेलबाट चल्ने गाडि होइन, इलेक्ट्रिसीटिबाट चल्ने गाडिहरू आउँदैछन् । २०३० भनेको धेरै टाढा छैन ११ वर्ष पछि हाम्रा यी पेट्रोलबाट डिजेलबाट चल्ने गाडिहरू थोत्रा बनाएर हामीले राख्नु पर्ने छ । कित हामीले यिनीहरूलाई विद्युतीकरणमा परिवर्तन गर्नु पर्दछ । यी कुराको चाहिँ हामीलाई हेक्का हुनुपर्थ्यो । यी कुराहरू भएनन् यी धेरै कुराहरू छन् अब यी सबै मैले यहाँ भनेर पनि भएन यो शुरूवात नै खल्लो तरिकाबाट भयो यहाँको म्यानेजमेन्ट नै केही छैन, अर्को केही छैन । अब यी कुराभन्दाखेरि हामी नजाने यस्तो खालको लापर्वाही गर्ने चाहिँ सूची लेख्ने सचिवालय यस्तो छ त्यसमा पनि सायद माननीय सभामुखज्यूको ध्यान नगएको हो कि अथवा यी यस्तै हुन यस्तै मान्छेहरू हुन यस्तैले चलिरहन्छन् हामीले जे गऱ्यौं त्यो ठिक हो भन्ने मनसायले हो भने पछि यो ठिक हुन सक्दैन । त्यसकारणले मैले आफ्ना कुराहरू अन्त गर्नुभन्दा पहिला म भन्न चाहन्छु सायद सरकारलाई हतार हुन सक्छहोला, सरकार हतारमा छ । नीति तथा कार्यक्रमहरूलाई सिध्याउँ अनि चाहिँ बजेट ल्याइ हालौं बजेट ल्याएपछि यो चाहिँ पहिला यहाँका ऐन नियमहरू चाहिँ बजेट आउँनुभन्दा पहिला पास होस् ।

म फेरि पनि दोहोऱ्याएर भन्न चाहन्छु सभामुख महोदय । यहाँका दिनु पर्ने पारिश्रमिकहरू कसले के-के पाउँनु पर्ने हुन त्यो नीति नियम बनाइयोस् त्यति नीति, नियम हामी बनाउन नसक्नेले यो राज्यको सञ्चालन हामीले कसरी गर्न सक्छौं अर्को कुरा मैले सायद आज नै हेक्का दिन चाहन्छु । भोलि फेरि भन्ने बेलामा अर्कै कुरा भएछ भनेर नआओस् । मैले सुनेअनुसार अस्ति बजेटको कुरा छ । यो जोसले चल्ने संसद चाहिँ होइन, कानूनले चल्छ । बलले चल्ने भएको भए सायद कुस्ती खेल्ने हो भने दुई चार जना मैले पनि फाल्छु होला दुई चार जना अरूले पनि फाल्छन् । त्यस्तो गर्ने भएको भए एउटा आइटीलाई एउटा सिपाहीले फाल्दिन्थे होला तर यहाँ बल मिचाइका कुराहरू अलिकति आएका हुनाले मैले अहिले नै ध्यानाकर्षण गराएँ सभामुख महोदय । बजेट सायद हामीले भोलि ल्याउने प्रयास गरौंला तर परिच्छेद-१७ विनियोजन तथा अर्थ विधेयक सम्बन्धी कार्यविधि छ त्यसलाई म हेक्का दिलाउन चाहन्छु । विनियोजन सम्बन्धी कार्यविधि यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजना विधेयको सम्बन्धमा यस परिच्छेदमा लेखिएको बमोजिम कार्यविधि बनाइने छ ।

विनियोजन विधेयक प्रस्तुत गर्नुपूर्व बैठकमा बजेट तयारीका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्ताव बाहेक छलफल गरियोस् भनि आर्थिक मामिला तथा योजना मन्त्रीले प्रस्ताव राख्नेछन् । तीन उपनियम बमोजिम गरिने छलफलको कार्यविधि कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभामुखको निर्धारण गरे बमोजिम हुनेछ । ४ उपनियम (२) बमोजिमको छलफल बैठकमा विनियोजन विधेयक प्रस्तुत हुनुभन्दा कम्तीमा पनि १५ दिन पूर्व नै समाप्त भइसक्नु पर्नेछ । प्रि-बजेट छलफल नगरिकन बजेट ल्याउन नसक्ने व्यवस्था हामीले नियमावलीमा बनाएका छौं सभामुख महोदय । हामी आज हिजो मैले सम्झेको थिए मैले कुरा उहाँ तपाईंहरूले निकाल्नु हुन्छ कि भन्नु हुन्छ कि भनेर मैले सम्झेको थिए । मैले दुई तीनवटा जेन्युन कुराहरू राखें यो पारिश्रमिकको सेवा सुविधाको सम्बन्धमा यो

ऐन चाहिँ तुरुन्त गरिहाल्नुहोस् है । यसलाई ल्याइहालौँभन्दाखेरि नि कसैले सुनेन् । अब तपाईँहरूले बजेट कसरी ल्याउनु हुन्छ । प्रि-बजेटको १५ दिन टाइम भनेको छ सभामुख महोदय । यो नगरी किन हामीले कसरी बजेट ल्याउन सक्छौं त्यसैले हतारमा हचुवाको तालमा राम्रै गरौं हामीले राम्रो सोच्दाखेरि पनि जब यो सरकार अगाडि सर्न सकेन जब सरकारमा संलग्न भएका पार्टीहरूको बीचमा आफैं-आफैंमा खुट्टा तानातानको अवस्था देखिसकेपछि अब प्रमुख प्रतिपक्षले त सहि कुरा उठाइ दिनै पर्‍यो । यदि यी कुराहरू गलत हुन भने मैले भन्नु केही पनि छैन । यति भन्दै मैले यहाँहरू बाट बिदा लिए धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख :** माननीय गुलावजँग शाह । समय सात मिनेट ।

**माननीय सदस्य श्री गुलावजँग शाह :** माननीय सभामुख महोदय, आज सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदै गर्दा मलाई पनि यो रोष्टममा उभिएर आफ्ना सुझाव राख्न पाउँदा गर्वको अनुभूति गरेको छु । हामीले यो व्यवस्था शुरूवात गर्दै गर्दा जसरी आज हामीले समग्र कर्णाली प्रदेशबासीको उन्नती प्रगति र समृद्धिको लागि सरकारले ल्याएको नीति तथा कार्यक्रम समग्रमा कर्णाली प्रदेशका बासीहरूको उन्नती प्रगतिको लागि यथोचित ढङ्गले ध्यान दिएको छ दिनेछ भन्ने कुरा राख्न चाहन्छु । खासगरी यो प्रदेश बन्दै गर्दा विशेष परिस्थितिमा यो प्रदेश बनेको थियो । यस्तो बेला यो प्रदेश बन्यो जुन व्यक्तिहरू यो प्रदेश बन्दै गर्दा साहदत्त प्राप्त गरे ।

मैले थोरै सुझाव राख्न चाहन्छु । ती व्यक्ति सहिद हुन त मुलुकको राजनीतिक आन्दोलनमा धेरै सहिदहरू भएका छन् तर खासगरी यो पछिल्लो पटक कान्छो प्रदेश बन्दै गर्दा बनेका सहिदहरूप्रति नीति तथा कार्यक्रमले केही थोरै सम्बोधन गरिदिएको भए अझै सुगन्धित हुन्थ्यो भन्ने कुरा सुझाव राख्न चाहन्छु । खासगरी सरकारले जुन ढङ्गले मेहनत गरेर समग्रतामा नीति तथा कार्यक्रममा सबै कुरा समेटेर ल्याएको छ भन्ने कुरा मैले अनुभूति गरेको छु तर नीति र कार्यक्रम । पोलिसि र कार्यक्रम सिद्धान्ततः नीति समग्रतामा हो तर कार्यक्रम हामीलाई तीन महिनामा पूर्णता गर्नु छ । विभाजन गरेर शिक्षामा यो स्वास्थ्यमा यो कृषिमा यो भनेर हामीले कार्यक्रम फलाट्ली सबैले अनुभूति गर्ने गरी आम पव्लिकले महसुस गर्नेगरी यो कार्यक्रम लेखिदएको भए अझ यसमा पूर्णता हुन्थ्यो भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु ।

सभामुख महोदय, यो कार्यक्रम खास गरिकन, खास गरिकन तीन महिने कार्यक्रम, यो तीन महिने कार्यक्रममा यसको पहुँच हुने ठाउँ पुग्ने ठाउँ यति सम्म हो भन्ने कुरा राख्नु पर्थ्यो, राखिनु पर्थ्यो त्यो कुरा कहीं कतै छुटेको मैले अनुभूति गरेको छु । छोटो अवधिमा यो अवधिमा हामीले गर्न सकिने कामहरू के हुन त्यो कसरी अलि समेटिएको भए राम्रो हुन्थ्यो भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु । खासगरि अहिले हामीहरू संकटको अवस्थामा छौं । सरकार बनेको छ । सरकार छ तर यो सरकारका बीचमा कर्मचारीको व्यवस्थापन, कार्यालयको व्यवस्थापन, जनतालाई अनुभूति हुने खालको व्यवस्थापन हामीले गरेको भए अलिकति यो कार्यक्रम नीति तथा कार्यक्रमले यो कुरा छुन्थ्यो कि भन्ने कुरा मलाई लागेको छ । यस्तो बेलामा हामीले कर्मचारीको व्यवस्थापन सरकार बन्दै गर्दा सरकारले बहन गर्नुपर्ने नीति तथा कार्यक्रम र वास्तवमा हामीले यी कार्यक्रम राखिदएको भए यो नीति तथा कार्यक्रमले अलि जनमन छुन्थ्यो कि भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु ।

सभामुख महोदय, खास गरिकन सञ्चारको क्षेत्रमा, सञ्चारको क्षेत्रमा जुन खालको प्राइभेट सञ्चार र सरकारी सञ्चारका स्किल डेभलपमेन्टका रूपमा त्यसलाई अभिवृद्धि गर्ने गरिकन र प्राइभेटस्तरका सञ्चारहरूलाई

हामीले कसरी अझै जगेर्ना गर्न सक्छौं । कसरी हामीले ती सञ्चारहरूलाई सुदृढ गराउन सक्छौं । यो सन्दर्भमा अलि थोरै केही यो कार्यक्रममा आइदिएको भए अझ राम्रो हुन्थ्यो भन्न चाहन्छु । आमसञ्चार जनताको पहुँच र समृद्धिको कुरा पनि हो । जबसम्म सञ्चारको कुरा जन-जनसम्म पुग्न सक्दैन तब सम्म समृद्धको कुरा जनतालाई सामेल गर्न सकिदैंन । त्यसैले योभित्र हामीले सञ्चार यसरी पुऱ्याउछौं भन्ने ढङ्गले ल्याइदिएको भए अझ राम्रो हुन्थ्यो भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु ।

सभामुख महोदय, जहाँ सम्म जमुना हिल्सा सडक, भेरी कर्णाली करिडोर लेख्दै गर्दा मैले फेरि पनि दोहोऱ्याउन चाहन्छु । रारा लुम्बिनी एउटा द्रुतमार्ग हामीले बनाउन सक्यौं भने कर्णाली प्रदेशमा ५ लाख पर्यटक भित्र्याउने हाम्रो टार्गेट छ । रारा लुम्बिनी राष्ट्रिय करिडोरमा जोड्न सकियो भने मलाई लाग्छ सल्यान, जाजरकोट, दैलेख, कालिकोट र मुगु यीलाई जोडेर एउटा राष्ट्रियस्तरको करिडोर बनायौं भने दुई प्रदेशको बीचमा कनेक्टिभिटी बनायौं भनेपछि यो राष्ट्रिय गौरवको आयोजना बन्छ र बुटवल लुम्बिनीमा आउने बौद्धमार्गीहरूलाई रारामा लगेर हामीहरूले घुमाउन सक्यौं त्यहाँको पहिचान दिन सक्यौं भने एउटा राष्ट्रिय गौरवको आयोजना बन्ने छ । यो नीति तथा कार्यक्रममा जमुना हिल्सा रोड बन्दै गर्दा रारा लुम्बिनी पनि यसमा लेख्दिएको भए राष्ट्रिय गौरवको आयोजनामा हाम्रो प्रदेश पनि अर्को कुरामा जोडिन्थो र दुई प्रदेशको बीचमा एउटा कनेक्टिभिटिको रूपमाहुन्थ्यो भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु । बाँकी सुर्खेतको एउटा ऐतिहासिक धरोहर जसलाई काँक्रेबिहार भनिन्छ ।

२०५८ साल देखि बन्दै गरेको काँक्रेबिहार अहिलेसम्म सुस्त गतिमा नबन्नु यसको बारेमा सरकारले थोरै कुरा उल्लेख गरिदिएको भए राम्रो हुन्थ्यो भन्न चाहन्छु । काँक्रेबिहार जसरी बन्नु पर्थ्यो आज १४ वर्ष १६ वर्ष भइसक्यो यो किन सुस्त गतिमा निर्माण भइरहेको छ यसमा सरकारले थोरै कुरा उल्लेख गरिदिएको भए राम्रो हुन्थ्यो भन्न चाहन्छु । समग्रतामा सरकारले ल्याएको नीति तथा कार्यक्रम धेरै मेहनत गरेर प्रस्तुत गरेको छ । यसलाई हामीले सहर्ष स्वीकार गर्छौं । अझ यसले जनताका बीचमा प्रस्पोटिक ढङ्गले काम गरोस् सुझावको रूपमा राख्न चाहन्छु । हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय करविर शाही, समय सात मिनेट ।

**माननीय सदस्य श्री करविर शाही :** सभामुख महोदय, आज हामी संविधानले व्यवस्था गरे अनुरूप दोस्रो तहको कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्दैछौं । कर्णाली प्रदेश सरकारले संसदमा यो ४ महिनाको लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । समग्रमा नीति तथा कार्यक्रम समय सुहाउँदो र असान्दर्भिक नभएता पनि यसले लिन खोजेको बाटो अलि पहिल्याउन नसकेको जस्तो धेरै कार्यक्रम नीतिभन्दा कार्यक्रम सम्बन्धी बाटोलाई लिइ त्यसले पछ्याएको जस्तो देखिन्छ । खासगरिकन नीति भन्ने चिज नीति भनेको सानो कुराले धेरै कुरालाई प्रस्तुती गर्नुपर्ने हो, देखाउनु पर्ने थियो । यहाँ नीतिले डोऱ्याउनेभन्दा पनि कार्यक्रमले डोऱ्याउने जस्तो र सँगसँगै पछि आउने बजेटले खासगरिकन यसका कार्यक्रमलाई प्राथमिकता दिने हो कि भन्ने खालको यो नीति तथा कार्यक्रम पाइएको छ । यसलाई छोटकरीमा वास्तवमा भन्नु पर्दा सेक्ट्रल हिसाबले पूर्वाधार, पर्यटन, कृषि क्रमशः ती विषयहरूलाई लेख्दै गएको भए यति लामो पनि हुन्थेन जस्तो लाग्छ र विषयहरू दोहोरिएको जस्तो पनि लाग्थो । म यसरी अब आउदा सुधार त हुन्छ कि हुँदैन हामी पहिलो चोटी यहाँ अभ्यासमै छौं तर सुधार गर्नका लागि मैले अनुरोध गर्न चाहन्छु । सँगसँगै हामीले यो नीति तथा कार्यक्रममा विषयहरू धेरै आए तर हामीले यसको प्राथमिकीकरण खासगरिकन के गर्ने हो मलाई लाग्छ हामीभन्दामाथि संघीय सरकार छ ।

संघीय सरकारलाई संघीय सरकारद्वारा सञ्चालित कार्यक्रमहरूलाई एउटा ठाउँमा एउटा भागमा राखेर तिनलाई त्यो खालको विशिष्टकृत गर्नुपर्थ्यो जस्तो मलाई लाग्छ । किनभन्दा त्यो उसको दायित्त्व हो र अहिलेसम्म उसले सञ्चालन गरिरहेका योजनाहरू फेरि पनि उसको दायित्वभित्र पर्छ कि पर्दैन त्यो हिसाबले क्याटोगोराइज गरेको भए एउटा बाटोबाट अगाडि बढ्थ्यो र प्रदेशले आफ्नो गौरवका आयोजनाहरू सञ्चालन गर्नका लागि प्रदेशका गौरवका यति धेरै विषयहरू आइसकेपछि गौरवका विषयहरू प्रदेश गौरवका आयोजनाहरूको विषयको सूची मैले यहाँभित्र पाइन । वास्तवमा प्रदेश गौरवका आयोजनाहरूको सूची पनि यो नीति तथा कार्यक्रमभित्र पर्नुपर्थ्यो । सरकारले त भन्ला जवाफ सजिलै छ । हामीले बजेटमा ल्याउँछौं । सजिलै छ यो कुरा जवाफ दिने कुरा त हामीले यो बेला यहाँ हामी यति विषय लेखी रहँदा हामीलाई काउँकुति लाग्यो वास्तवमा यो छुट्यो कि त्यो छुट्यो कि हिजो देखि सांसदज्यूहरूले भनि रहनु भएको छ मैले पनि उठाउनु पर्ने हुन्छ ।

यो धर्म हो वास्तवमा, किनभन्दा केही जिल्लाहरूको विशिष्टकृत उत्पादन त्यहाँ जल, जमिन, जंगलरत्न पत्थर लगाउतका ठाउँहरू छन् तिनलाई यो आर्थिक वर्षभित्र शुरू गरिने छ भन्ने लेखेको भए अलि आशावादी भइन्थ्यो कार्यक्रम गोडा पाँच एक वर्षको लागि आएर भयो तर त्यसले नीति तर सबै समेटियो । समेट्दा देख्दा हामी सबैलाई खुसी लाग्या छ । पाँचवटा वर्ष यहीं नीति तथा कार्यक्रममा तल बितल गरेर वरपर लडिबुटि खेलेर पूरा होला जस्तो त देखिन्छ तर केही त्यस्ता नीतिहरू छन् जो ५ वर्ष हामीले पूरा गरेर जाँदा ५ वटा वर्ष हामीले खेलेर जाँदाखेरि पनि ती नीति तथा कार्यक्रम पूरा नभएर अधुरो रहने वा अधुरो त हामीले ग्रहण गर्न नसक्ने अवस्था देखिने खालका पनि नीति तथा कार्यक्रममा समावेश भएका छन् यसलाई क्याटागोराइज गरिनुपर्छ र सँगसँगै मैले अलिकति यहाँ राख्न चाहन्छु । हामी संस्थागत विकास दिन केही पनि गर्न सक्दैनौं अगाडि बढ्न सक्दैनौं । वास्तवमा संस्थागत विकास भनेको हामीलाई सबैभन्दा पहिला सरकार छ, संसद छ संसद पछि योजनाको कार्यान्वयन गर्ने ठाउँ त्यसको कलेक्सन गर्ने र त्यसको विशिष्टकृत गर्ने ठाउँ योजना आयोग हो जस्तो लाग्छ ।

हामीले बेलैमा यो आर्थिक वर्षमा कम्तीमा पनि योजना आयोगको गठन गर्ने छौं । भन्ने लेखेको भए राम्रो हुन्थ्यो कि छोटकरीमा र सँगसँगै अलिकति प्राथमिकताक्रम अब रारा कर्णाली पर्यटन अँ प्राधिकरण गठन गर्ने कुरा अलिकति यो व्यवहारमा विशिष्टीकृत गर्दाखेरि अलि तलबितल परेको हो कि जस्तो लाग्यो किन रारा कर्णाली रारा महोत्सव भयो महोत्सव गरेको कारणले त्यहाँ चाहिँ हामीले यो गठन गर्ने छौं भनेर लेख्ने तर खास गरिकन यो प्रदेशको योजनाको नेतृत्व गर्ने जो संस्था हो जो इन्स्टिच्यूसन हो त्यसलाई गठन गर्ने बाटोतिर अगाडि हामी नबढ्दाखेरि यो तीन महिनामा के गर्नेभन्दा पनि नीति तथा कार्यक्रम आउने तर यो चल्ते चलाते केहीपनि गरेर जान नसक्ने स्थिति हो कि जस्तो यसले चाइने उद्घोष गरेको छ ।

सँगसँगै मैले अलिकति यो पर्यटकको कुरा राख्नुपर्छ महोत्सवलाई यो वर्षलाई महत्त्वकांक्षी त बनाउनै पर्छ । सपना नदेख्नेले केही काम गर्न सक्दैंन तर सपना पनि अलि फलदायी हुने हिसाबले महत्त्वकांक्षा पनि ठिक्क हिसाबले देखेको भए राम्रो होला कि ? एक वर्षमा ५ लाख पर्यटक भनेको पर्यटक भनेको के हो भन्ने बुझेका छौं । हामी जाने आउने आन्तरिक जानेमा आउनेमा मात्र कुरा हो कि पर्यटक भनेको हाम्रो जि.डि.पि.मा केही वृद्धि गर्ने खालका अन्तर्राष्ट्रिय पर्यटकहरू आउने अरू प्रदेशकाहरू आउने र हामीले पर्यटक भनेर किटिएका मान्छेहरू आउने विषय हो वास्तवमा यो यसलाई परिवर्तन त मैले अघि नै भनिहाले । परिवर्तन हुन्छ कि हुँदैन सुझाव मैले दिन चाहन्छु । वास्तवमा एक लाख राख्ने हो भने यो ठिक्क ठाउँमा पुग्छ जस्तो मलाई लाग्छ । कि त ५ वर्षको नीति हो भन्न पर्‍यो । पाँच वर्षका ५ लाख

पुऱ्याउने कुरा त सान्दर्भिक होला तर एक वर्षमा पाँच लाख पुऱ्याउने कुरा त्यति सजिलो र त्यति कुरा गर्ने विषय होइन । किनभन्दा नीति तथा कार्यक्रमको साउन पछि अर्को बजेट आउँदा कही न कही समिक्षा त हुन्छ नि । हामीले यो बेला छलफल गरेका नीति तथा कार्यक्रमहरू अर्को बजेट आउदा कति पूरा गयौं र कति पूरा गर्न नसक्ने अवस्थामा छन् । लान पर्ने हो यी विषय पनि त ख्याल गर्नुपर्ने होला त्यसकारणले यो तर्फ सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

सँगसँगै केही विषयहरू रुपान्तरित विशिष्टिकृत गर्ने क्रममा प्राथमिकीकरणकै कुरा गर्छु म । अपर कर्णाली, नलसिङगाड जलविद्युत आयोजना दुईवटा दुई महिना पछि अपर कर्णालीको एउटा स्टाटस छ । नलसिङगाडको दुई महिना पछि डि.पि.आर. आउने स्थितिमा छ योसँगसँगै फुकोट जगदुल्ला लगायतका ती पनि योजना यो प्रदेशका साझा सम्पत्ति होलान् । ल्याउन सकिए प्रदेशले आफ्नो गौरवको योजनामा राख्न सक्ला तर अलरेडि डि.पि.आर.भइ सकेका निर्माणको चरणमा रहेकालाई सँगसँगै गज्याङमज्याङ पारेर ल्याउने कुरा राम्रो होइन कि ? यसलाई राष्ट्रिय गौरवका अपर कर्णाली र नलसिङगाडलाई राष्ट्रिय गौरवका आयोजनामा समावेश गर्ने गरी पहल गरिने छ भन्ने विषय राखेर अरू विषयहरू प्रदेश गौरवका आयोजनामा राखे राम्रो होला कि यसलाई भन्ने मलाई लाग्या छ ।

सँगसँगै हिजो धेरै विषय उठ्यो नाक्चेनाग्लाको वास्तवमा यसलाई लेख्ने क्रममा यो प्रदेश समृद्धिका लागि प्रदेशको विकासका लागि वास्तवमा दुईवटा एउटा दक्षिण र एउटा उत्तरी नाका खोलिने छ भन्ने मात्र नीति भनेको भए विषय यसरी रुपान्तरित भएर आउने थिएन । पछि कार्यक्रममा हामीले यसरी ल्याउने थियौं । त्यसको डि.पि.आर हुन्थ्यो । त्यो हिसाबले आएको भए यो विषयकृत भएर आफ्नो विषय सांसदले बजेटमा छलफल गर्नुपर्ने विषय नीति मै छलफल गर्नुपर्ने आउने थिएन भन्ने मलाई लाग्या छ । सँगसँगै आज अघि कुरा पनि आइहाल्यो शुरूवातै अलि बेठिक ढङ्गबाट शुरूवात भयो केही यो व्यवस्थापनको कारणले म क्षमा माग्न चाहन्छु ।

वास्तवमा यो स्मार्ट सिटि लगायतका विषयहरू जे छन् यो अलि-अलि विषयकृत वास्तवमा के गरेर आउने स्मार्ट सिटिको अबधारणा वास्तवमा ७९ मा जाने कि १० वटामा शुरूवात गर्ने यो वर्ष पाइलट पोजेक्टका रूपमा दुईवटा ठाउँमा गर्ने अथवा वीरेन्द्रनगरमा गर्ने यसपाली राजधानीमा शुरू गर्ने भन्ने कुरो भएको भए राम्रो हुन्थ्यो होला जस्तो लाग्छ ।सँगसँगै यतिका विषय भनि सकेपछि तेलपानीबाट, बर्दियाबाट प्वाल पार्ने कुरा गरीसकेपछि हामीले उद्योग खोल्ने कुरा त गरेका छौं उद्योगको लागि पावर चाहिन्छ कि चाहिँदैन ?पावरका लागि यो ३३ के.भि को लागि १३३ बनाउनु पर्छ कि पर्दैनथ्यो ? यति दुई लाइन लेखेको भए उद्योग स्थापना गर्नका लागि सहज हुन्थ्यो होला जस्तो मलाई लाग्छ । वास्तवमा आजको यो बैठकमा सरकारलाई यो नीति तथा कार्यक्रममा केही सुझावको रूपमा यहाँ प्रस्तुत गरियो । शुरूवातमा अलि बेठिक बाटो अलिकति विरोधी शैलीबाट भएको हुनाले सबै त्यतैतिर जोडिए जस्तो सरकारलाई नलागोस् भन्ने धारणा राखेर बिदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कुर्मराज शाही । समय सात मिनेट ।

**माननीय सदस्य श्री कुर्मराज शाही :** सभामुख महोदय, यो प्रदेश सरकारले २०७४/०७५ को तेस्रो चौमासिकका लागि प्रदेश सरकारको नीति र कार्यक्रम यो गरिमामय सदनमा पेश गरेको छ । प्रस्तुत गरेको छ र यो पेश गरेको नीति र कार्यक्रममा हामी सांसदहरू छलफलको प्रक्रियामा हामी सामिल भएका छौं र यो अध्ययन गर्ने समय सायद पर्याप्त भएन र सरसर्ती अध्ययन गर्ने क्रममा मैले हेरें यसको वारेमा

हेर्ने क्रममा चाहिँ यो प्रतिवेदनको यो नीतिको लेखनको व्यवस्थापन हुन नसकेको जस्तो मैले महसुस गरेको छु । लेखन कार्यको जो व्यवस्थापन हुनु पर्ने हो, जो शब्दको विनाश हुनु पर्ने हो, जुन शिलशिलेबार ढङ्गले क्रमिक ढङ्गले आउँनु पर्ने हो त्यो प्रकारको आएको अनुभूति मैले गरेको छैन । त्यो भएको हुनाले सायद मलाई लाग्छ यो संसद सचिवालय र यो प्रदेश सरकारको र प्रदेश सरकारसँग रहेका सचिवहरूको म ध्यानाकर्षण गर्न चाहन्छु । त्यो भएको हुनाले यो एउटै विषय धेरै ठाउँमा चाहिँ दोहोरिएको मैले महसुस गरेको छु । वनमा प्रस्टै आउँनु पर्ने कुरा सञ्चारको कुरा वन भित्रै हालिएको छ । सञ्चारको विषयवस्तुलाई उल्लेख गरिरहँदाखेरि शिक्षाका विषयवस्तुले त्यहीं प्रवेश पाएको छ ।

भौतिक पूर्वाधारको विषयवस्तुलाई उठान गरिरहँदा नीतिमा उठान गरिरहँदाखेरि अर्को विषय वस्तुले त्यहीं प्रवेश गरेको छ । यो पढ्ने क्रममा अलिकति गन्जागोलको स्थिति भएको छ । त्यो भएको हुनाले आगामी दिनहरूमा प्रष्ट हुन म आग्रह गर्न चाहन्छु र सरकारको ध्यान यतातिर आकर्षित गर्न चाहन्छु र यद्यपी छोटो समयको भए पनि र यो अत्यन्तै सान्दर्भिक छ । सायद मलाई लाग्छ यसले पाँच वर्षका निम्ति १५ वर्षका निम्ति एउटा आधार निर्माण गरेको छ यो नीति ले । पक्कै पनि यो नीतिलाई कानुनी प्रक्रियामा लिँदाखेरि हामीले इमान्दार ढङ्गले यसलाई चाहिँ कार्यान्वयन गर्न सक्यौं भने यो प्रदेशले ५ वर्षभित्र  केही न केही आफ्नो मुहार फेरेको अनुभूति यहाँको जनतालाई दिलाउने छ भन्ने विश्वास पनि मैले लिएको छु । त्यो भएको हुनाले यसमा मेरो केही सुझावहरू म यो सभामुखमार्फत् यो सदनमा राख्ने म अनुमति चाहन्छु ।

- यो दफा १ सशस्त्र भन्ने शब्द चाहिँ हटाउँदा राम्रो होला । म यसको धेरै व्याख्या गरिन । शसस्त्र आन्दोलन हटाएर १० वर्षे जनयुद्ध र ऐतिहासिक जनयुद्ध लडेकै हो । १० वर्षे जनयुद्धले सबै कुराको फेस गर्छ भन्ने कुराको मैले महसुस गरेको छु ।
- १० वर्षको जनयुद्ध ऐतिहासिक जनक्रान्ति अथवा क्रान्ति शब्द चाहिँ अप्ठ्यारो हुन्छ भने प्रतिपक्षका मित्रहरूलाई यो चाहिँ मलाई के लाग्छभन्दाखेरि क्रान्ति भन्ने शब्द ऐतिहासिक जनआन्दोलन भनेर सबैको सुपाच्य शब्दचाहिँ हुन्छ, यो राख्दा राम्रो होला ।
- यसैगरी २ मा यो वेपत्ता र पीडितहरूको व्याख्या हुन सकिरहेको अवस्था चाहिँ छैन । मान्छे वेपत्ता भएको छ क्षतिपूर्ति गरेको छ इन्डियामा बसेर करोडौं पैसा कमाएको छ । त्यो मान्छेलाई मलाई के लाग्छभन्दाखेरि त्यो मान्छेले चाहिँ यो संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउनका निम्ति त्यसले कन्ट्रिबिउसन गरेको होइन भन्ने कुराको महसुस मैले गरेको छु । यसले योगदान गरेको छैन त्यो भएको हुनाले यो वेपत्ता र पीडितको त्याग नभएर सहिदहरूको बलिदानलेभन्दा राम्रो हुन्छ । त्यो भएको हुनाले सहिदहरूको बलिदान मात्र लेखे पुग्छ ।
- त्यसैगरी ३ मा यो भौगोलिक विविधता होइन हाम्रो । नेपाल भएको भए भौगोलिक विविधता हुन्थ्यो हिमाल, पहाड, तराइ हुन्थ्यो । यहाँ त भौगोलिक विविधता होइन यहाँनेर सुर्खेत मात्र समथर जग्गा हो । सिँजामात्र अलि समथर जग्गा हो । होइन भने भौगोलिक विविधता नभनेर भौगोलिक विकटता भनेर लेख्दा राम्रो हुन्छ भन्ने जस्तो लाग्छ मलाई त र यसैगरी अर्को विकास र समृद्धि नभएर, विकास र समृद्धि केरे हिजो पनि उठाउँनु भा थो माननीय सांसदज्यूले त्यसैसँग रहेर म के भन्न चाहन्छु भने विकास र समृद्धि नभएर आर्थिक समृद्धि लेख्दा उपर्युक्त हुन्छ होला जस्तो लाग्छ मलाई त ।
- विकासको पाटो फरक पाटो हो समृद्धिको पाटो फरक हो । समृद्धिको पाटोलाई समृद्धिको लक्ष्यलाई परिपूर्ति गर्नको निम्ति विकासले थप्ने कुरा हो । त्यो भएको हुनाले मलाई के लाग्छभन्दाखेरि यसमा आर्थिक समृद्धि भन्ने कुरा लेखियो भने राम्रो हुन्छ भन्ने मलाई लाग्या छ ।

- यसैगरी ६ नम्बरमा चाहिँ दफा ६ मा आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माणभन्दा अलि राम्रो हुँदैन कि । शोषणरहित समाजको निर्माण भन्ने ठाउँमा चाहिँ सामाजिक न्याय भन्ने शब्द चाहिँ सबैको लागि सुपाच्य हुन्छ भन्ने मलाई लाग्या छ ।
- यसैगरी अर्को चाहिँ प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतशिल भन्ने शब्द अलिकति यो सापटि शब्दजस्तो मलाई लाग्या छ, त्यो भएको हुनाले त्यो शब्द नभनेर यसमा मलाई के लाग्छभन्दाखेरि समाजवादउन्मुख अर्थतन्त्रमा विकास भन्ने शब्द राख्दा ठिक होला जस्तो लाग्छ मलाईत ।
- यसैगरी दफा ४ मा पहाडी जिल्ला भनिएको रहेछ त्यहाँनेर पहाडी जिल्ला नभनेर भौगोलिक विकटता बढी भएको जिल्लाहरूभन्दा चाहिँ उपर्युक्त होला सुर्खेत बाहेक ।
- यसैगरी पाँचौं नम्बरमा दफा ५ मा प्राधिकरणको आधारमा जलस्रोत, पर्यटन, कृषि, जडिबुटीको पहिचान खोजतलाससँग सम्बन्धित उद्योग स्थापना गरिने छभन्दा लेख्दा राम्रो होला किन भने यहाँनेर के लेखियारहेछ भने यहि लेख्दै क्रममा नीतिगत हिसाबमा अब हामीले के गर्न पर्थ्यो हाम्रो फस्ट प्रायोरिटी के हो त यहाँनेर । आर्थिक समृद्धिको दिशातिर अगाडि बढ्नका निम्ति हामी समाजवादमा जानका निम्ति चाहिँ मलाई के लाग्छ हाम्रो प्रथम प्रायोरिटी के हो । यसमा नीतिगत हिसाबले हेर्दाखेरि आजदेखि स्टार्ट गर्नुपर्छ आजदेखि शुरूवात गर्नु पर्छ । आजदेखि शुरूवात गर्‍यो भने मात्र हुन्छ गन्जागोल भाषा र शैलीमा आएको नीतिगत हिसाबले लेख्न सक्यौं भने लेख्यो भने के हुन्छभन्दाखेरि भोलि जाने ठिक ठाउँमा नगएर अर्को बेठिक बाटोतिर गएको हामीले र जनताले महसुस गर्छन् त्यो भएको हुनाले यसलाई प्रायोरिटि यसलाई प्राथमिकीकरण गर्न आवश्यक म देख्छु । प्रस्टै शब्दै उल्लेख गर्दाखेरि राम्रो होला भन्ने मैले महसुस गरेको छु । यसैगरी भौतिक पूर्वाधारमा सडक, यातायात, यसैगरी विमानस्थल यो कर्णाली बोर्डर किन लेख्न आवश्यकता छ र मलाई यो लाग्या हो । यो लेख्न आवश्यकता नै छैन यो ठ्याक्कै ड्याम्मै सडक भन्दिए हुन्छ । हाम्रो दोस्रो प्रायोरिटिमा के हो । भौतिक पूर्वाधार चिनिया विकास पनि हामीले हेर्नुपर्छ ।

समय लामो छैन कम्तीमा लिकक्वानले कहाँबाट आर्थिक क्रान्तिको शुरूवात गरेका थिए र चिन आर्थिक महाशक्ती राष्ट्रहरूमा पुग्यो ? थोरै अध्ययन गर्न चाहिँ जरुरी छ । आज लिकक्वानले कहाँबाट शुरूवात गरेका थिए ? सिंगापुर मलाई लाग्छ आज यो ठाउँमा आइपुग्यो यसैगरी वासिङटन डि.सि. ले कहाँबाट स्टार्ट गरेका थिए आज अमोरिका आज यस्तो भयो । कम्तीमा त्यो तिनीहरूको अध्ययन गर्‍यो भनेपनि मलाई के लाग्छ भने हाम्रो नीति बनाउनलाई त्यसलाई आधार मात्रै बनाउन सक्यौं भने त्यो भएको हुनाले मलाई सडक, यातायात, लिएर यस्तै केही पनि नगर्ने जतातते घुमेर फिरेर आए पनि विषय तपाईंको आफ्नो इच्छाशक्ति तपाईंको परिपूर्ति गर्ने हिसाबले नीति बनाइयो भने भोलि प्रदेशको समृद्धि ओझेलमा पर्छ । त्यो भएको हुनाले यो नीति यतातिर केन्द्रीत होस् भन्ने म चाहन्छु । यसैगरी यस कार्यमा आम प्रादेशिक नागरिक, आम प्रादेशिक नागरिकको महत्त्वपूर्ण भूमिका राख्दा राम्रो यो व्यक्ति, उद्योग, पत्रकार भन्न केही जरुरी छैन यहाँनेर ।

प्रदेशका नागरिक सकियो सबै प्रदेशका नागरिक हो हामी । सांसद पनि प्रदेशको नागरिक हो, मुख्यमन्त्री प्रदेशको नागरिक पत्रकार सबै प्रदेशको नागरिक हो । जसले हेन्डलिङ गर्ने हामी नोकर हो स्वयमसेवक हो । सरकार भनेको जनताको स्वयमसेवक हो, नोकर हो हामी त्यो भएको हुनाले प्रदेशका नागरिकभन्दा चाहिँ राम्रो होला । यो बुद्धिजिवी पत्रकारलाई सम्बोधन गर्नुपर्ने केही जरुरी छैन यहाँ नेर । यसैगरी अँ यसैगरी यो छ यहाँ यो धेरै छ हैन अब यो समयले साथ दिइरहेको अवस्था छैन सुझावहरू लिखित रूपमा

पनि दिने छु र अब अन्तिममा एउटा अब बत्ति बलिसक्या छ यो दुईतिरको हिसाबले मलाई के लाग्छभन्दाखेरि जिल्लामा चाहिँ यो समन्वय समिति निस्क्रिय अवस्थामा छ । यसलाई चाहिँ मलाई लाग्छ प्रदेश सरकारको बजेट कार्यान्वयन गर्नका निम्ति त्यसलाई एक्टीभ बनाउँदा प्रभावकारी हुन् । त्यहाँभित्र अहिले पनि केही संयन्त्रहरू छन् । जिल्लाको डि.टि.आ. भएर त्यहाँ बसेको छ । यसैगरी मलाई के लाग्छभन्दा कृषिको प्रतिनिधि पनि त्यहाँ रहन्छ । तिनीहरूलाई एक्टीभ गर्यौं भने दुई महिना भत्र चाहिँ हामीले मलाई लाग्छ यो हाम्रो यो-यो हाम्रो कार्यक्रमहरू अँ कार्यान्वयन गर्न सक्रिय रहने आधार त्यसले दिन्छ र यसैगरी यो रन्जुमार्ग काहींपनि जोडिएको छैन मेरो त मुख्य इन्ट्रेसको विषय नै त्यहि हो । यो पुरै विकटता पुरै पहाडै पहाडले भरिएको यो प्रदेश भएको हुनाले बत्ति हामीले उत्पादन गर्ने सक्यौं भने । त्यसपछि प्रत्येक ठाउँमा गएर केबुलकार मात्रै जोड्ने हो भने सबभन्दा मलाई लाग्छ पर्यटनको विकासमा यो सञ्चित कोषमा सबैभन्दा ठूलो आर्थिक मलाई लाग्छ मतलव कन्ट्रिबिउट गर्ने क्षेत्र नै त्यहि केबल कार हुन्छ । त्यो एउटा छोडिया छ यसलाई चाहिँ सम्बोधन यो नीतिमा आओस् भन्ने म चाहन्छु । अनि काइनेटको बारेमा काहीं कुरै उठाइएको छैन । ८० हजार किलोमा बिक्री हुन्छ । आज प्रत्येक हाम्रा माननीय सांसदहरू महिला सांसदहरू हुनुहुन्छ प्रत्येकले औंठि हाल्नु भएको छ । प्रत्येकको ठाउँमा त्यो पत्थर छ । ८० हजारमा बिक्री हुन्छ जैपुरमा हामीले किन्दाखेरि कतिमा महङ्गो गरी किनिराखेका हुन्छौं । युगाण्डामा सुन हुन्छ त्यो सुन महङ्गो छ तर इन्डिया आउँदाखेरि सुन चाहिँ सस्तो हुन्छ आज त्यस्तै भइराखेको छ । त्यस्तै भएको अवस्था छ हाम्रो देशमा छ त्यो भएको हुनाले दैलेखका काइनेट पाउँछ, जाजरकोटमा काइनेट पाउँछ, कालिकोटमा काइनेट पाउँछ । यो काइनेटको विषयवस्तु काहिँपनि नीतिको रूपमा आउँन सकेन यो आओस् भन्ने चाहन्छु । यसैगरी यो राजमार्गको बारेमा चाहिँ के हो त कर्णाली करिडोरमा मात्रै नभन्नुस् त्यो सँगै हिजै गरेको कुरा हो त्यो । केन्द्र सरकारले कर्णाली करिडोर भनेर मलाई लाग्छ यो सुर्खेत देखि लिएर रास्कोट हुँदैमाथि हुम्ला सम्म पूराको छ ।

कर्णाली करिडोर त्यो हो या कर्णाली करिडोर अस्ति प्रधानमन्धी जो सम्बोधन गर्नुभएको छ रारा तालमा सबैको हाम्रो ध्यान त्यहाँनेर केन्द्रीत भएको छ । त्यो मुगु देखि लिएर जमुनाह हो या मुगु देखि चाहिँ मलाई लाग्छ अब मभन्दा पूर्व बोल्ने माननीय सांसदले भन्ने भएको छ कि चाहिँ तपाईंको लुम्बिनीदेखि नाक्चेनाग्ला हो यसको प्रस्टै ढङ्गले मलाई लाग्छ यो नीतिगत हिसाबले आउँनु पर्छ । ***(माननीय सभामुख :*** *समयलाई ध्यान दिनु)*

म भन्न चाहन्छु र यसैगरी एक गाउँपालिका एउटा डाक्टरको व्यवस्था गर्नुपर्छ । यो नीति मा आउँनुपर्छ त्यसपछि गएर यो अन्तिममा अब धेरै छैन । जलारको बाँधको मनोविज्ञानलाई अन्त्य गर्नु पर्छ यहाँ त । अहिले पनि निर्माण यो प्रदेश दलाल नोकरशाही पूँजीगत त्यो फसिरहेको छ । हाम्रो मानसिकता पनि त्यतातिर केन्द्रीत भएको छ । दलाल नोकरशाह पूँजीवादको जो मानसिकता निर्माण भएको छ मनोविज्ञान निर्माण भएको त्यसले अन्त्य गरेर प्रदेश मानसिकता निर्माण यो राष्ट्रको मानसिकता निर्माण हाम्रो स्वाधीनताको हाम्रो अर्थतन्त्रको राष्ट्रिय पूँजीको मानसिकता निर्माण गर्ने दिशातिर नीति अगाडि जाओस् भन्ने यहीं सुझाव दिँदै म बिदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कृणा शाह । समय सात मिनेट ।

**माननीय सदस्य श्री कृष्णा शाह :** माननीय सभामुख महोदय, आज सम्मका हाम्रा बैठकहरू अत्यन्तै दुर्गामी महत्त्वका बनेका छन् र हाम्रा लागि परिणाममुखी र उपलब्धीमूलक बनेका छन् र हामीले हाम्रा आजसम्मका बैठकहरूलाई आजबाट पछाडि फर्केर हेर्दाखेरि केही हाम्रा अनुभवका कमी र प्राविधिक

समस्याका बीचबाट पनि समग्र विषयमा हामीले पश्चाताप गर्नुपर्ने विषयहरू रहेका छैनन् । मलाई त्यो अनुभूति भइराखेको छ । यो हामी सबैको साझा सोचाइ, बुझाइ र साझा पर्यत्नले सम्भव भएको छ । यसमा हामी सबैको एकीकृत बुझाइले सम्भव भएको छ भन्ने पनि मलाई लागेको छ ।

सभामुख महोदय, हामी आज सरकारको पहिलो नीति कार्यक्रमको छलफलको दोस्रो दिनमा छौं र हाम्रो छलफल केही आलोचनात्मक, केही रचनात्मक र सल्लाह सुझावको हिसाबले अत्यन्तै महत्त्वपूर्ण बनेको छ आशा छ यो छलफलले एउटा सकारात्क निष्कर्ष निकाल्ने छ भन्ने हामी सबैले विश्वास गरौं । सरकारले ल्याएको नीति कार्यक्रम आफैंमा एउटा पहिलो दस्तावेज हो । हामीले यसलाई पुरस्कृत र प्रोस्कृत गर्नको लागि यसलाई पूरा गर्नको लागि हाम्रा सबै हामीले छलफलमा उठाएका विषयवस्तुहरूले यसलाई पुरक बनाउने छन् भन्ने कुरापनि मैले विश्वास राखेको छु र नीति कार्यक्रम मूलतः नीति भनेको प्रमुख पक्ष हो र त्यसलाई लागु गर्ने भनेको कार्यक्रम हो । हाम्रा नीतिहरू हाम्रो नीति सहि हुनुपर्छ । कार्यक्रम ठोस हुनुपर्छ र त्यहिअनुसार को बजेट आउँनुपर्छ । अनि मात्रै हामी लक्ष्य र उद्देश्यमा पुग्न सक्छौं ।

सभामुख महोदय, नीति तथा कार्यक्रम आम जनताको जीवनसँग जोडिएको गाँसिएको र आमजनताको भावनालाई समेटेको हुनुपर्दछ र साँच्चीकै यतिवेला हामीले यो नीति तथा कार्यक्रमको विषयमा छलफल गरिरहँदा मलाई लाग्छ यो नीति कार्यक्रम केही अपुग्ताका बीचबाट समग्रमा यो वास्तविक यथार्थ र हाम्रो प्रदेशलाई यसले राम्रोसँग पढेको छ र हाम्रो प्रदेशका समस्याहरूलाई यसले यथार्थमा समेटेको छ भन्ने मलाई अनुभूति भइराखेको छ । विभिन्न प्रतिकुलताका बीचबाट पनि हाम्रो प्रदेश सरकारले ती प्रतिकुलताहरूलाई चिर्दै नीति तथा कार्यक्रम ल्याउने जुन प्रयास गऱ्यो यो एउटा साहस गऱ्यो कठिन परिश्रम मेहनतबाट जुन खुट्किला उक्लने मेहेनत गरेको छ यसमा म हार्दिक बधाइ दिन चाहन्छु । यस्ता सिँडिहरू आगामी दिनमा पनि पार हुँदै जान म शुभकामना व्यक्त गर्न चाहन्छु र त्यो सँगसँगै नीति र कार्यक्रम कस्तो हुने र कस्तो आउने भन्ने विषयमा अन्य पूर्ववक्ता माननीयज्यूहरूले धेरै कुराहरू यहाँ ल्याइसक्नु भएको छ र मैले पनि त्यसैमा जोड दिँदै अलिकति मलाई लागेको कुराहरू म यहाँ राख्न चाहन्छु ।

पहिलो कुरा, मैले राख्न चाहेको श्रम र श्रम क्षेत्रलाई यहाँ नीतिमा समेटिएको छैन र जनताले आयुर्वेदिक पद्धतिद्वारा उपचार गर्न पाउने सुनिश्चितताको लागि हामीले प्रदेशस्तरमा एउटा प्रदेशस्तरको आयुर्वेदिक हस्पिटलको कार्यक्रम ल्याउनु पर्थ्यो कार्यक्रम ठोस गर्नु पर्थ्यो त्यसको सम्भाव्यता अध्ययनको लागि नीति बनाउनु पर्थ्यो त्यो आएको छैन । त्यो आउँनुपर्छ जस्तो लाग्छ । हिंसा पीडित महिलाहरूको लागि काउन्सिलिङको लागि र अस्थायी बसोबासको उहाँहरूलाई अस्थायी रूपमा बसोबास उहाँहरूलाई बस्ने व्यवस्थाको लागि प्रदेशस्तरमै प्रत्येक जिल्लामा एक-एक वटा जुन सेभ हाउसहरूको निर्माणको कुरा थियो त्यो कुरा आउँनु पर्थ्यो त्यो आएको छैन । त्यो आगामी नीति कार्यक्रममा आओस् भन्ने म चाहन्छु । अन्धविश्वास, कुरिति, कुसंस्कारले जगडिएको हाम्रो प्रदेशमा बालविवाह, बहुविवाह, बोक्सी प्रथा महिलाहरूमाथि हुने घरेलु हिंसा बलात्कारका घटनाहरूलाई न्यूनीकरण गर्नको लागि नीति सँगसँगै कार्यक्रमहरू ठोस गरिन पर्थ्यो त्यो भएको छैन । त्यो होस् भन्ने म राख्न चाहन्छु । प्रदेशस्तरमा महिला तथा बालबालिका छुट्टै मन्त्रालयहरू छैन हामीले यो राख्न सकेका छैनौं र यो यहाँ हाम्रो प्रदेशमा अर्थात प्रदेशस्तरमा राखिएको छैन । यसको लागि र यसलाई हामीले महिलाहरूको समस्या समाधानको लागि हामीले प्रदेशस्तरमा महिला विवाहको या महिला मा महासमितिको व्यवस्था हुनुपर्छ भन्ने कुरा पनि म यहाँ राख्न चाहन्छु ।

कला साहित्य विकासको लागि कला साहित्य साँस्कृतिक विकासको लागि प्रदेशमा साँस्कृतिक प्रतिष्ठानको व्यवस्था गर्न पर्छ भन्ने म कुरा म यहाँ राख्न चाहन्छु ।

प्रदेशभित्र मदिरा तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण भण्डारण र प्रयोगमा कुनै नीति तथा कार्यक्रम आएको छैन यसमा आओस् भन्ने कुरा म राख्न चाहन्छु । राज्यको एक अंग मानिएको सञ्चार क्षेत्रको खासै यहाँ सम्बोधन भएको मैले देखिराको छैन । प्रदेशभरी रहेका सबै सञ्चार माध्ययमहरूको संस्थागत विकास र पत्रकारहरूको क्षमता वृद्धिको लागि एक प्रशिक्षण प्रतिष्ठाको आवश्यकता छ । त्यसको व्यवस्था गरिनुपर्छ त्यो नीति कार्यक्रममा आउँनुपर्छ भन्ने म कुरा यहाँ राख्न चाहन्छु साँच्चीकै हाम्रो ।

सभामुख महोदय, हाम्रो प्रदेश ठूलो भूगोल थोरै जनसंख्या भएको प्रदेश हो । हाम्रो प्रदेशमा देशकै सबैभन्दा धेरै अँ गरिबीको रेखामुनी रहेको प्रदेश हो । म जोड दिन चाहन्छु हाम्रो नीति तथा कार्यक्रमले बहुसंख्यक मानीयहरूलाई गरिबीको रेखाबाटमाथि उठाउने छ । हाम्रो नीतिले हाम्रा दाजुभाइ तथा दिदिबहिनीहरूलाई काला पहाड र खाडि मुलुकबाट फिर्ता बोलाउने कार्यक्रम ल्याउने छ । हाम्रो नीतिले किसानहरूको खेती गर्ने तरिकामा आमूल परिवर्तन गर्ने छ र हाम्रो शिक्षा व्यवसायिक तथा प्राविधिक हुन जरुरी छ र हाम्रो नीतिले जनताको स्वास्थ्यमा सहज पहुँच पुगोस् हाम्रा दिदिबहिनीहरूले एक हातमा काखे बालक च्यापेर आँखाबाट आँसु झार्दै अर्को हातले श्रीमानलाई खाडि मुलुकको लागि बिदाइ गर्ने अवस्थाको अन्त्य गरोस् भन्ने कसरा राख्दै र हाम्रा नीति कार्यक्रमहरू लागु गर्नको लागि त्यो प्रकारको संरचनाको आवश्यक छ त्यो संरचना हामीले छलफल र बहस गरेर खडा गरौं र दृढता र इमान्दारी इच्छा शक्तिका साथ अगाडि बढौं । असम्भव भन्ने कुरा केही छैन हामी सबै कुरा सम्भब तुल्याउन सक्छौं हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री पद्मा खड्का, समय सात मिनेट ।

**माननीय सदस्य श्री पद्मा खड्का :** सभामुख महोदय, यस गरिमामय बैठकमा सरकारले ल्याएको नीति तथा कार्यक्रमको छलफल प्रारम्भ भएको यो दोस्रो दिनमा अँ विभिन्न विषयमा छलफलहरू यहाँ आइरहेका छन् । जुन प्रदेश सरकारले ल्याइरहेको नीति तथा कार्यक्रम प्रदेश प्रमुखबाट यो सदनमा टेबुल भए पश्चात यो कार्यक्रम आफैंमा सान्दर्भिक छ र यसलाई यस कार्यक्रमलाई मुर्तरूप दिनका लागि विभिन्न छलफल यहाँ प्रारम्भ भएको छ र सर्वप्रथम जुन यो सरकारले लिएको कार्यक्रमलाई हामी एकदमै मसिनो तरिकाले अध्ययन गरेर सकरात्मक सुझावका साथ यो कार्यक्रमलाई एकदमै कार्यान्वयनमा जानका लागि म धन्यवाद दिन चाहन्छु ।

सभामुख महोदय, आज हामी छोटो समयमा जुन प्रदेश सरकारले नीति तथा कार्यक्रम यहाँ ल्याइरहँदा हामीलाई लागि रहेको छ र हामी सँगसँगै आम जनताले पनि भनिरहेका छन् । यो छोटो समयमा ल्याइरहेको नीति तथा कार्यक्रम कार्यान्वयनमा जान सक्छ कि सक्दैन भन्ने कुरा आम जनताहरूले पनि हेरिरहेको अवस्थामा हामीलाई यो कार्यक्रमलाई कार्यान्वयन गर्ने कुरामा सबैको जिम्मेवारी उत्तिकै महत्त्वपूर्ण छ भन्ने कुरापनि हामीले यहाँ बुझिरहेका छौं । त्यसकारण पनि यो कार्यक्रमलाई धेरै लामो संख्यागत हिसाबले धेरै ठूलोभन्दा पनि प्राथमिकताका आधारले यो कार्यक्रमलाई सम्पन्न गर्ने गरी तोकिएको खण्डमा यसले सफलता प्राप्त गर्थ्यो होला भन्ने हाम्लाइ लागिरहेको छ ।

सभामुख महोदय, कार्यक्रम, नीति तथा कार्यक्रम आफैंमा एकदमै राम्रो छ यो एउटा दस्तावेज हो पक्कैपनि यसले एउटा मार्गदर्शक सिद्धान्त अब गराउने, अब आउने यस सरकारले फेरि पनि पछि ल्याउने कार्यक्रमलाई यो कार्यक्रमले पनि केही झल्को दिन्छ होला भन्ने पनि हामीले बुझिरहेका छौं । त्यस

कारणले अहिले जहाँ सम्म लाग्छ कर्णाली प्रदेश हामी भनिरहेका छौं । धेरै सम्भावना बोकिरहेको कर्णाली प्रदेश सँगसँगै चुनौतीका पहाडहरू पनि यो कर्णाली प्रदेशमा धेरै छन् । काम गर्न कठिनाइहरू पनि धेरै छन् । हामी भनिरहेका छौं सम्भावना त धेरै छ तर यो सम्भावनालाई कहाँबाट शुरू गर्ने भन्ने कुरा यस नीति तथा कार्यक्रममा ठोस रूपले प्राथमिकताकरण गरेर सामूहिक रूपमा छलफल गरेर पक्कै पनि यो जानेछ भन्ने कुरा मैले यहाँ आशा आफ्नो सुझाव राख्न चाहन्छु । यस्तै गरी नीति तथा कार्यक्रममा पेज नम्बर १४ मा १४ को १४५ मा प्रदेशमा सहकारी रजिष्ट्रारको कार्यालय, यातायात कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय खोल्ने भनेर एउटा नीति तथा कार्यक्रममा ल्याउनु भएको छ यो स्वागतयोग्य छ ।

तर देशैभरी पचहत्तरै जिल्लाका महिला विकास कार्यालयहरू हटाइरहेको अवस्थामा महिलाहरूका सम्बन्धित पिडाहरूलाई महिलाहरूका जुन लुकाइएका भन्न नसक्ने पीडाहरूलाई महिलाहरू मार्फत् अगाडि ल्याउनका लागि पनि यो प्रदेशमा पनि एउटा महिलाको युनिट महिला शाखा अथवा महिला विभाग कार्यालय स्थापना हुनुपर्छ भन्ने मैले सुझाव राख्न चाहन्छु । यसैगरी पेज नम्वर १३ को १२३ मा प्रदेशलाई रासायनिक मल र विषादिको प्रयोग न्यूनीकरण गरी अर्गानीक कृषिलाई अगाडि बढाउने भनिएको छ तर अर्गानीक कृषि अगाडि बढाउने अर्गानीक कृषि बढाउनलाई प्राङ्गारिक मल प्रत्येक जिल्लामा प्राङ्गारिक मल चाहिँ उद्योग स्थापना गर्नुपर्छ भनेर खोलिनु यो कार्यक्रममा चाहिँ हुनुपर्छ भन्ने मैले सुझाव राख्न चाहन्छु । यसैगरी पेज नं. १३ को ११९ मा कर्णाली प्रदेशलाई पूर्ण अर्गानीक गराउन प्रत्येक जिल्लामा अर्गानीक कृषि उत्पादन नमुना पकेट क्षेत्र यो नीति तथा कार्यक्रममा ल्याइनु पर्छ भन्ने मेरो सुझाव छ । यसैगरी हामीले भन्याछौं स्वरोजगार बेरोजगारीलाई रोजगारी कसरी दिने भन्ने कुरा आएको छ तर प्रष्ट रूपमा अब कसरी दिने त रोजगार बेरोजगारी समस्या हामीले कसरी हल गर्ने यो प्रदेशकै समस्या हो भन्ने कुरालाई यो नीति तथा कार्यक्रममा युवाहरूलाई कृषिमा आकर्षक खालको कार्यक्रम ल्याउनुपर्छ र युवाहरूले कृषि खेती महिलाहरूले उद्यमी गरेका छन् भने यस्ता कार्यक्रमलाई शतप्रतिशत अनुदान दिने गरी यो कार्यक्रम ल्याइनुपर्छ भन्ने छ । यसैगरी अहिले पनि ट्याक्स करको कुरा छ । यो मैले हाम्रो नीति तथा कार्यक्रममा देखरहेको छैन । यो पनि राज्यको यो प्रदेशको ठूलो आर्थिक स्रोत हो । अझैपनि धेरै राज्यलाई कर तिर्नुपर्ने दायरामा ल्याउन सकिएको अवस्था छैन यो प्रदेश ले त्यस्ता लुकेर रहेका करका दायराहरूलाई ल्याउनु पर्छ करका सीमाहरू तोकिनु पर्छ र जसले उद्योग धन्दा र कलकारखाना गरेका छन् यो प्रदेशलाई समृद्ध गर्नका लागि त्यस्ता उद्यमीहरूलाई केही समय तोकेर नै करको अनुदान दिन पर्छ भन्ने मलाई यो सुझाव राख्न चाहन्छु ।

यसैगरी  पेज नं. १४ को १३८ मा सहरीकरण सहरी व्यवस्थापन भन्ने छ यसमा नमुना बस्तिको अबधारणा अगाडि ल्याउनुपर्छ । जहाँ हामीले अहिले सबै ठाउँमा गर्न सक्दैनौं । एउटा भएपनि उदाहरणका रूपमा ठोस कार्यक्रम यहाँ देखिन पर्छ भन्ने मलाई लाग्दछ । यसैगरी पेज नं. १४ को १३५ मा किसानहरूको किसानहरूले पेन्सन पाउने भन्या छ कस्तो खालको यहाँभन्दा पहिला कृषकहरूलाई परिचय-पत्र वितरण गरिएको थियो आज ती ५००० यो सुर्खेत जिल्लामा ५००० किसानहरूले यो सुर्खेत जिल्लामा परिचय-पत्र पाएका थिए । आज ती किसानहरूले के पाएँ त ? परिचय पत्रको खोस्टो मात्रै हामीसँग छ । हामीले केही पाएका छैनौं भन्ने गुनासो छ । अनि पेन्सेन किसानहरूलाई पेन्सन भनिएको छ तर यो के पेन्सेन हो ? कलाई दिने हो ? यसको वर्गिकरण खै ? कसरी दिने ? यसको पनि एकदम यर्थाथ रूपमाचाहिँ यो कार्यक्रममा आइनुपर्छ भन्ने लाग्दछ । यसैगरी एउटा छ पूर्व कृषि तर्फै पूर्व मूल बिउ उत्पादन गर्ने पि.बि.एस. दाना जाली घर यो हामीले एकदम कृषिलाई चाहिँजोडेर हामीले यस्ता बिउँ उत्पादनलाई यो जोड्न पर्छ भन्ने लाग्दछ र यसैगरी विभिन्न यहाँ आफ्नो जिल्लाको भौतिक पूर्वाधार सँगसँगै

अन्य उद्योगधन्दा कलकारखानाहरू आयसँगै हाम्रो सुर्खेत जिल्ला यो कर्णाली प्रदेशको राजधानी सुर्खेत । त्यसमा पनि यो प्रदेशलाई आर्थिक समृद्धि गराउने यति ठूलो उद्योग सञ्चालन गर्न सकिने अवस्था छ । यो चौकुने सिमेन्ट कारखाना यो हामीले देखेका छैनौं सिमेन्ट मात्रै लेख्नु भाछ । कहाँ हो यो सिमेन्ट योमाथि रुकुममा हो की हुम्लामा हो कहाँ हो सुर्खेतमा छ त्यो चौकुने सिमेन्ट कारखाना ।

यो किन अल्झिरहेको छ यसको पनि यो नीति तथा कार्यक्रममा आइदिएको भए एकदमै राम्रो हुन्थ्यो भन्ने मलाई लाग्दछ र हामीले जंगल अहिले सम्म हामीले जडिबुटीलाई जंगल भनिरहेका छौं । जंगलभित्र हाम्रो जडिबुटी छ । छिटोभन्दा छिटो हाम्रो यो प्रदेशमा जडिबुटी प्रशोधन केन्द्रहरू चाहिँ हामीले स्थापना गर्न सक्यौं भने यो प्रदेशलाई बाटोघाटो सँगसँगै जडिबुटी र पर्यटन सँगसँगै जडिबुटीले पनि यो प्रदेशलाई समृद्ध बनाउने कुरा छ । एकदमै महत्त्वपूर्ण विषय छ । यसलाई पनि राख्न पर्दछ भन्ने मलाई लाग्दछ र धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री बझीक्वारी बोहरा । समय सात मिनेट ।

**माननीय सदस्य श्री बद्‌मीक्वारी बोहोरा :** माननीय सभामुख महोदय, सम्पूर्ण विषय सम्पूर्ण माननीयज्यूहरूले बोलिसक्नु भएको छ र मलाई नबोलि नहुने हिजो देखि मैले एउटा अनुभव गरेको विषय म आज बोल्न गइरहेको छु । म यो एउटा विषयमा मात्रै बोल्न चाहन्छु, यो सरकारले ल्याएको नीति तथा कार्यक्रम बहुतै राम्रो छ । मैले बुझेको यो नीति कार्यक्रम तीन महिनाको लागि मात्रै हो भन्ने बुझेको छु मेरो बुझाइमा । धेरै कुराहरू थपघट गर्न पर्नेछ पछिको नीति कार्यक्रममा समेटिन्छ होला र मैले बोल्न चाहेको विषय डोल्पाकै बारेमा छ । अलिकत जिल्लाकै बारेमा बोलो चाहिँ भन्ने पर्छ होला माननीयज्यूहरूलाई सम्पूर्ण विषयमा सम्पूर्ण लगभग १८ उन्नाइस जना माननीय बोलिसक्नु भएको छ । त्यसमा म बुँदाबुँदामा जान चाहेन । मैले बोल्न खोजेको विषय चाहिँ यो तत्कालै हाम्रो डोल्पाको र कर्णाली अञ्चलका केही जिल्लामा पाइने यार्चागुम्बाको बारेमा प्रदेश सरकारले केही नीति बनाओस् भन्ने मेरो व्यक्तिगत इच्छाले मैले यहाँ यो जानकारी गराउन चाहेको छु र डोल्पा जिल्लाको यार्चागुम्बा टिप्ने सिजन शुरू हुन लागको छ ।

जेष्ठको १० गते यार्चागुम्बा टिप्ने सिजन शुरू हुन लागेको छ र वर्षेनी त्यहाँबाट ५ क्वीन्टल, ६ क्वीटन यार्चागुम्बा चाहिँ बाहिर जान्छ । केही फिप्टी प्रसेन्ट जति नेपाल सरकारलाई कर तिरेर लान्छन् काठमाण्डौ, नेपालगंज हुँदै बाहिर हंकङ, सिंगापुर, चाइनातिर लान्छन् भने फिप्टी प्रसेन्ट जडिबुटी यो माथिल्लो डोल्पाको छार्कातोङ, डोल्पो बुद्धर काइकेको केही क्षेत्र र तल जगदुल्लाको क्षेत्रको यार्चागुम्बा सरकारलाई कर नतिरेर माथिल्लो चाइनाको सीमानामा क्याटोमा र मणिममा जान्छ । त्यसैले त्यहाँ नेपाल सरकारले हुन त हाम्रो जिल्लामा पनि धेरै पटक छलफल भयो त्यहाँ नेपाल सरकारले, नेपाली प्रहरी, नेपाली सेना र नेपाल प्रहरी राखेको छ तर त्यहाँ गर्छ के भन्नु हुन्छ भने नेपाल प्रहरीले अबैध रूपमा लगेको सामान क्याटो सम्म संरक्षण गरेर लग्ने र केही प्रसेन्ट खाने र सरकारलाई राजश्व नतिर्ने गरेको छ । ५, ६ क्वीन्टल वर्षमा यार्चा जान्छ त्यसको राजश्व उठायो भने लगभग ढाइ दुई करोड कति हुन्छ ढाइ करोड तीन करोड नै हुन्छ । अरू अन्य जडिबुटी त प्रशस्तै छ अझै । वन कार्यालयमा बुझ्नु पर्छ धेरै कर उठछ जिल्लाको र राष्ट्रिय निकुञ्जले पनि नि उठाउँछ केही निकुञ्जले उठाउँछ र केही निजी वनहरूले उठाउँछन् । यसको लागि यो सरकारको नीति तथा कार्यक्रमभित्र ठोस निर्णय एउटा गरिओस् भन्ने म चाहन्छु किन कि अब धेरै टाइम छैन ।

सिजन यहि हो अब तीन महिनाको सिजनमा यार्चागुम्बा टिपेर बाहिर सप्लाइ हुने टाइम हो । त्यसैले यो प्रदेशको र स्थानी तहको एउटा राजश्वको संकलनको आधार एउटा सरकारले, प्रदेश सरकारले राजश्व संकलन गर्ने आधार भनेको जडिबुटी डोल्पाको यो महत्त्वपूर्ण जडिबुटी भएको हुँदा तुरुन्तै यहाँको यो जडिबुटी वन हाम्रो वन सम्बन्धी वन मन्त्रालय र यो कानून मन्त्रालयले तुरुन्तै त्यो चाइनाको क्याटोन र मणिम जाने नाका को तिन्जेमा हाम्रो डोल्पाको जिल्ला प्रशासन र राष्ट्रिय निकुञ्ज ले आर्मी र प्रहरी राख्छ तर कर उठाउँदैनन् संरक्षण गरेर पठाउँछ । पैसा केही ट्याक्स जडिबुटी प्रत्येक केजिको दश, पन्ध्र, बीस हजार तोकेर प्रशासनले खान्छ तर त्यो नेपाल सरकारलाई आउँदैन त्यसो भएको हुँदा यो सम्पूर्ण जिल्लाको कर दुई तीन करोड उठायो भने हाम्रो प्रदेश सरकार र स्थानीय सरकारलाई धेरै सपोर्ट हुने मैले एउटा आधार देखेकोछु र यसमा यो मन्त्रालयको ध्यान जायोस । त्यहाँको तिन्जे मा चाहिँ एउटा भन्सार राखियोस भन्ने म चाहन्छु र सम्पूर्ण डोल्पाको जडिबुटी सम्पूर्ण बिक्री वितरणको लास्ट भदौमा चाहिँ अन्त्य हुन्छ ।

भदौमा नेपाल सरकारले उठाएको ट्याक्स केही सयमा चाइ पच्चीस प्रसेन्ट जिल्लामा रहन्छ । जिल्लामा भन्नाले १० प्रसेन्ट जिल्ला त्यहाँको स्थानीयलाई दिन्छ र अरू त्यहाँ त्यो यो अँ मध्यवती क्षेत्रको बजेट चाहिँ मध्यवती क्षेत्रमा विकासको लागि भनेर त्यहाँ छुट्याउने गरेको छ त्यसैले यो तुरुन्तै तीन महिनाभन्दा पछिको अर्को कार्यक्रम तथा नीति ल्याउँदाखेरि नसमेटिएला कर्णालीका ५ वटै जिल्लामा यो यार्चागुम्वाको लागि यो प्रदेशको पहिलो यो ट्याक्स उठाउने यो वातावरण जिल्ला डोल्पाबाट चाहिँशुरू गरियोस भन्दै मेरो सुझाव यहिँ टुङ्ग्याँछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री बिन्दमान बिष्ट,समय सात मिनेट ।

**माननीय सदस्य श्री बिन्दमान बिष्ट :** सभामुख महोदय, कार्यव्यवस्थाले निर्णय गरेर संसद सचिवालयले व्यवस्था गरेअनुसार को कार्यसूचीअनुसार नै म नीति कार्यक्रममाथि छलफलमा सहभागि भइराखेको छु । त्योभन्दा अगाडि म के कुरा यहाँ राख्न चाहन्छु भने हाम्रो यो सदन प्रारम्भ भए देखि यसको समृद्धिको कुरा र त्यसमा सत्तापक्ष र प्रतिपक्षको भूमिका को विषयमा थुप्रै पटक छलफलहरू भएका छन् बहसहरू भएका छन् । मलाई लाग्छ हाम्रो प्रदेशको सत्तापक्ष भनेको समृद्धि हो, विकास हो, आर्थिक उन्नती हो । यहाँको प्रतिपक्ष भनेको गरिबी हो, भोकमरी हो, अभाब हो, अशिक्षा हो । यसकारणले गर्दाखेरि हामी प्रदेशको जुन धरातलमा उभिराखेका छौं सत्तापक्ष र प्रतिपक्षको भूमिका त्योअनुसार परिभाषित गरौं भन्ने हामीले निरन्तर रूपमा छलफल गरिराखेका छौं त्यसमा हामी मलाई लाग्छ सब सहमत छौं तर म यो छलफल सुन्दै जाँदाखेरि के अनुभूति गर्छुभन्दाखेरि हामी त्यो विषयमा कही न कहिँ अल्झिराखेका पनि छौं । त्यो सँगसँगै सत्तापक्ष पनि अल्झिएका छौं प्रतिपक्ष पनि अल्झिएका छौं । म यो कस्तो आरोप पूर्वाग्रह पनि होइन । सत्तापक्ष पनि अल्झिएका छौं प्रतिपक्ष पनि अल्झिएका छौं ।

एक जना सत्तापक्षको माननीय सांसद यहाँ सहभागी हुनुहुन्छ छलफलमा सहभागी हुनु अनुहार हेर्छु अर्कै बुझ्छु कुरा सुन्छु अर्कै बुझ्छुभित्र केही अरू नै भए जस्तो बाहिर केही अरू नै बोले जस्तो प्रतिपक्षका सांसदको भूमिका केरे शब्द सुन्दैं जाँदाखेरि विषयहरू सुन्दै जाँदाखेरिभित्र केही अरू भए जस्तो बाहिर अरू नै बोले जस्तो यो किन हुन्छ मलाई लाग्छ हाम्रो सदनमा एउटा विषय गम्भिरतापूर्वक प्रवेश गरेको छ । यो प्रदेशका हामी सबै केन्द्रका सबै राजनीतिक पार्टीका हामी सबै सरकारका प्रतिपक्ष हुनुपर्छ केन्द्र सरकारका प्रतिपक्ष हुनुपर्छ भनेर यो सदनमा प्रवेश गर्छ जहिले पनि विषय एउटा आउँछ तर हामी सँधै प्रतिपक्ष केन्द्र सरकारको हुनु पर्ने अहिलेको अवस्थाले बनाएको हो यो अवस्था कसरी सिर्जना

भएछभन्दाखेरि मलाई लाग्छ यो प्रदेशमा विगत देखि राजनीतिको नेतृत्व गरिराखेका हामी जो छौं जो यहाँ सहभागी भइराखेका छौं र यो प्रदेशबाट जन्मेर राजनीतिको नेतृत्व गरिराखेका योभन्दा बाहिर पनि हुनुहुन्छ संघीय संसदमा हुनुहुन्छ उहाँहरूको बीचमा हुने छलफलहरू त्यति मजाका छैनन् । हुने छलफलहरू त्यति माझिएका छैनन् र प्रदेशको समृद्धि र विकासको लागि एउटा निश्चित साझा विन्दु बनाएर अगाडि बढ्ने संकल्पमा हाम्रा कहीं न कहीं हाम्रा प्रतिबद्धताहरूमा कमी छन् यसकारणले गर्दाखेरि म आग्रह गर्न चाहन्छु ध्यानाकर्षण गराउन चाहन्छु हामी यदि साँच्चीकै कर्णाली प्रदेशलाई समृद्ध बनाउने हो भने हामीले एकचोटी माझिएर छलफल गरौं । साझा विन्दु तय गरौं यात्रा प्रारम्भ गरौं त्यसपछि मात्र हामी समृद्धिको यात्रामा अगाडि बढ्न सक्छौं । विकासको यात्रामा अगाडि बढ्न सक्छौं ।

सभामुख महोदय, यति कुरा गरिसकेपछि म नीति तथा कार्यक्रममा जान्छु । मलाई लाग्छ दीर्घकालिन नीति अन्तर्गत तत्कालिन कार्यक्रमहरूको समुच्च के रे त्यसको संयोग अथवा त्यसको एकीकृत रूप अहिलेको नीति कार्यक्रम हुन सक्छ हुनुपर्छ र मलाई लाग्छ मूलभुत रूपमा यो कार्यक्रम त्यो प्रकृतिको छ । म भन्न चाहन्छु हजार माइलको बाटो एक पाहिलाबाट नै शुरू गर्ने हो, हो हामीसँग एउटा सहुलियत छ हामीसँग एउटा सुविधा छ । त्यो सुविधा के छ तभन्दाखेरि जति हामी गम्भिरतापूर्वक छलफल गरिराखेका छौं हामी असार १ गते आउने बजेट अथवा नयाँ आर्थिक वर्षको बजेटभन्दा अगाडि ल्याउने नीति कार्यक्रमलाई अझ समृद्ध गर्नको लागि यो छलफलले हामीलाई सहयोग पुऱ्याउने छ भन्ने कुरा प्रति म आशावादी छु । त्यसकारणले गर्दाखेरि यहाँ नीति कार्यक्रम के छ के छैन प्रशस्त मात्रामा बहसहरू, छलफलहरू भएका छन् यतातिर म त्यति विषय के रे आफ्नो विषयलाई त्यतातिर प्रवेश गराउन चाहन्न तर नीति प्रष्ट हुनु पर्दछ, कार्यक्रम प्रष्ट हुनु पर्दछ । हाम्रो गोल के हो भन्ने कुरा प्रष्ट हुनु पर्दछ । त्यो प्रष्ट पार्ने अभियानमा हामी अगाडि बढौं यसमा केही अल्झनहरू छन जरुर रूपमा अरू माननीय सांसदहरूले भने जस्तै अल्झनहरू छन् । केही भाषिक त्रुटिहरू छन् । यसका गोलहरू त क्लिएरै छन् त्यसमा गोलमा, यसको उद्देश्यमा यसको सरकारको नियतमा मैले प्रश्न गर्न चाहन्न तर जरुर रूपमा केही अस्पष्टताहरू छन् । दुईवटा कार्यक्रमहरूलाई एउटै कार्यक्रममा मर्ज गर्दाखेरि त्यसमा लाग्ने अर्थहरू फरक अर्थ लागेका कुराहरू पनि छन् यहाँ । राम्रोसँग अध्ययन गर्दै जाँदाखेरि के भन्न खोजेको होला भनेर आफैं बुझ्न नसक्ने कुराहरू पनि छन् तर यसको नियतमा यसको उद्देश्यमा यसको केरे टार्गेटमा म त्यति धेरै आशंका छन् के रे आशंका गर्नुपर्छ भन्ने मलाई लाग्दै त्यसकारणले गर्दाखेरि त्यो के रे विषयलाई अलिकति प्रष्ट पारेर जान जरुरी छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु ।

दोस्रो कुरा, अघि माननीय सांसदहरूले भने जस्तै यो प्रदेशका आफ्ना गौरवका आयोजनाहरू हामीले तय गरौं, आफ्ना गौरवका आयोजनाहरू तय गरौं, हाम्रो छलफलहरू गर्दै गर्दाखेरि म के राख्न चाहन्छु तभन्दाखेरि के रे तेलपानी देखि नाक्चेलाग्ना सम्मको हाम्रो आफ्नो प्रदेशभित्रको भूगोलमा हाम्रा प्रदेशका गौरवका आयोजनाहरू प्रदेशभित्रकै भूगोलमा आउँनु पर्दछ । तेलपानी देखि नाक्चेलाग्ना सम्मको बाटोलाई अरू भेरी करिडोर के रे कर्णाली करिडोर राष्ट्रिय गौरवका आयोजना के-के होलान ।

हाम्रो आफ्नो गौरवको आयोजना तेलपानी देखि नाक्चेलाग्ना सम्मको के रे बाटोलाई हाम्रो गौरवको आयोजना बनाउँ म यो के रे अँ यहाँ राख्न चाहन्छु । त्यसपछिका हाइड्रो पावरमा थुप्रै दुई दर्जनभन्दा बढी हाइड्रोपावर १०० मेगावाटभन्दा बढीका हाइड्रो पावरहरू अध्ययन भइराखेका छन् पि.पि.इ. भएका छन् । प्रेस-सम्झौता भएका छन् अझै अध्ययन भइराखेको छ । अहिले भर्खरै मुगु कर्णालीमा १९०२ मेगावाटको हाइड्रो गर्न सकिन्छ भनेर अध्ययनले देखाइ राखेको छ । थुप्रै छन् तर सबभन्दा भाइयबल सबभन्दा सस्तो

प्रोजेक्ट कुन हो त्यो छानौं र त्यसपछि गएर राष्ट्रिय गौरवको केरे प्रदेशको गौरवको हाइड्रोको रूपमा त्यलाई स्थापित गरौं । अर्गानीक प्रदेश हाम्रो आफ्नो कृषि क्षेत्रको हाम्रो आफ्नो गौरव हो यसलाई स्थापित गरौं । त्यलाई व्यवस्थित गर्नको लागि हामीले कार्यक्रम बनाउँ र त्यसपछि लगायतका सबै सामाजिक क्षेत्रका, आर्थिक क्षेत्रका लगायतका केरे विषयहरूलाई हामीले हाम्रा गौरवका प्रदेशका गौरवका आयोजनाहरूको रूपमा हामीले स्थापित गर्न सक्यौं भने हामीले ती यति वर्षमा पूरा गर्न सक्छौं भने पछि त्यो गरेपछि हाम्रो के रे अँ प्रदेशको आर्थिक समृद्धिको यात्रालाई हामी अगाडि बढाउन सक्छौं ।

हाम्रो के रे आत्मनिर्भरताको स्तरलाई हामीमाथि उठाउन सक्छौं । यस कारणले गर्दाखेरि यतातिर ध्यान जाओस् म भन्न चाहन्छु । शिक्षा क्षेत्रमा संविधानमा उल्लेख गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगार लगायतका कुराहरू मौलिक हक हुन । अब मौलिक हक पनि हाम्रो प्रदेशमा पैसा हालेर किन्नु पर्ने यो कुरा नीति मा प्रष्ट भएन अलिकति कुरालाई नीति केरे यो कार्यक्रम चौमासिक होला तर यो नीतिले दीर्घकालिन रूपमा असर गर्दछ । यो कुरा उल्लेख गर्नुपर्दछ दीर्घकालिन रूपमा असर गर्ने नीतिलाई हामीले नीतिमा उल्लेख गर्नुपर्दछ । शिक्षा जस्तो मैलिक हकलाई हामीले पैसा हालेर किन्नु पर्ने निजीकरण गर्नुपर्ने स्वास्थ्य जस्तो क्षेत्रलाई के रे मौलिक हकलाई पैसा हालेर किन्नु पर्ने यहाँका नागरिकहरूले हामीले यो कुरामा क्लियर गर्नुपर्दछ शिक्षा क्षेत्रको माध्यमिक तहसम्मको शिक्षाको शिक्षालाई प्रदेश सरकार अथवा राज्यले कसरी आफ्नो दायित्त्वभित्र लिने भन्ने कुरालाई हामीले अगाडि बढायो लियो नीतिमा प्रष्ट पारेर जानु पर्दछ ।

विश्वविद्यालय के रे प्रतिष्ठानहरू, प्रतिष्ठान जसरी प्रदेश सरकारको मातहतमा ल्याउने पर्यत्न गर्ने कुरा यहाँ गरिएको छ मलाई लाग्छ विश्वविद्यालय प्रदेशको हुन जरुरी छ । ऐन विश्वविद्यालय ऐन अन्तर्गत सञ्चालित हो त्यो । जरुर रूपमा विश्वविद्यालय ऐन अन्तर्गत सञ्चालित छ त्यो के रे केन्द्रीय संसदले निर्माण गरेको छ त्यो । हामीले आग्रह, पहल गर्ने कुरा गरिएको छ । विश्वविद्यालय प्रदेश सरकारको मातहतमा आउँनु पर्दछ । हो आजको हाम्रो अवस्था भनेको माध्यमिक शिक्षा सञ्चालन गर्न सक्ने हैसियतमा हाम्रा कैयौं प्रश्नहरू छन् तर हामीले उद्देश्य राख्नु पर्दछ । विश्वविद्यालय हामीले सञ्चालन गर्ने उद्देश्य राखिएन भने संघीयतामा किन जाने अहिले त माध्यामिक स्कुल विद्यालय, सभामुख महोदय गाउँपालिकालाई अझ प्रावि स्कुल जाँदाखेरि वडा पालिकाको जिम्मा छ संविधानमा त्यो लेखिएको छ । अहिले पनि प्रदेश सरकार माध्यामिक विद्यालयकै वरिपरि घुमिराख्ने हो भने यो प्रदेश सरकारको औचित्य के छ यो प्रदेश संसदको औचित्य के छ यदि केन्द्रीय संसदले संघीय संसदले मध्यपश्चिमाञ्चल विश्वविद्यालयलाई प्रदेश सरकारको, प्रदेश संसदको, प्रदेश सरकारको मातहत ल्याउन चाहदैंन भने म प्रस्ताव गर्न चाहन्छु प्रदेश सरकारको एउटा नयाँ विश्व विद्यालय स्थापित गर्नुपर्दछ । त्यो प्राविधिक विश्वविद्यालय हुनु पर्दछ । त्यो यहाँको विकास र समृद्धिको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने विश्वविद्यालय हुनुपर्दछ त्यो विश्वविद्यालय स्थापित गर्नुपर्दछ ।

यसकारणले गर्दा यो शिक्षा क्षेत्रको कुरा गर्दा हामीले यहाँ कहिन कहि अलिकति अझै गम्भीरतापूर्वक सोचेर जनशक्ति उत्पादन गर्ने शिक्षा ले हो । समृद्धिको यात्राको नेतृत्व गर्ने जनशक्तिले हो । त्यसकारणले गर्दाखेरि हामी यो विषयमा अलि बढी केन्द्रित हौं योअनुसार  अगाडि बढौं भन्ने कुरा यहाँ यो सम्मानित संसदमा राख्न चाहन्छु सभामुख महोदय, यसकारणले गर्दाखेरि होलान यसका केही कमीहरू छन् । यसका केही अस्पष्टताहरू छन् जरुर रूपमा तर मूलभुत रूपमा मैले अगाडि पनि भने हजार माइलको यात्रा एक पाइलोबाट शुरू गरे जस्तै हामी प्रारम्भ गरेका छौं यसलाई समृद्ध गर्नको लागि हामी सबै छलफलमा

सकारात्मक ढङ्गले सहभागी भएर अगाडि बढौं । हो प्रदेश सरकारका आफ्ना लिमिटेशनहरू छन् म प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु हामीले त भनेका छौं सत्तापक्ष र प्रतिपक्षको विभेदको अन्त्य गरेर समृद्धिको यात्रामा सहयात्रा गर्ने भनेर भनेका छौं । त्यसको लागि पहल कदमी प्रदेश सरकारले लेओस् । उच्च प्रकारको एउटा संवादमार्फत् सदनमार्फत् एउटा नयाँ निष्कर्षमा पुगेर हामीले अगाडि बढ्ने पर्यन्त हामीले गरौं यो कुरा म राख्न चाहन्छु र फेरि पनि म भन्न चाहन्छु यो नीति तथा कार्यक्रम अहिले हामीले जो यहाँ प्रस्तुत गरेका छौं । जसमाथि छलफल गरिराखेका छौं यले मूलभुत रूपमा कर्णाली प्रदेशको आगामी यात्राको नेतृत्व गर्न सक्दछ । यो नीति कार्यक्रम अन्तर्गत रहेर हामी अगाडि बढ्न सकेन भने हामीले प्रदेशलाई हामी एउटा निश्चित विन्दुमा पुऱ्याउने जुन उद्देश्य राखेका छौं त्यसमा हामी सफल हुन सक्दछौं धन्यवाद, अभिवादन ।

**माननीय सभामुख :** माननीय श्री मिनासिंह रखाल । समय सात मिनेट ।

**माननीय सदस्य श्री मिनासिंह रखाल :** माननीय सभामुखज्यू, अँ यस कर्णाली प्रदेशमा जो नीति र कार्यक्रम भनेर जो दस्तावेज भनेर हाम्रा हातमा आइरहेको छ यसलाई म ग्रहण गर्न चाहन्छु र यो नीति र कार्यक्रम सरसर्ति हेर्दाखेरि अँ लगभग १४५ बुँदामाचाहिँ यो नीति कार्यक्रम यहाँ उल्लेख भइरखेको छ र यो १५ पेजमा सीमित भएको छ । यहाँ धेरै कुराहरू छुटेका पनि छन् र धेरै कुराहरू पनि आएका छन् तर मलाई कस्तो लाग्छ भने यो नीति कार्यक्रम अँ एउटा शिक्षकले आफ्नो विद्यार्थीलाई पढाउन जाँदाखेरि कार्यक्रम, पाठ्यक्रम बनाउछ र त्यसमा हुन्छ उद्देश्य र विशिष्ट उद्देश्य र दुईवटा उद्देश्य लियर उ कक्षामा जान्छ तर त्यो पूरा गर्छ कि गर्दैन त्यो शिक्षकमै भर पर्छ । मलाई पनि कता कता यो उद्देश्य त हाम्रा हातमा आयो तर हाम्रोयसलाई पूरा गर्न सक्छौं कि सक्दैनौं भन्ने लागि रहेको छ र म यसरीभन्दाखेरि यहाँ के देखिराख्या छु भने यहाँ धेरै कुराहरू आएका छन् र धेरै कुराहरू छुटेका छन मैले पहिला पनि भनि सकेको छु र महिला, दलित, जनजाती र सीमान्तकृत वर्गको उत्थान अथवा रोजगारी व्यवस्था भनेर यहाँ जे लेखेको छ अनि यो मलाई के लाग्छ भने महिलाहरू यहाँ १३ जना सांसद हुनुहुन्छ समानुपातिकबाट आउँनु भएको यो लेखी सकेपछि महिलाहरूको पनि चित्त बुझाउनु पर्छ कि भनेर लेखेको जस्तो मलाई लागि राख्या छ । किनभने हाम्रो महिलाप्रतिको ठोस नीति यहाँ आएको छैन ।

ठोस नीति आएको छैन र आज हामी सांसद भइसकेको दुई चार महिना भइसको र हामीले के कार्यक्रम पाएका छौं र हामी जनताको अगाडि जाने वातावरण हामीलाई के भएको छ भन्ने कुरा पनि यो सरकारले प्रत्याभुति नगरेको पनि मैले महसुस गरेको छु । यद्यपी मैले यसो भनिरहँदा सरकारको विरोध गरौं कि भन्ने नठान्नुहोला । म सर्मथनै गर्छु कि म बुँदागत यहाँ जान चाहन्छु कि यहाँ लेखिएको छ । महिला, दलित, जनजाती तथा सीमान्तकृत जाती तथा समुदाय सशक्तिकरण गर्नको लागि विशेष कार्यक्रम ल्याइने छ । सशक्तिकरण गर्नको लागि विशेष कार्यक्रम ल्याइने के के कार्यक्रम ल्याइन्छ त ? यो नीति कार्यक्रममा आइदिएको भए हामीलाई पनि सन्तुष्ट हुन्थ्यो कि जस्तो लाग्छ । अर्को जनतासँग यो चाहिँ ११ बुँदामा छ जनतासँग मुख्यमन्त्रीको प्रत्यक्ष स्थापित गर्ने कार्यक्रमलाई अगाडि बढाइने छ । मुख्यमन्त्रीसँग मात्रै प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने कि माननीयहरूसँग पनि गर्ने यहाँनेर माननीयहरूसँग पनि भइदिएको भए अलि राम्रो हुन्थ्योकि जस्तो मलाई लागि राखेको छ । यस्तै १५ भ्रष्टाचारलाई शुन्य सहनशिलताको नीति अबलम्बन गर्दै भ्रष्टाचार रहित प्रदेश बनाइने छ पारदर्शि छिटो र छरितो प्रशासन राखी पूर्ण सुशासन कायम गरिने छ भन्या छ । अब जनताले हामीलाई के भन्छ भने भ्रष्टाचार त नेता कार्यकर्ता कर्मचारी प्रशासन बाटै भइराखेको छ । भन्ने कुराहरू हामीलाई सुनाउँनु हुन्छ र यो रोक्नको लागि यहाँ ठोस नीति आउँनुपऱ्यो । कि हामी यो भ्रष्टाचारबाट उन्मुक्ति हुनु पर्छ ।

यहाँ कोही सबै माननीयहरू सबै कर्मचारीहरू सबै शुद्ध हुनुहुन्छ, सबै अनुशासित हुनुहुन्छ भन्न मिल्दैन । उसको काम र कार्यशैलीबाट मात्रै थाहा पाउन सकिन्छ । अब त्यस्तै अर्को कुरा आइराखेको छ यहाँ । म बुँदागत मात्रै जान चाहन्छु । द्वन्द्वपीडित ४१ मा द्वन्द्वपीडित हैन द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको उचित व्यवस्थापन गरी सत्यनिरूपण तथा मेलमिलाप तथा वेपत्ता पारिएको व्यक्तिको सम्बन्धमा नीति बनाइने कार्यान्वयनमा जोड दिइने छ भनेको छ । अब द्वन्द्वपीडित मात्रै हुन कि यो प्रदेश स्थापना गर्दाखेरि, यो प्रदेश स्थापना गर्दाखेरि आन्दोलन गरेर छातिमा गोलि लागेका छातिभरी अझैपनि छर्रा बिझेका ती घाइतेहरू जसको लिष्ट प्रशासनमा छ ती घाइतेहरूको न उपचार छ न ती घाइतेहरूको न खोजी खबरी छ । जसले कर्णाली प्रदेश स्थापन गर्न मद्दत र बल प्राउनु भएको छ उहाँहरूको यहाँ केहीपनि छैन । त्यसैले यहाँ पनि यो कर्णाली प्रदेशका घाइतेहरूको पनि सम्मान हुनुपर्छ भन्ने मेरो माग छ र यो कार्यनीतिमा आउँनु पर्दछ । अर्को यो ५० मा छ अपांगता भएका व्यक्ति र दलित समुदायको उत्थान गरी शिक्षा रोजगारमा पहुँच पुऱ्याइने छ ।

जोड दिइने छ अरे जोड दिने होइन यी अपांगता भएका व्यक्ति र दलितहरूको व्यवस्थापन गर्न पऱ्यो व्यवस्थापनको लागि जोड गर्न पऱ्यो र आज अपांगहरू अर्काको बेसहारामा, अर्काको हातमा इशारा गर्दै दैलोदैलोमा मागेको त यहीं सुर्खेतमै देखिरहेका छौं । ती घरका परिवारहरू पनि ती अपाङ्ग आँखा नदेख्ने, खुट्टा नहुने ती अपांग देखेर वाक भइसकेका छन् । त्यसैले त्यस्ता अपांगको हामीले यहि प्रदेशमा अथवा जिल्ला जिल्लामा व्यवस्था व्यवस्था गर्नुपर्छ । उहाँहरूलाई आवास बास र कपासको पनि व्यवस्था गर्नुपर्छ भन्ने यो नीतिमा आउँनु पर्छ भन्ने मेरो माग छ । अब ५१ मा भनेको छ महिला सशक्तिकरण महिला सशक्तिकरणको अबलम्वन गरिनेछ भन्या छ । महिला सशक्तिकरण होमहिला सशक्तिकरणको अबलम्वन गर्दाखेरि टाठाबाठा महिला जाने बुझेका महिला सम्पर्क सम्बन्ध भएका महिला मात्रै पर्छन् यहाँ तर हाम्रा ग्रामिण भेगमा बसेका महिला दिदिबहिनीहरू जो जाँतो, कुच्चो, ढिक्की, घाँस, दाउरा, मेला पातमा लागिरहनु भएको छ उहाँहरूको ठाउँमा यो सशक्तिकरण पुग्दैन र त्यस्ता महिलाहरूको हामीले सम्बोधन गर्नुपऱ्यो त्यस्ता महिलाहरूलाई यो स्थानमा ल्याउने प्रयास गर्नुपऱ्यो । अर्को कुरा छ यहाँ साक्षरता मैले अँ माननीयज्यूहरू सबैले बोल्नु भयो हिजो पनि सुने आजपनि सुने तर साक्षरताको विषयमा कसैले पनि बोल्नु भएन । यहाँ लेखेर मात्र हुँदैन यो साक्षरतालाई हामीले कसरी परिपूर्ण गर्नुपर्छ भन्ने कुराहरूमा हामी सबै सदनका, स्थानीय तहका जनता, कर्मचारी सबैको जिम्मेवारी हो यो ।

आज यो हाम्रो कर्णाली प्रदेशमा ६१ प्रसेन्ट पोइन्ट २ मात्रै साक्षरता हुनुहुन्छ तर जिल्ला जिल्लामा साक्षरता घोषणा भइसकेको छ र साक्षरता घोषणा कसरी गरियो भन्ने कुरामा ९० प्रसेन्ट साक्षरता सहभागीहरू सहभागी भएका छन्। यिनीहरूले क ख लेख्न जानेका छन् यसरी के रे साक्षरता भइसकेको जानकारी कागजमा छ हामी घोषणा गरेका छौं । हामी आफैंले आफ्नो साक्षरता हेरम । हाम्रा घरका दिदिबहिनीहरू, हाम्रा आमाहरू हाम्रा हामीसँगैका दाजुभाइहरूले लेख्न जानेका छन् कि छैनन् पढन जानेका छन् कि छैनन् त्यो साक्षरता अभियान चलाउँदाखेरि त्यहाँ साक्षरता क्लासमा आउँनुस् पढ्न भनेर प्रेरित गर्दाखेरि उहाँ के भन्नु हुन्छभन्दाखेरि मर्ने बेलामा हरियो काँक्रो भन्नु हुन्छ र यसलाई हामीले बुझाउने कि नबुझाउने र उहाँहरूलाई त्यो कक्षामा इन्भल्व गराउनको लागि हाम्रो कस्तो किसिमको कार्यक्रम आउने हो हामीले के गरेर त्यो कक्षाको इन्भल्व गराउने हो त्यस्तो किसिमको नीति यहाँ आउँनुपऱ्यो भन्ने मेरो पनि यहाँ भनाइ छ । अर्को प्रदेशभित्र आधारभुत स्वास्थ्य सेवा सुनिश्चित भनेर लेख्या छ । अँ यहाँ चाहिँ आयो हिजो हाम्रो एक जना माननीय ठम्मर जीले भन्नु भाथ्यो म त्यो कुरालाई सहमति गर्छु ।

यहाँ स्वास्थ्य बीमाको कुरा आइराख्या छ । जनतासँग सम्पर्क गर्दाखेरि जनताहरू पनि खुसी हुनुहुन्छ स्वास्थ्य बीमाको लागि तर यो स्वास्थ्य बीमा यो कर्णाली प्रदेशमा केही जिल्लामा मात्रै लागु गरेको छ र दैलेख र सल्यान जस्तो जिल्लामा चाहिँ यो स्वास्थ्य बीमा लागु भएको छैन र यो स्वास्थ्य बीमा लगाउनको लागि यो सरकारले पनि ध्यान पुऱ्याओस् र यो कार्य नीतिमा नीति कार्यक्रममा आओस् भन्ने पनि चाहन्छु ।

अर्को कुरा छ, यहाँ अँ प्रदेशका सम्पूर्ण सहिदहरू तथा सहिद परिवारलाई घाइते योद्धा र तथा वेपत्ता नागरिकको परिवारको सम्मान र सहयोगको लागि अँ आवश्यक कार्यक्रम ल्याइने नीति अबलम्बन गरिने छ भन्या छ । प्रदेशको मात्रै होइन हाम्रो इतिहास हेर्दाखेरि धेरै सहिदहरू हुनु भएको छ । यो प्रदेश क्षेत्रमा नपर्न सक्नुहुन्छ होला र हाम्रा जनजाती, हाम्रा दलित, हाम्रा पिछडिएका वर्गका मान्छेहरू धेरै सहिद भइसक्नु भएको छ र म यो कर्णाली प्रदेशसँग के माग गर्न चाहन्छु भने जनजातिका कुरा गर्दाखेरि यहाँ हामी साह्रै अल्पमतमा छौं । हाम्रो प्रदेश बाहुन क्षेत्री पहिलो छ ।

दोस्रोमा, दलित छ, तेस्रोमा ठकुरी छ, चौंथोमा जनजाती छ र यसो हेर्दाखेरि यहाँ जनजातीको अनुहारमा चाहिँ हामी तीन जना मात्रै छौं । एकजना हाम्रो उपसभामुख पुष्पा घर्ती हुनुहुन्छ । एक जना म छु, एकजना हाम्रो दीनबन्धु दाई हुनुहुन्छ जनजातीको रूपमा । अनि हाम्रो आवाज यहाँ पुग्छ कि पुग्दैन त्यो म भन्न सक्दीन र आज हामी ती जनजातीहरूको भोटले, जनजातीको इच्छा आकांक्षाले यो स्थानमा आएका छौं तर जनजातीलाई कहिँ पनि सम्बोधन गरेको देखिदैंन त्यसैले म कर्णाली प्रदेशको सरकारसँग के अनुरोध गर्छु भने हाम्रा राणा विरुद्ध आन्दोलनमा सहिद हुनुभएका हाम्रा लखन थापा स्मृति चोक बनाइयोस् भनेर म यहाँ कर्णाली प्रदेशको सरकारसँग माग राख्दछु । त्यसैगरी बाढीपीडितको कुरापनि यहाँ उठेन हिजो हल्का हाम्रो माननीय ठम्मरबहादुर ज्यूले निकाल्नु भएको छ । *(**माननीय सभामुख** : समयसलाई ध्यान दिउँ माननीय)*

यहाँको बाढीपीडितमा परेर अहिले पनि मान्छेहरू महिला विकासको त्यो अँ पटाङगिमा चाहिँ पाल हालेर बसिरहेका छन् र कोही खोलाका किनारमा पाल हालेर बसिरहेका छन् । यी बाढी पीडितलाई तत्काल दुई महिना भित्रै घरबासको व्यवस्था गरियोस् भन्ने पनि यो कार्यनीतिमा आउँनु पर्छ भन्ने मेरो माग राख्दै थुप्रै एउटा कुरा मैले समयलाई फेरि चेपैं ।

म मुगुको रारामा गएको थिए उहाँ एकजना घोडा सवारले के भन्नुभयो भने अँ मेरो कुरा राख्दिनु होला भन्नु भयो उहाँले नाम सहित दिनु भएको छ । अनि उहाँको नाम चाहिँ तेजबहादुर रावल हो । उहाँ घोडा सवार हो हामी घोडामा चढिरहेको बेला के भन्नु भयो भने माननीयज्यू हजुरहरूले गर्न सक्नुहुन्छ भने हामीलाई निकुञ्जबाट बाहिर राखिदिनुस् किभन्दाखेरि हामी निकुञ्जको परिधिभित्र रहेर हामीले काम काज गरेर व्यवसाय गर्न सकेनौं । हामी साह्रै पीडित छौं र तीनवटा गाउँ एउटा चाहिँ झ्यारी, एउटा मुर्मा एउटा तुम्म गाउँलाई चाहिँ निकुञ्जबाट बाहिर ल्याउनु होला भन्ने कुरा राख्नु भयो अर्को कुरा के राख्नु भयो भने हामी विभिन्न समितिमा बस्न चाहन्छौं तर जन प्रतिनिधिका छोराहरू, जनप्रतिनिधिका भाइभतिजाहरू नै आफ्नै त्यो समितिमा बस्ने भएको हुनाले हामीले त्यस्तो किसिमबाट पनि हामी वञ्चित भएका छौं । हामीलाई त्यो किसिमको व्यवस्था मिलाई दिनु होला भनेर उहाँले माग गर्नुभएको थियो मैले यो कुरा राख्दै बिदा भए हवस्त धन्यवाद ।

**माननीय सभामुख** : माननीय श्री दानसिंह परियार, समय सात मिनेट ।

**माननीय सदस्य श्री दानसिंह परियार** : सभामुख महोदय, आज हामी सरकारको नीति र कार्यक्रममाथि छलफल गर्दै छौं र आज हामीले पहिलो पटक सरकारको नीति र कार्यक्रममा छलफल गरिरहँदा कर्णाली प्रदेशका करिब १७ लाख जनताहरूले हामीलाई नजिकबाट हेरिरहेका छन् ।

सभामुख महोदय, हामीले भन्ने गर्छौं *मर्निङ सो दि डे* बिहानीको शुरूवात हामीले कसरी गर्यौं र त्यसले समग्र चाहिँ दिनको झल्को दिन्छ । आज हामीले जसरी पहिलो पटक कर्णाली प्रदेशको जुन सरकारले आफ्नो नीति र कार्यक्रम आमजनताको माझमा सार्वजनिक गरिरहँदा मैले पनि एउटा जनप्रतिनिधिको हैसियतले सरकारको नीति र कार्यक्रमलाई मैले अध्ययन गरे र मैले त्यो अध्ययन गर्ने सन्दर्भमा धेरै कुराहरू मैले मनन् गरेर धेरै कुराहरू स्वागतयोग्य छन् र धेरै कुराहरू चाहिँ परिमार्जन गर्नुपर्ने छ । मैदे बुँदागत रूपमा प्रत्येक कुराको कमेन्ट गर्न चाहिन । किनभने हामी नेपालीहरूको संस्कार छ कि विरोधको लागि विरोध गर्ने तर विरोध यस्तो होस् कि त्यो सकारात्मक रचनात्मक सुझाव सहितको विरोध होस् ।

हामीले भनेका छौं जनताका जनप्रतिनिधिहरूले सदनमा बोलिरहँदा जनताका जनप्रतिनिधिहरूले सदनमा आवाज उठाइरहँदा आमजनताहरूले चाहिँ त्यसको परिदृश्य हेरिरहेका हुन्छन् । त्यस्तो भएकोले पनि मैले भने आज जसरी नीति र कार्यक्रम ल्याइएको छ त्यो आधुनिक समाज सम्मत छ कि छैन आधुनिक, वैज्ञानिक परिस्थिति अनुसार  समायोजित हुने नीति र कार्यक्रम छ कि छैन भनेर यो क्षेत्रका तमाम बौद्धिक व्यक्तित्वहरूले हेरिराखेका छन् । यो क्षेत्रको विकास र परिवर्तन चाहने आम जनताहरूले हेरिराख्या छन् तर मलाई लाग्छ हामीले जसरी यो नीति र कार्यक्रम ल्यायौं यो नीति र कार्यक्रममा म पहिलो कोइसन राख्न चाहन्छु । हामी यसमा प्रथम तह अस्पष्ट छौं । पहिलो कुरा नीति र कार्यक्रम यो जति बुँदामा हामीले ल्याएका छौं यसमा कुन नीति हो कुन कार्यक्रम हो यो मलाई थाहा छैन । किनभने नीति र कार्यक्रमलाई चाहिँ गोलमटोलमा ल्याइएको छ । एउटा नीति ले १० औं कार्यक्रमहरूलाई सम्बोधन गर्ने किसिमको नीति हुनु पर्छ र जतिपनि कुरा ल्याइएको छ यहाँ के नीति हो के कार्यक्रम हो प्रष्ट छैन । एकातिर नीतिको कुरा पनि आइराख्या छ त्यो सँगसँगै अर्कोतिर कार्ययोजना र कार्यक्रम सँगसँगै मिसाइएको जस्तो देखिएको छ ।

त्यसो भएकोले म पहिलो सुझाव दिन चाहन्छु कि सरकारले विषयगत क्षेत्रहरू निर्धारण गरेर नीति र कार्यक्रम ल्याइनु पर्छ । शिक्षा क्षेत्रका हाम्रो नीति के होस्वास्थ्य क्षेत्रमा हाम्रो नीति के हो सामाजिक विकासको क्षेत्रमा हाम्रो नीति के हो पर्यटनको सन्दर्भमा हाम्रो नीति के हो र यो क्षेत्रको चाहिँ प्रदेशका गौरवका आयोजनाका सन्दर्भमा हाम्रो नीति के हो भन्ने कुरा यो क्षेत्रगत रूपमा छुट्याएर नीति ल्याएको भए आमजनताले सजिलै रूपमा बुझ्ने थिए र यसको कार्यक्रम बनाउनको निमित्त पनि सरकारले आगामी कार्यक्रम चलाउनको निमित्त पनि तपाईंको यो प्रष्ट हुने थियो । पहिलो कुरा नीति र कार्यक्रममा प्रष्टता होस् भन्ने कुरा म चाहन्छु । अर्को कुरा मैले देखे यहाँ हामीले हाम्रो प्रदेशभित्रका न्यूनतम गौरवका आयोजनाहरू के-के हुन त हामीले तीन महिनाभित्र सम्पन्न गर्न नसकौंला तर यो पहिलो नीति र कार्यक्रम भाको हुनाले कमसेकम १० वटा जिल्ला हाम्रो साविकको कर्णालीको १० वटा जिल्लाभित्र कमसे कम हाम्रा कतिवटा गौरवका आयोजना हुन त ?कुनै पनि हाम्रो प्रदेशको गौरवका आयोजना यो हो भन्ने कुरा चाहिँ किटानी गरिएको छैन र हामी अलमलमा परिराख्या छौं कि हाम्रो पूर्वाधारभित्रको प्रमुख गौरवका आयोजना के हुन सिँचाइभित्रका प्रमुख गौरवका आयोजना के हुन पर्यनभित्रका प्रमुख गौरवका आयोजना के हुन र शिक्षा स्वास्थ्य लगायतका चाहिँ सामाजिक विकासका एजेण्डाको निमित्त हाम्रो प्रदेशले प्रमुख एजेण्डाको रूपमा राख्ने गौरवका आयोजनाहरू प्रष्ट रूपमा राख्ने छैन आगामी नीति तथा कार्यक्रममा प्रष्ट

रूपमा चाहिँ हाम्रो नीति र कार्यक्रममा चाहिँ गौरवका आयोजना प्रष्ट गरियोस् भन्ने लाग्छ । अर्को कुरा मलाई लाग्छ हामीले भनेका छौं भौतिक पूर्वाधारलाई मात्रै विकास मान्ने यो जुन सोचबाट चाहिँ सरकारको नीति र कार्यक्रम छ यसलाई म आधा विकासको रूपमा लान चाहन्छु ।

समाजमा भौतिक विकास सँगसँगै सामाजिक, साँस्कृतिक रुपान्तरणको अभियान यदि राज्य पक्षबाट चलाइने होइन भने फेरि केही निश्चित केही निश्चित हुने खाने सामन्त फटाहाहरू त हिजो पनि थिए हिजो पनि खाइरहेका थिए आज पनि खानेछन् र भोलि पनि राज्य सत्तामा यो नाम नेतृत्व गरिराख्या छन् र अहिले पनि पछाडि परेको वर्ग समुदायको मूल प्रवाहीकरणको निमित्त प्रष्ट नीति कार्यक्रम मैले देखेको छैन । आधा हिस्सा बोकेको महिलाहरूको सशक्तिकरण उनीहरूको शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक नेतृत्व निर्माण गर्ने हामीसँग प्रष्ट नीति कार्यक्रम कैले देखेको छैन । हामीले भन्यौं हरेक क्रान्तिमा कम्रेड माक्सले भन्नु भएको छ कि हरेक क्रान्तिमा क्रान्तिकारीहरूभन्दा अवसरवादीहरू बढी खत्रा हुन्छन् र अरू क्रान्ति जव निर्णयक मोडमा पुग्छ त्यहाँ क्रान्तिकारीहरूको चाहिँ सत्ताचुत हुन्छ र तपाईं अवसरवादीहरू यो र त्यो नाममा राज्यसत्ता दोहन गरिराखेका हुन्छन् । म सभामुख महोदय, यो नयाँ सरकार जुन जनताले दुई तिहाइ बहुमत होइन करिब छ तिहाइ बहुमत सहितको चाहिँ कम्युनिष्ट शासन व्यवस्थाको चाहिँ एकपटक अहिले अभ्यास गरिरहने सन्दर्भमा आमजनताको जनमतलाई चाहिँ अपमान हुने किसिमको चाहिँ कुनै पनि नीति कार्यक्रम नआओस् भन्ने पनि म राख्न चाहन्छु ।

अर्को कुरा म मुगु जिल्लाको एउटा प्रतिनिधि भएको नाताले अस्ति मात्रै रारा पर्यटनको नाममा एउटा नाटक मञ्चन गरियो रारामा हामीले राराको नाममा तीन-तीनवटा करिब महोत्सवहरू भए पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाज्यू जानु भयो, पूर्वअर्थमन्त्री रामशरण महत जानु भयो र अहिलेको हाम्रो तत्कालिन प्रधानमन्त्री के.पि. शर्मा ओलि पनि रारामा जानु भयो । रारामा क्याविनेटको बैठक पनि सम्पन्न भयो तर आज आम मुगाली जनताहरूले हामीलाई प्रश्न गरिराखेका छन् आज फेरि गमगढी नाक्चेलाग्ना बाटो यो र त्यो नाममा चाहिँ फेरि ओझेलमा पारिएका छ भन्ने कुरा आम जनताले हामीलाई कोइसन गरिराख्या छन् । हामीसँग प्रष्ट भिजन के हो आज तथ्यांक हामीसँग एउटा पनि नहुँदा करिब उत्तरका दुईवटा नाकामा पनि भिजन नहुनु यो सरकारको चाहिँ अदुरदर्शी निर्णय हो । म त्यो भन्न चाहन्छु । आज उत्तरका १२ वटा सम्भावित नाकाभन्दा सबैभन्दा छोटो नाका करिब यो क्षेत्रको चाहिँ यो प्रदेशको समग्र चाहिँ विकासको एउटालाईफ दण्डको चाहिँ नाक्चेलाग्ना बाटोलाई चाहिँ आज ओझेलमा पारिएको छैन जुन योजना हामीले गर्नु पर्ने थियो तत्काल यो एक दुई वर्षभित्र सम्पन्न गर्नुपर्ने योजनालाई हामीले नीतिमा पनि समेट्न नसक्नु र कार्यक्रममा पनि समेट्न नसक्नु यो दुखद कुरा हो र मलाई लाग्छ यो कार्यक्रममा तत्काल गमगढी नाक्चेलाग्ना बाटो हाम्रो प्रदेशको पौरख, प्रमुख गौरवको आयोजनाभित्र चाहिँ समेटिनु पर्छ र त्यो जबसम्म समेटिदैंन यो ६ नम्वर प्रदेश हाम्रो कर्णाली प्रदेशको चाहिँ समृद्धिको ढोका नै खोल्ने छैन भन्ने कुरा पनि म प्रष्ट राख्न चाहन्छु ।

अर्को कुरा हामीले भनेका छौं यो पर्यटन वर्षको सुभारम्भ सँगै ५ लाख पर्यटकहरूलाई यो कर्णाली प्रदेशमा चाहिँ भित्र्याउने महत्त्वकांक्षी योजना चाहिँ सरकारले अबलम्वन गरेको छ तर अहिले पनि भौतिक पूर्वाधारको अभाव, सडकको अभाव र रारामा हामीले पर्यटन वर्ष बनाइरहँदा त्यहाँको चाहिँ भौतिक संरचनाको विकासको निमित्त त्यहाँको पर्यटकीय सम्भाव्यता अध्ययन गर्नको निमित्ति नीति कार्यक्रम मैले देखेको छैन । अझैपनि फेरि राराको नाम राखिरहँदा अर्को कुनै एउटा क्षेत्रलाई जोडेर फेरि समग्र पर्यटन क्षेत्रको चाहिँ विकासलाई ओझेलमा पार्ने कुरा भइराखेको छ । राराको बारेमा चाहिँ प्रष्ट नीति कार्यक्रम

पनि हुनुपर्छ भन्ने कुरा राख्न चाहन्छु । अर्को कुरा हामीले प्रथमतः अहिले स्थानीय सरकार जसरी आफ्नो स्वार्थताको कुरा उठाइराख्या छ र केन्द्रीय सरकारले आफ्नो नीति र विधिबाट चलिरहेको छ मलाई लाग्छ यो प्रदेश सरकारले प्रमुख कुरा आफू सशक्त हुने कुरा आफ्नो नीति बनाउने कुरा र आफ्नो संस्थागत संरचना बनाउने कुरा चाहिँ पहिलो कुरा प्राथमिकता दिनु पर्छ ।

हामीले भनेका छौं कुन स्तरका योजनाहरू गाउँपालिका र नगरपालिकाले गर्ने हो कुन स्तरका योजनाहरू हामी प्रदेश सरकारले गरेर कुन स्तरको चाहिँ योजनाहरू केन्द्रीय सरकारले गर्ने हो भन्ने कुरा पनि हामीले बनाउने कानूनमा यो प्रष्ट हुनु पर्छ । त्यसो भएकोले मैले यहाँ धेरै कुरो राखिन मैले यो नीति कार्यक्रममा हेरिरहँदा हाम्रो लक्ष्य करिब ५ वर्षभित्र सदन र सरकारमा हामीले प्रतिनिधित्व गरिरहँदा जनताले खोजेको समृद्धि अहिले पनि समाजमा कयौं युवाहरू बेरोजगार छन् । अहिले पनि कयौं मान्छेहरू एउटा सिटामोलको टाटो नपाएर चाहिँ छटपटिएर मरिरहेका छन् । अहिले पनि तमाम महिलाहरू आफ्नो दैनिक दिनचर्या पनि चलाउन नसक्ने अवस्थामा छन् र पछि परेको वर्ग समुदायले नयाँ राज्य व्यवस्थाबाट प्राप्त गर्नुपर्ने अधिकारको चाहिँ खोजीमा अगाडि बढिरहेको छ त्यसो भएकोले मलाई लाग्छ यो सरकारको नीति कार्यक्रमले ठोसरूपमा हामीले कति युवाहरूलाई रोजगारी दिन सक्छौं कति समयमा यो समाजलाई हिंसामुक्त बनाउन सक्छौं कति समाजमा कति समयमा यो समाजलाई हामीले छुवाछुतमुक्त समाज बनाउन सक्छौं । कति समयमा हामीले यो समाजका गौरवका योजनाहरू र यो प्रदेशका गौरवका योजनाहरू हामीले सम्पन्न गर्न सक्छौं भन्ने कुरा यो सोलो डोलोमा नगएर प्रष्ट नीति कार्यक्रममा हुनु पर्छ भन्ने कुरा राख्दै मेरो भनाइ यहि टुङग्याउँछु धन्यवाद ।

**माननीय सभामुख** : माननीय श्री वीरबहादुर शाही, समय सात मिनेट ।

**माननीय सदस्य श्री वीरबहादुर शाही** : माननीय सभामुख महोदय, आज नीति तथा कार्यक्रम यो छलफलको कार्यक्रममा यो नीति तथा कार्यक्रमलाई जनमुखी प्रभावकारी मैले देखिराखेको छु र केही बुँदाहरू मैले आफ्नो जिल्लाको बारेमा केही अँ सभामुख महोदय, यो कर्णाली प्रदेशमा एउटा स्रोत जडिबुटी पनि यो स्रोत अन्तर्गत भित्रै पर्छ र महिले यो यसको नीति र कार्यक्रम मैले देखेन । अहिले सम्म कर्णाली प्रदेशमा जडिबुटी प्राप्त भएको जिल्ला मुगु र डोल्पामा यार्चागुम्बाको कुनै पनि नीति लेखिया छ र अन्य जडिबुटीहरू पाँचऔले, सुनाखरी, लगायत जटामासीको अहिले सम्म राज्यले EIA हुने लेखेको छ त्यसलाई यो नीतिमा ल्याएर यसलाई बजारमा व्यवस्थापन गर्नको निम्ति म आग्रह गर्दछु र अर्को हामी यो मध्यवर्तीभित्र राष्ट्रिय निकुञ्ज अन्तर्गत परेको कारणले अहिलेसम्म नीतिमा नआएको देखिएको छ र त्यो राष्ट्रिय निकुञ्ज, मध्यवर्ती रभित्रको जतिसम्म राजश्व अहिले उठिरहेको छ त्यो मध्यवर्ती अन्तर्गत राष्ट्रिय निकुञ्जले एक अधिकार उसले प्रयोग गरिरहेको छ र त्यसैलाई अब अलि स्थानीय सरकारको मातहतमा जाने हो कि यो प्रदेश सरकारको मातहतमा जाने हो त्यो निर्णय गराउनको निमित्त म ध्यानाकर्षण गराउन चाहन्छु र अर्को गौरवको योजनाहरू म यहाँ नाक्चेलाग्नाका कुरा निस्के हिल्साका कुरा निस्के मैले बुझ्दाखेरि २०४९ सालदेखि चाइना क्याटु र माहाबु १७ वर्ष म आफैं यार्चागुम्बा लिएर बिक्री गर्न गएको मलाई त्यो महसुस भएको कारणले नेपालगंजबाट क्याटु र धो मरिल्ला ४२५ किलोमिटर मात्रै छ र त्यसमा जाजरकोट डोल्पा दुनैसम्म नेपाली सेनाले लिएको बाटोमा जम्मा तीन किलोमिटर रक  बाँकी छ र बाँकी ढोबाट दुनैसम्म २० किलोमिटर मात्र छ रक काट्ने एरिया पर्दा बितिकै हामीले उहीँबाट जान चाहन्छौं र यसमा चाहिँ राज्यले चाहिँ गौरवको योजना लिई दिनु पर्‍यो म अनुरोध गर्न चाहन्छु । अर्को जगदुल्ला जलविद्युत आयोजना लेखेको छ तर नामाकरण भएको छैन । यसलाई चाहिँ नामाकरण गर्नको निमित्त म यो

सभामुखसमक्ष म नम्र निवेदन गर्न चाहन्छु र कतिपय हुन्छ सदनभित्र तलमाथि काटछाट हुनसक्छ । निश्चित कुराहरू यो भएन उ भएन कुराहरू यो कुरा सबैका कुरा हुन् । यो अहिलेको चाहिँ कानून तथा नीतिहरूको बारेमा अब सबै साथीहरूले भनिसक्नु भएको छ र मैले मेरो तर्फबाट भन्ने हो भनेपछि यो जनमुखी नै देखिने देखेको छु भन्दै मेरा दुई शब्द यहीं राख्छु धन्यवाद, नमस्कार ।

**माननीय सभामुख :** माननीय श्री शुसिलकुमार थापा, समय सात मिनेट ।

**माननीय सदस्य श्री शुसिलकुमार थापा :** मानीय सभामुख महोदय, आज आर्थिक वर्ष २०७४/०७५ को तेस्रो चौमासिकको लागि प्रदेश सरकारको नीति तथा कार्यक्रमका सन्दर्भमा हामी छलफल गरिरहँदा थुप्रै माननीय सदस्यहरूले यसका बारेमा थुपै कुराहरू राखिसक्नु भएको छ । वास्तवमै नीति तथा कार्यक्रम जुन रूपमा छोटो छरितो र यो फास्ट ट्र्याकबाट अगाडि बढ्ने खालको हुनुपर्थ्यो अत्यन्तै यो झन्झटिलो र ठूलो भएको कारण यो अलि लामो हुन गइरहेको छ र हामीले थुप्रै अभ्यासहरू पनि हेरेका छौं । कि हामी अमेरिकाकै संविधानको कुरा हेर्नु हुन्छ भने सात पृष्ठ भूमिको एउटा संविधानले अमेरिका जस्तो राष्ट्र चल्या छ भने एउटा कर्णाली प्रदेशको नीति तथा कार्यक्रम १४६ पेजको छ ।

यति यो ठूलो एकदम भद्रगोल रूपमा जो आएको छ यो बजेट जस्तै गरी जो आएको छ यसलाई सच्याएर आगामी दिनमा यसलाई सानो खालको बनाएर अगाडि बढ्न म आग्रह गर्न चाहन्छु र त्यसै गरी सभामुख महोदय, यसको ५३ मा ५३ मा भनिएको छ बर्दिया, सुर्खेत शुरूङ मार्ग निर्माण गर्ने पूर्वसम्भाव्यता अध्ययनको लागि संघीय सरकारसँग अनुरोध गर्ने भनिएको छ । बर्दिया देखि सुर्खेतसंग शुरूङ मार्ग जो खन्ने भनिएको छ यसलाई शुरूङ मार्ग मात्र नभनेर यसलाई स्काइ ओभर रोड निर्माण गर्ने हो भने सडकलाई हामी यो सडकलाई वन्यजन्तु सडकका रूपमा विकास गर्न सकिन्छ जसले गर्दा हामीले यो बर्दिया राष्ट्रिय निकुञ्जलाई स्काइ ओभर रोड मार्फत् पर्यटकहरू भित्र्याउन सकिन्छ र यो रोडलाई सुर्खेत ल्याएर हामी दैलेखको दुल्लु हुँदै ब्याउली हुँदै कर्णाली राजमार्गमा जोडेर नाक्चेलाग्नामा जोड्न एकदम छाटो, सरल र थोरै टर्निङ भएको बाटोको रूपमा यसलाई विकास गर्न सक्छौं । त्यसकारण यो नाक्चेलाग्ना सडकलाई पनि विशेष जोड दिएर राख्नु पर्छ भन्ने मेरो धारणा छ ।

त्यसैगरी यो ५६ मा लेखिएको छ विभिन्न राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण प्रभाव पार्ने विभिन्न आयोजनाहरू हामीले उल्लेख गरेका छौं तर यो प्रदेशकै गौरव अर्थात नेपालकै गौरवका रूपमा रहेको अपर कर्णाली जस्तो महत्त्वपूर्ण आयोजनाका सन्दर्भमा यसले उल्लेख गरेको छैन । मैले अस्ति पनि बोलेको थिए कि तो अपर कर्णाली आज भारतको जिएमआर कम्पनीले त्यसलाई निर्माण गर्ने भनेर अगाडि बढाएको छ तर यसको मिति असोज ३ गते सकिदैंछ तर त्यो जिएमआर कम्पनी अहिले पनि यो या त्यो नाममा त्यसलाई अझै म्याद थपेर अगाडि बढ्ने र अपर कर्णालीलाई एउटा लाईसेन्सका रूपमा मात्रै ठगेर लाईसेन्सको रूपमा मात्रै रोकेर अगाडि बढ्ने पर्यत्न भइरहेको छ । त्यसकारण यो प्रदेश सरकारले असोज ३ गते सम्म जिएमआर कम्पनीलाई तत्काल निर्माण गर्न ताकेता गर्दै यद्यपी बनाएन भने त्यो समयभित्र खबरदारी गर्दै आगामी दिनमा असोज ३ पछि प्रदेश सरकारले निर्माण गर्ने गरी यसलाई सम्बोधन गरेर अगाडि जान पर्थ्यो त्यसो भएन । त्यति मात्रै होइन यहाँ ७५ मा भनिएको छ कि युवाहरूलाई उत्पादनसँग जोडिने नीति ल्याइने छ । अर्थात् यहाँ थुप्रै कुराहरू लेखिएको छ । जस्तो युवाहरूको लागि प्रदेशस्तरबाटै श्रम स्वीकृति दिने व्यवस्था गरिने छ भनिएको छ । म यसमा आग्रह गर्न चाहन्छु र हाम्रा घोषणा पत्रमा पनि हामीले लेखेका छौं कि प्रत्येक वर्ष कम्तीमा पनि हाम्रो प्रदेशका युवाहरू जो अहिले विदेशमा गइरहेका छन् तिनलाई प्रत्येक वर्ष १० पर्सेन्टका दरले विदेश जाने युवाहरूलाई यहि प्रदेशमा रोजगारी दिने वातावरण

सिर्जना गर्छौं र अब हामी विदेश जाने मात्र होइन तिनलाई आत्म आफ्नै प्रदेशमा आत्मसम्मानका साथ अँ आफ्नै समाजमा बस्न सक्ने वातावरण सिर्जना गराउन रोजगारी ग्यारेन्टी गरेर प्रत्येक वर्ष १० पर्सेन्टका साथ हामीले विदेश जाने युवाहरूलाई रोक्नेछौं र १० पर्सेन्टले यो प्रदेशको आर्थिक वृद्धिदर गर्दै जानेछौं भनेर हामीले यसमा उल्लेख गर्नुपर्छ ।

किनकि हाम्रो प्रदेशको आयस्रोत कति हो यो प्रदेशले कति आम्दानी गर्छ त्यसको त्यो आम्दानीको कति पर्सेन्ट हामी यो प्रदेशको वृद्धि गर्दै जान्छौं र आगामी दिनमा यो ५ वर्षभित्र यो प्रदेश समृद्ध प्रदेश बनाउन हाम्रो खास ठोस योजना के हुन्छ भन्ने बारेमा हामीले चाहिँ त्यतातिर ख्याल गर्नुपर्छ ।

अर्को ७६ मा छ प्रत्येक जिल्लामा खेल मैदान बनाउने भनिएको छ । जिल्ला होइन हाम्रा २४ वटा यी प्रदेशमा रहेको निर्वाचन क्षेत्रमा खेल मैदान बनाउने प्रत्येक निर्वाचन क्षेत्रमा खेलमैदान बनाउने हामीले सोच्न पर्छ र अर्को कुरा अस्ति आएको छ साँच्चै मध्यपश्चिम विश्वविद्यालयलाई यो प्रदेशको मातहत ल्याउने जो अत्यन्तै राम्रो स्वागतयोग्य छ । त्यो सँगसँगै हामीले यो नीति तथा कार्यक्रममा कतिको राख्न मिल्छ कानुनी प्रावधानी कुराहरू होलान् तर बाँके र बर्दिया जिल्लालाई यो प्रदेशमा समेटेर केन्द्रीय सरकारसँग हामीले समन्वय गरी यो प्रदेशमा ल्याउने गरी हामी कानूनी प्रावधानहरू फुकाउने र केन्द्रीय सरकारसँग समन्वय गरेर यो प्रदेशमा ल्याउन पनि पहल गर्ने कुरा राखेको भए अझ राम्रो हुन्थ्यो र यो प्रदेश जो दक्षिणी नाकाबाट वञ्चित भएको छ त्यो ढोका पनि खुल्थ्यो र यो अलि विशाल अलि आशालाग्दो प्रदेशका रूपमा रहन्थ्यो । तराई, पहाड, हिमाल भएको यो अत्यन्तै सुन्दर प्रदेश हुन्थ्यो त्यसकारण यसलाई पनि समेट्न अँ समेटेको भए राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ ।

आदरणीय सभामुख महोदय, समृद्ध नेपाल सुखी नेपाली हामी सबै हाम्रो यो सबैको नारा हो समृद्ध यो कर्णाली प्रदेश सुखी कर्णाली प्रदेशका जनता । यो तपाईं हाम्रो सबैको सपना हो र सबैको साझा नारा हो तर हामी यो समृद्ध नेपाल अर्थात कर्णाली प्रदेश भनिरहँदा सुख नेपाली भनि रहँदा हामीले थुप्रै पूर्वाधारहरू सम्झिन्छौं । हामीले विकासको पहिलो प्रारूप थुप्रै पूर्वाधारहरू सम्झिन्छौं र हामीले चौडा बाटो, शुद्ध खानेपानी, अनि हामीले प्रत्येकका घरघरमा बिजुली बत्ति सुविधा सम्पन्न हाम्रो यातायात लगायतका यी थुप्रै दिवा सपनाहरू हुन् तर यी सबै हाम्रा विकासका माध्यम मात्रै हुन् तर वास्तवमै विकास भनेको त फेरि पनि हामीले फर्केर हेर्दा विकास भनेको यो प्रदेशका नागरिक हुन् । विकास भनेको नेपाली सबै नागरिक हुन् । हामी सबै मान्छे हुन् तर अन्य हाम्रा भौतिक पूर्वाधारहरू त विकासको एउटा माध्यम मात्रै हुन् । त्यसकारण म के भन्न चाहन्छु तभन्दा हामीले विकासको यात्राको बारेमा अगाडि बढीरहँदा जब हामी विकास विकास भनिरहेका छौं प्रत्येक हामी कर्णालीबासी दाजुभाइ तथा दिदिबहिनीहरूले भोलि हामी कर्णालीको नागरिक हुँ भनेर गर्व गर्ने खालको गौरव गर्ने खालको उल्ले आफूले सम्मान भएको महसुस गर्ने खालको उसले आफ्नो इमान र मर्यादाको महसुस गर्ने खालको जब हामी यो कर्णाली प्रदेशको हामी प्रत्येक नागरिकले त्यो महसुस गर्न सक्छौं जुन नागरिकले त्यो महसुस गर्न सक्छ त्यो दिन यो कर्णाली प्रदेशको विकास भएको त्यो नागरिकका लागि महसुस हुनेछ । त्यसकारण सबैभन्दा पहिला प्रत्येक व्यक्तिको अपनत्वको विकासको लागि हामीले कस्तो खालका बाटाहरू, कस्तो खालका पूर्वाधारहरूको विकास गर्नपर्छ भन्नेतिर ख्याल गर्न आग्रह गर्दै मेरो भनाइ यहीं राख्छु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री राजु नेपाली, समय सात मिनेट ।

**माननीय सदस्य श्री राजु नेपाली :** सभामुख महोदय, हामीले सरकारको कार्यनीति सुनिराखेको आज तीन दिन भयो । सरकारका कार्यनीतिको बारेमा सुन्दा सुन्दा हिजो १२ जना माननीयज्यूहरूले बोलिसक्नु भएको छ । आज पनि १२ जना माननीयज्यूले बोलेर अगाडि बढीसक्नु भएको छ धेरै कुराहरू भनिसक्नु भएको छ ।

सभामुख महोदय, मैले आफूले केही कुराहरूभन्दा पनि हाम्रो मन्त्रीज्यूहरू ७ जना हुनुहुन्छ मन्त्रालय ७ वटा छ । यो समग्रमा साढे १३ पेजको पानामा गोलमटोल गरेर कार्यनीति लेखिएको छ । किनभने कतै हामी माननीय पनि अलमल्याउने हो कि कता हो कता हो कहाँबाट शुरू गर्ने कहाँबाट अन्त्य गर्ने जस्तो भएको जस्तो महसुस भएको छ । सभामुख महोदयमार्फत् मन्त्रीज्यूहरूलाई सुझाव स्वरूप केही कुरा राख्न चाहन्छु । छोटो हुन्थ्यो ७ पेज हुन्थ्यो होला ७ पन्ना हुन्थ्यो होला । आफ्ना, आफ्ना कार्यनीतिहरू लेख्दिएको भए ।

हामीलाई स्पष्ट हुन्थ्यो होला । हामी पहिलो पहिलो संघीय संरचनामा छौं, त्यसै त हामी अलमलमा छौं फेरि पनि यो कार्य नीतिले अझै हामीलाई अलमल पारेको छ ।

सभामुख महोदय, धेरै ठाउँमा धेरै कुराहरू दोहोरिएका छन् असाध्यै मेहनत गरेर लेख्नु भयो होला छोटो समयमा लेख्नु भयो उहाँहरूलाई धन्यवाद दिन चाहन्छु । किनभने छोटो समयमा साढे १३ पेजको भएको छ धेरै कुरा आएका पनि छन् तर धन्यवादको पात्र पनि हुनुहुन्छ । यस मानेमा कि यिनी कुराहरू दोहोरिएका छन् र स्वरोजगार, स्वरोजगार भनिएको छ युवाको बारेमा स्वरोजगार र सहकारी भनिएको छ । असाध्यै धेरै कुरा त्यहाँ दोहोरिएको छ । स्वरोजगार दिदाँ बेरोजगार युवाहरूलाई त्यो युवाहरूसँग त जग्गा जमिन छैन होला नि जग्गा जमिन हुने युवाहरू थोरै मात्रै हुनुहुन्छ होला । स्वरोजगारका कुरा उठाउँदा पढेको एउटा प्रमाण छ उहाँहरूसँग केही पनि गर्न नसक्ने युवाहरूलाई प्रमाणको आधारमा केही पहल गर्ने कि नगर्ने प्रदेश सरकारले सहकारीमार्फत् जाने सहकारीमा धरौटी माग्छ । जमिन राख्ने भन्छ, जमिन नभएका युवाहरूलाई फेरि बेरोजगार गराउने फेरि खाडि मुलुकमा पठाउने खाडि मुलुकमा पठाउँदा कति दुख छ, कति कष्ट छ हामीले यस्सो हेर्दा झट्ट हेर्दा असाध्यै उ पनि लाग्छ हो दुख पाउनु भएको छ धेरै एक जना खाडि मुलुकमा जानुहुन्छ १० जना घरपरिवारले दुख पाएको छ ।

सभामुख महोदय, यहाँ लेखिएको पनि छ राजधानी त यहाँ बनाइरहन्छ नि यहाँ बनाइरहन्छ प्रशासनले तर राजधानी बनाउँदा ती युवा राजधानी बनाउँछन् जान्छन कहाँ त उड्नको लागि मेनपावर भन्ने कहाँ छ त भने काठमाण्डौ मै रहेछ । काठमाण्डौमा बस्दा २ महिना बस्छन् ३ महिना बस्छन् तर प्लेन आउँदैन उडिदैन दलालिले पैसा खाइसकेको हुन्छ । आउँदा धोति न टोपी हुने युवाहरूलाई के सोचेको छ यो कर्णाली प्रदेशको सरकारले यसको पनि स्पष्ट आउँनुपर्छ ।

सभामुख महोदय, भन्न त हिजो पनि साथीहरूले उठाइ सक्नु भएको छ । आज पनि उठ्यो अलिअलि तर यहाँ हामी माननीय दोस्रो दलितको दोस्रो जनसंख्या भएको प्रदेश हैन छौं कति ४ जना छौं । सभामुख महोदय, त्यो सामाजिक विभेदमा पारेर पछाडि पारिएकालाई कहिकतै स्पष्ट रूपमा आएन । भौतिक, भौतिक मानवीय विकास कँहिकतै गर्नु पर्दैन यसमा पनि ध्यान जानु परेन मानवीय विकास पनि पहिलो होला । मानवीय विकास भएपछि भौतिक विकासको संरचना बलियो हुन्छ । होइन जबकि मान्छेको मानवीय विकासकै चेतना छैन बनाउनु हुन्छ भौतिक संरचना चेन्ज चेतना छैन भत्काउँछ ढुंगाले हान्छ, मुडाले हान्छ फाल्छ तर मानवीय विकास पनि जरुरी छ ।

सभामुख महोदय, यस गरिमामय सदनमार्फत् मैले यहाँहरूलाई छुवाछुतको अत्यन्त जरजर अवस्था छ । मारिएका छन् यहाँ हिंसा त्यस्तै छ । सामाजिक हिंसा त्यस्तै छ हिंसा त अहिले भन्नै पर्दा लागुपदार्थको दुर्व्यसनीले ठूला बढा ती धन्याढ्यहरूले प्रयोग गरेका ती युवतिहरूलाई हेर्न जानुस् त जिल्ला प्रहरी कार्यालयमा । के बितेको छ खै प्रदेश सरकारको ध्यान कहिले हामी त्यहाँ गएर अनुगमन गरेका छौं कि छैनौं ती युवतिहरूलाई ती कल्कलाउँदा पालुवालाई हामीले केही गर्न सक्छौं कि सक्दैनौं अवस्था दयनीय छ ।

भन्न सजिलो छ हामीले सबै कुरो गर्छौं भनेर गोलमटोलमा आइसकेको छ । सभामुख महोदय, सरकारले, सरकारले यसको जिम्मेवारी पनि अलिकति लिनुपर्छ कि त्यस्ता युवायुवतिलाई अझै हामीले एउटा सुधार गृह अथवा सुधार केन्द्र निःशुल्क रूपमा हामी यो प्रदेश भरिकालाई निशुल्क रूपमा राखेर उहाँहरूलाई राम्रा-राम्रा कुराहरू सिकाउने राम्रा, राम्रा सिप सिकाउने कला सिकाउने त्यस्तो एउटा हामीले भवन निर्माण गर्न पाएको भए प्रदेशभरीको अत्यन्तै राम्रो हुन्थ्यो होला त्यो युवति ती युवाहरूको मनस्थितिमा पनि प्रदेश सरकारले पक्कैपनि हाम्रो हितै गरेछ भन्थे होलान । आँखामा आँसु आउँछ हिजो जन्म दिने आमा भनेका हामी हुँ तर प्रधानमन्त्री हुनु भएको छ । पुरुषहरू तर कोही इन्जिनियर, कोही डाक्टर हुनुहुन्छ पाइलट हुनुहुन्छ सबै हुनुहुन्छ तर त्यो आमाको मर्मलाई बुझ्ने कि नबुझ्ने आज मलाई असाध्यै पिडा भएको छ । किन भने ती पालुवाले हातमा हतगडी लगाएर हिड्दा आत्मा रोएको छ । सभामुख महोदय, सभामुख महोदयमार्फत् प्रदेश सरकारले यसमा ध्यानाकर्षण गराओस् र यो गरिमामय सदनमा मैले आफ्ना भनाइहरू यहिँ राखे हवस् धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रममाथि छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू अब यो बैठक आधा घण्टाको लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-१५

(२०७५ बैशाख १२ गते मंगलबार)

प्रदेश सभा कर्णाली प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा बुधवार  दिनको १:०० बजे प्रारम्भ भयो ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको पहिलो अधिवेशनको पन्ध्रौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई यस सभाको १३ औं र १४ औं बैठकमा माननीय सदस्यहरूले प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रममाथि छलफल हुँदा उठाउनु भएका विभिन्न प्रश्नहरूको सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ को उपनियम (२) बमोजिम सरकारको तर्फबाट जवाफ सहित प्रस्ताव राख्न समय दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही** : सम्माननीय सभामुख महोदय, २०७४/०७५ को तेस्रो चौमासिक यो बजेट कर्णाली प्रदेशको सम्मानित यो सर्वोच्च यो संसदमा माननीय प्रदेश प्रमुखज्यूबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयो र प्रस्तुत गर्नु हुने माननीय प्रदेश प्रमुख दुर्गा खनालज्यूलाई सबैभन्दा पहिला हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छु र सरकारले ल्याएको नीति तथा कार्यक्रम संसदमा पेश भइसकेपछि र यो संसदबाट माननीयज्यूहरूबाट यो नीति तथा कार्यक्रममाथि महत्त्वपूर्ण विषयहरू रचनात्मक ढङ्गबाट चाहिँ उठान गर्नु भएको छ र यो महत्त्वपूर्ण सुझाव चाहिँ दिनुहुने सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई हार्दिक म धन्यवाद दिन चाहन्छु र अहिले सरकारले तयार पारेको अहिलेको नीति तथा कार्यक्रम माननीय सांसदज्यूहरूले भन्या जस्तै अलिकति यसलाई प्रष्ट यसले दिशा चाहिँ निर्दिष्ट गरेन यसको सरकारको अहिलेको तत्कालको चाहिँ प्राथमिकता के हुन ? गर्न पर्ने कामहरू चाहिँ के हुन ? अहिलेको यो बजेटभित्र भन्ने कुरामा जसरी विषयवस्तुहरू तपाईंले उठान गर्नुभएको चाहिँ छ माननीय सांसदज्यूहरूले यसमा सरकारको तर्फबाट पनि केही समस्याहरू रहन पक्कै पनि गएका छन् र अहिले समस्या रहनुको मुख्य कारण भनेको एउटा त अहिलेको बजेट हामीले कार्यान्वयन गर्नुपर्ने समय र सीमा थोरै छ र हामीसँग जुन अहिले बजेटको मात्रा छ यो बजेटले कुन कामका लागि चाहिँ प्राथमिकता दिने र सरकारले नीति तथा कार्यक्रम चाहिँ कस्तो प्रकारले बनाएर लैजाने भन्ने कुराको बारेमा हामीले चाहिँ  धेरै छलफल गर्यौं । धेरै हामीले सोच्यौं  र यो संसदमा हामीले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम पहिलो नीति तथा कार्यक्रम हो र यो पहिलो नीति तथा कार्यक्रममा हामीले सरकारमा पेश गर्दा यसले सिंगो कर्णाली प्रदेशको नीति तथा कार्यक्रमले कर्णाली प्रदेशका सबै क्षेत्रहरूलाई समेट्न सक्यो कि सकेन भन्ने कुराको बारेमा पनि अलिकति विषय चाहिँ उठ्न सक्ने र सरकारले अहिले पनि हामीले धेरै क्षेत्रलाई समेटेर नीति तथा कार्यक्रम बनाइरहँदा पनि धेरै विषयहरू चाहिँ छुटेका छन् । धेरै छुटेका विषय पनि माननीय सांसदज्यूहरूले राख्नु भएको छ र त्यसैले अहिले हामीले नीति तथा कार्यक्रम चाहिँ बनाउँदा जुन अहिलेको बजेटसँग हामीसँग भोलुम छ जुन मात्रा छ र यो बजेटबाट तत्काल चाहिँ गर्न सकिने कामहरू के हुन सक्छन् के काम चाहिँ हामीले गर्न सक्छौं ।

यत्ति मात्रै हामी केन्द्रीत रहेर तत्काल चाहिँ अहिले गर्नुपर्ने काम जे सरकारले प्राथमिकता दिन्छ ती क्षेत्रलाई मात्रै प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम चाहिँ सरकार चाहिँ बनाउन सक्थ्यो । त्यो भनेको माननीय सांसदले भन्या जस्तै धेरै छोटो पनि हुन्थ्यो यति लामो छलफल पनि चल्दैनथ्यो र सबै माननीय सांसदहरूले बोल्नु पनि पर्दैन्थ्यो यो छिटो हुन्थ्यो र हामीले त्यो गरेनौं अहिले । सबैको ध्यान चाहिँ केन्द्रीत भएको कर्णालीमा कर्णाली प्रदेशको छुट्टै अलगै पहिचान चाहिँ छ । कर्णाली प्रदेशलाई एउटा ढङ्गबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा बुझ्ने गरिएको छ हेर्ने गरिएको छ र अब यो कर्णाली प्रदेश सामान्य अवस्थामा छैन र कर्णाली प्रदेश भनेको सबैभन्दा चुनौतीपूर्ण चाहिँ छ र अब त्यो चुनौतीको सामना कर्णालीका जनप्रतिनिधिहरूले कसरी गर्न सक्दछन् सबैको ध्यान केन्द्रीत कर्णाली प्रदेशमा भएको छ । त्यसो हुँदा पहिलो पटक सरकारले चाहिँ संसदमा नीति तथा कार्यक्रम ल्याउँदा कसरी ल्यायो र कस्तो किसिमको नीति चाहिँ बनायो कस्ता खाले कार्यक्रमहरू चाहिँ ल्यायो भन्ने कुरामा सबै क्षेत्रका मान्छेहरूको, सबै क्षेत्रका निकायहरूको ध्यान केन्द्रीत हुने र सबैले आ-आफ्ना क्षेत्रको नीतिमा सम्बोधन भयो कि भएन भन्ने कुरा पनि हेर्ने भएको हुँदा हामीले अलिकति यसलाई बढाएर ल्याएका चाहिँ थियौं र अर्को कुरा यसलाई अलिकति लेखन कार्यमा नमिलेको भन्ने पनि छ हामीलाई त्यो लागिपनि राख्या चाहिँ छ र यसलाई अझै व्यवस्थित ढङ्गबाट धेरै चाहिँ तपाईंको विषयवस्तुहरू नदोहोरिने गरिकन अलि संश्लेषित र संक्षिप्त यो नीति तथा कार्यक्रम चाहिँ ल्याउन सकिन्थ्यो यसमा हाम्रा केही समस्याहरू चाहिँ छन् र अहिले धेरै विषयहरू चाहिँ यहाँ उठेका चाहिँ छन् यहाँ उठाएका छौं संसदमा उठेका छन् र हामी सबैले भोगेका पनि छौं र हाम्रा केही बाध्यताहरू छन् र अहिले हामी सिंगो प्रदेश चाहिँ कुन धरातलमा चाहिँ छ यो संसद कुन धरातलमा चाहिँ छ र कर्णालीको प्रदेशको सरकार कुन धरातलमा चाहिँ छ र हामी कस्तो अवस्थाबाट हामी अगाडि बढीराखेका चाहिँ छौं । कस्ता खाले चुनौतीहरूको सामना गर्दै हामी अगाडि बढिराखेका छौं । यहाँ उठ्यो धेरै लामो समय भइसकेको हामीले व्यवस्थित ढङ्गबाट संसद सञ्चालन गर्नका लागि हामीले हलको व्यवस्थापन चाहिँ गर्न सकिराखेका छैनौं ।

यहाँ माननीय सांसदज्यूहरूलाई बस्ने व्यवस्थापन चाहिँ गर्न सकिएको छैन । यहाँ अहिले संसद हल भित्रै पनि हामी एउटै ठाउँमा चाहिँ एउटै ठाउँमा छौं । हामी दर्शक पनि एउटै ठाउँमा छौं, पत्रकार एउटै ठाउँमा छौं, हामी एउटै ठाउँमा सँगै बसेर हामीले यो संसद सञ्चालन गर्नुपर्ने हाम्रा बाध्यात्मक स्थितिहरू छन् । संसद सञ्चालनमा पनि थुप्रै प्रकारका प्राविधिक समस्याहरू आइराखेको धेरै कुराहरू नमिलिराखेको पनि हामीले देखेका छौं र त्यस्तै सरकार सञ्चालन गर्ने मामीलामा पनि धेरै चाहिँ व्यवस्थित ढङ्गबाट अगाडि बढाउँन सकिराखेका छैनौं । त्यहाँ पनि त्यस्तै संसदमा जे समस्याहरू देखिएको छ ती समस्याहरू सेम समस्याहरू सरकार सञ्चालनमा पनि देखिएका चाहिँ छन् । यो भनेको हामी नयाँ छौं । हामी सबैको लागि यो नयाँ जिम्मेवारी हो । हामीले संघीयताको नयाँ अभ्यास चाहिँ गरिराखेका छौं । यो नेपालमा हामीले संघीयताको नयाँ अभ्यास गरिरहँदा स्वभाविक रूपमा समस्याहरू आउँछन् । यसलाई हामीले चाहिँ धेरै अस्वाभाविक लियौं भने पनि हाम्रो बुझाई र अपेक्षा अलि बढी नै हुन्छ । धरातलीय यथार्थ एकातिर र हाम्रो आशा र अपेक्षा चाहिँ अर्कोतिर हुन्छ । त्यसो भएको हुनाले धेरै कुराहरू चाहिँ यहाँ मिलाउन चाहिँ सकिराखेको छैन । अहिले पनि तपाईंहरूको टाईपिङ गर्न पठायो टाईपिङ आउँदैन प्रिन्ट गर्न पठायो प्रिन्टै हुँदैन । ल टिप्नुहोस् भनेर एउटा कुरा कसैलाई भन्यो उ मान्छे अर्को ठाउमा जान्छ हिजोको मात्रै कुरा चाहिँ भन्छु मुख्यमन्त्री कार्यालयको तर्फबाट एकजना चाहिँ कर्मचारीले टिप्नुहोला संसदमा उठेका प्रश्नहरू टिपोट गर्नुहोला भनेर पठाको उहाँ विरामी पर्नु भएछ हस्पिटल जानु भएछ । खोईत टिपोट गरेकोभन्दाखेरिमा छैन । अब छन् धेरै समस्या अहिले पनि तपाईंहरूका कुनै चिठी बनाउनु पर्‍यो भने आफैं नै बनाउनु पर्छ । सिङ्नेचर फेरि कर्मचारीको चल्ने कर्मचारी फेरि सिङनेचर गर्नका लागि भेटाउनै

गारो छ यहाँ । आवश्यक जनशक्ती हामीसँग अझैपनि चाहिँ पर्याप्त छैन । हामी धेरै अस्तव्यस्तताको बीचबाट अगाडि बढीराखेका छौँ । अहिले संघीय संसद जस्तो व्यवस्थित प्रदेशको संसद हुन सक्दैन । संघीय सरकार जस्तै व्यवस्थित अहिले प्रदेशका सरकारहरू चाहिँ हुन सक्दैनन् अब हामीले बनाउँनु पर्दछ । यो जिम्मेवारी हाम्रो हो यो दायित्व हाम्रो हो । हामीले समस्याहरू दोहोरिन दिन हुँदैन, समस्या दोहोरिन दिनु हाम्रो कमजोरी हुन्छ । समस्याहरू आउँछन् यी समस्याहरूलाई हामीले सुधार्दै व्यवस्थित ढङ्गबाट अगाडि बढ्नु हाम्रो कर्तव्य हो । त्यो कर्तव्य पूरा गर्नका लागि हामी सायद सबै जनप्रतिनिधिहरू प्रतिबद्ध नै छौँ ।

यहि भएर एक पछि अर्को क्रमिक रूपमा हामी व्यवस्थित हुँदै आईपनि राखेका छौँ भने अर्को कुरा नीति तथा कार्यक्रमको जुन विषय छ यसभित्र थुप्रै चाहिँ माननीय सांसदज्यूहरूले महत्त्वपूर्ण विषयको चाहिँ उठान गर्नुभएको छ । यसलाई हामीले फेरि पनि एउटा बृहत जुन ०७५/०७६ को जुन आर्थिक वर्षको बजेट हामीले बनाउँछौं र हामीले अब आगामी वर्षको नीति तथा कार्यक्रम बनाउनको लागि हाम्रा लागि यो महत्त्वपूर्ण सामग्रीहरू बनेका छैनन् । तपाईंहरूले प्रत्येक चाहिँ गाउँका समस्याहरू जनताका समस्याहरू, जिल्लाका समस्याहरू सबै समस्याहरूको चाहिँ उठान गर्नुभएको चाहिँ छ । सरकारको चाहिँ ध्यान हरेक चाहिँ गाउँ बस्तीहरूमा हरेक चाहिँ कुना काप्चाहरूमा, हरेक वर्ग, जाती, लिङग सबै क्षेत्रमा सरकारको ध्यान चाहिँ पुग्नुपर्दछ । सरकारका ती सबै क्षेत्रहरू प्राथमिकतामा रहनुपर्दछ भन्ने कुराहरू महत्त्वपूर्ण विषयहरू चाहिँ उठान गर्न भएको छ । यसलाई हामीले रेकर्डको रूपमा चाहिँ राखेका छौँ र अब आगामी आउने नीति तथा कार्यक्रममा सबै विषयहरूलाई समेटिने छ र हामीले सबै विषय चाहिँ ल्याउने छौँ र अहिले सरकारको मुख्य प्रायोरिटी भनेको जिम्मेवारी भनेको अहिले जति सरकारले नीति र कार्यक्रम चाहिँ बनाएको छ जति विषयमा नीति तथा कार्यक्रममा सहज गरिएको छ यो सबै हामीले चाहिँ सहज गरिएका विषय वस्तुहरूमा बजेट चाहिँ विनियोजन हामीले अहिले यतिखेर फेरि पनि गर्न सक्ने अवस्थामा छैनौं तर पनि हामीले यो पहिलो पटकको नीति तथा कार्यक्रम भएको हुँदा सरकारको प्राथमिकतामा राख्नु पर्दछ र अब तुरून्तै हामीले साउनमा साउनभित्रै अर्को नयाँ बजेट हामीले बनाउनु पर्ने भएको हुँदा अब अहिले बनाएको सरकारको नीति तथा कार्यक्रमलाई यसलाई निरन्तरता दिने र यसलाई हामीले थप परिमार्जन चाहिँ गर्ने र अहिले नीति तथा कार्यक्रममा छुटेका नपरेका विषयहरूलाई पनि हामीले समेटेर आगामी वर्षको तपाईंको चाहिँ नीति तथा कार्यक्रममा र समग्र बजेटमा राख्ने गरिकन हामीले अगाडि बढाउने छौँ र अहिले हामीले विनियोजन गर्नुपर्ने बजेट भनेको हामीसँग एक अर्ब दुई करोड बजेट चाहिँ छ । अहिले हामीले एक अर्ब दुई करोड बजेटले कुन-कुन क्षेत्रलाई हामीलेचाहिँ समेट्न सक्छौं र अहिले हामीसँग यो बजेटलाई कार्यान्वयन गर्नका लागि हामीसँग संरचनाहरू चाहिँ छैन हामीले यो संरचना खडा गर्नुछ । यो बजेट कार्यान्वयन गर्नका लागि फेरि हामीले समयको हिसाबले हामीसँग झन समयसले प्रेसर गर्दै आईराखेको छ ।

अब हामीले असारभित्र यो बजेट कार्यान्वयन गरी सक्नु पर्दछ । त्यसो भएको हुँदाखेरिमा अहिले हामीले बजेटलाई धेरै ठाउँमा विकेन्द्रीत गर्यौं भने एउटा त त्यसको परिणाम राम्रो निक्लन सक्दैन । परिणाम चाहिँ त्यसको सहि निकाल्नका लागि बजेटलाई जति सकिन्छ हामीले केन्द्रीत गर्ने भनेर हामीले बजेटलाई केन्द्रीत गर्ने र अब आगामी बजेटलाई अहिलेको नीति तथा कार्यक्रमलाई नै आधार मानेर फेरि अर्को आर्थिक वर्षको नयाँ हामीले कार्यक्रम बनाएर जाने सोचका साथ अहिले हामीले नीति तथा कार्यक्रम सार्वजनिक गरेका छौँ र सरकारले अहिलेको प्राथमिकता भनेको मुख्य गरिकन हामीले यो हामीसँग अलिकति टाढा चाहिँ छ भौगोलिक स्थितिका हिसाबले सीमा हामीले यो कर्णाली प्रदेशलाई दक्षिणसँग पनि

जोड्नु छ । मित्र राष्ट्र भारतसँग चाहिँ जोड्नु छ र हामीले यसलाई उत्तरमा रहेको मित्र राष्ट्र चिनसँग कर्णाली प्रदेश जोड्नु छ । यसलाई जोड्नका लागि हामीले अहिलेको बजेटलाई दक्षिण नाकालाई चाहिँ पहिलो प्राथमिकता हामीले दिएर अझै हामीले दक्षिण नाका जति सकिन्छ हामीले फास्ट ट्र्याक बनाउने अहिले प्रारम्भिक चाहिँ सर्भे त्यसको गर्नका लागि के छ सम्भावना सम्भाव्यता अध्ययन गर्नको लागि त्यो फिजिबल छ छैन भन्ने कुराको सम्भाव्यता अध्ययन गर्नका लागि अहिले हामीले बर्दिया सुर्खेत चाहिँ सुरूङ मार्ग भनेर सरकारको पहिलो प्राथमिकता हामीले राखेका चाहिँ छौं र अहिले सुरूङ मार्ग करिब त्यही २२ किलोमिटरको सुरूङ मार्ग चाहिँ छ भन्ने कुरा प्रारम्भिक रिपार्ट चाहिँ प्राप्त भएको छ । अब यो फिजिबल छ छैन भन्ने कुराका बारेमा सर्भे गर्नका लागि अहिलेको बजेटबाट हामीले व्यवस्था चाहिँ गर्नुपर्छ भनेर बजेट हामीले त्यहाँ सरकारको चाहिँ प्राथमिकता हामीले त्यसलाई हामीले चाहिँ राखेका छौं ।

त्यसपछि अर्को भनेको अब अहिले हामीसँग बजेट चाहिँ कार्यान्वयन गर्नका लागि धेरै चाहिँ निकायहरू हामीसँग खडा नभएको सन्दर्भमा अहिले हामीले धेरै बजेटलाई विकेन्द्रीत गर्नुभन्दा पनि प्रत्येक चाहिँ निर्वाचनलाई पर्ने गरी प्रत्येक निर्वाचन क्षेत्र टच गर्ने गरिकन हामीले एक-एकवटा मात्रै हामीले योजना हामीले छनौट गरेर पठायौं भने त्यो कार्यान्वयन गर्नका लागि सजिलो हुन्छ भनेर अहिले हामीले प्रत्येक जिल्लामा एउटा चाहिँ योजना पूर्वाधारसम्बन्धीको चाहिँ परोस् भन्ने हिसाबले अहिले आउने भौतिक पूर्वाधारमा हामीले सरकारको प्राथमिकता हामीले त्यहाँ राखेका चाहिँ छौं । त्यसपछि अहिले उठेका चाहिँ छन् थुप्रै क्षेत्र छन् हामीले भन्यौ सबैभन्दा पहिला यो कर्णाली प्रदेशलाई आर्थिक हामीले विपन्नता भनेका छौं । ठूलो गरिबी चाहिँ भनेका छौं र यो आर्थिक विपन्नताबाट यो प्रदेशलाई आर्थिक चाहिँ सम्पन्न कसरी बनाउने के हुन सक्छन् तत्कालिन चाहिँ हाम्रा स्रोतहरू के हुन सक्छन् हामीले केलाई प्राथमिकता दियौं भने के हुन सक्छन् तत्कालका हाम्रा कार्यक्रमहरू भनेर सरकारले सरकारको पहिलो क्याविनेट बस्दाखेरि हामीले दुईवटा कुरालाई बढी प्राथमिकताका साथ हामीले उठायौं र यहाँ माननीय सांसदले भन्या जस्तै त्यति सजिलो चाहिँ छैन ।

यहाँ धेरै चाहिँ जटिलताहरूचाहिँ छन् तर हामीले त्यो जटिलताहरूको सामना गर्दै एक पछि अर्को हामी अगाडि बढी राखेका चाहिँ छौं र अहिले हामीले भन्यौ दुईवटा कुरामा चाहिँ हामी केन्द्रीत भयौं र एउटा अहिले हाम्रो कृषि क्षेत्र बन्न सक्छ । हामीले थोरै मात्र लगानीबाट जनतालाई हामीले थोरै मात्र सपोर्ट गयौं भने सरकारले थोरै मात्रै त्यसको व्यवस्थापन गर्न सक्यो भने एउटा आर्थिक हिसाबले अलिकति आर्थिक तपाईंको चाहिँ उत्पादन गर्न सक्ने क्षेत्र भनेको कृषि क्षेत्र चाहिँ हो । कृषि क्षेत्रलाई विशेष चाहिँ प्राथमिकता दिनु पर्दछ भनेर सरकारले अहिलेको प्राथमिकता भनेको कृषि चाहिँ हो । आत्मनिर्भर चाहिँ उत्पादन कृषि क्षेत्रमा चाहिँ हामी हुनु पर्दछ । कमसे काम हामी तरकारीमा मात्रै आत्मनिर्भर कर्णाली प्रदेश चाहिँ भयो भने हामीले बाहिरबाट आयात गरेर तरकारी ल्याईराखेका चाहिँ छौं । कमसेकम तरकारीमा हामीले आत्मनिर्भर हुने बित्तिकै हामीले थोरै मात्रै भएपनि बजेट जनताको बजेट हामीले यहि सञ्चित गर्न सक्छौं । त्यसपछि अन्य कृषि उत्पादनमा के के हुन सक्छन् यहाँ यसलाई हामीले कुन-कुन क्षेत्रहरू पहिचान चाहिँ गरेर हामीले उच्च हिमाली क्षेत्रमा कस्तो प्रकारको चाहिँ अन्न बालीहरू उत्पादन गर्ने र हामीले सुर्खेतमा के गर्ने र विभिन्न हावापानीमा हुने खाद्यवस्तुहरू अन्नबालीहरू उत्पादन गर्ने कुरामा हामीहरूले सरकारले प्राथमिकता दिने र त्यसपछि पनि अहिलेको प्राथमिकता भनेको कर्मस यहाँको हाम्रो यहाँको रैथाने बाली जो चाहिँ छ यो पनि लोप हुँदैछ । यो रैथाने बालीको चाहिँ संरक्षण पनि गर्ने र यसको उत्पादन वृद्धि पनि गर्ने । भनेर हामीले निर्णय गयौं र त्यसलाई सरकारले प्राथमिकतामा राख्यो भने ।

दोस्रो भनेको पर्यटन चाहिँ हो हो समस्याहरूचाहिँ छन् कर्णाली प्रदेशमा यात्रा गर्न आउँनु, घुम्नु, काम गर्नु त्यति सजिलो छैन धेरै जटिलताहरू चाहिँ छन् । थुप्रै समस्याहरू चाहिँ छन् । अहिले हामीले पर्यटनको विकास यतिखेरै गर्ने जतिखेर हाम्रा हरेक डाँडाकाँडाहरूमा चाहिँ चिल्ला गाडिका रोडहरू पुगिसकेको हुनुपर्ने र हाम्रा चाहिँ धेरै फाष्ट ट्र्याक सडकहरू, टनेलहरू बनिसकेको हुनुपर्ने । हरेक चाहिँ हाम्रा चाहिँ पर्यटकीय जहाँ गन्तव्यहरू चाहिँ छन्, जहाँ स्थलहरू छन्, त्यो स्थलहरूमा तपाईंको सुविधा सम्पन्न तपाईंको फाईभ स्टार बनिसकेको हुनुपर्ने र हामीले सहजै आवतजावतका लागि यातायात सबै हवाई र तपाईंको चाहिँ रोड बनिसकेपछि मात्रै यो कर्णाली प्रदेशको पर्यटनतिर चाहिँ हामीले ध्यान दिने हो पर्यटनमाथि बन्न सक्छ भनेर चाहिँ हामीले भन्यौ भने फेरि हामी पछाडि पर्न सक्छौं ।

पर्यटन भनेको त सुविधा सम्पन्न क्षेत्रलाई जहाँ भौतिक पूर्वाधार चाहिँ पूरा भएको क्षेत्रलाई मात्रै पर्यटन क्षेत्र चाहिँ मान्ने हो भने कर्णाली प्रदेशको पर्यटन अझै धेरै वर्ष पछाडि पर्छ । त्यसैले अहिले मानसरोवरमा मान्छेहरू गईराखेका छन्, कैलाश पर्वतमा मान्छेहरू गईराखेका छन् । रारा मान्छेहरू गइराखेका छन् । हामीले के भन्यौ भने कर्णालीमा हुने पर्यटन भनेको साहासी पर्यटन साहसिक पर्यटन हामीले भन्यौ अहिले कर्णाली प्रदेशमा सुगरका रोगीहरू जान सक्दैनन् । कर्णाली प्रदेशमा तपाईंको चाहिँ विभिन्न प्रकारको चाहिँ अब रोग लागेका मान्छेहरू जहाँ उनीहरू तपाईंको उनीहरूको घरभन्दा बाहिर निस्कन नसक्ने मान्छेहरूलाई हामीले त्यहाँ लिन सक्दैनौं । अहिले हामीले हुम्लाबाट कर्णाली नदीमा र्‍याफ्टिङ गराउन सकेउँ भने जान्छन् साहसिक त्यहाँ र्‍याफ्टिङ गर्ने मान्छेहरूले त्यस्तो ठाउँपनि खोज्छन् । एउटा सबै हिसाबले सुविधा भएको ठाउँ पनि पर्यटन हो । पोखरा जस्तो ठाउँ नेपालको त्यहाँ पनि मान्छे जान्छन् तर तपाईंको हामीले अलिकति व्यवस्थापन गर्न सक्यौ भने कर्णालीमा र्‍याफ्टिङ गर्न सक्छन्, रारामा मान्छेहरू पुग्न सक्छन् । त्यसपछि तपाईंको हुम्लामा पर्यटकहरू पुग्न सक्छन् र यो प्रदेशका दशैवटा जिल्लामा रहेका पर्यटकीय क्षेत्रहरू छन् सल्यानमा छ, रूकुममा छ, सुर्खेतमा चाहिँ छ, दैलेखमा छ, कालिकोटमा छ, जुम्लामा, डोल्पामा हरेक चाहिँ दशैवटा जिल्लामा पर्यटकीय चाहिँ स्थितहरू चाहिँ छन् । यसको अलिकति हामीले भन्यौ यो वर्ष भनेको प्रचारको वर्षको रूपमा हामीले लिने यो प्रदेशमा रहेका प्राकृतिक सम्पदाहरू धार्मिक सम्पदाहरू र यो कर्णाली प्रदेशमा रहेको सांस्कृतिक भाषा यो सबै क्षेत्रलाई एउटा पर्यटनको रूपमा विकास गर्न सकिन्छ र यसका लागि के हुन त यसका चाहिँ पर्यटक क्षेत्रहरूका सम्भावनाहरूको अध्ययन हामीले गराउनको लागि अहिले हामीले कर्णाली पर्यटन वर्ष हामीले २०७५ भनेका छौं र जो हामीले रारा भनेका छौं । रारालाई हामीले केन्द्र बनाएर कर्णाली प्रदेशका दशवटै जिल्लाहरूलाई पर्यटनको विकास गर्ने भनेर हामीले घोषणा चाहिँ गरेका छौं । अब हामीलाई प्रेसर चाहिँ भइसकेको छ, दवाव भइसकेको छ ।

अहिले हामीले रारा पर्यटन वर्ष मनाईसकेपछि पर्यटकहरूको चाप बढदै छ । धेरैले भनेका चाहिँ छन् बाटोमा खाना खाने ठाउँहरूचाहिँ छैन खाना खाने ठाउँ बनाउनु पर्छ भनेर भन्दै छन् अब मान्छे आउन थालेपछि मान्छेले अब खाना पकाए पछि भाततरकारी, दाल बेचे पैसा आउँछ भनेर अब मान्छेले थाहाँ पाउछ त्यसपछि तपाईंको अब ठाउँ ठाउँमा रेष्टुरेन्ट राख्न थाल्छ, माछा खोज्छन त्यसपछि माछा पाल्न थाल्छन् । लोकल कुखुरा खोज्न थाले अब लोकल कुखुरा पाल्छन् । मह खोज्न थाले अब त्यहाँ जाने मान्छे मह उत्पादन गर्नुपर्छ भन्ने कुराहरू अब दिमागमा आँउछ । कोदो खोज्छन्, फापर खोज्छन्, कर्णाली प्रदेशमा उत्पादन भएका वस्तुहरूको खोजी गर्न थाले बाहिरबाट आउने मान्छेहरूले अब हुँदो रहेछ बजार त तयार भयो । अब हामीले उत्पादन गर्नुपर्छ । यसबाट हाम्रो आयस्रोत वृद्धि हुन्छ भन्ने प्रकारको चेतना जनताको अब पैदा हुन्छ । हिजो हामीले ती बनाउनुस् हाल्नुस् रेष्टुरेन्ट खोल्नुस्, होटल खोल्नुस् भनेर भनेको भए मान्छे आउँदैन के-को लागि खोल्ने भन्थे होला अहिले सुर्खेतमा होटलको चाँप कालिकोट,

जुम्ला अब मुगु रारा त फेरि भनि साध्यै छैन त्यस्तो बनेको चाहिँ छ एउटा यो थियो भने अर्को कुरा कर्णाली प्रदेशमा कर्णाली प्रदेश भनेको हामी अहिले परनिर्भर नै छौं । अहिले पनि हामीले संघीय सरकारले लिएको बजेट परिचालन गर्ने बाहेक अरू हामीसँग पूँजी छैन हामीसँग । हामी फेरि पनि केन्द्रमै फर्किनु पर्ने केन्द्रबाटै हामी चाहिँ निर्भैर हुनु पर्ने अहिले पनि बाध्यात्मक स्थिति चाहिँ छ । अब हाम्रा नेतृत्वहरूले कर्णाली प्रदेशको समस्या के हो भन्ने कुराका बारेमा जानकार चाहिँ छैनन् भन्ने होइन । सबै राजनीतिक नेतृत्वहरू कर्णाली प्रदेशका समस्याहरूप्रति जानकार चाहिँ हुनुहुन्छ । जानकार चाहिँ हुँदाहुँदै पनि कर्णाली प्रदेश विकासको हिसाबले पछि पर्‍यो र त्यसको अवस्था जो चाहिँ छ त्यसबाट हामीले हेर्ने हो भने समग्र विकासको असन्तुलन छ यसलाई हामीले सन्तुलन कायम गर्नका लागि र साँच्चीकै कर्णाली प्रदेश अरू प्रदेशसँगको सन्तुलन हरेक क्षेत्रमा कायम गर्नका लागि एक पटक केन्द्रीय सरकारको ध्यान केन्द्रीत चाहिँ कर्णाली प्रदेशतिर भयो भने हामीले यो कर्णाली प्रदेशमा प्रधानमन्त्री हामीले ल्याउन सक्यौं भने यसले सिङ्गो चाहिँ राष्ट्रको ध्यान केन्द्रीत एक पटक कर्णाली प्रदेशमा हुन्छ भन्ने सोचका साथ प्रधानमन्त्रीलाई चाहिँ हामीले कर्णाली प्रदेशमा ल्याउनको लागि धेरै हामीले जोड गयौं र अहिले मलाई लाग्छ सबैले सरकारलाई धन्यवाद चाहिँ दिन पर्थ्यो यत्रो कार्यक्रम चाहिँ तपाईंको सम्पन्न गरेकोमा सारा सिंगो राष्ट्रको ध्यान केन्द्रीत कर्णालीमा गरेका थियौं । अझै तपाईंको विश्वकोभन्दा पनि हुन्थ्यो ।

प्रधानमन्त्री रारा आयर बोल्दै गर्दा विश्वको ध्यान केन्द्रीत रारामा भएको थियो कर्णालीमा भएको थियो । कर्णालीमा चाहिँ मुख्यमन्त्री प्रधानमन्त्री किन गए ? यो मलाई लाग्छ सरकारले गल्ति गरेको छैन यसलाई धन्यवाद दिनु पर्छ रहे होलान यसका बीचबाट थुप्रै कमीकमजोरी समस्या आए होलान काम गर्दै जाँदा आउँछन् नी समस्याहरू यी स्वभाविक हुन तर हामीले फेरि समस्याहरू दोहोरिन दिन हुँदैन अब यसलाई हामीले कसरी निरन्तरता दिने अब जुन लक्ष्य र उद्देश्यका साथ जुन चाहिँ तपाईंको तार्गेट चाहिँ सरकारले बनाएको छ । त्यो ठाउँमा पुग्नको लागि अब हामीले थप गर्नुपर्ने गतिविधिहरूका बारेमा अब हामीले कसरी व्यवस्थित गरेर लैजाने भन्ने कुराहरूको बारेमा हामीले सोच्नु पर्दछ । त्यसो हुँदा हामीले यी सबै पर्यटन क्षेत्रको विकासको लागि यो जुन क्षेत्रको समग्र तपाईंको चाहिँ व्यवस्थापनका लागि हामीले कर्णाली प्रदेशमा पर्यटन सम्बन्धी हेर्नको लागि हामीले एउटा प्राधिकरण गठन गरेर जानुपर्दछ । प्राधिकरण बनाएर मात्रै समग्र यो पर्यटन क्षेत्रको चाहिँ विकास चाहिँ अगाडि बढ्न सक्छ र भोलिका लागि पनि हामीले सबै भौतिक पूर्वाधार पूरा गरिसकेपछि कर्णाली प्रदेशको मुख्य चाहिँ तपाईंको आयस्रोत आम्दानीको स्रोत भनेको पर्यटन नै हो, पर्यटनलाई नै हामीले पहिलो प्राथमिकता हामीले दिनु पर्दछ ।

हामीसँग ठूला-ठूला हिमालहरू चाहिँ छन्, ठूला-ठूला पाटनहरू चाहिँ छन् जहाँ हामीले पाटनमा हुम्ला लगायतका हिमाली जिल्लाहरूमा हामीले याक फर्महरू मात्रै खोल्यौं भने ती पर्यटकीय क्षेत्रका फर्महरू बन्न सक्छन् भोलि याक हेर्नको लागि विश्वका मान्छेहरू कर्णालीमा आउँछन्, भोलि हाम्रा च्याङग्राका ठूला-ठूला फर्महरू मात्रै खोल्यौं भने हेर्न आउँछन् । ठूला-ठूला जडिबुटीका फर्महरू देखि लिएर कृषिका फर्महरू देखि लिएर ठूला-ठूला भोलि ध्यान केन्द्रहरू हामीले कर्णाली प्रदेश यति प्राकृतिक सौन्दर्यता चाहिँ छ, स्वच्छ हावापानी चाहिँ छ । हामीले भोलि विश्वका मान्छेहरूको लागि मेडिटेशनको लागि चाहिँ तपाईंका कर्णाली प्रदेशमा आउने ध्यान गर्नका लागि कर्णाली प्रदेशमा आउने त्यो प्रकारको वातावरण बनाउन चाहिँ जरूरी छ हामीले त्यसतर्फ हामीले ध्यान कसरी दिने भन्ने कुराहरू सोच्न जरूरी छ त्यसो हुँदा हामीले पर्यटन चाहिँ हामीले बनायौं । त्यसपछि हामीले अब यो प्रदेशको समग्र वस्तुगत अवस्थालाई हामीले हेरेर यहाँका हाम्रा वस्तुगत तथ्यहरू चाहिँ के छन् । हामीसँग चाहिँ भौतिक पूँजी के छ ? कुन चाहिँ वस्तु छ ?

त्यो वस्तुलाई हामीले उपभोग गर्नका लागि हामीसँग चाहिने आवश्यक जनशक्तिहरू उत्पादन गर्नका लागि हामीले सीप क्षेत्रमा अबको शिक्षा भनेको प्राविधिक शिक्षा चाहिँ हो हामीले यहि क्षेत्रमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नका लागि अब हामीले प्राविधिक शिक्षातिर ध्यान दिनुपर्दछ, भनेर अब हामीले कहाँ कुन ठाउँमा कुन किसिमको प्राविधिक शिक्षालय हामीले राख्ने भन्ने कुराका बारेमा हामीले योजनामा राखेर बजेटको व्यवस्थापन गरेर हामीले अगाडि बढ्न जरूरी चाहिँ छ त्यसो हुँदा अघि यहाँ माननीय सांसदज्यूले पनि विषय उठाउनु भयो । शिक्षा, शिक्षालाई निःशुल्क गर्ने हो । जति चाहिन्छ सस्तो र सुलभ गर्ने हो । शिक्षामा जनताको चाहिँ पहुँच, जनताको हक, कायम गर्ने हो । शिक्षाबाट कहिँकतै पनि कसैले पनि वञ्चित हुन नदीने वातावरण बनाउनु पर्दछ । यतापट्टी सरकारको ध्यान गएको छ र अहिलेको नीति तथा कार्यक्रममा पनि हामीले प्राथमिकताका साथ चाहिँ उठाएका छौं र यो सँगसँगै शिक्षा क्षेत्रमा फेरि विषय उठिनै सक्यो मुख्य गरिकन जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र त्यसपछि मध्यपश्चिमाञ्चल विश्वविद्यालयका बारेमा अहिले क्याविनेटमा मात्रै निर्णय गरेर हामीले नीति तथा कार्यक्रममा मात्रै राखेर अहिले हामीले मात्रै चाहेर संसदले त्यसपछि तपाईंको सरकारले मात्रै चाहेर हामीले निर्णय गरेर त्यो हाम्रो मातहतमा चाहिँ आउन सक्दैंन यो संघीय कानूनले व्यवस्था गरेको छ तर हाम्रो चाहिँ मान्यता के हो भने सरकारको मान्यता के हो भने यी दुईवटै चाहिँ तपाईंको प्रदेश सरकारको मातहतमा आउँनु पर्दछ र यो जुनसुकै शीर्षकमा जुनसुकै क्षेत्रमा आउने बजेट संघीय सरकारबाट आउने बजेट भनेको प्रदेशकै लागि नै हो ।

अहिले हामीले तर्क गरेका चाहिँ छौं केन्द्रले जिम्मा लियो भने हामीलाई सजिलो हुन्छ भन्ने कुराका बारेमा केन्द्रले लियो भने हामीलाई असजिलो हुन्छ । अहिले पनि हामीले केन्द्रले हेरेका बाटाहरूका दुरदर्शा हामीले हेऱ्यौं, पुलका दुरदर्शा हामीले हेऱ्यौं कति वर्ष भइसक्यो पुल बन्न सक्या चाहिँ छैन, कति वर्ष भइसक्यो एयरपोर्ट बन्न सक्या छैनन्, कयौं वर्ष भइसक्यो सडक बन्न सकिराख्या छैनन्,कयौं वर्ष भइसक्यो भवन बन्न सकिराख्या छैनन् अहिले केन्द्रको ध्यान कर्णाली प्रदेशमा पुगाउने कुरा त दुरदराजे हो, धेरै टाढाको कुरा हो । अहिले केन्द्रबाट प्रत्यक्ष अनुगमन काम भए नभएको कामको अनुगमन चाहिँ केन्द्रबाट हुन सकिराखेको छैन जसका कारणले गर्दा भनेको समयमा काम सम्पन्न हुन सकिराख्या छैन ।

अहिले हाम्रो मान्यता के हो भन्नु हुन्छ भने सरकारको मान्यता के हो भन्नुहुन्छ भने यो प्रदेशमा हुने हरेक कामहरू हरेक क्षेत्रका कामहरूका बारेमा प्रदेश सरकारको जिम्मा दिनुपर्दछ । प्रदेश सरकारले नियमन गर्ने, प्रदेश सरकारले अनुगमन गर्न पाउने, प्रदेश सरकारले कारबाही गर्न पाउँने । सम्झौताअनुसार काम भए नभएको यदि केही काम भएको छैन भने त्यसलाई कारबाही गर्न पाउने सम्मको अधिकार प्रदेश सरकारलाई दिइएपछि मात्रै यहाँभित्रका काम कारबाहीहरूलाई प्रभावकारी ढङ्गबाट हामीले अगाडि बढाउन सक्छौं । नत्र भने फेरि समस्याहरू ती आउँछन् । अहिले पनि देखिएका छन् समस्याहरू यहि मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा देखिएका समस्याहरू, थुप्रै समस्याहरू चाहिँ आएका छन्, खै त अहिले केन्द्रले यहाँका समस्याहरू हेरेको ? धेरै चाहिँ तपाईंको दिन भैसके तालाबन्दी भएको छ । विद्यार्थीहरूको पठनपाठन प्रभावित भएको छ, केन्द्रले ध्यान दिएकै छैन, केन्द्रले ताला खोलेकै छैन, त्यस्तै स्वास्थ्य विज्ञान प्रतिष्ठानको होला, त्यस्तै अरू क्षेत्रका समस्याहरू आउँलान् । त्यसो हुँदा यसका बारेमा हामीले अनुरोध गरेका चाहिँ छौं केन्द्रलाई हामीलाई त्यो अधिकार दियो भने यसलाई पारदर्शी व्यवस्थित ढङ्गबाट हामीले कामलाई अगाडि बढाउन सक्छौं भन्ने हिसाबले यहाँ राखिएको कुरा चाहिँ छ । त्यसपछि हामीले स्वास्थ्य क्षेत्र अहिले हामीले भनेका चाहिँ छौं कि यो स्वास्थ्य क्षेत्र व्यवस्थित बनाउनको लागि अहिले कर्णालीको राजधानी सुर्खेतमा हामीले तोकिसकेपछि र सुर्खेत आफैंमा पनि शहर चाहिँ हो । यहाँ जनघनत्व

चाहिँ दिन प्रतिदिन बढ्दै छ र अहिले कर्णाली प्रदेशमा सुविधा सम्पन्न हस्पिटल छैन । अहिले सामान्य बिरामी हुँदाखेरि हामीले यो प्रदेशभन्दा बाहिर पठाउँनु पर्ने कि इन्डीया कि काठमाण्डौ जानु पर्ने बाध्यात्मक स्थिति चाहिँ छ, त्यसका लागि चाहिँ हामीले एउटा मेडिकल कलेज कै रूपमा हामीले विकास गर्नु पर्ने अहिलेको आवश्यकता हो सुर्खेतको त्यसैले हामीले सुर्खेतमा एउटा मेडिकल कलेज स्थापना गर्ने भने सरकारको प्राथमिकतामा सरकारको नीतिभित्र कार्यक्रमभित्र चाहिँ परेको चाहिँ छ । त्यसपछि हामीले सुर्खेतमा मात्रै हस्पिटल, सुविधा सम्पन्न हस्पिटल खोलेर पुग्दैन फेरि हामी धेरै दुरदराज मा बसोबास गरेका जनताहरू चाहिँ छन् र जनताहरूको चाहिँ स्वास्थ्यको ग्यारेन्टी हामीले गर्नका लागि स्वास्थ्यमा पनि जनताको हक कायम गर्नको लागि हामीले प्रत्येक गाउँपालिकामा न्यूनतम तपाईंको १५ शैयाको हस्पिटल बनाउने र त्यसपछि जिल्ला स्तरमा ५० बेडको हस्पिटल बनाउने भन्ने सरकारको प्राथमिकतामा राखिएको चाहिँ छ र त्यसपछि आवश्यक चाहिने उपकरणहरूको पनि हामीले व्यवस्थापन गर्नुपर्ने र डाक्टरको पनि हामीले व्यवस्थापन गर्नुपर्ने डाक्टरको विषय चाहिँ उठो हस्पिटल भन्ने बित्तिकै भवन मात्रै होइन । हस्पिटल भन्ने बित्तिकै सबै कुरा हो औषधी पनि हो, डाक्टर पनि हो, चाइने समग्र स्वास्थ्य क्षेत्रमा चाहिने सामाग्रीहरू सबै कुराहरू हुन भन्ने कुरा चाहिँ हामीले बुझ्न जरूरी चाहिँ छ ।

यो सरकारको प्राथमिकता चाहिँ हो भने त्यसपछि जहाँ तपाईंको सडकहरू पुगेका ठाउँहरू छन् सडक पुगेका सडक सञ्जालसँग जोडिएका गाउँपालिकाहरू छन् । गाउँपालिकामा न्यूनतम हामीले एउटा चाहिँ एम्बुलेन्स व्यवस्था गर्ने सक्यौं भने त्यहाँ चाहिँ आकस्मिक पर्ने बिरामीहरू थुप्रै चाहिँ त्यहाँ हाम्रो महिला सांसदहरूले विषय उठाउनु भयो महिलाहरूका समस्याहरू । अहिले तपाईंको थुप्रै बच्चा जन्माउन नसकेर तपाईंको अकालमै ज्यान गएको चाहिँ छ । यस्तो बेला हामीले तुरून्तै सेवा दिनको लागि एम्बुलेन्स एउटा हुन सक्छ भनेर भनेका छौं ।

अर्को कुरा, हामीले एयर एम्बुलेन्सको कुरा चाहिँ छ एम्बुलेन्सको सम्भावित अध्ययन मात्रै हामीले त्यो कसरी उपलब्ध गराउन सक्छौं स्रोत हाम्रो के हुन सक्छ यसको खोजी हामीले कहाँबाट गर्ने, यसका लागि चाहिँ कुनै सहयोगी निकायहरू चाहिँ हामीले भेटाउन सक्छौं कि ? हाम्रो चाहिँ आत्मगत क्षमताले कति भ्याउन सक्छ । भोलि हामीले यो एउटा अध्ययनको विषय चाहिँ बनाएका छौं र अहिले तत्काल चाहिँ सरकारले गर्ने भनेको एयर लिफ्टिङको व्यवस्था गर्न सक्छ लिफ्टिङ गर्न सक्छ । सरकारले गर्दै पनि आएको छ । संघीय सरकारले पनि तपाईंको त्यस्ता आकस्मिक तपाईंको घटना चाहिँ घट्यो भने रेस्क्यू उद्वार तपाईंको केन्द्रले गरेको चाहिँ छ । प्रदेश सरकारले पनि तपाईंको आवश्यक पर्‍यो भने रेस्क्यू गर्नका लागि पनि हामीले त्यतापट्टी सोच बनाउनु पर्दछ त्यसको पनि चाहिँ सरकारले गर्नुपर्दछ भन्ने हिसाबले यी राखेका छौं भने त्यसपछि आवश्यक औषधी सबै व्यवस्थाहरूको कुरा चाहिँ छ । यी हाम्रा स्वास्थ्य क्षेत्रमा हामीले गरेका चाहिँ छौं । त्यसपछि अहिले हामीले अब यो कृषि क्षेत्रको कुरालाई पनि हामीले तत्काल चाहिँ हामीले सहकारीमार्फत् सहकारीको माध्ययमबाट अहिले पनि तपाईंको कृषि क्षेत्रका लागि थुप्रै चाहिँ तपाईंको लगानीकर्ताहरूले लगानी गरेका चाहिँ छन् लगानी नगरेका होइनन् । कृषिको लागि संघीय सरकारले पनि थुप्रै अनुदानको व्यवस्था विगतको वर्षहरूमा पनि नगरेको होइन गरेको चाहिँ थियो तर त्यसको सहि सदुपयोग चाहिँ हुन सकेन ।

अहिले पनि हाम्रो कृषि नै हो हामीले कृषिलाई मात्रै अलिकति ध्यान लियौं भने हामीले अर्थतन्त्रमा आत्मनिर्भर भएको जनता बनाउन हामी सक्छौं त्यसका लागि अहिले फेरि अनुदान चाहिँ बजेट भनेर दियो भने त्यो बजेट सहि ठाउँमा सदुपयोग हुन्छ कि हुँदैन कार्यान्वयन कसरी गर्ने भन्ने कुरा एकातिर चिन्ता

छँदैछ फेरि पनि अब हामीले तत्कालका लागि केही मोडल, नमुना कृषि उत्पादनहरू हामीले सबै क्षेत्रमा पशुपालनमा पनि तरकारीमा पनि फलफूलमा पनि र अन्य अन्न बालीमा पनि हामीले अहिले अलिकति एउटा मोडलका लागि एउटा नमुना बनाउनको लागि हामीले शुरूवात गर्नपर्छ र केही बजेटको व्यवस्थापन हामीले गर्नुपर्छ भनेर केही कार्यक्रमहरू हिजो नीति तथा कार्यक्रममै आयो अलिकति कार्यक्रमिक जस्तो भयो कि भन्ने फेरि टिप्पणीहरू यहाँ चाहिँ भए अलिकति आइहाले छ त्यहाँनेर ठ्याक्कै छिरिहाले छ उ गर्न थालेको मह सह के-के भन्ने आरैछ फेरि त्यहीं भएर तपाईंहरूले अलिकति टिप्पणी चाहिँ त्यहाँ विषयवस्तुको उठान चाहिँ तपाईंहरूले गर्नु भएको चाहिँ थियो । त्यो त भोलि कार्यक्रममा बजेटमा फेरि आउने कुरा भोलि आँउछ र हामीले केही चाहिँ अलिकति प्रायोरिटी प्राथमिकताका क्षेत्रहरू यी-यी हुन सक्छन् भनेर हामीले त्यसलाई उठाएका चाहिँ थियौं । बजेटको व्यवस्थापन कृषि क्षेत्रमा चाहिँ भएको चाहिँ छ र हामीले यसलाई पकड क्षेत्रहरू भनेर जिल्लाका एक-एकवटा अलि मोडलहरू चाहिँ हामीले बनाउने हुम्लामा केलाई मोडल बनाउने, मुगुमा केलाई मोडल बनाउने र त्यसपछि अन्य दशै जिल्लामा कुन-कुन जिल्लामा तपाईंको चाहिँ के-के किसिमका मोडल चाहिँ बनाउने भनेर एक-एकवटा चाहिँ मोडल बनाउनका लागि पनि कार्यक्रम यहाँ चाहिँ राखिएको चाहिँ छ । त्यसपछि अर्को यहाँ एयरपोर्टको बारेमा कुरा चाहिँ उठेको चाहिँ छ । अब एयरपोर्ट भन्ने बित्तिकै अब हामीले यो एउटा त यहीं एयरपोर्टलाई अलि स्तरोन्नती गर्न सकिन्छ कि यसको पनि सम्भाव्यता हामी अध्ययन गर्ने भन्ने चाहिँ छ  र यसलाई स्तरोन्नती गर्न सकियो भने यो अहिलेकै बजेटभित्रबाट पनि व्यवस्थापन गर्न सकिने चाहिँ छ र आवश्यक हामीले यसलाई स्तरोन्नति गर्नको लागि अब यो हामीले संघीय सरकारलाई पनि आवश्यक पहल गर्ने नै छौं र यो एयरपोर्ट हेर्ने प्राधिकरण पनि छ । मुख्य उसले हेर्ने हो र त्यसपछि अर्को हामीले यो कर्णाली प्रदेशको प्रादेशिक हामीले एयरपोर्ट भनेर भनेका चाहिँ छौं । यो एयरपोर्ट मापदण्ड चाहिँ अन्तर्राष्ट्रियस्तरको मापदण्ड भएको एयरपोर्ट हामीले बनायौं भने पछिका लागि फेरि सुर्खेतलाई स्तरोन्नती गर्नुपर्ने जस्तो गरिकन पछि नगर्ने गरिकन एकै पटक हामीले गर्न सक्यौं भने राम्रो हुन्छ भनेर अब पहिले तपाईंको सर्भे भएका त ठाउँहरू होलान सुर्खेतका सुर्खेत भन्ने बित्तिकै कहाँ पर्‍यो भन्ने आयो फेरि प्राय सुर्खेतकै माननीयज्यूहरूको बढी चासोको विषय चाहिँ बनेको छ भन्ने मलाई लागेको छ जहाँ पनि बन्न सक्छ सुर्खेतमै बन्छ यो सुर्खेत जिल्लाभन्दा अर्को जिल्लामा जाँदैन सुर्खेत भित्रै बन्छ त्यो जहाँ पनि बन्न सक्छ । यहि ठाउँ बनाउने भनेर भन्या भनेको त तपाईंको चाहिँ त्यहि क्षेत्रका विज्ञहरूले प्राविधिकले भन्ने । कुन ठाउँ चाहिँ उपर्युक्त हुन्छ हामीले भनेको मापदण्डको एयरपोर्ट बनाउनको लागि उपर्युक्त भूगोल कहाँ हुन्छ पहिला हेरेकै ठाउँ उपर्युक्त हुन्छ कि त्योभन्दा अन्यत्र कुनै नयाँ ठाउँ चाहिँ हुन सक्छ ।

त्यो ठाउँमा नै एयरपोर्ट बन्छ, सुर्खेत जिल्लाभन्दा बाहिर बन्दैन टाढा बन्दैन सुर्खेत जिल्ला भित्रै पर्छ त्यो भनेको गुटुदेखि लिएर तपाईंको उता कता हो ? मेहलकुना कता पर्छ ? कहाँ कहाँ हो ? त्यो सिम्तासम्म तपाईंको चाहिँ जहाँ पनि पर्न सक्छ हामीले उपर्युक्त भूगोल चाहिँ हेरेर अब आफ्नो निर्वाचन क्षेत्र पर्‍यो कि परेन भनेर माननीयज्यूहरूले चिन्ता चाहिँ नगर्नुहोला फेरि यो कर्णाली प्रदेशको फेरि यो मेरो निर्वाचन क्षेत्रको भनेर फेरि भोलि सक्नुहोला यो हो  र त्यसपछि अर्को कुरा यहाँ अलि दन्ड मृतकका बारेमा अलि बढी चासोका साथ विषय वस्तु उठेको छ । हो फेरि अब यो कर्णाली प्रदेश सबैभन्दा ठूलो एउटा भुमरीमा ठूलो चपेटामा परेको यो कर्णाली प्रदेश नै हो । हिजो धेरै ठूलो क्षति चाहिँ भएको छ । धेरै मान्छेहरू मरेका छन् यो कर्णाली प्रदेशमा, धेरै जना यहाँ घाईते अपाङ्गहरू छन् यहाँ कर्णाली प्रदेशमा, धेरै चाहिँ विस्थापित छन् विस्थापित घर परिवारहरू छन् अझैपनि स्थापित हुन सकिरहेका छैनन् । विभिन्न प्रकारका हिजोका द्वन्द्वकालिन मुद्दाहरू अझै पनि लागेर गिरफ्तार गर्ने कामहरू पकट्ने कामहरू भइराखेका छ र धेरै जना मान्छेहरू अहिले पनि घरमा नबसेर लुकेर बस्नुपर्ने अवस्था सिर्जना भएको चाहिँ छ ।

यो सबै समस्याको सामाधान गर्नका लागि एउटा त संघीय सरकारले हिजोको केन्द्रको सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग चाहिँ बनाएको छ । यसले पनि यी घटनाहरू यी मुद्दाहरू हेरिराखेको चाहिँ छ र प्रदेश सरकारको तर्फबाट पनि यसलाई प्राथमिकताका साथ हेर्ने चाहिँ छ र अब हिजोकै समस्याहरूमै लामो समस्याहरू फेरि रहिरहने स्थिति सिर्जना चाहिँ सरकारले चाहिँ गर्ने छैन र यसका लागि आवश्यक तपाईंको नीति मैले बनाएर कसरी ती सबै समस्याहरूको सामाधान गर्न सकिन्छ यसतर्फ सरकारले ध्यान दिनेछ र अहिलेको नीति तथा कार्यक्रममा पनि प्राथमिकताकासाथ चाहिँ उठाइएको छ यसको व्यवस्थापनको कुरा यहाँ चाहिँ थुप्रै सहिदहरूको चाहिँ छ सहिदहरूको सम्मान गर्ने कुरादेखि लिएर सहिद वेपत्ता परिवारहरूको व्यवस्थापन गर्ने कुरादेखि लिएर घाइते अपाङ्गको कुरादेखि लिएर द्वन्द्ध पीडितहरूको कुरा देखि सबै विषयवस्तुहरूलाई हामीले सरकारले यसको चाहिँ ठोस कार्यक्रम बनाउने छ भनेर हामीले यहाँ नीति तथा कार्यक्रममा यो विषयहरू राखेका चाहिँ छौं र अर्को कुरा यहाँ अलि पूर्वाधार सम्बन्धी नि विषय उठ्यो मुख्यगरी उत्तरी नाकाका बारेमा अझै तपाईंको मुगुका सांसदज्यूहरूले शसक्तै ढङ्गले कुरा चाहिँ उठाउन भएको छ र अहिले हामीले नीति तथा कार्यक्रममा उत्तरी नाका तीनवटा नाका भनेर हामीले भनेका चाहिँ छौं । एउटा डोल्पाबाट, अर्को मुगुबाट, अर्को तपाईंको हुम्लाबाट तीनवटा नाका हामीले तत्काल चाहिँ खोल्नका लागी आवश्यक हामीले पहल अगाडि बढाउँनु पर्छ भनेर हामीले रारामा बसेको क्याविनेटले निर्णयसमेत गरिसक्या चाहिँ छ र त्यो निर्णयको तपाईंको जानकारी सम्माननीय प्रधानमन्त्रीलाई पनि चाहिँ गरी सकिएको छ र यसलाई आवश्यक बजेट व्यवस्थापनका लागि हामीले अनुरोध पनि गरिसकेका छौं राराबाटै अनुरोध गरिसक्या छौं । यो पर्छ चिन्ता नगर्नुहोला तपाईंहरू ढुक्क रहनुहोला तपाईंहरूको लागि म अनुरोध गर्छु । तपाईंले उठाउनु भएको जुन नाक्चेनाग्ला नाका छ त्यो नाका खोलिन्छ त्यो सडक पनि बन्छ अब कटाईहाले कि क्याहो भोलिबाट कामै हुँदैन कि क्याहो डोजरै फर्काउनु पर्‍यो कि क्याहो भन्ने प्रकारको सोच त्यो प्रकारको चिन्ता तपाईंले नगुर्ने होला काम चाहिँ अगाडि बढ्छ र त्यो सँगसँगै हामीले हिल्साको कुरा पनि छ यसलाई पनि हामीले अगाडि बढाउने र हामीले तीनवटा नाका चाहिँ खोल्नुपर्छ तीनवटै नाका चाहिँ खोलिन्छ र तीनवटै नाका सडक चाहिँ हामीले पुगाउनुपर्छ र पुगाउनका लागि पनि आवश्यक बजेटको व्यवस्थापन प्रदेश सरकाले र संघीय सरकारले चाहिँ गर्नेछ यसका लागि पनि संघीय सरकारलाई पनि अनुरोध गर्नेछ यो प्राथमिकतामै छ ।

त्यसपछि हामीले अर्को कुरा हामीले अहिलेको यहि बजेटभित्रै सम्भव छैन अब आउने बजेट २०७५/०७६ भित्रको बजेटभित्र हामीले प्रदेश सरकारले मात्रै भएपनि त्यो जिम्मा पूरा गर्नु पर्छ । रारासम्म हामीले अहिलेको यहि अवस्थाको चाहिँ सिंगल रोड अहिले हामीले तत्काल चाहिँ बढाउन नसकेनी यहीं सिंगल रोड मात्रै भएपनि यसको स्तरोन्नती गरेर तुरून्तै हामीले पिज रोड बनाउनुपर्छ त्यहाँ सम्म हामीले। यो आवश्यकता यो हामीले कार्यक्रमभित्र चाहिँ हामीले राख्रेछौं । यसका लागि धेरै चाहिँ चिन्ता नगर्नका लागि म यहाँहरूलाई म अनुरोध गर्दछु र अर्को कुरा हामीले भनेका चाहिँ छौं र यो कर्णाली प्रदेशको समग्र चाहिँ विकासको खाका एउटा तपाईंको मार्गचित्र एउटा विकासको एउटा मार्ग हामीले घोषणा गर्ने छौं र हामीले चाहिँ भनेका छौं एउटा वृत चाहिँ गुरू योजना बनाएर गुरू योजना सहित समग्र विकासको एउटा खाका तयार पारेर हामीले सार्वजनिक गर्ने छौं भनेर हामीले भनि सकेका चाहिँ छौं यसका लागि पनि सरकारले तयारी चाहिँ गर्दै छ । के भन्ने स्वेत पत्र भन्ने वा अर्को कुनै एउटा नाम चाहिँ दिएर हामीले अलिकति कर्णाली प्रदेशको हिस्टीगेट पार्ट अलिकति इतिहासको पार्टलाई पनि अलिकति हामीले उठान गर्ने अलिकति कर्णाली प्रदेशलाई बुझ्नैमा पनि केही समस्याहरू छन् र यसलाई पनि अलिकति दृष्टिको चाहिँ चेन्ज गर्दिनका लागि हिजोको कर्णाली प्रदेश चाहिँ के थियो र ? अलिकति त्यसको

इतिहासको पार्टलाई पनि हामीले उठान गर्ने र अहिले कर्णाली प्रदेश कुन अवस्थामा चाहिँ छ । अहिले कर्णाली प्रदेश चाहिँ कहाँ छ शिक्षामा कुन ठाउँमा छ कर्णाली प्रदेश, स्वास्थ्यमा कुन ठाउँमा छ कर्णाली प्रदेश, विकास निर्माणको हिसाबले चाहिँ कर्णाली प्रदेश कुन ठाउँमा छ ।

आर्थिक हिसाबले यो कर्णाली प्रदेश कुन ठाउँमा छ भनेर केही तथ्यांकहरू, केही सूचकांकहरू सहित अहिलेको कर्णालीको वर्तमान अवस्थाका बारेमा पनि हामीले यो छ है कर्णाली प्रदेश यो ठाउँमा छ भनेर हामीले यसलाई पनि हामीले राख्ने र त्यसपछि अबको कर्णाली प्रदेश जो हामीले विकास र समृद्धि जो भनेका छौं त्यसको अबको हाम्रो भिजन अबको हाम्रो चाहिँ मार्ग चित्र हाम्रो के हुने र हामीले के बनाएर जाने र हाम्रो अब प्राथमिकताहरू के हुने र त्यसपछि अब हामीले त्यसलाई कार्यान्वयन गर्नका लागि हाम्राँ कामका टार्गेटहरू एक वर्षमा हामीले के गर्ने दुई वर्षमा हामीले के गर्ने पाँच वर्षमा हामीले कर्णाली प्रदेशलाई कहाँ पुगाउने दश वर्षमा त पन्ध्र वर्षमा त कर्णाली प्रदेशलाई कहाँ पुगाउने ?अबको पन्ध्र वर्षको कर्णाली प्रदेश के हो ? अबको पन्ध्र वर्षको कर्णाली प्रदेश कहाँ पुग्छ ? कुन ठाउँमा पुगाउने हो ? भन्ने कुरा हामीले लक्ष्यसहित हामी अगाडि बढ्न जरूरी चाहिँ छ । हामीले एउटा महत्त्वकांक्षा निर्णय चाहिँ हामीले गर्यौं । रारा क्याविनेट हामीले भन्यौ जमुनाह देखि लिएर हिल्सा सम्मको फाष्ट ट्र्याक हामीले भन्यौं त्यहाँ अहिले सामान्य नर्मल त्यहाँ चाहिँ तपाईंको अध्ययन गर्दाखेरि २१६ किलो मिटरको पर्दो रहेछ हामीले सुरूङ मार्गबाट हामीले लियौं भने चार/पाँच घण्टामा तपाईंको इन्डियाको सीमाना देखि लिएर चाइनाको सीमानासम्म पुग्न सकिने रहेछ । यदि साँच्चीकै त्यो बनाउने हामीले चाहना इच्छा तपाईं हामी सबैले राख्यौं भने असम्भव भन्ने कुरा पनि छैन । हामीले प्राथमिकताका साथ उठायौं राख्यौं हामीले अहिले भोलि चाहिँ फिजिबल छ या छैन भन्ने कुराका बारेमा त भोलि हामीले सर्भे गरिसकेपछि डिटेल सर्भे गरिसकेपछि भोलि हुने हुने कुराहरू त प्राविधिकले भन्ने हो तर यदि फिजिबल छ भने साँच्चीकै यदि यो रोड बनाउने हो भने हाम्रो प्रदेशको मुख्य मेरुदण्ड मुख्य ढाड यो बन्न सक्छ तर त्यो काम हामीले एक वर्षभित्र कम्पिलिट गर्न सक्दैनौं । हामीले पाँच वर्षभित्र त्यो काम कम्पिलिट गर्न सक्दैनौं । अहिलैबाट हामीले कामको शुरूवाती गर्‍यौं अहिले हामीले सर्भेका कामलाई अगाडि बढायौं भने त्यो सर्भे गर्नका लागि दुई कि तीन वर्ष त सर्भे गर्नै लाग्छ । डिटेल्ली सर्भे गर्नका लागि न्युनतम पाँच वर्ष त सर्भेमै लाग्छ । ठूला-ठूला पहाडहरू तपाईंका हिमालहरू डिल गर्नुपर्छ डिल गरेरभित्रको भित्री भाग हेर्नुपर्छ त्यति गर्नका लागि समय लाग्छ त्यसपछि अर्को फेरि दश वर्ष तपाईंको काम अगाडि बढाउँदा काम गर्दै फेरि लाग्छ । त्यसपछि तपाईंको पन्ध्र वर्षपछि मात्रै यो सडक कम्पिलिट हुन्छ । यसका लागि चाहिँ हामीले सोच्ने कि नसोच्ने अहिले हामीले सोच्नुपर्छ हामीले भन्यौं त्यसैले अब यो समग्र हाम्रा कामका लागि हामीले भोलि अलिकति चाहिँ टोटल गुरू योजना तयार पारिसकेपछि मात्रै यसका बारेमा छलफल व्याख्या हामीले गरौंला भन्ने हिसाबले हामीले धेरै विषयहरू चाहिँ उठाइएका छन् त्यसपछि हामीले अन्य करिडोरहरू भन्यौं कर्णाली करिडोर पनि छँदैछ । कर्णाली करिडोरलाई हामीले अझै एउटा राष्ट्रिय महत्त्वको साथ संघीय सरकारले चाहिँ हेर्नुपर्दछ । यसलाई चाहिँ राष्ट्रिय गौरवको आयोजनामा चाहिँ राखिनु पर्दछ । अहिले खासै भन्ने हो भने कर्णाली करिडोर, भेरी करिडोर राष्ट्रिय गौरवको आयोजनाको रूपमा संघीय सरकारले फेरि पनि लगेको छैन । अहिले बजेट विनियोजन मात्रै भएको छ अहिले नेपालमा सञ्चालित तपाईंको तीनवटा करिडोर मात्रै हुन कालिगण्डकी करिडोर, त्यसपछि तपाईंको चाहिँ भेरी करिडोर र कर्णाली करिडोरको बजेट एउटै उसमा चाहिँ छ । त्यसपछि तपाईंको चाहिँ कर्णाली करिडोरका लागि मात्रै छुट्टै बजेट अलग बजेटको व्यवस्थामा यति बजेटको व्यवस्थापन भनेर सिधै तोकिएको छैन । तोक्नुपर्छ र त्यो ढङ्गको चाहिँ निर्माण कार्यलाई पनि तीव्रता चाहिँ दिनुपर्दछ बरू हामीसँग आवश्यक चाहिँ जनशक्ति हामीले थप गर्नुपर्दछ र आवश्यक यहाँ चाहिने इक्विपमेन्टहरू थप गर्नुपर्छ र छिट्टै यसलाई कम्पिलिट गर्नुपर्दछ ।

त्यस्तै तपाईंको चाहिँ भेरी करिडोर पनि छिट्टै यसलाई अगाडि बढाउनु पर्छ भन्ने हिसाबले अहिले हामीले त्यहाँ अलि महत्त्वका साथ अगाडि लिनुपर्छ र संघीय सरकारले त्यहि महत्त्वका साथ लिनुपर्छ भनेर हामीले प्रधानमन्त्री तपाईंको चाहिँ यहाँ आएको बेला हामीले त्यो पनि क्याविनेटले गरेको निर्णयका बारेमा जानकारी हामीले गरेका थियौं र आवश्यक माग पनि हामीले गरेका थियौं । यी छन् यतापट्टीका कुरा र त्यसो हुँदा सडक क्षेत्रलाई पनि हामीले गर्यौं त्यसपछि हामीले जोड्नका लागि गाउँपालिकालाई जिल्लालाई जोड्नका लागि जिल्लालाई प्रदेशमा जोड्नका लागि हामीले सडकलाई प्राथमिकताका साथ उठाउँनुपर्छ भनेर यतापट्टी पनि हामीले व्यवस्थापन भएको कुरा चाहिँ छ ।

अर्को यहाँ विषय चाहिँ उठ्यो सरकारले केही कामका बारेमा ध्यान दिन सकेन भन्ने कुराहरू हिजो विभिन्न समय लिएर संसदमा बोल्दाखेरिमा पनि विषयवस्तु उठेको थियो र अहिले नीति तथा कार्यक्रममा तपाईंहरूले बोल्ने क्रममा पनि फेरि विषयवस्तुको प्रवेश तपाईंहरूले गराउनु भयो । प्रदेश सरकारले शान्ति सुरक्षाका बारेमा हेर्न सकिराको चाहिँ छैन । विकास निर्माणका चाहिँ विषयहरूमा चाहिँ हेर्न सकिरहेको चाहिँ छैन ।

अहिले यो प्रदेशमा रहेका हरेक चाहिँ सरकारी चाहिँ अण्डाहरूमा चाहिँ यो सरकारले ध्यान दिन सकिरहेको चाहिँ छैन । भन्ने खाले तमाम विषयहरू तपाईंहरूले उठाउनु भएको चाहिँ छ । म सम्मानित सदनलाई के जानकारी गराउँन चाहन्छु भने सम्माननीय सभामुखज्यू अहिले प्रदेश सरकारको मातहतमा कुनैपनि सरकारी अण्डाहरू आएका चाहिँ छैनन् । अहिले प्रशासनिक निकायहरू प्रशासन अहिले पनि तपाईंको क्षेत्रिय प्रशासन कार्यालय कायमै छ र समग्र शान्ति सुरक्षाको विषयमा अहिले त्यसले हेरिराख्या छ । सिधै संघीय सरकारले हेरिराको छ र त्यसपछि हरेक चाहिँ विकास निर्माणका कामहरू जस्तै अहिले सडक सिधै चाहिँ संघीय सरकारले हेरिराखेको चाहिँ छ चाहिँ संघीय सरकारले चाहिँ हेरिराख्या छ । अहिले किन धुलो उडो खाल्डा किन परे ? खाल्डा किन पुर्न सकेन भनेर भन्ने अवस्था फेरि पनि आएकै छैन । अब जब हामी कार्यान्वयनमा जान्छौं त्यसपछि यी प्रश्नहरू उठाउन सान्दर्भिक हुने चाहिँ छन् ।

त्यसैले फेरि पनि सरकार बनिसक्या चाहिँ छ, संसद बनिसक्या चाहिँ छ । फेरि पनि तपाईंको नियम कानून चाहिँ विपरित संविधान चाहिँ विपरित कुनै पनि कार्य चाहिँ भइरहने तर फेरि संसद मुखदर्शक भएर प्रदेश सरकार चाहिँ मुखदर्शक भएर फेरि बसिरहन सक्दैन । यतिखेर जनप्रतिनिधि हुनुको नाताले हामीले पहल कदमी लिनै पर्ने हुन्छ । यसमा हामीले लिने छौं र यसमा हामीले कुनै पनि कमी हुन नदीने कुरामा म विश्वास दिलाउन चाहन्छु सदनलाई र त्यसपछि अर्को कुरा चाहिँ छ यहाँ अन्तिममा पनि यो मुख्यमन्त्रीको सम्बन्ध जनतासँग भन्ने कुराका सन्दर्भमा अलिकति कुरा उठाउनु भएको चाहिँ छ । अलि त्यहाँ धेरै जना माननीय सांसदज्यूहरूले भन्नुभएको शब्द चैनको कुरामा अलि नमिल्या कुरा स्प्रीट ठिक छ । मूल स्प्रिट ठिक छ अलिकति शब्द सेलेक्सनमा नमिलिराख्या कुरा अलि यो नमिल्या पनि मैले देखे र हामीले क्याविनेटमा के निर्णय गर्यौं भने जनतासँग मुख्यमन्त्री भनेर एउटा कार्यक्रम चलाउनु पारो भनेर हामीले निर्णय गरेका चाहिँ छौं । यो कार्यक्रम पनि के-का लागि राखिएको हो भनेर भन्नु हुन्छ भने सम्बन्ध बिग्रिएको छ सम्बन्ध सपार्नका लागि भन्ने होइन फेरि यो सम्बन्ध सपार्नको लागि होइन प्रत्यक्ष जनताले आफ्ना कुरा चाहिँ मुख्यमन्त्रीसँग राख्न पाउने । वातावरण मिलाउनु पर्छ भनेर नै हो । म पहिला उर्जा मन्त्री हुँदाखेरि शुरू गरेको थिए मैले उर्जा मन्त्रालयमा थुप्रै समस्या चाहिँ थियो उर्जा क्षेत्रमा समस्याहरू चाहिँ थिए । सामान्य तपाईंको मिटर लिंदाखेरिमा पनि तपाईंको धेरै लामो समय लाग्ने दुई महिना, तीन महिना, छ महिना, एक वर्ष लगाएर पनि मिटर नपाउँदा रहेछन् म त्यो उर्जा मन्त्री भइसकेपछि थाहा चाहिँ थियो । धेरै ठाउँमा चाहिँ धेरै लामो समय लाइन गएको लाइन नबनाउँदा तपाईंको विद्युतखेर गइराखेको बगिराखेको तर विद्युतको उपभोग गर्न जनताले नपाईं राखेका यस्ता तमाम खाले समस्याहरू

चाहिँ करप्सन देखि लिएर थुप्रै समस्याहरू हुँदा रहेछन् । धेरै लामो समयसम्म पनि तपाईँको फाईलहरू अड्किएर बसेका, कर्मचारीहरूले अट्क्याएर राखेका र त्यो विषयमा सिधा जनता जनताले तपाईँको चाहिँ ती सेवाग्राहीहरूले माथिल्लो निकायमा राख्न नपाउने र माथिल्लो निकाय चाहिँ तलका समस्याहरूबाट अनविज्ञ हुने स्थिति चाहिँ सिर्जना हुँदोरैछ ।

त्यो कुरा बुझिसकेपछि मैले हटलाइन सेवा चाहिँ भनेर चार अंकको तीनवटा चाहिँ हटलाइन सेवा मन्त्रालयमा राखे एक दिनमा तपाईँको यति फोन आउँथ्यो तपाईँको पाँच/छ जना मान्छे चाहिँ राखिएका थिए फोन नै उठाउन नसक्ने गरिकन आए र मैले मिटर पाइन भनेर भन्थ्यो कुन चाहिँ वितरण केन्द्रमा हो भनेर भन्यो फलानो वितरण केन्द्र भनेर भन्थ्यो ल तँ त्यहि उभिराख्नुस् म फोन गर्छु भनेर भन्थे जोले फोन गर्न भएको चाहिँ छ त्यहिनेर फलानो मान्छे आजै मिटर दिनुस् अहिलै गएर जोड्नुस् तुरून्तै गएर जोड्नुस् यदि केही समस्या छ भने मलाई भन्नुस् भनेरभन्दाखेरि मान्छेले एक घण्टा पनि ढिला गरेन भटाभट पाए पछि हेर्नुहोस् त्यस्ता समस्या त्यसो हुँदा तल आउने विभिन्न खाले समस्याहरूलाई जनताले आफ्नो माथिल्लो चाहिँ निकायमा सहज तरिकाले चाहिँ सम्पर्क सम्बन्ध गर्न पाउन र आफ्नो विषयहरू राख्न पाउन भनेर प्रत्येक तपाईँको जिल्लामा गएर जनतासँगका तपाईँका सार्वजनिक सुनुवाईका कार्यक्रम चाहिँ मुख्यमन्त्रीकै सहभागितामा गर्ने र त्यसपछि प्रत्यक्ष टेलिफोनबाट पनि जनताले चाहिँ वार्तालाप गर्न पाउने र विभिन्न प्रकारका तपाईँको चाहिँ रेडियो टेलिभिजनमार्फत् पनि जनताका कुरा पूश्नहरू सोधेर सार्वजनिक जवाफको चाहिँ दिने र त्यसपछि जनतालाई प्रभाव पार्ने किसिमका अन्य कुनै चाहिँ प्याकेजहरू कार्यक्रमहरू लिन सकिने अवस्थामा लिने भन्ने हिसाबले यसको चाहिँ ठोस कार्यक्रम कार्ययोजना चाहिँ पछि बन्ने हो । त्यस स्प्रिटका साथै यो जनतासँग मुख्यमन्त्री भन्ने कार्यक्रम यहाँ राखिएको र यो नीति तथा कार्यक्रममा अलि सम्बन्ध सुधार्ने भन्ने अलि अर्को अर्थ लाग्ने किसिमको शब्द चाहिँ यहाँ राखिएको छ स्वाभाविक हो कुरा उठ्नु यसलाई हामीले त्यहि ढङ्गले चाहिँ लिएका छौँ र यो केवल व्यक्तिसँगको कुरा चाहिँ होइन यो फेरि सस्थासंगको कुरा हो भोलि यो संस्थामा अहिले म छु भोलि यो संस्थामा चाहिँ अर्को मान्छे हुन्छ । व्यक्तिको लागि गरिएको कार्यक्रम चाहिँ हो भन्ने कुरा चाहिँ बुझ्नु भएन ।

अहिले व्यक्तिको लागि गरिएको कार्यक्रम नभएर संस्थाको लागि गरिएको कार्यक्रम यो संस्थाको चाहिँ कार्यक्रम भा हुँदाखेरि यसलाई त्यहि ढङ्गले बुझ्नका लागि म आग्रह र म अनुरोध गर्दछु र अब अन्तिममा छन् हाम्रा थुप्रै समस्याहरू चाहिँ छन् । मैले शुरूमै भने हामीले यो सबै हाम्रा लागि नयाँ काम चाहिँ छ । हामीले नयाँ काम चाहिँ गर्दै जाँदाखेरिमा थुप्रै अभावका बीचबाट हामी अगाडि बढीराखेका चाहिँ छौँ । फेरि पनि हाम्रा सवै संरचनाहरूले पुर्णता पाइएको छैन र सबै कामकार्यवाही व्यवस्थित र पारदर्शिता बनाउन सकेका छैनौं । थुप्रै चाहिँ तपाईँहरूका समस्याका बीचबाट थुप्रै अभावबाट बीचबाट हामीले हाम्रो अगाडिको नयाँ जिम्मेवारी नयाँ कारोबार पूरा गर्नुपर्ने अहिलेको बाध्यात्मक स्थिति भएकोचाहिँ छ । यसलाई हामीले त्यहि ढङ्गले बुझेर हामीमा रहेका कमीकमजोरीहरू हामीमा रहेका अपुगताहरूलाई त्यहि ढङ्गलेनै हामीले सबैले लिने छौँ र फेरि आगामी दिनहरूमा फेरि समस्याहरू नदोहोरिन दिने र यी समस्याहरूलाई हामीले सुधार्दै जाने मा हामी चाहिँ प्रतिबद्ध हुन जरूरी चाहिँ चै छ सरकार पनि यसका लागि प्रतिबद्ध हुनेछ र यहाँ समग्र विषयवस्तुहरू रचनात्मक ढङ्गबाट सरकारलाई सपोर्ट चाहिँ गर्नुभएको छ यहाँ अहिले संसदमा तपाईँको पक्ष विपक्ष प्रतिपक्ष भएर प्रस्तुत चाहिँ कोही पनि हुनु भएको चाहिँ छैन । सबैले रचनात्मक सुझाव दिनु भएको चै छ ।

सरकारको नीति तथा कार्यक्रममा नसमेटिएका विषयहरूको उठान गर्नुभएको चाहिँ छ र फेरि पनि समग्र कर्णाली प्रदेश सफल हुनुपर्दछ कर्णाली प्रदेशले धेरै कामहरू गर्नु पर्दछ । अरू प्रदेशमा धेरैं कामहरू

अगाडि चाहिँ बढीसकेका छन्, अरू प्रदेशको तुलनामा हामी धेरै पछाडि छौं यो चाहिँ कर्णाली प्रदेश धेरै पछाडि छ र हाम्रो बाँधमा चाहिँ साँच्चीकै ठूलो जिम्मेवारी साँच्चीकै भन्ने हो भने हामीले नसक्ने धेरै ठूलो चाहिँ गह्रुङ्गो भारी हामीले उचाली राखेका छौं उचाल्नु पर्ने बाध्य स्थिति चाहिँ छ । यो चुनौतीको सामना गर्नका लागि सिङ्गो संसद र चाहिँ कर्णाली प्रदेशको प्रदेश सरकार हामी साँच्चीकै एक ठाउँमा उभिएर हामी सबै चाहिँ सरकार हो हामी सबै चाहिँ संसद चाहिँ हो र सरकारको लागि पनि आवश्यक सुझावहरू सल्लाहहरू हामीले नजिकबाट दिएर हामीले गनुपर्ने कामहरू यो प्रदेशको समग्र विकास समग्र समृद्धि अघि माननीय सांसदज्यूले भन्नु भएको थियो । हामी चाहिँ पक्ष भनेको यहाँको चाहिँ समृद्धि हो विकास हो विपक्षी भनेको तपाईंको चाहिँ गरिबी हो यसलाई हामीले अविकसित प्रदेश चाहिँ हो ।

अब यसलाई साँच्चीकै विकास र समृद्धिमा लैजानको लागि हामी सबै एक ठाउँमा उभिएर हामी सबै चाहिँ जनताका जनप्रतिनिधि हौं । भोलि हामीले गर्न सकेनौं भने सरकारलाई मात्रै प्रश्न उठदैन यो प्रश्न हामी सबै जनताका जनप्रतिनिधिहरू प्रति प्रश्न उठ्छ । यसलाई हामीले त्यहि ढङ्गले बुझेर कि त यहीं संसदबाट निर्वाचित तपाईंको चाहिँ मुख्यमन्त्री म हुँ र त्यसपछि यहि संसदबाट बनेको मन्त्रिपरिषद् चाहिँ हो । पात्र हामी जो भएपनि सरकारको नेतृत्व जसले गरेपनि यहींबाट हामी चुनिएर गएका र यहि सम्मानित सदनले नै चुनेर आएको हुँदाखेरिमा यी हामी सबैको तपाईंको साझा दायित्वपनि हो । यसलाई यहि ढङ्गले बुझेर सरकारलाई फेरि पनि आवश्यक सपोर्ट र गर्दै जानुहुनेछ साँच्चीकै हामी फेरि अहिले सरकार मात्रै अगाडि बढेर हुँदैन यो हाम्रो बजेट कार्यान्वयन गर्नका लागि यहाँको विकासको लागि यहाँको समृद्धिको लागि हामी साँच्चीकै तपाईंको फिल्डमै हामी खटिएर हामी सबै तपाईंको जनप्रतिनिधिहरू विकासमा प्रत्यक्ष हामी सहभागी भएर विकासको नेतृत्व हामी सबैले माननीय सांसदज्यूले गरेर मात्रै यो प्रदेशको विकास सम्भव छ यसमा सबै त्यहि ढङ्गबाट लाग्नुहुने छ भन्ने कुराको आशा र विश्वास राख्दै मेरो भनाइ मेरो चाहिँ अब मैले विभिन्न विषयवस्तुमा मैले फेरि केन्द्रीत रहेर प्रत्येक तपाईंले उठाउनु भएको बुँदाबुँदामा केन्द्रीत रहेर मैले प्रश्नको जवाफ मैले दिन यी तपाईंले उठाउनु भएका यी सबै यी रचनात्मक सुझाव मैले बुझेको छु र हामीले समेट्ने छौं । नीति तथा कार्यक्रममा हामीले बजेटमा हामीले योजनामा हामी समेट्ने छौं । भन्ने कुरा चाहिँ तपाईंहरूको बीचमा राख्दै यो सरकारको नीति तथा कार्यक्रमलाई यो सम्मानित संसदबाट पारित गरिदिनका लागि पनि म आग्रह र अनुरोध गर्दै मेरो भनाइ यहि अन्त गर्छु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, यस सभामा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमलाई पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीको प्रस्ताव कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ को उपनियम (३) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने मुख्यमन्त्रीको प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

अब यो बैठक २०७५ साल बैशाख १३ गते बिहिबार दिउँसो १ बजे सम्मको लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-१६

(२०७५ बैशाख १३ गते बिहिबार)

प्रदेश सभा कर्णाली प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा बिहिबार दिनको १:०० बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको पहिलो अधिवेशनको सोह्रौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू अब म माननीय श्री गुलावजंग शाहलाई कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम २, ३, ४ र ५ निलम्बन गर्ने प्रस्ताव राख्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री गुलावजंग शाह :** माननीय सभामुखज्यू, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट दर्ता भई सभामा पेश गर्न स्वीकृत भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ सभामा छलफल गरी द्रुत मार्गबाट पारित गर्न कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१७ विनियोजन तथा अर्थ विधेयकसँग सम्बन्धी कार्यविधि अन्तर्गतको नियम १३२ को उपनियम २, ३, ४ र ५ लाई निलम्बन गर्न आवश्यक भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम २१२ बमोजिम उक्त उपनियमहरू निलम्बन गर्न सम्मानित सभासमक्ष प्रस्ताव पेश गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री गुलावजंग शाहले राख्नु भएको कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम २, ३, ४ र ५ निलम्बन गर्ने प्रस्ताव समर्थन गर्न माननीय श्री हिमबहादुर शाहीलाई समय दिन्छु ।

**माननीय सदस्य श्री हिमबहादुर शाही :** माननीय सभामुख महोदय, माननीय सदस्य श्री गुलावजंग शाहले कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ द्रुत मार्गबाट पारित गर्नको लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १७ विनियोजन तथा अर्थ विधेयक सम्बन्धी कार्यविधि अन्तर्गतको नियम १३२ को उपनियम २, ३, ४ र ५ निलम्बन गर्न राख्नु भएको प्रस्तावको समर्थन गर्दछु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री गुलावजंग शाहले राख्नु भएको कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम २, ३, ४ र ५ निलम्बनको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले **"हुन्छ"** भन्नु होला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले **"हुन्छ"** भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले **"हुन्न"** भन्नुहोला ।

**"हुन्न"** भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सभा यिमावली, २०७४ को नियम १३२ को उपनियम २, ३, ४ र ५ निलम्बन गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, आज म प्रदेश सभाको यस गरिमामय सदनमा संघीयलोकतान्त्रिक गणतन्त्रात्मक नेपालको गौरवशाली इतिहास बोकेको कर्णाली प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७४/०७५ को बजेट पेश गर्न उभिएको छु । प्रदेश सभा र प्रदेश सरकार गठन भएपछि कर्णाली प्रदेश सरकारको पहिलो बजेट यो सम्मानीय प्रदेश सभा र यो सदनमार्फत् कर्णाली प्रदेशबासी आदरणीय जनसमुदायसमक्ष पेश गर्न पाउँदा हर्ष र गौरवको अनुभूति गरेको छु । यस ऐतिहासिक क्षणमा जनआन्दोलन, जनक्रान्ति प्रदेश प्राप्तिको आन्दोलन लगायतका सङ्घर्षहरूमा आफ्नो जिवन उत्सर्ग गर्ने ज्ञातअज्ञात महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु ।

साथै घाईते र वेपत्ता नागरिकहरू प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु राजनीतिक, आर्थिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सबै अग्रजहरूप्रति हार्दिक आदर सम्मान प्रकट गर्न चाहन्छु। महान् सहिदहरू श्रदय अग्रजहरू, विद्धानवर्ग, न्यायप्रेमी, जनसमुदायले आफ्नो ठाउँबाट योगदान नगरेको भए आज हामी हाम्रो यो मातृभूमिमा यस प्रकारले उभिन । उपस्थित हुन पाउँने थिएनौं । उहाँहरू सबैप्रति हार्दिक नमन व्यक्त गर्न चाहन्छु । समतामूलक समाज निर्माणको खातिर नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष जनक्रान्ति र जनआन्दोलनबाट मुलुकमा प्राप्त संघीयता कार्यान्वयनको गौरवमय चरणमा हामी रहेका छौं । विशेषगरी संघीयता कार्यान्वयनको क्रममा यस भूमिमा गरिएको न्यायप्रेमी जनताको कठोर सङ्घर्ष तथा महान सहिदहरूको आहुतिसमेतबाट जन्मिन पुगेको यस कर्णाली प्रदेशको रूपान्तरणका लागि सम्भावित क्षमताको आँकलन गरी उपलब्ध श्रोतसाधनको भरपुर उपयोग गर्न एकताबद्ध भएर अगाडि बढ्नुको अरू कुनै विकल्प छैन । मुलुक निर्माणका खातिर बेलाबेलामा उत्पन्न हुने वाद प्रतिवाद र सम्वादको तर्कपूर्ण निष्कर्षसहित सहमति र सहकार्यको गन्तव्यमा एकाकार हुने संस्कृति बोकेको हाम्रो प्रदेश यसै असल संस्कृतिका कारण यथा समयमा प्रदेशको नामाकरण र राजधानी तोक्न सफल भएको विषय मुलुकमै उदाहरणीय हुन पुगेको कुरा यस सम्मानित सदनसमक्ष स्मरण गराउँन चाहन्छु । हामीले सबभन्दा पहिले पहिलो सर्वसम्मतीले प्रदेशको नाम कर्णाली र प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर फैसला गर्न सकेका छौं यो हाम्रो गौरवको विषय हो ।

***विधमान अवस्था***

माननीय सभामुख महोदय,

अब म यस सम्मानित सदनसमक्ष प्रदेशको समग्र अवस्था बारेमा संक्षिप्तमा अबगत गराउन चाहन्छु ।

***भौगोलिक तथा जनसांख्यिक अवस्था***

अनेकौं चुनौतीका बावजुद कर्णाली प्रदेशको विकासको दृष्टिले जल जंगल जमिन जडिबुटी का क्षेत्रमा प्रचुर सम्भावना बोकेको प्रदेश हो । दशवटा जिल्ला मिलेर बनेको कर्णाली प्रदेश आज गरिबीको परिभाषाले चिनिन्छ तर श्रोत साधनको दृष्टिले यो प्रदेश धनी छ । एकातिर यो प्रदेश मुलुकको करिब २१ प्रतिशत भू-भाग ओगटेको सबैभन्दा ठूलो प्रदेश हो भने अर्कोतिर जनसंख्याको दृष्टिले सबैभन्दा सानो अर्थात मुलुकको कुल जनसंख्याको करिब ६ प्रतिशत हिस्सा ओगटेको उच्च प्राकृतिक सम्पदाले भरिपूर्ण प्रदेश

हो । जनगणना २०६८ को तथ्यांकअनुसार  यस प्रदेशमा १५ लाख ७० हजार जनसंख्याको बसोबास छ । संघीयता कार्यान्वयनका सन्दर्भमा ठूलो भूभाग ओगटेर पनि सबैभन्दा थोरै स्थानीय तह रहेको यस प्रदेशमा जम्मा ५४ वटा गाउँपालिका र २५ वटा नगरपालिका गरी ७९ वटा स्थानीय तहहरू रहेका छन् ।

*आर्थिक अवस्था*

प्रचुर सम्भावना हुँदाहुँदै पनि यस प्रदेशका समग्र आर्थिक, सामाजिक परिसूचकहरू राष्ट्रिय औसतभन्दा पनि न्यून रहेका छन् । देशको कूल ग्राहस्थ उत्पादनमा यस प्रदेशको योगदान ३.९ प्रतिशत रहेको छ । देशको औसत साक्षरता दर ६५.९ प्रतिशत रहेकोमा यस प्रदेशको साक्षरता दर ५८.२५ मात्र रहेको छ । मुलुकको प्रतिव्यक्ति औसत आय अत्यन्तै कम यर्थाथ ११६० अमेरिकी डलर रहेको अवस्थामा यस प्रदेशको प्रतिव्यक्ति आय सोभन्दा पनि ज्यादै कम अर्थात ८०६ अमेरिकी डलर रहेको छ । यस सन्दर्भमा मुलुकको औसत प्रतिव्यक्ति आय ११६० अमेरिकी डलर सम्म पुऱ्याउन पनि धेरै प्रयास गर्नुपर्ने चुनौती हाम्रा सामू खडा छन् । मुलुकको समग्र गरिबी २५५ को हाराहारीमा रहेकोमा यस प्रदेशको गरिबी ५२ प्रतिशतको हाराहारीमा रहेको तथ्यांकले मुलुकको तुलनामा यस प्रदेशका जनता बढी गरिबीको पीडामा बाँचिरहनु परेको यथार्थता हाम्रा सामु छ । मुलुकको मानव विकास सूचकांक ०.४९० रहेकोमा यस प्रदेशको मानव विकास सूचकांक ०.४११ मात्र रहेको छ । कूल ग्राहस्थ उत्पादनमा यस प्रदेशको योगदान अत्यन्तै न्यून अर्थात ४ प्रतिशतको हाराहारीमा मात्र रहेको अवस्था छ ।

*सम्भावित क्षमता उपयोगको अवस्था*

यो प्रदेश प्रचुर सम्भावना र उच्चस्तरको सम्भावित क्षमता बोकेर बसेको भए तापनि **"सुनलाई सिरानी हालेर नुनको खोजीमा भौंतारी रहेको"** उखानलाई प्रमाणित गर्ने ढङ्गले चुनौतीका चाङमा रहेको अवस्थामा छ । भूगोलको तुलनामा जनसंख्या असाध्यै कम रहेको भए तापनि आर्थिक रूपले सक्रिय उमेरको जनसंख्या ४० प्रतिशत रहनु सुखद् पक्ष हो । जनसांख्यिक संरचनाका दृष्टिले युगमै विरलै प्राप्त गरिने जनसांख्यिक लाभ (Population Bonus) लिएर बसेको यस प्रदेशको सक्रिय जनशक्तिलाई उपर्युक्त रोजगारी दिन नसक्दा बेरोजगार, अर्ध बेरोजगार तथा लुकेर रहेको बेरोजगारका रूपमा चिनिनु परेको कारण कर्मठ युवाहरू भारतको कालापहाड, बम्बई तथा सिम्ला एवं खाडीमुलुक र मलेसियामा जोखिमपूर्ण काममा न्यूनस्तरको पारिश्रमिकमा आफ्नो श्रम बेच्न बाध्य छन् । उर्जाशिल जनशक्तिको पलायन हुँदा एकातिर हाम्रा कृषि तथा खेतियोग्य उर्वरभूमि उजाड बनेको छ भने अर्कोतर्फ गाउँघर बालबालिका, वृद्ध तथा अशक्तहरूको थलो बन्न पुगेको छ । यसबाट एकातिर आवश्यक उत्पादनशील जनसंख्याको अभाव हुन गएको छ भने अर्कोतिर सामाजिक सांस्कृतिक सन्तुलन खल्बलिने, खाडीमुलुक तथा कालापहाडमा पसिना बगाई आर्जन गरेको रकम अनुत्पादक क्षेत्रमा प्रयोग हुने र यहाँको मौलिक सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्बर्द्धन हुन नसक्ने परिस्थिति बनेको छ । प्रदेशको जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई विकासका सम्भावनाहरूमा उपयोग गर्न सके प्रदेशमा रोजगारी स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र उन्नतशिल प्रदेशको नाममा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

**माननीय सभामुख महोदय,**

*प्रदेश पूर्वाधार*

कर्णाली प्रदेश अपार सम्भावनाले भरिपूर्ण हुँदाहुँदै पनि सडक पूर्वाधारका दृष्टिले निकै पछाडि परेको छ । हुम्ला र डोल्पा जिल्लामा अझैपनि नियमित तथा व्यवस्थित रूपमा यातायात आवागमन हुने गरी राष्ट्रिय सडक सञ्जालसँग जोडिन सकेको छैनन् । यस प्रदेशमा सवारी साधन चल्न सक्ने बाँकी आठ जिल्लाहरूमासमेत सडकको अवस्था तथा गुणस्तर ज्यादै कमजोर रहेको छ । यस प्रदेशका विभिन्न जिल्लाहरूबाट सुर्खेतको वीरेन्द्रनगर सम्म आईपुग्ने सवारी रूट कमजोर रहेको, हवाई यातायात भरपर्दो, पहुँचयोग्य र नियमित नभएको, हवाई मैदानहरू छोटा, साना र जोखिमयुक्त रहेका तथा क्षणक्षणमा हुने मौसम फेरबदलले हवाई यात्रा अनियमित र जोखिमपूर्ण हुने गरेको, प्रदेशको राजधानीमा रहेको सुर्खेत विमानस्थल पनि आवश्यक पूर्वाधारको कमीले गर्दा अन्य राष्ट्रियस्तरका विमानस्थल सरह नियमित उडान हुन नसकेको जस्ता कारणले हवाई तथा सडक पूर्वाधारका क्षेत्रमा धेरै काम गर्न बाँकी रहेकोछ । भर्खरै मात्र बुद्ध एयर र नेपाल एयरलाइनसले संघीय राजधानीबाट यस प्रदेशको राजधानी वीरेन्द्रनगरमा नियमित हवाई यातायात सञ्चालन गरी हवाई यातायात विस्तारमा मार्ग प्रशस्त गरेको छ ।

*शिक्षा तथा स्वास्थ्य*

अन्य प्रदेशको तुलनामा यस प्रदेशमा शिक्षा र स्वास्थ्यको अवस्था अझै दयनीय छ । छरिएर रहेका बस्ती तथा भौगोलिक विकटताले गर्दा बालबालिकाहरू बिद्यालयसम्मको पहुँच र बिरामीको अस्पतालसम्मको पहुँच सहज हुन सकेको छैन । विद्यालयहरूमा शिक्षक र अस्पतालमा डाक्टर र औषधि नपाइने कुरा बेलाबेलामा आउँनु यस प्रदेशको नियतिजस्तै बनेको छ । अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी भए पनि आवश्यक स्वास्थ्यकर्मी, औषधि र साधन स्रोतको अभावले गर्दा जनताले उचित सेवा पाउन सकेका छैनन् । प्राप्त सेवा पनि गुणस्तरिय । अपेक्षित र नागरिकमैत्री छैन ।

*पर्यटन प्रबर्द्धन*

कर्णाली प्रदेश अथाह सम्भावना र विविधतायुक्त विशेषता बोकेको प्रदेश हो । प्राकृतिक स्रोत, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, भाषिक दृष्टिले सम्पन्न यस प्रदेशको गौरवशाली इतिहास छ । नेपाली भाषा र सभ्यताको उद्गमस्थल सिंजा पनि यहि प्रदेशमा पर्दछ । यस प्रदेशमा रहेका ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय स्थान र अवस्थालाई प्रचार-प्रसार गर्न नसक्दा पर्यटन प्रबर्द्धन हुन सकिरहेको छैन । जबकी पर्यटन यस प्रदेशको आर्थिक विकासको मुख्य मेरूदण्ड होभन्दा अत्युक्ति हुँदैन । हिन्दुहरूको पवित्र तीर्थस्थल कैलाश मानसरोवर जानका लागि सबैन्दा छिटो र सहज मार्गको रूपमा कर्णाली करिडोरलाई स्तरोन्नती गरी अन्तर्राष्ट्रियस्तरको बनाउन सकिएमा हजारौं स्वदेशी तथा विदेशी पर्यटकहरूलाई यसै प्रदेशमार्फत् भित्र्याउन सकिने अवस्था छ । स्वर्गकै अप्सराको रूपमा रहेको मुगुको रारा, डोल्पाको फोक्सुण्डो, रूकुमको स्यार्पु ताल, सल्यानको कुपिण्डे ताल, सुर्खेतको बुलबुले ताल, कालिकोटको पचाल झरना, जाजरकोटको भेरी नदी लगायतका प्राकृतिक पर्यटकीय स्थलहरू नेपालकै अनुपम पर्यटकीय गन्तव्यका रूपमा चर्चित छन् । धार्मिक पर्यटकीय स्थलको सन्दर्भमा मुगुको छाँयानाथ, हुम्लाको खार्पुनाथ, जुम्लाको चन्दननाथ, डोल्पाको त्रिपूरासुन्दरी, दैलेखको पञ्चकोशी, रूकुमको डिग्रे भगवती, सल्यानको खैरावाङ र छत्रचण्डेश्वरी, सुर्खेतको देउतिबज्यै जस्ता क्षेत्रहरूको प्रचार-प्रसार गरी प्रबर्द्धन गर्न सकिने अवस्था छ । खस, मगर र अन्य विभिन्न जनजातीहरूको संस्कृति, खास राजयको राजधानी दैलेखको दुल्लु, सुर्खेतको

कँक्रिबिहार, सल्यानको फलावाङ लगायतका थुप्रै सांस्कृतिक तथा ऐतिहासिक धरोहरहरूले यहाँको पर्यटन प्रबर्द्धनमा सघाउ पुऱ्याउन सक्ने सम्भावना छ ।

**माननीय सभामुख महोदय,**

***कृषि तथा जडिबुटी खेतिको व्यवसायीकरण र विविधीकरण***

सरकारको प्रथम प्रतिबद्धता प्राङ्गारिक प्रदेश रहेको हुँदा विषादीरहित प्राङ्गारिक खेतिका लागि आवश्यक प्राङ्गारिक मलको उत्पादन, प्राङ्गारिक फलफूल तथा तरकारी उत्पादनको व्यवसायीकरण र विविधीकरण गरी कृषि पेशालाई आत्मनिर्भर व्यवसायिक बनाउन सकिने अवस्था छ । यस प्रदेशमा पाइने यार्चागुम्बा, पाँचऔँले, कटुके, शिलाजित, ताराक्चुक, गदाल्लो, भूईकस्तुरी। सतुवा जस्ता बहुमूल्य जडिबुटीहरूको उत्पादन र प्रशोधनले आयात निर्यात शोधनान्तर सन्तुलनमा ठूलो भूमिका खेल्न सक्ने सम्भावना देखिन्छ । जुम्लामा स्याउँ, सल्यानमा सुन्तला लगायत विभिन्न जिल्लाका विशेष उत्पादनलाई वैज्ञानिक, व्यवस्थित र आधुनिक तरिकाले उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण गरी आयातमा भइरहेको परनिर्भरतालाई घटाउँदै आत्मनिर्भर हुन सकिने सम्भावना छ । यस प्रदेशमा एकातिर जग्गाको खण्डीकरण, घडेरी र जग्गा बाँझो राख्ने प्रवृत्ति निरन्तर बढिरहेको अवस्था छ भने अर्कोतर्फ परम्परागन रैथाने बालीनालीको संरक्षण र सम्बर्द्धन हुन नसक्दा खाद्य असुरक्षा बढ्दो रूपमा रहेको छ ।

***जलविद्युत, जलस्रोत तथा जलउपयोगको अवस्था***

जलविद्युत प्रदेशको प्रमुख सम्भावना बोकेको क्षेत्र हो । एक अनुमानअनुसार यस प्रदेशमा ३६ हजार मेगावाट जलविद्युत उत्पादन गर्न सक्ने सम्भावना रहेको अवस्था छ । सम्भाव्यता पहिचान भइसकेको अपर कर्णाली जलविद्युत आयोजना देशकै एक प्रमुख आयोजना यसै प्रदेशमा रहेको छ । त्यस्तै तिला, फुकोट कर्णाली, जगदुल्ला, बेतन कर्णाली, नलसिङगाड, शारदा लगायत सम्भाव्यता अध्ययन भईसकेका आयोजनाहरू झन्डै चार हजार मेगावाट विद्युत उत्पादन हुन सक्ने अवस्थाका छन् । दक्षिण तर्फ सीमाना नजोडिएको र उत्तरी सीमानामा रहेका हुम्लाको हिल्सा, मुगुको नाक्चेलाग्ना, डोल्पाको धो मोरिल्ला नाकाहरू यद्यपी खुल्न नसक्दा कर्णाली प्रदेश एक किसिमले नाकाबन्दी जस्तै अवस्थामा छ । यसै प्रदेश अन्तर्गत ४८ मेगावाट क्षमता भएको भेरी बबई डाइभर्सन परियोजनाले विद्युत मात्र नभई ५ नं. प्रदेशको बाँके र बर्दियाको हजारौं हेक्टर भूमिलाई सिँचाइ सुविधा उपलब्ध गराउने हुँदा यस प्रदेशको आम्दानीको लागि एउटा प्रमुख स्रोतको रूपमा पहिचान स्थापित गर्न सक्ने अवस्था छ । कर्णाली नदी मानसरोवर तिब्बत हुँदै हुम्लाको हिल्साबाट सुरू भएर कर्णाली चिसापानी सम्म निरन्तर रूपमा तीव्र गतिमा जल प्रवाह भईरहेने हुँदा यस नदीमा र्‍याफ्टिङ सेवा (जलयात्रा) सञ्चालन गरी प्रशस्त पर्यटक भित्र्याई रोजगारी र आम्दानी वृद्धि गर्न सकिने अवस्था छ । त्यस्तै डोल्पा हुँदै सुर्खेतसम्म आउने भेरी नदीमा समेत पर्याप्त जलविद्युत र जलयात्राको प्रचुर सम्भावना छ ।

***वन, वनजन्य एवं खानी र खनिज***

लेकाली तथा हिमाली वन्यजन्तु तथा बहुउपयोगी वन सम्पदाको संरक्षण सम्बर्द्धनमा सरकारी निकायका रूपमा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज, विभिन्न वन कार्यालयहरू समेतको नियमन र सहजीकरणमा वनसम्पदा तथा वन्यजन्तु संरक्षण सम्बर्द्धन भइरहेको हुँदा प्रदेशसमेतको अभिभावकत्वमा आयआर्जन तथा रोजगारका क्रियाकलापहरू वृद्धि गर्न सकिने अवस्था छ । दैलेखमा अखण्ड ज्वालाको रूपमा अपार पेट्रोलियम पदार्थ निरन्तर बलिरहेको छ । यसको उत्खनन् र उपयोग गर्न सके प्रदेश

समृद्धिमा ठूलो टेवा पुग्न सक्छ । जाजरकोट लगायत जिल्लाहरूको बहुमुल्य पत्थरका रूपमा चिनिने काईनाइटका साथै फलाम, तामा, सुन, कोईला जस्ता खानीजन्य पदार्थहरू यस प्रदेशमा छन् । जसको उत्खनन् गर्न सकेमा ठूलो मात्रामा अर्थोपार्जन हुन सक्ने सम्भावना छ ।

**माननीय सभामुख महोदय,**

अब म यस बजेटमा भावी सोचका लागि मार्गनिर्देश गर्न खोजिएका कुराहरू प्रस्तुत गर्न चाहन्छु । माथि नै चर्चा गरिसकियो कि अंकगणितीय जोड घटाउबाट धनी र गरिब को सघनता नहेर्ने हो भने यो प्रदेश प्राकृतिक सौन्दर्यता जल, जमिन, जंगल, जडिबुटी का साथमा मेहनती र स्वाभिमानी जनता रहेको उर्वर भूमि हो । यसर्थ मुलुककै कायापलट गर्न सक्ने क्षमता यस प्रदेशले राख्दछ । युगान्तकारी रूपान्तरण गराउन सक्ने सम्भावित हैसियत बोकेको यस प्रदेशका लागि दीगो विकासको सोचलाई ध्यान दिई आवधिक योजना तथा दीर्घकालिन योजनामार्फत् विकासको अभियान अगाडि बढाउनु पर्नेछ । राजनीतिक रूपमा हामीले ऐतिहासिक फड्को मारेका छौं । मुलुक संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न गरी जनताकै स्वशासन र आर्थिक, सामाजिक विकासमा प्रत्यक्ष सहभागिताको कोणबाट आमनागरिकको भरोसालाई पुनः स्थापित गर्न कम्मर कसेर लागेका छौं ।

जनताको सबैभन्दा नजिकको सरकार प्रदेश सरकार हो । जनताले सजिलोसँग देख्न र भेट्न सक्ने प्रदेश सरकार जनअपनत्वपूर्ण ढंगले जनताप्रति पूर्णउत्तरदायी भई अगाडि बढ्न जरूरी छ । एकातर्फ सरकारको विधिवत स्थापना भई सरकारको गठन र कार्य सञ्चालन पश्चात प्रदेशका नागरिकहरूमा प्रदेश प्रतिको आशा, भरोशा र विश्वासको अपेक्षासहित उत्साह र विकासप्रतिको अपनत्वको भाव जागृत भइरहेको अवस्था छ भने अर्कोतर्फ प्रदेश सरकार गठन भएपश्चात आफ्नै समिपमा रहेको सरकारको क्रियाकलापप्रति आमनागरिकमा सूक्ष्म चासो र जनखबरदारी जागृत भएको अवस्थामा सरकार पनि जनभावनाअनुसार अगाडि बढ्न जरूरी छ ।

प्रदेशप्रति रहेको जनताको आशा र भरोसालाई आर्थिक, सामाजिक रूपान्तरणको अवसरको रूपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास नै हो । यसर्थ आत्मनिर्भर, स्वतन्त्र, समृद्ध, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको उपर्युक्त अभ्यास गरी अगाडि बढ्न सरकार कृत संकल्पित छ । लोकतन्त्रको आधारस्तम्भको रूपमा रहेको प्रदेश सरकारले संघीयता कार्यान्वयन गर्न आफ्नो गाउँ आफैं बनाऔं मेडेलअनुसार आफ्नो गाउँ ठाउँको विकासमा जनताको प्रत्यक्ष र सघन सहभागिता चाहेको हुँदा सो अनुरूप आर्थिक विकासको प्रारूप तय गरी शासकीय प्रणालीमा नीतिगत मार्गदर्शन गर्न सरकार कटिबद्ध छ । सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा मितव्ययीता कायम गर्ने तथा पूजिँगत खर्च अन्तर्गत पूँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रीत भई वित्तीय सुशासनलाई ध्यान दिई खर्च परिचालन प्रक्रियालाई प्रणालीबद्ध गर्ने गरी योजना तथा कार्यक्रम तयार गर्ने सरकारको प्रतिबद्धता रहेको छ ।

***बजेटका उद्देष्यहरू***

**माननीय सभामुख महोदय,**

अब म यस बजेटका मुख्य-मुख्य उद्देश्यहरूका बारेमा प्रस्तुत गर्न चाहन्छु । प्रदेश सरकारको आधारभुत अंगका रूपमा रहेको संस्थापक प्रथम प्रदेश सभा तथा प्रदेश सरकार सामू विविध खालका समस्या, अबरोध तथा चुनौतीसँगै जोडिएर आएका विविध खालका सम्भावित क्षमता र अवसरहरूको भरपुर उपयोग गर्न बजेटका उद्देश्यहरू देहायअनुसार प्रस्तुत गरेको छु ।

- मूलभुत रूपमा संघीयता कार्यान्वयनका लागि नेपालको संविधान तथा नेपालको संविधानको अनुसूची ६, ७ र ९ मा उल्लिखित प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार तथा कार्य विस्तृतिकरणमा उल्लिखित अधिकार तथा कार्यक्षेत्रको प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्ने ।
- दीगो, समावेशी तथा गरिबी निवारणउन्मुख कार्यक्रममार्फत् प्रदेश नागरिकको जीवनस्तर सुधार गरी व्यवसायमुखी बनाउने ।
- आयात प्रतिस्थापन, निर्यात प्रबर्द्धन तथा तुलनात्मक लाभका उद्योग स्थापना गरी समृद्ध कर्णाली प्रदेश निर्माणका लागि आवश्यक पूर्वाधार तयार गर्ने ।
- प्रदेशको समग्र विकास र समृद्धिको लागि उपर्युक्त, सुरक्षित र लगानीमैत्री वातावरण तयार गर्ने ।
- प्रदेशद्वारा प्रदान गरिने सेवामा नागरिकको स्थायित्व भाव तथा पहुँच वृद्धि गर्ने ।
- कृषि, सहकारी, पर्यटन, वन, जडिबुटी क्षेत्रको विकासमार्फत् आर्थिक वृद्धि र रोजगारीका अवसरहरू सृजना गर्ने ।
- भ्रष्टाचारमुक्त, चुस्त प्रशासन, प्रभावकारी अनुगमन एवं उत्प्रेरित कर्मचारीमार्फत् प्रभावकारी सेवा प्रदान गरी सुशासन प्रबर्द्धन गर्ने ।

*बजेटका प्राथमिकताहरू*

**माननीय सभामुख महोदय,**

जग बलियो भए घर बलियो हुन्छ भन्ने मान्यताका साथ समृद्ध प्रदेश निर्माणका लागि कार्यान्वयन योग्य बजेट निर्माण गरी प्रदेशका मन्त्रालय तथा निकायमार्फत् कार्यान्वयनमा लैजाने गरी बजेट विनियोजनका प्राथमिकता क्षेत्र निर्धारण गरेको छु । बिहानीले दिनको संकेत गर्छ भने जस्तै प्रदेश समृद्धिको पहिलो पाईलाको रूपमा यो बजेट प्रस्तुत गरिएको छ । हामीसँग चुनौतीका चाङसँग जुध्नका लागि उपलब्ध स्रोत साधन तथा क्षमता न्यून छ । यी सबै कुराहरूलाई मध्यनजर गरी बजेटका प्राथमिकता देहाय बमोजिम निर्धारण गरेको छु ।

- संविधान अनुरूप संघीयताको सबल कार्यान्वयन,
- सडक, विद्युत, खानेपानी, सिँचाइ, सूचना प्रविधिजस्ता भौतिक पूर्वाधार विकास,
- प्रदेश संगठन संरचना लगायत आवश्यक भौतिक पूर्वाधारको निर्माण,
- आन्तरिक तथा बाह्य पर्यटक प्रबर्द्धन,
- कृषि पेशाको व्यावसायीकरण, विविधीकरण र बजारीकरण,
- व्यवसायमैत्री उद्योग, कलकारखाना तथा वाणिज्य क्षेत्र प्रबर्द्धन,
- जनमुखी व्यवसायिक शिक्षाको विकास,
- सर्वसुलभ सुविधायुक्त स्वास्थ्य सेवाको व्यवस्था,
- दक्ष, सिपयुक्त जनशक्तिको उत्पादन र मानव स्रोतको उचित व्यवस्थापन,
- जडिबुटी व्यवसाय प्रबर्द्धन,
- अर्गानीक प्रदेशको आधारशिला निर्माण,
- सहकारी व्यवसाय प्रबर्द्धन,
- भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रबर्द्धन,
- एकल, सामाजिक सद्भाव र समावेशीतामा जोड ।

*बजेट नियोजनका आधार तथा स्रोतको व्यवस्था*

**माननीय सभामुख महोदय,**

अब म बजेट विनियोजनका आधार तथा स्रोत व्यवस्थासम्बन्धी प्रस्ताव पेश गर्दछु ।

प्रदेश स्थापनाको प्रारम्भिक चरणमा रहेको हुँदा यस आर्थिक वर्षका लागि नेपाल सरकारको विषयगत मन्त्रालयका योजनाहरू तथा साविक स्थानीय निकायले तर्जूमा गरेका आवधिक योजनाहरू नै योजना छनौटका उपर्युक्त आधार भएको हुँदा तदनुसारका योजनामा सीमाबद्ध भई आयोजना छनौट तथा पूर्व सम्भाव्यता अध्ययन क्षेत्रका लागि रकम विनियोजन गरेको छु । बजेट निर्माणमा स्थानीय सांसदज्यूहरू लगायत जनप्रतिनिधिहरूका सुझाव, सल्लाहलाई मार्गदर्शनको रूपमा लिइको छु । प्रदेश सरकारको सबलीकरणको लागि आवश्यक कानूनहरू निर्माण, प्रशासनिक संरचना, पूर्वाधारको आवश्यक बन्दोवस्त गर्ने कुरालाई मध्यनजर गरी बजेट विनियोजन गरेको छु । पूर्वाधारतर्फ चालु आर्थिक वर्षको बाँकी अवधिमा कार्यान्वयन गर्न सकिने पूर्व सम्भाव्यता अध्ययन, आयोजना पहिचान, क्षमता विकास, प्रदेश सरकारको जनतासँग सम्पर्क सम्बन्ध र प्रदेशको उपस्थिति जनाउने कार्यक्रमसमेतका लागि बजेट विनियोजन गरेको छु ।

प्रदेशको सन्तुलित विकासको लागि सम्भव भएसम्म सबै क्षेत्रलाई सम्बोधन गर्ने गरी उपर्युक्त आयोजना पहिचान गर्न रकम विनियोजन गरेको छु । बजेट विनियोजन गर्न नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा सम्मानित कर्णाली प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम एवं कर्णाली प्रदेश सरकारले अबलम्बन गर्नुपर्ने प्रचलित ऐन कानूनलाई बजेट तर्जूमाको मार्गदर्शनको रूपमा लिएको छु । यस आर्थिक वर्षमा प्रदेश राजश्व असुलीसम्बन्धी अलग्गै कानून तर्जूमा भई नसकेको र राजश्व संकलन तथा असुली कार्य संघीय आर्थिक ऐनअनुसार भइरहेको हुँदा अलग्गै प्रदेश आर्थिक ऐन बमोजिम करका दरहरू प्रस्ताव नगरिएकोले संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान स्वरूप प्राप्त रकमलाई शीर्षकगत बाँडफाँड तथा विनियोजन गरेको छु । चालु आर्थिक वर्षको बजेट ढिलो गरी प्रस्तुत भएको र बाँकी अवधि केही महिना मात्र बाँकी भएकोले यस आर्थिक वर्षको लागि आन्तरिक राजश्व, ऋण र सहायता रकम प्रस्ताव गरिएको छैन । प्रदेश सरकारबाट स्थानीय तहलाई जाने अनुदानको मोडालिटि तय नभएकोले यस बजेटमा सो अनुदान पनि प्रस्ताव गरिएको छैन ।

नेपालको संविधानको अनुसूचीमा उल्लिखित प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रहरूको कार्यान्वयन गर्न चालु आर्थिक वर्षमा प्रदेश मन्त्रालय तथा निकायहरूलाई प्राप्त अख्तियारीअनुसार खर्च भएको रकम र कर्णाली प्रदेश सरकारको सञ्चित कोषमा उपलब्ध हुने रकम मिलान गरी रू. १ अर्ब २ करोड ५ लाख बजेट विनियोजन गरेको छु । नेपाल सरकार अर्थमन्त्रालयले प्रदेश सभा सचिवालय तथा कर्णाली प्रदेश मन्त्रालयहरूलाई विनियोजन गरेको रू. ४५ करोडमा हाल सम्म खर्च भएको रकम रू. ३ करोड ४० लाख ३८ हजार ६६ र पैसा ५१ मात्र यसैमा समावेश गरी कूल बजेट रू. १ अर्ब २ करोड ५ लाख मध्ये चालु खर्च तर्फ रू. ४३ करोड ८४ लाख ३ हजार अर्थात कूल विनियोजनको ४२.९५ प्रतिशत तथा पूँजीगततर्फ रू. ५८ करोड २० लाख ९७ हजार अर्थात कूल विनियोजनको ५७.०५ प्रतिशत विनियोजन गरेको छु । प्रस्तुत बजेट एकातर्फ पहिलो बजेट भएको र अर्को तर्फ आर्थिक वर्षको अन्त्यतिर प्रस्तुत हुन लागेको तथा प्रदेश अन्तर्गत रहने संरचना तयार भई नसकेको हुँदा गत वर्षको यथार्थ अवस्था तथा आगामी आर्थिक वर्षको प्रक्षेपण खुल्ने मध्यकालिन खर्च संरचना (Medium Term Expenditure Framework) समावेश गरिएको छैन।

*नीति तथा कार्यक्रमहरू*

**माननीय सभामुख महोदय,**

अब म यस बजेटका नीति तथा कार्यक्रमहरूका बारेमा प्रस्तुत गर्न गईरहेको छु ।

*भौतिक पूर्वाधारः-*

- विकासमा पछि परेका स्थानीय तहलाई लक्षित गरी योजना र कार्यक्रम सहित मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरू समयमै सम्पन्न गर्न नेपाल सरकारसँग अनुरोध गरी संघीय तथा प्रदेश आयोजनाहरूको कार्यक्षेत्र छुट्याई प्रदेश आयोजना पहिचान गर्न मद्दत पुग्ने क्षेत्रमा बजेट विनियोजन गरेको छु ।
- जटिल भौगोलिक अवस्थालाई विचार गरी सबै स्थानीय तहमा सडक पुग्ने अवधारणाका साथ प्रदेश स्थानीय साझेदारीमा सडक विस्तार गर्न सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरेको छु ।
- संघीय सरकारसँगको समन्वयमा हुम्ला र डोल्पा जिल्लालाई यथाशिघ्र सडक सञ्जालमा जोडिने छ ।
- जमुनाहा कोहलपुर सुर्खेत हिल्सा सडकलाई प्रधानमन्त्री द्रुत लोकमार्गको रूपमा विकास गर्न राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाउन नेपाल सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरी निमार्ण र स्तरोन्नती कार्य अघि बढाइनेछ ।
- संघीय सरकारसँग समन्वय गरी राजापुर बर्दिया सुर्खेत रानीघाट फलाटे दैलेख महाबु कालिकोट चिलखाया नाग्म गमगढी नाक्चेलाग्ना सडकलाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइने छ । सो सडकको गमगढी नाक्चेलाग्ना खण्डलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- हाल निर्माणधिन सुर्खेत हिल्सा कर्णाली करिडोर सम्पन्न गर्न प्राथमिकताका साथ कार्य अगाडि बढाइने छ ।
- छिन्चु सल्यान जाजरकोट रूकुम डोल्पा धो मोरिल्ला नाका जोड्ने भेरी करिडोर सडकलाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा अघि बढाउन नेपाल सरकारसँगको सहकार्यमा निर्माण र स्तरोन्नती कार्य अघि बढाइनेछ । सो सडकलाई रामघाट मोटी रानीघाट हरिहरपुर तातोपानी हुँदै प्रदेश नं. ७ को कर्णाली चिसापानी जोड्नका लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- सुर्खेत कोहलपुर सुरूङ मार्गलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा अघि बढाउन नेपाल सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ ।
- संघीय सरकारको समन्वयमा लुम्बिनी हुँदै सल्यान जाजरकोट जुम्ला मुगु रारा जोड्ने लुम्बिनी रारा पर्यटन सर्किटलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ ।
- कर्णाली प्रदेश राजधानी सुर्खेतबाट पाँच नम्बर प्रदेशमा जोडिने फास्ट ट्र्याक सडकमार्फत् सुर्खेत देखि बर्दिया सुरूङ मार्ग निर्माण गर्ने सम्बन्धमा अध्ययन गरी कार्यान्वयन गर्न केन्द्र सरकारसँग रणनीतिक कार्ययोजना सहित संवाद गर्ने व्यवस्था मिलाइने छ ।
- नेपाल सरकारसँगको सहकार्यमा राष्ट्रिय गौरवका आयोजनाका रूपमा रूकुम रूकुम सल्यान कालिमाटी घुईयाबारी हुँदै प्रदेश नं. ५ को खर्कवार कोहलपुर जोड्ने अन्तर प्रदेश सडक आयोजनाको डि.पि.आर. तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

- दैलेख जिल्लाको भैरबी गाउँपालिका ५ स्याङता खोला देखि खारपानी दोसल्ले तथा नारायण नगरपालिका ६ गणेश चोक प्युसे हुँदै कालिमाटी जाने सडकको सम्भाव्यता अध्ययन गरी सडक निर्माण तथा स्तरोन्नती कार्य अघि बढाइनेछ ।
- पर्यटकीय रूपमा रहेको नाग्मा रारा पर्यटन लोकमार्ग स्तरोन्नती गरी कालोपत्रे गरिने छ ।
- नेपाल सरकारसँगको सहकार्यमा राष्ट्रिय गौरवका आयोजनाका रूपमा दाङ सल्यान कालिमाटी सुर्खेत बोटेचौर भेडावारी सुर्खेत धुलियाबिट बड्डीचौर गुटु हुदै प्रदेश नं. ७को दिपायल जोड्ने अन्तर प्रदेश सडक आयोजनाको निर्माण तथा स्तरोन्नती कार्यलाई निरन्तरता दिइने छ ।
- छिन्चु रामघाट दशरथपुर नेटा गोगने रजेना मटेला थाला जाजरकोट ताम्ती तातापानी जुम्ला चन्दननाथ मन्दिरसम्म पर्यटकीय राजमार्गको सर्वेक्षण तथा सम्भाव्यता अध्ययन गरी निर्माण गरिने छ।
- प्रदेशभित्रका सडक तथा प्रदेश गौरवका आयोजनाहरूलाई सूचीबद्ध गरी निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ ।
- स्थानीय तह र मुकाम देखि जिल्ला सदरमुकामसम्म सडक विस्तार गर्न पूर्व सम्भाव्यता अध्ययन गरिने छ ।
- नगरपालिकासँग साझेदारीमा प्रदेश राजधानी वीरेन्द्रनगर स्थित सडकको स्तरोन्नती गरी व्यवस्थित गर्ने तथा वीरेन्द्रनगर चक्रपथ सडक निर्माण कार्य अगाडि बढाइने छ ।
- प्रदेश सार्वजनिक बस सेवा सञ्चालनको लागि कार्य मोडालिटि तथा कार्यविधि समबन्धमा सम्भाव्यता अध्ययन गरिने छ ।
- सल्यानबाट प्रदेश राजधानी सुर्खेत जोड्ने खलङ्गा कुपिण्डे बालुवासंग्राही तथा त्रिवेणी लुहाम काभ्रा रामपुर सडक र रूकुम मुसिकोट चौरजहारी सडक स्तरोन्नती गरी कालोपत्रे गर्ने कार्यका लागि लागतअनुसार  तयार गरी निर्माण कार्य अघि बढाइने छ ।
- रत्नराजमार्गको कोहलपुर सुर्खेत दैलेख जुम्ला कर्णाली लोकमार्गलाई प्राथमिकतामा राखेर दुईलेन बनाउने र स्तरोन्नती गरी सुरक्षित कार्गको रूपमा सञ्चालन गर्न लागत अनुमान तथा सम्भाव्यता अध्ययन गरिने छ ।
- कल्याण स्याउले बजार डाँडागाउँ दह राक्सी जितेजुवा काफलकोट जाजरकोट हुँदै मध्यपहाडी राजमार्ग जोड्ने सडकको लागत अनुमान तयार गरी निर्माण कार्य अघि बढाइनेछ ।
- छिन्चु घारिवन काल्चे सल्यान जोड्ने सडकको स्तरोन्नती गरिनेछ ।
- रूकुमको राडी सुन्दरपानी घर्तीगाउँ सृजना प्रा.वि. स्कुल गारछरी हुँदै चुत्रिपाखा दाजे जोड्ने सडकको स्तरोन्नती गरिनेछ ।
- रापि राजमार्गलाई प्राथमिकतामा राखेर दुईलेन बनाई कालोपत्रे गर्ने कार्यक्रम अघि बढाउन लागत अनुमान गरी निर्माण कार्य अघि बढाइने छ ।
- गंगटे हुँदै आरनटोल मटेला ठाँटी सुर्खेत सडक तथा रातानाङ्ला धरमपोखरा गुँरासे चितुवा जाजरकोटसम्मको सडक सम्भाव्यता अध्ययन गरी ट्र्याक खोल्ने कार्य अगाडि बढाइने छ ।
- संघीय सरकारबाट हस्तान्तरण भई आउने, डिपिआर तययार भएका तथा कार्यान्वयन भइरहेका आयोजनाहरूलाई प्रदेश सरकारले आफ्नो स्वामित्वमा लिई कार्यान्वयनमा ल्याइने व्यवस्था गरिने छ।
- प्रदेशको विकासमा प्रत्यक्ष प्रभाव पार्ने विकासका भौतिक पूर्वाधार जस्तै नदी नियन्त्रण तथा तटबन्धन, मोटर पुल, झुलुङ्गे पुल आदिको पहिचान र पूर्वसम्भाव्यता अध्ययन गरी उपर्युक्त ठहरिएका प्राथमिकताअनुसार  कार्यान्वयनमा लगिने व्यवस्था मिलाइने छ ।

- सुर्खेत जुम्ला केबुलकार सम्भाव्यता अध्ययन गरिने छ ।
- सुरक्षित व्यवस्थीत र वातावरणमैत्री भवनहरू निर्माण गर्नका लागि भवनसँग सम्वन्धीत ऐन, नियम, भवनसंहिता, मापदण्ड र निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- नमूना प्रादेशिक स्मार्ट सिटिको अबधारणाका साथ व्यवस्थित शहरको विकास गर्न प्राविधिक दृष्टिकोणले उपर्युक्त स्थानहरूको खोजी गरी रणनीतिक कार्यविधि र डिजाइन तयार गरिने छ ।
- छरिएर रहेका बस्तीलाई एकीकृत बस्ती विकासका माध्ययमबाट व्यवस्थित गरिने छ । प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका शहरहरूको व्यवस्थीत शहर विकासका लागि गुरू योजना तयार गरिने छ ।

प्रदेशभित्रका भौतिक पूर्वाधार अन्तर्गत पर्ने सम्पूर्ण सडक पुल निर्माणका लागि एकमुष्ट रू. १३ करोड, विद्युत विकाससम्बन्धी कार्यको लागि रू ५० लाख, भवन निर्माण एवं व्यवस्थित सहरीकरणको लागि रू. ६० लाख, तटबन्ध तथा बाँध निर्माण गर्नको लागि रू. २० लाख, सिँचाइसम्बन्धी संरचनाहरूको निर्माण मर्मत सम्भारका लागि रू. ७५ लाख, सरसफाई संरचना निर्माणका लागि रू. ५ लाख र प्रदेशभित्र रहेको खानेपानीको समस्यालाई हल गर्न रू. १ करोड २० लाख रकम विनियोजन गरेको छु ।

*इ-सेवा*

नागरिक उड्डयन प्राधिकरण र हवाई कम्पनीसँग समन्वय गरी संघीय राजधानी काठमाण्डौबाट प्रदेश राजधानी सुर्खेतमा थप नियमित हवाई सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । राजधानी वीरेन्द्रनगरबाट प्रदेशका विभिन्न जिल्लाहरूमा हवाई सेवा प्रदायक कम्पनीहरूको समन्वयमा हवाई सेवा सञ्चालन गरिने छ। सुर्खेतको उपर्युक्त स्थानमा अन्तर्राष्ट्रिय मापदण्डको प्रदेश हवाई मैदान निर्माणका लागि संघीय सरकारसँग समन्वय गरी सम्भाव्यता अध्ययन तथा निर्माण कार्य अघि बढाइने छ । बिमानस्थल नभएका सल्यान लगायत जिल्लाहरूमा विमानस्थल निर्माणको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

*विद्युत*

विद्यमान उर्जा संकट कायम रहिरहे प्रदेशको समग्र विकास हुन नसक्ने हुँदा संघीय सरकारबाट सम्पन्न गर्नुपर्ने आयोजनाका लागि नेपाल सरकारसँग समन्वय गरी प्रदेशस्तरमै सञ्चालन हुन सक्ने आयोजनाहरू पहिचान गर्ने कामका लागि बजेट व्यवस्था गरेको छु । कर्णाली प्रदेशको सम्भावित जलविद्युतको पर्याप्त उपयोग गर्ने प्रभावकारी व्यवस्था मिलाउन कार्यविधि तथा कार्ययोजना तयार गरी कर्णाली जलविद्युत कम्पनी खडा गर्ने व्यवस्था मिलाइने छ । जनतालाई विद्युत सेना सहज रूपमा उपलब्ध गराउन जल विद्युत, वैकल्पिक उर्जा (सोलार ग्याँस, वायोग्याँस, वायो उर्जा), विद्युत लाइन विस्तार आदिको सम्भाव्यता अध्ययन गरी कर्णाली उज्यालो अभियानलाई अगाडि बढाइने छ । संघीय सरकारसँग समन्वय गरी भेरी बबई डाइभर्सनबाट प्राप्त लाभको न्यायोचित प्रतिफल यस प्रदेशले प्राप्त गर्ने व्यवस्था मिलाइने छ । जब्मुकाँध, ठाँटिकाध स्याउलेकाँध सिँहसैन पिपलकोट विद्युत प्रशारण लाइन निर्माणका लागि सम्भाव्यता अध्ययन तथा लागत अनुमान तयार गरी कार्यान्वयनमा ल्याइने व्यवस्था मिलाइने छ ।

*खानेपानी तथा सिँचाइ*

**माननीय सभामुख महोदय,**

यस प्रदेश अन्तर्गतका दशवटै जिल्लाहरूमा स्वच्छ खानेपानी तथा आधारभुत सरसफाईंको भरपर्दो व्यवस्था मिलाउन उपर्युक्त आयोजना तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइने छ । भेरी, कर्णाली र बबई नदीको

पानीलाई लिफ्ट प्रविधिको प्रयोग गरी स्वच्छ खानेपानी तथा सिँचाइको लागि प्रयोग गर्ने व्यवस्था मिलाइने छ । प्रदेश राजधानी सुर्खेत उपत्यकाको खानेपानी समस्या समाधान गर्न भेरी नदीको पानी लिफ्ट प्रणालीबाट उपयोगमा ल्याउन निर्माण कार्य अगाडि बढाइने छ ।

*उद्योग वाणिज्य, पर्यटन, वन तथा वातावरणः-*

- कर्णाली समृद्धिका आधार, पर्यटन विकास पूर्वाधार भन्ने नाराका साथ कर्णाली रारा पर्यटन वर्ष आरम्भ भइसकेको सनदर्भमा पर्यटन प्रबर्द्धनमा सघाउ पुग्ने गरी पर्यटन गुरू योजना निर्माण गरिने छ ।
- कर्णाली रारा पर्यटन वर्ष, २०७५ लाई अभियानको रूपमा सञ्चालन गरी यस वर्ष ५ लाख भित्र्याउन मद्दत पुग्ने ध्येयका साथ पर्यटन भ्रमण तथा प्रचार-प्रसार गर्ने कार्यक्रममा रू. ७० लाख विनियोजन गरेको छु ।
- सहकारी, पर्यटन र पूर्वाधार कर्णाली प्रदेशको दरिलो आधार नाराका साथ तीनै क्षेत्रमा विकासका आधारशिलाहरू तयार गरिने छ ।
- प्रदेशको समग्र पर्यटकीय विकासको लागि संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन गर्न एक जिम्मेवार प्रादेशिक कर्णाली पर्यटन विकास प्राधिकरण स्थापना गरी कार्यान्वयनमा लयाउन नीतिगत तथा संस्थागत व्यवस्था गरिने छ ।
- पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिने रारा छाँया नाथ शे-फोक्सुण्डो पर्यटन पदमार्गको सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइने छ ।
- यस प्रदेशका विभिन्न स्थानहरूमा साहसिक पर्यटनको सम्भाव्यता अध्ययन गरी र्‍याफ्टिङ्ग, बन्जी जम्पिङ्ग, प्यारागलाईडिङ्ग, पर्वतारोहण, एक क्लाइम्बिङ्ग (Rock Climbing) सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- संघीय सरकारसँग समन्वय गरी कर्णाली प्रदेशलाई विशेष आर्थिक क्षेत्र घोषणा गर्ने सम्बन्धमा अध्ययन गरी रणनीति तयार गरिने छ ।
- "एक स्थानीय तह एक उद्योग" भन्ने अबधारणा कार्यान्वयन गर्न स्थानीय सीप, स्रोत, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रबर्द्धन गर्ने नीति तयार गरी लागु गरिने छ ।
- स्वदेशी तथा वैदेशिक लगानी उद्योगहरू स्थापना गर्न लगानीको उपर्युक्त वातावरण तयार गर्न, उद्योग व्यवसाय सञ्चालन गर्न एकद्वार नीति अबलम्वन गरी कर्णालीमा लगानीमैत्री वातावरण तयार गर्न उद्योग, श्रमिक सम्बन्ध सुमधुर सम्बन्ध बनाउन सघाउ पुग्ने गरी संघीय कानूनसँग तादम्यता राख्दै उद्योग व्यवसाय सञ्चालनसम्बन्धी मार्गदर्शन तथा संहिता तयार गरी लागू गरिने छ ।
- सम्भाव्यता अध्ययन भइसकेको सुर्खेतको साटाखानीमा प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र सल्यान, जुम्ला लगायतका जिल्लामा औद्योगिक क्षेत्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ।
- प्रदेशस्तरमा खाद्यान्न, औषधि पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यकीय वस्तुको आपूर्ती नियमित गर्न संकटकालिन भण्डारणको लागि नीतिगत तथा संरचनागत व्यवस्था मिलाइने छ ।
- खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी नीति, कनून, मापदण्ड र योजना तर्जूमा गरी कार्यान्वय गर्ने व्यवस्था मिलाइने छ ।
- सम्भाव्यता अध्ययन भई सञ्चालनमा आउँनुपर्ने सुर्खेतको चौकुने सिमेन्ट तथा सल्यानको कजेरी सिमेन्ट उद्योगका विधमा समस्याका उचित समाधान खोजी स्थानीय रोजगारीसँग आबद्ध गरी उद्योग सुचारू गर्ने व्यवस्था मिलाइने छ ।

- प्रदुषणमुक्त प्रदेशको पहिचान स्थापित गर्न घर घर विद्यालय विद्यालयमा सचेतनाको अभियान चलाई प्लाष्टिक झोला प्रयोगमा निरूत्साहन गरिने छ ।
- ढुंगा, गिट्टी, बालुवाको उत्खनन् गरी प्राकृतिक सम्पदाको अत्याधिक दोहनबाट वातावरणमा परेको असरलाई जोगाउन वातावरण प्रभाव अध्ययन गरी रणनीतिक कार्ययोजना बनाई कार्यान्यन गरिने छ।
- संघीय वन ऐनसँग सामिप्यता राखि प्रादेशिक वन ऐन मस्यौदा तयार गर्ने कार्य शिघ्रताका साथ अगाडि बढाइने छ ।
- वातावरणमैत्री हरित अर्थतन्त्र, समृद्धिको मूलमन्त्र भन्ने मूल नाराका साथ एक व्यक्ति दश बिरूवा रोप्ने नीतिलाई प्रोत्साहन दिन जन्म, मृत्यूजस्ता सामाजिक सांस्कृतिक कार्यहरूका नाममा वृक्षारोपण गरी वन र वातावरण सम्बर्धन गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- स्वच्छ वातावरणका लागि हरियाली नाराका साथ नियमित सरसफाई र सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने व्यवस्था मिलाइने छ ।
- गरिब जनताको धन, जडिबुटी वन्यजन्तु र वन भन्ने नाराका साथ क्षेत्रगत विशेष कार्यक्रमहरू सञ्चालन गर्ने रणनीति तयार गरिने छ ।
- प्रादेशिक वन क्षेत्रको तथ्याङ्क अद्यावधिक गरी रणनीतिक कार्ययोजनामार्फत् कार्बन व्यापारबाट प्राप्त लाभ उपयोग गर्न दीर्घकालिन गुरू योजना तयार गरी लागु गरिने छ ।
- वन तथा वन्यजन्तु उत्पादनको उपयोगसम्बन्धी नीति तथा रणनीति तयार गरी लागू गरिने छ ।
- दैलेख दुल्लुमा रहेको अखण्ड रूपमा प्रज्वलित ज्वाला अर्थात पेट्रोलियम पदार्थ तथा जाजरकोट, कलिकोट, दैलेख लगायत जिललाहरूमा पाइने काइनाइटरत्नपत्थर, युरेनियम जस्ता बहुमुल्य पत्थर तथा फलाम, तामा, सुनकोईला जस्ता खानीजन्य पदार्थको व्यवसायिक प्रयोग गर्न अध्ययन, अन्वेषण र उत्खननको व्यवस्था मिलाइने छ ।
- ताल तथा झरना संरक्षण सम्बर्द्धन गर्न वन, भू-संरक्षण तथा जलाधारको संरक्षण सम्बर्द्धन गर्न रू. १ करोड २८ लाख ९८ हजार विनियोजन गरेको छु । कर्णाली प्रदेशका सबै जिल्लाको पर्यटकीय स्थानहरूमा भ्यूटावर पार्क, पदमार्ग तथा स्मृति भवन निर्माण लगायतका कार्यहरूका लागि रू. १ करोड ४७ लाख विनियोजन गरेको छु । घरेलु तथा साना उद्योगहरूको विकास र पूर्वाधारको निर्माण तथा संरक्षण र गुम्बा तथा मन्दिर निर्माण तथा मर्मत सम्भार गरी व्यवस्थापन गर्न यस वर्ष रू. १ करोड ४७ लाख विनियोजन गरेको छु ।

*कृषि तथा सहकारी एवं भूमि व्यवस्था*

**माननीय सभामुख महोदय,**

- अर्गानीक खेति, कृषि प्रणाली, सहकारी व्यवसाय तथा भूमि व्यवस्थाका क्षेत्रमा विषयगत क्षेत्रअनुसार अलग-अलग कार्यक्रम तयार गरी रकम विनियोजन गरेको छु ।
- निरनतर रूपमा कृषि पेशा अँगालेका व्यवसायिक कृषिकहरूलाई प्रोत्साहन गर्न पेन्सनको व्यवस्था गरिने छ ।
- मापदण्ड तथा कार्यवधिका आधारमा प्रदेशभित्रका सबै जिल्लाहरूलाई समेट्ने गरी कृषि, पशु, फलफूल, जडिबुटी, महिला सहकारी संस्थाद्वारा उत्पादन र व्यवसायका लागि उनीहरूको स्वामित्वमा कार्यक्रम सञ्चालन गर्न रू. १ करोड ८० लाख विनियोजन गरेको छु ।
- अर्गानीक प्रदेशको आधारशिला तयार गर्न पूर्वसम्भाव्यता अध्ययन गरी रणनीतिक कार्ययोजना बनाई लागू गरिने छ ।

- आफूलाई अर्गानीक स्थानीय तहको रूपमा घोषणा गरी कार्यान्वयन गर्ने प्रतिबद्धता सहित कार्ययोजना पत्र प्रस्तुत गर्ने स्थानीय तहलाई प्रदेश सरकारले विशेष सहयोग गर्ने व्यवस्था मिलाइने छ ।
- कर्णाली प्रदेशलाई अर्गानीक प्रदेश बनाउने अभियानलाई टेवा पुग्ने दृष्टिकोणले एक उपर्युक्त जिल्लामा जैविक मल उत्पादन र जैविक किटनासक प्रशोधन केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ ।
- एक स्थानीय तह एक अर्गानीक उत्पादनको अवधारणालाई कार्यान्वयनमा ल्याउन स्थानीय तह विशेष उत्पादनलाई बढवा दिने गरी रणनीति तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- भौगोलिक क्षेत्र विशेष तरकारी तथा फलफूलको उत्पादन व्यवसायिकरण गर्न प्रत्येक जिल्लामा एक पकेट क्षेत्र छुट्याई तरकारी तथा फलफूल बेर्ना वितरण गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- पहिचानयुक्त परम्परागत र पोषणयुक्त रैथाने बालीहरू जस्तैः जुम्ली मार्सी धान, ,वनगाडि जरन धान, सिमी, कोदो, चिनो, कागुनो, फापर, जौ, आलु लगायतका बालीहरूलाई लोप हुन नदीन संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका कार्यक्रमहरू गरिने छ ।
- सुर्खेत, जाजरकोट, दैलेख, कालिकोट, सल्यान, रूकुम जिल्लामा उत्पादित तरकारी तथा फलफूलहरू भण्डारण गर्न चिस्यान केन्द्र तथा सोलार स्थापना गर्ने व्यवस्था मिलाइने छ ।
- जुम्ला र डोल्पाको स्याउ प्रबर्द्धन र बजारीकरणका लागि आवश्यक कार्यक्रम अगाडि बढाइने छ ।
- रूकुमको सोलावाङ लगायतका स्थानहरूमा किसानबाट उत्पादित दुग्ध र दुग्धजन्य पदार्थको व्यवसायिक उत्पादनको लागि दुग्ध चिस्यान केन्द्र स्थापना गर्न तथा चिलिङभ्यान र डिफ्रिज वितरण कार्यको लागि रू. ८० लाख विनियोजन गरेको छु ।
- पारकोटे भैंसी, जुम्ली घोडा लगायत स्थानीय पहिचान भएका पशुको संरक्षण गर्न स्थानीय कृषकहरूलाई प्रेरित गरिने छ ।
- कृत्रिम पोखरीहरू निर्माण गरी उच्च मूल्य प्राप्त हुने माछा पालनमा कृषकलाई प्रोत्साहित गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- हिमाली र उच्च पहाडी क्षेत्रमा खाली रहेका जग्गामा चरन क्षेत्रको विकास गरी पशुपालन व्यवसायको प्रबर्द्धन गर्न कार्यक्रमहरू सञ्चालन गरिने छ । अदुवा, अलैंची जस्ता नगदेबाली अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउन आधुनिक प्रशोधन केन्द्र स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरिने छ ।
- मौरीपालन पेशा व्यावसायिक बनाउन, मसरूम स्पन केरातरकारी एवं कागती उत्पादनलाई व्यवसायिक खेतितर्फ प्रेरित गर्न आवश्यक कार्यविधि मापदण्ड बनाई प्रत्येक जिल्लामा एक पकेट क्षेत्र निर्धारण गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- कृषियोग्य भूमिमा वर्षैभरी सिँचाइ क्षेत्र उपलब्ध गराउने सिँचाइका सम्भाव्य सबै प्रविधि र प्रणालीको उपाय खोजी गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- प्रत्येक निर्वाचन क्षेत्रलाई समेट्ने गरी एक निर्वाचन क्षेत्र एक सहकारी खेतिमा आधारित सिँचाइ कार्यक्रम र प्रत्येक निर्वाचन क्षेत्रमा युवा लक्षित कार्यक्रमको लागि रू. १ करोड ५० लाख विनियोजन गरेको छु ।
- कृषि, पशु तथा भूमिसँग सम्बन्धित आधारभुत तथ्याङ्कलाई वैज्ञानिक ढंगबाट व्यवस्थापन तथा अध्यावधिक गर्ने व्यवस्थाका लागि मार्गदर्शन जारी गरी कार्यान्वयनमा ल्याइने छ ।
- प्रदेशस्तरीय पशु तथा प्लान्ट क्वारेन्टाईन कार्यालय तथा बबई र कपुरकोटमा खाद्य तथा पशु परीक्षण शाला स्थापना गरिने छ ।

- उच्च हिमाली भेगमा पाइने बहुमुल्य जडिबुटीहरूको अनियन्त्रित र अव्यवस्थितरूपमा भइरहेको संकलन कार्यलाई रोकी संरक्षण र उपयोग गर्न वैज्ञानिक योजना तयार गरी लागू गरिने छ ।
- आफ्नै पौरख, आफ्नै गौरव हाम्रै उत्पादन हाम्रै उपयोग भन्ने नारालाई आत्मसाथ गर्दै स्थानीय रूपमा उत्पादित वस्तुको उपयोग गर्ने वातावरण बनाउन खाद्यान्न, दलहन, तेलहन जस्ता स्थानीय उत्पादनको उपयोग गर्ने संस्कृतिको विकास गर्न श्रव्य दृष्य कार्यक्रम सञ्चालन गरी प्रयोगमा ल्याइने छ ।
- खाने बानीमा परिवर्तन (Food Habit Change) ले आफ्नो मौलिकता जर्गेना गर्ने मात्र होइन आत्मनिर्भर अर्थतन्त्र बनाउन ठूलो मद्दत गर्ने हुँदा कर्णाली प्रदेशका जनताको खाने बानीमा परिवर्तन ल्याउन स्थानीय परम्परागत आनपिनसम्बन्धी महोत्सव तथा वृत्तचित्र तयार गरी प्रचार-प्रसारसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

*सहकारी व्यवसाय प्रबर्द्धन*

- प्रदेशलाई सहकारी मैत्री बनाई सहकारीसम्बन्धी रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन एक सहकारी विकास बोर्ड तथा प्रादेशिक सहकारी रजिष्ट्रार कार्यालय तथा सहकारी प्रशिक्षण केन्द्र गठन गरी कार्यान्वयनमा ल्याइने छ ।
- सहकारी पकेट क्षेत्रको पहिचान गरी सहकारी बजार, सहकारी खेति, कृषि सहकारी, महिला आत्मनिर्भरमुखी सहकारी आदिलाई उत्प्रेरित गर्न सहकारी व्यवसाय सञ्चालनको मोडालिटि तयार गरिने छ ।
- जग्गाको स्वामित्व परिवर्तन नहुने गरी बाँझो र खाली छोडिएको जग्गा स्थान सहकारीमार्फत् सहकारी करार खेति गर्न प्रोत्साहित गरिने छ ।
- कृषि उत्पादन र व्यवसायमा आधारित सहकारीलाई अर्गानीक उत्पादनतर्फ केन्द्रीत गर्न प्रत्येक निर्वाचन क्षेत्र लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला सहकारीलाई उत्पादन र कृषिजन्य उद्योगहरूको लागि विशेष प्रोत्साहनका साथै सीपमूलक तालिमको विशेष व्यवस्था मिलाइने छ ।
- समृद्ध कर्णालीका लागि सहकारी भन्ने नारालाई आत्मसाथ गरी एक गाउँ एक सहकारी एक उत्पादन नीतिलाई कार्यान्वयनमा ल्याउन सहकारी व्यवसायसम्बन्धी रणनीति बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- सहकारी वस्तु उत्पादन र बिक्री वितरण एकीकृत ढंगबाट सञ्चालन गर्न सहकारी कम्प्लेक्स निर्माणसम्बन्धी सम्भाव्यता अध्ययन गरिने छ ।
- आयमूलक र रोजगारीमूलक सेवा र टेवा तथा सदस्य केन्द्रीत व्यवसाय (Member Centred Business) को प्रबर्द्धन गर्न आर्थिक विकासको नमूना मानिने सहकारी पद्धतिलाई अबलम्वन गरी विषयगत प्रारम्भिक सहकारी संस्थाहरू बचत तथा ऋण सहकारी, श्रमिक सहकारी, दुग्ध सहकारी, फलफूल सहकारी आदिमार्फत् आय र रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- सहकारी विद्यालय, सहकारी हाईड्रो, सहकारी कलकारखाना जस्ता अबधारणा लागु गर्ने नीतिगत तथा संस्थागत व्यवस्थाका लागि रणनीत बनाई सम्भाव्यता अध्ययन गरिनेछ ।
- मानवीय गरिबी अन्त्य गर्नका लागि समाजमा रहेका विद्यमान वर्गीय, जातीय क्षेत्रिय, लैङ्गिक, शैक्षिक, सामाजिक एवं सांस्कृतिक विभेदलाई अन्त्य गर्न गरिब लक्षित कृषि सहकारी, भूमि उपयोग, शिक्षा, स्वास्थ्य र स्वरोजगारमूलक विविध कार्यक्रम सञ्चालन गरिने छ ।
- सहकारी साना कृषि सिँचाइका लागि प्रत्येक निर्वाचन क्षेत्रमा कार्यविधि र मापदण्ड अनुरूप काम सम्पन्नताका आधारमा भुक्तानी दिने गरी एक एक वटा कार्यक्रमका लागि रकम विनियोजन गरिएको छ ।

*भूमि व्यवस्थापन*

- जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरी जमिनको सही उपयोग गर्ने सोचका साथ प्रादेशिक भू-उपयोग नीति तथा रणनीति तर्जूमा गरी कार्यान्वयनमा लयाइने छ।
- भूमि सम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रविधि प्रणालीमा आबद्ध गर्ने भू-उपयोग नीति योजना र सो अनुरूप कार्यक्रमहरूको कार्यान्वयनहरूका लागि संस्थागत संरचना र कानूनी व्यवस्था मिलाइने छ ।
- सुकुम्बासी समस्या, अव्यवस्थित बसोबास लगायत जग्गा जमिनसम्बन्धी समस्यालाई सम्बोधन गर्न कानून बनाई उच्चस्तरिय कर्णाली प्रदेश भूमिहीन तथा सुकुम्बासी समस्या समाधान आयोग गठन गरी कार्यान्वनमा ल्याइनेछ ।

*सामाजिक विकास*

- प्रत्येक जिल्लालाई प्राविधिक शिक्षा मैत्री बनाउन जिल्ला सदरमुकाम र प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना गर्ने सम्बन्धमा कार्यपद्दतिको सम्भाव्यता अध्ययन गरी कार्य मोडालिटि एकीन गरिनेछ ।
- स्थानीय तहसँग समन्वय गरी हिउँदको समयमा हिमाली क्षेत्रका छात्र-छात्राहरूलाई पठन पाठन नरोकिने व्यवस्था मिलाउन घुम्ती विद्यालयहरू सञ्चालनका लागि पूर्वसम्भाव्यता अध्ययन गरी कार्ययोजना तयार गरिने छ ।
- सबैका लागि शिक्षा भन्ने राष्ट्रिय मूल नारालाई साकार पार्न प्रदेशभित्रका कुनै पनि बालबालिका शिक्षाको उज्यालोबाट वञ्चित नहुन भन्ने उद्देश्यले सबै बालबालिबाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइनेछ ।
- बालबालिकाहरूलाई आधारभूत तहसम्म अनिवार्य शिक्षा तथा माध्यामिक तहसम्म निशुल्क शिक्षा उपलव्त्र हुने कुराको सुनिश्चित गर्न सचेतना तथा पैरवी कार्यक्रम सञ्चालन गरिने छ ।
- बालबालिकाहरूविद्यालय नजाने तथा छाड्ने प्रवृत्तिलाई निरूत्साहित गर्न र कक्षा पाँचसम्मका विद्यालय तहका बालबालिकामा रहेको कुपोषण घटाउन के-कसरी के-कस्तो क्षेत्रमा दिवा खाजाको रूपमा पौष्टिक आहार उपलब्ध गराउन सकिन्छ भनी अध्ययन अनुसन्धान गरी कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।
- आगामी पाँच वर्षभित्र यस प्रदेशलाई साक्षर प्रदेश घोषण गर्ने अभियानलाई सफल तुल्याउन अनौपचारिक शिक्षा एवं साक्षरता अभियानसम्बन्धी कार्यक्रमका लागि स्थानीय तहसँग समन्वय गरी कार्य मोडालिटि तथा पद्दति निर्माण गरिने छ ।
- प्रदेशस्तरबाटै माध्यामिक शिक्षा परीक्षा सञ्चालन गर्न आवश्यक व्यवस्थाका लागि केन्द्र सरकार र स्थानीय तहसँग समन्वय गरी जिल्ला शिक्षा कार्यालयको विकल्पमा उपर्युक्त प्रादेशिक संरचना तयार गर्न अध्ययन गरिनेछ ।
- कर्णाली प्रदेशको स्थापनाका लागि जीवनको आहुति गर्ने सहिदका छोराछोरीहरूलाई उच्च शिक्षासम्मको अध्ययनका लागि यस वर्ष शैक्षिक सामाग्री वापत प्रति विधार्थी एकमुष्ट दश हजार उपलब्ध गराउने र आगामी वर्ष देखि सरकारी विद्यालय तथा क्याम्पसमा अध्ययन गर्न लाग्ने शुल्क बराबरको छात्रवृत्ति रकम वार्षिक रूपमा उपलब्ध गराइने छ ।
- पूर्वाधारसहितको कर्णाली प्रदेशस्तरीय पुस्तकालय स्थापना गर्न अध्ययन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

- जीवन उपयोगी, व्यवसायिक, स्थानीय प्रविधिमैत्री समाजको मागमा आधारीत स्थानीय र विश्वबजारमा स्थापना गरी सञ्चालनगर्न सम्भाव्यता अध्ययन गरिने छ ।
- आधुनिक तथा प्राविधिक शिक्षाको मागलाई सम्बोधन गर्न हालको मध्यपश्चिम विश्वविद्यालयलाई कर्णाली विश्वविद्यालय नामाकरण गरी प्राविधिक विश्वविद्यालयको रूपमा विकास गरिने छ ।
- प्रदेशबाटै शिक्षक अनुमति पत्र, विधार्थीको अनुपातमा कक्षागत र विषयगत शिक्षकको व्यवस्था, गुणस्तरीय शिक्षाको लागि अध्ययन अनुसन्धान तथा व्यवस्थापन गर्न प्रादेशिक शिक्षक सेवा आयोग गठन सम्बन्धमा अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ ।

*स्वास्थ्य*

- सबैका लागि स्वास्थ्य बीमा भन्ने ध्येयका साथ प्रदेशका सबै जिल्लाहरूमा नागरिक स्वास्थ्य बीमा लागू गर्ने कार्यमा संघीय सरकारसँग समन्वय गरी परिचय पत्र प्राप्त गरेका गरेका गरिबको रेखामुनी रहेका नागरिकहरूका लागि आवश्यक पर्ने प्रिमियमरकम अनुदान दिई स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्य मोडालिटि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रादेशिक प्रतिष्ठानको रूपमा विकास गर्ने प्रक्रिया अगाडि बढाइनेछ । प्रत्येक जिल्लामा ५० शैयाको सुविधा सम्पन्न अस्पताल र प्रत्येक पालिकामा कम्तीमा १५ शैयाको विशेषज्ञ डाक्टर सहितको अस्पताल सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- दुर्गम पहाडी तथा हिमाली जिल्लामा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न टेलिमेडिसिन सेन्टर स्थापना गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- प्रदेशका दशै जिल्लामा औषधि तथा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । यस कार्यक्रमका लागि रू. ५० लाख विनियोजन गरेको छु ।
- कार्यबोझका कारण नदेखिने अपाङ्गता पाठेघर खस्ने समस्याको निदानका लागि निशुल्क तथा शुलभ उपचारको व्यवस्था मिलाइनेछ ।
- संघीय सरकारसँग समन्वय गरी प्रदेशको राजधानी सुर्खेत स्थित क्षेत्रिय अस्पताललाई मेडिकल कलेजको रूपमा विकास गरी प्रादेशिक शिक्षण अस्पतालको रूपमा स्तरोन्नती गर्ने व्यवस्था मिलाइनेछ । प्रत्येक जिललाको एक-एक स्थानमा स्वास्थ्य ल्याव सेवा निर्माण गरी सेवा पहिचान समयमै गर्ने व्यवस्था मिलाइने छ । यो सेवालाई क्रमशः स्थानीय तहसम्म विस्तार गर्दै लगिनेछ । यस कार्यक्रमका लागि रू. ५० लाख विनियोजन गरेकोछु ।
- प्रसव पीडामा रहेका गर्भवती महिला, सख्त घाइते तथा गम्भिर विरामीहरूको जीवन रक्षाको लागि हवाई उद्दारको सेवा उपलब्ध गराइनुका साथै कर्णाली प्रदेशमा एयरएम्बुलेन्स सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ । यस कार्यक्रमका लागि रू. १५ लाख विनियोजन गरेको छु ।

*युवा तथा खेलकुद*

**माननीय सभामुख महोदय,**

- स्वास्थ जीवनको लागि खेल भन्ने नारालाई साकार बनाउन नियमित रूपमा प्रदेशस्तरिय खेलकुदसम्बन्धी कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाइनेछ । प्रदेश राजधानी सुर्खेतमा सुविधासम्पन्न फुटबल र क्रिकेट मैदानको निर्माणको लागि संघीय सरकारसँगको समन्वयमा सम्भाव्यता अध्ययन गरिनेछ ।

- प्रदेशमा हाईअल्टिच्युट रंगशाला निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ । खेलकुदको विकासको लागि प्रादेशिक खेलकुद परिषद गठन गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ । प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा एक-एक वटा खेलकुद मैदान निर्माण गरी कार्यान्वयनमा ल्याउन रू. १ करोड २० लाख विनियोजन गरेको छु ।

*भाषा, धर्म, संस्कृति*

- प्रदेशमा रहेका पूरातात्विक, ऐतिहासिक, धार्मिक र साँस्कृतिक सम्पदाहरूको अभिलेखीकरण गरी संरक्षण र सम्बर्द्धन गर्न रणनैतिक कार्ययोजना तयार गरी लागु गरिने छ ।
- प्रदेशका सबै सरकारी कार्यालय, सार्वजनिक स्थल, शैक्षिक संस्थाहरूलाई धुम्रपान, मद्यपान र लागू पदार्थ निषेधित क्षेत्रका रूपमा व्यवस्था मिलाउन सचेतनामूलक कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
- हिमाली वातावरणको संरक्षणका लागि हिमाल बचाउ अभियान कार्यक्रम सञ्चालन गर्न रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

*सामाजिक समावेशीकरण*

- महिला, आदिवासी जनजाती, दलित, अल्पसंख्यक, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति तथा हरेक दृष्टिले वञ्चितीकरणमा परेका नागरिकका लागि स्रोत साधन र अवसरमा समानता कायम गर्ने नीति तथा रणनीति तयार गरी विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- महिला सिप तथा सिर्जनालाई आर्थिक योगदानमा समावेश हुने गरी विकासका संवाहकका रूपमा स्थापित गर्ने नीतिगत व्यवस्था मिलाई कार्यक्रमहरू सञ्चालन गरिनेछ । महिला तथा बालबालिकाहरूको अधिकार संरक्षण गरी संविधान प्रद्धत्त अधिकारको सुनिश्चित गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- बालविवाह, महिला हिंसा, छुवाछुत, छाउपडी लगायतका सामाजिक कुरितिहरू अन्त्य गर्न रणनीतिक अभियानकासाथ चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- हिंसा पीडित महिलाहरूका लागि उद्दार, पुनर्स्थापन र संरक्षणका लागि सुरक्षित गृह (सेफ हाउस) लाई सहयोग गर्ने कार्यक्रमहरू ल्याइनेछ ।
- असहाय तथा एकल महिलाहरूलाई उमेरअनुसार शिक्षा र सीपमूलक तालिम दिई रोजगार स्वरोजगार हुने व्यवस्था मिलाइनेछ ।
- जनताको घरमा कर्णाली सरकार उपेक्षितको संरक्षण र सम्भार भन्ने नाराका साथ उपेक्षित, उत्पीडित, भूमिहिन, सीमान्तकृत वर्ग विशेषका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- छाउपडी तथा बोक्सी प्रथा र बालविवाहलाई निमूर्ल गरी लैङ्गिक तथा बालमैत्री वातावरण तयार गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला अधिकार, महिला स्वास्थ्य, सुरक्षित महिनावारी, सुरक्षित मातृत्वसम्बन्धी रणनीति बनाई अभियानका साथ कार्यान्वयनमा ल्याइने छ ।
- बेसाहारा बालबालिकाको संरक्षण तथा आश्रय दिने एवं शिक्षा तथा पुनर्स्थापनाको व्यवस्था गर्नका लागि प्रदेशस्तरमा शिशु स्याहार केन्द्रको रूपमा बालबालिका संरक्षण केन्द्र स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।
- बालश्रमिक निषेध प्रदेश निर्माणका लागि अभियानमूलक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । न्यून आय भएका दलित, उत्पीडित, निमुखा र सामाजिक, सांस्कृतिक रूपमा वञ्चितीकरणमा परेका लिङ्ग, वर्ग र क्षेत्रलाई लक्षित गरी रोजगार स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबै प्रादेशिक निकायहरू अपांगमैत्री र लैङ्गिकमैत्री बनाउने सोचाईका साथ यस वर्ष मन्त्रालय तथा प्रदेश सभा सचिवालयलाई अपांगमैत्री संरचना र हेल्पडेस्क तथा अपांग एवं लैङ्गिकमैत्री शौचालय निर्माण गर्न रू. १ करोड २० लाख विनियोजन गरेको छु ।
- जेष्ठ नागरिकको ज्ञान, सीप, अनुभव साटासाट गरी दिनचर्या सहज र रूचिकर बनाउन प्रत्येक जिल्ला सदरमुकामसम्म दिवा वृद्ध विसौनी केन्द्रको स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।
- सहत्तरि वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरूलाई जेष्ठनागरिक सम्मान कार्यक्रमको अवसर पारी मौसमअनुसार  वर्षमा एक जोडा कपडा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रदेशका जेष्ठ नागरिकहरूलाई धार्मिक तथा सांस्कृतिक मनोरञ्जन गराउने सोचाईका साथ जेष्ठ नागरिक देश दर्शन कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यबहार हटाई उनीहरूको अधिकार संरक्षण गर्न जोखिममा रहेका जेष्ठ नागरिकलाई संरक्षण, उपचार र मनोविमर्श एवं कानूनी सहायता प्रदान गरी पुनर्स्थापन गर्न जेष्ठ नागरिक कल्याण कार्यक्रम सञ्चालन गर्न रू. २० लाख विनियोजन गरेको छु ।
- सामाजिक, सांस्कृतिक कुरिति, धार्मिक अन्धविश्वास, जातीय विभेद, लैंगिक भेदभाव विरूद्ध शून्य सहनशिलता कायम गर्न प्रादेशिक रणनीति तयार गरी जनचेतना र प्रचार-प्रसार कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- पर्यटन प्रबर्द्धन क्षेत्रसँग आबद्ध गरी लोपन्मुख राउटे समुदायको सामाजिक, सांस्कृतिक जीवन पद्दतिलाई संरक्षण गर्न एक समिति गठन गरी उनीहरूलाई सामाजिक प्रक्रियामा सहभागी गराउन सल्यानको कालिमाटी र दैलेखको डुङ्गेश्वर लगायतका राउटे बासोबास क्षेत्रहरूमा एकै छानामुनी शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा उपलब्ध हुने गरी राउटे आवास कार्यक्रम सञ्चालन गर्न रू. २० लाख विनियोजन गरेको छु ।
- फरक क्षमता भएका (क) वर्गका अशक्त व्यक्तिलाई जीविकोर्पाजनमा थप मद्दत पुऱ्याउन प्रति चौमासिक रू. १० हजार उपलब्ध गराउन यस आर्थिक वर्षका लागि रकम रू. ५ लाख विनियोजन गरेको छु ।
- प्रदेशभित्र रहेका गैरसरकारी संस्थाहरूको काम कार्यवाहीलाई व्यवस्थित, पारदर्शी, नियन्त्रित र मर्यादित बनाउन नीतिगत र संरचनागत व्यवस्था गरिनेछ ।

*श्रम तथा रोजगार*

- नागरिकमा श्रमप्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न मन्त्री, जनप्रतिनिधि, प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारी र आम नागरिकको सहभागितामा प्रत्येक महिनाको १ र १५ गते श्रम शिविर चलाउने कार्य अभियानका रूपमा अघि बढाउने प्रदेश सरकारको प्रथम बैठकको निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- प्रदेशको श्रम तथा रोजगारको अवस्था अध्ययन गरी विस्तृत प्रोफाईल तयार गरिनेछ । श्रममैत्री औद्योगिक रोजगारीका लागि सुमधुर श्रम समबन्धका माध्ययमबाट लगानीमैत्री वातावरण तयार गर्न प्रादेशिक औद्योगिक श्रम सम्बन्ध नीति तयार गरी लागू गरिनेछ ।
- देश विदेश सुहाउँदो जनशक्ति उत्पादन गरी रोजगार, स्वरोजगार कार्यक्रम सञ्चालन गर्न रोजगार प्रबर्द्धन नीति तयार गरी स्थानीय निकायसँगको समन्वयमा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

- श्रम बजारमा उपलब्ध जनशक्तिलाई माटो सुहाउँदो सीप तालिम प्रदान गरी बजार माग अनुरूप आपूर्ति गर्ने व्यवस्था मिलाउन रोजगार विनिमय केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।
- वैदेशिक रोजगारमा जाने जनशक्तिलाई प्रदेशमा नै सीपयुक्त बनाउने सचेतना अभिवृद्धिसम्बन्धी अभिमुखीकरण गर्ने तथा श्रम स्वीकृति प्रदान गर्ने समबन्धमा नीतिगत तथा संस्थागत व्यवस्था मिलाइनेछ ।
- यस प्रदेशलाई बालश्रममुक्त प्रदेशको रूपमा विकास गर्न रणनीतिक कार्य योजना तयार गरी लागु गरिनेछ ।
- बिहानको उदाउँदो सूर्यजस्ता राष्ट्रको उज्वल भविष्य बोकेका उर्जाशिल युवाहरूलाई स्वदेशमै काम गर्ने वातावरण तयार गर्न आवश्यक रणनीति बनाई कार्यान्वयन गरिनेछ ।
- युवाहरूलाई लक्षित गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न रणनीतिक कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

*सामाजिक सांस्कृतिक सचेतना कार्यक्रम*

- समाजशास्त्रीय अध्ययनद्वारा प्रादेशिक सामाजिक, सांस्कृतिक अवस्थाको अध्ययन गरी रणनीतिक गुरूयोजना बनाई प्रदेशको सामाजिक, सांस्कृतिक रूपान्तरणको कार्य अघि बढाइने छ ।
- कामको सम्मान गर्ने संस्कृतिको विकास गरी प्रदेशमा उपलब्ध जनशक्तिको भरपूर उपयोग गर्न सचेतनामूलक वृत्तचित्र, लघुनाटक उत्पादन गरी प्रभावकारी प्रचार-प्रसार गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रदेश प्रासिका लागि जीवनको आहुति गर्ने लगायतका यस प्रदेशभित्रका सहिदहरूको सम्मानको लागि प्रदेशको उपर्युक्त स्थानहरूमा सहिद स्मृति पार्क, संग्रहालय र स्मारकहरू निर्माण गरिनेछ ।
- परम्परागत सीप, भाषा, दर्शन र संस्कृतिको संरक्षण सम्बर्द्धन तथा विकासको निम्ति अध्ययन अनुसन्धान गर्ने संस्थागत संयन्त्रको व्यवस्था मिलाउन अध्ययन गरिनेछ ।

*आन्तरिक शान्ति सुरक्षा, सूचना तथा कानून*

**माननीय सभामुख महोदय,**

- "समृद्धिका लागि शान्ति सुरक्षा" भन्ने मूल नाराका साथ प्रादेशिक प्रहरी परिचालन गर्ने उपर्युक्त नीतिगत संरचनागत व्यवस्था गरिनेछ । हाल यस कार्यका लागि अलग्गै रू. २६ लाख रकम छुट्याएको छु ।
- सुशासन प्रबर्द्धन गर्न र सेवा प्रवाहलाई छिटोछरितो र सरल बनाउन प्रदेश सरकारका काम कार्यवाहि सूचना प्रविधिमैत्री बनाइनेछ र प्रदेशस्तरमा आवश्यक पर्ने कानून र सोको मस्यौदाको लागि प्रादेशिक कानून आयोगको गठन गरिनेछ ।
- सबै स्थानीय तह सूचना प्रविधियुक्त बनाउन टेलिफोन सेवा तथा स्थानीय तहको सदरमुकाममा इन्टरनेट सेवा निशुल्क गराउने सम्बन्धमा अध्ययन गरिनेछ ।
- डिजिटल कर्णाली प्रदेशको अभियानलाई मुर्तरूप दिन सूचना प्रविधिसम्बन्धी कार्यक्रमको पहिचान गरी कार्यान्वयन गरिनेछ ।
- प्रदेशको आन्तरिक सुव्यवस्थाको लागि अलग्गै प्रदेश प्रहरीको स्थापना गरी तीनको सशक्तीकरण, सबलीकरण गर्दै शान्ती सुव्यवस्थाको प्रभावकारी व्यवस्था मिलाउन अपनाउने कार्यविधि र कार्यक्रमको स्वरूप निर्धारण गरी कार्यान्वयनमा लयाइनेछ ।

- सु-सूचित हुन पाउने नागरिकहरूको अधिकारलाई प्रभावकारी कार्यान्वयन गर्न उपर्युक्त प्रादेशिक सूचना नीति तयार गरी लागु गरिनेछ ।
- पत्रकार, पत्रकारिता एवं श्रमजीवि पत्रकारहरूको क्षमता वृद्धि, मिडिया क्षेत्रको प्रबर्द्धन, एकद्वार विज्ञापन प्रणाली तथा न्यायोचित विज्ञापन नीति तर्जूमा जस्ता विषयमा मदत पुगोस् भन्ने हेतुले मिडिया मन्थन तथा पत्रकार व्यवसाय प्रबर्द्धन तथा पूर्वाधार विकास जस्ता क्षेत्रमा रकम विनियोजन गरेको छु ।
- मिडिया क्षेत्रलाई वैज्ञानिक, मर्यादित र व्यवसायिक बनाई एकद्वार विज्ञापन प्रणाली व्यवस्थित गर्न आमसञ्चार प्रतिष्ठान गठन गरिने छ ।

*विपद् व्यवस्थापन*

- प्राकृतिक प्रकोपको जोखिमयुक्त क्षेत्र पहिचान गरी नकारात्मक प्रभाव न्यूनीकरण गर्न कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- प्रकोप प्रभावित नागरिकलाई उद्दार, राहत, पुनर्स्थापन तथा सुरक्षाको प्रत्याभुति गर्न मुख्यमन्त्रीको नेतृत्वमा प्रादेशिक विपद् व्यवस्थापन समिति गठन गरी कार्यान्वयन गरिनेछ ।
- विपद् वा अन्य घटनाका कारणले हुन आउने जोखिम न्यूनीकरण गर्न जोखिममा परेका व्यक्तिलाई उद्दार राहत पुनर्स्थापना तथा सुरक्षाको प्रत्याभुति गर्न मुख्यमन्त्री विपद् व्यवस्थापन कोष खडा गरी कोष सञ्चालन गर्न उक्त कोषमा रू. १ करोड रहने व्यवस्था मिलाएको छु ।
- यस अतिरिक्त मुख्यमन्त्री राहत सहायता कोषमा समेत रू. २० लाख अलग्गै विनियोजन गरेको छु ।
- बाढी पीडितहरूको आवश्यक तथ्याङ्क संकलन गरी राहत तथा पुनर्स्थापना गर्ने कार्य व्यवस्थित गर्न एक उच्चस्तरीय बाढी पहिरो समस्या समाधान समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नेपालको संविधानको धारा २१२ बमोजिम भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी, जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायत अन्य आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जत भएको विशेष परिस्थितिको सामना गर्न आकस्मिक कोष खातामा रहने गरी रू. १ करोड बजेटको व्यवस्था मिलाएको छु ।
- आपतकालिन स्वास्थ्य सेवामा सहयोग पुऱ्याउन उद्देश्यले स्वास्थ्य सेवा कोष खडा गरी कोष सञ्चालन गर्न उक्त कोषमा रू. २५ लाख विनियोजन गरेको छु ।

*सुशासन*

- गाउँगाउँमा सिंहदरबार, गाउँ घरमा प्रदेश सरकारको अनुभूति दिलाउन प्रदेश सरकारका मन्त्रीहरू प्रत्येक महिना कम्तीमा एकपटक जनताको घर दैलोमा पुगी समस्या सुन्ने व्यवस्था मिलाइनेछ ।
- प्रदेश सरकारको जवाफदेहितासँग आवद्ध हुने गरी स्थानीय सरकारको समन्वयमा प्रदेश आयोजनाहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेहि विश्वसनीय र पूर्वानुमानयोग्य बनाउन खर्च मितव्ययीतासम्बन्धी मापदण्ड तयार गरी लागु गरिने छ । यसका लागि खर्चको मासिक तथा चौमासिक जानकारी गराउने तथा सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता उपायहरू अबलम्वन गरिनेछ ।
- आर्थिक मामिला तथा योजना मन्त्रीको अध्यक्षतामा विकास अनुगमन मूल्यांकन समिति रहने व्यवस्था मिलाई केन्द्रीय र प्रादेशिक योजना तथा कार्यक्रमको मासिक अनुगमन मूल्यांकन गरी वित्तीय सुशासन प्रबर्द्धन गरिनेछ ।

- प्रादेशिक विकास कार्यलाई संसदीय अनुगमन तथा निगरानी कार्यसँग आवद्ध गर्दै सुशासनयुक्त सरकारको अबधारणालाई प्रबर्द्धन गरिनेछ ।
- तलब, भत्ता, पारिश्रमिक, बिजुली, टेलिफेन जस्ता अनिवार्य खर्च शीर्षकमा गरिने खर्च बाहेक रू. ५० हजारभन्दामाथिको अन्य खर्च शीर्षकबाट भुक्तानी गर्नुअघि Website मार्फत् सार्वजनिक गर्ने व्यवस्था मिलाउनुका अतिरिक्त भएको खर्चको मासिक रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाएको छु ।
- वित्तीय अनुशासन जनमुखी बनाउन आर्थिक अनियमितता र भ्रष्टाचारलाई कडाईका साथ नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।
- कर्मचारीहरूलाई अनुशासित, जवाफदेही, पारदर्शी नागरिकमैत्री बनाई सुशासनयुक्त कार्यप्रणाली उन्मुख गराउन कर्णाली प्रदेश कर्मचारी आचारसंहिता जारी गरी लागू गरिनेछ ।

*आर्थिक योजना तथा तथ्याङ्क*

**माननीय सभामुख महोदय,**

- प्रादेशिक योजना प्रभावकारी बनाई कार्यान्वयन गर्न कर्णाली विकास तथा योजना आयोग गठन गरिनेछ ।
- प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना लगायत प्राथमिकता प्राप्त महत्त्वपूर्ण विकास आयोजनाहरूको अनुगमन मूल्यांकन प्रभावकारी बनाउन योजना आयोग अनुगमन मार्ग दर्शन तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- कर्णाली प्रदेश जनताको भरमा भन्ने मान्यताका साथ पूर्वाधारमा रकम जुटाउन तथा लगानीको दीगो आधार तयार गर्न प्रदेश सरकारको तर्फबाट रू. १ करोड जम्मा गरी नागरिकको तर्फबाट निश्चित रकम योगदान गर्ने गरी कर्णाली प्रदेश नागरिक लगानी पूर्वाधार कोष स्थापना गरी कानून बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- योजना, आयोजना तथा कार्यालय सञ्चालन अनुशासनयुक्त बनाउन वित्तीय सुशासनसम्बन्धी रणनीति कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- आयोजना सञ्चालन गर्ने कार्यालय प्रमुख तथा आयोजना प्रमुखलाई नतिजाउन्मुख कार्यतर्फ जिम्मेवार बनाउन परियोजना कार्य सम्पादन सम्झौता दिग्दर्शन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।
- प्रदेश र संघ एवं प्रदेश र स्थानीय साझेदारीमा समपन्न गर्न सकिने तथा प्रदेश स्वयम्ले सञ्चालन गर्ने सम्भावित आयोजनाहरूको सूची परियोजना बैंक तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- राष्ट्रिय गौरवका आयोजनाहरूको पहिचान तथा कार्यान्वयनमा रहेका आयोजनाहरू समयमै समपन्न गर्न केन्द्र सरकारसँग समन्वय गरी संविधानतः प्रदेशले प्राप्त गर्नुपर्ने योजना आयोजनाहरू प्रदेशमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया समयसापेक्ष, प्रतिस्पर्धी पारदर्शि मितव्ययी, परिणामुखी बनाउन प्रादेशिक खरिद कानून तर्जूमा गरी लागु गरिनेछ ।
- प्रदेश सरकारको सार्वजनिक सम्पत्ति संरक्षण, सम्बर्द्धन गरी व्यवस्थित गर्न तथा सार्वजनिक खरिद कार्य प्रभावकारी सहजीकरण गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयलाई जिम्मेवार बनाइनेछ ।
- आर्थिक मामिला योजना तथा वित्तीय वयवस्थापनसम्बन्धी आधारभुत कानूनहरू तर्जूमा गरी प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- उद्योग कलकारखाना सहज ढंगले सञ्चालन हुने वातावरण मिलाई स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने नीति अबलम्वन गरिनेछ । कर्णाली प्रदेशको राजधानी सुर्खेत, सल्यान, जुम्ला लगायत

अन्य उपर्युक्त क्षेत्रमा विशेष आर्थिक क्षेत्र घोषणा गर्ने गराउने सम्बन्धमा नीतिगत मार्गदर्शन तथा अबधारणा पत्र तयार गरिनेछ ।

- कर्णाली प्रदेशको विकास र समृद्धिका लागि प्राप्त गरिने विकास साझेदारहरूको सहयोगलाई प्रभावकारी क्षेत्रमा परिचालन गर्न कर्णाली प्रदेश विकास सझेदार मन्च (Karnali Province Development Partners Forum) गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- कर्णाली प्रदेशको समृद्धिको खाका तयार गर्न सहायता सञ्चालनसम्बन्धी रणनीति तयार गरी कस्तो क्षेत्रमा सहायता स्वीकार गर्ने र कस्तो क्षेत्रमा आवश्यक नपर्ने भन्ने कुरा निर्धारण गरी विकास साझेदारहरूबाट प्राप्त सहायताको प्रभावकारी उपयोग गर्न नेपाल सरकारको स्वीकृतिमा विकास साझेदार कर्णाली सम्मेलन (Development Partners Karnali Summit) सञ्चालन गरिनेछ ।
- स्वदेशी विदेशी लगानी आकर्षित गर्न तथा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न लगानीकर्ताहरूसँग कर्णाली लगानी विशेष सम्मेलन गरिनेछ ।
- चालु खर्चलाई निश्चित सीमाभित्र आवद्ध गरी पूँजीगत खर्च गर्न सकिने योजनाहरूलाई प्राथमिकता दिई प्रदेशको विकास र समृद्धिका लागि सघाउ पुग्ने आयोजनाहरूको पहिचान र सम्भाव्यता अध्ययन गरिनेछ ।
- प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने कर राजश्व तथा गैरकर राजश्वको दर, दायरा सम्भाव्यताबारे अध्ययन अनुसन्धान गर्न अर्थ मन्त्रालयको नेतृत्वमा विज्ञसमेत रहेको कर्णाली प्रदेश राजश्व पहिचान समिति गठन गरी सोमार्फत् सुझाव प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।
- सबै स्थानीय तहमा कम्तीमा एक बैंक तथा वित्तीय संस्था अनिवार्य पुऱ्याउन र द्वन्द्व कालमा विस्थापित बैंकहरूलाई पुनर्स्थापन गराउने कार्य अघि बढाइनेछ ।
- सहकारी तथा लघुवित्त संस्था सञ्चालन र नियमन नीति तयार गरी स्थानीय तहमा सञ्चालित बचल तथा ऋण सहकारी र लघुवित संस्थाको नियमन गरिनेछ ।
- प्रदेशस्तरिय प्रोफाईल तयार गर्न आवश्यक पर्ने तथ्यांकको संकलन, प्रशोधन र विश्लेषण गरी डाटाबेस तयार गर्न प्रादेशिक तथ्यांक कार्यालय र आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

***<u>प्रदेश सभा</u>***

- प्रदेश सभाको संस्थागत सुदृढिकरण तथा प्रदेश सभाका सदस्यहरूको ज्ञान, सिप र क्षमताको अभिवृद्धि गर्न आवश्यक तालिम, गोष्ठी र सेमिनार सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

*जनशक्ति, कार्यालय संगठन तथा व्यवस्थापन*

**माननीय सभामुख महोदय,**

अब म कर्णाली प्रदेश सरकार सञ्चालनका लागि आवश्यक पर्ने संगठन संरचना तथा जनशक्ति बारेमा प्रस्तुत गर्न चाहन्छु ।

- प्रदेशमा रहने मन्त्रालय अन्तर्गतका संगठनहरू सम्बन्धमा प्रदेशका योजना कार्यक्रम कार्यान्वयन गर्न नीति, कार्यक्रम कार्यान्वयन, आयोजना सञ्चालन, कार्य विशेष संगठनात्मक संरचना स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नेपालको संविधानको धारा १९६ बमोजिम प्रदेश सभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा तथा धारा २२० को उपधारा (८) बमोजिम जिल्ला समन्वय समितिका सदस्यले

पाउने सुविधा एवं धारा २२७ बमोजिम गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधाका विषयमा तत्काल कानून बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा विज्ञ अनुभवी सदस्यसमेत रहेको प्रदेश मन्त्रालयका कानून, लेखा, प्रशासन तथा प्राविधिक क्षेत्रका सदस्य रहने संगठन संरचना तथा व्यवस्थापन समिति गठन गरी एक महिनाभित्र प्रतिवेदन प्राप्त गर्ने व्यवस्था मिलाई सो आधारमा प्रदेशका कार्यान्वयन इकाई खडा गर्ने तथा नपुग कर्मचारी प्राप्त गर्ने व्यवस्था गरिनेछ र कर्णाली प्रदेश मुख्य न्यायाधिवक्ताका पारिश्रमिक सेवा सुविधा र कार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु ।
- कर्मचारीहरूलाई कामप्रति जिम्मेवार र जवाफदेही बनाउन कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । प्रदेशमा रहने कर्मचारीहरूलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन अपनाउने उपाय तथा उपलब्ध गराउनु पर्ने सेवा सुविधाका सम्बन्धमा सुझाव पेश गर्न एक कार्यदल गठन गरी कार्यदलबाट प्राप्त सुझाव क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- प्रदेश निजामति सेवाको पदमा उपर्युक्त उम्मेदवारहरू छनौट गरी सिफारिस गर्न कर्णाली प्रदेश लोक सेवा आयोगको गठन गरिनेछ ।
- प्रथम बजेट भएको, नीतिगत तथा संस्थागत बन्दोबस्त स्पष्ट भई नसकेको, कार्यक्षेत्र र अधिकार बाँडफाँडको स्पष्टता भई नसकेको वर्तमान सन्दर्भमा चुनौतीका पहाडहरूको माझबाट प्रदेशको विकास सम्बृद्धिको मार्गचित्र कार्यान्वयन सरोकारवाला सबै एकजुट भई अगाडि बढ्न सकियो भने निश्चिय नै बजेटले परिलक्षित गरेका उपलब्धीहरू हात पर्ने छन् र हाम्रो उज्ज्वल भविष्यको बाटो तय हुनेछ । प्रदेशको विकास र समृद्धिका साथ सहयोग पुर्‍याउनु हुने आम नागरिक, बुद्धिजीवि, विकास साझेदार, सरकारी गैरसरकारी सामुदायिक संघ संस्था, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनका लागि सबैको खुला सहयोगको अपेक्षा गर्दछु ।

हजारौं माइलको यात्रा प्रथम पाईलाबाट शुरू हुन्छ भनेझै हाम्रो यात्रापनि सोहीअनुसार गर्न सकिने र साना कार्यबाट उचाईतर्फ अगाडि बढ्ने किसिमको भएकोले सबैको साथ र सहयोग भए निश्चय नै हामी गन्तव्यमा पुग्नेछौं । कर्णाली प्रदेशको यो पहिलो बजेट प्रदेश समृद्धिको कोशे ढुङ्गा हुने कुरामा म विश्वस्त छु ।

**माननीय सभामुख महोदय,**

अन्त्यमा, कर्णाली प्रदेश सरकारको तर्फबाट प्रस्तुत बजेट तर्जूमा गर्न निर्देशन गर्नुहुने प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, संसदीय दलका नेताज्यूहरू, माननीय उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, विभिन्न राजनीतिक दलका नेताज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट छलफलका क्रममा सुझाव दिनुहुने प्रदेश सरकारका प्रमुख सचिव तथा सचिवहरू, प्रदेश मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीहरू, वरिष्ठ विज्ञहरू, निजी क्षेत्र तथा नागरिक समाजका बुद्धिजीविहरू, सामाजिक संघ संस्थाहरू, पत्रकार तथा प्रदेशभित्र र प्रदेश बाहिर रहनु भएका दिदिबहिनी दाजुभाईहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू अब यो बैठक २०७५ साल बैशाख १४ गते शुक्रबार दिनका ११ बजे सम्मका लागि स्थगित हुन्छ ।

***

# बैठक संख्या-१७

(२०७५ बैशाख १४ गते शुक्रबार)

प्रदेश सभा, कर्णाली प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीज्यूको अध्यक्षतामा शुक्रबार दिनको १:०० बजे प्रारम्भ भयो ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको पहिलो अधिवेशनको सत्रौं बैठकको कार्यवाहि प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले यस सभाको सोह्रौं बैठकमा बजेट वक्तव्य साथ पेश गर्नु भएको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकमाथि छलफल गर्नको लागि समय निर्धारण गरेको छु अब छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय सदस्य श्री जीवनबहादुर शाही** : माननीय सभामुख महोदय, हामी आज प्रदेश सभाले हिजो विनियोजन विधेयक जुन आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले पेश गर्नु भयो त्यसमाथि हामीले छलफल गरिरहेका छौं । कताकता हामी सँधै हतार गर्ने भयौं कि जस्तो लाग्न थाल्यो । प्रदेशको नाम राख्न, राजधानीको नाम राख्न हामी कस्यौं छिटै नै राख्नपर्छ भनेर राख्यौं तर अहिले सबै काम क्रियाकलाप हेर्दाखेरि कतै नामपनि हामीले गल्ती पो राख्यौं कि भन्ने जस्तो लाग्न थाल्यो । प्रदेशको नामपनि हामीले सम्भाव्य प्रदेश भनेर राख्नु पर्ने रहेछ । राजधानीको नाम चाहिँ भद्रगोल भनेर राखेको भए अझ अलिकति यो बलियो हुन्थ्यो कि जस्तो मलाई लागिराखेको छ । यो जुन खालको बजेट आयो सायद हामीले हिजो अर्थमन्त्रीज्यूले पढिसकेपछि पढेको बजेट वक्तव्यको किताब त हामीले प्राप्त गर्नु पर्थ्यो होला ? मलाई के लाग्यो भने समयको अभाव थियो ढिलो थियो त्यसकारणले चाहिँ यो प्रिन्ट हुन सकेन होला र बेलुकी अथवा आज बिहान सम्ममा त्यो प्राप्त हुन्छ भनेको अब यो दुई पाने आँखिरी विधेयकहरू त राखेर आएको छ र पछाडि पैसा राखिएको छ ।

यसबाट हामीले के बुझ्ने ? मैले पढेको अर्को छ । हामीलाई दिएको यो छ भने पछि मलाई जहाँसम्म लाग्छ कुनैपनि माननीय सदस्यज्यूहरूले केहीपनि बुझ्नु भएन होला जस्तो छ । मैले बुझिन मैले प्राप्त गर्न नसकेको हुनाले चाहिँ मैले अघि त्यहाँ नि देखिन अब अरूले प्राप्त गर्नु भयो भनेत राम्रै भयो र मैले आफूले प्राप्त गर्न नसकेको हुनाले बिहान हाजिर गर्ने ठाउँमा पनि प्राप्त भएन । अब नभएको हुनाले चाहिँ मैले यो भनिरहेको छु र यहाँ मैले सम्भावनाका कुराहरू गर्दा हरेक कुराहरू सम्भावना यो त के देखियो भने हाम्रो प्रदेशमा कुनैपनि संरचनाहरू छैनन् । केन्द्रकापनि छैनन्, स्थानीय तहकापनि छैनन्, हामी नयाँ भएर आएका छौं त्यसकारण सबै चाहिँ सम्भाव्य अध्ययन, सम्भाव्य अध्ययन, सम्भाव्य अध्ययन मैले आफूले टिपेको कुराहरूमा हेर्ने हो भने जस्तै छिन्चु, सल्यान, जाजरकोट, डोल्पा गौमडि नाका जोड्ने सडकलाई रामघाट देखि भनेर अब यो हुँदै चिसापानी भनेर शब्द राखेर सम्भाव्यता अध्ययन गर्ने भन्यो सम्भाव्यता अध्ययन गर्नको लागिपनि त पैसा चाहिन्छ होला नि त ? यति सम्भाव्यता अध्ययन गर्नको लागि यति पैसा चाहिँ विनियोजन गरेको छु भनेको भए सुन्न पाएको भए त्यो राम्रै हुन्थ्यो होला । कोहलपुर, सुर्खेत शुरूङ मार्गमा गौरवको योजनाको रूपमा अगाडि बढाउने र सम्भाव्यता अध्ययन गर्ने अब त्यो त हामी सबैले सुनेकै हो । नेकपा एमालेको संसदीय दलको नेताज्यूले यतापनि राखेको भए हुन्थ्यो नि भन्ने बोलिसकेपछि राख्नु त भयो बजेट

छैन र अजिबको कुरा त के लाग्यो भने विविधमा भनेर धन्नै १६, १७, १८ करोड राखिएको छ । अबण्डा बजेट ल्याउँदा अबण्डा गर्न पाइन्छ या पाइदैंन ? यो अदभुत कुरो लागेको छ सबै ठाउँ यस्ता स्थानीय विकास जिल्ला सदरमुकाममा सडक विस्तार सम्भाव्यता अध्ययन गर्ने ।

सबै सम्भाव्यता अध्ययन मात्रै गर्ने भन्ने चाहिँ मैले पढेको मैले देखेको मा अब यस्तै यस्तै खालका चाहिँ छन् र हामीले जसलाई महत्त्व दिएका छौं विद्युतीकरण गर्ने विद्युतीकरण विद्युत नै हाम्रो समृद्धिको आधार हो । पर्यटन हो र त्यसको लागि के चाहिन्छ त सबैभन्दा पहिलो चाहिने भनेको पूर्वाधार सडक, सडक, सडक, सडक हो अस्ति केही माननीयज्यूहरूले बोल्नु भएको थियो भन्नु भएको थियो चेतना नभइकन पूर्वाधारले मात्रै केही हुन सक्दैन होला भनेर तर पूर्वाधार भयो भने चेतनापनि आउँदो रहेछ । हामी पहिला-पहिला बच्चालाई कागजको घडी बनाएर घडीमा यसरी हेर्ने हो भने त्यसरी कसरी टाइम हेर्ने ? टाइम घडी दिइसकेपछि एक दुई चोटी बिगार्ला तर त्यले समय दिन्न तर हाम्रो पर्यटन कृषि यो महत्त्वपूर्ण हो विद्युत महत्त्वपूर्ण हो भने सबैभन्दा बढी सडकमा नै पैसा हुनुपर्थ्यो नि त त्यो देखिँदैन । त्यो देखिँदैन। सम्भाव्यता अध्ययन गर्ने हो भने यसको लागि फेरिपनि सम्भाव्यता अध्ययन त्यो गर्दाखेरि म चाहिँ आर्थिक मामिला मन्त्रीज्यूप्रतिको नियत खराब हो भन्ने मलाई लाग्दैन । किनकी अर्थको विषयमा उहाँले धेरै अध्ययनपनि गर्नु भएको छ सभापति भएको मान्छे हो केन्द्रीय संसदमा तर यो हेर्दाखेरि त यो पैसा सदुपयोग हुने भन्ने त देखिँदैन । यत्रो कहीं विविधमा भनेर तेत्रो पैसा राख्ने काहीं प्रचलन होला त ? मैले बुझेको मैले बुझेको के भने योजनाहरूमा अहिले हाम्रो तीन महिना छ पैसा खर्च हुँदैन यदि तीन महिनाभित्र पैसा खर्च भएन भने के हुन्छ भन्ने होइन हामीले सुन्यौं यो सञ्चित कोषमा रहन्छ । केन्द्रको जस्तो फ्रिज भएर गएर फेरि नआउने होइन । सडकका कामहरू गरिने हो भने त्यसमा त हाम्रो के हुने हो भने क्रमागत योजनामा राख्न सकिन्छ नि । ५० लाखको एउटा योजना होला यदि यो तीन महिनामाभित्र उसले ३० लाख मात्र खर्च गर्न सक्यो अरू सकेन सञ्चित कोषमा जान्छ असारमा फेरि त्यो पैसा त्यहाँ जान्छ र यसले गोलमटोल खालको र कता-कता दुई/चार लाख रूपियाँ माननीयको हातमा दिने माननीय चाहिँ पोलिसि बनाउने चाहिँ नभएर उहाँहरू योजना बनाउन पो जाने हो कि यो सबलाई दुई/चार लाख रूपियाँ हाल्दियो र गाउँमा पठाउने जस्तो मनसायले आएको चाहिँ यो देखिन्छ र मलाई अलिकति मलाई सम्बन्धमा अलि थोरै ज्ञान भएको हुनाले यहाँ एकदम राम्रो कुरा आएको छ । कि दशवटा जिल्ला सुर्खेत बाहेक, सुर्खेतलाई पनि के भन्ने पहाडै पहाड भएको जिल्लामा रोडबाट एम्बुलेन्सले मान्छेको ज्यान जोगाउन नसकिने अवस्था हुन सक्छ ।

त्यसकारण एयरएम्बुलेन्स चाहिँ महत्त्वपूर्ण कुरा हो यस्तो ठाउँको लागि हुन आवश्यक हो । त्यो बनाउनको लागि भनेर १५ लाख रूपियाँ अध्ययन गरिने छ । के अध्ययन हुने ? मिटिङ बस्ने त्यसको अध्ययन हुने हो ? म एकदम तपाईंहरूलाई एउटा तरिका देखाइ दिन्छु किन्न मिल्ने हो भने २२ करोड रूपैयाँ पर्छ । एम्बुलेन्स हेलिकप्टरको लागि २२ करोड रूपियाँ दिने हामीले हेलिकप्टर किन्न सक्छौं सञ्चालन गर्न सक्दैनौं । किनकी पाइलटका कुराहरू आउँछन्, अप्रेटिङ कस्टको कुराहरू हुन्छन् । हामीले २२ करोड रूपियाँ चाहिँ छुट्याइ दिउँ एउटा एयरलाईन्स कम्पनीसँग चाहिँ सहकार्य गरौं हेलिकम्पनीहरू छन् । उनीहरूसँग के भनौं भने हामी हेलिकप्टर चाहिँ कर्णाली प्रदेशले किन्दिन्छ हाम्रो जहाँ पर्छ त्यस्तो चाहिँ विषेश गरेर बिरामीहरूको लागि डेलिभरीको लागि केशहरूको लागि यसको लागि हो त्यो एम्बुलेन्स यसरी प्रयोग गर्ने हो । अरूबेला तिमी सञ्चालन गर उसले आफूले पैसापनि कमाउँछ । हामीले लगानी गर्दिम हाम्रो प्रदेशको लागि । अब यसको लागि अध्ययन सम्भावना अध्ययन गर्ने के समभावना अध्ययन

गर्ने हो ? त्यो हेलिकप्टर ल्याए गर्छ कि गर्दैन हुन्छ कि हुँदैन । सम्भाव्यता अध्ययन भनेको पोसिवल छ कि छैन भनेको हो । त्यो त पोसिवल छ त हेलिकप्टर त उडेकै छन् ।

यो खालको राखेर चाहिँ भएन मैले सडक किन जस्तै पर्यटन कै कुरा गरौं मेरो बिहान खैरे साथीले फोन गरो हाइ जीवन भनेर भन्यो क्या मेरो बिहान कहाँबाट होला भन्या त माइकल स्टले भन्या उसले भन्यो । अनि उसले मलाई के भन्यो भने अब हाम्रो ठाउँमा धेरै चलेको भनेको यही हो रारा सिन्थो इभ्रिवान यु नो इवन टु टुरिजम भन्यो झिंगा कर्णालीमा साविकको कर्णालीमा उसले मलाई भनेको पढेछ हिजो आजकाल त अनलाइनमा गइरहन्छ । तेरो त्यहाँको झिंगा नहटाउँदा सम्म पर्यटन कसरी हुन्छ । दुई हातले भात खानु पर्ने ठाउँ भन्यो क्या म झसङ्ग भए हो नि हजुरलाई कतिको याद छ साविकको कर्णालीमा दैलेखपनि म भन्दिन थाहा छैन तर जुम्ला, हुम्ला, मुगु, डोल्पा, हामीले दुई हातले भात खानु पर्छ । हैन यो हाम्रो दिमागमा आएन मलाई पनि उसले बिहान फोन गरेको हुनाले कहिले एउटा आइडिया हो त नि अनि हामीले भन्यौं फलानो रोडको स्तरोन्नती गर्ने छौं, कालोपत्रे गर्ने छौं टेन्टेटिभ त हामीलाई थाहा छ नि त यति बजेट ले हुन्छ भन्ने कुरो गर्ने छौं त्यसैले यो चाहिँ पूरा बजेट सम्भावनै सम्भावना को आयो । एकातिर हामीले पारिश्रमिकको व्यवस्था गरेको छैनौं । कानून आएको छैन भनेका छौं अब नबुझेको होला हामीलेपनि पछि बुझ्ने मौका पाउने नै छौं । अर्कोतिर संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम भनेर हामीले प्रदेश सभामुखको प्रदेश उपसभामुखको पारिश्रमिक र सुविधाकापनि फेरि हामीले दिएका छौं । यति लाग्छ भनेर यो मन्त्रीपरिषद्ले गरेको हो या अहिलेसम्म मन्त्रीपरिषद्ले चाहिँ आफूले चाहिँ पारिश्रमिक नखाएको हो के हो त्योपनि बुझिन । लास्ट पानामा हेर्ने हो भनेपनि फेरि सबै मन्त्रालयमा यतियति खर्च भयो भनेर आएकै छ । प्रदेश सभा सचिवालय योमाथि लेखिएको छ संघीय सरकारकाबाट प्राप्त वित्तीय समानीकरण अनुदान बजेट र खर्च भइसकेको रकम भनेको छ । प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला त्यस्तै सबैको चाहिँ दिएको छ । खर्च भइसकेको छ भने त त्यो मन्त्रालय अन्तर्गतका मन्त्रीहरूले यहाँ सबले पारिश्रमिकपनि त खाएको होला ? यो खालको चाहिँ देखियो । त्यसकारणले मैले भने हामी सकारात्मक रूपले अगाडि बढाउँन चाहन्छौं तर पनि म अघि सभामुखज्यूकोमा बस्दाबस्दैपनि कैयौं माननीय साथीहरूको फोन आइरहेको थियो ।

अब थाहा छैन मन्त्रीज्यूहरूले फलानो पैसा राख्दैछु भन्नु भा हो कि फलानो त पैसा पऱ्यो हामीलाई त थाहा छैन रातो किताब आउने भन्या छन् । त्यो रातो किताब कहिले आउने हो । कालोलाई सबै मेटिसकेपछि रातो हुने हो कि त्योपनि बुझिएन नि । यो खालले अलिकति अँ अलि के भने संसदलाई नै संसद जस्तै हामीले जे गरेनि हुन्छ नि भन्नेबाट नगई दिएको भए हुन्थ्यो भन्ने चाहिँ मेरो चाहिँ अनुरोध हो । हरेक कुरामा गर्न सकिने जस्तै बच्चाहरूलाई हामीले चाहिँ प्राविधिक स्कुलहरू खोल्ने कुराहरू गरिरहेका छौं । यी कुराहरूका सम्भाव्य केन्द्रीय सरकारलेपनि धेरै गरी सकेको हो नि फलाना यतिवटा प्राविधिक स्कुलहरू खोल्ने प्राविधिक युनिर्भसिटि खोल्ने यसको लागि यति बजेट विनियोजित गरिएको छ भनिसकेपछि यसका कुराहरूको प्रक्रिया अगाडि जाने हो नि त प्रक्रियाहरू नै अगाडि जाने हो नि त हैन हजुर ? होइन भने यहाँ के देखियो त सम्भाव्यता, सम्भाव्यता, सम्भाव्यता र अनि सबै यो ट्रेर्निङ दिएको थियो ? ट्रेर्निङ दिइएको थियो भने दशजनालाई चाहिँ राखेर सहि गराउने जस्तो चाहिँ हाम्रो यो चाहिँ देखियो सायद र म एउटा अनुरोध गर्न चाहन्छु हामी ल मेकरहरू सांसद वा विशेष गरेर ल मेकर भन्छ हामी कनुन निर्माण गर्ने हो। यद्यपी त्यति हुँदाहुँदैपनि अहिलेको परिवेशमा हाम्रो विकाससँग केही संलग्नता होला तर अहिले हेर्दा केही पैसाहरू दिएर मात्रै यिनलाई नै पठाउने किनभने आँखिरी हामीले बजेट पास गरिसकेपछि व्युरोत्रयाटले नै यसलाई चाहिँ अगाडि बढाउने हो । अब यो मैले सबै पोइन्टहरू के-के भनिएका छन् भनेर टिपेर ल्याएको

थिए । अनि अर्को एउटा घुम्ती विद्यालय सञ्चालन पूर्वसम्भाव्यता अध्ययन अब हेर्नुहोस् है सबैमा घुम्ती विद्यालय भनेका विशेष गरेर हिमाली जिल्लाहरू जहाँ हिउँ पर्छ र वर्षा हाम्रो पशुपालन गर्ने चलन हुन्छ । वर्षा चाहिँमाथि गइहाल्छन् अब छोराछोरीलाई पनि बोकेर जान्छन् अब यहाँहरूले सुन्नै भएको छ । हिजो हाम्रो माननीयज्यूहरूले बोल्दापनि यो यार्चागुम्बाको बारेमा बोल्दापनि धेरै कुरा आएको थियो नि । यार्चागुम्बा टिप्न जाँदापनि बच्चा बोकेर जाने गरिन्छ । अब हुँदाहुँदा त त्यो महिलामा पनि एउटा घुम्ती स्कुल खोल्नुपर्ने आवश्यकता आइसकेको के ? हैन त्यसको लागि त सम्भाव्यता अध्ययन गर्नु पर्ने हो र ? त्यहाँ चाहिँ घुम्ती स्कुल खोलिने छ यसको लागि यति बजेट विनियोजित गरेको छु भन्दिएको भए सायद सामुन्नै नै हुन्थ्यो होला पछि अब यो के देखियो भने सरकारका मन्त्रीज्यूहरूले आफूलाई चाहदा र कति खेर कति दिने यो हाम्रो हातमा छ तिमिहरूचाहिँ मन्दिरमा जाँदा हाम्रो चाहिँ विशेष गरेर यो बौद्ध धर्मावलम्बीहरू यो देख्नु भएको छ स्वयम्भुमा पुग्दाखेरि वर बाटैबाट घुँडा टेकेर गएर दर्शन गर्ने जस्तो सांसदहरूपनि त्यसै गरेर दर्शन गर्न आउन र हामीले ल तिमिले यति भनिहाल्यो ल यति फ्याकि दिउँकी भने जस्तो यो राखिएको बजेट जस्तो देखियो यस्तो गर्नु हुँदैन । सञ्चित कोषको बजेट हामीले बुझेको कुरा के हो भने खर्च भएन सञ्चित कोषमा बस्यो फेरि हामी ले नै बजेट बनाउने भएको हुनाले हिजोको गाउँको जस्तो त्यसरी जानेकुरा होइन ।

त्यसकारणले हाम्रो सोचाहिँ थियो आज ११ बजे यो बैठक राख्नुको कारण के भने यो बैठक ११ बजे बाट ५, ६ बजेसम्म आजको बैठक चाहिँ हामीले टुंग्याउने त्यहीँ ढङ्गले आएको होला त्यहीँ ढङ्गले सबै चाहिँ सुझावमा लेखिएको होला भन्ने सोचेका थियौं तर अब, सबैकोमा कौतुहलता भयो बजेट खोइत, बजेट खोइत ? अँ त्यसो भने त जे भनेपनि हुने भयो १० अर्बको बनाएपनि हुनेछ सम्भाव्यता अध्ययन गरिने छ । यो हुने छ, यो भन्ने छन्, यो गर्ने छु भन्ने पैसा चाहिँ नछुट्याउने यो खालको बजेटले चाहिँ सायद हामीलाई चाहिँ साह्रै चाहिँ एउटा लज्जाबोध हुने किसिमले अरू प्रदेशलेपनि भन्न पाउने मौका चाहिँ हुन्छ यो लज्जाबोध कुराहरू हुन किन धेरै कुराहरूका चाहिँ यहाँ भइसकेको छ र मैले मेरो त भन्ने हो भने अब बिजुलीको कुरा सबैले समृद्धिको लागि बिजुली, बिजुली, बिजुली भनेको छ । बजेट मैले छुट्याएको देखे ५० लाख अब त्यो ५० लाखले चाहिँ सबभन्दा समृद्धि बनाउने भएत यो के मिटर बक्स हो र राख्नलाई ५० लाख छुट्याइएको ? या कुनैचाहिँ नयाँ उत्पादन गर्नको लागि हो ? जस्तै जुम्लाबाट केरे सुर्खेतबाट जुम्लासम्म रोपवेको भनेको छ । रोपवे नेपालमा जहाँपनि हुन्छ हुने नै यस्तो ठाउँमा हो । प्रि-फिजिबिलिटि यहाँपनि सम्भाव्यता अध्ययन गर्ने हाम्रो यहाँ हेर्दाखेरि टोटल हेर्ने हो भने १०/१२ मेगावाटपनि बिजुली छैन होला जस्तो लागेको छ यो हाम्रो प्रदेशमै, त्यतिनै छैन यो सुर्खेतको उतातिर बत्ति रैन छ अनि हामीले चाहिँ सर्भे हामीसँग यति बिजुली छ त्यसकारणले चाहिने हामीले यो गर्छौं भनेर पो जानुपर्ने हो त । त्यसकारण चाहिने अलिकति बहकिएर आए जस्तो लाग्यो । यसलाई चाहिँ मन्त्रीज्यूले पक्कैपनि सुधार्नु हुने छ र सबै माननीयज्यूहरूलाई पनि भन्नु हुनेछ र यो के नहोस् भने हामीले भ्रष्टाचारलाई शून्य सहनसिलतामा पाउने भन्ने कुरो जुन चाहिँ ठूलो बुँदा आएको छ । यसले त के गर्छ भने हामीले सबै भ्रष्टाचार गर्नलाई खुला राखेका छौं भन्ने खालको चाहिँ बजेट आएको छ । यस्तो हुनुहुँदैन र यसको लागि पूर्वाधार मैले त जहिलेपनि एउटा भन्ने गरेको थिए ।

सभामुख महोदय, म यो सम्मानित सदनलाई भन्न चाहन्छु ५ वटा भयो भने कर्णालीको विकास हुन्छ भन्ने मेरा ५ वटा अन्तर्गत नै यो बजेट आइदिएको भए हुन्थ्यो भन्ने मेरो चाहिँ मनसाय थियो ५ वटा ब मा पहिलो ब भनेको बाटो, बाटो, बाटो बाटोको बिना अरू केहीपनि हुन सक्दैन । किनकि यो प्रमाणीत भएको छ आजपनि हुम्ला र डोल्पा खान नपाएर चामल पाएनौं भनेर न्यूजहरू आइरहेका छन् सभामुख महोदयतर

त्यहीँ कालिकोट त्यहीँ जुम्ला, त्यहीँ मुगु हिजो खाद्यान्न पाएनौं भनेर झगडा गर्ने त्यहीँ दैलेख खाद्यान्न भएन भनी झगडा गर्ने आज मेटर बाटो पुगिसकेपछि खाद्यको चामल गोदाममा कुहिरहेको छ र मान्छेले मसिनो चामलहरू खाइरहेका छन् । त्यसकारणले पहिलो भनेको बाटो नै रहेछ । आज हुम्ला हुम्लाका जनताहरू मुगुमा त्यो चंखेली लेक काटेर जुन चंकेली लेक यहाँहरूले लेखिरहनु भएको छ यही लेक हो हिउँ नपरेको बेलाको चंकेली लेक यो लेकको एक रूपैयाँको नोटमा पनि यसको फोटो छ । यो काटेर आएर गमगडिबाट मुगुका दाजुभाइ दिदिबहिनिहरू मसिनो चामल खानुहुन्छ । खाद्यको चामल कर्णालीले झिकेर केही बढी पैसामा हुनेहरूलाई बेच्नु हुन्छ त्यसकारणले मैले भन्ने गरेको छु सडक बिना केहीपनि हुँदैन न टुरिज्म हुन्छ न कृषिको उत्पादनको बेचबिखन हुन्छन् अरू हुन्छ त्यसकारणले सडक, सडक, सडक भनेको बाटो बाटो पछि अर्को भनेको बाटो पुगिसकेपछि बिजुली ।

बाटा नपुगेर बिजुली बनाउन सकिदैंन खोला चाहिँ पूर्वाधाहरू तयार गर्न सकिँदैन । बिजुली भनेको अहिलेको लागि सबैभन्दा स्वास्थ्य रहेछ, शिक्षा रहेछ उसलेभन्दा बिजुली अहिले ट्रान्सपोर्टेसन रहेछ । त्यसपछि हाम्रो प्रदेशमा वन हाम्रो प्रदेशभन्दा अरूपनि राम्रा प्रदेश सुदुरपश्चिममा मेरो विचारमा हाम्रो प्रदेशभन्दा वनमा धेरै राम्रो छ । वन त्यसपछि भनेको बजार त्यसको लागि हामीलाई मार्केट चाहियो अर्को ब भनेको त्यसपछि अर्को व भनेको हो यी ५/६ वटा बले मात्र हाम्रो विकास हुन्छ र त्यसरी बजेट विनियोजित गरिनुपर्छ र त्यहीं ढङ्गको देखिएको छैन र यले हेर्दाखेरि सरसर्ति चाहिँ यो तीन महिने बजेट चाहिँ गराएर सिध्याउने खालले चाहिँ देखाएको र कतै कसैको पारिश्रमिक नतोकिने कतै तोकिएको देखाउने अब सायद सभामुख र उपसभामुखज्यूलाई थाहा होला उहाँहरूको लागि पारिश्रमिक भनेर त्यसरी एउटाको तोकिसकेपछि सबैको हुनुपर्दथो नि त सरकारकोपनि हुन पर्दथ्यो । सांसदकोपनि हुनपथ्र्यो यो मैले बुझ्न नसकेको त बुझाउनुनै होला त्यसैले मैले भने नि हामी सायद चाहेको भए आजभोलि विरोधको लागि गर्ने भए घरभाडा शीर्षकमा एक रूपैयाँ विधेयक हामी ल्याउँथ्यौं होला त्यसकारण हामी चाहदैनौं । हामी चाहिँ सरासर अगाडि बढाउन चाहन्छौं तर नीति बनाएर मात्र हुँदैन बिहान मात्र मर्निङ वाकमा हिडिरहेको बेला अझैपनि हाम्रा प्रहरीका कार्यालयका अगाडि प्रदेश नं. ६ नै भनेर लेखिएको रहेछ । भनाइको मतलव कर्णाली प्रदेशपनि भन्न हामीहरूचाहिँ रहेका छैनौं । हाम्रा मन्त्रालयहरू छन् हामीले ती अनुगमनहरू गरिरहेका छैनौं । हेर्दा तपाईंहरूलाई सिम्पल कुराहरू जस्तो लाग्ला यो अब एउटाले बुझ्ने होला त्यसपछि ६ नम्बर प्रदेश भन्ने होला अर्कोले आएर कर्णाली प्रदेश भन्ने होला । कर्णाली प्रदेश मन्त्रालय र यो संसद भवनमा मात्र लेखेर पुग्ने हो त ? यी सारा ठाँउमा कर्णाली प्रदेश भनेर लेखाउने त्यसको अनुगमन गर्ने चाहिँ त्यो हाम्रा मन्त्रालयका जिम्मेवारीभित्र पर्छ कि पर्दैन ?

मैले हेरे मैले आफूले सोचे एउटा नयाँ मान्छे आएपछि त प्रदेश नम्बर ६ रहेछ भन्ने थियो यीसमेत पनि हामीले परिवर्तन गर्न सकेका छैनौं भने अरूढङ्गले अगाडि बढ्न सक्दैन यसकारण यो सरकारलाई शंकाको दृष्टिकोणले हेनुपर्ने खालको बजेट आएको हुनाले यसलाई चाहिँ सच्याइयोस् योभन्दा अरू चाहिँ म बढी भन्नपनि चाहाँदिन यो सच्याएर सबै सांसदहरूले खुला दृष्टिकोणले यो भोलि जाने कुरामा के नहोस् भने फलानो-फलानो गरो यहाँ आयो मैले फलानालाई दिए सिद्धियो अनि चाहिँ एक अरब रूपियाँ सिध्याउनलाई केही गाह्रै छैन पैसा सिध्याउनलाई के गारो हुन्छ र तर कुन ढङ्गले गरियो त्यो चाहिँ राम्रोसँग नआएको अवस्था भएको हुनाले प्रायोरिटी दिएकालाई मात्र पैसा बाँडौ त्यसकारण अ नभनेर करोडको यो राखिएको छ त्यो नराख्नको लागि भैपरी आउने हामीले भनेको भैपरी आउने जतिखेर जेपनि हुन सक्छ नि त भैपरीमा टोटल भन्ने हो भने यो पूँजीगत र चालु गरेर ३६ करोड चानचुन छ । भैपरी शीर्षकमा चाहे मन्त्रीज्यूले भन्नु होला है यो त अब सञ्चित कोषमा रहने भयो भनेर खर्च नभएको त सबै सञ्चित कोषमै रहन्छ नि

सबैलाई लिएर चाहिँ गरिदिउँ । सडक-सडकमा चाहिँ मैले देखेको छु १५, १६, १७, १८ करोडभन्दा बढी छैन तर मैले पैसा गोड्दाखेरि १६ करोड मात्रै देखिन्छ १, २ करोड त्यो सम्भाव्यता अध्ययनको लागि होला तर भएको त डिटेल राख्नुपर्‍यो नि त यसको लागि यति खर्च गरिनेछ अब प्राय त राष्ट्रिय गौरवका योजनाहरू बनाउने भन्याछौं त्यसको लागि हामीले यति बजेट विनियोजित गरेका छौं ।

असारमा खर्च हुँदैन सञ्चित कोषमा आउँछ त्यो चाहिँ फेरि क्रमागतमा जान्छ यसलाई चाहिँ हेक्का राखिदिनको लागि सभामुखमार्फत् म यो सम्मानित संसदलाई पनि अनुरोध गर्न चाहन्छु र मन्त्रीज्यूलाई विशेष गरेर यी सबै ज्ञान हुँदाहुँदैपनि यो बजेटले त यो प्रदेश भ्रष्टाचार शून्य सहनसिलतामा होइन भ्रष्टाचारयुक्त मुक्त होइन युक्त चाहिँ प्रदेश बन्ने बजेट आएको हुनाले यो बजेट चाँहि सुधारियोस् भन्ने हार्दिक अनुरोध गर्दै म यहाँहरूबाट बिदा हुन चाहन्छु धन्यावाद, जय नेपाल ।

**माननीय सभामुख :** माननीय श्री गुलावजँग शाह, समय सात मिनेट ।

**माननीय सदस्य गुलावजँग शाह :** माननीय सभामुखज्यू, आज कर्णाली प्रदेशको ०७४/०७५ को वार्षिक बजेट पेश भई सकेकोछ । त्यो बजेटमा हामीहरू छलफलमा भाग लिइरहेका छौं । यो बजेट जसले यो कर्णाली प्रदेशबासीलाई एउटा राहतको अनुभूति यो बजेटले कर्णाली प्रदेशबासी समृद्धिको यात्रामा एक इट्टा थपिने खालको ढङ्गले आएको छ भन्ने ढङ्गले मैले महसुस गरेको छु । खासगरीकन बजेट प्रस्तुत हुँदै गर्दा यो वर्षको अन्यतिर थोरै मात्र महिना बाँकी छन् । यी थोरै मात्र महिनामा बजेट विनियोजित भइसकेपछि हुने खर्च त्यसबाट हुने उपलब्धी र आज हामी यसको लगत्तै अर्को २०७५/०७६ को बजेट प्रि-बजेट जसलाई १५ दिन अगावै पेस गर्नुपर्ने अवस्थापनि छ । माननीय सदस्यहरूले जनताका बीचमा गएर राखेका कबुलहरू समेटेरपनि ल्याउनु पर्नेछ । त्यस्तो खालको परिस्थितिमा यो बजेट प्रस्तुत भएको छ बजेटको अर्थ समृद्धिको यात्रा हो । यो बजेटले एक बित्ता फर्केर अगाडि बढ्ने बाटो तय गरेको छ तर जहाँसम्म हामी नौलो आयाममा छौं यो नौलो आयाममा यी बजेटहरू प्रस्तुत हुँदै गर्दा बजेट छनौटको प्रक्रिया बजेटमा समेटिएका योजनाहरू कसरी समेटिए कसरी यी योजनाहरू परे वास्तवमा यी प्रश्न छन् । हामीले योजना प्रस्तुत गर्दैगर्दा वास्तवमा नेपाल एउटा करिब-करिब २०० मुलुक मध्येमा १० वटा सुन्दर मुलुक नेपाल राष्ट्र पर्छ । हाम्रो ती १० वटा सुन्दर राष्ट्र मध्येमा पर्ने नेपाल यसभित्र पर्ने कर्णाली प्रदेश सुन्दरै सुन्दरताले भरिएको यो प्रदेश जहाँ पर्यटकीय स्थलहरू छन् जहाँ रमणीय स्थलहरू छन् जहाँ तपाईंका चरनका ठुलठूला पाटनहरू छन् त्यस्तो स्थानमा यो बजेटले सम्बोधन गर्दा अझै हाम्रो समृद्धि यो प्रदेशको समृद्धि नै यो राष्ट्रको समृद्धि हो ।

यो प्रदेशको समृद्धि स्थानीय प्रदेशको समृद्धि हो भन्ने ढङ्गले यो बजेटहरू सम्भावित ढङ्गले आइदिएको भए अझ यसमा सुनमा सुगन्ध हुन्थ्यो भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु । बजेट प्रस्तुत गर्दै गर्दा पूर्ववक्ता माननीय सांसदले भने जस्तै बजेटका केही क्राइटेरियाहरू छन् । वास्तवमा हामी सबैलाई जानकारी छ नेपालमा पहिलो पटक वामपन्थीको सरकार नेकपा एमालेको सरकार बन्दा नेपालमा आफ्नो गाउ आफैं बनाउँ भनेर हामीले प्रत्येक गाविसमा तीन लाखको दरले बजेट विनियोजित गर्दा आज कोरिएका रेखाङ्कनहरू बाटाघाटाहरूले गर्दा आज सम्पूर्ण यात्रापनि केही सहज भएको छ । त्यसले विकासको पहिलो भनेको वास्तवमा सदन नै हो भन्ने कुरा वास्तवमा लुकाइ रहनु पर्दैन । त्यसैले बजेट विनियोजित हुँदा जुन ढङ्गले अहिले २०७४/०७५ को बजेट अहिले विनियोजित भएको छ त्यसमा केही सडकमा थपिनु पर्थ्योकी भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु ।

दोस्रो कुरा, मैले भने नेपाल एउटा सुन्दर देश हो हामीले बाहिरका मानिसलाई आकर्षित गर्ने कुरा हाम्रो देश सुन्दर छ, शान्त छ, पर्यटकीय रमणीय स्थलहरू छन् भन्ने आकर्षित गर्नको लागि पर्यटकीय क्षेत्रमा पर्याप्त मात्रामा बजेट विनियोजित भएन कि ? त्यो कुरालाई यो बजेटले राम्रोसँग समेट्न सकेन कि यो समृद्धिको यात्रामा पूर्ववक्ता माननीयज्यूले भने जस्तै जलस्रोत पर्यटन, जलस्रोत र तेस्रो कुरा भन्दै गर्दा केन्द्रीय बजेटमा पनि समृद्धिको पहिलो आधार भनेको शिक्षा हो । जबसम्म मान्छे एउटा शिक्षित गर्न सकिँदैन चेतनाले युक्त गर्न सकिँदैन यो बजेटपनि कार्यान्वयन हुन सक्दैन शिक्षा पहिलो कुरा हो यो प्रदेशमा विनियोजित गरेको रकम शिक्षामा साह्रै थोरै कम छ । मलाई एउटा कुरा याद छ बहुदल आउँनुभन्दा पहिला मुलुकमा भएका केही एन्जियोजहरूले राजनीतिक परिवर्तन गर्ने सोसल एक्टिभिटि गरे २०४६ पछि २०६० सम्म एन्जियोको रोल वास्तवमा लोकतन्त्र गणतन्त्र ल्याउनको लागि स्किल डेभलपमेन्ट ट्रेनिङ भनेर थुप्रो लाखौं, करोडौं, अरबौं बजेट खर्च दिने तर अब हाम्रा एनजिओ त रोलमटोलमा चेन्ज हुने गरेको छ अब एनजिओजहरू खाली मुलुकमा एसियन डेभ्लपमेन्टको लागि मात्र आउने हैन समृद्धिको लागि त कन्सट्रक्सन पिरियडमा लाग्नुपर्छ । निर्माणको पिरियडमा एन्जियोजको रोल भएको जस्तै गरी अब हाम्रीलेपनि परम्परागत ढङ्गले बजेटलाई विनियोजित नगरिकन यो हामीले पेश गरेको बजेटलाई अब तीन महिना पछि उभिएर जाँदा तीन महिनापछि अहिले ल्याएको बजेटले जनताको समृद्धिको आधारमा कति इट्टा थप्यो त्यो समिक्षा र मुल्यांकन गर्नु पर्नेबेलापनि हुने छ । त्यसैले यो बजेट विनियोजित गर्दा कमसेकम कर्णालीबासीले पटके रूपमा यसको लाभ लिने गरी अझ बजेट आइदिएको भए यो कर्णालीबासीको जय हुने नै थियो । यद्यपी बजेटको भावना बजेट आउँनुको मक्सत समग्रतामा कर्णाली प्रदेशको उन्नति र प्रगतिकै लागि छ ।

अब मेरो भनाइको अर्थ कमसेकम फाइन्ड आउट गरेर हामीले तीन महिनाको चाहिँ हामीले यो बजेट विनियोजित गर्दै गर्दा कृषिमा जति विनियोजित गरिएको छ किसानलाई एउटा ८० लाखको एउटा फ्रिज किनेर दिएर वास्तवमा त्यो सहि ढङ्गले सदुपयोग हुन सक्छ भन्ने कुराको ग्यारेन्टी यो बजेटमा उल्लेख छैन । यसरी मैले स्किल डेभलोमेन्टको उदाहरण दिए वास्तवमा मान्छेलाई तालिम मात्रै दिएर त्यो मान्छे शिक्षित हुन सक्दैन भने जस्तै गरी यो बजेट विनियोजित गर्दा कृषिमा जति पैसा विनियोजित भएको छ त्यहाँ त्यो बजेटले आमजनताका पक्षमा आम जनताले राहत महसुस गर्ने गरी यो बजेट विनियोजित उपलव्धी हुन्छ कि हुँदैन प्रश्न हामीले यहाँपनि गर्नुछ । हामीलाई कर्णाली प्रदेशलाई हिजो देखि नै एउटा मानसिकता छ कर्णाली प्रदेशका मान्छेहरू सिंहदरबार देखि धेरै टाढा बस्ने मान्छेहरू लाउन खान नजान्ने मान्छेहरू शिक्षाले पछाडि परेका मान्छेहरू र बेरोजगार अशिक्षा गरिबीले पिल्सिएका मान्छेहरू भने जस्तै कर्णाली प्रदेश फेरि यो बजेटले हामीले भोलि तीन महिना पछि समिक्षामा जाँदा जनताका पक्षमा उपलव्धीमूलक ढङ्गले बजेट शिलान्यास हुन सकेन भने बजेटको अर्थपूर्ण नहुन सक्छ । असल र पवित्र मनसायका साथ आएको बजेट भए तापनि बढि विनियोजित भएको रकम ठिक ढङ्गले परिचालित हुन सकेन कहीं कतै दुरूपयोग भयो भने यसबाट आइपर्ने अप्ठेरो खतरा त हामीले नै व्यहोर्नुपर्ने हुन्छ । त्यसैले म भन्न चाहन्छु यो विनियोजित भएको बजेट हुने पाटोपनि छैन हेर्दै गर्ने हो भने यो बजेट जसरी विनियोजित भएको छ खर्च गर्ने कार्यविधिपनि हामी कहाँ छैन यो खर्च हामीले गर्नुपर्दा भोलि ठिक ढङ्गले हामीले खर्चको अनुगमन, खर्चको मुल्यांकन, खर्चको समिक्षा गर्न सकेनौं जनताका बीचमा उपलव्धीमूलक ढङ्गले जान सकेनौं भने यो आलोचना हामीले व्यहोर्नुपर्ने हुन्छ ।

माननीय सांसदहरू जनताका बीचमा जाँदै गर्दा हो हामी चाहन्छौं प्रत्यक्ष रूपमा हामी जनतालाई सामेल हुने गरी चाहे त्यो बाटो होस् चाहे त्यो बिजुली होस् चाहे त्यो शिक्षा होस् चाहे त्यो स्वास्थ्य होस्, जनताले

प्रत्यक्ष राहत हुने गरी विनियोजित भएको र जनताले यो विकासमा म सामेल छु भन्ने कुरा अनुभूति हुने गरी यो बजेट विनियोजित होस् यो हामी माग गर्न चाहन्छौं । यसैले सभामुख महोदय, यो बजेट समग्रतामा जनपक्ष ढङ्गले जनताका पक्षमा कार्यान्वयन हुनेगरी आओस् र लागु होस् यो शुभकामना सहित आफ्नो भनाइ यही अन्त्य गर्न चाहन्छु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री धर्मराज रेग्मी, समय सात मिनेट ।

**माननीय सदस्य श्री धर्मराज रेग्मी :** सभामुख महोदय, कहाँबाट शुरू गर्ने समस्या छ आज । समस्या यसर्थमा छ कि सरकारको बजेट प्रस्तुत भएको छ । सरकारमा सामेल एउटा राजनीतिक पार्टीहरू छन् । भविष्यमा दुईवटा पार्टीलाई एउटा पार्टी बनाउने अभियानमा हामी छौं । माननीय अर्थमन्त्रीजीले प्रस्तुत गर्नुभएको बजेटमा फरक-फरक रूपमा दुईवटा पार्टीको गठबन्धन र निकट भविष्यमा भावनात्मक रूपले एकता गरी लैजानु पर्ने धेरै भावनात्मक पक्षहरू छन् अहिले यसमा बोल्नुभन्दा अगाडि केही समस्या छन् । अलि विलम्व छ सभामुख महोदय र यो संसद हो र संसदमा हामीले सबै विषयहरू राख्नु पर्छ । प्रतिपक्षको साथीहरूले संसदीय प्रक्रिया र लोकतन्त्रको बारेमा कुरा उठाउनु हुन्छ । हामीलाई बढो मजाले संसदीय प्रक्रियाको बारेमा जानकारी छ । म जुन दलबाट मेरो पार्टीले माओवादीकोतर्फबाट म निर्वाचित छु म जुन दलबाट यहाँ प्रतिनिधित्व गर्छु संसदका बारेमा तपाईं र हाम्रो बुझाइ अलि फरक छ सभामुख महोदय ।

हामीले बहुदलकालमा अभ्यास गरेको संसद जस्तो हामी आज अभ्यास गर्न चाहदैनौं । हामीले देखेका छौं नेपाली काँग्रेसको नेतृत्वमा बहुदलकालमा संसदमा संसदले आर्जन गरेको सम्पत्ति संविधान सभा पछि १५००० मान्छेहरूको रगतले समेत यहाँहरूले संविधान सभापछि संघीयता र आजको संघीयता आज हामी जुन ठाँउमा छौं यो संसद र त्यो संसद एउटा हुन ढङ्गले प्रतिबद्धता हो सभामुख महोदय । हिजो दुईवटा संसद एउटै होइन त्यसकारण संसदका बारेमा हाम्रो अलि फरक बुझाइ छ सभामुख महोदय । हामीले जनताका बीचबाट निर्वाचित भएर आएको छौं नीतिगत कार्यक्रममा हामीले समर्थन गरी सकेपछि बजेट पास हुन्छ यसमा विवादै छैन सभामुख महोदय । हामीले बजेटमा तालि बजाउँछौं सत्तापक्षको सांसदको रूपमा यो मेरो दायित्व हो, मेरो सीमा छन् मैले बोल्नु पर्ने यहाँ सीमा छन् सभामुख महोदय यसमा प्रश्नै छैन । प्रश्न के छभन्दाखेरि यो जननिर्वाचित थलो जनताको सार्वभौम प्रतिनिधिका रूपमा मैले मेरो क्षेत्रका ३१००० मान्छेतिर फर्केर करिब सत्र लाख प्रदेशका जनतातिर फर्केर मैले यो संसदमा आफ्नो कुरा राख्नै पर्छ सभामुख महोदय । यसको सीमाभित्र बस्छौ सभामुख महोदय ।

बजेटले आफ्नो सिद्धान्त, प्राथमिकता निर्धारण गरे दफा ५० मा बुँदा यसमा संघीयताको कार्यान्वयन, भौतिक संरचनाहरू निर्माण गर्ने, प्रदेशको चाहिँ यो स्ट्रक्चर बनाउने, पर्यटन कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, जनशक्ति हर्वल लगायतका बनाउनु भयो यसको मूल ध्येय बजेटको के रहेछ भने संघीयतको कार्यान्वयन रहेछ प्रदेशमा मूल उद्देश्य चाहिँ संघीयताको कार्यान्वयन हो भने संघीयतामा बजेट लोकेशन गर्ने तरिकाका बारेमा हामीले पोजेटिब सोचेनौं त्यसकारण हामीले भयौं कि भएनौं । बजेट हामीले यति विभेदकारी बनायौं बजेट हामीले यदि असहज बनायौं, बजेट हामीले यदि समावेशी बनाएनौं, बजेट यदि हामीले समानुपातिक बनाएनौं भने हामीले हाम्रो बजेटमा राखेको उद्देश्य संघीयताको कार्यान्वयन गर्ने हुन्छ कि प्रगारान्तर हामीले संघीयतालाई असफलता बनाउने हुन्छ ? यस बारेमा सरकारलाई र माननीय अर्थमन्त्रीजीलाई बढी जानकारी हुनुपर्छ, बढी चासो हुनुपर्छ ।

सभामुख महोदय यो तयारीहरू हुन्छ सबैले बजेटले दिन्छ अर्थमन्त्रीजीले बजेट प्रस्तुत गर्नुहुन्छ बजेटका बारेमा कहाँ छलफल हुन्छन् यति लामो बजेट भाषण गर्नुभयो । एउटा चुट्कीला छ नेताजी भाषण गर्न जाँदै हुनुहुन्थ्यो सेक्रेटरीलाई भाषण लेखाउनोभयो सभामा गएर भाषण बोल्नु भयो ताली बज्यो धेरै तालि बज्यो फर्केर आएर भन्नु भयो सेक्रेटरीलाई सोध्नु भयो यति राम्रो भाषण तिमिले के लेख्यौं । निकै तालि बज्यो मेरो त पटक-पटक हुटिङ भयो । सेक्रेटरीले भन्नुभयो भाषण त मैले छोटो लेख्या थिए तर मेरो गल्ती थियो मैले त्यसको ४ कपी प्रिन्ट गरेर तपाईंलाई दिएँ त्यो हजुरले ४ कपी दोहोर्‍याएर पढ्नु भयोहोला त्यसकारणले हुटिङ भयो होला । यो लेखिन्छ एक ठाउँ यसका कपिहरू कति बनाइन्छ विषयवस्तुहरू दोहोरिन्छन् । राष्ट्रिय गौरवका योजनाहरू ८ वटा राष्ट्रिय गौरवका योजनाहरू छन् सभामुख महोदय । ६५, ६६, ७६, ६८, ६९, ७०, ७१, ७२ र ७५ बुँदामा चाहिँ ८ वटा त राष्ट्रिय गौरवका योजना छन् । राष्ट्रिय गौरवका योजनाहरू हाम्रो प्रदेशमा मात्रै पर्ने हुन् कि अरू प्रदेशमा पर्ने हुन सभामुख महोदय, ८ वटा राष्ट्रिय गौरवका योजनाहरू छन् । भन्नुपर्छ मैले कुनै जिल्ला विशेषमा बढी बजेट छुट्टयाएमा यो मेरो आपत्ति अथवा टाउको दुखाइको विषय छैन अरू जिल्ला छुटेकोमा मेरो चिन्ता छ । अरू जिल्लाको नाम नआएकोमा मेरो चिन्ता छ सभामुख महोदय । जब म यो पढदै गएँ ६८, ७०, ७२ , ८१, ८४ यो म नम्र भन्दै छु सभामुख महोदय, ९७, ११५, ११८, १४०, १८५ केरे १५०, २१५, २३६ नम्बरमा १२ वटा ठाउँमा मैले भन्नु पर्छ सल्यान जिल्लाका आयोजनाहरू छन् सभामुख महोदय । अर्थमन्त्रीजीको जिल्लामा अध्यक्ष हुनुहुन्छ यदि म गलत छैन भने अब विकासका आयोजनाहरू छुट्याउन हामीले मन्त्री हुनु पर्ने कर्णाली जनताले सांसद नचुनेर मन्त्री चुन्ने प्रणाली र हामी आफूपनि मन्त्री भएर आएर मात्रै जिल्लाको बजेट हाल्नु पर्ने हो भने यसका बारेमा पनि सोच्नुपर्छ, छलफल गर्नुपर्छ सभामुख महोदय ।

संघीयता यो खालको होइन केन्द्रीकृत मोडलमा के हुन्थ्यो भने विराटनगरमा चाहिँ सुनसरीमा सँधै बजेट थपिन्थो सभामुख महोदय । मोरङमा सधैं छुटिन्थो, धनकुटामा सधैं बजेट जान्थ्यो नि हामीले किन संघीयतामा आयौं भनेर भन्दाखेरि बजेटको एलोकेशन गर्दा समानुपातिक हुनुपर्छ । स्रोत र साधनहरू पँहुचवालाकै क्षेत्रमा खन्याउने हो भनपछि तपाईंले संघीय व्यवस्था किन सवाल गर्नुपर्छ । बजेटले संघीयताको कार्यान्वयनको उद्देश्य किन लिनु पर्छ ? यी कामहरू जति भइरहेका छन् एकात्मक व्यवस्थामा पनि केन्द्रबाट नजर नपुग्दापनि यति बजेटहरू त छुटिएकै छ नि सभामुख महोदय । बाटाघाटाहरू भएकै छन् सुर्खेतमा त हामी पहिलो पटक बसेर योजनाहरू बनाउँदै छौं विकासको । यति पर्दा १२ वटा ठाउँमा सल्यान जिल्ला हुँदा म जुन जिल्लाबाट प्रतिनिधित्व गर्छ भाग्यमानी छु ४ वटा ठाउँमा म दैलेखको नाम आएर २ वटा ठाउँमा दैलेख लगायत भन्ने नाम आयो सभामुख महोदय । यो मध्येपनि म शौभाग्यशाली छु मेरो क्षेत्रको नाम आएन । एउटा धरमपोखरा मैले क्याटागोरीकल्ली भन्नुपर्छ किन भने यो टेलिभिजन लाईभ हुन्छ मेरो जनता सुन्दै छ म जसबाट निर्वाचित भएर आए हामी यता आउन तयार छौं तलब निर्धारण गर्न केही तलब खान या सामान्य दिन कटाउन आएका हैनौं सभामुख महोदय । हामी त एउटा परिवर्तनको आधीसहित आएका हौं हामी केही चिज गर्न आएका हौं सभामुख महोदय । तपाईंहरू तलब तोक्नुस् नतोक्नुस् यसमा केही छैन म त दैलेखको एउटा सामान्य मध्यम वर्गीय परिवारवाट हुर्केर गएर आफ्नो जिन्दगी बढो मजाले चलाको छु मैले भन्नुपर्छ तपाईंहरूको बीचमा यही भनेर आहो महिनामा तीन लाख रूपैया काठमाडौंमा कमाउथे छोडेर जनताको काम गर्न आएको हो मलाई यसमा गर्व छ तर कुरा के हो भने त्यो एउटा बाटो थियो सभामुख महोदय, त्योपनि मलाई साथीहरूले भने मलाई भौतिक योजना मन्त्रीजीको चाहिँ धरम पोखरादेखि मटेलासम्म त्योपनि अरू कसैको हो । मलाई जानकारी छैन कुरा मूल कुरा के हो भने के माननीयहरूले योजना माग्नु पर्ने तरिका हिजो काठमाडौं मा योजना मागेभन्दापनि

विभेदकारी हुने हो ? के माननीयहरूले विकास माग्ने तरिका हिजोकोभन्दापनि फरक हुनु पर्ने हो ? के माननीयहरूले फेरि फाइल लिएर सिफारिस गरेर जाने हो भने संघीयताको कार्यान्वयन हामीले कसरी गर्छौं ? यो संघीय व्यवस्था हामीले कसरी सफल बनाउछौं ।

यसको अर्थ म सत्ता पक्षको सांसदको रूपमा म यो बजेटको विरोध गर्न आएको छैन म बढो जिम्मेवारीपूर्वक के भन्छु भने यो बजेट हामी मुटुमाथि ढुङ्गा राखेरपनि पास गर्छौं सभामुख महोदय यसमा केही प्रश्नै छैन हामी पास गर्छौं तर हामीले जान चाहेको व्यवस्था हामीले बनाएको संविधान हामीले बनाएको संघीयता हामीले यहाँ बजेटको एलोकेसन गर्ने तरिका यही हो हामीले सिद्धान्तबाट विचलित भएका छौं कि छैनौं सभामुख महोदय, मेरो प्रश्न यो हो । बढो यसको एउटा छ सभामुख महोदय, यो सुर्खेतबाट चाहिँ यो जुम्ला केबुलकारको बारेमा अध्ययन गर्ने बढो फनी प्रोजेक्ट छ सभामुख महोदय । मैले साथीहरूलाई सोधे दैलेख केही परेन साथीहरूले टिप्पणी गर्नुभयो । सुर्खेतबाट चाहिँ अग्लो जाने होला त्यसपछिमाथि त्यो तेस्रो जाने होला अनि तल जाँदाखेरि दैलेखपनि पऱ्यो त्यो केबलकार जाँदाखेरि बढो फन्नी प्रोजेक्ट छ सभामुख महोदय । काम त गर्यौं त काम गर्नमा केही छैन हाम्रो ल्याकत कति छ हाम्रो क्षमता कति छ हाम्रो म्यानपावर कति छ यो जो नीति र कार्यक्रममाथि बाल्दै गर्दा मुख्यमन्त्रीजी बढो दिलबाट उहाँले के भन्नुभयो भने आफैं टायट गर्नुपर्ने कुरा टिपोटहरू आफैं गर्नुपर्ने अवस्था यो बढो सत्य कुरा हो हाम्रो कटु सत्य यो छ तर हामी यो एक महिनामा के गर्दैछौं भने केबल कारको सर्भेक्षण गर्दै छौं र १२००० डलर देखि २५००० डलर तपाईंको परआवर लाग्ने यति महङ्गो करिब करिब वर्षमा त तपाईंको चार लाख जति बिरामीहरू मात्रै यिनीहरूले एर एम्बुलेन्सबाट रेस्क्यू हुँदो रहेछ । संसारमा करीब त्यति महङ्गो प्रविधि हामीले जुन शुरू गर्दै छौं सम्पन्न बनाउला देश समृद्धि गरौंला प्रदेश र त्यसपछि यी आयोजनाहरू गरौंला । अहिले यो हतार भयो कि भन्ने मेरो विचार हो अहिले एक महिनामै यी सबै कामहरू हामी गर्ने हो कि हैन केही छन् सभामुख महोदय, भूमि र कृषिको समस्या बढो जटिल समस्या छ तर भु-स्वामित्वमाथि हामी निर्णय गर्ने तहसम्म पुग्न सक्दैनौं कानूनी रूपले जब जग्गाको चरणमा हामीलाई अधिकार हुँदैन जब जग्गा एकीकरण गर्ने र अधिकरण गर्ने जब हामीलाई अधिकार हुँदैन त्यो भएन भने हामीले बनाएका आयोगहरूमाथि बडाल आयोग गजुरेल आयोगमाथि हामीले भाग्यौं यो आयोगहरू थप केही औचित्य हामीले स्पष्ट पार्न सक्छौं कि सक्दैनौं ।

युनिभर्सिटिको बारेमा छ युनिभर्सिटिको बारेमा तपाईंको चाहिँ नामाकरण गर्ने मध्यपश्चिम विश्वविद्यालय ऐन अन्तर्गत स्थापित छ र ऐनका बारेमा लिगल स्टिमेन्ट खासगरीकन चाहिँ कानूनी रूपमा चाहिँ हामीले हस्तान्तरण गर्नुपर्छ त्यसको विकासको लागि हामीले बजेट छुट्याउने होइन सभामुख महोदय । आर्थिक मामिला मन्त्रीजीको अध्यक्षतामा अनुगमन समिति छ एउटा त के मञ्च गठन गर्ने छ सभामुख महोदय, सरकारले एउटा कुनै मञ्चबाट मैले त्यो टिपेको थिए सभामुख महोदय । सरकारले एउटा त मञ्चनै बनाउने केही बनाउदैं छौं । भइरहेका फोरमहरू मन्त्रालय नै चल्ने अवस्था छैन मन्त्रालय कसरी चलाउने भन्ने हामीलाई चुनौती छ कसरी मन्त्रालयलाई पहिलो बजेटको काम कसरी हाँक्नुपर्ने छ अब हामी चाहिँ केही फोरमहरू गठन गर्दैछौं यसो हुँदा समग्रमा मैले के हो भने बढो दृढदापूर्वक मैले यो व्यक्तिगत रूपमा मैले राखेको छैन म जुन दलबाट प्रतिनिधित्व गर्छु त्यो दलबाट हामीले राखिरहेका छौं । के राखिरहेका छौं भने यो बजेट हामी समर्थन गर्छौं र दृढतापूर्वक पार गर्छौं तर त्यसो गर्नुभन्दा अगाडि हामीले मुटुमाथि ढुङ्गा राख्नै पर्छ सभामुख महोदय यले संविधान, संघीयता हामीले बनाउन खोजेको व्यवस्था यसमाथि बढो यसको यो हुन्छ सिद्धान्तको बारेमा माननीय अर्थमन्त्रीजीले यसको सार किन विचलित भयो मलाई बढो चिन्ता छ सभामुख महोदय ।

यति कुराहरू मैले राखिसकेपछि अन्तिममा हामीले के गरौं भने अब अर्थमन्त्री भएरै जिल्लाको विकास गर्नुपर्ने मन्त्री भएरै विकास गर्नु पर्ने सांसदबाट केही नहुने प्रणालीबाट हामीमाथि उठौं । त्यो गर्ने तपाईंहरूले प्रणय गर्नु भयो भने त्यो गर्ने हिम्मत गर्नु भयो भने बजेट कार्यान्यिन हुन सक्ला अन्यथा बजेटको कार्यान्वयनमा प्रश्न उठछन् । जति बजेटको कार्यान्वयनमा प्रश्नहरू उठ्छन त्यति व्यवस्थामाथि प्रश्नहरू उठछन् यो व्यवस्थामाथिका फेरि मैले दोहोऱ्याएर भन्छु सहिदका रगतले ल्याएको व्यवस्था हो । कसैले आफ्नो स्वार्थको लागि तपाईंहरूले व्यवस्थाको मूल मक्सतमाथि प्रहार गर्ने गरी वैधानिकता दिलाउने नाममा तपाईंहरूलाई हामीलाई कसैलाई त्यो छुट छैन मैले यति कुराहरू राखेर बजेटभित्रका कन्टेनमा गएर गम्भीर आपत्ति व्यक्त गर्दागर्दैपनि म र मेरो दलको तर्फबाट हामी समग्र बजेटको सिद्धान्तमाथि समर्थन गर्न विवस छौं सभामुख महोदय धेरै धन्यवाद । मेरो कुरा यही टुङ्ग्याउँछु ।

**माननीय सभामुख** : माननीय श्री हिमबहादुर शाही, समय सात मिनेट ।

**माननीय सदस्य श्री हिमबहादुर शाही** : सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को विनियोजित विधेयक हिजो प्रस्तुत भएको छ । यस विधेयक सम्बन्धमा धेरै कुरा आइसकेको छन् मलाई मञ्चमा बोलाउँदा मलाई के लाग्छ भने मेरो व्यक्तिगत तर्फबाट सभामुख महोदय म के भन्न चाहन्छु भने फेरि यो मञ्चमा आयो रिङ्दै घुम्दै रूम्जाटार । यहाँ आयो भने घुम्दै घुम्दै रूम्जाटार भनेजस्तै कुराहरू स्मरण हुन्छन् । सायद यस सन्दर्भमाभन्दाखेरि यसभित्रको अन्तरवस्तुमा चाहे ती कुराहरू त्यहाँभित्र जोर जाम गरेपनि मभन्दा पूर्ववक्ता माननीय धर्मराज रेग्मीजीले धेरै कुरा स्पष्ट गरिसक्नु भएको छ ।

यस बारेमा म के भन्न चाहन्छु भने यस अर्थ विधेयकलाई पृथ्वीनारायण शाहले चार वर्ण ३६ जातको फूलबारी भने जस्तै हाम्रो अर्थमन्त्रीज्यूले हाम्रो कर्णाली प्रदेशको सरकारले ठूलो श्रम, ठूलो विधेयक ठूलो बुद्धि लगानी गरेर कर्णाली प्रदेशलाई ४ वर्ण होइन ८ वर्ण ७२ जातको फूलबारी भनेर यहाँ भइदिएको छ यसमा कुनै दुई मत छैन । स्पष्ट रूपमा भन्नु पर्दा यसको पौरख यसको मनसाय यही नै छ । म एउटा सानो कुरा भनौं ? यहिँ सुर्खेतकै कुरा हो आजभन्दा ४ वर्ष अगाडि कपासेमा सानो जिप दुर्घटना भयो रे जिप दुर्घटना भइसके एउटा छिमेकको मान्छे एउटा कपासेमा जिप दुर्घटना भयो अरे के भयो तपाईंलाई जानकारी छ हजुर म त्यहाँ गएर आए के भयो त त्यहाँ हजुर एउटा मान्छे मऱ्यो एउटा जुम्ली मऱ्यो एउटा केही भएन भनो अरे हेर्नुहोस् यो झट्टै एउटा मान्छे मऱ्यो, एउटा जुम्ली मऱ्यो अरू केही भएको छैन भनेर भन्या थियो रे के त्यसैले यसबारेमा म लामो केहीपनि भन्न चाहदैंन सरकारबाट जुन प्रस्तुत हुने बजेट हो यो अवश्यपनि संसदीय प्रणाली, संसदीय मान्यता लोकतान्त्रिक सँस्कृतिबाट आउने एउटा प्रक्रिया हो । यो कुनै घटना होइन नेपाली काँग्रेस स्वयम् म यसलाई घटनाको रूपमा हामी हेर्न चाहदैनौं तर यसभित्रको अन्तरवस्तुलाई हेर्दाखेरि यसको सबै कुराहरू हेर्दाखेरि अचम्मै स्तब्धतासाथ भन्नु पर्दछ । आज बिहान मात्र म आफ्नो कोठामा बसेको थिए हाम्रो दैलेखको पश्चिम क्षेत्र अथवा (क) र (ख) दुल्लु र चाहिँने हाम्रो सभामुखको र मेरै निर्वाचन क्षेत्र आठबिस ठाँटिकाधबाट फोन आयो हाम्रो ठाँटिकाधको र दुल्लु कालभैरव चाहिँने बाटो काटेर दैलेख महाबुबाट चाहिँने जुम्ला कालिकोट बाटो जोडियो अरे यो केहो यहाँ के हो भनेर मलाई फोन आयो मलाई थाहा छैन भनेर भने किन थाहा नहुने तपाइँ त्यहाँको माननीय बैठकमा हुनुहुन्छ तपाईंलाई थाहा नहुन कसलाई थाहा नहुने । खै राती हेलिकप्टरबाट गयो भने थाहा भएन त । मलाई भेट भएन त्यो बाटो गएको भन्दिए मैले यस्तो यस्तो सोझै जवाफ र मैले फोन राखें तर त्यस्तो किसिमको कुराहरूपनि यहाँ अगाडि आइसकेको छैन ।

यस बजेटकै कारणले यसमा खासगरेर म यो अहिले आदरणीय सम्माननीय मुख्यमन्त्रीज्यू हुनुहुन्छ, अर्थमन्त्रीज्यू हुनुहुन्छ, अन्य हाम्रो आदरणीय मन्त्रीज्यूहरू हुनुहुन्छ । जब हाम्रो शपथ ग्रहण शुरू भयो त्यो दिनबाट नै कर्णाली प्रदेश गरिबी, गरिबी, गरिब, गरिब, गरिब भन्ने प्रत्येक मुखमा झुन्डिएको छ प्रत्येकको मुखमा त्यो भएर आएको छ तर त्यो गरिबीलाई न्यूनीकरण गर्ने रणनीति के त ? हाम्रो अर्थ विधेयकले हाम्रो सरकारले त्यो गरिबीलाई न्यूनीकरण गरेर अलि सहज बाटो दिने कर्णाली प्रदेशको जनतालाई बाटो दिने संरचना के हो ? यसको मार्ग निर्देशन के हो ? गरिबी न्यूनीकरण गरिने छ कसरी गर्नु हुन्छ गरिबी न्यूनीकरण ? गरिबी न्यूनीकरण गर्नु हुन्छ कसरी पहिले ? त्यसको मार्ग निर्देशन के हो र त्यसको रकम कति हो, बजेट कति हो ? स्पष्ट यसभित्र आउँनुपर्‍यो । गरिबी न्यूनीकरण गर्नको निमित्त । या त कर्णाली प्रदेशलाई गरिबी प्रदेश भनेर भन्न छाड्न पर्‍यो हामीले त्यो कुराहरू यहाँ देखिएन । अर्को कुरा सञ्चित कोषको स्रोत र यसको अपेक्षाकृत आर्थिक कार्यक्रमको परिणाम खर्च बारे सुनिश्चित भएर आएको छैन सञ्चित कोष भनेर राखिएको छ । सञ्चित कोष भनेको यसमा स्पष्ट उल्लेख गरिएको छ तर सञ्चित कोषको सबै स्रोत र त्यसको चाहिने सूचीकरण भएर अपेक्षाकृत सूचीकरण भएर यसले स्पष्ट गरेको छैन । यस विधेयकले यसको लागि यसप्रति ध्यानाकर्षण गर्न चाहन्छु । बजेटले आर्थिक बृद्धि, मूल्य बृद्धिर रोजगारीको लक्ष्यहरूलाई कसरी यहाँ मार्ग निर्देशन अथवा कार्यदिशा दिएको छ त । केबल दीगो विकास कहिलेको दीगो विकास ? २०७४/०७५ को दीगो विकास आर्थिक वर्ष २०७५/२०७६ को दीगो विकास आर्थिक वर्ष २०७७/०७८ को दीगो विकास या आर्थिक वर्ष २०९०/०९१ को दीगो विकास हो त्यो स्पष्ट रूपमा यसमा आउन सक्नु पर्थ्यो तर त्यो देखिएको छौं । कहिलेको दीगो विकास हो ? कर्णाली प्रदेशको दीगो विकास गर्न सक्ने कर्णाली प्रदेश गरिब जनता दीगो विकास हामीले भनिराखेका छौं । खै त कर्णाली प्रदेशको दीगो विकासको के हो त हामीले स्वागत गर्‍यौं । मुख्यमन्त्रीज्यूको शपथ ग्रहण पछि पहिलो यो बैठकले प्रदेश, कर्णाली प्रदेशका मानव जीवनका लागि अर्गानीक स्वस्थ्यकर जीवन बनाउन जुन निर्णय गर्‍यो त्यसलाई हामीले स्वागत गर्‍यौं, सराहना गर्‍यौं तर त्यसको साथसाथै कर्णाली प्रदेशको दीगो विकासको लागि अथवा अर्गानीक प्रदेशबाट मानव जीवनलाई नै दीगो बनाउनको निमित्त के कार्यक्रमहरू ल्याइयो त ? अझ हामीले सिटामोल किन्न मेडिकलमै जानुपर्ने हो ? अझै हामीले त्यो के भिक्स किन्न मेडिकलमै जाने हो भने के-को अर्गानीक, के-को अर्गानीक निर्णय हो त ? यस्तो किसिमको कारणले यलाई सक्दैनौं तर मलाई त के लाग्छ भने सभामुखमार्फत् म सभामुख महोदय, सभामुखमार्फत् मुख्यमन्त्री अर्थमन्त्री र मन्त्रीज्यूहरूकोपनि यस बजेट वक्तव्यमा केबल एउटै मात्र मैले पाएको छु स्पष्ट रूपमा संवैधानिक कार्यदिशामा मात्र तपाईंहरूले प्रस्तुत गर्नु भएको छ ।

कर्णाली प्रदेशका जनताहरूको आवश्यकता, आकांक्षा र कर्णाली जनता कर्णाली प्रदेशलाई स्पष्ट धारणा साथ अगाडि लैजाने एउटा कार्यदिशा दिन यी आएको छैन । यसैको लागि अत्यन्तै ल अघि हाम्रो केही पूर्ववक्ता साथहरूले भनि सक्नु भएको छ यो भैपरी आउनेमा १४ करोड ९३ लाख र के रे चालुमा र पूँजीगतमा १७ करोड २२ लाख ९७ हजार गरेर ३२ करोड १५ लाख ९७ हजार रूपिँया भैपरी आउनेमा राखिएको छ । अब यिनी चालुमा १४ करोड ९३ लाख रूपिँया के-के मा खर्च भएको हो ? कहाँ खर्च भएको हो ? स्पष्ट हामीलाई दिन पर्‍यो केबल संसदलाई चालु वर्ष मात्रै भनेर लेखेर भएन कि १४ करोड ९३ लाख रूपिँया चालुमा कहाँ-कहाँ भयो भैपरी आउनेमा कहाँ खर्च भयो कसैलाई औषधि खर्च दिइयो कि ? कहि विपद् दैवी विपद्हरू आएकी बाढि पहिरो गयो कि ? या कसैलाई माहामारी आयो कि ? कहाँ खर्च भयो यो ? यो स्पष्ट आउँनुपर्‍यो र अथवा आगामी १७ करोड रूपिँया त्यस अवस्थालाई हामी स्वीकार गरौंला कहाँ खर्च गर्ने हो ? के गर्ने हो कसरी जाने हो ? त्यो क्याविनेटले अब हामीलाई स्पष्ट जानकारी गराओस्

तर यस्तो किसिमको अदृश्य एक किसिमको अदृश्य रूपबाट यसरी आउँनु भएन । यसको लागि अत्यन्तै यो चाँहिने के रे यसले अवश्यपनि कर्णाली प्रदेशलाई संगठित गर्न सक्दैन ।

अब, अहिले अब मैले तपाईंहरूलाई स्पष्ट भन्छु त्यहीं निर्वाचन क्षेत्रको प्रतिनिधि भएको हुनाले । माननीय अर्थमन्त्रीज्यू तपाईंले सुर्खेत दैलेख महाबु कालिकोट जोड्ने बाटो त यसमा राख्नु भयो यसमा होइन यसमा राख्नुभयो तर महाबु अत्यन्त आवश्यक बाटो हो माहाबु करिडोर स्थलपनि हो । माहाबुमा बाटो जान आवश्यकपनि छ र अहिले प्रयासपनि भइराखेको छ । यसको साथसाथै माथिल्लो डुंगेश्वर, कालभैरव दुल्लु, डाडिमाडि, कुसापानी व्याउलिसम्म बाटो कालिकोट दैलेखले जोडि सकेको छ । खुला ट्र्याक खोली सकेको छ भए कालिकोटले भर्ता सम्म बाटो खोलेर ट्र्याक अब दुई महिना तीन महिनामा चाहिने के रे कच्चा सडकमा के रे पुग्दै छ ।

२०५१ सालमा सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाबु, गिरिजाप्रसाद कोइरालाले शिलान्यास गरेको तल्लो डुंगेश्वर, दुल्लु, ठाँटिकाध, विपल्कोट बाटो अब कालिकोट पुग्न करिब करिब ५ किलो मिटर ७ किलोमिटर बाँकी त्यहाँ छ त्यो कसरी बिर्सनु भयो ? कहाँबाट राख्नुभयो यस किताबमा र त्यसलाई दैलेखको समग्र विकासमा कसरी अघि भनिहाल्नुभयो पूर्ववक्ता साथीहरूले म धन्यवाद दिन चाहन्छु के ***(माननीय सभामुख : समयलाई ध्यान दिन माननीय सदस्य)*** मा तर यसकारणले सभामुख महोदय मैले लामो समय लिएको छैन ध्यानमै राखेको छु । यसमा अवश्यपनि यसैले यी कुराहरूलाई यसरी नभएर प्रत्यक्ष छलफल प्रत्यक्ष संवाद प्रत्यक्ष आपसि चाहिँने के रे व्यापक छलफल र संवादबाट कुनैपनि निर्णय जानु पर्दछ । भन्ने कुरा म राख्दै म अहिलेलाई बिदा हुन्छु धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख :** माननीय श्री करविर शाही, समय सात मिनेट । त्यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनु होला ।

**माननीय सदस्य श्री करविर शाही :** सभामुख महोदय, आज हामी १३ औं बैठकमा प्रस्तुत भएको नीति तथा कार्यक्रम पास पछि १६ औं बैठकमा प्रस्तुत भएको नीति तथा कार्यक्रमले निदृष्ट गरेको कर्णाली प्रदेश सरकारको विनियोजन विधेयकमाथि छलफलमा छौं । यो छलफल गरिरहँदा हामी सरकारलाई केही सुझावका रूपमा केही अनुरोधका रूपमा जनप्रतिनिधिको नाताले यहाँ उभिएर केही कुरा भन्न गइरहेका छौं । खासगरीकन अस्ति नीति तथा कार्यक्रममा हामीले माननीय सांसदहरूले जे सुझाव दियौं सुझावहरू मुख्यमन्त्रीज्यूले जवाफ दिँदा आगामी दिनहरूमा तपाईंका सुझाव र आउने बजेटमा विनियोजन विधेयकमा केही समेटिएलान् समेट्न सकिने खालका छन् भनेर जवाफ दिनु भएको थियो । यो रोष्टमबाट गतिका हिसाबले नीति तथा कार्यक्रमलाई यो बजेटले पछ्याएको त देखिन्छ तर यसलाई कार्यान्वयनको सन्दर्भ हेर्ने हो भने फेरिपनि केही गरौं गरौं र केही गर्न नसकौंमा जस्तो लागेर अन्यौलमा फसिरहेको जस्तो यो विनियोजन विधेयक देखिन्छ ।

पूर्ववक्ता माननीय सदस्यज्यूहरूले वास्तवमा आफ्नो ओपनियन धारणा राखिसक्नु भएको छ । म ती विषयलाई पुनरावृति नगर्ने गरी म अगाडि बढ्न चाहन्छु । खासगरीकन यो विनियोजन विधेयकमा कि त सबै जिल्लाका १० वटै जिल्लाका दुई वा दुईभन्दा बढी जोड्ने वा दुईवटा गाउँपालिका वा दुईवटा नगरपालिका जोड्ने लेवलका सडकहरूलाई वा त्यस्ता आयोजनाहरूलाई पनि समावेश गरिनुपर्थ्यो । अघि माननीय धर्मराज रेग्मीजीले भनिसक्नु भयो यो यस्तो अवस्था जो नआओस् । जसले निदृष्ट गर्ने दिशाभन्दा गोलमटोलमा उभिएर मात्रै अगाडि बढ्ने बाटो फेरिपनि हामीले अबलम्वन नगरौं । खासगरीकन हामीले

सिंहदरबार टाढाभयो भनेर जे आन्दोलन गऱ्यौं, जे अभियानमा लाग्यौं र त्यो अभियानताका हिसाबले आज हामी यो मञ्चमा उभिएर रोष्टममा उभिएर केही कुरा बोल्न अवसर पाएका छौं । २०४६ को परिर्वनत होइन नि यो हामी त २०४६ को परिवर्तनलाई पनि त्यो कम भयो त्योभन्दा धेरै चाहियो भनि संघीयता गाउँघरमा ल्याउनको लागि सिंहदरबारलाई गाउँघरमा ल्याउनका लागि हामी लागेका थियौं तर सिंहदरबार फेरिपनि एउटा कुनै न कुनै कटौतीमा फेरिपनि त्यो घुमेर बस्ने फेरिपनि गाउँघरमा सिंहदरबार नजाने अवस्था नआओस् म यो ध्यानाकर्षण गराउन चाहन्छु ।

खासगरीकन बजेटले पदाधिकारी वा त्यहीं लेबलको मान्छे हुनै पर्ने कुरालाई अलिअलि कही न कही राखेको जस्तो देखियो । म सत्तापक्षको सांसद हुँ मेरो पार्टीबाट आर्थिक मामिला मन्त्री हुनुहुन्छ । यहाँ ल्याइएका विषयहरू कि सांसदहरूलाई कन्सल्ट गरेर ल्याइनु पर्थ्यो तपाईंहरूको प्राथमिकताका कुराहरू के-के हुन तपाईं त्यो जिल्लाबाट पर्यटन, कृषि, लगायतका कुराहरू होइन भने तपाईंहरूले जानेसम्म तपाईंले जे कुरा राख्नु भएको छ र राख्दाखेरि तपाईंहरूले आधार मान्नु भएको छ । स्थानीय तहका योभन्दा अगाडिका साविकका स्थानीय निकायहरूले बनाएका आवधिक जिल्ला विकास योजना आवधिक गाउँविकास योजना लगायतका विषयलाई चाहिने यसका आधार पत्र मानिएको छ भन्नु भएको छ । ती आधार पत्रहरूमा वास्तवमा किटानी गरिएको छ कतिपय विषयहरू कार्यान्वयनको चरणमा छन् कतिपय विषयहरू कतिपय आयोजनाहरू बजेट नपाएर अधुरा रूपमा रहेका छन् । आधार यो मान्ने व्ययभारमा टिपोटको हिसाबले हामीले विगतमा जस्तै पावरवालाले पहुँचवाला ले मञ्चमै झट्ट केही चाहिँ दुई लाइन लेखेर दियो भने त्योपनि योजनामा समेटिदिने प्रविधिलाई अन्त्य गर्छौं भनेका छौं त्यो अन्त्य गर्नका लागि सबैले कसम खाएका छौं हामीले शपथ ग्रहण गरेका छौं तर आज फेरिपनि हाम्रो तर्फबाट हामीले भन्नु पर्दा फोनहरू निरन्तर आइरहेका छन्, के भयो के सञ्जाल बन्यो सुर्खेत र सल्यानको निकै एकदम बाक्लो जालो बन्यो त्योभन्दामाथि त थुप्रै बन्द गरिएको जस्तो तालाचाबी लाए जस्तो भयो सडकले जाजरकोट नछोएको त होइन नि जाजरकोट सम्म ४ वटा ठाँउबाट जाजरकोट भन्ने शब्द उच्चारण गरिएको छ ।

जहाँबाट त्यो बाटोले कहीपनि आउदैंन जहाँसम्म लिएर छोडिएको छ त्योभन्दा उत्तापट्टी जहाँ जोड्ने भनिएको छ ती कोहीपनि ठाउँमा त्यो बाटोहरूले जोड्ने मद्दत पुग्दैन । कम्तीमा मोटरले सडकको शुरूवात र अन्त्यको कही न कही मिलन विन्दु त हुनु पऱ्यो । कहाँ लिएर छोड्ने हो यो हिसाबले केही योजनाहरूलाई यहाँ चाहिँ जिल्ला छुवाउने नाममा त्यो हिसाबले अघि सारिएको छ र केही पैसा अबण्डाको कुरा माननीय सांसदले उठाइसक्नु भएको छ । वास्तवमा यो नीतिभित्र पर्ने विषय हो कि होइन ? म यसलाई अलिकति थोरै केन्द्र सरकारले सामानीकरण अनुदानका हिसाबले हामीलाई र स्थानीय तहलाई बजेट दिए जस्तो हामीले यो बेलामा खर्च गर्न नसक्ने कसरी ? कित सञ्चित कोषमा राखेको भए राम्रो केही टोकनका मनीका रूपमा हामीले स्थानीय तहलाई दिएको भएपनि राम्रो हुन्थ्यो कि ? यो विषयलाई पनि उजागर गर्नुछ किनभन्दा प्रदेश सरकारले केही देला भन्ने आशमा उहाँहरूपनि हुनुहुन्थ्यो । वास्तवमा केही आयो कि बजेटमा कहीं पाता पल्टाउँदा कहिँ त हामीलाई केही देखिएन भन्नु भयो । न तपाईंहरूको देखियो न हाम्रो देखियो हुने भयो कसको भन्ने अवस्थामा हामी पुग्या छौं । यो हिसाबले वास्तवमा यो बजेटले अलि अन्योलता, अलि अनिश्चिता, हामीलाई फेरिपनि जनप्रतिनिधिका हिसाबले उभिएर कहीं भन्नु पर्दा ठोस रूपमा यसपालि यो गर्न सकिन्छ जिल्लामा र यो प्रदेशमा यो गर्न सकिन्छ यो प्रदेशमा समृद्धिको बाटोमा अगाडि बढ्न सकिन्छ भनेर किटानी गरेर भन्न सकिने स्थिति केहीपनि रहेन । वास्तवमा भन्ने गरिएको छ नीति तथा कार्यक्रममा प्रदेश सम्भावाना नै सम्भावनाले भरिएको भनेर होला खाली सम्भाव्यता अध्ययन वास्तवमा यो अमूर्त कुरा यसमा पनि मलाई लाग्छ यति वटा सम्भाव्यता अध्ययनको लागि राखे

के हो केबुलकार जलविद्युत लगायतका शीर्षकहरू राखेर मैले आजसम्म देखेको बजेटमा सम्भाव्यता अध्ययनको लागि यति पैसा राखेर त्यसका मुनि योजनाहरू राखेर लिस्ट हुने प्रचलन हुन्थ्यो जस्तो मलाई लाग्छ । वास्तवमा हुन त त्यो रातो किताबमा आउँला माननीय मन्त्रीज्यूले जवाफ दिँदा भन्नु होला तर रियलमा यसमा पनि कम्तीमा केहीन केही लगायत भन्ने शब्दलाई राख्दा सजिलो हुन्थ्यो जस्तो रूकुममा रूकुमको सोलावाङ लगायतका केही ठाउँहरूमा चिलिङ भ्याट अब त्यस्ता त बजारीकरण भइरहेका ठाउँहरू त्यो करिडोरभित्र रूकुम, जाजरकोट र सल्यानको मेहेलकुना लगायतका यी ठाउँहरू लहरै पर्ने ठाउँहरू ती पाँच/सातवटा ठाउँहरू तिनलाई पनि सम्भाव्यता अध्ययन सम्भाव्यता अध्ययन भनेर लेखिदिएको भए कम्तीमा चित्त बुझाउने ठाउँत हुन्थ्यो । लगायत भन्ने शब्दले कति समेटिन्छ त्यो शब्दले कति समेटिन्छ मलाई थाहा छैन तर लगायत भन्ने शब्द भनेको खाली व्यवहारमा एउटा विषयलाई अलिकति गन्जागोल बनाउने त्यहाँ लगायत तपाईंकोपनि थियो नि तपाईंको भन्ने कुरा बाहेक केहीपनि होइन जस्तो लाग्छ ।

सँगसँगै हामीले केहीलाई राष्ट्रिय गौरवका ओजनापनि भनि हाल्यौं गौरवका लागि केन्द्रीय सरकारसँग समन्वय गर्नेपनि भनि हाल्यौं । त्यो समन्वय गर्ने गहसम्म पुग्ने योजनाहरूको एउटा कम्तीमा पनि एउटा चाँङ कम्तीमा सात वटा पाँच वटा कतिवटा हो ति सबैलाई समेटिने गरेर केही लिस्ट राखिदिएको भए र बाँकी प्रदेश गौरवका आयोजनाहरू हुनेछन् भन्दिएको भए हामीलाई सास फेर्न सजिलो हुन्थ्यो जस्तो लाग्छ । हामीले लगाएको व्यवस्था हामीले गर्न खोजेको हामीले परिवर्तन गऱ्या र आजसम्म लागेको र जनताका अगाडि वकालत गर्दै आएका विषयहरू आज आएर कहीं न कहीं आएर जगडिएर ठाउँमा रहेको जस्तो फिलिङ भइराख्या छ । वास्तवमा यो यस्तो सार्वभौम संसद हो हामीले कहिकहीं भन्नुपर्छ अहिले बाहिर गयो भने क्यामराले कैद गर्न खोज्छ तपाईंको आफ्नो निर्वाचन क्षेत्रमा तपाईंहरूको आफ्नो जिल्लामा के हो भनेर भन्नु पर्दा सहजै केहीपनि भन्न नसकिने स्थिति रहँदाखेरि हामीले बजेट त ल्यायौं आयो बजेट त के ल्याउँ भयोभन्दा केहीपनि ल्याएनौं त्यो लगायत लगायत भन्ने शब्दहरू छन् भनेर अगाडि बढ्नु पर्ने अवस्था छ त्यसकारणले यो संशोधन त हुँदैन अलिकता कार्यक्रमपनि भएन यसमा नसमेटिएला तर पनि समेट्नका लागि पर्यत्न गर्नेका लागि माननीय आर्थिक मामिला मन्त्रीज्यूलाई केही विषयहरू वास्तवमा पछिल्लो सम्बोधनमा साँच्चै हो हामीले यो प्रदेश समृद्धिको बाटो ढोका खोल्ने हो भने त के गर्न खोजिएको हो भनेर दुरदृष्टि कम्तीमा चाहिन्थ्यो । अहिले हामी फेरिपनि यो बजेटभित्र कामका हिसाबले हेर्ने हो भने कार्यान्वयनका हिसाबले हेर्ने हो भने सफ्टवयर बाहेक खाली केही सफ्टवेरमा त गरौंला जस्तो देखिने वास्तवमा सफ्टवयरपनि चाहिन्छ यो बेला कर्णाली प्रदेशलाई सफ्टवयरको पार्ट धेरै र हार्डवयरको पार्ट थोरै चाहिने होइन यो बेला ८० प्रतिशत स्वभावलै प्रदेशको मुख्य आधार प्रदेशको समृद्धिको मुख्य आधार भौतिक पूर्वाधार भनि सकेपछि ८० प्रतिशत भौतिक पूर्वाधारतर्फ हामी उन्मुख हुनुपर्छ बजेट र बाँकी वास्तवमा सफ्टवयरको पार्टपनि हुनुपर्छ नहुने पर्ने कुरा त हुँदै होइन तर पनि त्यो २० प्रतिशतमा मात्रै झारेको भए त्यो एलोकेट गरेको भए राम्रो हुन्थ्यो र मैले केही योजनाहरूपनि एउटा सभामुख महोदय, म यहाँ भन्न चाहन्छु ।

सभामुखले सरकारले चलाइरहेका केही आयोजनाहरू छन् यीपनि कुनै पालिकास्तर वा जिल्लास्तरमा छैनन् जुम्ला कर्णाली, दैलेख र सुर्खेत सडक भनेर यो केन्द्रले चलाएको छ । सडक बाँके जुम्ला सडक भनेरपनि यो केन्द्रले चलाएको छ । खलंगा, पाँचकाठिया ब्याउलि ढुंगा सडक योपनि केन्द्रले नै चलाएको छ । खलंगा पाँचकाठिया कुलचौरी बारेकोट जुम्ला सडक योपनि केन्द्र सरकारले चलाई रहेको सडक हो र छेडा लामाचौर हुदै बाटो भन्ने अँ पर्यटकीयस्थलपनि हो जुम्ला जाजरकोट सडक केन्द्रमा पर्छ त्यसलाई पर्यटकीय

केन्द्रको रूपमा पनि राख्नु पर्छ र यो बाटोको कुरा छ जाने कुरापनि छ धरमपोखरा सडक भनेको जुम्ला सम्म ।

**माननीय सभामुख :** माननीय श्री गोपाल शर्मा, त्यसपछि माननीय श्री सुशिलकुमार थापा तयार रहनुहोला, समय सात मिनेट ।

**माननीय सदस्य श्री गोपाल शर्मा :** माननीय सभामुखज्यू, हिजो प्रस्तुत भएको बजेटभन्दा अगाडि एउटा प्रश्न थियो । खासगरि हामीलाई चुन्ने मतदाताहरूमा बजेट कहिले प्रस्तुत हुन्छ ? भन्ने प्रश्न थियो हिजो देखि त्यो प्रश्न हल भएको छ र बजेट हिजो प्रस्तुत भइसकेको छ र हिजो नै फेरि मतदाताले अर्को प्रश्न हामीलाई गरेका छन् हाम्रोमा कति प्रस्तुत भयो ? हामीमा कति बजेट प्राप्त भयो ? भन्ने कुरा प्रश्नको रूपमा प्रस्तुत गरेका छन् । त्यो प्रश्नको जवाफ चाहिँ मैले यहाँ खोज्न थालिराछु र भेटाइराको छैन । त्यसो गर्दा मैले फेरि यहाँ यो मञ्चमा अथवा सभामा उपस्थित हुँदै गर्दा जुन जिम्मेवारीबाट म उपस्थित छु त्यो जिम्मेवारीबाट म माननीय अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नु भएको बजेटको पुनःसमर्थन गर्दछु र यसले एउटा सपना देखेको छ त्यो सपनाको कार्यान्वयनको लागि सुभेक्षा प्रकट गर्दछु । अब यसले रकम परिचालनको लागि वैधानिकता हामीलाई दिएको छ । त्यो वैधानिकतापनि हाम्रो सरकारले प्राप्त गरेको छ र सरकारले यसलाई सदुपयोग गरोस् भन्ने अपेक्षा राख्दछु । मैले आलोचना गर्न मिल्छ मिल्दैन पूरानो संसदीय प्रक्रियाका अनुभवीहरूलाई थाहा छ होला तर म त्यो प्रक्रियामा भाग नलिराखेको विगतको सन्दर्भलाई अनुभूति गर्दा केही कुराहरू खासगरी मलाई माननीय अर्थमन्त्रीजीले फोन गरेर के भन्नु भएको थियो भने एउटा योजना दिनुहोस् । यति बराबरको एउटा योजना दिनुहोस् । मैले के बुझे भने एक-एक वटा योजनाहरू कम्तीमा मन्त्रालयले सम्बोधन गर्छन् भन्ने अर्थबाट त्यसरी नै सिफारिस गरे तर आज हामीसँग जे किताबको रूपमा हामीसँग आएको छ त्यसलाई विश्लेषण गर्दाखेरि धेरै कुरा फरक पर्न गएको छ ।

मैले बुझेको यो बजेट दुई महिनाको लागि हो । यसरी हामी अर्को नीति तथा कार्यक्रममा छलफल गर्छौं र त्यो अर्को बजेटमा पनि छलफल गर्छौं । त्यो अवस्थामा हामीले अहिले धेरै कुरा यहाँ दुई महिनाको लागि दुई दशको छलफल चलाई राख्या छौं हामी । त्यसकारण अलिकति अन्यौलता मलाई बुझ्नको लागिपनि भएको छ र प्रस्तुतकर्तालाई र सजिलै होला यो कुरा मैले यहाँ खासगरी अलि यति केही कुराहरू देखिराख्या छु जस्तो यो कतिपय नीति तथा कार्यक्रमको प्रतिलिपिको रूपमा बजेट आइपुगेको छ । यो असमान वितरणको रूपमा माननीय अगाडि बोल्ने वक्तामा पनि यो बताइराख्नु भएको छ मैले यसो हेरे २२ वटा बुँदाहरूभित्र सल्यान र सुर्खेतको मात्रै त्योपनि सुर्खेतका अरू माननीयज्यूहरूलाई र सल्यानका अरू माननीयज्यूहरूलाई अप्ठेरो पर्ला निश्चित निर्वाचन क्षेत्रहरूमा २२ वटा मध्ये १२ वटा बुँदामा निश्चित दुईवटा निर्वाचन क्षेत्रको मात्रै फोकस छ । यसो गर्दा यो हिजोको परम्परा पुनरावृत्ति हुने हो भने हामी नयाँ संघीयताको अभ्यास कसरी गर्न सक्छौं । समान विवरणको पक्षमा आन्दोलन गरेर आएकाले त्यो परिवर्तनका केही पहलकर्ताहरूसमेत हामी भएका हिसाबले आज यसलाई हामीले स्मरण कसरी गर्न सक्छौं ।

अब अर्को माननीय अर्थमन्त्रीज्यूको दुई महिनाको स्थितिलाई हेर्दाखेरि रूची अलि सम्भाव्यता अध्ययन मै देखियो हामीले अलिकति रकम बढाइ दिने हो भने केही कुरा मैले रूकुमको सन्दर्भमा उहाँले जहाँ स्तरोन्नती भएर एउटा सडक को नाम लिनु भएको छ त्यहाँ  सडक पुगिसक्या छ । अर्को एउटा सडक मुसिकोट चौरजहारी भन्ने सडकको नाम छ त्यहाँ कालोपत्रेको काम अगाडि बढीराख्या छ ठेकेदारले धमाधम काम गरिराख्या छन् । अब जहाँ पुग्नु पर्ने हो जस्तो केरे दारे सडक भनेर जहाँ आएको छ

त्यहाँबाट खदि सम्म भनेर भनेको भए त्यो नजोडिएका दुईवटा वडा जोडिन सक्थे मुकामका आइ पुग्थे । त्यसो गर्दा हाम्रो स्प्रिट के हुनु पर्‍यो भने बजेट जहाँ खनिएको छ त्यहीं खन्याइ राख्ने जहाँ गइराख्या छैन त्यहाँ दिने खालको त्यो स्प्रिट देखिएन । त्यसकारण यहाँ मन्त्रीज्यूको स्प्रिटपनि के देखियो भने सदरमुकाममा वडाहरूलाई के रे पालिकालाई सदरमुकाममा जोड्ने जुन स्प्रिड हो त्यो स्प्रिडबाट बजेट कता अलमलिएको जस्तो मैले देख्छु । स्थानीय तहलाई आधार बनाउनु पर्थ्यो तर साविकका स्थानीय निकायहरूलाई आधार बनाइएको छ बजेट बनाउँदाखेरि त्यो चाहिँ अलिकति आज एक वर्ष गुजार्दैछन् स्थानीय तहका जनप्रतिनिधिहरूले उनीहरूले बनाएको म्याप अहिलेको हिसाबले वस्तुनिष्ठ छ । त्यसलाई आधार बनाएको भए हामी अलिकति प्रगति गर्न सक्थ्यौं । बजेटमा पनि केही सम्भावना अगाडि बढ्न सक्थ्यो ।

पूर्वाधारका सन्दर्भमा हामी मैले कतिपय सन्दर्भ प्रस्तुत देखेन भने एउटै भाषा छ । जस्तो कोहलपुर सुर्खेत शुरूङमार्ग अध्ययन गरी कार्यान्वयनमा लैजाने भन्ने शब्द छ । अर्को शब्द के छ भने बर्दियाबाट केरे सुर्खेत आउनेलाई सम्भाव्यता अध्ययन केरे संघीय सरकारसँग परामर्शको व्यवस्था गरिनेछ भन्ने छ । परामर्शको लागि बजेट छुट्टिने अवस्था आइपुग्यो उही एउटै/एउटै खालका प्रकृतिका छन् । हामीसँग बाढीपीडितको समस्या समिति बनाएर समाधान हुँदैन असारसम्म बाढीपीडितहरू अब असारमा फेरि कहाँ बस्ने समस्या छ त्यसलाई तत्काल सामाधान गर्ने ठोस र मूर्त योजनाहरू आवश्यक पर्थ्यो होला बजेट आवश्यक पर्थ्यो होला अमूर्त भयो । हामी प्रदेश सभामा यसरी बसिराख्या छौं दर्शकहरूलाई, दर्शकहरू र सांसदहरूको यो अवस्था गन्जागोल छ । प्रदेश भवनको कम्तीमा यो बजेटभित्र प्रदेश भवन बनाउने एउटा आधार बनाएको भएपनि कम्तीमा केही न केही हुन्थ्यो होला नि बनाउन केही केही कुराहरू मुर्त रूपले केही स्ट्रक्चरहरू हामी बनाउन सक्थ्यौं । अब विद्युत प्रसारण लाइन सुर्खेतमै प्रसारण लाइन छैन । हामीले यो प्रदेशमा प्रसारण लाइन छैन जम्मा हामीसँग के रे ५० लाख आसपासमा बजेट छुट्टिएको छ त्यो ५० लाखले हामीले केही गर्न सकिने अवस्था छैन ।

विद्युतलाई दोस्रो प्राथमिकतामा राखिएको छ, राख्दाखेरि दोस्रो प्राथमिकतामा राखेको विषय कस्तो भएको छभन्दाखेरि जम्मा ४०/५० लाख बजेट विनियोजन छ प्रसारण लाइनसमेत नभएपछि हामीले बजेट केरे विद्युत उत्पादनको कुरा गरिराख्या छौं त्यो कसरी निर्यात गर्छौं हामी ? माननीय सभामुखज्यू, म एउटा जनप्रतिनिधिहरू रूकुमको अब रूकुमको नाम छ कि छैन अगाडिका माननीयज्यूहरूले त रूकुमकोपनि संकेत गर्नुभयो तर पूर्वाधारको क्षेत्रमा रूकुमको नाम छैन । म तपाईंलाई एउटा मात्रै उदाहरण दिउँ सल्यान पछि जाजरकोट पर्छ बीचमा रूकुम छ । के रे लुम्बिनी, रारा, सर्किटको कुरा कसरी गरिएको छ सल्यान, जाजरकोट, जुम्ला रारा भन्ने छ बीचको रूकुम चाहिँ नाम छैन, बीचको रूकुम सायद मैले के बुझे भने यो सर्किट चाहिँ के रे स्काइ हो जस्तोपनि यो रफ्तारमा मैले बोले रोड वेभन्दापनि स्काइ वेको रूपमा मैले बुझें । हामीलाई तत्काल एउटा आवश्यकता छ जस्तो सल्ली-चौरजहारी सडकलाई तत्काल कालोपत्रे मात्र गर्ने हो भने हामी २ घण्टामा चौरजहारी पुग्थ्यौं बाँकी २ घण्टामा हामी सदरमुकाम पुग्छौं, ४ घण्टामा हामी राजधानीमा जोडिने छौं तर अहिले हामी कसरी जोडिराका छौंभन्दाखेरि यहाँबाट कोहलपुर गएर तुल्सीपुर पुगेर त्यसपछि खलंगा पुग्दा ९ घण्टा हामीसँग छ । ९ घण्टाको लागि ४ घण्टामा ल्याउने स्प्रिट प्रदेशले किन बनाउँदैन ? त्यसरी हामी थारमारेबाट चौरजहारी पुग्ने बाटो त्यतिकै प्राथमिकतामा राख्न सक्थ्यौं । त्यसपछि अरू सँगसँगै कैयौं उहरू छन् जस्तो जाजरकोटबाट जुम्ला रोड भन्ने दुईवटै रूकुमबाट अगाडि बढीराख्याछन् ती बाटोलाई एकातिर दुईवटा ठाउँबाट अगाडि बढाउँन सकिन्थो । ती धेरै कुराहरू

छन् मैले यहाँ भनिन कि यो बजेट यसमा हेरफेर हुनेवाला छैन भन्ने मैले बुझेको छु । यसर्थमा मैले यहाँ धेरै कुरा भनिन ।

मेरा केही जिज्ञासा छन्, हुम्ला र डोल्पालाई यथाशिघ्र जोड्ने आधार के हो ? केन्द्रले अब बजेट ल्याउँदैछ अहिले हामी दुई महिनामा तत्काल कसरी जोड्छौं ? यसलाई एउटा स्प्रिट राखिएको छ । अब यो सुर्खेत जुम्ला केबुलकार छिटो चल्न पाइयोस् त्यो त हुने नै कुरा भइहाल्यो । ५ लाख पर्यटन भित्र्याउने यो वर्षभित्र लक्ष्य राखेको छौं तर मलाई एउटा जिज्ञासा के छ भने प्रचार प्रसारमा खर्च गर्ने ७० लाख कम्तीमा होमस्टेमा मात्र भएपनि प्रस्थापन गर्न सकियो भने लगानी गर्न सकियो भने प्रचारभन्दा राम्रो खाने, राम्रो सुत्ने ठाउँमात्रै बनाइ दिने एकै ठाउँहरूमा बनाइ दिने हो भने अलिकति सहज हुन्थ्यो कि ? व्यवस्थापकीय कुरामा जोड दिन सकिएन । खनिज पदार्थको उत्खनन्, प्रशोधन र निर्यातको कुरामा जोड दिइएको छ तर त्यसको कानूनी निर्यात गर्ने केरे निर्यातमा गरिएको छैन अध्ययन अन्वेषण र उत्खनन् भनिएको छ । प्रशोधन र निर्यातमा कुरा गरिएको छैन । प्रशोधन र निर्यातमा जोड गरेर हामीले त्यसमा आवश्यक कानूनी व्यवस्थासमेत गर्न जरूरी छ यसमा । धर्म निरपेक्षताको कसरा हामी संविधानमा लेखिसक्या छौं तर यहाँ एउटा के छ भने गुम्बा र मन्दिरमा मर्मत र पुनर्स्थापनामा जोड गरिएको छ अर्को कुनै धार्मिक आस्था राख्ने मान्छेले प्रश्न गर्न सक्छ हामीलाई त्यो भनेको मस्जिद र के रे मस्जिद र चर्चमा किन लगानी गरिदैंन भनेर भन्न सक्छ त्यस्ता त्रुटीहरू हामीले गर्नु हुन्न की भन्नेपनि मलाई लाग्छ ।

पैरवी कार्यक्रममा निःशुल्क शिक्षा कसरी हुन्छ ? निःशुल्क शिक्षाको लागि पैरवी कार्यक्रम भन्ने स्थिति छ यहाँ त्यसकारण निःशुल्क शिक्षा हो त बजेटको आवश्यकता पर्छ पैरवी होइन । ल्यावको लागि मैले यहाँ अलिकति बजेटमा के स्प्रिट देखे भने पूरानै सदरमुकामलाई नै बढी जोड गर्ने सदरमुकामकै कुरालाई अलि सदरमुकामलाई जे रकम दिने हो त्यसलाई पालिकालाई १ लाख होइन १० लाख अहिले तपाईंले सदरमुकामलाई दिने हो भने सदरमुकामपनि एउटा पालिका हो अहिले । जति पालिका छन् ती पालिकालाई १०/१० लाख पर्ने हो भने १/१ लाख भएपनि बाडिदिनुहोस् त्यो पछि उनले न्यायको अनुभूति गर्छन् र एउटा भएपनि ल्यावको लागि उहाँहरू कुनैको लागि मेसिन किन्न सक्छन् उनीहरूले अलिकति भएपनि स्थानीय तहलाई फाइदा हुन सक्छ । अब यो दिग्दर्शन दुईमा जेष्ठ नागरिकहरूले गर्न सक्ने हुन होइन तर यसलाई सिजन खोज्नु पर्‍यो जस्तो लाग्छ मलाई । प्रदेशमा एउटा रंगशाला हामीले भनेका छौ त्यस्ता निश्चित क्षेत्रहरू छन्, जहाँ अघिपनि क्षेत्रिय हिसाबलेपनि रंगशालाको अबधारणा जुम्ला अथवा चौरजहारी यस्ता क्षेत्रहरूमा हामीले अलिकति क्षेत्रिय हिसाबलेपनि यो मोडेल अगाडि बढाउन सक्छौं । एकीकृत बस्ती विकासको कुरा अहिले हामीले दुई महिनामा कसरी गर्न सक्छौं ? एकीकृत बस्ती विकासको पूर्वाधार त्यो भनेको मैले के बुझेको छु भने गुरूयोजनाहरू हामीले बनाएका छैनौं । मुख्य कुरा गुरूयोजना बनाउने कुरालाई अहिले जोड दिउँ त्यसपछि रकम विनियोजन गुरूयोजना बनी सकेपछि सम्भाव्यता अध्ययनलाई तुरून्तै अगाडि बढाएर के रे त्यसलाई स्टिमेट बनाएर कामको प्रक्रियालाई अगाडि बढाउनतिर अगाडि बढायौं भने ठिक हुन सक्छ गुरूयोजनालाई अहिले केही विशेष जोड गर्ने र पूर्वाधारको क्षेत्रमा अलि बढी लगानी गरेर कामलाई प्रगति देखाउने यो खालको स्टिमेट हामीले राखेको भए राम्रो हुन्थ्यो धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री शुसिलकुमार थापा । यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनुहोला, समय सात मिनेट ।

**माननीय सदस्य श्री शुसिलकुमार थापा :** सभामुख महोदय, हामीले यो २०७४/०७५ को चौमासिक बजेट ल्याइसकेपछि कर्णालीबासी सम्पूर्ण नागरिकहरू हर्ष उल्लास भइरहेको अवस्था थियो बजेट आउँनुपूर्व र मेरो निर्वाचन क्षेत्र दैलेखको क्षेत्र नम्बर २ को (क) दुल्लु भैरवीका जनतापनि उल्लास थिए तर यो जब बजेट विनियोजन भयो बजेट अर्थमन्त्रीले पढ्दै गर्दा फेसबुक लाईभ जो चाहिँ दिइराथ्यो टेलिभिजनमार्फत् त्यो क्षेत्रमा हेर्न नसकेपनि फेसबुकलाईभ त्यो क्षेत्रका जनताले हेरीरहेका थिए र त्यतिबेलै थुप्रै कमेन्ट र मैले राखेको साइलेन टोनमा २३ वटा कल आइ सकेको थियो र त्यहाँ अर्थमन्त्रीले पढ्दै गर्दा कतिपय अगाडिका हाम्रो माननीय सदस्यहरूले भने जस्तै अर्थमन्त्रीले मलाई पनि उहाँको सचिवालयबाट मलाई पनि फोन आएको थियो र भन्नु भयो उहाँहरूले एउटा राम्रो राष्ट्रिय गौरवको अर्थात एउटा तपाईंले योजना दिनुहोस् भन्नु भयो मैलेपनि भौतिक योजना भौतिक संरचना योजना मध्येको बाटो दिएयो केन्द्रीय सरकारमा यो पास भइसकेको बजेटमा पनि विनियोजन भइसकेको हो तर मैलेभन्दा के भने तभन्दाखेरि जमुनाह-कोहलपुर-सुर्खेत-दैलेखको माथिल्लो डुंगेश्वर हुँदै बैंक भएर दुल्लु भैरवी हुँदै व्याउली भएर नाग्मगमगडि नाक्चानाम्ले सडक जोडिने यो बाटो रेडबुकमा परेर पास भइसकेको छ । यसको तीन करोड ५० लाख रूपैयाँ विनियोजन भएर अहिले टेन्डर भइसकेको छ । अर्थमन्त्रीज्यू यसलाई प्रदेश सरकार मातहत ल्याएर फास्ट ट्र्याकमार्फत् दुई वर्षभित्र यसलाई सम्पन्न गर्न अत्यन्तै यसरी नहेरिएको तर वास्तवमै एकदम छोटो सरल छोटो टर्निङको रूपमा भएको एकदम थोरै टर्निङहरू भएको यो बाटो उत्कृष्ट बाटो छ । यसलाई यो परिसकेको बाटोलाई तरिकाले यहाँ सम्बोधन गर्नुस् भनेर यहाँ हामीले भन्यौं मैले भने एउटा यो बाटो दिएँ तर त्यो उल्लेख भएन । उल्टो के भयो तभन्दा त्यहाँका जनताहरू एकदम अहिले आक्रोसित छन् फेसबुक सञ्जालहरूमा एकदम ठूलो विरोधहरू आइरहेको छ आज ।

हिजो हाम्रो यो सदन भ्याइसकेपछि संसदीय दलको बैठक थियो । संसदीय दलको एक डेढ घण्टाको छलफलमा २३ वटा फोन मैले उहाँ अर्थमन्त्रीज्यूलाई देखाए । यही सन्दर्भमा आए आज ३२१ वटा बिहानसम्म फोन आए त्यहीँ सन्दर्भमा मैले उहाँलाई पटक-पटकपनि भने यो के गर्नु भएको उहाँले यो १४ पेजको ६६ मा संघीय सरकारसँग समन्वय गरी राजापुर, बर्दिया सुर्खेत, रानीघट फलाटे, दैलेख महाबु, कालीकोट, चिल्खाया नाग्म गमगडि नाक्चेनाग्ला सडकलाई राष्ट्रिय गौरवको सडकका रूपमा सम्भाव्यता अध्ययन गरिने छ भनेर यो हालिनेछ भनिसकेपछि यो प्रादेशिक सडक कटाएर यता हालिएको हो कि भन्ने ठूलो भ्रम सिर्जना भइरहेको छ, अर्थमन्त्रीज्यू यो के हो त्यहाँका जनताले कोइशनको उत्तर खोजिरहेको अवस्था छ । त्यसकारण यो प्रादेशिक सडक जो ३ करोड ५० लाखको यो टेन्डर भइसकेको त्यसलाई कटाएर यसलाई हाल्ने प्रयोजनाका साथ सामाजिक सञ्जालमार्फत् आइरहेको कोइशन जो आइरहेको छ त्यहींअनुसार  यो कटाउन खोजिएको हो कि ? यो भ्रम परेर त्यसो भएको हो ? यो बजेट प्रादेशिक सडकमा ल्याएर अब द्रुतमार्गबाट त्यसलाई विकास गर्ने हो यो कुरा म यहाँ राख्न चाहन्छु ।

त्यस्तै यस्तै थुप्रै कुराहरू अन्य भौतिक मन्त्रालय देखि लिएर थुप्रै मन्त्रालय कतिपय मन्त्री कतिपय सचिवालयले कतिपय मन्त्रालयहरूले कतिपय सचिवालयहरूले हामीलाई फोन गरेर भन्नु भयो मैले भौतिक मन्त्रालय देखि लिएर थुप्रै ठाउँमा दिए उहाँहरूलाई भने मैले दुल्लु र भैरवी दुई जो एउटा नगरपालिका, गाउँपालिका छ त्यहाँको व्यवस्थित बसोबासको लागि मैले रिङरोडको परिकल्पना दिएको थिए । त्यो रिङरोडको योजना दिएको थिए कित नमाग्नु थियो मागिसकेपछि किन सामान्य सम्बोधनपनि हुन सकिएन । खानेपानी र जलस्रोतको सन्दर्भमा मैले लोहोरे छामघाट र कर्णालीको नदीलाई बैकमालीका र दुल्लु भैरवीको खानेपानीलाई मैले लिफ्टिङमार्फत् त्यसलाई सम्बोधन गर्ने सम्भावित अध्ययन गर्नुपर्छ त्यहाँ राखुहोस् भनेर भनेको थिए तर यी कुनै एउटै परेनन् । दैलेखका ४ वटा नाम आए तर ४ वटा मध्ये यो

चाहिँ श्रीस्थानको चाहिँ पेट्रोल भनिएको छ त्यति हो पेट्रोल थोरै मात्रामा छ । त्यसको मात्रै एउटा सामान्य नाम आयो अरू कुनै नाम आएको छैन । मैले पञ्चकोशिको करिडोरको रूपमा चाहिँ यहाँ दिएको थिए आधुनिक मन्दिर निर्माण र त्यसलाई ऐतिहासिक पर्यटकीय स्थलका रूपमा रूपान्तरण गर्नका लागि त्यो बजेट विनियोजन गरियोस् त्यसलाई एउटा करिडोरका रूपमा चाहिँ उल्लेख गरियोस् भनेको थिए तर ती कुनै कुराहरू आएनन् । यति कुरा भनिरहँदा सभामुख महोदय, हामीले थुप्रै समय अगाडि यहाँ बसिरहेका सबै हामी थुप्रै खालका सङ्घर्षबाट यहाँ आयौं त्यो सबैलाई अबगत छ । विगत लामो समय देखि हाम्रो मुलुकमा विकास नहुनुको मुख्य कारण भनेको राजसंस्था हो त्यसकारणले यो राजसंस्थालाई अन्त गर्नको लागि हामी उठ्नुपर्छ भन्यौं ।

हामीले राजसंस्था फाल्यौं र हामीले गणतन्त्र ल्यायौं । यतिले मात्र भएन भन्यौ राजालाई फालेर हामीले राजाको ठाउँमा राष्ट्रपति ल्यायौं । के-का लागि तभन्दा यो विकासको लागि समृद्ध नेपाल, सुखी नेपाल नेपालीहरूको विकास गर्नका सुखी नेपाली बनाउनको लागि हामीले ल्यायौं । त्यति मात्रै होइन यो स्थिर सरकारले अस्थिर सरकारले केही गर्न सक्दैंन त्यसकारणले हामीले स्थिर सरकार बनाउनु पर्छ । एक वर्षमा दुई-दुई पटक फेरिने सरकारले अब यो मुलुक परिवर्तन हुन सक्दैन समृद्ध नेपाल र सुखी नेपालीको यो साझा एजेण्डा यो सपना साकार हुन सक्दैन । त्यसकारणले स्थिर सरकार बनाउन पऱ्यो भन्यौं र हामीले त स्थिर सरकार बनायौं । आज केन्द्रमा पनि बनायौं प्रदेशमा पनि बनायौं र हामीले आज यो सबै जनताको चाहनाअनुसार  हामीले बनायौं तर पनि विकास  हुन सकेन । यति मात्र होइन एकात्मक व्यवस्थाबाट यो मुलुक परिवर्तन हुन सकेन अब यसलाई हामीले विकेन्द्रीत गरेर संघीय ढाँचामा जानुपर्छ भन्यौं र आज त्यहीं आधारमा हामी संघीय संरचनाअनुसार  आज यो मुलुकलाई सात वटा प्रदेशमा हामीले रूपान्तरण गरेर कर्णाली प्रदेश हामीले निर्माण गऱ्यौं । त्योपनि यो कर्णाली प्रदेश सरल ढङ्गबाट निर्माण भयो । जसले यो कर्णाली प्रदेश निर्माण गर्न ४जना सहिद हुनुपऱ्यो । १२जना अपाङ्ग घाइते हुनुपऱ्यो अत्यन्तै निर्मम अपाङ्ग हुनुपऱ्यो थुप्रै मान्छेले हातखुट्टा टाउकोमा चोट लगाउनु पऱ्यो हातखुट्टा भाच्नु पऱ्यो त्यसरी यो कर्णाली प्रदेश हामीले आज निर्माण गऱ्यौं । सिंहदरबार काठमाडौंमा छ त्यसकारणले विकास भएन भन्यौं हिजो हामीले चुनाव अगाडि सम्म चुनावमा पनि यही नारा लगायौं । अब सिंहदरबार काठमाडौंको सिंहदरबारलाई हामी यो प्रदेश सरकार मातहत ल्याउँछौं र हामीले गाउँगाउँ प्रदेश सरकारमा सिंहदरबार ल्याउँछौं भनेर हामीले ल्यायौं त्यहीँमार्फत् आज यहाँ मुख्यमन्त्री, मन्त्रीहरू, सभामुख, प्रदेशका प्रमुख हुनुहुन्छ ।

केन्द्रमा राष्ट्रपति हामीले यहाँ प्रदेश प्रमुख केन्द्रमा सभामुख यहाँ पनि सभामुख उपसभामुख केन्द्रमा प्रधानमन्त्री हुँदा हामीले यहाँ मुख्यमन्त्रीको व्यवस्था भयो केन्द्रमा मन्त्री हामीले पनि मन्त्री यहाँपनि सांसद त्यहाँपनि सांसद यसरि यो मुलुकको परिवर्तन अब यो काठमाडौंको सिंहदरबारबाट हुन सक्दैन यो हामीले चाहिँ हाम्रै प्रदेशबाट अर्थात हाम्रो नजिकको आफ्नै क्षेत्राधिकारबाट यो हामीले अधिकार सुनिश्चित गर्नका लागि यी आन्दोलन गर्नुपर्छ भन्यौं ल्यायौं र यति गर्दापनि हामीले विकास भएन यी परिवर्तन गर्दापनि विकास भएन भने अब के गर्दा विकास हुन्छ ? विकास हुन्छ कहिले अब के गर्न पर्छ विकास गर्नको लागि कि मैले हिजो दुल्लु र भैरवीका जनतालाई मत माग्दै गर्दा तपाईंहरू सांसद बनाउँदै हुनुहुन्छ म सांसद भएर जनप्रतिनिधि भएर यो रोष्टमबाट तपाईं हाम्रा अधिकारका लागि र यो प्रदेशलाई समृद्ध प्रदेश बनाउनको लागि म तपाईंहरूको आवाज उठाउँछु भनि रहँदा हिजो ती मतदाताहरूसँग मैले वाचा गरिरहँदा मलाई याद छ कि मैले अर्थमन्त्री हुन्छु म अर्थमन्त्री भएर त्यो यो कर्णाली प्रदेशको सबैभन्दा ठूलो बजेटको भोलुम अर्थात फिफ्टी पर्सेन्ट मेरो प्रदेशमा ल्याउँछु भनेर भन्न पर्ने थियो ? यही हो सरकार ? के

गर्न पर्ने थियो हामीले आज अत्यन्तै म तपाईंहरूलाई केही रेकर्डपनि सुनाउन मिल्छ भने सभामुख महोदय म सुनाउन चाहन्छु । तलका जनताले एकदम आक्रोसित पोखेर फोन गरिरहेको अवस्था त्यहाँ एकदम तल दैलेखका जनता-जनता बीचमा लड्ने खालको यो विभेदपूर्ण यो बजेट आएको कारणले आज हामीलाई ठूलो समस्या बनाएको छ ।

अर्को महत्त्वपूर्ण कुरा युगौं देखि राउटेहरू दैलेखको भैरबीमा वर्षौं देखि बस्दै आएको र कहिलेकाँही दुल्लुमा बस्दै आएको र एक दुई पटक दैलेखको डुंगेश्वर केही केही ठाउँमा बसेको अवस्था छ तर कुनैपनि समय नछुटाएको त्यो भैरवी जस्तो त्यो महत्त्वपूर्ण ठाउँमा राउटेहरूको सम्बोधन नगरेर राउटेहरूलाई अन्यत्रै लेखिएको छ । हामीले सुनेका थियौं नेपाली दाजुभाइ दिदिबहिनीहरू मधेशका दाजुभाइ तथा दिदिबहिनिहरूले बेलुका साँझ नेपालमा सुतिरहेको छ तर बिहान उठ्दा भारतमा परिएको छ । यस्तो दुर्दशा हामीले मधेशमा सुनिरहेका थियौं तर आज यो बजेटले हाम्रो प्रदेशमा मेरो प्रदेशमा त्यो राउटेको वस्ती सारे जस्तो लेखेर । यस्तो खालको दुरदशापूर्ण यो अवस्था आएको छ के हो त यो ? त्यसकारण म सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु, अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउँन चाहन्छु, छिटोभन्दा छिटो अपर कर्णाली जस्तो महत्त्वपूर्ण कुरा मैले आज तेस्रो पटक बोल्दा तेस्रो पटकपनि बोलेको छु ।

त्यस्तो राष्ट्रिय गौरवको त्यसलाई प्रदेशको गौरव बनाएर तो एउटा लथालिङ्ग अवस्थामा जाँदैछ । तो एउटा मुर्दैमुद्दाको अवस्थामा जादैंछ त्यसलाई हामीले सम्बोधन गरेर यो प्रदेशको गहनाको रूपमा बनाउँ र त्यसलाई छिटोभन्दा छिटो फाष्टट्र्याकबाट अगाडि बढौं भनेर मैले पटक-पटक कुरा राखेको छु । फेरिपनि अन्तमा यो जमुनाह देखि सुर्खेत हुदै दैलेख बैक भएर दुल्लु हुँदै त्यो ब्याउली भएर नाक्चेनाम्ले जोडिने सडकको बारेमा तत्काल यहाँ यसको उत्तर दिएर यसलाई कसरी हुन्छ समावेश गरेर यो कसरी अगाडि बढ्ने यसको बारेमा जवाफ दिन म आग्रह गर्छ हवस्त, धन्यवाद नमस्ते जय नेपाल ।

**माननीय सभामुख :** माननीय श्री ठम्मरबहादुर बिष्ट, यसपछि माननीय श्री बदमीक्वारी बोहोरा तयार रहनुहोला, समय सात मिनेट ।

**माननीय सदस्य श्री ठम्मरबहादुर बिष्ट :** माननीय सभामुख महोदय, हामी नीति कार्यक्रमपछि यो बजेटको तहसम्म छलफलमा आइपुगेका छौं र छलफल निकै घनिभुत ढङ्गले भइराख्या छ । अब यहाँ पहिलो कुरा जे जसरी यहाँ विषयवस्तु आयो हिजो मैले सरसर्ति अर्थमन्त्रीज्यूले यहाँ त्यलाई वाचन गर्दैगर्दा मैले सुने । यो नीति कार्यक्रम कै अझ एउटा गहिराई रूप यहाँ आएको छ जस्तो मलाई लाग्छ । जो नीति कार्यक्रममा अलि समेटेर आउँनु पर्ने विषयवस्तुहरू नसमेटेर यता बजेट वक्तव्यमा आयो त्यस्तो मलाई लाग्यो । यो अलिकति क्याविनेटमा अलि सरकरको तहमा छलफल गरेको भए धेरै कुराहरू त्यो कार्यनीति, नीति कार्यनीति आएको भए हामीलाई अलि घाँटीका नशा त्यति फुल्याउने पर्ने हुन्थेन त्यसकारण यो यसो पाइन छाम्ने भन्छन् नि गाउँघरतिर यसो अलिअलि राखिदने केभन्दा रहेछन् भनेर यसो छाम्या जस्तो अनि सर्लक्कै एकदम परिष्कृत गरेको जस्तो साह्रै राम्रो मेहनत गरेर यले ल्याउनु भएको छ तर त्यो अब बजेट वक्तव्यमा संसारकै एउटा वेशिक रूल के हो भने त्यसमा कुन कुन क्षेत्रमा कहाँ-कहाँ रकम पऱ्यो एउटा त्यो आउँछ अर्को चाहिँ प्रादेशिक सरकार हो या चाहिँ केन्द्र सरकार होस् त्यसमा राजश्वको आँकडाहरू आउँछ अहिलेसम्म के भइ राख्या छ उठाउने लक्ष्य के राख्या छ किनकि सबै राजश्वबाटै चल्ने हो हामी कहाँ अहिलेपनि जिरो पोइन्ट टु पर्सेन्ट भन्ने देखाइ राख्या छ र त्यसमा कमसेकम ३ नम्बर प्रदेशमा फिप्टी पर्सेन्ट सम्मको डाटा देखाइ राख्या छ टोटल हाम्रो राजश्वको चाहि क्यापासिटि त्यो कुरा

कहीं पनि छैन अब सबै चाहिँ तपाईंको यति राम्रो छ व्याख्या पुरै धर्मशास्त्र जस्तो भएर आएको छ । अब धर्मशास्त्रपनि के भो भने त्यो एउटा धर्म मान्नेलाई अर्को चाहिँ नमाने जस्तै भयो । अब रामकृष्ण मान्नेलाई अल्लाहको के स्वाद भयो अल्लाह मान्नेलाई जिसस क्राइस्टको के स्वाद भयो भन्या जस्तै भयो ।

त्यसकारण यो सबैलाई समेटेर आउँनुपर्ने कुरामा यहाँ अब यो घटना क्रममा नजाउँ कहाँ-कहाँ के-के गयौं भन्ने कुरा अब अलि असन्तुलित रूपमा आएको छ । जस्तो उदाहरणको लागि त्यो रूकुममा चाहिँ ८० लाखको चिसान केन्द्र भनियो त्यो कोल्ड स्टोर बनाउने कुरा त्यो ठिकै छ तर एकैचोटि यो यतातिर केही फलफूलै हुँदैन ? कि यो सबै ड्राइ एरिया सबै मरूभूमि हो ? एउटा सन्तुलित खालको त्यहाँ एउटा यो अथवा के हो त्यो त्यसको पोलिसी नभएर सरलक्कै एउटा छेउ उत्पादन पनी के-के हुन त त्यसको हरहिसाब भएर हो कि अन्तबाट लगेर चिसान गराउने हो कि यो खालको एउटा असन्तुलित खालको त्यहाँ देखिन्छ तेले गर्दाखेरि जहाँसम्म माननीयज्यूहरूको सबै मेरोपनि ध्यानाकर्षण त्यहाँ हो । यसलाई अलिकति सन्तुलित बनाउने ढङ्गले किनकी हामीकहाँ अहिले २४ वटा निर्वाचन क्षेत्र छन् त्यो निर्वाचन क्षेत्रलाई अलि सन्तुलित हुने ढङ्गले चाहे विकासको होला चाहे रोजगारको होला चाहे शिक्षाको स्वास्थ्यको होला यलाई अलिकति सन्तुलित हुने ढङ्गले आएको भए यति धेरै यो खालको समस्या चाहिँ आउथेन जस्तो मलाई लाग्छ । अब जहाँसम्म अलिकति बढी यहाँ अब यातायात कै कुरा हो यातायातकै कुरा गर्दाखेरि यहाँ गज्याङ गुजुङ तरिकाले पनि आएको छ । अब यो कुरामा अलिकति सन्तुलित भएर मैले एकदम छोटोमाभन्दाखेरि सन्तुलित भएर आएन कही एकदमै हाइलाईट भइराछ कही काम भइराछ त्यसैलाई हाइलाईट भइराछ कहि जहाँ उजागर गर्नपर्ने अत्याधिक छुनुपर्ने चाहिँ आवश्यक अत्यन्तै रिमोट एरिया हो त्यहाँ चाहिँ उजागरै भाछैन । यो खालको अलिकति म्यापलाई अगाडि राखेर कहाँ के-के हो भन्ने कुराको अध्ययन चाहिँ अलि चाहिँ साँगो पाँङगो तरिकाले नगरेर त्यसरी आयो भन्ने मलाई लाग्छ त्यसकारण अझैपनि यो ढङ्गले गम्भिर ढङ्गले लिन जरूरी छ जस्तो मैले बुझेको छु ।

अब यहाँ कहीं एक दुईवटा पोइन्टहरू जस्तो यो ५ नम्बर बुँदामा १० वटा जिल्ला मिलेर बनेको भनेको छ यसलाई २४ वटा क्षेत्र भनेर लेख्न पऱ्यो किनकी संघीयताको आधार भनेको अहिले यो १० जिल्ला १० जिल्ला भन्दै जाँदा फेरि ५ विकास क्षेत्रतिर गइएला खतरा त्यो छ । त्यसकारण यसलाई अलिकति चाहिँ त्योअनुसार समय अनुकुल संविधानले मिट गर्ने अनुकुल संविधानको स्प्रिटअनुसार बोल्ने लेख्ने किसिमबाट हामी जानपऱ्यो त्यहीं क्षेत्रबाट हामी आएका छौं त्यो बिर्सदै जाने १० जिल्ला भन्दै जाँदा अब यो कता-कता अलिकति नमिले जस्तो लाग्छ सुझावको रूपमा राख्दाखेरि । अर्को कुरा, यो अब यो जमुनाह, कोहलपुर भनेर भनिएको छ यसलाई हाम्रो राजमार्ग र ५ नम्बर प्रदेशको राजमार्गसँग जोडर उल्लेख गर्दा राम्रो हुन्छ । किनकि त्यो अन्तर्राष्ट्रिय सीमाना हो त्यो संघीय सरकारले लेखिहाल्छ पुरै त्यो उता कन्चनपुरको पनि ठेक्का हामीले लिने यता चाहिँ तल चाहिँ जमुनाहको ठेक्का हामीले लिँदै गर्दा कतै अलि पैसा धेरै छ यता हाल्न खोज्या हुन कि भनेर यहाँको उता जाला हैन अर्थमन्त्रीज्यूलाई सुझाव छ । यो सबै उताका किन लेख्न पऱ्यो र कोहलपुर देखि यता लेखे भयो त्यहाँदेखि बनाए भयो फोरलेन, फाइप लेन, सिक्सलेन जति बनाउने हो । हैन त्यसकारणले गर्दाखेरि यो अलिकति उतापनि यो बर्दिया राजापुर भनिया थियो राजापुर किन पुग्न पऱ्यो, पुग्न परेन यतै बर्दियाबाटै बनाए भयो सुरूङमार्ग जे-जे बनाउनु छ यो उताको ठेक्का अहिले नलिउँ किनकी धान्छ धान्दैन हुन त अब यो अर्थमन्त्रीजी ले नै जान्नुभएको होला । यो कुरालाई लेख्दा अलि राम्रो हुन्छ वस्तुवादी हुन्छ जस्तो लाग्छ । अब अर्को, यहाँ यो एउटा सडक लेखिएको छ सल्यान, स्याउले बजार, डाँडागाउँ, दह यो काफलकोट, भन्दै स्याट्टै जाजरकोट लेख्या छ त्यो त्यहाँबाट गाडि लिफ्टिङ हुने त होइन होला । यहीबाटै होला जाने त्यो घोरेटा हुँदै जाने हो । यो कुरा

त्यहाँ नछुटाउनु पर्ला फेरि जनतालाई यो के भन्ने कि पर्ला । यो कुरा छ यो सँगसँगै अर्को यो एउटा ११२ नम्बरमा संघीय सरकारसँग समन्वय गरी कर्णाली प्रदेशलाई विशेष आर्थिक क्षेत्र भनिएको छ यो संविधानमा उल्लेख विषय क्षेत्र संरक्षित क्षेत्र स्वायत्त क्षेत्रको स्प्रिट हो मैले बुझेअनुसार  यो विशेष आर्थिक क्षेत्रभन्दाखेरि त्यो धेरै चाहिँ म्याच हुँदैन जस्तो लाग्छ, यसकारण यो अलिकति सबै आँकडाले देखाइ राख्या छ यसलाई विशेष क्षेत्रभन्दाखेरि संविधानअनुसार विशेष क्षेत्रले के-के सेवा र सुविधा पाउने भन्ने कुरापनि त्यहाँ लेखिएको छ र अध्ययनमा पनि आऊँला ।

त्यसकारण यसलाई आर्थिक भनेर जोड्न जरूरी छ जस्तो मलाई लाग्दैन फेरि रकमकै कुरा गर्न लागे भन्ने तिर पर्छ यो अलि हाइलाईट त्यता जाने खतरा देख्छु मैले । अब यो कुराहरू मैले अब यहाँ नै राखे अब अहिले सम्मको हिसाबले सारमा यहाँहरू सभामुखमार्फत् यो सम्मानित सदनलाई मैले अब आफ्नो कुराहरूलाई अन्त्य गर्नुभन्दा अगाडि अब यो मैले अलि अगाडि नै भने यलाई अलि सन्तुलित बनाउँ हुन त यहाँ मैले दुई तीन सायद दुईचोटी म यो सहित दुई तीन चोटी बोल्दै छु म यहाँ । यो लेनीनले चाहिँ खसीको टाउँको र कुकुरको मासु बेच्ने भनेर एउटा त्यो कोटेशन अर्को स्टन चर्चिलले डेमोक्रेसी ईज नट अ गुड सिस्टम बट दिअर ईज नट अल्टरनेसन अफ दिस सिस्टम भन्या छन् के प्रजातन्त्र भन्ने यो लोकतन्त्र राम्रो त होइन त्योभन्दा राम्रो अर्को बन्या छैन के गर्ने मान्ने पर्‍यो भन्या जस्तो छ । अब लेलिन ले त खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने भने पछि त्योभन्दा शब्द हामीले बुझिनै हाल्छौं त्यसकारण यो मेरोपनि पहिलो संसदको यात्रा भएको हुनाले यो के कस्तो हो खिस्सा अलि मैले बुझ्दै छु । यो दुई तीन चोटि उठाइयो हुन्छ कि त भन्यो लाईभ हेरिराछन् जनताले त्यति भएत केही संशोधन भएर आउँछ होला भन्ने भो सर्लक्कै एटुजेट पास हुने उस्तै परे हामीले बोलेका कुरालाई अलि नबुझेर बोल्या हो है भन्ने तरिकाले चाहिँ यहाँ खण्डन-मण्डन हुने देखियो त्यसो भएत यो त बोल्नुको त अर्थै भएन त्यत्रो नीति कार्यक्रममा के-के बोलियो लास्टमा तपाईंको त्यो त्यतिकै गयो । अब यहाँपनि हुने खिस्सा त त्यहीं होला । यो धारा नम्बरमा केही संविधानविद्हरूसँग बुझ्नुपर्ने भो यो के-के हुन्छ सिस्टम यस्तै भएर जान्छ कि अलि अरू केही चेन्ज हुने सिस्टमपनि हुन्छ । अब यो कानूनको कुरा अलि बुझ्नुपर्नेछ हामीले । अलि छलफल गर्नुपर्ने मलाई लाग्या छ साँच्चीकै मैले हृदय देखि नैभन्दा करायो करायो दक्षिणा हरायो हैन उल्टै परे उस्तै परे उल्टो स्कुलिङ खाइएला जस्तरी नबुझेर गर्‍या हो है गल्ती खप्नु र हिन्नु पर्ला जस्तो खिस्सा । त्यसकारणले यो ढङ्गले अब यो भनाइको मतलव यो सँच्चिएर यताउता भएर आउला जस्तो त छैन । अब फुलस्टप र कमा पनि चेन्ज नहुने हो भने यहाँ सार के भयो हैन त्यसकारण यो हरि वैराग त छ तर पनि यो ढङ्गले अलिकति विषयलाई यो जतिपनि कुराहरू यहाँ उठेका छन् यो कुरालाई अलिकति वैज्ञानिक ढङ्गले अझै एकचोटी संसदमा छलफल गरिनुपर्छ अझै एकचोटी क्याविनेटमा छलफल गर्नपर्छ राम्रो कसरी हुन्छ त्यो गरौं न हैन त्यो ढङ्गले हामी जाउँ यही कुरा मैले राख्दै बिदा हुन्छु धन्यवाद अभिवादन ।

**माननीय सभामुख :** माननीय श्री बदमीक्वारी बोहोरा, यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयार रहनुहोला समय सात मिनेट ।

**माननीय सदस्य श्री बदमीक्वारी बोहोरा :** माननीय सभामुख महोदय, योभन्दा अघिल्लो वक्ताले धेरै कुरा गरिसक्नु भएको छ म यो दुई महिने मैले चाहिँ यो आर्थिक विधेयकलाई दुई महिने विधेयक मात्रै बुझेको छु । यसमा सम्पूर्ण पञ्चवर्षिय योजना जस्तै गरेर प्रस्तुत भएपनि अर्थमन्त्रीज्यू हिजोको दुई घण्टा लगभग साढे दुई घण्टाको भाषणमा मैले चाहिँ यो आर्थिक विधेयकलाई चाहिँ दुई महिने विधेयकको रूपमा बुझेको

छ मेरो बुझाइमा यसमा धेरै कुराहरू समेटिन बाँकी छन् धेरै जिल्लाहरूको र यो जनसंख्याको हिसाबले मात्रै, जनसंख्याको हिसाबमा मात्रै नभइकन भूगोल र भूगोललाई पनि समेटेर विकास पूर्वाधार गरिएको भए राम्रो हुन्थ्यो । जहाँ सुविधायुक्त ठाउँहरू छन् त्यहाँ विकास धेरै वितरण भएको जस्तो लाग्यो । अर्को कुरा के पनि लागि राखेको छ भने मलाई अहिलेको यो आर्थिक दुई महिने आर्थिक विधेयक र यसमा विनियोजित भएको बजेट दुई महिना भित्रै सम्पूर्ण हुन्छ जस्तो मलाई लागेको छैन । धेरै दुर्गम जिल्लाहरू छन्, होला सुगममा त हर्दै छिटै काम होला दुई महिनाभित्र काम होला र प्रदेश सरकारले तुरून्तै काम सकाउने गरेर आदेश गर्ला । अर्को कुरा अस्ति हाम्रो माननीयज्यूहरू र मन्त्रीज्यूहरूसँगै छलफल हुँदाखेरि दुई महिना भित्रै काम सिध्याउने यो पहिलो बजेटको दुई महिना भित्रै गर्नु पर्ने विकास सम्पूर्ण दुई महिना भित्रै गर्ने र नयाँ बजेट ल्याउने कुरा छ त्यसमा मलाई यसो हेर्दाखेरि गाह्रै जस्तो लाग्छ किनकी विभिन्न जिल्लामा विभिन्न किसिमका समस्याहरू छन् । यहाँभन्दाखेरि सजिलो लाग्छ मान्छेलाई त्यहीं कुरा गर्दाखेरि मान्छे हाँस्नु हुन्छ सभासदज्यूहरू तर एकदम गहिरिएर सोच्ने हो भने यहाँ धेरै कठिनाइपूर्ण अवस्थाहरू छन् । जस्तै डोल्पाको विकासको कुरा गरौं दुई महिने बजेट छुटियो ल हामी दुई तीनजना माननीय मन्त्रीज्यू एकजना मन्त्रीज्यू हामी दुईजना माननीय छौं जिल्लामा बजेट लगेर जाउँ हाम्रो त यार्चाको सिजन शुरू भइसको । के गर्ने अब यसो हेर्दाखेरि बजेटपनि यो सय चोट सुनारका एक चोट लोहारका भन्या जस्तै विद्युतमा चाहिँ जगदुल्ला हाइड्रोपावर र बाटोमा चाहिँ बजेट नछुट्याइएको बाटो यो रूपैंडिया जमुनाहबाट दोहमणिमला भन्ने छ अरू विकासका कुराहरू हामीले जुन मन्त्रालयवाइज दिइएका छौं त्यसमाभित्र छुटिएको होला पक्कैपनि हामी जिम्मेवारी पाउँछौ र जिल्लाको केही माग हाम्रो माननीयज्यूहरूले भन्या जस्तै फोनमा टिपाएका बजेटहरू फोनमा टिपाएका योजनाहरू र फोनमा दिएका बजेटहरू थुप्रै छन् हाम्रो पन जिल्लामा गर्नुपर्ने र हुनुपर्ने कामहरू धेरै छन् । अब सिँचाहिँको भयो तटबन्धनका भए, जिल्लाबाट दिएका कार्यकर्ताहरूसँग मागेका योजनाहरू माग्नुहोस् भन्नुभयो मन्त्रीज्यूहरूले हामीले माग्यौं । प्रत्येक सात वटा मन्त्रालयले सातवटा योजना माग्नुहोस् भन्नुभयो हामीले सात आठभन्दा त १०/१५ वटा योजनाहरू माग्यौं जिल्लाबाट थुप्रै स्थानीय निकायको नगरपालिकाको र गाउँपालिकाको सम्पूर्ण योजनाहरू टिपेर हामीले यहाँ प्रदेश सरकारको प्रत्येक विषयगत मन्त्रालयमा बुझाएका छौं । सायद त्यसमा एक-एक दुईवटा योजनाहरू बाहेक अरू धेरैपनि पर्ने जस्तो लाग्दैन मलाई यो पहिलो बजेटबाट त्यति सम्बोधन होला जस्तोपनि लाग्दैन र यो बाटोको कुरामा चाहिँ मैले अलिकत यो आर्थिक विधेयक दुई महिनाको भएपनि प्रस्तुत गर्दा यो पञ्चवर्षिय योजना जस्तो मानेको हुँदा मैलेपनि केही त्यहाँको जिल्लाका बाटाहरू आवश्यकता नाकाहरू जोड्नुपर्ने जिल्ला जिल्लाहरू जिल्लावाइच नाकाहरू जोड्नुपर्ने बाटाका सीमाहरू नाम टिपेर ल्याछु ।

प्रदेश सरकारले यो र प्रदेश सरकारले नसक्ने संघीय सरकारले सम्बोधन गरोस् र प्रदेश सरकारले त्यहींअनुसार को माग संघको सरकारलाई गरिदियोस् भन्ने राख्दै म यो सबै यो लेखेको बुँदागतमा जान चाहन्छ । डोल्पाको लासिक्याप देखि मुकोट छार्का दुनै हुँदै मुस्ताङ जोड्ने सडकमा जोड दिइयोस् । दुनै देखि ठांगे हुँदै म्याग्दीको ढोरपाटनसम्मको सडक निर्माणमा जोड दिइयोस् । त्रिपूरा सुन्दरी मन्दिरबाट छलमस्ट भवानी मन्दिर हुँदै सुकुटेश्वर हिमाल र फोक्सुण्डो ताल रिङरोड निर्माण गरियोस् गर्ने कार्यमा चाहिँ जोड दिइयोस् । ठुलीभेरी नगरपालिका जुफाल देखि माजफाल हुँदै पूर्व सिस्ने हुँदै पूर्व रूकुम जोड्ने सडकमा जोड दिइयोस् । जुफाल देखि पाहाडा हुँदै त्रिपूराकोट पुग्ने बाटो जोडियोस् र त्रिपूरा सुन्दरी ४ बाट पानि यार्चागुम्बा संकलन गर्न जाने मोटर बाटोलाई पनि जोड दिइयोस् र यो प्रदेश सरकारले अहिलेको बजेटमा राखोस् नभए अर्को आँउदो बजेटमा राखोस् देखि सालदाङ हुँदै भिजेरसम्म सडक बाटो जोडियोस्।

दुनै देखि परिला रह हुँदै फोक्सुण्डो जोड्ने सडक जोडियोस् । त्रिपूराकोट देखि रूम हुँदै सुलिघाट हुँदै फोक्सोण्डो हुने सडक जोडियोस् । दुनै देखि पिप्ला हुँदै माछफाल सम्म जोड्ने सडकमा जोड दिइयोस् र दुनै देखि थालडाँडा थाल हुँदै सल्टारा लासिक्याप सम्मको सडक जोडियोस् । यिनी विभिन्न किसिमका विभिन्न योजनाहरू थुप्रै डोल्पाका चाहिँ विभिन्न थुप्रै योजनाहरू बाँकी छन् हामीले यो दुई महिने यो कार्यविधिमा नसमेटिने हुँदा हामीले चाहिँ दिएनौं । जिल्लाका थुप्रै विभिन्न जिल्लाका समस्याहरू पनि छन् । डोल्पाको मात्र होइन कर्णालीका साविकका पाँचै जिल्लाका यो भेरी रासी जाजरकोट सम्पूर्ण यिनी जिल्लाहरूमा सम्पूर्ण थुप्रै किसिमका योजनाहरू बाँकी छन् यसमा चाहिँ हामीले दुई महिना मात्र भन्या हुँदा हामीले धेरै जिल्लाका केहीपनि कुराहरू ल्याएका छैनौं र अब ल्याउने अर्थ विधेयकमा प्रदेश सरकारले हामीलाई पनि राखि जिल्लाका समस्याहरू बुझेर जिल्लाको वास्तविक समस्या के छ त्यसलाई छलफलमा ल्याएर निर्णय गरोस् भन्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री गणेशप्रसाद सिंह, यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला, समय सात मिनेट ।

**माननीय सदस्य श्री गणेशप्रसाद सिंह :** माननीय सभामुख महोदय, प्रस्तुत २०७४/०७५ को माननीय अर्थमन्त्रीमार्फत् प्रस्तुत बजेटमाथि छलफल गर्दै रहँदा माननीय सांसदज्यूहरूले धेरै कुरा राखिसक्नु भयो र विशेष गरेर माननीय धर्मराजजी, माननीय गोपालजीले राखेका कुराहरूमा सहमत हुँदै मैले अलिकति लामो भएपनि मैले एउटै बुँदामा मैले यो प्रस्तुत अँ यो प्रतिवेदनमा प्रस्तुत बजेटमा उल्लेखित ५४ नम्बरको बुँदामा माननीय अर्थमन्त्रीज्यूबाट प्रस्तुत यो सन्तुलित बजेट मैले वितरण गरेको छु भनेर भन्नु भएको छ र यो असन्तुलित बजेट, विभेदकारी बजेटर पूर्वाग्रही बजेटको रूपमा मैले बुझ्या छु । मैले केही कुरा भन्छु हामी संघीयताको अभ्यासमा छौं । कथनी र करणीको कुरा बोली र व्यवहारको कुरामा आकाश र धर्तीको अन्तर देखिन्छ । यसो हुँदा जाजरकोट जिल्ला क्षेत्र नं. १ यो असन्तुलित र असमान यो नीतिको कार्यक्रमसँगै जोडिएर आएको बजेटभित्रबाट यो सम्बोधन भएको छैन यो किताबले बोलिराख्या छ र यो किताब सबै विज्ञहरूले पढिराख्नु भएको छ जनतालेप नि पढिराख्या छन् र किताब बोलिराख्या छ र किताब हासिराख्या छ ।

माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको पहिलो बजेट आ.व. २०७४/०७५ प्रस्तुत भएको छ । सरकारको नीति तथा कार्यक्रम र बजेट छाँया कपी एउटै प्रतिलिपी र एउटै एउटै जस्तो छ । सरकारको नीति तथा कार्यक्रमको सत्तापक्ष प्रदेश संसद प्रतिपक्षी गरिबी अभाव भन्ने भनाइ माननीय मुख्यमन्त्रीको थियो सारमा तर सरकारकै प्रस्तुत बजेटमा सत्तापक्ष सरकारका मन्त्रीहरू प्रतिपक्ष सरकार बाहिर रहेका सत्तापक्ष र प्रतिपक्षका सांसदहरू भएको देखि राख्या छ आजको यो सिचुयसनले देखाइ राख्या छ ।

माननीय अर्थमन्त्री र भौतिक पूर्वाधार मन्त्रीज्यूहरूको निर्देशन र सल्लाहअनुसार ५० लाख नबढाई दुई तीन वटा सडक पूर्वाधार लगाएतका योजनाहरू टिपाउनुहोस् भन्नु भयो सोहीअनुसार सामरिक महत्त्वका प्रदेशभित्र जाजरकोट जुम्ला जोड्ने सडकहरू व्याउली जुम्ला सडक बारेकोट चाखुरे जुम्ला सडक, लेखेर दियौं । ५० लाख अंक नबढाई सयौं वर्षमा यी पुरोनो बाटोमा हिड्ने हुलाकीहरू बटुवाहरू दर्जनौ हिंउ पहिरोमा हावाहुरीमा परेर मृत्यु भएको इतिहास छ । यसको सर्भेक्षणसहित डाटा पेश गर्न सकिन्छ दर्जनौं जनताहरू हिंउ चिसोमा परेर हातखुट्टा लुडिएर अपाङ्ग भएको इतिहास छ । ५ महिना बाटो बन्द हुन्छ । जुम्लासँगको यातायात बाटो जुन बाटोलाई नेपाल सरकार अहिले हामीले प्रस्ताव गरेका छौं जुन सडकहरू

आर्थिक, व्यावसायिक, सामाजिक पर्यटकीय समग्र हिसाबले जाजरकोट जिल्लाको लाईफ लाइन समृद्धिसँग जोडिएका सडकहरू हुन । जिल्ला निर्वाचन क्षेत्र अहिले सम्म नाकाबन्दीमा रहेको अवस्था हो । प्रस्तुत बजेटमा जाजरकोटको ३३ के.भी. ग्रामिण विद्युतको लाइन विस्तार हुनुपर्थ्यो अब प्रदेशमै १२० के.भी लाइनको केन्द्रीय लाइन विस्तार हुनु पर्थ्यो । कर्णाली प्रदेशका जिल्ला निर्वाचन क्षेत्रहरूमा न्यूनतम दुई अधिकतम ५/७ वटा देखि १०/१२ वटा केन्द्रीय संघ अन्तर प्रदेश र जिल्लाभित्र राष्ट्रिय गौरवका निर्वाचन क्षेत्रमा सडकहरूका नाम प्रस्तुत हुने बेला जाजरकोट निर्वाचन क्षेत्र नम्बर १ मा किन जिरो हुन गयो ? किन शून्य हुन गयो ? के एउटापनि लेखलाई मसी सिद्धियो होला कलमको ? कापीको पेज सिद्धियो होला ? प्रश्नवाचक चिन्ह यसको जवाफ सरकारका मन्त्रीहरूले दिनु पर्नेछ । मैले जवाफ के लिएर जाने ? यो जवाफ मैले एउटै सेन्टेन्समा असन्तुलित भयो र विभेदकारी भयो र म मन्त्री हुन सकिन बजेट ल्याउनको लागि मन्त्री हुन पर्दो रहेछ मैले यही जवाफ दिनु पर्ने एउटा बाध्यकारी अवस्था सिर्जना भएको छ ।

यो बजेट प्रस्तुत पछि माननीय सभामुखज्यूमार्फत् गरिमामय सदनसमक्ष ध्यानाकर्षण गराई दिन म आग्रह गर्दछु । मैले फागुन १२ गते कर्णाली प्रदेशको नामाकरण र राजधानीको प्रस्तावउपर समर्थन गर्दा अस्तित्व र स्वाभिमानको लागि सङ्घर्ष गरेर संविधान निर्माणको ऐतिहासिक कार्यान्वयन गर्ने विशेष घडीमा आइपुगेका छौं । यो समर्थन गर्दा यो राजधानी पूरानो राजधानी नभएर नयाँ राजधानी असन्तुलित र विभेदकारी नहोस् भनेर अहिले यही रोष्टममा राखेको थिए आज ठिक एक महिना २ दिन भएको छ । यो कुरा राखेको रयो असन्तुलित र विभेदकारी बजेट उपर मैले चाहिने टिप्पणी राख्नु पर्दा म आफैंलाई मतलव असान्दर्भिक र अस्वाभाविक ठान्दछु तर पनि मैले जनताले दिएको मेन्डेडअनुसार राख्नैपर्छ के पायो त निर्वाचन क्षेत्रले भन्ने कुरा राखेको राख्नै पर्ने हुन्छ तर दुर्भाग्य यस्तै भयो । फेरिपनि अस्तित्व र स्वाभिमानको लागि समानताको लागि लड्नु पर्ने भयो त ? सार्वजनिक स्थल लिनु पर्ने भयो त जनप्रतिनिधिको लागि ? निर्वाचन क्षेत्रहरूमा असन्तुलन र विभेद यस्तो तरिकाले हामीले योजना तर्जुमा गर्‍यौं भने कसरी संघीयताको विकास हुन सक्छ ? यो प्रश्नवाचक चिन्ह सरकार गम्भीर होस् भएन माननीय सांसदज्यूहरू यो गरिमामय सदनमा हामी यो योजना अब कुरा गर्‍यो कुरैको लागि दुख पुनर्विचार र संशोधनको लागि माननीय सभामुखमार्फत् यसलाई सच्याउन म विशेष आग्रह माननीय सभामुख महोदयमार्फत् गर्दै म तपाईंहरूबाट बिदा हुन्छु, हवस्त नमस्कार ।

**माननीय सभामुख :** माननीय श्री पद्मा खड्का, यसपछि माननीय श्री रातो कामी तयार रहनु होला समय सात मिनेट ।

**माननीय सदस्य श्री पद्मा खड्का :** सभामुख महोदय, यस १६ औं बैठकमा जुन प्रदेश सरकारबाट माननीय आर्थिक मामिला मन्त्रीबाट प्रस्तुत भएको जुन आर्थिक बजेटमाथि आज छलफल भइरहँदा सर्वप्रथम यस कर्णाली प्रदेशको छोटो समयमा कार्यान्वयन गर्नुपर्ने जुन बजेट प्रस्तुतमाथि छलफल भइरहँदा विभिन्न माननीय सदस्यहरूले यहाँ धेरै कुरा राखिसक्नु भएको छ र जुन ढङ्गले यो बजेटमाथि छलफल भइरहँदा धेरै कुराहरू समेटिनु पर्ने कुराहरू छुटेको महसुस हामीलेपनि गरिरहेका छौं तर यो एउटा बजेटको पहिलो दस्तावेज हो यले पक्कैपनि आगामी आउने बजेटमा मार्ग प्रशस्त गर्नेछ भन्ने कुरापनि हामीले बुझेका छौं । त्यसकारणले यो बजेट जसरी यहाँ ल्याउनु भएको छ त्यसको लागि सर्वप्रथम म आर्थिक मामिला मन्त्रालय र यो प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । जसरी धेरै कुरा आइरहेका छन् तर पनि सुझावको रूपमा यो कर्णाली प्रदेशको जुन सुर्खेत राजधानीको एउटा जनप्रतिनिधिको नाताले मैले यहाँ सुझावको

रूपमा राख्न चाहि रहेको छु । मलाई सबैभन्दा पहिला यो बजेटको शीर्षकहरू जुन बजेटिकरण गरिएको छ कुनै ठाउँमा शीर्षकवाइज बजेट तोक्ने कुनै ठाउँमा नतोक्ने । कुनै ठाउँमा योजना भौतिक पूर्वाधारमा यति सामाजिकमा यति भनेर छुट्याउने यो कस्तो-कस्तो हामी आफैँलाई पनि एउटा अन्यौलताका बीचमा फेरिपनि हामी मन्त्रालयमा फायल बोकेर यो योजनाहरू फेरि हाल्दिन पऱ्यो यसमा बजेट यति छुट्याइदिन पऱ्यो भन्ने खालको फेरिपनि पूरानै शैलिबाट हामीले धाउनु पर्छ कि भन्ने कता-कता त्यस्तो खालको महसुस पनि भएको छ । सायद कार्यान्वयनमा यसो नहोला हामी आशा गर्छौं तर भौतिक पूर्वाधार जहाँ हामी अझैपनि यो कर्णाली प्रदेशको २ वटा जिल्ला सडक पुऱ्याउन सकिरहेका छैनौं भनि रहेका छौं यहाँ सदनमा बोलिरहेका छौं विकास असाध्यै द्रुतगतिले पुऱ्याउनका लागि भौतिक पूर्वाधारमा अलि बजेट थोरै नै भयो कि भन्ने मैलेपनि महसुस गरेको छु ।

तसर्थ पुन यो दुई महिनाको बजेट जति यहाँ सिलिङ देखिएको छ यलाई व्यवस्थित रूपले कार्यान्वयन गर्दै थप आउने बजेटमा फेरि हामीले आशा राखिरहेका छौं र यसलाई एकदमै अहिले उठिरहेका आवाजहरूलाई सुझावहरूलाई नछुटाइकन आगामी बजेटमा समावेस गरियोस् भन्ने पनि मैले यहाँ आफ्नो सुझाव राख्न चाहन्छु । जस्तै प्रत्येक मन्त्रालयमा विषयगत मन्त्रालयमा हामीले प्राथमिकताका आधारमा निर्वाचन क्षेत्रसँग सम्बन्धित भएर दुई महिनामा गर्न सकिने के-के हुन त भनेर हामीले निर्धारण गर्नपनि दिएका थियौं । सायद जहाँसम्म लाग्छ त्यहीँअनुसार  बजेटिङ भइदिएको भए एकदमै सजिलो हुन्थ्यो कार्यान्वयन गर्नपनि सजिलो हुन्थ्यो भन्ने हामीले महसुस गरिरहेका छौं तर पनि यो सबै भौतिक पूर्वाधारमा १३ करोड विद्युत विकासको लागि ५० लाख भनिएको छ । बाटो सँगसँगै विद्युतलाई पनि जोड दिन पर्थ्यो यति थोरै रकम जस्तो हामीले सुर्खेतको चौकुने सिमेन्ट कारखानाको लागि सम्भाव्यता भनिएको छ यसमा बजेटिङ छैन । अनि विद्युत छैन हामी उद्योग कलकारखाना कसरी चलाउन सक्छौं ? कसरी सञ्चालन गर्न सक्छौं ? यो रकम भनेको ५० लाख भनेको थोरै एक अंशपनि भएन यसले कसरी हामी सम्भाव्यता हाम्रा कलकारखाना उद्योगधन्दालाई सञ्चालन गर्ने कुरामा अगाडि बाटो निर्देश गर्न सक्छौं ? यो बजेट साह्रै न्यून भयो भन्ने मैले राख्न चाहन्छु र यसैगरी  तटबन्धन तथा बाँध निर्माण भन्ने छ २० लाख हाम्रा २०७१ सालका बाढीले भत्काइएका विभिन्न खोला, नदी किनार बस्तीहरूपनि अझै हामीले बसाल्न सकिरहेका छैनौं । यो रकमपनि साह्रै न्यून भयो भन्ने मलाई लाग्दछ र यसैगरी पेज नम्बर १९ को १०७ मा कर्णाली समृद्धिका आधार पर्यटन पूर्वाधार विकास भन्ने नाराका साथ कर्णाली रारा पर्यटन वर्ष आरम्भ जुन हामीले रारा तालबाट सुभारम्भ गऱ्यौं त्यसमा हामी सबै समावेश पनि भयौं र हामीलाई जहाँ सम्म लाग्छ यो कर्णाली प्रदेशले एउटा राम्रो कामको शुरूवात गऱ्यो । यो प्रदेशमा हामीले पर्यटन आन्तरिक पर्यटकमात्र होइन बाह्य पर्यटकलाई पनि भित्र्याउन सक्छौं भन्ने आशा बोकेका छौं तर हामीले त्यहाँ धेरैभन्दा धेरै पर्यटक पुऱ्याउनपनि योजना के त्यहाँका भौतिक पूर्वाधारलाई हामीले कसरी ध्यान दिने भन्ने कुरा अनि ७० लाख छुट्याइएको  यो ७० लाख खर्च भइसक्यापनि हो कि यसैमा ? यो नयाँ ७० लाख हो कि योपनि अलि त्यति बुझ्न सकिएन । यसलाई राम्रोसँग खर्च भइसकेको अथवा थप ७० लाख हो यसलाई पनि प्रष्ट रूपमा बुझिएको भए राम्रो हुन्थ्यो भन्ने लाग्दछ । यस्तैगरी पेज नम्बर २२ को १२८ नम्बर बुँदामा ताल, झरना संरक्षण सम्वर्द्धन र वन भूसंरक्षण तथा जलाधारको संरक्षण सम्वर्द्धन गर्न १ करोड २८ लाख ९८ हजार विनियोजित बजेटमा छुट्याइएको छ यो भनिएको छ कुनै निर्वाचन क्षेत्र तोकिएको छैन कुनै यहाँ कुनै-कुनै योजनामा जिल्लापनि छोइएको छ । अब हामी संघीयतामा गइसकेपछि एक निर्वाचन क्षेत्रमा एउटा कार्यक्रम हो कि यो कसरी हो जाने यसलाई पनि क्लिएर रूपमा ।

यसैगरी पेज नम्बर २२ को १३० मा भनिएको छ घरेलु तथा साना उद्योग संरक्षण तथा गुम्बामन्दिर भनिएको छ । यसमा पनि हामीले धार्मिक रूपले हामी धर्म निरपेक्ष जुन घोषणा भइसकेको हामी यो अवस्थामा यसरी छुट्याउदा दुईवटा मात्र छुट्याए भने यसले चाहिँ विभेदिकरण गर्छ भन्ने मलाई लाग्दछ र अर्को कुरा छ मैले यहाँ भन्नेपनि गरिरहेको छु जुन कृषिको पकेट क्षेत्र हामीले छुट्याउने गरेर नमुना पकेट क्षेत्र भनिरहेका छौं तर हामीले रूकुममा मात्रै एउटै बजेटमा यति ठूलो सिलिङ दिँदा अन्य क्षेत्रमा के हो भन्नेपनि माननीय सदस्यहरूलाई लागिरहेको छ यो कुरामा पनि स्पष्ट रूपमा चाहिँ आइदिएको भए राम्रो हुन्थ्यो भन्ने लाग्दछ । यसैगरी यो क्षेत्रको कर्णाली प्रदेशको असाध्यै हामीले एउटा मूल प्रवेशद्वार राजधानी, राजधानीलाई सुन्दर र रमणीय बनाउन सक्यो भने पक्कैपनि अन्य जिल्लालेपनि त्यहीं खालको एउटा अवसर प्रदान गर्न सक्छन् पनि भन्ने मलाई लाग्दछ र राजधानीको वीरेन्द्रनगर बजारमा हामीले भनि रहेका थियौं हामी तीनजना माननीय सदस्यहरू बसेर पनि हामीले भनेका छौं । जहाँ मूल बजारमा आज यो वीरेन्द्रनगरको ढल बगिरहेको छ यो ढल व्यवस्थापन गर्नका लागि मैले यहाँ एक नम्बरमा यो बजेट राख्न पर्दछ भनेर राखेको थिए यसलाई पनि व्यवस्थापन गरियोस् भन्ने मैले जोडदारसँग यो समावेश गरियोस् भन्ने कुरा राख्न चाहन्छु र अन्तमा यो एकदमै हामी नयाँ अभ्यासमा छौं, नयाँ जुन अभ्यास गरिरहेका छौं र गर्दा गर्दै फेरिपनि हामी पूरानै अभ्यास गरिरहने हो भने अनि पूरानै संरचनामा फर्कने हो भने संघीयता कार्यान्वयन गर्ने कुरामा हामी आफैंपनि कति त्यहाँ सम्म लाग्न सक्दछौं भन्ने कुरा प्रश्न चिन्ह फेरि जनताले हामीतिर फर्काउने छन् भन्ने कुरालाई ध्यान राख्दै र यो बजेटलाई जुन बजेटका सुन्दर पक्षहरूलाई सुझाव सल्लाह सहित सकारात्मक सुझावलाईरचनात्मक सुझावलाई एकदमै सारमा यहाँहरूले बुझिकन यो बजेटलाई कार्यान्वयनतिर अगाडि बढाउनु हुनेछ भन्ने कुरा सफलताको शुभकामना दिँदै मेरो भनाइ यही अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख** : माननीय श्री रातो कामी, यसपछि माननीय श्री अम्मरबहादुर थापा तयार रहनुहोला समय सात मिनेट ।

**माननीय सदस्य श्री रातो कामी** : माननीय सभामुखज्यू, हामी यो सरकारले ल्याएको बजेटमा छलफल गरिरहेका छौं मभन्दा अगाडि राख्नुहुने सबै साथीहरूले बजेट उपर टिप्पणी गरिसक्नु भएको छ र विशेष गरेर सरकारले ल्याएको बजेटमा हामी झुक्किएका छौं र यो झुक्किएर आउँनुमा हामीलाई केही सूचनाको समस्या भएको छ । जसले गर्दा दुई महिना तीन महिनाको लागि एउटा एउटा शीर्षकमा मात्रै बजेट दिनुपऱ्यो भनेर हामीलाई सूचना दिइयो र आउँदाखेरि अहिले पाँच वर्षको अवधिभन्दापनि अब अर्को अवधिसम्मको लागि बजेट यहाँ चाहिँ आएको छ । त्यसैले गर्दा यो झुक्किएर बजेट आउँदा कतिपय ठाउँहरूका मागहरू यहाँ आएका छन् । कयौं असाध्यै सामरिक महत्त्वका योजनाको यहाँ चाहिँ नामहरू सूचीमा छैनन् । यसैले गर्दा म यस मध्येमा असन्तुष्टि जारी गर्न चाहन्छु र खासगरीकन हामीले ल्याएको यो व्यवस्था हामीले चाहिँ गरेको हिजोको प्रतिबद्धता अनुरूपको बजेट कार्यक्रमहरू र हामीले यो व्यवस्थालाई सञ्चालन गर्न सकेनौं भने हामीले अरू कसैका बारेमा धेरै कुरा गरेर हामी यहाँ आइपुगेका छौं हाम्रो बारेमा पनि अरू कसैले कुरा गर्ने त हैनन् ? यो त प्रश्न उठिनै हालो त्यसो हुँदा हामीले यो देशमा ल्याएको चाहिँ गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक जो व्यवस्था हो यो बजेटले सम्बोधन गर्न सकेन भने केवल भाषण र नारामा मात्रै सीमित हुने हो भने यसको औचित्य छैन र हुँदैन पनि ।

त्यसो भएको हुनाले म के कुरा भन्न चाहन्छु भने एउटा दुईवटा योजनालाई मात्रै हामीले अगाडि दिदा रूकुमबाट जहाँ चाहिँ दुरदराज जहाँ अहिलेपनि बाटो पुगिरहेको छैन, हामी अर्गानीकको कुरा गरिरहेका

छौं । १२/१५ सय क्वीन्टल आलु कुहिएर खेर गएको ठाउँमा बाटो पुगिरहेको छैन । जसले गर्दा खरिद गोदाम भनेको कर्णालीको चाहिँ माथि हुम्ला जुम्लामा जसरी विकट छ रूकुममा पनि त्यो प्रकारको विकट एरिया हो त्यो त्यहाँ बाटो पुगिरहेको छैन । त्यहाँको बाटोको बारेमा हामीले राडिबाट दाजे हुँदै खदि बारेङ्गे तोरीद्वारी हुँदै कागमारा डोल्पाको चाहिँ माजपालतिर जाने बाटो हो त्यो अथवा ५ नम्बर प्रदेशको सिस्ने गाविसतिर जाने बाटो हो । जसले गर्दा हामीले जलिगार खदी बारेङ्गेमा स्याउ खेति हुने ठाउँ छ त्यहाँ भइराखेको छ । त्यहाँको स्याउ निर्यात गर्न सकिरहेको छैन बाटोको अभावको कारणले खच्चडबाट ढुवानी गर्दाखेरि कयौं अर्गानीक चिजहरू खच्चडबाट ढुवानी गर्दा त्यो ठाउँबाट अर्को ठाउँमा आइ पुग्दाखेरि ट्रान्सपोर्टेसन असाध्यै महङ्गो पर्ने भएको हुनाले त्यसको बिक्री वितरणमा असाध्यै समस्या खड्किरहेको छ ।

त्यसो भएको हुनाले जहाँ जुन ठाउँमा बाटो पुग्नु पर्ने हो त्यो कुराको शीर्षक हामीले यहाँ राख्ने अथवा त्यसलाई चाहिँ अगाडि सार्ने सम्मको प्राप्त भएन । जसले गर्दा डोल्पा जिल्लाको पनि जसरी चाहिँ बझीक्वारी बोहोरा कम्रेडले भन्नु भयो माथिको त्यो कुरा जायज छ त्यहाँ हुन जरूरी छ । अर्को कुरा त्रिवेणीबाट कालिका पिल सर्मि काइ गाउँ हुँदैमाथि तपाईंको चाहिँ से-फोक्सुण्डोतिर जाने बाटो हो त्यहाँ ५०० भोटान हो ।माथि ७०० भोटान हो भने सिंगो ५०० भोटान तल हो । ५०० भोटानमा अहिलेपनि बाटोले छोइरहेको छैन बाटो असाध्यै विकट छ । त्यसो भएको हुनाले त्यहाँ बाटो यथाशक्य बाटोको चाहिने शीर्षक हुनुपर्ने त्यसलाई डि.पि.आर गरेर अगाडि बढाउनु पर्ने जरूरी छ । जसले गर्दा रूकुमको चिसापानी देखि दल्लीकोमाथि कालिमाटी अइराडि त्यसपछिमाथि बारेकोट हुँदै चाखुरेबाट जुम्ला जुन १४ बिसे जुम्ला भनेरपनि भनिन्छ त्यहाँ जानु पर्ने बाटो त्यहाँ मान्छेहरू पैदलबाट भेडा च्याङग्राका चाहिँ विभिन्न किसिमका उनका कपडाहरू ल्याएर मान्छेले डोको डालोमा अहिलेपनि सामान ओसार पसार गरिरहेका छन् । त्यसको बारेमा नीति तथा कार्यक्रम अथवा यो बजेटमा त्यो उल्लेख हुन जरूरी थियो । जसले गर्दा रूकुमबाट चौरजहारी भनियो त्यो मध्यपहाडी राजमार्ग अन्तर्गतको बाटो भइनै सक्या छ र त्यो बाटो मध्यपहाडी राजमार्गको सिम्ली गरेला हुँदै, सिम्ली गरेला हुँदै मतलव खेत फरा जिउढुंगा पोखरीबाट चाहिँ फेरि गोइरीचौर गएर चिसापानी आएर फेरि बारेकोटतिर जाने जो बाटो छ यसको शीर्षक हुनुपर्छ । हामीलाई शीर्षक वाइज रूपमा यहाँ योजना दिनु अथवा टिपाउनु पर्नेमा त्यो नलगिकन आफूलाई जानकारीमा आएका योजनाको मात्रै यहाँ शीर्षक हुने कुराले हामी क्षेत्रबाट निर्वाचित भएर आएका माननीय सदस्यहरूको चाहिँ जनताको बीचमा हामीलाई असाध्यै नमजा भइरहेको छ र म यो सम्मानित सदनमार्फत् सभामुखमार्फत् सदनमा म यो जानकारी गराउन चाहन्छु । त्यस्तै गरिकन यहाँ अस्तिपनि मैले कुरा राख्ने सन्दर्भमा मैले भन्या थिए त्यो कुरा फेरि आजपनि त्यो कुरा फेरि दोहोरिन गइरहेको छ । हामीले आफ्ना-आफ्ना मात्रै कुरा गर्न थाल्यौं भने हिजो हामीले संयुक्तमा किन कुरा गर्‍यौं ? अहिले महिलाको बारेमा दलितको बारेमा अशक्त अपाङ्गहरूको बारेमा बजेट खै व्यवस्था भएको ? कुरा उल्लेख गरिएको छ २०० नम्बर बुँदामा । बजेटको व्यवस्था गरिएको छैन । बजेट बिनाको यो सस्तो लोकप्रियताको लागि मात्रै कुरा भटयाउने मान्छेलाई चाहिँ एउटा जनजागरण मात्रै चाहिँ पैदा गर्ने र हामीले त्यसको नाजुक स्थितिको मात्रै फाइदा लियौं भने राजनीतिकर्मीहरूलाई फेरिपनि फेरि भोलिका दिनहरूमा हामीलाई अविश्वास जनताबाट उत्पीडित क्षेत्र समुदायबाट त्यसले गर्दा यसको बारेमा बजेटको व्यवस्था नहुने हुँदा यो असाध्यै चाहिँ कुरा भइरहेको छ यहाँ ।

त्यसै गरिकन दलितहरूका चाहिँ अहिले नमुना बस्तीको विकासको योजना चाहिँने १० वटै जिल्लामा सघन रूपमा रहेका दलितहरूका बस्ती दलितहरूको छुवाछुत भेदभावको अन्त्य गर्नका लागि जनचेतनामूलक

कार्यक्रम तीनको चाहिँ दलित र गैरदलित बीचमा सवुतको कार्यक्रम र सद्भाव, समाजिक सद्भाव र जातिय छुवाछुतमुक्त कार्यक्रम जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू अगाडि बढाउनु पर्नेछ । हामीले हिजो फरक जिल्ला र फरक अञ्चल हुँदा रूकुम जिल्लामा रूकुम जिल्लाका यदि पार्टीहरूले त्यहाँको चाहिँ सरकारी संयन्त्रका चाहिँ संयन्त्रले त्यहाँको चाहिँ जिल्लामा उपस्थित जनप्रतिनिधिहरूले १९ पटक गाविसलाई छुवाछुतमुक्त तथा सद्भावयुक्त जिल्ला घोषण भइसकेको छ ।

हामीले यो २०७५ को सेरोफेरोमा हामीले त्यसलाई सिंगो जिल्लालाई राष्ट्रकै एउटा चाहिँ छुवाछुतमुक्त जिल्लाको घोषणा गर्ने प्रक्रियामा रूकुमको दसल चाहिँ अधिकारकर्मीहरू लाग्नु भएको छ त्यहाँको जिल्ला विकास जिल्ला समन्वय समिति र त्यहाँको चाहिँ राज्यको प्रशासन सबै लागेको छ । त्यसो भएको हुनाले अरू जिल्लामा पनि कर्णाली प्रदेशमा दोस्रो मतलव जनसंख्याको हिसाबले दोस्रो संख्यामा रहेका दलित समुदायहरूको उत्थान र तिनको प्रबर्द्धन तिनको चाहिँ विशेष गरिकन चाहिँ तिनीहरूलाई माथि ल्याउन सकिँदैन तबसम्मलाई अरू धेरै कुराहरूको चाहिँ परिकल्पनाहरू गर्न सक्दैनौं । जसले गर्दा सिलाई कटाइको गार्मेन्ट उद्योगहरू र फलामका उद्योगहरूलाई चाहिँ त्यसलाई कृषि औजारमा अगाडि बढाउने कुरा र विविध खालका जुन कुराहरू छन् दलित समुदायबाट हुँदै गरेका सिप कलाहरूको प्रबर्द्धन सम्बर्द्धन गर्‍यौं भने हामीले चाहिँ वास्तवमा कर्णाली प्रदेशलाई हामीले चाहिँ आफ्नै प्रदेशभित्रको चाहिँ हामीले कपडा लगाउने कुरा होस् औजार बनाउने कुरा होस् त्योभित्रको सिप र दक्षतालाई प्रयोग गर्‍यौं भने विकास निर्माणमा यसले टेवा पुर्‍याउछ । यसको बारेमा बजेट नभइकन हामीले अरू अरू कुरामा मात्रै बजेटको विनियोजन अथवा चाहिँ यो गरिने छ त्यो गरिने छ भन्यौं भने दलित समुदायलाई र महिला समुदायलाई यहाँ विशेष व्यवस्था गरिने छ भनेर आएको छ ।

मलाई के लाग्छ भने भारत वर्षको समयमा अकवर बास्सा र विरवल काजिको एउटा काहवत छ त्यहाँ कुनै दिन अकवर बास्साले एउटा मान्छेलाई पानीमा रातभरी डुबेर आएपछि मात्रै मन्त्री घोषणा गर्ने कुराको चाहिँ उद्घोष गरी सकेपछि रातभरी पानीमा बसेर बिहानीपख उ आइसकेपछि कसरी बाँची तँ भनेर सोध्दाखेरि म त्यो परको बत्तिको चाहिँने साहाराले बाँचे भनेर उसले जवाफ दिएको थियो त्यस्तै गरिकन विशेषाधिकार भन्ने पर देखाइएको एउटा चाहिँ पालुवाले मात्रै दलित समुदायको महिला समुदायको उत्थान हुन सक्दैन । यसका बारेमा बजेट बारबार हामीले भनेका छौं यो यद्यपी कर्णाली प्रदेशको हामीले भर्खरै मात्रै यसको चाहिँ सबै कुराहरू चाहिँ अगाडि बढ्न खोजेका छन् । यसमा दोस्रो जनसंख्याको हिसाबले दोस्रो हिसाबले चाहिँ यहाँ रहेका बीच समुदायको उत्थान बेगर यो प्रदेशको उत्थान हुन सक्दैन प्रबर्द्धन र सम्बर्द्धन हुन सक्दैन यो कुरालाई म चाहिँ सम्मानित सभामुखमार्फत् म सदनमा ध्यानाकर्षण गराउन चाहन्छु । सँगसँगै यो बजेट जसरी जुन ढङ्गले यहाँ झुक्किएर मतलव चाहिँ लिँदाखेरि चाहिँ थोरै मात्रै एक दुईवटा योजना भनेर ल्याइएको छ र पछि गएर आफूले जाने बुझेका मात्रै नामहरू लेखेर चाहिँ जुन प्रकारले हामीलाई अन्यौल बनाइएको छ र यो अन्यौलमा अहिले जनसमुदायपनि तल अहिले अन्यौलमा रहु भएको छ । यो जनसमुदायलाई मैले यहाँ भनिरहँदा मैले भनिसकेको छु के हामीले झुक्किएर यो बजेट आएको छ । हामीले विभिन्न ठाउँका सामरिक महत्त्वका ठाउँका शीर्षकहरू र त्यहाँको चाहिँ कुरा गर्ने कुरामा हामीलाई चाहिँ यहाँ एक/दुईवटा योजना भन्यो र आउँदाखेरि हामीलाई थुप्रै योजनाहरू यहाँ छुटेका छन् । त्यसैले गर्दा यो चाहिँ सकभर हाम्रो नीति तथा कार्यक्रम फेरि आउँनु बजेट अथवा चाहिँ आउने बजेटमा यसलाई चाहिँ विशेष गरिकन सबैका कुराहरूलाई सम्बोधन गरेर सबै निर्वाचन क्षेत्रबाट के-कस्ता बजेटहरू के-कस्ता विकासहरू छन् त्यसकोपनि सम्भाव्यता अध्ययनसँगै पहिला निर्वाचित माननीय सदस्यहरूबाट यसको डिटेल रूपमा चाहिँ योजनाको चाहिँबाट लिएर मात्रै यस्ता काम अगाडि बढाउँदा

सबैको चाहिने प्रदेश सबैको स्वामित्व सबले गरेको हुने र सबैले जस पाउने प्रकारको हुन्छ । अन्यथा समस्या हुन्छ भन्ने कुरा राख्दै म बिदा हुन चाहन्छु, धन्यवाद नमस्कार ।

**माननीय सभामुख** : माननीय श्री अम्मरबहादुर थापा, यसपछि माननीय श्री वीरबहादुर शाही तयार रहनु होला समय सात मिनेट ।

**माननीय सदस्य श्री अम्मरबहादुर थापा** : माननीय सभामुख महोदय, आज यो बजेट कर्णाली प्रदेशको पहिलो बजेटको दफावार छलफल भन्ने छलफलमा सहभागी हामी भएका छौं । यो दफावार छलफल हो कि अनुमोदन हो मलाई थाहा छैन । यो अनुमोदन हो कि अनुमोदन गरेपछि होइजाने हो कि धेरै सांसदहरू, साथीहरूलेपनि भन्नु भयो र यसको प्रकृतिपनि त्यस्तै त्यस्तै देखिन्छ । यसमा चेन्ज मेन्ज हुँदैन रे अब चेन्ज मेन्ज नहुने कुरा छलफल होइन त्यो अनुमोदन हो सरकारले ल्याएको बजेटको अनुमोदन गर्ने कुरा मात्रै हो भने हामी सांसदहरूको के हैसियत रहन सक्छ ? यो बजेट सरकारले पेश गर्ने संसदले पास गर्ने संसदका सदस्यहरू जनताका प्रतिनिधि हुन जनताबाट निर्वाचित भएर आएको जनताका भावनाको कदर गर्दै जनताका आवाजहरू बुलन्द गर्ने जनताका आवश्यकतालाई परिपूर्ति गर्ने काम यी जनप्रतिनिधि र यी संसदहरूबाट हुन्छ यो कुरा सरकारले बुझ्न जरूरी छ त्यसैले सांसदहरूलाई लटपटयाउँदै, लटपटयाउँदै लिएर चाहिँने अनुमोदनमा हाल्ने काम यो सरकारले नगरोस् र यो सरकारको ध्येय त्यस्तै त्यस्तै बुझियो । अब कुरा के छभन्दा मुटुमाथि ढुङ्गा राखी धेरै सांसदले भनिपनिसक्नु भयो ढुङ्गा राख्नैपर्छ जस्तो लाग्दैन मलाई । किन ढुङ्गा राख्ने ? यदि सांसदले भनेको योजनाहरू हामीलाई दिएको जिम्मेवारी पूरा हुँदैन भने अनुमोदन गर्नपर्छ भन्ने जरूरी छ ? थप्पडी बजाउनै पर्ने सरकार चलाउनै पर्ने ? यो परम्परावादी सोच हो । अब नयाँ तरिकाले अगाडि जाने नयाँ कुराले परिवर्तन हुँदै अगाडि बढ्ने प्रवृत्तिको पनि थालनि गर्नपर्छ । त्यसैले म तपाईंहरूलाई यो सरकारलाई यही अनुरोध गर्न चाहन्छु बजेट खर्च हुने बजेट ल्याउन पर्‍यो । बजेट आउँदो वर्ष अलि बढी बजेट भाषण गरौंला भनेर राख्ने बजेट होइन बजेटले जनताका आवश्यकता परिपूर्ति गर्ने भनेर ल्याउनु पर्छ बजेटले आउदो वर्ष रहिरहन्छ हाम्रै गुदि हो भनेर राख्ने बजेट होइन । अहिले जुन एक अरब दुई करोडको बजेट छ सकेसम्म असार मसान्तसम्म छोटो अवधिमा पनि मैले पहिलेदेखि भन्दै आए फास्टट्र्याकबाट यो संसदबाट तपाईंहरूले के समस्या परेको छ त्यो फुकाएर फाष्टट्र्याकबाटै यो बजेट जनताका बीचमा जानपर्छ र जनताका आवश्यकता परिपूर्ति हुन पर्छ । अहिले हिजोको बजेट भाषण सुन्दा यो फाष्टट्र्याकमा छैन । यो परम्परावादी छ । जुनजुन ४ वर्ष मैलेमाथि संविधान सभा हुँदै प्रतिनिधि सभामा बस्दा जो अर्थमन्त्री भयो उतै लाग्ने, जो भौतिक मन्त्री भयो उ उतै लाग्ने, बजेट त्यहींसीको यो प्रदेशलेपनि गरो कि यो संघीयताको आधार बनाएन कि ? समानताको आधार बनाएन कि ? यसको उद्देश्य यो संविधानको उद्देश्यपनि के छभन्दा अहिले राजश्व किन केन्द्रले उठाउने ? हाम्रो प्रदेशको राजश्व हामीले उठाउने संवैधानिक अधिकारको व्यवस्था त हुनैपर्थ्यो । यदि कसैलाई मात्रै पर्छ भनेर समानताको आधारमा केन्द्रले राजश्व उठाउने भन्सार महत्त्वपूर्ण भन्सार आउने कुरा केन्द्रले उठाएर सबै तह र सबै प्रदेशलाई समानताको आधारमा वितरण गर्ने भनिएको छ । यो कुनै एउटा निर्वाचन क्षेत्रमा १० करोड हाल्ने एउटा निर्वाचन क्षेत्र शून्य रहने भनेर यो संघीयताको समानताको आधारमा होइन त्यसैले म तपाईंहरूसँग आग्रह गर्न चाहन्छु हामीलेपनि धेरै महत्त्वकांक्षा बजेट यत्रो हुने हाम्रा योजना यत्रो बनाएर चाहिने असम्भव असफल हुने कुरा हो ।

यो सरकारले हामी संसदहरूलाई राखेर बजेटको हामीसँग सिलिङ यति छ यो बजेटको परिधिभित्र रहेर प्रत्येक निर्वाचन क्षेत्रलाई यति बजेट छुट्याइनु पर्ने भयो यही तहमा रहेर बस्नोस् बसेर योजना ल्याइ

दिनुहोस् माननीयज्यूहरू भन्नपर्‍यो । विशेष खालको सरकार भइसकेपछि केही प्रतिशत सरकारले निर्णय गरेर आफ्ना काम कार्यवाहीहरूलाई अगाडि बढ्ने बजेट अब तपाईंहरूले सरकारमा लिइसकेपछि यो हामीले हाम्रो तहबाट सरकारका मन्त्रालयको तहबाट हामीले खर्च गर्न पाउने भन्ने कुराको छलफल क्लिएर हुनुपर्छ । अहिले धेरै सांसदहरूले भन्नु भयो मैलेपनि मेरो दिएको थिए टिपेर दियातकाँ चाहिँने एकमुस्टमा छन अरे १३ करोड छुट्याएको छ रे सडक भन्या पनि सुन्या । शुरूमा यो बजेटको विषयमा यो बजेटको छलफल गर्दा तपाईंहरूलाई सजिलो यति सजिलो सांसदले यो सदनले दिएको थियो २४ वटा निर्वाचन क्षेत्रमा २४ करोड रूपिँया छुट्याउनुहोस् । ३४ करोड त तपाईंहरू विषयगतमा जाने बजेट छदैंछ । यत्ति बुद्धि आएन तपाईंहरूको यत्रो गालि खानुपर्ने २४ करोड रूपिया तपाईंहरूलाई भन्नु भएको थियो तपाईंहरूले ल प्रत्येक निर्वाचन क्षेत्रमा एक करोड रूपियाँका दरले बजेट छुट्याउने त्यहाँका सबै सांसदहरू बसेर ठोस योजना बनाउने भनेर दिइसकेपछि हामीले त त्यहीं दिएका थियौं । आज ती कहाँ गए तपाईंले कहाँ चिस्यान ८० लाख र अर्को रूजान १ करोड भनेर ल्याउने ? बाटा भौतिक मन्त्रीको क्षेत्र र अर्थमन्त्रीको क्षेत्रको मात्रै पर्ने वास्तवमा त्यो अन्याय चाहिँ भएको छ, हामीले बोल्यापनि उहाँहरूमाथि अन्याय भएको छ । किनभने यी बाटाहरूमा अहिले बजेटले सम्बोधन गरेको छैन । माथि माग्ने रे माथि माग्ने भनेर चाहिने छुट्याइएका छन् तर माथि माग्दाखेरि महत्त्वकांक्षा बनेको छ । अन्यत्र १० जिल्लामा केही छँदै रहेनछ कि क्याहो अन्यत्र बाटै रहेनछन् कि क्याहो भन्याजस्तै पारेर सुर्खेत र सल्यान टच भएका भए राजमार्ग त्यहिँ छन् । उत्तरी मार्ग त्यहीं छन् रासी त्यहीं छन् भेरी त्यहिँ छन् सबै त्यहिँ मात्रै पारेका छन् एउटा दैलेखमा पारेछन् । एउटा दैलेखमा अब हाम्रो केही परेन त भन्नु भयो सुशिल माननीयज्यूले एउटा त्यो बाटो छ थाहा छ कि छैन कहाँ पारे यस्तो पारे तपाईंले दिएको हो कि मलाई त थाहा छैन है । अरू कसैले दिया र तपाईंले दिया जस्तो त्यसो नहोला मलाई लाग्छ मैले दिया पनि होइन तपाईंले दिया पनि होइन तपाईं र मेरो एउटा निर्वाचन क्षेत्रको बाटो राष्ट्रिय गौरवको भनिएको छ ।

भैरवी दोसल्ला मुडे यो कहाँ हो म अहिले सम्म दैलेखका कुना-कुना थाहा पाउने मान्छे त थाहा छैन । सल्लामुडे हुँदै गणेशथान गणेश चौक नारायणको गणेश ६ नम्बर कालिमाटी केन्द्र भन्या छ त्यो कालिमाटीमा के छ ? दैलेख सदरमुकाम भन्दिएको भए त हुन्थ्यो होला नि कालिमाटी केन्द्र भन्या छ त्यो कैबाट लिनु भएको हो कै माननीयले दिनु भएको भनेपनि त्यो गलतै भयो । तपाईंहरूले आफूखुसी राख्नु भएको हो भने यस्ता योजना राख्नु हुन्छ कि हुँदैन । योपनि राष्ट्रिय गौरवको योपनि प्रदेशले खर्च गर्ने होइन प्रदेशको गौरव होइन । राष्ट्रिय गौरव तपाईंलाई राष्ट्रिय गौरव यी २१ वटा बाटा राष्ट्रिय गौरवमा पर्छन् त त्यसो भएत यो केन्द्र यो ६ नम्बर प्रदेशतिर सारे भइगो नि ।

राष्ट्रिय गौरव भनेका के हुन वास्तवमै तपाईंहरूले दिनु भएको छ । प्रदेशका गौरव भनेका के हुन यो कुराको पहिचान यहाँ तपाईंहरूसँग सम्बन्धित छैन । या त तपाईंहरूले त्यो मतलवै गर्नु भएन राष्ट्रिय गौरवका योजना कतिवटा बनाउने कुन-कुन हुन सक्छन् प्रदेशका गौरवका योजना कुन-कुन हुन सक्छन् । स्थानीय तहलाई दुईवटा स्थानीय तहलाई सेवा सुविधा दिन सक्ने बाटा कस्ता हुन सक्छन् ? एउटा स्थानीय तहबाट सदरमुकाम जाने बाटो कस्तो बन्न सक्छ । यस कुराको ध्यान तपाईंहरूसँग गयो कि गएन ? १३ करोड बाटोमा छुट्याइदिने भौतिक मन्त्रीले फटाफट अहिले त अब त्यहिँ छन् सल्यान र सुर्खेतै छन् भन्ने आइसक्यो १३ करोड त उहाँले आफ्नै निर्वाचन क्षेत्रमा हालीसक्नु भयो । अनि दासत्वमालिक आफू बन्ने सांसद दास बन्ने ? के हामीलाई दासैको मानसिकताबाट तपाईंहरू मन्त्री भएको हो भने मेरो भन्नु केही छैन, दास र मालिकको कुरा हो भने मलाई भन्नु केही छैन । होइन लोकतान्त्रिक गणतन्त्रको संघीयता हो भने सबैको समानताको आधारमा सबै निर्वाचन क्षेत्र सबै भूगोल सबै जनताका निमित्त जति गर्न सकिन्छ त्यति

ठ्याक्कै गरेर परिणाम देखाउने कुरा हो । यो कसैलाई भुलाउने कुरा हैन । यसलाई परिणाम के गरेर देखिन्छ असारको महिना यो कर्णाली प्रदेशले ल्याएको बजेटले यो परिणाम आयो भन्ने कुराको परिणाम आउन सक्छ कि सक्दैन । त्यसकारणले म सभामुखमार्फत् म यो सरकारलाई यही सचेत गराउन चाहन्छु । यसलाई यो तरिकाको गन्जागोल तरिकाले कहि करोडका करोड बजेट कहि जिरोमा राख्ने काम गरियो भने तपाईंहरूको बजेट पास हुन्छ कि हुँदैन मलाई थाहा छैन फेरिपनि यो दुई महिने बजेटलाई यस्तो गर्नु भयो एक वर्षे बजेटलाई के गर्नुहोला तपाईंले ? यो एक अरबको बजेट त यस्तो गर्नुभो १६ अर्ब आयो भने के गर्नुहोला यो ५८ अर्ब को बजेट तपाईंहरूको योजनाले हुनत ५८ खरबलेपनि पुग्ने छैन । ५८ करोड बाँडिया छ ५८ खरबलेपनि पुग्नेवाला छैन । यस्तो लोकप्रियता होइन सरकारले मैले यो गर्छु म यो काम गर्छु भनेर ठोस योजना सरकारले ल्याउने हामीले सम्बोधन गर्ने हो । यो काम यति मितिमा गरिन्छ भन्ने कुराको आधार बनाएर अगाडि बढ्न पर्‍यो एउटा कुरा अर्को कुरा म तपाईंहरूलाई यो प्रदेश यो त सरकार केन्द्रपनि यस्तै भयो मैले केन्द्रीय सरकारलाई पनि सुझाव दिए । केन्द्रीय ढुकुटिमा बलियो भएन भने राष्ट्रियपनि बलियो बन्न सक्दैन हामीले रोजेका खोजेका चिजहरू प्राप्त हुन सक्दैनन् ।

अहिले यो प्रदेशको आयस्रोत के हो ? कहाँबाट जलस्रोतबाट आउने हो कि पर्यटनबाट आउने हो कि जडिबुटीबाट आउने हो कि कुनै औद्योगिक क्षेत्र घोषणा गरेर कुनै खानीको अन्वेषण गरेर जाने हो कि ? त्यो कामका तपाईंहरूले ल्याउनु भएको छ ? जलस्रोतमा ५० लाख ५० लाख त मैले गत साल त ३ करोड छुट्याएको थिए । एउटा क्षेत्रमा त्यसलेपनि कति एउटा दुईवटा गाउँपालिका पुगेन, एउटा गाउँपालिका पुगेन । त्यसकारणले यस्ता कामहरूबाट अगाडि बढ्न हुँदैन तर म एउटै कुरा सभामुखज्यूसङ्ग अलिकति माफि माग्न चाहन्छु अलिकति बढी चेपेकी ? तर एउटा सुझाव दिन चाहन्छु अहिले देखेको कुरा दैलेखका कुरा यो प्रदेशले गर्ने योजना निश्चित छन् अहिले हामीले जेसुकै भन्यौं । एक नम्बर क्षेत्रमा अब यो महाबुलाई यता पायौं उता पारौं भन्ने यस्ता बेकारका बकुम्फुसे कुरा हुन । महाबु जे आएको छ यसलाई धन्यवाद दिन चाहन्छु । मेरो प्रदेश पर्‍यो भनेर होइन म उहिल्यै अहिले होइन उहिल्यै देखि नामले कराइराखेको छु । अहिले दैलेखमा चाहि योजना एक नम्बर क्षेत्रमा एउटा नौमुले जुनी जाजरकोट सडक एउटा नौमुले मेहेलतोली जाजरकोट जाने सडक एउटा बेस्तडा धरमपोखरा हुँदै सुर्खेत आउने सडक एउटा १० करोडले भनेकै छ त्यो कुरा उठ्छ कि उठ्दैन माथिल्लो डुंगेश्वर सुर्खेतको धरम पोखरा हुँदै मटेला जोड्ने सडक यति हुन चार/पाँचवटा एक नम्बरका पर्दछन् । दुई नम्बर क्षेत्र म दुई नम्बर क्षेत्रको हस्तक्षेप त नगरौं तर दुई नम्बर क्षेत्रमा पनि एउटा शुरू पञ्यायत कालदेखि तल्लो डुंगेश्वर हुँदै पिपलकोट जाने सडक एउटा माथिल्लो डुंगेश्वरबाट व्याउली हुँदै कालिकोट जोड्ने सडक, एउटा मटेला देखि पिपलकोट जोड्ने सडक र एउटा दैलेख सदरमुकाम देखि डाँडिमाडि हुँदै राकम कर्णाली जोड्ने सडक यी चार/पाँचवटा योजना यो प्रदेशका गौरवका योजना हुन यो प्रदेशले बनाउनै पर्ने योजना हुन । यतातिर कहाँनिर उन्मुख भएको छैन । यता मेरा घरफुडा बाटो बनाउने र अर्का पोल्तीर बाटो बनाउने यो प्रदेशले गर्न हुँदैन । ठोस रूपले ठोस योजना बनाएर हामीले प्रदेशले कमसेकम त्यहाँ खर्च गरेको खर्चको विकास बजेट र व्यवस्थापन बजेट एउटै बन्यो भने यो मुलुकको विकास हुन सक्दैन । त्यसैकारणले मैले यिनै कुराहरू तपाईंहरूका बीचमा राख्दै प्रदेशको लागि आत्मनिर्भर हुने योजना कृषिमा व्यापक रूपमा अगाडि बढ्न पर्छ भन्ने कुरा राख्दै बिदा हुन्छु धन्यवाद ।

*(माननीय उपसभामुख पुष्पा घर्ती विष्टज्यू पिठासन ।)*

**माननीय सभामुख :** माननीय श्री वीरबहादुर शाही समय सात मिनेट ।

**माननीय सदस्य श्री वीरबहादुर शाही :** सभामुख महोदय, २०७४/०७५ को बजेट सम्बन्धमा यहाँ छलफल योभन्दा अगाडि माननीय सबै साथीहरूले भनिसक्नु भएको छ र यो बजेटको छलफलको विषयमा के-कति कारणले चाहिँ गएर यो संघीयअनुसार को बजेट हो कि ? यो भागबण्डा बजेट हो कि ? यो मैले बुझ्न सकेको छैन । बोल्दाखेरि सडक नपुगेको जिल्ला हुम्ला र डोल्पा भन्ने गरिएको छ अहिले यो कुनैपनि डोल्पालाई सम्बोधन भएको छैन । दुईवटा ठूला नदी कर्णाली र भेरी डोल्पाबाटै आएको छ र से फोक्सण्डो जस्तो पिरायति ताल डोल्पामै छ र डोल्पा अति ठूलो भूगोल भएको जिल्ला मा यो बजेटले सम्बोधन गर्न किन सकेन ? यो म सभामुख महोदय, जानकारी गराउन चाहन्छु । हामीलाई तपाईंले ४० लाखबाट ६० लाखसम्मको बजेटको टिप्पणी दिने भन्ने आदेश आइसक्यापछि त्यहीँअनुसार हामीले योजना छानेर पठाएका थियौं । अहिले तीन महिने होइन ५ वर्षिय योजना जस्तो बजेटमा आएको छ र डोल्पाको बारेमा कुनैपनि बजेट यसमा सहमति भएको निस्केको छैन । डोल्पा जिल्लामा चाहिँ तीनवटा भूगोल भएको उपल्लो डोल्पामध्ये डोल्पा र तल्लो डोल्पा छ । तल्लो डोल्पा त्रिवेणी हुँदै कालिका सर्कि नर्कु काइगाउँ, फोक्सण्डो स्यालताङ हुँदै क्याग्दी जाने बाटो मैले बनाउनलाई निवेदन दिएको छु र त्यो कसले पनि नामाकरण आएको छैन ।

अर्को बाटो रिम्ना हुँदै डोल्पा हुँदै मुस्ताङ जाने बाटो अहिलेसम्म जगदुल्ला गाउँपालिकासम्म बाटो आइसकेको छ र त्यसभन्दामाथि कुनैपनि बजेट परेको छैन र अरू बजेट परेको छ त्यसलाई पनि सम्बोधन गर्नको निमित्त मैले लेखेरै मैले निवेदन दिएको छु यसको बारेमा कुनैपनि सम्बोधन डोल्पाको बारेमा मैले उपर डोल्पामा च्याङग्रा फार्म र तल्लो डोल्पामा चौरी फार्मको विषयमा मैले निवेदन चढाएको थिए । यो हिजो त राज्यले कर्णाली प्रदेशलाई सौतेनी व्यवहारले हेरेको थियो आज कर्णाली प्रदेशले डोल्पालाई सौतेनी व्यवहारले हेरेको मैले महसुस गरेको छु । दुर्गमभन्दा बित्तिकै एउटा त भूगोलले पेलेको छ त्यसमध्येपनि राज्यले पेल्ने ? यो नीति यो बजेट आइसकेको छ र यसको बारेमा मबाट चाहिँ यो बजेटलाई सम्बोधन हुन सक्दैन । कुनैपनि एउटा वडामा ४०/५० लाख रूपियाँ परेको छ अहिले हामी वडाका सदस्य त हैनौं त के ४०/५० लाख लिएर हामी गएर निर्वाचन क्षेत्रमा जाने हो त ? यसकारणले हामीलाई यो सदनले मलाई डोल्पाको बारेमा चाहिँ योजनाको बारेमा चाहिँ सम्बोधन गर्नुपर्छ । यदि हुन सक्दैन हामीले हिजोको जनताको अगाडि चुनावमा वाचावचन दिएर आएका छौं हामीले कसरी फर्केर जाने ? डोल्पा जिल्लामा भूगोल ठूलो छ मैले अहिलेसम्म चुनाव जितेर आइसकेपछि अहिलेसम्म डोल्पा गएको स्याल्दाङ, मुजलु गाउँपालिकामा जान सकेको छैन । स्याल्दाङ गाउँपालिका यस्तो हो कि डोल्पाबाट स्याल्दाङ जाँदा एक वडाबाट अर्को वडामा जाँदा दुई दिन लाग्छ । दुईदिन लगाएर सम्बोधन हुने कि नहुने ? जहाँसम्म अहिलेसम्म डोको र के रे नाम्लो नछुटेको डोल्पा जिल्ला छ । त्यसलाई सम्बोधन हुने कि नहुने ? अहिलेसम्म डोल्पा जिल्ला जाँतो र नाम्लो नछाडेको जिल्ला हो एक आधा अहिले सम्मपनि पारा समिति ल्याएर यो बजेट ल्याएर सम्बोधन हुन्छ त ? कसरी सम्बोधन भएको छ ? एउटा बाटो राख्न सकिएको थिएन ? यति हुन्न भने तपाईं बसेको डोल्पालाई यहाँ सुर्खेत ल्याएर राख्नुहोस् हामी विकास माग्नेवाला छैनौं । ती बजेट राख्न सकिएन भने हेलिकप्टर राख्न सकिन्छ हाम्रो डोल्पालाई । प्रत्येक गाउँपालिकालाई एउटा एउटा हेलिकप्टर दिनुहोस् तपाईं बजेट राख्न पर्दैन । ८ वटा गाउँपालिका छ ८ वटा हेलिकप्टरको व्यवस्था राखिदिनुहोस् बाटो माग्ने अवस्थामा छैनौं हेर्नुहोस् । कुनैपनि योजना राख्दाखेरिमा तराइ पहाड हिमाल छुटयाउने गरी सम्बोधन गरिनु पर्थ्यो । अहिलेसम्म चाहिँ पेलिएको शिक्षक, सवारी क्षेत्रबाट, भूगोल क्षेत्रबाट ठगिएको डोल्पा जिल्लालाई सम्बोधन गर्नको निमित्त यो सदनमा आग्रह गर्दै मेरो भनाइ यति राख्छु धन्यवाद।

**माननीय सभामुख :** माननीय श्री कौसिलावति खत्री, समय सात मिनेट ।

**माननीय सदस्य श्री कौसिलावति खत्री :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको २०७४/०७५ को आर्थिक विधेयकमाथि छलफल गरिहदा समग्र रूपमा हेर्दा यो बजेट समावेशी, समानुपातिक, जनउत्तरदायी र समतामूलक समाज निर्माणको लागि अग्रसर रहेको छैन भन्न सकिँदैन । यद्यपी यो बजेटले अझैपनि कर्णाली प्रदेशका १० वटै जिल्लालाई सबै क्षेत्रमा समान दृष्टिकोणले समेटेको भए अझै न्यायपूर्ण र समान अपनत्व भएको महसुस हुनमा कुनैपनि कन्जुस हुने चाहिँ थिएन र हामी यहाँ सदनमा बसेका संसदहरूले राम्रो बजेट हाम्रो बजेट भन्ने कुरामा कुनै हिचकिचावट गर्ने थिएनौं ।

सभामुख महोदय, म कसरी कस्तो हुँ किनभने मलाई यो गरिमामय रोष्टमबाट बोल्ने अवसर दिने पार्टीको अवसर दिने पार्टीको मेरै पार्टीको अर्थमन्त्री आज यो अर्थ बजेट विनियोजनमा हुनुहुन्छ र समतामूलक समाज निर्माण गर्नको लागि सधै विधि र नीतिमा टेकेर अघि बढ्नुपर्छ भन्ने बामगठबन्धनको सरकार सत्तामा छ र म सत्ता पक्षको माननीय सांसद आज आत्मा गलानी भएर मेरो जिल्लातर्फ फर्कनु पर्ने बाध्यता र विवस्ता म देख्दछु यति हुँदाहुँदैपनि म सत्ता पक्षको प्रदेश सभा सदस्य भएको हुनाले यो बजेटलाई समर्थन त गर्छु तर मेरो आत्मा गलानी चाहिँ भइराखेको छ । किनभने बजेट विनियोजन गर्दा मैले के महसुस गरेको छु भने बल माछा मुकभरी पानी बोलौं कसोगरी भनेजस्तो मैले महसुस गरेको छु आसीको पारोले आफूतिर तानेको जस्तो महसुस गरेको छु । किनभने हामी कम्युनिष्ट पार्टीको सरकार हुँदा हामी समतामूलक समाजमा र नीति र विधिमा विश्वास गर्नेहरू यसरी आफ्नै पारो आफ्नै दुनामा भात नुन हाल्दाखेरि अलिकति चस्याकचुसुकभन्दापनि आत्मग्लानी भएको महसुस मैले गरेको छु । म चालु आर्थिक वर्ष २०७४/०७५ को बजेटलाई समर्थन गर्दै यो बजेट मा समायोजित गर्नुपर्ने समावेश गर्नुपर्ने आफ्नो सुझाव यही सरकारलाई बस्न गर्दै आफ्ना रचनात्मक सुझाव राख्ने अनुमति माग्दछु ।

सभामुख महोदय, हुन त प्रशस्त रूपमा प्रशस्त रूपमा बजेट कर्णाली प्रदेशमा भएको भए हामीलाई मनग्य बजेट पुग्ने गरी विनियोजन हुन्थ्यो कि केहीपनि भान्सा लाग्ने मान्छेले त भान्सा लाग्ने मान्छेले त परिवारका सदस्यहरूलाई जीवन धान्नको लागि सास बचाउनको लागि भएपनि अलिअलि खान दिनैपर्छ । जो हामी जाजरकोटी जनताले अलिकति मात्रै अलिअलिपनि हामीलाई तो खान पुगेन कि ? भान्सा लाग्ने कर्णाली प्रदेशको अर्थ विधेयकले समेटेन कि यो बजेटले छोएन कि भन्ने महसुस गरेका छौं हिजो मात्र यो कर्णाली प्रदेशको बजेट अर्थ माननीय अर्थमन्त्रीले प्रस्तुत गर्दा मेरो मोबाइलमा थुप्रै फोनहरू आएका थिए त्यसपछि संसदीय दलकोमा पनि थुप्रै फोनहरू आएका थिए । मैले ती फोनहरू रिसिभ गरिन त्यसपछि म आफ्नो कोठामा जाँदाखेरि ती फोनहरू क्रमश कल व्याक गर्ने क्रममा कति आत्मा रूने गरी कति आँशु चुहिने गरी जाजरकोट जिल्लाका जनताहरू जो अरू नभएर हाम्रै हामीलाई यो गरिमामय सरकार सदनमा पुऱ्याउने बामगठबन्धनका जनता थिए । उनले के भनेका थिए दिदि तपाईं आज कम्युनिष्ट पार्टीको सरकार हुन्छ, तपाईंहरू ढुक्क भएर बस्नुहोस् जति पुग्छ त्यो तपाईंहरूको समिक्षा आउने छ । धेरै आश नगरेतापनि जति हुने छ त्यो आफू तपाईंसरह पुग्ने छ भनेर भन्नु हुन्थ्यो । खोइत आज या त तपाईं मन्त्रीकहाँ धाउन सक्नु भएन कि जाजरकोटी जिल्लाका चारजना गडबन्धनकै माननीयहरू मन्त्रीकहाँ धाउन सक्नु भएन कि गुलामी गर्नु सक्नु भएन कि या तपाईंहरूको आवाज पुगेन तपाईंहरूलाई त हामीले सक्षम भनेर पुऱ्याएका हौं तर आज यहाँ समेटिदा पहिलै चरणमा तपाईंहरूको दाँतमा ढुङ्गा लागेको छ भनेर यस्तै यस्तै किसिमका उत्तरहरू मैले पाएकी थिए । यो उत्तरमा जाजरकोटी जनतालाई के भनेर उत्तर दिउँ ? मेरो पार्टीको अर्थमन्त्री हुँदा र बामगठबन्धनको सरकार हुँदा जो कर्णाली प्रदेशका जनताले असाध्यै आश र भरोसा

गरेको सरकार हुँदापनि म जाजरकोटी जनतालाई के जवाफ दिउँ ? यो सरकारको अर्थमन्त्री र प्रदेश सरकारले मलाई यो उत्तर दिनु पर्छ । भन्दै म अब बजेटमा के-के कुरा समेटिनु पर्छ समेटिने त हो कि होइन यात हामी यही रोष्टममा यही रोष्टममा खाली, खाली क्यामरामा कैद र सहरमा कैद हुनको लागि मात्र हो यो मलाई थाहा छैन मैले कानून पढेकी छैन । यदि हाम्रा आवाजहरू समेटिने हुन भने म रचनात्मक सुझाव प्रस्तुत गर्ने अनुमति माग्दछु ।

सभामुख महोदय, यो बजेट बजेट वितरणमुखी नभइ उत्पादनमुखी होस् मेरो अनुरोध । कर्णाली प्रदेशको सबै जिल्लामा जिल्लाहरूलाई न्यायोचित समान रूपमा बजेटका योजनाहरू समेटियोस् । महिला उत्पीडित, पछाडि पारिएका, सीमान्तकृत वर्गलाई शब्दमा बजेटले समेटे जस्तै गरी समतामूलक वितरण अंकमा पनि होस् । परम्परागत पेशा गर्ने वर्गलाई पेशा प्रबर्द्धन तथा क्षमता अभिवृद्धिको लागि उचित न्यायोचित बजेट बिनियोजन होस् । बुँदा २१ मा धार्मिक पर्यटकीयस्थल जाजरकोट मदाय छैन पनि समेटिनु पर्ने बुँदा २२ मा पूरातत्व विभागले संरक्षण गर्दै आइरहेको जाजरकोटको भेरी नगरपालिकामा जगतिपुरमा रहेको बायु घट्ट छेडागाढ नगरपालिका रहेको प्रगतिदेवनहरूपनि सम्बोधन गरियोस् । भौतिक पूर्वाधारतर्फ थल बजार हुँदै जलजला हुँदैहुँदै जुम्ला जोड्ने सडक यो प्रदेश गौरवका आयोजनाहरूमा राख्ने म भन्दै छु जाजरकोट दहको पञ्चाला हुँदै कालिकोटका तिला गुफा रूरूसम्म जोड्ने सडक प्रदेश आयोजना प्राथमिकताका आयोजना र लामाताडा देखि बदेडाडा हुँदै जुम्ला जोड्ने सडक, छेडागाढ हुँदै जुम्ला जोड्ने सडक, प्रदेश नम्बर २८ मा छेडागाड विद्युत आयोजनापनि यो प्रदेश गौरवको आयोजनामा समेटियोस् । बुँदा नम्बर ३१ मा डोल्पा देखि सुर्खेत जलयात्रा भनिएको छ यसमा डोल्पा देखि जाजरकोट सुर्खेत भनेर जाजरकोटको नाम जोडियोस् । भन्दै फेरिपनि यो बजेटलाई म सत्तापक्षको माननीय सदस्य भएको हुनाले समर्थन गर्दै भनाइ टुङग्याउछु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री पदमबहादुर रोकाया समय सात मिनेट ।

**माननीय सदस्य श्री पदमबहादुर रोकाया :** माननीय सभामुख महोदय, हामी यो २०७४।०७५ को तीन महिने बजेटले संघीयताका मर्म भावना र सिद्धान्त समावेसी र समानुपातिक भयो कि भएन भन्ने कुरा म विरोध र सर्मथन गर्न चाहँदिन । तपाईं माननीय सदस्य आफैं जानकार हुनुहुन्छ । अब बजेट ल्याउनलाई त विकास पाउनलाई त अहिले सबै साथीहरूले भनि सक्नु भयो मन्त्री हुनुपर्ने रहेछ । मन्त्री भएको जिल्लामा त यति विरोध आयो भने मन्त्री नभएको जिल्लामा कति विरोध आउला । मेरो त मन्त्री नभया जिल्ला छ है । न सभामुख छ, न उपसभामुख छ, न मन्त्री छन् । त्यसैकारणले मैले एकचोटि हामीले दलको मिटिङमा नेकपा एमाले दलको मिटिङमा मैले भनेको थिए अब मन्त्री हुनलाई एक, एक वर्ष एक एकवर्षको सरकार चेन्ज हुनुपर्छ, किन ५ वर्षमा सात पन्जे ३५ मन्त्री भइगए ३५ मन्त्री भए त हाम्रो माननीय शोसिला शाही पनि मन्त्री हुन्छिन् । अनि आफ्नो क्षेत्रमा विकास पनि पाउँछिन् त्यसै कारणले अहिलेको यो परिणाम देखायो नत्र हामी सबै मन्त्री हुनु पर्दैन जो भएपनि हुन्छ । अब हाम्रा सरकारमा बस्ने मन्त्रीज्यूहरूले हामीले दिन गन्तीमा नलाग्नुहोस् दुई वर्षसम्म तपाईंले लाईसेन्स पाइसक्नु भएको छ राज्यले दुई वर्षसम्म अविश्वासको प्रस्ताव नल्याउने भनिसक्या छ अब वर्ष डेढ वर्ष हुँदैन । दुई वर्ष पछि कहिले आउँछ त भनेर दिन गन्तीमा नलाग्नुहोस् । अहिलेको व्यवहारले गर्दा त्यसै कारणले म ८ औं संसदको बैठकमा पनि भनेको थिए मेरो जुम्लाको क्षेत्र नम्बर २ हो, म सिँजा भेगको २०१५ सालमा संसदीय व्यवस्था लागु भएको थियो, सिँजा भेगले प्रत्यक्ष निर्वाचित माननीय पाएको थिएन । अहिले पदम रोकाया पाएपनि के-को भन्ने विकास खेलाउन पाउन्या भनेका आश गरेका थिया म रारा जाँदाखेरि राराबाट

सबै साथीहरू यता आउँनु भयो म मेरो क्षेत्रमा गए । मैले पहिलापनि भनेको थिए हामीले घर जान पाएका छैनौं । के लिएर जाने भनेको थिए राराको बाटो हुँदाखेरिमा त्यहींबाटो त्यहीं क्षेत्रमा गए मेरो ४ वटा गाउँपालिका पर्छ ३० वटा वडा पर्छन् । मैले सबै ठाउँमा मिटिङ गरे स्थानीय तहका ४ वटा कानून बनाए मैले अनि उनले भन्यो तपाईं के ल्याएर आउँनु भयो भने मैले बजेट आउँदैछ साथीहरू एक अरब दुई करोड रूपैयाँ छुट्याएको छ राज्यले प्रत्येक प्रदेशमा सबै नभएपनि त २४ क्षेत्रमा ४८ करोड त छुटिन्छ होला एक क्षेत्रले दुई करोड त पाउछहोला भनेर भनेको थिए मैले । अहिले नयाँ आउँदाखेरि त के भयो भने हाती आयो हात्ती आयो फुस्सा । पूरानो उखान जस्तै त्यसैकारणले मैले भनेको थिए सिँजाको बारेमा मैले केही क्षेत्रको म प्रदेश सभाको सदस्य भएको नाताले मैले त केही बोल्नुपर्ने हुन्छ । सबै साथीहरूलेपनि आ-आफ्नो क्षेत्रमा बोल्नु भयो धेरै विषयमा बोलेको थिए तर सरकारले के गर्यो काग बास्तै रहन्छ पिना सुक्दै रहन्छ । जति काग टिटयाए टिट्यायोस् पिनात सुक्दै रहन्छ भनेर त्यस्तै अहिले देखियो ।

मैले सिँजामा औद्योगिक क्षेत्र राख्नु पर्छ भनेको थिए औद्योगिक क्षेत्र राख्नु भएको छ त्यहाँ । एक पटक उद्योगमन्त्री कर्णबहादुर थापा हुनेबेला ५० लाख रूपैंया बजेट हाल्न लगाएको थिए मैले, एक पटक ३० लाख रूपैयाँ हालेको थियो । सिँजाको क्षेत्र सिँचिने भन्ने क्षेत्रमा मेरो औद्योगिक क्षेत्र तीन पटक सर्भे भइसकेको छ प्रदेश सभाले त्यो राखेको छैन ।

अर्को कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कर्णाली प्रदेशको मूल स्वास्थ्य केन्द्रमा लिनुपर्दछ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लागु भइसकेको छ । कर्णाली प्रदेशको मूल स्वास्थ्य केन्द्रमा यो पर्दछ । पूर्वका कर्णालीका ५ जिल्लालाई विशेष क्षेत्र घोषणाको लागि नेपाल सरकारसँग अनुरोध गर्नुपर्दछ । पूर्वका कर्णालीका ५ जिल्लालाई । सिँजामा खस भाषाको संग्रहालय बन्नुपर्दछ । थाहा छ तर जति नेता आएपनि हाम्रो पुर्ख्यौली सिँजाबाट आएको भन्छन् तर प्रदेशका हाम्रा मन्त्रीहरू कोही सिँजाको पुर्ख्यौली रहेनछन् । सिँजाको नामै चाहेनन् नामै भनेनन् । कुनैपनि न सडकमा छ, न खानेपानी छ, न स्कुल छ, न सिँचाइ छ, न बिजुली छ सिँजाको नामै देखिन मैले कान नसुन्या हो कि मेरो नागरिकतामा उमेर बढ्या हुनाले है । त्यो यहाँ कही देखिएन । भनेपछि अरू सिँजामा पर्यटकीय क्षेत्र छन् धेरै हावा ताप्न पाउनु भएको छ तपाईंहरूले रारा जाँदाखेरिमा पाण्डव १२ वर्ष वनबास रहेको बेलामा रहेको पाण्डु गुफा मेरै क्षेत्रमा पर्दछ । पाण्डु गुफा, चुनारा बेरात दरबार, केदारनाथ मन्दिरको त्यस्ता पर्यटकीय क्षेत्रहरू छन् एउटै नाम आएको छैन । पर्यटकीय स्थलमा त्यो कहाँसम्मको अन्याय भयो होला त । रारा जाँदाखेरिमा सिँजाबाट जानुपर्दछ, मानव सरोवर जाँदाखेरि सिँजाबाट जानुपर्दछ, अनी नाग्ममुगु बाटो आएको छ प्रधानमन्त्रीले रारामा पिच बाटो भन्नु भएको थियो नाग्म मुगुभन्दाखेरिमा अलिकति त्यो छैन नाग्म सिँजा गमगडि भन्नु पर्दछ । उत्ता क्षेत्रका बहुत चतुर छन् । जुम्ला बजारका मान्छे तपाईंलाई थाहा छ अहिले सिँजामा आयो भने त उहीं ५०/६० वर्ष पछि संघको होइन प्रदेशको हो । संघको लड्याको थिए हारिने भइयो अनि हाम्रा क्षेत्रका मान्छेले त्यो थाल्ने र एकै चोटीमाथि नजा भनेका रहेछन् । भने अनि उतातिर नाग्म गमगडिभन्दाखेरिमा जुम्ला बजारका मान्छेले उताबाट छन् । पहिला भनेका थिए सिधा राजमार्ग गयो भने जुम्ला बजार ओझेलमा पर्छ भनेका थिए त्यहाँका मान्छेले । मेरै जिल्लाका मान्छेहरूले अहिले मुगुले उल्टो गरिदिएको छ त्यहाँ सिँजालाई अनि नाग्म सिँजा गमगडि भन्नु पर्दछ । नाग्म सिँजा नाक्चे नाग्ला भन्नु पर्दछ ।

हामी अस्ति यताबाट जाँदाखेरिमा अहिले राज्यले १२००० किलोमिटर बनाउनु पर्नेछ । अहिले मात्र होइन पहिलो ७००० किलोमिटर बनाउनु पर्दछ यसमा नाक्चे नाग्ला परेको छ तर हिजो नीति कार्यक्रममा म थिएन आएन भने कुरा छुटेका के आउँनु पर्दछन् सबभन्दा छोटो दुरी नाक्चेनाग्ला हो । त्यसैकारणले अहिले तीनवटा सरकार छ केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार । केन्द्रीय सरकार र प्रदेश सरकारमा थुप्रै बजेट छ तर प्रदेश सरकारमा केही छैन । एउटा गाउँपालिकामा अहिले बीस/पच्चीस करोड रूपिँया छ । एउटा वडामा २ करोड रूपियाँ गएको छ, हामीलाई एक करोड छैन अहिले हामी कसरी हाम्रा निर्वाचन क्षेत्रमा जाने ? अब जडिबुटीमा केही काम गरेको मान्छे हुनुपर्‍यो ।

अब वन मन्त्रालय सम्बन्धी हामीसँग सबभन्दा बढी हुने जडिबुटी जटामासी र झ्याउँ यो सिद्धिदैन जति वर्षमा आयो उति वर्षमा आउँछ यहाँ यो कुहिएर सडेर जाने चिज हो । यसको एक वर्ष पछि यो निकासी बन्द भएको छ राजश्व बन्द भएको छ । यसको राजश्व निकासी दिन पर्दछ अन्य थुप्रै राजश्व र कर आउने हुन्छ यहाँ । विद्युत प्रसारण लाइनको विषयमा कालिकोट सम्म ५ अरबको ठेक्का खोलिसकेको छ कालिकोटबाट जुम्ला मुगु जानुपर्छ अब राष्ट्रिय प्रसारण लाइन त्यसै कारणले सभामुख महोदय, यसैकारणले मैले यो हरेक सिँजाको बारेमा भनेको थिए एउटा सिँजाको सुनुवाइ भएन । अघि भने मैले काग चिच्च्याउँदै रहन्छ पिना सुक्दै रहन्छ । के हो यो ? के मन्त्री बन्ने पर्ने भयो ? क्या दुई वर्षको दिन गन्ती गर्नै पर्ने भयो ? किताबमा लेख्दै रहनु पर्ने भयो अब ? होइन भने साथीहरू तपाईंहरू चाहिने मन्त्री तपाईं हुनुहोस् हामीले बनाउने वालापनि छैनौं हुने वालापनि छैनौं ५ वर्ष खानुहोस् । समावेशी र समानुपातिक आधारमा तपाईं विकास गर्नुहोस् बरू भइदिएको भए तपाईंलाई दिन्थे म तर हुन पाइएन हुनेपनि छैनौं, गर्दिनेपनि छैनन् । तपाईं हुनु भएको छ ५ वर्ष मुख्यमन्त्री खानुहोस् ५ वर्ष मन्त्री खानुहोस् हामी तपाईंहरूलाई सहयोग गर्छौं । यो तरिका हो भने दिन छिटै गन्नुपर्छ जस्तो लाग्छ । त्यति भन्दै मेरो भनाइ यहिँ राख्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री दानसिंह परियार, समय सात मिनेट ।

**माननीय सदस्य श्री दानसिंह परियार :** सभामुख महोदय, आज हामी हाम्रो कर्णाली प्रदेशको बजेट वक्तव्यमाथि छलफल गरिराखेका छौं र मलाई लाग्छ आज हामीले जसरी पहिलो पटक हामीले यो वर्षको यो आर्थिक वर्षको अन्तिम चौमासिकको जुन नीति र कार्यक्रममाथि छलफल गर्‍यौं र अहिले बजेट वक्तव्यमाथि छलफल गरिराखेका छौं र अहिले धेरै माननीयज्यूहरूले सुनिसक्नु भएको छ र आम जनताले पनि यो प्रत्यक्ष हेरिराख्या छन् र मलाई लाग्छ हामीले जसरी बिहानीले दिउँसोको संकेत गर्छ र आज जसरी छोटो समयको थोरै बजेटको सुभारम्भ गर्ने क्रममा हामी अगाडि गएपनि र आमजनताले अब कर्णाली प्रदेशको नीति र कार्यक्रम साँच्चीकै हाम्रो पक्षमा छ कि छैन भनेर नजिकैबाट लेखाजोखा गरिराख्या छन् र नजिकैबाट विश्लेषण गरिराख्या छन् कि यसको शुरूवाती कसरी भयो ? त्यसो भएकोले मैले अनुभव गरे संसदीय व्यवस्थाभित्र हामीले आज र मैले भन्नु पर्दा संसदीय व्यवस्थाको चाहिँ पहिलो पटक अभ्यास गर्ने सन्दर्भमा कता-कता धेरै चिज प्राप्त गरे जस्तोपनि यो बजेट कताकता सबै चिज गुमाए जस्तोपनि मैले महसुस गरिराख्या छु । मेरै मुगु जिल्लाको एकजना डाक्टर सोभा केजंग शाह ताकि नेपालको मात्र होइन एसियाको मानवशास्त्रमा पि.एच.डि गरेको एउटा व्यक्तिले भन्नु भएको थियो सुनको सिरानीमा नुनको खोजी । आज हामी त्यस्तै अलमलमा परिराख्या जस्तो मलाई लागि राख्या छ र जनताले जुन अपेक्षा गरिराख्या छन् जनताले जुन किसिमको परिकल्पना गरिराख्या छन् समाजमा र जुन अपेक्षाका साथ हामीले एक पटक जनताको जनम्यान्डेट र जनभावनालाई सम्बोधन गर्न सक्यौ कि सक्दैनौं भन्ने कुरा अहिलेको

भिजन त्यो हो अहिलेको प्रश्न त्यो हो । त्यसो भएकोले मैले हामीले हाम्रो निर्वाचन क्षेत्रमा धेरै साथीहरूले कुरा उठाउनु भएको छ र कैयौं माननीयज्यूहरूले आफ्नो कुरा राख्नु भएको छ कि आफ्नो निर्वाचन क्षेत्रको कुरा या त म सबैभन्दा बढी दुख लागेको कुरा आज महिलाको कुरा महिलाले मात्र गर्नुपर्ने यहाँ किनभने महिलाको समस्या त्यो पुरूषको कहिल्यै हुन सकेन । दलितको बारेमा त्यो दलितले नै बोल्नु पर्ने अर्को कुनै बाहुन समुदायको के नै मान्छेले बोल्न चाँहदैन त्यो । अनि एउटा अपाङ्गको बारेमा अर्को सपाङ्ग मान्छे कहिले बोलिदिँदैन । हामीले भन्यौं समाजमा एउटा वर्ग एउटा समुदाय, जाती पछाडि पर्‍यो भने त्यो समग्र समाज ओझेलमा हुन्छ । हिजो हामी कम्युनिष्टहरूको मार्क्सवाद अध्ययन गरिरहँदा १० वर्ष जनयुद्धमा जनयुद्धका नाइकेहरूले यो सरकारको प्रमुख भइरहँदापनि उत्पीडित वर्ग समुदायका मानिसहरूले केही आभास गर्‍या देख्या छैन मैले । किनभने प्रथम त क्याविनेट गठन हुँदापनि उत्पीडित समुदायको प्रतिनिधित्व गराइएन । अहिलेपनि सामन्तवादीबाट राज्य व्यवस्था अगाडि बढीराख्या छ र यो र त्यो नाममा नेतृत्व नस्वीकार्ने यो र त्यो नाममा अर्को समुदायको चाहिँ पहुँच स्टाट भएको देख्न नचाहने सामन्तवाद मनोवादी चिन्तनबाट हामी अगाडि बढीराख्या छौं ।

यो प्रदेशको सन्दर्भमा म तपाईंलाई भन्न चाहन्छु जाति गनुहोस् वर्गमा दलित समुदाय छ यहाँ भनिएको छ जातीय छुवाछुत उन्मुलन गरिने छ तर बजेट १ रूपैयाँपनि छट्याइएन । भौतिक विकासलाई मात्र विकास मान्ने एउटा बाटो पुग्यो भने सबै कुरा भइहाल्यो भन्ने तर त्योभित्रका चाहिँ साँच्चीकै आज जति भूमिहरूका कुरा गरिन्छ भने त्यो दलितहरूका समस्या हो । अहिले जतिपनि आवासको समस्या को कुरा गरिन्छ त्यो दलितको समस्या हो, अहिले जतिपनि अशिक्षाको कुरा गरिन्छ भने तयो दलितहरूको समस्या हो, अहिले बेरोजगारीको कुरा गरिन्छ भने त्यो उत्पीडन समुदायको समस्या हो हामीले भन्यौं तर त्यो देखि राख्या छैन । मैले महसुस गरिराख्या छु म जुन क्षेत्रबाट निर्वाचित थिए जुन क्षेत्रमा मैले वचन गरेको थिएकी आज बजेट छुट्याउने आधार के हो ? बजेट छुट्याउने इन्डिकेटर के हो ? मानव विकासको सूचकांकमा यो १० वटा जिल्लाभित्र कर्णाली प्रदेशको मानव विकास सूचकांकमा १७ औं स्थानमा परिरहेको जिल्ला मुगु हो । यदि बजेट छुट्याउने इन्डिकेटर गरिन्छ भने त्यसको एउटा सूचक तयार गरिन्छ भने १० वटै जिल्लाभन्दा पहिले सबैभन्दा यो बजेट चाहिँ मुगु जिल्लामा जानुपर्छ । खैत त्यो मापदण्ड त्योपनि देखिराख्या छैन र हामीले जतिपनि योजना छुट्याइएको छ सम्भाव्यता अध्ययन हामीले भन्यौं यदि विद्युतको सम्भाव्यता हो भने एउटा मात्रै मेगा प्रोजेक्टको सम्भाव्यताको अध्ययन गरौंन एकपटक । यदि बाटो मात्रै हो भने उत्तर दक्षिण जोड्ने एउटामात्रै बाटोको सम्भाव्यता अध्ययन गरौंन । एउटा विश्वविद्यालय हो भने एउटामात्रै विश्वविद्यालयको चाहिँ सम्भाव्यता अध्ययन गरौंन रोलबाट गरिएको छ । अहिले एक पोको नुन खान एक पोको तेल नखाएर मान्छे छटपटाइराख्या छन् तर हाम्रो परिकल्पना सुर्खेत जुम्ला केबलकार छ यो सपना आफैंमा सपना हुन सक्दैंन त्यसको पूर्णता दिनको निमित्त हामीसँग नीति कार्यक्रम छ कि छैन यो कोइसन हो त्यसो भएकोले मैले यहँ धेरै कुरा गरिन ।

आज विश्वका जतिपनि डेभलप कन्ट्रीका उदाहरण हेर्‍यौं विकसित देशका उदाहरण हेर्‍यौं । चीनमा माओ चिनिया क्रान्ति सम्पन्न गरी राजनीतिक क्रान्तिको नेतृत्वमा माओले गर्नुभयो तर विश्वलाई अहिले एउटा नयाँ चुनौती दिने सामाजिक क्रान्ति र आर्थिक क्रान्तिको नेतृत्व कम्रेडले गर्नु भएको हो । आज समाजले त्यहीं खोजिराख्या छ छोटो समयमा सिंगापुर लिकवानयुले ३० वर्षभित्र विश्वको एउटा नम्र देशको रूपमा स्थापित गर्नुभयो हामीसँग त्यो भिजन हामीसँग त्यो परिकल्पनाकै अभाव देख्छु मैले । हामीसँग त्यो दृष्टकोणकै अभाव देख्छु मैले, त्यसो भएको हुनाले हामीले बनाउने नयाँ कार्यक्रम र नीति आम बेरोजगारी युवाले हेरिराख्या छन् जतिपनी अहिले समस्या छ भने एउटै समस्या छ त्यो बेरोजगारीता हो । सरकारले

प्रत्येक घरलाई एक घर एक रोजगार दिने प्रकारको हामीसँग दृष्टिकोण छ कि छैन । हामीसँग त्यो छ कि छैन आज केही मान्छेहरू मात्र हुने खाने छन् । वर्गीय समाजका कुरा गर्छौं हामी कम्युनिष्ट भइरहँदा वर्गीय मुक्ती कसरी हुन्छ समाजको सबै वर्ग समुदायका मान्छेले बाँच्ने खाने आधार जबसम्म बच्दैन तबसम्म वर्गीयताको हुन सक्दैन, त्यसो भएकोलेपनि मैले त्यो सोची रहेको छु आज अस्ति मात्रै मैले कुरा सुनेको थिए अब प्रधानमन्त्री मुगुमा गइसकेपछि कर्णाली रारा पर्यटन वर्षको सुभारम्भ गरिरहँदा या क्षेत्रकै मात्रै होइन नेपालकै एउटा पर्यटनको सम्भावित क्षेत्र रारा के निमित्त केही बजेट छुटिन्छ मैले सोचेको थिए केहीपनि छुट्याइएको छैन, एक रूपियाँपनि छुट्याएको छैन, अनि रारामा जाँदा भाषण गरिन्छ र बजेट ल्याउँदा भनिन्छ स्वर्गकी परी अप्सरा त्यसो भएकोले राराको बारेमा हामी सोच्नेकी नसोच्ने ? अहिले जति मान्छेहरूको कुरा गरिएको छ जति हिल्सा रोडको कुरा गरिएको छ विश्वका ४ वटा चाहिँ हिन्दु धर्मावलम्वीहरूको धाममा त्यो धाम छायाँनाथ हो अहिले त्यो ओझेलमा छ । छायाँनाथ भएको जिल्ला कहाँ हो भने त्यो मुगु जिल्ला हो । रारा ताल भएको जिल्लाका हो भने त्यो मुगु जिल्ला हो । नेपालकै दोस्रो बढी यार्चागुम्बा पाउने जिल्ला को हो भने त्यो मुगु जिल्ला हो । यदि डोल्पो तामाखानी भएको जिल्लाको हो भने मुगु जिल्ला हो र अस्ति मात्रै एउटा विद्युत कम्पनीले सर्भे गऱ्यो नेपालमा अहिले करिब १२०० मेगावाट मात्रै विद्युत प्रयोग र परिचालन भएको भन्ने सुनिन्छ तर मुगु कर्णालीको चाहिँ विद्युत सम्भाव्यता अध्ययन गर्दा करिब १९०२ मेगा प्रोजेक्टको सम्भाव्यता भएको चाहिँ विद्युतको छ भनेर भर्खर हिजोमात्र मैले रिपोर्ट पाएँ । त्यसो भएको हुनाले यी सम्भाव्यताहरूलाई हामीले नदेख्ने र अहिले त यहाँ संसदहरू माननीयहरू माननीय जस्तो र केही मान्छेहरूले चाहिँ किनेको जस्तो तरिकाले चाहिँ यो गरिएको छ र मलाई त्यो लाग्छकी आगामी हरेक संसद माननीयज्यूहरू हामीले यो सरकार र सत्ता नयाँ ढङ्गले अगाडि बढाउने सन्दर्भमा हाम्रो प्रत्येक सरकारका हरेक गतिविधिमा चाहिँ माननीयहरूको चाहिँ प्रत्यक्ष सहभागिता हुनु पर्छ र प्रत्येक जिल्लामा बजेट विनियोजन गर्ने सन्दर्भमा चाहिँ समविकासको सिद्धान्तलाई चाहिँ आत्मसाथ गरेर बजेट विनियोजन गरियोस् र मलाई लाग्छ जसरी परिकल्पना गरिएको छ यसमा अझै दुरबसी रूपमा चाहिँ अगाडि जाने परिकल्पना होस् यही मेरो शुभकामना छ, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल बैशाख १५ गते शनिबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-१८

(२०७५ बैशाख १५ गते शनिबार)

प्रदेश सभाको आजको बैठकको कार्यबाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा शनिबार दिनको १:०० बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले यस सभाको १६ औं बैठकमा बजेट वक्तव्य साथ पेश गर्नुभएको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा सहभागी माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय सदस्य श्री सीताकुमारी नेपाली :** माननीय सभामुख महोदय, विश्व मानचित्रमा अविकसित, विभिन्न सुचकाङ्कहरूमा पछि परेको कर्णाली प्रदेशको मुहार फेर्नका निम्ति कर्णाली प्रदेशको विकास र आर्थिक समृद्धिका निम्ति कर्णाली प्रदेशमा पहिलोपटक सरकारले २०७४/०७५ को बजेट ल्याएको छ । बजेटका निम्ति कर्णाली प्रदेशको सरकार र आर्थिक मामिला मन्त्रीज्यूलाई मेरो दलको तर्फबाट धन्यवाद दिन चाहन्छु । हुन त यो बजेट वक्तव्यको क्रममा म सहभागी हुन पाइन र पनि नियम निलम्बन गरेर फास्ट ट्र्याकबाट यो बजेट ल्याइएको छ । यो बजेट हेर्दै गर्दाखेरि हामीले आर्थिक वर्ष २०७४/०७५ को बजेट यो अन्तरिम बजेट जस्तै हो । यो अन्तरिम बजेटको दुई ढाई महिना मात्रै छ । यो बजेट ल्याउँदै गर्दा र सरसर्ती बजेट पढ्दै गर्दा कतिपय विषयहरू पाँच वर्षे नै हो कि भन्ने महसुस भएको छ । हामीले संविधान निर्माण गर्यौं । संविधानलाई कार्यान्वय गर्ने क्रममा हामी संघीय संरचनामा आएका छौं । संघीय संरचनामा तीन तहका सरकार छन् । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार छन् । यी सरकारहरूका आफ्ना नीति योजना, कार्यक्रमहरू हुने कुरा स्वभाविक छ । आफ्ना नीति योजना कार्यक्रमहरूलाई कार्यान्वयन गर्नका निम्ति यी जुन तहहरू छन्, ती तहहरूका आ-आफ्नो मेकानिजम हुन पनि जरुरी छ जस्तो मलाई लाग्छ । हामीले यो बजेट ल्याउँदै गर्दाखेरि बजेट आएको छ, बजेटले विभिन्न मन्त्रालयहरूको हिसाबले योजनाहरू समेटेको छ, कतिपय योजनाहरूमा बजेट विनियोजन पनि गरिएको छ । त्यो बजेटलाई कार्यान्वयन गर्नका निम्ति आगामी २०७५/०७६ को बजेटलाई कार्यान्वयन गर्ने गरी जुन संरचना बनाउनुपर्ने हो, त्यो विषयमा यो बजेट बोलेको छ, एक महिनाभित्र, त्यो सांगठनिक संरचना बनाउने कुरा पनि उल्लेख छतर तत्काल यो बजेटलाई कार्यान्वयन गर्ने मेकानिजम छैन । त्यसैले गर्दा कम्तिमा बजेटसँग सँगै यो बजेटलाई कार्यान्वयन गर्नका निम्ति कार्यविधि सहित मेकानिजम बनाउन जरुरी हुन्थ्यो, त्यो नभइरहेको जस्तो अनुभूति मैले गरिरहेको छु ।

यो बजेटको कुरा गर्दाखेरि यो बजेटले प्राथमिकताकरण गरेर बजेट आए जस्तो छैन, तै पनि संघीयता संरचनामा देश गई सकेपछि, संघीयतालाई कार्यान्वयन गर्ने क्रममा संघीयताको मर्मअनुसार  बजेटलाई अगाडि बढाउनका निम्ति उल्लेख गरिएको छतर मलाई कस्तो लाग्छ भने, केन्द्रीकृत राज्य व्यवस्थामा हिजो हामी, माननीयको रूपमा प्रतिनिधिखसभाको सदस्य थिए । त्यतिबेला मैले भन्ने गर्थे, सिंहदरबारभित्रका विभिन्न मन्त्रालयहरूमा योजना लिएर चाहर्दै गर्दा, मलाई कस्तो अनुभूति हुन्थ्यो भने, हुन त हामीलाई ल मेकरका रूपमा हामीलाई पठाएका थिए तर कानून निर्माण गर्ने योजना सहित जाँदै गर्दा हामी योजनाहरू

लिएर मन्त्रालय जाँदै गर्दा मन्त्रीहरूले योजना दिने र हामी माग्नेको स्थिति हुन्थ्यो । त्यो क्रममा जसको पहुँच छ, त्यसले नमागे पनि योजना पाउँथ्यो, पहुँच नहुनेहरू माग्दा पनि योजना नपाउने अवस्था थियो । आज आइपुग्दाखेरि यो कर्णाली प्रदेशका माननीयज्यूहरूले बोलेका कुराहरू सुने, धेरै जसो माननीयज्यूहरूले आफ्ना अनुभूतिहरू यहाँ राख्नुभएको छ, एकदम मार्मिक ढङ्गबाट ती अनुभूतिहरू राख्नु भएको छ । के हामीहरूले सङ्घर्ष गरेको यसकै लागि हो त, फेरि पनि त्यस्तै अवस्था, त्यस्तै पुनरावृति हुने हो भने केका निम्ति संघीयता भन्ने प्रश्न चिह्नको खडा भएको जस्तो अनुभूति गरे । फेरि पनि म भन्न चाहन्छु, यो बजेट जो आएको छ, यो बजेटमा समेटिएका विषयहरू, जस्ता हामी माननीयज्यूहरूलाई योजना माग गरियो, हामीले हाम्रा लेटर प्याडहरूमा हामीले सबै योजनाहरू मन्त्रालयमा बुझाएका छौं, बुझाइएका योजनाहरू यो बजेटमा नअटाउँदाखेरि कतिपय माननीयज्यूहरूले खल्लो अनुभूति गर्नुभएको छ । बजेट रातो किताबमा आइसकेपछि आफूले हालेका योजनाहरू परे कि परेनन् भन्ने कुरा प्रष्ट हुन्छ जस्तो मलाई लाग्छ । यो बजेटमा जुन विषयहरू आएका छन्, प्राथमिकता छुट्याएर मन्त्रालयगत हिसाबले योजनाहरू आएका छन्, ती योजनाहरू आउँदै गर्दाखेरि, माननीय सभामुखज्यू, जुन प्रदेशको नीति कार्यक्रमहरू छन्, ती कार्यक्रमहरूलाई कार्यान्वयन गर्नका निम्ति र विशेष गरेर यो छोटो समयको बजेट भएको कारणले सम्भाव्यता अध्ययन गर्ने विषयहरू अलि बढि समेटिएको मैले अनुभूति गरेको छु, गुरुयोजनाहरू निर्माण गर्ने कुरा र कतिपय भौतिक पूर्वाधार तर्फका सडकको ट्र्याकका कुरा, सडक कालोपत्रेका कुरा यहाँ समेटिएको छ ।

त्यसरी जाँदाखेरि कतिपय योजनाहरू यो बजेटमा नआँउदाखेरि हाम्रा योजनाहरू परेनन् कि भन्ने लाग्ने कुरा त्यो स्वभाविक हो जस्तो मलाई लाग्छ । बजेट सँगसँगै विनियोजन विधेयक पनि हाम्रो हातमा छ । विनियोजन विधेयक हाम्रो हातमा हुँदै गर्दाखेरि विनियोजन विधेयकमा संघीय संसदबाट प्राप्त वित्तीय समानीकरण अनुदान बजेटबाट खर्च भएको कुरा, त्यो खर्च भएको रकममध्ये मन्त्रालय र संसद सचिवालयको कुरा उल्लेख गरिएको छ र त्यसमा चालु खर्च र पूँजीगत खर्चमा किन्न यति धेरै भिन्नता मैले देखे, किन कतै ७५ लाख खर्च देखे त कतै ७ लाख खर्च भएको छ । किन ७ लाख खर्च गर्ने मन्त्रालयले ७५ लाख खर्च गर्न सक्दैन र मलाई जान्न मन लागेको कुरा । जुन बजेट आएको छ, यो बजेटमा १ अर्ब २ करोड पाँच लाखको बजेट अन्तर्गत ४५ करोडको विषय चाहिँ मन्त्रालयहरू र संसद सचिवालयलाई छुट्याइएको छ । बाँकी ५८ करोड बजेटमा सबै मन्त्रालयहरूको चालुगत र पूँजीगत खर्च छुट्याइएको हेरे, त्यसमा चाहिँ यो भैपरी आउने खर्च भनेर किन यति धेरै बजेट छुट्याइयो, यो कुरा मैले बुझ्न सकिन । २६ करोडमात्रै छुट्याइएको छ, भैपरी बजेट राख्नुपर्छ नराख्ने कुरा होइन, प्रतिशतका हिसाबले भन्ने हो भने अत्यन्तै धेरै छुट्याइएको हो जस्तो लाग्यो । केही महिना पश्चात अर्को बजेट ल्याउँदै छौं, अर्को बजेटको क्रममा यो आवश्यक पर्दैन जस्तो लाग्छ, सञ्चित कोषमा रकम छँदैछ भने किन यो बजेट विनियोजन गर्नुपर्यो, कम्तीमा माननीयज्यूहरूले पनि धेरै कुरा उठाउनु भएको छ, केही सकिन्छ भने त्यस रकमलाई कम गरेर, आवश्यकताका आधारमा, समानताका आधारमा बजेटहरूको विनियोजन गरेर जाँदाखेरि साँच्चीकै यो कर्णाली प्रदेशलाई जुन यो प्रदेशलाई विकास गर्ने सोच बनाएका छौं, यस प्रदेशलाई समृद्धि गर्ने सोच बनाएका छौं, यो समृद्धि गर्नका निम्ति, विकास गर्नका निम्ति ढोका खोल्ने यो पहिलो बजेटबाट सम्भव छ जस्तो लाग्दछ ।

म केही सुझाव दिन चाहन्छु, जस्तो यो कर्णाली प्रदेशको नामाकरण पनि गयौं, यसको राजधानी पनि हामीले गराई सकेका छौंतर कतिपय कामहरू कर्णाली प्रदेशबाट भएको छैन, जस्तो यातायात विभागबाट लाइसेन्स दिने कुरा हुन्छ नी, त्यो कुरा त हामीले दुई महिनाभित्र गर्न नसक्ने त होइन होला नि, हाम्रै प्रदेशबाट

लाइसेन्स दिन किन नसक्ने, यस्ता कुराहरू पनि यही बजेटमा नै समेटेर अगाडि बढाउनु पर्छ जस्तो मलाई लाग्छ । कतिपय कुराहरू जस्तो हामीले पहिलो चरणमा हामी कानून निर्माण नगरिकन हामी अगाडि बढ्न सक्दैनौं, हुन त म नीति कार्यक्रमको विषयमा छलफल गर्दै गर्दा म उपस्थित थिएन, माननीय मुख्यमन्त्रीज्यूले जवाफ दिँदै गर्दाखेरि भनेका कुरा माननीयज्यूले उठाउनु भएको थियो, मन्त्रालयहरूमा कतिपय चिठीहरू ड्राफ्ट गर्नुपर्यो भने आफैं कम्प्यूटरमा बस्नु पर्ने स्थिति छ भन्ने कुरा गर्नुपर्यो । कर्मचारीहरू आउन नमानेको स्थिति छ, हामीले कम्तीमा पनि कानून निर्माण गर्नुपर्ने आजको आवश्यकता छ र त्यसका निम्ति बजेटिङ्ग गरेर, विज्ञहरूलाई बोलाएर पनि कानून निर्माणको कुरालाई पहिलो प्राथमिकतामा राख्नुपर्दछ र कानून निर्माण गर्ने कुरालाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु ।

कर्णाली प्रदेशमा साविकका १० वटा जिल्लाहरू छन्, ती १० वटा जिल्लाहरूले कुनै न कुनै केन्द्रहरू बनाउनु पर्छ, जस्तो औद्योगिक केन्द्रका कुरा हो, कृषि पशुपालनको केन्द्र होला, जडिबुटी संकलन र प्रशोधनको केन्द्रको कुरा होला लगायतका विभिन्न केन्द्रहरू बनाउन आवश्यक छ यो प्रदेशमा । भोलि गएर कुनै पनि जिल्लाका जनतालाई हाम्रो जिल्ला केही पनि भएन, कर्णाली प्रदेश बनि सकेपछि सिंहदरबारको अधिकार जनताको घरदैलोमा आयो भनेर भनियो तर हाम्रो जिल्ला हिजोको स्थितिमा भयो भने के जनताले राहतको अनुभूति गर्ने, त्यसले गर्दा सम्भाव्यता अध्ययन गर्ने, सम्भाव्यता अध्ययन गरेर जाँदाखेरि राम्रो हुन्छ जस्तो मलाई लाग्दछ । गरिबीको रेखामुनी हाम्रो प्रदेशमा ५१ प्रतिशत रहेको छ, हामीले आयआर्जनका कार्यक्रमहरू तय गरेका छौं, आयआर्जनका कार्यक्रमहरू गर्दा रोजगार सिर्जना गर्ने कुरा, बनाउने कुरा, विदेशमा गएका यूवा जनशक्तीलाई कसरी स्वदेशमा फिर्ता गर्ने र रोजगार बनाउने भन्नेतिर पनि यो बजेट केन्द्रीत हुनुपर्छ भन्ने मलाई लाग्छ । भर्खरै हामीले पनि रारा पर्यटन वर्षको उद्घाटन गरेका छौं, हामीले यो वर्ष भरी पर्यटकीय वर्षको घोषणा गरिसकेपछि हामीले त्यो पर्यटकीय क्षेत्रहरूको सामान्य एउटा पूर्वाधारको मर्मत गर्ने देखि लिएर पर्यटनको प्रचार गर्ने मात्रै होइन, पर्यटकहरू भित्र्याउनका निम्ति, एक पटक आइसकेको पर्यटकहरू फेरि-फेरि पनि आउन र सहज रूपमा बस्ने कुराहरूको म्यानेजमेन्टको गर्न पर्ने विषयलाई पनि अलिकति बजेटिङ्ग गर्नुपर्ने खालको अवस्था छ र मैले अन्त्यमा माननीयज्यूहरू, मन्त्रीज्यूहरू बीच विभेदन नहुने प्रकारबाट बजेट अगाडि बढ्नुपर्छ, म त समानुपातिक तर्फको माननीय, हिजो पनि मैले केन्द्रमा विभेदको अनुभूति गरेको छुर हामीले प्रदेशमा आउँदै गर्दा यो प्रदेश केही बनाऔं भनेर आएका छौं, भने फेरि पनि प्रत्यक्ष र समानुपातिक माननीयहरूको बीचमा विभेद हुने प्रकारबाट बजेटिङ्ग भयो भने हाम्रो नीति मान्य हुँदैन, हाम्रो निम्ति स्वीकार्य हुँदैन । यहाँ थुप्रै माननीयज्यूहरूले बजेट बनाउन र छुट्याउनुका निम्ति मन्त्री नै बन्नुपर्ने जस्तो देखियो भन्ने कुराहरू राख्नुभयो, त्यस्ता दुखद नहुने गरिकन बजेट अगाडि बढाइयोस् भन्ने कुरा राख्दै माननीय सभामुखज्यूमार्फत् कर्णाली प्रदेशको सरकार र अर्थ मन्त्रीज्यूलाई मेरो दल र व्यक्तिगत तर्फबाट आफ्नो भनाइ यहीं टुङ्ग्याउछुँ अभिवादन ।

**माननीय सभामुख :** माननीय श्री चन्द्रबहादुर शाही, समय सात मिनेट । त्यसपछि माननीय श्री शोसिला शाही तयार रहनु होला ।

**माननीय सदस्य श्री चन्द्रबहादुर शाही :** माननीय सभामुख महोदय, आज कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीले प्रस्तुत गर्नु भएको जुन यो आर्थिक वर्ष २०७४/०७५ को सञ्चित कोषबाट खर्च गर्ने र विनियोजन गर्ने गरी, प्रस्तुत भएको बजेट सम्मानित सदनमा पेश भएको छ, यो सदनमा विधेयकमाथि

छलफल चलिरहेको छ, "खाउँ त कर्कली पेट्, नखाउँ त कर्कली सासु तरकारी" हामीले माननीय मन्त्रीज्यूहरूलाई गाँठो फुकाइदिएका छौं । कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम २, ३, ४ र ५लाई निलम्बन गरी अनि माननीय मन्त्रीज्यूहरूले खर्च गर्ने गरी, अनि विनियोजन गर्ने गरी सम्मानित सदनले ढोका खोलिदिएको छ । त्यो ढोका खोलिसकेपछि यो वर्षको जुन बजेट विनियोजन भएको छ, यसमाथि छलफल जारी छ, अब अहिले मेरो भनाइ के रहेको छ भने ढोका खुलेको छतर माननीय मन्त्रीज्यूहरू सडकमा छाडेको साँढे जस्तै नभईदिनुहोला । वितरण प्रणाली न्यायिक सिद्धान्तको आधारमा अगाडि बढी दिनुहोला भन्ने मेरो सुझाव छ । मैले यो बजेटको समर्थन गर्दै मैले केही सुझाव अगाडि राख्न चाहन्छु ।

मैले अस्ति पनि राखे, मैले बुझेको संघीयता पछाडि परेको भूगोल, पछाडि परेको वर्ग, पछाडि परेको समुदाय र पछाडि परेको जातलाई अगाडि ल्याउँनको लागि नेपाली जनताले ठूलो बलिदानीका साथ यो संघीयता ल्याएका छन्तर पूर्व कर्णाली आज त्यहीं कर्णालीको नाममा यो प्रदेश गरिबी बनेको छ, त्यहीं पूर्व कर्णालीको हिसाबले यो प्रदेश अभावमा गुज्रिरहेको छ, पूर्व कर्णालीको नामबाट अनिकालै अनिकालको पहाडमा उभिएको प्रदेश बनेको छ तर पूर्व कर्णालीको भूगोल फरक छ, संस्कृति फरक छ, सभ्यता फरक छ, अर्थ फरक छ, स्वभाव शैली, हरेक कुरा फरक छ । हिजो देखि नै हामीले भन्दै आएका थियौं, पूर्व कर्णालीलाई दोहन गरेकै कारण त्यो कर्णाली पछाडि परेको छ, पारिएको छर यो सम्बोधनकै निम्ति पनि भएन भनेर आवाज उठाउँदै आयौंतर जनताले ठूलो आशा र अभिलाषा बोकेको संघीयता आउँदै गर्दाखेरि, पूर्व कर्णालीलाई सम्बोधन गरेर न नीति आयो, पूर्व कर्णालीलाई सम्बोधन गरेर न बजेट आयो, त्यसो भएको हुनाले की हिजो दुर्गम विकट ठाउँका जनताहरू काठमाण्डौको विरुद्धमा गाउँगाउबाट आन्दोलन गरे । पोखरा लगायतका विभिन्न सहरहरू, विभिन्न बस्तीहरूमा बजेट केन्द्रीत हुँदाखेरि त्यसको विरुद्धमा पनि गाउँगाउँबाट जनताले आन्दोलन गरेतर संघीयता तर संघीयता आउँदा फेरि पनि अँझै पनि त्यो पछाडि परेको भूगोल, वर्ग र समुदायलाई सम्बोधन नगरिँदाखेरि जनताको सोच, जनताको मोड अर्कैतिर गएको छ, सभामुख महोदय ।

विधेयकमाथि मैले यहाँ केही सुझाव यो राख्न चाहन्छु, आज शिक्षाको क्षेत्र ५८.२ प्रतिशतले साक्षरता अंकित गरिएको छ तर शिक्षाको क्षेत्रमा यति विभेद छ, हुनेखानेका छोरा बोर्डिङ्ग स्कुल, गरिबका छोरा सरकारी स्कुलमा पढिरहेका छन्, यो नीति, यो विधेयक त्यस तर्फ नगईकन्, नीति र विधेयक हामी एउटा विश्वविद्यालयको एउटा विषयमा हामी अल्झिएका छौं, हामीले आंगिक क्याम्पसलाई राहत दिन सकिरहेका छैनौं, आंगिक गरियोस् भनेर मन्त्रालयमा मन्त्रीज्यूकहाँ धाइरहेका छौंतर क्याम्पसको बारेमा जुवाली भइरहेको छ । त्यस्तै गरिबी निवारणको ५२ प्रतिशत गरिबी हाम्रो प्रदेशमा छ भनेर किटान गरेका छौं, गरिबी निवराणसम्बन्धी विधेयक यहाँ बोल्दैन। हामीले यहाँ फुड ह्याबिटका कुरा, फुड चेन्जिङ्गका कुरा, अर्गानीकका प्रदेशका कुरा उठाएका छौं तर फुड सेक्युरिटीसम्बन्धी, फुड ह्याबिट चेन्जिङ्गसम्बन्धी न नीति बोल्छ न बजेट बोल्छ । सभामुख महोदय, हामीसँग मेनपावर छैन भनेर तडपिरहेका छौं, न नीतिले बोल्यो, न विधेयकले बोल्यो, कर्णाली आयोगको बारेमा हामी किन मौन रह्यौं । आज दुर्गम विकास समिति यही प्रदेशका लागि मात्रै खडा हो । हामी दुर्गम नै दुर्गमका गाउँबस्तीमा बसोबास गर्छौं तर दुर्गम विकास समितिमा यति मेनपावर छ, त्यसलाई हाम्रो यो प्रदेशमा केन्द्र बिन्दु हुने गरेर, केन्द्र सरकारसँग माग्ने भनेर न नीतिले बोल्यो न बजेटले बोल्यो ।

त्यसो भएको हुँदा सभामुख महोदय, मैले टुङ्ग्याए । मेरो नाग्चेनाग्लालाई केन्द्रबिन्दु बनाएर लुम्बिनीबाट नाग्चेलाग्ना, राजापुरबाट नाग्चेलाग्ना अनि त्यसपछि नेपालगंजबाट नाग्चेलाग्ना, सारै चाहै तर नाग्चेलाग्ना र अन्तिममा नाग्चेलाग्ना बन्दैन । त्यो बन्ने दैलेखसम्म हो, त्यो बन्ने जाजरकोटसम्म हो, त्यो बन्ने सुर्खेतसम्म हो, त्यो बन्ने यही तलै हो, नाम मात्रै नाग्चेलाग्नाको गरेर जुन सम्बोधन गरिएको छ, हामीलाई विश्वास छैन, त्यसो भएकोले मैले अब नाग्चेलाग्नाको सबै रुटहरू परिवर्तन गरेर मुगु जिल्लाको ख मा खास्सै नाग्चेलाग्ना जोडिने छोटो मार्ग जुन एउटै मार्गलाई दुईवटा नाम दिएका छौं, कर्णाली करिडोर र प्रधानमन्त्री द्रुत मार्ग, एउटै मार्गलाई दुईवटा नाम दिएका छौं, अब त्यो मार्गबाट नाग्चेलाग्ना छिटो पुग्ने, रारा छिटो पुग्ने, जहाँ हामीले २२ कि.मी. खनिसकेका छौं, १० कि.मी. यो सरकारले खनिदियो भने, रारा जोडिएपछि १० कि.मी. मात्रै सरकारले सहयोग गरिदियो भने, नाग्चेलाग्नाको नामबाट नेताहरू, मन्त्रीहरू ओझेलमा पर्नेछन् भन्दै मेरो भनाइ यहीं टुङ्ग्याउँछु, हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री विन्दमान बिष्ट । समय सात मिनेट ।

**माननीय सदस्य श्री विन्दमान बिष्ट :** सभामुख महोदय, नीति तथा कार्यक्रममामाथि छलफल गर्दाखेरि अलिकति सत्तापक्ष र प्रतिपक्षको भूमिका र हाम्रो त्यसको परिभाषाको बारेमा हामीले छलफल गरेका थियौं । सत्तापक्ष र प्रतिपक्षको सामूहिक भावनाबाट अगाडि बढौं भन्दै गर्दाखेरि राम्रो भयो भने त्यसको पक्षमा उभिन्ने र गडबढी शुरु हुन थाल्यो, समस्या शुरु हुन थाल्यो भने त्यसलाई आलोचना गर्ने र त्यसलाई सजगता अपनाउनको निम्ति अपिल गर्ने सन्दर्भमा यो बजेटमाथि छलफल गर्दाखेरि एकमत जस्तो पैदा भएको छ । यो पनि एउटा कर्णाली प्रदेशको नयाँ संस्कारको रूपमा विकास भइरहेको छ, यस हकमा मलाई खुसी लागेको छ । दोस्रो कुरा हामी २०७५को बजेटमामाथि छलफल गरिरहेका छौं । संक्षिप्त बजेट दुई/तीन महिनामा कार्यान्वयन गर्नुपर्ने बजेट र आगामी हाम्रो संसद नियमावलीअनुसार असार १ गते अर्को बजेट प्रस्तुत गर्नुपर्ने पृष्ठभूमिमा हामी उभिएर बजेट प्रस्तुत भएको छ र त्यसमाथि हामीले छलफल गरिरहेका छौं, छलफलमा थुप्रै माननीयज्यूहरूले आफ्नो धारणा राखिसक्नु भएको छ, अर्थमन्त्रीज्यूले आफ्नो बजेट प्रस्तुत गर्नेक्रममा बजेटलाई प्रदेश समृद्धिको पहिलो पाइलाको रूपमा प्रस्तुत गर्नुभएको छ । यो बजेट प्रस्तुत भइसकेपछि प्रदेश सरकार प्रति नागरिकहरूमा आशा, भरोसा र विश्वासको अपेक्षा सहित उत्साह र विकासप्रतिको अपनत्वको भावना जागृत हुने दावी गर्नु भएको छ । अब माननीय सदस्यहरूले आफ्नो धारणा राख्दै गर्दाखेरि पूनर्विचार गर्नुपर्नेहो कि भन्ने ठाउँमा हामी आइपुगेका छौं । पूनर्विचार गरिनु जरुरी छ, हामी जनप्रतिनिधिहरू बजेटले जनताका खास कुराहरू धेरै समेट्न सकेन भनेर हामीले भनिरहँदाखेरि सरकारको नीति कार्यक्रम, सरकारको बजेटले कर्णाली प्रदेशका जनताका सबै कुरा समेटेको छ भनेर दाबी गर्नु त्यति उपर्युक्त त हुँदैन, त्यस विषयमा पूनर्विचार गरौं भन्ने मेरो पहिलो आग्रह छ । अब बजेटभित्र प्रवेश गर्दाखेरि दुई/चारवटा मात्रै टिप्पणी गर्न चाहन्छु, राष्ट्रिय गौरवका आयोजनाहरू भनेर उल्लेख गरिएको छ, केन्द्र सरकारले लगानी गर्ने सबै राष्ट्रिय गौरव हुने हुन या राष्ट्रिय गौरवका आयोजना हुनका लागि अरू केही त्यसका मापदण्डहरू या अरू केही मान्यताहरू हुन्छन्, मैले सरर हेर्दाखेरि ८ वटा राष्ट्रिय गौरवका आयोजनाहरू देखे सभामुख महोदय, एक वडा देखि एक वडासम्म जोडिने बाटोलाई पनि राष्ट्रिय गौरवको आयोजनाको रूपमा राखिने खतरा यहाँ देखा परे ।

त्यसकारणले गर्दाखेरि हाम्रो कम्तीमा पनि मन्त्रीहरू, हामी जनप्रतिनिधिहरू, सांसदहरू, राष्ट्रिय गौरवका आयोजनाहरू नेपाल सरकारले कसरी तय गरेको थियो, त्यसका मान्यताहरू के हुन्छन्, त्यसका मापदण्डहरू के हुन्छन्, त्यसका विषयमा जानकार भएर मात्रै राष्ट्रिय गौरवका आयोजनाहरूको प्रस्तुत

गर्दाखेरि उपर्युक्त होला नत्र भने यो बजेट जो हामीले पढेका छौं, मिडियमा पनि गएको छ, लाइभ प्रशारण पनि भइरहेको छ, सबैले जिब्रो टोक्नुपर्ने वा सबै हाँस्नु पर्ने अवस्था पनि स्थिति पैदा हुनसक्छ यसमा हामी अलिकति ख्याल गरौं भन्ने कुरा यहाँ म भन्न चाहन्छु । दोस्रो कुरा हामीले थुप्रै समृद्धिका कुरा गरेका छौं, ठूला उद्योग धन्दा सञ्चालन गर्ने कुरा गरेका छौं, हाम्रो प्रदेश सरकारलाई यो कुरा ज्ञात छ कि छैन, कोहलपुर देखि सुर्खेतसम्मको प्रशारण लाइन ३३ के.भी.को लाइन हो । ३३ के.भी. लाइनले हाम्रो प्रदेशमा कति ठूला उद्योग धन्दा सञ्चालन गर्न सक्छौं, कति ठूला कलकारखानाहरू सञ्चालन गर्न सक्छौं । विद्युत प्रशारण लाइन निर्माण गरिने कुरा अनवरत रूपमा यहाँ प्रस्तुत गरिएको छ सभामुख महोदय तर हामी कोहलपुर देखि सुर्खेत हुँदै अगाडि बढ्ने राष्ट्रिय प्रशारण छ, यो २२० के.भी. प्रशारण लाइनको टेण्डर भएर कामको थालनी भयो भन्ने कैयौं वर्ष भयो भन्ने सुनेको छुतर त्यसका कामका प्रगतिहरू कहीं पनि हाम्रा आँखाले देख्ने गरी, जनताले देख्ने गरी कहीं प्रस्तुत भएका छैनन्, त्यसप्रति सरकारको ध्यान जानु पर्ने हो कि हैन । यो कुरालाई उपेक्षा गरीकन हामीले समृद्धिको सपनाको कुरा गर्यौं र यहाँ चार हजार मेगावाट विद्युत उत्पादन गर्ने कुरा गरेर प्रशारण लाइनको कुरालाई हामीले ओझेलमा राख्दाखेरि पहिलेकै समस्या पैदा हुन्छ जस्तो मलाई अनुभूति हुन्छ, त्यसकारणले गर्दा यतातिर ध्यान जाओस् भन्ने मेरो आग्रह छ ।

त्यसपछि गएर अब हाम्रो प्रदेशको सन्दर्भमा सुर्खेतलाई बाढी पीडितको कुरा । २०७१ सालको बाढीका कारण पीडित भएका नागरिकहरू अहिले पनि पालमुनी छन् भनेर भन्यौ हामीले तर बाढी पीडितको कुरा गर्दाखेरि बजेटले के बोल्यो तभन्दाखेरि सभामुख महोदय, तपाईंहरूलाई पढेरै सुनाउन चाहन्छु । बाढी पीडितहरूको डाटा संकलन गर्नको निमित्त, त्यसलाई पहिचान गर्नका निमित्त, एउटा उच्चस्तरीय समिति गठन गरी कार्यान्वयन गरिनेछ भनेर सम्बोधन गरिएको छ, सभामुख महोदय, अब जेष्ठ लाग्ला असार लाग्ला, त्यसपछि गएर समिति बनाएर त्यसलाई डाटा संकलन गर्नतिर लाग्यौं भने सभामुख महोदय, डाटा पहिल्यै छ, पालमुनी बसिरहेका छौं, कुनै संघसंस्थालाई गुहार्नु पर्ने, कुनै निकाय परिचालन गर्नुपर्ने अवस्था छैन । बाढी पीडितहरू पालमुनी छन्, तिनीहरूको पूर्नस्थापनाको व्यवस्था होस्, त्यसका निमित्त उपर्युक्त बजेटको व्यवस्था गरियोस् भन्ने कुरा निरन्तर उठाइरहेका थियौं तर बजेटको कुरा त समिति बनाउनेतिर जाँदाखेरि त्यसले समस्या झन गहिरिएको छ, त्यसकारणले गर्दाखेरि हामीले अरू थुप्रै कुराहरू त गर्यौं, देश दर्शनका कुरा गर्यौं, त्यसपछि गएर एअर एम्बुलेन्सका कुरा गर्यौंतर बाढी पीडित पालमुनी छ, त्यसलाई घरको छानो दिनुपर्यो भन्ने कुरामा बजेट छुट्याउन कन्जुस्याईं किन गरिराखेका छौं, यो प्रदेश सरकार जनताको सरकार हो, पीडितहरूको सरकार हो, उपेक्षितहरूको सरकार हो, भनेको अनुभूति हामीले कहाँबाट पूरा गर्न सक्छौं, त्यसमा मेरो गम्भिर प्रश्न छ, म भन्न चाहन्छु, बाढी पीडितहरूलाई पुर्नस्थापना गर्नका निमित्त यही बजेटबाट कति रकम छुट्याउनु पर्ने हो, मैले त प्रस्ताव गरेको ५ करोड रकम छुट्याउनु पर्छ र तत्काल अस्थायी छानामा भएपनि लिनु पर्छ भन्ने मेरो प्रस्ताव छ, यद्यपी स्थायीको प्रक्रिया पनि शुरु गरौं त्यो बजेटको व्यवस्था गरियोस् भन्ने कुरा म राख्न चाहन्छु । अब बजेटको पपुलिस्ट हुने हो, समृद्धिको नेतृत्व या बजेट रियालिष्ट भएर समृद्धिको नेतृत्व गर्ने त्यसमा मेरो प्रश्न छ । मलाई लाग्छ पपुलिष्ट बजेटले समृद्धिको नेतृत्व गर्न सक्दैन, रियालिष्ट गरौं ।

त्यसकारणले गर्दाखेरि दुनियाँभरका सबै कार्यक्रमहरू अहिले नै राख्न जरुरी छैन । हामी दुई महिनामा छौं, नीति कार्यक्रम दीर्घकालिन हुन सक्ला तर बजेट ढाइ/तीन महिनामा सम्पन्न गर्ने कामहरू मात्रै राखौं भन्ने कुरा हो । सम्भाव्यता अध्ययनको थुप्रै कुरा गरिएको छ, गाडि हिडिरहेका सडकहरूको पनि सम्भाव्यता अध्ययनको कुरा बजेटमा राखिएको छ । त्यसकारणले गर्दाखेरि सम्भाव्यता अध्ययन केही र डिपिआरको

निर्माण गरेर अगाडि बढ्ने कुराहरू गर्दाखेरि माननीय सदस्यहरूले भन्दै हुनुहुन्थ्यो सम्भाव्यतै सम्भाव्यताको बजेट भनेर । अर्को कुरा अब यहाँ बृद्धबृद्धाका लागि चौतारी बनाउने कुरा गरिएको छ जिल्ला सदरमुकाममा, त्यसो नगरौं । जहाँजहाँ बृद्धबृद्धा छन् त्यहाँ बनाउँ, सभामुख महोदय । हाम्रो प्रदेश भनेको ३ दिन ४ दिन हिडेर जिल्ला सदरमुकाम पुग्ने प्रदेश हो । अब जिल्ला सदरमुकाममा चौतारी निर्माण गरेर, त्यसै नगरौं सभामुख महोदय, अर्को कुरा यहाँ लेखिएको छ, क श्रेणीका अपाङ्गता भएकाहरूलाई चौमासिक १० हजार रुपैयाँ थप दिने कुरा गरिएको छ, सभामुख महोदय, त्यसका लागि पर्याप्त बजेटको व्यवस्था गरिएको छ ।

अहिले हामी लास्ट चौमासिकमा छौं, १० हजारको व्यवस्था गर्दाखेरि ५ लाखले ५० जनालाई भत्ता प्रदान गर्न सकिन्छ, सभामुख महोदय । अहिले मैले बुझ्दै छु, सुर्खेतमा मात्रै क श्रेणीका अपाङ्गता भएका व्यक्तिहरू ५०भन्दा बढी हुनुहुन्छ । यो कार्यक्रम राखेर फेरि विभेद हुन्छ भन्ने कुरा यहाँ आउँछ सभामुख महोदय । कुन जिल्लाकालाई दिने, कुन व्यक्तिलाई दिने, कुन व्यक्तिले नलिने, ५० जनाले हामीले १० हजारको दरले चौमासिकमा थप व्यवस्थाको गर्दाखेरि, हामी १० वटा जिल्लामा कतिवटा क वर्गको दिने नै हो भने दिनु नै पर्छ, स्वागत योग्य कुरा होतर १० वटा जिल्लामा कतिवटा क वर्गका छन् डाटा लिनु पर्यो सभामुख महोदय तर ५० जनालाई दिने र बाँकी अब टोटल डाटा लिँदाखेरि फेरि पीडित हुनुपर्ने स्थिति हुँदाखेरि अहिले असमानताको विभेदकारीको जो माननीय सदस्यहरूकोबाट विषय उठिरहेको छ, त्यसमा फेरि गम्भिर प्रश्न उठ्न सक्छ । त्यसकारणले गर्दाखेरि हामीले यतातिर प्रवेश नगर्दा नै उपर्युक्त हुन्थ्यो । बजेटलाई रियालिष्ट बनाएर अगाडि बढ्दाखेरि उपर्युक्त हुन्थ्यो । त्यसकारणले गर्दाखेरि यसका केही समस्याहरू छन्, मैले के भन्छुभन्दाखेरि अहिले थुप्रै माननीय सदस्यहरूले आ आफ्नो क्षेत्रहरूको बारेमा भन्नु भएको छ, म पनि के भन्न चाहन्छुभन्दाखेरि कल्यानकाँध देखि ढण्डास भएर डोटी जोड्ने बाटो प्राथमिकतामा राख्न जरुरी छ, चिसापानी हुँदै घाटगाउँमा शिवालय भन्ने पवित्र धार्मिक स्थल छ, अहिले पनि थुप्रै भक्तजनहरू पुजापाठ गर्नका निमित्त त्यहाँ पुग्नुहुन्छ, त्यहाँबाट कोली मोहोडा हुँदै बयलबाटाबाट खप्तड जाने छोटो रुट हो । धार्मिक पर्यटनको रूपमा शिवालयमा भक्तजनहरू आएर, पुजापाठ गरेर, आरधना गरेर, खप्तड स्वामीको दर्शन गर्न खप्तड पुग्नको निमित्त अन्तर्राष्ट्रिय स्तरबाट नै हाम्रा छिमेकी मुलुकहरूमा जो हिन्दु धर्मप्रति आस्था राख्ने मान्छे हुनुहुन्छ, उहाँहरूलाई धार्मिक पर्यटकको रूपमा त्यहाँ ल्याउनु सकिन्छ ।

यसकारणले गर्दाखेरि यसलाई प्राथमिकतामा राख्नु जरुरी जस्तो मलाई लाग्दछ। हर्रे देखि बर्दिया राष्ट्रिय निकुञ्जको सीमानाबाट कर्णाली चिसापानीसम्मको बाटो हामीले खोल्न सक्यौं भने गर्मीमा सितल ताप्न आउने तल तराईका मानिसहरू र जाडोमा घाम ताप्न आउने त्यो एउटा उपर्युक्त पर्यटकीय स्थलको रूपमा स्थापित गर्न सकिन्छ, त्यो बाटोलाई पनि प्राथमिकतामा राख्नु जरुरी छ, सभामुख महोदय । अर्को कुरा छ, करिडोरको कुरा, भेरी करिडोरमा तलसम्म पुर्याइएको छ, म त्यस विषयमा धन्यवाद दिन चाहन्छु । भेरी करिडोर भनेको भेरीको उदगमस्थल देखि लिएर अन्त्य हुन्जेलसम्मको भागलाई भेरी करिडोर भन्नुपर्दछ, कर्णाली करिडोर भन्नाले पनि कर्णालीको उदगम स्थलबाट जहाँ कर्णाली टुङ्गिन्छ त्यहाँसम्मको बाटोलाई कर्णाली करिडोर भन्नुपर्दछ, सभामुख महोदय, मलाई त्यस्तो लाग्दछ । कालिकोटको कुनै एउटा भूगोलबाटमाथि कर्णाली हुम्लासम्मलाई कर्णाली करिडोर भन्दिने, छिन्चु देखि डोल्पासम्मलाई भेरी करिडोर भनिदिने, त्योभन्दा तलको भेरी होइन, कालिकोट कुनै एउटा निश्चित भूगोलभन्दा तलको कुनै कर्णाली होइन, त्यहीं भएर म भन्न चाहन्छु सभामुख महोदय, कर्णाली करिडोरको कुरा कालिकोटबाट तल हुँदै अछामको भुभाग भएर त्यो बाटोमाथि छाप्रे उक्लेर त्यसपछि गएर बाबिया चौर हुँदै तातापानीबाट कर्णाली चिसापानी

हुँदै राजापुरबाट जसरी नेपालको सीमाना कटेर कर्णाली बाहिर जान्छ, त्यहाँसम्मको बाटोलाई कर्णाली करिडोरको रूपमा विकसित गरियोस्, सभामुख महोदय, यस कारणले गर्दाखेरि कर्णाली करिडोर, भेरी करिडोर भनेर नामाकरण गर्दछौं, त्यसका केही मापदण्ड र मुल्यहरू हुन्छन, त्यसरी हामी अगाडि बढौं, हिमाली क्षेत्रको पशुपालन, कृषिमा जे कुराहरू आइरहेका छन्, ठिकै छ यी सम्भावनाहरू अध्ययन गरेर अगाडि बढौं, म भन्न चाहन्छु, यसका केही सीमाहरू छन्, ती सीमाहरूलाई सच्याएर, संशोधन गरेर, वास्तविक, रियालिष्ट बजेटको रूपमा हामीले प्रस्तुत गरौं, यसरी अगाडि बढ्न सकियो भने पछि पहिलो पाइला, समृद्धिको पाइलाको रूपमा यसलाई जसरी अर्थ मन्त्रीज्यूले परिभाषित गर्नुभएको छ, यसलाई समृद्धिको पाइलाको रूपमा परिभाषित गरेर स्थापित गरौं, भन्ने कुरा म यहाँ राख्न चाहन्छु, यति भन्दै म आफ्ना भनाइहरू यहीं अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री यामलाल कंडेल ।

**माननीय सदस्य श्री यामलाल कंडेल :** माननीय सभामुख महोदय, हामी हिजो देखि प्रदेश सरकारले ल्याएको आर्थिक वर्ष २०७४/०७५ को बजेटमाथि छलफल गरिरहेका छौंर छलफल चलिरहेको छ । यसै सन्दर्भमा सुझाव स्वरूप आफ्ना केही धारणाहरू यो सभासमक्ष राख्न चाहन्छु । नयाँ संरचनाअनुसार तीनै तहको निर्वाचन सम्पन्न भएर तीनै तहका सरकारहरू निर्माण भइसकेपछि सरकार सञ्चालनका आफ्ना प्रकृयाहरू क्रमश शुरु भएका छन् । नीति तथा कार्यक्रम आयो, बजेट आयो, बजेटमाथि हामी छलफल गरिरहेका छौं, त्यो संरचना तयार गर्दा जिम्मेवारी बोक्ने साथीहरूको पनि निर्धारण गयौं । इच्छा चाहना हुने धेरै साथीहरू मध्ये केही साथीहरूले विभिन्न तहको जिम्मेवारी निर्वाह गर्ने ठाउँमा पुग्नु भएको छ, फलस्वरूप सरकारमा हामीले पुर्याएका छौं, पुग्न चाहने सबैलाई त्यो ठाउँमा पुर्याउन सक्दैनथ्यौं ।

आफ्नो क्षमता, सबैको भावनाअनुसार प्रदेशका जनताको भावनाअनुसार व्यवहारत सरकारको नीति बनाएर लागु गर्ने अवसर प्राप्त गरेको अनुभूति गर्नुनै भएको होला भन्ने मैले ठानिरहेको छु । प्रारम्भिक चरण छ, सबै व्यवस्था हामीले नै गर्नुपर्ने छ । सबै भन्नाले भौतिक संरचना देखि, कानूनी संरचना देखि परम्पराको थालनीसमेत हामीले गर्नुपर्ने हुँदा कहिले काहीं हाम्रा कामहरू मिल्ने कुरा, अलमल हुने कुरा स्वभाविक मात्र सकिन्छतर हाम्रो यस्तो प्रदेश हो, अरू प्रदेशले हिजै गर्नपर्ने न्यूनतम काम गरिसकेका छन्, हाम्रो प्रदेशमा हिजो हुनुपर्ने काम नभएको हुनाले हामीले छोटो समयमा धेरै काम गर्नुपर्ने प्रदेशका हामी जनप्रतिनिधि हौं, हामी जनप्रतिनिधिको बीचमा त्यो सरकार छ, त्यो सरकारले गती पकडेर अगाडि बढ्ने कोशिस त गरेको छ तर यो सभामा छलफल हुँदा, बहस हुँदा, स्पष्टताका साथ अगाडि बढ्ने कुरामा हामीले अँझै गम्भिरतापूर्वक, हामी सबैले सोच्नु जरुरी र आवश्यकता मैले ठानेको छु । प्रारम्भिक चरणमा छौं हामी, काम गर्दै जाँदा गल्ती हुन सक्ने अवस्था रहन्छ, जसले जिम्मेवारी पाउनु भएको छ, त्यहीं प्रति औंलो ठड्याइदिंदा, भनिएका सुझावहरूलाई सकारात्मक ठान्नु भयो भने तपाईंको स्वयम् वृत्ति विकास हुनेछ, तपाईंको वृत्ति विकास मात्रै होइन, तपाईंको क्षमताको विकास मात्रै होइन, जनताले जे अपेक्षा गरेका छन्, संसदले जे अपेक्षा गरेका छ, त्यो पूरा हुने दिशामा सरकार अगाडि बढ्ने छ र त्यसरी नै सोच्नु पर्दछ । सिक्नका निम्ति कति मेहनत गरिन्छ, गरिदैंन, सबै व्यक्तिको आ-आफ्नो रूचीको कुरा होतर म विनम्रता पूर्वक भन्न चाहन्छु, कि हामी गक्षअनुसार को सरकार चलाउने कुरालाई आत्मसात गरेर कर्णाली प्रदेशका जनप्रतिनिधि भएका छौं । यस्तै हो भने अलि दिन बित्दै जाँदा किन सदस्य भइएछ, किन यो ठाउँमा आइएछ होला भन्ने ठाउँमा पुगिएछ भने अन्यथा ठाउँमा पुगिन्छ जस्तो मलाई लाग्छ, यो जान्दा जान्दै यो थाहा पाउँदा पाउँदै, यो स्थितिको अनुभूति गर्दा गर्दै जनताले लडेर प्राप्त गरेको प्रदेश । यो अवस्थाको

बारेमा हामीले फेरि सिकिरहनु पर्ने जानिरहनुपर्ने कुरा छैन । यसलाई बदल्नका निम्ति, यो प्रदेशमा रहेका विभिन्न राजनीतिक पार्टीहरूबाट चुनाव लडेर यो ठाउँका जनप्रतिनिधि भएका छौं, त्यसकारणले म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु, प्रदेशको अवस्थालाई देखेर खिन्नता महसुस गर्ने हो भने, अहिलेको जिम्मेवारी र संरचनालाई नबुझेको महसुस नगरेको ठाउँमा हामी पुग्ने छौं ।

हामीले केही विषयमा यहाँ छलफल गर्दा अहिले सार्वजनिक रूपले पनि छलफल भइरहेको छ, म सभामुखमार्फत् त्यतातिर ध्यान दिन चाहन्छु । हामीले कति ढङ्ग पुर्यायौं पुर्याएनौ, केही ख्याल गर्नुपर्थ्यो पर्दैन्थ्यो, केही नीति तथा कार्यक्रममार्फत्, केही बजेटमार्फत्, केही हाम्रा सुझावमार्फत्, हामीले केही कुरा सार्वजनिक गर्दा अहिले सदनमा त होइन, सदनभन्दा बाहिर आफूलाई केही बुद्धिजिवी भन्ने साथीभाइहरूले एउटा बहसको श्रृङ्खला चलाउनु भएको छ । हाम्रो प्रदेशमा त केही पनि छैन, त्यसकारणले त केही गर्नै हुँदैन, केही लिनै हुँदैन, त्यहीं ठाउँमा पुग्ने हो भने, कहाँ पुगिएला । हामीले गरेको परिकल्पना, हामी यो प्रदेशलाई यो ठाउँमा पुर्याउँछौं, स्वास्थ्यको क्षेत्रमा यो ठाउँमा पुर्याउँछौं, रोजगार सिर्जनाका हिसाबले यो ठाउँमा पुर्याउँछौं, शिक्षाका हिसाबले यो ठाउँमा पुर्याउँछौं, भनेर हामीले जे परिकल्पना गरेका छौं, त्यो परिकल्पना यो हाउसभित्र त्यति बिमत्तीको विषय मैले देखिरहेको छैन, हामीलाई नै मतदाताका रूपमा मतदान गर्नुहुने बौद्धिक मित्रहरूले बाहिर जुन बहस चलाइरहनु भएको छ, त्यसबाट हामी डगमगाउन पुग्ने हो भने, कहिले काहीं कस्तो प्रदेशको किन जनप्रतिनिधि भइएछ भन्ने ठाउँमा पुग्न सकिन्छ ।

त्यसकारणले म बिनम्रता पूर्वक आग्रह गर्न चाहन्छु, थाहा पाउँदा-पाउँदै हामी यो प्रदेशलाई बदल्नका निमित्त, यो प्रदेशलाई अरू प्रदेश सरह एउटा क्षेत्रमा होइन, सबै क्षेत्रमा पुर्याउने गरी हामी अगाडि बढ्ने कुरा भुलिरहेका छौं, त्यहीं आत्मसात अगाडि बढिरहेका छौं । त्यस्तो गर्नका निमित्त केही समयसम्म केन्द्र सरकारको बढी मुख ताक्नु पर्ने प्रदेश भएको हुनाले हाम्रा कतिपय मागहरू केन्द्रीय सरकारसँग केन्द्रीत भएका कतिपय कुराहरू पनि उठिरहेका छन् । प्रदेशको माग यो होइन की सधैं भरि आश्रित भएर, सधैं भरी अनुदान लिएर हामीले यो प्रदेश चलाउँछौं, यस्तो सोच मलाई लाग्छ हामी कसैको त छैन, यस आधारबाट पनि हामीले आफूलाई अलि बलियो र दरिलो बनाउनु पर्ने जरुरी र आवश्यकता छ, त्यसो हो भने त कोहलपुर हिल्सा नदेखे भयो, त्यसो त राजापुर नाग्चेनाग्ला नदेखे भयो, त्यसो त सुर्खेत धो मोरिला नदेखे भयो, त्यसो भएत हामीले हाम्रो ठाउँमा रोजगार सिर्जना गर्ने सपना नदेखे भयो, मेडिकल कलेज, विद्यालय खोल्ने कुरा, विश्वविद्यालय खोल्ने कुरा नदेखे पनि भयो, त्यसकारणले म सबै साथीहरूलाई आग्रह गर्न चाहन्छु, हाम्रो प्रदेश यस्तो हुँदाहुँदै पनि यो प्रदेशलाई अरू प्रदेश सरह बनाउने गरी, दृढताका साथ मलाई विश्वास छ, यो सभासमक्ष प्रस्तुत हुनु भएका सबै पार्टीका साथीहरू, त्यो सोचका साथ हामी अगाडि बढिरहेका छौं, त्यसअनुसार मलाई लाग्छ, बाहिर रहनुहुने मतदाता साथीहरूले बुद्धिजिवी साथीहरूले पनि बुझिदिनुभयो भने, यो प्रदेशलाई अगाडि बढाउन सकिने छ ।

जहाँसम्म आजको विषयसँग सम्बन्धित छ, संरचना अलग छ, ढाँचा अलग छ, म जो जिम्मेवारीमा रहने साथीहरूलाई सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु, हिजो कै तरिकाले दुनियाँ बन्न सक्दैन भन्ने कुरा दिमागमा राखेर आ आफ्नो काम गर्न थाल्ने कुरा गर्न जरुरी छ, बजेट नै बनाउने हो भने यद्यपी यो बजेट, तीन महिनाको लागि यो बजेट विकास का हिसाबले भन्ने हो भने ५८ करोड, जम्मा भन्ने हो भने १ अर्व चानचुनको बजेट औपचारिकता पूरा गर्नु पर्ने भएकै कारणले गर्दा हामी बजेटको शीर्षक अन्तर्गत नियमित सदनमा जस्तै छलफल चलाइरहेका छौं । तीन करोड त खर्च भै सक्याथ्यो । त्यो खर्च तलव भत्तामा मात्रै भएन, त्यो पूँजीगतमा पनि भएन, अब छलफलको विषय त बनाउन पाइयो, हिसाब किताब गन्न त

पाइयोतर अनुमोदन गर्न बाहेक विकल्प रहेन । तीन करोड त खर्च भैसकेछ चालु पुँजीगत खर्च, कुन मन्त्रालयले कति कति गर्नुभयो यो तीन करोडभित्र, संघीय सरकारबाट आएको सात करोड पनि छ, तीन करोड पनि छतर अब हामीले के जान्नुपर्यो त भन्नुपर्दा हाम्रो हिसाबमा आएको १ अर्व मध्येको ३ करोड खर्च भैसक्यो, हाम्रै संसद सचिवालयको २० करोड त भैसकेछ,२० करोड भनिएछ त २० लाख । त्यस्तै अरूको पनि कति भयो तर म अनुरोध गर्न चाहन्छु, यसबाट पाठ सिकेर, पाठ सिक्नु बाहेक अब अरू मैले केही देखिरहेको छैन, म भन्न चाहन्छु निकट भविष्यमा मापदण्ड केहो बनाउ । तीनवटा सरकार छन्, साधन स्रोत सहितका सरकार छन् । संघीय सरकार छ, प्रदेश सरकार छ, स्थानीय सरकार छ तर अब सबै काम सबैले गर्ने हो भने किन तीन वटा सरकार बनाउनु पर्यो, सबैले सबै काम गर्ने हो भने तीन ठाउँमा किन पैंसा पठाउनु पर्यो, त्यसकारण म अनुरोध गर्न चाहन्छु, सक्दा क्षमता हुँदा सहयोग गरे हुन्छ, दान दातव्य गरे हुन्छतर संविधानले जे परिभाषित गरेको छ, त्यहीँ ठाउँमा जिम्मेवारी पूरा गर्ने गरी हामीले हाम्रा योजना, सोच र दृष्टिलाई विकास गर्ने गरी अगाडि बढ्न थालियो भने मलाई लाग्छ साधन र स्रोत कम हुँदाहुँदै पनि विकास निर्माणलाई अगाडि बढाउन सकिने अवस्था रहन सक्छ, त्यसकारणले तरिका कि नयाँ गरौं, यसको निमित्त हामी सबैले मनोवृत्ति सच्याउन जरुरी छ, अँझ त्यसमध्ये पनि मन्त्रीज्यूहरूलाई थाहा हुनै पर्ने हो, यो बजेट तीन महिनाको । फेरि मन्त्रीज्यूले बजेट ल्याउँदै हुनुहुन्छ, अहिले आफूलाई बिर्सिएर, सबै माननीय सदस्यहरूलाई सम्झने गरी बजेट ल्याउने कुरामा लाग्नुभएको भए जयजयकार नै हुन्थ्यो होला । मैले यसकारणले यो भनिरहेको छु कि, अवसर पाउँदा त तपाईंले कसरी प्रयोग गर्नुभयो र कसरी प्रस्तुत हुनुभयो, दृष्टिकोण र धारणा त्यस आधारमा बन्ने हो । त्यसकारणले परम्परागत कुरा पनि अनुशरण गर्नै पर्ने छ तर हामीसँग नयाँ तरिकाले हामी अगाडि बढ्न पर्ने एउटा अवस्था भएको हुनाले मापदण्ड, नीतिका आधारबाट चल्नु भयो भने सबैलाई भन्न सकिने अवस्था रहन्छ, यो आधारबाट ख्याल राख्ने कुरा एउटा कुरा राख्न चाहन्छु ।

दोस्रो कुरा समस्या छ, कार्यान्वयनको कुरा उठिरहेको छ, यहाँ कुरा उठाइरहनु भएको छ, सरकारबाट चल्ने होला, चल्छ नै होला जस्तो लाग्छ, स्थिर सरकार भनेको हाम्रो कर्मचारी यन्त्र हो, त्यसको अवस्था के रहेछ, भन्न हुन्थ्यो वा हुदैन्थ्यो किन ढाट्ने भनेर होला, जस्ताका तस्तै कुरा भनिदिनु भयो यहाँ । त्योभन्दा बढी मैले व्याख्या विश्लेषण नै गर्न चाहदिन गर्ने त्यसले नै हो, अब भन्दिदा के हुन्छ, बजेट नि तिम्रो हातमा, पैसा पनि तिम्रा हातमा, अब माननीयज्यूहरू आ-आफ्ना मैदानमा खट्ने हो भन्ने बुझाइ हो भने त्यो गलत बुझाइ हो । माननीयज्यूहरूको महत्त्वपूर्ण भूमिका हुन्छ योजना छान्नेमा, माननीयहरूको महत्त्वपूर्ण भूमिका हुन्छ योजना कार्यान्वयन, माननीयहरूको महत्त्वपूर्ण भूमिका हुन्छ अनुगमनमा तर यो सरकारले पनि र माननीयहरूले पनि हेक्का के राख्नुपर्छभन्दाखेरि यो सञ्चालन त्यहीँ कर्मचारीयन्त्रबाट नै चलाउने कुरा सकिएन भने अगाडि हुन्न तर म स्मरण गराउन चाहन्छु, भरखर मात्रै महत्त्वका साथ सरकारले कर्णाली रारा पर्यटन वर्ष मनायो, म धेरै व्याख्या गर्न चाहन्नतर म भन्न चाहन्छु र अनुरोध गर्न चाहन्छु, गरेको खर्च प्रणाली नै हिसाब किताब हो, त्यहीँ तरिका हो भने साथी हो, एकत कर्णाली प्रदेशमा कर्मचारी आउन तयार छैनन्, त्यहीँ तरिका हो भने बाँकी रहेका कर्मचारी साथीहरू चाँडै जाने प्रबल सम्भावना देखिरहेको छु, हो भने कसरी गर्ने होला । मैले यति मात्रै भने, पछि पनि भनौंला, रारा कर्णाली पर्यटन वर्षमा जे खर्च प्रणालीका आधारबाट गर्ने कुरा अबलम्वन गर्नुभयो, यस्मा पनि त्यहीँ विधि र अबलम्बन गर्ने कुरा हो भने आउँनु भएको कर्मचारी साथीहरू पनि जाने स्थिति बन्ने म प्रबल सम्भावना देख्छु । त्यसकारणले म सरकारसँग गम्भिरता पूर्वक त्यसमा ध्यानाकर्षण गराउन चाहन्छु र अन्त्यमा धेरै साथीहरूको यहाँ कुरा आएको छ, म अनुरोध गर्न चाहन्छु, यद्यपी हामीसँग समय छैन, छुट्याइएको बजेट खर्च हुने अवस्था मेरो तर्फबाट

हेर्नुहुन्छ भने त्यति उत्साहित छैनतर मेरो तर्फबाट सहयोग गरेर, हामीले प्राप्त गरेको विकास निर्माणबाट जनतालाई राहत पुर्याउन सकिने, सुविधा पुर्याउन सकिने कुरामा हामीले कहिँकतैबाट कमी हुनुहुँदैन । त्यसो हो भने अर्को पुस्तिका निकाल्दा जो धेरै माननीय सदस्यहरूले पनि भन्नुभएको छ, छुट्याइएको त छुट्याइएको भइहाल्यो, जो जगेडाको पैसा छ, त्यसलाई विभिन्न नाम र उपनाम दिएर माननीय सदस्यहरूले सम्बोधन गर्नुभएको छ, त्यसबाट सम्बोधन हुने गरी, महत्त्वपूर्ण योजनाहरूलाई सामेल गर्ने गरी त्यो बाटो लिन सक्छ र त्यो बाटो छ । सरकारले के गर्छ, त्यो पछि सरकारका साथीहरूले भन्ने स्थिति रहन सक्छ तर म के अनुरोध गर्न चाहन्छु भने त्यो आधारबाट अगाडि बढ्न सकियो भनेको कतिपय कुराको सम्बोधन हुनसक्छ, सदनले पनि केही गर्न सक्दो रहेन्छ भन्ने कुराको अनुभूति दिन सक्छ ।

म यसकारणले सरकारको र हामी सबै साथीहरूलाई भन्न चाहन्छु कि हामी नयाँ ढङ्गले अगाडि बढौं, राम्रा कुरा केन्द्रीय संसदका अनुभवलाई पालना गरौं, यदि यहाँ राम्रो बजेट बन्छ, यदि यहाँ राम्रो नीति र तरिका बन्छ भने हामी यहाँ नयाँ तरिकाले पनि बजेट पास गर्न सकिन्छ र त्यो बाटोबाट पनि जाने आँट गर्न पर्ने हुन्छ, थोरै मात्रै फेरबदल हुँदा सरकारको तितरबितर भइहाल्ने कि, प्रतिष्ठामा आँच आउने तहको सोच र दृष्टिकोणबाट हामी सबै मुक्त हुनुपर्दछ । चाहे त्यो प्रतिपक्षको कुरा होस्, चाहे त्यो सत्तापक्षको कुरा होस्, हामी नयाँ सोचका आधारबाट परिवर्तन, हामी सबैका आधारबाट गरेका हौं, परिवर्तन गरेका कुरालाई हामी सबैका आधारबाट गरेका हौं, सुधार गर्ने कुरालाई आत्मसात गरेका हौं भन्ने भयो भने यस्ता बैठकहरू, यस्ता छलफलहरू रोचक र उपलब्धीमुलक र खोजमुलक पनि हुनसक्ने एउटा अवस्था रहन सक्छ, त्यस दिशाबाट पनि मलाई लाग्छ सरकारले सोच्नु, छलफल गर्नु उपर्युक्त हुन्छ भन्ने कुरा राख्दै फेरि पनि म भन्न चाहन्छु, हामी पहिलो तहबाट संरचनाको पूर्वाधार निर्माण गर्दैछौं, यो बजेट सरकारी संयन्त्रबाट मात्रै लागु हुने हो भने आफ्नो संयन्त्रलाई विश्वस्त र प्रभावकारी बनाउने योजनाको म यसमा अभाव देख्दछु, त्यो योजना के हो, त्यसलाई विश्वस्त बनाउन सक्नु भएन भने कार्यान्वयमा समस्या हुन्छ । मैले खाली सांकेतिक रूपमा मात्रै भने, सरकारले पहिलो चोटी प्राथमिकताका साथ जे कार्यक्रम गरेको त्यसको प्रचारात्मक रूपले राम्रै गरेको छ, मैले खाली यहाँलेखा प्रणाली र तरिका जे अबलम्बन गर्नु भएको छ, फेरि पनि मैले दोहर्याएर भने त्यसो हो भने गार्हो छ,सरकार वा हामी सबैलेखा प्रणालीका आधारबाट, मान्यताबाट गाइडेड हुने कुरा होइन होला त, त्यसमध्ये पनि बजेटमा अर्थ मन्त्रीज्यूले सुशासनको कुरा, मितव्ययीताको कुरा, महत्त्वपूर्ण कुरा उठाउनु भएको छ, त्यसलाई कायम राख्ने महत्त्वपूर्ण मन्त्रालय हो, त्यसो हो भने म अनुरोध गर्न चाहन्छु, जनताका जनप्रतिनिधिहरूले चाहेभन्दा बढी मागहरू राख्न सक्छन्, म सबै माननीय सदस्यहरूको सुझाव सुनिसकेपछि मलाई पनि फिल भएको कुरा सुझाव स्वरूप एउटा राख्न चाहन्छु, जो जिम्मेवारीमा हुनुहुन्छ, तपाईंहरूले बोल्दा, जे स्रोत छ, जे साधन छ, जे औजार छ, त्यहींअनुसार बोल्ने गर्नुभयो भने धेरै अन्तरविरोध हुन्न है साथी हो ।

हामीले बोल्न मिल्छतर तपाईंहरूले बोल्दा यस्तो लाग्छ सरकारले, सरकारका भाषण सुन्दा फुल फेजको सरकार जस्तो छतर यो सरकारको तल कार्यालय सहयोगीसमेत तल फिल्डमा छैन, यस्तो लाग्छ, कहिँ दंगा भयो भने सरकार देख्छ तर त्यहाँ एउटा फिल्डमा खट्ने एउटा जवान छैनतर मन्त्रीज्यूहरूको कुरा सुन्दा फुल फेजको सरकार जस्तो देख्छु, त्यसकारणले म विनम्रतापूर्वक अनुरोध गर्नचाहन्छु, तपाईंले बोल्ने बोली तपाईंको मात्र होइन, हामीलेसमेत जवाफ दिनुपर्ने हुन्छ, सायद त्यो सामाजिक संघसंस्थाका मामिलाका कुरा होस्, चाहे त्यो विकास निर्माणका कुरा होस्, चाहे त्यो दातृ संस्थाका मामिला होस्, यस कुरामा चाहिँ म फेरि पनि भन्न चाहन्छु, यहाँ माननीयज्यूहरूले भन्नु भयो, मन्त्रीज्यूले नै फोन गरिसकेपछि ढुक्क भइहालिन्छ नि, म पनि गएको भए ढुक्कै हुन्थ्ये, धन्न गइएन तर म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु, की जो साथीहरू

हुनुहुन्छ, इच्छा जगाउने कुरा यतिसम्म गर्नुहोस् की जो पूरा गर्न सकिन्छ, इच्छा यति धेरै जगाइदिनु भयो कि, सम्हाल्नै गार्हो भो त अहिले, यो कुरालाई पनि मलाई लाग्छ हेक्का राखेर अगाडि बढ्न पर्ने हुन्छ, फेरि पनि मलाई लाग्छ, समय छ, माननीय सदस्यहरूको भावनालाई प्रतिनिधित्व गरेर सरकार अगाडि बढ्ने मैले ठाउँ देखेको छु, सरकार त्यो बाटोबाट अगाडि बढ्ने छ, मैले विश्वास लिएको छु, यिनै कुरा राख्दै बिदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री शोसिला शाही ।

**माननीय सदस्य श्री सोशिला शाही :** सभामुख महोदय, नीति तथा कार्यक्रम बजेट प्रस्तुत बारे बोल्न पर्दाखेरि विरोध त सबै ठाउँहरूबाट आइरहेको छ । तै पनि विरोध भन्ने हो कि के भन्ने हो खास्सै मैले त केही पनि बुझिरहेको छैन, नबुझेकै कुरा हो । आज यो हामी महत्त्वपूर्ण कामको थालनी गर्न लागिरहेका छौं । कर्णाली प्रदेश आफ्ना क्षेत्रका जनताको तर्फबाट सहयोग छ र सानो आकारको भएपनि बजेट प्रस्तुत गर्न गइरहेका छौं, इतिहासको यो महत्त्वपूर्ण क्षणमा हामीले गौरवको अनुभवसमेत गर्न पाएका छौं । कर्णाली प्रदेश जनताको लागि सुखद क्षण पनि हो । बजेट पहिलो चोटी आफ्नो क्षेत्रको बजेट आफैं प्रस्तुत गर्न पाउँदा अति खुसी र गौरवको विषय हो । सीमितजन्य अपेक्षा राख्ने बेला भएको त छैन, यो केवल शुभ शुरुवात मात्रै हो, जुन बजेट प्रस्तुत भएको छ, त्यो स्मरणीय छ, यसका लागि म र मेरो दल राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु, । गरिमामय सदनमा हिजो यो बजेट प्रस्तुत गर्ने समयमा अरूभन्दा पनि धर्मको बारेमा पनि कुरा उठिरहेको थियो । किनभने धर्म परिवर्तन, केन्द्रमा धर्म निरपेक्ष होला आफ्नो ठाउँमा होलातर हाम्रो प्रदेशमा सबैको घरमा मठमन्दिर नभएको मानिस नै छैन, मठमन्दिर धेरै भएमा पर्यटन प्रबर्द्धन पनि हुन्छ ।

त्यसकारणले यो अलि बजेटको बारेमा भएपछि बजेटकै बारेमा विश्लेषण गर्नुपर्छ । धर्मको बारेमा र राजाको बारेमा बहस गर्नुपर्छ । यो बाटो पनि राजाले नै ल्याएको हो । पहिला यो बाटो नबनाएको भए अहिलेसम्म पनि हामी यो सुर्खेतमा आउन सक्ने थिएनौं । सेना परिचालन गरेर नै बाटो खनिएको थियो । जतिसक्दो बाटोहरू निर्माण गर्नुपर्छ । खानेपानी जनताहरूले पाएको छैन, जो बजेटको बारेमा कुरा भइरहेको छ, त्यस विषयमा कसैले आफ्नो विश्लेषण दिएका छन् त्यो आफ्नो ठाउँमा छतर मैले यो बुझेको छु, लाइन लागेर पानी भरिरहेका छन्, महिलाहरूलाई धेरै पीडा छ र त्यो पीडा महिलाहरूले मात्रै बुझ्छन् । २३८ वटा काम त महिलाहरूले घरभित्र मात्रै गर्दछन्, ती कामहरूको विषयमा पुरुषहरूले बुझ्नु हुँदैन । बजेट पनि विनियोजन गर्दाखेरि महिलाहरूको पनि हितमा हुनुपर्छ । हजुरहरूले अलि राम्रो शैलीसँग प्रस्तुत गर्नुभएको विषयमा ठिकै कुरा हो । आ-आफ्नो शैली हुन्छ प्रस्तुत गर्ने । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट आफ्नो भनाइ यहीं अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री मिनासिंह रखाल । समय सात मिनेट ।

**माननीय सदस्य श्री मिनासिंह रखाल :** माननीय सभामुखज्यू, लोकतान्त्रिक गणतन्त्रको स्थापना भइसकेपछि, यो कर्णाली प्रदेशको स्थापना भै सकेपछि, हामी पहिलोपटक आफ्नो प्रदेश आफैं बनाउने जिम्मा लिएर बजेटमाथि छलफल गरिरहेका छौं । माननीय सभामुखज्यू यो कर्णाली प्रदेश हामीले भनिरहनु पर्ने प्रदेश होइन, यो प्रदेशमा हामी आफैं भुक्त भोगी छौं, यो प्रदेशभित्र कहाँ बाटो चाहिन्छ, कहाँ पानी धारा कुवा चाहिन्छ, कहाँ ग्रामीण भेकका महिलाहरू पिल्सिरहेका छन्, कहाँ शिक्षा स्वास्थ्यको अवस्था अत्यन्तै नाजुक छ, कहाँ राम्रा कामहरू गर्नुपर्छ भन्ने कुरामा यो कर्णाली प्रदेशका निर्वाचित भएर आउँनु भएका सरकारबाट लिएर माननीय सबै विज्ञ हुनुहुन्छ । यो बजेटमाथि छलफलको विषय आउँदाखेरि दफावार छलफलमा

मलाई कस्तो लाग्छ भने मैले अस्ति पनि नीति कार्यक्रममा जस्तै अहिले पनि मलाई के भन्न मन लागिरहेको छ भने किताब हाम्रो हातमा आएको छ, यहाँभित्र थुप्रै राम्रा कुराहरू छन्, यसलाई म नराम्रो भन्दिन, हामीले हाम्रो त्यो ग्रामीण भेगमा, हाम्रा दाजुभाइ, दिदिबहिनिको अगाडि, हाम्रा गाउँठाउँ कुनाकन्दरामा हामीले जे बोल्यौ त्यहीं समेटिएको छतर यो चाहिँ वितरण प्रणालीमा असमानता भयो कि भन्ने मात्रै लागेको हो । यो किताबका बुँदा-बुँदा हेर्दाखेरि समृद्धि त हामी ५ वर्ष होइन २ वर्षमा नै गर्न सक्छौं कि, हामीसँग इच्छा, आकंक्षा र जोश जाँगर भएपछि जस्तो मलाई लाग्छ । सभामुख महोदय मलाई यति खेर यो किताबको बुँदाहरू पढ्दा भूपीशेरचनको कविताको याद आयो, "एउटा भारी ट्रकले थिचेर, एउटा नवयुवक मरेछ, उसको हस्तरेखा हेर्दा लामो थियो" उद्देश्य त हामीले लामो लामो राखेका छौं, बाँच्ने इच्छा त हाम्रो लामो थियोतर दुर्घटनाले गर्दा बीचैमा मर्नु पर्यो, यो किताबमा लेखेका शब्द अक्षरहरूको कतै दुर्घटना हुन्छ कि भन्ने डर हो । मभन्दा अगाडि हाम्रो जिल्लाका माननीयज्यूहरूले बोलिसक्नु भएको छ । मैले किताब हेर्दाखेरि दैलेख जिल्लाको बारेमा पञ्चकोशी बाहेक कुनै त्यस्ता तत्काल गर्नुपर्ने योजनाहरू पाएनौ । हामीलाई सर्वप्रथम बाटो चाहिएको छ, हामीलाई सर्वप्रथम पानी चाहिन्छ, हामीलाई सर्वप्रथम बत्ति चाहिन्छ, यी तीनवटा कुराले हामी परिपूर्ण भयौं भने तब मात्रै हामीले आफ्ना इच्छा, आकांक्षा र जनताको मनोकांक्षा पूरा गर्न सक्छौं ।

सभामुख महोदय मलाई के लागिरहेको छ भने म चौसठ्ठीको निर्वाचनमा पनि कुनाकन्दरामा पुगेको थिए, तब पनि त्यहाँका जनताहरूको आवाज सुनेको थिए, महाबु गाउँपालिकाको वडा नं. ३ र ५ पर्ने टाकुरी भन्ने ठाउँमा जनजाति, दलित, बाहुन, क्षेत्री पनि बस्नु हुन्छ, अनि उहाँहरूले एउटै कुरा माग गर्नु भएको थियो भने हामीलाई बाटो चाहियो, मैले भनेको थिए, तपाईंहरूको कालिका मा.बि.को छाना पनि छैन, बस्ने बेन्च पनि छैन, विद्यार्थीहरू पनि भुईंमा बस्नु भएको छ, पहिला हामीले स्कुल बनाउँ, शिक्षा आर्जन गरौं, हामीले शिक्षाबाट मात्रै विकास गर्न सक्छौं भन्ने कुरा राखेको थिए । यसपाली पनि म त्यसठाउँ पनि पुगे, घर भत्काएर तीनवटा कोठाको भवन बनाएको रहेछतर उहाँहरूले के गुनासो गर्नुभयो भने स्कुल बनाउने त भन्नु भयो, हाम्रा ढाडका छाला एउटै पनि रहेनन्, हाम्रा घुँडाका छाला एउटै पनि छैनन्, हामीले सदरमुकामबाट सिमेन्ट र रड बोक्नु पर्यो, त्यसैले स्कुल त चाहिने हो तर त्यसभन्दा अगाडि हामीलाई बाटो चाहिन्छ भन्नु भयो, कुरा साँचो हो तर जुनसुकै कुरा गर्दा पनि हिड्ने बाटो त चाहियो नि, रानी वनबाट पुल बनायो भने टाकुरी भन्ने ठाउँमा आउँछ, त्यसबाटोमा उनीहरूले हिँडिसकेपछि आफ्ना चाहिने वस्तुहरू ल्याउन सकिने, खाद्यान्न पनि ल्याउन सकिने भन्ने कुरामा मैले आशा गरेको थिए तर हाम्रो कमजोरी हो कि, सरकारको सूचनाको कमजोरी हो, किन हो खै हामीले चाहेका कुनै पनि कार्यक्रमहरू परेका छैनन्, मेरो यो आक्रोश होइन सुझाव मात्रै हो । कमसेकम दैलेख जिल्लाका माननीयज्यूहरू यहाँ ६-६ जना उपस्थित हुनुहुन्छ, उहाँहरूले यहाँ भन्नुभयो केही पनि चाहिन्न, माननीय धर्मराज रेग्मीको क्षेत्रमा त सिन्कोले पनि छोएको छैन, निर्वाचनको क्रममा उहाँले मात्रै बोलेको कुरा होइन, मैले पनि बोलेको कुरा हो, विकासबाट बन्चित, खानेपानीबाट बन्चित, शिक्षाबाट बन्चित, स्वास्थ्यबाट बन्चित, खानेपानीबाट बन्चित भयौं भने हामीले आगामी पाँच वर्षमा पनि के गर्न सकौंला र, सानो सानो काम भएपनि त्यसक्षेत्रमा पर्नु पर्थ्यो । यदी निर्वाचन क्षेत्र बाहेक रकम वितरण भइदिएको भए हामीले जनताको सानो भएपनि काम पूरा गर्न सक्थ्यौं होलातर यहाँ जुन किसिमले यहाँ रकम वितरण भएको, यो चाहिँ मैले उपेक्षित नै भएको ठान्दछु, यो भन्दै गर्दाखेरि म सरकारको विपक्षमा होइन, मैले सरकारले ल्याएको कार्यक्रम लगायतलाई समर्थन गर्न चाहन्छुतर अलिकति मैले शंका व्यक्त मात्रै गरेको हो । त्यस्तै गरी यो किताबको दफावार छलफल भनेर यो किताबलाई हेर्ने हो भने पनि थुप्रै राम्रा महिलाका पक्षमा योजनाहरू पनि लेखिएका छन् । जो

हामी अर्गानीक खेतिमा लाग्ने र प्राथमिकता दिने भनिरहेको अवस्थामा, अर्गानीक खेतिको योजना ल्याउँदाखेरि र अथवा उत्पादन गर्दाखेरि त्यो अर्गानीक खेतिमा समावेश हुने मानव पनि त चाहिने होला । आज हाम्रो कर्णाली प्रदेश मात्रै होइन, नेपाल अधिराज्य भरी, मान्छेले सुख सुविधा मात्र खोजिरहेको छ, दुख गरेर आर्जन गर्न चाहिरहेको छ, श्रीमानहरू विदेश गएका र श्रीमतिहरू एउटा बच्चा काखमा बोकेर शहर पढाउन आएको अवस्थामा र हाम्रा डाँडा पाखाहरू बाँझा भइरहेको, बुढाबुढी मात्रै त्यो ठाउँमा अबस्थित हुनुहुन्छ, अब ती बुढाबुढीले हलो जोत्न सक्नुहुन्छ, अनि त्यो अर्गानीक खेति प्रणाली बुढाबुढीले अगाडि बढाउन सक्नुहुन्छ र त्यसैले म के भन्न चाहन्छु भने वैदेशिक रोजगारमा गएका यूवाहरूलाई पनि शहरमा बसेर छोराछोरी पढाउने दिदिबहिनीहरूलाई पनि हाम्रै गाउँमा फिर्ता गराएर बस्ने वातावरण यो कर्णाली प्रदेशले बनाइदियो भने, सासु ससुरा, छोराबुहारी, नातिनातिना सहित एकठाउँमा बस्ने वातावरण बन्यो भने हाम्रो गाउँ हराभर खेतिपाती, तिउन तरकारी सबै उत्पादन गर्न सकिन्छ भने मेरो यहाँहरूलाई सुझाव हो ।

त्यस्तै यहाँ जेष्ठ नागरिकहरूको कुरा आएको छ, तीनचारवटा बुँदाहरूमा समेट्नु भएको छ, म यसको समर्थन गर्छु । हामीले जेष्ठ नागरिकको सम्मानको साथ, आज कसरी बुढाबुढीहरू अपहेलित भइरहेका छन् भन्ने कुरा हामी आफैंले भोगिरहेका छौं, छोरा छोरी शहरतिर लाग्ने, बुढाबुढी गाउँघरतिर बस्ने अनि कसले सम्मान गर्ने, त्यो छोराबुहारी बस्न जेष्ठ नागरिकहरूलाई वातावरण बरु यो सरकारले बनाओस् न, उहाँहरूलाई रोटि दिने व्यवस्था गरेर, छोराछोरीको पनि व्यवस्था गरेर, ती छोरा र बाबुआमाको समन्वयकारी भूमिका खेल्यौं र त्यो सहज वातावरण सिर्जना गराइदिउँ । हामीले भोटी भनेका छौं, चौतारा भनेका छौं, त्योभन्दा पनि पैसा आफ्ना आवश्यकताहरू आफैं समाधान गर्नुहुन्छ, अब जेष्ठ नागरिकलाई पनि हुने र छोरा बुहारीलाई पनि हुने, मेरो बुवाले वा ससुराले पैसा ल्याउनुहुन्छ त्यसैले उहाँलाई सम्मान पनि गर्नुपर्छ भन्ने कुरा मैले देखेको छु । मैले थुप्रै कुराहरू राख्न कोशिस त गरेको थिए र यहाँ धेरै माननीयज्यूहरूले राखिसक्नु पनि भएको छ र एउटा कुरा चाहिँ साक्षरता, मलाई यो साक्षरताको विषयमा के लाग्छ भने हाम्रा ५८ प्रतिशत महिला दाजुभाइ तथा दिदिबहिनीहरू निरक्षर नै हुनुहुन्छ, तपाईंहरूले नै महसुस गर्नु भएको होला, हाम्रो वरिपरि साक्षरता कक्षा पढ्छु भन्नेहरू धेरै हुनुहुन्छ । किनभने सामुदायिक सिकाइ केन्द्र छ, सामुदायिक सिकाइ केन्द्रले साक्षरता कक्षाको स्थापना गरेको छ, जिल्लामा ४२-४३ वटा सामुदायिक सिकाइ केन्द्र छन्तर सिकाइ केन्द्रमा पढ्न हाम्रा दिदिबहिनीहरू जान मान्नु हुन्न, किन मान्नुहुन्न, दिनभरी गिट्टी कुट्छन, मेलापात जानुहुन्छ, बच्चाबच्ची हेर्नुहुन्छ, त्यसैले कति बेला पढ्न जाने, त्यसैले यस साक्षरता कक्षाको शुरुवात मात्रै होइन, यसलाई पूरा गर्नको लागि तालिम पनि सँगसँगै दिने गर्नुपर्छ, त्यस्तो किसिमको व्यवस्था भयो भने तालिमा गएर केही पैसा पनि आउँछ र केही पनि सिक्न पाइन्छ र रोजीरोटी पनि चल्छ भन्ने कुरा  उहाँहरूलाई लाग्छ र सफल पनि हुनुहुन्छ भन्ने कुरा म यहाँ सुझाव दिन चाहन्छु, सभामुखज्यू । ग्रामीण भेगका दाजुभाइ दिदिबहिनीहरू साक्षर हुनुभयो भने, त्यसले हामीलाई राम्रो टेवा पुर्याउँछ भन्दै आफ्नो भनाइहरू यहीं अन्त्य गर्छु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कुर्मराज शाही । समय सात मिनेट ।

**माननीय सदस्य श्री कुर्मराज शाही :** माननीय सभामुख महोदय, अर्थ मन्त्रीज्यूद्वारा प्रस्तुत जो बजेट विनियोजन भएको छ, त्यसमाथि हामीहरू छलफल गरिरहेका छौं, मैले सुझाव दिने सन्दर्भमा हिजो र आज दुई दिन गरी माननीय सांसदज्यूहरूले थुप्रै सल्लाह र सुझाव दिइसक्नु भएको छ र त्यहीं सल्लाह र सुझावको आधारमा टेक्दै म यो भन्न चाहन्छु कि नीति र कार्यक्रमको आधारमा टेकेर कार्यक्रमहरू आउने हो अनि बल्ल मात्रै त्यसले मूर्तरूप लिन्छ, त्यो भएको हुनाले हामीले कहाँनेर कमेन्ट गरेका थियौंभन्दाखेरि

नीति र कार्यक्रममा बेस्सरी बहस हुनुपर्थ्यो, भौतिक पूर्वाधारको विषयमा, सामाजिक विकासको सन्दर्भमा बेस्सरी छलफल हुनुपर्थ्यो जस्तो लाग्दछ, जहाँबाट छलफल गर्नुपर्ने हो, बहस गर्नपर्ने थियो तब मात्रै यो बजेटले आलोचना नपाउने हो । मैले हेर्दाखेरि यो बजेटले साँच्चीकै मार्गनिर्देशन त गरेकै छ, यसको सोच राम्रो छ, यसको सोचलाई बेठिक भन्न मिल्दैन, यसले जो सोच अंगिकार गरेको छ, यसमा प्राथमिकीकरण गरेको छैन भनिएको छ, त्यसो होइन, प्राथमिकीकरण भएकै छ, सडकलाई पहिलो प्राथमिकता दिएकै छ, त्यसपछि जलविद्युतलाई दोस्रो दिएकै छ, कृषि भयो, पर्यटन भयो यस्ता योजनाहरूलाई प्राथमिकता दिँदै एउटा आधार निर्माण गरेर आफ्नो कार्यक्रम अगाडि पेश गरेको छ । कार्यक्रम पेश गर्ने सन्दर्भमा समय छोटो भएजस्तो लाग्दछ । छोटो समयमा छोटो बहस गर्दै गर्दाखेरि मलाई के लाग्दछभन्दाखेरि अँझै जो कार्यक्रम छोटै अवधिमा भएपनि बेस्सरी बहस गर्नुपर्थ्यो । त्यसो हुनाले सडकमा अलि बढी नै योजना बनाइयो भनेर बहस भयो, त्यसैगरी सुर्खेतमा अलि बढी आयो भन्ने कुरा हो, सुर्खेतमा पनि आवश्यकता छन् किनभने यो राजधानी हो, अरू ठाउँ छुटेका क्षेत्रहरूलाई अलिकति तपाईंहरूको ध्यान पुग्देको भए, भौतिक मन्त्रीको ध्यान पुगेको मलाई लाग्छ यस विषयमा यति धेरै आलोचना हुने थिएन होला । मैले तपाईंहरूलाई आग्रह गरेको थिए, राराताल नाग्चेलाग्ना पुग्नका लागि सुर्खेत, दैलेख, कालिकोट हो मुख्य गेट, त्यो गेटलाई व्यवस्थित गर्न सकेनौं भने नाग्चेलाग्नाको सपना नदेखे हुन्छ । कालिकोटलाई व्यवस्थित गर्नुपर्छ किनभने त्यो मुख्यद्वार हो । त्यो भएको हुनाले लामो समय देखि चाहे त्यो संकटकालमा होस्, चाहे त्यो राजाको शासनको पालामा हो, छोटो दुरीको मार्गबाट जुम्ला पुग्न सक्छौं, नाग्चेलाग्ना पुग्न सक्छौं, त्यसका लागि मुआब्जा सहित दिइसकेको छ, सरकारको करोडौं लगानी भै सकेको छ तर बाटो बनेको छैन, त्यो भएको हुनाले सेरी बान्तोलासम्म बाटो बन्देको भए म त्यहीं क्षेत्रबाट प्रतिनिधित्व गर्ने भएको हुनाले म सन्तोष हुने थिए होला । त्यतातिर छलफल अनि बहस गर्नु जरुरी थियो, मलाई लाग्छ २०७५/०७६ को लागि यो बजेटले आधार भूमिको निर्माण गरेको छ भन्ने कुरा राख्दै मेरो आफ्नो यो बजेट प्रति अँझै मलाई लाग्छ कि योजनाहरू समेटेर अँझै यो कार्यक्रमहरूलाई बढावा दिएर अगाडि बढाउन आग्रह गर्दै आफ्ना भनाइहरू यहीं अन्त्य गर्छु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री देवी ओली, समय सात मिनेट ।

**माननीय सदस्य श्री देवी ओली :** सभामुख महोदय, आज कर्णाली प्रदेश सरकार एवम् आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा प्रस्तुत अर्थ विधेयकमाथि छलफल गरिरहेका छौं, सर्वप्रथम धेरै समस्या नै समस्या धेरै मागहरूको चाङ्गभित्रबाट जुन खालको शीर्षकहरूमा बजेट विनियोजन गर्ने पर्यत्नका साथ विनियोजन विधेयक आएको छ, त्यसमा आफ्ना सुझावहरू सहित यो स्वागत योग्य छ, म व्यक्तिगत तर्फबाट धन्यवाद दिन चाहन्छु । सभामुख महोदय, कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ यस प्रदेश सभाको पहिलो अधिवेशनको सोह्रौं बैठकमा पेश भई छलफलमा हामी छौं । यो चरणमा मैले पनि आफ्ना केही सुझावहरू, विचारहरू राख्ने अनुमति चाहन्छु । सभामुख महोदय, कर्णाली प्रदेश सरकारको त्रैमासिक बजेट सार्वजनिक भइरहँदा यस प्रदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरूले आफ्नो कुन शीर्षकको बजेटबाट सम्बोधित भएँ भनेर खोजिरहेका छन् । यो प्रदेश सरकारद्वारा विनियोजन बजेटले मेरो गाउँ, मेरो टोल र मेरो जीवनमा के दिन सक्यो भनि खोजिरहेका छन् । आज यस प्रदेशका बेरोजगार यूवाहरूले भनिरहेका छन् कि रोजगार दिन त सकेनौं सरकार, गुणस्तरीय तथा प्राविधिक शिक्षा देउ, जुन शिक्षाले वैदेशिक रोजगारमा प्रतिष्पर्धा गरेर खान सकौं । घरधन्दा र चुलोचौकोमा रुमलिएका महिलाहरूले भनिरहेका छन्, सिप र औजार देउ, हामी घरमै बसी बसी अर्थ उपार्जन गर्न सक्छौं, भूमिहिन सुकुम्बासीहरूले आफ्नो स्वामित्व कायम गर्न झुपडीमा बस्न चाहेका छन् भने अहिलेसम्म कुनै पनि

राहतबाट गर्न नसकेका तथा पहिचान नगरिएका द्वन्द्वपीडित नागरिकको बेग्लै अपेक्षा र आशा छ । सभामुख महोदय, आकाशको सिरक, जमिनको डसनामा रात बिताउन बाध्य भएका नागरिकहरूले सरकारको मुख हेरिरहेका छन्, त्यस्तै गरी कामको आधारमा जातको विभाजन गरी, अछुत जातिमा राखी, अछुत जातिको संज्ञा दिएर आज "रुमालको धोएको छु, त्यो खोलीको पानी कोही नखानु, मैले छोएको छु" भन्ने जस्ता मर्मस्पर्शी गीतहरूबाट एकाइसौं शताब्दीको मानव सोच र व्यवहार प्रति व्यङ्ग्य गर्ने समुदायले आशा गरिरहेको छ, अब यस्ता गीतको रचना गर्ने समयसलाई समानताका गीत रचना गर्नेमा खर्चिनु पर्ने होला । अहिले पनि घोडा खच्चडमा आफूले पनि भारी बोकेर दैनिकी गुजारा गर्ने नागरिकहरूको अब मोटरमा बसेर घरमा पुग्ने आशा तथा अपेक्षा गरिरहेका छन् ।

सभामुख महोदय, यी र यस्तै हजारौं आशा, अपेक्षा र समस्याका चाङ्गहरूलाई यो प्रदेश सरकारले १ अर्ब २ करोड ५ लाख बजेटले एकै पटक सम्बोधन गर्न सम्भव हुँदैन्थ्यो होला । यसप्रकारको जटिलतालाई मध्ये नजर गर्दै बजेट विनियोजनमा प्राथमिकता निर्धारण गर्नुपर्दथ्यो र बजेट संसदबाट पारित हुने भएकोले सांसदहरूको मागलाई सम्बोधन गरिनु पर्दथ्यो । यसपटकलाई मात्र माननीय हुने गरी निर्वाचन क्षेत्रमा आधारित बजेट एकमुष्ट चौबिसवटा निर्वाचन क्षेत्रलाई सम्मान ढङ्गले सम्बोधन गरिनुपर्दथ्यो । हिजोको सरकारले बनाएको कार्यविधिले पनि कुल बजेटको चालिस प्रतिशत समावेशी क्षेत्र, दलित, जनजाति, आदिवासी, महिला, अपाङ्ग, जेष्ठ नागरिकको शीर्षकमा छुट्याइन्थ्यो भने आज संघीय लोकतान्त्रिक गणतन्त्रात्मक सरकारले एककदम अगाडि बढेर लैङ्गिक उत्तरदायी समावेशी चरित्रको बजेट निर्माण गरिनुपर्दथ्यो । हाम्रो देश कुनै छिमेकी राष्ट्र, हाम्रो प्रदेश कुनै छिमेकी राष्ट्रसँग नाका जोडिएको छैन भनेर भनिरहँदा उत्तर दक्षिण नाकालाई पहिलो प्राथमिकता, जलविद्युतलाई दोस्रो पर्यटनलाई तस्रो प्राथमिकतामा राखि बजेट विनियोजन गरिनुपर्दथ्यो । सभामुख महोदय, बजेट कुन-कुन शीर्षकमा विनियोजित छ, त्यो रातो किताब आएपछि मात्र एकिन हुन्छ होला आशा गरौं, बजेट वक्तव्यमा छुटेका विषयहरू रातो किताबमा आउन सकुन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक सरकारले पहुँच र सम्बन्धका आधारमा अवसर पाउने सामान्ती चिन्तनको अन्त्य गर्नुपर्दछ, सत्तरी वर्षको सोभियत रुसको शासन सत्ताले खाएको भत्तालाई हामीले महसुस गर्नुपर्दछ, स्मरण गर्नुपर्दछ, जनताको समस्यालाई समाधान समान ढङ्गबाट सम्बोधित गरिनुपर्दछ ।

सभामुख महोदय, एकजना जर्मनका कविले भनेको भनाइ म यहाँ स्मरण गराउन चाहन्छु, "साना सपना नदेख्नुहोस्, तिनमा मानव हृदय हल्लाउने कुनै ताकत हुँदैन", हो सपना ठूलो देख्नुपर्दछ, सभामुख महोदयतर ती सपनाहरू साकार हुनुपर्दछ, ती सपनाहरू टाढाको हुनुपर्दछ र सपना नदेख्नेहरूको पनि सपना देखिदिनु पर्दछ । संख्यामा धेरैभन्दा पनि साइजमा अथवा आकारमा ठूलो योजना निर्माण गरी समस्याको हल गरिनुपर्दछ, त्यसकारण जति पनि योजना तथा कार्यक्रमहरू आएका छन्, ती बजेट सहित हुनुपर्दछ । सभामुख महोदय, प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा केही सुझावहरू म राख्न चाहन्छु, प्रदेश सरकारले आफ्ना सबै संस्थागत संरचनाहरू स्थापना गरिनुपर्दछ, त्यसमा जाओस् । प्रदेश गुरुयोजना तत्काल निर्माण गरियोस् । रुकुम पश्चिम, रिम्ना, गरायला देखि, जिपुलागिन सम्म तथा पूर्व रुकुम धाउने बगरसम्म सानोभेरी नियन्त्रण तथा तटबन्धन योजनालाई समावेश गरियोस् । रुकुम देखि सुर्खेत राजधानी जोड्ने सडकलाई प्राथमिकतामा राखियोस्, सोलाबाङ्ग देखि डिग्रेसाइक्वारी सम्म केबुलकारको सम्भाव्यता अध्ययनको योजना राखियोस्, भेरी लिफ्टिङ्ग खानेपानी योजना पनि समावेश गरियोस्, नदुवा दाजे खदि स्याला सडकलाई प्राथमिकतामा राखियोस्, बजेट सहित पातुखोला राहुखोला गिल्वाङ्ग नदुवा स्तरोन्नती पनि पहिलो प्राथमिकतामा राखियोस्, महिला तथा बालबालिका कार्यालयद्वारा प्रवर्तित गरिएका सहकारीहरूलाई

बिउबिजन अनुदान दिने व्यवस्था यसै बजेटबाट गरियोस्, जसकारण रुकुम जिल्लामा १३ वटा छन्, क्रमिक रूपले सम्बोधन गर्ने कार्यक्रम राखियोस्, सेफ हाउस सञ्चालन गर्न यसै पटकको बजेटबाट सम्बोधन गरियोस् भन्दै कार्यान्वयनमा पारदर्शिता जवाफदेहिता, इमान्दारिता देख्न पाइयोस् भन्ने विचारका साथ यो बजेट तथा कार्यक्रम सकारात्मक रूपमा सफल होस् भन्ने विचार राख्दै आफ्ना भनाइहरू यहीं अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कृष्णा शाह, समय सात मिनेट ।

**माननीय सदस्य श्री कृष्णा शाह :** माननीय सभामुख महोदय, सर्वप्रथम त प्रथम बजेटलाई स्वागत गर्न चाहन्छु । सम्भाव्यता अध्ययनलाई प्रमुख प्राथमिकतामा राखेर सरकारले प्रथम बजेट ल्याएको छ, बजेटमा हामीले देखिरहेका छौं, सानाठूला गरेर केबुलकार लगायत तीन दर्जन योजनाहरू सूचीमा छन् । अहिलेको अवस्थामा प्राथमिकताको क्रममा अर्थात् प्रमुख प्राथिमकतामा सम्भाव्यता अध्ययन पर्दछन् कि अरू कुनै विषयवस्तुहरू पर्दछन् भन्ने विषयमा यहाँ समिक्षा भइरहेको छ । हामी परम्परावादी तरिकाले बजेट विनियोजन गर्दैछैनौं, त्यसको अधिकार हामीलाई छैन, हामी संघीयता सञ्चालनको प्रणालीमा छौं, संघीयताको प्रणालीमा छौं, जहाँकी संघीयताको मर्म र भावनाअनुसार हामीले समावेशी र समानुपातिक तरिकाले पहिलो पटक जनतालाई आर्थिक अधिकार हामीले दिँदै छौं, त्यसले गर्दाखेरि समग्र बजेटको अवस्थालाई हेर्दाखेरि लाग्दछ यो बजेट पूरानै शैलीले आएको छ, पूरानै तरिकाले आएको छ, भन्ने मलाई महसुस भइरहेको छ । छलफलको क्रममा दुई दिनसम्म आउँदाखेरि धेरै माननीयहरूले दफावार छलफल गरिसक्नुभएको छ, म त्यतातिर जान चाँहदिन, हामी भर्खर मात्रै हामीले केही दिन केही मिटिङ्ग हाम्रा अगाडिका बैठकबाट नीति तथा कार्यक्रम पास गरिसकेका छौं । नीति तथा कार्यक्रमको दुईदिने छलफलमा हामीले भन्यौ, नीति तथा कार्यक्रम पूरा भएन, टपटुइअ भयो र खोक्रो भयो, यो बजेट जस्तो भयो ।

आज हामी बजेटमाथि छलफल गर्दैछौं, हामीलाई लागिरहेको छ, हामी भनिरहेको छौं, नीति तथा कार्यक्रम जस्तो छ र बजेटले जुन कर्णाली प्रदेशको खाका कोर्नु पर्दथ्यो त्यो कोरेको छैन, कर्णाली प्रदेशका बहुसंख्यक गरिबीको रेखामुनी रहेका जनताहरूको मुल्याङ्कन गर्नुपर्दथ्यो त्यो प्रकारको चित्रण ल्याउनु पर्दथ्यो, त्यो ल्याइएको छैन । मलाई लागि रहेको छ, फेरि पनि बजेट पूरानै ढङ्गबाट आइरहेको छ, हामीले भनिरहेका थियौं, हामीले धेरै आशा र अपेक्षा राखेका थियौं बजेटमाथि, ती आशा र अपेक्षालाई साइड लगाउँदै अर्थ मन्त्रीको सुझाव अर्थात् सल्लाहअनुसार हामीले दुई/तीनवटा बजेट मात्रै हामीले दिएका थियौं, ती बजेट पनि आज जाजरकोटी जनताका लागि आकाशको फल बनेको छ, हामीले यो किताबमा योजनाहरूको नाम निशानसमेत देख्न पाएका छैनौं, यो दुखको विषय हो । आज प्रमुख प्राथमिकताहरूमा हामीले पार्नु पर्ने विषयहरू के थिए, यो कर्णाली प्रदेशमा वास्तवमा बाटो, सिँचाइ, पानी, बिजुली बत्ति थियो, जाजरकोटी जनताहरूले मागिरहेका थिए, पानी खान नपाएर छटपट लाएर, अरू केही गर्न नसकेपनि दुई/तीन क्वाइल पाइप हामीलाई देउ भनेर, आजसम्म खनेको बाटो लथालिङ्ग भइरहेको छ, त्यो बाटो चाँडो खनिदेउ, शिक्षा सर्वसुलभ बनाउ, स्वास्थ्यलाई हाम्रो पहुँचसम्म पुर्याउतर हामीले प्रमुखताका विषयहरूलाई ठानेनौं, हामीले अर्कै विषयहरूलाई प्रमुख प्राथमिकताभित्र पारिरहेका छौं, यो बजेटको सबैभन्दा त्रुटीको विषय हो भन्ने मलाई लाग्छ, यो कुरा सच्याइयोस् । बैशाखको गर्मीलाई वेवास्ता गर्दै हामीले अर्को कुराभन्दाखेरि भर्खरै दुई दिनको छलफलमा हामीले निति तथा कार्यक्रमको बारेमा हामीले भन्यौ, केही विषयहरू सच्याइनुपर्छ, केही विषयहरू थपिनुपर्छ, केही विषयहरू समेटिनु पर्दछ तर अन्तत आउँदाखेरि न एउटा शब्द सच्याइयो, न एउटा शब्द थपियो, न समेटियो अन्तत आउँदाखेरि जस्ताको तस्तै पास गर्नपर्ने

स्थिति आयो । बजेटको सन्दर्भमा जसरी हामीले छलफल गरिरहेका छौं, बजेटपनि केही नीतिका साथ पास हुनेछ, त्यो हुन्छ भन्ने कुरामा ढुक्क छौं ।

सभामुख महोदय, यो स्थानमा उभिएर बोल्दा पनि हाम्रो बोलीको, हाम्रो वचनको, हाम्रो भ्वाइसको महत्त्व छैन, नबोलु भने पनि जनताले किन बोलिनस् तैले भनेर हाम्रा कुरा भनेर प्रश्न गर्दछन् । जनताका पीडाहरू, भावनाहरू सरकारसम्म सुनाउनु छ, पुर्याउनु छ, हामी यो कोशिसमा छौं, यसलाई कसरी हल गर्ने भन्ने विषयमा सरकारले सोचोस् । म सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु । हामीलाई महत्त्वकांक्षी बन्ने रहर, महत्त्वपूर्ण बन्ने इच्छा, विशेष बन्ने इच्छा सबैलाई हुन्छ, त्यो व्यक्तिलाई होस्, त्यो दललाई होस् या त्यो संस्थालाई होस्तर अहिले यो बजेटलाई हेर्दाखेरि बढी नै महत्त्वकांक्षी बन्ने भन्ने विषयमा अलि अगाडि बढियो कि अथवा हतार गरियो कि भन्ने कुरा म महसुस गरिराखेको छु । कर्णालीको वास्तविकता हामीले पढिरहेका छौं, हामीले भोगिरहेका छौं । वास्तविक कर्णालीको वास्तविकता के हो भन्ने कुरा हामी सबै जानकार हुँदा हुँदै अँझ हाम्रो अर्थ मन्त्रीज्यू झन त्यसमा अब्बल हुनुहुन्छ तर पनि आज सरकारका बजेट प्राथमिकता एकातिर छ, हाम्रा जनताका आधारभुत समस्याहरू एकातिर छन् । मलाई लाग्छ यो बजेट पढिरहँदाखेरि जनताका आधारभुत समस्या र बजेटका प्रमुखताका विषयहरू बीचको अन्तरविरोध नै प्रमुख समस्या हो भन्ने मैले ठम्याएको छु । हामीले भन्ने गरेका कुरा यो एकात्मक केन्द्रीकृत राज्य व्यवस्थाले कर्णालीलाई पछाडि पारेको हो, कर्णाली आफैं पछाडि परेको होइनतर आज फेरि पनि हामीले त्यहीं स्थिति भोग्दै छौं, त्यो संकेत यहाँ देख्दैछु म । त्यो नहोस् म सुझाव दिन चाहन्छु सरकारलाई, जनताको भावना इच्छा आकंक्षा समेटेर अगाडि बढोस्, बजेट त हिजो पनि बाँडिन्थ्यो, केन्द्रीकृत सरकारले हिजो पनि बाँड्ने गर्दथ्यो । जो मान्छे पहुँचमा थियो, जो मान्छे मन्त्री बन्छन् र नजिकका छन्, ती मान्छेहरूले मात्रै आफ्ना गाउँठाउँमा मात्रै बजेट लिन्थे । यतिमात्रै होइन अहिलेको संघीय अवस्थाको स्थितिलाई हेर्दाखेरि स्थानीयस्तरमा पनि गाउँपालिकाका अध्यक्षले जनताको भावनालाई नबुझेर आफ्नो घर टोलमा गाउँपालिकाको केन्द्र सार्ने स्थिति यहाँ पैदा भइरहेको छ, वडा अध्यक्षले आफ्नो गाउँटोल नजिकै वडाको केन्द्र सार्ने स्थिति बनिरहेको छ, यो स्थिति यहाँ प्रदेशमा पनि देखियो । जो पहुँचमा हुनुहुन्छ, जसले बजेट हाल्न सक्नुहुन्छ, उहाँहरूले आफ्नो ठाउँमा दर्जनौ योजनाहरू पार्नुभएको छ, आज कैयौं क्षेत्र, कैयौं जिल्ला छुटिरहेका छन्, विभेद भइरहेको छ, व्यक्ति, लिङ्ग, समुदायमैत्री यो बजेट आएको छैन, हामीलाई त्यस्तो महसुस भइरहेको छ । हो साँच्चीकै कर्णाली बासीको समृद्धिको सपनालाई साकार पार्ने हो भने केन्द्रीकृत राज्य प्रणालीको आँखाबाट होइन, संघीय प्रणालीको आँखाबाट जनतालाई अधिकार सु-सम्पन्न बनाउनका लागि साँच्चीकै सरकारले त्यस्ता योजनाहरू ल्याउने छ, आफ्नो भूमिका अगाडि बढाउने छ भन्ने कुरा राख्दै अब म आफ्ना भनाइहरू यहीं अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री राजु नेपाली, समय सात मिनेट ।

**माननीय सदस्य श्री राजु नेपाली :** माननीय सभामुखज्यू, हिजो मात्रै सत्र जनाले बोलिसक्नु भएको छ, आज सात जनाले बोलिसक्नु भएको छ, गहन छलफल भइरहेको छ । सभामुख महोदय, मैले यो आर्थिक पुस्तिका १४२ पेजसम्म मात्रै सरर हेर्ने मौका पाएको थिए । असाध्यै पहुँचको आधारमा वितरण भएको भन्ने कुरा सबै माननीयहरूलाई लागेको र म पनि यहाँबाट केही कुरा बोलिरहँदा, १० वटै जिल्लाको मेरो पनि एउटा सहभागिता भएको छ, क्षेत्र मात्रै तोकिनु हुँदैन र यही आधारबाट बजेट पनि विनियोजन गरिनुपर्ने थियो, कहिंकतै त्यस्तो लागेन, क्षेत्रबाहेक बजेट, कति माननीयहरू हुनुहुन्छ, सल्लाह गरेर ल्याउनुहोस्, हामी अगाडि बढाउने छौं भन्दै गर्दा हामीले हातहातमा पुस्तकमा लेख्दै मन्त्रालयमा धाउन तयार भयौं । सभामुख महोदय, यहाँ प्रदेश सरकारले जनताको घरमा "कर्णाली सरकार उत्पीडित, उपेक्षित संरक्षण र

सम्भार" भन्ने नाराका असाध्यै राम्रो लागेको छ, म असाध्यै खुसी पनि भए, त्यो नारा राम्रो हुँदा त्यो उपेक्षितलाई कति बजेट छुट्याइएको छत । सभामुख महोदय, त्यो गोलमटोल तरिकाले आउँदा धेरै माननीयज्यूहरूले बोल्नुपरेको हो कि जस्तो मलाई लागेको छ । सभामुख महोदय, गोलमटोल होइन, दलितलाई यति करोड भनिनुपर्छ, महिलालाई यति भनिनु पर्दछ, अपाङ्ग, अशक्त महिला, सबै जनजातिलाई बजेट लेख्ने कहिँकतै हात उठेन कि, कहीं लटपटियो कि, हजुरहरूले कहीं त बजेट पनि लेखी सक्नुभएको छ ठाउँ ठाउँमा । सभामुख महोदय, अस्ति कार्यनीतिको पुस्तिका हेर्दा यूवाहरूको जोडतोडका साथ कुरा उठाइएको छ, अब त यूवाहरूका समस्याहरू समाधान हुने भए भन्ने लागेको थियो, किनभने धेरै ठाउँमा यूवा यूवा यूवा, त्यहीं यूवा हुन् जसले कर्णाली प्रदेशको मुहार फेर्ने । खै कति प्रतिशत बजेट छुट्टियो सभामुख महोदय, फेरि पनि त्यहीं यूवा खाडी मुलुकतिर जानु पर्ने भयो।

सभामुख महोदय, दुई महिनाभित्र सक्याउने कार्यक्रम छ, हजार यूवालाई अहिलेको बजेटमा आफू सुहाँउदो, उनीहरूको अभिमुखीकरण गोष्ठी गरेर अब विदेशमा होइन, स्वदेशमा नै रोजगारीमा लाग्नुपर्छ भनेर तिनीहरूलाई अभिमुखीकरण गोष्ठी गर्नेसमेत बजेट आएन । कमसेकम त्यो यूवालाई समृद्धि गराउने, कर्णाली प्रदेशलाई हराभरा बनाउने लक्ष्य हो हाम्रो पनि । सभामुख महोदय, हामी जडिबुटीका धनी छौं भनिएको छ तर यसो हेर्दा जडिबुटीभन्दा पर्यटनमा पनि पैसा कम छ । त्यो जडिबुटीको प्रशोधन गर्ने एउटा ठाँउ बनाउने तिनी कुराहरू गर्न सकिन्छ । ठूला-ठूला आयोजनाहरू सञ्चालन गर्न नसके पनि ती कुराहरू संकलन गर्ने काम त गर्न सकिन्थ्यो होला, कहाँ त्यसको सम्भाव्यता थियो, त्यहीं एउटा संकलन केन्द्र खोल्न सकिन्थ्यो होला, त्यहाँ पनि हाम्रो यूवाहरूले रोजगारी पाउथे होला । सभामुख महोदय, हामी १० वटा जिल्लाका माननीय हुँदाहुँदै अँझ विशेष गरी सुर्खेतको पनि २ क को क्षेत्र मेरो हो । धेरै ठाउँमा २० वटा सुर्खेत सुर्खेत सुर्खेत भनिएको थियो । मलाई अच्चम लाग्यो, सुर्खेतमा त बजेटै बजेट परेछ भन्ने लाग्यो । अब यस्सो हेर्दा के रहेछ भने सुर्खेत हुँदै हिल्सा भनिन्छ, सुर्खेत हुँदै दाङ भनिन्छ, सुर्खेत हुँदै डोल्पा जुम्ला हुम्ला भनिन्छ । त्यो अगाडि सुर्खेत नराखेर जुम्ला कालिकोटभन्दा पनि हुन्थ्यो जस्तो लाग्यो मलाई त किनभने अगाडि नाम मात्र रहेछ, बजेट छुट्टिएको रहेनछ । एउटा सम्भाव्यता अध्ययन भनेर चौधन्यलाई भनेको छ, फेरि त्यस्तै हाम्रो सल्यान पनि अध्ययन नै भनिएको रहेछ । अनि त्यसपछि मैले यसो हेर्दै जाँदा यो उपत्यका खानेपानी त पहिले देखिकै हो, यो बनाउनु के थियो, बनेकै छतर अलिकति यसलाई जोड दिनुपर्दछ, अहिले बनेको होइन बन्दै आएको हो । फेरि पनि प्रदेशको ध्यान जानु पर्दछ किनभने संघीयतामा आइसक्यो भनेपछि हामीले धेरै कुरामा प्रदेश सरकारसँग आशा राखेका थियौं । एकजना घोडा चराउने हुनुहुँदो रहेछ, घोडा चराउन जानु भएछ, यसो खोला किनारमा घोडा चरिरहेको रहेछ, त्यसपछि जङ्गलबाट एउटा स्याल घोडा भएतिर आएछ, ओहो म त भोको पो थिए नि अब सिकार पाइने भयो भनेर स्यालले सोचेछ, अब यतै खान पाए पेट भरिने भयो भनेर घोडाको मुख हेरेर बसेछ, अब खस्यो, अब खस्यो भनेर अति आशावादी भएछतर चर्दै जाँदा घोडाको मुख चाहिँ झरेन, नझरिसकेपछि त्यो भोको स्याल फरकै निराश भएर फर्केको थियो, त्यहीं अवस्था हामी माननीयहरूलाई पनि नबनाइयोस्, सभामुखमार्फत्, कर्णाली सरकारलाई हामी माननीयहरूको कुरा पनि समेटियोस् ,जनताहरूलाई निराशावादी नगराइयोस्, भन्ने आफ्ना भनाइहरू यहीं राख्छु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू यो बैठक अब आधा घण्टाका लागि स्थगित हुन्छ ।

***

# बैठक संख्या-१९

(२०७५ बैशाख महिनाको १५ गते शनिवार)

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा शनिवार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री मा. श्री प्रकाश ज्वालाले यस सभाको १६ औं बैठकमा बजेट वक्तव्यसाथ पेश गर्नु भएको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथीको छलफल प्रारम्भ हुन्छ ।

छलफलमा सहभागी माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री अमृता शाही, समय ५ मिनेट ।

**माननीय सदस्य श्री अमृता शाही :** माननीय सभामुख महोदय, यस आर्थिक २०७४/०७५ को बजेटको यो बजेटको बारेमा हामी यो सम्मानीत हलमा बस्नु भएका सम्पूर्ण माननीयज्यूहरूले सबैले कुरा उठाउनु भयो । किनकी यो बजेटको बारेमा कुरा धेरै उठ्यो, राम्रो पनि उठे, नराम्रो पनि उठे तर यो नराम्रो मान्नु हुन्न कि, यो चाँही, यति कुरा उठाउनै पर्छ, माझी हो यो, हामी सबैले नराम्रो भनेको होइन कि हामीले सबैले मागेको हो । मागेको मान्नु पर्छ । त्यही भएर यस्तो कुरा चाहिँ उठ्नै पर्छ । नराम्रो भएपनि राम्रो भन्दिने, फेरि त्यो राम्रो भयो भनेर, फेरि उहाँहरूले अरू अर्थ लगाएर उभिनु होला । त्यही भएर सबै पक्ष र विपक्ष, सरकार पक्षले पनि यो कुरा उठाउनु भयो, बाझियो यो कुरा, यो बजेटको बारेमा । अब चाहिँ यो बजेट सेतो आउँछ होला जस्तो लाग्छ मलाई । सबै माननीयज्यूहरूले आफूले मागेको बजेट आएन भनेर गुनासो गर्नुभयो होला । मैले पनि भेरीगङ्गा नगरपालिका देखि घोरेटा सम्म रिङ्गरोड र घोरेटो बाटो ट्र्याक खोल्नको लागि भनेको थिएँ, कतै पनि सुनिएन । चिस्यानको कुरा गरेको थिएँ, फलफुलको कुरा पनि आयो । सुर्खेत जिल्लाको पूर्व र पश्चिम आँप र लिच्चीको सिजन होतर यसलाई व्यवस्थित गर्ने ठाउँ नभएर त्यतिकै खेर जान्छ । भनेको बेला बजार पनि मिल्दैन । बिक्री हुन्न । त्यसको लागि पनि मैले एउटा फलफूल व्यवस्थित गर्नको लागि चिस्यान केन्द्रको माग गरेको थिएँ आएन । ठिकै छ यसपालि नआए पनि अर्को पाली चाहिँ आउला । बाढीपीडितको कुरा सबै माननीयज्यूहरूले उठाइसक्नु भएको छ । वर्षातको समय पनि अबको २-४ महिनामा शुरु हुँदैछ ।

अब बाढीपीडितलाई २०७१/०७२ साल देखि पालमुनी बसिरहनु भएको छ । हामीले मात्रै अहिले नै जग्गा दिम्ला, लालपुर्जा दिम्ला भन्न हामी सक्दैनौं होला सायद, यो सरकारले पनि सक्दैन होला सायद । त्यही भएर बाढीपीडितहरू जहाँ बस्नुभएको छ, त्यही खरको छानो भएपनि पाता लगाएर भएपनि पानी नचुहिने तरिका आवासको व्यवस्था गरिदिनु पर्यो यो सरकारले । बजेटको बारेमा पहिलेको सरकारले पनि असार मसान्तको समयमा हतार हतार जेसिबीको प्रयोग गर्ने, कमसल पिच गर्ने हामीले देखिरहेका छौं । यसपालि पनि त्यसै हुँदैछ । वर्षाको समय शुरुहुँदै गर्दा बाटोको ट्र्याक खन्ने काम भयो भने जेष्ठ असारको महिनामा पानीले सबै बगाएर पहिरो निम्त्याउँछ । बरु भाद्र महिना तिरबाट बाटो खोल्ने शुरु गरियोस् । बरु अहिले बाढीले क्षति नपुर्याउने ठाउँमा लगानी गरियोस् । अथवा बरु बचेको बजेट छ भने पनि सञ्चित कोषमा राख्न मिल्छ भने राख्ने । अब अर्थमन्त्रालयको सञ्चित कोषमा ३२ करोड रुपैयाँ छ त्यसलाई

सुरक्षित साथ कहाँ राख्न सकिन्छ राख्ने । पहिले देखि सरकारले पैसाँ बाड्ने काम भएको हुँदा, त्यो पैसाँ सञ्चित कोषमा राखियोस् । कर्णाली प्रदेशको सरकारले कतैबाट कमिकमजोरी हुन गयो भनेर कुरा नआओस् । एकल महिलाहरूलाई सिपमुलक तथा रोजगारको कुरा आएको थियो, त्यसमा कति बजेट छुटिएको हो, महिला तथा बालबालिकाहरूको क्षेत्रमा पनि बजेट व्यवस्था गरियो भन्ने आग्रह गर्दै मेरो भनाइ यही राख्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री यज्ञबहादुर बि.सि., समय ५ मिनेट ।

**माननीय सदस्य श्री यज्ञबहादुर बि.सि. :** सभामुख महोदय, हामी सरकारको आर्थिक वर्ष २०७४/०७५ को आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको विनियोजित बजेटमा छलफलका क्रममा अन्तिम अवस्थामा आइपुगेका छौं । सभामुख महोदय, हिजो देखि यो गरिमामय सदन, यो कर्णाली प्रदेशका सम्पूर्ण कर्णालीबासीहरूको हकहितका निम्ति, संघीयता यो मुलुकमा शुरुवात भएको छ र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको गठन पनि भैसकेको छ । यसको फलस्वरूप कर्णालीबासीहरूको अनुहार हँसिलो बनाउनका लागि यो गरिमामय यो सदनका सम्पूर्ण सांसदज्यूहरू हिंजो देखि नै यो अर्थ विनियोजित रकमको व्यापक बहस र छलफल भइरहेको छ । म त्यससम्बन्धी धेरै कुराहरू राख्न चाहन्न, आदरणीय हाम्रा सांसदहरूले बोल्दै गर्दा, भनिसक्नु भएको छ, मुटुमाथि ढुङ्गा राखी हाँस्नु पर्या छ, भन्ने कुराहरू गरिसक्नु भएको छ । हिंजो नीति तथा कार्यक्रम आउँदा, धेरै कुराको बहस र छलफल भएको छ र त्यो परिमार्जित भएर आउँछ कि भन्ने यो गरिमामय सदनलाई लागेको थियो । त्यसलाई फेरि मूर्तरूप दिनका लागि जस्ताको त्यस्तै अनुमोदन गर्नुपर्ने अवस्था आएको कारण, आज यो गरिमामय सदन किनाराको साक्षी मात्रै भएको मैले महसुस गरेको छु ।

सभामुख महोदय, धेरै कुरा आइसके । पूर्वाधार विकास कार्यक्रम र सामाजिक विकास कार्यक्रम यो कर्णाली प्रदेशलाई हराभरा देखि जलमार्ग देखि, केबुलकार देखि, सबै कुराले सुसम्पन्न बनाउने कुरा, यस गरिमामय सदनमा प्रस्तुत भइसकेको छ, सभामुख महोदय । म यो कुरा भन्न चाहन्छु, जब यो अर्थ विधेयक बजेट विनियोजित प्रस्तुत गर्ने अवस्थामा, माननीय सांसदज्यूहरूको गुनासो, जब मन्त्रीज्यूहरूले आफ्ना मन्त्रालयहरूमा बोलाएर, तपाईंहरूले जब बजेट सिलिङ्ग गर्दा एउटा मन्त्रालयमा, ५० लाख देखि बढीको योजना १ वा २ वा चौबिसैं निर्वाचित क्षेत्रका साथीहरू र समानुपातिक साथीहरू बसेर, छलफल गरेर, तपाईंहरूको छलफल र निचोडबाट आएका योजनाहरू हामी समावेश गर्ने छौं भनेर सरकारमा बस्नु भएका मन्त्रीज्यूहरूले भन्नु भयो । मलाई लाग्छ हाम्रो प्रतिनिधिसभाका निर्वाचित सुर्खेत जिल्लाका क्षेत्र नं. २ "ख" का मा० बिन्दमान बिष्टज्यू र म त्यसबेला उपसभामुखज्यूसँग सल्लाह भएको थियो भनि भेट्न आउँदा भेट हुन सकेन । मैले मा० बिन्दमान बिष्टज्यूसँग कुरा गरे, ठिकै छ कुरा भइ हाल्छ भन्नु भयो मैले टिपेर दिएँ । आज आएर सबै माननीय सांसदज्यूहरूको गुनासो के भने, जब हामीलाई आश्वासन दिइसकेपछि, आज यो थलो जनताका कुराहरू मुखरित गर्ने थलो हो । आज यो थलो सार्वभौम छ, हामी सार्वभौम जनताबाट निर्वाचित भएर आएका हौं, भन्ने मान्यताका साथ आज यो सम्मानीत सदनका साथीहरूले आफ्ना कुराहरू, जो जनताका कुराहरू, राखिसक्नु भएको छ र यदि जुन यो बजेट आएको छ, नीति र कार्यक्रम जुन आएको थियो, एकदमै जनप्रिय, मानौ पपुलर बन्ने खालको, त्यसैमा बजेट सिलिङ्ग गर्दा एरिया छुट्याएर क्रमागत हिसाबले बजेटिङ्ग गरेको भए, आज जहाँसम्म लाग्छ यदि छलफल र बहस गर्नुपर्ने अवस्था हुँदैन थियो होला जस्तो मलाई लाग्दछ । यहाँ सामाजिक योजनाका कुराहरू ल्याउँदा शिक्षा, स्वास्थ्य कि यो प्रदेशलाई शिक्षाको स्तरयुक्त बनाउनका लागि यो प्रदेशमा दक्ष जनशक्ति प्राप्त गर्नका लागि

पहिले मलाई जहाँ सम्म लाग्छ विद्यालयको पूर्वाधारलाई स्तरयुक्त बनाउनका लागि यो प्रदेश सरकारले सोच्नु पर्ने अवस्था आएको छ । किनभने आधारभुत शिक्षामा न दरबन्दी छ, कतै राहतका शिक्षकहरू हुन्छन् जसको जग बलियो छैन । त्यही भएर शिक्षा क्षेत्रलाई गुणस्तरीय बनाउनका लागि यस प्रदेश सरकारले धेरै लाग्नु पर्ने अवस्था आएको छ । सभामुख महोदय, मेरा कुराहरू धेरै थिएँ । बत्ति पनि बलि सक्यो र अब यो पूर्वाधारका कुराहरूमा जब यो कर्णाली भुरीगाउँ बाटो तेलपानी हुँदै सुर्खेत जोड्ने बाटोमा आठौं वर्ष भैसक्यो पुल बन्न सकिरहेको छैन । अहिले सम्म ठेकेदारले पनि काम गरिरहेको छैन । नदी पारी र वारी बाटो बनिसकेको छ तर पुल बनेको छैन । त्यसैले आवतजावत गर्नका लागि बेलीब्रिजको आवश्यकता खड्केको छ त्यसैले सभामुख महोदयमार्फत् सम्बन्धित मन्त्रालयमा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, अन्तमा अर्को स्वास्थ्यको विषयमा मृत्युदर घटाउनको लागि कतै कुरा आएन । बच्चाको अथवा आमाको मृत्युदर घटाउनका लागि सबैभन्दा ठूलो भूमिका दुरदराजमा रहनु भएकी स्वंयमसेविका दिदिबहिनीहरूले गर्नु भएको छ । त्यसका निम्ति यस प्रदेश सभामार्फत् सम्बन्धित मन्त्रालयले ती दिदिबहिनीहरूको केही पारिश्रमिकको व्यवस्था गरोस् भन्ने कुरा राख्दै मेरो कुरा यही अन्त्य गर्छु धन्यवाद।

**माननीय सभामुख :** माननीय सदस्यहरू, यो बैठक २०७५ साल बैशाख १६ गते आइतवार दिनको १ बजे सम्मका लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-२०

(२०७५ बैशाख १६ गते आइतबार)

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा आइतबार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक म निर्दिष्ट गरी राखिएका सबै शीर्षकहरूमाथि समूहगत रूपमा छलफल गर्ने क्रम सकिएको छ । छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनु भएका विभिन्न प्रश्नहरूको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्री मा० श्री प्रकाश ज्वालालाई जवाफ सहित प्रस्ताव राख्न समय दिन्छु ।

**माननीय आर्थक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को विनियोजित बजेट यो सदनमा पेश भइसकेको छ, बजेट र विनियोजन विधेयकमा २ दिन सम्म गम्भिरताका साथ छलफल गरिसक्नु भएको छ । म यो कर्णाली प्रदेश सरकारको महत्त्वपूर्ण दस्तावेज २०७४/०७५ को बजेट छलफलमा भाग लिई, सरकारलाई मार्ग निर्देशन गर्नका लागि धेरै महत्त्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई माननीय सभामुख महोदयमार्फत् हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हामी आफ्नो-आफ्नो क्षेत्रबाट जनताको प्रतिनिधिको रूपमा जनताद्वारा निर्वाचित भएर यो गरिमामय सदनमा उपस्थित भएका छौं । स्वभाविक रूपमा जनताप्रतिको हाम्रो दायित्व भनिरहनु परेन । सार्वभौम जनता प्रतिको हाम्रो दायित्व छ, जिम्मेवारी छ र त्यही दायित्वलाई सम्बोधन गर्ने गरी सरकारले नीति तथा कार्यक्रम यस सदनमा पेश गर्यो । नीति कार्यक्रममा पनि माननीयज्यूहरूले महत्त्वपूर्ण सुझाव दिनुभयो र पारित भयो । त्यही नीति तथा कार्यक्रमको गाइडलाइनमा २०७४/०७५ को खासगरी बाँकी अवधिका निम्ति बजेट पनि हामीले प्रस्तुत गर्यौं र बजेटमा पनि हामीले छलफल गरेर, आज छलफलमा उठेका केही सवालहरू म जवाफ दिनको निम्ति जनताको प्रतिनिधिहरूको कठघरामा उभिएको छु र म यसरी उभिएर जवाफ दिन पाउँदा मलाई गर्वको पनि अनुभूति भएको छ । वास्तवमा हामी जनप्रतिनिधि हुनुको नाताले पनि जनताप्रतिको जिम्मेवारी, दायित्व हामीले बोध गरेर यो सदनमार्फत् जनतालाई नै सम्बोधन गरिरहेका छौं । सदनमा पेश गरिएको बजेटको मूल लक्ष्य पनि जनता र कर्णाली प्रदेशकै निम्ति केही गरौं भन्ने हो । मूलतः यो पछाडि पारिएको कर्णाली प्रदेशलाई समृद्धिका निम्ति हामीले एउटा रोडम्याप अगाडि सारौं भनेर नै यो बजेट ल्याइएको छ । मैले बजेट वक्तव्यमै माननीय सदस्यहरूलाई सम्बोधन गर्ने क्रममा भनेको छु कि, कर्णाली समृद्धिको पहिलो पाइलाको रूपमा चाहिँ यो बजेट आएको छ । यो प्रथम चरण पनि हो । प्रथम चरणमा केही गल्तिहरू पनि हुन सक्छन् । कतिपय आफूलाई अनुभूति भएका कुराहरू कतिपय बजेटलाई सुझाव दिने सवालहरू तपाईंले राख्नु भएको छ ।

यसरी नै हामीले छलफल गर्दै एउटा निष्कर्षमा पुग्ने जो लोकतान्त्रिक विधि, प्रक्रिया हामीले अपनाएका छौं, त्यही विधिअनुसार नै हामी अगाडि बढिरहेका छौं । बादेबादे जायते तत्व बोध, भने जस्तै बहस र छलफल गर्दै निष्कर्षमा पुग्ने हाम्रो परम्परा देखिको आजसम्मको जुन पद्धति छ त्यसैलाई अंगालेर हामी अगाडि

बढिरहेका छौं । एकपटक फेरि यहाँहरू प्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । मैले संक्षेपमा मात्रै माननीयज्यूहरूले छलफलबाट उठाएका सवालहरू यो सदनमा आएका विषयहरूमा समाननीय सभामुख महोदयमार्फत् सम्बोधन गर्ने अनुमति चाहन्छु । माननीय सदस्यहरूले उठाएका विषयहरू प्रस्तुत गरेका सवालहरू रेकर्ड गरेका छौं । त्यसलाई हामीले उचित ढंगले सम्बोधन गर्ने प्रतिबद्धता पनि यहाँहरूको बीचमा राख्न चाहन्छु । प्रदेश सरकार गठन भएको धेरै समय भएको छैन । सरकार सञ्चालनका आधारहरू पनि तयार भैसकेका छैनन् । कानून र संरचना बनाउनु पर्ने आधारभुत काममा नै सरकार केन्द्रीत हुनुपर्ने अवस्था छ । यसै परिवेशमा नेपाल सरकारले चालु आर्थिक वर्षका लागि प्रदेशलाई विनियोजित गरेको १ अर्ब २ करोड ५ लाखको बजेट यो सदनमा पेश गरिएको हो । यो बजेट छोटो अवधिको अर्थात ४ महिनाको लागि आएको हो र यस मध्येपनि विकास निर्माण तथा पूँजीगत खर्च गर्ने अवधिको हिसाबले अझै छोटो समयको लागि मात्रै बजेट ल्याउनु परेको छ । किनकी ४ महिना मध्ये १ महिना खर्च गरिसकेका छौं । त्यसबाहेकको समयमा मात्रै विकास बजेटलाई खर्च गर्छौं । चालु खर्च त चैत्र देखि नै खर्च भैसकेको छ । हामीले चालु अर्थात् साधारण खर्च ४ महिना नै गर्नुपर्ने भएकोले चालु खर्चमा रकम केही बढी देखिएकोले माननीयज्यूहरूको ध्यानाकर्षण गर्न चाहन्छु । त्यसका बाबजुद प्रदेश सभा सचिवालय र मन्त्रालयहरूका लागि नेपाल सरकारबाट अख्तियारी दिइएको ४५ करोड मध्ये ३ करोड ४० लाख रुपैयाँ खर्च भएको छ भने चालु तर्फ जतिसक्दो नियन्त्रण गर्ने हिसाबले ४३ करोड ८४ लाख मात्र विनियोजन गरिएको छ । यसबाट प्रदेश सरकार खर्च मितव्ययीतामा गम्भिर छ भन्ने कुरा प्रष्ट पार्न चाहन्छु । छोटो अवधिको र सानो रकमको बजेट भएपनि यो बजेट कर्णाली प्रदेश सरकारको पहिलो बजेट हो ।

यसर्थ यो बजेट हाम्रो लागि ऐतिहासिक बजेट पनि हो । त्यसैले कर्णाली प्रदेशको विकास र समृद्धिको लागि एउटा खाकाको रूपमा यो बजेट ल्याइएको छ । कर्णाली प्रदेशको विकास र समृद्धिको लागि एउटा खाकाको रूपमा यो बजेट ल्याइएको छ । कर्णाली प्रदेशको विकास र समृद्धिको रोडम्यापको रूपमा यो बजेट प्रस्तुत गरिएको छ । भोलिका लागि पनि यो बजेटले कर्णाली समृद्धिको लागि मार्गदर्शन गर्न सक्ने कुरामा म विश्वस्त छु । सरकारको नीति तथा कार्यक्रम बजेटको मूल गाइडलाइन हो, नीतिमा आएका कार्यक्रमहरूमा नै आवश्यक बजेट विनियोजन गरिएको छ । नीति तथा कार्यक्रमले प्राथमिकता दिइएका क्षेत्रहरूलाई नै बजेटमा पनि प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको छ । बजेटको मूल सैद्धान्तिक आधार पनि यहीं हो । बजेट वक्तव्यमा कतिपय समेट्नुपर्ने विषयहरू छोटो हुन गएका छन् । प्राथमिकतामा पर्नु पर्ने विषय कम प्राथमिकतामा पर्न सकेका हुन सक्छन् । ती कुराहरूलाई माननीय सदस्यज्यूहरूसँग छलफल गरेर सम्भव भए यहीं बजेटमा र सम्भव नभए आगामी बजेटमा सम्बोधन गरिने विश्वास दिलाउन चाहन्छु । यो बजेटको रकम कम छ, भएको बजेट पनि कार्यान्वयन गर्नका लागि प्रशस्त चुनौतीहरू छन् । हामीसँग कार्यान्वयन गर्ने निकाय, संरचना र कानूनकोसमेत अभाव छ तर यो बजेट आगामी बजेटका लागि आधार बजेट पनि हो । भोलि आगामी बजेट ल्याउँदा पनि यहीं दस्तावेजमा उभिएर पनि अझै परिस्कृत बजेट ल्याउन सकिनेछ । यो बजेटमा ल्याइएका कतिपय योजना र कार्यक्रमलाई आगामी बजेटमा निरन्तरता दिनुपर्ने छ । बजेट र योजनामा कुनै आग्रह, पूर्वाग्रह, असन्तुलन र विभेद भयो कि भन्ने जुन प्रश्न छ, त्यस्तो हुन नदीनका निम्ति गम्भिर सतर्कता अपनाइएको हो । त्यसका बाबजुद केही असन्तुलन भएको माननीय सदस्यज्यूहरूलाई लागेको छ भने त्यसलाई सच्याउन सरकार तयार रहेको छ। काम गर्दा कमजोरी रहन पनि सक्छन् तर नियतवश माननीयज्यूहरूमा भावना चोट पुग्ने गरी, जनताको भावनामा ठेस पुग्ने गरी त्यस्तो कुनै काम भएको छैन भन्ने कुरा पनि म विश्वास दिलाउन चाहन्छु ।

पहिलो बजेट भएकोले केही कमजोरी भए तापनि आगामी आर्थिक वर्षको बजेटमा पूर्ण सचेतना अपनाइने छ भन्ने कुरा पनि विश्वास दिलाउन चाहन्छु । तपाईं हामी जनताका प्रतिनिधि भएकोले यो जनप्रतिनिधिमूलक थलोमा गम्भिरता र मर्यादित रूपमा जनताका सवालहरू उद्घोष गर्नु सबै माननीयज्यूहरूको कर्तव्य पनि हो । यो कर्तव्य पालना गर्नु भएकोमा माननीय सभामुख महोदयमार्फत् सबै माननीयज्यूहरूलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । बजेट निर्माणका क्रममा माननीय सांसदज्यूहरू, विज्ञहरू, वुद्धिजिवी र स्थानीय तहका पदाधिकारीहरूको सल्लाह र सुझाव लिने काम भएको हो । अर्थ मन्त्रालय र विषयगत मन्त्रालयहरूबाट योजना छनौटमा सकेसम्म माननीयज्यूहरूको सहभागीता गराउने पर्यत्न पनि भएको हो । सांसदज्यूहरूले पेश गर्नु भएको योजनाहरू कतै हराएकी, कतै सरकारले रद्दिको टोकरीमा फालेकी भन्ने आशंका गर्नु जरुरी छैन । ती योजनाहरू सकेसम्म बजेटमा समावेश भएका छन् र रकम विनियोजन गरिएको छ । बजेट वक्तव्यमा सबै योजनाहरूको नाम आउन सम्भव थिएन र सम्भव छैन पनि, वक्तव्यमा उल्लेख रकम तिनै स्वीकृत योजनाहरूको कुल रकम हो । सम्बन्धित मन्त्रालयहरूमा त्यसको विवरण रहेको छ र रातो किताबमा सबै कुरा प्रष्ट कुरा सम्बोधन हुने नै छ । बजेट अर्थ मन्त्रीले एक्लै बनाउने पनि होइन । विषयगत मन्त्रालयबाट पेश भएका कार्यक्रमहरूलाई समेटेर बजेट बनाइएको छ । प्रस्तावित योजनाहरूमा माननीय मन्त्रीज्यूहरू र सम्बन्धित मन्त्रालयका कर्मचारीहरू सहित छलफल गरेर बजेटिङ्ग गर्ने काम भएको हो भनेर पनि प्रष्ट गर्न चाहन्छु । त्यसैले कतिपय कुरा विषयगत मन्त्रालयहरूबाट पनि प्रष्ट हुने नै छन् । हामीले यो बजेटमा माननीयज्यूहरूले उठाए जस्तै संघीयताको कार्यान्वयनलाई प्राथमिकतामा राखेका छौं । बजेटको एक नं प्राथमिकता संघीयता र संविधानको कार्यान्वयन नै हो ।

त्यसैले संघीयताको कार्यान्वयन अथवा संघीयताको भावनामा कतै चोट पुग्यो कि भन्ने कुरामा माननीयज्यूहरूले आशंका गर्नु पर्दैन । हामीले संघीयतालाई बलियो बनाउने गरी, संघीयताका आधार शिलाहरू निर्माण गर्ने गरी, संघीयता बलियो बनाउने कानून र संरचना निर्माणका लागि यो बजेटलाई बढी केन्द्रीत गरेका छौं । हामीले यतिबेला बजेट ल्याउँदै गर्दा पनि एउटा प्रश्न गम्भिर रूपमा उठिरहेको छ कि यो बजेटको कार्यान्वयन कस्ले गर्छ, कार्यान्वयन इकाई कुन हो, स्पेण्डिङ्ग यूनिटहरू कुन हुन, भन्ने कुरा पनि चलिरहेको छ । अहिले त हामी कार्यान्वयनका निम्ति केही काम चलाउ उपायहरू निकालौंला । अथवा मन्त्रालय नै त्यसका निम्ति सक्रिय हुनुपर्ला । मन्त्रालयका महाशाखाहरूलाई सक्रिय बनाउनु पर्ला। अरू निकायहरूको सहयोग लिनु पर्ला तर यो तदर्थ अवस्था चाहिँ सधैं रहनु हुँदैन भन्ने हिसाबले यो बजेटको फोकस भनेको चाहिँ अब संरचना निर्माण अथवा कार्यान्वयन गर्ने संरचना, प्रदेशस्तरमा आवश्यक संरचना र प्रदेश तलको कार्यान्वयनको संरचना बनाउने गरी, हामीले बजेट विनियोजन गरेका छौं भन्ने कुरा पनि म प्रष्ट पार्न चाहन्छु ।

त्यसैगरी पूर्वाधार, यहाँ माननीयज्यूहरूले जति पनि कुरा उठाउनु भएको छु, सबैभन्दा धेरै पूर्वाधार निर्माणमा नै केन्द्रीत छ । किनभने जे कुराले बढी चाहिँ जनतालाई प्रभावित गरेको छ, जुन कुरा जनताको सबैभन्दा बढी माग छ, आवश्यकता छ, त्यो कुराले जनताका प्रतिनिधिलाई प्रभावित गर्नु स्वभाविक हो । त्यसैले पूर्वाधार बजेटले पनि प्राथमिकतामा राखेको छ र यो सम्मानित सदनमा पनि प्राथमिकतामा रहने गरी तपाईंहरूले उठाउनु भएको छ, त्यसैले पूर्वाधारलाई हामीले प्राथमिकतामा राख्यौं र त्यस्तैगरी पूर्वाधारमा, सडकको कुरा होला, उर्जाको कुरा होला वा खानेपानीको वा सिँचाइको कुरा, वा सञ्चारको कुरा वा पर्यटन गन्तव्य सम्म पुग्नका निम्ति वा पर्यटन प्रबर्द्धनका निम्ति संरचनाहरू निर्माणका पूर्वाधारहरूको कुरा होला, यी विषयहरू प्राथमिकतामा छन् । सामाजिक क्षेत्रका कुरा अथवा सामाजिक सुरक्षाका कुरामा, महिला, दलित, जेष्ठ नागरिक, बालबालिकाको सहयोगको कुरा पनि बजेटले प्राथमिकतामा राखेको छ । कृषि र

सहकारी बजेटको प्राथमिकतामा परेको छ । हामीले यसै साल कर्णाली रारा पर्यटन वर्ष पनि उद्घाटन गरिसकेका छौं । त्यसो हुँदा पर्यटन क्षेत्रको प्रबर्द्धनका निम्ति पनि बजेटले प्राथमिकता दिनु जरुरी थियो र हामीले त्यसतर्फ ध्यान दिएका छौं ।

भैपरी अर्थात एकमुष्ट शीर्षकमा धेरै बजेट राखेको विषय माननीयज्यूहरूले गम्भिर रूपमा उठाउनु भएको छ रकम बढी भएको कुरा म पनि स्वीकार गर्छु तर यस्तो रकम पर्ने आवश्यकता पनि हुन्छ । यतिबेला खर्च हुन नसक्ने हुँदा धेरै रकम कोषमा नै राख्नुपर्छ भन्ने धेरैको सुझावको आधारमा यो कुरामा प्रेरित भएको अवस्था हो । यहाँहरू सबैले पनि बजेट खर्च हुन सक्दैन, बजेट सञ्चित कोषमा राख्नु पर्यो, फेरि सञ्चित कोषमा राखेर भएन, फेरि एउटा निश्चित शीर्षकमा बजेटमा सम्बोधन गर्नु पर्यो भनेर त्यसैले चाहिँ त्यो कुराबाट प्रभावित हुँदा खेरि अलि बढी नै रकम यो भैपरी आउने शीर्षकमा बसेछ, त्यो कुरा मैले महसुस पनि गरेको छु तर प्रदेशस्तरका संरचना र कार्यान्वयन इकाईका लागि, कानून निर्माणका लागि, छोटो अवधिमा कार्यान्वयन हुन सक्ने योजनाहरूका लागि, कार्यान्वयन गर्ने र खर्च गर्ने मन्त्रालयका योजनामा बजेट थप गर्नु पर्नेमा त्यसका लागिसमेत यो रकम खर्च हुनेछ । त्यसैले यो रकम डल्लै बसिरहन्छ अनि यो रकममा अर्थ मन्त्रालयको आफ्नो मात्रै खातामा रहन्छ भन्ने ठान्नु हुँदैन । यो रकम भनेको हामीले आवश्यकताअनुसार खर्च गर्न सकिने रकम भएकोले त्यो रकमलाई भोलिका दिनहरूमा हामीले खर्च गर्न सक्छौं । यसमध्ये खासगरी पूँजीगत तर्फको सबै रकम खर्च गर्न सकिन्छ भने पनि आर्थिक मामिला तथा योजना मन्त्रालय तयार छ । हामी त्यसका निम्ति चाहिँ काम गर्नुपर्यो, पूँजीगत खर्च बढाउने उपाय निकाल्नु पर्यो, त्यति गरिरहँदा खेरि विकास योजनालाई गुणस्तरीय बनाउने कुरा अथवा गुणस्तर नियन्त्रण गर्ने कुरा वा अनियमितता नियन्त्रण गर्ने कुरामा ध्यान चाहिँ दिनै पर्छ । खर्च पनि गर्ने, अनियमितता पनि हुन नदीने, प्रतिफल पनि प्राप्त गर्ने कुरा हो भने अहिले चाहिँ छनौट भएका वा स्वीकृत भएका कुनै पनि योजनाहरूमा हामीले एकमुष्ट बजेटबाट रकम सम्बन्धित मन्त्रालयको प्रस्तावमा रकम विनियोजना गर्न सकिन्छ वा रकम खर्च गर्नलाई छुट्याउन सकिन्छ ।

सम्भाव्यता अध्ययनलाई यस बजेटमा प्राथमिकतामा राखिएको छ । सम्भाव्यता अध्ययनका निम्ति कतिपय योजनाका लागि बजेट तोकिएको छ भने सम्भाव्यता अध्ययन गर्नका लागि भैपरीको शीर्षकबाट पनि खर्च गर्न सकिने गरी व्यवस्था गरिएको छ । राष्ट्रिय गौरवका आयोजनाहरूको सम्भाव्यताको लागि संघीय सरकारसँग समन्वय गरी अगाडि बढाइने छ । यो बजेटमा संघीय सरकारको ध्यानाकर्षण गराउनै पर्ने योजनाहरू पनि सूचीकृत गरिएको छ, जस्तो दक्षिण देखि उत्तरका नाकाहरू जोड्ने सडकहरू अथवा नाग्मा देखि रारा सम्मको सडक कालोपत्रे गर्ने कुरा, लुम्बिनी रारा हुँदै मानसरोवर सर्कीटको कुरा, सुर्खेत बर्दिया र सुर्खेत कोहलपुर सुरुङ्ग मार्गको कुरा, प्रादेशिक विमानस्थलको कुरा, पेट्रोलियम अन्वेषण र भण्डारण लगायतका राष्ट्रिय गौरवका आयोजनाहरूको रूपमा नेपाल सरकारको ध्यानाकर्षण गराउनका लागि केही महत्त्वपूर्ण योजनाहरू यो बजेटमा सम्बोधन गरिएको छ ।

सामाजिक सुरक्षालाई यो बजेटले प्राथमिकतामा राखेर महिला दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिकाका निम्ति आवश्यक कार्यक्रमहरू प्राथमिकताका साथ यो बजेटमा ल्याएका छौं, मैले यसको धेरै व्याख्या गर्नु पर्छ जस्तो मलाई लाग्दैन । सुत्केरी हुन नसकेर जोखिमपूर्ण अवस्थामा रहेका महिला अथवा सक्त घाइते वा गम्भिर बिरामीका लागि तत्काल पनि हामीले चाहिँ शुरु गरिसकेका छौं र नियमित रूपमा सहयोग तथा उद्दारको कार्य गर्नका लागि एयरलिफ्टिङ्गको व्यवस्था गर्ने कुरा राखिएको छ र अर्को कुरा स्थायी रूपमै एयरएम्बुलेन्सको व्यवस्था गर्नका लागि केही अध्ययन गर्नुपर्यो र त्यो अध्ययन

गरिसकेपछि सरकारले त्यसको कार्यान्वयन गर्नका निम्ति पनि केही रकम छुट्याइएको छ । त्यो लगायतका भन्ने शब्दका बारेमा पनि संसदमा केही कुरा उठेको छ, मन्त्रालयमा धेरै मागहरू आएको र ती मागहरूका आधारमा व्यवस्थित कार्यक्रम बनाउन बाटो खोल्नका निम्ति लगायत भन्ने शब्द राखिएको हो । हामीले पहिचान गरेका ठाउँहरू वा जिल्लाहरू नाम लेख्यौं, त्यतिमा मात्रै खुम्चाउँदा खेरि कतिपय चाहिँ आवश्यक पर्ने ठाउँहरू छुट्न पनि सक्छन् भन्ने हिसाबले सुविचारित रूपमा लगायतभन्दाखेरि भोलि मन्त्रालयले कार्यक्रम बनाउँदाखेरि अरू जिल्ला, अरू क्षेत्र, अरू ठाउँ पनि समेट्न सक्छ, त्यसैले यो लगायत भन्ने कुरा चाहिँ हामी अलि फ्लेक्जिवल छौं भन्ने कुराको एउटा उदाहरण पनि हो । त्यस हिसाबले यहाँहरूले बुझिदिनु हुनेछ भन्ने कुरामा म राख्न चाहन्छु ।

विश्वविद्यालयको नाम परिवर्तनसमेतको कामका लागि कानून बनाउने विषयमा म तपाईंहरूका बीचमा प्रष्ट पार्न चाहन्छु । त्यसैगरी हेल्थ ल्याव स्थापना गर्ने कुरामा जिल्ला सदरमुकाम रोजियो भन्ने जुन कुरा छ, त्यस्तो होइन, हामीले जिल्ला सदरमुकामलाई किटान गरेका छैनौं, अहिलेलाई पहिलोपटक यस आर्थिक वर्षमा चाहिँ २०७४/०७५ मा एउटा जिल्लामा एक ठाउँमा त्यो भन्या कुनै पनि स्थानीय तहमा नै हुन्छ, अलि भाषा प्रष्ट हुन सकेन्छ, त्यसैले म प्रष्ट पार्न चाहन्छु कि, हरेक जिल्लाको  एउटा स्थानीय तहमा जहाँ ल्याव छैन, जिल्ला सदरमुकाममा त जिल्ला अस्पताल छ, ल्याव छ होला कतिपय जिल्लामा, दुर्गमको एउटा एउटा पालिकामा ल्याव स्थापना गर्ने र त्यसको रिजल्ट हेर्ने अनि आगामी आर्थिक वर्षमा सबै स्थानीय तहमा अगाडि बढाउने कुरालाई प्रष्ट पार्न चाहन्छु । अपर कर्णाली आयोजना हाम्रो प्रदेशको गौरवको आयोजना हो तर यो केन्द्रीय सरकारको मातहतको योजना भएकोले केन्द्रीय सरकारसँग समन्वय गरी, यसको कामलाई त्रिवता दिने कुरामा सरकारले ध्यान दिनेछ । नलगाड आयोजनामा जनताको लगानीलाई प्राथमिकतामा राखी, संघ र प्रदेश सरकारले सयूँक्त रूपमा कार्यान्वयन गर्नका लागि नेपाल सरकारसँग समन्वय गरी यो कामलाई अगाडि बढाउन सोच प्रदेश सरकारको रहेको छ ।भेरी बबई डाइभर्सन, बेतन कर्णाली, फुकोट कर्णाली, तिला, जगदुला, छेडा लगायतका योजनाहरूको सम्बोधन यो बजेटमा भएकै छ ।

बजेट आइसकेपछि कतिपय विषयमा भ्रम फैलाउने कोसिस भएको छ । म एउटै मात्रै उदाहरण दिन चाहन्छु । जस्तो चाहिँ यो दैलेखबाट मुगु नाग्चे नाग्ला जोड्ने सडक छ, नाग्चेनाग्ला फेरि आयो, यो आइरहने नाम रहेछ । यो एउटा बाटोको चाहिँ कुनै सर्भे राख्दाखेरि कतै यो सुर्खेत देखि अथवा कतै जमुनाह देखि भनौं, माथिल्लो डुङ्गेश्वर, दुल्लु, भैरवी, कुशाहपानी, गमगढी हुँदै नाग्चेनाग्लासम्म जोड्ने सडक चाहिँ हटाइयो कि, त्यसलाई हटाएर अर्को बाटो चाहिँ महाबु हुँदै अगाडि बढाउने बाटो राखियो भन्ने भ्रम फेलाइएको छ, यस्ता भ्रमहरूको पछाडि लाग्नु जरुरी छैन । केन्द्रीय सरकारले पहिले नै तीन करोड पचास लाख बजेट छुट्याएर टेण्डर भइसकेको छ । नेपाल सरकारले टेण्डर गरेको बाटो प्रदेश सरकारले हटाइदिन सक्छ । यस्ता खालका चाहिँ अफवाह फैलाइएका छन् त्यस विषयमा माननीयज्यूहरू सतर्क हुनुपर्छ र सबैजना पनि सतर्क हुनुपर्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । जबकी यो बाटो पनि प्रदेश सरकारको प्राथमिकतामा छ । त्यस्तै गरी कतिपय रोचक ढङ्गले पनि माननीयज्यूहरूले राख्नु भएको छ, जस्तो लुम्बिनी रारा पर्यटन सर्किटको कुरा गर्दाखेरि दाङ्ग, सल्यान, जाजरकोट जुम्ला भई हालेछ, चौरजहारीबाट ओभरफ्लाईबाट पो जान्छ कि भन्ने कुरा आयो, ओभरफ्लाईबाट जाँदैन बरु केहुन्छ भने रुकुम चौरजहारी हुँदै जाजरकोटको चाँदेबाट सुरुङ्ग मार्गमार्फत् जुम्ला छिराउने र जुम्लाको तातोपानी कालिमाटीबाट कालिकोट हुँदै मुगु रारा पुर्याउने अबधारणा हामीसँग रहेको छ । यस हिसाबले पनि यहाँहरूलाई म प्रष्ट पार्न चाहन्छु कतिपय कुरा चाहिँ सुर्खेत कै पनि कुरा उठेको छ । धेरै नामहरू राख्दाखेरि नामहरू लामो हुने, थोरै राख्दाखेरि छुटेको हुने फेरि यसको चाहिँ खास आधिकारिक नाम चाहिँ हामीले तय गर्नु पर्छ त्यसमा पनि हामी छलफल गरौंला ।

जस्तो माननीयज्यूहरूले रुकुमको राँडी देखि खदि गोताम छुट्यो भन्नु भएको छ । जाजरकोट १ र २ नं. बाट जुम्ला जोड्ने सडकहरूको कुरा गरौं अथवा डोल्पाबाट मुस्ताङ्ग र जाजरकोट जोड्ने सडकको कुरा गरौं या कालिकोट, मुगु, हुम्ला लिङ्क रोडको कुरा गरौं । कालिकोट, मुगु, हुम्ला, दैलेख जुम्ला जस्ता जिल्लाबाट अन्य जिल्लामा जोड्ने सडकको कुरा गरौं र विभिन्न जिल्लाभित्र पनि विभिन्न क्षेत्रहरू जोड्ने सडकहरूको कुरा आएको छ । यस्ता तमाम भौतिक पूर्वाधारका योजनाहरूको बारेमा माननीयज्यूहरूले हामीहरूको ध्यानाकर्षण गराउनु भएको छ । नेपाली भाषाको उदगमस्थल सिँजाको बारेमा पनि यहाँ सवाल उठेको छ । नेपाली भाषाको संग्रहालयको कुरा या चाहिँ पाण्डुगुफा कनका सुन्दरी धार्मिक स्थलहरूको कुरा गरौं या कतिपय सवालमा अन्य पर्यटकीय स्थलहरूको नाम पनि छुटेका छन्, मान्मचुली केबुलकारको कुरा चाहिँ उठाउनु भएको छ । नाग्चे लाग्ना जोड्ने चाहिँ एकदम वैकल्पिक छोटो बाटो छ भन्ने कुरा पनि उठाउनु भएको छ, यी कुराहरू ध्यानाकर्षण भएनी त । कमसेकम पार्लियामेन्टमा आइसकेपछि हामीले यसलाई संकलन गरेका छौं र यसका बारेमा छलफल गरेर एउटा टुङ्गोमा पुग्ने कुरा गर्नछौं । मगर संग्रहालय स्थापना गर्ने कुराहरू छुटे भन्ने कुराहरू आएका छन्, ती विषयहरूको हामीसँग लामो सूची छ, मसँग पनि छतर यो सूची अनुमति हुन्छ भने पढ्छु, यो सूचि पढ्दाखेरि नबोलेको कुरा आउँदैनन्, त्यसैकारण यसमा नजाउँ भन्ने नै मेरो आग्रह छ, म माननीयज्यूहरूसँग विनम्रताका साथ अनुरोध गर्न चाहन्छु, तपाईंहरूले यहाँ उठाएका कुरा र कतिपय नउठेका कुरा पनि होला, मन्त्रालय र माननीयज्यूहरू बसेर छलफल गरौं, आगामी योजनाहरू बनाउँदाखेरि हामीले कर्णाली योजना आयोग पनि बनाउँछौं, अब त्यो योजना आयोगसँग इन्टरयाक्शन गरेर योजनाहरू तय गर्छौं । अहिले पनि सम्बोधन गर्ने कुराहरूका निम्ति तत्कालै हामीले छलफल गर्नेछौं त्यो कुरामा पनि म विश्वस्त गराउन चाहन्छु । माननीयज्यूहरूले सदनमा प्रवेश गराएका खासगरी भौतिक पूर्वाधारका योजनाहरू सूचिकृत गरिएको छ र आवश्यक कार्यवाही अगाडि बढाइने कुरामा म विश्वास दिलाउन चाहन्छु ।

दलित समुदायका लागि दलित नमुना बस्ति कार्यक्रम तथा महिला, दलित, अपाङ्गता भएकाहरूका लागि रोजगारमूलक, चेतनामूलक, आयमूलक कार्यक्रममा बजेट छुटिएन कि भन्ने कुरा कन्सन तपाईंहरूले देखाउनु भएको छ । बजेट नछुट्याई, बजेटमा आउने कुनै पनि कार्यक्रम विना बजेटको विना पैसाको आउँदैन । बजेट वक्तव्यमै सबै चाहिँ रकम उल्लेख नहुन पनि सक्छ तर सरकारले चाहिँ बजेट छुट्याएका कुराहरूमा नै बजेट वक्तव्यमा ल्याउँछ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । यदि हाम्रो ध्यान पुगेको छैन भने छुवाछुत मुक्त, महिला हिंसा मुक्त क्षेत्रहरू घोषणा गर्ने क्रमलाई अब अगाडि बढाउनु पर्छ ।

बाढी पीडितहरूको आवश्यक तथ्याङ्क संकलन गरी, राहत तथा पुनर्स्थापना गर्ने कार्य व्यवस्थित रूपमा अगाडि बढाइने कुरा बजेटमा उल्लेख छ । अब यसको अर्थमा हाम्रो तथ्याङ्क छँदै छैन भनेपनि जिल्ला प्रशासन कार्यालयमा होला वा अन्य कुनैमा होला । प्रदेश सरकारले त तथ्याङ्क आफूसँग लिन सकिरहेको छैन, प्रदेश सरकारले कार्यान्वयन गर्ने कुराका निम्ति प्रदेश सरकारले तथ्याङ्क लिनु पर्यो, अनि कतिपय राहत नै नपाएका पनि छन भन्ने गुनासो आएकाले आवश्यक पर्दा राहत पनि दिनुपर्नेलाई राहत दिनुपर्यो र मूल कुरा भनेको बजेटको चाहिँ केन्द्रविन्दु भनेको बाढी पीडितहरूलाई जो अहिले पनि चाहिँ तड्पिरहेका छन्, मूलत सुर्खेतमा या अरू जिल्लाहरूमा पनि छन्,त्यस्ता बाढी पीडितहरूका लागि आवासको नै व्यवस्था गर्ने हो । पुनर्स्थापना गर्ने भनेको आवासको व्यवस्था गर्ने हो । त्यसका निम्ति माननीयज्यूहरू प्रदेश सरकार मिलेर टिम बनाउ, कार्यदल बनाउ, त्यसैमा केन्द्रीत भएर काम गर्नका लागि, यो समस्या समाधान गर्नका निम्ति हामी आतुर छौं भन्ने कुरा म यहाँहरूमा अनुरोध गर्न चाहन्छु ।

अब म अन्तिम तिर केही कुरा भन्न चाहन्छु । प्रत्येक निर्वाचन क्षेत्रलाई आधार बनाएर माननीय सदस्यज्यूहरूले सिफारिस गरेका कार्यान्वयन हुन सक्ने योजनाहरूमा आवश्यक बजेट विनियोजन गरिएको पनि छ, कतिपय विनियोजन भैसकेका छन्, म फेरि दोहोर्याउँछु त्यो रातो किताबमा आउँछ, या मन्त्रालयहरूसँग त्यो कार्यक्रम छ । खर्च गर्न सक्ने ती योजनाहरूमा अँझै हामीहरू चाहिँ थप खर्च गर्न सक्छौं भने अहिले छुट्याइएको बजेटभन्दा थप रकम चाहिँ दिनका निम्ति हामी तयार छौं, सम्बन्धित मन्त्रालयले प्रस्ताव ल्याउनु पर्यो, अर्थ मन्त्रालयले भैपरी आउने बजेट चाहिँ छुट्याउँछ, त्यो कुरामा तपाईंहरू विश्वस्त हुनुपर्यो ।

दोश्रो कुरा सरकारले चाहिँ माननीयज्यूहरूलाई मुटु माथि ढुङ्गा राखि बजेट पास गर्नु पर्ने बाध्यतामा पुर्याउँदैन है । यो हामी सबै पूरातन, एउटा चाहिँ परम्परागत धारणाले मात्रै चल्न सक्दैनौं । अब हामीले बोल्यौं तर चाहिँ पास नगरी बाध्यता छ, चित्त नबुझेपनि, मन नपरे पनि, खुसी नभएपनि पास गर्नुपर्छ भन्ने होइन, तपाईंहरूका उठाएका विषयहरू, तपाईंहरूले उठाएका सवालहरू यो गरिमामय सदनमा रेकर्ड गराएका विषयहरू सरकारले सबैभन्दा महत्त्वपूर्ण र मुल्यवान प्रोपर्टी हो, पूँजी हो । यो अरू सबैभन्दा बढी चाहिँ महत्त्व यो पार्लियामेन्टमा वा यो सदनमा रेकर्ड गराएका विषयहरूको हुन्छ । अरू लिखित निवेदनभन्दा यसको बढी महत्त्व छ । त्यसकारण चाहिँ यी तपाईंहरूले उठाएका सवालहरू बेवारिसे हुँदैनन्, ती चाहिँ एउटा महत्त्वपूर्ण, एउटा विषयको रूपमा हामीले राख्ने छौं र तपाईंहरूले यो सदनमा उठाएका विषयहरूलाई सरकारले रेकर्ड गरेको छ । यहाँ प्रस्तुत गरिएका विषयहरू यसै बजेटमा समेटिएका छन्, एउटा पाटो भयो । धेरै महत्त्वका योजना र कार्यक्रमका बारेमा तपाईंहरूले यो सदनमा उठाएका विषयहरूलाई कार्यान्वयनको अवस्था र बजेटको सीमाभित्र रहेर फेरि हामी तपाईंहरूको विषय सम्बोधन गर्छौं भनेर बजेटको सीमाभन्दा बाहिर गएर गर्न सक्दैनौं ।

अहिलेको यस आर्थिक वर्षमा हामीसँग जति पैसा छ त्यसको सीमाभित्र रहेर र त्यसको कार्यान्वयन हुन सक्ने अवस्था हेरेर हामीले ती विषयहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता जाहेर गर्छौं । अहिले सम्बोधन हुन नसकिने योजनाहरूलाई आगामी बजेटमा निश्चित मापदण्डका आधारमा सम्बोधन गरिने विश्वास दिलाउन चाहन्छु । आगामी बजेटमा पनि, बजेट निर्माण पूर्व, बाध्यता पनि भो पूर्व बजेट छलफल गर्न पाएनौ । यहाँ चाहिँ नियमावली मस्यौदा समितिका संयोजक र सदस्य माननीयज्यूहरू हुनुहुन्छ । संयोगले म पनि त्यो समितिको सदस्य भएर काम गर्न पाएँ र हामीले नियमावली तयार पार्दा खेरि पूर्व बजेट छलफलको विषयलाई प्रतिनिधि सभाको नियमावलीभन्दा निकै धेरै फराकिलो बनाएको छौं, त्यसको मैले आफैंले जोड दिए त, तपाईंहरूको फिडब्याक, तपाईंहरूको सहयोग, तपाईंहरूको योगदान, बजेट निर्माणमा चाहिँ भरपुर होस् भन्ने नै हो । एउटा मन्त्रीले वा सचिवले वा निश्चित मन्त्रीहरूले मात्रै आफ्नो ढङ्गले कोठामा बसेर बनाएको बजेट समावेशी नहुन सक्छ । सबै क्षेत्र त्यसले नओगट्न सक्छ, सबैका पीडा र सवालहरूलाई सम्बोधन नगर्न सक्छ, त्यसैले समावेशी तरिकाले बजेट निर्माण गरिने यसपटकको बाध्यता तपाईंहरूलाई थाहा नै छ । हामी अन्यौलताको बीचमा थियौं । हामीसँग समयको सीमा थियो । अनेकौं चुनौतीका बीचबाट पनि यतिको बजेट ल्याउन सक्यौं यसमा मलाई यसमा गर्व छ तर भोलिका निम्ति केही समय छैन हामीसँग, अब समितिहरू गठन भएका छन्, हामीले फुल हाउसमा पनि पूर्वबजेटको बारेमा छलफल गर्ने छौं, समितिहरूमा पनि क्याटोगरी गरी मन्त्रालय वायज हामीले छलफल गर्ने छौं । बजेट आइसकेपछि वा आउँनुभन्दा पहिले छलफलको ठूलो महत्त्व छ । त्यहाँ हुने छलफलले ठूलो सहयोग पुर्याउने छ । जिल्ला-जिल्लामा पनि हामी जानेछौं । माननीय जाउँला, मन्त्रीहरू जाउँला अथवा आवश्यक व्यक्तिहरू

गएर, जिल्लाको कुन कुरा प्रायोरिटी हो, कृषि हो कि, जलविद्युत हो कि, दुरसञ्चार हो कि हामी ती सबै योजनाहरूको कलेक्शन गरेर मात्रै बजेट बनाउने छौं भन्नेकुरामा यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु ।

अन्त्यमा, पटक पटक हामी पक्ष र प्रतिपक्ष छैनौं भन्दै आएका छौं, बोल्दै पनि आएका छौं, त्यसका उदाहरण पनि हामीले पेश गर्दै आएका छौं । यो कर्णाली प्रदेशको गरिमामयको कुरा हो । कर्णाली प्रदेश सभाको गरिमा हो । यसमा हामी गौरव पनि गर्छौं र दुनियाँका अगाडि अथवा कर्णाली बाहिरकाहरूले कर्णालीलाई हेर्दा खेरि, यहाँ असाध्यै ठूलो एकता छ, बहुत बलियो चाहिँ यूनिटी छ भनेर चाहिँ हामीलाई चिन्ने गर्छन् र एकताबद्ध भएर धेरै काम गरेका छन् भन्ने कुराको उदाहरण स्थापित गरेका छौं र पछिल्लो समय सम्म पनि त्यसको बढी जोडिएको छ, एउटा उदाहरण हो नीति तथा कार्यक्रम जहाँ हुन्न भन्ने आवाज आएन, त्यसको अर्थ, पक्षले त हुन्छ नै भन्ने भयो, प्रतिपक्षले पनि हुन्न भनेन । यसकुरालाई हेर्दियो भने नीति तथा कार्यक्रम सर्वसहमतिले पास भयो । आज हामी बजेट पास गर्ने स्टेजका उभिएका छौं । यतिबेला पनि मैले कति तपाईंहरूका विषय सम्बोधन गर्न सके वा सकिन र बजेट वक्तव्यमा कतिपय कुरा तपाईंहरूका कुरा, भावना सम्बोधन हुन सकेनन् भने त्यो भावनालाई पनि मैले चाहिँ आत्मै देखि स्वीकार गर्छु भन्ने कुरा पनि तपाईंहरूको बीचमा राखे ।

एक माघले जाडो जाँदैन, यहीं नै अन्तिम पनि होइन । त्यसपछि धेरै अप्शनहरू छन्, ठाउँहरू छन् । हामी आजै देखि फेरि छलफलमा बसौं । राम्रोको निम्ति, प्रदेश बनाउनका निम्ति, तपाईंहरूको आफ्नो निर्वाचन क्षेत्रको चिन्ता छ, स्वभाविक रूपमा आफ्नो निर्वाचन क्षेत्रप्रति हामी केन्द्रीत हुनै पर्छ । त्यो चाहिँ हाम्रो उत्तरदायित्व पनि हो तर समग्र कर्णाली बनाउँदा हाम्रो जिल्ला पनि बन्छ, हाम्रो निर्वाचन क्षेत्र पनि बन्छ र हाम्रो गाउँ पनि बन्छ । यो फराकिलो भावनाबाट अब कर्णाली बनाउने कुरामा अगाडि बढौं । यो बजेट अहिलेको बजेट फेरि पनि त्यसका निम्ति एउटा पहिलो स्टेप र पहिलो पाइला हो । कर्णाली समृद्धिका निम्ति पक्ष प्रतिपक्ष नभनेर सबै माननीयज्यूहरूले सर्वसहमतिले यो बजेट पारित गरिदिनुहुनेछ । माननीय मुख्यमन्त्रीज्यूको तर्फबाट, कर्णाली प्रदेशको तर्फबाट, प्रदेश सरकारको तर्फबाट, सम्माननीय सभामुखज्यूमार्फत् म यो सदनसमक्ष कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को बजेट पास गरिदिनका निम्ति विनम्रताका साथ अनुरोध सहित म अहिलेलाई आफ्नो भनाइ यहीं टुङ्ग्याउँछु । यो सदनमा यहाँहरूबाट उठेका जिज्ञासाहरू, सवालहरूको जवाफहरूलाई यहीं टुङ्ग्याउँछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, यस सभामा प्रस्तुत कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री मा. श्री प्रकाश ज्वालाले बजेट वक्तव्यसाथ पेश गर्नु भएको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यकालागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गरेको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णायर्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला । यो प्रस्तावको विपक्षहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला ।

माननीय सदस्यहरूः- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भन्ने आर्थिक मामिला तथा योजना मन्त्री मा. श्री प्रकाश ज्वालाको प्रस्ताव सर्वसहमतिले पास गरिएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री मा. श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, कर्णाली प्रदेशमा आकस्मिक वा अप्रत्यासित कारणबाट सिर्जना हुन सक्ने विशेष परिस्थिति भुकम्प, बाढीपहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्मा तत्काल चाहिने खर्च गर्नका लागि आवश्यक रकम विनियोजन गर्न प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन गर्नुपर्ने भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १० को नियम ६० को उपनियम (२) बमोजिम कर्णाली प्रदेश आकस्मिक कोष विधेयक, २०७५ सभासमक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल बैशाख १८ गते मंगलबार  दिनको १ बजे सम्मका लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-२१

(२०७५ बैशाख १८ गते मंगलबार)

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा मंगलबार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, केही माननीय सदस्यहरूले अत्यन्तै जरुरी विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराउन समय माग गर्नु भएकोले समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री सुशिलकुमार थापा । समय पाँच मिनेट ।

**माननीय सदस्य श्री सुशिलकुमार थापा** : माननीय सभामुखज्यू, अस्ति १६ गते आएको हावाहुरीले कर्णाली प्रदेश लगायत दैलेख जिल्लामा विशेष गरी त्यहाँ अत्यन्तै धेरै जनताको खेतिबालीहरू, घरहरूको क्षति पुर्याएको छ । अन्न बाली घरमा भित्र्याउने बेलामा आएको हावाहुरी र असिनाले गर्दा धेरै क्षति भएको र दैलेखको दुल्लु नगरपालिका र भैरवी गाउँपालिका लगायतको सिँगो २ नं क्षेत्र, १ नं क्षेत्र र सिँगो पुरै जिल्लामा क्षति भएको हुँदा म कर्णाली सरकारसँग आग्रह गर्न चाहन्छु कि ती किसानहरू, ती गरिबहरूको जो खेतिबाली यो हावाहुरी र असिनापानीले क्षति पुर्याएको छ, त्यसका लागि विशेष अनुगमन गरेर त्यहाँ राहत उपलब्ध गराइयोस् । त्यो मेरो क्षेत्र रहेको अर्थात दैलेखको दुल्लुमा र भैरवीमा रहेको केही त्यस्तो बस्ती छ, जहाँ मुस्लिम बस्ती, जहाँ वादी बस्ती र केही त्यस्तो दलित बस्ती अर्थात विभिन्न खाले समस्या भएर छानो मुनी बसिरहेका जनताको, धेरैको छानो आज नभएको अवस्था छ । उडाइदिएको अवस्था छ, स्कुलहरूको पनि छानो फालेको छ । यस्ता समस्या भएको हुँदा म यसलाई सिँगो कर्णाली प्रदेश सरकारलाई त्यतातिर ध्यान केन्द्रीत गर्दै त्यसका लागि विशेष योजना बनाएर राहतको प्याकेज ल्याइयोस् भनेर आग्रह गर्न चाहन्छु र अर्को कुरा केही समय अगाडि यो सामाजिक सञ्जालमा यो कर्णाली प्रदेशको प्रादेशिक सडकका सम्बन्धमा विभिन्न खाले भ्रमहरू सिर्जना भएका छन् । जस्तो जमुनाह देखि कोहलपुर हुँदै सुर्खेत भएर दैलेखको माथिल्लो डुङ्गेश्वर, दुल्लु भैरवीको कुसापानी हुँदै प्याउली हुँदै नामगढी, नाक्चेलाग्ना जाने सडक केन्द्रको रेडबुकमा परेर साढे तीन करोडको टेण्डर भैसकेको अवस्थामा अहिले सम्म पनि यो सडकले त्यसलाई टेण्डर ओपन गरेको छैन र अस्ति यो प्रदेश सरकारले बजेट ल्याइरहँदा त्यति बेला बर्दिया देखि सुर्खेत हुँदै दैलेखको महाबुबाट नाग्चेलाग्ना जोडिने सडकको अनुगमन गर्ने, सम्भाव्यता अध्ययन गर्ने भनेर अस्ति आउँदा प्रादेशिक सडकलाई काटेर तीन करोड पचासलाख काटेर यता हालिएको यो भ्रामक समाचार आएको छ र अत्यन्तै धेरै सामाजिक सञ्जालमा आएर स्वंयम मेरो विभिन्न खाले टिकाटिप्पणी भैरहेका छन् । साँच्चै भ्रम हो कि, त्यो पैसा काटिएको हो कि, त्यो बाटो काटिएको हो कि, अहिले सम्म पनि निरन्तर आइरहेको छ, यो कुरा सभामुख महोदयमार्फत् राख्न चाहन्छु र यसलाई म तत्काल यसको बारेमा जानकारी गराइदिनु हुन आग्रह गर्दछु । हवस्त धन्यवाद ।

**माननीय सभामुख** : माननीय श्री अम्मरबहादुर थापा, समय पाँच मिनेट ।

**माननीय सदस्य श्री अम्मरबहादुर थापा** : माननीय सभामुख महोदय, अहिले १५ र १६ गते, १५ गते नौमुले गाउँपालिकाको वडा नं. ४ कालिकाको सबै पूरानो साविकको कालिका गाउँ विकास समिति अहिले ४ नं. वडा छ, त्यो वडामा असिनाले त्यहाँको सम्पूर्ण खेति र फलफुलहरू सबै नष्ट भएर त्यहाँका किसानहरूले बारीमा गाईवस्तु छाड्ने अवस्था आएको छ । १६ गतेको असिनाले नारायण नगरपालिका र

भगवतीमाई गाउँपालिका र दुल्लु नगरपालिका र भैरवी ४ र ५ वटा पालिकाहरूका सम्पूर्ण खेति नष्ट गरेर किसानहरूले अहिले गहुँ घर भित्र्याउनु पर्ने अवस्थामा सबै असिनाले गाईवस्तु छाड्ने अवस्था आएको छ, त्यसैले किसानका निमित्त सभामुखमार्फत् कर्णाली प्रदेश सरकारले त्यहाँको के भएको छ, कसरी कुन संयन्त्रबाट बुझ्न सकिने हो, बुझेर ४ महिना खान पुग्ने खेति नष्ट भएको छ, त्यहाँका जनताको । नौमुले गाउँपालिका आफैंमा १२ महिना खान पुग्ने गाउँपालिका होइन । त्यो क्षेत्र हिमाली क्षेत्र हो । त्यसमा करिब ६, ९ महिना खान पुग्ने ठाउँमा सबै नष्ट भएको हुँदा त्यहाँका जनताहरूले कसरी बस्ने र कहाँ जाने मलाई बारम्बार फोन गरिरहेका छन् त्यसो भएको हुनाले त्यसका निमित्त प्रदेश सरकारले के योजना बनाउन सक्छ र ती जनताहरूको व्यवस्थापन गर्न सकिन्छ सभामुखमार्फत् यो सरकारको ध्यानाकर्षित होस् भन्ने म अनुरोध गर्न चाहन्छु र अहिले यो असिना पर्यो, आगलागी भयो भने केन्द्रीय सरकारले पनि थोरै मात्र सहयोग गरेर चित्त बुझाउने कार्य गरेको छ । असिना पर्यो बिउ दिने, एकपोका तिउन दिने, आगलागी भयो भने अलिकति काठ दिने यो प्रवृत्तिलाई जनताका वास्तवमै दिनानुदिन आउने समस्याहरूलाई पूर्णरूपले सरकारले पनि थाम्न सक्दैन तर तत्कालका राहतका निमित्त कसरी व्यवस्थापन गर्न सकिने हो अहिले मैले दैलेखका मात्रै कुरा गरें र यो प्रदेश कै त्यस्तो संकट पर्यो भने सरकारले व्यवस्था गरोस् । मलाई लाग्छ त्यस्तो व्यवस्था गर्न तिर सरकार लागेको छ । कोषको खडा गर्ने वातावरण सिर्जना गरेको छ, भन्ने सुन्नमा आएको छ । त्यसो भएको हुनाले त्यसलाई कसरी फास्ट ट्र्याकबाट अगाडि बढाउन सकिने हो र त्यस्ता कुराहरू जनतालाई प्रत्यक्ष राहत हुने कुरामा हामी प्रदेशका सांसदहरू प्रदेश सरकारले कसरी व्यवस्थापन गर्न सकिन्छ, त्यतातिर सबैको ध्यानाकर्षण होस् भन्ने भनाइहरू राख्दै आफ्ना भनाइहरू यहीं राख्छु हवस्त, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री गणेशप्रसाद सिंह, समय पाँच मिनेट ।

**माननीय सदस्य श्री गणेशप्रसाद सिंह :** माननीय सभामुखज्यू, मैले सभामुखज्यूमार्फत् प्रदेश सरकारको ध्यानाकर्षण गराउन गइरहेको छु । २०७५ साल बैशाख १७ गते हिजो ४ बजे देखि साढे ५ बजे सम्म भिसण असिना पानी परेर बारेकोट गाउँपालिकाको १, २, ३, ४, ५, ६ वटा वडासम्म धेरै पशुचौपाया धनजन र बालीनालीको विनास भएको कुरा खबर आएको छ । मैले आज बिहान प्र.जि.अ. र डिएसपी कार्यालयमा सम्पर्क गर्दा बारेकोट गाउँपालिकासँग रिपोर्ट लिन सकेको छैन । त्यहाँको समस्या मैले सदन शुरु हुँदै गर्दा पहिलो पटक कम्यूनिकेशन डिजिजको कुरा मैले राखेको हुँ र अहिले पनि त्यो समस्या छ । सिडिओ कुरा जहाँ ४८ वटा ब्याट्रीहरू हुनुपर्ने ठाउँमा २४ वटा मात्रै छ त्यसैले सञ्चार नेटवर्कले काम गरेको छैन । पुलिसको, प्रशासनको वाइरलेसले पनि काम गरेको छैन । त्यसो हुँदा अहिलेसम्म रिपोर्ट पनि आएको छैन, मसँग सिडिओ साबले भनेको रिपोर्टअनुसार बारेकोट गाउँपालिका वडा नं. ४ मा १३ वर्षको राधिका सिंह र ८ वर्षको बिमल सिंह हिजो ५० ग्रामको असिनाले टिलेर मतलव अहिले उपचारार्थ अवस्थामा रहेको अवस्था र अन्य मानिसहरू पनि त्यसैगरी घाइते भएको अवस्था छ । गोठगाउँ मानबहादुर सिंहको एक हल गोरु, गाई, भैंसी खोलाले बगाएर मरेको र बाँकी अन्य वडामा पनि केही घोडा, बाख्रा, भेडाहरू बगाएको रिपोर्ट आएको छ, त्यसैले सभामुखमार्फत् प्रदेश सरकारले पहिला अनुगमन गरोस् यर्थात रिपोर्ट ल्याओस्, राहतको प्याकेज सरकारले यथासिघ्र बनाओस् । पूर्ववक्ता माननीयले भनिसक्नुभयो, विगतको जस्तै यो औपचारिकता निभाउने कार्यक्रम नहोस् । त्यो जाजरकोट जिल्लाको भोकमारी, फुड सेक्युरिटी नभएको जिल्ला हो । जुम्लासँग जोडिएको पालिका हो । गम्भिरताका साथ प्रदेश सरकारले तत्कालै अनुगमन गरी राहतको कार्यक्रम ल्याओस् भन्दै मेरो भनाइ यहीं टुङ्ग्याउँछु हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री पदमबहादुर रोकाया, समय पाँच मिनेट ।

**माननीय सदस्य श्री पदमबहादुर रोकाया :** माननीय सभामुख महोदय, म जुम्लाको क्षेत्र नं. ख को प्रदेश सभाको सदस्य हुँ । माननीय सभामुख माननीयलाई थाहा भएकै कुरा हो, मैले पटक-पटक भनेकै हुँ, बोलिसकेकै छु, हाम्रो प्रदेश सरकारले कत्तिको ध्यान दिने हो, त्यो व्यवहारले देखाउने छ । हामी आफ्नो क्षेत्रका लागि मात्र बोल्ने हैन, हामी १० जिल्लाको प्रतिनिधित्व गर्ने हौं । मेरो जिल्लाको क्षेत्र नं. १ मा आफ्नो क्षेत्रको मात्रै बोल्ने हाम्रो क्षेत्रको बोल्दै नबोल्ने भन्ने कुराको गुनासो आएको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयको मन्त्री नरेश भण्डारी पनि हुनु हुन्न, हाम्रो मा. दीनबन्धु श्रेष्ठ दाजु पनि उपस्थित हुनु हुन्न । मैले उहाँहरूको क्षेत्रको बारेमा पनि बोल्नु पर्ने हुन्छ । विश्वको सबैभन्दा अग्लो ठाउँमा काली मार्सी धान पाक्ने ठाउँ पातारासी गाउँपालिका छम्कोटज्यूला हो ।

केही साथीहरूलाई थाहा होला । कालीमार्सी धान भनेको यस्तो हो राणाहरूको पालामा त्यहाँबाट चामल झिकाएर खान्थे गरे । त्यहाँ नजिकै पातारासी हिमाल पर्दछ । बाहैं महिना हिउँ पर्दछ, त्यहाँबाट गुठीचौर हुँदै डोल्पा जाने सडकबाट नजिक पर्दछ । त्यस सडकलाई पनि यो प्रदेश सरकारले ध्यान दियोस् र त्यहाँबाट हाम्रो जुम्लाको क्षेत्र नं १ मा चन्दननाथ, भैरवनाथ र तातोपानी गाउँपालिकाको तातोपानी स्थान रहेको छ । स्वास्थ्यका लागि पनि धेरै ठाउँबाट तातोपानीमा नुहाउन आउने भएको हुँदा त्यसठाउँको विकासका लागि प्रदेश सरकारले ध्यान दिनु पर्दछ । तिला गाउँपालिकाको त्रिवेणी मन्दिर छ, ताम्तीको माथि नदाईडाव पनि रहेको छ, जो जाजरकोटसँग जोडिएको छ, त्यो ताम्तीबाट जाजरकोट जोड्ने सडक भएको हुँदा छिन्चु जाजरकोट पैंक हुँदै बाटो बनेको हुँदा केही २०-२५ किलोमिटर मात्रै बाटो बाँकी रहेको हुँदा त्यो सडक जोडिने बित्तिक्कै नदाईडाव ठूलो पर्यटकीय क्षेत्र बन्ने छ। हामीलाई जुम्ला र मुगु जाँदा छोटो हुने भएको र त्यही बाटो नै नाक्चेलाग्नासम्म पनि जोडिने भएको हुँदा त्यस सडकका लागि पनि प्रदेश सरकारले ध्यान दिनु जरुरी छ । हाम्रो सदन टुङ्गिदैं होला । असार मसान्तसम्म बजेट हामीले समाप्त गर्नु पर्छ, विकास गर्नुपर्ने छ । असार मसान्त आउँदै छ, अहिले सम्म कुन गाउँपालिका, कुन वडामा कति बजेट परेको छ हामीलाई थाहा छैन । अब हामीहरू भोलिपर्सीबाट हाम्रो क्षेत्रहरूमा जाँदैछौं। प्रदेश सरकारले छिट्टै हामीलाई कुन ठाउँमा कति बजेट पुगेको छ, असार मसान्त सम्म योजनाहरू समापन गर्नका लागि योजना बनाउनु पर्यो । योजना सञ्चालन गर्नका लागि हामीहरू प्रदेश सरकारमार्फत् जाने हो कि, पालिकामार्फत् जाने हो । मैले अस्ति गाउँपालिकामा मिटिङ्ग राखेर भनेको थिएँ सम्बन्धित प्रदेश सभा सदस्य, पालिकाका अध्यक्ष र सम्बन्धित वडाका अध्यक्षले तीनजना मिलेर योजनाको अनुगमन गरिनुपर्दछ। त्यो पहल पनि प्रदेश सरकारले गर्नुपर्दछ भन्दै अन्तमा धन्यवाद भन्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कौशिलावती खत्री, समय पाँच मिनेट ।

**माननीय सदस्य श्री कौशिलावती खत्री :** माननीय सभामुखज्यू, अस्ति राति १६ गते परेको असिना पानी र १७ गतेको बिहान सम्म परेको असिना पानीले जाजरकोटको लेकाली ठाउँमा रहेको हिँउदे बाली पूर्णरूपले नष्ट गरेको छ, विशेषगरी बारेकोट गाउँपालिकामा पशुचौपाया, हिँउदे बाली, पूर्णरूपमा नष्ट र केही पशुचौपायामा पनि क्षति भएको छ र दुईजना बच्चाहरू सख्त घाइते र अन्य विवरण आउन पनि बाँकी रहेको छ । मैले पनि डिएसपी र सिडिओ साबसँग सम्पर्क राखेको थिएँ । पूरा विवरण नआएको जानकारी भएको थियो । सडक सञ्जाल नजोडिएको जाजरकोटको दुर्गम भनेर चिनिने बारेकोट गाउँपालिका यसैमा पनि त्यहाँ अन्न उत्पादन राम्रोसँग हुँदैन, पूर्णरूपमा बाहैं महिना खान नपुग्ने, ६ महिना बल्लतल्ल खान पुग्ने बारेकोट गाउँपालिकामा असिनापानी हावाहुरीले हिउँदे बाली पूर्णरूपमा क्षति हुँदा, नष्ट हुँदा त्यहाँका

जनताको दुखलाई उचित किसिमको राहत उपलब्ध गराउन म सभामुखमार्फत् प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वाला :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशमा आकस्मिक वा प्रत्यासित कारणबाट सिर्जना हुन सक्ने विशेष परिस्थिति भुकम्प, बाढी पहिरो, आगलागी तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद्मा तत्काल चाहिने खर्च गर्नको लागि आवश्यक रकम व्यवस्था गर्न प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन गर्नुपर्ने भएकोले कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १५ को नियम १०६ को उपनियम (१) र (२) बमोजिम कर्णाली प्रदेश आकस्मिक कोष विधेयक २०७५ मा सैद्धान्तिक छलफलका लागि सभासमक्ष पेश गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भनि आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले प्रस्ताव गर्नुभएको विधेयक माथि सैद्धान्तिक छलफलका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री विन्दमान बिष्ट । समय सात मिनेट ।

**माननीय सदस्य श्री विन्दमान बिष्ट :** माननीय सभामुख महोदय, प्रदेश सरकारको तर्फबाट कर्णाली प्रदेश आकस्मिक कोष सञ्चालनसम्बन्धी विधेयक प्रस्तुत भएको छ । यसको सैद्धान्तिक छलफल प्रारम्भ भएको छ । नेपालको संविधानले व्यवस्था गरेबमोजिम हरेक प्रदेशले आफ्नो आकस्मिक कोषको निर्माण गर्न सक्नेछ भनेबमोजिम यो कर्णाली प्रदेशको आकस्मिक कोष विधेयक यहाँ प्रस्तुत भएको छ । अब यसले दैवी प्रकोपहरू प्राकृतिक र अप्राकृतिक, गैरप्राकृतिक विपद् लगायतका विषयहरूलाई तत्काल सम्बोधन गर्ने भनेर यसमा उल्लेख गरिएको छ । म सबैभन्दा पहिला प्रदेश सरकारलाई प्रकाश गरी प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला मन्त्रीज्यूले पेश गर्नुभएको यो विधेयक जो छ, यसको पहलकदमीका लागि र यहाँ प्रस्तुत गर्नुभएको छ यसका लागि प्रदेश सरकार र बहालवाला मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । हाम्रो जस्तो प्रदेशमा आवश्यकताहरू धेरै हुन सक्छन् । भौगोलिक विकटताका कारण यातायातको असुविधा छ । यस्ता विविध कारणहरूले गर्दा खेरि दैवी प्रकोपहरू, महामारीहरू विगतमा पनि हामीले धेरै नै झेल्दै आएका छौं । यसका समाधानका उपायहरू धेरै पनि छन् र खतरा अँझ पनि छन् । यस्तो प्रदेशमा यस विधेयक ल्याएर छिटोभन्दा छिटो ऐनमा परिणत गरेर आकस्मिक कोष निर्माण गरेर जनताप्रति जवाफदेही हुन, जनतालाई राहत प्रदान गर्नका लागि यो विधेयक आवश्यकता पर्थ्यो र बेलैमा यो विधेयक प्रस्तुत भएको छ, यसका लागि म धन्यवाद दिन चाहन्छु ।

सरसर्ती हेर्दा खेरि यसमा मैले धेरै उठाउनु पर्ने विषयहरू छन् जस्तो लाग्दैन । मैले उठाउन खोजेको विषय के छ भने हामीले यो संविधानमा उल्लेख भएबमोजिम यो विधेयक प्रस्तुत भएको छ । हामीले अस्ति बजेटमा मुख्यमन्त्रीको अध्यक्षतामा दैवी प्रकोप उद्धार समितिको परिकल्पना गरेका छौं । त्यसपछि गएर त्यो दैवी प्रकोप उद्धारका निमित्त गएर मुख्यमन्त्रीकै अध्यक्षतामा एउटा कोषको स्थापना गर्ने भन्ने कुराको परिकल्पना गरेर १ करोड रुपैयाँ पनि विनियोजन गरिएको छ । यसैकुराले गर्दा खेरि यहाँ अलिकति अल्झन हुन्छ जस्तो लाग्दछ मलाई । हुन त यो आकस्मिक तत्कालका घटनाहरूलाई समेट्ने होला, या दैवी प्रकोपको व्यवस्थापनको कुरा होला तर मलाई लाग्ने कुरा कस्तो होभन्दा खेरि यो डबल

हुन सक्ने, दोहोरिन सक्ने स्थिति रहन सक्छ, यसप्रति हामी अलि सचेत हुन जरुरी छ । राज्यको कोषलाई हामीले बढीभन्दा बढी सदुपयोग आवश्यकताको ठाउमा हामी आइपुगेका छौं । त्यसकारणले गर्दा खेरि दैवी प्रकोपका लागि, उद्धारका लागि मुख्यमन्त्रीको अध्यक्षतामा कोष हुने, यो आकस्मिक कोष आर्थिक मामिला मन्त्रालयले सञ्चालन गर्ने कुराको यो परिकल्पना गरिएको छ यो विधेयकमा । आर्थिक मामिला मन्त्रालयमा एउटा आकस्मिक कोष हुने र त्यसपछि गएर अर्को मुख्यमन्त्रीको अध्यक्षतामा दैवी प्रकोप उद्धार कोष त्यहाँ हुने । त्यसो हुँदा खेरि एउटै प्रकृतिको काममा दुईठाउँबाट यसलाई खर्च गर्ने व्यवस्था हुँदा खेरि मलाई लाग्छ यसले केही समस्या बनाउँछ कि भन्ने कुरा मैले यहाँ उठाउन खोजिएको हो । अरू विषयहरू उठाउनु पर्ने मैले देखेको छैन । उपर्युक्त समयमा यो विधेयक आएको छ, यसलाई हामीले छलफल गरेर यसलाई ऐन बनाएर हाम्रा आवश्यकताहरू पूरा गर्न अगाडि बढ्नुपर्दछ । मैले आफ्नो विषय अन्त्य गर्दछु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री चन्द्रबहादुर शाही, समय सात मिनेट ।

**माननीय सदस्य श्री चन्द्रबहादुर शाही :** सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रीले सम्मानित सदनमा कर्णाली प्रदेश आकस्मिक कोष विधेयक छलफलका लागि टेबुल गर्नुभएको छ र हामी यो छलफलमा जुटेका छौं । मलाई के लागेको छ भने दाउँलोमा बाँधिएको भैंसीलाई हामीले दाउँलो फुकालेर घाँस खानको लागि झन फुकुवा गर्ने काम एउटा गोठालोले गर्छ । त्यो भैंसीले घाँस खाइसकेपछि दुध बढी दिन्छ । दुध बढी दियो भने हामी मात्रै होइन हाम्रा बालबच्चाको हातमुख जोड्ने काम दुध बिक्री गरेर गर्छौं भन्ने एउटा गोठालाको सोच हुन्छ । त्यही मुताविक अहिले प्रदेश नं. ६ कर्णाली प्रदेशका जनताले कर्णाली प्रदेश सरकारले नीति तथा कार्यक्रम ल्यायो, बजेट ल्यायो, नीति पनि पास भयो, बजेट पनि पास भयो । अब हाम्रो हिजोका खुम्चीएका अनुहारहरू अब खुसीमय ढङ्गले मेटिन्छन् भन्ने जुन आशा र अभिलाषा गरिरहेको अवस्था हो तर जुन खुसीयाली नीति तथा कार्यक्रमले दिनुपर्ने हो त्यो दिएन । त्यसका लागि हामीले एउटा कोषलाई प्रदेश सरकारको सञ्चित कोषलाई नियम र धाराहरूलाई निलम्बन गरेर भएपनि हामीले बजेटलाई पारित गरेका छौं र अगाडि बढाएका छौं । त्यस मुताविक अहिले यो आकस्मिक कोष अगाडि बढिरहेको छ र त्यसमाथि हामी छलफल जुटिरहेका छौं । यो हिजो नीति तथा कार्यक्रममा पनि धेरै छुटेका कुराहरूमा हामीले छलफल गर्यौं ।

यो हाम्रो प्रदेश पहाडै-पहाड, भिरालै-भिरालो जमिन भएको प्रदेश हो र यो प्रदेश जहिले पनि जलवायु परिवर्तनका कारण कहिले असिना, त कहिले हिमपात, त कहिले मुसलधारे वर्षातले यति क्षति हुन्छ भनेर अहिले हामीले यहाँ कल्पना पनि गर्न सक्दैनौं । जुन सरकारले छुट्याएको बजेट आज मात्रै माननीयज्यूहरूले यस सम्मानित सदनमा, हिजो देखि आज मात्रै भएको क्षतिलाई हेर्दा खेरि, त्यो एक करोड बजेट हामीलाई १ दिनको असिनाले गर्दा, १ दिनको यो जलवायु परिवर्तनको कारणले गर्दा जनतालाई पीडामा पारेको छ, यो बजेटले पुग्दैन । योभन्दा अगाडि थुप्रै सरकार गठन भैसकेपछि यो संसद निर्माण भैसकेपछि अहिले सम्म करोडौ होइन धेरै क्षति भैसकेको छ, त्यसो भएकाले यो बजेट अपुग छ । यसले पुग्दैन किनभने मैले भने किन जलवायु परिवर्तन क्षेत्रमा नीतिले पनि बोलेन, हिजो बजेटले पनि बोलेन र अहिले त्यो जलवायु परिवर्तनका कारणले गर्दा समयमा पानी पर्दैन, समयमा हिंउ आउँदैन अनि हिंउ आउने बेला असिना आउँछ, असिना आउने बेला हिंउ आउँछ आदि इत्यादी कारणले गर्दा भिरालो जमिन जहिले पनि आपतकालिन यो परिस्थिति सिर्जना भइरहन्छ । त्यसो भएकोले यो बजेट मैले सर्वप्रथम कम भएको मैले महसुस गरेको छु त्यसैले यो बजेट रकम बढाइनुपर्छ । अर्को कुरा मैले राख्न खोजेको कानूनलाई बाझिने गरि कुनै पनि कार्यक्रम अगाडि बढाइनु हुँदैन भन्ने कुरा छ । हिजो आज मात्रै एउटा मुख्यमन्त्री

आकस्मिक कोष भनेर अघि नै पूर्ववक्ता माननीयज्यूले पनि राखु भयो । त्यताबाट पनि बजेट विनियोजन भएको छ र अर्को अर्थ मन्त्रालयबाट पनि आकस्मिक कोष भनेर अर्को हामीले यहाँ छलफल गरिरहेका छौं । कानूनलाई बाझिने गरेर कुनै पनि काम अगाडि बढाउँदा खेरि त्यो मितव्ययीता हुन सक्दैन । त्यो सहज ढङ्गले अगाडि बढ्दैन । यो कुरामा ध्यान दिनुपर्दछ । अर्को मैले उठाउन खोजेको कुरा के भने हामीले दाँउलामा बाँधिएको भैंसीलाई खुवाए जस्तै गरेर सञ्चित कोषलाई फुकुवा गरेका छौं, माननीय मन्त्रीज्यूहरू हजुरहरूले जुन आज आकस्मिक कोष पनि अवश्य पनि हामीले पास गर्नै छ, गर्ने छौं तर आकस्मिक कोषमा पनि माननीय मन्त्रीज्यूहरूले आआफ्नो क्षेत्र, आआफ्नो निर्वाचन क्षेत्र, आआफ्नो ठाउँमा मात्रै ध्यान केन्द्रीत गरेर अब आपतकालिन कुरालाई पनि तलमाथि गर्नुभयो भने यसले राम्रो सन्देश दिने छैन । त्यसैले खासै पिर, खासै मर्कामा परेका जनता तर्फ, ठाउँ तर्फ यो विधेयक मन्त्रीज्यू सरकारको ध्यान जाओस् भन्ने सुझाव राख्दै मेरो भनाइ यहीं अन्त्य गर्छु हस् त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री ठम्मरबहादुर बिष्ट, समय सात मिनेट ।

**माननीय सदस्य श्री ठम्मरबहादुर बिष्ट :** माननीय सभामुख महोदय, हामी यो आकस्मिक कोषको विषयमा छलफल गर्न गइरहेका छौं । अब यससम्बन्धी कुरा गर्नुभन्दा पहिले मैले यो संसद, यो हाउसको एउटा बुँदामा मैले ध्यानाकर्षण गराउन चाहन्छु माननीय सभामुख महोदयमार्फत् । हामी चाहिँ संसदका कार्यवाहीमा होस् या बाहिरका होटेलमा हुने कार्यक्रममा होस् । हाम्रो समय एकदम बर्बाद भएको जस्तो छ । हामी आर्थिक समृद्धिका कुरा गरिरहेका छौं । पाँच वर्ष देखि दश बर्षको बीचमा एसियाकै एउटा लेवलमा पुर्याउने संकल्प हामीले राखेका छौं । पाँच लाख रुपैयाँ पुर्याउने प्रति वर्षको कुरा हामीले गरिराखेका छौं तर समय जसरी हाम्रा बैठकहरू ढिलासुस्ती या गञ्जागोल तिरबाट बढिरहेका छन् यो कुनै निश्चित मन्त्रालय, मन्त्री या संसदभन्दा पनि समग्रमा स्वीकार गर्न पर्ने विषय यो पर्दछ । किनकी एउटा पंचुवालिटी इज द सोउफ अफ विजनेश एउटा विद्वानले भनेका छन् , हरेक समय भन्ने कुरा एउटा व्यवसायको हातमा हो । यसलाई कसरी बुझेका छौं हामीले, विदेशीहरूले हामीहरूलाई सधैं इन्सल्ट गर्ने गर्दछन् । मैले झण्डै एक ढेड सय विदेशीहरूसँग सहकार्य गर्ने अवसर पाएको थिँए । ह्वाइ योर नेपाली टाइम, तपाईंले ६ बजे भनेको रातीको ६ बजे पनि हुनसक्छ भनेर इन्सल्ट गर्ने गर्दथे । हुनु त यो कुरा सानै हो । लेनिनले भने जस्तै क्रान्ती ठूलो कुरा हो तर सानो सानो कुराबाट शुरु हुन्छ भने जस्तै योबाट कतै फेरि यसले खतरामा पर्ने देख्छु र हरेक काममा हामीले हिँजै पंचायतको शैलीमा मेरो कुरा होस् या मन्त्रीको कुरा होस् २ वा १ घण्टा पछि पुग्ने यो अलि पञ्चायतको जो अञ्चलाधिशको जस्तो शैली होला जस्तो होला भन्ने खतरा देखिन्छ । "बेटर थ्री हावर्रस टु सुन, देन अ मिनेट टुलेट" भन्ने शेक्सपियरले भनेका छन् । बरु तीन घण्टा पहिले आएर बस्नुहोस् एक मिनेट ढिलो नगर्नुहोस् । त्यो ठूलो फल्ट मानिन्छ । यो कुरालाई मैले ध्यानाकर्षण गराउन चाहें । अब जहाँसम्म यो कुराहरू बाढी पीडितको कुरा छ यसमा अब माननीय आर्थिक मामिला मन्त्रीज्यूले मेहनतका साथ ल्याउनु भएको छ उहाँलाई धन्यवाद छ । काम गरेको मान्छेलाई धन्यवाद दिँदा अलिबढि कामगर्ने जाँगर लाग्न पनि सक्छ तर त्यसो हुँदा अब १ करोड भन्नेकुरा केही पनि होइन । अर्को कुरा यहाँ खतरा केछ भने बाढी पहिरो जान्छ, पुरै घर जान्छ, जिल्ला भरीका कार्यालय घुमेर डकुमेण्ट मिलायो भने मुश्किलले ५ हजार पाउने । किरिया खर्च पनि नहुने । यो खालको जो छ १ करोड कसरी खर्च हुने हो, यसको पनि अलिकति बाढी पीडित, घर आगजनी, बालीनालीको कुरा गर्नुभएको छ, त्यो रिकभर हुने गरी दिनुपर्यो । नभएपनि आधाउधी पनि होस् । त्यो आँशु पुछने रुमालै किन्न नसकिने पैसा दिएर के हुन्छ । त्यसैले यो संघीय सरकार हो, यो प्रादेशिक सरकार हो, सिंहदरबार घरघरमा गाउँगाउँमा आइसक्या छ, त्यो अनुभूति हुने गरी गाँठे साँच्चै

भएछ है भन्ने गरिकन हामीले गर्न जरुरी छ, मैले यो सुझावको रूपमा कति पुग्छ अलिकति सरकारले एक्सर्साइज गरोस्, मैले त्यो कुरा राख्न चाहन्छु ।

अर्को कुरा कतिपय बालीनालीका कुराहरू, गाईगोठका कुरा, जनधनका कुरा पनि तुरुन्तै एक्शन लिनुपर्दछ । सँगसँगै सुर्खेतको कुरा जो उठिरहेको छ नि, बाढी पीडितको कुरा, यसमा एउटा रेस्क्यु प्लान चाहियो । हामीले यहाँ धेरै कुरा उठायौं, त्यसको ठोस जवाफ आएन । अहिले पुनर्स्थापनको कुरा होइन, पुनर्स्थापनाको कुरा गर्दा वनको कुरा जोडिन्छ, अरू मन्त्रालयको कुरा जोडिन्छ, अब अहिले त्यहाँ हेर्नुहोस्, असार श्रावणमा व्यवस्था गरिएन भने पुरै पाल उडाएर फालिदिन्छ, महामारी फेलिन्छ । एकैचोटी कालो झण्डा लिएर, घेराबन्दी गरेर, जिन्दावाद, मुर्दावाद गर्दै आउने बनाउने रहर छ भने बेग्लै कुरा हो । होइन भने मानवीय संकट त्यो पालभित्र छ, त्यो रोदन चाहिँ सुनेर तत्काल एउटा रेस्क्यु प्लान बनाएर अगाडि बढ्नुपर्यो । हाम्रै वरीपरी छन् फेरि तालिम केन्द्रमा छन्, गिरी घाटमा छन्, छिन्चु वरपर, यहीं वरपर छन्, यिनको व्यवस्थापनको लागि रेस्क्यु प्लान, आकस्मिक कोष अब यहींबाट शुरु गर्नुपर्यो । एकदम राम्रो समय आएको छ त्यसैले अब यसको काम शुरु गर्नुपर्यो । मैले यो कुरा राख्न चाहन्छु । अन्तिममा मैले के कुरा गरौं भने अब "खोदा पहाड निक्ला चुहा" भन्ने एउटा हिन्दुको उखान छ । अस्ति तपाईंको यो छुट्यो र उ छुट्यो केबुलकार देखि विकासको कुरा गर्दा हाम्रा पनि नशा तातिहाले, कतै छुट्यो कि त, यता छुट्यो कि उता छुट्यो भन्नाले म जस्तो पातलो मान्छेको पनि ब्लडप्रेशर नै हाइ भयो झन मोटाका कति भयो होला । हुँदाहुँदा सचिव र मन्त्रीहरूको लास्ट कुरा के सुनिदैंछ भने अब संरचना पनि छैन कानून पनि छैन उतै असार पछि हुने हो भने पछि त के रिहर्शलका लागि गर्या हो भन्नु पर्यो । हुन पनि रिहर्शल गर्दा फाइदा पनि पुगेकै पनि होला तर यो रिहर्शल मात्रै गरेर उता फेरि जनताले कति बेला ल्याउने हुन भनेर बाटो कुरेर बस्या होलान् । त्यो कुरा सरकारले व्यवस्था गरिदिनुपर्यो कसरी जाने हो माननीयज्यूहरूलाई, त्यसकारण यसमा मैले भन्न खोजेको कुरा तुरुन्तै एक्शन प्लानमा जाने गरी, अब नीति नियमका कुरा छन्, कार्यविधिका कुरा छन्, तलबका कुरा छन्, सेवा सुविधाका कुरा छन् अरू कुरा छन्, किन गन्जागोल भइरहेको छ । जवाफ कस्ले दिने हो । जनतालाई जवाफ दिने कस्ले हो । मेरो वा कसैको आवश्यकतासँग जोडिएको विषय होइन ।

हाम्रो घर व्यवहारका कुरा, अरू कुनै आवश्यकताका कुरा, परिवारका चाहनाका कुरासँग जोडिएको कुरा होइन । यसको पोलिसी के हो त । एकैचोटी पाँच वर्षपछि भुक्तानी हुने पो हो कि । यस्तै गरी चलाउने हो कि, बरु भन्दिनु पर्यो ऋण सापट गरौंला, राजनीति गरेकै छ, बीसको तिस तिसको बीस पचास पुग्दै जति पुग्छ पत्याउनेलाई चाहिँ मान्दै जाउँला । यति नै हो कि अहिले चाहिँ होइजान्छ कि, यति खेर त हुने होला केही भनेर साहुहरूलाई भुलाइया थियो, गरिबलाई दिउँला नभन्नु अरू केलाई लिउना नभन्नु भने जस्तो यो तरिकाले यसलाई मैले ठोस रूपमा लागु भएर आउँनु पर्यो । ऐनका कुरा, कानूनका कुरा, कार्यविधिका कुरा, अलिकति छाँटले गरौं न भन्दै मैले यो कुरा निवेदन गरे, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको सैद्धान्तिक छलफलमा उठेका कुराहरूमा आफ्ना धारणा राख्न माननीय अर्थ मन्त्रीलाई समय दिन्छु ।

**माननीय सदस्य श्री प्रकाश ज्वाला :** माननीय सभामुख महोदय, सभामुख महोदयको अनुमतिले म आकस्मिक कोषसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा उठेका सदनमा उठेका विषयहरूमा संक्षेपमा जवाफ दिनका निम्ति यहाँ उभिएको छु । म के कुरामा विश्वस्त छु भने यो

आकस्मिक कोषसम्बन्धी विधेयकका बारेमा कन्फ्यूजन छन् ती कुराहरू माननीयज्यूहरूले उठाउनु भएको छ त्यो अत्यन्तै स्वभाविक छ । यो विधेयकको यो बिलको बारेमा सदन र सबै माननीयज्यूहरू अत्यन्तै धेरै प्रष्ट हुनुहुन्छ भन्ने कुरा पनि म अनुरोध गर्न चाहन्छु । माननीय विन्दमान बिष्टज्यूले जसरी विषयहरू उठाउनु भयो, खास मुल कुरा उहाँले उठाउनु भएको छ। नेपालको संविधानमा यो आकस्मिक कोषसम्बन्धी व्यवस्था योभन्दा पहिला केन्द्रीय सरकारमा थिएँन । सरकार नै केन्द्रीय सरकार मात्रै थियो । एउटा दैवी प्रकोप उद्वार कोष भन्ने चाहिँ प्रधानमन्त्रीको नेतृत्व थियो छ र हुन्छ पनि । अर्को तिर चाहिँ दैवी प्रकोप राहतकोष गृह मन्त्रालयमा थियो । अब दैवी प्रकोप उद्वार कोष प्रधानमन्त्रीको नेतृत्वमा केन्द्रमा छ ।

त्यस्तैगरी स्वभाविक रूपमा प्रदेश सरकारसँग पनि मुख्यमन्त्रीको नेतृत्वमा दैवी प्रकोप उद्वार कोष चाहिँ रहन्छ । मुख्यमन्त्रीको नेतृत्वमा चाहिँ दैवी प्रकोप उद्वार समिति बन्छ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सञ्चालन गर्ने गरी दैवी प्रकोप उद्वार कोष रहन्छ । त्यो अहिले सम्म हाम्रो प्राक्टिस पनि छ । सेन्टरलमा भएको प्राक्टिसलाई प्रदेशस्तरमा पनि प्रदेश सरकारले कार्यान्वयन गर्दछ । यस कोषका बारेमा पनि केही प्रश्न उठेका हुन् । आज यो विषय होइन, जोडिएको कारणले राख्न चाहन्छु । यसको चाहिँ कार्यविधि दैवी प्रकोप उद्वार कोष सञ्चालनको कार्यविधि बनाउनु पर्दछ । अलि प्रष्ट कार्यविधि बनाएर सञ्चालन गरिने छ । नेपालको संविधानमा नै व्यवस्था गरिएको र खासगरी प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरू उदाहरणका निमित्त भुकम्पकको कुरा अकस्मात भुकम्प आयो । राज्य कोषबाट जतिबेला पायो उतिबेला बजेट निकासा गर्न गाह्रो हुन्छ । यो एउटा चाहिँ रिजर्भ फण्ड जस्तो पनि हो । जस्तो यहाँ चाहिँ माननीयज्यूहरूले उठाउनु भयो । असिनापानीले पुर्याएको क्षति, त्यो क्षति जसले व्यहोरेको छ, क्षति व्यहोर्नेहरूलाई हामीले कसरी सहयोग गर्ने । हामीसँग त केही पनि छैन । हामीले सुनेर बस्ने मात्रै त भयो । तपाईंहरूले आफैं भनिसक्नु भयो केन्द्रबाट सिडिओ कार्यालयमा हुन्छ दैवी प्रकोप उद्वार कोष, त्यसको नोमिनल वा केही सामान्य त्यो जिल्ला प्रशासन कार्यालयबाट दिने सहयोगभन्दा त नेपाल रेडक्रस सोसाइटीबाट दिइने सहयोग बढी हुन्छ । सरकारले दिने सहयोग चाहिँ यकदम कम हुन्छ, न्यून हुन्छ । त्यसबाट पीडितहरूले राहतको क्षतिपूर्तिको महसुस गरेका हुँदैनन् । दैवी प्रकोपका कारणले वा प्राकृतिक कारणले वा चाहिँ बाढी पहिरोबाट कुनै मान्छेको ज्यान गयो भने ज्यान गएको मान्छेले पाउने चाहिँ, परिवारले पाउने रकम चाहिँ बडा असाध्यै न्यून हुन्छ । यहीं हामीले सुर्खेत लगायतका जिल्लाहरूमा तीन वर्ष अगाडि असाध्यै ठूलो बाढीले धेरै मान्छेहरूको ज्यान गयो । उनीहरूलाई सहयोग गर्नका निम्ति सरकारले विशेष निर्णय गर्नुपर्यो । किनभने हामीसँग त्यस्तो व्यवस्थित कोष थिएन । भुकम्प बाढी पहिरो, आगलागी, असिना पानी जस्ता दैवी प्रकोप वा प्राकृतिक प्रकोप वा गैर प्रकोप, प्राकृतिक प्रकोप बाहेकका पनि प्रकोप हुन सक्छन् वा त्यस्ता घटना वा दुर्घटना हुन सक्छन् । त्यस्तो अवस्थामा चाहिँ सरकारले तत्काल रकम निकासा गरेर उद्वार, राहत र व्यवस्थापनका लागि खर्च गर्नका लागि यो कोषको व्यवस्था संविधानको व्यवस्थाअनुसार गरिएको हो । यो दुईवटा कोषको विषय एउटै भएपनि यसको प्रकृति फरक छ । केही सामान्य राहतका निमत्त, सहयोगका निमित्त, दैवी प्रकोप उद्वार कोषबाट खर्च गरिएपनि यो चाहिँ आकस्मिक कोष एउटा निश्चित कार्यविधि बनाएर कार्यान्वयन हुन्छ ।

यसमा चाहिँ मन्त्रीले तोक लगाएर कुनै पीडितलाई पैंसा दिइहाल्ने वा कुनै माग गर्यो त्यसअनुसार दिइहाल्नेभन्दा प्रष्ट माननीयज्यूहरूले बुझ्ने गरी, सबैले बुझ्ने गरी कार्यविधि बन्दछ । किनभने यो पहिलो ऐन हो । हामीले संविधान कार्यान्वयनको क्रममा एउटा चाहिँ महत्त्वपूर्ण ऐन बनाउँदै छौं । यो ऐन पास भयो भने प्रष्ट मापदण्ड सहितको कार्यविधि बन्दछ । मान्छेको ज्यान गएकोमा के गर्ने हो, कति सहयोग

गर्ने हो, अनि मान्छे विस्थापित भयो त्यसको पुनर्स्थापना कसरी गर्ने हो, पशुचौपायाहरूको क्षति भयो त्यसको आँकलन कसरी गर्ने त्यसको निश्चित मुल्याङ्कनको विधि र त्यसअनुसार को एकरूपताका साथ सहयोग र पुनर्स्थापना हुने गरी कार्याविधि बनाउँछौं । अहिले त एउटा फण्ड बनाउनका लागि मात्रै यो ऐन बनाइएको हो । अर्थात एक करोड रुपैयाँ यसमा रहनका लागि यो व्यवस्थाका लागि गरिएको हो । यसको डिटेल चाहिँ, प्रारूप यो ऐनमा आएको छैन, ऐनमा आउन पनि सक्दैन । अब यो एक करोड कम भयो कि भन्ने कुरा जहाँ छ यो असार मसान्त सम्मका निम्ति एक करोड रकम राखिएको हो । यो स्थापनाको समय हो । यो एक करोड उस्तै परे एक रुपैयाँ पनि खर्च नभएर बाँकी रहन सक्छ । आगामी वर्षका लागि सर्न सक्छ । सिङ्गो एक वर्षका निम्ति एक करोड चाहिँ कुनै हालतमा पनि पुग्दो रकम हुँदैन । त्यसका निम्ति आगामी आर्थिक वर्षको बजेटमा योभन्दा धेरै बजेट चाहिँ कोषमा छुट्याउने व्यवस्था गरिन्छ । अहिलेलाई यो चाहिँ अनुमानका साथ असार मसान्तसम्म एक करोड खर्च हुन नसक्ला भनेर अनुमानका आधारमा यो कोषमा एक करोड रहने व्यवस्था गरिएको हो । मलाई विश्वास छ यो आर्थिक वर्ष २०७५/०७५ मा एक करोडले पुग्न सक्छ । त्यस्ता घटनाहरू नहुन त्यस्ता विपतिहरू नआउन त्यसरी प्राकृतिक विपति पर्न नपरोस् र यो रकम पुरै बच्न सकोस् यो कामना गरौं । भोलिका निम्ति ठूलो रकम व्यवस्था हुन्छ । जहाँसम्म बाढी पीडितको कुरा छ, यो स्पेशल केश हो यो । पहिले पीडित भइसकेका मान्छेहरूको व्यवस्थापनको घरबासको व्यवस्था गर्ने केश हो । यो आकस्मिक कोषले पनि यसलाई छुदैंन । यो कुनै दैवी प्रकोप उद्धार कोषले पनि छुँदैन । यसका निम्ति बजेटमा विशेष व्यवस्था गरिएको छ । तत्काल कार्यदल बनाएर, उनीहरूको बसोबासका निम्ति जग्गा प्राप्त गर्ने र घरबासको व्यवस्था गर्ने कुरा चाहिँ स्पेशल कुरा हो। खासमा चाहिँ सुर्खेतमा पीडित छन् र अन्य जिल्लामा पनि छन् भने तिनीहरूलाई पनि त्यो व्यवस्था गरिन्छ । यो एक्शन प्लान तत्काल बनाएर अगाडि जाने कुरा छ, अलिकति रिलेटेड भएकोले म माननीयज्यूहरूले यो प्रश्न उठाउनु भएको छ यसका निम्ति पनि म धन्यवाद दिन चाहन्छु । अब म जाँदाजाँदै चाहिँ पारिश्रमिक सेवा सुविधा सम्बन्धि कानूनहरूको कुरा पनि छ । प्रदेश सरकारको तर्फबाट संसदमा दर्ता भएका छन्, छलफल गरेर छिटोभन्दा छिटो निर्णय गर्ने कुराको निम्ति म चाहिँ यो सम्मानित सदनमा सामु अनुरोध गर्न चाहन्छु । फेरि पनि म यो आकस्मिक कोष अर्जेण्ट कोष हो । यो चाहिँ नियमित रूपमा खर्च गर्ने कोष होइन । यो कतै दुरूपयोग र अनियमितता हुन्छ कि । सरकारले आफ्नै ढङ्गले खर्च गर्छ कि भनेर शंका नगरौं । एउटा विधि र कार्यविधि बनाएर खर्च गरिने । कहिले काँही चाहिँ तत्काल त्यस्ता अवस्था आउने भएकाले छिट्टो पारित गरिदिनुहुनका लागि म हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफल समाप्त भइ जवाफसमेत प्रस्तुत भएको सम्बन्धमा प्रस्तुत विधेयकमा संशोधन सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०९ को व्यवस्थाअनुसारको समयावधि आरम्भ भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

❋❋❋

# बैठक संख्या-२२

(२०७५ बैशाख १८ गते आइतबार)

प्रदेश सभाको आजको बैठकको कार्यबाही माननीय सभामुख श्री राजबहादुर शाहीको अध्यक्षतामा आइतबार दिनको १ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, पहिलो अधिवेशन समापनको प्रक्रियामा चालु अधिवेशन अवधिको समिक्षा सहित समापन मन्तव्यका लागि माननीय सदस्यहरूलाई समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय सदस्य श्री यामलाल कंडेल :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सभाको पहिलो अधिवेशनको हामी समापनको चरणमा उपस्थित छौं । म त्यति धेरै कुरा राख्न चाहन्न । हामी पहिलो चोटी प्रदेश सभा निर्माण भएको हुनाले केही अनुभव सहित, केही अभ्यास सहित, यो बैठक सक्दै छौं । हाम्रो अनुभव र अभ्यासले अब हुने दोश्रो बैठकमा हामी सबैको भूमिका प्रभावकारी भई नै हाल्छ । प्रदेश सभा सञ्चालनका निम्ति गरिएका हामीले व्यवस्था गरेको वा पारित गरेको नियमावलीको व्यवस्था हामीले धेरै प्रयोग गरेका छौं । प्रदेश सभाले गरेका कामकार्यवाहीका बारेमा हामीले पछि जानकारी पाउने नै छौं तर यो नियमावलीले व्यवस्था गरेअनुसार हामी सांसदहरूले आफ्नो ठाउँबाट केही अभ्यासहरू गरेका छौं । अझ पनि नियमावलीमा भएका अभ्यासहरू गर्न बाँकी छ । हामीले विशेष समितिको अभ्यास गर्यौं, हामीले सुन्ने समयको अभ्यास प्रयोग गर्यौं तर नियमावलीमै व्यवस्था भएअनुसार हामी माननीयहरूले सार्वजनिक महत्त्वको प्रस्ताव, सम्पर्क प्रस्ताव, उस्तै परे कहिले काँही सचिवालयको ध्यान नगएको माननीयहरूको ध्यान गएको अवस्थामा ढ्यापढ्यापी पनि भन्ने चलन छ । प्रदेश सभामा त्यस्ता अभ्यासहरू आगामी दिनमा गर्ने नै छौं । मलाई लाग्छ छिट्टै परिपक्व र प्रभावकारी संसदका रूपमा हामीले महत्त्वपूर्ण भूमिका खेल्छौं जस्तो लाग्छ । यसले दुरगामी महत्त्व राख्ने निर्णयहरू पनि गरेको छ । संसद सञ्चालनका विषयमा पनि यसले दुरगामी महत्त्व राख्ने निर्णय गरेको छ तर प्रदेशलाई मात्रै होइन अन्य प्रदेशलाईसमेत दुरगामी प्रभाव पार्ने गरी पहिलो सभामा नै हामीले केही निर्णयहरू गरेका छौं । जुन निर्णय अरू प्रदेशमा औपचारिक रूपले प्रवेश गर्नै नसकेको अवस्था छ । यद्यपी जहाँ जानुहुन्छ सरकारका माननीय मन्त्रीज्यूहरू धन्यवादको पात्र हुनुहुन्छ । उहाँहरूको सहि सहयोगबाट यो सभाले सर्वसम्मत् ढङ्गले जटिल विषय निरूपण गरेका छौं । त्यो भनेका हामीले प्रदेशको नामाकरण गरेका छौं । जुन प्रदेश अरूका निमित्त आन्तरिक र अनुत्तारित छलफल चलिरहेको भएता पनि औपचारिक विषय प्रवेश गर्न सकिरहेको छैन । हामीले हाम्रो प्रदेशको राजधानी सर्वसम्मत् ढङ्गले सम्बोधन गर्न सकेका छौं । त्यसकारणले त आज सबै प्रदेश र प्रदेश मध्ये कर्णाली प्रदेशको चर्चा गर्ने परिस्थितिमा हामी अगाडि बढेको सुखद अनुभूति मैले गरेको छु । सिक्न पर्ने कुराहरू धेरै छन्, जान्नु पर्ने कुराहरू धेरै छन् त्यसलाई समयक्रमअनुसार हामी सामूहिक अभ्यासबाट एकआपसबाट सरसहयोगको आधारबाट एक र अर्को दलको सम्बन्धमा सौहार्दपूर्ण तरिकाले सम्बन्ध बलियो बनाएर, पहिलो अधिवेशनमा रहेको यो सकारात्मक प्रभावलाई अब हामी यहाँबाट जाँदा हाम्रो समाजमा पनि हामी जो जुन जल दलका भएपनि हामी यो प्रदेश सभाका सदस्य छौं । कोही एमालेका छौं, कोही माओवादीका छौं, कोही काँग्रेसका छौं त कोही राप्रपाका छौं । हामी जो कोही पनि गाउँघरमा जाँदा खेरि पनि यो सभाभित्र रहेको जुन सौहार्दता गाउँघरमा जाँदा खेरि पनि प्रदर्शन गर्न सक्यौं भने त्यसले जनस्तरमा पनि सकारात्मक प्रभाव पार्ने छ, त्यतापट्टि म सबैको ध्यानाकर्षण गराउन चाहन्छु ।

हामीले त केही फुर्सद पायौं, हामीले गरेको नियमावलीअनुसार  फेरि छिट्टै हामीले अर्को अधिवेशन बोलाउनै पर्ने नियमावलीको वैधानिक व्यवस्था छ, त्यतापट्टि मलाई लाग्छ, सरकारको सदनको ध्यान जानेनै छ । म फेरि पनि अनुरोध गर्न चाहन्छु सरकारलाई छोटो समय छतर फेरि पनि भन्न चाहन्छु, फुल फेजका सरकार निर्माण गर्न के चाहिन्छ, सरकारमा रहने मन्त्रीज्यूहरूलाई थाहा छ ।  त्यसकारणले मेरो संसद त सकियो तर म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु, विलम्व प्राथमिकताका साथ सरकारको संरचना निर्माण गर्ने काम जति गतिका साथ गर्नुहुन्छ, त्यति सरकारको भूमिका प्रभावकारी रूपमा जनस्तर सम्म पुग्न सकिन्छ । अहिले माननीय र मन्त्रीका बीचमा मात्रै सरकार छ । माननीय र मन्त्रीका बीचमा सरकार भएर जनताले अपेक्षा गरेअनुसार को कामकार्यवाही पूरा गर्न सकिदैंन । अब यो सरकार संसदमार्फत् जनतासम्म पुग्ने हो भने त्यो संघीय सरकारले बनाएका संरचनाहरू कसरी ल्याउने हो संवाद गरेर, वार्ता गरेर, छलफल गरेर अविलम्व ल्याउने कुरामा लाग्न पर्छ । संरचना दुई किसिमका छन् । हामी आफैं निर्माण गर्ने संरचना अर्को संघीय सरकारले निर्णय गरे मुताविक हुने संरचना, यी दुईटा संरचना बिना सरकार जनताको तहसम्म पुग्न सक्दैन । यतापट्टि म ध्यानाकर्षण गराउन चाहन्छु । संसद सकिहाल्यो भनेर सरकार त्यतिकै बस्यो भने अहिलेकोभन्दा कठिन परिस्थित अर्को बजेट, अर्को नीति कार्यक्रम ल्याउने बेलामा हुन्छ । अहिले त हाम्रो प्रारम्भिक काल भएको हुनाले जनताले माफी गरिदिन सक्छन् तर फूल फेजको बजेट ल्याउने क्रममा त्यो निकाय भने संरचना भएन र त्यस विषयमा अन्यौल भयौं भने द्विविधा सिर्जना हुन्छ भन्ने कुरामा ध्यानाकर्षण गराउन चाहन्छु । दोश्रो संरचना त बनायौ तर त्यसलाई रेगुलेट गर्ने कानून भएन भने, तपाईं संरचना बनाएर आदेशका भरमा संरचना चल्न सक्दैन । कानून कुन प्राथमिकतामा पर्दछ, त्यो तपाईंहरूलाई पनि थाहा छतर म अनुरोध गर्न चाहन्छु, सबै कानूनहरू अर्थपूर्ण छन् तर तपाईंलाई हुँदै नहुने कानूनको कुन हुन पहिला आफैं निक्यौंल गर्नुहोस् । कानूनमा पहिला ध्यान दिनुहोस् । संरचना निर्माण गरिसकेपछि ती संरचनालाई रेगुलेट गर्ने कानून अर्थमन्त्रीको ध्यान गएकै छ । अब अर्को बजेट आउँदा हामी करको बारेमा पनि बजेटमा निक्यौंल गर्नुपर्दछ । बिना कानून कर लगाउन सकिदैंन, बिना कानून असार १ गते बजेट ल्याउनु पर्ने हुन्छ । फेरि बजेट छलफल हुन्छ, त्यसका निम्ति पनि कतिपय वैधानिक आधारहरू पनि निर्माण गर्नका निम्ति सरकार लागेकै छ । केही हिजोकोभन्दा संसदमा पेश गर्नुपर्ने विधेयकको गतिको संख्याको मात्रा बढेको छतर म अनुरोध गर्न चाहन्छु, तपाईंलाई नभई नहुने, तपाईंका के तयार छ त्यो ठूलो कुरा होइनतर तपाईंलाई नभई नहुने विधेयक के हो छनौट गर्नुहोस् र त्यसको १०-१५ दिनमा त्यो काम पूरा गरेकै हुनुपर्ने छ । पूरा गर्नुभयो भने सरकार जनतासम्म पुग्न सक्नु हुन्छ,पूरा गर्नुभएन भने सरकार माननीय र संसदका बीचमा मात्रै रहन सक्छ, त्यसकारण म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु र अन्त्यमा म सभामुखमार्फत् आफैं रहेको संसद सचिवालयको ध्यानाकर्षण गराउन चाहन्छु । सजिलो छ, अफठ्यारो छ, मौका मिल्ने हुँदा तर म अनुरोध गर्न चाहन्छु अब बस्ने बैठक, मेरो अनुरोध हो, यहाँ नहुने जहाँ हो त्यहीं गर्ने गरी गरेर देखाउनु पर्नेछ ।

सभामुखमार्फत् म यो संसदको सचिवज्यूको विशेष आग्रह गर्न चाहन्छु कि अब बन्ने संसद जहाँ बस्दै छौं, अस्थायीमा होइन स्थायीमा बस्ने गरी, तपाईंले यो छोटो समयमा के गर्नुपर्छ, त्यो गर्नुपर्ने कुरामा हेक्का राख्नुपर्ने अवस्था रहन्छ । गार्हो सार्हो परे भोलि त्यो समय पछि कुरामा हामी पनि ख्याल गरौंला तर यति बेला गार्हो सार्हो मान्ने तर हामी बैठक अस्थायी नै चलिरहने परिस्थिति मलाई लाग्छ राम्रो हुँदैन । त्यता पट्टि संसदको ध्यान जान जरुरी छ । संसदभित्रका हामी तपाईंको त केही कार्यालयहरू व्यवस्थित भएको देखिदैंछ, भइसकेको छैनतर संसदको अभिन्न अङ्ग रहेका दलहरूको कार्यालय र व्यवस्थाका निम्ति पनि उत्तिकै महत्त्वपूर्ण ढङ्गले चिज र आवश्यकता हो, यता पट्टि पनि सचिवालयको ध्यान जानेछ, यिनै कामहरू

गरियो भने मलाई लाग्छ, प्रदेश सभाको कामलाई प्रभावकारी ढङ्गले, व्यवस्थित ढङ्गले,अरू प्रदेशभन्दा अनुकरणीय ढङ्गले कर्णाली प्रदेशको सभा र बैठक र सरकार सञ्चालन गर्ने कुरामा हामी अगाडि बढ्न सक्छौं । यतापट्टि सबैको ध्यानाकर्षण गर्दै अनुभव सहितको परिपक्व जनप्रतिनिधिका रूपमा सबै साथीहरू, सबै माननीय सदस्यज्यूहरू हामी जनताको भावनाअनुसार प्रतिक्रिया बुझेर, फेरि दोश्रो बैठकमा भेट हुने अपेक्षा र विश्वासका साथ आफ्ना भनाइहरू यही टुङ्ग्याउँछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय सदस्य श्री सीताकुमारी नेपाली :** माननीय सभामुख महोदय, हाम्रो कर्णाली प्रदेशको पहिलो अधिवेशन सम्पन्न गर्ने चरणमा हामी समिक्षात्मक दलका तर्फबाट समिक्षात्मक भनाइका निम्ति यो रोस्टममा उभिँदैं गर्दा आज १२९ औं अन्तर्राष्ट्रिय श्रमिक, मजदुर दिवस पनि परेको छ । यस दिवसको अवसरमा श्रमजिवी मजदुरहरू लगायत सम्पूर्णमा शुभकामना पनि व्यक्त गर्न चाहन्छु । नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी लोकतान्त्रिक, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । यो राज्य निर्माण गर्दै गर्दा खेरि संघीय संरचनालाई कार्यान्वयन गर्ने क्रममा प्रदेश नयाँ संरचना सहित हामी प्रदेशको व्यवस्थापिकामा उपस्थित थियौं । हामीले शपथ ग्रहण गरेपछि आजसम्म आइपुग्दा लगभग साढे तीन महिना जस्तो समय वेथित भइसकेको छ र यो तीन महिनाको समयमा हामीले थुप्रै कामहरू पनि गरेका छौं । जनशक्तिको अभाव एकातिर थियो, केही प्राविधिक समस्याहरू थिएँ, हाम्रा अनुभवका कमिहरू पनि थिएँ । हामीसँग पर्याप्त स्रोत र साधनहरूको पनि अभाव थियो, त्यसका बीचबाट पनि कर्णाली प्रदेशले आफ्ना काम कारबाहीहरूलाई अगाडि बढाएको छ, यो एकदमै सकारात्मक छ, अनुकरणीय छ भन्ने मलाई लागेको छ । निश्चित पनि हामी यो कर्णाली प्रदेशको विकास र समृद्धिको कुरा गर्दै गर्दा कर्णाली प्रदेशको समृद्धिको कुरामा पक्ष र विपक्ष नभईकन एकताबद्ध भएर यहाँसम्म हामी आइपुगेका छौं जसका कारण हामीले यो अधिवेशनमा जुन हाम्रा भूमिकाहरू निर्वाह गर्यौं ती भूमिकाका कारण अब आगामी अधिवेशनहरूमा अँझ यो कर्णाली प्रदेश व्यवस्थित हुने कुरा, प्रभावकारी हुने कुरा, हामीले यहाँबाट शिक्षा लिने नै छौं भन्ने कुरा म यहाँ राख्न चाहन्छु । निश्चित पनि कर्णाली प्रदेशले उदाहरणीय काम गरेको छ ।

हामीले संविधान निर्माण गर्दै गर्दा संघीय संरचनात्मक खाका कोर्दै गर्दा कर्णाली प्रदेश विगतको ६ नं. प्रदेश साँच्चीकै यहाँको जनताहरूको सङ्घर्षपूर्ण बलिदानपूर्ण इतिहासबाट यो प्रदेश निर्माण भएको हो । हामीले हाम्रो पहिचानका निम्ति हामीले हाम्रो स्वाभिमानका निम्ति सङ्घर्ष गर्यौं । यो प्रदेशको नामाकरण र राजधानीको विषयमा पनि हामी एकअर्का साथ सर्वसम्मत् हिसाबले हामीले यसको नामाकरण गरेका छौं र आज पूर्ववक्ता माननीयज्यूले पनि राखिसक्नु भएको छ, कर्णाली प्रदेशको सरकारले बधाई पाउने अवस्थाको सिर्जना भएको छ । हामीले यो अधिवेशनमा २२ औं बैठकहरू बस्दै गर्दा महत्त्वपूर्ण विधेयकहरू पनि पास गरेका छौं, आर्थिक कार्यविधिसम्बन्धी विधेयक पनि पास गर्यौं । यो कर्णाली प्रदेशको पहिलो पाइलाका रूपमा विकास र समृद्धिका निम्ति आर्थिक वर्ष २०७४/०७५ को बजेट हामीले पारित गरेका छौं । केही विधेयकहरूलाई चाँही यो अधिवेशनबाट अगाडि बढाएका छौं त्यति मात्रै नभएर हामीले हाम्रो प्रदेशलाई नियमित गर्नका निम्ति, व्यवस्थित गर्नका निम्ति, हामीले नियमावली पनि निर्माण गर्यौं र नियमावलीका माध्यमबाट हामीहरूअगाडि बढ्दै गर्दा हाम्रो ४ वटा विषयगत समितिहरू बनेका छन् र विषयगत समितिहरूले पनि प्रभावकारी रूपमा कर्णाली प्रदेशको सरकारलाई एउटा वाच डगको रूपमा काम गर्ने मात्रै होइन, यो कर्णाली प्रदेशको समृद्धिका निम्ति समितिले महत्त्वपूर्ण भूमिका निर्वाह पनि गर्ने छ । हिजो हामी

जनताका प्रतिनिधि हुँदै गर्दा, हामीलाई थुप्रै विषयहरू सोद्धै गर्दा, हामीले शपथ ग्रहण गरेका छैनौं भन्यौ, शपथ ग्रहण गरिसकेपछि संसद अगाडि बढाउँदै गर्दा सरकारले पूर्णता पाएको छैन, संसदले पूर्णता पाएको छैन भन्यौं । सरकारले पूर्णता पायो, संसदले पूर्णता पायो र त्यसपछि हामीले कानून निर्माण भएको छैनन् भनेर हामीले भन्यौं ।

हामीले कानून निर्माण गर्ने प्रक्रियामा पनि केही विधेयकहरू पनि पास गरिसकेको अवस्था छ । यो अवस्थाबाट अब हामी जनताका बीचमा जाँदा अब हामीले यो भएको छैन, त्यो भएको छैन भनेर छुटकारा पाउने अवस्था छैन, जनताका बीचमा प्रतिबद्धता जाहेर गरेका छौं ती प्रतिबद्धताहरूलाई पूरा गर्नका निम्ति हामी लाग्नु पर्ने आवश्यकता पनि छ । हामीले यो प्रदेश सम्भावनायूक्त प्रदेश भनेका छौं, सम्भावनायूक्त प्रदेशका सम्भावनाहरूलाई खोज्दै अगाडि बढ्ने कुरा, मानव विकास सुचाकाङ्कमा पछाडि परेको यो कर्णाली प्रदेशलाई प्रतिष्पर्धामा लैजानका निम्ति पनि यहाँको सरकार र यहाँको संसदको भूमिका महत्त्वपूर्ण हुने नै छ र त्यसका निम्ति म केही समिक्षात्मक भनाइ राख्दै गर्दा केही समिक्षात्मक सुझाव राख्न चाहन्छु । यो कर्णाली प्रदेशको श्रोतलाई पहिचान गरेर, श्रोतका रूपमा कर्णाली रारा पर्यटन वर्ष २०७५ को उद्घाटन पनि गरिसकेका छौं र हामीले उद्घाटन गर्ने कुरा मात्रै ठूलो कुरा होइन, यो कर्णाली रारा पर्यटन वर्ष जो हामीले अगाडि बढाएका छौं यसलाई प्रभावकारी बनाउनका निम्ति पर्यटकीय क्षेत्रहरूको प्रर्बद्धन गर्ने कुरा, संरक्षण गर्ने कुरा र व्यवस्थित गर्नका निम्ति पनि केही कार्यक्रमहरू कर्णाली प्रदेश सरकारले तत्काल ल्याउने छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । कतिपय व्यवस्थापनका विषयहरू छन्, ती व्यवस्थापनका विषयहरूलाई चाँही अत्यन्तै कर्णाली प्रदेश सरकारले ध्यान दिने छ भन्ने कुरा म माननीय सभामुखज्यूमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु । त्यस्तै गरेर कर्णाली प्रदेशको राजधानीको रूपमा हामीले सुर्खेतको वीरेन्द्रनगरलाई हामीले निर्णय गरियौं, कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर हुँदै गर्दा साविकका जिल्लाहरूमा आवश्यकताहरू के छन्, त्यहाँका सम्भावनाहरू के छन्, सम्भावनाका आधारमा विभिन्न केन्द्रहरू बनाउने कुरा त छँदै छ, सँगसँगै यो राजधानी कर्णालीको प्रवेशद्वार समृद्ध बनाउने कुरा, स्वच्छ बनाउने कुरा, सुन्दर बनाउने कुरामा पनि स्थानीय तहसँग प्रदेश सरकारले सहकार्य गरेर ती कार्यक्रमहरूलाई प्रभावकारी बनाउने नै छ भन्ने कुरा म राख्न चाहन्छु । म धेरै कुराहरू नभनिकन यो प्रदेशमा लगभग खसआर्यहरूको जनसंख्या साढे ६२ प्रतिशत छ, दलितहरूको जनसंख्या २४ प्रतिशत छ, जनजातिको जनसंख्या लगभग १३ प्रतिशतभन्दा माथि छ जस्तो लाग्छ मलाई । हामीले कार्यक्रमहरू बनाउँदै गर्दा खस आर्य, दलित, जनजाति मात्रै होइन जनजातिभित्र पनि विभिन्न अरू समूहहरूको पनि प्रतिनिधित्व यस संसदमा छुटेको छ । आदिवासीका हिसाबले थारुहरू, मुस्लिमहरू, खम्बा समुदायलगायतको बसोबास भएको यो प्रदेश हो, त्यो सबैलाई समेट्ने गरिकन कार्यक्रमहरूअगाडि बढाउने नै छौं भन्ने कुरा म राख्न चाहन्छु । कर्णाली प्रदेशको सरकार, कार्यपालिका, हामी व्यवस्थापिकाका सदस्यहरू, साँच्चीकै हामी एकताबद्ध भएर हामी अगाडि बढ्न सकेनौ भने हामीले जुन सपना देखेका छौं ती सपनाहरूलाई विपनामा परिणत गर्न सक्दैनौं ।

त्यसैले गर्दाखेरि कार्यपालिका र व्यवस्थापिकाका बीचमा मनमुटावको स्थिति होइन, सहजताका साथ एकताबद्ध भएर यो कर्णाली प्रदेशलाई समृद्ध बनाउने बाटोमा हामी हिड्न जरुरी छ । अन्तमा म पनि पूर्व माननीयज्यूले राखेको सुझाव जस्तै संसद सचिवालयलाई के आग्रह गर्न चाहन्छु भने अर्को अधिवेशनको बैठक यो हलमा होइन, अर्को जुन स्थायी हिसाबले बनाउन खोज्दै छौं, त्यो हलमा बैठक बस्ने गरी व्यवस्थापनका कामहरूअगाडि बढाउने कुरामा लाग्नु हुनेछ भन्ने कुरा म राख्दै कर्णाली प्रदेशले जुन खालका उदाहरणहरू पेश गरेको छ, त्यो उदाहरणहरूलाई कायम गर्दै अन्य प्रदेशहरूसँग प्रतिष्पर्धा गर्ने

मात्रै होइन कि अरू प्रदेशभन्दा अब्बल निस्कनका निम्ति हामीले आ-आफ्नो ठाउँबाट हाम्रा भूमिकाहरूलाई प्रभावकारी हिसाबले निर्वाह गर्न सक्यौं भने अवश्य पनि हामी सफल हुनेछौं । हामीले देखेको सपना विपनामा परिणत हुनेछ भन्ने कुरा राख्दै यो अधिवेशनमा थुप्रै महत्त्वपूर्ण काम भएको छ, त्यसका निम्ति माननीय सभामुखज्यूमार्फत् कर्णाली प्रदेशको सरकारलाई विशेष धन्यवाद दिँदै माननीय सांसदज्यूहरूलाई पनि आफ्नो दलको तर्फबाट प्रभावकारी भूमिकाका निम्ति जुन यहाँको क्रियाशिलता रह्यो, गतिशिलता रह्यो त्यसका निम्ति धन्यवाद व्यक्त गर्दै आफ्ना भनाइहरू अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री हिमबहादुर शाही ।

**माननीय सदस्य श्री हिमबहादुर शाही :** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको पहिलो अधिवेशन आज अन्तिम चरणमा आज पुग्दैछ । यस सदनमा सबैभन्दा एउटा कुरो मेरो हृदयमा के लाग्यो भने यसभन्दा पूर्ववक्ता संसदीय दलका नेता आदरणीय यामलाल जीले यो संसद अभारम्भ भएबाट जसरी कर्णाली प्रदेशको अनुहार फेर्नको निम्ति कर्णाली प्रदेशका जनताहरूको उज्वल भविष्य बनाउनका निम्ति, एमाले, माओवादी, काँग्रेस र राप्रपा अथवा कुनै पार्टी नभएर एकताबद्ध भएर, जुन एउटा संकल्प लिएर अगाडि बढ्यौं । यो बैठक अन्त्य भएपनि गाउँघरमा गएपनि त्यही भावना लिएर अगाडि बढेमा धेरै राहत हुने छ भन्नु भयो । त्यसका लागि आदरणीय नेता यामलाल जीको ध्यानाकर्षण गराउन चाहन्छु । एउटा गीत सम्झना आएको छ । "पर्ख पर्ख मायालु म पनि आउँला, रेलको झ्याल समाएर सँगै भाँगौला" योभन्दा बढी म केही भन्न चाँहदिन ।

सभामुख महोदय, हो आज २०७२ को प्राप्त संविधानले प्रत्याभूति गरेको, देशको नयाँ संरचनाअनुसार देश आज संघीय प्रणालीमा गएर देशको सबै भूगोलमा, जनतामा, राजनीतिक, आर्थिक, सामाजिक जस्ता सबै पक्षमा नयाँ किसिमको संरचनाहरूको शुरुवात भएको छ । त्यसै शुरुवातमा हामीलाई दिएको जिम्मेवारी, हामीलाई दिएको दायित्वमा र जुन प्रत्याभूति प्राप्त गरेर हामी यस स्थानमा आएर संघीय प्रणालीअनुसार कर्णाली प्रदेशको प्रदेश सभा भनेर गठन भयौं । आजका दिनहरूमा मलाई लाग्छ, हामीले अत्यन्तै उत्कृष्ट, राम्रो प्रशंसनीय काम गर्यौं भन्ने पक्षमा छैन तर जे जति गर्यौं, सकेसम्म कर्णाली प्रदेशको उज्वल भविष्यलाई एउटा कार्य दिशा दिने, यात्रा प्रारम्भ गर्ने हामीले केही कदम उठाएका हौंला । हामीले केही पनि गर्न सकेनौं, हाम्रा अत्यन्तै कमी कमजोरी भए भन्ने पक्षमा छैन, त्यसको साटो हामीले अब झन धेरै काम गर्न बाँकी छ, त्योभन्दा धेरै निर्णयहरू लिन बाँकी छ, आज यतिले मात्रै पूर्णरूपमा सफल भइदैंन । यहाँ यो पार्टीको कमजोरी भयो, यहाँ यो व्यक्तिको कमजोरी भयो, यहाँ सरकारको कमजोरी भयो, यहाँ माननीयज्यूहरूको कमजोरी भयो, यहाँ कमजोरी भयो भन्ने बेला होइन, कमजोरी हो भने हामी सबैको हो, कमजोरी होइन भने पनि हामी सबैको हो । एउटा व्यक्तिलाई कमजोरी भन्न मिल्दैन । आज हामीलाई अफठ्यारो पर्या छ, म प्रदेश सरकारकै ध्यानाकर्षण गराउन चाहन्छु । हामी गाउँघर फिर्ता हुँदै छौं । स्थानीय तह गठन भएको १३ महिना पार गर्दैछ । संविधानको धार २२६ को (१) ले अवश्य पनि स्थानीय सरकारले आफ्ना नीति नियम कानूनहरू बनाउने अधिकार सुम्पेको छ । तापनि उपधारा (२) मा प्रदेश सरकारको कानूनबमोजिम मात्र ती धारा र प्रवाहहरूले प्रवाह गर्न सक्छ । यस्तै संविधानको धारा २२७ मा गाउँ सभा र नगरसभाको बैठक सञ्चालन गर्ने कार्यविधिकोसमेत नीति र निर्देशन प्रदेश सरकारले दिनुपर्दछ । नगरसभा र गाउँसभालाई आवश्यक सुविधा उपलब्ध बनाउने कानून पनि प्रदेश सरकारले दिनुपर्दछ । आज हामीलाई अफठ्यारो परेको छ, सरकारले मात्र यो कानून किन ल्याएन त्यसमा पनि हामी सबैको कमजोरी भएको छ, भोलि हामीले त्यसको उत्तर दिन सकेन भने गाउँ घरमा जाँदा अफठ्यारो

हुनेछ । हामीले टालटुल त पारौँला, च्यातियो भने टालटुल त पारौँला । साँच्चै कुरा भन्नुपर्दा विधेयक त पेश भएको छ, विधेयक पास भएपछि तपाईंका माझ ल्याउँला भनौँला । अर्को कुरा म प्रदेश सरकारकै ध्यानाकर्षण गराउन चाहन्छु, यहाँ प्रदेश सरकारले कहिले फास्ट ट्र्याकमा ल्याउनुपर्दछ, कहिले द्रुत गतिमा ल्याउनु पर्छ, कहिले विलम्व गर्नुपर्छ, कहिले निलम्बन पनि गर्नुपर्छ, आदि इत्यादी कुराहरू आए, तापनि प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यहरूले प्रदेश सरकारकै सुझाव सल्लाहबमोजिम प्रदेश सभाले अवश्य पनि अगाडि बढाउने काममा जोडतोडका साथ लाग्ने छौं ।

अहिले सम्म ल्याएको नियमावली होस्, कार्यविधि होस्, बजेट होस्, जेजे कुरा हुन, त्यसमा प्रदेश सभाले कुनै काँग्रेसले, कुनै एमालेले, कुनै माओवादी, कुनै राप्रपा भनेर तपाईंहरूको बीचमा आएका छैनौं । तपाई हामी कर्णाली प्रदेशको प्रदेश सभा र सरकार दुईवटाका बीचबाट अभिव्यक्ति दिएका छौं । तपाईंले सम्झिनु होला, प्रदेश सभाले चेतावनी दिएको प्रदेश सरकारलाई, हामीले दिएका होइनौं । तपाईंहरूसँग छ भने आज हामीले गर्न सक्ने कार्यदिशा निर्देशित गरौं भनेर आफ्ना अभिव्यक्तिहरू तपाईंहरूका माझमा दिएका छौं, तपाईंहरूले आफ्नो डायरी टिपेर राख्नु भएको होला । आगामी दिनहरूमा कर्णाली प्रदेशको मुहार फेर्ने गरी नीति निर्माणमा आफ्नो कार्यदिशा बनाएर अगाडि बढ्नु भयो भने अवश्य पनि कर्णाली प्रदेशका सांसदहरूलाई कुनै पनि अफ्ठ्यारो छैन । त्यसलाई हामी स्वागतका साथ प्रशंसा गर्ने छौं । कर्णाली प्रदेशका सरकारको विरोध गर्यो, हामीले कर्णाली प्रदेशका सरकारका विरोध, अँझ खोइ, यहाँ त केही भन्न सक्दैन, तपाईहरू यहाँ ३४ जना हुनुहुन्छ, हामी त ६ जना मात्रै छौं काँग्रेसका । एकचोटी म भारत गएको थिएँ, त्यसबेला राजिव गान्धीको पाला थियो, "राजिवको हटाओ, देशको बचाओ, राजिवको हटाओ, देशको बचाओ", एकजना मेरो भारतकै विद्वान साथी हुनु हुन्थ्यो, उहाँसँग मैले सोधें अरे के लेखेको हो, जो लिखा है भाइसाव, भारतमा एक समस्या है, राजिवको हटाओ, तो बैठाओ किसको, काँग्रेसको समस्या त्यही हो, हामीले तपाईंलाई हटाउँला त काँग्रेसको त्यस ठाउँमा को बस्ने, हामी जसरी हुन्छ सहकार्य गरेर, बलिदानका साथ, आफ्नो प्रदेशका जनताको उज्वल भविष्य कसरी हुन्छ भन्ने पक्षमा छौं । हामी सरकारको कुनै विरोध, सरकारको कुनै समर्थन कसैसँग गर्न सक्दैनौं, नेपाली काँग्रेस छैन ।

त्यसैले अन्त्यमा लामो केही कुरा गर्दिन, अब म सम्पूर्ण पहिलो अधिवेशनका मुख्यमन्त्री लगायत सरकार, पार्टीका नेताहरू, सम्पूर्ण माननीय सदस्यहरूलाई एउटै कुरा आग्रह गर्न चाहन्छु, एकपटक म गएको थिँए त्यहाँ, एकजना साथीले सुनाएका थियो, "गुलिस्ता बर्बाद कर्ने मे, एक ही उल्लु काफी है, हरसाथ मै उल्लु बैठा है तो अन्जान मे गुलिस्ता क्या होगा" "एउटा बगैंचालाई बर्बादको निमित्त, एउटै उल्लु काफी हुन्छतर बगैंचाको बोट बोटमा हाँगामा बस्यो भने त्यो बगैंचाको हालत के होला" त्यसैले हामी सम्पूर्ण एकचोटी हाम्रा नेताहरूले भन्नुभयो, संकल्प प्रस्ताव पास गरौं, यहाँ यो कुरा उठेको छ, म यो प्रदेश सरकारलाई भन्न चाहन्छु, तपाईंहरू त मन्त्रीज्यू, झण्डा पछाडि गार्ड पनि छ, माननीयज्यूहरूको सम्मान के हो, माननीयहरूको कुन स्थान छ, माननीयहरू तपाईंका खरदार हुन कि सुब्बा हुन कि, के हुन माननीयहरू, तपाईंहरूसँग माननीयहरूको मर्यादा कहाँ छ, माननीयहरूको अवस्था के छ, किन ख्याल गर्नु भएन, किन प्रश्न ल्याउनु भएन, किन प्रश्न उठाउनु भएन, आज सम्म माननीयहरू के भइरहेका छन् थाहा छैन,को हुन थाहा छैन । अस्ती ल्याएको एउटा प्रश्न डायरीमा टिपेको छु, वर्तमान परिस्थिति र हामी भनेर ल्याउँ सायद । हाम्रो अर्थमन्त्रीज्यूको भनाइ हो, बहुत चित्त बुझेको थियो । वर्तमान परिस्थितिको समिक्षा र हामीले आफ्नो समिक्षा नगरेर आजको परिस्थितिमा अगाडि बढ्न सक्दैनौं, त्यस्तै गरी अब सरकारलाई आग्रह गर्न चाहन्छु, आगामी बैठक वर्तमान परिस्थिति र हामी होइन, वर्तमान परिस्थिति र प्रदेश सभाका

सदस्यको हो, यसको जवाफ तपाईंहरू ल्याएर आउँनु पर्दछ, आउँदो सदनमा वर्तमान परिस्थिति र कर्णाली प्रदेशका सभासदको हो र के हो भन्ने कुराको जवाफ तपाईंहरूले लिएर आउँनु पर्दछ ।

यदि तपाईंहरूसँग आग्रह गर्दै, हामी आजका दिनहरूमा पनि एकताबद्ध भएर कर्णाली प्रदेशका समस्याहरूलाई सहज बनाउने वातावरण बनाउने कुरामा अगाडि रहने छौंतर एउटा के भने मन्त्रीज्यूको भनाइअनुसार , कर्णाली प्रदेश गरिब छ, हामीसँग कति कति जडिबुटी छ, यार्चागुम्वा छ, तामा खानी छ, सुन खानी छ, अँझ हामीबाट आएपनि कर्णाली प्रदेश गरिब छ, सुन खानी छ, हिरा खानी छ, श्रीस्थानमा ज्वाला छ, तेल छ, बाकसभित्र सुनका डल्लाका डल्ला छन्, बाहिर गर्मी छ, आङमा कोट छैन, शुरुवाल छैन, भन्ने कुरा गरेर यो प्रदेशको प्रगति हुँदैन । अस्ती एकजना सायद डोल्पाकै माननीयज्यूले हो, पाँच करोड यार्चागुम्बाको राजश्व उठ्छ, त्यसका लागि प्रदेश सरकार तयार हुनुपर्छ भन्नु भयो, किन प्रदेश सरकार तयार नहुने, दैलेखको ठाटीकाँध गाउँपालिकाको वडा नं. ४ मा करोडौं अरबौं रुपैयाँको काइनाइट ढुङ्गा आज भारतका ठेकेदारहरूले तस्करी गरिरहेका छन् । त्यसका लागि किन सरकारले कदम उठाउँदैन । ठाटीकाँधको दमकोटमा तामाखानी निकालेर भाँडा बनेको अहिले पनि यथावत छन् । त्यस्ता कतिपय खानीहरू होलान् । त्यस्ता कार्यक्रमहरू अगाडि ल्याउन सरकारलाई आग्रह गर्दै, सबै साथीहरूलाई बधाई दिँदै, अहिले बिदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको पहिलो अधिवेशनको अवधिमा २२ वटा बैठक बसी, प्रदेशको नामाकरण र राजधानी तोक्ने, कानून तर्जूमा सम्बन्धमा प्रदेश नियमावली २०७४, प्रदेश सरकारको आर्थिक कार्यविधि विधेयक, २०७४, प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम र विनियोजन विधेयक, २०७५ लगायतका महत्त्वपूर्ण निर्णयहरू गरियो । चालु अधिवेशन अवधिमा सभाका पदाधिकारीहरूको निर्वाचन, विषयगत समितिको गठन लगायतका कार्यहरू सहित विभिन्न माननीय संसदहरूद्वारा सार्वजनिक महत्त्वका विविध विषयहरूमा महत्त्वपूर्ण विचारहरू प्रस्तुत गर्नु भई प्रदेश सरकारको ध्यानाकर्षण गराउने कार्यसमेत गरियो । संसदीय अभ्यासको शुरुवाति चरणमा अनुभवका अभावका बाबजुद सभाको मार्गदर्शन तथा महत्त्वपूर्ण सहयोग पुर्याउनु हुने माननीय प्रदेश प्रमुखज्यू, प्रदेश सभाका प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताज्यूहरू, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरू, प्रदेश सरकारका माननीय सदस्यज्यूहरू, प्रदेश सभा सचिवालयका कर्मचारीहरू तथा मर्यादापालकहरू, सञ्चारकर्मी लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार सहित कृतज्ञता प्रकट गर्दछु । माननीय सदस्यज्यूहरू प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको पहिलो अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा म वाचन गर्दछु ।

मिति २०७५/०१/१८

श्री प्रदेश सभा सचिवालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत ।

विषयः चालु प्रथम अधिवेशन सम्पन्न सम्बन्धमा ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३४६ मिति २०७६/०१/१८ को पत्रानुसार कर्णाली प्रदेशको चालु प्रथम अधिवेशनको अन्त्य गर्न प्रदेश प्रमुखज्यूबाट सिफारिस भई आएकाले नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम मिति २०७५/०१/१८ गते रातको १२:००

बजेबाट कर्णाली प्रदेशको चालु प्रथम अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखको निर्देशानुसार जानकारीका लागि अनुरोध छ ।

आज्ञाले
मिनबहादुर खाँडा
निमित्त सचिव

माननीय सदस्यहरू, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रानुसार प्रदेश सभाको पहिलो अधिवेशन २०७५/०१/१८ गते रातको १२:०० बजेबाट अन्त्य भएको घोषणा गर्दछु।

❋❋❋


# कर्णाली प्रदेश - नेपाल




| स्थानीय तह - कर्णाली प्रदेश | | | | |
|---|---|---|---|---|
| जिल्ला | नगरपालिका संख्या | गाउँपालिका संख्या | जम्मा वडा | जनसंख्या |
| रुकुम | ३ | ३ | ७३ | १५५३८३ |
| सल्यान | ३ | ७ | ८३ | २४२४४४ |
| सुर्खेत | ५ | ४ | ९९ | ३५०८०४ |
| दैलेख | ४ | ७ | ९० | २६१७७० |
| जाजरकोट | ३ | ४ | ७७ | १७१३०४ |
| डोल्पा | २ | ६ | ६५ | ३६७०० |
| जुम्ला | १ | ७ | ६० | १०८९२१ |
| कालिकोट | ३ | ६ | ८२ | १३६९४८ |
| मुगु | १ | ३ | ४५ | ५५२८६ |
| हुम्ला | ० | ७ | ४४ | ५०८५८ |
| जम्मा | २५ | ५४ | ७१८ | १५७०४१८ |

## संकेत

- जिल्ला सिमाना
- गाउँ/नगरपालिका सिमाना
- जिल्ला सदरमुकाम
- प्रदेश सरकारबाट बहुक्षेत्रीय पोषण योजना कायान्वयन जिल्ला
- संघीय सरकारबाट बहुक्षेत्रीय पोषण योजना कायान्वयन जिल्ला




| | |
|---|---|
| जम्मा क्षेत्रफल | ३०,२११ वर्ग कि.मि. |
| जम्मा जनसंख्या | १,५७०,४१८ |
| पुरुष | ७६७,९२३ |
| महिला | ८०२,४९५ |